श्री तुलसीकृत श्रीराम चरित
मानस भावानुवाद
रामायण

श्री तुलसीकृत श्रीराम चरित
मानस भावानुवाद
रामायण

लेखिका :

माधुरी भट्टराई

प्रकाशक :

नेपाली साहित्य मन्दिर

काठमाडौं

प्रथम प्रकाशन : आश्विन १ गते, २०४९

दोश्रो प्रकाशन मिति : विवाह पञ्चमी २०५५ साल

दोश्रो प्रकाशन : ५०० थान

मुद्रक : विनायक प्रेस, धोवीधारा

समर्पण

स्व. पूज्य ससुरा श्री बासुदेव भट्टराईज्यूमा
समर्पण गर्दछु ।

जय श्री राम

श्रीरामका विषयमा दुइ चार शब्द मात्र भए पनि लेख्नु, बोल्नु, पढ्नु, छलफल र सत्संग गर्नु अनि नाम जप वा स्मरण मात्र गर्न पाउनु वा सक्नु त पूर्व पूर्व जन्मका महान् पूण्यले मात्र संभव छ। सामान्य कर्म र धर्मले परब्रम्ह परमात्मा श्रीरामतिर अभिमुख हुन सकिदैन। झन् विधि यो कलि कालमा त चारतिर संसारी, विकारी, नाशवान, क्षणिक, आगमापायी, परिणामी, भोग-वासनामा चुर्लुम्म डुबेका (आजका) शिक्षित, पठित र सभ्य भनाउँदा भौतिकवादी मानिसहरु त ईश्वरको, नारायणको परमात्माको, राम कृष्ण आदी अवतारी कारक महापुरुषको देवी, सूर्य, गणेश, शिव वा विष्णुको नाम स्मरण लीला कथा, सत्संग श्रवण र कथन, आराधना र अर्चना, पूजा र वन्दना जस्ता धार्मिक र आध्यात्मिक, दार्शनिक र परमार्थिक कर्म, उपासना र ज्ञानदेखि धेरै टाढा-टाढा हुदै गइरहेको छ। विश्व-विद्यालयका स्नातकहरु, राजनैतिक नेता र कार्यकर्ताहरु, वैज्ञानिक भनाउँदाहरु र व्यापारीहरु त झन् भौतिक संसारका तिरिमिरी र झिलिमिलिमा हुरुक्क भएर संसारी वस्तुपरक भौतिक भोग्य पदार्थलाई मात्र सत्य मानेर पारलौकिक, पारमार्थिक, अलौकिक, आध्यात्मिक, दार्शनिक, वैदिक, धार्मिक, नैतिक र चारित्रिक समुत्थान हुने अन्तर र आत्मपरक, वैचारीक र चिन्तन मूलक विषयलाई उपेक्षात्मक दृष्टिले हेर्दछन्। परिणामस्वरुप आजका तथाकथिक शिक्षित, सम्पन्न, भौतिकवादी युवापुस्ता नै अत्यन्त चिन्ताकुल, व्याकुल, दुःखी, असन्तुष्ट, कुण्ठित, ब्यामोहित र मानसिक दृष्टिले असन्तुलित बन्दै गएका छन्। नसालु र लागु पदार्थको अत्याधिक मात्राको सेवनले सिर्जित विभिन्न प्रकारका शारीरिक रोग र मानसिक विकृतिका अनि यौनजन्य दुश्चरित्र, दुरुपयोग, दुर्भाव, दुर्भोग र दुराचारको शिकार बनेका एड्स रोगीहरुले त आजको सभ्य समाजलाई गिज्याइरहेका छन्। भौतिक सम्वादले, वैज्ञानिक उपकरणहरुले, पार्थिव शक्तिले जतिसुकै उन्नत र सुसम्पन्न भएपनि, विश्वकै मालिक भएर हैकम चलाए पनि शान्ति र सन्तोष छैन। यी सारा अज्ञान, अभाव, असन्तुष्टि, अतृप्ति, अशान्ति आदि मूल कारण हो भगवान रामदेखि, नारायणदेखि, परमात्मादेखि, ईश्वरदेखि, धार्मिक श्रद्धा र विश्वासदेखि, आध्यात्मिक खोज र अनुशीलनदेखि वेद र वेदान्तले वताएको बाटोदेखि पराङ्मुख हुनु, टाढा हुनु, अनपत्यार हुनु र यसमा श्रद्धा नहुनु।

हो आजको युगमा पनि कोहि कोहि साधु, सन्त, महात्मा, वैरागी, उदासि, भक्त, सन्यासी र हजारौ हजारौमा, लाखौ लाखौमा ज्ञानी पनि पाइन्छन्। तिनमा शान्ति छ, सन्तोष छ, वैराग्य छ, भक्ति छ, श्रद्धा र विश्वास छ अनि सर्वोपरि कुरा ज्ञान छ। त्यसैले त अखण्ड आनन्द छ। शाश्वत, अपरिणामी, अविनाशी, शान्ति र आनन्दको एक मात्र उपाय हो वाटो हो - परमात्माको चिन्तन, श्रीराममा सर्वात्मभावेन आत्मसमर्पण अनि परमात्माको साक्षात्कार ! हाम्रा वेद, उपनिषद, पुराण, महाभारत, भागवत, रामायण, गीता जस्ता श्रुति स्मृति र न्याय आदि शास्त्रहरुको निचोड सार सिद्धान्त हो। ज्ञानद्वारा मोक्षप्राप्ति - सर्वप्रकारका दुःखहरुको आत्यन्तिक निहत्ति र अखण्ड आनन्दको सदा सर्वदा अभिप्राप्ति। हामी वैदिक हौं, सनातनी हौं, त्यसैले हामीलाई थाहा छ यो लोक र परलोकका सम्पूर्ण वस्तु र यो लोकबाट प्राप्त सम्पूर्ण सुख प्रातिभासिक मात्र हो स्वर्गादिको सुख पनि पुण्य छउन्जेल मात्र हो।

त्यसैले पारमार्थिक र सदाको लागी होइन । हाम्रा शास्त्रहरुको घोषणा छ पार्थिव पाञ्चभौतिक शरीर र शरीर सम्बन्धी सम्पूर्ण कर्महरु, भोग्य पदार्थहरु, अनेक प्रकारका वैज्ञानिक उपकरणहरु नाशवान हुन्, क्षणिक हुन्, तुच्छ हुन्, मिथ्या हुन् । देहादि, प्राणादि इन्द्रियादि मनआदि, बुद्धि आदि भन्दा पनि परेको माथिको, भित्रको, अत्यन्त सूक्ष्म वस्तु छ - त्यो हो आत्मा, त्यो हो ईश्वर, त्यो हो ब्रम्ह र त्यहि नै हो हाम्रो यथार्थ पारमार्थिक अविनाशी स्वरुप । हामी शरीर होइनौं, मन बुद्धि, अहंकार आदि पाँच कोरा होइनौं । बाल्य, यौवन, वृद्ध आदि अवस्था होइनौं, जाग्रत, स्वप्न, सुषुप्ति आदि होइनौं - यो स्तर भन्दा भिन्न, यिनको प्रकाशक शुद्ध चैतन्य आत्म वस्तु, ईश्वर वस्तु हौं । त्यसैले आफ्नो यथार्थ स्वरुपको बोधगर्नु, साक्षात्कार गर्नुनै जीवनको अन्तिम लक्ष्य र पुरुषार्थ मोक्षमा पुग्ने अन्तिम मार्ग हो, उपाय हो । हाम्रा शास्त्रहरुले बताएका चार पुरुषार्थ - धर्म, अर्थ, काम र मोक्ष मध्ये अन्तिम र सर्वश्रेष्ठ हो मोक्ष । धर्मपूर्वक कर्म गरे चित्त शुद्ध हुन्छ र श्रीराममा भक्ति गरे चित्त विशुद्ध हुन्छ र भगवान रामको यथार्थ बोध गरे ज्ञानद्वारा मोक्ष हुन्छ । ज्ञानद्वारा मोक्ष प्राप्त गर्नु नै सर्वोपरि पुरुषार्थ हो । ज्ञान वीना मोक्षको अर्को बाटो नै छैन –

"ऋते ज्ञानान्नमुक्ति ।"

"ज्ञानादेव तु कैवल्यम् ।"

आदि शास्त्र बचनले ज्ञानलाई नै सर्वोत्तम र सर्वोपरि मानेका छन् । भक्ति विना ज्ञान हुदैन । त्यसकारण साधना कालमा भक्तिको अत्युच्च कोटिको भूमिका छ । भक्तिमा लगाएर, भक्तिको रसिलो रस चखाएर मुक्तिको बाटो देखाइदिने कि त ज्ञानवान् जीवन्मुक्त सज्जन महात्मा हुन् कि त वेदादि शास्त्र हुन् । शास्त्रको मर्मको रहस्यको उद्घाटन हुन्छ ज्ञानवान् गुरुबाट ।

वेदमा तीन काण्ड छन् - कर्म, उपासना (भक्ति) र ज्ञान । निस्काम कर्मयोगबाट चित्त शुद्ध हुन्छ, अन्तर्मूख हुन्छ, भित्र पस्छ । परमात्माको भक्तिबाट चित्त विशुद्ध हुन्छ, भित्रपसेको चित्त भित्रै बस्छ, स्थिर हुन्छ, भित्रभित्रै, आफैमा रमाउन थाल्छ अनि ज्ञानले चित्त अचित्त हुन्छ, चैतन्य हुन्छ - जीवात्मा र परमात्माको एकता बोध हुन्छ । कर्मले भगवान रामादिमा भक्ति बढाउँछ, मलदोष हराउँछ, चित्तलाई एकाग्र बनाउँछ । चित्त विशुद्ध गराउँछ र ज्ञानले आवरण दोष (अज्ञान) लाई नष्ट पारी चित्तलाई चित्त बनाउँछ, चैतन्यसंग एकता गराउँछ । कर्म, भक्ति र ज्ञानतिर अभिमुख हुन्छ र ज्ञानमा धेरै ज्ञान र अलिकति भक्ति पनि हुन्छ । त्यसकारण भक्तिनै ज्ञानमा पुग्ने एकमात्र साधन हो, सबभन्दा सजिलो उपाय हो ।

हाम्रा श्रुतिपरक शास्त्रहरुमा रामायणको महान मर्यादा छ, असाधारण भूमिका छ, अद्वितीय स्थान छ । सनातनीहरुका समाजमा, वैदिक परम्परामा, अनि पौराणिक र सामाजिक मर्यादामा रामायणको अत्युच्च स्थान रहेकोले व्यक्तिको व्य ष्टि जीवन, पारिवारिक जीवन, सामाजिक जीवन अनि राष्ट्रिय र अन्तर्राष्ट्रिय जीवनलाई आदर्शमय, मर्यादामय, शान्तिमय, सन्तोषमय, ज्ञान-विज्ञानमय र आनन्दमय बनाउकालागी असाधारण भूमिका छ । रामायणको कथाका रुपमा, चरित्रका रुपमा, अनुकरणका रुपमा, मर्यादाका रुपमा, जति महत्वपूर्ण स्थान छ त्यत्तिकै यहाँका प्रत्येक पात्रहरुले आदर्श मर्यादाको पाठ पढाइरहेका छन् । मर्यादा पुरुषोत्तम श्रीरामको चरित्रले आजको भौतिक संसारमा पनि त्यत्तिकै गरिमा

र महिमा बोकेको छ।

नेपाली जनजीवनमा पनि राम चरित्र गाथा रामायण र रामनाम मात्रको पनि पावन कीर्ति स्थापित भइसकेको छ। रामसंग हाम्रो धार्मिक, आध्यात्मिक, दार्शनिक, सामाजिक, राजनैतिक, मात्र सम्बन्ध होइन अत्यन्त नजिकैको आत्मिय सम्बन्ध छ। हाम्रो रामलाई आफ्नो आत्मा नै मान्दछौं। राम त साक्षात् परब्रम्ह परमात्मा भएर पनि भक्तिहरुको उद्धारका लागी, कल्याणका लागी अवतारी कारक पुरुषका रुपमा अवतरित भएर त्रेतायुगलाई मात्र होइन घोर कलियुगसम्मलाई उद्धारको मार्ग देखाइरहनुभएको छ। राम साक्षात् विष्णुको अवतार हुनु भएकोले "राम" नाम मात्रमा पनि कलियुगका घोर घोर पाप समेत नष्ट गर्ने शक्ति - सामर्थ छ। जन्म मृत्युको चक्रबाट पार पुऱ्याउन सक्ने सामर्थ रामनाम मात्रमा छ। जीवनभर गरिएका अत्यन्त डरलाग्दा घोर पापबाट पनि मुक्त गराउँछ रामको नै मिल्न जान्छ - हाम्रा शास्त्र भन्दछन्।

जसरी रामको नाममा सम्पूर्ण प्रकारका पाप प्रक्षालन गर्ने शक्ति र सामर्थ छ त्यसरी नै रामायणमा पनि छ र त नेपालीहरुले रामायणलाई आफ्नो जीवनको अभिन्न अङ्ग मानेका छन्। त्यसैकारण नेपाली साहित्यमा, कविता-काव्यमा रामायणको स्थान अत्यन्त उच्च छ। आदिकवि भानुभक्त आचार्यले आध्यात्म रामायणको भावानुवाद गरेर साधारण सेवा र योगदान दिएका छन् - नेपाली समाजको कल्याणार्थ। भानुभक्तलाई भानुभक्त बनाउने, आदिकवि बनाउने, नेपालीहरुका माझमा पुऱ्याउने रामायण नै हो। त्यस्तै तुलसीदासले स्वान्त सुखाय रामायणकै अनुशरण गरेर सम्पूर्ण हिन्दु जगतमा ठूलो ख्याति प्राप्त गरे। कीर्ति स्थापनार्थ अमर बने। पद्मपुराण, स्कन्दपुराण, श्रीमद्भागवत आदि कतिपय पुराणमा रामचन्द्रको चरित्र गाथा पाइन्छ। वेदव्यासले पनि राम र रामायणलाई अत्यन्त श्रद्धाले अंगीकार गरेका छन्। भारतका पनि प्रायः धेरै भाषामा रामायण लेखिएका छन्। त्यस्तै नेपालीमा पनि तुलसीकृत रामायणको अनुवाद गरे - श्री कुलचन्द्र गौतमले। तर यो गद्यमा छ। सोमनाथ सिग्द्यालको आदर्शराघव लेखेर नेपाली महाकाव्य इतिहासमा नै असाधारण योगदान दिएका छन्। भरत मिलन महाकाव्यका निर्माता रामदास, रामभक्त गुणराज उपाध्याय खनाल राममय, भएर रामभक्तिमा चुर्लुम्म डुबेका छन्। बाल्मिकि रामायणलाई नेपाली गद्यमा अनुवाद गर्ने वासुदेव भट्टराईको पनि अविस्मरणिय योगदान छ। बाल्मिकि रामायणलाई पद्यमा अनुवाद गरि विशाल काव्य ग्रन्थ निर्माण गर्ने कृष्ण प्रसाद घिमिरेले पनि नेपाली रामायणका इतिहासमा उल्लेखनीय स्थान ग्रहण गरेको अनुभव हुन्छ। कविशिरोमणि लेखनाथ पौड्यालका "मेरा राम" भीमनिधि तिवारीको राम र अन्य कवि, लेखक, नाटककार, कथाकार आदिले, कलाकार, संगीतकार, गीतकार आदिले पनि राम र रामायणबाट प्रशस्त प्रेरणा लिएर आफ्ना कृतिलाई जीवन्तता प्रदान गरेर रामभक्तहरुको सेवा गरेका छन्।

प्रस्तुत ग्रन्थ श्रीगोस्वामी तुलसीदास कृत श्री राम-चरित मानसको भावानुवाद पद्यमा रुपमा गरेर श्रीमती माधुरी भट्टराईले नेपाली कविता काव्यका इतिहासमा एउटा उल्लेखनीय योगदान दिएर अविस्मरणिय गुन लगाउनुभएको छ। तुलसीकृत रामायण नेपाली समाजमा अत्यन्त लोकप्रिय, अत्यन्त श्रद्धेय र अत्यन्त पठनीय मानिन्छ। नेपाली भक्त गण, नेपाली साधु समाज यस ग्रन्थलाई प्रमाणका

आधारमा समेत लिन्छन् अतः यो त एउटा शास्त्र बनिसकेको छ। यस्तो महान् विशालकाव्य ग्रन्थलाई पद्यमा भावानुवाद गर्न सक्ने क्षमता श्रीमती माधुरी भट्टराई जस्ता एकाध कठोर तपस्वी, रामका अनन्य भक्त, साधनामा जीवन समर्पण गर्ने विद्वान एवं विदुषीमा मात्र हुन्छ। श्रीमती माधुरी भट्टराईसंग वंशगत धार्मिक, आध्यात्मिक गुणावली विद्यमान छन्। एकातिर पितामाता र दाज्यूबाट उहाँले आध्यात्मिक संस्कार लिएर आउनुभएको छ। हर्षनाथ उपाध्याय खनालको व्यापारिक क्षेत्रमा मात्र होइन धार्मिक र आध्यात्मिक क्षेत्रमा समेत अत्यन्त महिमामय स्थान छ। हर्षनाथ खनालले अनुवाद गर्नु भएको गीता प्रकाशमा आएको छ। यो उच्चस्तरीय छ। त्यस्तै गुणराज खनाल "रामदास" त नेपाली भक्ति साहित्यका एक मुर्धन्य महाकवि हुनुहुन्छ, साधक, तपस्वी, विचारक र ज्ञानी भक्त हुनुहुन्छ। हर्षनाथकी छोरी, गुणराजकी बहिनी अनि नेपाली भक्ति - अध्यात्म साहित्यका महान् गद्यकार, अनुवादक, परमात्मा राम र कृष्णका भक्त वासुदेव भट्टराईकी बुहारी र नन्ददेव जस्ता सज्जन, सत्संगी विद्वानकी धर्मपत्नी श्रीमती माधुरी भट्टराईमा असाधारण धार्मिक, आध्यात्मिक र भक्तिको प्रवाह नै वगेको पाइन्छ उहाँको भक्तिकाव्यहरुमा। झण्डै एक दर्जन जति धार्मिक भक्ति साहित्य उहाँबाट सिर्जित र प्रकाशित भइसकेका छन् - यो उहाँको आनुर्वांशिक जन्मजात प्रतिभाको परिमाण अनि भगवान् श्रीराम, श्रीकृष्ण आदि परमात्माकै अनुग्रह मान्नुपर्छ। श्रीमती भट्टराईका कविताहरुमा प्रेम छ, भक्तिरस रसाउँछ मात्र होइन भावविभोर भएर परमात्मामा चुर्लुम्म डुबेको अनुभव हुन्छ। यो साधना, तपस्या, भक्तिभाव र परमात्मामा समर्पण भावले मात्र सम्भव छः।

तुलसीकृत रामायणको रसानुभव, भावानुवाद प्रस्तुत अनुवादबाट पनि लिन सकिन्छ, अनुवादकको अनुवाद कला, शैली भाव, भाषा, भक्ति ज्ञान आदि सबै दृष्टिकोणले हेर्दा माधुरी रामायणको माधुर्य श्रीराम - नाम जत्तिकै, श्रीरामायण जत्तिकै मिठो छ, पढिरहन मन लागीरहने खालको छ। भगवान राम प्रति भक्ति र निष्ठा बढाउने प्रकृतिको छ।

भगवान श्रीरामका कृपा करुणाको अविरल बर्षा भइरहोस् श्रीमती माधुरी भट्टराईमा। यस्ता ग्रन्थहरुको सिर्जना र प्रकाशन गर्न शक्ति र भक्ति अझ बढ्दै जाओस् र नेपाली धरती। नेपाली जनमानसले यस्ता काव्यबाट आफूलाई अरु लाभान्वित बनाउने सौभाग्य पाईरहोस्। - भगवान रामसंग यहि प्रार्थना गर्दै म जस्तो अत्यन्त साधारण व्यक्तिलाई यत्रो महान भक्तिकाव्यको भूमिका लेख्न सौभाग्य प्रदान गर्नु भएकोमा श्रीमती माधुरी भट्टराई र उहाँको पतिदेव श्रीमान् नन्ददेव भट्टराई प्रति कृतज्ञता निवेदन गर्दै यो भूमिका श्रीरामका पाउमा समर्पण गर्दछु।

"त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये"

जय श्री राम

- प्रा. शिवगोपाल रिसाल

"शिव मन्दिर"
शान्तिकुना, जावलाखेल
वि.सं. २०४९ श्रावण शुक्ल एकादशी
ललितपुर - ५

प्रकाशकीय

आजको विश्वमा विज्ञानको दुन्दुमी यति बजिरहेछ, यसको ध्वनि यति तीव्रतर भएर मानव धर्म र संस्कृतिलाई यति आक्रान्त पारिरहेछ तापनि यसले मानव जीवनको शाश्वत सत्यता र मूल्य प्रदान गर्न सकेको छैन । जीवनको शाश्वत सत्य, धर्म, ज्ञान र भगवत-भक्तिमा नै व्याप्त हुन्छ, वैज्ञानिक उपलब्धिमा हुन सकेको छैन । यसर्थ भगवानकै चिन्तनमा, भक्तिकै महाज्योतिमा हाम्रो जीवन आलोकित हुन्छ । हाम्रो भौतिक शरीरले विज्ञानको चिन्तन र खोजी गरे पनि हाम्रो आत्मा जसलाई हामी सत्य र ईश्वरकै एक अंश मान्दछौं परमात्माकै सान्निध्यमा रमाउंछ । आत्मा परमात्माको मिलन नै भक्ति हो । यसले प्रेमपूर्वक भगवानको शरणमा पुऱ्याउंछ । यही क्षण हामी सच्चिदानन्द प्राप्त गर्न सक्छौं । सांसरिक दुःखबाट मुक्त हुने मार्ग तथा साधना यही भगवत् भक्ति हो, प्रेमको अनन्यता हो । यही साधनामा तल्लीन श्रीमती माधुरी भट्टराईबाट नेपाली भक्ति काव्यमा अनुपम उपहार प्रदान भएको छ – माधुरी रामायण, नेपाली भाषा साहित्यको "रामायण" मा प्रथम नारी हस्ताक्षर ।

श्रीमती माधुरी भट्टराईलाई जन्मैदेखि, आमावावुको काखैदेखि नै सीतराममय परिवेश मिल्यो । रामका अनन्य भक्त स्वरुप आफूलाई गुणराजको सट्टा "रामदास" को रुपमा वरण गर्ने दाज्यू अनि त्यस्तै सीतारामका भक्त रामायणका स्रष्टा श्री वासुदेव भट्टराईकी वुहारी बनेर बाह्रै वर्षको उमेरमा श्री नन्ददेव भट्टराईसंग वैवाहिक जीवनमा प्रवेश गर्दा पनि उक्त घर पनि आफ्नै अनुकूलको सीतराममय भएको पाइन् । उनका लागि कुन घर कुन माइती चारैतिर उस्तै ईश्वरप्राप्तिको अनुरक्तिले व्याप्त भएको देखिन । उनको मन रमायो, आत्मा झन रसायो । फलस्वरुप उनको हृदयवीणामा पनि सीतराम झंकृत हुन गयो, त्यो मनवीणाको झंकार नै उनको जीवन बन्यो, जीवन धर्म बन्यो । गृहस्थ जीवनमा रहेर पनि उक्त जीवनलाई बुहारी, पत्नी र आमाको भूमिका सफलतासाथ निर्वाह गर्नुका साथै प्रभुमा, प्रभुको दया र नाममा आफूलाई समर्पित गरी आफ्नो जीवन धन्य बनाइन्, सार्थक बनाइन् । नेपाली भक्तिकाव्यमा महायज्ञ गरेर त्यसको प्रसाद स्वरुप नेपाली साहित्य संसारलाई "माधुरी रामायण" दिइन् ।

भगवानमा अनुरक्त र विश्वासी हृदय सधैं उच्च हुन्छ । मन पवित्र भए, गृहस्थीको बोझ र कर्तव्यले मनलाई अल्झाउन र अल्मल्याउन सक्दैन आफ्नो भक्ति साधनाबाट वाणि र कार्य दुबै गतिशील हुन्छन भन्ने ज्वलन्त उदाहरण उनको जीवन हो, उनको काव्य सिर्जना हो । उनलाई ज्ञान वैराग्यको पक्षधर बनेर गृहस्थ जीवनबाट पलायन पनि हुनु परेन न त घर परिवारको मोह जालमा मात्र फसेर काम क्रोध मोह छल कपट आर्जन गरिन् । परन्तु यस्ता जीवन विरोधी तत्वलाई पन्छाएर आफ्नो कर्तव्य पथमा आदर्श र गरिमामयी बनेर पनि प्रभुको चरणमा आफूलाई समर्पण गर्न सकिन्छ र त्यसरी नै आफ्नो साधनाको प्रतिफलले घर परिवार, समाज, राष्ट्र तथा आफ्नो जीवन सार्थक बनाउन सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरिन् । वाल्यावस्थादेखि नै आफूले पाएको परिवेशले उनलाई पनि प्रभावित पाऱ्यो र उनले पनि सीतारामलाई नै आफ्नो अभीष्ट र अभिन्न पाइन् । विश्वलाई नै सीताराममय देखेर विश्वलाई विश्वकै उचाईमा उदात्त विचार कर्तव्य र कर्म प्रदान गर्ने सुभावनाले

धचधच्यायो उनलाई। फलस्वरुप आफ्नो जीवनभर गृहस्थीको कर्तव्य निर्वाह गर्दै गरेर पनि भक्तिकाव्यको अमृत हामीलाई दिदै गएकी छन, रोग तथा विभिन्न वाधा अडचनले तगारो हाल्न खोज्दा पनि उनको हृदयबाट भक्ति काव्यको मुल फुटिरहेकै छ, सुकेको छैन।

हो, आधुनिक युगमा यस्ता भक्तिकाव्यको के अर्थ भनी कसैले नाक चेप्राउलान तर जीवन र जगतको वास्तविक परिचय पाउंदा, भौतिक सुख सयलमा विलय हुन शरीरले धोका दिन लागे पछि स्वतः नै भगवानमा समर्पित हुने अधिकांश व्यक्तिको ऋत नै बनेको छ। यसैले उनको *"माधुरी रामायण" प्रभु दर्शन, प्रभु बन्दना,* जस्ता भक्तिकाव्य नेपाली साहित्यका गरिमामय कृति हुन। उनलाई विद्वानको धर्मशास्त्र लेख्नु छैन, यस्ता विद्वत शास्त्रको सट्टा अनन्त आत्मशान्तिका लागि आफ्नो स्वतः स्फूर्त भक्ति भावलाई काव्यको रुप दिएर अमृत बर्साउदै गरिन। यसैको प्रतिफल हामीले *"माधुरी रामायण"* को दोश्रो संस्करण पाएका छौं र यसलाई प्रकाशन गर्ने अनुमति *"नेपाली साहित्य मन्दिर"* लाई दिइएकोले हामी यस संस्थाका परिवार उहाँ प्रति आभार व्यक्त गर्दछौं।

श्रीमती भट्टराईको आजीवनको माग रामपद हुनाले तुलसीदासकै अनुशरण गरेर *"माधुरी रामायण"* रचना गरिएको छ। यसको सरसता, मधुरिमा र हार्दिकताले कुनै पनि पाठक प्रभावित नभई रहदैनन्। उनको यो रामायणको सर्वोपरि आधारग्रन्थ *"रामचरित मानस"* हो। उनको यस रामपद काव्य सरितामा डुबुल्की लगाउने जो कोही पनि पाठक पवित्र हुन्छन्, रसमयी काव्य शैली र नेपाली संस्कृतिले अभिसिंचित हुन्छन् र अझ भनौं यसमा निहित काव्य तत्वले आफ्नो प्रतिभामा पाइन लगाउन र काव्य हृदयलाई पोष्न सफल हुन्छन्। रामायण भक्तिको विशाल र पवित्र सरिता मात्र हैन काव्यको महाकाव्य पनि हो। अतः *माधुरी भट्टराईले* पनि तुलसीदासको *"रामचरित मानस"* मा भगवानको अपार वैभव, शक्ति, परिपूर्णता र सर्वसुलभ रामपद देखेर आफ्नो दीनता र असमर्थताको ज्ञानले प्रभुलाई पूजा गर्ने साधन पाइन, आफ्नो प्रतिभा त्यसैमा प्रयोग गरिन्। अतः भक्ति र प्रतिभाकी धनी माधुरी भट्टराईको भाव भक्ति भूमिमा ज्ञानकी सरस्वती, कर्मकी गंगा र भक्तिकी जमुना प्रवाहित हुन, उनको भक्ति काव्य साधानाले नेपाली भक्ति काव्य अझ विपुल बनोस, अझ पवित्र र सुवासित बनोस। यही "नेपाली साहित्य मन्दिर" को शुभकामना छ *भक्त शिरोमणि माधुरी भट्टराईलाई*। अन्त्यमा उनको सुस्वास्थ्य अटल सौभाग्य र दीर्घायुको कामना गर्दै यस्ता अन्य काव्यकृतिहरु फेरि फेरि पनि प्रकाशन गर्न पाइरहौं भन्ने आशा गर्दछौं। *"माधुरी रामायण"* को यो दोश्रो संस्करण प्रकाशन गर्न दिनु भएकोमा हामी उहाँ र उहाँका परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। धन्यवाद।

डा. गार्गी शर्मा
सदस्य सचिव
नेपाली साहित्य मन्दिर

२०५५ मार्ग ७ गते।

मेरो भनाई

म एक अनपढ नारी भए ता पनि श्रीगोश्वामी तुलसी दास कृत राम-चरित मानसका भावानुवाद पद्यको रुपमा आफ्नो मातृभाषामा गरुँ भन्ने मेरो हृदयमा उठेको तीव्र अभिलाषालाई दीनबन्धु भगवान श्रीरामले "मुकं करोति वाचालं" भन्ने आफ्नो महिमालाई प्रमाणित गरीकन म जस्तो दीन अवला माथि दया गरीकन आज पूणै गराईदिनु भयो ।

हुन त भगवान श्रीरामको लीलाको वर्णन गाएर, लेखेर कैले पुरा हुन सक्ने कुरा होइन, शारदा शेष तथा वेद, महेशले पनि श्रीरामको लीला वर्णन गर्न सक्दैनन् भनी सारा शास्त्र पुराणहरुले गाएको कुरा हो । त्यहि लीलालाई आज मैले पूर्ण गरें भन्नु ता यो मेरो मूर्खता र धृष्टता मात्र हो । म एक मूर्ख मूढ नारी हुँ । मलाई व्याकरण, छन्द, रस र मात्राको परिभाषा केहि आउदैन । यस रामायणमा छन्द, व्याकरण र रस मिल्नुमा आश्चर्य हुन आउँछ नमिल्नुमा केही अचम्म छैन । खाली आफ्नो हृदयमा उठेको तीव्र अभिलाषा र भावनालाई रामको चरणमा अर्पण गरी उनैको अपरंम्पार लीला आफ्नो तुच्छ वुद्धि अनुसार भावानुवाद गरी दिदी, बहिनी, आमाहरु र सुजन वर्गको समीप राख्ने धृष्टता गरिराखेको छु । यो मेरो धृष्टतालाई बुद्धिजीवी, महाकवि, सुजन वर्गले दया राखी क्षमा गर्नु होला भन्ने आशा र अनुरोध गर्दछु ।

वि.सं. २००३ साल रामनवमी दिन लेख्ने कार्य शुरुवात गरेकि थिएँ । समयको अभाव र आफ्नो स्वास्थ्य ठीक नरहनाले बालकाण्ड मात्रै लेखि यसै राखेकी थिएँ । फेरि वि.सं. २०१६ सालमा लेख्न शुरु गरें तर त्यो बेलामा पनि भगवानको इच्छाले पुरा हुन सकेन तर पछि करुणामय रामको कृपाले फेरि वि.सं. २०१७ साल पञ्चमीको दिन लेख्न शुरु गरें जुन कार्य वि.सं. २०१८ साल श्री पञ्चमीकै दिन कलकत्तामा रहदा पूर्ण भयो । भन्न ता आफ्नो तर्फबाट पुरा गरें भन्दछु तर बुद्धिजीवी, भक्त, कविहरुलाई मेरो कुरा सुन्दा अवश्य हाँसो उठने छ ।

व्याकरण, छन्द र रसहरु अशुद्ध भएता पनि "राम" यो दुई अक्षरता अवश्य शुद्ध र सत्य छ भन्ने भरोसाले यो सबै सुजनहरुको सामु राख्ने धृष्टता गरिराखेकी छु । मैले यसमा जानी जानी आफ्ना तर्फबाट केहि थपघट गरेकी छैन । कविताको पंक्ति नपुग्दा मिलाउनुपर्दा थपघट हुन गएकोमा क्षमा प्रार्थी छु । यसमा मैले आफ्नो तर्फबाट खाली काण्डै पिच्छे प्रभुको ध्यान चाहिँ थपेको छु र सीता स्वयम्वरमा ३-४ श्लोक थपेकी छु । यो रामायण लेख्नु प्रेरणा दिने मेरा स्व. पूज्य ससूरा श्री वासुदेव भट्टराईज्यूप्रति आभारी छु । त्यसै गरि यो रामायण लेख्ने वातावरण र समय दिई प्रकाशित समेत गरी दिने मेरा श्रीमान् श्री नन्ददेव भट्टराईज्यूमा कृतज्ञता ज्ञापन गर्दछु र दुई शव्द लेख्न कष्ट गरिदिने प्रा. शिव गोपाल रिसालज्यूमा पनि कृतज्ञता ज्ञापन गर्दछु । यो भनाई साथैं आफै समेत राममा अर्पण हुन्छु ।

माधुरी भट्टराई
धोवीधारा, काठमाडौं ।

अथ माधुरी लोक बन्दना

निलमणि सरि सुन्दर अङ्ंग नीलो छ श्याम
बशन धरो बशन्ती बाहुका बीच बाण-
- लिईकन पृथिबीको दुष्ट मारेर सारा
सकल कलुष हर्ने नाथ ! राख्छु सहारा

१

बगेकी छन् गंगा शिरउपरमा सात थरिले
हुने फेरि शोभित् मणिसरि भई नाग फणिले
सजाई श्री बाल शशी पनि ललाटै बीचमहा
हुने शोभित् शम्भो ! प्रभु हजुरको छु शरणमा

२

प्रमाण प्रथम म गर्छु खुसीले गजानन पाउमा
नाथ ! शक्ति ठुलो मलाई दिनुहोस् वाधा हटाई यहा
सीता राम चरित्र गर्दछु यहा बर्णन् म ऐले भनि
इच्छा यो मन भित्र तिब्र हुन गो आशीष पाउ पनि

३

सब्को बिघ्न हटाई सिद्धी सबमा दिन्छौ प्रभो प्रेमले
आशीर्बाद मलाई नाथ दिनुहोस सारा हरी बिघ्न रे
राघव् कुल चुडामणि प्रभुजीको रच्नै सकु यो लिला
भन्दै पर्दछु पाउमा गरिदिए हे बिघ्ननाशी ! पुरा

४

विद्यादायिनी श्री जगत्कीजननी लोकेस्वरीबाणिको
पर्छु पाउमहा झुकेर बहुतै गर्छु निबेदन् ठुलो
राजारामजीको लीला रचुँ भनी इच्छा मलाई भयो
मेरो दिल महा बसी हजुरले गर्नु अवश्यै पर्‍यो

५

लाटामा पनि बुद्धि दी क्षणमहा पण्डित गराई दिने
मूर्खैको दिलमा पसिकन ठुला काम पनि हर्दिने
हे माता ! नीच हुँ तथापी मनमा इच्छा ठुला उड्नगो
पाउ पर्दछु शारदा हजुरको यो पुर्ण गर्नै पर्‍यो

६

आशुतोष ! दयानिधे ! हजुरको पाउमहा पर्दछु
श्री सीतापतिको चरित्र सब यो पुरा गरू भन्दछु
हे नाथ् छौं तिमीता दयालु र अहो दानी महा औडर
आशीर्वाद मलाई नाथ ! दिनुहोस् स्वामी ! कृपालु हर

७

हे माता ! जगदम्विके ! भगवती गौरी उमा ! कालीके
दाता दिन महा दयालु बहुतै कारूण्डय रूपे ! शिवे !
राजेश्वर रघुनाथ को सकल यो गाथा म गर्छु भनी
पाउ पर्दछु हे जगत जननी आशिष पाउँ पनी

८

बनायो ब्रम्हाण्ड कन जुन विधाता अघि सरी
सबै प्राणी जडङ्गम् चर अचर सृष्टी पनी गरी
उनै ब्रम्हाजीको चरणतलमा शिर झुकि यो
पुकारा गर्छु म प्रभु चरित पुरा गरूँ प्रभो !

९

देवी दानव यक्ष किन्नरहरू गन्धर्व दिक्पाल र
तेतीस कोटि समस्त देबहरू र श्री चन्द्र दीवाकर
गंगाको चरणमहाँ झुकी कन गर्छु पुकारा पनी
रामायण बनाउनेसकल यो आसा पुरा होस् भनी

१०

ती आदिकवि बाल्मीकि गुरूजीको पाउकमलमा झुकी
भक्ति साथ पुकारा गर्दछु म यो आशा ठुलो ली नुही
पापीनी अधमा भए पनी उठ्यो ईच्छा ठुलोचित्तमा
रच्छु रामलिला भनिकन गुरो आशिष दिनुहोस् ममा

११

पूज्य श्री रघुनाथ भक्त तुलसी दासका चरणमा परी
बिन्ती गर्दछु रामको चरित यो रच्छु भनी यो धरी
जानी जड् दुखिया मलाई अहिले दिएर आशिष प्रभो
यो इच्छाकन पूर्ण होस् भनी गुरो ! हेरे कृपाले ठुलो

१२

भाषा पद्य बनाई राघवजीको लीला सबै लोकमा
राखी कीर्ती ठुलो अधम् अपढको खोलेर आखा यहाँ
बस्ने भक्ति गरेर रामपदको श्री भानु भक्तजीको
गर्छु नम्र भएर हात दुइटै जोडी नमस्कार यो

१३

हर्षै शोक नलिएर केहि मनमा भाई र श्री रानीले
शोभितृभैकन राज्य श्री सब त्यागी आज्ञा पिताको धरि
घुम्ने भक्त उपर् कृपांगरि ठुलो भार् भूमिको सबहरी
स्वामी राघवको म पर्दछु शरणमा पाउविषे शिर धरी

१४

दाजुका सगंमा गएर वनमा गर्छु भनी चाकरी
सारा सुख्ख त्यागेर जंगल धुमी योगी सरीक बनी
बस्ने वीर शिरोमणि गुण निधि सौमित्रिको पाउमा
राखि शीर नुहेर पर्दछु शरण जोडेर बाहु यहाँ
१५
स्वामीका सुखमा त्यजेर सब सुख् आफनो पनीहर्षले
जाई जंगलमा डुली खुसि हुदै छाया सरी सडंग्गेर
नाना दु ःख सहेर घोर बनमा बस्ने बियोगिनी भै
श्री लोकजननी सीते जनक जे पर्छु म पाउ सधैं
१६
पिताले दिएको पनि राज्य छाडी
रूदै दाजु भन्दै पुगी हाय भाडी
लिने रामकै पाउकोनै भरोसा
भरत्का शरण्मा म पर्छु हमेसा
१७
राम भक्ति गरेर बर्ष पनीता चौधै बिताई कन
दाजुका संगमा रहेर सब काम् गर्दै पनी पालन
सब् माताहरूको टहल पनी सदा गर्दै रहि प्रमले
बस्ने धीर बनेर शत्रुहनको पर्छु शरणमा म रे
१८
श्री राम चन्द्रजीलाई गर्दछु मता राजा भनी लोकको
इच्छाली मनमा ठुलो शहरमा उत्सव् गराई अहो !
मन्को त्यो अभिलाषा पुग्न नसकी बन्धन् परी सत्यको
दीनेप्राण गबाई पर्दछु शरण् राजा अबध्राजको
१९
जान्छन् पुत्र भनेर जंगल महा यो कष्टको बातले
सारै खप्न परेर मुस्किल अहो ! मुर्छा परी शोकले
सम्ली फेरी कडा गरेर हृदय दिने बिदा राममा
कौशल्या जननी शरण् हजुरको पर्छु पाउ मा
२०
दु ःखीको सबै दु ःख पारी उजार
गरी प्रेम राम चरण्को अपार
अनाथै हरूको सहायै हुने जो
हनुमानका पाउमा ढोग्छु रे यो
२१

श्रीराम् नाम् कन गर्दछु अनि प्रणाम् प्यारो गरी हर्षले
रामायण् कन ढोग्दै खुसिभई स्वामिन् भनी प्रमले
रामका भक्त ती चर अचर जति हुनन् पर्दछु पाउमा
होलान् फेरी पछि पनि जाउन ज़न तिन्लाईढोग्छुयहाँ
२२
श्री रामायणका ती भक्तहरूको पाउ बिशे शिर् धरी
गर्छु नम्र भएर हात दुईटै जोडी मता यो घरी
पूर्व पश्चिम उत्तरै अनि दिशा दक्षिण तिरैका पनि
प्राणीका दुई पाउमा खुसी हुदै ढोग्छु म प्रेमले अनि
२३
श्री राम् चन्द्रजीको अलिकती कुनै लेख्छु चरित्र भनि
सुजनका सँग माप माग्दछु अब गर्छु ढौपि यो पनि
आशीर्बाद मलाई सब सुजनले बक्सिस होला भनि
हात जोडि कन ढोग्दछु सकलमा आशा पुरा होस् भनि
२४
न ता हर्ष विषाद केहि छ मन्मा
सदा 'हर्ष नाथ' भएका जगत्मा
उनै श्री परम पिता रामजीको
पुकारा म गर्छु ठुलो आस ली पो
२५
धरणी नन्दनी अम्ब ! 'हे लोकजननी' सीते !
पुकारा गर्दछु माता ! दिनु होस् सुबुद्धि रे
जसको करूणाले नै पाउँला नीर्मल मति
अनि पूर्ण गरूला म आमा ! रामायण जती
२६
तिन्लोकका गुरो गण् र गुण्का राज इश्वर
कविताका नीधि सार स्वरूपि अती दुष्तर
प्रशन्न हुनुहोस् शम्भो ! गुरो ! गर्दछु बन्दना
प्रसादले पुरा गर्न सक्यौ रामायण घना
२७

ईती माधुरी लोक बन्दना

श्री गोश्वामि तुलसीदास जगवन्दना

वर्ण - अर्थ रस समुह र अनी छन्द समुहादीका
मङ्गलका करतार भारती अनी बिनायक लाई ता
प्रणाम गरछु झुकेर खुसीले गर्दै पुकारा पनि
आशीर्बाद दिई लीला प्रभुजीको पुरा गराउन् पनी
१

जुन् बिना सिद्धहरूले पनि नीज - अन्तकरण् भित्रमा
रहेका ईशलाई देख्न कहिले शक्तईनन् लोकमा
त्यस्ता भक्ति श्रद्धा विश्वासरूपका शम्भु र श्री पार्वती
लाई गर्छु झुकाउदै शिर म ता ऐले नमस्कार की
२

पाउनाले अश्रय जसका है
कूटिल् चन्द्र पनि जगतमा नै
नमस्कार गरिएको छ पो रे
तिनै ज्ञान - मय पूर्ण छ जो रे
३

जगद् - गुरू ! अविनाशी ! दयालो !
लाई गर्छु बन्दना म कृपालो
भवानीका साथमहा रहेर
ईच्छा मेरो पूर्ण पारून् रमेर
४

जनककी नन्दिनी जानकि र
दशरथ नन्दन रघुवीर
यि दुईका गुणका समुहको
वन जो छ पावन सुन्दरको
५

त्यही वन्मा मात्र गर्दै विहार
रही शुद्ध ज्ञांन स्वरूप सार-
ग्ड़ेका तीं कविश्वर अनि ता
कपीश्वरलाई झुकेर नी ता
६

प्रणाम गर्दछु प्रेमले भक्ति राखिकन ठुलो
गरीदिउन् पुरा मेरो राम - चरित्रलाई यो
सृष्टि स्थिति र प्रलय गर्ने जगतको अनी
ल्केश हारिणी सारा नै कल्याण कारिनी पनी
७

रामजी बल्लभा सीता - लाई गर्दछु बन्दना
मेरो ईच्छा पुरा सारा गर्दिनोस् देवि पावना
सम्पुर्ण जगत फेरी ब्रम्हादि देवता अनि
गन्धर्व यक्ष र किन्नर दैत्य दानवहरू पनि
८

जस्का प्रवल मायाका वशमा छन् सबै हरे !
सत्ता प्रभावले जस्का सारा ब्रम्हाण्ड नै हरे!
भ्रान्ति गोचर् भएकोले सर्पझै सत्यनै पनि
भासमान भएको छ समस्त प्राणिलाई नि
९

सन्सार सिन्धुको पार पुगन चाहने सब
मुमुक्षु हरूको निम्ति जसको पाउ पंकज
नौका स्वरूप छ भन्ने सिद्धान्त छ अटल है
कार्या कारण भाव देखि रहेको छ पर सधैं
१०

'राम' यो नामले प्रख्यात् भएका ,सब लोकको
मालिक पापहारी सब दु :ख हारी परि पुर्ण जो
तिनै परमेश्वरलाई सम्झेर अति प्रेमले
बन्दना गर्दछु ऐले झुकाएर शिर म रे
११

आफ्नो चीत्तका हर्ष आनन्दका निमित्त रे
तुलसी दास म धेरै पुराण वेद शास्त्र ले
मन्जुर गरिएका र रामायणहरू महाँ
मानिएको र फेर् काहिँ काहिँ बीचमहा
१२

नीज अनुभवले र सिष्टिका सम्प्रदायको -
किंवदन्तीहरूले नै भएको सिद्ध नै छ जो
रामका सब् लीलालाई जम्मा गरिकन यता
बनाउँछु अति सुन्दर् भाषा ग्रन्थ पनि मता
१३

जसको स्मरण मात्र गर्नाले पनि लोकमा
पुरा हुन्छ ठुला गूढ कार्य पनि नीमेष मा
जसको मुख हाथीको समान सुन्दर छ है
निवाश असल गुणका बुद्धिका राशि जो छ है
१४

दया गरून् तिनै सिद्धि - विनायकले म माथि रे
पुकारा गर्दछु नाथ ! पाउ महा झुकेर रे
कृपा कटाक्षले जस्को लाटा जन हरू पनि
बाचाल हुन जान्छन् र लडङ्गडा मानिस पनि
१५

सक्तछन् चढ्न ता अग्ला दुर्गम पर्वतै पनि
सम्पूर्ण कलिकल्मष - लाई भष्म गरेर नि
पारने शुद्ध र निर्मल दयालु नाथ ! नै अब
मेरो उपरमा पग्लुन् मेरो मोह हरी सब
१६

नीला कमल झैं राम्रो छ श्याम शरीर पनि
छिपिएका अरूण पदम्जस्तो छ लोचनै पनि
क्षीरसागरमा शेषशैया गर्ने ती ईश्वर
मेरो हृदयमा बास गरून् अब निरन्तर
१७

चन्द्रमा सरि - गोरो शरीर - कुन्द पुष्प झैं
करूणाका घर शान्त सुन्दर गौरीबल्ल भै
मन्मथमथन शङ्कर आशुतोष म दुःखीमा
स्नेह गरून् दया राखी गर्दछु बिन्ति पाउमा
१८

जस्को बचन् महामोह रूपि तम समुहमा
सूर्य किरण - राशी छ दिने शान्ति हृदयमा
तां कृपासागर नरमूर्ति विष्णु स्वरूप नै
गुरूको चरणलाई प्रणाम गर्दछु म है
१९

राम्रो सुगन्ध र प्रेम उत्पत्ति गरने पनि
गुरू चरण कमलका परागलाई ता अनि
बन्दना गर्दछु फेरी त्यो चूर्ण अति शुद्ध छ
अमृतको जरो हो त्यो त्यसले पाप हर्दछ
२०

त्यस्ले संसार सम्बन्धि रोगका परिवार को
गराई दिन्छ नीर्मूल त्यै बशी - करण चूर्ण हो
मन्को मल् रूपि धुवासो लाई सा फ गरि दिने
सफा भस्म समानै छ समस्त पाप हर्दिने
२१

त्यो गुरू चरण कमल हरूका पराग शङ्कर को
- राम्रो गाथ महा मनोहर भई लागीरहने भलो
विभूति सरी छ र फेरी त्यसले असल मंगल र
आनन्द सुख शान्ति हरू प्रकट गर्ने छ जो सुन्दर
२२

त्यो चुर्ण हरूले मनुष्यहरूका मन् रूपि दर्पणको
-मल हरण गर्दछ र त्यसको तिलक् लगाउँछ जो
ती मानिसहरूले गुणा गण सबै बस् पारने नैहुँदा
त्यो चुर्ण बशीकरण चुरण हो भनेर जान्नु सदा
२३

गुरूका पद पद्मका नख रूपी मणि समुहादि को -
ज्योति छ अरू तेजहरू भन्दा बिलक्षण शक्ति को
यस्मा घ्यान दिने मनुष्य हरूको हृदयमा ता सधैं
दिव्य दृष्टि प्रकाशमान हुन गै रहन्छ झल्मल भै
२४

गुरूपद - नखमणि ज्योति रवि झैं प्रकाशमान छ र
मोह रूपि तमहरू सकल नै गर्नेछ नास फीर
त्यो ज्योति जसका हृदय कमल भित्र रहन्छ सदा
अत्यन्त बडा भागी हो जगतमा त्यो मानिस सर्वदा
२५

उघ्रन्छ निर्मल नेत्र दिलको उदाउँदा त्यो अहो !
अज्ञान तमरूपि दोष पनि ता जगरूपि रात्रीको
फेरी जन्म जरा मरण रूपि दुख् मेटिन्छ सारा अनि
फेर त्यो निर्मल ज्योतिको अति ठुलो प्रभावले नै पनि
२६

गुप्त रहेका र प्रकट भएका
जो जुन खानीहरूबाट रे ता
पैदा भएका अति निर्मल त्यो
राम चरित्र रूपिं झल्मलको
२७

मणि माणिक्य जो जो छन् आउँछन् देखिन सबै
जस्तो सिद्धन्जन साधकहरूले पैही नेत्र मै
ज्ञान बान भई पर्वत बन र सम भूमिमा
भई आश्चर्यले पूर्ण देख्छ खानी जहाँ तहाँ
२८

गुरूको चरण रज मृदु अनि सुन्दर अन्जन हो
आंखाको सब दोषलाई हरने नयन अमृत हो
तेस्कै सेबनले विवेक रूपिको नयनलाई पनि
नीर्मल पारी भब दुःखहरू सबै छुटाउने जो छ नी
२९

भगवान् रघुनाथको चरितको वर्णन म गर्छु अब
मोहबाट उदाउने जगतका सन्देह लाई सब
हरण गरने पवित्र द्विजका चरण लाई पनि
बन्दना गर्छु झुकेर दुइटै जोडेर बाहु अनी
३०

सारा सद्गुणका निवास स्वरूपी सज्जनृहरूलाई ता
प्रेमपुर्वक मधुर बचनले गर्छु प्रणाम म ता
सज्जन्का चरित कपास सरीको हुन्छ असल पनि
जसको निरस भएर पनि ता बिषद भएर नी
३१

हुन्छ निर्मल गुणमय पनि ता जो ता कपास सरी
भएर सब सन्त बृन्दहरू ता दुःख सही बेसरी
ढाकि दिन्छ पराई क्षिद्रहरू त जस्तो दुनिया महा
सत्कीर्ति पनि पाउँदो छ अतिनै कैले नमिट्ने यहाँ
३२

सन्त र साधुहरूको समाज मंगल अनि-
आनन्द यि दुबै चिज्का मिश्रणूले बन्दछ पनि
दुनिया भरीमा हिड्ने त्यो सभा तीर्थराज हो
राम भक्ति रूपी जस्मा धारा छ जान्हबीजीको
३३

ब्रह्म विचार र ब्रह्म प्रचार रूपीको ठुलो
श्री सरस्वतीको धारा कलि कल्मषहरूको-
-हरण गरने होर बिधि निशेधमय र-
ती कर्मका कथा रूपी रवि नन्दिनीको फिर
३४

-धारा वर्णन् गरिईन्छ, श्रवण मात्रले पनि
दिनेछ सब आनन्द कल्याण गरने छ नी
हरि हर् को कथा रूपि बेनी विराजमान छ
जस्को दर्शन मात्रैले तिनै ताप हराउँछ
३५

सन्त समाज रूपीको त्यो तीर्थ राजमा ठुलो
अक्षय बट रहन्छ दृण विश्वास रूपीको
त्यो बट बृक्षको निश्चल्-पना स्वधर्मह्रो अनि
त्यो तीर्थ राजका यात्री सुकर्म हरू हुन् पनि
३६

त्यो तीर्थ ता सबैलाई सर्वदा सब ठाममा
सुलभ् छ त्यसको सादर् सेवाले हृदय महा
शान्त हुन्छ सबै क्लेश त्यो सभा सन्त रूपीको
अबर्णिय अलौकिक्-छ उत्तम तीर्थ राज त्यो
३७

सुजनहरू यो सन्त सभा रूपी प्रयागको
बुझ्दछन् मर्म ता सारा महात्म्य सुनी तेसको-
-अत्यन्त प्रेमले हुन्छन् प्रशन्न पनि ता अनि
गोता लगाउँछन् नीत्य त्यो तीर्थ राजमा पनि
३८

अक्षत तनु भै फेरी तिनीहेरू सम्स्त नै
धर्म अर्थादिका सारा पाउँछन् फलहेरू नै
सुजन रूपिको ठुलो तिर्थका स्नानकोफल
देखिन्छ तत् कालैमा हातो हात मिलेर त
३९

काग पनि त्यहा स्नान गर्नाले हुन्छ कोईली
बकुला हाँस जस्तो भै हुन्छ है गुणी निर्मली
आश्चर्य नहुनु कोही यो कुरा सुनी चित्तमा
प्रभाव सन्तका सङ्को लुकेको छैन लोकमा
४०

अगस्त्य र बाल्मीकि नारदले
स्वयं आफ्ना आफ्ना श्री मुखले
भनेकाछन् उत्पति आफनो त्यो
फेरी जल चर थल्चर को जो
४१

नभचर जड चेतन् अनेक थरिका जति
जीवछन् जगतमहा ती सब्ले जहिले जति
जुन उपायले जाहाँ जो भक्ति कीर्ति र गति
भुति भलाई पाएका छन् है जगतमा जति
४२

तिनै जीवहरू सारा प्रभाव सत्सङ्को
सम्पूर्ण जान्दछन् फेरी यहि भन्दछ बेद जो
अर्को उपायनै छैन सन्तका सङ्ले बिना
ज्ञान हुदैन है कोही प्राणीका मन भित्रमा
४३

हुदैन त्यो सुलभ् फेरी लोक्मा राम कृपा बिना
यो बिचारी सबै जन्ले गर सत्सङ्ग साधना
सन्तका सङ्ग आनन्द कल्याण रूपि बृक्षको
जरो हो, अनि तेस्को स्वाध्याय तप आदिजो
४४

साधना फल हुन् फेरी मोक्ष र सिद्धिनै पनि
फल हुन् त्यस कल्याण बृक्षको भनि जान नी
पाउंदा सन्तको सङ्ग सुध्रन्छ दुर्जन पनि
कुधातु शोभित हुन्छ पारस् कन छुंदा पनि
४५

दैब सन्जोगले सन्त पर्दा पनि कुसङ्गमा
सर्पका फणका सुन्दर् भएर मणि भैं तहा
स्वभाविक गुण आफ्नो छाडदैनन् तिनीहेरूले
तेस्ता ती सन्त हेरूको महात्म्यहरूलाई रे
४६

ब्रम्हा विष्णु र श्री शम्भु बिद्धान कवि र अनि
भन्दछिन् मानी संकोच स्वयं श्री शारदा पनि
मैले त्यो वर्णन गर्न सक्तिन कसरी ? भने
जसरी साग र पात रसदहरू , बेचने –।
४७

व्यापारीहरूले ना ना रत्न माणिक आदिको
सक्दैनन् मोल तोकेर गुण बर्णन गर्न जो
म जस्तो मुढले फेरी भनुला त्यो कसो गरी ?
झुकेर गर्दछु खालि पुकारा अब बेसरी
४८

भएका सरल चित्त कोहिका उपर पनि
नगर्ने शत्रु र मित्र भाव ता कहिले पनि
तेस्ता सन्तहरूलाई वन्दना गर्दछु अब
जो सन्त दाहिने वायाँ दुईटै हातमा सब
४९

सुगन्धित पारने अन्जलीको
राम्रा फुल सरि हुन्छन् खिली पो
तिनै सन्त सम दृष्टि भएर -
- पनि हुन्छन् सरल चीत्त धेर
५०

जगतका हीत कारक हुन्छन्
सबै माथि समता दृष्टि गर्छन्
स्वभाव र स्नेह जानेर मेरो
सुनेर यो बिन्तीलाई घनेरो
५१

ती साराले शिशु माथि कृपागरि कन ठुलो
मलाई राम चरण्का देउन् प्रेम गरी भलो
दुर्जन पनि सुध्रन्छ सत्संग पाई लोकमा
वन्दना गर्दछु ऐले तिनै सन्त चरण् महा
५२

खल वर्णन्

अब म खल गणलाई धेरै गर्दछु वन्दना
जस्को छ कि यो स्थिर स्वभाव पनि हरेन
दाया र बाम रहन्छन् बिना कारण जो हरे
जसको लाभ अर्काको हितका हानि नै छ रे
५३

तिनलाई खुसि हुन्छ बिग्रदा अरूजन् हरे
अर्काको सुखमा हुन्छ बिषाद तिनलाई रे
हरि हरका यश रूपी पूर्ण चन्द्र निमित्तमा
राहु समान भै , हात दुवैले पनि ता यहाँ
५४

अरूको कामको नाश गर्ने हात सहस्त्र झैं
समर भुमीका धी र बीर जस्ता हुने अझैं
हज्जार नेत्रले हेर्ने अर्काको दोषलाई जो
पर हित रूपी ध्युमा जस्को मन् पनि ता अहो !
५५

-झिंगा जस्तो भई डुब्छ ,जस्को तेज् अग्निझैंछहे
महिषासुरको जस्तो भीषण् जस्को छ क्रोध नै
पाप दुर्गुण् रूपी धन्ले कुवेर तुल्य छन् पनि
धुमकेतु उदाए झैं जस्को उदयले पनि
५६

सबको हितको हानी हुन्छ ती दुर्जनहरू
बेस हुन्छ सुते कुम्भ - कर्ण जस्तो भई बरू
जसरी असिना खेतीलाई नष्ट गरि कनै
जान्छ बिलीन भै आफु स्वयं पनि गलेर नै
५७

तेही सरि बरू आफु पनि नाश भएर रे
नाश गर्छन् सबैकाज अरूको खल हेर रे
म फेरी दुर्जनलाई बन्दना गर्छु यो धरी
सहस्रानन् शेषले हरि कीर्तन् गरे सरी
५८

-अर्काको दोषको वर्णन् जो दुष्टहरू गर्दछन्
हज्जारौ कानले दोष सुनेर मग्न पर्दछन्
ती दुर्जन हरूलाई महाराज पृथु सरि
सम्झेर बन्दनीय म बन्दना गर्छु यो घरी
५९

सुरानीक हित हुन्छ जसलाई जगतमा
ती खलजन्हरूलाई म आफ्ना हृदय महा
सुरानीक हित गर्ने ईन्द्रझैं सम्झिई कन
प्रणाम गर्दछु धेरै शिरलाई झुकीकन
६०

जुन खल - ईन्द्रलाई जगत्मा
बचन् रूपी बज्र प्यारो छ मन्मा
हेर्छन् हज्जार् नेत्रले अर्काको
दोषलाई खल - ईन्द्र सदा पो
६१

शत्रु भित्र उदासिन यि तिनै थरिको पनि -
सुन्दामा असल , दुर्जन् जल्दछन् बहुतै अनि
बुझेर दुष्टको यस्तो नीती समझदारले
विनय गर्दछन् हात जोडेर दुईटै हरे !
६२
निहारो यो गरे मैले आफ्नो तरफबाट ता
भोलोपन् ल्याउदै नन् ती मनमा दुष्टहेरू ता
खुवाएर खुब खीर पालेता पनि प्रेमले
कहिले हुन्छ र काग निरामिष पनि हरे !
६३
सुजन र अनि दुर्जन्का चरणमा स्वभावले
प्रणाम गर्दछु शिर्लै दुवै छन् दु :ख दायी रे
यि दुवै मध्ये केहि जो फरक छ भन्छु त्यो अब
दिन्छन् हृदयमा कष्ट सुजन छुट्टिदा तब
६४
दुर्जनूले ता हुँदा भेट दारूण दुष है अति
दिन्छन् अपारको दु :ख हृदयैमा कति कति
जस्तो जूका अनि पद्म एकै साथ र ठाउँमा -
हुन्छन् पैदा तथापि ती भिन्नै हुन्छन् स्वभावमा
६५
एवं गम्भीर् एउटै सिन्धुबाट
भएका ती प्रकट एकसाथ
सुधा सुरा सरि जगतमहा
जन्मेका ती सन्त असन्त याहाँ
६६
हुन्छन् ती गुण हेरूमा बेग्लै जगतमा अनि
भला र कुभला प्राणी आफ्ना आफ्ना समान नी
कर्तुनले फल रूपी सत्कीर्ति र अनि पछि
दुर्यश रूपी दौलत पाउछन् है समस्त ती
६७
हुन्छन् साधुहरू गडङ्गा चन्द्रमा अमृत सरी
हुन्छन् भिषण ती दुर्जन्व्याधा अग्नि र बिष् सरी
कर्मनाशा नदि जस्ता दु :ख कारक दु :षण
लोकमा जान्छन् सब्ले सबै यि गुण अबगुण
६८
तर जो मानिस हुन्छ जस्तो चाल स्वभावको
मन पर्दछ त्यसलाई त्यस्तै प्रकृति हेरू पो
भलाले पाउँछ ईज्जत भलाईबाट नै पनि
नीचाईबाट नै मान पाउँछ नीचले पनि
६९

तारिफ गरिन्छ अमृतको अमरता हुँदा अनि
मरण् गराउनाले नै सहाईन्छ बिष पनि
दुर्जन दोष ग्राहि र गुण् ग्राही हुन्छ सज्जन
यि दुवै नै अति गम्भिर अपार सिन्धु झैं छन
७०
त्यहि कारणले केही गुण र दोष हरू को
बयान यो गरेको हो सारांश ता लिएर जो
ग्रहण र परित्याग नचिनी कन हुन्न है
सम्झेर यहि नै मैले गरें बर्णन केही है
७१
खराब र अनि उत्तम दुवै तरहका सब
ब्रम्हाले नै गरेको हो उत्पत्ति चीजका त ब
तर ती वेदले दोष गुणको गणना गरि
छुट्याएका सबै छन् है बेग्ला बेग्लै सबै थरि
७२

विधाताको प्रपञ्चको विचित्रता

निरूपण गरी सारा लोकमा ईतिहास र
पूराण हरूले सारा भन्दछन् यो निरन्तर
गुण अबगुणले सारा बिधाताको प्रपञ्च यो
मिश्रित नै भएकोछ मुछिई लोकमा अहो !
७३
भन्दछु म यो परिपञ्च सारा
सुजनका सामुमा नै निराला
गुण दोषहरू जानेर त्यस्को
ग्रहण गर्नुहोस् सज्जन झट्यो
७४
रात्रि दिन र पाप् पुण्य दुख्ख सुख्ख र सज्जन
दैत्य दानव र जात कुजात अनि दुर्जन
देव गन्धर्व र उंचा नीचा प्राणीहरू अनि
अंमृत - प्राणदाता र प्राणहारी बिष पनि
७५
माया ब्रम्ह र जीवै भो ईश्वर लच्छिन अनि
अलच्छिन माहाराजा धनी र गरीब पनि
अती पावन काशी र अपावन् मगध पुरी
पाप हारीणी गडङ्गा र पुण्य हारिणी बेसरी
७६

-कर्मनाशा नदि फेरी निर्जल मरू - देश नै
सजल मालब -देश ब्राम्हण र कसाई नै
बिगग र अनुराग नरक स्वर्ग यि सबै
परस्परमा विरोधि नै स्वभावका समस्त नै
७७

चीजहरू रहेकाछन् विधाताका प्रपञ्चमा
वेद शास्त्रहरू द्वारा यिनीहरू समस्तमा
खराब र असल् यो है भनी पृथक हुन्छ है
बिधाताले जडचेतन् गुण दोषहरू सबै
७८

असल यो यो खराब भनेर
विभाग नै हुन्छ सब् छानिएर
बिधाताले जड चेतन सारा
गुण दोष मुछिएको निराला
७९

बनाएको छ यो लोक ता पनि सज्जनै रूपी -
-गजहांसहरू द्रोष रूपी जलकनै त्यजी -
ग्रहण खुसिले गर्छन् गुण् रूपी दूधको सधैं
दिन्छ यस्तो विबेक्शक्ति जबता दैबले सबै
८०

तबता दोष छाडेर गुणमा मन रम्दछ
स्वभाव काल र कर्म जगमा बलवान छ
प्रभावैले ती नै गुणको असल मानिसै पनि
मायामोहित् भई कैले - कैले मूर्ख बनेर नि
८१

भलाई गर्न अर्काको चूक्तछन् तिनले पनि
जसरी हरिका जन्ले त्यो भूलहरू लाई नी
- समालेर दु :ख दोष नष्ट गरिकन सबै
लोक्माफैलाई दिन्छन् ती निर्मल कीर्तिता अभै
८२

त्यसै गरी अनि फेरी लोकमा दुर्जन पनि
दैब संजोगले पाई सत सडङ्गहरू पनि
गर्दछन् कहिले काहीं राम्रा कामहरू पनि
तर अभडङ्गुर मैलो स्वभाव मेटिदैन नी
८३

भेप लिएर साधुको लोक बञ्चक हुन्छ जो
पुजिन्छन् ती पनि भेपृका प्रभावैले गरी ठुलो
तर उघ्रन्छ आखिर्मा दुष्टका कप ट ती जो
अनि पाउंछ है त्यस्ले लोकमा दु :ख ता ठुलो
८४

सदैव कायम गर्ने नसक्ता कपट पनि
चल्दैन जगमा छल्ने नीर्बाह पनि ता अनि
जसरी कालनेमि र रावण राहुहरू को
भयो प्रकट आखिर्मा भेष बनावट ती जो
८५

कु -भेष धरे पनि लोक्मा साधु र सन्तहेरूको
जाम्वबान हनुमानको भैं सम्मान हुन्छ पो
लाभ सुसडङ्गतिले र हानि -अति - कुसडङ्गले
हुन्छ है लोक्मा सत्य प्रशिद्ध वेदमा छ रे
८६

कुसडङ्गले हानि सुसडङ्गले लाभ

जाहेर छ कुरा सारा यो सबै लोकमा पनि
साथ पाएर हावाको उडेर जुन धुलो पनि -
-चड्दछ गगनमाथि , त्यहि रज उ पानीका
सडङ्गत पाउनाले नै हिलोमा मिल्छ फेर जो
८७

सुजन्का घरमा सारा सुगा मैनाहरू सब
बोल्दछन् खुसिले राम कृष्ण शिव भनेर त
दुष्टका घर पालेका सुगा ना ना प्रकारका
अमडङ्गल् गालि दुबार्च्य बोल्छन् प्राय समस्त ता
८८

पात पतिडङ्गर आदि फोहर चीज हेरूको
सडङ्गतिले धुवा ध्वासो बेकम्मा बन्छ हेर जो
त्यहि धुवा असल् चीज्का संगतिले मसी बनी
शास्त्र पुराण आदिका ग्रन्थ लेख्दछ हेर नी
८९

त्यहि धुवा जल आगो बिजुलिका सुसडङ्गले
बादल बन्दछ हेर चढी गगन माथि रे
बर्षाउदै जल लोक - लाई जीवन दिन्छ पों
निच र उत्तम चीज्को सडङ्गत छ गजब को
९०

ग्रह र औषधी वायु पानी र बस्त्रहरूले
पाउँदा जगतैमाहा कुसगं र सुसंग रे
बन्दछ एउटै चीज असल र खराब पो
चिन्दछन् सुजनैहेरू तिन्लाई जगबीच पो
९१

प्रकाश र तम हुन्छ बराबर पक्षमा - दुवै
बढाउदै शशीलाई लैजाने पक्षलाई नै
गरेर नामको भेद शुक्लपक्ष भनेर नै
राखे ब्रम्हाजीले नाम सोचेर मनमा सबै
९२

क्षीण गरी शशीलाई लैजाने पक्षलाई ता
दिए दुर्यश ब्रम्हाले कृणपक्ष भनेर ता
जड र चेतन जीव छन् जो जगतमा जति
जानेर ती सबैलाई रामामय भनेर की
९३

जोडेर हात साराको चरण कमलमहा
प्रणाम गर्दछु ऐले रामभैँ सम्झी चित्तमा
देवता दानव नाग गन्धर्व किन्नरै अनि
पितृ प्रेत नर पक्षि पशु र राक्षसै पनि
९४

खुसी साथ सबैलाई बन्दना गर्दछु अब
कृपा राखुन् ती साराले पुराहोस् यो लिला सब
चारै प्रकारका खानिबाट पैदा हुने सब
चौरासी लाख चोलाका नभ चर् थल चर् अब
९५

जल - चर जीवलाइ जोडेर हात प्रेमले
सीता राम सरि जानी गर्छु प्रणाम आज रे
सीता रामजीका गुण्को गाथा खोज्दछु गर्न म
तसर्थ सुजन साथ विन्ति गर्दछु आज म
९६

तर मेरो बुद्धि सानी छ धेर
अथाह छ राम चरित्र हेर
गाथा गर्ने हो कसोरी ? यहाँ रे
कविताका अङ्ग उपाए ता रे
९७

केही सुज्दैन मनोरथ् भने राजा सरि भयो
बुद्धि भने अति दीन हीन कङ्गाल नै छ यो
नीच छ अति नै बुद्धि अभिलाषा भने हरे !
राम्रो छ अति नै ठुलो पूर्ण होला कसोरी ? रे
९८

चाहिन्छ अंमृत भने तर हेर याहाँ
जुर्दैन महि पनि कहि लोकमाहाँ
मेरो ढिठाई कन ता सुजन हरूले
क्षमा अवश्य गरनन् खुसी भै बरू रे
९९

सुन्नेछन् बालको बोली दिएर चीत्तनैं पनि
जस्तै बालक्हरू तोते बोलि बोल्छन ता पनि
प्रशन्न चीत्तले सुन्छन् आमा वाबु हरू सब
देख्दैनन् त्यसमा दोष देख्दछन् गुण नै तब
१००

सोख् छ जस्लाई पर्दोष रूपी भुषण् लाउने
क्रुर कुटिल् कुबिचारी हास्नेछन् ती सब भने
सरस होस वा - धेरै , अति फीका भए पनि
लाग्दैन असल आफ्नो कविता कसलाई ? नी
१०१

अर्काको कविता सुन्दा हुन्छ जो हर्ष चीत्त मा
श्रेष्ठ पुरूष तेस्ता ती हुदैनन् धेर लोकमा
भाई हो ! हेर यो लोकमा धेरै मानिसहरू ता
सरोवर नदी नाला जस्तै छन् जान भित्र ता
१०२

जो केही जल पाएर आफ्नो त्यो स्थिति छाडदै
तुरून्तै उर्लदै माथि पुग्दछन् बढि हेर है
बिरला कोटि सज्जन कोही कोही भने अनि
गम्भिर सागर जस्तै रहन्छन् स्थिर् बनेर नी
१०३

अनि गगनमा देख्न पाउदा पूर्ण चन्द्र ती
हर्षले बढ्दछ सिन्धु तेस्तै सज्जन हुन्छ ती
छोटो छ भाग्य ता मेरो अभिलाषा भने हरे
ठुलो छ तर विश्वास एउटा गर्दछु म रे
१०४

हुनेछ हित ता मेरो दुर्जनका परिहास ले
कठोर भन्दछ काग कोइली लाई हेर रे
हाँसको गर्दछ हस्सि बकुल्लाले पनि अहो !
भ्यागुता पनि ता फेरी हास्छ चातक देखि जो
१०५

नीच बिचारका तेस्तै दुर्जनहरू हेर ती
राम्रा कुराहरू सुन्दा हास्छन् ठट्टा गरेर कि
शौकिन मात्र छन् खालि जो मानिस् कवितादिको
छैन भक्ति भने राम पाउका मन भित्र जो
१०६

तेस्तै जन्ले पनि हेरे सुने यो कविता भने
उठेर हाष्यरस् धेरै यो बाट अनि जो हुने
आनन्द पाउने छन् है हृदयमा अति ठुलो
छ यो रामजीको लीला अति गजब हेर जो
१०७

फेरी यो छ कविताको भाषामा पहिलो कुरा
मेरो मति छ तेस्माथि अति मन्द बुझ्न पुरा
हास्नाकै योग्य छ हास हास्नामा दोष छैन है
मिलेको छैन है यस्मा व्याकर्ण छन्द केही · नै

१०८

रामका चरण माहा श्रद्धा विश्वास र अनि
प्रिती छैन जुन मानिस्हरूका मनमा पनि
फिका लाग्दछ तिन्लाई सुन्दा यो रामको कथा
हरि रहरका पद्मा प्रिती छ जसकने अहा !

१०९

भएको छैन है भ्रष्ट बुद्धि जस्का कुतर्कले
मीठो लाग्दछ तिन्लाई रामको यो कथादि रे
रामको भक्तिले शोभित् भएको जानी प्रेमले
रामायण जुन सज्जन्ले सुन्नेछन् दिई चित्त रे

११०

मीठा बचनले तारिफ् गर्नेछन् तिनीहरूले
कवि शिक्षित चालक होईन है म केही रे
विद्या सबै कलाले म हीन छु जगत महा
पर्छु खालि भर ऐले रामजीका चरणमा

१११

अनेक छन् अलङ्कार शब्द र अर्थका पनि
ना ना तरहका छन् है रचना छन्दका पनि
भाव र रसका भेद अपार छन् अनेक जो
धेरै छन् गुण र दोष कविताका अनेक पो

११२

नजानेको हुनाले नै मैले यो सब कुरा हरे !
ज्ञान छैन कविताको भन्दछु सत्य आज रे
कोरा कागतमा लेखि यो कुरा सही गर्छु म
यस्मा झुटो भनी सङ्का नगर्नु होस् सज्जन

११३

गुण रहित छ सारा मेरी भणिति ता हरे !
गुण छ लोक प्रख्यात त्यसमा एक मात्र रे
यो बिचार गरि मन्मा जस्मा शुद्ध बिचार छ
बुद्धिमान सुजन् तिन्ले सुन्नेछन् यो अबश्य त

११४

राम कथा रूपी मेरो कवितामा अतिव नै
पवित्र र अनि फेरी पुराण वेदका सबै
· सार स्वरूप भएको ठुलो अति बिचित्रको
छ है यो 'राम' को नाम सुजन् हो सत्य भन्छु यो

११५

अमङ्गल् हारी मंगलका भएका भवन पनि
पार्वती सहित शम्भु जुन् नाम जप्नु हुन्छ नी
बनाएको चमत्कार - पूर्ण - पण्डित हेरूले
कविता अद्भूत जो छ त्यो पनि हेर फेरी रे

११६

रामका नामले हीन छ भने ती कथा पनि
हुदैन शोभित हेर बिचारी मन भित्र नि
सुन्दरी ललना हेरू जसरी सब भाँतिले
श्रृङ्गारिए पनि फेरी छन् भने वस्त्र हीन रे

११७

हुन्नन् है शोभित, हुन्छ दुर्यश लोकमा अझै
गुणहीन भएका ती कुकविहरूले सबै
बनाएका कवितामा रामका गुण कीर्तिले
भएको छ भने शोभित् त्यो पनि अझ हेर रे ·

११८

भ्रमर सरि गुण ग्राही सार् ग्राही बुद्धिमानले
पढ्दछन् आदर साथ सुन्दछन् त्यसलाई रे
यद्यपि कविताको रस् यो मेरो काब्यभित्र जो
-कुनै पनि छदैछैन ता पनि यसमा ठुलो

११९

प्रकट गरिएको छ प्रताप रघुनाथको
आयो हृदयमा मेरो भरोसा यतिले ठुलो
प्रभावले असल् सङ्गको बडो पन् जगत महा
पाएको छैन र कस्ले सत्य भन्दछु यो यहा

१२०

जस्तै अगरूकी साथ पाउँदा त्यो धुँवा पनि
आफ्नो कटुता छाडी सुगन्धित् बन्दछ अनि
भद्दी भए पनि तेस्तै मेरो यो कविता छ जो
यसले जगमङ्गल कारक रामचन्द्रको

१२१

-कथाको छ सुन्दर् गरेर गरेको -
- बयान पनि प्रेमले नै भरेको
जुन रामको नाम गाएर छीन्मा
नर नारी तर्लान् भवसिन्धु बीच्मा

१२२

तुलसी दास - मैले यो गरेको रचना पनि
कलि मल निवारिणी मङ्गल कारिणी छ नी
गङ्गादि नदी हेरूका जल्को जस्तै गरिकन
मेरो हुन्छ कविताको गति त्यस्तै विचारन

१२३

फेरी मेरी कविता यी प्रभु श्री रघुनाथको
सुयशका सडङ्गतिले नै मन पर्नेछ लोकको
हुनेछ , असलै हेर श्मशान्को भष्मले पनि
शोभा पाउँछ शडङ्करको गाथमा रहँदा अनि
१२४
पवित्र पारने हुन्छ स्मरण् गर्नेहरू महा
रामका यशका सडङ्ले तस्तै यी कविता यहा
प्यारो लाग्नेछ सबलाई भोकाको भाजन सरि
राम भक्त सुजन् हेरू हुन् है भोकाजन सरि
१२५
जस्तै त्यो मलया चलको संबन्धी काठलाई को
यो काठ मात्र हो भन्ने बिचार गर्छ ? र अहो !
काली भए पनि गाई दुध ता स्वेत र मीठो
गुणकारी हुँदा सारा पिउँछन् खुसी साथ पो
१२६
तेस्तै मेरो कविता यी पाखे बाणी भए पनि
भगिएको हुँदा सीतारामका कीर्तिले पनि
बुद्धिमान सुजन् हेरू गाउँछन् तेसलाई ता
गुन्नेछन् हर्ष भै फेरी भन्नेछन् प्रेम साथ ता
१२७
जस्तै नाग फंणा माथि रहन्छ मणि सुन्दर
पर्वत्मा माणिक हेरू रहन्छन् है मनोहर
गज -गण्डस्थल भित्र रहन्छ मोति ता अनि
त्यो ठाममा रहुन्जेल ती तिनै चीजका पनि
१२८
उस्तो शोभा केहि रहन्न हेर
फेरी त्यही तिन चीज गएर
भूपतिका शिर पेच भरमा
ललनाका नाक् कान शिरमा
१२९
रहन आउँदा शोभा पाउँछ अति हेर है
तेस्तै सब् कविका गाथा पनि पूजिन्छ अन्त नै
अन्न नै पाउँछ शोभा कविता कवि हेरूको
भने र भन्दछन् सारा बिद्धानहरू सत्य यो
१३०
भक्ति रूपि कारणले गरेर
सम्झनाका - साथमा नै रमेर
ब्रम्हलोक छाडी श्री भारती - जी
पाल्नु हुन्छ भुमीमा दौडिएर
१३१
राम चरित् रूपी ठुलो निर्मलको तलाउमा
स्नान बिना उहाँको त्यो परिश्रम शरिरमा
जादैंन कोटि उपाय गरे पनि बिचार है
यो बिचार गरि मन्मा कवि र पण्डित सबै
१३२
कलिमल् हरण गर्ने हरीको यश गाउँछन्
अनि सरस्वती लाई कृत कृत्य गराउँछन्
त्यसरी भक्तिका बलले त्यागे र ब्रम्हलोक नै
अत्यन्तै हर्षले दौडी आएका शारदाजी नै
१३३
प्राकृत -जनका -गुणको गर्नाले गान ता हरे !
शिर हल्लाउँदै दु :खित् भएर मन भित्र रे
पछिताई ठुलो शोच गर्दछिन् भ ारती अनि
यो बिचार गरि मन्मा ज्ञानीहरू सदैब ती
१३४
हृदयलाई सागर बुद्धिलाई सिपी अनि
भन्छन् सरस्वती लाई नक्षत्र स्वाती नै भनि
शारदा रूपि स्वातीले सद् बिचार रूपी जल
जब बर्षाउँछिन् हेर मति रूपी निरमल
१३५
राम्रा सिपीहरू महा कविता रूपीको ठूलो
सुन्दर् मुक्ता मणि पैदा हुन्छन् टन्न भएर पो
युक्ति रूपी सुईराले सुजन्ले छेड्नेछन् सब
अनि राम लिलारूपि धागोले उन्दछन् तब
१३६
त्यो निर्मल् पावन मुक्ता हार हृदयमा पनि
पैरन्छन् प्रेमका साथ शोभा हुन्छ अति बनि
जन्मेका जुन मानिस् कराल कलि कालमा
अशुद्ध कागझैं हुन्छ आचार तिनको यहा
१३७
तर देखिन्छ है सेतो भेष् भने हांसको सरि
यिनीहरू अनि सारा वेद् मार्गलाई त्यागगरि
छाडेर दम्भीहेरूले स्वार्थ सिद्ध निमित्तमा
स्थापना गरिएका ती पाखण्ड मार्गले यहा
१३८
हिड्दछन् मूर्तिमान् खास कपटैहुन् यी ता सब
कलिमलका यी ता हुन् है काला भाडाहरू सब
राम किडङ्कर् भनी लोक्मा कहलाई कन हरे
काम कोध र काञ्चन किडङ्कर बन्दछन् ती रे
१३९

ती मबै मध्यमा मेरो रेखा छ पहिलो पनि
धर्मको ध्वजको धन्दा गरने लोकमा प नि
यस्ता मानिसमाधूर्य भएको धूर्त बेसरी
म जस्तालाई धिक्कार धिक्कार छ सधैंभरी

१४०

भनौ भने सबै आफ्नो अबगुणहरू मता
बढंग पाउने छैन पारगर्न सबै कथा
तमर्थ दोषको केही गरेको हुँ बयान ता
बुझ्ने छन् सुजन सब्ले थोरै मानै यथार्थ ता

१४१

एवं प्रकारले मेरो सुनेर विन्ति यो सब
दिने छैनन् कुनै दोष सुन्दा राम लीला अब
भने पछि यति माथि जो शङ्का गरला हरे
म भन्दा बडता जड्हुन् बुद्धि हिन ती मूर्ख रे

१४२

म होईन कवि, चलाख् पनि ता -
-मानिएको छैन लोक्मा अनि ता
खालि बुद्धि अनुसार प्रभुको -
-पावन् गुण प्रेमले गाउँछु यो

१४३

कहाँ अपार चरित्र भगवन् रघुनाथको
लोक्मा आशक्त भएकी मेरो बुद्धि कहाँ अहो !
उडाउछ हुरी जुन ता मेरू पर्वत लाई रे
छ लौ कुन् गिन्तीमा त्यस्को अगाडी त्यो रूवा हरे

१४४

अपरिमेय भयको प्रभाव रघुनाथको -
-सम्झिदा प्रभुको गाथा बर्णन गरदा अहो !
कातर् भएर हच्किन्छ मेरो चित्त अधीर् भई
अभिलाष उठायो कस्तो मनमा आज हेर यि

१४५

जस्को गुण् गणको यथार्त बरणन् गर्न नसकेर रे
वेद शास्त्र पुराण शम्भु र अज सरस्ती शेष ले
खाली व्याबृति रूपले परिशेष रूप बताउन ता
नेति नेति भनेर गान गरछन् निरन्तर हेर ता

१४६

त्यस्ना ती हरिको प्रभुत्व छ भनी सब् लोकलेजान्दछन्
कोहि छैन तथापि त्यो - विषयको बार्ता नगर्नेत भन्
भन्दछन् त्यसमा सबै निगमले राखेर यो कारण
भजन को छ प्रभाव धेर् तरहको कीर्तन र श्रवण

१४७

सत् चित् एक निष्कृय रूप रहित नाम रहित पनि
व्यापक परधाम विश्वरूप र आनन्द रूप पनि
जो ईश्वर् हुनुहुन्छ सोहि प्रभुले नाना थरिका पनि
शरीर धरी गर्नु हुन्छ चरित अनेक् थरीको अनि

१४८

त्यो ईश्वर फगत भक्तहरूका हित्का निमित्तमहा
हुनुहुन्छ परम् दयालु र अनि प्रणत् - अनुरागी ता
एक् बाजी करूणा र स्नेह प्रभुको जस्का उपरहुन्छ हैं
त्यो जीव् माथि गरने कोध करूणाकर ईशले कबै

१४९

रघुराज गरीब् निबाज र अनि गईबहोरी पनि
हुनुहुन्छ दयालु द्रिढ सरल धीर बलबान नी
यस्तो जानी समझदार जनले रामजीका किर्तिको
बयान गरि पार्दछन् पुनित नै आफ्नी गिरालाई जो

१५०

त्यहिनै बलले रघुपतिजीका राखि चरण्मा शिर
सीता बल्लभको लीलाहरू सबैगर्छु म कीर्तन् फिर
ब्यास बाल्मीकि आदि ती मुनिसले पैले रघुनाथको
गरेका छन् गान कीर्तन सबै भक्ति र प्रेम् साथ पो

१५१

त्यहिनै पथबाट आज चलदा होला सजीलो पनि
भन्ने लाग्छ मलाई भित्र मनमा विश्वास गर्छू पनि
जस्तो भू -पतिले ठुला नदी बिषे राम्रा दृढ पुल ता
बनाईकन राख्दिए यदि भने तेस्बाट नै फेरी ता

१५२

परम लघु ती कीराहरू पनि चढेर त्यो पुल रे
पारी पुग्दछ छीन्महा बिनु परिश्रम खुसी साथ रे
देखाएर हृदयमा बल अनि श्रद्धा यही रूपले
कथा सुन्दर- रामको खुसी भई बनाउँला है मरे

१५३

ब्यास बाल्मीकि प्रभृति जुन जति ठुलाकवि हेरूले
श्रद्धा पुर्बक रामकै सु - यशको बर्णन् गरेको छ रे
ती सब्को पदपद्यमा गरदछु म बन्दना प्रेमले
मेरो पुर्ण मनोरथ अब गरून् सारा तिनी हेरूले

१५४

जो जल्ले भगवन् सीतारमणको गुणगानको वर्णन
गरेकोछ बि -बिध भाँति सितले मन्माखुसी भै कन
ती सारा कलिकालका भवभूति प्रविति संस्कृतका
कविश्वर ,हरूलाई गर्छु खुसीले आज प्रणाम मता

१५५

भाषामा हरिका लीलाहरू सबै जो कोहिले लोकमा
गरेका छन् है बखान परम प्रेमी भई चीत्तमा
पैलेका परम प्रबीण र ती छन् ऐले पनि जो अनि
प्राकृत कविहरू जे पछि हुने छन् ती सबैमा पनि
१५६

नलिई छल र कपट मनमा गर्छु प्रणाम म ता
हेराम ! चरिता नुरागी सुजन कविहरू होम मा
प्रशन्न हुनुहोस् र अनि पछी सुजन र साधुका -
-समाज हरूमा पूजनिय हउन् मेरी कविता यी ता
१५७

धिमान्ले जुन कविताहरू को
गर्दैनन् है आदर आबरू पो
त्यस्ता रद्दि कविताहरू महा
मिहिनेत गरने लोक माहा
१५८

बालकवि -हरू हुन् ती समस्त
सारा श्रम हुन जानेछ ध्वस्त
लोकलाई जान्हवी झैं जगत्मा
भयो भने हित गर्ने मफत्मा
१५९

सम्पत्ति कविता कीर्ति यि तिनै चीज लोकमा
मानिन्छ अति नै उत्तम् बुझ यो जन चीत्तमा
उत्तम् छ रामको कीर्ति प्राचिन कविहेरू हो
भद्दिछ कविता मेरी भन्दछु सत्य बात यो
१६०

अपठ्यारो यो अति पर्न आयो हृदय भित्र रे
कसो होला ? भनी मन्मा सङ्खालाग्छ मलाई रे
ता पनि हजुर सब्को कृपाले कवि हरू हो
गएर सुलभ टाट्मा राम्रा रेशम आदिको -
१६१

-सिलाई झैं अनौठानै देखिनेछ भणीति यो
जानेर मनले यस्तो दया गरि ममा ठुलो
हजुरहरू सबैले नै गर्नुहोस् दया अब
पुरागर्न सकुँ लीला भगवन् रामको सब
१६२

पवित्र कीर्तिको पिछा गऱ्यो ज गतमा भने
वांणी सुबांणी भो ,नत्र ब्यर्थभो चीत्तमा गुने
कविता सरल राम्रो कीर्ति निर्मल होस् है
यस्तो भयो भने मात्र अनि जगतमा सबै
१६३

सुजन हरूले गर्छन् आदर चीत्तमा अनि
कविताहरू जुन् सुन्दा मनमा शत्रुले पनि
स्वाभाविक् शत्रुता बिर्सि बयान गर्दछन् अहो !
निर्मल् बुद्धि बिना काव्य हुन सक्तैन हेर त्यो
१६४

अति थोरै छ है मेरी बुद्धि सुजन हो हरे !
ममाथि गर्नु होस् स्नेह सबै हजुर हेरूले
बर्णन् गर्न सकौं लीला रामको सब प्रे मले
निहोरा गर्दछु ऐले बारंबार झुकेर रे
१६५

रामलीला रूपि सरावर मा कवि र-
पण्डित् रूपि असल हुन्छन हंस तीर
ती हांसहेरू शिशुको बिनति सुनेर
बालकको अधिक उत्सुकता बुझेर
१६६

होउन् दयालु म उपर् कविहेरू सारा
भन्दै झुकि कन म गर्छु सदा पुकारा
जुन कोमल र खरले सहित भएको
भएपनि दुषण दोष रहित् भएको
१६७

राम्रो अति गजब अद्भुत नै भएको
रामायण छ जसले सब लेखिएको
तेस्ता महाकवि महात्मन बाल्मीकिको
श्री पाउमा परदछु म सदा झुकि पो
१६८

जहाजै झैं भिषण -यो भव सागरको
चार्वेदको झुकि गर्छु प्रमाण रे पो
निर्मल यश प्रभुको गरदा बयान
जुन वेदलाई कहिले पनि भित्र जान
१६९

-लाग्दैन है श्रम अनी जसबाट सारा
-सन्त रूपि अमृत गाई र चन्द्र तारा
दुर्जन् रूपि बिष पनि मदिरा पनि ता
प्रकट् भयो भबधिमा सब नै अनिता
१७०

त्यस्तो बिचीत्र भब सागर यो पनि त
जस्ले रच्यो छिनमहा गरिखेल नी ता
तेस्ता बिचीत्र बिधिको पदरेणु लाई
गर्छु प्रणाम खुसिले म यहा रमाई
१७१

विद्वान र ग्रहहरू अनि देव सारा
सब् बिप्रमा गरछु बिन्ती गरि पुकारा
वाँधेर अञ्जली पनि गरछु प्रणाम
मेरो मनोरथ पुरा गरनोस् राम
१७२

पवित्र सुन्दर चरित्र हुने निराला
गङ्गा र भारतीजीमा गरदै पुकारा
ग बन्दना गरदछु अहिले झुकेर
पुरा गरून् सब मनोरथ यो रमेर
१७३

नी गध्मा जान्हवी एकले नै
हर्छिन् पाप स्नान र पानले नै
अर्को एक श्रवण कीर्तनले
हर्ने हुन् है अबिबेक भ्रम रे
१७४

सीता -प्रिय - रामका - दास फेर
स्वामी .भित्र स्वरूप नै भएर
म तुलसी दासका सब् थरिले
निष्कपट हित रूप भई रे
१७५

दीन बान्धब दिनुमा दानी नै जो
आमा बाबु गुरू सरूप नै पो
गौरी शम्भु -लाई गर्छु प्रणाम
आशुतोष नाथ ! हे पूर्ण काम
१७६

कलि आउन लागेको देखिकन दयालु भै
लोकका हितका निम्ति गौरी शङ्करले सबै
शाबर मैत्रको स्रिष्टि गर्नु भो लोकमा अनि
मेल हुदैंन अक्षर्को ती पावन् मंत्रमा अनि
१७७

अर्थ पनि संगत हुन्न है अनि
जप पुरश्चरण् बिधि पूर्वक पनि
पर्दैन गर्नु पनि केहि तेसमा
तथापि ती मंत्र समस्त लोकमा
१७८

महेश्वरका प्रभावैले प्रकट् प्रभाव छन् ती रे
दीन बन्धो उनै त्यस्ता शिव म दु :खी माथि रे
अनुकुल हुनु हुन्छ, अब आनन्द र अनि
मंगल्को मूल कारण भएको यो बिचीत्र नी
१७९

कथाको रचना गर्छु शिव पार्वतीको ठूलो
प्रसाद पाउँदा, मन्ले चिताए सरि नै अहो !
बयान गदर्छु राम्रो - गरि राम चरित्र यो
गौरी शङ्करको पाउ सम्झेर प्रेम साथ पो
१८०

जस्तो शशि र ताराको हुँदा उदय ता अनि
रात्रिलाई सुरात्रि हो भनेर भन्दछन् पनि
तेस्तै कृपा महेश्वर्को पाउनाले पनि अब
मेरी भणीति यो सुन्दर हुनेछ भन्दछु सब
१८१

जो सचेता र सज्जन्ले प्रेम युक्त भईकन
बुझेर यो कथा भन्छन् सुन्दछन् ता भने सुन
राम चरणका प्रेमी हुनेछन् तिनीहेरू ता
कलिमल परि त्यागी सुमङ्गगल् भागी भै ती ता
१८२

सपनामा पनि मेरा उपर शिव गौरी को
प्रसाद छ भने सत्य यदि हे भगवान ! यो
म भाषामा कविताको प्रभाव अब भन्छु जो
हे नाथ ! करूणा सिन्धो ! हओस सब सत्य त्यो
१८३

जहाँ कलि -कलुष हरिणी ती
बग्दछिन् है सरयु तारिणी ती
त्यस्ती परम् पावन नै भएकी
अबधको बन्दना गर्छु रे की
१८४

थिएन ममता थोरै जस्का उपर रामको
त्यस्ता अबधका बासी नारी पुरूषलाई पो
बन्दना गर्दछु शिर झुकाई कन प्रेमले
सब्ले मनोरथ मेरो पुरा गर्दिनु होस् रे
१८५

सीता निन्दक अधमा -धम त्यो धोबिको पनि
पाप पुञ्ज हरूलाई नष्ट पारेर ता अनि
जसले शोकले शुन्य भएको लोक नै पनि
बनाएर खुसी साथ राखे त्यस महा अनि
१८६

जसको कीर्तिले सारा छाईएको छ लोकमा
त्यस्ती जगत बिख्यात भएकी पुण्य आतमा
पूर्व दिशा सरि सुन्दर् कौशल्या हुनु हुन्छ जो
बन्दना गर्दछु ऐले उहाँलाई रमेर पो
१८७

जुन् कौशल्या रूपि पूर्व दिशामा
सुन्दर , चन्द्र - राम चन्द्र निशामा
उदाउनु भो जुन लोक नाथ
जगलाई सुख् दिने कान्ति साथ
१८८

दुर्जन् रूपि कमल् लाई ध्वस्त पार्न तुषारो
स्वरूपि भई अबध्मा उदाउनु भयो प्रभो !
अनि गनीहरू साथ महाराज धिराज ती
मानेर दशरथ् लाई पुण्य मङ्गल मुरति
१८९

मनमा कर्मणा बाचा प्रणाम गर्दछु अब
छोगको दास सम्झेर करूणा गर्नुहोस् अब
गर्दा उत्पन्न जस्लाई भए बिधि पनि ठुला
महिमाका सिमाना हुन् राम मातापिता तीता
१९०

सत्य प्रेम थियो जस्को रामका चरणैमहा
प्रणाम गर्दछु त्यस्ता राजालाई म पाउमा
बियोग नै हुँदा दिन दयालु रामसाथमा
आफ्नो प्रिय शरीर्लाइ छाडे तृण् सरि लोकमा
१९१

गुप्त स्नेह थियो जस्को रामका पदपद्मा
त्यस्तो भुप जनक्लाई परिवार सहितमा
बन्दना गर्दछु ऐले नुहेर प्रेमसाथ रे
गमायण पुरा गर्न सकौं म बिन्ति गर्छु रे
१९२

महाराज जनक्जीले जुन स्नेहलाई भोगेको
-योगमा नै लुकाएर राखेका नै थिए अहो !
तेहि स्नेह पर्‍यो देखा देख्ता श्री रामलाई जो
त्यो स्नेहले बगाएर ज्ञान लाई लिएर गो
१९३

बयान गरि सकिन्न जस्को नियम र ब्रत
जस्को मन्छ सदा राम- पदपङ्कजमा रत -
-लुब्ध मधुकर तुल्य भएर पाउ पद्मको
समीप लाई . छाड्दैन झुम्बिई कन ता अहो !
१९४

त्यस्ता भरत को पाउ -पद्ममाहा झुकेर म
बन्दना गर्दछु पैले भक्ति पाउ अनुपम
जगको यश रामैको कीर्ति रूपि मनोहर
निर्मल ध्वजको दण्ड समानछ निरन्तर
१९५

तेस्ता लक्ष्मणका गोरा शीतल सुन्दर अति
भगतका सुख दाता पद पङ्कजलाई की
बन्दना गर्दछु ऐले झुकेर प्रेम साथ ले
पुराहोस अभिलाषा मेरो नाथ समस्त रे
१९६

सहस्र फणं भएका ती शेष्ले सब लोकको
सुख् र कल्याणको निम्ति भुमीका सब भारको
भयहरू हरण्गर्न - लाई जन्म लिदा अनि
लिनु भो जसको रूप त्यस्ता गुण निधान की
१९७

कृपासागर सौमित्रि मेरो उपरमा अब
अनुकुल रहुन् नित्य गरेर करूणा अब
अनि अनुशरण गर्ने नित्य भरतको पनि
रिपुसुदनका राम्रा दुईटै पाउमा पनि
१९८

बन्दना गर्दछु नाथ ! सम्झेर मनमा अब
पुरा गर्नु हओस् मेरो मनोरथ हरू सब
रामजीले स्वयं आफैं जस्को यशकन सबै
बर्णन् गर्नु भएकोछ मुक्तकण्ठ भई सधैं
१९९

त्यस्ता उनै महाविर हनुमान जी लाई ता
प्रणाम गर्दछू ऐले भक्ति र प्रेम साथ ता
दुर्जन - गण् रूपि बन्मा दाबाग्निका स्वरूपमै
ज्ञान पुञ्जरूपि विर प्रभञ्जन कुमार कै
२००

बन्दना गर्दछु ऐले झुकाई शिर पाउमा
धनु धारी रघुनाथ जस्का हृदय पद्ममा
राज हुनु भएकोछ त्यस्ता धीर महाबीर
पबन सुतकै आसा गर्दछु म निरन्तर
२०१

बानर -राज र ऋक्ष - राज - राक्षस - राजनै
अङ्द प्रभृति सारा बानर बर्गका सबै
सुन्दर चरणमा नै बन्दना गर्दछु अब
पाए पनि अधम् देह जसले हेर है तब
२०२

भगवन् रामजी लाई पाई धन्य भए सब
अमर कीर्ति राखेर गए पार भई तब
चरण पद्मको सेबा गर्ने रामजीका सबै
पशु पक्षींहरू जो छन् दैत्य देव मनुष्य नै
२०३

मागवां चरणमाहा बन्दना गर्दछु अब
बिना काम लिए जस्ले दासत्व रामको सब
त्यम्ना अनुपम ज्ञानी शुकदेव र ती अरू
भक्त -शिरो मणि नारद् सनकादि मुनि हरू
२०४

ज्ञान विज्ञानका खानी मुनीश हरू छन् जति
धरामा शिर राखि यो ती सबै लाई आज की
बन्दना गर्दछु आपन्नो सम्झेर तिनले सब
करूणा गर्दिनु होला मेरो उ परमा अब
२०५

जनक नन्दिनी र जग जननी
प्रियतमा करूणा नीधिकी पनि
धरणी नन्दिनी जानकीका दुबै
चरण पडङ्कज लाई झुकि खुबै
२०६

खुसी भईकन गर्दछु बन्दना
अनि पुकारा म गर्दछु हर्दम
रघुकुल मणि की प्रिय प्राण हे
जननी गर्दछु आज पुकारा रे
२०७

सब तरहले लायक फेरी म रघुराजका -
-वंशका नायक वीर भगवन् रघुनाथका
चरणकमललाई मनसा कर्मणा अनि
बाचाले बन्दना गर्छु पाउ माहा झुकेर नी
२०८

धनु बाण धारी प्रभु रामचन्द्र
अहा ! राजीव नयन लोकईन्द्र
भगत जन दु :ख हारी खरारे
सुख कारी नाथ ! प्रभो ! राबणारे
२०९

दयाले दिनुहोस् शक्ति मलाई
सकौं पूर्ण राम चरित् गर्न लाई
छ आस प्रभो नाथ एकै हजुर्को
पुराहोस् ईच्छ्या मनका जरूर्पो
२१०

जस्तै लोक्मा बोली र अर्थ फेरी
जल अनि त्यो तरङ्ग घनरी
बेग्लै छन् है नामले मात्र हेर
तेस्तै नाम मात्रले छुट्टिएर
२११

एकाकार भएका ती सीता र रघुनाथको
चरण पडङ्कजलाई बन्दना गर्दछु म जो
सीताराम युगल् मूर्तिलाई जो सब लोक मा
खिन्न आर्त जन धेरै प्यारा छन् हृदयमहा
२१२

श्री रामनाथ वन्दना

रघुकुल् श्रेष्ठ श्री दशरथजीको ' राम ' यो ठुलो
नामको गर्दछु ऐले वन्दना खुसी साथ पो
त्यो नाम भानु कृशानु हेतु छ हिमकरको
ब्रम्हा विष्णु शशीशेखर् मयछ नाम त्यो ठुलो
२१३

वेद्को प्राण -रूप छ नाम गुन् त्यो
निर्गुण अनुपम निधान गुण्को
-स्वरूप छ नाम त्यो ता अपार
तर्छन् जस्को याद गर्दै हजार
२१४

माहामन्त्र श्वरूप नै सदाको
तारक् जुन नाम ता चीत्तमा पो
नीलकण्ठ जप्नु हुन्छ सदा रे
निम्ति माहा पद नीर्माणका रे
२१५

काशीमा मर्न लागेका प्राणीलाई महेशले
गर्नु हुन्छ सदा त्यहि मंत्रका उपदेश रे
महामंत्र स्वरूपि जो नामको महिमा पनि
जानेर हृदय भित्र गणेश लोकमा पनि
२१६

सारा देव हरू भन्दा पैला पूजिनु भो सदा
फेरी त्यै उलटा नाम जप्ता जप्तै पनि अहा !
सिद्ध भए जुन आदि कवि बाल्मीकि मुनि
तिनी नै जान्दछन् सारा प्रताप नामको पनि
२१७

महा मंत्र यो एउटा ' राम ' नाम
हजार हरि नामको छ समान
भनी यो सुनि शम्भु को बाणी लाई
त्यहि एउटा नाम यो ' राम' गाई
२१८

बसेर शम्भुका साथ खानु भो पार्वतीजी ले
गौरीका मनको श्रद्धा विश्वास रूपिका ती रे
-कारणहरू , त्यो देखि हर्षित् भै शिवले अनि
पार्वती लाई सारा ती स्त्रि गण हरूको पनि -
२१९
-भूषण बनाएर पनि अफ रे
आफ्नो गाथको गर्नु भो भुषण रे
यां नामको महिमा शडङ्कर जी
राम्रारितृले जान्न हुन्छ हर की
२२०
नामका प्रभावले यही पैले श्री शडङ्कर जी ले
पिएका काल्कूट विष भयो अमृत तुल्य रे
बरषा ऋतु हो भक्ति श्री रघुनाथको पनि
हुँ शालिधान म परम् किडङ्कर तुलसी दास नी
२२१
श्रावणमास होयो रा, म हो यो भाद्र मास र
यो नाम मा दुई बर्ण मधुर र मनोहर
जो छन् ती दुई आँखा हुन प्राणीका दिल भित्रको
सुलभ छ अति नै त्यो ता श्रवण मात्र ले अहो !
२२२
सुख दिन्छ सबैलाई यहि नै नाम लोकको
लाभ हो अति नै ठुलो यस्मा छैन भुटो कुरो
चलाई दिन्छ निर्वाह त्यसैले परलोक मा
नामका यि दुई अक्षर् उच्चारण् गरदा महा
२२३
सुन्दा बुझ्दा सुठी असल छन् है
मधुर मीठा छन् अतिब गजब् कै
अक्षर् यहि तुलसी दास लाई
प्यारा लाग्छन् राम लखन् तुल्य भाई
२२४
ब्रम्ह र जीव झैं नित्य स्वाभाविक सुसाथी जो
यि दुई बर्णको तारीफ् गर्दा मडङ्गल हुने ठुलो
प्रीति पनि मिसिएर रहन्छे साथ साथ जो
लोकको पालना गर्ने यि दुवै बर्ण हेरू हो
२२५
हुनाले सन्त साधुका रक्षक दाजु भाई ती
नर नारायण जस्तै छन् मिलेका अतिब की
भक्ति रूपिणी स्त्री लाई शोभित पारने आहा !
यि दुई बर्ण हुन् कर्ण भूषण दुई कानका
२२६
लोकका हितका निम्ति यि दुबै बर्णनै अनि
सुर्य चन्द्र सरि छन् है तम हर्ने समस्त नी
मुक्ति रूपि सुधा स्वास तज्जन्य खुसी हेरूका -
स्वरूप छन् दुबै वर्ण प्रसिद्ध - लोक सिद्ध ता
२२७
हुनाले भुमि धारक अनि पछि यिनै दुवै वर्ण ता
पृथवी धारक कूर्म शेप सरि छन् प्रभुत्ववान सदा
सन्तका हृदय रूपि - कमलमा दुबै यि वर्ण अनि
छन् है सुन्दर भ्रमर सरिस नै गुल्जार गर्ने- पनि
२२८
जिव्हा रूपि श्री यसोदाकन ता
यिनै दुबै वर्ण हरू कन ता
दुबै भाई कृष्ण र बलराम
सरिस छन् जान यो नाम 'राम'
२२९
भन्दछु तुलसी दास ऐले यो रघुनाथ को
परेका नाममा ठुलो वर्ण मध्य छ एक जो
'र' सबै वर्णका शिर्मा छाता भईकन अनि
लोकको गर्दछ ठूलो उपकार समस्त नी
२३०
अनुस्वार भई अर्कोवर्ण 'म' अरू वर्ण को
मुकुट मणि जस्ती भै शोभित् गर्दछ वर्णको
सम्झिंदा र अनि बुझ्दा एकै छन् नाम नामी जो
आफुस्मा प्रेम छ यिन्को स्वामी दास समानको
२३१
यि दुबै नाम र रूप मायाले परमेश का
उपाधि हुन् खडामात्र गरेका जगमा यि ता
आखिर्मा यि दुबै छैनन् ईशमा ता बिचार जो
माया प्रपञ्च अनादि हुनाले नाम रूप यो
२३२
अनादि हुन् र दुबैका पूर्बापर् भाव यो पनि
अकथनीय छ हेर यो कुरा खूब् बुझेर नी
साधना पर्दछ गर्नु नाम र रूप मध्यमा
सानो कुन् र ठुलो हो कुन् यो भन्दा पनि लोकमा
२३३
अपराध लाग्छ ठुलो अपार
सुनी सारा गुण यिन्का हजार
सुजन्हेरू आफुले नै अनिता
बुझ्ने छन् है भेद यस्को पनि ता
२३४

नभै नाम ज्ञान हुन्न रूपको
नाम्कै अधीन् देखिइन्छ रूप यो
नामी नाम यि दुबै एक नै हो
नामै जप्ता नामी पाईन्छ नै पो
२३५

नाम ज्ञान बिना आफ्नो हत्केला बिचमा धरी
गखेका बस्तुको नाम बताउन बिशेष् गरी
जानिदैन अनि फेरी नदेखे पनि रूप ता
नामको यादले गर्दा मन्मा प्राय: सदैब ता
२३६

ममता हुन्छ तेसैले नाम र रूप को पनि
अकथनीय छ शक्ति सम्झिदा हर्ष हुन्छ नी
सकिन्न बर्णन गर्न, अगुण र सगुण यि-
ब्रम्हका बीचमा साक्षी नामै छ फेरी हेर ति
२३७

सिपालु दुई भाषे झैं भएर नाम त्यो अनि
बुझाउँछ दुबैलाई यथार्त साथले पनि
यदि हे तुलसीदास भित्र बाहिर नै सब
खोज्दछस् उजियालो तँ भने भन्दछु यो अब
२३८

जिव्हा रुपि बीच सडङ्घार माहा
राम् नाम् रूपी मणिदीप् राख त्याहा
होला भित्र बाहिर सब् उज्यालो
मन्को जाला तम् रूपि दु:ख कालो
२३९

बाधको प्रपञ्चहरू देखि सारा
बिमुख भई योगीहरू निराला
सबैलाई मोहित गर्ने अनि ता
घन घोर मोह निशामा पनि ता
२४०

जिव्हाले यहिनाम् जपिकन सदा जागा रहन्छन् पनि
अबर्णिय शरीर नाम बरजीत् निरपद र अनि
अनुपम अखण्ड ब्रम्ह सुखको अनुभव गर्न ता
पाउछन् तिनीहेरू ता अनि पछि खुसी भएर सदा
२४१

मायाले अनि गूढ चालकन जो खोज्दछन जान्नता
जिव्हाले हरिनाम् जपि तिनीहरू त्यो जान्दछन् सर्वदा
एकाग्र मन पारी नाम प्रभुको जो साधक जप्त छन्
अणिमादिक सिद्धि पाई ती सबै सिद्ध स्वयं बन्दैछन्
२४२

आर्त र अति दीन - प्राणिहरूले नामै जपेर सदा
रहन्छन् हरदम् भने ती सबको मेटिन्छ त्यो कष्ट ता
हुन्छन् चा र प्रकारका प्रभुजीका भक्तहरू लोकमा
ती चारै थरि भक्तहुन् अति ठुला निष्पाप पुण्ड्यतामा
२४३

ती चार चतुर भक्तलाई जगतमा अनि
नामैकोनै छ आधार जप्तछन् यहि मात्र नी
यि चार मध्यमा फेरी ज्ञानी भक्त प्रभुजीका -
-धेरै प्यारो छ भन्ने यो सम्झ हृदय भित्र ता
२४४

ती चारै युगमा फेरी चारै वेदमहा पनि
प्रभाव छ कति ठुलो नामको जान यो पनि
तर धेरै जसो फेरी कलिमा ता अबश्य नै
उपाय लोकमा अर्को छदैछैन कहि कुनै
२४५

यि दुवै बर्णकै ठुलो अबलम्ब छ लोक मा
जपेर नाम यो पारी पुग्दछन् भव सिन्धुमा
निबृत्ति - दुखको ज्ञान - प्राप्ति - धन र संपति
संमान प्राप्ति र छोरा ईत्यादि चीज छन् जति
२४६

कुनैको कामना मन्मा नराखेर निरन्तर
डुबेको हुन्छ जो राम - भक्तिमा भै निर - भर
ती ज्ञानी भक्त हेरूले आफ्ना मनहरू कन -
नामका प्रेम् - रूपी अमृत - कुण्डमा गर्दछन् मीन
२४७

ब्रम्हका निर्गुण सगुण यि दुबै स्वरूप छन्
दुबै स्वरूप गम्भिर अनादि र अनुपम
अकथनीय छन् फेरी यि दुबै सम भावले
रहेका ब्रम्ह, ती भन्दा पनि ती दुई लाई रे
२४८

सकेर बसमा पार्न रहेका हरि नाम नै
श्रेष्ठ हो, कविहेरूहो मेरो मत छ यहि नै
धीमान सुजनहेरू अरूका मनको कुरा -
जान्दिछन, म पनि आफ्नो मनको अनुभव् पुरा
२४९

आफ्नो मनूको रूची फेरी मनको खुसीनै पनि
सारा भनीरहेकोछु ऐले सब् - जनलाई नी
काठका भित्रमा ब्यापक् - भएर अनल पनि
-रहेको हुन्छ सारा यो लोकमा भै अदृश्य नी
२५०

दृष्टि गोचर् पनि हुन्छ तेहि अग्नि उपायले
भान हुन्छ अर्कै दोश्रो अग्नि जस्तो भएर रे
देखिने अग्नि र फेरी अदृश्य अनल सरि
भेद हो स्थीतिको मात्र भेद् छैन वस्तु यो धरी
२५१
विबेक यहि हो ? फेरी अगम ती दुबै थरी -
-ब्रम्हको नामको कीर्तन् लोकमा गरि बेसरी
नाम स्मरण द्वारा नै त्यो सुगम् हुन आउँछ
र मैले ब्रम्ह स्वरूप राम् देखि पनि फेरी त
२५२
ठुलो हो रामकै नाम भनेको हुँ विचार यो
सर्वब्यापी अबिनाशी आनन्दराशि एक जो
सत् -चेतन मय ब्रम्ह भनेर वेद शास्त्रमा
भनिएका उनै यस्ता प्रभु हृदय भित्रमा
२५३
अबिकारी भई नित्य रहँदा पनि हा ! हरे !
दु :खी भई रहेकोछ लोकमा सब जीव रे
जस्तै रत्नादिको मो ल प्रकट गरना कन
धेरै रत्न परिक्षाको अभ्यास् पर्दछ गरन
२५४
हेर्दा हेर्दा रत्नलाई पनि ता
परिपक्व हुन्छ अभ्यास् अनि त
प्रकट् हुन्छ रत्नको मोल सारा
रत्न हेर्ने जन लाई निराला
२५५
रत्न लाई नदेखेका जनले रत्नको पनि
सक्तैनन् भन्न है मोल त्यस्तै प्रभुकन पनि
-प्रकट गरन लाई नाम निरूपण रूपी
-यत्न गर्दा जसै धेरै अभ्यास् पूर्ण भएर की
२५६
रत्नको मोल झैं राम प्रकट हुनुहुन्छ है
नाम प्रभाव निर्गुण ब्रम्ह भन्दा पनि अझै
-आपार छ यहि रित्ले अखण्ड र अगम्यको
आपन्नो बुद्धि अनुसार राम् भन्दा पनि रामको
२५७
ठुलो छ भन्दछु नाम म यो जगतमा अनि
रामले भक्त हेरूका हितका नीम्तिमा पनि
शरीर धरी मानिस्को संकष्ट सहि धेर रे
पार्नु भयो सुखि लोक्मा साधु सज्जन लाई रे
२५८

नामै जपीकन खाली प्रेमले रामका जन
बिनु प्रयासले हुन्छन् आनन्दका निकेतन
एउटी तापसी लाई रामले तार्नु भो अरे
रामको नामले तान्यो करोडौं दुष्टलाई रे
२५९
ऋषिका हितका निम्ति अनि श्री रघुनाथले
सेना र पुत्रका साथ सुकेतु पुत्री लाई रे
बिमाख पार्नु भो सारा रामका निम्ति यो सब
-ठुलो होईन है केहि कुरा म भन्दछु अब
२६०
सूर्यले रात्रीको नाश गरेझैं नामले अहो !
अनेक दोषले युक्त दुराशा लाई भक्त को -
-लोकमा गर्दछ नाश धन्य छ नाम यो अहो !
नामीमा छैन है शक्ति नामको झैं अपूर्ब को
२६१
रामजीले आपन्नो नै करले
भव चाप गर्नु भो भञ्जन रे
प्रतापले केबल नामको ता -
-भव ताप भञ्जन गर्छ जो ता
२६२
रामजीले स्वयं आफैं दण्यकारण्डयलाई ता
पार्नु भो शोभित सुद्ध पाप भञ्जन् गरेर ता
असंख्य प्राणीहेरूको पवित्र नीर्मल मन
पारेको छ अहो ! हेर नामले लोकमा जन
२६३
राक्षसको दललाई हरिले
दलित नै पार्नु भो है अघि रे
श्रीरामका नामले ता समस्त
कलि -कल्मष्लाई पार्दो छ ध्वस्त
२६४
रामले सवरी गिद्ध अनि सद् भक्त हेरू जो
कोहि कोहि कन मात्र सद्गति बक्सनु भयो
असंख्य दुष्ट हेरूको गऱ्यो उद्धार नामले
नामको गुणगाथा छ वेदमा - सब् प्रसिद्ध रे
२६५
सुग्रीब र बिभीषण दुई को
लिनु भयो शरण भै खुसी पो
जान्दछन् यो लोक सारा कुरा रे
नामले ता दुर्गम लोकमा रे
२६६

अनुग्रह गऱ्यो धेरै गरीब हरूमा ठुलो
उत्तमछ -नाम -त्यो हेर , बिरूदाबलि फेरी जो
बयान गरिएकोछ सब् वेदहरूमा पनि
नामको महिमा भन्न सक्नु हुन्न प्रभु पनि

२६७

बनाउन पूल सागर माथि
रामजीले बानर भालु साथि
खाँग्नु भयो श्रम धेरै गरेर
बिदितै छ यो कुरा लोक ! हेर

२६८

नाम मात्र लिदा सारा सुक्तछ भव सिन्धु यो
सुजन्हो यो कुरा मन्मा बिचार गर्नु होस् पो
रामले समर बीच पुत्र पौत्र समेतको
मार्नु भो रावणलाई अनि सीता लिएर जो

२६९

फिरेर अवध पुर्मा - राजा हुनु भएर नी
कीर्ति गर्नु भयो ठुलो यो कुरा छ प्रशिद्ध की
अवध पुरको भाग्यलाई सुर मुनि हरू
उत्तम बोलीले गाना गाउँछन् ती लीला हरू

२७०

भक्तले प्रेमका साथ सम्झेर खाली नाम नै
रावण भन्दा पनि शूर महा मोहादिका सबै -
-दल हरू जितिसारा परिश्रम - बिना सबै
सु -सौख्यमा सबै आफ्नो फिर्दछन् प्रेम मग्न भै

२७१

त्यही पुगे पछि फेरी नामका बलले पनि
पर्दैन शोक र सुर्ता भक्तलाई कुनै पनि
यो विचार गरि मन्मा सुजनहरू साथमा
नामी भन्दा पनि नाम ठुलो भन्दछु लोकमा

२७२

निर्गुण ब्रम्ह र फेरी सगुण ब्रम्ह रामजी -
भन्दा पनि अति ठुलो नाम नै छ विचारकी
धन्य धन्य छ यो नाम बरदायक हो अनि
हरउछ सबै रोग - भवको यो जपेर नी

२७३

जानेर यो कुरा सारा प्रेमले हृदयमहा
सत कोटि श्लोकले पूर्ण बनेको यो लीलामहा
लिनु भो दुईटै वर्ण 'राम' यो मात्र प्रेमले
नीलकण्ठ यहि राम - नाम - जपका प्रभावले

२७४

हुनुभयो अबिनाशी शिवका साज बाज त्यो
अमङ्गलैहरू मत्र छन् ता पनि अचम्मको
प्रभावले त्यही राम - नाम - जपका महेश्वर
भएर मङ्ल राशी 'शिव' भै जगत भर

२७५

प्रख्यात हुनुभो फेरी शिवका स्मरण अनि -
-किर्तन्ले जगत ठुलो कल्याण पाउँदोछ नी
सनकादि मूनि साधु शुकदेव र योगी ले
पाए ब्रम्ह सुख भोग्न यही नाम प्रसादले

२७६

जान्नु भएकोछ प्रताप नामको
समस्त श्री नारदले पनि अहो !
लाग्दा पियारो हरि नाम सबैदा
हरि हर का ती भए प्रिय सदा

२७७

ती दुईको अभेद छ उभयात्मक ईश्वर
प्रियछन् जगका सारा नित्यनै ती हरि हर
निरन्तर यही नाम जप्ता राम प्रसादले
भक्त शिरोमणी श्रेष्ठ भए हेर प्रल्हाद रे

२७८

अनन्त ग्लानिले पीडित् भएका ध्रुवले अहो !
अचल् अनुपम ठाम पाए नाम जपेर जो
समिर्नन्दनले यही पवित्र नामको सदा
गरेर सम्झना हेर भगवन् रामलाई ता

२७९

पारेर बसमा आफ्नै राखेकोछ सदैव रे
फेरी त्यो पिङ्गला -वेश्या , अजामिल गजेन्द्रले
नाशेर पाप श्री राम - नाम जपका प्रभावले
मुक्त भए भनौं के ? के ? नामको यो महत्व रे

२८०

स्वयं श्री रामजी आफैं पनि यो नाम को गुण
सक्नु हुन्न सबै हेर भन्न त्यो लोकभूषण
यो घोर कलिका युगमा सुख र शान्ति को घर
कल्पवृक्ष रूपी राम नाम छ जगत भर

२८१

जसलाई सम्झदामा अनि त
भन्याङ० रूपी तलसी दास् पनि त
भएँ ऐले तुलसी को समान
रामको छ नाम यो धन्य जान

२८२

द्वापर सत्य र त्रेता कलि यि युग चारमा
वर्तमान भूत फेरी भविष्य तिन कालमा
स्वर्ग मर्त्य र पाताल यि तिनै लोकमा पनि
भए बिषोक प्राणी सब् जपेर नाम नै अनि
२८३

वेद पुराण ऋषि सिद्धका पनि
समस्तको यहि छ है मत अनि
श्री राममा स्नेह र सुद्ध प्रेम नै
हो पुंण्य कर्म हरूको फल छ नै
२८४

प्रथम युगमा ध्यान हितकारी छ है अनि
विधिले यज्ञ गर्दामा त्रेतामा हित हुन्छ नी
द्वापरमा पूजा गर्दा हुन्छन् राम प्रसन्न रे
पापको मूल कारण कलि मैलो छ खाली रे
२८५

त्यो जनको मन् रूपी मीनले नै
भरीएका सिन्धु हो पाप को नै
त्यही भीषण् कलिको काल माहाँ
हो है कल्प -वृक्ष नाम् रामयाहा
२८६

नाम स्मरणले सारा जन्जाल शान्त हुन्छ है
अभिमत दिने राम नामै छ कलिमा सधैं
परलोक हित गर्ने त्यो नाम जीव मात्र को
हितकारी हुनाले नै आमा बाबु समान हो
२८७

कलिमा यज्ञ यज्ञादि पुण्य कर्महरू अनि
भक्ति विबेक यथार्थ हुन सक्तैन केही नि
अबलम्बन छ खालि एउटा राम नाम को
आधार छैन है केही छाडेर नाम देखि जो
२८८

कपटहरूको धेरै भएको निधि भैं ठूलो
राक्षस -काल नेमिहो यो कलि कालता अहो !
मार्नका नीम्ति उस्लाई हरिनाम समर्थ र
बुद्धिमान् - हो - हनुमान - नाम सम्झ निरन्तर
२८९

भगवान नरशिंह हो है श्रीराम नाम यो
यो दुष्ट कलिहो फेरी कनक - कशिपु अहो !
दासहरु लोकमा नाम जप्ने प्रल्हाद कै सरि
नृशिंह सरि नाम् राम - प्रकट् भईकन हरि
२९०

घोर कलि रूपी दुष्ट हिरण्डयकशिपु कन
मारेर भक्त जन् रूपी ती प्रल्हादहरू कन
गर्नु हुनेछ है रक्षा विश्वास गर चित्तममा
परेर भरमा उन्कै नाम सम्झन मन्महा
२९१

भावले अनि वा फेरी भए पनि अभावले
अथवा ईर्ष्याले नै - होस - अल्छि र कोधले
जेले भए पनि नाम जप्ता श्री रघुनाथको
दश दिशा भरी मै हुन्छ कल्याण मङ्गल ठुलो
२९२

त्यही राम नाम सम्झेर मन्मा
शिर राखी रामजीका चरणमा
गुण गाथा गर्दछु रामजीको
पर्दै भर्मा आस राखी अति पो
२९३

कृपा गर्न कृपा जस्को हुदैन तृप्त लोकमा
मेरी यि कवितालाई उनै रामजीले यहा
सुधार गर्दिनु हुन्छ सबै तरहले अब
भन्ने आस ठुलो राखी लेख्छु रामायण सब
२९४

परम उत्तम राम जस्तो मालिक है अनि
म भैं अधम र नीच दास , कस्तो गजब् छनी
तर ता प्रभुले आफ्नो हेरी तरफ मात्र नै
अभ्र गर्नु भएकोछ मेरो पोषण त सबै
२९५

सुन्नासाथ बिन्ती धेरै पुकारा
प्रीति चिन्है जनहरूका अपार
बानी सब् यो लोक प्रसिद्ध नै र
भएको छ वेद बर्णीत नै र
२९६

रीति हो यो सु - श्वामीको अरूकोछ ? दयालु रे
नाम आफ्नो लिदा मात्रै को गर्छ र दया ? हरे !
धनी गरीब र मूर्ख पण्डित गाउँले अनि
शहर् बस्नेहरू सारा सुकवि कुकवि पनि
२९७

उज्यालो र फेरी मलिनहरू ती
मिलेर नर नारी - साराहरू की
मतिको अनुसार गर्दै पुकारा
मीठा छन्दले भाव राखेर सारा
२९८

तारीफ धेरै भुपको गर्दछन् रे
विनयले गान ती गर्दछन् रे
तुल्य मानो भेद छैन अपार
साझा हुन्छन् भुप सब्का विचार
२९९
परोपकारी सुश्वभाब र बिर
दयालु धिमान गुणी अति धीर
हुन्छन कृपालो भुमीनाथ नै पनि
पैदा हुनाले ईश अंशबाट नी
३००
सुनेर स्तुति यो - सब्को भनाई अनुसारले
विनय भक्ति र तिन्का अबस्था दरजादि रे
चिन्तेर गर्दछन् मान दया योग्य सबैकन
नाप्तछन् दु :ख र दर्द प्रजाको खुसी भै कन
३०१
साधारण भुपको यस्तो बानी हुन्छ विचार त
रघुकुल - ध्वज दाता कोशलेश्वर राम त
अनन्त कोटि ब्रम्हाण्ड पति गुण निधान भै
शिरोमणि हुनु हुन्छ सकल ज्ञानहेरू कै
३०२
रिझिनु हुन्छ है राम शुद्ध स्नेह र प्रेमले
तर जगतमा , फेरी म भन्दा दीन हीन रे
मलीन र अति मन्द बुद्धिको छ ? बिचार यो
हुनुहुन्छ भगवान राम अन्तर यामी जो
३०३
सीता नाथ हुनुहुन्छ दयालो दीनबन्धु पो
मूर्ख सेवक मेरो यो प्रीती र रूचीलाई जो
पूरा गराउनु हुन्छ , जस्ले पत्थरलाई ता
जलयान सरि पारी राख्यो जलधि माथि ता
३०४
जस्तै बानर् भालुलाई पनि ता
बनायो है बीच सुमति ता
दास हुँ म रामजीको भनेर
कहलाई नै रहेकोछु फेर
३०५
सारा लोक भन्दछन् रामदास
राम खप्नुहुन्छ यो ऊपहास
'म रामको दास हुँ ' भन्नु ता यो
हो है मेरो यो ठुलो धृष्टता पो
३०६

सुनेर यो कुरा सारा पापी नरकले पनि
नाक खुम्चाउला आफ्नो घृणाका साथ सत्य नी
कुरायो सम्झिदा बुझ्दा मलाई हृदय महा
लाग्छ डर ठुलो आफैं विन्ति के गरूँ म ? यहा
३०७
तर श्री रामजीलाई स्वप्नामा पनि ता अहो !
सम्झना छैन है त्यस्को भन्दछु सत्य बात यो
भएपनि कुरा सुन्दा -खराबै , भक्ति भित्रको -
देखेर जानकी नाथ हुनुहुन्छ प्रशन्न पो
३०८
जनको मनको ईच्छ्या जानेर रघुनाथले
गर्नु हुन्छ सदा माया ममता त्यस माथि रे
तसर्थ वेद र सारा पुराण सन्त हेरूको
सुनेर वचन , मैले शुद्ध निर्मल चित्तको
३०९
नेत्र रूपी नजर्ले नै ' रामजीका हजुरमा -
-कस्ति ठहरिएकिछ यो मेरी भक्ति ' लोकमा
भन्ने विचारले हेर्दा यो मेरी भक्तिलाई रे
हृदयमा सह्राएको देखें श्री रघुनाथले
३१०
भगवन् रामको मन्मा आफ्ना भक्तहेरूले
गरेका दोषको याद रहदैंन कदापि रे
गरेको आर्त र शुद्ध चित्तले एक पल्ट नै
स्मरण पूजन गान लाई चोटि - करोड नै
३११
प्रेमले सम्झनु हुन्छ नित्य हृदयमा अहो !
हेरन जुन् गरदा दोष ब्याधा जस्तो भएर पो
मार्नु भो प्रभुले पैले बालीलाई कठोर भै
गरे सुग्रीबले फेरी पछि तेही कुचाल नै
३१२
तेस्तै कर्म पछि फेरी गरे विभिषणजीले
स्वप्नामा पनि यो सारा कुरा श्री रघुनाथले
सम्झना मनमा गर्नु भएन बरू भाई ती -
-भरत साथमा भेट हुदा , ती दुईकै अति
३१३
प्रशंसा गर्नुभो गर्दै सन्मान दुईको ठुलो
बयान गर्नुभो तिन्ले गरेका अतिब ठुलो -
-उपकारहरू सब्कै सभामा रघुनाथले
तिनलाई पार्नुभो प्रात -स्मरणीय समेत रे
३१४

बृक्ष मुनी जमीनमा सुतेर नै
बस्नु भएको छ प्रभु भने , अझै -
-ढाँगा महा त्यै रूखका समस्त ती
नाची रहेका छन बानर जती
३१५

तिनैलाई पनि पारी मित्र श्री रामले अहो !
आफ्नु गरिस नै पार्नुभयो धन्य कृपाले जो
भन्दछु तुलसीदास रघुनाथ समानको
मालिक् अर्को कुनै छैन कृपा शीलनिधानको
३१६

भगवान् प्रभुको राम यो सुन्दर निकाई ता
निको लाग्दछ सबलाई सत्य छ यो कुरा सदा -
-भने म तुलसीदास्को पनि होला हित सधैं
अबश्य पूर्ण र सुन्दर होला रामायण सबै
३१७

एवं गरी भनी आफ्नो गुण दोष हरू सब
फेरी शिर झुकाएर सबैमा प्रेमले अब
जो सुन्दा कलिका -कल्मष् नाश हुन्छ समस्त रे
त्यो रामा - रामका कीर्ति वर्णन गर्दछु म रे
३१८

त्यो सुन्दर कथा पैले याज्ञवल्क मुनीशले
सुनाउनु भएको हो श्री भारद्धाजलाई रे
सुजन हो तेही संबाद बर्णन गर्दछु अब
सुन्नु होस हजुर् सारा आनन्द मनले सब
३१९

यो राम चरित - मानस् -सुन्दर - शड०्करजीले
बनाउनु भयो पैले , करूणा गरी फेरी रे
सुनाउनु भयो सारा शैलजालाई , प्रेमले -
-राम भक्त अधिकारी भनि जानी पछाडी रे
३२०

-काक भुसुण्डीलाई त्यो चरित दिनु भो अनि
याज्ञवल्कजीले पाए भुसुण्डीबाट नै अनि
अत्यान्त प्रेमले तिन्ले सारा राम चरित्र त्यो
सुनाउनु भयो फेरी ती भारद्धाजलाई पो
३२१

बुद्धिमान परम् ज्ञानी श्रोता बक्ता दुब ती जो
निर्मल् स्वभावका उस्तै समदर्शी थिए अहो !
जान्दथे हरिका लीला दुबै तिनीहरू अनि
त्रीकालका कुरा सारा आफ्नो ज्ञानले पनि
३२२

हत्केलामा रहेका त्यो अमलाको फल सरी
प्रष्टले देख्दथे सारा प्रशन्न भई त्यो घरी
अरू भक्तहरू फेरी लीला श्री रघुनाथको
भन्दैछन् बुज्दछन् फेरी सुन्दछन् यो समस्त जो
३२३

स्वयं आफ्नै गुरूबाट मैले ता यो कथा पनि
सुनेथे सुकर - क्षेत्र महा सानैं छँदा अनि
तर बुझिन त्यो उस्तो , त्यस औसरमा म ता
थिँए अजान नै – सारै जान्दैनथें रहश्य ता
३२४

ज्ञाननिधि थिए श्रोता बक्ता गुरूहरू अनि
गुढ अपार गम्भिर कथा छ रामको पनि
कलिकल्मषले ग्रास गरेको मति – मन्द र
जडजीव कसोरी हा ! म बुझौं बात गम्भिर
३२५

ता पनि गुरूले बारंबार त्यस कथाकन
भन्नुभयो सुनी बात बारंबार गुनीकन
जडबुद्धि अनुसार बुझी त्यो केही - चित्तले
जो ज्ञान मनमा मेरो छ तेही अनुसारले
३२६

भाषामा कविता पद्य त्यो कथा अब गर्दछु
विबेक बुद्धिको मेरो जो कुछ बल छ कछु -
-तदनुसारले , मन्मा राज् हुने रघुनाथको
प्रेरणाले म भन्नेछु जानेको जति बात यो
३२७

आफ्नो सन्देह अज्ञान भ्रान्तिलाई हरि लिने
संसार रूपि सागरको निम्तिमा नाउँ झैं हुने
कथा निरूपण गर्छु रामलिला समस्त यो
धीमान हरूको निम्ति विश्राम सदन छ यो
३२८

रामलीला कलिका कलुषको
मल हर्ने जल हो निर्मलको
कलि रूपी सर्पका निम्ति माहा
भरणी हो यो कथा लोक माहा
३२९

ज्ञान रूपी अग्निको सृष्टि गर्ने
अरणी हो राम् कथा दु ःख हर्ने
रामकथा यो कलिकाल माहा
कामधेनु गाई हो लोक माहा
३३०

रामकथा सुजन जनकी जो
संजीवनी औषधीको जरो हो
बसुधाको नदी हो यो सुधाको
गर्ने भव भय भञ्जन ता जो
३३१

भ्रान्ति रूपी भ्यागुताका निमित्त
रामकथा सर्पिणी हो अनि त
दम्भ द्वेष -दैत्यसेनाहरूका -
नानाथरी घोर दु :खहरूका
३३२

भयानक नरक समुहको -
-नाश गर्ने , संतरूपी सब जो
देवगणको हितगर्ने हुनाले
हो है दुर्गा रूपिणी यो कथा रे
३३३

संतसभारूपी सागर्बाट निस्केकी लक्ष्मी भैं
सुन्दरछ रामको लीला सुख सौख्य दिने सबै
स्थिरभै लोकको सारा बोझा बोक्ने हुँदा अनि
यो कथा छ अति गूढ अचला पृथ्वी भैं पनि
३३४

हर्ने संसारको पाप - जगमा यमुना सरी
भएर ता यमदुत्को मुखमा पनी बेसरी
कालो पारनाका निम्ति मसी स्वरूपको छ यो
कथाको सकल मङ्गल् गुणको खानी भैं छ पो
३३५

जीवको मुक्तिका निम्ति पवित्र काशीधाम छ
यो कथा तुलसी जस्तै पवित्र रामप्यारी छ
तुलसी दासको ठुलो हित गर्ने हुँदा अहो !
कथा तुलसी जस्ती छ सुख शान्ति दिने ठुलो
३३६

संपूर्ण सिद्धि दायि र सुख संपत्तिको पनि
भएको राशीकरूप - हुनाले यो कथा अनि
शशिशेखरको खूब हुनाले प्रिय नै पनि
मेकल- पर्वत - पुत्रि सरि छ पावन अनि
३३७

मृभगण रूपी देवहरूको
जननी भैं नै हुनाले बरू यो
अदिति भैं यो कथा रामको छ
जो यो तम दु :ख हटा उँदो छ
३३८

गुण गाथा यो सीताका पतिको
छ है भक्ति रस सीमा सरि पो
भन्दछु म तुलसी दासले यो
मन्दाकिनी हो कथा सुख्दिने यो
३३९

निर्मल रामको गाथा हो चित्रकूट नै अनि
सीताराम क्रिडागर्ने वन् हो निश्चल प्रेम नी
सुन्दर् चिन्तामणि हो त्यो चरित्र रामको पनि
सुमति रूपिणी स्त्रीको हो त्यो राम्रो श्रृङ्गार नी
३४०

रामगुणहरू सारा लोकमा मङ्गल मय
मोक्ष धर्म र धन् ज्ञान दिने छन् है निरामय
लीला यो रामको ज्ञान योग बैराग्यहरूको
सद्गुरू हो अति उत्तम् भन्दछु जनहेरू हो !
३४१

राम- विषयमा प्रेम भएको राम् चरित्र यो
आमा बाबु सरि हो यो सु ख दिन्छ अपारको
संसार रूपी भीषण रोगका निम्तिमा पनि
कुमार - अश्विनी हो यो कथा रामजीको अनि
३४२

सारा नियम औ धर्म सम्पूर्ण ब्रतको पनि
बीजहो रामको लीला बिचार लोक हो ! अनि
कथा यो शोक सन्ताप पाप यि चीजहेरूको
समन् हो भुल्दछस् ब्यर्थै हे चित्त किन ? हा तं जो
३४३

प्रियपालक ! हो रामकथा पर्लोक लोकको
रक्षाका निम्तिमा - फेरी विचार रूपी भूपको
धीर वीर मतिमान मंत्रि हो अनि त्यो ठुलो
लोभ रूपी समुद्रको सोप्नाका निम्ति फेरी जो
३४४

हो अगस्त ऋषितुल्य रामको यो कथा अनि
कामक्रोध रूपी ठुलो हाथीका फौजको पनि -
-गर्नाका निम्तिमा ध्वस्त साधुका मनरूपिको
-वनमा रहने वीर हो त्यो वालक - सिंहको
३४५

पाहुना हो तुलसीको प्यारो पूजनीयै अनि
दरिद्र रूपी भीषण त्यो डढेलोको निमित्त नी -
- गरने बर्षा धेरै मेघ हो रामको कथा
फेरी ती विषयैरूपि सर्प विष उतार्ने ता -
३४६

मांग हो - गरूड मंत्र सीताराम चरित्र यो
लेखेका पनि ब्रम्हाले भालमा प्राणीहेरूको
खराब कर्मका रेखा मेट्दछ यसले अनि
पूज्य छ रामको लीला सारा जगतमा पनि
३४७

रामलीला मोह रूपि तमैको -
-दुरै गर्ने सुर्यरस्मी समै हो
भक्तैरूपी शालिधानहरूको
रक्षा निम्ति घन झैं छ बरू यो
३४८

सेवा गर्नेहरू माथि भएर सुलभै पनि
कल्पबृक्षसरि हो यो इष्ट फल दिने अनि
लीला यो सुखको दाता हरिहर समान छ
मनको शोकसंताप यसले सब हर्दछ
३४९

सुकविन्नरूका चित्तरूपि शरदकालको
नभमा झल्कने ताराहरू जस्तो भएर जो
भक्तजन हरू माथि धन् र जीवनझैं छ यो
भाग जस्तै भई सारा धर्मका फलहेरूको
३५०

छल कपटले हीन साधु सरिष नै बनी
विश्वको गर्छ कल्याण यो पावन कथा अनि
भक्तको मन् रूपी - निर्मल् पोखरीमा रमाउने
हाँस जस्तो कथा यो छ पवित्र शुद्ध पारने
३५१

गङ्गाको निर्मल राम्रो तर ङ्ग झैं अपूर्बको
यो छ है राम सीताको राम्रो गुण समुह जो
कलिको दंभ पाखण्ड कुचाल कपट अनि
कुतर्क रूपीका काठ हरूका निम्तिमा पनि
३५२

हुताशन सरिको छ पलमै भष्म पारने
अनि चन्द्र किरण् जस्तै सारा जगतलाइ रे
आल्हाद गरने यो छ, फेरी सुजन रूपीका
चकोर र कुमुद रूपी निर्मल चित्तलाई ता
३५३

हितकारी हुँदा लाभ स्वरूपीछ अपूर्वको
बसुधामा अरू केहि छैन यो सरिको ठुलो
संसारको ठुलो लाभ शान्ति र सुखको घर
हृदय पङ्कज भित्र भज उही रघुवीर
३५४

भूमिका

प्रश्न गर्नु भयो पैले जसरी गौरीले अनि
विस्तार पूर्वक सारा जसरी शिवले पनि
आज्ञा गर्नु भयो तेही पैलेका कारण सब
गाएर तेही लीलाको विचित्र हाल त्यो अब
३५५

कविता पद्य पारेर भन्दछु अब यो घरी
जाने बुझे सके सम्म विस्तार पूर्वक गरी
जसले यो कथा होला नसुनेको सबै यहा
नमानुन यो कथा सुन्दा तिन्ले आश्चर्य चित्तमा
३५६

जो ज्ञानीहरू अलोकिक् सुन्लान् यस कथाकम
आश्चर्य मानने छैनन् ती पनि जानी यस्कन
' लोकमा छैन है सीमा रामका यी चरित्रको '
यस्तो विस्वास तिन्लाई छदैछ मनभित्र जो
३५७

अवतारहरू छन् है रामका विविध थरी
अपारको छ रामायण् शत्कोटि श्लोकले भरी
कल्पका भेदले गर्दा फेरी रामचरित्र यो
ना ना तरहका हुन्छन् भिन्दै गजब चालको -
३५८

- भनेर गाउँदाछन् है मुनिहरू निरन्तर
यो कुरा मनमा राखि सन्देह छोड्नुहोस् र
प्रशन्न चित्तले श्रद्धा - राखि यो सुन्नुहोस् है
जाला दु:ख र सन्ताप रोग शोक समेत नै
३५९

हुनुहुन्छ राम अनन्त अपार
छ किर्ति पनि कोटि उस्तै अपार
कथाको अमिति छ विस्तार सारा
विचार छ जस्को विमल निराला
३६०

मान्ने छैनन् तिनै साधु आश्चर्य सुनी यो कथा
संयम दूर् गरी सबका यसै तरहबाट ता
राखेर गुरूका पाउ - पद्मका रज शिशमा
प्रणाम गर्दछु सब्को जोडी हात दुबै यहाँ
३६१

अपार रामलीलाको रचना गरदा ममा
नलागोस् दोष ता केही भन्दछु सब साथमा
प्रेमले शम्भुको पाउ सम्झेर झुकि यो शिर
पवित्र रामको गाथा वर्णन गर्दछु फिर
३६२

राखेर शिर यो सीता - रामका - - चरणमहा
अनि यो संमत सोह्र सय - एकतीसै महा
प्रेमले हरिको लीला रचना गर्दछु सब
राखेर रामकै आशा भरोसाले पनि अब
३६३

चैत्रमास अबध पुरी माहा
शुभ घडी तिथि नवमीमाहा
मंगलका दिन राम चरित्र
पारें मैले यो प्रकाश विचित्र
३६४

भगवन् रामको जन्मदिन हो जुन् दिन भनी
वेदमा मानिएको छ जुन् दिन् अबधमा पनि
आउछन् तीर्थ ती सारा भक्त गरूड आदिका
पक्षीश्वरहरू फेरी दैत्य - नागहरू तिता
३६५

नरहरू मुनि फेरी आएर देव रामको
स्वर्गीभै गर्दछन् सेवा पूजन ती सबै ठुलो
ती भक्तहरूले सारा भगवन् रघुनाथको
जन्मदिनको ठुलो उत्सब् गर्दछन् प्रेम साथ पो
३६६

गर्दछन् मधुर गान रामका किर्ति को अनि
जम्मा भएर ती सारा सुजन हरूले पनि
गोता लगाउँछन् पावन् सरयुको जलमहा
श्याम शरीरका सुन्दर ईश्वर लाई चित्तमा
३६७

राखेर ध्यानले नाम जप्दछन् प्रेमले अनि
गाइ गाइ लीला उन्कै पर्दछन् मग्नमा पनि
नदि सरयुका दर्शन् स्पर्सन् स्नान र पानले
हर्नेछ पाप ता सारा भन्दछन् सब् पुराणले
३६८

महिमा अपरम्पार भएकी सरयु नदि
हुन् है परमकी पावन् भनेर वेद भन्छ नी
तिनका महिमा , निर्मल् आफैं बुद्धि स्वरूपिणी
शारदाले पनि वर्णन् गरेर सकिदैंन नी
३६९

मनोहर अयोध्या ती प्रख्यात सब लोकमा
पावन रामका धाम दाता हो प्राणीहेरूमा
लोकका स्वदेज अण्डज् उद्विज र जरायुज
इत्यादि थरीका सारा अनन्त जिवता , नीज
३७०

-देह त्याग गरनाले अबधमै
मुक्त हुन्छन् प्राणीहेरू मफत्मै
ती सब्लाई फेरी संसार माहा
दु :ख पाई फिर्नु पर्दैन याहा
३७१

यहि रामपुरीलाई सबतरह बाट ता
मगंल खानी सब् सिद्धिदाई भन्ने बुझेर ता
बसेर यहि नै निर्मल् कथा श्री रघुनाथको
सुरू गरिरहेको छु प्रेम र भक्ति साथ पो
३७२

सुन्नाले जुन कथा नष्ट हुन्छ काम र दंभ ता
मद नाश भई सारा हुन्छन् प्राणी प्रशन्न ता
' राम चरित ' मानस नाम हो यसको अनि
कथा यो कानले सुन्दा संसारी प्राणीले पनी
३७३

ठुलो पाउंछ विश्राम फेर् अनि नरहेरूको -
- मन रूपी ठुलो हात्ति विषय रूपी अग्निको -
-ज्वालामा पिल्सिई सारा छटपटि गरदो छ रे
यदि यो राम चरित्र रूपी मानस भित्र रे
३७४

पायो भने डुल्न छुटेर दु :ख त्यो
भएर निर्मल् शरीर पनि अहो !
हुनेछ त्यो कुञ्जर ता निरन्तर
अमन्द आनन्द र सुख्खको घर
३७५

मनपर्ने ऋषिलाई मनोहर पवित्रको
अत्यन्त अद्‌भुत फेरी विचित्र , शिवले ठुलो
बनाउनु भयो राम चरित मानस अहा !
तेस्ले संसारका नाना अनेक थरि कष्टका -
३७६

-दोष वारिद्र दु :ख् रूपी दाबाग्निहरू ती सब
दुराचर रूपी सारा कलि कल्मष लाई त
यसले गर्दछ नास यो बनाएर शम्भुले
राख्नुभयो सबै आपन्नो मन भित्र लुकाई रे
३७७

पाएर असल मौका पछि फेरी कपालि ले
सुनाउनु भयो सारा शैलजालाई प्रेमले
तसर्थ मनमा धेरै गमेर यो मनोहर
पवित्र काव्यको चन्द्रमौलिले खुसी भै फिर
३७८

' राम चरित् मानस् ' नाम राखी
गर्नुभयो मंगल लोकको की
त्यही सुन्दर् सुख दायि विचित्र
भन्दछु म रामजीको चरित्र
३७९

सुन्नुहोस् ध्यान लाएर सारा
सुजन हो ! यो अनौठो नजारा
दिन्छ यस्ले चित्त आह्लाद गर्ने -
-सुख शान्ति , भवका रोगह र्ने
३८०

जुन प्रकारले फेरी रामचरितको पनि -
-लोकमा कीर्ति भो ठुलो , प्रचार पनि भो अनि
प्रसङ्गहरू ती - सारा पार्वती र महेशवर -
लाई सम्फेर नै ऐले भन्दछु खुसीले फिर
३८१

शिवको करूणाले नै मेरो हृदयमा अब
हुनआयो र उल्लाष उमडङ्गहरूनै सब
राम चरित्र मानस नामका काव्यको पनि
म गच्छ तुलसीदास भएर कविनै अनि
३८२

आफ्नो मति अनुसार रचना गर्दछु सब
राम्रा मनोहर पारी रामको यो लीला सब
एकाग्र चित्तले सारा सुजनहरू हो अब
सुनेर हृदय भित्र धारणा गर्नु होस् सब
३८३

हो है अघाद त चित्त असल बुद्धि हो भुमी
हुन् सागर , वेद र शास्त्र मेघ हुन् सिद्ध र मुनि
यिनीहरू अति मीठो ,सुन्दर, मंगल कारीको
रामकीर्ति रूपी पावन् जल बर्षाउँछन् अहो!
३८४

प्रभुका सगुण लीलाका जतिको -
-ती भन्दछन् यशगान कीर्तन् गरी पो
ती सब् पानीको स्वच्छता हो त्यसैले
गरदछ हानी मलैको सबै रे
३८५

अवर्णिय अति मीठो जो प्रेम भक्तिहेरू छ
तेही त्यो जलको मीठो हो है शीतलता बुझ
पुण्यरूप् बालीलाई त्यो हित् गर्छ जलले पनि
हो तेही जल रामभक्तहरूको जीवन पनि
३८६

सुन्दर निर्मल पानी बर्षदा सब प्राणीको -
-कान्को बाटो गरि पुग्छ बुद्धिरूपी जमिनको
पवित्र छ अति जल् अनि त्यो जल लोकमा
बुद्धि रूपी बसुधामा रहेका जनहेरू मा
३८७

भरिईन्छ र स्थिर् हुन्छ प्रेम् रूपी शीत कालमा
मीठो हुन्छ सुखदायी पुरानो भई चित्तमा
धीका विचारले सुन्दर, चार संवाद हेरू छन्
त्यो नै मानसको सुन्दर , चारोटा घाटहेरू हुन्
३८८

त्यस मानसमा सात - काण्रूपी मनोहर
सीडीहरू बनेका छन् सात नै अति सुन्दर
ज्ञान्का नजरले हेर्दा प्रशन्न हुन्छ चित्त यो
गुणातीत र निर्बाध भएको सब रामको
३८९

महिमाहरू नै उत्तम् - अधाद जल हो अनि
वयान तेसको गर्छु विस्तार पूर्वक प नि
राम चरित - मानसमा राम र जानकीजी का
कीर्ति रूपी जल अमृत समान छ मीठो अहा !
३९०

मनोहर उपमा हेरू सारा
यस सरो - वरक ती निराला
राम्रा मनोहर तरंग को ता
विलास हुन् सुन्दर चालको ता
३९१

राम्रा चौपाइ ती सारा त्यो सरोवरका पनि
पुरइन् हरू हुन् है घना सुन्दरका अनि
त्यस्मा युक्ति रूपी राम्रा मौक्तिक मणिको प नि
सिपी शोभित देखिईन्छन् टन्न भै भरिएर नी
३९२

यस्मा जो सोरठा दोहा आदि सुन्दर छन्द छन्
विविध रङ्गका राम्रा तिनै शोभित पद्म हुन्
यस्मा अनुपमा राम्रा सुभासा भाव छन् जति
हुन् सुगन्धी मकरन्ध परागहरू ता त्यति
३९३

पुण्य पुञ्जहरू राम्रा भ्रमर वर्ग हो सब
विबेक् विचार बैराग्य हांस हुन् यिनी सब् तब
अबरब गुण काब्य यस्मा जो ध्वनीहेरू छन्
अनेक थरिका राम्रा तेही नै मीनहेरू हुन्

३९४

काम मोक्ष र धन् धर्म यि चार पुरूषार्थ र
विचार ज्ञान विज्ञान यि नव थरीका रस
जप तप अनि योग बैराग्य यो कुरा पनि
तेही मानसका जीव - जन्तु हुन् सकल अनि

३९५

साधु सन्त मुनि फेरी पुण्यात्मा हरूको पनि
चित्र विचित्रका नाम गुण्गान जति छन् तिनी
जलका पक्षीं हुन् सारा फेर यस्मा चौतर्फ जो
साधुसभा रहेको छ त्यो सुन्दर , आम्रबाटि हो

३९६

यसमा जति श्रद्धा छ त्यो ऋतुराज हो भनी
कहिएको छ सज्जन् हो !जान यो सत्य हो भनि
विविध थरिका यस्मा भक्तिका निरूपण र
क्षमा दया दम वर्णित् भएका छन जो फिर

३९७

लता वितान हुन् सारा , संयम् नियम रूपीको
-फुल र ज्ञान् रूपी फल् छ हरिचरण पद्मको
अनुरागरूपी रस् छ भनेर वेदले पनि
गाएको छ सदा हेर भक्ति र प्रेमले , अनि

३९८

प्रसडङ्गमा अरू जे जो कथा छन् अरूहेरूका
सुगा र कोयलाहेरू ती सबै भांती भांतिका
हुन् पक्षींहरू र फेरी सुन्दा राम चरित्र यो
रोमाञ्च हुन्छ जो सारा - त्यही सुन्दर बाटी ही

३९९

आनन्द हुन्छ यो सुन्दा जो त्यो हो खेल पक्षींको
बसन्त सरि श्रद्धाले पारेको गुलजार यो
- सुन्दर बागको माली हो शुद्ध हृदय पनि
त्यस्ले आखा रूपी राम्रा हजारबाट ता अनि

४००

गर्दछ सेचन नित्य प्रेम् रूपी जलको पनि
जो यो लीला खुसी साथ गाउँछन् लयले पनि
सिपालु गायक सारा तिनी नै यो तलाउको
रखवाग गरि नित्य बस्ने पहरादार हो

४०१

श्रद्धा राखेर यो लीला जो नरहरू सुन्दछन्
निरन्तर् सुनने सारा तीता देवसमान हुन्
यो मानस सरोवर्मा विश्राम गर्नलाई ता
अधिकारी तिनै प्राणी - छन् है भन्दछु सत्यता

४०२

जस्तै मानसमा जान सक्दैन बक काग त
त्यस्तै यो राम चरित मानस्का पनि सामु त
विषय लम्पट धूर्त दुष्ट नरहरू पनि
अभागि नै हुँदा यस्को जादैनन् नगिचै पनि

४०३

यसमा रसिला नाना थरीका विषयादिका
-कुराहरू रूपी घोघी सिवाली छैन भ्यागुता
तसर्थ विचरा कामी रूपी काग र ती बक
हिम्मत हार्दछन् डर्छन् यहा आउनलाई त

४०४

आउन यो सरोवर्मा पनि मानिसलाई ता
मानस्सरोवर जस्तै दुर्गम् छ अति जान त
कृपा बिना दयाराशी भगवन् रामको हरे
राम चरित मानस्मा आउन सकिदैन रे

४०५

त्यो सरोवरमा जान लाग्दामा प्राणीलाई ता
मार्गका विचमा भीषण् कुसडङ्गहरू पर्दछ
कुसडङ्ग रूपी कुबाटो पर्दछ हेर बिचमा
छलेर आउनु पर्छ तिन्लाई मार्ग मांझमा

४०६

तिन्का वचनता फेरी बाघ सिंह र सर्प झैं
-हुन्छन् बोल्दै महा पार्छन् जहाका तही बिचमै
अनेक झन्झट सारा गृह कार्य रूपी ठुलो
-पर्वत हरू छन् दुर्गम त्यहा जाने कसोरी ? पो

४०७

मोह , मान मद रूपी भयानक् बन्छ ठुलो
-त्यो पनिपर्दछ बिच्मै अब गर्ने कसो ? अहो !
विविध थरिका फेरी कुतर्क रूपीको पनि
पर्दछ नदी र नाला त्यो जाने मार्गमै अनि

४०८

श्रद्धा रूपी सामलले पनि ता
रहित छ मानिस जो अनि ता
फेरी जो ता साधुका सडङ्गमाहा
लागदैन साथ है मार्ग माहा

४०९

जस्लाई भगवन् राम लाग्दैन प्रिय चित्तमा
यो रामचरितरूपी पवित्र मानसमहा
त्यस्ता जनहरूलाई अगम् छ जानमा अति
कोहि दु :ख गरि त्यस्ता सहेर कष्टलाई की

४१०

पुग्न सके पनि घाट सम्म नै त्यो तलाउको
पुग्नासाथै निदरूपी आउछ काम् जरो अहो !
त्यो झुल्न लाग्दछ फेरी खप्न नसकिने ठुलो
-मूर्खता रूपी जाडोले ढाक्दछ मुटुलाई जो

४११

पुगे र पनि ता हाय ! अभागि त्यसैले हरे !
पाएन गर्न ता स्नान काँप्छ थर्थर धेर रे
सक्दैन स्नान र पान गर्न त्यो मानस महा
आउँछ घरमा फर्कि घमण्ड गरि चित्तमा

४१२

सोध्न आयो भने कोही अनिता त्यस साथमा
त्यो सरोवरको निन्दा गरेर भलिभाँतिमा
बुझाउँछ अनि तेस्ले सोध्नेको चित्तलाई रे
प्रलाप विविध भाँति गरेर त्यससाथ रे

४१३

हेर्नु हुन्छ कृपा राखी जस्लाई रघुनाथले
कुनै विघ्न र बाधाले पनि ता त्यसलाई रे
सक्दैन गरन ब्याप्त तेही मानिस नै अनि
राम चरित मानस रूपी यो सरमा पनि

४१४

सक्दछ गरन स्नान त्यसलाई भयङ्कर
त्रितापहरूले दग्ध सक्दैन गर्न है फिर
लाग्दछ चरण निको जस्लाई रघुनाथको
ती साधुहरू ता कैले पनि मानसलाई यो

४१५

छाड्दैनन् लोकमा बुझ्नुहोस् भाई जी कुरा
चाहन्छन् गर्न मानस्मा स्नान यदि भने पुरा
गरोस संतको सङ्गत् लगाई चित्त प्राणीले
यस्तो मानसमा स्नान गर्नलाई अबश्य रे

४१६

चाहिन्छ दिलको नेत्र जसमा गरी स्नान रे
निर्मल हुन्छ है बुद्धि आफ्नो सम्झ भित्र रे
आनन्द हर्ष उत्साह मेरो हृदयमा अनि
आयो उर्लेर प्रवाह प्रेम प्रमोदको पनि

४१७

आएको मानसमाहा उर्लेर प्रेम् प्रमोदको -
- धाराले सुन्दर रूप कविताको लिएर जो
बग्न थाल्यो नदी , तेही प्रवाह रघुनाथको
यस रूपी निर्मल जल्ले भरिएको छ त्यो अहो !

४१८

मङ्गल्का मूल कारण भएकी नदी ती अनि
लोक र वेदहरूमा मानिएकी सदैब नी
भएकी सुन्दर तीर पवित्र छ अतिब नै
नाम हो तिनको फेरि सरयु जान यो सधै

४१९

रामलिला -कविता -नदी ,मानस - सरोवरबाट पनि ता
निस्केकी नै हुनाले मानस र सुता हो सरयु पनि ता
ती पनि कलिमल रूपी तटहरूमा रहने रूख्हरूको
मूल उखाडने हो उही सरि सुजनबृन्द बुझ्नु हओस्यो

४२०

ती तिनै थरि श्रोताको समाजहरू त सब
त्यो नदीका किनारामा रहेका पुर ग्राम र -
-नगरी हुन् अनि सारा मंगलका मूल कारण
साधु समाज ता हो है अयोध्या नै अनुपम

४२१

तेही कथारूपी पावन् सरयु पनि ता अनि
राम् भक्तिरूपी गंगामा जान्छिन् मिल्न पछि अनि
पाएर कीर्ति ता ठुलो हुन्छिन् शोभित ती अहो !
त्यो कथा सरयु मा नै लक्ष्मण् सहित रामको

४२२

पवित्र युद्ध यश् रूपी शोण - भद्र - नदि पनि
आएर शोभित हुन्छिन् मिलेर अति नै अनि
यि दुवै नदीका बिच्मा राम - भक्ति रूपी ठुलो
-गंगाको निर्मल धारा , वैराग्य र विचारको

४२३

बीचमा रहने भक्ति सरि शोभित छन् अहो !
ति नदीहरूका यस्तै थरिका त्रिमुहानी जो
तयार भई त्रितापलाई तर्साउदै अनि
त्यो राम रूपी सागरमा गएर मिल्दछन् पनि

४२४

कथा रूपी सरयुको मूल उत्पति स्थान ता
मानस् जस्तो अति पावन् निर्मल छ अगम्यता
राम भक्ति सरि फेरी गंगा पतित पावनी -
-मिसिएको छदी तिन्मा छ है अद्‍भुत शक्ति नी

४२५

कानको मार्गले जादै पवित्र गर्दछिन् मन
यि कथा - नदीका बिच्मा अरू धेरै अनुपम
उपकथाहरू जो जो भिन्दा भिन्दै विचित्र छन्
ती नदीका किनाराको बगैचा बनहेरू हुन्
४२६

पुरार्गी र अर्पणाका विवाहमा अनेक जो
बयान गरीएका छन् बराती जन हेरूको
ती अनेक् थरीका राम्रा बेगन्ती जल जन्तु हुन्
आनन्दले नदीभित्र निवाश गरि बस्दछन्
४२७

रामका जन्ममा फेरी आनन्द र बधाईको
बयान गरीएको छ जो त्यो अति अपूर्वको
हो त्यो सुन्दरता सारा भुंवरी र त रडङ्गको
जेले मुन्दर देखिन्छ ती कथा नदी ता अहो !
४२८

राम भरत शत्रुघन् लक्ष्मण चार भाईको
बर्णन गरीएको छ बाल लीला अपूर्वको
अनेक रडङ्गका धेरै त्यो हो जडङ्गल पद्मको
अनि दशरथ फेरी कौशल्या आदी रानीको
४२९

जो छन् धर्म कमल् -बन्का ती हुन् मधुकर अनि
जल्पक्षीहरू हो धर्म परिजन्हरूका पनि
जो स्वयम्वरको सुन्दर् कथा छ जानकीजीको
छबि हो नदीको सुन्दर् त्यो ता अति अपूर्वको
४३०

अनेक सुन्दर प्रश्न जो जो छन् यसमा आहा !
त्यो कथा नदीका डुंगाहरू हुन् भनि जान ता
विबेक पुर्णले युक्त उत्तर छन् अनेक जो
गम कथा नदीको त्यो कैबर्त भनी जान पो
४३१

कथा सुनी कुरा हुन्छ जो जो पछि परस्पर
स्नान् गर्ने यात्रीहेरूका त्यो ता हो छवि नै फिर
ती भृगुनाथको यस्मा क्रोध छ जो अपारको
धाग हो भीषण त्यो ता त्यो कथा नदी भित्रको
४३२

बन्धु भाव सबै लोक्मा गर्ने श्री रघुनाथको -
-मधुर बाणी नै घाट हो कथा नदी तीरको
बिवाहको छ उल्लाष भाई सहित रामको -
-र्जन त्यो मानसमा ता त्यो सबै जन हेरूको
४३३

हो सुख्खदायी उल्लाष, फेर् भन्दा सुन्दा पनि
बक्ता श्रोता हरूलाई जो रोमाञ्चित हुन्छ नी
पुण्ड्यात्महरूले स्नान गरेर खुसी साथले
रोमाञ्चित भएका हुन् त्यो ता भन्ने विचाररे
४३४

यसमा रामको फेरी राजतिलक निम्ति जो
सजाएको छ मंगल त्यो , ती सब् पर्वहरूको
संजोग परदा जम्मा भएका जनहेरू हो
रामकथा नदीभित्र फेरी कैकेयी रानीको
४३५

दुष्ट बुद्धि रूपी काई लागेको छ अनि पछि
त्यसका फल हुन् सारा आपद र विपत् जति
ती विपत् रूपका यस्मा भए उत्पात हेरू जो
ती सब्का शान्तिका निम्ति अनि श्री भरतजीको
४३६

कीर्ति रूप जप यज्ञ भएका छन् धेर है
कलिका पाप् रूपी दुर्जन्हरूको यसमा सबै
दुर्गुणको गरेको छ कथनहरू जे अनि
तीता जल्का मयल् रूपी काक र बक हुन् पनि
४३७

रहन्छिन् यि नदी पूर्ण सबै ऋतुहरूमहा
अत्यन्त सुन्दर पावन् छन् सबै समयमहा
ती हिमालयकी पुत्री देवी पार्वती अनि
पुरारिको विवाह त्यो सबै जगतलाह नि-
४३८

-शीतल् पार्ने हुनाले नै हेमन्त ऋतु हो अनि
रमणीय अति पूर्ण उस्तै छ तेसमा पनि
भगवन् रामका पावन् जन्मका उत्सवादिको
उमंग अनि उल्लाष हो शिशिर् ऋतु फेरी जो
४३९

जो वर्णन् छ रघुवीर्का विबाहका समाजको
त्यो हर्ष मंगल - पूर्ण भएको ऋतु राज हो
श्री रामका वनवास दुषह ग्रीष्म हो अनि
कडा घाम र लु हो त्यो बाटोका ती कथा पनि
४४०

राक्षसहरूका साथ जो भयानक युद्ध छ
त्यो देवता कुल रूपी शालीधान निमित्त त
कल्याण गरने बर्षा ऋतु हो सुखदायिनी
सुख र उन्नती राम - राज्यका कालको पनि
४४१

जो छ त्यो सुन्दर स्वच्छ शरद् हो सुखदायक !
जसले प्राणीको सारा दु :ख र दर्द हर्दछ
सतीशिरो मणी रानी सीताका गुणहेरूका
जो जो बयान छन् सुन्दर त्यो कथा नदिहेरूका
४४२
-जलको निर्मल गुण् हो अनि श्री भरतजीको
सवभाबको छ जो बर्णन् त्यो सदा एकनासको
-रहने शीतलता हो जलको अति नै मिठो
जसको सम्झनाले नै मेटिन्छ भवरोग यो
४४३
हेगर्ई अनि बोलाई मिलाई र अनि पछि
हाष्य परम्पराको त्यो प्रीति अलौकिक जति
एवं प्रकारका चारै भाई श्री रघुनाथको
जो भातृ भाव छ जस्को त्यो माधुरी सुगन्ध हो
४४४
नम्रता दीनता दु :ख जो मेरो बरणित छ
जलको त्यो अति हल्का पन हो अति बेस छ
त्यो दोष होईन फेरि सुन्दामा गुणकारि र
यो कथा नदीको पानी अद्‌भुत् छ अति फिर
४४५
तृष्णारूप् प्यासलाई र मनको मललाई नै -
धोई दिन्छ जल यस्ले शान्ति सुख दिई सबै
राम प्रेमलाई पोषण गर्छ यो जलले अनि
हर्दछ ग्लानी र सारा कलि कल्मषलाई नी
४४६
धोई दिन्छ भवरोगलाई यो जलले सब
तोषक तोषछ फेरी यो जलता सदैब त
श्रद्धाले स्नान र पान गर्नाले जलको सब
मेटिन्छ पाप र सारा मन्को ताप राप त
४४७
पाप र दोष दारिद्र रूपी दोष हरूकन
समन गर्दैछ जल्ले सुख शान्ति दिई कन
काम कोध मद मोह ल ाई गर्दछ न ष्ट नै
निर्मल ज्ञान बैराग्य बढाउँछ सदैब नै
४४८
धुदैन जसले आपन्नो मन्‌लाई जल यसले
तिनै पामर्‌हरूलाई विगार्छ कलिकालले
प्यासले व्याकुल भई सूर्य -किरणको पानीलाई नै
देखेर भग्न मनोरथ् ती दु :खी मृगहेरू झैं
४४९

जीव भडकी रहेकाछन् यत्र तत्र दु :खी भई
पाउँदैनन् सुख शान्ति तिनले ता कहि गई
आपन्नो बुद्धि अनुसार तेही असल पानीको
गुण गन्‌मा मनलाई ड्‌बाएर अब अहो !
४५०
भवानी शङ्कर सम्झी साधुहो ! अति सुन्दर
कथाको गर्लछु ऐले प्रारम्भ पनि ता फिर
रामको चरण पद्य राखेर हृदय महा
पाईकन प्रभुको नै प्रसाद अब म यहा
४५१
दुबै मुनि श्रेष्ठका सुन्दर र
निर्मल औं सकल पाप हर
संवादको गर्दछु बर्णन यो
अद्‌भूत र सरसपूर्ण छ जो
४५२

(बाल काण्ड)

कथा प्रारम्भ

जसलाई रामको चरणमा
प्रेम भक्ति खूब छ हृदयमा
त्यस्ता शम दम दयाधिान
परमार्थ पथमा छन् सुजान
४५५
त्यस्ता तापस् भारद्धाज मुनि प्रयागमा पनि
निवास गरनुहुन्छ सीताराम भजेर नि
माघ महिनाबिषे जैले सूर्य मकर राशिमा
प्रबेश गरनुहुन्छ त्यस्तै बेला प्रयागमा
४५६
आउँछन् सकल प्राणी त्यो तीर्थराजमा पनि
देवता दानव किन्नर यक्ष मानिसका पनि
लागेर - लस्कर आई आदरसाथ प्रेमले
तीर्थराजमहा स्नान गर्दछन् ती समस्त रे
४५७
तिनीहेरू बेनी माधवजीको
पूजा गर्छन् चरणमा झुकि पो
स्पर्श गर्दै अक्षय बटको ती
खुसीहुन्छन् पाई आनन्द पोकी
४५८

त्यहाँ अत्यन्त पवित्र अत्यन्त रमणीय जो
माघलाई मनपर्ने भारद्वाजमुनिशको
रमणीय छ आश्रम् त्यो,जान्छन् जो मुनि तीर्थमा
ती सबै ऋषिको हुन्छ मिलन त्यस ठाममा
४५९

ठुलो उत्साहले फेरी सबेरै प्रातकालमा
गर्दछन् स्नान ती सारा खुसीभ तीर्थराजमा
हरिका गुणको गाथा गाउँछन् ती परस्पर
स्तोत्रपाठ जप ध्यान गर्छन् भनि हर हर
४६०

ती जम्मा भएका ऋषिहेरू सारा
ब्रम्हाका निरूपण् बिधि -धर्म - धारा
भगवद भक्ति र तत्व विभाग -
-कनै साथमा ज्ञान र फेर् विराग
४६१

वर्णन गर्दछन् सारा यहि नै रितले पनि
मकर्को गर्दछन् स्नान मेला भरी तीता अनि
फर्कन्छन् सब ती आफ्ना आफ्नै -आश्रम तर्फ रे
त्यो तीर्थमा सदा यस्तै मेला हर्साल हुन्छ रे
४६२

सिध्याएर मकर स्नानलाई
मुनिवर्ग हरू सारा रमाई
हिड्छन् त्यहा -बाट आनन्द साथ
गाइ लीला रामकै प्रेमसाथ
४६३

मकर्को एक चोटिको मेलामा गरि स्नान नै
ऋषिहरू सबै आफ्ना फर्किए आश्रम तिरै
ती भारद्वाजले पाउ परेर अति प्रेमले
परम ज्ञानी ती याज्ञवल्क्य मुनिशलाई रे
४६४

आफ्ना आश्रममा राख्नुभयो आदरसाथले
धोएर चरणपद्म अत्यन्त प्रेम साथले
अति पावन आसन्मा बसाउनु भयो अनि
गरेर मुनिको पूजा प्रशंसा यसका पनि
४६५

जोडेर दुईटै हात अति पावन कोम ल -
-बचन बोल्नु भो फेरी गद्गद बाणी निर्मल
हे ऋषे ! भगवन् ! यौटा ठुलो सन्देह चित्तमा
भएकोछ मलाई त्यो विन्ति गर्दछु पाउमा
४६६

वेदतत्व सबै नाथ ! हातमा छ हजुरको
लाग्दछ भय र लाज विन्ति गर्दा मलाई त्यो
पछिहोला ठुलो हानी नगरूँ विन्ति ता भने
भन्दछन् नीति ता यस्तो नाथ साधु र ती मुने
४६७

मानिएको छ यो नाथ ! पुराण वेदमा पनि
लुकाएमा गुरूसाथ अज्ञानहरू ता अनि
हुदैन उज्जल ज्ञान हृदयमा कदापि रे
विचार यो गरी मन्मा आफ्नो अज्ञानलाई रे
४६८

प्रकट गर्दछु नाथ ! दास उपरमा अब
गरेर करूणा , मेरों अज्ञान हर्नुहोस् सब
अमित रामका नाम्को प्रभाव पनि हे प्रभो !
पुराण वेद र सन्तहरूले नै समेत यो
४६९

गाएको छ अनि फेरी रामका नामलाई ता
धरेर प्रेमका साथ आफ्ना हृदय भित्र ता
ज्ञान र गुणकाराशी अविनाशी महेश्वर
आशुतोष शशि शेखर जप्नुहुन्छ निरन्तर
४७०

चारै खानीहरूबाट जन्मेका जगतमहा
जति छन जीव र जन्तु ती सबै काशी धाममा
मर्दा मुक्तिपद सब्ले पाउँछन् अनि हे प्रभो !
शिवजीले दयाराखी जुन अपूर्व नामको
४७१

दिनुहुन्छ मंत्र त्यो काशीमा रे
तेही नाम्को उपदेश् होकी ता ? रे
' राम ' भन्ने ईश्वर छन् की कोही
प्रश्न नाथ साथमा गर्छु सोही
४७२

सम्झाई मन यो मेरो, भन्नुहोस दयानिधे !
अयोध्या पतिका हुन् हे पुत्रता एक राम रे
प्रख्यात छ लीला तिन्का संसार भरमा पनि
सहे अपारको दु :ख नारी विरहको पनि
४७३

मारे है रण भुमीमा रावणलाई क्रोधले
जप्नुहुन्छ त्रिपुरारि सदैव जसलाई रे
तिनै राम यिनै हुन्कि ? छन् कुनै अरकै? प्रभो !
यो कुरा सत्यवादी र सर्वज्ञ ज्ञान खानी जो
४७४

हजुरले गरि विवेक नाथ !
भन्नुहोस् गरि बिचार आज
जसो गर्दा नाथ मेरो अपार
मेटिईन्छ भ्रम अज्ञान भार
४७५

सोहि रित्ले त्यो कथा आज नाथ !
विस्तारले मर्जि होला यहाँ त
मुनि भारद्धाजको प्रश्न त्यस्तो
सुनि यज्ञवल्क्यले अनि यस्तो
४७६

भन्नुभयो मुसुकाएर भगवन् रघुनाथको
प्रभुत्वता तिमीलाई थाहा छ है समस्त त्यो
मन कर्म र वाणीले भक्तछौं तिमीं रामको
बुझे मैले सबै तिम्रो चलाकीहरू हेर त्यो
४७७

चाहन्छौ रामको गूढ रहस्य सुन्नलाई ता
मानौ अतिब नै मूढ छु भन्ने चालले अहा !
गऱ्यौ जो प्रश्न यो आज हे बाबु अब यो घरी
प्रेमले आदरसाथ कुरा त्यो सुन बेसरी
४७८

भन्दछु पावन- रामकथा त्यो अब हर्षले
महामोहहरू जो छ त्यो ठुलो अति दुष्ट रे -
- महिषासुर हो फेरी जो छ रामकथा पनि
त्यो हो रण्चण्डिका दुर्गा कालिका भनी जान नी
४७९

शशीकिरण् सरिको छ कथा श्री रघुनाथको
साधुहरू चखेवा झैं भएर हर्षसाथ पो
त्यही रामकथा पान गर्दछन् सर्बदा अनि
यस्तै संशय एक्फेरा श्री पार्वतीजीले पनि
४८०

थियो गर्नु भएको र अनि श्री शिवले तब
विस्तार पूर्वक फेरी बताउनुभयो सब
तेही उमा र शङ्करको संबाद हे मुने !अब
आफ्नो बुद्धि अनुसार बताउँछु म ता सब
४८१

श्री सतीदेवी चरित्र

एक समय त्रेतामा भगवन् श्री महेश्वर
आश्रमतिर -जानु भो - अगस्त ऋषिको फिर
साथमा जगतमाता हुनुहुन्थ्यो सती पनि
महेशलाई जानेर लोकका ईश्वर भनि
४८२

कुम्भज - ऋषिले पूजा गर्नुभो - प्रेम साथले
बर्णन गर्नुभो र ामकथाको पनि हर्षले
सुनेर रामको लीला हर्षित हुनुभो शिव
महेश साथमा फेरी कुम्भज ऋषिले तब -
४८३

- भक्ति रहष्य ती सारा सोध्नुभो शिवले अनि -
अधिकारी जनपाई बताउनुभयो अनि
गुणनुबाद रामैको गर्दै सुन्दै त्रिलोचन
तेहि आश्रममा राज गर्नुभो खुसी भै कन
४८४

फेरी कुम्भजका साथ विदा भैकन हर्षले
फिर्नुभो सतीका साथ केही दिनपछाडी रे
तेही औसरमा भारभञ्जन गर्न भुमिको
अवता र रविकुल्मा हुनगो जगदीशको
४८५

पिता दशरथ - जीका आज्ञाले लाज र अनि
दिक्दारीलाई छाडेर अविकारी हुँदा पनि
निर्भय भई दण्डक - बनमा भाई साथमा -
- लिएर रघुकानाथ घुम्नुहुन्थ्यो धरामहाँ
४८६

' सीताका नाथको दर्शन् होला कुन प्रकारले
गुप्त रूप धरेको छ ऐले यो भगवानले
म जाउँ दर्शन गर्न भने ता पनि यो घरी
चिन्हेछन् लोकले फेरी ' भन्ने यहि घरी घरी
४८७

विचार गरदै जान लाग्नु भो शिवजी पनि
हृदयमा पुरारीको अत्यन्त क्षोभ भो अनि
जान्नुभएन त्यो मर्म सतीले केहि ता हरे!
भन्दछन् तुलसीदास त्यो बेला शिवलाई रे
४८८

-पऱ्यों - असजिलो सारै के भने ? हृदयमहा
-पुरा छ लोभ दर्शनको त्रासपनि छ चित्तमा
-दुबै नयनले लालच् गर्न लाग्दा ती नेत्रको -
- अभिलाषा पनि पूर्ण गर्न मुनासिबै छ पो
४८९

' रावणको मरण मानिसको -
- हातबाट छ भनी निश्चित पो
विधाताको बचन राम ऐले
साचो गर्न चाहनु हुन्छ पैले
४९०

यता शंकर सोचबश त्यसरी पर्नुभयो है अनि
उतातिर त्यही अबसरमहा त्यो नीच् रावण् पनि
आयो मारीचलाई साथ लिई फेर त्यो दण्डकारण्डयमा
ताही मारीच कपट मृग बन्यो तुरून्त नै मार्गमा
४९१

त्यो मूर्ख दशकण्ठले छल गरी हऱ्यो सीतालाई रे
त्यस्लाई प्रभुको प्रताप विदितै उस्तो थिएन हरे!
संतप्त हुनुभो रघुवीर – दुबै भाई सीता शोकले
खोज्दै जानकीलाई जंगलमहा लाग्ने भयो घुम्न रे
४९२

जस्का निम्ति वियोग योग भन्ने कुरै रहदैन है
देखियो छर्लडंग तेही प्रभुको विरह दुःख सबै
यस्तो अद्भुतको विचित्र प्रभुको चरित्रलाई पनि
पूर्ण ज्ञानी र संतहरू मनमा सब् जान्दछन् हेर नी
४९३

मन्दबुद्धि - अधम नीच जत्तिछन् तिनीहरू मात्र नै
संझन्छन् अतिनै अनर्थ मनमा अज्ञानले ब्याप्त भै
देख्नुभो रघुनाथलाई शिवले तेसै बखतमा पनि
शंकरका मनमा विशेष विकलता पैदा भयो है अनि
४९४

तेही औसरमा रघुकुल मणि सीतापते रामको
शोभासागरलाई शंकरजीले आँखा भरी देख्नु भो
कुवेला मनमा विचरी शिवले टाढै रहेर अनि
चिना परिचय त्यस बखतमा गर्नु भएन पनि
४९५

कृपा सागर मन्मथमथनले हर्षित् भई चित्तमा
'आनन्द - स्वरूप ! दयालु! भगवन् हे विश्वका आतमा
सच्चित ! जगपालन ! हजुरको जय हओस सदा
बारंबार यसै भनेर शिवजी भएर रोमाञ्चता
४९६

सती साथ लिई महेश्वर अनि जानु भयो हर्षले
त्यस्तो हालत देखि शंकरजीको अनि सतीलाई रे
सन्देह प्रकट भयो हृदयमा विशेष बढेर ता -
बन्दनिय महेश सब् जगतका ईश हुनुहुन्छ ता -
४९७

मनुष्य मुनि देवता सकलले श्री शम्भुको पाउमा
भक्तिसाथ झुकाउँछन् शिर सधैं विन्ति गरि नाथमा
ऐले सोही महेशले नृपसुत – लाई परम् ईश र
निरामय प्रभो भनी गरनु भो प्रणाम आज फिर
४९८

शोभा देखेर आनन्द हुनुभो उनकै अति
बाकिछ प्रीति त्यो ऐले –सम्म हृदय - भित्र की –
- नरोकिएर त्यो मन्मै देखियो बाहिरै अहो !
जो ब्रम्ह अनि है ब्यापक् अज अभेद् अकल जो -
४९९

- विरज छ जसलाई नियमहरूले पनि
यथार्थ जान्न सक्दैनन् त्यै ब्रम्ह आई आज नी
गरेर शरीर धारण् होलान् के ? र नर हरे
यदि साकार परम - ब्रम्ह श्री लक्ष्मीनाथले
५००

देवका हितका निम्ति मानिस शरीर पनि
धारण् गर्नु भएको हो भने ता शिव झैं पनि
सर्वज्ञ हुनुपर्ने हो के उनै मूर्ख झैं अब ?
हिड्लान् खोजेर स्त्रिलाई घुमेर बन बन् सब
५०१

तिनी ता दैत्यका घाती श्रीनाथ ज्ञानधाम हुन्
अज्ञानी पुरूष झैं के उनै नारी खोज्द छन् ?
हुदैन शिवको बाणी पनि फेरी झुटो हरे !
महेशलाई सर्वज्ञ भनी जान्दछ लोकले
५०२

यसै प्रकारको ठुलो संदेह सतीदेवीका
चित्तमा उब्जिई ठुलो रह्यो कष्ट दिएर ता
भएन हृदय भित्र प्रवोध पनि ज्ञानको
गर्न लाग्नु भयो नाना कुतर्कहरू धेर पो
५०३

यद्यपि सती देवीले संदेहलाई ता सब
थिएन प्रष्ट पारेको तथापी शिवले तब
अन्तर्यामि हुँदा जान्नु भयो संदेह त्यो सबै
अनि भन्नु भयो फेरी सतीलाई यसोरी है
५०४

हे सती ! सुन तिम्रो यो शंका नारी स्वभाव हो
नराख कहिले मन्मा शंका यस्ता खराबको
जस्को कुम्भजले गाए मेरो संमुखमा कथा
सुनाएँ जसका भक्ति मेलै कुम्भजलाई ता
५०५

मुनि सन्त साधुहरूले सदा नै
जुन ईशको गर्छन् है पूजा नै
उहि नै परम प्रभु इष्ट प्यारा
रघुनाथ नै हुन् भनी जान सारा
५०६

पुराण वेद साराले नेतिं नेति भनेर ता
गाउंछन् जसको कीर्ति चित्त भित्र रमेर ता
उनै स्वतन्त्र , कोटिक – ब्रम्हाण्डपति , व्यापक
ब्रम्ह, मायापति ऐले आपन्ना भक्तका हित
५०७

रघुकुलमणी राम रूपले भुमीमा पनि
अवतार भएको छ संभ्रुयो सत्य हो भनी
यद्यपी उपदेशबाणी शंकरले सतीलाई ता
बुझाई भन्नु भो धेरै नाना तरहबाट ता
५०८

तथापी सतिका मन्मा घुसेन उपदेश त्यो
नाना तरहले गर्न लाग्नु भो तर्क धेर पो
बुझेर हरिमायाको प्रभाव पनि चित्तले
हांसेर भन्नु भो फेरी अनि पछि पुरारीले
५०९

संदेह छ यदि तिम्रो चित्तभित्र भने ठुलो
पक्षिा किन ता लिन्नौं ? गएर त्यहि ठाम पो
पर्खेर बटछायामा म बसी रहुँला त्यहाँ
फर्केर जहिले सम्म आउन्नौं तिमी ता यहाँ
५१०

तिम्रो ठुलो भ्रम मोह हट्छ जुन रितले अब
विवेक् विचारले तेहि गर यत्न गई अब
स्वामी श्री शम्भुको यस्तो आज्ञा पाईकन अनि
'के गन्यौ अब म भांई ' भन्दै मन्मा सती पनि
५११

जान लाग्नु भयो बन्मा त्यस औसरमा हरे !
रामको गर्नको निम्ति परिक्षा पनि हाय रे !
यता अनि महेश्वरले अब दक्षकुमारी को
-कल्याण छैन है मैले स्वयं भन्दा पनि अहो !
५१२

जादैन संयम – यिन्को - दैव विपरीत भयो
' भलो छैन अब यिन्को 'यो तर्क गरनु भयो
जो रामले रची राख्नु भएको छ यहा सब
हुनेछ तेहि नै फेरी अनेक तर्क गरी अब
५१३

बढाओस् ब्यर्थको शाखा ? यस्तो सोचेर चित्तमा
शिवजी हरिका नाम जप्नु लाग्नु भयो तहाँ
अनि यता हुनुहुन्थ्यो - जहाँ सुखधाम् रामजी
तहि पुग्नु भयो माता जगदम्बा महासती
५१४

बारम्बार गरि विचार मनमा माता सती देवीले
सीताको रूप नै धरेर खुसीले भएर संमुख रे
जुन् बाटो गरी आउने प्रभु पनि लाग्नु भएको थियो
तेहि मार्ग गरी अनि सती पनि तुरून्त जानु भयो
५१५

देखेर ती सतीलाई सीताको भेषमा पनि
सौमित्रि हृदयमाहा पर्नु भो गजब पनि
विशेष् भ्रम भयो मनमा ता पनि धीर बुद्धि नै -
- हुनाले , प्रभु – प्रताप गहिरो छ भनेर नै -
५१६

- जानु हुन्थ्यो र सौमित्रि त्यसबखतमा अनि
सक्नु भएन है भन्न केहि पनि यसो भनि
मेटिन्छ सब अज्ञान सम्झिदा जसलाई ता
जो सर्ब दर्शी सर्बान्तर्यामि छन् लोकनाथ ता
५१७

भगवनु सोहि सर्वज्ञ ! सुरकाश्वामी ! रामले
सतीका कपटलाई जान्नु भो तेहि हेर ! रे
त्यहा पनि सती देवी कपट गरने ठुलो
चाहनुहुन्छ गरन दुराग्रह हरे ! अहो !
५१८

प्रभाव हेनुहोस् नारी स्वभावको पनि हरे !
भएपनि जति माथि जादैन त्यो स्वभाव रे
भगवन् रामले आपन्नी मायाका बलको पनि
प्रशंमा गर्नु भो ठुलो मनैले फेर् त्यहा अनि-
५१९

मन्दहास्य गरी मधुर् बचनले बोल्नुभयो रामले
आफ्नो नाम पिताजीका सहितनै लिनुभयो फेरी रे
जोडी हात गरी प्रणाम सतीमा झुकेर यो भन्नुभयो
माता छाड्नुभयो कहाँ ? र भगवन् बृषध्वजलाई जो

५२०

डूल्न लाग्नुभयो घुमेर बनमा एकले कुन हेतुले
भन्ने यो रघुनाथको बचन यि कोमल र गूढ रे
सुन्दामा सतीको भयो हृदयमा संकोच अत्यन्त नै
भय - भीत भई सती हृदयमा - मान्दै अपशोच नै

५२१

जान लाग्नुभयो सामु भगवान् आशुतोषको
'मैले शंकरको आज्ञा पैले नै मानिन अहो !
आफ्नो अज्ञानले आए परिक्षा गर्न रामको
हरे के ? दिउँला उत्तर गएर अब फेरी जो '

५२२

यो चिन्ता गरने माता सतीका हृदयमहाँ
पैदाभो भीषण दाह भयानक भएर ता
'पाउनु भो अति क्लेश सतीले ' भनी रामले
सम्झेर अनिता आफ्नो प्रभाव पनि केहि रे

५२३

-प्रकट गर्नु भयो त्याहा , अनिता सतीदेवीले
कौतुक देख्नु भो खासा फर्कदा मार्ग बीच रै
सीता र लक्ष्मण साथ भएका रघुनाथ जी
खडा देख्नु भयो आफ्नो अगाडी मा नगीच की

५२४

पछाडी पनि फर्केर हेर्दा श्री सतीदेवीले
लिएका सुन्दर भेष भाई र जानकीजीले -
-शोभित रामजीलाई देख्नुभो मार्गमा अनि
चिताउनु जहाँ हुन्थ्यो उहीनै रामलाई नि

५२५

खडा र अनि , ती सारा सिद्ध मुनिश ज्ञानीले
सेवा गरी रहेकानै देख्नु भो है समस्त रे
अमित प्रभावका ठुला ब्रम्हा विष्णु र ती अनि
आशुतोष - शशिशेखर् देखिनु नै भयो पनि

५२६

रामका पाउपंकजमा सेवा र बन्दना पनि -
-थिए गरीरहेका ती स्तोत्र पाठहरू अनि
अनेक थरिका भेष लिएका सुरहरू ती
देखिए सकल त्याहा अद्‌भुत र बिचित्रकी

५२७

हेर्दा श्री सतीले धेरै आफ्नै रूपहरू पनि -
-देख्नुभो भारती फेरी गायत्री र रमा पनि
जस्तो जस्तो थियो बेष ब्रम्हादि देवका पनि
तेही सरहनै भेष - भएका शक्ति ता अनि

५२८

देख्नुभयो जगत्माता सतीले ता समस्त ती
सीतासाथ रघुनाथ हुनुहुन्थ्यो जहाँ जती
त्यहा ती शक्तिका साथ त्यतीनै भेषले सब
देखिए देवता सारा विचित्र रूपका तब

५२९

ब्रम्हाण्ड भित्रमा चर अचर जति जीव छन्
ती पनि देखिए सारा गजबै विचित्र भन्
धेरै भेष लिएका ती देवले रघुनाथको
पूजन गर्न लागेका देखिए भाँति भाँतिको

५३०

रामको रूपता अर्को देखिएन कहि पनि
जाहीं तहीं सीता साथै थिए राम खडा पनि
परन्तु भेष ता धेरै थिएन रघुनाथको
उनै रामसीत । सोही भेषमा लक्ष्मणजी पो -

५३१

-देखेर , भयले भीत भएर सती चित्तमा -
-काप्न लाग्नु भयो हेर ! थर्थरी मार्ग बीचमा
सुद्धि बुद्धि पनि केही रहेन देहमा हरे !
चिम्लेर बस्नुभो आँखा बाटैमा हा थचक्क रे

५३२

पछि खोलेर नै आँखा हेर्दा वरिपरी सब्बै
देख्नु भएन हा फेरी सतीले कही केही नै
बारम्बार अनि मन्ले भगवन् रघुनाथले
चरण पंकजमाथि झुकाएर शिर अहो !

५३३

जानु भयो जहाँ राज - हुनुहुन्थ्यो सलाशिव -
-पुगेर त्यही नै दक्ष नन्दिनीले झुकि तब
गर्नु भो शिवका पाउ - पद्‌ममा बन्दना अनि
हाँसेर शम्भुले फेरी सोध्नु भो कुशल पनि

५३४

लियौं परीक्षा कुन रीतले ? अब
-मलाई साँचो भन बात ती सब
भन्ने बचन् यो सुनि शम्भुको पनि
प्रभाव संझी रघुनाथको अनि

५३५

सतीले भयभीत भैकन अनि श्री शम्भुका साथमा
छिपावट् गरनु भएर यसरी भन्नु भयो यो तहा
परीक्षा गरिन कुनै पनि प्रभो ! मैले रघुनाथको
गएर प्रभुकै समान मनले गरें प्रणाम प्रभो !
५३६
त्यो हुदैन झुटो केही आज्ञा भो प्रभुबाट जो
यो विश्वास सदा नाथ ! मेरो छ मनमा ठुलो
तब शंकरले ध्यान दृष्टिले हेरी , देवीले -
- जो चरित्र गरेको होजान्नुभो सब हरे !
५३७
गरेर प्रेरणा जस्ले सतीलाई – समेत नै
लगाई बोल्न ता झुटो तेही श्री रघुनाथ कै
– मायालाई मनैभित्र बारम्बार झुकिकन
बन्दना शिवले गर्नु भयो है अनि कै छिन
५३८
'भावी र हरिको ईच्छ्या बलबान छ लोकमा '
भनेर सम्झिई फेरी शम्भुले हृदय महा
अनि फेरी लिनुभो भेष सीताको सतीले पनि
भयो अत्यन्त नै क्षोभ शिवका मनमा पनि
५३९
यदि सतीसँग प्रीति गऱ्यौ अब
भगतीको पथ मिट्दछ है सब
अनिती हुन्छ अनि पछि फेरी जो
अहह पूर्ण प्रीति मनका ती जो
५४०
- पनि त त्याग्न सकिदिईन हरे !
प्रीति गरे अब लाग्दछ पाप रे
त्यसबखत् यही सम्झी कुरा सब
भगवन शिव का मनमा तब
५४१
ताप भयो अति भन्नुभएन केही प्रष्ट ता
त्यसैबेला अनि फेरी शिवले रघुनाथका
चरणपंकज माथि झुकाउनुभयो शिर
रामका चरणलाई सम्झना साथैमै फिर
५४२
आयो हृदयमा यस्तो विचार शिवको पनि
'सती शरीरमा प्रीति गर्नु अब हुदैन नि'
सङ्कल्प गर्नुभो यस्तो मनमा शिति कण्ठले
विचार दृढ्यो राखी भगवन् आशुतोषले
५४३

सम्झदै रामजीलाई प्रेमले मनपद्यमा
हिड्नुभयो शिवजी फेरी भवनतिर मार्गमा
हिड्ने बखतमै त्याहाँ ' शशिशेखर, हजुरको -
राम्रो रहेछ भक्तिको द्रिढईता गजबको
५४४
यस्तो प्रण् हजुर छाडी अरूको गर्न सक्छपो ?
समर्थ !रामको भक्त ! जय होस् जय नाथको '
नभवाणी भयो यस्तो सुनेर नभवाणी त्यो
भयो अत्यन्त नै सोच सतीका मनभित्र पो
५४५
अनि संकोचका साथ स्वामी श्री शिवसाथमा
प्रश्नगर्नुभयो यस्तो मधुर्बचनले त्यहाँ
सत्यवादि ! दयासिन्धो ! हे दिनबान्धव ! प्रभो !
हे स्वामि ! प्रभुले ऐले के प्रण गरनुभयो ?
५४६
यद्यपी यसरी धेरै गर्नुभो विन्ति देविले
तापनि त्रिपुरारिले बक्सिएन जबाफ रे
सतीले हृदयभित्र गर्नुभो अनुमान यो
'सर्वज्ञ शिवले मेरो सारा चरितहेरू त्यो -
५४७
-जान्नुभयो हरे मैले स्वामिका साथमा पनि
गरे कपट हा ! आज मूर्ख नीच बनेर नि
स्वभावैले जड मूर्ख नारीको जाति यो हरे
सर्वज्ञ प्रभुका साथ पनि हा ! छल यो गरे
५४८
प्रीतिको असल रीती हेनुहोस् मनले ठुलो
दूध र पानी ता बिक्छ एउटै भाउमा भलो
सरोवरी गरी पानी मिलेको दूधमा पनि
कपट् सरि चूक चीज गयो पर्न भने अनि
५४९
छुटिन्छ दूध र पानी फाटेर दूधता अनि
सम्झिदा करनी आफ्नो सतीका चित्तमा पनि
लाग्यो शोच अति ठुलो अत्यन्त दु:ख शोकको
चिन्ताको वर्णन गर्न सकिन्न डाह भो ठुलो
५५०
लाग्यो छाती जल्न ज्वाला बढेर
मिलेन है शान्ति केही गरेर
अत्यन्त नै व्याकुल भै सतीले
लाग्नुभयो सोच्न यस्तो अनि रे
५५१

' दयाका सागर गम्भिर् भगवन् आशुतोषले
भन्नुभएन यो मेरो दोष्लाई प्रष्टसाथ रे '
शम्भुको भाव देखेर ' मलाइ शंकरजीले
त्याग गर्नुभयो ' भन्ने ठानेर सतीदेविले
५५२
व्याकुल हुनुभो फेरी आफ्ना कसुर हेरू त्यो
सम्झि केहि पनि भन्न नसक्ने नै हुँदा अहो !
अबाल सरि नै मन्मा भई संतप्त खुब रे
भित्र भित्रै जली छट्पट् भयो हृदयमा हरे !
५५३
शोचले व्याकुल जानी सतीलाई महेशले
कथा भन्नुभयो सुन्दर् उन्का सुख निमित्त रे
विविध थरीका सुन्दर् इतिहासहरू पनि
बाटामा बर्णन् गर्दा गर्दै श्री शिवजी अनि
५५४
पुग्नु भयो र कैलाश , पुगेपछि त्यहा अनि
आफ्नो प्रण त्यो सम्झि भगवन् शिवजी पनि
पद्म - आसन बाँधेर छायामा बट बृक्षको
गर्न लाग्नुभयो घ्यान अखण्ड र अपारको
५५५
समालनु भयो आफ्नो स वभाविक स्वरूप त्यो
बस्नु भयो सती देवि तब कैलाशमै अहो !
थियो चिन्ता अति मनम दु :ख र कष्ट भै ठुलो
जान्दैनथे हरे ! कोहि पनि ता मर्म भित्रको
५५६
बित्न लाग्यो दिन एक एक युगसरी भई
सतीका मनमा नित्य नित्य नित्य नयाँ भई
शोक संतापको बोझ लाग्यो भरिन झन् हरे
सम्झिदा कशुर आफ्नो भयो व्याकुल चित्त रे
५५७
पुगुँला पार म कैले यो दु :ख सिन्धुबाट हा !
अपराध ठुलो, मैले गरें जो राम साथ ता
पतिको बचन झुठो मानेर सम्झिए पनि
विधाताले मलाई ता तेसको फल् दिए अनि
५५८
थियो जो उचित काम गरे त्यो विधिले सब
हे विधाता म तिम्रो यो विधिले बुझ्दिन अब
विमुख हुन भो स्वामि म देखी यसरी हरे !
के काम राख्दछौ जिन्दा मलाई तिमी फेरी रे
५५९

सतीका मनका ठुलो ग्लानी यहि प्रकारले
सकिन्न वर्णन गर्न भारद्वाज विचार रे
अनि बुद्धिमति दक्षपुत्रिले मन पद्यमा
सम्झेर रामजीलाई प्रार्थना गर्नु भो त्यहा
५६०
यदि प्रभो ! हजुर दिन् दयालो –
–हुनुहुन्छ र हजुरले कृपालो
दु :खी जन्का दु :ख हरण गर्दा –
- भएको त्यो कीर्ति वेदले ती सब्ता
५६१
गाएको हो नाथ ! साँचो भने ता
विन्ति गर्छु हात जोडी सचेता
अब मेरो यो शरीर खरारे
छुटोस् चाडो विन्ति गर्छु म ता रे
५६२
शंकरको चरण कमलमा
मन कर्म वचनले जगमा
रहेछ है स्नेह मेरो भने ता
मेरो पातिव्रतको व्रत रे ता
५६३
यदि सत्य नै रहेछ भने हे
समदर्शी ! सुन्नुहोस् हरे ! हे
सुनी मेरो विन्ति यो आज नाथ
चाडो गर्नुहोस् उपाय खास
५६४
छाडेर सहि नसक्नु विपत्ति राम ! यो सब
जेले मेरो मरण् होस् विना परिश्रम अब
दु :खित हुनु भो एवं प्रकार दक्षनन्दिनी
अवर्णिय थियो दु :ख कडा त्यो अतिव अनि
५६५
बिते वर्ष सताषी हजार सारा
निरञ्जन् निराकार निर्गुण्नीराला
शशिशेखरको खुल्यो है समाधि
अनि शम्भु आनन्दि र भै विरागी
५६६
लाग्नुभयो जप गर्न रामका नामको पनि
जगत्पति शशिशेखर् जागा हुनु भयो भनि
सतिले चाल पाएर जानु भै कन ता अनि
प्रणाम गर्नु भो स्वामि शिवका पाउमा पनि
५६७

आपन्ना अगाडीमा आशन् दिएर शिवले अनि
रसीला हरिका लीला भन्न लाग्नु भयो पनि
श्री सतीका पिता दक्ष - ले पनि त्यहि कालमा
पाए प्रजा पति भन्ने पदवीं पनि लोकमा

५६८

विचार गरि ब्रम्हाले सबै तरहबाट नै
लायक हुन् भनी जानी अनि दक्षजीलाई नै
सारा प्रजापति हेरू मध्यमा मुख्य नैपनि
गरिदिनु भयो ठुलो सब्मा नायक नै पनि

५६९

अधिकार ठुलो पाई उन्को हृदयमा अनि
भयो ठुलो अभिमान बढीकन तुरून्तै नी
जन्मेका कोहि छ यस्तो भन ? संसारमा हरे
प्रभुत्व पाई जस्लाई भएन मद केहि रे

५७०

डाकी मुनिहरूलाई तब ती दक्षले अनि
गर्न लागे ठुलो यज्ञ गरेर उत्सव पनि
पाउँथे यज्ञको भाग जुन् जति देवताहरू
ति सबै सुर गण्लाई निमन्त्रण गरे अरू

५७१

किन्नर सिद्ध र नाग गन्धर्वहरू ति सबै
नारीले सहित सारा फेरी ती अप्सरादि नै
चढेर यानमा गाना गाएर मृदुकण्ठले
यज्ञमा जान ती लागे निम्ता खान भनेर रे

५७२

आपन्ना आपन्नासवारी सजीकन सुर ती जान लागेर रमेर
विविध थरि सुन्दर गगन पथगरि यान उड्दै जमेर
विमान ती मनोहर् गगन पथगरि जानलागी रहेका
देख्नुभो सतिले सब अद्भुत त्यो दृश्यलाई पनि ता

५७३

ब्रम्हा विष्णु शंकर छोडी खास
थिए सारा देवहरू तहाँ त
स्वर्गैलाई खाली पारेर सारा
जान लाग्या यान लागेर धारा

५७४

जुन् गाना कानले सुन्दा मुनिहरू समेत को -
-छुट्दछ ध्यान सब् तेस्ता सुन्दर गानहरू जो
थिए गाईरहेका ती सुर सुन्दरीहरूले
त्यो देखी सतीले केहि सोध्नु भो शिव साथ रे

५७५

त्यसको शंकरजीले विस्तार गर्नु भो सब
त्यो सुनेर सती मन्मा भएर हर्षित तब
'यदि शंकरले आज्ञा बक्सिएता मलाई जो
केहिदिन् निहुँ यहिले बस्ने थिएँ गएर पो'

५७६

विचार गर्नु भो यहि त्यो बेला हृदयमहा
स्वामील् त्याग गर्दामा भएको दु:ख चित्तमा -
-ठुलो भएपनि आपन्नो भएको अपराधको
विचार गरि दुर्गाले केहि भन्नु भएन जो

६७७

सतीले भय संकोच प्रेमरस यि तिनले
मुछिएको मनोहर बाणी बोल्नु भयो हरे !
कृपानिधान ! हे स्वामी ! पिताका घरमा ठुलो -
-उत्सव् छ प्रभुको आज्ञा पाए देखी म आज त्यो -

६७८

उत्सवलाई श्रद्धाले स्वामी ! जाउकी हेरन
सुनेर सतीको विन्ति बोल्नु भो खुसी भै कन
बेस भन्यौ बुझ्यो मेरो चित्त यस कुरा महा
पठाएको भए देखी निमन्त्रण् सुमुखी ! यहा

६७९

थिएन अनुचित् केहि यो कुरा जान चित्तले
बोलाए दक्षले आपन्न समस्त छोरीलाई रे
मेरी साथ हुनाले नै शत्रुता तिमीलाई ता
विर्षिए हे सती ! यस्मा नमान दु:ख भित्र ता

६८०

म देखी दक्षले दु:ख - मानै ब्रम्हा सभा विच
त्यसै कारणले तिन्ले हेसती आज सम्म त
अपमान ठुलो मेरो गर्दैछन् य ही रितले
गयौ तिमी विना निम्ता भने आज अवश्य रे

५८१

भवानी ! रहनेछैन शील नाता पनि कुनै
स्नेह पनि हुने छैन होला निरादर अझै
यद्धपी बिनु निमन्त्रण पनि गुरू र बाबुका
मालिक्का घरमा जानु पर्दछ है सदैब ता

५८२

शंका छैन कुनै यस्मा तथापी अम्बिके !सुन
जहाँ विरोध नै हुन्छ फेरी त्यही गइकन
कसैको हुन्न कल्याण जानयो हृदयमहा
मानेर बचन मेरो बस है तिमी घर्माहा

५८३

यही रित्ले नै अनेक प्रकर
सम्झाउनु शम्भुले भो हजार
तर बस्मा भाविका नै परेर
अझै हट गर्नु भो धेर फेर
५८४

फेरी पनि पुरारीले भन्नु भो सतीलाई यो
गयौ भने तिमी अजा नडाकेर पनि अहो !
हुने छैन शुभ तिम्रो भन्ने यस कुरा कन
मेरो हृदयले देख्न भवानी हट छाडन
५८५

अनेक यत्नका साथ भनेर त्रिपुरारिले
हेर्नु भयो तर मान्नु भएन सतीदेवी रे
आफ्ना मुख्य गणलाई पठाई साथमा अनि
सतीलाई विदा गर्नु भयो श्री - शम्भुले पनि
५८६

जानु भयो सतीदेवी पिताका घरमा जब
आदर् गरने कोहिले दक्षका डरले तब
खाली एक्मात्र आमाले भेटिन् आदर साथले
बहिनीहरूले भेटे ब्यङ्गले मुसुकाई रे
५८७

कुशल मङ्गल केहि सोधेनन् दक्षले पनि
देखेर श्री सतीलाई उन्को शरीर ता अनि
अत्यन्त रीसले जल्न लाग्यो अनल झैं भई
तब हेर्नु भयो यज्ञशालामा सतीले गई
५८८

देखिएन कहि भाग पनि शिवजीको हरे
अनि जो शिवले भन्नु भएथ्यो सम्झाई रे
त्यो कुरा सतीको सारा आयो हृदयमा पनि
अपमान ठुलो सम्झी भगवन् शिवको ,अनि
५८९

सतीको हृदय जल्न लाग्यो दु :ख भई ठुलो
ऐले जस्तो गरि यस्तो महा संतापले अहो !
ढाक्यो हृदयता सारा तेसैगरिकन हरे
पलेको दु :खले दिल्मा छोपेको ता थिएन रे
५९०

यद्यपी जगतभित्र नाना तरहका ठुलो
कडा दु :ख अति भारी छन् कठोर अनेक पो
सबैभन्दा ठुलो दु :ख जातीको अपमान हो
यी सम्झेर सतीलाई उठ्यो क्रोध अतिव पो
५९१

गरिन् प्रबोध आमाले धेरै तरहबाट जो
अपमान नसक्ने भो सहन तर शम्भुको
रहेन चित्तमा ज्ञान अत्यन्त क्रोधले अनि
जबरजस्तिले हड्की सारा सभाकन पनि
५९२

क्रोधका साथ यो वाणि बोल्नु भो सतीदेवीले
मुनीश्वर ! सभासद् हो ! सबैले सुन आज रे
जस्ले शंकरको निन्दा गर्दछ लोकमा अब
जस्ले शंकरको निन्दा सुन्दछ ती पनि सब
५९३

फल त्यस्को तिमी सारा पाउँछौ लोकमा अब
पछुताउन् पिता मेरा ग्लानी भै मनमा तब
भोलानाथ महेश्वर् र श्री पते विष्णुका पनि
हुन्छ निन्दा जहां यस्तो - त्यहा छ की रीति पनि
५९४

छ भने तागत निन्दा गरने जनहरूको
चुड्नु चटक्क नै जिव्होलाई भन्दछु सत्य यो
यदि तागत नै छैन भने ता आफ्नो दुवै
कर्ण हरू थुनी भाग्दै जानु ठाम त्यजेर नै
५९५

शंकर जगका आत्मा मालिक लोकका अनि
त्रिपुरासुर मारेर सारा जगतको पनि-
-रक्षा गर्ने पिता - सारा लोकका - हितकारक
समर्थबान सर्वज्ञ हुनुहुन्छ पुरारी त
५९६

उही नै शंकरलाई महा मूर्ख अधम् भई
निन्दा गर्छन् पिता मेरा पशु जस्ता भएर ती
यो मेरो शरीर यही अधमाधम दक्षको
विर्यबाट भएको हो पैदा जगत बीच पो
५९७

बृषबाहन ती चन्द्रमौलि शंकरलाई नै
राखेर हृदय त्यसै भित्र कारणले म नै
यो नीच शरीरलाई छाड्दछु अब यो घरी
भन्दै श्री सतीले कृद्ध भएर अनि त्यो घरी
५९८

योगाग्नि द्धारा नीज देहलाई
जलाउनु झट्टभयो र हाई
त्यो यज्ञशाला बीचमा अनि ता
ठुलो हा ! हा ! कार भयो पनिता
५९९

सती मरणका सुनेर खबर श्रीशंकरका सब
लागे गरन प्रपथगणहरू यज्ञ विध्वम्स तब
देखी यज्ञ विध्वम्स भृगु भनने नाम भएका पनि
ऋषिले सब यज्ञ रक्षण गरे तेस बखत्मा अनि

६००

समाचार जब त्यो ता पाउनु भो महेशलें
तब गर्नुभयो पैदा कोधित् भै बीरभद्र रे
गएर तिनले पारे विध्वम्स यज्ञको अनि
यथा योग्य फल तेस्को दिए ती सबमा पनि

६०१

भगवन् शिवको द्रोह ग र्ने अधम प्राणीको
हुनुपर्छ गति जस्तो तेहि सरि ती दक्षको
नतिजा लोक विख्यात अति हीन भयो अनि
जानेको छ ईतिहास यो सबै - लोकले पनि

६०२

तसर्थ तेसको मैले भनें संक्षेप साथमा
सुन्नुहोस् अब फेरी त्यो पछिको कुरा यहा
जन्म जन्मान्तर सम्म प्रेम श्री शिव पाउमा
-रहोस् मेरो ' भनि बर् यो आफ्नो मरण कालमा

६०३

(श्री पार्वती जन्म)

थियो विन्ति गरिमाग गरेको रामसाथ रे
पुगेर तुहिनाचल्का घरमा तेहि हेतुले
पार्वतीको लिई चोला जन्म लिनु भयो अनि
जैले देखी सतीदेवी पर्वत्का घरमा पनि

६०४

जानुभयो , तेसबेला देखि त्यो घरमा पनि
सिद्धि र संपति थाले भरिन . खनिएर नि
तुहिना चलले आफ्नो अनुकुल् परने सब
जाहिँ ताहिँ दिए ठाम सारा मुनीशमा तब

६०५

बनाए सुन्दर सारा आश्रम मुनिहरूले
पैदा भयो नयाँ नाना थरीका रूखहरू रे
फल्ने फुल्ने सदा राम्रा थिए बृक्षहरू सब
मनोहर मणि खानी निष्किए विविध तब

६०६

नदी नदहरू सारा सुगन्धि सीतल मीठो
पवित्र जलले पूर्ण - भए - निर्मल भै अहो !
भ्रमरा पशु र पक्षीं बन जन्तुहरू सब
मस्तभै रहनाले आनन्द पूर्ण भै तब

६०७

स्वाभाविक् शत्रुता सारा विर्षिए वन जन्तुले
गर्नलागे अति प्रेम परस्पर्मा सबै ती रे
तहा बृद्धि भयो सारा सुख शान्ति र सौख्यको
निर्भय भई ती लागे घुम्न मग्न भएर पो

६०८

सु -शोभित भए भैं नरहरू हरिका भागती पाउनाले
भए शोभित पर्वत्पति पनि घरमा पार्वती आउनाले
नित्य नित्य नविन मंगल र खुसीले पूर्णभो घर तिन्को
ब्रम्हादि देव सारा सुयशकन बखान् गर्दथे जुन घर्को

६०९

पाउनु भो समाचार सब् यो नारदले जब
आउनु भो हिमाचल्को घर्मा कौतुकले तब
गरे आदर अत्यन्त तुहिनाचलले पनि
राम्रो आशनमा राखे पखालेर चरण् पनि

६१०

नारी सहित भै राखे चरण पद्यमा शिर
चरणोदक नारद्को छर्किए शिरमा फिर
अत्यन्त हर्षले आफ्नो बयान गरि भाग्यको
मुनिको पाउमा राखे डाकेर छोरीलाई जो

६११

त्रिकालक सरवज्ञ हुनुहुन्छ हजुर रे
हजुरको मुनिराज गति छ सरबत्र रे
विचार मनमा राखी यि मेरी छोरीको पनि
गुणदोषहरू सारा भन्नुहोस् मुने ! अनि

६१२

हाँसेर मुनिले फेरी बोले बचन गूढ यि
सब सद्गुणकी खानी रैछिन् छोरी हजुरकी
शील स्वभावकी राम्री धिमति र सु - शोभित
रहिन्छन् जन्मनै देखि सुलच्छिनी सदैव त

६१३

रहेछन् अचल् यिन्को अहीवात निरन्तर
बाबु आमा दुबैलाई मिल्नेछ कीर्ति सुन्दर
सर्वत्र जगमा पूज्य हुनेछिन् यिनी ता अहो !
गरेमा यिनकै सेवा दुर्लभ् केहि हुदैन पो

६१४

सम्झेर यिनकै नाउ ललनाहरू लोकको
अति कडा तरवार धार झैं पतिब्रत्यको -
-चढ्नेछन् घर्ममा सारा , शैलराज हजुरकी
छन्है सुलक्षणी छोरी गुण्की खानी समानकी
६१५
यिन्का अब दुईचार जो छन् अबगुण पनि
त्यो पनि भन्दछु सारा सुन्नुहोस हजुरनी
निर्लिप्त गुणले हिन मानले हिन लोकमा
नभएका पितामाता उदासिन हृदयमा
६१६
क्षीण शंका - सब सन्देहले नै
जोगी जटाधारी अकामले नै
अमंगल -भेष - नग्न भएका
मग्न पर्दै ध्यान गर्दै रहेका
६१७
यस्ता स्वामी पाउनेछन् यिनीले
यिनका यि हस्त रेखा गनी रे
रहेका छन् स्वामी यस्तै भनेर
भने दोष गुण मैले गुनेर
६१८
मुनिको बचत सुन्दा सत्य ठानेर चित्तले
ती दंपति दुवैलाई लाग्यो दु :ख अतिब रे
हर्षित हुनु भो दुर्गा भने हृदय् भित्र पो
जानेन् भेद यो नारद् समेतैले- पनि अहो !
६१९
देख्दा खेरी तिनै जना ती सबको दशाथियों एउटै
विचारी कन हेरदा ती सबको भिन्दै थियो बात है
साथिहेरू सबै ती पार्वतीजीका मैना अनि शैलजा
तुहिनाचलको समेत सबका पुलक् भयो देह ता
६२०
भरि यो जल नयन भरी हरे देख्ने जनहेरूको
के कुरा र त्यहा ती नारदजीले पनि विचारेर यो
त्यो भेद् बुझ्न तेस • औशर महा सक्नु भएर हरे
देख्दा हालत ठिक्क एक सरिनै देख्नु भयो साथ रे
६२१
" देवर्षिले बोल्नु भो जे कुरा यो
कैले झुटो हुन्न हुन्छ पुरा त्यो "
भन्ने सम्झि शैलजाले अनिता
बाणीलाई नारदको पनि ता
६२२

- मन्त्रझैं राख्नु भो मन्मा शिवको पाउमा प नि
उत्पन्न भो अति प्रेम भित्र हृदयमा अनि
मन्मा भने तर ' मिल्न कठिन छ ' भनि कन
शंका पनि भयो ठुलो म न व्याकुल भो झन
६२३
कुसमय विचारी पार्वतीजीले आपन्नो प्रीतिलाई ता
छिपाउनु भयो हृदय विचमा गाढा गराएर ता
गएर अनि शैलजा संगीनीका साथैमहा राज भो
अनि चित्तमहा सबै सखी र ती मेना गिरिराजको
६२४
हुदैन झुटो वचन ऋषिको -
-भन्ने ठुलो पीर भयो अति यो
फेरी घरी धीरज चित्तमहा
यो भन्दछन् ती गिरिराज त्याहा
६२५
उपाय गरने के हो ? हे नाथ ! भन्नुहोस् त्यो
सुनेर वचन तिन्को नारद्ले फेरी भन्नुभो
सुन्नुहोस गिरिराज ! विधिले सब भालमा
लेखेको जुन छ कर्म - रेखा तेस्लाई लोकमा
६२६
मनुष्य देव र नाग दानव मुनि कोहिले
सक्तैनन् मेट्न त्यो कैले भन्दछु सत्य बात रे
तापनि भन्दछु एक उपाय " म गिरे ! अब
सहायता गऱ्यो दैव - ले भने हुन्छ त्यो सब
६२७
बयान जो गरे मैले वरको तिमी साथमा
अवश्य पाउँछिन् तेस्तै स्वामी पार्वतीले यहा
सन्देह छैन है केहि यो कुरामा विचार रे
मैले वर्णन् गरे बर्को जो जो दोष पनि ती रे
६२८
ती सब् दोष छन् शिवमै भनेर
गरें मैले अनुमान रमेर
पुरारीका साथमा शैलजाको
भयो भने यो विवाहै अहा !जो
६२९
मान्नेछन् सबले दोषलाई गुण सरि पनि
भन्नेछन् सकल प्राणी धन्य धन्य भनेर नी
सयन गरनु हुन्छ विष्णुजी सर्पमाथि रे
तेसमा श्री हरिलाई कुनै पण्डित हेरूले
६३०

दिदैनन् दोष ता केहि अनि सूर्य र अग्निले
खान्छन् भक्षहरू सारा फेरी ती दुईलाई रे
मान्दैनन् कोहिले मूर्ख अनि भागिरथी पनि
पावन र अपावन्का सारा चिजहरू पनि

६३१

बहाउनु हुन्छ गंगाकन ता
अपावन कोहि भन्दइन ता
यहा भन्नु हुन्छ गोस्वामी है यो
अग्नि सूर्य जान्हवीलाई भैं जो

६३२

समर्थ लाई दोष् केहि लाग्दैन जगत महा
मूर्ख - विवेक हुनाले नै तेस्तै सम्फेर लोकमा
मूर्खले गर्दछन् ईर्षा समर्थ जनहेरूको
घमण्डि पर्दछन् - तेस्तै मूर्ख नरक भित्र पो

६३३

ईश्वर सरि सामर्थ हुन्छ र जीवता ? हरे !
मदिरा जान्हवीजीका पावन पानीबाट रे
बनेको हो भनि जाने पनि सन्तहरू सब
पिउँदैनन् नी तेस्लाई गंगाजल भनी तब

६३४

फेरी त्यै मदिरालाई गंगाको जल बीच पो
पोखे पनि हुन्छ जान्छ गंगाज ल पवित्र जो
ईश्वर जीवको भेद यस्तै छ लोकमा सदा
जीवले ईशको जस्तै गर्नु हुन्न कदापी ता

६३५

सरबज्ञ हुनुहुन्छ गिरीश
स्वभावैले सिद्ध समर्थ ईश
पाणी ग्रहण् साथमा शम्भुको नै
भए यिन्को हुन्छ मंगल् ठुलो नै

६३६

हुनुहुन्छ दुराराध्य परन्तु शशिशेखर !
क्लेश गरे हुनुहुन्छ आशुतोष पनि हर
तप गरून् अब जाई छोरी हजुरकी ती रे
भावीलाई पनि भेट्न सक्नुहुन्छ पुरारी रे

६३७

वर छन् यद्यपी धेरै लोकमहा तथापी रे
शिव छाडी अरू दोश्रो छैन यिन्का निमित्त रे
प्रणत आरती भञ्जन् बरदाता महेश्वर
दयाका सागर भक्त - चित्तरञ्जन् मनोहर

६३८

- हुनुहुन्छ कृपाराशी विना श्री आशुतोषको
आराधना र पूजाले करोडौं नै उपाय जो
साधे पनि व्रत योग तपस्या जप लोकमा
मिल्दैन ईष्टफल् आफ्नो यो सोच्नुहोस् - चित्तमा

६३९

सम्फाई यो कुरानै गरिकन हरिको सम्फना नारदले
आशार्वाद दिनुभो जगत जननी श्री शैलजालाई प्रेमले
फेरी भन्नुभयो यो गरिव र यिनका हुन्छ कल्याण भारी
शंकाछाड्नु हओस अब हजुरले चित्तले नै विचारी

६४०

नारद् जानुभयो ब्रम्ह - लोकमा या कुरा भनी
चरित्र जे भएको छ त्यहाँ त्यसपछि अनि
सुन्नुहोस भारद्धाज भन्दछु अब त्यो सब
एकान्तमा गिरिराजलाई राखेर नै तब

६४१

विन्तिगरेर मेनाले भन्दछिन् यसरी अनि
मैले नारदको वाणि बुफिन- ती कुनै पनि
घर वर अनि कुल यि तिनै -थरि चिजले
छन् भने पो सबै योग्य छोरीको अनुरूप रे

६४२

विवाह गर्दिनुहोला स्वामी ! होइन ता भने
बरू कुमारी नै छोरी रहली हुन्छ जो हुने
यि छोरी प्राण भैं प्यारी - मेरी छन् अतिनै प्रभो !
पर्दछु पाउमा नाथ ! गर्दछु विन्ति फेरी यो

६४३

मिलेन पार्वतीलाई अनुरूप पति भने
"स्वभावैले जड" भन्ने होला है हस्सी ता भने
विचार राखी यो स्वामी ! विवाह गर्नुहोस यो
जे गर्दा चित्तमा फेरी नहोस पछुतो ठुलो

६४४

मेनाले विन्ति यो गर्दै परेर पतिपाउमा
भईन् अतीब नै व्याकुल् डाह भै हृदयमहा
सुनेर यो गिरिराज ! स्नेहले भन्दछन् अनि
रानी सम्फ हरिलाई छाड शोक् मनका पनि

६४५

निस्कला चन्द्रमाबाट बरू अनल - लोकमा
हुदैन अन्यथा बाणि नारद्को, सम्फ चित्तमा
पार्वतीको दियो जन्म जसले उहि ईशले
गर्नेछ मंगल भन्ने सम्फ यो मनभित्र रे

६४६

गएर , स्नेह छ तिम्रो छोरी माथि भने अब
देऊ शिक्षा तिमी यस्तो ,. छोरी खुसी भएर त
मिल्नेछन् जे गरि शम्भो ! तेहि तपगरून् अब
अरू उपाय केहिले जादैन क्लेश यो सब

६४७

नारदमुनिको बाणी सगर्भ र अनि ठुलो
कल्याण सहितको छ गूढ बुझ्न सकिन्न त्यो
महेश्वर पनि राम्रा हुनुहुन्छ विचार यो
सम्पूर्ण गुणका खानी भगवन् लोकनाथ पो

६४८

विचार यो गरी मन्मा शंका छाड तिमी सब
हुनुहुन्छ अकलंक सबै तरहले शिव
आशुतोष दयासागर् शाश्वत र मनोहर
भवमृत्युञ्जय रूद्र सर्वज्ञ परमेश्वर

६४९

मेनाले पतिको सुनेर बचनै हर्षित भईन् चित्तमा
गईन् झट्ट उठेर ता अनि पछि छोरी भए ठाममा
देख्दा पार्वतीलाई जल् भरी भयो नयनमहा अनि
राखिन् स्नेह गरेर काख बिचमा ती छोरीलाई पनि

६५०

छातीमा टासन लागिन् बारंबार ती प्रेमले
गद् गद् भै रोकियो कण्ठ निस्केन बाक्य केहि रे
अनि जगतकी माता ! सर्बज्ञ ! पर्वतीजीले
आफ्नी ती जननीलाई अति आनन्द पारी रे

६५१

बोल्नु भो नरम मीठो बचन य सरी त्यहा
मात !सुन्नुहओस् मैले यो देखे सपनामहा
हजुर्मा गर्दछु विन्ति एक अतिव सुन्दर
ब्राम्हाण असल गोरो आईकन मनैनिर

६५२

शिक्षा मलाई ता यस्तो दिए हे जननी ! अनि
' हे शैलजे गर चाडो तपस्या तिमिले पनि
नारदका कुरा सारा हो त्यो सत्य भनि कन
विचार गरि यो मन्मा हे दुर्गे ! अनि ता सुन

६५३

लागेकोछ मत राम्रो मेना गिरीशलाई यो
दोषहारक सुखदायक् हुन्छ है तप ता ठुलो
तपोवल्ले विधाताले प्रपञ्चहरू यो सब
रचना गरनुहुन्छ शैलजे ! जान यो अब

६५४

तपोवल्ले जगत्राता हुनु भो ती हरि पनि
तपोबल्ले महारूद्र गर्नु हुन्छ विनाश नी
तपकै बलले शेषनागले भूमीको सब–
-धारण गरनु हुन्छ भार त्यो जान है अब

६५५

पार्वती सब यो स्रिष्टि तपकै छ अधारमा
बुझेर यो कुरा मन्ले गएर अब बन्महा
तपस्या गर यो भन्ने उपदेश दिए भनि
बताउनु भयो सारा पार्वतीले त्यहा अनि

६५६

सुनेर यो कुरा सारा , मेनाले हृदय महा–
आर्श्चर्य मानी फेरी ती हिमालय कन तहा
डाकेर स्वप्न बृतान्त सुनाईन सकल अनि
भए अत्यन्त आर्श्चर्य त्यो बेला ती दुई पनि

६५७

सम्झाएर दुवैलाई नाना तरहले तहा
पार्वतीले अनि फेरी प्रशन्न भई चित्तमा
तप गर्न भनि जानुभयो जंगलमा अनि
व्याकुल् भए परिवार प्रिय मातापिता पनि

६५८

निस्केन बाक्य मुखबाट पनि हा !दु :खले गरी
वेद शिरा ऋषि आई अनि सब्लाई त्यो घरी
सम्झाएर भने सारा महिमा पार्वतीजीको
ज्ञान भयो सबैलाई सुन्दा सत्य कुरा ती जो

६५९

प्राण प्यारा महेश्वर्को चरण राखी चित्तमा
लाग्नुभयो तप गर्न पार्वती पनि बन्महां
अत्यन्त नै सुकुमार हुनाले शरीर पनि
थिएन तपको योग्य पार्वतीको तथापी नी

६६०

सम्झेर पतिको पाउ सुख भोग् छाड्नुभयो सबै
लाग्नुभयो तप गर्न एकाग्र स्थिर चित्त भै
नित्य नयाँ अनुराग पैदा भो शिवपाउमा
विर्षिएर शरीर् आफ्नो समेत नै तपमहा–

६६१

एकाग्र भो मन , फेरी हजार वर्षसम्म ता
फल फूलहरू मात्रै खानुभो फेर् पछाडी ता
खाएर साग नै मात्र बस्नुभो शत वर्ष नै
खानुभो केहि दिन् फेरी जल र बायु मात्र नै

६६२

केहि दिन निराहार गर्नुभो स्थिर भै कडा
तिन हजार बर्षै ता झरेका भुमि माथिका
खानुभयो सुकाएर झरेका पात हेरू जो
फेरी तेहि सुकाएका पर्णलाई पनि अहो !
६६३

छाडिदिनुभयो खान उमाको नाम ता अनि
'अपर्णा' भनी प्रख्यात भयो सब् लोकमा पनि
देखेर तपले क्षिण शरीर पार्वतीकन
नभमा ब्रम्ह बाणी भो गम्भिर ध्वनी भैकन
६६४

सुन हे शैलजे ! तिम्रो मनोरथ पुरा भयो
खप्न नसकिने क्लेश सारा छाड तुरून्तै यो
पाउने छौ शशिशेखर्-लाई स्वामी तिमी अब
सफल् तिम्रो भयो इच्छा मनका अम्विके सब
६६५

ज्ञानी धीर मुनि धेरै भए हेर अनेक जो
गरेनन् तर है यस्तो तपस्या तिनले अहो !
सत्य सुद्ध भनी जानी ब्रम्ह बाणिकन अब
राखे हृदयमा नित्य हुनेछ सत्य यो सब
६६६

बोलाउन तिमीलाई आउने छन् गिरि जब
तब जानु तिमी घर्मा छाडी हट हरू सब
सप्तऋषिहरूसाथ होला भेट जब अनि
प्रमाण सम्झनु तिम्ले यो नभबाणीको पनि
६६७

भन्ने मधुर र मीठा नभमा ब्रम्हले सब
बोलेको बचन सुन्दा हुनुभो हर्षित तब
रोमाञ्च भो अपर्णाको शरीर प्रेमले गरी
प्रेमका जल आएर दुबै नजर भो भरी
६६८

हे भारद्वाज ! मैले यो पार्वतीका मनोहर
गाएँ लीलाहरू सारा शिवका अब सुन्दर
चरित्र भन्दछु फेरी, गएर यज्ञमा पनि
गर्नुभयो शरीर् त्याग जैले श्री सतीले अनि
६६९

वैराग्य भो त्यहि बेलादेखि श्री शिवचित्तमा
जाहि ताहिं अनि नाम रामकै जपी लोकमा
-सुन्ने हुनुभयो फेरी गुंणानुवाद रामकै
हिड्नुहुन्थ्यो सदा किर्तन गरेर रघुनाथकै
६७०

चिदानन्द सुख धाम शिव सुन्दर शास्वत
सारा लोक अभीराम् मद् मोह काम बर्जित
यस्ता श्री शंकर राखी चित्तमा हरिलाई नै
लाग्नुभयो भ्रमण् गर्न खुसी भै सबलोक मै
६७१

आशुतोष मुनिलाई ज्ञानको उपदेश नै
-गर्नु हुन्थ्यो – कहि फेरी रामको गुण बर्ण नै
यद्यपी भगवन् ! शम्भो ! ज्ञानपूर्ण महेश्वर !
काम विकारले हीन हुनु हुन्थ्यो निरन्तर
६७२

तथापी भक्तिनी आपन्नी सती विरहका ठुलो
-दुःखले व्याकुल शंकर हुनुहुन्थ्यो अतिव जो
एवं प्रकारले धेरै काल विल्न गयो अनि
नविन भो सदा प्रीति रामका पाउको पनि
६७३

शिवका नियम निष्ठा प्रेम हृदयमहाँ
अविरल् भक्तिको रेखा पनि श्री रामले तहाँ
देखेर करूणामसागर्, कृतज्ञ, र सुशिलका-
-खानी उदार तेजस्वि प्रकट् भै रघुनाथ ता
६७४

"हे शम्भो ! हजुर छाडी कठोर ब्रत यो ठुलो
कस्ले पूर्ण गरेको छ" भन्दै खुसी भएर पो
प्रशंसा शिवको धेरै गरेर रघुनाथले
सम्झाउनु भयो फेरी शिवलाई अनेक रे
६७५

सुनाउनु भयो फेरी पार्वती जन्मका कुरा
दीनबन्धो ! दया सागर् रामले खुसी भै पुरा
पार्वतीका लीला सारा बयान गर्नु भो अनि
भन्नु भो करूणा सागर् रामले फेरी यो पनि
६७६

मेरो विन्ति अब सारा सुन्नुहोस् शशांक ! रे
ममाथि प्रभुको स्नेह छ भने यदि नाथ ! रे
विवाह शैलजासाथ गर्नुहोस् हजुरले
म माग्दछु यहि नाथ ! वर यो दिनुहोस रे
६७७

भन्नु भो शिवले फेरी यस्ता तवरले अनि
यो कुरा उचित छैन साचो भन्दछु ता पनि
तथापी बचन मेट्न सक्तिन प्रभुको अब्
प्रभो ! हजुरको आज्ञा शिर्मा घरिन्न सब
६७८

आज्ञाबमोजिमै सारा गर्दछु दिनबत्सल !
हो मेरो परम धर्म यहि नै नाथ ! निर्मल
माता पिता गुरू स्वामीहरूका बचन प्रभो !
विना विचार नै राम्रा ठानेर मान्नुपर्छ पो

६७९

नाथ ! सारा तरहले हजुर
मेरो परम् हितकारी जरूर -
- हुनुहुन्छ दीनबन्धो ! दयालो !
अन्तर्यामिन् ! नाथ ! मेरा कृपालो

६८०

शिरोपर् गर्दछु आज्ञा भगवन् प्रभुको अब
भक्ति विवेक र धर्म संयुक्त गरिनै सब
रचेको वचन यस्तो सुन्दा श्री शिवको सब
सन्तुष्ट भगवान् राम हुनुभो खुसीले तब

६८१

अनि भन्नुभयो फेरी शिवे हजुरको पनि
प्रण रहयो अब मैले गरेका विन्तिको पनि
ख्याल हृदयमा राख्नुहोला अब निरन्तर
भन्दै हुनु भयो राम अन्तर्ध्यान त्यहा फिर

६८२

शिवले रामको तेही राख्नु भो रूप चित्तमा
सप्तऋषिहरू आए अनि शिव समीपमा
अति मनोहर बाणि बोल्नुभो शिवले अनि
तिमीहरू गई सारा - पार्वती समीप पनि

६८३

परिक्षा – प्रेमको – लेऊ , अनि गिरीशलाई ता -
सम्झाई , – गिरीजालाई पठाउ घर भित्र ता
सन्देह दुर् गर तिन्का भन्ने यो शिवका मिठा
सुनेर वचन सप्तऋषिले मन भित्र ता

६८४

मानी परम आनन्द खुसीसाथ अनि पछि
बस्नुहुन्थ्यो जहाँ दुर्गा पुगे त्यही समस्त ती
त्यो बेला शैलजालाई ती सप्तऋषिहेरूले
मूर्तिमान तपजस्तै देखे आफ्ना अगाडी रे

६८५

दुर्गाको चरणलाई बन्दना गरि चित्तले
अत्यन्त मनमा हर्ष भएर अनि फेरी रे
ती ऋषिहरूले विन्ति गरे पर्वत नन्दिनी
के कारणले तिमी ठुलो गर्दछौ तप यो पनि

६८६

आराधना तिमी कस्को गर्दछ्यौ हृदयमहा ?
चाहन्छौ भन के ? सत्य त्यो मर्म हामीसाथमा
सुनेर बचन यस्ता ऋषिको पार्वतीजीले
गूढ मनोहर बाणि बोल्नुभो अनि फेरि रे

६८७

आफ्ना गुप्त कुरा सारा भन्दा मुनिशहेरू हो
अति संकोचित चित्त हुन्छ लज्जित् भएर पो
हास्नु होला सुनी मेरो मूर्खता हजुरहरू
परेको छ हठ मन्मा मान्दैन अब के गरूँ

६८८

त्यो सुन्दैन अरू अर्ति शिक्षा पनि कुनै हरे
पानीमाथि भितालाई खोज्छु उठाउन म रे
नारदका बचन्लाई मानेर सत्य नै सब
विना – पंखा पनि उड्न खोज्दछु म हरे अब

६८९

हे मुनिश्वर ! हो मेरो अज्ञान हेर्नुहोस् यो
खोज्दछु है मता स्वामी निर्बिकार् शिवलाई पो
हाँसे सप्तऋषि सारा सुन्दा बचन यो सब
भन्नलागे अनि फेरी गिरीजालाई यो तब

६९०

पर्वतबाट जन्मेको तिम्रो शरीर ता हरे
रहेछ निश्चय सत्य शैलजे ! सुन आज रे
नारद ऋषिको शिक्षा सुनेपछि पनि हरे
घर्माको छ बसेको लौ? भवानी ! भन फेरी रे

६९१

दक्षपुत्रहरूलाई पैले ती नारदजीले
शिक्षा दिए गई बन्मा अनि सब् तिनीहरूले
फेरी आएर हेरेनन् फर्किएर घर पनि
अपर्णे ! सुन है फेरी उनै नारदले अनि

७९२

विगारे घर चित्रकेतु भुपै को
अनि फेरी गर्दा तिनले यसै जो
ती दैंत्यस कनककशीपुको नै
भयो लोकमा हाल कस्तो अहो ! है

६९३

जुन् नारी नरले शिक्षा सुन्दछन् नारदजीको
अबश्य नै ती ता सारा घर द्वार त्यजेर पो
भिकारी लोकमा हुन्छन् , भने सत्य सुनेर यो
" नारद मनक कप्टी , तनका मात्र सन्त पो

६९४

भन्ने बुझिन्छ हे दुर्गे ! सम्झ ती सबलोकमा
विरागी पार्न चाहन्छन् आफुनै सरि चित्तमा
तिनकै बचनमाहा मानी विश्वास ता ठुलो
स्वाभाविक – उदासीन, निर्गुण नीरलज्ज पो
६९५

कपाली बंशले हीन गृहहीन ! दिगम्बर !
सर्पभूषण् ! शशिशेखर् ! नीलकण्ठ ! भयंकर
यस्ता ती शिवजीलाई मुर्ख ! तिमी हरे अब
खोज्दछ्यौ स्वामीनै पार्न होईन की ? भन अब
६९६

स्वामी पाएर हा ! यस्तो सुख्होला कुन ? लोकमा
छलाउदा हरे ! ठग्ले फसिछौ तिमी खुद यहा
भन्दामा पञ्चले पैले ती दिगम्वर ! शम्भुले
विवाह सतीका साथ गरे यो सम्झ सत्य रे
६९७

हें लागेर र आखिर्मा मराए तिनलाई ता
सुत्तछन् मस्त भै हेर आनन्द साथमा ती ता
फिकीछैन कुनै खान्छन् मागेर शि व ता सधैं
सहज् एकाकिका घर्मा के नारी खप्तछन् रहै ?
६९८

अझै पनि तिमीमान भनेको हामीले सब
तिम्रा निमीत्तमा योग्य वर ता हामीले अब
राखेका छौं गरिसोच ती छन् सुन्दर नै अति
पवित्र सुखका दाता सुशील जगका गति
६९९

जसको कीर्तिको लीला गाउछन् सब वेदले
गुणका निधिछन् – सारा दोषरहित पूर्ण रे
रमाका पति बैकुण्ठ- निवासी वरलाई नैं
ल्याई सत्य गरिदिन्छौ तिम्रासाथ विवाह नै
७००

सुनेर बचन त्यस्ता ती ऋषिहरूका सब
हाँसेर भन्नुभयो फेरी पार्वतीले पनि तब
मुनीशहरू हो !सत्य भन्नुभा सब् हजुरले
पर्वतबाट जन्मेको हो यो श रीर सत्य रे
७०१

छुट्दछ बरू यो देह छूट्दैन हट यो अब
सूवर्ण पर्वतबाटै पैदा हुन्छ अनि जब
गाले पनि त्यसलाई सहजै प्रष्ट अग्निमा
आफ्नो जडपनालाई त्यस्ले छाड्दैन लोकमा
७०२

म पनि छाड्ने हैन नारद्को बाणी त्यो सब
चाहे बसोस् घर – उन्जोस् डराउन्न मता अब
गुरूको बचनमाथि प्रतीति छैन जस्कन
स्वप्नामा पनि सुख सिद्धि हुदैन लाभ त्यस्कन
७०३

अबगुण्का हुनुहुन्छ भगवन् शशिशेखर !
सम्पुर्ण गुणका धाम – स्वरूप विष्णु छन् तर
जसको रम्दछ चित्त जसका साथ सत्य रे
तेसैका साथमा तेस्को मत्लब् हुन्छ सदैब रे
७०४

हे मुनीश्वर हो ! हजुरहरू त पैले अघिबाट नै
भेटिनु भएको भए अनि मता तब हजुर्हेरू कै
शिक्षालाई शिरोपर गरिसबै सुन्ने थिएँ हर्षले
शंकर्का हितका निमित्त अबता यो जीवनलाई रे
७०५

- मैले हारीसकें मुनीशहरू हो ! फेरी यहा गुण र
दोषको व्यर्थ विचार कोगरि रहोस् त्यस्बाट के हुन्छर
धेरैनै हट छ भने हृदयमा हजुर्हरूको सब ?
लमिपन् नगरी सर्किन्न रहने भने ? म भन्छु अब
७०६

यस्तो रहर गरने जनकनै हुदैन आलस्य नै
छदैछन् जगमा अनेक वर र कन्याहरूता सधैं
हे मुनिश्वर हो ! यसै जनममा मात्रै म भन्दिन रे
लाग्यो यो रटना मलाई त सधैं कोटि जनम् सम्म रे
७०७

यस्तो शंकरलाई नै गरूँ वरण् नत्र किता लोकमा
- कन्या नै रहेनेछु निश्चय छ है यही सदा चित्तमा
आफैं आई स्वयं भने पनि अब शयौंपटक् शम्भुले
छोड्दिन उपदेश नारदजीको जान्नु हओस् सत्य रे
७०८

पाउपर्दछु हे श्रृषे ! हजुरका हजूर्हरूलाई ता
होला जान घरै विलम्ब अहिले यो भन्दछु सत्यता
यस्ता बाणि सुनेर पार्वतीजीका देखेर त्यो प्रेम रे
त्रिकाल दर्शि ती सप्त ऋषिले गद् गद् बनी भक्तिले
७०९

जय जय जगदम्वा ! भवानी !
जयमाता ! हे शिवे ! शम्भुरानी !
हजुर् माया शक्ति संचालिका र
पर्मेश्वर परम ब्रम्ह हर
७१०

पिता माता सर्बलोकहरूका
सदा अर्ध नर नारी स्वरूपा
यतिमात्रै बोली रोमाञ्चले नै
ढाकिएका शरीर प्रेमले नै
७११

सप्त ऋषिहरू सारा बारंबार भवानीको
पाउमा शिर राखेर हिडे हर्ष भएर पो
गएर ऋषि सारा ती तुहिनाचललाई ता-
-पठाए उनले आई विनय गरि घेर ता
७१२

घरमा पार्वतीलाई ल्याए खूसी भई अनि
सप्तऋषिहरू सारा भएर हर्षित पनि
गएर शिवका साथ् बृतान्त पार्वतीजीको
सुनाए पहिले देखि अन्त्य सम्म समस्त त्यो
७१३

सुनेर प्रेम दुर्गाको मग्न हुनु भयो शिव
फर्किए घरमा हर्षित भएर ती ऋषि सब
अनि स्थिर गरि फेरी मन्लाई शशिशेखर
गर्न लाग्नु भयो घ्यानरामको फेर् निरन्तर
७१४

सुरत्रास

तेहि कालमहा फेरी प्रतापी बलबान र
थियो प्रचण्ड दुर्धर्स भिषण अति दुर्धर
भएको तारक नाम एक राक्षस तेसले
जित्यो लोकहरू -सारा - दिक्पाललाई कोधले
७१५

सुख संपत्तिले रीत्रा भए देवहरू सब
हुदाँमा दैत्य ती सारा अजर अमर तब
अजेय ती थिए सारा देवताहरूले पनि
विविध भाँतिले यु द्ध गरे समरमा अनि
७१६

हारे तर अनि सारा दु:खी भै तिनीहेरूले
गरे दु:ख पुकारा त्यो ब्रम्हाजीको हजुर रे
देखेर दु:खित सारा देवलाई विरञ्चिले
बुझाएर सबैलाई भन्नुभो अनि प्रेमले
७१७

पैदा भएका शिव वीर्यबाटनै -
- होला जुनपुत्र अनिपछि तबै
जित्नेछ यस्लाई रणविषे सुन
हुनेछ मृत्यु तब दैंत्यको गुन
७१८

तथापी भन्दछु एक उपाय सुर हो ! अब
गरे सहाय ईश्वरले त्यो हुन सक्दछ सब
दक्षका यज्ञमा देह छाडेर सती देवीले
जन्मिइन् फेरी ती ऐले पर्वत पुत्रि भएर रैं
७१९

'शिवलाई पति पाउँ' भनेर तिनले अनि
गरिन् तप अति ठूलो गएर बनमा पनि
त्यगेर सब् कुरा शम्भो चढाएर समाधि नै
राज भईरहेको छ गरेर ध्यान ब्रम्हकै
७२०

यद्यपी छ अति गाह्रो यो कुरा पनि ता अब
तथापी एउटा मेरो कुरा सुन तिमी सब
पठाउ मदनलाई नगीचै शिवको पनि
गराओस् क्षोभ र चञ्चल शिवका चित्तमा अनि
७२१

हामीदेव गई सारा वन्दना गरि शम्भुको
करले जबरजस्ति गराउँला विवाह त्यो
एवं प्रकारले फेरी हुनेछ हित देवको
भन्ने ब्रम्हाजीको आज्ञासुनेर खुसीसाथ पो
७२२

अत्यन्त उत्तम हो यो मन्त्रणा भनी देवले
निर्णय त्यो गरी फेरी सारा ती देवतादिले
पुकारा गरन लागे त्यस निम्ति अनंगको
त्यहि प्रकट् भए झट्टै मदन पनि फेरी जो
७२३

विपत्तिहरू ती सारा बताए जब देवले
सुनेर त्यो सबै मन्मा विचार गरि कामले
हाँसेर भन्दछन् फेरी भगवन् शिवसाथमा
गर्दा छल भलो हुन्न मलाई अब लोकमा
७२४

काम चरित्र

तापनि देवतादिको गर्दछु काम यो म रे
परम धर्म हो भन्छन् उपकारलाई वेदले
अर्काको हितको निम्ति जस्ले त्याग्दछ देह यो
त्यसैको गर्दछन् नित्य सह्राना वेदहेरू जो
७२५
भनेर बिन्ति यो गर्दै बन्दना शिरले गरी
सहायहरूका साथ धनु सुमनको धरी
हिडे ती मदन फेरी गर्दै यो सोच चित्तमा
' गर्नाले शिवका साथ विरोध अब लोकमा
७२६
अबश्य मरण मेरो होला ' भन्ने विचारी यो
फैलाए कामले आफ्ना प्रभाव ता तुरून्तै पो
पारे अधीनमा आफ्नो सारा यो विश्वलाई नै
बिषमबाण ती क्रुद्ध भएथे जब चित्तमै
७२७
तब ता पलभरीमा नै वेद सास्त्र समस्तको
मर्यादा नष्ट भो - सारा - भाग्यो धर्म र कर्म पो
महात्माहरू जे सारा यो चराचर लोक नै
देख्दथे परमब्रम्हमय मग्न परिकनै
७२८
तिनै ज्ञानीहरू देख्न - लागे नारीमय अब
दुई घडी जति सारा ब्रम्हाण्डभित्रका सब
पुरूषमय संसार देख्दथे ललनाहरू
नरीमय जगत् देख्न लागे सब् पुरूषहरू
७२९
मीनध्वज्का महिमाले यो कौतुक भयो तहा
कोहिले पनि धीरज धरेन हृदयमहा
मनसिज्ले हरे सबको मन ता मोहित गरी
जसको रामले रक्षा गर्नुभो हेर त्यो घरी
७३०
बचे तिनीहरूमात्र प्रथम सरि नै अहो !
कामबस भए सारा चर्अचर् अरू प्राणी जो
गए मदन शंकरका नगीचै जबसम्म
यस्तै लीला भयो सारा ती दूई घडीसम्म
७३१

काम भष्म

डराए जब कन्दर्भ देखेर शशिशेखर !
तुरून्तै अनि ब्रम्हाण्ड यथास्थिती भयो फिर
भए जीवहरू सारा आनन्दि यस रीतले
सुखी हुन्छ मदवाला मद् हट्ता जस रीतले
७३२
दुर्गम फेरी दुराघर्ष भगवन् शिवजीकन
देखेर रतिका नाथ ! भयभित भए सुन
' लाज हुने भयो फ़र्किगएर काम नभै पुरा
सकिएन हरे ! गर्न यहाँ केही पनि कुरा '
७३३
भन्ने विचार यो गर्दै मनमा झषकेतुले
आंटेर मरन सम्म लागे गर्न उपाय रे
प्रकट् भए अनि फेरी तुरून्तै ऋतुराज ती
सजाए नविन पारी वन जंगलहेरू ती
७३४
सुशोभित भए सारा फूलले रूखहेरू ती
चल्न लाग्यो मधुर् मीठा सुवास गम्किएर की
पंकजहरूले ढाक्यो जलासयहरू सब
निर्मल जलले पूर्ण मनोहर भए तब
७३५
त्रिविध समीर चल्नलाग्यो चित्त हरेर रे
फूलका मधुर मीठा फिजाएर सुगन्ध रे
फूले कुसुम ती सारा ढाकेर जगतै सब
बाटीका वन र बाग मनोहर भए तब
७३६
हेर्‍यो जहाँ उहीं चित्त रम्दथ्यो मोहित भई
पार्‍यो अपार गुल्जार ऋतुराज स्वयं गई
परम् सुन्दर् भए मानौ त्यस औशरमा तहाँ
प्रेम नै उम्लिई हो कि ? लागेको आउनै तहाँ
७३७
सुरम्य भो जंगल मोह पारने
मरीरहेको मन नै जगाउने
अनंगको मेहरबानीले गरी
जागे सबैको मन मोहमा परी
७३८

मरेका मनमा पनि तेसबखत् जागे मदन अहो !
नसक्ने हुनगो बयान गरन सौन्दर्य कैलाशको
मदन रूपी अग्निका प्रिय सखा हावा पानी त्यो घरी
लाग्यो चल्न सुगन्ध मन्द र अनि शीतल् भई बेसरी
७३९

ना ना रगींबिरगीं पद्यहरू सब् फुले तलाउ महा
लागे गुञ्जनगर्न सुन्दरगरी मधुकर भन् जहाँ
हंस कोयली आदिका सकल ती पक्षीहरूले पनि
लागे बोल्न मीठा गरेर सबका खिचेर चित्तै पनि
७४०

लागे नाचन अप्सराहरू पनि मन् लाई हर्ने गरि
उपाय हरू त गरे सकलले कोटि थरी त्यो घरी
हारे सैन्य सहितका रति पति योगेश श्री शम्भुको
डगेन अचल समाधि त मदन् क्रुद्ध भए भन् अहो !
७४१

देखे हाँगा अनि तिन्ले सुन्दर आम्रबृक्षको
तेसैमाथि चढे क्रोध गरेर चित्तमा ठुलो
फुलका धनुमा फुल्कै संमोहन शर पनि
जोडेर रीसका साथ त्यस मदनले अनि
७४२

कानसम्म खिचि ताँदो हाने अतिब बेगले
बिषम बाँण त्यो लाग्यो शिवका छाती माथि रे
खुल्यो समाधि ता झट्ट जागा हुनु भयो हर
भयो हृदयमा क्षोभ विशेष अनि शंकर
७४३

- खोलेर नजर सबैतिर घुमी लाग्नु भयो हेर्न जो
मग् मग् सुन्दर बास आई रहने त्यो आम्रपल्ववको
ओटमा रही च्याही - हेरिरहने मनसिजलाई ता
देखदा क्रोध उठ्यो अति तेसबखत् श्री शंकरलाई ता
७४४

लाग्यो डग्मग् गर्न लोक हरू ता काँप्यो तिनै लोक रे
तेश्रो नयन भालको शिवजीले खोल्नु भयो उग्रे रे
हेर्नसाथ शशांकले जलिकनै कन्दर्प खाग भयो
हाहाकार भएर लोक भरि नै डर्दा भए देव जो
७४५

असुरहरू हर्षित हुनगए भोगिहरू ता अनि
कामको सुख सम्भि शोक गरन लागे अधीर बनी
योगीहरू अकन्टक हुन गए साधु भए हर्ष रे
मग्नपर्न गए ती जोगीहरू ता तर रति ता हरे
७४६

सुन्दामा पतिको गति मुर्छित भईन् अति शोकले
रूदैं धेरथरी विलाप गरदै आफ्ना पति माथि रे
- ममता गरदै सदा शिवजीको पुगिन् नगिचै महा
अत्यन्त अनुरागले अनि दुवै जोडेर हात तहा
७४७

विविध थरिले गरेर विनति स्तुति गरिन् शम्भुको
फेरी संमुखनै खडा भई रहिन् तिन्लाई देखेर जो
आशुतोष दयालु शंकरजीले योग्य बचन पनि
बोल्नुभो अबला भनेर तिनमा गर्दै दया यो अनि
७४८

आज देखि रति तिम्रा स्वामी यि कामदेवको
हुनेछ लोकमा नाम 'अनंग' भनी हेर जो
ब्याप्त गर्नेछ त्यो फेरी विना शरीर प्राणीमा
भेट होला पछि तिम्रो त्यसका साथ भुमिमा
७४९

बसुधाको ठुलो भार हरनाका निमित्तमा
जब श्रीकृष्णको होला अब्तार यदुवंशमा
अनि तिम्रा पति फेरी पुत्र भैकन कृष्णको
जन्मिनेछ पुरीद्धारा बतीमहा पुगेर जो
७५०

हुदैन बचन मेरो अन्यथा कहिले पनि
यस्तो शंकरको आज्ञा सुनेर खुसी भै अनि
रतिदेवी गईन् घर्मा , भारद्धाजमुनि ! अब
कथा विस्तारले भन्छु अरू ती बाकि ता सब
७५१

देव स्तुति

समाचार जब पाए ब्रम्हादि देवतादिले
गए बैकुण्ठमा फेरी अनि ती देवहेरूले
विष्णुलाई लिईसाथ खुसी भैकन ती अनि
आए देवहरू सारा शिवका धाममा पनि
७५२

कृपासागर श्री शम्भो राज हुन्थ्यो जहा अनि
पुगेर त्यहीनै थाले गर्न स्तुतिहरू पनि
भिन्दा भिन्दै गरे सारा स्तुति विविध भाँतिले
प्रशन्न हुनुभो भालचन्द्र श्री आशुतोष रे
७५३

दिंनबन्धो ! दयासिन्धो ! भगवन् शिवले अनि
आयौ तिमीहरू सारा देव के का निमित्त नि
मलाई कारण सारा भन त्यो , भनी शम्भुले
सोध्नु भयो र यो फेरी भन्नुहुन्छ विरञ्चिले
७५४

हुनुहुन्छ दयाराशि ! अन्तर्यामि ! हजुर ता
ता पनि गर्दछु विन्ति प्रेमबस भई म ता
यि सारा सुरका मन्मा अभिलाषा छ यो ठुलो
अनि उत्साहका साथ यिनीहरू हजुरको
७५५

विवाह हेर्न चाहन्छन् हे शशि ! भुषण प्रभो !
हे मदनमदमेचन् ! दयासागर ! नाथको
अबता हेरन पाउ त्यो उत्सब नयन् भरी
शशांक ! गर्नुहास् केहि उपाय अब यो घरी
७५६

कामलाई भष्म पारेर नाथ !
रतिलाई दिनुभो वर साथ
गर्नुभयो उत्तम यो कुरा रे
सारा ईच्छा रतिका भो पुरा रे
७५७

गरि ठुलो शास्ति प्राणी सबैमा
अनुग्र ह फेरी गर्ने छिनैमा
स्वभावै हो जन्मसिद्ध प्रभुको
नाथ झैं छ भक्तवत्सल् अरूको
७५८

गरेकोछ तप ठुलो पार्वतीले पनि प्रभो !
स्विकार गर्नुहोस् नाथ दयागरि अब बिभो !
विन्ति ब्रम्हाजीको यस्तो सुनेर शंकरजीले
आज्ञा समेत ती सम्झि रामको पनि फेरी रे
७५९

आनन्द मनमा मानी , देव हो ! तिमीहेरूको
ईच्छा पुराहोओस् सारा यो कुरा तब भन्नु भो
भगवन् शिवको आज्ञा सुनेर देवतादिले
कुशुमाञ्जलीको बर्षा गरे बाद्य बजाई रे
७६०

विन्ति गरे अनि फेरी सुरस्वामीन् हजुरको
जय जय जय होस् गिरिजा पति शम्भुको
मौका असल ठानेर आए सप्तऋषि पनि
ब्रम्हाले ती ऋषिलाई तुरून्तै खुसीले अनि
७६१

तुहिनाचलको घर्मा पठाउनु भयो पनि
अगाडी पुगी दुर्गाको पैले तिनीहरू अनि
छलमीश्रीतको मीठो भन्न लागे कुरा यी जो
भवानी तिमीले पैले हामीहरू समस्तको
७६२

सुनिनौ अर्ति र हाम्रा शिक्षाहरू पनि कुनै
लागेर ठग नारद्का ती शिक्षहरूमा कठै
अब तिम्रो पंण झुटो भयो दुर्गे ! महेशले
जलाई दिनु भो हेर त्यो मीनध्वजलाई रे
७६३

सुनियो बचन सारा मुस्कुराएर ता अनि
आज्ञा भो ती सबैलाई श्री पार्वतीजीले पनि
हे मुने ! ज्ञानका खानी ! तपाईहरूले सब
ऐले भन्नु भयो ठीक्क - कुरा भन्दछु यो अब
७६४

बिचारमा सब हजुर्हरूको
जलेछ है काम आजै बरू जो
ऐले सम्म भगवन् शंकर ता
रहेछन् है सबिकारी हर ता
७६५

ऋषे ! समझमा मेरो श्रीशंकर निरन्तर
निर्दोष जन्मले हिन अकाम योगी श्रीहर
भोगेले हीन छन् नित्य मैले सम्झेर यहि नै
लगाएर मन नित्य शिवका पाउपद्म मै
७६६

प्रीती र भक्तिका साथ मन-कर्म र बाणीले
सेवा गरि रहेको छु भने सत्य पुरारीले
गर्नु हुनेछ यो पूर्ण मेरो प्रण पनि सब
सत्य भन्दछु यो सारा सुन्नुहोस ऋषे ! अब
७६७

हजुरहरूले ऐले ' भगवन् शंकर जीले-
जलाउनु भयो आज त्यो मीनध्वजलाई रे
भनेर जो कुराआई मलाई भन्नु भयो भो सब
हो त्यो हजुरहरूको अविवेक ठुलो अब
७६८

यस्तो सहजको बानी छ कि अनलको पनि
तुषारो कहिलै त्यस्का जादैन नगीचैं पनि
गएमा पनि त्यो नष्ट हुन्छ निष्चय नै हरे !
तेहि सरि गरेको हो शिवमा र यो अनंगले
७६९

भवानीका मधुर् गभिर सुनेर वचन हरू
प्रीती विश्वास देखेर खुसीभै मनमा अरू
गरेर शैलजालाई बन्दना अति हर्षले
तुहिनाचलका सामु गएर अनि फेरी रे
७७०

सुनाए सब वृतान्त ऋषिले आदि देखिको
भए दु :खित ती काम भस्मको सुनि हाल त्यो
भने खबर त्यो फेरी रतिका बरदान को
ती सात ऋषिले सारा बयान गरि शम्भुको
७७१

भए अतिव आनन्द हिमाचल सुनेर त्यो
विचार मनले गर्दै शम्भुका पनि शक्तिको
ती मुनिहरूको धेरै गरेर आदर पनि
बोलाएर अनि फेरी आपन्ना प्रेहित नैपनि
७७२

तिथी नक्षत्र ती राम्रा पारेर असल सब
घडी पलाहरू सारा विचार गरि ती सब
बैदिक विधिका सारा विवाह लग्नका सब
लेखाएर अति राम्रो पत्रिका लग्नको तब
७७३

दिए ऋषिहरूलाई अनि फेरी गिरीशले
समाति ऋषिको पाउ गरे विनय धेर रे
फर्किए ऋषि ती सारा हर्षले अनि फेरी ता
टकाए लग्नको पाती गएर विधिलाई ता
७७४

बाच्दा त्यो लग्नको पाती ब्रम्हाको हृदयमहा
अटाएन परम् ठुलो आनन्द फैलियो तहा
अनि ब्रम्हाजीले फेरी त्यो लग्न पत्रिकाकन
सुनाउनु भयो सारा - लाई हर्ष भई कन
७७५

मुनि र सुर हेरूका फउज हरू त्यो घरी
सुन्दा खबर त्यो सारा भए आनन्द बेसरी
कुशुमाञ्जलीको बर्षा बारंबार भयो तहा
मंगल् बाद्यहरू बज्नलाग्यो घन्कि आकाशमा
७७६

पार्वती मंगल

दश् दिशाहरूमा छायो पूर्ण मंगल र खुसी
भए हृदयमा हर्ष देवहरू र ती ऋषि
विमानहरू र आपन्ना वाहनहरू ती सब
लागे सजाउन सारा विविध थरिले तब
७७७

मंगल कलश हेरू लगे सजन सुन्दरी
मंगल गाउन लागे अप्सराले मिठो गरि
प्रमथगणले फेरी भगवन् त्रिपुरारिको
श्रृंगार गरन लोग अद्‌भुत र अपारको
७७८

जटाको मुकुट पारी सर्पका मौरले पनि
सजाए कानमा फेरी सर्पका कुण्डल अनि
लगाएर अनि फेरी सर्पकंकण हातमा
पारे विभुतिले सुन्दर् घसेर शिवगाथमा
७७९

बाघको छाला - रूपी वस्त्र लगाई कम्वरै भरी
छदैछन् भालमा चन्द्र सुशोभित् किरिटै सरी
कल्कि जस्तै गरी झल्कि गंगैछन् शिरमाथि रे
विशाल पद्य झैं राम्रो आंखा छन् तीन फेरी रे
७८०

काँधमा छ अति राम्रा जनै बासुकिको पनि
सुशोभित भएकोछ घांटिमा गरलै अनि
बनृभाला मुण्डमाला छ फेरी शोभित छातीमा
गोरो छ सुन्दर गाथ शशि झैं जो अनुपमा
७८१

अमंगल थियो बेष तापनि भालचन्द्को
आशुतोष हुनुहुन्थ्यो स्वयं श्री 'शिव' धाम पो
त्रिशुल डमरू शोभित् भयो श्री करपद्यमा
नन्दिमाथि सवारी भो श्री शम्भु वर भेषमा
७८२

मंगल बाद्यहरू बज्न लागे घन्किई जोरले
देखेर दृष्य यो हास्न लागे देवबधु ती रे
'सुहाइने बधु यस्ता यि राम्रा बरलाई ता
छैन ब्रम्हाण्ड मै ' भन्न लागे समस्त ता
७८३

ब्रम्हा विष्णु आदि देवहरूको –
- समुहती हर्षले भन् अरू पो
आपन्ना आपन्ना बाहनमा चढेर
जान लागे बरियाती भएर
७८४

देवादिहरूका सारा फउज सब भांतिले
थियो अतिब नै सुन्दर अनुरूप अपार रे
दुलहाका अनुपम भएन बरियात यो
हांसिकन मीठो हाँसो विष्णुले अनि फेरी पो
७८५

बोलाएर सबै देव दिग्पाल हरूलाई रे
'आपन्ना फौजहरूलाई लिएर तिमी देवले
मिलाई लाईन सारा डपन्फा डर्फन्फा गरि अब
जाउँ' भन्नुभयो हामी विष्णुले फेरी यो तब
७८६

बरियांत भएन वर सरिको हे भाई ! हो जान यों
अर्काको पुरमा पुगिकन सबै तिमीहरूले अहो !
आट्यौ आजगराउन अतिठुलो गिल्लापनि लोकमा
भन्ने यो बचन सुनेर हरिको देवहरूले तहा
७८७

मन्दहाष्य गरेर हर्षित भई झट्टै ती देवादिले
आफ् आपन्ना दलहरूलाई सगमा लिई बरियात रे
अलग्गै जबता सबै हुनगए अनि त्रिलोचन् पनि
हांसी बक्सनु भो मुसुक्क मनमा ब्यंग बुझेर अनि
७८८

ब्यंगबचन विष्णुको नहटने भयो मनबाट ता
हरिको प्रिय बाणीलाई शिवले पूर्ण गराएर ता
भृडिङ्ग नामक आपन्नो गणकनै प्रेरित् गरेर अनि
जम्मा पार्नुभयो गणहरू सबै तुरून्तै आपन्ना पनि
७८९

सुनेर शिवको आज्ञा आए गणहरू सबै
झुकाए शिवको पाउ पद्यमा शिर हर्ष भै
थिएन यिनमा कोहिहरूका मुखनै हरे !
थिए फेरी अनि कोहि भएका मुख धेर रे
७९०

नभएका थिए हात खुट्टा कोहि अनि तहा
कसैका हात र खुट्टा थियो धेरै शरीरमा
नेत्र हिन थिए कोहि शिवका गणता हरे !
थियो फेरी कसैका त देहमा नेत्र धेर रे
७९१

हृष्ट पुष्ट शरीर - कोहि - शरीर क्षीण भएका थिए
दुब्लो कोहि र कोहि फेरी अति नै मोटा थिए खुब रे
फोरी कोहि र सुग्घरी हुनगई थिए हिडेका कुनै
थिए भूषणहेरू फेरी तिनका भीषण गजब नै
७९२

थिए फेरी सब्का करमा रहेका
खप्परहरू रगतले भरेका
अनि फेरी ताजा रगत पनि ता
दलेका थिए सरबांग भरि ता
७९३

गधामुखे - थिए कोहि - श्रृंगार मुखका पनि
थिए कुत्ता मुखे भए - कोहि -स्याल झैं मुखका पनि
सक्तछ गीन्ति को गर्न ? बेगन्ति मुखका थिए
भुत पिशाच र जोगी नाना किसिम फेरीए
७९४

तेस्ता ती गणका बर्णन् गरेर सकिदैन पो
तरडिङ्गी भूत र प्रेत पिशाचहरूता अहो !
नाच्दंथे गाउँथे गीत हेर्दथे भीषण गरि
विचित्र बोलि बोलेर भयंकर विविध् थरि
७९५

जन्ति पनि भए उस्तै जस्ता ती -शिवजी थिए
जाँदा बाटो भरि फेरी सुन्दरका अनेक रे
विविध थरिका हुन्थे कौतुक पनि फेरी जो
एबं रित्ले रमाना भो जन्ति श्री शंकरजीको
७९६

अब दुलहीका तर्फ श्री हिमाचलले पनि
अद्‌भुतका अति उत्तम् भन्नै नसकिने पनि
सजाए सुन्दर पारी विमान पन त्यो घरी
अनि फेरी भए सम्म बसुधाका वरीपरी
७९७

भिन्दा भिन्दै बर्णन गर्नलाई
नसकिने लाग्न जाँदा थकाई
ना ना थरी शैल र नदि नाला
ताल ताली जंगल ती निराला
७९८

तिनीहरू सबैलाई निम्त्याए गिरिराजले
कामरूप तिनी सारा धरि राम्रा स्वरूप रे
आपन्ना नारीहरू साथ परिवार सहित भै
ति शैलराजका घर्मा आए हर्ष भई सबै
७९९

मंगल गाउन लागे सुन्दरीहरू प्रेमले
गिरीशले पनि फेरी ती साराका निमित्त रे
सजाएका थिए राम्रा निकेतन अनेक जो
निमन्त्रित जन आई शोभिए तेसभित्र पो
८००

सजिएको नगर्‌शोभा देख्दा ती गिरिराजको
निपुणता पनि लाग्यो ब्रम्हाको सब तुच्छ पो
सारा ती पुरको शोभा हेर्दा ता विधिको सब -
- चतुरता पनि सानी लाग्न लागी अहो ! तब
८०१

नदी तलाउ र बाग बाटिका वन ती सबै
सुन्दर देखिन लागे को गर्न सक्छ वर्णनै
पुरमा मंगला चार हुनलागे सबै तब
तोरन् ध्वज पताकाले शोभियो पुरनै सब
८०२

स्त्रि पुरूषहरू सारा थिए चतुर सुन्दर
मुनिमन पनि लुब्ध भयो त्यो छ विले फिर
स्वयं जगतकी माता गिरिजाले पनि जहा
लिनुभयो अवतार त्यो नर्गेको पनि यहा
८०३

सकिन्छ र वयान गर्न ? जसमा ऋद्दि र सिद्दि अनि
विविध थरिका सुखहरू सबै नित्य नविन बनि
निरन्तर बढि बढिकन सबै आई रहेका थिए
वर्णन् गर्न सकिन्न त्यसपुरको शोभा पनि फेरीए
८०४

सुनेर पुरका ती जन्ति नगीचै आईपुगेको पनि
शोभा खल्‌बलीको बढ्‌यो अतिब नै पुर्मगजब्को अनि
ठीक् पारी सरजामहेरू सब त्यो राम्रो गरि हर्षले
सजाईकन यान बाहन सबै जन्ति लिनलाई रे
८०५

सामग्री लिई पर्छन भनी जादा भए ती जब
पैले ता सुरआदिका फउज ती देखि अगाडी तब
भए पर्वतहरू हर्षित अति हृदयमा त्यो घरी
देख्दामा हरिलाई ती सबजन मोहित् भए बेसरी
८०६

साराले जबता अनि पछि पछि गणहरू शम्भुको
लागे देखन तेस जन्ति बीचमा अनि तिनीहरूको
भागे बाहनहरू भड्की डरले पूच्छर् लुकाएर
बुढाहरू बसे त्यहाँ जिन तिन धैर्य धरेर ती ता
८०७

भागे ज्यान लिएर बालकहरू डर्ले बिकल् भै सब
सोद्धामा तिनीहेरूलाई घरमा माता पिताले तब
डर्ले थर्थरी कांपदै तिनीहरू लागे तहा भन्न यो
के भन्नु ? गरनै सकिन्न अहिले कुरा बरियातको
८०८

जन्ति होकि त ? पल्टनै तिनीहरू हुन्कि यमराजका
बौलाहा दुलाहा चढिकन हरे गोरूमहा फेरी ता
छाला छ बसन भुजंग र अनि माला छ खप्परको
घसी देह भरी खरानी गहना पनि छ है सर्पको
८०९

दिगम्वर भालामा चन्द्र पालेका शिरमा जटा
अत्यन्त भीषण - सारा - साथमा भूत प्रेत ता
पीचाश जोगिनी - भिषण् - मुखका राक्षसहरू
देख्दा देख्दै पनि त्यस्ता जन्ति यसघरि अरू
८१०

जो बाँची रहला ठुलो पुण्डय तेस्लाई नै सहि
उसैले पार्वतीजीको हेर्ला विवाह ता गई
एवं रित्का कुरा सारा बालकहरू ता अनि
गर्नलागे सबै घर्मा गई जननी साथ नी
८११

हासें माता पिता सारा गण सम्झि महेशको
निडर् होउ तिमी सारा डर छैन कुनै अहो !
भनेर विविध भाँति सम्झाए शिशुलाई ता
अनि अगवानहरूले आए जन्ति लिएर ता
८१२

दिए राम्रा जनबासा समस्तलाई हर्षले
सजाईन् अरति राम्रो मेनाले भई हर्ष रे
मंगल गाउन लागे सुन्दरीहरू साथमा
शोभियो सुनका थाल मेनाको कर पद्यमा
८१३

गईन् शंकरलाई पर्छन भनी मेना अति हर्षले
देखेथे जबता महेश्वरजीको भयानक भेष रे
अनि ती अबलाहरू कन हरें हृदयमा त्यो घरी
पैदा भो डर चित्त व्याकुल भई दु : खी भए वेसरी
८१४

अत्यन्तै मनमा डरिकन हरे ! भागेर मेना अनि
घरभित्र पसिन् बिकल् भई अहो ! कांपेर थर्थर पनि
जानु भो फर्केर शंकर पनि फेरी जन बासमा
मेनाका मनमा पीडा भई ठुलो ब्याकुल् भईन् चित्तमा
८१५

डाकि पार्वतीलाई झट्ट र अनि अत्यन्तनै प्रेमले
राखिन् काखविषे अधीर हुन गै शिर्मा मुसारेर रे
तिन्का श्याम नयनमा अनि सफा मोति सरिनै भई
भरियो जल र तीं भन्न यसरी लागिन् अधिर भई

८१६

मेना विलाप

हे नानी ! तिमीलाई दैब जुनले दियो रूप यो हरे !
बौलाहा जडश्वामी के गरि दियो ? फेरी उहि दैवले
यस्तो सुन्दरता दिएर तिमीमा फेरी उहि दैवले
भीषण वर हाय के गरि दियो ? छोरी ! तिमीलाई रे

८१७

चाहिन्थ्यो जुन फल् कल्प बृक्षलाई हरे ! अब
बबुर्को वुक्षमा लाग्यो त्यो फल् लाचारीले सब
फल् हालुँला तिमीसाथ पहाडबाट ता अब
जलुँला अग्निमा याता डुबुला सिन्धुमा मत

८१८

घर विग्रोस दुर्नाम अहोस बरू लोकमा
गर्ने होईन विवाह म बाचुञ्जेल सम्म ता
गिरिराज ! महारानी मेनालाई यसो गरि
देखेर व्याकुल सारा स्त्रि भए दु:खी बेसरी

८१९

स्नेहले छातीमा टाँसी छोरी पार्वतीलाई ता
विलाप गर्न रूदै लागिन् फेरी मेना यसोरी ता
उजाडे जसले मेरो बसेको घरलाई रे
यस्तो अर्ति दिए जस्ले मेरी पार्वतीलाई रे

८२०

तिनै नारदको मैले विगारेकी थिँए र कें
बौलाहा पतिको निम्ति गरिन् तप कठोर रे
सत्य हो केहि उन्लाई लोकमहा रहनेछ
कसैमाथि पनि मोह ममता र दयादि त

८२१

उदासिन नै छन् तिनी लोकमाहा
नधन् छ नघर् न स्त्रि छ ती यहा
बरबाद पार्ने घर अरकाको
तिनीलाई लाज डर छ न ता जो

८२२

के जान्दछें प्रसुतिको पीडा र बाझिं नारीले
भन्दै यसरी नै व्याकुल् भएर असहाय रे
विलाप गर्न लागेकी देखेर जननी कन
विवेक युक्त दुर्गाले बोल्नु भो मृदु बचन

८२३

लेखेको दैवले जे छ टर्दैन त्यो कसैगरि
यो विचार गरीं आमा छाड्नुहोस् शोक यो घरी
बौलाहा पति लेखेको रहेछ कर्ममा अब
किन ? कतै कसैलाई लाउनुहुन्छ दोष त ?

८२४

मेटिन्छ भावीको कर्मरिखा हजुरबाट र ?
व्यर्थ कलंक यो आमा नलिनुहोस है फिर
नलिनुहोस है माता कलंक व्यर्थमा अब
मेरो माया पनि आमा विन्ति छ छाड्नुहोस् अब

८२५

होइन दु:खको बेला यो आमा अब चित्तमा
धारणा गर्नुहोस् धैर्य विन्ति पर्दछु पाउमा
लेखिएकोछ जो दु:ख सुख मेरा ललाटमा
जहा गएपनि तेहि पाउनेछु म लोकमा

८२६

यस्ता नम्र अति कोमल् बचन पार्वतीजीको
सुनेर स्त्रिहरू सारा लागे दु:ख गरन ठुलो
लगाएर विधिलाई अनेक थरी दोष रे
आसुँ गिराउन लागे तिनीहरू समस्त रे

८२७

नारदले मेनालाई प्रबोध गर्नु

सुनेर त्यो समाचार त्यस औशरमा अनि
लिएर साथमा सप्त ऋषि र नारदै पनि
हतपत गरदै लम्कि तुहिनाचल ती अनि
थियो कोलाहालै जाहाँ पसें त्यो घरमा पनि

८२८

सम्झाएर सबैलाई नारद ऋषिले अनि
पैलेको ती कथा सारा सुनाए सतिका पनि
हे मेना सुन यो मेरो साँचो बचन कानले
जगदम्वा भवानी हुन् यि तिम्री छारी जान रे

८२९

उत्पति रहित आदि शक्ति र अविनाशिनी
सदा-शिव शरीरार्ध निवासिनी सुहागिनी
जगउत्पति पालन प्रलय कारिणी पनि
ईच्छा अनुसार लिला र शरीर धारीणी पनि

८३०

महामाया यि हुन् भन्ने जान हृदयमा फिर
पैले यि दक्षका घर्मा सती भन्ने मनोहर
प्रख्यात नामले सुन्दर् शरीर धारणै गरी
प्रकट् भईन् अनि तेस जन्ममा पनि त्यो घरी

८३१

विवाहित थिईन् हेर शिवकै साथमा अनि
प्रसिद्ध छ कथा त्यो ता सारा संसार मै अनि
एक् फेरा शिवका साथ आउदा मार्गमा अनि
देखिन् दिवाकर कुल्को भुषण रामलाई नी

८३२

उन्लाई मोह भो मन्म मानिनन् शिवका कुरा
परेर भ्रान्तिको फेला सीताको भेष् लिईन् पुरा
यि सती देवीले भेष जो गरिन् जानकीजीको
तेहिनै दोषले गर्दा शशिशेखरले अहो !

८३३

उन्लाई गर्नु भो त्याग तिन्ले पनि महेशको
ठुलो विरहले गर्दा यज्ञमा गइ दक्षको
योगाग्निले जलाएर शरीर यि मरिन् पनि
अब तिम्रा घर आई जन्मिइन् पार्वती बनी

८३४

कठोर तप् गरिन् आपन्ना स्वामी प्राप्त निमित्तमा
जानेर यो कुरा सारा सन्देह छाड चित्तमा
प्रिया हुन् भवकी शक्ति भवानी यिनि ता सधैं
भन्ने नारदका यस्ता सुनेर बाणीलाई है

८३५

बिषाद मेटियो सबको अनि तत्क्षणमै सबै
फैलियो शहर भित्र यो कुरा घरमा सबै
आनन्दित भए मेना गिरिराज पनि तब
हरायो अघिको मोह श ोक नष्ट भएर त

८३६

झुकाई शिर दुर्गाको चरणपद्यमा पनि
बारंबार गरे उन्ले बन्दना हर्ष भै अनि
बाल वृद्ध युवा नारी पुरूषहेरू ती सबै
पुरवासीहरू सारा भए आनन्द मस्त नै

८३७

पुरमा मंगल गान हुन लाग्यो मनोहर
आपन्ना घरमा फेरी साराले अति सुन्दर
सिंगारे सुनका राम्रा पूर्ण कलश द्धारमा
तोरण् ध्वज पताकाले भरियो सब शहरमा

८३८

पाक्शालाहरू सारामा सुपृशास्त्र अनुसारले
खाना बन्यो अति मीठा स्वादिला जो अनेक रे
मीठाखानाहरूका ती बयान गरि सक्छ को
जहा स्वयं हुनुहुन्छ अन्नपूर्णा विचार यो

८३९

बम्हा विष्णु आदि ती देवलाई
बोलाएर आदर साथ ल्याई
पडंक्ति गरी भोजन गर्नलाई
राखे सारा लस्कर नै मिलाई

८४०

लागेर लस्कर सारा गर्दै हाष्य विनोद रें
खाना खानेहरू सारा बसे विविध तांति रे
प्रविण भान्सेहरू हर्षले लागे पस्कन
सुरू गरे अनि खान देवहरू समस्तले

८४१

जन्तिले खानलागेका जानेर ललनाहरू
मिठा बोली गरि गाली थाले गाउन ती अरू
दिन लागे मीठो गाली सुन्दरीहरूले जब
देवहरू पनि लागे ब्यडंग्ग बचन भन्न त

८४२

ढीला गरि सुरसारा लागे गरन भोजन
आनन्द मान्दथे मन्मा त्यो विनोद सुनीकन
त्यो भोजन्मा भयो जस्तो आनन्दका उमंगजो
कोटि मुखले पनि तेस्को बर्णन् गर्न सकिन्न पो

८४३

चुठाएर सबैलाई दिए पानहरू पनि
जहाजस्को थियो बास त्यहि गए समस्नि
फेरी हिमालय सामु आएर ऋषिहेरूले
'लाग्यो है लग्नको बेलाआउन लौ ' भनेर रे

पारेर समय ठिक मिलाई जग्गेमा सब
गर्दै हतारले सारा कामहरू पनि तब
आदर साथले सारा शंकर आदिका सब
डाके सुरहरूलाई पनि हर्ष भई तब

८४५

यथोचित् दिए आशन् सारा ती देवलाई रे
वेदका विधानले वेदि थियो तैयार फेरी रे
मंगल गाउन लागे ललनाहरूले अनि
भयो सुन्दर शोभित दिव्य शिहासन पनि
८४६

स्वयं ब्रम्हाजीले खास बनाएको हुँदा अनि
त्यो शिंहानिको गर्न सकिन्न बर्णन पनि
सारा विप्रहरूलाई गरेर बन्दना तहा
आफ्ना स्वामी रघुराजलाई सम्झेर मन्महा
८४७

त्यो सिंहासनमा राजहुनु भो शंकर पनि
बोलाए शैलजालाई ब्राम्हणहरूले पनि
श्रृगारी गिरीजालाई ल्याए संगिनीहेरूले
शोभा त्यो दे खि दुर्गाको भए मोहित देव रे
८४८

जो त्यो छविको गरला वयान
त्यस्तो कवि को छ र ? फेरी जान
शिव प्रिया पार्वतीलाई त्यहा
जानी जगत् जननी चित्तमहा
८४९

गरे प्रणाम मनले झुकेर सुर आदिले
सुन्दरताको मर्यादा हुनुहुन्थ्यो भवानी रे
त्यस्तो अपूर्व शोभाको करोडौं मुखले पनि
लोकमा वर्णन गर्न सकिन्न सम्झ यो अनि
८५०

श्री शिव - पार्वती विवाह

जगन्माता भवानीको त्यो अपूर्व छवि सब
लोकमा वर्णन गर्न सक्नेको छ कवि !अब
शेष र शारद देवहरूले पनि चित्तमा
संकोचित भई गर्छन् बयान नित्य लोकमा
८५१

- भने फेरी मतिमन्द म तुल्सीको कुरा कुन
कसरी गरूँला पूर्ण माताको रूप बर्णन ?
शोभाकी खानी दुर्गाले प्रशन्न भई चित्तमा
राज गर्नुभएको छ भगवन् शंकर जहा
८५२

त्यही मण्डपमा बीच पुग्नु भो मन्द चालमा
लज्जा संकोचले गर्दा शिवका चरण महा
नसके पनि ता हेर्न फेरी लुब्ध भई कन
आफ्नो मन् रूपी भमरलाई मुग्ध गरिकन
८५३

शंकरका दुई चरण रूपी
कमलमा पारी लुब्ध अरूकी
पठाउनु झट्ट भो हैं खुसीले
परागमा लुट्पुट्ट गरि रे
८५४

अनि फेरी शम्भु र पार्वतीले
मुनिशका बचनकै सरि रे
गणेशको पूजन गर्नु भो जो
अनादि हुन् देव भनेर पो यो
८५५

जानेर सबले मन्मा सुनेर यों कुरा अनि
मन्मा नराख्नु होला सन्देह कोहिले पनि
जस्तो विधि बताएको वेदले छ विवाहको
गराए विधि सब् तेहि विवाहमा महेशको
८५६

कुश समेत कन्याको समातिकन हात जो
'भवानी भवकी हुन् यि' भन्ने सम्झेर फरि पो
अर्पण् गरे गिरिराज तुहिनाचलले अनि
सम्झेर पार्वतीलाई जगदम्बा भनेर नी
८५७

जब शंकरले पाणिग्रहण गर्नु भो त्यहा
तब देवहरूले सारा भए हर्षित चित्तमा
बिप्रहरू मिलीलागे गर्न वेदपाठ हर्षले
जय जय ध्वनी गर्न लागे देव समस्तले
८५८

बाजा सारा बज्न लागे अनेक
घन्काएर नभलाई समेत
गाना मंगल् गाउंथे ललनाले
नाची चित्त हर्दथे अप्सराले
८५९

यसो गान गर्न लागे मुनीश
भयो बृष्टि कुशुमको पनि ता
उल्लाषले यसरी नै ठुलो ता
विवाह भो गौरी र शम्भुका ता
८६०

थियो उत्साह सारा यो संसार भरिनै पनि
तुहिनाचलले फेरी दास दासीहरू अनि
हात्ती घोडा रथ गाई वस्त्रहरू अनेक जो
रत्नमणिहरू फेरी भूषण नवरत्नको
८६१

सुनका थालमा राखी अन्न भरि भरि सब
यानहरू दिए फेरी दाईजो जो अनेक त
बयान गरि ती सारा सक्ने छ र कहाँ अब
तुहिनाचलले फेरी हात जोडिकन तब
८६२

" पूर्णकाम !प्रभो !शम्भो !भगवन् ! के दिउँ म रे
भन्दै शशांकको पाउपद्य राखे समाती रे
सकल तरहबाट भगवन् शिबले पनि
सन्तुष्ट पार्नु भो आपन्नो ससुरालाई ता अनि
८६३

मेनाले अनि फेरी शंकरजीलाई पाउ समातेर ता
स्नेहले र ममता भरी हृदयमा यो भन्न लागिन् तिता
मेरो प्राण समान छिन् अतिबनै प्यारी यि मेरी उमा
यिन्लाई गृह किंकरी गरनु होस् पर्छु प्रभो ! पाउमा
८६४

गर्नु होला क्षमा दोषहरूमा प्रभुले अब
प्रशन्न भइ बर्दान दिनु होला यहि सब
भन्ने यो बचन सारा सुनेर शंकरजीले
सम्झाउनु भयो सासुलाई विविध भाँतिले
८६५

चरण कमलमा बन्दना गरि शम्भुको
फर्किइन् मनमा दु:खी खिन्न बनेर पो
छोरी पार्वतीजी लाई डाकेर तिनले अनि
लागिन् शिक्षा दिन फेरी राखेर काखमा पनि
८६६

पार्वती शिक्षा

तिमी नित्य महेशकै चरणको पूजा गरे हे उमा !
स्वामीनै ईश हुन् भवानी!सकल स्त्रीजातीका धर्ममा
अर्को इश्वर छैन नारीहरूका निम्ति कुनै जान यो
भन्दैमा जल नेत्रमा भरि भई वाक्य यसै बन्द भो
८६७

फेरी अंकबिषे धरेर तिनले हाली अगांलो पनि
पराधीनहरूलाई छैन सुख हा !स्वप्न बीचमा पनि
बनाए किन नारीलाई विधिले ब्यर्थै हरे!लोकमा
भन्दै प्रेम विकल भएर मनमा गर्थिन् विलापतहा
८६८

सम्लेर अनि फेरी बीचमा सोचेरता कष्टले
बेमौका बुझि धैर्यधारण गरिन् चित्तमहा फेरीरे
अंकमाल गरेर छोरी कनता अन्यन्त नै प्रेमले
बारंबार चरण पंकजमहा लागिन् तिनी पर्न रे
८६९

अपार प्रेमको त्यस्तो बयान हुन सक्छ के ?
प्रेम्ले सकलका घर्मा आफै दुर्गा गएर रे
भेट गर्नु भयो सारा नारी र सखी साथमा
फर्केर फेरी आमा कै टासिनु भे शरीरमहा
८७०

पार्वती विदा

फर्कदै जननी साथ भेट् गर्दै फर्कदै अनि
बिदा हुनु भयो बल्ल बल्ल श्री अम्बिका पनि
आशींर्बाद दिए राम्रा पुरका प्रोढहरूले
फर्किएर अनि फेरी हेर्दै जननीलाई रे
८७१

फेरी सखीहरू साथ लिएर स्वामीका पनि
नगिचै पुग्नु भो मात जगत जननी अनि
सेबकहरू सब्लाई सन्तुष्ट पारी प्रेमले
फर्कनु भो भवानीका साथमा भव नाथ रे
८७२

जब फिर्नु भयो आपन्ना कैलाश तिर शंकर
तब हर्ष भई देव गरे सुमन वृष्टि र
घन्किई बज्न लाग्यो दुन्दुभी नभ बीचमा
देव बधुहरू नाच्न लागे खुस् भई चित्तमा
८७३

त्यसै औशरमा पुराउन भनी अत्यन्त नै प्रेमले
गिरिराज पनि बरातीहरूकै लागि हिडे साथ रे
प्रबोध गरि फेरी शंकरजीले तिन्काहरी बेदना
बिदागर्नु भयो अडेर बीचमा पारी खुसी चित्तमा
८७४

आएर घरमा फेरी तुरून्त गिरीराजले
पर्बत नदी र नालाहरूलाई समस्त रे
डाकेर नगीचै फेरी यथोचित् गरि आदर
दान विनय र मान गरेर अनि सादर
८७५
विदा गरे ती सब्लाई उतातिर पनि अनि
पुर्नु भयो जब फेरी धाममा शिवजी पनि
सुरगणहरू सारा भएर हर्ष चित्तमा
फर्किए लोकमा आफ्नो झुकेर शिव पाउमा
८७६
सम्पूर्ण जगका माता पिता शम्भु भवानीको
बर्णन् गरेर श्रृंगारलाई बिस्तार साथ पो
म भन्दिन अनि फेरी गौरी र शंकरजीले
नाना प्रकारका गर्नु हुन्थ्यो भोग बिलाष रे
८७७
प्रमथगणले साथ कैलाश पुरीमा पनि
गर्नु हुन्थ्यो भवानीका साथ नित्य विहार नी
एबं रित्ले बित्यो धेरै समय पनि त्यो घरी
मारे तारक् असुरलाई युद्धमा जसले लडी
८७८
तेहि षडानन फेरी जन्मे पार्वतीबाट ता
स्वामी कार्तियका जन्म हालहरू समस्त ता
प्रसिद्ध छ सबै वेद पुराणहरूमा पनि
जानेको लोकले त्यो छ त्यसै कारणले अनि
८७९
बिस्तार गर्दिन म त्यो सबै अब
प्रसिद्ध छ जन्म र कर्म ती सब
तसर्थ संक्षेप गरि कुमारको
भने चरित्रहरूलाई आज यो
८८०
यो गौरी शम्भुको राम्रो विवाह चरित सब
चाड विवाह कल्याण मंगल कार्यमा जब
भन्दछन् सुन्दछन् जो ता तिनीहरू निरन्तर
आनन्द पाउँछन् ती ता सुख पाइ जीवन भर
८८१
गिरीजा रमणका चरित्र रूपी यो -
- ठुलो सिन्धुको , वेदहरू पनि जो
हुदैनन् कहिले पनि पार भन्दा
अति मन्द बुद्धि भएको म गन्दा
८८२
- गवार तुलसीदास , के वर्णन गरूँला हरे !
शोभायमान भएको सरस यो अपूर्व रे
सुनेर शम्भुको लीला भारद्धाज मुनिशले
पाउनु भो अति ठुलो आनन्द मन भित्रै रे
८८३
लालषा उर्लदै आयो कथामा अरू झन् बढि
आयो नयनमा नीर रोमाञ्च भई बेसरी
बाक्य खुलेन मुखबाट प्रेम विवस् भैकन
ती भारद्धाजको यस्तो देखेर त्यो दशा कन
८८४
हर्षित हुनु भो मन्मा याज्ञवल्क्य मुनीशले
भन्नु हुन्छ अनि फेरी प्रेम गद् गद् बनेर रे
धन्य धन्य भारद्धाज जन्मलाई तपाईको
लाग्दो रहेछ है प्यारो प्राण सरि शम्भु जो
८८५
जस्लाई शिवका चरण् कमलमा छैन प्रीति ता हरे
स्वप्नामा पनि रामलाई असल लाग्दैन ती प्राणी रे
विश्व नाथ ! पुरारीका चरणमा छलहिन भक्ति र
लाग्नु नै प्रीति राम भक्तिहरूको यो लक्षण हो फिर
८८६
भगवन् रघुनाथको अति ठुलो सेबारूपी ब्रत त्यो
धारण गरने पुरारी सरिकै अर्को छ को ? जान यो
जसले बिनु दोष त्यागी दिनु भो नारी सती झैं पनि
गरेर प्रण त्यो ठुलो खुसी भई राम् भक्तिको नै पनि
८८७
देखाई दिनु भो उदाहरण त्यो सारा जगत्लाई नै
भगवन् रघुनाथको शिव सरी प्यारो पनि कोछ है
लौ भाई सच भन्नु होस् त अब मैले यसैकारण
पैले शंकरका लीलाहरू गरे सारा यहा बर्णन
८८८
बुझ्छे मर्म हजुरको हजुरता सारा बिकार हिन
शुद्ध निर्मल भक्त हो प्रभुजीको भन्ने बिचारी कन
मैले गुण स्वभाव सब् हजुरको जाने यहा यो घरी
श्री राम चरित बयान गरछु सुन्नुहओस् मन् धरी
८८९
हे मुने ! हे भारद्धाज ! सुन्नुहोस् हजुरको
यो समागमले गर्दा मेरो मनमा अपारको
जो आनन्द भयो आज त्यो भन्न सकिदैन पो
शत्कोटि श्लोकले जो ता लेखिएको अपुर्बको
८९०

अमीत् छ रामको लीला हे मुने ! पुर्ण त्यो सब
बयान गर्न ता शेष भगवान पनि तब-
-सक्नु हुन्न तर ऐले बाणीपति धुरन्धर
उनै प्रभु रघुनाथलाई सम्झेर सुन्दर
८९१

यथा श्रुत सबिस्तार बर्णन गर्दछु अब
शारदा पनि कठ्पुतली सरि छन् जान यो सब
अन्तर्यामि भगवान राम ता सुत्र धार झैं
हुनुहुन्छ अनि फेरी जुन् कवि माथि ता सधैं
८९२

'यो मेरो भक्त हो ' भन्ने सम्झेर रघुनाथजी
गर्नु हुन्छ दया, तेहि कविका हृदय रूपी
ठुलो मैदानमा सोहि कठपुतली समान की
शारदालाई नै नित्य नचाई दिनु हुन्छ की
८९३

प्रणाम गर्दछु सोहि कृपालु रघुनाथको
बर्णन गर्दछु निर्मल रामका गुणगाथको
जहा निवास छ फेरी शिव र पार्वतीजीको
तेहि एक परम् सुन्दर् कैलाश भनी नामको
८९४

कैलाश महात्म्य

पहाड छ अति राम्रो त्यहा सिद्ध तपस्वि र
सुर मुनि अनि योगी यक्ष गन्दर्व किन्नर
इतयादि शिवका भक्त धर्मात्मा बस्दछन् सदा
सेवा ती गर्दछन् सारा सुखराशि महेशका
८९५

हरि र हर देखिनै विमुख छन् जुन् प्राणीता है अनि
जस्लाई प्रीति छैन धर्म र अनि सुकर्म माहा पनि
स्वप्नामा पनि त्यो गिरीश बीचमा ती मानिस हेरूता
सक्दैनन् पनि पुग्नलाई कहिल्यै यो सम्झनु होस ता
८९६

तेहि पर्वतमा नित्य नविन रहने अनि
सारा ऋतुविषे सुन्दर रहने जो पवित्र नी
भएका ठुल्ठुला हाँगा एक छ बटबृक्ष को
जस्को दर्शनले मात्र छुट्दछ पाप ताप जो
८९७

ताहा मन्द सुगन्ध शीतल पवन् बहन्छ निरन्तर
छाया शीतल खुब् थियो र त्यसको त्यस्लाई ता सुन्दर
भनेको छ पु राणले शिवजीको बिश्राम बृक्ष भनी
एक दिन् पाल्नु भयो महेश खुसीले त्यहि छहारीमुनी
८९८

भयो अत्यन्त आनन्द बृक्ष देखेर चित्तमा
बाघको चर्म ओछ्याई आफैंले हातले तहा
भोला नाथ शशिशेखर् राज भो तेसमा अनि
भगवन् रामको सम्झि चरणकमल पनि
८९९

महेश्वरको शरीर कुन्द सुमन अनि शंख चन्द्र समान
गोरो छ वाहुलामा मुनिहरू सीरकै वस्त्र सुन्दर छ जान
छोपिएका कमल् झैं दुई चरण छ है लाललालगजब्का
कान्तिले नख्मणिका तमसब हरनै भक्तका मनुहरूका
९००

फणिका भूषण र शरीर भरी थियो भष्म सारा घसेको
मुहार शरदका निर्मल शशिका कान्तिलाई पनि जो
-खोस्ने थियो र फेरी शिर बीच मुकुट झैं गराएर भान
जटा थियो सुशोभित् खीलिकन रहने पारदै धेर सान
९०१

कल्लोल गर्दछिन् है कलकी सरि भईफेरीगंगा खुसीले
थिए विशाल आंखा कमल दल सरी सुन्दर उज्जल रे
घनामेघ सरिको द्युति फीजी रहने कण्ठ नीलो थियो जो
हुनुहुन्थ्यो पुरारी नीधि सरि छवीको कोटि काम सरिपो
९०२

हज्जारौं भास्करका चमक कनपनि गर्दथ्यो माथ गाथ
थिए शोभित फेरी छवि फीजी रहने भालमा चन्द्र खास
ताहा राज भएका शिव कसरी हुनुभो भने शोभित नै
हुन्छ शोभित जस्तो शान्त रस शरीर धरदा लोकमा है
९०३

भवानी लोककी माता देवी श्री पार्वतीजीले
मौका असल ठानेर जानु भो शिव सामु रे
देखेर शशिशेखर्ले प्रीया श्री पार्वतीजीको
गरेर आदर धेरै आफ्ना बाम तरफ जो
९०४

बक्सियो आशन फेरी अनि श्री पा र्वती पनि
बस्नुभो शिवका साथ अत्यन्त हर्षले पनि
आयो चित्ति विषे फेरि कथा पुरब जन्मको
पतिका हृदय भित्र देखि प्रेम अपारको
९०५

श्री शिव – पार्वती संवाद

जानी प्यारा प्रशन्न नरम कमल भैं हात जोडि रमेर
बिन्ति गर्दै रसीलो मधुर बचनले केहि हासि नुहेर
गर्नु भो पार्वतीले सकल कलुषको ध्वम्स गर्ने अनौठा
लीला प्यारा कृपाला रघुविर प्रभुका शम्भुमा प्रश्न यौटा
१०६

विश्वनाथ पुरारी मम प्रभुको महिमा त्रिभुवनमा
प्रख्यात छ चर र अचर सुर अनि नाग सारा जगत्मा
सेवा गर्छन् हजुर्को चरणकमलको भक्ति औ प्रेम साथ
सरबज्ञ ! समर्थ हजुर अनि पछि मंगल मुर्ति नाथ !
१०७

कलापुर्ण सकल गुण पूर्ण
खानी – योग ज्ञानका परिपूर्ण
बैराग्यका खानी हो है हजुर
भक्त निम्ति नाम् प्रभुको जरूर
१०८

कल्पबृक्ष हो प्रभो ! सुख राशि
नाथ हो है फेरी जगत साक्षी
ममाथि हे स्वामी ! मेरा हजुर
प्रशन्न ता हुनुहुन्छ जरूर
१०९

सम्भनु हुन्छ साचै मकन हजुरले दासि आपन्नी भनेर
भने ना ना थरिका रघुकुलमणिका ती लीला सब् भनेर
मेरो अज्ञान सारा हरण गरनु होस् हे शशिभुषण ! यो
पर्छु हे नाथ ! श्रम्भो !शरण चरणमा आशा राखेर ठुलो
११०

जस्को होला पुरारे !घर कल्पतरूका छाहरीमा पनि रे
तेस्ले दारिद्र जन्य दुःखहरू सहला के घरमा बसी रे
विचार राखी यस्तो भगवन् ? करूणा सिन्धु मेरामनको
हर्नुहओस पुरारे तम र अति ठुलो भ्रान्तिलाई पनि यो
१११

शम्भो ! पर्मार्थबादि मुनिहरू जति छन् तिनीहरू सबै रे
अनादि ब्रम्ह भन्दै रघुवीर कननै ध्यान गर्छन् सधैं रे
वेद शेष पुराणहरू र अनि स्वयं शारदा रामजीको
गुण गान गर्दछन् , हे मदन मद विमोचन हजुर् पनिजो
११२

श्री राम जपनु हुन्छ निशि दिन उहि नै हुन्किहै रामसोहि
किता अज अगुण अखल गति इश छन् अरू रामकोहि
अज्ञान मेटिइन्छ जुन रित सितले नाथ ! मेरो समस्त
स्वामी! गर्नु हओस अब प्रिय भगवन् तेहि उपाय भट्ट
११३

हेनाथ! स्वामीन हजुर्ले रघुवीरकनता भन्नु भो ब्रम्ह ईश
लोकेश्वर अन्तरात्मा अज अमर उनै हुन्‌भनीकोशलेश
लोक्का धाता विधाता भइकन प्रभुले मूर्ख भैं भैविलाप
गर्दै सीता वियोगी भइकन प्रभुले खोज्नु भो नाथ खास
११४

कोध्का वशमा परेरै दशमुख कनता मार्नु भो नाथ जाई
लोक्का स्वमीन भएताकिनअबुभ्रुसरिघुम्नुहुन्थयोकराई
नाथ! छन् कि अरूनै सकल भुवनका ब्रम्ह लोकेश राम
कि हुनसोहि अबध्का रघुकुल प्रभु नै ब्रम्हकारूण्डधाम
११५

शम्भो ! सारा बताइ मन बीच रहने तर्क मेरो निकाली
दासी जानी कृपाले गरिकन करूणा प्रेमले माफ राखी
आज्ञाहोस् नाथ ! मेरा गरिकन क्षमामूर्ख जानेर भारी
सोध्छुको हुन् अनौठा वन बीचफिरने राम ती बाणधारि
११६

इश्वर्नै सोहि हुन्कि ? किनत हरि भए जन्मनुभो भुमीमा
मानिस भैं दुःखपाई किन ?अबुभ्रुसरिडुल्नुभोजंगलैमा
कारण् सारा बताइ अबत हजुरले भन्नुहोस् प्रेम साथ
मेरोता लाग्छ मन्मा नरभनी तिनीता मर्जिहोस् खासवात
११७

सारा शास्त्रैहरूमा पनि प्रभु जुनछन् मुख्य नायक् भएका
वेदको शक्ति नचल्ने अगणित हुनगै एकला भै रहेका
यस्ता लक्ष्मीपियारा हरि अबधविषे जन्मनुभो भनेता
कारण्आज्ञा हओस् लौ किन्नरसरिभै घुम्दथेजंगलैमा
११८

यदि ती राम जो व्यापक् निर्विकल्प नीरामय
हुन् भने अरू कोहि नै बुझाएर दयामय
गर्नुहोस खुसी साथ तिनकै लिला भनेर त्यो
नरिसाउनु होस् मन्मा मलाइ मूर्ख जानी पो
११९

मैले देखे अघि बन्मा प्रभुत्व रघुनाथको
भयले हे शशिशेखर् ! अति व्याकुल भएर पो
सुनाइन प्रभुलाई मैले ती सब् कुरा प्रभो !
अझै पनि मलिन मन्मा मेरो आएन ज्ञान जो
१२०

मैले पाएँ भलि भाँति सितै त्यस्का फल पनि
छदैंछ शंसय केहि मेरो मन्मा अझै पनि
दयागर्नु हओस् हात जोडेर विन्ति गर्दछु
हे शम्भो ! मनमा आसा राखेर पाउ पर्दछु
९२१
त्यो बेलामा पनि नाथ ! दया राखी हजुरले
सम्झाउनु भएको हो मलाई धेर भाँतिले
त्यो सम्झेर कृपासिन्धो ! नगर्नु होस् क्रोधता
पैलेको सरि अज्ञान ऐले छैन समस्तता
९२२
घेरैछ मनमा रूची तर प्रभो ! रामलीला माथि र
भुजंगनृप भूषण ! सुरपते ! पवित्र र सुन्दर
भन्नुहोस -मलाइ राघवजीका गाथा गुणका सब
विन्तिगर्दछु हात जोडि भगवन् आसा सहितले अब
९२३
झुकाएर शिर नाथ ! बन्दना गर्छु पाउको
वेदका सिद्धान्त निचोड -स्वरूप रघुनाथको
निर्मल किर्तिको बर्णन् गर्नुहोस अब प्रभो !
यद्यपी स्त्री हुनाले म अन-धिकारिणी छु प्रभो !
९२४
तर दासी हजुर्कै हुँ मन कर्म र वाणीले
तर हे शंकर ! साधुहरू जगत भित्र रे
जहाँ आर्त अधिकारी पाउँछन् जनहेरू है
राख्दैनन् गोप्य ता केहि गूढ तत्व त्यहाँ कुनै
९२५
आशुतोष ! दयानिधे ! अतिवनै आर्त भएरै मता
सोद्धछु करूणा गरी अब प्रभो ! श्रीरामजीको कथा
बर्णन गर्नु हओस नाथ ! पहिले निर्गूण ब्रम्ह पनि
सगुण भई जन्मनु पनि भयो जुन् कारणले अनि
९२६
रामका अबतारका सकल ती भन्नु हओस् कारण
अनि रामजीका उदार मधुर बाल चरित्र कन
भन्नुहोस दयानिधे ! प्रियसखे ! हे सुख्खराशि! प्रभो !
दया गर्नु हओस नाथ ! मुरखा भनी ममा आज यो
९२७
फेरी आज्ञाहओस लौ अतिशय मधुरो तीकिशोरलीलापो
कस्तारित्ले सुभाउबध गरि मुनिका यज्ञ रक्षक् हुनुभो
पथकीमूर्ति गौतम -संगीकन पनि पाप खारेर निर्मल
पारि स्वर्गै पठाइ त्रिभुवन भरीमा किर्ति राखेर उज्जल्
९२८
कस्तारित्ले ऋषिका संगपुगि मिथिला भग्नपारी धनु त्यो
पृथ्वीमण्डल भरिका भूपति कन जिति जानकी पाउनुभो
फेरी भार्गब्जीलाई बसगरि कसरी शक्ति सारा लिनुभो
बैदेहिसंग पाणिग्रहण गरि प्रभो ! के गरि फर्कनु भो
९२९
राज्यैको सुख्ख सारा त्यजिकन कसरि जंगलैमा पुगेर?
सीता सौमित्रि साथै डुलिकन बनमा भक्तको दुख् हरेर
फेरी माया हरिण्को बध गरि कसरी नाथ फर्कि कुटिमा
सीताजीको वियोग भइकन कसरि पुग्न भो मिल्लिनीमा
९३०
पर्वत त्यो ऋष्यमुक्मा पुगिकन कसरी बानरै संगमितेरी
-लाई राजा बनाई मितकन खुसीले बाली मारेर भारी
सीताको खोज गर्दै पुगिकन जलधी तीरमा पूल बाँधि
रामेश्वर् थापी कस्ता रि सित ? प्रभुजी पुग्नुभो सेतुपारी
९३१
कस्तारित्ले प्रभुले दशमुखकुलको ध्वस्त पारेर सारा
रावण् मारेर लंका बिभीषणकन दि फर्कनुभो अयोध्या
फेरी प्यारा प्रजाती सबलिई संगमा नाथ ! कस्तातबरले
पाल्नु भो धाम आफ्नो रघुकुल गहना भार सारा हरीरे
९३२
जुन् जान्नाले मुनिसारा भनेर ज्ञानी लोकमा
कहलाई रहेकाछन् भएर मस्त लोकमा
त्यो तत्व पनि विस्तारपूर्वक भन्नुहोस् अब
विभाग सहितै फेरी हे शशिभुषण ! सब
९३३
बैराग्य भक्ति र ज्ञान विज्ञानहरूको पनि
बयान गर्नु होस् सारा विस्तार पूर्वक अनि
अत्यन्त निर्मल फेरी विवेक पूर्ण रामको
रहस्य र लीला सारा छन् अरू अरू जे प्रभो !
९३४
ती पनि भन्दिनु होस् हे शम्भो ! प्रभुलाई ता
'त्रैलोक्यका गुरो भन्दै ' वेद चिच्याउँछ सदा
अरू ती पामर जीवकै जानुन् रामको लीला
तसर्थ प्रभुकै साथ सोद्धछु नाथ ! आज ता
९३५
स्वामीन् मर्जिहओस्लौ प्रभुअब खुसीभै रामलीलामलाई
मेले जो सोध्न विर्षे नबुझिकन कुनै त्यो पनि प्रेमराखी
साराआज्ञा हओस लौ रघुकुलमणिको जोछलीलातमाम
भन्दै गर्नु भयो श्री शिवचरण विषे प्रेमले नै प्रणाम
९३६

विन्ति यो पार्वतीले गरिकन मनको हाल सारा सुनाई
चुपभै जोडेर बाहु झुकिकन शिवको पाउमा चित्तलाई
राज्भो केहि लजाई जब अनिशिवलेध्यानआपन्नाप्रभुको
गर्दै सम्झेर पाउ झुकिकन मनले गर्नु भो बन्दना जो
९३७

आई पुगे राम चरित्र सारा
हृदयमा शंकरको निराला
रोमाञ्च भो प्रेमको शरीरमा
प्रेम अश्रु भरीयो नजरमा
९३८

हृदयमा राम भगवनको
लाग्यो दिव्य शरीर झल्किन जो
शंकरले नीरबधि सुख र
पाउनु भो परमानन्द हर -
९३९

– दुई घडी सम्मता रामजीको –
-ध्यान रसमा डुब्नु भो सब् भुली पो
मनलाई अनि फेरी शिवले
बहिर्मुख पारनु भो तब रे
९४०

प्रशंसा पार्वतीको गरिकन खुसीले मन्द हाँसेर फेरी
आज्ञाभो चन्द्रमौलि त्रिनयन प्रभुले पार्वतीलाई हेरी
दुर्गाका चित्तालाई मधुर बचनले पारी आनन्द भारी
सारा संकष्टलाई हरण गरि लिने ती लीला पापहारी
९४१

भएर हर्षित मन्मा फेरि श्री रघुनाथको
चरित्र बर्णन गर्न लाग्नुभो शिव फेरी जो
हे दुर्गे ! डोरी हो भन्ने नजानुन् जेल सम्म रे
जसरी पर्दछ भान मनमा सर्प सत्य रे
९४२

तेसैगरि जुन चीजलाई नचिन्हिदा हरे !
भै रहेको छ झुटो यो जगत प नि सत्य रे
जुन् ब्रम्हालाई जान्दामा बिउँझे पछि स्वप्नको
भ्रम हटे सरि जान्छ हराएर जगत यो
९४३

बाल रूप् धारण गर्ने उनै रामजीलाई ता
बन्दना गर्दछु ऐले झुकाएर शिर म ता
प्रेमले जसको नाम जप्दा जगतमा पनि
सुलभ् सिद्धहरू सारा हुन आउछ है अनि
९४४

भवन् – मंगलका अमंगल हारो
भुप दशरथ सदन विहारी
उनै बाल मुर्ति भगवान राम
म माथि दयालो हउन् पूर्ण काम
९४५

एवं रित्ले प्रभुलाई प्रणाम गर्नु भो अनि
शिवले अमृत तुल्य बोल्नु भो बचन पनि
धन्य धन्य तिमीलाई अपर्णे ! भन्दछु म ता
उपकारी तिमी जस्तो लोकमा छैन कोहि ता
९४६

कथा प्रसंग यो तिम्ले सोध्यौ सब् रघुनाथको
जस्तै गंगाजीले सारा लेकलाई पवित्र पो
गर्छिन् , तेस्तै रघुबीर्का चरण अनुरनगिणि
तिम्ले पनि गऱ्यौ प्रश्न यो जगत् हित कारिणि
९४७

प्यारी तिम्रो छ इच्छा प्रभुभरित सबै प्रेमले सुन्न आज
शंका प्यारा प्रभुका चरित बीच कुनै छैन भन्छु म खास
लोकेश्वर रामजीको हुन गइ करूणा चित्त तिम्रोउज्यालो
भक्तिले पूर्ण निर्मल् बनिकन सुमुखि छैन है केहि कालो
९४८

खाली पापीहरूमा गरिकन करूणा दुःखी माथि दयाले
उद्धार्को निम्ति तिम्ले बनि अबुझ सरि प्रश्न ठुलो गरिरे
मेरो दिल् खुस् गरायो मृगनयिनी तिमी धन्यछौसत्यजान
कस्ति बाठी अबोधझैं बनिकनप्रभुकोसुन्नखोज्छौबयान
९४९

तथापी तिमीले गऱ्यौ गिरिसुते शंखा उहि यो घरी
सुन्दा हीत हुने - छ - यो पढी लीदा जानेछ पाप डरी
सुनेको पनि छैन यो हरिलीला भने जुन कानले
ती कान अहि भवन सरिस हुन् यो जान है चित्तले
९५०

रामको प्रभुत्व

देखेनन् जुन नेत्रले सुनयन ! दर्शन भने साधुको
ती नेत्रहरू प्वाखहुन् मयुरका सरि बुझ भित्र यो
झुक्दैनन् जुन शिर् हरि र गुरूका चरण कमलमा
डल्ला सरि तीता तुबरीहरूका हो सम्झ यो चित्तमा
९५१

सकेनन् हरि भक्ति राख्न जसले आफ्नो हृदयमहा
ती प्राणी जीउदै मृतक सरिहुन हे अम्बिके ! लोकमा
गर्दैनन् गुणगानहेरू प्रभुका जिब्राहरूले जुन
ती जिब्राहरू ता दर्दुहरूका जिब्रा सरि हो सुन
९५२

दुर्गे ! हर्षित हुन्न मन जसको सुनी हरिको लीला
त्यो मन , मन होइन प्रियतमे ! त्यो ता कठोर शीला
साह्रो बज्र नीठुर हो , अब प्रिया देवहीत निम्तिमा
गर्ने दानबलाई मोह यि लिला सुन धरी चित्तमा
९५३

सेबकहरूलाई सुख सबथरि दिने कथा रामको
कामधेनु समान छ जगतमा हे शैलजे ! जान यो
कामधेनु समान राम चरि त ब्राट कृतार्थ हुने
साधु सज्जनका समाज सुरक्षा फौज सरि हो गुने
९५४

यो कुरा जानीको हरिलिला सुनोइन लोकमा
दृढपूल समान छ प्रभुजीको लीला भव सिन्धुमा
संयम रूपी पक्षीहेरू कन ता भुर्र उडाइ दिने
करताल समान हो प्रभुजीको कथा अति सुख दिने
९५५

कलि रूपी कठोर बृक्षहरूको छेदन गर्नाकन
कुठारी सरि छ कथा प्रभुजीको श्रद्धा गरि यो सुन
राम्रा सुन्दर नाम गूण प्रभुको लीला र कर्मै पनि
छन् अगणित नै भनी निगमले गाईरहेको छ नी
९५६

अनन्त हुनुहुन्छ श्री रघुपते जस्तो तेहि रीतले
कथा पनि अनन्त छ प्रभुजीको गुण् गानले किर्तिले
तापनि गिरिजे ! अतिब प्रीती नै देखेर तिम्रो अब
रघुकुल चुडामणि प्रभुजीको लीलाहरू यो सब
९५७

जाने सुने अनुसार जस्ति छ बुद्धि मेरी है
भन्दछु तदनुसारै कथा रामजीका सबै
स्वभावैले अति राम्रा तिम्रा प्रश्नहरू उमा
संत संमत सुख दाता सम्झिए हृदय महा
९५८

कल्याणि धन्य धन्यै त्रिभुवन भरीमा छौ तिमीसत्य जान
इच्छा गर्छौ प्रभुको अतिसय मधुरो माधुरी किर्ति सुन्न
गौरी पामर् समानै भइकन प्रभुता मानिसै हुन् भनेर
प्रश्नै तिम्ले गरेको सुनीकन सुमुखी चित्त बुझ्दैन हेर
९५९

राजेश्वर् रामलाई नरभनि कनता भन्छ जो जनहरूले
तेस्ता पापीहरूमा रिस गरि यमले दण्ड दिन्छन् कडा रे
मेरी बामांगिनी भै कन पनि नबुझि अम्बिके !आजतिम्ले
क्षुद्रैको स्त्री समानै रघुपतिकन ता मानिसै पो भन्यौ रे
९६०

यद्यपी पार्वती ! तिम्ले अज्ञान बश भै पुरा
भनेकी सुमुखि ! होउ ता पनि एउटा कुरा
परेन मन यो मेरो , जस्लाई वेद गाउँछन्
मुनिहरू पनि जस्को सदैव ध्यान गर्दछन्
९६१

'ती राम अरकै कोहि हुन्कि 'जो यो भन्यौ अहो !
दुर्गे ! तिम्ले भने जस्तै भन्ने अधम बोली यो
सुन्ने जनहरू सारा नीच हुन् तिनलाई ता
मोह पिचासले ग्राश गरेको सम्झिइन्छ ता
९६२

बिमुख छन् जो हरि पाउदेखि
पाखण्डि हुन् तिनी सब् लोक देखि
झुटो साँचो यो भनेर ती सारा
हृदयमा जान्दइनन् बिचारा
९६३

छन् जो बिद्याहिन जड हुनाले
हुँदा बिद्या हिन अन्धा छँदा रे
अभागी छन् फेरी अन्धा हुनाले
जस्को मनरूपी ऐना महा रे
९६४

परेको छ अति काई बिषय बासना रूपी
बिषय लम्पट पापी बिशेष तिनीहरू की
हुन्छन् कुटिल र तिन्ले सपनामा पनि अहो !
देखेको ता केहि हुन्न सभा साधु र संतका
९६५

बोल्दछन् वेद विरूद्ध बचन मूर्ख ती सब
जस्लाई नीज हानी र लाभको पनि केहि ता
पहिचान पनि छैन बिचारा तिनको सब
धमिलो छ मनो दर्पण् पनि काई घिरेर ता
९६६

छैन शास्त्र रूपी आँखा पनि ती दुखीहेरूले
जानुन् कसो गरि रूप रामजीका समस्त रे
जस्लाई छैन है ज्ञान निर्गुण सगुणको पनि
अनेक कल्पित बोलि बोल्दछन् तिनीहरू नी
९६७

मायाको बसमा परेर प्रभुको जो घुम्दछन् लोकमा
तेस्त ती मुढहिन जीवहरूले यो भन्नु ता लोकमा
केहि छैन असम्भव गिरिसुते ! बातुल र भुतको
- आवेश रहने जनहरू अनि फेरी मतवाली जो
९६८

यि तीनै थरी ता विचार नगरि बोल्छन ती प्याचै हरे
महा मोह र भ्रम रूपी मद नै जस्ले पीएको छ रे
तिन्का ती वचन नपार सुमुखी ! कानमहा ता अहो !
नष्ट हुन्छ समस्त धर्महरू ता सुन्दा पनि बात यो
९६९

गरेर चित्तमा यस्तो बिचार गिरिनन्दिनी !
छाड संषय यि सारा भक्ति गर अब तिमी
भ्रम रूपी तम सारा हरनाका निमित्तमा
भास्कर तेज् रूपी मेरो पार बचन कनमा
९७०

भेद छैन सगुण् फेरी निर्गुणमा भनेर नै
यो कुरा मुनि सारा र पुराण भन्दछ सधैं
विद्वानहरू र फेरी निगमहरूले पनि
भनेको छ गिरिराज कुमारी ! लोकमा अनि
९७१

जो चिज अज र अमर अरूप अलख अनीह छ
भक्तका प्रीतिले गरि अगुण त्यो सगुण् हुन आउछ
जो गुण रहित छ तेहि सगुण भयो भने के गरी
छैनन् भिन्न जसोरी जल र हिमो पल तेहि भैंगरी
९७२

जस्को नाम् भ्रमरूपी तमहरूको ध्वम्स गरनाकन
भास्कर स्वरूप छ सोहि भगवंन् ब्रम्ह रघुबीर्कन
सम्बन्ध छ अज्ञानको भनिकनै भन्नु कसोरी हरे
सच्चिदानन्द स्वरूप रघुपति हुँदा रबि तुल्य रे
९७३

भगवन् राममा मोह अज्ञान रूपी रात्रिको
सक्दैन रहन केहि लवलेश पनि अहो !
तेज स्वरूप स्वभाव शुद्ध श्री रघुनाथमा
प्रातकाल पनि छैन ज्ञान् रूपी जान चित्तमा
९७४

हर्ष बिषाद र ज्ञान अज्ञानहरू ता अनि
अभिमान 'अहम' यस्ता कुराहरू सबै पनि
जीवका धर्म हुन् सारा राम ता ब्रम्ह स्वरूप -
व्यापक जगत साक्षी परमानन्द रूप त
९७५

परम् - पुराण परम ब्रम्हनै हुनुहुन्छ पो
यो ज्ञान हुन्छ जस्लाई तर्दछन् अनि ती अहो !
भक्तका हितका लागि मानिस सरि भै कन
गर्नु हुन्छ लीला नाथ ! प्राणी मोह गरी कन
९७६

जस्तो राम्रो बिचार गरन नसक्ने जड प्राणीहरू त
देखि घनापटल गगन बिच रबि छोपिए भन्दछन् त
अज्ञानी जड तेस्तै जीवहरू नीजका भ्रम मोह पनि त
जान्दैनन् र ती मोह भ्रमहरू प्रभुमा कल्पना गर्दछन् त
९७७

आखा सामु अंगुली धरिकन नभता हेर्दछन् जो नर ता
देख्तो छ प्रष्ट एक शशिकन दुइट नभमा तेसले ता
जस्तो निर्लेप् भएको गगन बिच उमे !अन्धकार धुवा र
धुलो लिप्त भएर रहंदछ भनने भान पर्दछ हरे
९७८

परन्तु मानिसको दृष्टि दोषहरूले मात्र यो जगतमा
परेको भान हो ती तमहरू छइनन् लिप्त आकाशमाहा
त्यस्तै फेरी बिषाद सुख दुःख र अनि हर्षहिरू समस्त
भ्रमै हो खाली दुर्गे रघुकुलमणिमा छैन ती वस्तु सत्य
९७९

उपाधीहरू ता केहि छैनन् श्रीरघुनाथमा
नाद आदि गरिएका पाँच बिषय हेरूमा
ती चक्षु आदिमा सारा इन्द्रियहरू र अनि
दशदिशा - आदिका सारा इन्द्रियहरूका पनि
९८०

देवताहरू र जीब यिनीहरू समस्त नै
चेतन् छन् एउटा भन्दा अरको झन् बढेरनै
चेतन् पारी यि सब्लाई प्रकाश गरने पनि
उनै हुन् ब्रम्ह ती राम कौशल्या पुत्रनै अनि
९८१

भएको छ सदा जो यो प्रकाशमान लोक रे
त्यस्को प्रकाशन राम हुनुहुन्छ बिचार रे
उनै ती भगवन् राम मायाधीश अनि पछि
ज्ञान गुण्को निधिरूप हुनुहुन्छ सदैब कि
९८२

जड भएकी यि माया मोहभाष लिएर ता
प्रभुको सत्यताले नै सत्य सरिस भै सदा
हुन्छे त्यो लोकमा भासमान जसरी ता अनि
सिपीमा चाँदिको भान हुन्छ मानिसमा पनि
९८३

जसरी बालुवामाहा पर्ने भास्कर तेजमा
जलकी सरिनै भान पर्दछ. प्राणीहेरूमा
त्रिकालैमा झुटो हो है यद्यपी भान त्यो हरे
तथापी भ्रम स्वरूपी त्यो भानलाई फेर रे
९८४
सक्दैन टार्न कोहिले, यद्यपी लोकमा हरे
- असत्य छ तथापी यो भ्रान्तिका सपहिरूले
भयदिए सरि दिन्छ भ्रम यस्ले पनि ठुलो
रहेझैं सर्प डोरीमा इश परम ब्रम्ह त्यो
९८५
भगवन् राममा लोक आश्रित छ बिचार त्यो
स्वप्नमा शिर काटेको दु:ख सहनु पर्छ जो
जादैन दु:ख त्यो फेरी नहटे सम्म स्वप्न त्यो
संसारिक भ्रम सारा त्यस्तै हो भनि जान यो
९८६
मेटिन्छ भ्रम त्यो जस्का कृपाले जगतमहा
तिनै हुन् करूणाराशि राम नै जान चित्तमा
पाएन आदि र अन्त्य कसैले जुन रामको
केबल वेदले मात्र बुद्धिका अनुसार पो
९८७
भनेको सब हो त्यो ता अनुमान गरेर नै
निरूपण् गर्न सक्दैन कोहिले पनि नत्र है
यो जानेर तिमी मन्मा नराख संशय कुनै
राम हुन् परम ब्रम्ह सम्झ यो मनमा सधैं
९८८
दुर्गे भन्छु म ऐले रघुबिर जुन हुन् ध्यान देउ कुरामा
सब्का प्याराहितैषिभइकन भगवन् जन्मने जो अबध्मा
अन्तर्यामिन् अगोचर्सकल पुरूषमा भै प्रशिद्ध परावर्
सब्का साक्षी उज्याला रघुबर भगवन् नाथ मेरा उनैहुन्
९८९
भन्दै सम्झेर पाउ हृदय कमलमा चित्त पारी प्रशन्न
हे इष्टदेव ! स्वामी ! प्रभुचरित सकुँ प्रेमले आज भन्न
भन्दै प्यारा प्रभुमा गरिकन बिनती ध्यान गर्दै झुकेर
केहि छिन् चन्द्रधारी प्रभु चूप हुनुभो राम सम्झि रमेर
९९०
फेरी खोलेर आँखा प्रभु चरण दुवै सम्झि गर्दै प्रणाम
भन्नु भो पार्वतीमा भिरू !अब सुनौलो रामक्रो यो बयान
जस्ले आँखा बिना नै त्रिभुवन भरका विश्व देखिरहेका
कान सुन्य भएर पनि सब जीवका बोली सुन्दै रहेका
९९१
बाहुलीले बिनानै पनि सबथरिका कर्म गर्दै रहेका
जस्ले पाउ बिनानै त्रिभुवन भरीमा दौड गर्दै रहेका
जन्म यौवन बिनानै तिनी प्रभु त सधै भै जवानै रहेका
हर्दम् साक्षी भएरै तिनी सकलमाहा भै पुराना रहेका
९९२
प्राण सुन्यै भए ता पनि तिनी त अहो भै अमरनै रहेका
भाग्यले हिन् भएरै पनि सब थरिको शौख्यभोग्नेभएका
यस्ता अद्भुत अनौठा अज अमर प्रभुहुन्उनैकौशलेश
शंका केहि नराखी मन बीच तिमीले पाउमा पर्नु पर्छ
९९३
गाउँछन् वेद विद्वान जस्लाई यहि रितले
गर्दछन् जसको ध्यान योगीहरू सदैव रे
भक्तका हितका निम्ति उनै ईश्वर लोकमा
जन्मिए पुत्र भै हेर अयोध्याधिशकै तहा
९९४
उनै ती रामका ठुलो नामका बलले गरी
काशिमा मर्न लागेका प्राण माथि दयागरि
सुनाई तारक मन्त्र बिशोक गरि दिन्छु म
सम्पुर्ण जगका स्वामी राम नै हुन् अनुपम
९९५
सबैका हृदय भित्र अन्तर्यामि भएर नै
रहेका करूणासागर् सोहि श्री रघुनाथ नै
हुनुहुन्छ प्रिया ! मेरा स्वामी ती अनि फेरी ता
विवश जन हेरूले जसको नाम ता कदा
९९६
उच्चारण गऱ्यो भने पनि अनि ती मानिसहेरूको
दग्ध गर्दछ पापलाई जगमा ना ना थरि जन्मको
श्रद्धापुर्वक् जो नर प्रभुजीको नाम स्मरण गर्दछन्
भवसागर लाई ती नरहरू गेष्पद झैं तर्दछन्
९९७
परमात्मा उनै इश हुन् भनेर बिचार यो
तिनै माथि पनि तिम्रो भ्रम के योग्य भोर यो
ल्याउनासाथनै यस्तो मन्मा संशय लाइ ता
ज्ञान बैराग्य ती सारा गुण जान्छ मिटेर ता
९९८
भ्रम हारी सुनि सारा बचन शिवको पनि
कुतर्क रचना सारा दुर्गाको नासियो अनि
रामको चरणमाहा प्रीति र प्रतीति भयो
कठोर अति भीषण्का शंका सकल नासियो
९९९

सुनेर बाणी सारा बृषध्वज शिवका पार्वतीले लजाई
गर्नुभो बात यस्तो नरमकमलझैं हात जोडी रमाई
स्वामीन् !शम्भो !हजुर्को हुनगई करूणादासीको चित्तसारा
निर्मल् भै दुष्ट शंका छुटिकन हरिका भक्तिपाए रसिला
१०००

प्रेमले भन्छु स्वामीन् ! अब रघुपतिको सर्बलीला अनौठा
विस्तारले सुन्न पाउ भनिकन मनमा तीब्र इच्छा छ यौटा
आज्ञाहोस्नाथ बिन्ति पाउगरिकन प्रभुको पाउमा फेरी पर्छु
कौशल्यानन्द ! बर्धन् रघुबीर ! प्रभुकै प्रेमले आस गर्छु
१००१

हजुर्को शशिकिरण सरि शीतल् सुन्दा बचन् यो अब
शरदा तप झैं बिनष्ट हुन गो मेरो भ्रम यो सब
जाने रामजीका स्वरूपहरू ती मैले पुरारे ! अब
पैलेका भ्रम जो थिए सकल ती मेरो हरायो सब
१००२

बिषाद नाशियो मेरा कृपाले प्रभुको अब
प्रभु चरणका ठुलो प्रसाद पाउँदा सब
भएँ सुखी अबनाथ ! स्वभाबैले म ता हरे !
अज्ञानी मुरखा नारी हुँ तथापी हजुरले
१००३

मलाई नजिकै दासी सम्झेर नाथ चित्तमा
प्रशन्न हजुर होइ बक्सिइन्छ भने ममा
जुन प्रश्न गरें मैले पैले हजुर साथमा
उत्तर त्यसका सारा सुनाउनु हओस् यहा
१००४

चैतन्यरूप् अबिनाशी सर्बसंगत बर्जित
सर्ब हृदय – नगर निवासी ब्रम्हरूप त
हुनुहुन्छ प्रभो ! राम उनै श्री भगवानले
धर्नु भो नरको देह हे नाथ ! कुन हेतुले ?
१००५

भन्नुहोस ममा सारा बुझाईकन ती सब
एवं प्रकारका मीठा नम्र कोमल बाणी त
राम कथा बिषे प्रीति हुनाले अति पावन –
– भएका बचन यस्ता गौरीको ती सुनीकन
१००६

दयालो मदन घाती ज्ञान रासीर सिद्ध ती
शंकर हृदय भित्र हुनु भो हर्षित अति
प्रशंसा गरदैं धेरै गौरीको पनि हर्षले
आज्ञा भो पार्वतीलाई सम्बोधन गरेर रे
१००७

दु :खी माथि दयाले गरिकन करूणा बात तिम्ले भनेकी
सुन्दामा रानी मेरो मन अति खुसीभै चित्तमा रम् रमी भो
भक्तिछ रामजीकै हृदयमापनि महान् रानी ! तिम्रो छ भारी
यो प्रश्न स्वाउने हो तिमी सरिंस स्त्रिमा छैन केहि बढाई
१००८

रामायण महात्म्य

गर्नु धेरै नपर्ने फल मिलि अतिनै प्राणी सब् मग्न पर्ने
लीला तिम्लाई ऐले सुमुखी खुसी भई भन्दछु पाप हर्ने
ध्यान् देउ रानी मेरा बचन कन तिमी चित्त एकाग्र पारी
राम लिला म भन्छु त्रिभुवनभरीका पापका ध्वस्तकारी
१०१०

ब्रम्ह हत्या गरेता पनि रघुवीरको यो लीला प्रेम साथ
पाठ् गर्छन् राखी श्रद्धा जुन नर मनमा तिब्र बैराग्य साथ
तेस्का जन्मान्तरैका छुटिकन सब पाप् हुन्छ निर्मल उज्यालो
भवधि पार गर्ने पुल सरि प्रभुका यो छ है नाम ठुलो
१०११

रामोयण्का नगिचै पुगिकन जसले हात जोडि प्रणाम
मात्रै गर्छन् भनेता पनि जनहरूका छुट्छ है पाप जान
आरत्भै भक्तिले नै झुकिकन प्रभुमा गर्दछन् बन्दना जो
तस्ताको पाप भारी छुटिकन भवमा मिल्छ फल अश्वमेघको
१०१२

श्रद्धालु जन्हरूमा खुसभई जसले रामलीला भएको
दिन्छन् पुस्तक्भने ता मनबीच रहनेआस तेस्कोपुगीगोचुम्बक्ले
लोहताने सरि गरि हरिका नामले पाप भारी
तानी मन् स्वच्छपारी हृदयकमलमा दिन्छ भक्तिउज्याली
१०१३

प्रेमैले रामको यो जुन रीत सीतले हुन्छ लीला अपार
गाना गर्छन् भनेता पनि जनहरूका पाप छुट्छन् हजार
सुद्रै होस् वा जनाना जड अनि अथवा बालबृद्धै जबान
मूर्खै पण्डित् र बेस्या अति अधम पनि छन् प्रभुमा समान
१०१४

मन्को मैला निकाली मन बीच रहने बासना ती हजार–
लाई केहि नटेरी भरभरी प्रभुकै रामलीला अपार
जप्छन् ता आस छोडी अरूतिर नझुकि गर्न उस्को सहायै
पूर्ण ब्रम्है भएता पनि प्रभु ! दगुरी आउँछन् हेर आफैं
१०१५

कल्याणी ! हरे तिम्ले रघुवीर प्रभुका यो चरित्र सुनाई
लोक्को कल्याण भारी गर अब खुसीले पाप सारा छूटाई
श्रद्धा यो रामलीला कन जुन जनको हुन्न है सुन्न खास
तेस्तालाई नभन्नु हरि चरित अहो ! ब्यर्थमा लाग्छ पाप
१०१६

चैत्रका शुक्लपक्ष बीच नियम गरि नबदिन् यो प्रभुको
लीला पाठ गर्छ जस्ले प्रभु चरण बिषेभक्ति राखेर ठुलो
सहस्रौ अश्वमेघको फलमिली सब पाप् छुट्छ जन्मातरैको
रामायणको सरियोजग त भरी कुनै छैन ठुलो अरू जो
१०१७

आडम्बर मात्रले नै जुन जनहरूले सुन्दछन् नाम लोक्मा
भक्तिपाई हरिको छुटिकन सब पाप् पुग्छ साकेत लोक्मा
ठुला ती धर्म भन्दा पनि रघुवीरको यो छ लीला पवित्र
हुन्छन् सायुज्य श्रद्धा गरिकन जसले भन्दछ राम् चरित्र
१०१८

मन्ले सम्झेर पाउ रघुकुलमणिको प्रेमले भै अधिर
मानी विश्वास ठुलो भरगरि प्रभुकै प्रेमको फेरि नीर
-बहाई नेत्र देखि प्रभु चरित सबै गर्दछ पाठ जस्ले
तेस्को चौरासी चोला छुटिकन हरिमै हुन्छ लीन पुगिरे
१०१९

एक्पल्ट मात्र जस्ले शरणमछु भनी गर्छ आरत् पुकारा
तेस्को सब् दुःखटारी भयहरी क्षणमै रामदिन्छन् सहारा
तार या नाथ गाड भनिकन मुखले मात्र भन्ने छ जस्ले
तेस्को सब् विश्वभर्का शुभअशुभ सबैभारबोक्छन्प्रभुले
१०२०

मानसरोवर जस्तै शीतल अति उज्जल
लीलाको अतिब मीठो अति उत्तम निर्मल
भवानी सुन यो बार्ता कथा काकभुशुण्डिले
भनेको गरूडलाई हो है प्रथम हेर ! रे
१०२१

भयो उदार संवाद दुवैको जुन रीतले
भनौला पछि त्यो फेरि कथा विस्तार साथले
अत्यन्त सुन्दर पैले अति पावन निर्मल
सुन श्रीरामका लीला हृदय गरि उज्जल
१०२२

अम्बिके हरिको नाम अपार गुण छन् हरे
चरित्र पनि अपार अमित छ तथापी रे
आफ्नो बुद्धि अनुसार भन्नेछु म सबै यहा
सुन है आदर साथ हर्ष भै हृदय महा
१०२३

विशाल निर्मल राम्रो गाएको वेद शास्त्रले
शैलजे ! हरिको लीला सुन चित्त धरेर रे
औतार जुन कारणले हुन्छ श्री रघुनाथको
इदमित्थम् गरि त्यो ता कारण् भन्न सकिन्न पो
१०२४

हुनुहुन्छ रघुनाथ बुद्धिमान अगोचर
बाणीकापर र मेरो मत यो छ निरन्तर
शैलजे ! मनमा राख ऐले तिमी पनि सब
ता पनि संत र साधु वेद मुनिहरू सब
१०२५

पुराणहरूले आफ्ना बुद्धिका अनुमानले
जसरी भन्दछन् दुर्गे ! कोहि कोहि बखान रे
कारण जो परेको छ मेरो समुझ भित्र ता
त्यो कारणहरू सारा भन्ने छु तिमीलाई ता
१०२६

रामजन्मका कारण

जैले जैले धर्मको हुन्छ हानी
अधम् असुर बढ्दछन् अभिमानी
गर्छन् फेरि अनीतीहेरू सारा
देव गाई दुःखी हुन्छन् बिचारा
१०२७

बसुधा ब्याकुल् हुन्छिन् भएर दुःखीत अति
तेसै औशरमा फेरि दिनबान्धब ! रामजी
अनेक थरिका धारण् गरेर शरीर पनि
हर्नु हुन्छ सबै दुःख सुजनहरूका अनि
१०२८

मारेर असुरहरूकन अनि स्थापित् गरि देवको
राख्नुहुन्छ श्रुतिरूपी धरम त्यो आफ्नो बचाएर पो
फैलाईदिनुहुन्छ निर्मल यश सारा जगत्मा अनि
कारण यहि हो रघुविरजीको जन्मलिनाको पनि
१०२९

गाएर त्यहि नै लीलाहरू सबै तर्छन् भव सिन्धुमा
दयासागर राम लोक हितका निम्ति नै भुमिमा
देह धारण गर्नुहुन्छ सुमुखि ! ती रामका जन्मको
कारणहरू छन् अनेक ती सबै एक देखि एक ठुला
१०३०

छन् अद्‌भुत र परम बिचित्र का
हर्ने सबै पाप र ताप भित्रका
बुद्धिमति हे गिरिनन्दिनी ! अब
एकाग्र भै आज लीला सुन सब
१०३१

कारण घेरैछ राजा रघुवीर हरिकाजन्म धर्ने अनौठो
भन्छुऐले जयन्ति ! तिमीकन खुसीले पापहर्नेछनौटो
नारदको श्रापपूर्णे गरिकनप्रभुले श्री अयोध्यापुरिमा
जन्मिसब्‌दुष्टमारी सकल भय हरि घुम्नुभो जंगलैमा
१०३२

विस्तार पूर्वक सारा भन्दछु ध्यानले सुन
गिरिजे ! हृदय भित्र सम्झेर रामजी कन
जानेका लोकले सारा जय विजय नामका
भाई दुई थिए दास प्यारा बैकुण्ठ नाथका -
१०३३

-द्वारपाल थिए फेरि ती दुवै भाईले पनि
बिप्रका श्राप पाएका हुनाले तामसी बनी
पाए असुरको देह लोक प्रख्यात धीर भै
सहस्त्र नेत्रका गर्व चूर्ण गर्ने बलिष्ट नै
१०३४

कनक कशिपु फेरि हिरण्डयाक्ष भइकन
धरे असुरको देह ती दुवै भाईले सुन
नरशिंह अनि फेरि बराह शरीर धरी
मार्नु भो दुवैलाई यो सबै जगत भरी
१०३५

प्रख्यात छ लीलासारा दुर्गे ! त्यो भगवानको
फैलाउनुभयो किर्ति प्रल्हाद भक्तको ठुलो
हर्नुभो पीर ती सारा आफ्ना भक्तहेरूको
गरे र बिप्र र गाई रक्षा ती सुरहेरू को
१०३६

ती दुवै बीर नै फेरि कुम्भकर्ण दशानन -
- भएर जन्मिए हेर सुरका ईन्द्रकानन -
- जिते जगत नै सारा दिगपालहरू सब
धीर समरमा फेरि महाविर थिए तब
१०३७

"तिनृजन्म आसुरी योनी हुनेछ तिमीहेरूको
यस्तो ब्राम्हणको श्राप हुनुपर्ने प्रमाण पो
-हुनाले इश कै हात बाट नै मरदा पनि
भएनन् अम्बिके ! मुक्त ती दुवै जान यो अनि
१०३८

दिनभक्त अनुरागी भगवन् रघुनाथले
धर्नुभो तिनकै लागी शरी र एक चोटि रे
कश्यप र अनि फेरि अदिति पनि लोकमा
जन्मिए जननी बाबु बनेर अबधै महा
१०३९

एवं प्रकारले एक कल्पना भगवानले
लिनुभो दशरथ् पुत्र भएर अवतार रे
आफ्ना चरित्रले सारा बसुधालाई नै अनि
पावन मंगल सुन्दर् पार्नुभो रामले पनि
१०४०

यौटा कल्पमहा फेरि सुरले समरमहा
हारी जालन्धर साथ भए दुःखीत चित्तमा
त्यो देखेर शशिशेखर् क्रुद्ध भै हृदय महा
त्यो जालन्धरका साथ लड्नु भो समर महा
१०४१

मरेन रणमा त्यो ता शिवका क्रोधले प नि
पतिब्रता थिइन् रानी दैत्यकी अतिनै अनि
त्यो पतिब्रत्यका ठुलो धर्मकानै प्रभावले
सक्नु भएन त्यस्लाई जित्न श्री शंकरजीले
१०४२

विष्णुले छल् गरि फेरि बृन्दाको पातिब्रत्यको
गराउनु भयो नष्ट देवकार्य निमित्त पो
बृन्दामा छल त्यो सारा भएथ्यो प्रष्टता जब
विष्णुलाई दिईन् श्राप क्रुद्ध भै अति ता तब छुट्यो
१०४३

मारेर युद्धमा फेरि त्यसलाई रघुनाथले
आफुमा गर्नुभो लीन पाप सारा हरेर रे
जसको निम्ति हे दुर्गे ! भगवन् रामले पनि
धर्नुभो नरको देह भुमिमा पुगि हेर नी
१०४४

कारण तेहि हो एक कल्पमा राम जन्मेको
प्रत्येक कल्पका रामाबतारहरूको ठुलो
लीला सुनेर ति सारा मुनिका मुखबाट पो
गर्दछन् बर्णन सारा कविले पनि फेरि पो
१०४५

दिए श्राप भई क्रुद्ध फेरि नारदले पनि
भगवन् रामजीलाई एउटा कल्पमा अनि
तसर्थ अम्बिके ! हेर भगवन् रघुनाथले
धर्नुभो नरको देह खुसीसाथ गएर रे
१०४६

सुनेर शिवको आज्ञा यस्तो पार्वतीले पनि
हुनुभो चकित मन्मा मान्दै आश्चर्यता अनि
कमल सरिकै सुन्दर जोडेर दुई बाहु त्यो
मुसारी शिवका पाउ पंकजलाई फेरि पो
१०४७

मुछिएका प्रेम रस्लाई भरेर
बोली मीठा बचन त्यो नुहेर
फेरि विन्ति गर्नुभो पार्वतीले
पुरारीको पाउ माथि झुकि रे
१०४८

नारद्को श्राप पूर्णै गरिकन प्रभुले जन्मनुभोभनेर
सुन्नालेपक्कपर्दै मनबिच भगवन् छक्कपर्छु रमेर
हे शम्भोभक्त ती ता हरिचरित सुनी प्रेमले मग्नपर्नै
हर्दम प्याराप्रभुका बिमल चरित्रको भक्तिले गानगर्ने
१०४९

यस्ता ती नारदैले बसपरि रीसको श्राप श्रीनाथमहा
दिनुता यो अबष्यै अतिसय गहिरो कारणपर्छत्यहा
चुल्कि के?चक्रधारी भुवनपतिप्रभो रामले गर्दिनुभो
जुन्कारण् श्राप पाई बन बन दगुरिदुःख ती भोगनुभो
१०५०

भवानीको बिन्ति सुनेर सारा
भव अति हर्ष भई निराला
हरेर शंका सब अम्बिकाको
भन्नुभयो नारदको लीला त्यो
१०५१

श्री नारद चरित्र

ज्ञानीहुन् भक्तनारद्भनिकन तिमीलेजोसोध्यौमलाई
शक्तिबान्छैनकोहि बचिकन रहने ती हरिमोहदेखि
जस्लेगर्छन् हरिका चरणकमलकोआसराखी हमेसा
सारासम्बन्ध तोडी शरणचरणकै पर्दछन् जो हमेसा
१०५२

तेस्तैलाई हरिले गरिकन करूणा जाल देखी बचाई
राख्छन्आपन्नीचरणकीपरमप्रियतमाभक्तिकोदानदिई
जस्माथिश्रीकृपालुरघुबीरप्रभुकोहुन्छ कारूण्डयभाव
मायादेखि प्रभुकी बचीकन रहने तेहिनै हुन्छ खास
१०५३

ब्रम्हादेखिभुषुनातक पनि हरिमा छन् सबै एकनास
ब्रम्हालाई भुषुना गरिकनभुषुना पारीब्रम्हाजी खास
खेल्गर्छन्तीखिलाडीसकलभुवनकोप्राणीपारीविमोह
तिन्कातीजाल बीचैपरिकन मपनिछुप्रिय मुग्ध मोह
१०५४

मायाकोजालबीचैपरिकन पहिले ति विधाता भुलेथे
नारद्कौकेकुरा भो मपनि प्रियतमेमुग्ध पर्दैझुलेथें
तेस्तीमाया अनौठारचिकन हरिले खेल गर्दै अपार
नारद्कोगर्व तोडीभयभरी छिनमै गर्नुभो म ोहपार
१०५५

भन्छुऐले हरिको अतिशयमधुरो बिघ्नहारी चरित्र
मायाकोजाल भारीफिजीकनऋषिमामोह पारिबिचित्र
मायालैढाकीआपन्नाप्रियजन मनकोगर्व तोडीदयाले
प्यारोगर्नेप्रभुको अतिगजब लीला भन्दछु आजमैले
१०५६

पर्वत् हिमालय बिषे रमणिय खासा
ठुलो गुफा छ अति सुन्दर शान्ति दाता
तेस्कै अघिल्तिर पवित्र र पापहारी
भागिरथी बहदछिन् त्रयताप हारी
१०५७

ताहि रहेर ऋतुराज सुरम्य पारी
गर्छन् सबै ती वन मञ्जुल मुग्धकारी
छर्दै सुगन्ध फूलको मनमोह गर्दै
शीतल् समीर पनि बग्दछ फेरि मन्दै
१०५८

गानागर्दै हरिका बिमल चरितको मस्तभै राग छोडी
बिणाको तारमा नै स्वरमीसी लयले विश्वसंबन्ध तोडी
घुम्दै आनन्दभारि लिई भुवन बिषे भक्त नारदजीकोही -
-दिन्मा हिमालयका उहिवन बीचमा घुम्दथे मस्त होई
१०५९

त्याहाको शान्तिदायी रमणिय मधुरो दिव्य शोभा निहारी
आनन्दि भै पियारा हरिचरण बिसे भक्ति लागेर भारी
श्रापको सब् बिध्न् बाधा हटिकन खुसीले ध्यानगर्दै हरिको
नारदजी बस्न लागे त्यहि गिरि बीचमा प्रेमले मग्न भै पो
१०६०

ध्यान गर्दा श्री हरिका चरणकमलको काल धेरै बितेर
जाँदो भो होस् नपाई ऋषि प नि हरिकै नाम गाइ रमेर
बस्थे तिन्का तपस्या नजर गरि मलिन स्वर्गका ईन्द्रजीले
स्वर्गै यो लिन्छ भन्ने डर गरि मनमा गम्न थाले पनि रे
१०६१

कामी बिषयमा लुब्ध जो छन् जगतमा हरे !
कुटिल काग झैं नित्य डर्दछन् सब देखि रे
देखि मृगपतिलाई जसरी मूढ स्वान त्यो
सुख्खा हाड लिई भाग्छ खोस्छकी ? भनी सम्झिपो
१०६२

तेस्तै सुरनाथ कन पनि हरे
थियो न लाज मन भित्र निच रे
डराउदै नारद देखि चित्तमा
भए अति भीत डरेर स्वर्गमा
१०६३

फेरि सम्झी तुरून्तै दलवल सहित बीर ती कामलाई
प्यारो गर्दै पुरन्दर तिनीकन यसरी भन्दछन् सामु जाई
ध्यान् गर्दै श्री हरिका हिमगिरि विचमा नारद् छन् बसेका
आज्ञा मानेर मेरो तप हर तिनका जाई तिम्ले पनि ता
१०६४

प्यारा साथि बसन्तै लिईकन संगमा अप्सराले मिलेर
जाउ झट्टै ऋषिका तपहर नहिता स्वर्ग लिन्छन जितेर
आज्ञा यस्तो सुरेस्को सुनीकन खुसीले साथ साथी लिएर
पुगि फेरि ऋषिका नगीच वरिपरि अप्सराले मिलेर
१०६५

किडा गर्थे खुसीले वन बीच रसीलो पारी सौन्दर्य खासा
आफ्ना साथी बसन्तै फिजीकन वनमा पारी उल्लासखासा
गाना गर्दै रसीला लयसित रमणी नाचदै ताल पारी
बाजाले घन्न गर्दै ऋषिमुनिहरूका हर्दथे चित्त भारी
१०६६

गन्धर्वले मिली अनि तवला बजाए
विद्याधरहरू मिलिकन गाना गाए
नाचेर उर्वर्शी घृताची तिलोत्तमाले
गर्दै कटाक्ष सब नक्कल गर्न थाले
१०६७

फेरि बसन्त खुसीले बनमा पुगेर
त्यो जंगलै सजिदियो हरियो गरेर
ना ना थरि फल फलिकन बृक्ष खासा
भर्थ्यो मिठास रसिलो मृदु स्वाद साथ
१०६८

सारा ती बृक्ष लहराहरूमा सजेर
ना ना थरि सुमनले वन त्यो रमेर
खुस्बु फिजांरी फूलका मृदु गन्ध साथ
गम्काउथे वन सबै ऋतु राज खास
१०६९

राम्रा सरोवर भरी ढकमक्क पारी
ती दिव्य सुन्दर कमल् फूलि गन्धभारी
फैलाउदै महकले वन त्यो तमाम
मन् हर्दथ्यो सकलको बनी शान्तिधाम
१०७०

कोयल् मयुर रजहांस सुगा जुरेली
पट्ट् चिभे र अनि सारूग ती भँगेरी
सारा मिलेर ध्वन धन्न गराई गाइ
मन् हर्न कोशिष गरे ऋषिसामु जाई
१०७१

फेरि अनंग फूलकै धनुबाण धारी
चञ्चल ऋषि मन गराउँ भनी बिचारी
हान्थे ती चांपशरले ऋषि छाति माथि
ताकेर घायल गराउन पारी ताती
१०७२

शीतल् समीर पनि बग्दछ मन्द साथ
सारा सुगन्ध फूलको छरी दिव्य खास
नारद् ऋषिकन भुलाउन चित्तलाई
कोशिष् गरे ती सबले बहुतै रमाई
१०७३

मीनध्वजका संगमा मिलिकन सबले भक्त नारद् ऋषिको
ध्यान् भंग गर्न भारी नसकि मनबिसे सब् डराए पनि हो
जस्का रक्षक सहारा त्रिभुवन पति श्री चक्रपाणी प्रभु छन्
तेस्ताको मान हानी गरूँ भनी कसरी लोकले जित्न सक्छन्
१०७४

डर्मानी चित्तभित्रै मदन अनि पछि साथ राखी सहारा
पाउ पर्दै ऋषिको करूण बिन्तिले गर्न लागे पुकारा
हे नाथ ! माफ पाउँ शरण चरणमा पर्दछौं आस राखी
हाम्रो शिर्माथि आफ्नो अभयकर धरी बक्सियोस् आज माफि
१०७५

ती सब्को दुःख, पुकारा सुनीकन ऋषिले मन्द हाँसी खुसीले
आज्ञा गर्छन् नराखी डरहरू मनमा जाउ भन्छु खुसीले
राजाको काम गर्नु सब तिमीहरूको मुख्य हो कामजान
दोषके छ अरू को ? डर नगर कुनै भन्दछु सत्य ठान
१०७६

आज्ञा यस्तो ऋषिको सुनीकन खुसीले पाउमाथि परेर
फर्किए ती ऋषिको जय जय गरदै स्वर्गमानै रमेर
प्रशंसा ती ऋषिको गरिकन गरदै फेरि सब्ले सारना
बताए ईन्द्रजीका पुगिकन नगीचै हालका ती सीमाना
१०७७

धन्य नारद्जी भन्दै सुनि चरित सबै चित्त देखि सराही
स्वर्गैका देव सारा सुनि चरित सबै छक्क पर्थे कराही
साधुको हुन्छ ठुलो हृदय रिस्सहित् स्वच्छ भारी उज्येलो
भक्ति राखि हरिका चरणकमलमा गर्दछन् काम ठुलो
१०७८

नारद घमण्ड

बिदाभै काम फर्के जब सगिहरूली ति ऋषिले पछाडी
जिते कन्दर्प भन्दै मनबिच खुसीले गर्ब गर्थे बिचारी
अपन्ना पोरुष सारा शशिधर सितनै भन्दछु आज जाई
भन्ने मन्मा बिचारी तिनी अनि खुसीले फेरि कैलाशआई
१०७९

पर्दै मेरा चरण्मा लिईकन मनमा गर्ब ठुलो मलाई
भन्छन् शम्भो ! हजुर्को हुनगई करूणा काम फर्के डराई
जिते कन्दर्पलाई पनि प्रभु ! यसरी शक्ति सारा हरेर
भन्दै त्यो कामहारी चरित सब ऋषि दंग पर्थे रमेर
१०८०

अपर्णे ! तिनको त्यो सुनिकन बचन् फेरि महिले
दयाराखि प्यारो गरिकन भने यस रितिले
ऋषे ! तिम्ले ऐले मकन खुसी भै बात जसरी
भन्यौ ती सब् फेरि हरिसित नभन्नु अघिसरी
१०८१

भनें सम्झाई यो तर पनि ऋषिले गरि बडो-
-घमण्ड फर्के ती नबुझिकन चित्तै पनि अहो !
अनि फेरि घुम्दै ऋषि पनि अनेकौं भुवनमा
पुगेछन् डुल्दै ती अनि पछि हरिको नगरमा
१०८२

गई लक्ष्मी प्यारा रघुवीर हरिका चरणमा
झुकि बिन्ति गर्दै नुहिकन रहे ति शरणमा
परेका पाउमा नजर गरि लोकेश हरिले
भयो आज्ञा नारद् बहुत दिनमा आई अहिले
१०८३

दिदा दर्शन तिम्ले भुवन सब यो धन्य हुनगो
चरण्का धुलाको परश भई यो मन् खुसी भयो
अहो ! नारद चाडै भन तिमी थियौ कुन् मुलुकमा
गरी के के काम ? घुमीकन बस्यौ भुमी तलमा
१०८४

बताउ सारा त्यो मनबिच खुसी छौ किन ऋषे !
भनी पाउ धोई शिरधरी ऋषिकै पद बिषे
नजाने भै केहि हुन गई छलिया हरि अनि
हुनु भो चुप् फेरि ऋषिमुख निहारीकन पनि
१०८५

सुनी आज्ञा यस्तो कुटिल प्रभुका नारदजीले
गरे बिन्ति नाथ गरि हजुरको ध्यान खुसीले
बसेको थिंए त्योहिमगिरि बिषे इन्द्रजी डरी
पठाए घृताची मदन र बसन्त सब थरी
१०८६

प्रभो स्थिर्भै मैले मनबस गरैं हारी डरले
झष केतु फर्क्यो सगिंहरू लिई साथ सब रे
भनी आपनो सारा गरिकन बढाई चूप भई
रहे ती नारद्जी मनबीच लिई गर्व झन् की
१०८७

सुनी तिन्का बोली नजर गरि त्यो गर्व अति रे
बिचारी चित्तैले हरदछु भनी गर्व त्यति रे
यिनी मेरा प्यारा भगत प्रिय सेबक् सकल हुन्
अहो रक्षा मैले गरनु यिनको पर्छ जति हुन्
१०८८

बढेको गर्वैको-तरू मन बिषे जो छ अहीले
उखेली सारा त्यो यिनकन भुलाएर छलि रे
फिजारी मायाको अतिब गहिरो जाल ऋषिमा
गरी खेलै भारी फिजीकन तमाशा पनि तहा
१०८९

गरि रक्षा यिन्को हरदछु सबै गर्व खुसीले
भनी ठानी मन्मा भगतहरूका नाथ ! हरिले
अनि रूखो मुख्ले बचन अति मिठो गरि अहा !
भयो आज्ञा धन्य तिमी सकल माछौ अति भला
१०९०

स्मरण् तिम्रो गर्दा रीस र अनि कामै सकल ती
ऋषे ! लोभै मोहै दुर भइ दगुर्छन् डर गरि
ठुला ज्ञानी भक्तै तिमीकन कसोरी मदनले
ऋषे ! गर्‍यौ बस्मा झुकिकन गयो हेर डरले
१०९१

सुनी आज्ञा यस्तो ऋषिपनि भइ दंग मनमा
गरे बिन्ति फेरि म उपर हजुर्को अति घना
कृपा हो सारा यो भनीकन झुकि पाउ तलमा
ऋषि फर्के फेरि हरि चरित गाएर मनमा
१०९२

नारद् फर्के पछिता स्मरण गरि उहि योगमायाजीलाई
आज्ञा भो श्रीहरिको फिजीकन महिमा देशखासा बनाई
मायाको एकराजा रचिकन उसमा चीज सब् पूर्ण पारी
लक्ष्मीलाई बनाउ नरपति तनया जाल ठूलो फिजारी
१०९३

मायाको बश् गराई ऋषिकन तिमीले मोह गर्नु भनेर
आज्ञा यस्तो हरिको सुनीकन खुसीले योगमाया गएर
नारद्को मार्ग छेकिरची शहर ठुलो चारसौ कोसको ता
जहां फेरि बनाई रथ हय गज औ शुर् बीर फौजनै ता
१०९४

रति औ कन्दर्पै सरिस दुनिया छन् जसमहा
हजारौ बैकुण्ठ सरि मुलुक सुन्दर छ जहा
शत शक्र तुल्य नरपति प्रतापी अतिरथी
थिए विष्णु जस्ता सकल गुणखानी शीलनिधि
१०९५

थिइन् तिन्को कन्या शशिसरी जगन्मोहिनी भनी
थिइन् लक्ष्मी जस्तै त्रिभुवनभरी सुन्दरी पनि
स्वयम्वर तिन्को त्यो नगर बिचमा त्यो घरी थियो
प्रतापी राजाले भरिकन ठुलो उत्सव थियो
१०९६

पुगे तेसै बेला खुसी भई ऋषि त्यो शहरमा
बढो राम्रो तेस्तो नगरकन देखेर बिचमा
बिचारी भन्छन् यो मुलुक अघिता यस जगमा
थिएन केहि लौ यस बखत देख्दोछु बीचमा
१०९७

नारद मोह

अहो ! सुन्दर् यस्तो शहर कसरी यो हुन गयो
बसेको राजा यो मुलुक भरीको फेरि कुन हो ?
यहि सोची छक्कै परिकन डुली त्यो शहरमा
सुद्याए रैतिका सँग पुगि त्यो सटकमा
१०९८

बताउ ऐले यो नगरी बिच्मा भूपति छ को
अहो उत्तम् बिष्णुपुर सरिछ सुन्दर अतिव यो
गरी उत्सब् फेरि सडकभरि तोरन धरी
सजाएको सारा भन छ किन यो आज नगरी
१०९९

कुरा तिन्का यस्तो सुनिकन झुकि पाउ तलमा
सुनाए सारा त्यो नगर भरिका हाल तिनमा
कुरा यस्ता अद्भुत सुनि ऋषि भई दंग मनमा
भुली बिष्णु माया बीच फसी पुगेछन् महलमा
११००

ऋषिलाई देखि भू - पति मनमा दंग हुन गै
उठी आशन् छोडी चरण बीचमा लट्पट हुदै
दुवै पाउ धोई शरीर भरिमा सेचन गरि
ब्रसाली आशन्मा अरघ पनि दि पुजन गरि
११०१

गरे बिन्ति मेरो मुलुक सब यो धन्य हुन गो
प्रभुको दर्शनले जनम भरिको पाप दुर भो
त्रिकालैको दर्शी बुझीकन भबिष्य सकलको
दया गर्न भारी ऋषिकन म गर्छु बिनती यो
११०२

मेरी छन् एक छोरी मुनिवर अहिले हात तिन्का निहारी
भाग्यकस्तो छ सारा बुझिकन तिनको सब् शुभाशष् बिचारी
आज्ञाहोस् आज मेरो मनबिच र हने तर्क सारा मिटाई
लक्षण् कस्तोछ तिन्मा सुख दुख तिनीमा के छ सारा बताई
११०३

जानी तिन्का भविष्य मुनिवर मनमा हुन्छ आनन्द भारी
मेरो भन्दै खुसीले नृपति चुप् भए हात जोडी अगाडी
फेरि कन्या ऋषिका चरण बीच धरी हात यिन्को बिचारी
हेर्नु अहोस् हजुर्ले भनीकन भूपति भन्दछन् दंगपारी
११०४

राजाको बिन्ति यस्तो सुनिकन ऋषिले झट्ट आँखाउठाई
हेर्छन् ता देखी आपनो नगीच रबि सरि तेजले झल्मलाई
करोडौ चन्द्रमाको छवि पनि जसको हुन्छ फिका अगाडी
लक्ष्मी दुर्गा शची औ रति पनि जसको गर्दछन् है बढाई
११०५

यस्तो त्रैलोकय भर्की अतिशय रमणी ती जगन्मोहिनीको
देखी सौन्दर्य खासा भुलिकन खुसीले बस् परि मीनध्वज्को
आँखा गाडी उनैमा नचलिकन अहो ! चित्रझैं भै ऋषिले
मायाले बस् परेरै भुलिकन मनको ज्ञान सारा तिनीले
११०६

हेर्छन् मोहित् भएरै मुख शशिकन ती टक्टकी बाधा भारि
आसिक् भै मुग्धमन्ले नचलिकन अहो ! मूर्ति झैं ध्यान धारी
फेरि हरेर तिन्को शुभ अशुभ सबै हस्त रेखा अपार
लक्षण् देखि अनौठो तुलबुल मन्ले गर्न थाले विचार
११०७

विवाह गर्छ जस्ले तिनी सित उसको भाग्य खुल्नेछ खासा
त्रैलोक्यैको अदिस्वर् बनिकन हरि झैं हुन्छ लोकेश राजा
त्यो भन्दा फेरि अर्को त्रिभुवन भरीमा हुन्न बर्ता अरू जो
लोक्का धाता विधाता त्रिभुवन भरीको हुन्छ नायक पनि त्यो
११०८

नारदको विकलता

यस्तो लक्षण् बिचारी मनबिच ऋषिले केही अर्कै रचेर
राजालाई सुनाए सबथरि छ असल् भाग्यरेखा भनेर
विदाभै ती ऋषिले भूपति सँग छिटो आइ एकान्तपारी
-गम्दै मन्मा विचारे 'कुनरित सितले पाउनु ती कुमारी'
११०९

भन्दै पागल् समानै बनिकन ऋषिले हाय ! गर्दै कराइ
राजकन्या माथि मोहित्बनि अबुझ सरि पीरले छट्पटाई
कस्ले मन्मा रहेका बिरह सब हरि दिन्छ इच्छा पुराई
भन्दै कस्का अगाडी गइकन मनको पीर भन्नु कराई
१११०

बैकुण्ठ जाई प्यारा हरिसित मनको दर्द सारा सुनाई
मागुँ राम्रो शरीर हरि सित भनुँता छैन बेला मलाई
स्वयंम्बर्को बखत् भो कुन रित सितले हुन्छआशा पुरारे
कि ता गर्छु पुकारा यहिबसि हरिकै ती हुनन्कि ? खुसीरे
११११

भन्दै कराई कन पाउ सम्झदै
थाले ऋषि गर्न रूदै पुकार है
प्रभो ! शरणमा मछु आज नाथको
गरेर आसा भर गर्छु पादको
१११२

उपाय मेरो दु ःखको कुनै गरि
इच्छा पुरा गर्नु हआस हे हरि
दयागरि ती जगमोहिनी पनि
मलाई पारी दिनुहोस आज नी
१११३

ती राज कन्या खुसीले स्वयंवर
गर्छिन् प्रभो ! आज ममा दया गर
दिएर राम्रो प्रभुको छवि सब
दिलाउ स्वामीन् जय मालिका अब
१११४

माता पिता हौ तिमी नै सखा पनि
बचाउ हा! नथ ! दिएर मोहिनी
सहाय गर्ने तिमी एक छौ हरि
मेरा अरू छैन बचाउ यो घरी
१११५

लोकेश बन्थो ! प्रभुकै शरण् परि
पुकारा गर्छु अब ता नजर् गरि
इच्छा पुरा आज गरेर दासको
सुखी गराई कन राख हे प्रभो !
१११६

प्रभो ! हजुर्कै सरि देह सुन्दर
गराउ मेरो पनि ता जगत् भर
जस्मा रिझी ती जगमोहिनी पनि
बरण् मलाई प्रभु गर्दछिन् अनि
१११७

धाता विधाता दिनपाल रक्षक
अनन्त कोटि हरि विश्वकारक
बसेर आत्माबीच साक्षीरूपले
हुने निरञ्जन् छु शरण् म दु ःखले
१११८

सुनि पुकारा ऋषिको खिलाडी
प्रकट तुरून्तै तेहिं भै अगाडी
भन्नुभयो सम्झि मलाई आज
पुकारा गर्ने भन के छ ? काज
१११९

सुनेर आज्ञा हरिको खुसीले
भन्दा भए विव्हल भै ऋषिले
सुनाई आफ्ना मनको विचार
मागे हरिका सरिको मुहार
११२०

सुनेर बिन्ति छलिया हरिले
भने सबै दु ःख हरि खुसीले
तिम्रो बचाउ गरि आज मैले
उद्धार तिम्रो अब गर्छु ऐले
११२१

मुनिवर ! सुन जस्तो बैद्यले रोगीलाई
कुपथ नदिई केहि गर्छ उस्को भलाई
उहिरित सित तिम्रो दु ःख मेटी खुसीले
म पनि अब भलाई गर्छु यहीं बसी रे
११२२

सुनिकन हरिको यो लट्पटे बाणीलाई
पनि नबुझी ऋषिले मोह पर्दै रमाई
भुलिनकन गएका बैष्णवीका छलैमा
बचन सुनी हरिका दंग पर्थे मनैमा
११२३
तिनीकन छली यस्ता ब्यंग वाणी सुनाई
कपिसरि मुख तिन्को बेरूपिया बनाई
तीनीकन खुसी पारि फेरि फर्कि हरिले
भूपति सुत समानै देह धारी खुसीले
११२४
सकल नृपहरूका साथ आई सभामा
नर सरिस बनेरै बस्दछन् ती सभामा
ऋषिपनि हरिका झैं रूप पाएँ भनेर
फिरिकन तिनी आए त्यो सभामा रमेर
११२५
अरूकन ऋषिको त्यो रूप भो पूर्व को झैं
नजर बीच कपि झैं मोहिनीको भयौ है
हरि सरि रूप आफ्नो देख्दथे ती ऋषिले
गरिकन अति ठुलो गर्ब फूल्थे खुसीले
११२६
"अब लिईकन माला ती जगन्मोहिनीले
बरण मकन गर्लिन देखि सुन्दर् खुसीले
भूपति भरी सबैमा देखी राम्रो मलाई
युगलकर उठाई माल्य धर्लिन् लजाई
११२७
भनिकन गमी मन्मा दंग पर्दै फुलेर
बसपरि झपकेतु बाणले रल्लिएर
तुल बुल गरि मन्मा हत्पताएर फेरी
घरी घरी तिनी झल्थे द्वारकै तर्फहेरी
११२८
बरण नृपसुताको हर्न लाई भनेर
गण दुइ शिवजीका नर देहै धरेर
रही नृपति हरूका साथ बस्दै खुसीका
तिनीहरू गफ गर्दै हाष्य गर्थे ऋषिका
११२९
अब नृपति सुताले देखी शोभा अपार
बनिकन तिनी मोहित् छोडी राजा हजार
यिनीकन अब बर्लिन् मालिका त्यो बरण्को
खुसी सित पहिराई सम्झिनीन् यि हरि पो
११३०

गफ गरि यसरी नै हाष्य गर्दै रमाई
हर गण ती ऋषिको छेड गर्थे रसाई
ऋषि पनि सुनी तिन्का ब्यंगबाणी खुसीले
नबुझीकन हरे ती मस्त पर्थे झुलि रे
११३१
अनि पछि जयमाला बाहुलीमा सजाई
शिर पनि संगिनीको काँधमाथि अडाई
नरपति तयनाले आई आफ्नो अपार
चहक फीजी सबैमा घुम्दिथिन् बार पार
११३२
वरी परि संगिनीमा भार आफ्नो शरीर्को
दिईकन लिई चाला ढल्कदै हम्सिनीको
वरी परी सब राजाहरूमा नैनबाण -
- छरि अधिक लजाई खोज्दथिन् कृष्ण प्राण
११३३
कपि सरि ऋषिको त्यो रूप देखि रीसाई
त्यस तरफ नजाई घुम्दथिन् अन्त जाई
भुलिकन पनि तिन्ले ती ऋषिका स्वरूप -
- कन नजर नपारी हेर्दथिन् अन्त खूब
११३४
नरपति तयनाको देखी उल्टा चरित्र
डर गरिकन भारी हत्पताएर भित्र
छट पट भई चन्चल् चित्त दु :खी हुनाले
तुल बुल मन गर्दै हेर्दथे ती ऋषिले
११३५
पुगी नगीचै हरिका खुसीले
देखी झलक् ती प्रियका रमी रे
ती राज कन्या परि प्रेम साथ
अडिन् खुसीसाथ झुकाई माथ
११३६
उठाई आफ्ना दुईबाहुलाई
यो माल्य बर्को पनि ता सजाई
गलामहाँ श्री हरिकोधरेर
रण् हरिलाई मरिन् रमेर
१३७
अनि हरि ती नृपनन्नीको
साई बाहु खुसीसाथ छिटो
बढी अगाडी रथमा चढर
र्नु भयो हाष्य गरि रमेर
१३८

जब त फिर्नु भयो छलले ठगी
ती ऋषिलाई भुलाई छली अघी
अनि ती नारद छट्पटी दु :खले
जल बीना तिनी मत्स सरी भए
११३९

नारदको कोध

जसरी चन्द्र बिना चकवी अनि
जलबिना पनि चातक हुन्छ नीं
तेस गति ऋषिको भई त्यो घरी
बनी बिमूढ भए जिउँदै मरी
११४०

ऋषिको यस्तो त्यो बिरह दु :ख देखी गरि दया
अगाडी नारद्का हर गण ती भन्दा पनि भया
ऋषे !आफ्नो पैले स्वरूपकन जाई तिमी छिटो
निहारी दर्पण्मा पीर छ अनि गर्नु पनि भलो
११४१

सुनी यस्तो बाणी ऋषि पनि नदिका तीर बिषे
पुगी हेर्दा देख्छन् स्वरूप तिनी बादर् सरि हरे
अहो !आफ्नो देखी स्वरूप कपीभैं कोधित भई
दिए भिषण श्राप हर गणहरूमा तिनी गई
११४२

असुर जस्तो बुद्धि लिई कन पराई दु :ख बिषे
गरि ठुलो हाँसो खुसीभई सभाका बिच हरे
गऱ्यौ मेरो हस्सि जति अनि तेहि दोष् हरूमा
म दिन्छु यो श्राप असुर हुनु जाई पृथिवीमा
११४३

दिदैं घोर श्राप रीसगरि दुवैमा अति ठुलो
अनि सोची फेरि ' हरिकन शराप्छु ' भनी अहो!
कि मर्छु विष्णुकै नगीच पुगी हत्ये गरि त्यहा
ठगी जाली पापी तिनीकन म छोड्छु अब कहाँ
११४४

बिचारी यो मन्मा द्रिढ गरी ठुलो निश्चय पनि
बिहोसीको स ुर्मा रीस गरि हिडे पागल बनी
मकैले विष्णुका नगीच पुगी जालीकन हरे
शरापी तिन्लाई कठिन दिउला दण्ड पनि रे
११४५

भनी गुन्दै यहि बनिकन भुका शेर सरिको
हिडे नारद् फेरि हरि पनि खिलाडी भइ अहो !
लिइ साथै लक्ष्मी अनि उही सगैं राजतनया
ऋषिकै सामुन्ने पथ बीच प्रकट् भै ती छलिया
११४६

नजाने भैं केही हुनगई ऋषिको नगिचमा
पुगी सोध्छन् हांसी मधुर प्रिय बोली गरि त्यहा
ऋषे ! हे ब्रम्हर्षि किन ? यसरी नारद् तिमी अहो !
भइ कोधित् हिड्छौ दु :खित भइ पागल सरि पो
११४७

गऱ्यौ कस्ले तिम्रो कसुर ? कुन कस्ता किसीमको
भयौ दु :खी केले ? मुनीवर ! बताउ पनि छ जो ?
दिनु तिम्ले दण्ड पनि छ कसलाई ? अब कहाँ ?
तिमीलाई छल्ले गरि दु :ख दिने को छ र यहाँ
११४८

परम् ब्रम्ह ज्ञानी मुनिवर ठुला छौ अतिवको
जितेको कन्दर्प कन पनि त तिम्ले अघि थियो
अहो ! ऐले यस्ता किन तिमी भयौ ? मूढ सरि ता
भजन् मेरो गर्न त्रिभुवन भरी मूख्य तिमी ता
११४९

नारदको हरिमा श्राप

सुनी मिठा यस्ता बचन प्रभुका ती ऋषि अहो !
फसरै मायामा भुलिकन हरे ! ज्ञान मनोक
ठुलो इर्ष्या राखी हरिकन कडा दुर्बचनले
भने तिन्ले कोधित् भइकन अधम्का सरहले
११५०

ठुला तिम्ले सारै भइकन घमण्डै गरि ठूलो
गरेर शासन् जो दु :ख दिइ सबैमा छली अहो !
अबोध्लाई नाना छलसित सदा तक्लिफ दिई
तिमी हुन्छौ ठुला निरबलि सताई दु :ख दिई
११५१

नदेखी ब्रम्हाण्डै भरी अति ठुलो आफु सरिको
स्वच्छन्द मन्मानी गरिकन भएको सकल यो
हरि तिम्रा पौरूष गरबहरू सारा चूर गरि
म दिन्छु यो श्राप तिमीकन कडा हेर यसरी
११५२

अघि सागर् मत्था पनि तिमी अति जाली हुनगै
रमा आफैं राखी बिषकन दियौ शंकर कनै
सुरा राक्षसलाई दिइकन मणि कौस्तुभ पनि
लियौ आफैं तिम्ले अधीक कपटि भैकन अनि
११५३

अरू निर्बल् सोझा सरि गरि मलाई पनि अहो !
सताइ दु :ख दिन्छु भनिकन लियौ जो सुर ठुलो
दियौ जस्तो बैना कपट गरि पापी मनलोई
उसै रित्का सारा फल अब तिमी भोग यसरी
११५४

घृणित् तिम्रा निन्दित गनि गनी सबै पापहरू
म गर्नेछु दण्ड तिमीकन यसै छोड्दछु कहाँ
तिमी मेरो हात्मा परी कसरी ? उम्कीकन यसै
ठगी भाग्छौ कस्ता तबरसँग हेर्छु पनि म है
११५५

मलाई ऐले जुन् स्वरूप धरी तिम्ले ठगी हरे
गरायौ जो दु :खी म कन पनि सम्झेर अरूरे
स्वरूप् तिम्ले सोही धरी पृथवीमा मानिससरी
उसैको फल् भोगी दु :खीत हुनु पर्ने छ यसरी
११५६

नारी बिहिन गरि जो विरही बनाई
तिम्ले दियौ अतिब दु :ख यहाँ मलाई
तेस्तै भई तिमी पनि विरहि बनेर
पर्नेछ खोजिगरि घुम्नु दु :खी भएर
११५७

जस्तो कुरूप गरि हाष्य ठुलो फिजाई
पागल् गऱ्यौ मकन आज सताई हाई
तेस्तै कुरूप सब बानरले मिलेर
गर्ने सहाय तिमीलाई छ योग्य हेर
११५८

यो उग्र श्राप ऋषिको हरिले सुनेर
शिर्माधरी बिनती गर्नु भयो नुहेर
पैले सरी खुसी भइ मनमा हरिले
ना ना थरि विनती गर्नु भयो अनि रे
११५९

नारद प्रबोध

आफ्ना उही प्रवल भै फिजी नै रहेकी
माया खिचेंर लिनु भो अनि जो भएकी
माया खिचें पछि त लक्ष्मी र सोहि फेरि
राज् पुत्री अल्पिन गइन् नगरेर देरी
११६०

जोडेर हात हरिलाई झुकि रहेको
देखी झषंग हुनगै ऋषिले हरे जो
सम्झेर मोह अघिको बहुतै डराई
पर्दा भए चरणमा ती रूदैं कराई
११६१

हे आर्त नाशन ! प्रभो ! करूणा निधान !
स्वमिन् ! दयालु ! प्रणतारति ! भक्त धाम
भो त्राही भन्दछु प्रभो अब छैन होस्
मैले दिए अतिब कष्ट क्षमा रहोस्
११६२

मेरो हओस् अब झुटो सब श्राप नाथ
भन्दै परे चरणमा तिनी कष्ट साथ
मेरो समस्त ऋषि यो अहिले भएको -
- इच्छा भनिकन बुझी नडराउ जो भो
११६३

- यो भन्नुभो प्रभुजीले तिनीलाई ., फेरि
भन्छन् ऋषि दु :खीत भै हरिलाई हेरी
बोलेर दुर्बचन हा ! प्रभुलाई मैले
गाली गरिकन गरें अपराध ऐले
११६४

त्यो पाप के गरि ? प्रभो !अब मिट्छ नाथ !
यो तापले अधिक ब्याकुल कष्ट साथ
पाउ परेर प्रभुको गरछु पुकारा
त्राहि म भन्छु, भगवन् ! गर्लौ सहारा
११६५

हे लक्ष्मी नाथ ! भगवन् ! जयदिन बन्धो !
हे कृष्ण! केशव ! प्रभो ! करूणैकसिन्धो
हे आर्तनाशन ! हरे! जय हे खरारी !
पर्छु शरण् हजुरकै अरू आस छाडी
११६६

आफ्नो उही अभय बाहुलीले मुसारी
हाँसी मुसुक्क हरिले मनले बिचारी
आज्ञा भयो शिवजीको शत नामलाई
जप्नु ऋषे सकल हर्दछ पापलाई
११६७
शम्भो समान प्रिय, हे ऋषिराज मेरो
छैनन् कुनै भुवनमा बुझियो भनेको
जस्मा दयालु शिवको करूणा हुदैन
मेरो बिमल् भगती, त्योजन पाउदैन
११६८
यो सम्झि चित्त बिचमा तिमीलेउ आज
विश्वास यो हृदयमा धरी गर्नु काज
श्री शम्भुकै चरण सम्झि डुली रमाउ
माया छुदैन अब ता तिमीलाई जाउ
११६९
यस्तै गरेर प्रभुले मुनिमा प्रबोध
- गर्नु भईकन अलप् हुनुभो प्रभो त
ती नारद पनि अनि हरि गान गाइ
जादा भए बिधि भवन् तिरनै रमाई
११७०
माया हटेर मनमा अति शान्ति पाई
श्री कृष्णकै मधुर मंगल नाम गाइ
बाटो बिषे ती ऋषिलाई हिडी रहेको
देखेर शम्भु गणले खुसी भै अनि पो
११७१
पाउ परेर ऋषिको बहुतै डराई
बिन्ति गरेर अति आर्त बचन् सुनाई
भन्छन् प्रभो! शिवजीका गण नाथ हामी -
हौं, बिप्र होइन प्रभो भुल भो नजानी
११७२
स्वामीन्! मुनिश्वर! गऱ्यौं अपराध जस्तो
पायौं पनि फल मुनासिबकै गजब्को
क्षमा गरेर दिनबान्धब! हे दयालो!
श्राप अनुग्रह अब गरनोस् कृपालो
११७३
यो आर्त बाणी सुनी ती दुईका खुसीले
राखेर फेरि करूणा तिनीमा ऋषिले
आज्ञा भयो बिपुल बैभव तेजवाला
राक्षस् दुवै हुनु गई अतिब निराला
११७४

आफ्नो प्रसिद्ध बलले जीती विश्वलाई
गर्नु समस्त सुख भोगहरू रमाई
त्रेतामहा मनुजका अबतार राम
लिनु हुनेछ अनि लड्नु बढी तमाम
११७५
मृत्यु भएर हरिबाट दुबैजनाको
छुट्नेछ पाप अनि मर्नु र जन्मनाको
संसारदेखि पर भै छुटी दुःख सारा
मुक्ति भएर हुनु श्री शिवकै पियारा
११७६
आज्ञा सुनेर मुनिको खुसीसाथ फेरि
ति शम्भुका गण हिडे नगरेर देरी
कालान्तर पछि भए ती दुवै कराल
राक्षस् बढा विकट दुर्जय तेज बाल
११७७
ती कुम्भकर्ण अनि रावण नाम धारी
भए प्रशिद्ध जगमा अति दुष्ट भारी
जितेर इन्द्र नीज स्वर्ग पनि गराए
बाधेर अग्नि र बरूण् सब्लाई ल्याए
११७८
एक्कल्प यहि भई कारण श्री हरिले
राजपुत्र भैकन घुमे बनमा पुगी रे
भार भुमीको सब हरि नीज भक्त माथि
राखी दया, सब असुर्हरूलाई नाशी
११७९
एबं प्रकार हरिको छ लीला बिचित्र
राम्रो शीतल् सुखद फेरि अति पवित्र
कल्प पिछे ती हरिले अबतार लिन्छन्
ना ना चरित्र सित कौतुक पूर्ण बन्छन्
११८०
पल्टै पिच्छे मुनिहरू हरिको चरित्र
काव्य बनाइकन गाउँदछन् बिचित्र
नाना थरि धरी प्रशंग अपूर्ब पारे
आश्चर्य छैन सुमुखी सुनि यो कुरा रे
११८१
छन् ती प्रभु पनि अनन्त कथा अनन्त
सुन्छन् अनन्त थरि गान गरेर सन्त
श्री रावणारि हरिको छ चरित्र मीठो
जो कल्प कोटि निगमागमले भनी जो
११८२

तेहि प्रशंग तिमीलाई भने बखानी
माया महा भुल्दछन् हरि भक्त ज्ञानी
छन् कौतुकी प्रणतका हितकारी नाथ
मालिक् दयालु दु :ख भञ्जन सेब्य खास
११८३
मानिस र सुरहरू ऋषिमा पनि जो
माया बिषे नभुलि छैन खडा कहि जो
यस्तो बिचारी तिमीले सब मोहलाई
छाडी भजन् गर सधैं हरिकै रमाई
११८४
अर्को म भन्छु सुन कारण पार्वती रे
जे निम्ति मानिस भए भगवान् हरि रे
ना ना लीला गरि सबै दु :खीलाई तारी
साधु रचे प्रभुजीले पछिलाई भारी
११८५
जुन् रामलाई तिमीले बनमा डुलेको
देखेर भाइसँग भेष मुनि भएको
देखी चरित्र जसको गिरीजा ! भएकी
पागल् सरि तिमी थियौ सती रूपलेकी
११८६
तिम्रो छ चित्त बिचमा नमीटि रहेको
ऐले पनि भ्रम अलि अलि जो भएको
तेस् निम्ति हे प्रियतमे ! तिमीलाई मैले
भन्छु चरित्र प्रभुको भ्रम हारी ऐले
११८७
पियारा शम्भुको सुनिकन बचन् लज्जित भई
झुकाई शिर् हासी चूपपनि हुनुभो खुसी भइ
अनि जुन्भै कारण् अगुण र अजब्रम्ह हरिको
भयो है औतार ती सब शिवले मर्जी पनि भो
११८८
त्यो सब् तिमीकन म भन्दछु हेर ऐले
उकाग्र भै सुन सबै दिई चित्त पैले
मंगल हुने सुख दिने कलिताप हर्ने
यो छ कथा प्रभुजीको मन शान्त गर्ने
११८९

श्री स्वयम्भूव मनु शतरूपा तप

स्वायम्भुव मनु र श्री शतरूप रानी
जो बाट स्रिष्टि सब भो नरको सदानी
थिए ती दम्पति सुआचार धर्मबान
जस्को लीला अझ पनि श्रुति गर्छ गान
११९०
उत्तानपाद भनी जो प्रिय पुत्र पाए
जस्बाट विष्णु प्रिय श्री ध्रुब जन्मि आए
कान्छा थिए प्रियब्रत भनी पुत्र रे जो
वेद पुराणहरूमा जश गाइएको
११९१
देवहुति भनी थिइन् तिनकै कुमारी
जो कर्दम मुनीशकी प्रियप्राण नारी
श्री आदिदेव हरि दीन दयाल नाथ
देव - कपिल् कन धरिन् नीज गर्भ मात
११९२
तत्वपुराण परिपूर्ण निपूर्ण भएका
शांख्य पुराण जसले छ बयान् गरेका
तेहि मनु नृपति भै चीरकाल सम्म
ऐश्वर्य भोग गरि लोक गरि प्रशन्न
११९३
बस्दा भए प्रभुजीको परिपूर्ण सारा
आज्ञा सदैब गरि पालन भै निराला
चौथाई सम्म गरि राज्य बढो रमाइ
बस्दा पनि नभइ केहि बिराग हाइ
११९४
श्री कृष्णकै बिमल भक्ति त्यजी रमाई
हर्दम फसी बिषयमा अनुराग छाइ
बस्दा पनि किन हरे! बिषुयानु रक्त
- बन्दो छ झन् द्रिढ हरे मन झन् अशक्त
११९५
भन्ने बिचारी मनमा दु :खी भै डराइ
एक्दम् बिरक्त भई श्री हरि भजनलाई
कर्बल् गरि तनयलाई दिएर राज
पस्दा भए नृपति जंगल रानी साथ
११९६

प्रख्यात तीर्थ अति नै मिष नै भनेको
श्रद्धालुलाई फल सिघ्र दिने भएको
राम्रो सुशान्त रमणिय सुसिद्धि दाता
बस्छन् जहा ऋषिहरू भजी श्री बिधाता
११९७

हर्षित् भएर मनमा मनुराज रानी
साथै लिई त्यहि गए हरिगुण् बखानी
भक्ति र ज्ञान सुशरीर धरी हिडेका
झैं शोभित ती मतिधीर अति खुलेका
११९८

धेनुमति तीर पुगे तिनी जाई फेरि
हर्षित् भए नृपति निर्मल नीर हेरी
ती रानी साथ गरि स्नान बढो रमाई
निर्मल बने नृपति पाप सबै बहाई
११९९

धर्म धुरन्धर र राज ऋषि भनेर
भेट्दा भए सकल सिद्ध मुनि गएर
घुमाउदै नृपतिलाई सबै गराए
दर्शन् सुतीर्थहरूका जति छन् तहाँ ए
१२००

दुर्बल् शरीर मुनि बस्त्र धरी रहेका
सुनेर श्री हरिचरित्र खुसी भएका
हर्दम् मुनिश्वर सभाहरूमा रमाई
सुन्दा भए सकल वेद पुराणलाई
१२०१

त्यो पुज्य मन्त्र भगवन् रघुनाथजीको
द्धारक्षर जपी ठुलो अनुराग ली पो
राखेर चित्त बीचमा प्रभुपाउलाई
ध्यानस्थ भै दृढ बने ती दुबै रमाई
१२०२

सम्झेर ब्रम्ह हरि सच्चीदनाथलाई
आहार शाक फल कन्द गरे रमाई
फेरि हरिचरण पाउँ भनेर ध्यान -
- गर्छन् त्यजेर जल फुल्फुललाई खान
१२०३

' यै नेत्रले प्रभुजी दर्शन पाउँ हामी
भन्ने सधैं हृदयमा अभिलाष ठानी
'अद्‌भुत् अखण्ड र अनन्त अगुण् अनादी
जस्लाई भज्दछ सधै परमार्थ बादी
१२०४

जो चीद् - आनन्द निरूपाधि अनुप् भएको
नेति निरूप भनी बेदी झुकी रहेका
ब्रम्हा र विष्णु र महेश असख्य जस्को
अंश लिई कन भए ती सबै प्रकट् जो
१२०५

यस्ता प्रभु पनि सुसेबक बस् भएर
धर्छन् बपु गरि लीला खुसी भक्त धेर
भन्ने यदि सब भए श्रुति बोली साचो
हाम्रो मनोरथ प्रभो गरनन् पुरा यो
१२०६

यस्तै बिचारीकन संबत - छ हजार
खाएर पात तप उग्र गरे अपार
सात सहस्र जति बर्ष पिई समीर
छाडेर भक्ष ती रहे बनी द्रिढ धीर
१२०७

फेरि हजार - दशबर्ष उचाली एक -
- पाउ खडा भइरहे ती दुवै उदेक
देखेर उग्र तप श्रीमनुको अपार
ब्रम्हा महेश अनि विष्णु अनेक बार
१२०८

प्रकट् भएर बरमाग भनी लुभाए
ती दृढ् बने परम धीर नचल्मलाए
हाड्मात्र बाकीं हुनगो दुईको शरीर
गर्थे न ता ती पीर चिन्तित भै अधीर
१२०९

स्वायम्भु मनुमा हरि कृपा

आपन्ना अनन्य गति तापस भक्त रानी -
- राजा निहारी हरिले निज दास ठानी
सुधा सरि परम गम्भिर ताप हर्ने
बाणी भयो प्रभुजीको बर माग भन्ने
१२१०

त्रितापहारी प्रभुको मधुरो कुरो त्यो
कान्मा पसेर जब भित्र पसी पुरा भो
मासु भरी शरिर पुष्ट भएर सारा
हुँदा भए परम सुन्दर तेज वाला
१२११

मानौं त्यहि समयमा घरबाट आई

- हुन्कि ? बसे सरी भए ती दुवै रमाई
झन् भो शरिर सब सुन्दर पूर्व भन्दा
शोभा बढेर अनि धप् धपी तेज बल्दा
१२१२
सुधा समान हरिको सुनी बाणीलाई
प्रेम प्रफुल्लित भइ बहुतै रमाई
साष्टांग दण्डबत ती मनुले गरेर
गद् गद् भइकन भने अनि यो रमेर
१२१३
सुन्नुहोस् सेबक - कल्पबृक्ष
हे कामधेनु ! सब पाप भक्ष
ब्रम्हा हरि श्री शिवले नुहेर
पर्छन् शरणमा प्रभुको रमेर
१२१४
सेवा गरेमा जुन नाथ आई
सुलभ सबै सोख दिने रमाई
लोकेश हे नायक - चर्अर्चका
हे दिन पालक् ! ईश लोक भर्का
१२१५
प्रभु ! अनाथ ! हित दु :खी हामीमा
यदि भए करूणा प्रभु हामीमा
जुन स्वरूप् छ त्रिलोचन चित्तमा
जुन स्वरूप् मुनि खोज्दछ मन्माहा
१२१६
प्रभु भुसुण्डिजीका मन पद्यमा
भ्रमर भैकन रम्दछ जो तहा
छवि निहारू उहि भरी लोचन
गर कृपा प्रणतारति मोचन
१२१७
प्रेम्मा डुवि मृदुल शीतल नै भएको
सुनेर दंपति बचन् अति प्रेमले पो
श्री भक्त बत्सल ! प्रभु ! करूणा निधान
प्रकट् तहा हुनुभयो निरूपाधि राम
१२१८

प्रभु दर्शन - ध्यान

शोभा छ नीलमणिको सरी नीलधाम
नीर धर नील शरीर प्रदिप्त श्याम
जस्का शरिर बीचका मृदुतेज जो छ
सौन्दर्य देखि शतकाम लजाउँदो छ
१२१९
पाउ छ नील् कमलका सरिनै खिलेको
जस्का मनिछ ध्वज चिन्हहरू झुलेको
नीला आकाश बीच चन्द्र रहे सरिको
नख्रत्न झल्मलछ कान्ति फिजी अति पो
१२२०
त्यो पाउ पद्म बीचका भइ डाँठ जस्तो
शोभा बढाउँछ पिडौंली खुलेर कस्तो

गट्टा सरि कमलको भइ गुल्फ फेरि
मन् हर्छ भक्तजनको नगरेर देरी
१२२१
गठ्ठावरी परि छ केशर झैं मिलेको
कान्ति फिजारीकन नुपुर झल्किएको
त्यो नील पाउ बीच नुपुर झल्किनाले
बढ्दोछ कान्ति कमनीय मधुर् छटाले
१२२२
जानु मनोहर अनि तेस माथि को जो
देखिन्छ गाथ बीचका चुकुलै सरि पो
टेबासरि शरिरका भइ जाँघ हेर
शोभा बढाउँछ खडा भइ गम्किएर
१२२३
देखिन्छ सुन्दर कटी प्रभुका अपार
शोभा बढाइकन खुल्दछ बार पार
तेस् माथि सुन्दर पिताम्बर पाउसम्म
आपन्नो फिजारी कन रोब हुँदोछ गम्म
१२२४
अन्मोल रत्न हरूले मिसी शोभिएको
मन हर्छ किंकिडि कटी तटमा झुलेको
ताराहरू सीहत नील आकाश जस्तै
देखिन्छ किंकिडि सहित् कटी त्यो गजब्कै
१२२५

निर्मल् मनोहर सरोवर झैं भएको
नाभी छ गम्भिर भई त्यसमा रहेको
त्यो नाभीबाट सिडि झैं त्रिबली परेको
सुन्दर् छ पेट नभ झैं अति शोभिएको
१२२६

त्यो नाभीबाट प्रभुको चढि छाती माथि
गम्किन्छ हास्सि अरूको गरि रोम ताँति
त्यो छाती माथि रहि फेरि रबाफ साथ
चम्किन्छ कोस्तुभ फिजीकन तेज खास
१२२७

रत्नादी हार सँगमा भृगु पाउ फेरि
श्री बत्स चिन्ह सित कान्ति छ गम्किएकी
त्यो नील छाती बिच कौस्तुभ झल्किनाले
शोभित् भयो रवि समान गगनमा रे
१२२८

श्री रामका हृदयमा म रहे भनेर
बनमालीका अधिक गम्म परी झुलेर
मीठा सुगन्ध फूलका सबमा फिजारी
गर्छे रबाफ हरिको बनीं त्यो पियारी
१२२९

राम्रा बलिष्ट हरिको दुईहात माथि
झल्कन्छ बाजु मिलि टम्म भएर साथि
राम्रा कंडाहरू भिरीकन नारी फेरि
झुल्छे रबाफ गरि तेज फिजी घनेरी
१२३०

छड्के परेर कुम सम्म पुगी रहेका
त्यो माथिबाट तलसम्म पुगी झरेको
गंगा र फेरि जमुना सरि भान पारी
झुल्छे रबाफ गरि ओढनी हेर भारी
१२३१

औंला पिछे कनकको नवरत्न बाला
औंठी छ सुन्दर चमक् गरने निराला
त्यो नील गाथ बीच रत्नहरू उदाई
मन खिच्छ भक्तहरूका सब् लट्पटाई
१२३२

संकट भक्त जनका खुसीले छुटाई
दु :खी अजानहरूमा सुख शान्ति छाई
दिने सदा अभय जो हरि दु :ख सारा
छन् लाल सुन्दर हथेली बढो निराला
१२३३

लिई ठुलो धनुष रत्नहरू जडेको
त्यो दाहिने कर छ सुन्दर भै रहेको
त्यो बाम बाहुली बिषे लिई बाण खासा
हर्छन् हरि बिषयका जति छन् तमासा
१२३४

दुष्टादिको दमन गर्न बढी रहेको
ठोको पछिल्तिर छ काँणहरू भएको
ती काँध माथि रहि हर्दम टल्किएर
खिच्दोछ शक्ति अरिको जति छन् गएर
१२३५

घाटी छ शंक सरि सुन्दर फेरि हेर
गम्भिर भै श्रुति सरि रहदों छ फेर
राम्रा मुहार - शशिका लिई भार सारा
चिबुक त्यो झुकि रहेछ बनी निराला
१२३६

लाली हरेर सब लाल फिका गराई
खोसेर बिम्ब फलको पनि कान्तिलाई
सुन्दर् सुकोमल भइ दुइ लाल ओठ
खिचेर चित्त पनि गर्छ बिहाल पो त
१२३७

अन्मोल रत्नहरूका लिई कान्तिलाई
झल्केर झल्मल गरीकन तेज छाई
शोभा मुहार भरिका दुगुना गराई
खिच्दोछ दन्त भब रोग सुना गराई
१२३८

ती लाल नील अति कोमल पुष्ट गाला
मन हर्छ भक्त जनका हुनगै निराला
त्यो नाक सुन्दर छ हेर खडा रहेको
मुहारको पहरदार सरी भएको
१२३९

आर्त पुकार जनका सुनने हजार
हर्दम सतर्क भइ नै रहने अपार
राम्रा शिपी सरहका दुइकान जो हो
कुण्डल् भिरेर झुलिगर्छ रबाफ पो यो
१२४०

- विशाल सुन्दर प्रफुल्ल नजर हेरी
पर्दो छ लाल् कमलका सरी भान फेरि
नानी पनि कमलका रसमा झुलेका
चन्चल् भ्रमर् सरि छ मस्त भइ भुलेका
१२४१

राम्रा मुहार भरिका रखवारी गर्ने
भौं छन् दुवै धनुष झैं परिताप हर्ने
चौडा र पुष्ट हरिका सुकुमार भाल
श्री विन्दु केशरी धरी हुनगो निराला
१२४२
मुहार पद्म भरीनै गइ लट्पटाई
रसमै भुलेर गरि फर्फर फट्फटाई
पारेर भान भ्रमरा सरि घुम्रिएका
देखिन्छ केश भइ मस्त झुलिरहेको
१२४३
श्री पेच रत्नहरूका सुकुमार माथ -
- माथि छ कान्ति फिजी झलमल रोब साथ
श्री माथ माथि म रहँ भनी गम्म पर्दै
ढल्कि रहेछ अनि कल्कि घमण्ड गर्दै
१२४४
शोभा बढाई प्रभुको फिजी कान्तिलाई
बाया तरफ् जनक नन्दिनीले रमाई
मुहारमा मृदु मनोहर हाश्य छाई
त्यहि प्रकट् हुनु भयो करूणा जनाई
१२४५
ब्रम्हाण्ड मोहन स्वरूप् हरिको अगाडी
देखेर दंपति दुबै भई हर्ष भारी
आनन्द मग्न हुनगै भइ ज्ञान सुन्य
चल्नै पनि नसकी मस्त भए अचम्म
१२४६
शोभा जगत्की जननी रघुनाथजीको
यस्तो अपार सित सामु महा रहेको
देखेर टक्क हुन गै मनुराज रानी
प्रेम्मा डुवी अचल मग्न भए तहा नी
१२४७
शोभा अपार हरिको खुसीले निहारी
तृप्ति नमानी मनु औशतरूप रानी
आनन्द मग्न मनमा भइ चित्र जस्तै
निमेष सम्म नझुकि ती रहे दुरूस्तै
१२४८
आफ्ना भक्त शिरोमणि मनुजीका देखी दशा यो सब
प्रेममग्न भइ प्रभु पनि दुवै रम्नु भयो है तब
फेरि प्रेमगरि मुसारी प्रभुले शिर्मा दुवैको अनि
आज्ञा भो करूणा गरेर दुइमा यस्ता तबर्को पनि
१२४९

राजन् ! प्रशन्न म छु लौ बर माग ऐले
यस्ता अपार गरी भक्ति खिच्यौ दुवैले
संकोच त्यागी कन माग सबै दिनेछु
मेरा अनन्य प्रिय छौ नडराउ भन्छु
१२५०
के माग्दछौ ? भन नृपोतम हेर आज
गर्छौ कि विष्णुपुरको तिमी फेरि राज
कि रोज्दछौ सुरपुरी कित शम्भु धाम
इच्छा छकी धनदको लिन कोष धाम
१२५१
सालोक्य् , सामीप्य , र सानु रूप
सायुज्य खोज्छौ कि ? तिमी अनुप
नृपेन्द्र ! खोज्छौ तिमी के ? मलाई
चाडै बताउ नडराउ आई
१२५२
छल् फेरि करूणा र दयाको
भावले मुछि सुधा सरी भाको
बाणी त्यो सुनी दुबै अनि फेरि
सम्लिए चरण पंकज हेरी
१२५३
गद् गद् भएर अनि पाउ बिषे परेर
साष्टांग दण्डबत ती मनुले गरेर
गर्छन् स्तुती प्रभुजीको गुणगान साथ
प्रेम प्रफुल्लित भएर झुकाई माथ
१२५४
विन्तिं गरे अनि झुकिकन आज नाथ
पायर दर्शन भयौ भगवन् सनाथ
हाम्रो भयो सब पुरा मनमा रहेको
इच्छा समस्त भगवन् जति जो थिए त्यो
१२५५
पुरा भए पनि प्रभो ! नहटी रहेको
इच्छा छ बाकिँ अब एक बढि रहेको
तिम्ले दियौ यदि भनेछ सुगम् हुने त्यो
हाम्रा बिचार मनमा छ नपाइने त्यो
१२५६
पाएर कल्पलतहरू जन्म दरिद्र लाई
थाह नपाइ तेसका महिमादि जाई
संकोच लाग्दछ अति धन माग्न जस्तो
मेरो छ चित्त बीच संशय तेहि जस्तो
१२५७

स्वामीन् दया गर दयानिधे !नाथ !प्यारा
हाम्रो मनोरथ पुरा गर आज सारा
हे भक्त बत्सल्! प्रभो ! जय दिनबन्धो !
सीतापते ! गर दया करूणैकसिन्धो !
१२५८
बिन्ति सुनेर नृपका करूणा गरेर
मन्का समस्त पीर ती भुपका हरेर
आज्ञा भयो प्रभुजीको नडराई आज
त्यागेर संशय सबै अब माग राज
१२५९
तिम्रो निमित्त सुन है नृप !आज सारा
केहि अदेय चीज छैन म भन्छु प्यारा
ब्रम्हाण्डकै चीज दिनेछु समस्त जान
संकोच त्यागीकन माग भुटो नढान
१२६०
दानी शिरमणि नाथ ! प्रभो ,!बिन्ति म गर्दछु यो
पुत्र प्रभुसरि पाउँ प्रभो ! सत्य म भन्दछु यो
कृपासागर! नाथ ! प्रभो ! प्रभुकन ढाटी हरे
इच्छा मनका पूर्ण गरूँ को सित मागी मरे
१२६१
देखेर प्रेम सुनी बोली अमुल्य फेरी
आज्ञा भयो प्रभुजीको मनुलाई हेरी
राजन् ! तथास्तु छ सबै अब पुत्र तिम्रो
आफैं हुनेछु गरूँ खोज कहाँ म अर्को
१२६२
जोडेर हात झुकि बिन्ति गरी रहेकी
देखेर रानीकन मर्जी भयो अनि की
इच्छा छ जो हृदयमा अब माग सारा
देवी ! दिनेछु बर त्यो तिमीलाई सारा
१२६३
आज्ञा सुनेर हरिका निहुराई माथ
यो माग्नु भो प्रभुजीका सँग प्रेम साथ
जो माग्नु भो चतुर भूपतिले रमाई
माग्छु प्रभु ! म पनि त्यै बरदानलाई
१२६४
स्वामीन् ! दयालु तिमी छौ प्रभुका निमीत्त
केहि अदेय चीज छैन यहा प्रशिद्ध
छौं दिनबान्धब !प्रभो ! तिमी ता सदा रे
हो ता पनि ढीट भयौ दुई हामी ता रे
१२६५

ब्रम्हा महेश जगका तिमी नाथ! स्वामी !
ब्रम्हा अनादी सरबज्ञ! अज अनामी
यो सम्झिदा हृदय धर्म म र हुन्छ नाथ !
तिम्ले प्रमाण पनि सब् यसरी दिँदा त
१२६६
संसारमा हजुरका जति भक्त जो छन्
जुन् सुख्ख जुनगति तिनीहरू पाउँदा छन्
तेहि बिबेक सुख तेहि गति भलाई
भक्ति र तेहि प्रभुको पद प्रेमलाई
१२६७
देउ मलाई भगवन् ! करूणा गरेर
तेहि सुबुद्धि नीज दासी भनेर हेर
यो गुढ र मधुर भक्ति समेतका त्यो
सुनेर- अद्‌भुत कुरा प्रभुले त्यहा यो
१२६८
आज्ञा भयो हृदयमा अभिलाष हेर
तिम्रो छ जो तेहि दिएँ सब नै रमेर
तिम्रो अलौकिक बिबेक छ हेर आमा
ति छाड संशय दया गरूँला सदा म
१२६९
झुकेर पद्म , पदमा मनुराज फेरी
भन्छन् प्रभो !गरछु बिन्ति म एक फेरी
छोरा भए पनि प्रभो !चरणानुरागी
बनी रहुँ चरणकै नभुलु कदापी
१२७०
चाहे भनुन् म कन मूर्ख र मूढ सारा
मेरा तिमी बनी रहुँ अब नेत्र तारा
बिना मणि फँणी र जल् नभए ती मीन
मर्छन् जसोरी म रहुँ प्रभुकै अधीन
१२७१
मागेर यो बर झुकि पदमा रहेका
आपन्ना ती भक्त नृप दंपतिमा हरिका
आज्ञा भयो अब तथास्तु हुनेछ सारा
जाउ तिमी सुर पुरी लिई साथ दारा
१२७२
भोगेर स्वर्ग सुख भोग सबै रमाई
राजा हुनु अबधमा अछि फेरि जाई
तिम्रो हुनेछु अनि पुत्र म मेरी माया
होलिन् पछाडी यि पनि अनि मेरी जाया
१२७३

लिनेछु जन्म लीइ अंश समेत आई
गर्नेछु भक्त सुख दाइ चरित्र जाई
सुनेर त्यो भबधीका बड भागी लोग
तर्लान अबश्य ममता मद त्यागी भोग
१२७४
गर्नेछु यो सब पुरा अभिलाष तिम्रो
प्रण् सत्य सत्य छ सदै बुझ सत्य मेरो
फेरी पनि गरी यसै दुईमा प्रवोध
पारी खुसी ,. हुनु भयो प्रभु फेरी लोप
१२७५
कालान्तर पछि तिनी फेरी जाई
कोशल् नरेश दशरथ् भनी नाम पाई
रानी पनि अबधकी महिषि बनेर
आइन् ती लोक बीच नाम ठुलो धरेर
१२७६

प्रतापभानु चरित्र

हे ऋषे ! अतिब सुन्दर् पवित्र इतिहास यो
प्रेमले शिवले पैले पार्वतीलाई भन्नु भो
अत्यन्त सुन्दर गूढ भएको अति पावन
रामका जन्मको अर्को कारण पनि यो सुन
१२७७
सुन्नुहोस मुने फेरि पुरानो र पवित्र यो
कथा शिवजीले पैले गिरीजालाई भन्नु भो
प्रख्यात एउटा देश थियो कैकय नामको
थिए भुप पनि त्यहा फेर् सत्यकेतु नामको
१२७८
धर्म धुरिण नीतीका खानी तेज र शीलमा
थिए धीर बलबान प्रख्यात सब धर्ममा
तिनै भूपतिका फेरि अत्यन्त शूर वीर र
पूण्ययात्मा शीलका खानी गुणी धीर मनोहर
१२७९
छोरा दुई थिए तिन्मा थियो प्रिति परस्पर
प्रतापभानु जेठाको थियो नाम मनोहर
अरिमर्दन् भनी नाम कान्छा ती सुतको थियो
नंग र मासु झैं प्रेम भाई भाई महा थियो
१२८०
छल र दोषले हिन प्रीती ती दुई पुत्रको
देखेर मनमा हुन्थे राजा अतिब हर्ष पो
दिएर राज्य ती जेठा छोरालाई नरेशले
गए जंगलमा प्रेमले राम भज्न निमित्त रे
१२८१
प्रताप भानु नृपति भए जब
फिज्यो सुकिर्ति तिन लोक मै तब
श्रुति बिधिले गरि पालन प्रजा
गर्थे सुखी ल्केश हटाई सर्बदा
१२८२
शुक्राचार्य सरि रक्षा गरने राज्यको सदा
थिए धर्मरूची नाम भएका मन्त्रि फेरता
तेज निधि थिए आफु फेरि भाई अति बीर
धिमान गुणका खानी मन्त्रि धर्म रूची फिर
१२८३
थियो - बीर अति सेना चतुरंगिणी साथमा
यौटै सिपाहिले मार्ने हजारौलाई युद्धमा
देखेर बीर ती सेना भएर अति हर्षित
लगाए रणको बाजा बजाउन समस्त त
१२८४
हेरेर सुदिन् फेरी गर्न दिग्विजय भनी
यौद्धा रथी सजाएर पैदल् र चुरगिंणी
बजाई जयको बाजा निशान नफिरी अनि
सहनाई र ती भेरी साथमा शंखका ध्वनी
१२८५
गर्दै यात्रा गरे फेरि बाटामा जो जाहा ज ति -
- पर्दथ्यो देश ती सारा जिते तिन्ले लडेरकी
दिई दण्ड अधम् लाई कर्लिई सब देशमा
छाडे भुप सबैलाई आपन्नो पारी अधिनमा
१२८६
भुजका बलले सातै दीपलाई बस गरी
प्रताप भानु सम्राट भए सब् पृथ्वी भरी
सारा संसारनै आपन्ना सब पारी अधिनमा
फर्किए हर्षले राजा आपन्नो राजधानीमा
१२८७
धर्म र अर्थ र कामादि यि तिनै थरिका सुख
भोग्दथे समयमानै ती सबै नृपति खुब
प्रताप भानु राजाको पाए र बल हर्षले
कामधेनु सरि शोभित् भइन् भुमी समस्त रे
१२८८

हराई दुःख र क्लेश दुनिया खुसी भो खुब
सुन्दर पुरूष नारी भए धरमले शुभ
धर्ममा रूची र प्रिती गरेथे हरि पाउमा
शिक्षा दिन्थे सदा मन्त्रि नीती राजहित निम्तिमा
१२८९
बिप्र र गुरू संतादि पितृ र देवको पनि
गर्दथे प्रेमले सेवा सदैव भूपति अनि
जे जे धर्म भनेको छ राजाको निम्ति वेदले
श्रद्धा साथ गरि सारा मान्दथे खुब भुप रे
१२९०
संतुष्ट पार्दथे बिप्रलाई नविन दानले
सुन्दथे नियम राखी शास्त्र वेद पुराण रे
तलाउ र कुवा फेरी बिबिध थरी पोखरी
बगैंचा फूलका बारी राम्रा बाग थरीथरी
१२९१
मन्दिर देवका सारा राम्रा चित्र बिचित्रका
बनाए सुन्दर बासा ब्राम्हाणका निमित्त ता
पाटी र सत्तल फेरी अतिथी भवन पनि
बनाए सुन्दर घाट नाला र नदीमा अनि
१२९२
जे जति यज्ञ र याग सारा वेद पुराणले
बताएका जति जो छन् ती सबै अति हर्षले
गरेर सबको गीन्ति एक एक सहस्त्रले
गरे भूपतिले सारा प्रेम र भक्ति साथले
१२९३
विवेक ज्ञानले युक्त थिए भक्त प्रताप रे
मनसा कर्मणा बाचा जे जे धर्म जति गरे
गर्दथे प्रेमले सारा त्यो त्यो अर्पण राममा
राख्दनथे फल इच्छा धर्मको पनि चित्तमा
१२९४
साज र बाजले युक्त लिएर फौज साथमा
एक् फेरा नृपति भानु शिकार खेल्न निम्तिमा
बिन्ध्याचल पूरबत्को घोरबन्मा पसेर ता
पशु पक्षीहरू मारे बिबिध थरी धेर ता
१२९५
घुमेर बनमा गर्दै शिकार यहि रीतले
फर्किदा नृपले देखे भीषण् एक बराह रे
भयंकर थियो दारा त्यसका शशि भैं ठुलो
मानौं ग्रास गरि चन्द्र लाई नै क्रोध साथ पो
१२९६
लुक्न जंगलका भित्र आएको राहु हो कि ? त्यो
न अटाई मुख भित्र हरे ! क्रोध गरेर पो
नउकेली मुखै भित्र राख्दा अर्ध भाग त्यो
निस्केको चन्द्रको हो कि ? भने भैं भान पर्दथ्यो
१२९७
त्यस्का कराल दाराको शोभा बर्णनीय थियो
बिशाल र अति भीषण् थियो मोटो शरिर जो
घोडाको खुरका शब्द सुनेर घुर्घुराउदै
हेर्दथ्यो चकित पर्दै कानलाई उठाउँदै
१२९८
निलो पहाड सरि नै बिचित्रको
भयंकर देखी भीषण् बराह त्यो
कुदाई घोडा नृपले बढाउदै
लैजान लागे पीटी हत्पाताउदै
१२९९
देखी भयंकर ठुलो बराहलाई तर्सदै
भड्कन्थ्यो भुपको घोडा मार्गका बीच अड्न गै
नहाकिकन त्यो अश्व निर्वाह नहुदा महा
पिटेर हाँकि राजाले थाले दौडाउन तहा
१३००
देखी आउन लागेको घोडा पवन बेगले
बराह पनि त्यो भाग्यो हाबा सरिस बेगले
भोगेको देखी राजाले हाने ताकी छिटो शर
लिप्सिई टाँसियो भैंमा देखेर बाण त्यो तर
१३०१
हान्दथे नृपले ताकी ताकी शरहरू जति
बचाउथ्यो शरिर् आपन्नो बराह छल् गरि उती
भाग्यो जंगलमा लुक्दै देखापर्दै गरेर त्यो
लागे लखेट्न तेस्लाई कुद्ध भैं भुप धेर जो
१३०२
टाढा घन्घोर भीषणको फस्यो जंगल भित्र त्यो
जाहा हात्ति र घोडाको पहुच पुगदैन थ्यो
खाली एकला थिए राजा दुःख दायी थियो बन
तथापी भुपले खेद्न छाडेनन् हेर त्यो कन
१३०३
अत्यन्त धीर देखेर राजालाई बराहले
लुक्यो पहाडको ठुलो गुफा भित्र पसेर रे
त्यो आगम्को गुफा देखी नृपति पछिताउदै
फर्किदा त्यो आगम् बन्मा छलिए तिनी भुल्न गै
१३०४

घोडा सहितका राजा थाकेर पस्त भै अति
भोक र प्यासले ब्याकुल् भएर ती यताउती
खोज्दा जल र फल् केहि नपाई कन ता हरे
घोडा सहित आखिर्मा बिचेत्त सरि भै ती रे
१३०५

घुम्दा जंगलमा देखे आश्रम एक भुपले
जसमा थियो कपट् भेष्ले बसेको नृप एक रे
जितेको जसको देश थिए भानु प्रतापले
सेना छाडेर भागेको त्यो थियो रण बाट रे
१३०६

जानेर समय तेस्ले प्रताप भानुको पनि
अनुमान गरि आपन्नो दुर्भाग्य मनमा अनि
गएन घरमा राजखिन्न भै अति चित्तमां
अभिमानी हुँदा मिल्ति गरेन भानु साथमा
१३०७

दरिद्रं सरि भै त्यो ता रोकेर रीस भित्र नै
तपस्वि सरि भै एकलो बस्थ्यो जंगल बीच नै
गए प्रताप ती आपन्नै शत्रुको नगीचै हरे
चिन्हो तुरून्त नै तेस्ले प्रताप रविलाई रे
१३०८

भोक र प्यासले ब्याकुल हुँदा राजा प्रतापले
चिन्हेनन् आपन्नो शत्रु हो भनी तेसलाई रे
सुबेष देखी तेस्लाई सम्झाए मुनी हो भनी
घोडाबाट तलउत्री तेसलाई झुकि अनि
१३०९

गरे प्रणाम श्रद्धाले तर बाठो हुँदा अति
त्यो बेला आपन्नो नाम भनेनन् तेस साथकी
भोक र प्यासले ब्याकुल् देखेर भुपतिकन
त्यो कप्टी मुनि - राजाले देखायो ताल गैकन
१३१०

भएर हर्षित राजा घोडा सहितले तब
स्नान पान गरि मेटे परिश्रमहरू सब
भए प्रभुल्ल ती राजा हटी श्रमहरू जब
आपन्नो आश्रममा तेस्ले लग्यो भुपकन तब
१३११

रवि अस्त भए भनेर जानी
अनि आशन् दिई भुपमा सु-बानी
मुनी भन्दछ यो कुरा तहाँ रे
तिमी को हौ ? किन एकला यहाँ रे
१३१२

यस्तो यो घनघोर जंगलबीषे का हेतुले घुम्दछौ
ब्यर्थैमा तिमी आपन्ना शरीरको हेला किन गर्दछौ
सुन्दर फेरि जबान छौ भन तिमी तिम्रा शरिर्मा सबै
देख्दा लक्षण चकवर्ति सरिकै लाग्यो दया हेर है
१३१३

यस्तो बचन सुनेर मुनिको हर्षित भई चित्तमा
भन्छन् फेरि प्रताप हात दुइटै जोडी झुकि पाउमा
ऐले जो छन् भुप यो पृथ्वीमा भानु प्रताप भनी
तिनकै सचिव भनी मकनता जान्नु हओस पनि
१३१४

घुम्थे जंगलमा शिंकार गरदै बाटो भुली जिल्लिएं
ठुलो भाग्य रहेछ यो चरणको दर्शन् मिली सम्लिए
दुर्लभ् छ दरशन् प्रभो ! हजुरको हामीहरूलाई ता
मेरो हुन्छ भलो अबश्य अति नै भन्ने म ठान्छु यता
१३१५

फेरी भन्दछं त्यो मुनी अब भयो बाबु अध्यारो पनि
सत्तर् योजन दुरछ नगरि त्यो तिम्रो बिचार पनि
रात्री छ अधियारी घोर बन यो बाटो पनि ता अब -
- देखिदैन बिचार जानु दिनमा मेटी थकाई सब
१३१६

'जस्तो छ भबितब्यता उसरी नै मिल्छ सहाय पनि
आउदैन स्वयं घिसारी यहिनै लैजान्छ त्यस्लाइ नी
भन्छु टिप्पणी यो गरेर तुलसी - दास म ऐले यहा
प्राणी नाच्दछ भावीका बसपरि भन्दै अहँ लोकमा
१३१७

फेरी शिर झुकाउदै भुपतिले भन्छन् हजुर्को सब
- आज्ञा शिर चढाउँछु," भनी लगी अश्व लाई तब
-बाधेर अनि फेरि तारिफ गरे तेस्को अति भुपले
तेस्कै पाउ परेर भाग्य निजको गर्छन् प्रशंसा ती रे
१३१८

फेरी तारिफ तेसकै गरी अनि भन्छन् मिठो बोलीले
सम्झि बाबु समान गर्दछु प्रभो ! यो धृष्टता आज रे
पुत्र दास भनेर सम्झि मनमा स्वामीन् ! मलाई अब
आज्ञाहोस् शुभ नाम हजुरको के हो ? बताइ सब
१३१९

चिन्दैनथे त्यो कन भुपले हरे !
हुँदा सरल् चित्त र धीर बीर रे
त्यो चिन्दथ्यो कप्टि भएर धुर्त रे
दगाधरी भानु उपर् अतिव रे
१३२०

पैलो शत्रु र फेरी क्षत्री उसमा राजा पनि त्यो हरे !
चाहन्थ्यो छलबल् गरेर नीजको काम्पूर्ण गर्न ती रे
राज्यको सुख सम्भि त्यो हृदयमा अबाल भैं बेसरी
जल्थ्यो हर्दम भित्र रीसले त्यो दुष्ट पापी अरी
१३२१

सुनेर नृपको मिठो सरल त्यो बोली पनि कानले
बैरभाव लुकाई भित्र मनमा जुक्ति गरी सानले
हर्षित् भै कपट महा मुछि मिठो मनोहर बाणिले
लाग्यो भन्न 'गरीब् र घर हीन ' मेरो पनिनाम रे
१३२२

"भिकारी " हो भनी जान भन्ने यो बचन सुनी
जोडेर हात राजाले भन्दछन् फेरी यो अनि
ज्ञान विज्ञानका खानी प्रभो ! हजुर भैं सबै
अभिमान रहित्का ती महात्माहरू ता सधैं
१३२३

अगम् बन्मा छिपाएर आफुलाई कुबेषले
आपन्ना उत्तम् पनालाई छोपेर बस्दछन् ती रे
तसर्थ वेद र सारा साधुहरू कराउदै -
- भन्छन् अकिञ्चन दु :खीत प्यारा हुन्छन् ती इशकै
१३२४

लोकले भन्दछ नित्य हे प्रभो ! अनि फेरी ता
हुन्छन् दुर्लभ ती लोक्मा अजात शत्रुहरू ता
निर्घन घरले हीन भिकारी प्रभुकै सरी
देखेर गर्दछन सोच ब्रम्हा शिव पनि डरी
१३२५

हजुर जो सुकै होस मलाई केही छैन त्यो
प्रणाम प्रेमले गर्छु भुकेर नाथ ! पाउ को
ममा 'दास ' भनी आपन्नो गर्नुहोस दया प्रभो
भरोसा राख्दछु मन्मा सर्बदा प्रभुकै प्रभो !
१३२६

सरल प्रिति देखेर आफु माथि नरेशको
श्रद्धा विस्वास त्यों ठुलो बिचारी आफु माथिको
प्रतापलाई पारेर बसमा सब रीतले
दर्शाई कपट प्रेम छल दम्भ गरेर रे
१३२७

भन्दछ कपटी साधु साँचो भन्दछु यो कुरा
धेरै काल बिते मेरा बस्ता यो बनमा पुरा
भेटैको छैन हे बाबु ! मैले मानिस ता कुनै
चिना पर्ची पनि फेरि गरेको छैन वा कुनै
१३२८

ताषन हुँ सरि हुन्छ मान्य ता लोकको सब
तेस्ले जलाउँछ सारा शान्ति संतोष र तप
म भन्छु तुलसीदास यसमा टिप्पणी गरी
'भेष असल देखेर मानिस्को भ्रममा परि
१३२९

लोकमा मुखैनै मात्र ठगिदैनन् बिचार रे
छलिन्छन् जालमा पर्दै बिद्धान पनि हरे रे
सुधा सरि मिठो बोल्छन् मयुरहरू सुन्दर
तर फेरि तिनै खान्छन् सर्पहरू भयङ्कर
१३३०

भन्दछ कपटी फेरि तसर्थ गुप्त भै सदा
बसेको म छु हे बाबु ! बनमै जान सर्बदा
हरि छाडी अरू छैन प्रयोजन् चित्तमा कुनै
रिभाई जगतैलाई भन के सिद्धि हुन्छ है ?
१३३१

धीमान सरल चित्त तिमी छौ राजन ठुला
मेरा भयौ तिमी प्यारा सबैलाई जितेर ता
विश्वास प्रिति छ तिम्रो मेरा उपरमा ठुलो
तसर्थ अब हे बाबु ! तिमीलाई पनि अहो !
१३३२

ढाटेर भेद यो आपन्नो लुकाएमा अबश्य नै
लाग्नेछ दारूण दोष मलाई ता बिचार है
एवं रित्ले जति यस्तै त्यो कपटी मुनिले हरे
बोल्दथ्यो बाणी निर्लिप्त बनाई आफुलाई रे
१३३३

लाग्दथ्यो तेति नै श्रद्धा विश्वास नृपमा ठुलो
सम्भन्थे भाग्य ती आपन्नो तेसबखतमा भलो
प्रतापलाई देखेर मन कर्म र बाणी ले
परेका बसमा आपन्ना दास भैं जानी चित्तले
१३३४

लाग्यो फेरी भन्न त्यो बकध्यनी
महात्माले भै ठुलो शुद्ध ज्ञानी
मेरो " एकतनु " हो नाम भाई
चौरासीको छैन फेरो मलाई
१३३५

सुनेर यो कुरा फेरि भुकाई शिर भुपले
भन्दछन् दुइटै हात जोडेर प्रिती साथ रे
परमदास् सम्भेर मलाई अब है प्रभो !
आज्ञाहोस् नामको अर्थ सम्भाइकन भित्रको
१३३६

अनि त्यो भन्दछ फेरि आदि श्रृष्टि भयो जब
जन्मेको म थिएं बाबु त्यो बेला देखिनै तब
तसर्थ लोकमा नाम मेरो एकतनु रह्यो
धरिनै शरीर मैले फेरि अर्को बिचार यो
१३३७

नहोऊ चित्तमा केहि तिमी आश्चर्य यो घरी
तपले दुर्लभ छैन केहि ? चीज जगत् भरी
तपका बलले ब्रम्हा गर्दछन् श्रृष्टि लोकको
तपले नै भए विष्णु लोक पालक फेर जो
१३३८

संहार गर्दछन् रूद्र तपका बलले पुरा
संसारमा तपस्याले दुर्लभ् छैन कुनै कुरा
सुनेर यो कुरा सारा राजाका हृदय महा
श्रद्धा विश्वास भो ठुलो बढेर प्रेम चित्तमा
१३३९

कथा फेर त्यो भन्न लाग्यो अनेक
पुरानो ईतिहास धर्म विवेक
करम्को निरूपण् गरी फेर सारा
बिरागहरूका बताए र धारा
१३४०

कथाहरू भन्यो सारा पालन प्रलय श्रृष्टिको
विविध थरिका गर्दै अद्‌भुत् बर्णनहेरू जो
सुनेर यो कुरा सारा मुनिका बसमा परी
भन्न लागे अनि फेरी आफ्नो नाम पुरा गरी
१३४१

पैलेनै भन्दछ साधु, चिन्दछु तिमीलाई ता
राजन् तिम्रो कपट् राम्रो लागेको छ मलाई ता
सुन हे पृथ्वीनाथ ! राजाको नीती यो छ की
न विचारी यसै झट्ट भन्दैनन् नामलाई ती
१३४२

तिम्रो चातुर्यता देखी हे राजा तिमीमा अझ
लाग्यो प्रिती बढी हेर मलाई बुझ सत्य छ
प्रताप भानु हो तिम्रो हे बाबु ! नाम ता अनि
सत्यकेतु भनी तिम्रा पिताको नाम हो पनि
१३४३

जान्दछु सब यो राजन् कृपाले गुरूको पनि
डर्दछु शक्ति दर्शाए नाश हुन्छ भनेर नि
तिमी माथि ठुलो मेरो ममता उब्जिएर नै
तिम्रा प्रश्न महा मैले बताएँ गुह्य यि सबै
१३४४

म भए मनमा हर्ष बाबु ! छाड यि संशय
तिम्रो इच्छा छ जो मन्मा माग त्यो नगरी भय
आनन्दित भए राजा बचन सुनी साधुको
गरे पाउ परी फेरी बिन्ति विविध भाँतिको
१३४५

हे मुने ! करूणासिन्धो ! दर्शन्‌ले गरी नाथको
हात्मा मेरो भयो चारै पदारगृहरू लोकको
तथापी हजुरलाई प्रशन्न देखी चित्तमा
बिशोक हुन्छु मागेर बर दुर्लभ लोकमा
१३४६

जरा मरण् दु :खले देह मेरो -
- रहित भै सुख पाउँ घनेरो
फेरी कोहि समरमा मलाई
नजितोस हुँ अजेय म जाइ
१३४७

शत्रु हिन एकक्षत्र भएर
जगतमा शतकल्प रहेर
राज गर्ने पाउँ बर्दान आज
दिनु होस नाथ ! यो हर्ष साथ
१३४८

सुनेर बिन्ति यो साधु भन्दछ अति हर्षले
यस्तै होला तर यौटा कारण् कठीनपर्छ रे
भन्दछु सुन यो राजा छाडी ब्राम्हण बंश यो
झुक्नेछु पाउमा तिम्रो कालै सहित लोक पो
१३४९

अजय छन् सदा बिप्र तपका बलले गरी
कोधाग्निबाट ब्राम्हण्को रक्षा गर्ने जगत् भरी
छैनन् कोही कुनै हेर यदि तिम्ले निरन्तर
बिप्रहरूपनि आफ्ना पार्‍यौ बस भने फिर
१३५०

पर्नेछन् बसमै तिम्रा ब्रम्हा विष्णु महेश्वर
तिम्रो होला सदा किर्ति लोकमा पनि सुन्दर
कसैको पनि चल्दैन जोर ब्राम्हण साथमा
साचो भन्छु दुवै हात, उढाई तिमी साथमा
१३५१

सुन हे पृथवीपाल ! बिना ब्राम्हण श्रापले
नाश तिम्रो हुने छैन कारण अरू केहिले
पाउँदा बर यो राजा भए हर्षित चित्तमा
बिन्ति गरे अनि फेरि झुकाई शिर पाउमा
१३५२

अब मेरो हुने छैन नाश कैले पनि प्रभो !
पाएँ प्रसाद हे नाथ ! आज मैले हजुरको
मेरो हुनेछ कल्याण सर्बदा सब कालमा
सार भो जन्माको मेरो पर्दछु प्रभु पाउमा
१३५३

एवमस्तु भनी फेरी कुटिल साधुले अनि
बोल्यो कपटले युक्त भएको बचन पनि
छलिई बनमा बाटो भेट् बार्ता म म साथको
बताए अरूमा तिम्ले तिम्रो होला बिनास पो
१३५४

तसर्थ तिमीमा बाबु ! यि कुरा भन्दछु म त
नभने अरकोलाई भनी गर्दछु बर्जित
पर्ला हाम्रो कुरा सारा अरूका कानमा जब
तिम्रो होला अनि नाश सत्य भन्दछु यो तब
१३५५

फैलाए यि कुरा हाम्रा अथवा द्विज श्रापलें
तिम्रो होला सबै नाश सुन भानुप्रता प रे
तिम्रो नाश हुनेछैन अरू कारणले कुनै
भए पनि सदा कुद्ध मनमा शिव विष्णु नै
१३५६

फेरी विन्ति गरे पाउ परेर ती प्रतापले
सत्य हो यो कुरा नाथ ! बिप्र र गुरू श्रापले
कस्लाई लोकमा बाकी राखेकोछ र है ? बरू
- ब्रम्हाको कोधमा रक्षा गर्दछन् सर्बदा गुरू
१३५७

आज्ञा नमाने प्रभुका पनि यो
निस्तार मेरो क सरी हुने हो ?
तसर्थ भर्मा प्रभुको परेर
आज्ञा शिरोपर् ग रछु रमेर
१३५८

एउटा डरले मेरो डर्दछ चित्त यो प्रभो !
लोकमा बिप्रमा शाप हुन्छ है अति घोरको
हुनेछन् बसमा बिप्रहरू ती कसरी ? प्रभो
आज्ञा गर्नु हओस नाथ दयाराखी उपाय त्यो
१३५९

दिन दयाल ! हे नाथ ! छाडी हजुरलाई ता
हितैषि लोकमा मेरो देखिन अरू कोहि ता
भन्दछ सुनी यो फेरि तापस नृपते सुन
बिबिध थरीको छन् है उपाय लोकमा गुन
१३६०

कष्टसाध्य ती छन् सारा गरेमा कष्टले यदि
पुराहुन्छन् न वा फेरी रहन्छन् की ? अपूर्ण ती
उपाय ता थियो एक अति नै सजिलै पनि
अप्ठयारो पर्दछ फेरी त्यसैमा पनि एक नी
१३६१

आफ्नै अधिनमा मेरो थियो एक उपाय ता
तर हे नृपते ! जान्न म तिम्रो राज्य भित्र ता
मेरो जन्म भयो जैले देखी त्यो दिन देखी नै
पसेको छैन कोहिको गाउँर घर भित्र नै
१३६२

न जाउँ यदि ता तिम्रो धर्मा हुन्छ अकाज रे
आयो पर्न पनि कस्तो अप्ठयारो आज ता हरे
त्यो कोप्टि मुनिको यस्तो सुनेर बचन पनि
मधुर बाणीले विन्ति गरे नृपतिले अनि
१३६३

यस्तो निति बताएको वेदले छ बखानी रे
सदैब गर्दछन् प्रेम गरूजन् शिशु माथि रे
तृण कन्टक् सदा आफ्नो शिरमा बोक्छ पर्वत
शिरमा राख्दछ गन्धा फेनसागर सर्बत
१३६४

सदैब घर्छिन् शिरमा धूलो पनि
बसुन्धराले अचला बनेर नी
भनेर यहि परी पाउमा हरे !
फेरी झुकि बिन्ति नरेशले गरे
१३६५

दिनदयाल! हे स्वामी ! हे प्रभो ! करूणानिधे !
मेरो निम्ति पऱ्यो दु :ख सहनु पनि स्वामीले
गर्नुहोस दयानाथ ! मलाई दास हो भनी
बन्दछ काम त्यो मेरो कृपालें प्रभुको अनि
१३६६

सुनेर बिन्ति यो सारा आफ्नो अधीनमा नृप
देखेर भन्दछ फेरी कप्टि प्रबीण त्यो खुब
सत्य भन्दछु हे राजा तिमीलाई , समस्त यो
मलाई दुर्लभ छैन लोक्मा चीज कुनै अहो !
१३६७

म गर्नेछु पुरा तिम्रो काम लाई अबश्य नै
मन कर्म र् बाणीले मेरो छौ तिमी भक्त नै
भन्दछु सुन हे राजा युक्ति मन्त्र जपादिको
प्रभावले फल दिन्छ रहन्छ जब गोप्य पो
१३६८

तसर्थ म गई राजा ! खाना पकाउँछु जब
नजानोस् यो कुरा कोहि पस्कनु तिमीले तब
जो जसले भोजन गर्ला त्यो अन्नलाई ता अनि
हिड्नेछन् ती सबै तिम्रा आज्ञा शिर धरेर नी

१३६९

फेरी ती सबका धर्मा खालान् चिज गएर जो
हुनेछन् ती पनि तिम्रे बसमा नै समस्त पो
फर्केर घरमा राजा , एक सम्बत सम्म नै
संकल्प गर यो तिम्ले भलो होला अबश्य नै

१३७०

हे राजन ! नित्य नविन छान दै
शत सहस्त्र द्धिजलाई मानदै
सारा परिवार समेत नै गरि
निमन्त्रण देउ तिमी सधैं भरी

१३७१

तिम्रो मंगलका लागी रोज रोज अनि म ता
खाना तयार गर्नेछु केहि कष्ट सहेर ता
एवं रित्ले अति थोरै कष्टले राजन अनि
तिम्रै बस्मा हुनन् सारा ब्राम्हण लोकका पनि

१३७२

गर्नेछन् तिनले फेरी होम यज्ञ र पूजन
तसर्थ तेसले गर्दा लोकमा जति जो छन्
सुरहेरू सबै तिम्रा पर्नेछन बसमा सदा
सम्पूर्ण मनको इच्छा तिम्रो पूर्ण हुने छ ता

१३७३

एउटा यो कुरा फेरी अर्को भन्दछु है म ता
आउने छैन आफ्नै यो रूपले कहिले म ता
ढाकेर निज मायाले तिम्रो प्रोहित लाई ता
हरेर ल्याउछु फेरी तपका बलले यता

१३७४

आफु समानको पारी यहिनै कुटिमा पनि
राख्नेछु मोहमा पारी बर्ष भरी अनि
म तिन्कै भेषले फेरी तिम्रा कामहरू सब
सपारने छु हे राजन् ! चिन्ता छाड सबै अब

१३७५

आराम गर बाबु ! आज अबता धरै बित्यो रात यो
आएर तिमी साथ भेट गरूँला तिन् दिन पछि फेर जो
निदैमा तिमीलाई बाबु तपका बल्ले गरेरै म ता
घोडा साथ पुराई दिन्छु घरमा हुदैन तक्लिफ ता

१३७६

प्रोहित्का धरी भेष आउँछु अनि चिन्हु मलाई तब
जुन्बेला तिमीलाई डाकी गरूंला कुरा अकेला सब
सुत्न निम्ति गए नरेश खुसीले आज्ञा सुनी यो सब
फेरी आशनमा बस्यो छलगरि कप्टि मुनि ता तब

१३७७

थाकेका भुपति थिए नीद पनि आयो छिनैमा अति
सुतथयो केगरि कप्टि साधु र हरे सुर्ता हुंदामा कति
छकायो भुपलाई जंगल बिषे जस्ले बंदेल बनि
तेहि राक्षस काल केतु भनने आयो तहां ता अनि

१३७८

त्यो कोप्टि भुपको थियो अतिबनै प्यारो सखा राक्षस
मायामा प्रबीण थियो अतिब नै नीच नर भक्षक
त्यसैका अजय र भीषण अनि देव दु :ख दायी जो
शत पुत्र थिए - अधम् खलहरू भाई दश फेरी जो

१३७९

प्रतापले प्रथम नै सुर संत सारा
देखेर ब्याकुल सबै द्धिज ती बिचारा
थिए समर् भुमी बिषे बधनै गरेका
दुर्जन्हरू कन भिडि नत्य जी अडेका

१३८०

त्यो दुष्टले त्यहि बैर पैलेको सम्फिएर नी
त्यहि कप्टि मुनि साथ मिलेर मन्त्रणा पनि
ब्रिचार गरि जे गर्दा शत्रुको नाश हुन्छ है
उपाय त्यहि ठीक् पार्‍यो नाशने भानु बंश नै

१३८१

भावीको बसमा पर्दा भुपतिले पनि हरे
त्यो कुरा चाल पाएनन् त्यस बखत केहि रे
किंबदन्ति चलेको छ लोक्मा यस प्रकारको
भए पनि यदि यौटै शत्रु दुष्ट बिचार को

१३८२

'सानो हो ' भ नी त्यसलाई सम्फनु हुन्न चित्तमा
शिर् मात्रै बाकि राखेको राहुले पनि लोकमा
आज सम्म पनि हेर चन्द्र र सुर्यलाई ता
दिदोंछ भिषण दु :ख, ग्रसेर क्षीण पारी हा

१३८३

देखेर साधुले फेरि मित्र त्यो राक्षस कनै
भयो अत्यन्त आनन्द भेट्यो फट्ट उठेर नै
बतायो हाल त्यो सारा मित्रलाई प्रतापको
सुनेर खुसीले फोरी भन्दछ जातु धान त्यो

१३८४

अब साध्नु भयो शत्रु सुन्नु होस नरेश रे
मान्नाले मन्त्र यो मेरो आयो काम ब नेर रे
शोच सुर्ता सबै त्यागी सुत्नु होला उमंगले
नाशी दियो सबै ब्याधी बिनु औषधी दैवले
१३८५

बन्धु बान्धबले साथ शत्रुहरू समस्त को
मुल समेत नाशेर चारौं दिन पछाडी पो
म आई भेट गर्नेछु भनी तापस भुपको
प्रशन्न हृदयपारी अनि फेरि पछाडी जो
१३८६

प्रतापलाई बोकेर घोडा सहित भै हरे !
हिड्यो भीषण त्यो क्रोधी महा कपटी धूर्त रे
पुराई छिनमै फेरी घरमा भुपति कन
गरायो सयन साथै महारानी जहा छन्
१३८७

बाधेर हयशालामा अस्वलाई अनि पछि
गयो लिएर राजाको पुरोहित कन छलि
मायाले ब्याप्त परेर लठ्याई मतिलाई रें
पहाडको गुफा भित्र राख्यो मोह गराई रे
१३८८

धरेर आफुले फेरि रूप प्रोहितको पनि
उत्तम सेजमा तिन्कै सुत्यो आनन्दले अनि
भोरमा बिझिंए राज केहि रात छदै अनि
आफुलाई घरैभित्र देखि खुसी भए पनि
१३८९

अनुमान गरि मन्मै मुनिको महिमा पनि
गए बाहिर ती झट्टै न जानुन् रानीले भनी
फेरी बन्मै गए सोहि घोडामाथि चढेर रे
जानेनन् चाल त्यो केहि पुर बासी समेतले
१३९०

दुई प्रहरमा दिन्को फर्किए फेरि ती अनि
ठुलो उत्सव् गरे बाजा बजाई लोकले पनि
प्रोहित कनता फेरी देखेथे भुपले जब
भएर चकित आफ्नो सम्झेर काम त्यो सब
१३९१

लामो भो भुपको निम्ति यु ग झैं तिन ती दिन
कपटी मुनिको पदमा रहयो चित्त भइ लिन
आयो प्रोहित त्यो आफ्नो सम्झेर समय अनि
आफ्ना कुराहरू फेरि सम्झायो भुपमा पनि
१३९२

भए हर्षित ती राजा चिन्हेर गुरूजी कन
भ्रमका बसमा पर्दा रहेन केहि चेतन
शत सहस्र ती बिप्रलाई बन्धु समेत नै
गरे निमन्त्रण फेरी भुपतिले तुरून्त नै
१३९३

बनायो भोजन सारा आफै प्रोहित अनि
वेद्को आज्ञा सरी चारै ब्यञ्जन छ रस पनि
मायाले नै बनाएका ती ब्यञ्जनहरूका सब
परिकारहरू धेरै को गन्न सक्छ र ? अब
१३९४

बिबिध थरीको मासु पकायो मृगको पनि
मिसायो बिप्रको मासु त्यहि मासु महा अनि
बोलाई भुपले बिप्रलाई भोजन निम्ति रे
बसाए चरण धोई आदर साथ फेरि रे
१३९५

लागे नरेश जब पस्कनलाई ताहाँ
त्यो दुष्ट राक्षस गई नभ बीचमहा
छल्ले भन्यो गगन बाणी सरि गरेर
सम्बोधन गरि ती ब्राम्हणलाई फेर
१३९६

हे बिप्र हो ! उठी उठी घर जाउ हेर
होला अनर्थ यसले तिमीलाई धेर
हे बिप्र हो ! तिमीहरू यस भोजलाई
ठानेर बिष सरि जाऊ त्यजेर भाई
१३९७

मुछिएको छ यो खाना ब्राम्हण्को मासुले सब
नखाउ अन्न यो यस्ले हानी गर्छ ठुलो अब
उठे ब्राम्हण ती सारा प्रतीति गरि त्यो कुरा
आकाश बाणीले हाम्रो गऱ्यो रक्षा भनी पुरा
१३९८

ब्याकुल् भो मोहमा पर्दा राजाको बुद्धि ती डरी
निस्केन बचन मुख्मा भावीका बसमा परी
अत्यन्त क्रोधले फेरी बिचार नगरी कुनै
उठेर आशन छाडी ती ब्राम्हण हरू सबै
१३९९

भन्न लागे दिदै श्राप अधमाधम ! मूढ ! रे
हे राजा ! सकल आफ्नो परिवार समेत रे
नीच राक्षस् हुनु जाई तैंले अधम आज रे
बोलाएर परिवार सहितै हामी लाई रे
१४००

धर्म नष्ट गराएर आँटेको नै थिइस् अहो !
बिताउन सबै हामी ब्राम्हण बंशलाई पो
राख्यो इश्वरले हाम्रो बचाई धर्म यो सब
परिवार सहित् नष्ट हुन जानु तँ नै अब
१४०१

बर्ष एक् भरीमा होला तेरो नाश पनि सब
पानी दिने पनि तेरो नर होस् कुलमा सब
सुनेर श्राप यो राजा भए बिकल त्रासले
सच्चाबाणी भयो फेरी बीच आकाशबाट रे
१४०२

हे बिप्र हो ! दियौ श्राप बिचार नगरेर यो
गरेको छैन राजाले कुनै पनि बिराम जो
भए चकित ती बिप्र सुनेर देव बाणी यो
फेरी भुप गए ताहा भान्सा घर जहाँ थियो
१४०३

भान्से थियो न ता ताहा न ता अन्न थियो हरे
फर्किए भुपति मन्मा गर्दै शोच बिचार रे
सुनाए ब्राम्हणलाई पैलेका ती कुरा तब
ब्याकुल् भै डरले राजा ढले जमिनमा तब
१४०४

भन्दछन् बिप्र ती सारा सम्झाई पछुताउदै
रहेनछ हरे ! दोष तिम्रै यद्यपी हा ! कुनै
तथापी भावीको लेखा मेटिदैन कसै गरि
भोग्नु पर्दछ त्यो राजा चित्तलाई कडा गरि
१४०५

मेट्न खोजे पनि श्राप द्धिजको मेटिदैन त्यो
हुन्छ है बिप्रको श्राप घोर अमिट फेर जो
सम्झाई यसरी राजालाई ब्राम्हण हेरू ती
फर्किए घरमा सारा अपृशोच गरदै अति
१४०६

पाए खबर यो फेरी पुर्बासी हरूले पनि
पछुताउन लागे ती बिस्मात गरदै अनि
हा हा कार भयो ठुलो कोलाहल शहर् भरी
दिनलागे सबै दोष दैबलाई नगर् भरी
१४०७

भन्छन् फेरी माग्न पर्दै घुमेको
हाँसलाई निष्ठुरी दैवले जो
बनायो हा कागनै हेर आज
भन्दै गर्थे पीर ती छोडी काज
१४०८

अनि उता तिर फेरी कालकेतु गएर त्यो
प्रोहित कन फर्काइ पुरायो घर भित्र पो
बतायो खबर सारा त्यो कप्टि मुनिलाई रे
आफुले जे जति काम गरेको त्यो सुनाई रे
१४०९

त्यो दुष्टले जहि तहि सब भुपलाई
चिठ्ठी दियो समर निम्ति भनेर जाई
सेना सजी सजी सबै भुपहेरू आए
बाजाहरू सम्रका सबले बजाए
१४१०

घेरादिए भुपहरू मिलि देशलाई
हुँदो भयो बिबिध नित्य नयाँ लढाई
योद्धाहरू सब भिडे लडी मर्नलाई
देखाउथैं बिबिध कौशल हेरू जाई
१४११

भाई समेतनै भानु प्रताप भुमीमा परे
बाचेन सत्यकेतुको कुल्मा कोहि पनि हरे !
झुटो हुन्थ्यो र हा कैले बिप्रको पनि श्राप त्यो
पर्नाले छलमा राजा सारा बंश बिनष्ट भो
१४१२

शत्रुलाई जिती सारा भुपतिहरूले अनि
इछयानुसारले आपन्नो बसाई नगर पनि
जय र जस पाएर खुसीसाथ रमाउदै
फर्किए अनि ती सारा आपन्नो राजधानीमै
१४१३

रावण जन्म र चरित्र

भारद्धाज मुने ! जैले जस्को पृथवीमा जब
दैव बिपरित होला तेस्को निम्ति अनि तब
धुलो पर्वत सरि होला हुन्छन् यम सरी पिता
सर्पका तुल्यनै होला फुलका माल्यहेरू ता
१४१४

कालान्तर पछि फेरी सुन हे अम्बिके ! अनि
राक्षसहरू भए तेहि राजा बंश सहित नी
दशमौलि भएका ती बिश हात बिशाल को
भयो अतिब नै धीर बीर रावण नामको
१४१५

प्रताप भानुका भाई अरिमर्दन जो थिए
अति नै बलका धाम कुम्भकर्ण तिनी भए
धर्म रूची भनी मन्त्रि फेरी जो भुपका थिए
बिभिषण भनी कान्छो सौतेला भाई ती भए
१४१६
विद्या र गुणका खानी थिए लोक प्रसिद्ध रे
भक्त भै रामका तिन्ले पारे उज्जल बंश रे
प्रतापका अरू बाँकि छोरा र दास जो थिए
तिनीहरू पनि सारा निशाचर् हरू नै भए
१४१७
इच्छयानुसारले रूप धर्ने काम रूप ति ता
विवेक हीन र दुष्ट भयंकर कुटिल ता
जटाधारी दयाहिन नर भक्षक ती हरे
दु:ख् दायी जग साराको वर्णन् गर्नै सकिन्न रे
१४१८
पुलस्त्य ऋषिको भएर तनय जन्मे पनि ता अनि
आमाको गुणले निशाचर भए श्रापूले अधर्मि बनी
लागे गर्न गएर भाई सँगमा ठुलो तपस्या पनि
तिन्को ती तप देखि बर्दिन भनी आए बिधाता अनि
१४१९
पैले रावणको गएर नगिचै भन्नु भयो यो पनि
तिम्रो यो तप देखी बाबु !खुसीछु बर्माग ऐले भनी
आज्ञा यो विधिको सुनेर पदमा गर्दै प्रणाम पनि
फेरि पूजनले गरेर बिधिको मनूलाई खुसी पनि
१४२०
माग्दोभो वर त्यो अजय म बनु लोक्ले न जित्ने गरी
त्रास छैन मलाई मानिसहरू देखि कुनै यो घरी
देव राक्षस यक्ष देखी नमरौं धेरै भन्यौ के प्रभो
भन्ने रावणको सुनेर बिनती ब्रम्हाजीले भन्नु भो
१४२१
यस्तै होला लोक सारा जितेर
बस्नै तिम्रा सब हुनन् प्राणी हेर
दशमौले पछि तिम्रो गएर
होला मृत्यु मानिसै देखि फेर
१४२२
अनि कुम्भकर्णको सामु जाई
देखि भयंकर् त्यसलाई हाई !
सौच गर्दै गर्नु भो यो विचार
दिन दिनै यदि यस्तै अहार
१४२३
- गऱ्यो भने श्रृष्टि मेरो समस्त
केहि बर्ष भित्र नै हुन्छ ध्वस्त -
- भन्ने सम्झि शारदालाई त्याहा
प्रेरित् गर्दै त्यसको चित्त माहा
१४२४
पारी उल्टो बुद्धि फेरी गएर
सोध्नु भयो माग्दछौ के ? भनेर
पाउपर्दै शिरलाई झुकाई
बिन्ति गर्दै माग्दछ यो रमाई
१४२५
छ मैनामा दिन एक उठेर
पाउँ मैले सुत्न मस्त भएर
एवं मस्तु तेसलाई भनेर
विभिषण छेउ फेरी पुगेर
१४२६
भयो आज्ञा चित्तमाहा रमाई
ब्रम्हाजीको झट्ट पौलस्थ लाई
हृदयमा के छ ? तिम्रो भनेर
बरदान माग चाडो रमेर
१४२७
मागे हरि चरणको नव भक्तिलाई
आनन्द मग्न हुन गै बहुतै रमाई
दिएर यो बर बिभिषणमा समस्त
ब्रम्हाजी फर्कनु भयो नीज धाम तर्फ
१४२८
पाएर बर फेरि हर्षित भइ भाइ लिई साथमा
फिर्दो भो असुराधिनाथ मदले उन्मत्तभै धाममा
अनि फेरी शशि सरी रति पनि गर्ने फिका तेजले
मन्दोदरी भनी थिइन् मय सुता सब् लक्षण युक्त रे
१४२९
तिनै सुन्दरी छोरीलाई मयले लिएर साथै अनि
आइ हर्ष भएर अर्पण गऱ्यो दशाननमा पनि
पाई सुन्दरी नारी रावण भयो हर्षित् अति चित्तमा
राख्दोभो पटरानी पारी ती सबै रानीहरू मध्यमा
१४३०
अनि फेरी विवाह भाइहरूको तेस्ले गऱ्यो हर्षले
पाएर सती नारी सुन्दरी भए आनन्द ती प्रेमले
आपन्ना सुन्दरी नारीहेरू सँगमा लिएर खुसीभइ
जस फौज बल बढाइ जगतै बसगर्न लागे गइ
१४३१

पर्वत त्रिकुट बिच सिन्धु महा रहेको
थियो अगम्य नगरी बिधिले रचेको
रत्नादिको महलले मयले सजेर
थियो सुवर्ण पुरी त्यो अति रम्य फेर
१४३२
पुरन्दर पुरी सरि सरी विष्णु धाम
अत्यन्त सुन्दर थियो नगरी तमाम
लंका भनी अति प्रसिद्ध भइ रहेको
चारौ तरफ् जलाधिले फिजी घेरीएको
१४३३
कल्पै पिछे जनमी राक्षस जो रहन्थे
राजा भइ तेहि पुरी बीचमा रहन्थे
बस्थे कुटुम्ब लिइ सोख गरि भएको
लंका थियो असुर निम्ति बनी रहेको
१४३४
देवादिले समरमा जिती पारी खाली
मारेर रक्षकहरू अरू सब् निकाली
यक्षादिले नगर रक्षण गर्न लाई
कोटिक यक्ष अनि यक्षपति खटाई
१४३५
थियो प्रतिनीधी गरीकन राखीएको
पाएर यो खवर रावणले अनि पो
सेना सजेर गड घेरी लिएर जाइ
जित्यो लढी सकल यक्षहरू भगाइ
१४३६
डुलेर त्यो नगरीमा त्यसको अनुप
सौन्दर्य देखिकन हर्ष भएर खुब
तेस्मा पनि अतिब सुन्दर ठाम छानी
आफ्नो गराइ त्यसमा अनि राजधानी
१४३७
बाकी अरू घरहरू सब फौजलाइ
औकात हेरीकन बाढी खुसी गराइ
फेरी कुबेर सित नै गरि युध्य जाइ
आफ्ने गर्‍यो सुमनयान जितेर ल्याइ
१४३८
खेलैले बिश हातमा धरी अहो ! कैलाशलाइ लिई
मानौ तौलि घमण्डले बल पनि फर्क्यो अति खुसभई
नर किन्नर देव यक्ष र अनि गन्धर्व नागेशका
कन्याहेरू हरेर ल्याइ बलले पत्नी गराएर ता
१४३९

दश शिर बिस हात उग्र रूप
हुनगइ रावणको छटा अनुप
रहिकन अनि कुम्भकर्ण साथ
अनुज बिभिषण पुत्र मेघनाद
१४४०
नाती पनाती अनि मन्त्रि र भारदार
फौज भए बिकट दुर्जय तेजबार
ती दुष्ट कामुक अजेय अधम् भएर
थाले उपद्र अति गर्न घमण्ड धेर
१४४१
थिए विभिषण तीता हरि भक्त ज्ञानी
गर्थे भजन् प्रभुजीको परमेश जानी
दुष्टादि देखि पर भै जपी राम नाम
हुन्थे बिकल् भनी कसो गरि पाउँ राम
१४४२
थिए अरू असुर ती सब नीच पापी
ती मार्दथे द्विजहरू ऋषि गाई ताकी
लिएर साधु सित कर् अनि यज्ञ सारा
पार्थे बिध्वम्स मल मुत्र छरेर धारा
१४४३
संपति सुख पुत्र फौज बल र बृद्धि गरी बुद्धिको
निशि दिन् बढदै प्रताप जयले लोक सबै ब्याप्त भो
मान किर्ति बढयो जति जती बृद्धि भई लोभको
मदमत्त भएर कर् लिन पनि थाले ऋषि साथ पो
१४४४
कुम्भकर्ण सरि छ भाइ जसको महाबलि जो सरी
सुर बीर लडाकु धीर बलियो छैनन् कुनै लोक् भरी
खाइ मद सुती छ मास तक जो एक् रोज उठ्दा पनि
हा ! हा ! पर्छ भने , बिचार तेसले निरन्तर नै पनि
१४४५
गर्‍यो भोजन ता भने जगतमा बच्दैन प्राणि कुनै
जसको बलको बयान गरदा थाक्छन् ती ब्रम्हाजीनै
मेघनाद भनेर पुत्र जसको जेठो छ छोरा अहो !
काप्छन्लोक सबै महाबीरछ त्यो चौधै भुवनभित्र पो
१४४६
जसका संमुख युद्ध गर्न नसकी भाग्छन् सुरेश छली
भागा भाग गरेर स्वर्गपुरिमा गर्छन् ठुलो खल्बली
अकम्पन कुलि शरद कूमुख र धुम्रकेतु पनि
अतिकाय समान धीर बीर ता यौद्धा अनेकौं अनि
१४४७

यौटेले पनि जित्तछन् जगतैनै योद्धा बडा दुर्जयो
स्वप्नमा पनि छैन धर्म र दया मायावि कामुक ती
रावण्ले परिवार एकदिन् त्यो आपन्नो सभाविचता
हेरि बान्धब पुत्र नातीहरू ती गन्नै नसक्ने तहा

१४४८

आपन्न दुर्जय बीर फौज र अरू सारा परिवार ती
देखेर मदमस्त भैकन अनि बोल्यो अभिमान ली
शत्रु हुन् सब देव हामीहरूको हे बीर हो ! जान यो
गर्दैनन् सनमुख् भएर रण ती लुक्दछन् सदाभागी पो

१४४९

जे गर्दा सुर मर्दछन् सकल ती भन्छु बुझाइ सब
सुन ध्यान दिएर जाई सबले गर्नु त्यहि नै अब
बिप्र भोजन देव पूजन अनि यज्ञ र होम सब
गाइ श्राद्ध र कीर्तन-हरि सबै नाशगर्नु नित्यैअब

१४५०

वीर हो ! सब जाउ हेर जगमा धर्मादि जो गर्दछन्
पूर्ण गर्न नदेउ त्यो सब अनि देव यसै मर्दछन्
ब्याकुल् भैकन भोकले सुनसबै निर्बल् बनी आउदा
मारौला कित छाडुला उस बखत् बस्मा गराई सदा

१४५१

मेघनाद कन फेरी बुझाइ
दिन्छ शिख बल बैर बुराई
जो छ देव बलबान र धीर
लड्छ जो समरमा अडी वीर

१४५२

बाँधी ल्याउ उसलाई जितेर
गर्व चुर्ण गरि फेर मिचेर
पाइयो हुकुम माथ धरेर
त्यो गयो मद र नाद गरेर

१४५३

एवं प्रकार सबलाई हुकुम् दिएर
जादो भयो उ पनि फेरी गदा लिएर
हिड्दा दशानन धरा पनि डग्मगायो
गर्जेर गर्भ बनिताहरूको तुहायो

१४५४

आयो रावण लौ भनेर सुनीयो देवादि डर्ले गरि
लुकेजाइ गुफा र कन्दर बिशे त्यो स्वर्गे रित्यै गरी
घुम्यो त्यो दशकण्ठ क्रोधित भइ दिग्पालका देशमा
देखेर सब सुन्य गर्जन गर्‍यो गाली दिदै देवमा

१४५५

बलले मदमत्त भै घुमेर
नमीली आफु समान बीर धेर
सबलोक बिशे गएर छानी
गरी हुँकार कतै पनि नमानी

१४५६

यम शशि रवी आगो काल औं सिद्ध फेरी
पवन बरूण सारा किन्नर नाग घेरी
नव ग्रह बसपारी बाधी ल्याइ सजेर
सिडि गरि ग्रहलाइ बस्न लाग्यो रमेर

१४५७

जगत भरी जति छन् स्रिष्टि ब्रम्हाजीका ती
सकल तिनीहरूमा सासन राखी माथि
भुवन भरी सबैमा एकलो राज क्षत्र
धरी सब बसपारी राज गर्थ्यो बिचित्र

१४५८

भुवन भरी सबैमा मन्त्र आपन्नो फिजाई
नगरीकन स्वतन्त्र लोकमा कोहि हाई
बनीकन परिपूर्ण बस्दथ्यो सान छाई
झुकि शिर उसलाई बस्तथे प्राणी हाई

१४५९

रावण्ले अघि मेघनाद कन जो आज्ञा दिएको थियो
त्यो भन्दा पहिले गरे सरी गरी सब् पूर्ण पारी दियो
बाधी इन्द्रजीलाई बाबु कन ता सुम्मेर नाम पनि
पायो इन्द्रजीत भनेर उसले खुसी गराई अनि

१४६०

लंकेशका हुकुम पाई अघी गएका
दानव् चरित्र अब भन्दछु जो भएका
देख्दैमहा अतिब भिषण पापी सारा
देव दुखीकर निसाचर धर्म हारा

१४६१

हिंसातिरै छ जो प्रबिति र धर्म
जो गर्दछन् अतिब घोरेर क्रुरकर्म
जस्कोछ पाप तिर चित्त ती राक्षसैको
दुर्गे ! बयान गरि साध्य भयन यो यो

१४६२

ना ना थरी धरी बपु उतपात धेर
गर्थे जलाइए नगरै अनि ग्राम हेर
गाइ र बिप्र जति छन् सबलाई मारे
धर्मादि कर्म जति छन् सब नष्ट पारे

१४६३

शुभ कर्म कतै नदेखिने भो
हरि भक्त जप दान नष्ट भैगो
गुरू बिप्र रबेद - मान छोडी
नपढी वेद पुराण शास्त्र छोडी
१४६४
कोहि धर्म पुराण गर्छ जगमा भन्ने सुनेता हरे
क्रोधित् भै दशकण्ठ तेहि जगमा आफैं पुगि फेरेर
पारी नष्ट गराई मन्त्रहरू ती उत्पात धेरै गरी
फिथ्र्यो भो सब धर्मको क्षय हरे ! काहि नदेख्ने गरी
१४६५
बढदै गए जगतमा सब चोर पापी
पार्नारी लम्पट र पर्धनलाई ताकी
माता पिता र गुरू देवहरू सबैको
अबूहेलना गरि लिने नीच लोकनै भो
१४६६
साधु सु सन्तहरूलाई गराइ काम
राक्षस् समान सब मानिस भो तमाम
जस्को छ यो अधम आचर हे भवानी
ती हुन् नीशाचर सरी जान प्राणी
१४६७
देखी अधर्म यसरी सब फैलिएको
बढ्दै गएर सब धर्म हरू डढेको
यो ब्रोझले अति असहय भइ धाराले
आकुल् भएर गुनी यो नीज चित्तमा रे
१४६८
भन्छिन् ' सुमन् सरिछ पर्वत सिन्धु ताल
मेरो निमित्त परद्रोहि छ एक भार
यस्तो हुँदा पनि अधर्म भएर भित
सारा झुकाउँछ दशाननलाई शीश
१४६९
यो सम्झादै गउ सरी नीज रूप धारी
रोएर देवहरूका सँगमा विचारी
भन्दि भइन् सकल दु :खहरू जति हो
सुनी पुकारा सुरले सब त्यो भुमीको
१४७०
सुर मुनि अनि फेरी यक्ष गन्धर्व सारा
गउ रपीणी धाराको साथ व्याकुल् बिचारा
बिधि भवन गए ती देखी तिन्मा दयाले
धरणीकन पुकारी भन्दछन् यो कृपाले
१४७१

दु :ख तिमीहरूको यो जान्दछु हेर सारा
तर पनि म असक् छु छैन गर्ने सहारा
अब सुन बसुधा ! यो छौं तिमी दासी जस्को
सब मिली गरूँ हामी प्रार्थना आज उस्को
१४७२
धरणी धर धैर्यलाई हेर
भनी प्यारा हरि सम्झिदै रमेर
जनको दु : ख जानी श्री हरिले
दु : ख हर्छन् गर धीर मन् तिमीले
१४७३

सुरमन्त्रणा

भनियो सब देबता बिचार
गरछन् इश कहाँ हुनन् पुकार -
- गरनु कित जाउँ विष्णु धाम
किपुकारौं जलधी पुगेर राम
१४७४
गिरिजे ! म पनि थिए सभामा
यसरी तर्क सुनी गुने मनैमा
जसको मनमा छ भक्ति प्रेम
प्रभु हुन्छन् तेहि नै प्रकट् छ नेम
१४७५
यहि सम्झि भने प्रिया बिचारी
त्यस बेला बिधि देबता पुकारी
प्रभु व्यापक छन् समान सारा
गरूँ आरत् भई हामीले पुकारा
१४७६
कुन काल दिशा र फेरी देश
बिच छैनन् हरि देखी खाली के छ
जगमा बिचमा अगल् रहेका
तर छन् व्यापक सब् महा भएका
१४७७
जसरी सबमा छ व्याप्त आगो
तर देखिन्न मथे हुने प्रकट् त्यो
उसरी गति हीन व्याप्त भै ती
हरि हुन्छन् प्रकट जहा पनि ती
१४७८

प्रभु पुकार

सुनियो गिरिजे बिरञ्ची सारा -
- सुरले धन्य भनी मलाई , प्यारा
प्रभु सम्झि बिधि पुलक् भएर
खुसीले नीर बहाइ शिर् झुकेर
१४७९

भइ गद् गद प्रेमले उठेर
करजोरी स्तुति भक्तिले नुहेर
सब देव मिली पुकार गर्छन्
प्रभु मै तन्मय भै ती मस्त हुन्छन्
१४८०

जय ! जय !सुरनायक! हे दयालो !कृपाला !
जय ! दु ःखीजन पालक् ! नाथ ! दिनदयाला
सुरद्धिज हितकारी लक्ष्मीका प्राण प्यारा
जय ! जय ! अबिनाशी ! हे दु ःखीका सहारा
१४८१

अद्‌भुत सब काम मर्म जान्दैन कोहि
गउ भुमी परिपालक् पाउ पर्छु म सोहि
जय जय सुर रक्षक् जो सहजमा कृपाला
जय सब घटबासी व्यापक भै निराला
१४८२

जुन प्रभु गति फेरी इन्द्रिय देखी हीन
बनी परम आनन्द नाथ माया बिहिन
गरि चरित नविन मोह माया रहित्का
अनुग्रह गर राखी शिरमा हात हित्का
१४८३

जुन प्रभुकन खाजी नित्य जोगी बिरामी
सकल बिषय छोडी पाउमा चित्त राखी
निशी दिबस अनन्य प्रेमले घ्यान मगन
भइ हरि गुण गाइ मस्त पर्छन् ती धन्य
१४८४

जय ! अनुप !अनन्त ! निगुर्ण ! हे मुकुन्द !
अज !अमर !अखण्ड ! नाथ ! सच्चिद्‌आनन्द
सकल श्रुतिहरूले नेति नेति भनेका
जय जय जय ब्रम्ह जो सबैमा रहेका
१४८५

जय प्रभु स्थिति स्रिष्टि फेरी सँहार गर्ने
न त छ अरू सहायै एकला लोक भर्ने
उही प्रभु अब हाम्रो दु ःख सारा हटाई
गर गर प्रभु रक्षा दु ःख् धाराको छुटाई
१४८६

मुनिमान गरी रञ्जन् दु ःख हर्ने अनेक
भब भय गरी भञ्जन् एक भै जो अनेक
बपु धरीकन सेबक् भक्तको दु ःख हर्ने
उही प्रभु गर रक्षा नत्र छौं हामी मर्ने
१४८७

भजन र अनि फेरी "नाथ पुजा नजानी
सकल सरण पर्छौं देव हामी अज्ञानी
मन बचन र फेरी चित्त एकाग्र पारी
चरणकमल तिम्रै भज्दछौ हे खरारी
१४८८

श्रुति र अनि ती शेष फेरी ती भारतीले
ऋषिमुनि अनि फेरी सिद्ध योगी कसैले
पनि नसकी तिमी यो हौ भनी जान्न ह्‌ेर
श्रुति पनि स्तुति गर्छन् दिन प्यारा भनेर
१४८९

जानी दु ःख मुनि र देव पृथ्वीलाई दयाले गरी
गम्भिर् बाणी भयोअहो !गगनमा अमृत बर्षा सरी
सन्देह दु ःख सब् हरेर छिनमै आनन्द बर्षाउने
मायाले परिपूर्ण ती सकलको संताप सब्हर्दिने
१४९०

नडराउ मुनिश ! हे सुरेश
म हुनेछु सब लागीमा नरेश
अबतार लिएर अंश साथ
म हुनेछु नर सूर्य बंशमा त
१४९१

प्रथम अदिती र कस्यपैले
तप गर्दा बर यो दिएर मैले
ती दुबै नर रूप् लिएर जाइ
रहँदा छन् अबधेश भै रमाइ
१४९२

कौशल्या दशरथ् भएर भुमीको राज गर्दछन् यो घरी
तिन्कै पुत्र भएर अंश सहितै जन्मन्छु भार् सब् हरी
बाणी गर्दछु सत्य नारदजीको शक्ति सहित्ले भइ
सूर्यको कुलमा गएर अहिलै अंश सहित्ले रही
१४९३

देव हो !अब होउ निर्भय सबै हर्छु सबै दु :ख यी
भन्ने यो सुनी ब्रम्हबाणी नभको आनन्दले देव ती
फर्केसब् भुमीलाई फेरी यसरी भन्छन् बिधाता अनि
' गर्नेछन् करूणा अवश्य प्रभुले फर्केर जाउ ' भनी

१४९४

भन्छन् देवहरू सबैकन पनि ब्रम्हाजीले यो ताँहा
बानर् रूप धरेर जन्मनु सबै चाडो गइ भुमीमा
औतार हरिले जसै धरी लिनन् मानिस् भइ लोकमा
सेबा गर्नु गएर मर्कट भइ भक्ति गरी चित्तमा

१४९५

आज्ञा यो बिधिको शिरोपर गरी फर्के धरा औ सुर
फेरी देव बिलम्ब केहि नगरी जाइ भए बानर
अत्यन्तै शुर वीर धीर तीबने नग्रा पहाड रूख
औजार लिइ पर्खी यहि ती बसे बिर्षेर सारा दु :ख

१४९६

पर्वत जंगल बन् जहि तहि सबै खोजेर ठाम सफा
बस्थेती नगरै बनाइ खुसीले अद्भुत् अनौठा अहा !
तिन्को बर्णन अम्बिके सब गरें मैले भएका जति
बिच्को बाकी कथा कहन्छु अघिको आनन्द गर्ने अति

१४९७

श्री दशरथ वृतान्त

अयोध्या पुर्मा श्री रघुकुलमणि वेद बिदित
थिए राजा नाम दशरथ भनी लोक प्रसिद्ध
थिए ज्ञानी धर्मधर र गुणखानी अति बीर
गरी भक्ति बस्थे हरिचरणमा ती मति धिर

१४९८

कौशल्यादि सुशील नारी प्रिय सब् कर्मै गरी निर्मल
बस्थे स्वपतिको भएर अनुकुल् भक्ति गरि निश्चल
धेरै बर्ष बितेर गो तर पनि छोरा भएनन् भनी
राजाले गरि चिन्तना दु :खित भै अत्यन्त व्याकुल्बनी

१४९९

आफ्ना बंशगुरू बशिष्ट ऋषिका आश्रम् बिषे गै शिर
- राखी पाउ बिशे गरेर बिनती हुन्छन् बढो काँतर
स्वामीन्! बृद्ध भएँ अहो तर पनि छोरा भएनन् हरे
राज्य र कुल नष्ट हुन्छ भगवन् ! ऐले म यसै मरे

१५००

तिन्का बिन्ति सुनी बशिष्ट ऋषिले सम्झाउँदै प्रेमले
भन्छन् चार हुनेछ पुत्र भुपते ! मान्छन् सबै लोकले
यो चिन्ता सब छाड राजन तिमी श्री भक्तका वत्सल
आर्तनाशन श्री हरि प्रकट भै हुनेछ कुल् उज्जल

१५०१

तिन्मा धेर गरि प्रबोध यसरी श्री ऋष्यश्रृंग पनि
डाँकी यज्ञगरे निमित्त सुतको पुत्रेष्टि भन्ने अनि
तिन्का यज्ञ बिषे भइकन खुसी त्यो यज्ञशालामहा
हुताशन प्रकट् भए रूपधारी पायस् लिइ हातमा

१५०२

संबोधन् दशरथ्जीलाई गरदै भन्छन् हुताशन् अनि
' राजन देउ लगेर पायस सबै रानी हरूमा पनि
होला पूर्ण मनोरथ अब 'भनी अग्नि अलप् भै गए
यज्ञ सिद्ध भयो भनी सब तहा आनन्द पर्दा भए

१५०३

खुसीभै नृपति लिएर खीर त्यो जाइ प्रिया सामुमा
कौशल्या कन आध भाग खीरत्यो दिए ती कैकयीमा
दुवैबाट झिकि अलि अलि अनि तिन् भाग उस्तै गरी
सुमित्राकन त्यो दिए भुपतिले सब्को खुसी मन् गरी

१५०४

केहिकाल बितेर गर्भ सब ती रानी हरूमा रह्यो
समाचार सुनेर त्यो अबधको प्राणहरू दंग भो
मंगल् गान गरे सधैं नगरीमा उत्सब् खुसीले गरि
धन् धान्य परीपुर्ण भो जगतकै सब् प्राणीको दुखहरि

१५०५

श्री राम जन्म

बृद्धिभो गुण तेज रानीहरूको दर्बारमा त्यो घरी
राजगर्थे सुखसौख्यले सकलकोमन्लाई खुसी गरी
केहिकाल बित्यो र फेरी अनिता आयो बडो हर्षका
बेला श्री हरिका प्रकट् पृथ्वीमा हुने अति हर्षको

१५०६

योग लग्न ग्रहबार तिथी
सकल भयो अनुकुल्
अचल र चल सब हर्ष भय
राम जन्म सुख मूल्

१५०७

नवमी तीथी त्यो पवित्र चैत्र
हरि प्यारो अभिजीत् मुहुर्त मै त
दिन मध्त छ लोक सुकदिने जो
प्रीति योग अनिशुक्ल पक्ष रे जो

१५०८

अनि मौसम त्यो मवित्र को छ
न त शीत न त फेरी गर्मी पो छ
अति शीतल मन्द बायु आई
खुसी पारी सुर संत चित्त लाई

१५०९

बनमा ऋतुराज आइ छाए
गिरि कन्दर् हरूले मणि चढाए
नदि नद्हरूले बहाइ धारा
मधुको बर्षन भैं गराइ सारा

१५१०

शुभ औसर रामको प्रकट्को
भनी जानी सब देव साथ भट् पो
बिधिले चडी यानमा रमाइ
नभढाके सुर सन्त सिद्ध आइ

१५११

सब किन्नरले मिलेर गाए
तबला यक्षहरू मिली बजाए
अनि ती सब अप्सरा मिलेर
खुसीले नाच गरे तहाँ गएर

१५१२

गन्धर्व बिद्याधर लें रमाई
ती दुन्दुभी भेरी मृदंगलाई
बजाइ सारा खुसीले रमाए
बर्षा सुमन्को सुरले गराए

१५१३

ब्रम्हा मुनि नाग र देव जाइ
स्तुति गरे श्री प्रभुको रमाइ
सेवादि आपन्नो सबले चढाइ
पुकार गर्थे प्रभु देख्न पाइ

१५१४

सुर समुह विनती गरी
फरके नीज नीज धाम
जग निवास प्रकट भए
सकल भुवन बिश्राम

१५१५

भए प्रकट कृपालु दीन दयालु कौशल्या हित गर्ने
हरषित आमा रूप अति राम्रो देखि मुनि मन हर्ने
सुन्दर घनश्याम चारछ ब्राहु चक्र गदाहरू धर्ने
लोचन अभिराम शंख लिएका नाथ प्रभो खर मार्ने

१५१६

भूषणबनमाला नयन बिशाल शोभा सिन्धु अनन्त
भन्छिन् जोरी -कर स्तुति तिम्रो कसरी गरूं भगवन्त
भन्छन् वेद फेरि पुराण प्रभुकन ज्ञानी अमानी
माया गुणपार घर सब गुणका भय भञ्जन सुखखानी

१५१७

करूणासिन्धो ! दिनजनबन्धो ! भनी श्रुतिगर्छ पुकार
उहि प्रभु मेरो सुखका निम्ति लिन्छन् नर अवतार
ब्राम्हण बनाए माया छाइ जस्ले पलक भरीमा
अलग सबैमा भइकन फेरी व्यापक विश्व भरीमा

१५१८

उहि प्रभु मेरो भित्र रहेको सुन्दा यो उपहास
बुधजन चित्त धर्मर गर्छ मूढजन गर्दछ हास
प्रभु मुसुकाएसुनी स्तुति यस्तो ज्ञान भयो भनीजानी
गर्नुछ धेरै चरित बिचारी पारी बिमोहित रानी

१५१९

भन्छन् अधीको बात बुझाइ माताकन सुतमाया
हुन्छ जसोरी रीत गरि सोहि माया ढाकी भुलया
भन्छिन् फेरी प्रभुकन आमा छाडन यो तिमी रूप
गर तिमी प्यारो शिशुको लीला त्यो सुख हुन्छअनुप

१५२०

सुनीकन आमा वचन, भएर सुन्दर बालक रूप
अरू शिशु जस्तै मूढ भएर थाले ती रून खूप
प्रभुको यो सब् चरित भनेर जो नर मग्न हुनेछ
प्रभुको पाउ उसले पाइ भवभय मुक्त हुनेछ

१५२१

बिप्रगाइ सुर सन्तको -
- लागी लिइ अवतार्
नीज इच्छाले रूप धरेर
तिनु गुण इन्द्रिय पार्

१५२२

प्रिय अति शिशुले रूदन् गरेको
स्वर सबको जब कानमा परेथ्यो
अनि महिषि सबै हतार गर्दै
दगुरी गए हरिलाई हेर्न खुस भै

१५२३

खुसीभइकन धाइ औ सुसारे
गरिकन हड्‌बड काम गर्न थाले
सुत जनम सुनी नरेन्द्र मग्न
भइकन ब्रम्ह आनन्दको समान
१५२४
पुलकित खुसीले भइ शरीर
नयन भरी सुखको भरेर नीर
उठुँ भनी उठदा भइ असक्त
दशरथ रम्न गए भएर मस्त
१५२५

श्री राम जन्म उत्सव

'जस्‌को नाम् सुन्दा समस्त दु :ख र आपत्‌हरू छुटनगै
भवका भय मुक्त हुन्छ छिनमै तेहि प्रभु पुत्र भै
आएं आज यहा' भनेर परम आनन्दले श्री नृप
भन्छन् बाध्य बजाउ राज्य भरमै उत्सव् गराउ खूब
१५२६
भन्छन् मानिस एक पठाइ गुरूजी डाकेर ल्याउ भनी
आज्ञाले दूत एक् गयो अति छिटो फेरी बशिष्ठ पनि
त्यो सारा सुनी हाल फेर् अरू मुनि साथमै लिइ हर्षले
आए ती दरबारमा भूपतिको हावा सरी बेगले
१५२७
हेरे अद्‌भुतको अलौकिक शिशु लाइ सबैले अहा !
खानी रूप् गुणका स्वरूप अतिनै राम्रो सरी कामको
अनि आभ्युदइक श्राद्ध गरि फेर् सब्‌जात कर्म गरी
गाइ अन्न लुगा मणि दिइ गरे ब्राम्हण् बिदा खुस् गरी
१५२८
तोरण् पताका ध्वज हेरू छाए
शोभा शहर्को दुगुना गराए
हुदाँ सुमन्‌को नभ बाट ब्रिष्टि
भए सबै मग्न जति छ स्रिष्टि
१५२९
गरेर श्रृंगार सजी शरीर
सखीहरू साथ छरी अबिर
कलश् मनोहर् सुनको लिएर
फेर् थालीमा मंगल चिज भरेर
१५३०
मिलि नविना रमणी पुरीका
पुगेर ढोका बीच भूपतिका
गाएर मंगल गीत् श्री हरिको
गरि निछावर् अनि आरती पो
१५३१
गरि प्रभुका पदमा झुकेर-
ती फिर्दथे मन् प्रभुमै धरेर
मागध् र बन्दीगण सूत जाई
पावन् प्रभुको गुणलाई गाइ
१५३२
गायक् हरूले गुनगान गाए
उल्लाष भै प्राणी सबै रमाए
सर्बश्व सब्‌ले दिइ दान जाइ
राख्दैन कोहि चीज केहि पाइ
१५३३
सिन्दुर लावा अनि कुम्कुमादि
अबिर केशर् फुल चन्दनादि
सिम्रिक पंकज धरी कस्तुरीले
होली मचे झैं सडकै भयो रे
१५३४
घर घर सबले बजाइ बाजा
प्रकट भए भनी ती दयालु राजा
खुसी भइ नर बाल नारी सारा
अबधभरी सुखको बगेर धारा
१५३५
तेस पछि अनि कैकेयसुताको
पनि जनमे हरि झैं सुपुत्र ता जो
स्वरूप पनि उहि छ नीलधाम
जसकन हेरी लजाउँदो छ काम
१५३६
जुम्ल्याहा सुत जन्मिए अनि पछि रानी सुमीत्राजीको
राम्रा गौर शरीर धीर गुणमा खानी भएका अहो !
यस्ता अद्‌भुत पाइ चारसुत ती राजा र रानी सब
आनन्द परिपूर्ण भै नगरीमा गर्छन् सदा उत्सब
१५३७
त्यो बेला ती समाजको सुख अनि संपतिको बर्णन
गर्दा शेष र भारती गणपति हारेर ती थाक्छन्
सुशोभित भइन् अबध् पुरी सबै मानौ प्रभु भेटन
आएको रजनी सरी तर अहो देखेर भानु कन
१५३८

संकोचित भएर जानु कसरी ? सामु रविको भनी
सध्याले त अगाडी पर्न रविको हुनेछ ै भन्ने गुनी
सध्याको सरिरूप धरेर ती गइन् गर्छु म दर्शन् भनी
साझैंका सरी लालीमा फिजीन गो सारा अबध्मै अनि
१५३९

बत्तीको धुपको उडीकन धुवाँ फेरी अबिर् सिन्दुर
कुम्कुम् केशरीकोउडीकन धुलो साझैं सरि सुन्दर
लाली फैलन गो सबै अबधमा राता धुलामा पनि
धुवालेमिलीछोपियो रवि किरण् साझैं भयो ठिक अनि
१५४०

सारा ती दरबारमा जडितका हिरामणि झल्कदा
ताराझैं सब शोभियो चमकले सारा महल् चम्कदा
प्यारा श्री प्रभु पाउदा अबधनै अद्भुत अनौठा भयो
मानिस्को गरूँ के कुरा जडपनि सम्पूर्ण हर्षित्भयो
१५४१

फेरी त्यो सुनका मणि जडितको मंगल् कलश्लेपनि
ताराका बिच चन्द्रझैं सजिन गो कान्ति ि फजाइ अनि
ब्राम्हण्का श्रुति पाठको स्वर मिलि मिठो मधुरो बनी
पक्षीको कलरब सरि हुन गयो सध्या संरिनै अनि
१५४२

देखी अद्भुतको चरित्र प्रभुको मोाहित् भइ सूर्यले
बिर्सेछन् अर्घा बद्न ता भुलीनगै गद् गद् भइहर्षले
एक् मैना बितिगो यसै किसिमले एक्मासको दिनभयो
आओस् रातकसोरी?ती रवि भुले रथ् नै अडीरूक्नगो
१५४३

जानेनन् अरूले रहस्य यसको गाइ प्रभुको कथा
फर्के श्री सवीता चढेर रथमा आफ्नो फिजाइ छटा
हेरी उत्सव देव नाग ऋषिले आफ्नो गरी भाग्यको
वर्णन् फर्किए घरबिषे गाएर गुण् नाथको
१५४४

अर्को एक भवानी ! भन्दछु कुरा गुप्तै मता आज यो
सुन ध्यान दिई , भुसुण्डि र मता श्री रामका जन्मको
उत्सव् हेर्न भनी गयो रूपधरी मानिस् सरिको भइ
चिन्हेनन् दुइ हामीलाई अरूले हेर्यौ खुसीले गई
१५४५

देखिन्थे दुनियाँहरू ति परम आनन्दले मग्न भै
हिड्ने मार्ग भरी प्रभुचरण ती सम्झि भुलि मस्तभै
जस्माथि प्रभुको अतिव करूणा होला उहिनै नर
जानी यो हरिको चरित्र खुसीले पर्ला प्रभुकै भर
१५४६

तेहि औशरमा थियो सकलका निम्ति खुला मन्दिर
जो माग्थे उहि पाउँथे नरपति सँगमा नमानी डर
घोडा हात्ति रथादि र घर अनि बस्त्राभुषण् सुन्दर
दिए पारि समस्तको मन खुसी माफि गरि सब्कर
१५४७

सब्को चित्त प्रशन्न भो सकलले दिदा भए आशिश
चारै पुत्र चिरञ्जिवी भइरहुन् मंगल् खुसी ै इश
रात् होकी दिन हो नजानी बितिगो क्यै दिन् यै रितले
आयो न्वारनको पनि दिन भनी डाके गुरू भुपले
१५४८

पाद्य अर्घ चढाई पुजन गरे प्रेम्ले गुरूको अनि
फेरी पाउपरी नरेश खुसीले यो बिन्ति गर्छन पनि
स्वामी ! राख्नुअहोस नाम् हजुरले छोराहरूको अब
सोचेकै हुनुपर्छ नाम् हजुरले राख्छू भनी यो सब
१५४९

प्रभु नामकरण

बिन्ति यो नुपको सुनेर ऋषिले भन्छन् खुसीले अनि
यिन्का नाम अनेक छन् नरपते ! फेरी पनि यो भनी
राख्नेछु जति बुद्धि औं समुझले मैले बुझेको छयो
सोइ माफिक नाम श्री प्रभुजीको भन्छु म राम्रो छ जो
१५५०

जुन्नामले लोक तिनै भरिमा
विश्राम आनन्द दिँदोछ छिन्मा
जुन् सुख्खको धाम छ जो अपार
हुन्छन् भजी जो भव सिन्धु पार
१५५१

आनन्द राशि सुख सिन्धु जस्को
पर्दा छिटोले तिनलोक भर्को
प्राणी सबै सुख्ख हुने तमाम
तिन्को भयो राजन ! नाम राम
१५५२

जस्ले भरण् पोषण गर्छ सारा
तिन्लोकमा जो प्रभुका पियारा
मैले बिचारी भुपते ! गुनेर
राखे भरत भनी नाम हेर
१५५३

जो सम्झिदामा सब शत्रु नाश
भइ सबै पाप हुने बिनाश
तिन्को भयो शत्रुहन भनेर
यो नाम वेद पनि भन्छ फेर
१५५४
जो विश्व आधार र जो उदार
जो लक्षण धाम र जो अपार
छन् राम प्यारा शशिका समान
लक्ष्मण् भनी यो तिमी नाम जान
१५५५
राखीनाम् मनमा बिचारी गुरूले सब् राज पुत्रादिको
भन्छन् फेरी नरेशका हजुरमा बालक् हजुर्का यि जो
छन् प्यारा शिवका समस्त धन जन् यि हुन् मुनिका सब
वेद तत्व भएपनि लहडले ऐले बने बालक
१५५६
यति विन्ति गरी तिनी फरकिए ती भक्तका श्री धन
गर्थे कौतुकले खुसी भइ लीला खिँचेर सब्को मन
ती सब्मा पनि स्वामी!सम्झि नजीकै लक्ष्मण् शिशु कालमै
आफ्ना सम्झि हितैषि ती रघुपति प्रेमी भए राम कै
१५५७
भरत् शत्रुघन दुवै अनुजले सम्झेर सेवक् भनी -
- आफुलाई त रामकै चरणको प्रिति बढाए पनि
गोराको अनि फेरी श्याम दुइको जोडी पनि सुन्दर
हर्थे त्यो छवि रानीहेरू खुसीले आँखा नलाइ पर
१५५८
चारै गुणी सुन्दर शिलधाम
थिए तथापी सुखधाम राम
चारै महा योग्य र नाथ प्यारा
दयालु स्वामी दुःखीका सहारा
१५५९
शशि किरण्ले सरी चित्तलाइ
प्रकाश गर्ने सरी भान् गराई
सुन्दर् फिजी हाष्य खिली मुहार
थिए शशि झैं करूणाबतार
१५६०
कैले लगी पालनमा झुलाइ
कैले लिइ काख महा रमाइ
भनेर बाबा ! बहुतैं दुलार
गरेर हुन्थिन् ती सुखी अपार
१५६१
टाँसेर छाती बीचमा रमाइ
जोरेर गाला कहिले फकाई
लिएर चुम्वन् पनि बार बार
डुब्थिन् खुसीको रहमा अपार
१५६२
ब्यापक् ब्रम्ह र निस्क्रिय अगुण श्री निरञ्जन जन्मले
रहित्का अज ती प्रभु बस भए भक्ति अति प्रेमले
जस्को वेदहरू पुकार गरछन् नेति भनी सोहि ती
सब्का मालिक पुत्र भै भूपतिको खुस् गर्दछन् दंपति
१५६३

प्रभु ध्यान

लाल पैतली बिषे रहि चिन्ह
ध्वज अंकुश कमलहरू भिन्न
नील पद्मसरी सुन्दर पाउ
जो छ यो भवधींका बीच नाउ
१५६४
फेरी झल्मल गरी नगमाहाँ
चम्किदोछ नगको मणि जाहाँ
ती चरण् कमलका बीच फेरी
जो गटा सरीछ गुल्फ रहेकी
१५६५
पैहि नुपूर अनि तेसमाथि
राग सुन्दर फिजी कन साथि
शब्द त्यो सकल दुःख् हरने छ
जो सुनेर नर मुक्त हुनेछ
१५६६
डाठ झैं कमलका रहि साथ
शोभिदो दुई पिडौलि छ खास
थामी फेर् शरीरको भरलाइ
जानु खिच्छ जनको मनलाई
१५६७
नाथका अनि ती सुन्दर जाँघ
देखियो शरीरको बीच थाम
नाभी सुन्दर तलाउहरूको
भान दिन्छ बीचको भमरीको
१५६८

त्रिबली परी छ पेट रहेको
भै सिडि सरी तलाउहरूको
पुष्ट सुन्दर भइकन छाती
शोभिदो छ गहना लिइ साथी
१५६९
किंकिणि कमरमा रहि खास
तेज हर्छ अरिको गरि नाश
नाथ छाती बीचमा भृगुको जो
चिन्न कोस्तुभ सितै छ मिलेको
१५७०
रामका हदयमा रही सन्कि
मालिका सुमनको अति गम्की
भुल्दछे अधिक गम्म परेर
हुँठुली सकलमा भनी हेर
१५७१
घाँटी शंखसरि सुन्दरको छ
कान जोडी शीपी झैं मृदु पों छ
पैह्रि कुण्डल मणिहरूको जो
भान गर्छ नभमा बिजुलीको
१५७२
सोरिइ सकल सुन्दर चीज
चुइए सरी चिबुक् रहदो छ
लाल बिम्ब फल झैं ओठ
लाल मणिक सरी खिलदो छ
१५७३
लाल ती दशनमा दुइ दाँत
लालका बीच हिरा सरिको छ
नासिका प्रभुजीको बनी खास
त्यो रहेकी बीच श्री मुखमा छ
१५७४
पद्मकै सरि छ सुन्दर आँखा
ती परेली बीच मस्त चनाखा
पद्मको रस चुसी भइ मस्त
नानी ती भ्रमर झैं छ दुरूस्त
१५७५
भौं दुबै अति मनोहर पो छ
कामको धनुष झैं खिलदोछ
नाथका अतिव पुष्ट निधार
पैह्रि केशरी गरेर सिगार
१५७६

देखियो निल गगन् बीच तारा
झैं सुशोभित हुने ती निराला
श्री मुख कमलका भइ लोभी
झुम्बिएर गरि चुम्बन शोभी
१५७७
घुँरिएर रही श्याम कपाल
देखिने भ्रमर कै सरी चाल
कोरी त्यो जननी लेछ रहेको
सुन्दर मृदु भइ सजिएको
१५७८
हाथीको सुड पनि गरी माथ
जान सम्म रहने दुइ हाथ
लाइ रत्न मणि बाजु बाला
शोभियो कर भएर निराला
१५७९
लाल सुन्दर हथेली प्रभुको
छन् सदा अभय साथ खुलेको
हर्दिने स्वजनका दु :ख सारा
गर्छ जो प्रभु भनेर पुकारा
१५८०
फेरी त्यो सकल रत्न जडेको
भै मनोहर मणि सजीएको
लाइ औंठी सब अंगली बीच
देखियो बिजुली झैं घन बीच
१५८१
कोटिकाम सरि सुन्दर श्याम
नील पद्म मणि झैं सुख धाम
पैह्रि रेशम मनोहर पीत
मेखला सकल रत्न जडित
१५८२
स्वर्छ मेघ सरि गम्भिर छिटो
तोतले बचन त्यो अति मिठो
बाहु टेकिकन जानु घिसारी
घस्त्रि घस्त्रि कन तेज फिजारी
१५८३
पारी मुग्ध जननी कन घेर
खेल्दछन् नर बनी कन हेर
फर्कि फर्कि सबक्रो मनलाई
हर्दछन् मधुर हाष्य फिजाई
१५८४

शोभा श्री प्रभुका शरीरहरूको बर्णन् गरी शारदा
थाक्छिन् फेरी गणेश शेष नसकी पर्छन् ती पाउ सदा
वेद फेरी पुराण यै रूप भनी शक्तैन है भन्न पो
जस्ले दर्शन पाउला स्वपनीमा जान्ला तेसैले छ जो
१५८५

बाल लीला

अज्ञान देखी पर भै माया इन्द्रिय ज्ञानले
नभेटिने अजन्मा ती आनन्द पुञ्ज रामले
साकार रूपले आफ्ना भक्तका बसमा रही
गर्दछन् नर भैं लीला भुप दंपति खुस् गरी
१५८६

यै रितले जगतका ती पिता र माता
गर्छन् लीला अबधका बनी भाग्यदाता
जस्ले हरि चरणका बीच प्रेम गर्ला
पाएर यहि सुख त्यो अति मग्न पर्ला
१५८७

राम बिमुख भइ कोटि जतन् गरेर
सक्तैंन तोडि भय बन्धन जान हेर
जस्ले नचाउछ चराचर जीव लाइ
माया तिनै डरदछिन् प्रभु सामु आइ
१५८८

जुन्नाथले भृकुटी एक चलाइ माया
लाइ नचाउँछ भने उहि दिन्दयाल
स्वामी त्यजेर भजनु अरूको गएर
एकाग्र भै गर भजन् प्रभुकै रमेर
१५८९

एवं प्रकार प्रभुले गरी बाल लीला
आनन्द पारी सबमा सुख दि रसीला
सारा अबध् पुर बिसे खुसीको तरंग
उठ्यो समस्त जनको मन भो उमंग
१५९०

कौशल्या परि मस्त प्रेम बीचमा दिन् रात् बितेको पनि
पत्ता केहि नपाइ श्री प्रभुजीकै गाएर लीला अनि
बस्मा ती सुत प्रेमको परी अहो !कैले लिइ काखमा
कैले पालनमा भुलाइ कहिले राख्थिन् तिनी छातीमा
१५९१

एक् फेरा प्रभुलाई न्वाइ खुसीले श्रृगार् गराइ अनि
भुलामा सुकला गराइ प्रभुको कुल्देवताको पनि
पुजन् गर्न भनी पकाइ बहुतै ना ना थरी भोजन
पुजा श्री कुलदेवको गरी सबै नैवेद् चढाइकन
१५९२

फेरी काम निमित्त पाक घरमा जाइ फिरिन्ती जब
ती नैवेद् हरूलाइ खाइ रहने देखिन् त्यहा राघव
हेर्छिन् फेरी गएर जाइ डरले त्यो भुलनामा पनि
सुत्ले मस्त भएर पुत्रकनता देखिदभइन् लौ अनी
१५९३

फेरी फर्किगइ पूजाघर बिर्षे हेर्छिन् त्यहि भोजन
गर्ने रामजीलाइ देखि बहुतै आश्चर्य मानिकन
कौशल्या गरि तर्कना हृदयमा काँपी डराइ अहो !
भन्छिन् केहुनगो?मति भ्रम भयो मेरीकि? योके भयो
१५९४

देखथे जननी डराई अतिनै ताजुब् परेकी जब
हाँसे श्रीजगका निवास प्रभुले मिठो मधुरो तब
देखाए नीज अम्बलाइ मुखमा अद्‌भुत् अनौठा रूप
जस्को रोम पिछे छ कोटिक सयौं ब्रम्हाण्डहेरू खुब
१५९५

अगणित शशि ब्रम्हा शम्भु र ती सुरेश
दिनकर गिरि गंगा जंगल सिन्धु देश
गुण करम र बानी ज्ञान औ काल सारा -
- चिजहरू सब देखिन् जो अनौठा हजार
१५९६

अगणित बल शालि देखी माया हरिकी
ती पनि डरी प्रभुमा हात जोरी रहेकी
उभिइकन कुनामा हेरी ती दृश्यलाइ
चकित भइ रहिन् ती रानी काँपी डराई
१५९७

हरि प्रिय सुखदाता भक्तिको रूपलाई
पनि नजर गरिन् ती रानीले सामु जाई
पुलक भइ शरीर् नै बोली हा रूक्न जाई
चरण बिच परिन् ती शिश आफ्नो भुकाई
१५९८

जननी कन बिमोहित् देखि श्री रामजीले
शिशुरूप धरनु भो फेरी आफ्नो उहि रे
नजर गरि भएका बालको रूपलाई -
- पनि स - भीत भएरै अस्तुति गर्नलाई
१५९९

मन बिच पछुताइ ' नाथ सारा जगत्को
प्रभुकन सुत ठानी मोह माहा परे पो
बिकल जननी देखि रामजीले बुझाइ
दिइ धीरज प्रबोध गर्नु भो अम्बलाई
१६००

जननी अब हजुर्ले रूप मेरो सबै यो
नजर जति भएथ्यो गोप्य राख्नु हओस् त्यो
सुनी सकल प्रभुको यो हुकुमलाइ फेरी
चरण परी ती भन्छिन् हात आफ्नो त जोरी
१६०१

रघुपति ती हजुर्को मोह माया मलाई
जनिगर अब फेरी ती नढाकुन् भूलाई
भनिकन प्रभुका नै पाउमा बारबार
तिनी शिर नुहुराइ बिन्ति गर्थिन् हजार
१६०२

यै रितले सकल बाल लीला गरेर
खुसी गरी अबधका जनलाई घेर
दिएर सुख जब बर्ष अलि बिताइ
केहि भए जब ठुला सब चार भाई
१६०३

चुणाकरण् सकलको गुरू बिप्र डाकी
गर्दा भए भुपतिले समय महा की
ब्राम्हणहरूकन दिइ धन खुस् गराए
याचक् हरू सकलले धन बस्त्र पाए
१६०४

दुर्लभ् मनोहर चरित्र परम् अपार
गर्थे अनेक खुसिले सब ती कुमार
दिएर सुख्ख सब कौशल बासीलाइ
बालक् बने हरि निरामय हेर जाइ
१६०५

मन बचन र काम -ले नदेख्ने भएका
उहि प्रभु दशरथ्का चोकमा खेल्दथे ता
भूपति प्रभुजीलाइ डाक्दथे खान लाइ
तर प्रभु हट गर्दै भाग्दथे खेल्न जाई
१६०६

जब अनि जननीले डाकदै रामलाइ
लिन भनी कन जाँदा नाथ भागेर जाइ
ठूमुक ठुमुक हिड्दथे अन्त्य जस्को पिनाकी
कन पनि भइ दुर्लभ् वेद भन्दोछ नेती
१६०७

उहि हरिकन जाइ हेर आमा रमेर
लिइकन तिनी फिर्थिन काख माथि धरेर
धूल धुसरीत देह देखि हाँसेर काख -
- बीच लिइ भूपतिले ख्वाउथे प्रेमसाथ
१६०८

चटर पटर गर्दै केहि खाएर भागी
दुध अनि दहिलाइ मुख् भरीमा लगाइ
खुसिसीत किल कारी मारी ताली बजाइ
सकल शिशु सभामा पुग्दथे नाथ जाइ
१६०९

शिशु चरित पवित्र यो छ मिठो भएको
शिव श्रुति अनिबाणी शेषले गाइएको
जुन जन कन श्रद्धा प्रेम यस्मा हुदैन
तिकन ठगी बिधिले भाग्य तिन्मा छुदैन
१६१०

राज पुत्र जब ती सबा चार
भै गए अलि बढेर कुमार
भुपले सकलका ब्रतबन्ध
गर्दछन् गरि ठुलो परिबन्ध
१६११

फेरी ती सब कुमार गएर
ती बसिष्ठ ऋषिका घर हेर
पढ्दछन् सकल शास्त्र धनुष
सिक्दछन् शर चलाउन इश
१६१२

स्वासबाट जसको श्रुति चार
निस्कदोंछ निगमागम सार
सोहि इश्वर बनी नर घेर
पढदछन् अतिव कौतुक हेर
१६१३

अल्पकाल बीचमै पढि सारा
फर्किए घर कुमार ती सारा
नम्र ती निपुणं शील् गुण खानी
खेल्दछन् नर बनेर अमानी
१६१४

हातमा धनुष बाण लिएर
चर् अचर् सकल मुग्ध गरेर
हेर्दछन् रमणी ती थकी सारा
राम सम्झि नीज प्राण पियारा
१६१५

अयोध्याका बासी शिशु अनि बुढा नारी पुरूष
सबैलाइ प्राण प्रिय हुन गए ती जगदिश
सबै भाइ फेरि सगीहरू पनि साथ सब ली
सधैं गर्थे जाइ बन बन शिकार तिनी डुली
१६१६
बिचारी मार्थे ती मृगपनि पवित्रहरू जति
गराउँथे फेरी नजर भूपतिलाइ सब ती
प्रभुले मारेका मृगपनि मरेर सुर पुरी-
- महा बस्थे जाइ शरीर पनि दिव्य नीज धरी
१६१७
सबै भाइ फेरी संगीहरू लिइ भोजन गरी
तिनी हिड्थे आज्ञा पनि नित पिताकै शिर धरी
जसो गर्दा सुखि सकल पुरबासी जन हुने
उहि गर्थे काम गरिकन त संजोग् नित नए
१६१८
सदा सुन्थे वेद हरि गुण पुराण मन दिइ
अनि आफु फेरी अनुज कन भन्थे सब गइ
उठी प्रात चाडै गुर द्विज पिता औ जननीको
परि पाउ आशिश् लिइकन पनि काम पुरको
१६१९
धरी आज्ञा गर्थे पुरबीच गइ हेर अनि त
खुसीहुन्थे राजा मनबीच , नजर् भै ती चरित
अहो यस्तो देखि बल र शील सौन्दर्य खुसीले
महारानी हुन्थिन् प्रभुकन निहारी पुलक रे
१६२०
व्यापक अखण्ड अनि निर्गुण नाम हीन
जो जन्मले रहित निष्क्रिय रूप हीन
भै भक्तका बस उनै परमेश राम
बस्छन् अनुपम अनेक गरेर काम
१६२१
यो सब् चरित्र प्रभुको खुसीले भवानी
मैले भने तिमीकनै सब यो बखानी
फेरी म भन्छु सुन बाकी छ जो चरित्र
अद्‌भुत अपार करूणामयको बिचित्र
१६२२

विश्वामित्र आगमन

विश्वामित्र भनी महामुनि थिए ज्ञानी सुआश्रम महाँ
बस्थे सिद्ध भुमी बिषे प्रभुजीको गाएर लीला तहाँ
तिन्ले श्री हरिका निमित्त तंप औं यज्ञाधि गर्थे जति
मारिचूले र सुबाहु आइ मख त्यो गर्थे बिनाशै अत्ति
१६२३
जहा जुन ऋषि गर्दथे हवन औं यज्ञादि हेरू जब
आइ राक्षसका बथान रीसले नाशेर जान्थे सब
मल मूत्र छरेर यज्ञ बीचमा उल्का अतिनै गरी
सातो सब् ऋषिको लिएर अनिता फिर्थे खुसीले भरि
१६२४
गाधिका सुतले गरेर मनमा चिन्ता अति भन्दछन्
मर्दैनन् यि असुर्हरू प्रभु बिना बर्ले अजय यि छन्
भन्छन् फेरी पनि बिचारी मनमा गर्दै भुमीको सब
हर्न भार भनेर भो जगतमा रामावतार अब
१६२५
यहिनै निहुँ पारी श्री चरणको दर्शन् गइ गर्दछु
फेरी बिन्ति गरेर भाइ सहितै राम लिइ आउछु
ज्ञान फेरी विराग खानीगुणका सागर् उहि नाथको
दर्शन् गर्छु गएर लोचन भरी पारी सुफल् जन्मको
१६२६
धेरै थरिगरि मनोरथ ती ऋषिले
जादा भए अबधमा खुसीभै अति रे
चाडै पुगी सरयु तीर गरेर स्नान
फेरी हिडे खुसी भइ दरवार जान
१६२७
पुगी हर्षले रामजीका महल्मा
खवर् ती ऋषिले गराए हजुर्मा
मुनि आगमन्को सुनी हाल फेरि
उठे भूपति हर्षले गादि छोडी
१६२८
लिइ साथमा बिप्र औ भारदार
पुगी बिन्ति गर्दै ऋषिमा हजार
गरी बन्दना फेरी सम्मान साथ
बसाले लगी शिंह- आशन् महा त
१६२९

पखाली चरणपद्‌म पूजा गरेर
भएँ धन्य भन्थे रमाएर घेर
भयो आस मेरो सबै पूर्णनाथ
भयो जन्मको सार ऐले यहाँ त
१६३०
अनि फेरी भोजन् गराइ अनेक
मुनिको गरे चित्त हर्ष उदेक
अनि चार छोरा मुनिका चरणमा
पुराइ गराए नमस्कार तिन्मा
१६३१
मुनिले भुले ज्ञान देखेर राम
अखण्ड अज नाथ आनन्द धाम
भए मस्त शोभा निहारी प्रभुको
चकोर सरी चन्द्रमा लोभिएको
१६३२
मुनि सित कर जोरी भन्दछन् कोशलेश
कति भइकन कारण् पाल्नु भो नाथ पो त
गरिकन करूणा हे देव ऐले म माथि
अनुग्रह गरनाको भन्नुहोस् बात साफि
१६३३
मुनिवर म हजुर्को गर्छु आज्ञा पुरारे
नगरिकन ढिलाइ देव ! सारा सदारे
सुनिकन भुपको यो बिन्ति सारा रमाई
ऋषि पनि भुपलाई भन्दछन् यो बुझाई
१६३४
असुर समुह आइ हामीलाई सताइ
अतिसय दु :ख दिन्छन् यज्ञ देखि भगाइ
ती सबकन मराइ यज्ञ पुरा गराउँ
भनिकन भुप आएँ रामलाई म पाउँ
१६३५
खुसी भइकन राजा मोह अज्ञान छाडी
रघुबरकन देउ हुन्छ कल्याण भारी
धरम र यश ठुलो मिल्छ तिम्लाइ हेर
यिनिकन पनि होला लाभ सोची बिचार
१६३६
अप्रिय कठीन सारै यो कुरा ती ऋषिको
सुनी बिकल भएरै मुख् मलिन् भूपतिको
भइकन दु :खी सारै भन्दछन् हात जोडी
मुनिश गरछु बिन्ति माग्नु होस् राम छोडी
१६३७

बितिकन बय सारा यो बुढामा भएको
सुतहरू म कसोरी ?आज टकाउँ रे भो
तेसबीच पनि फेरी राम प्राण पियारा
यिनी हृदय सहारा मुख्य हुन नेत्र तारा
१६३८
धन ढुकुटि र गाइ माग्नुहोस् भुमी ताज
बरू सरबस दिन्छु रोक्नुहोस् क्रोध आज
सबकन अति प्यारो हुन्छ यो देह प्राण
उ पनि निमिष भर्मा दिन्छु यो सत्य ठान
१६३९
सुतहरू सुकुमारै छन् शिशुनै बिचारा
तिन बिच पनि राम छन् अझै मुख्य प्यारा
बरू लिइकन सेना जान्छु आफैं म आज
असुर सब बिताइ गर्छु पुरा म काज
१६४०
बचन सब - मुछेका प्रेममा भुपतिका
सुनीकन सुखमानी दंग भो मन् ऋषिका
अनि पछि भुपलाइ ती बशिष्ठ ऋषिले
अलग लगी बुझाइ मेटा संखा खुसीले
१६४१
दिइकन सब ज्ञान गुह्य श्री रामजीको
चरित सब बखानी इश हुन् यि भनी पो
पृथ्वी बीच भएको भार सब् हर्नलाइ
नर भइकन ऐले पुत्र तिम्रा भए यि
१६४२
जगत जननी रानी - आदि शक्ति हरिकी
ती पनि बनीं कुमारी श्री जनक् भूपतिकी
यसबखत स्वयम्वर् गर्दछन् हेर भूप !
जनकपुर बिषे छन् बीर राजादि खूब
१६४३
विश्वामित्र पनि प्रभुकन लगीं बैदेहिका साथमा
स्वयम्वर् प्रभुको गराउन भनी आए खुसीले यहा
केहि हुन्न नरेश ! देउ प्रभुले मार्छन् सबै राक्षस
रक्षा सब् जनको गरेर खुसीले संकट हर्छन् इश
१६४४
यो आज्ञा गुरूको सुनेर भुपको शंखा हरायो सब
चित्त शान्त भइ प्रशन्न मनले सौमित्रि औ राघव
डाकी शिर सुघी धरि हृदयमा आशिश् दिदै भन्दछन्
बाबु हो !तिमी साथजाउ ऋषिका पुज्य पिता झैं ती छन्
१६४५

तिन्का चित्त प्रशन्न राख दुइले सेवागरि प्रेमले
तिम्रोमंगलहोस् सदा जयगरून् गौरी अनिशम्भुले
जाउ राक्षस मारी यज्ञ ऋषिको पुरा गराउ पनि
पुरा काम गराइ झट्ट सबको फर्केर आउ पनि
१६४६

आज्ञा यो भुपको सुनेर खुसीले लक्ष्मण् रघुनाथले
पाउमा शिर राखी फेरी ती दुवै जाइ महल् भित्र रे
माताका सगमा बिदा भइ छिटो फर्केर आइ अनि
जानु भो ऋषि राजका संग दुवै भाइ खुसी साथ नी
१६४७

कृपासिन्धु र धीर बुद्धि मुनिका हर्ने सबै दु :ख यि
गर्ने कारण स्रिष्टि सब् भुवनको पुरूष शिंह दुई
हिडे मत्त गजेन्द्रकै गरि सरि शक्ति खिची शत्रुको
निर्बिकार निरञ्जन रघुपते ! चित्त हरि लोकको
१६४८

लाल पद्म सरी नेत्र छ लाल
छाती त्यो अतिब पुष्ट बिशाल
बाहुफेरी गजका सुड जस्तो
गाथ सुन्दर छ जो नभ जस्तो
१६४९

पीत बस्त्र कटि सम्म कसेर
रत्न हारहरूले सजिएर
हातमा लिइ धनु शर साथ
शोभिने अनुजाका सँग नाथ
१६५०

श्याम गौर दुइ सुन्दर भाइ
देखि गद् गद् भएर रमाइ
खानी नै सकल सुख् हरूको जो
ती ऋषिकन मिले सरिको भो
१६५१

ताडका बध

गर्छन् स्तुति अनुजका सँग नाथलाइ
नीर दुवै नयनमा खुसिको बहाइ
ब्रम्हाण्ड देव भनी नाथ हजुर लाइ
मैले चिन्हे गर दया भव दु :ख छुटाई
१६५२

मेरो निमित्त प्रभुले त्यजी बाबु माता
पाल्नु भयो बन बिसे बनी भाग्य दाता
हे भक्तबत्सल ! निरामय हे अनादि !
हे व्यापक ! प्रभु ! अगोचर !नाथ आदि
१६५३

यस्तो स्तुती प्रभुजीको गरि फेरी आंइ
त्यो ताडकाकन नजर् प्रभुको गराई
भन्दा भए रघुपते ! यसलाइ मारी
शंकट भक्तहरूका दिनुहोस् हटाइ
१६५४

यो हो अबघ्य भनी राम दया गरेर
बध् गर्न लाइ यसको नडराउ हेर
यो घोर कुर अति निष्ठुरी निर्दयिले
सारै सताउँदिछ यो पुरूषै सरि रे
१६५५

विश्वामित्रजीका सुनेर यि कुरा त्यो ताडका कोधले
आइ रामजीलाइ मार्दछु भनी दौडि ठुलो बेगले
त्यो देखि रघुनाथले गरि छिटो एक् बाण हानी अनि
मार्नु भो त्यसलाई धाम - नीजको दिए र दासि भनी
१६५६

यो देखि ऋषिले चिन्हेर निजको ईश्वर यिनै हुन् भनी
बिद्यासब् थरिका बला अति बला दिए दुवैमा अनि
जुन् बिद्या सिकदा क्षुदा र तिरखा लाग्दैन कैले पनि
हुन्छन् धीर र वीर शक्ति बढ्दै दोबर् बढी तेज नि
१६५७

आयुध् सब् थरिका समर्पण सबै बिद्या निधिमा गरी
आश्रममा लगी कन्दमुल फलको भोजन् दिए खुसगरि
फेरि भोर महा उठेर प्रभुले भन्नु मुनिमा भयो
यज्ञको सुरू गर्नुहोस् अब गुरो छोडी सबै त्रास पो
१६५८

सम्पूर्ण ऋषिले मिलिकन गरे सुरू पनि यज्ञको
रक्षा गर्नु भयो स्वयं प्रभुजीले साथै रहि भाइको
मारिच्ले सुनी यो कुरा मुनीशले यज्ञादि गर्छन् भनी
आयो फौज लिएर साथ रीसले सब् न ष्ट गर्छु भनी
१६५९

प्वाखले हिन्शर एक हानी प्रभुले तेस्लाइ सौयोजन
टाढा सागर तीर् पुराइ दिनु भो फेरी सुबाहु कन
अग्नि अस्त्र प्रयोग् गरेर प्रभुले भस्मै तहा पार्नुभो
बाकी फौजहरूलाइ त्यो रण बिषे सौमित्रिले मार्नु भो
१६६०

मार्नुभयो सब निशाचर रामजीले
भन्दै भएर खुसी देवमुनि जतिले
गर्छन् स्तुति प्रभुजीको गुणगानसाथ
गद् गद् भइ पुलक पारी समस्त गाथ
१६६१
हे नाथ ! यो असुर मारी दया गरेर
फाल्नुभयो सकल त्राशहरू भिकेर
निर्धक्क देव मुनि हामीहरू गराई
हर्नु भयो धरणीको पनि भारलाई
१६६२
हे निर्गुण !अज ! निरञ्जन ! हे विधाता !
हे आदिदेव ! पुरूषोत्तम ! लोकधाता
हे आत्मासाक्षि ! प्रभु अन्तर यामी ! नाथ
पाएर आज प्रभुलाई भयौ सनाथ
१६६३
यस्तै प्रकार हरिको स्तुति यो गरेर
फर्के सबै सुरहरू खुसीले रमेर
सारा ऋषिहरू बिषे करूणा गरेर
बस्नु भयो अलिदिन त्यहि नै रमेर
१६६४
सर्वज्ञ आदि पुरूष प्रभु हुन् तथापी
गर्थे लीला नर बनीकन ती अनादि
सुन्थे कथा श्रुति पुराणहरू रमेर
गर्थे मनन् बिमल चित्त भइ रमेर
१६६५
विश्वामित्रजीले प्रभुकन अनि भन्छन् बुझाइ तब
जाउँ उत्सव हेर्न श्री जनकको पुर्मा धनुको अब
गर्छिन् जानकीले स्वयम्वर पनि भन्ने कुरा हे प्रभो !
सुन्दैछुशिवको धनु कसरी त्यो बोक्लान कउन् बीर पो
१६६६
आज्ञा यो ऋषिको सुनेर धनुको त्यो यज्ञ हेर्छु भनी
पाल्नुभो रघुवंशका ती गहना मानेर खुसी पनि
बाटैका बीच हेरी फेरि प्रभुले आश्रम अनौठा अहो
जन्तु फल् फुल हीन खाली बीचमा शिला रहेको ठुलो
१६६७
सोध्नुभो ऋषिलाइ फेरि प्रभुले अद्भुत अनौठा गुरू
देख्छु यो कुटिभैं छ किन्तु यसमा देख्दिन प्राणीहरू
बिन्ति यो प्रभुको सुनेर गुरूले भन्छन् बुझाइ अनि
सारा गौतमको चरित्र प्रभुमा बिस्तार साथै प नि
१६६८

भन्छन् फेरि शिला भइकन यहि स्वामिन् चरण्को धुलो
पाउँला भनी आस राखी कहिले बस्छिन् अहल्या ठुलो
तिन्माथि करूणा गरेर तिमीले श्राप गरी मोचन
उध्दार् गर्नु पर्यो हरेर दु :ख हे राम ! कमललोचन
१६६९
आज्ञायो ऋषिको सुनेर प्रभुले पाउ शिलामा पनि
राख्नु भो जबता उसै बखतमा शिला बिलिन्भै अनि
धप् धप् तेज फिजेर सूर्य सरिको अत्यन्त सुन्दर् बनि
आइन् रामजीका अगाडी सडि॰नी गौतम् ऋषिको पनि
१६७०

अहल्या स्तुति

समीप् भक्तबत्सल् अबधूका बिहारी
रघुनाथ देखेर टक् भै निहारी
भइ प्रेमले देह सारा अधिर
भयो बन्द बाणी पुलक् भै शरीर
१६७१
दुबैहात जोडी बहाइ खुसीको
नयन् अश्रुले पाउ धोइ हरिको
गरी निर्मल बाणी पाउ परेर
प्रभु हुन् भनी नाथ लाइ चिनेर
१६७२
प्रभुको कृपाले मिली भक्ति धेर
स्तुति गर्दछिन् प्रेम गद् गद् भएर
दिने भक्तमा सुख राजिव्लोचन्
गरी दु :ख संसारको सर्ब मोचन्
१६७३
अहो ! ज्ञानले मात्र मिल्ने खरारि
जय होस् प्रभुको म छु नीच नारी
तिमी छौं जगत्लाइ उद्धार गर्ने
गरी नाश रावण् सबै लोक भर्ने
१६७४
शरण्मा परी त्राहि त्राहि म भन्छु
प्रभो ! मोह माया सबै देखि डर्छु
मुनिले दिए श्राप जो यो मलाइ
भयो नाथ मेरो ठुलो यो भलाई
१६७५

उहि श्रापले नाथ! दर्शन हजुर्को -
- मिलि आज पाए निधि सुख्खको यो
भए धन्य आँखा दुबै आज मेरो
बिधि दुर्लभ पाइ दर्शन् हजुर्को
१६७६

प्रभो ! शम्भुले लाभ संसारमा यो
ठुलो हो भनेको छ दर्शन हजुर्को
भइ अल्प बुद्धि खरारे ! शरणमा -
- परी माग्दछु नाथ ! वर चरणमा
१६७७

चरण् पद्ममा मन् भ्रमर भैं भएर
मधु भैं धूलाको चुसीरस् रमेर
भइ प्रमले मस्त मेरो रहोस्
अरूको त्यजी आस पाउ भजोस
१६७८

जुन पाउ देखि पतित् पावनी ती
प्रकट् भै रहि शम्भुको शिर माथि
ती गंगा सबैको भइन् पाप हर्ने
गरी लोक कल्याण उद्धार गर्ने
१६७९

अहा ! जुन् चरण पद्मलाइ बिधिले
नुहि शिश गर्छन् पूजा सब् रितिले
उहि पाउलाई हजुर्को दयालो
धरी शिशमा राख्नु भो आज मेरो
१६८०

भव भय सब हर्ने कोटि भानु सरिको -
- किरण फिजी धनु औ शर् लिइ शोभिइ जो
नील गगन सरिका श्याम राम्रो शरीर
स्वर छ मधुर गंभिर् मेघका तुल्य , धीर
१६८१

पीत बसन र माला रत्नका हारले जो
सजिइकनक कुण्डल् रत्न मणिक् जडेको
नजर अतिब सुन्दर् पद्म भैँ लाल जो छ
अनुजहरू द्युवैमा चित्त मेरो रहोस्
१६८२

यस्तै प्रकार स्तुति रामजीको गरेर
धेरै पटक् चरण् पंकजमा परेर
इच्छानुसार बर पाइ रमाइ फेरि
जाँदा भइन् ति घरमा नगरेर देरी
१६८३

कारण् बिना पनि दया गरने समान
यस्ता प्रभुकन भजी त्याजी यो गुमान
हे चित्त श्री चरणपंकजमा भुलेर
भौरा सरि बन तँ मस्त परी भुलेर
१६८४

फेर् साथै मुनिको दुबै प्रभु पनि जानु अगाडी भयो
पतित् पावनी जान्हवी तीर पुगी देखेर गंगाजी जो
आनन्द भइ रामले कर दुइ जोडी झुकि प्रेमले
भाइ साथ प्रणाम भागिरथको गर्नुभयो हर्षले
१६८५

फेरि श्री रघुनाथले गरनुभयो प्रश्न गुरू साथमा
प्रादुर्भाव भयो कसोगरि भनी गंगाजीको पृथ्वीमा
गाधीका सुतले भने प्रभुजीमा बिस्तारले त्यो कथा
आइन् देव नदी कसोरी भुमीमा ? भन्दै बुझाएर ता
१६८६

सुनी भागीरथी लीला रघुपते अत्यन्त हर्षित बनी
गर्नुभो ऋषिबर्गले सहित भै अस्नान फेरी अनि
रत्नादि र सुबर्ण दान द्विजमा गर्नुभयो प्रेमले
आशिर्बाद दिदा भए प्रभुजीमा हर्षित् भइ बिप्रले
१६८७

फेरी ती ऋषिबर्ग कै सहितमा चाडै जनक्राजको
पुग्नुभो पुरको नगीच् प्रभु पनि भाइ लिइ साथपो
सुन्दर् अद्भुतको बिचित्रपुरको शोभा निहारी सब
अत्यन्त हुनुभो खुसी हृदयमा लक्ष्मण् अनि राघव
१६८८

श्री जनकपुर बर्णन

कुवा फेरि तलाउ पोखरी नदी नालाहरू सुन्दर
थिए रत्न जडित् सिडीहरू बनी सुधा सरिकै निर
फुल्बारीहरू ती मनोहर थिए राम्रा सुमन्ले भरी
गुञ्जन् ती फूलमा गरेर भ्रमरा झुम्थे मगन्ले रहि
१६८९

मीठा शब्दहरू झिकेर कलरब् पक्षिहरू गर्दथे
वेद पाठ गरेर बिप्रहरूले आकाश घन्काउथे
शीतलमन्द सुगन्धमा समीरले खुस्बु सुमन्कोछरी
हर्थ्यो क्लेश थकाइ प्राणीहरूको साराशहर्खुस् गरी
१६९०

बाटीका अनि थिए फुलबारी
झुल्दथे कमल खुस्बु फिजारी
रङि०गी चङि०ग पशु पक्षि रमाइ
गर्दथे अति सुरम्य कराई
१६९१

हेर्‍यो जुन् चीजलाइ नेत्र तेहिनै पर्दै चकित् भुल्दछ
यस्तो त्यो पुरको बिचित्र म हिमाकस्ले भनी सक्तछ
फेरी ती मणि रत्नले बरी परी घेरा दिइ सुन्दर
बाजारहरू देखिने झिलि मिली स्वर्गै सरिको पुर
१६९२

मानौं त्यो मीथीला शहर् कन स्वयं ब्रम्हाजी अगाडीसरि
मेहनत गरी रचे सरी थियो अत्यान्त नै सुन्दरी
देखिन्थे बनियाहरू पनि सबै कुबेरकानै सरी
ना ना अद्‌भुतका बिचित्र चीजले बस्ने पसल्मा भरी
१६९३

अद्‌भुत मंगल चित्रकारी सबको घर्मा सजी सुन्दर
देखिन्थे रतिनाथले प्रकट भै आफैं रचेका संर
चौंबाटा अनि ता सडक्कन पनि सिची सुगन्धि जल
राख्थे सुन्दर पारी साँझ ती सधैं सारा गरी उज्जल्
१६९४

बिदेह पुरका सबै ति दुनिया राम्रा गुणी सज्जन
थिए सन्त र शुद्ध ज्ञान शीलका खानी भएका जन
राम्रो र उपयुक्त फेरी अनुपम ठाम बिसे जो अहो !
थियो लक्ष्मि निबासको सरी महल् राजा जनक् भुपको
१६९५

त्याहा ती शिरध्वोजको सुखसयल् ज्ञान अनि राज्य श्री
देखि लोभ र डाह मिश्रित भइ हेर्थे सबै देव ती
जस्मा राज् गरने जगत्‌की जननी सीता महल्को सब
शोभा सुन्दरता बयान कसरी ? मैले गरौंला अब
१६९६

किल्ला चारतरफ् सबै नगरको उँचा मनोहर् र हि
भान गर्थ्यो तिनलोककोसकल श्री बिच्मा थुनेका झहि
सुवर्ण ध्वज फेरि चार तिरनै राम्रा पताका सजी
रैतिका घर द्वार सुन्दर थिए रत्नादी माणिक् सजी
१६९७

राजद्वार थियो बिशाल बलियो राम्रो जहाँ ता अनि
सामन्ति भुपहरूको भिड सधैं लागी रहन्थ्यो पनि
फेरी भाइ र भारदार हरू औं मन्त्रिहरूले रहि
द्वारै भूपतिको थियो अतिबनै गुल्जार हर्दम् भरी
१६९८

मगध् औं सुत भाट बन्दिगणले गाएर गुण मंगल
गुल्जार पारी समस्त फेरि नटले नाच्थे गरी नक्कल
हाथिसार थिए ठुला अतिबनै फेरि तबेला पनि
देखिन्थो रथ आदि बाजी गजलेहर्दम भरी त्यो अनि
१६९९

धेरै फौज थिए ती फौज शुर बिर् थिए लडाका पनि
सेनाका पतिले र मन्त्रि हरूले दर्बार भर्थ्यो पनि
शहर्‌को नगीचै अलिपर तिरै सामु अति सुन्दर
थियो ताल तलाउ बाग र अनि पाटि बिशाल घर
१७००

देश् देशान्तर बाट जो नृपहरूत्यो देशमा आउँथे
त्यहि सुन्दर बाटीमा बीच सबै डेरा गरी बस्दथे
सब् चीज्‌ले अनुकुल पायप हुने आँपको बगैंचा पनि
देखि रामजीलाई गाधि सुतले भन्दा भए यो पनि
१७०१

हे राम मन भो प्रशन्न अहिले मेरो यहाँकों सब-
-देखि सुन्दरको छटा गरूँ यहि बिश्राम हामी अब
आज्ञा यो गुरूको सुनेर प्रभुले मर्जी भयो हो भनी
त्यहानै ऋषिहेरूले सहित भै डेरा गराए अनि
१७०२

श्री जनक आगमन

त्यहाँको उपवन् नजर् गरू भनी सौमित्रिका साथमा
पाल्नु भो रघुबंशभुषण प्रभु तेहि नजीक् कुञ्जमा
गाधीका सुतकों सु-आगमनको पाइ खवर्, साथमा
-लिइ मन्त्रि र भारदार भूपति आए त्यहि बागमा
१७०३

हर्षित भैकन ती ऋषिसकलको पाउ परि भुपले
पाद्य अर्घ गरेर पूजन गरे अत्यन्तनै प्रेमले
आनन्द मनले सु- आषिश दिए सारा ऋषिले पनि
भन्छन् फेरी जनक् कृतार्थ म भएँ मिलेर दर्शन् भनी
१७०४

विश्वामित्रजीले खुसी भइ अनि आपन्ना नगीचैमहा
राजालाइ बसाली क्षेम् कुशलको बार्ता गरे फेर् तहा
तेहि औसरमा डुलेरं उपवन् भाइलिइ साथमा
आइपुग्नु भयो रघुकुल मणि सब्का त्यहि माझमा
१७०५

गौर फेर अति सुन्दर श्याम
छन् किशोर बयका सुखधाम
चर् अचर् सकलको मन हर्ने
नेत्रलाइ अति शीतल गर्ने
१७०६

आइ पुग्नु पनि भो जबनाथ
ती सभा सब उठे खुसीसाथ
गाधिकातयनले प्रभुलाइ
राख्दछन्, नगीच डाकी रमाइ
१७०७

देखी श्री रघुपति दुइभाइ
ती भए सुखी समस्त रमाइ
प्रेम गद् गद् भएर शरीर
रोमाञ्च भइ फेर वहि नीर
१७०८

देखि मोहिनी स्वरूप भुलेर
भै विदेह ती विदेह भुलेर
नेत्रले रूप सुधा गरी पान
मस्त ती हुन गए भुली ज्ञान
१७०९

प्रेममग्न भयो भनेर मन त्यो- आपन्नो बुझि भुपले
विवेक गरि धैर्य धारी ऋषिको फेरि चरण् शिशले
ढोगि गद् गद भै गंभिर स्वरले गर्छन् अनि विन्ति यो
नाथ! सुन्दर यि कुमार ऋषिका हुन्कि?कउन् हुन यि जो
१७१०

क्षत्रीका कुलका यि हुन्कि गहना ? किता अज इश्वर
अन्तर्यामि अगोचर पुरूष ती हुन्कि ? यिनै सुन्दर
नेती नेती भनेर वेदहरूले जस्को पुकारा पनि
गर्छन् सोहि अनादि हुन्कि ? यिनी नै चौधै भुवनका धनी
१७११

क्षणीक् सुन्दरता बिसे भुली उसै डुब्दैन मेरो मन
साक्षात् ब्रम्ह भए र रूप दुइटा आए किता ? यि जन
मेरो मन् अहिले चकोर सरी भै मुहारका चन्द्रको
रूप्कों रस पिएर मस्त हुनगो होसै नराखी प्रभो !
१७१२

बिन्ति गर्छु तसर्थ नाथ सडञ्मै को हुन् दुवै यि ? भनी
सन्देह मनको हटाइ दिनु होस् साचो म भन्छु पनि
देखि यिन्कन चित्तका बिचमहा ठुलो अनुरागको
भेल आइ बहाइ ब्रम्ह सुख औ सब् ज्ञान मेरो लाग्यो
१७१३

यो बिन्ति नृपको सुनेर ऋषिले हाँसी भने यो अनि
'झुटो छैन कुनै कुरा नरपते ऐले यि तिम्रा ' भनी
सब् प्राणीहरूका यि छन् प्रिय अति सम्पूर्ण लोकै भरी
हाँस्नुभो मनमा मुसुक्क प्रभु ति सुन्दा बचन् त्यो घरी
१७१४

यि हुन् श्री दशरथजीका सुत दुवै दिनकर बंशको
मेरो यज्ञ पुरा गराउन भनी आए यि बन् भित्र पो
मारी फौज समेत राक्षसहरू त्यो ताडकाको पनि
प्राण एक् शर मै बिनाश यिनले पारे छिनैमा अनि
१७१५

राम लक्ष्मण छ नाम बिचार
रूप शील बल औ गुणसार
यि दुबै अनुजले गरी मेरो
यज्ञ भो सब पुरा भुप घेरो
१७१६

फेरी गौतम बधु परि श्राप
बस्दथिन् भइ शिला गरी ताप
पाइयो चरणको रजलाई
ती गइन् रूप धारी सुख पाई
१७१७

हर्षित् भै ऋषिको सुनेर यि कुरा भन्छन् अनि भुप यो
ठुलो पुण्डय प्रभावलेचरणको दर्शन मिल्यो आज यो
मेरो भाग्य ठ ुलो रहेछ म प्रभो ! ऐले कृतार्थ भएँ
पाइ दर्शन हे ऋषे ! हजुरको अत्यन्त धन्यं भएँ
१७१८

शयाम गौर दुवै भाइ रहेछन् दु ःख हर्दिने
आनन्दलाइ नै फेरी परमानन्द गर्दिने
आफुस्मा दुइको प्रेम रहेछ शुद्ध निश्छल
प्राणीका दिल खुस् गर्ने पवित्र अति निर्मल
१७१९

यिनका प्रेमको बर्णन् गरेर साध्य छैन जो
जीवात्मा परमात्मा झैं रहेछन् दुइनै अहो !
बारंबार गरी यस्तै वयान रामलाइ नै
हेरी गद् गद् भइ राजा भए उत्साहवान नै
१७२०

प्रशंसा मुनिको घेरै गरदै पाउमा शिश
राखी मुनीहरू साथै भाइहरू दुवै इश -
- लाइ लिइ आफैं लगेर पुरमा पनि
राखे भूपतिले देव दुर्लभ घरमा अनि
१७२१

पूजा श्री हरिको गरेर खुसीले सेवा गरी खुब् तहा
फर्के ती मिथिलाधिनाथ प्रभुको पाउ परी मन्महा
भो जन् ती ऋषिहेरूकै सँग गरी भाइलिइ साथमा
बिश्राम गर्नु हुँदा रह्यो दिन पनि एकैघडी बाकिमा
१७२२

इच्छा लक्ष्मणको उठ्यो हृदयमा हेरौं जनकपुर् भनी
संकोच डर मानी फेरी गुरूको हाँसेर मन्मै अनि
बस्नुभो चूप भै यसै लखन जी सामुगुरूकै जब
अन्तर्यामी दयानिधान प्रभुले जानी कुरा यि सब
१७२३

देखि लक्ष्मणको ठुलो बिकलता जोडेर बाहु अनि
फेरी शिर झुकाइ पाउतलमा मिठो मधुरो प नि
बोलिले गरि बिन्ति यो गरनु भो स्वामी जनकराजको
इच्छा लक्ष्मण गर्दछन् पुर बिसे डुल्ने गएर प्रभो !
१७२४

हजुरका डरले भएर चूप ती बस्दछन् भनी रामको
बिन्ति यो सुनी रामको गुरूजीले भन्छन् गिरा प्रेमको
धर्म पालक सेतु हौं धरमको दासमहा प्रेमले
ठुलो राखी दया अहो ! रघुपते आयौ तिमी आज रे
१७२५

यस्तो नम्र कुरा तिमी उचित हो हे राम सौमित्रि रे
जाऊ यो पुरको निहारी रमिता फर्केर आउ भरे
ढीला ता नगरे तिमी रघुपते दर्शन मिलि आज यो
मीथिलापुरका समस्त जनका आँखा हुने धन्य भो
१७२६

विश्वामित्रजीका झुकेर पदमा भाइ दुवैले अनि
जानुभो खुसीले निहारी रमिता पुर्का जति छन् पनि
देखेर शिशु बृद्धले प्रभुजीको शोभा शरीर्को छ जो
थाले ती पनि हिड्न रामसितनै छाड्नै नसक्दा अहो
१७२७

श्री राम ध्यान

पीताम्वर पहिरो फेरी पिताम्वरैको
बाँधेर कम्बर बिसे पटुका भिरेको
ठोको पछिल्तिर छ बाहुहरू दुवै जो
ठुलो धनु शर लिइकन शोभिएको
१७२८

सुन्दर् शरीर बीचमा रमणीय पारी
श्रीखण्ड केशरी तिलक धरि सीप पारी
कन्दर्प कोटिहरूको पनि माथ गर्ने
सुन्दर्छ जो शरीर प्राणी बिमोह गर्ने
१७२९

ती गौर फेरि अनि सुन्दर श्यामको जो
जोडा दुबै अनुजको बहुतै खुलेको
बन्राजको सरिछ काँध र पुष्ट छाती
बाहु बिशाल अनि शंख सरि छ घाटि
१७३०

अत्यन्त सुन्दर छ कान शीपी समान
आँखा कमल् सरहको गरदोछ भान
राम्रो मुहार प्रभुको त्रय तापलाई
हर्दो छ कष्ट पीर पापहरू जलाइ
१७३१

माला लगाइ नबरत्न र पुष्पको जो
कान्मा पनि कनक कुण्डल पैहिएको
मानौं समस्त जनको मनलाइ चोरी
लिन्छन् भने सरि अपुर्व छदा फिँजारी
१७३२

हेराइ सुन्दर मनोहर चित्त हर्ने
राम्रा भउँ धनुष झैं भइ माथ गर्ने
सौन्दर्य घेरी परखाल सरी भएका
रेखाछ त्यो तीलकका अतिनै खुलेका
१७३३

श्री माथमा सकल रत्नहरू जडेको
लाएर ताज प्रभुले अति शोभिएको
काला कपाल घुडङ्गरे परी टल्किएको
मुखपद्ममा भ्रमर झैं भइ पल्किएको
१७३४

तीन्लोकका सकल सुन्दर चीज आइ
श्री माथ देखि पद सम्म रहेर छाइ
छोपी मनोहर छ जो प्रभुको रहेको
शोभा खिलेर सबिता सरि चंकिएको
१७३५

आए हेर्न पुरी कुमार नृपका भन्ने कुरा यो सुनि
पुर्बासिहरू दौडिए प्रभुजीको दर्शन् गरौं लौ भनी
मानौं जन्मदरिद्रले कनकको खानी मि ली लु ट्न पो
दौडेका सरि दौडिए सकल ती घर्को त्यजी काम जो
१७३६

सहज् सुन्दरका मनोहर दुबै भाइहरू देखँदा
पारी जन्म सुफल् नयन्फल मिली हेर्छन् भइ लुब्धता
ती नारीहरू भऱ्याल कौशिहरूमा घर्मा सबैका भरी
हेर्छन् मुग्ध भइ नयन् मन सबै प्यारा प्रभुमा धरी
१७३७

भन्छन् सुन्दरी फेरि आफुसमा प्रेमले भरी यो कुरा
यिन्का यो छबीले सखि रतिपति जित्छन् अबश्यै पुरा
देव नाग र यक्ष किन्नर अनि मानिस्हरूमा पनि
छैनन् यि सरिका मनोहर अहो ! पाइन्न काहि पनि
१७३८

ब्रम्हाका मुख चार छन् बिकट मुख् पाच्का पुरारी भए
विष्णुका पनि चारहातहरू छन् देख्दै अनौठा छ ए
बाकी सब् अरू देवताहरू भने मामुली जाबो भए
यस्तो सुन्दर कान्तिलाइ सखि हो !लौ चित्तमा राख ए
१७३९

किशोर बयश्याम औ बरण गौरका नाथ यि
अनन्त सुखधाम औ भवन रूपका छन् दुई
मनोहर छबि अहा ! अंग पिछे सयौं काम ती -
- निछावर हुने सखि ! परम सुख्खका धाम यि
१७४०

सखि भन तिमी अहा ! स्वरूप देखियो रामको
भएर बस प्रेमको नलठिने यहा को छ पो
अनि अरकिले पनि भन्दछन् अनि प्रेमले
सखी जुन कुरा सुने ती सब भन्दछु हर्षले
१७४१

यि बाल राजहँसका जुगल हुन्कि भैं सुन्दर
भुप दशरथजीका सुतइ हुन् गुण मन्दिर
ती गाधिसुतको सबै मख गरी पुरा जो छनी
जितेर रणमा सबै असुरलाइ मारी अनि
१७४२

सुबाहु गरी भष्म पो मद हरेर मारिचको
नयन्कमल भैं अहा ! नील मणि सरि गाथको
यि हुन् सुत महाबलि अबधकि महारानी को
छ नाम पनि राम ता सकल सुख्खको धाम जो
१७४३

ती गौर बय पन्ध्रका बपु किशोर बीर छ जो
लिने शर र चाप जो पछि पछि हिडि रामको
छ नाम. लछुमण भनी सुत तिनी सुमित्राजीको
ति हुन् परम सुन्दर अनुज जान है रामको
१७४४

ब्रम्हण्को गरिकाम ता सब पुरा तारी अहल्या पनि
आए हेर्न भनी धनुष शिवको ऐले दुवै बीर् पनि
यस्तो अद्भुतको कुरा सुनी सबै खुसी भइ त्यो घरी
सारा सुन्दरी हर्ष गद् गद् भए मन् श्री चरण्माधरी
१७४५

शोभा श्री रघुनाथका शरीरको देखेर अर्को सखि -
-भन्छिन् फेरी अहा !सीताजीकनता योग्य वर छन्सखि
ऐले श्री महाराजले यिनी कनै देखे भनेता अनि
तोडी प्रण् यिनीसाथ जानकीजीको गर्छन् विवाहै पनि
१७४६

भन्छिन् फेरि सुनेर यो अरकीले जाइ सखि भूपले
श्रद्धाले ऋषिबर्गसाथ यिनको पूजा अघीनै गरे
किन्तु प्रण् नरनाथले हट गरी राखी रहेछन् अहो !
बसमा परी दैबको भुपतिले भुल् गर्दछन् यो ठुलो
१७४७

फेर् अर्की पनि भन्दछिन् सुन सखि सबमायथोचित् फल
दिने दैव रहेछ यो यदि भने ? होला अबश्यै भला
बस्नेछन् रघुनाथ जानकीजीका प्यारा पतिनै बनी
सन्देह मनमा नराख यहि सब् मिल्नेछ कारण् पनि
१७४८

यस्तो बात सुनेर फेरी अरकै भन्छिन् सखि यो कुरा
संयोग देव खुसी भइकन मिल्यो सारा भनेता पुरा
हाम्रो भाग्य ठुलो हुनेछ सखिहो ! नाता यहिनै गरि
कैले काँहि सवारी भै नगरीमा दर्शन् दिनेछन् हरि
१७४९

कुरा मिल्न गएन यो यदि भने यिन्को सखी ! दर्शन
हामी सब्कन हुन्छ दुर्लभ अति योता ठुलो भैकन
मिल्नु पर्दछ धर्मका फलहरू संजोग पर्ला अनि
यस्तो औशर पर्छ त्यो जब खुसी हुन्छन् बिधाता पनि
१७५०

अर्कीले अनि भन्दछिन् ठीक भन्यौ ऐले सखी यो कुरा
विवाह यदि यो भए सकलको हुनेछ इच्छा पुरा
शम्भुको धनु त्यो कठोर छ अति यि नील् कमल्कै सरी
कोमल् सुन्दर छन् किशोर प्रण त्यो हुने पुरा के ? गरी
१७५१

गारो पो छ भनी सुनेर अरकी बाठी सखीले पनि
मीठो बोली गरी मधुर् बचनले भन्छिन् कुरा यो अनि
यिन्लाई सखि भन्दछन् सकलले कोमल् भएता पनि
यिन्का लागी असाध्य काम जगमा होवैन केहि भनी
१७५२

यिन्को शक्ति ठुलो छ हेर सखी हो साना भएता पनि
जस्को पर्न गइ धूलो चरणको न।शी सबै पाप नि
श्रापै मोचन भै तरीकन गइन् हेर अहल्या ती जो
न होला पनि शक्ति के त ? यिनको बोक्ने धनु शम्भुको
१७५३

पालन् आज तलक् सीता कन रची जुन दैबले ता गऱ्यो
तेहिनै बिधिले बनाइ रघुवीर्लाइ वर ठीक गऱ्यो
बिश्वास् यो मनमा भुलेर पनि ता कैले नबिर्षे सखी
तिन्का चातुरी पूर्ण यो सुनी कुरा हर्षित भए छन् जति
१७५४

साराले गरि एकमुख अनि ता फेरी भने यो कुरा
तिम्रो सत्य बचन् हओस् सगिनी यो ऐले भइ सब पुरा
उज्जल् ती सब सुन्दरी रमणीले खुसी भइ चित्तमा
बर्षा पुष्प अबिर को प्रभुजीमा गर्दा भए मार्गमा
१७५५

रघुपति दुई भाइ घुम्दथे जाइ जाहाँ
पछि पछि पुरबसी लाग्दथे झुण्ड ताहाँ
अति परम मनोहर् देखि सुन्दर शरीर
जनहरू सब मोहित् मस्त हुन्थे रमेर
१७५६

जानु भयो रघुपति मिथिला नगर्को
पूर्वै तरफ् धनुष यज्ञ जहाँ छ ठीक् पो
सुन्दर् थियो जमीन पारी फराक फेरि
साहो र पानी ढलुवा चउतर्फ घेरी
१७५७

बीच् बीचमा परम सुन्दर बेदि साफ
उस्तै थियो ठस अनि ढलुबा तहाँ त
चारैतिर अनि ती मेच पनि सुनकै
थिए फराक गरि फेरी बनाइएका
१७५८

जस्मा बसी नगरका जनहेरू फेरि
हुन्थे खुसी सकल ती रमीतादि हेरी
यि मञ्चका नगिच सुन्दर भै रहेका
अग्ला थिए घर सफेद ठुला बनेका
१७५९

औगात माफिक सबै रमणी रहेर
हेर्छन् यथोचित् ती खेलहरू गएर
बोली मिठो बचन आदरसाथ जाई
पुर्बासि बालक सबै खुसीले रमाई
१७६०

गराउथे नजर ती रचना बिचित्र
जुन द्रिष्य देखि जन हुन्छ भुलेर चित्र
तेहि अपुर्ब रचना प्रभुलाइ बाल
देखाउँथे खुसी भएर बताइ हाल
१७६१

निहूँ यहि पारी बालक् सकस्त
छामी सुन्दर् गाथ भै प्रेम मस्त
हर्ष गद् गद् फेरि रोमाञ्च भारी -
- हुन्थे प्यारा राम लक्ष्मण् निहारी
१७६२

जानी प्रेम्ले बस् हुने रामलाइ
बालक् सब्ले फेरी त्यहाँ रमाइ
त्यो शालाको प्रेमसाथ बयान
गर्दै बिन्ति गर्दछन् राम जान
१७६३

प्रेमले बष्भै बाल इच्छा बुझेर
सब्का साथै जानु हुन्थ्यो रमेर
प्यारो मिठो बोली सुन्दर् भनेर
फिर्नु हुन्थ्यो चित्त खुसी गरेर
१७६४

बिचित्र रचना सबै अनुजलाइ श्री रामले
बयान गरदै सबै मधुर बोली औ प्रेमले
गराउनुभयो सबै नजर त्यो जनकपुरको
अचम्म हुन गै ठुलो चकित भै निहारी छ जो
१७६५

मिलेर जसबाट ता बचन योग माया पनि
निमेष भरमा रची भुबन ठीक्क गर्छिन् पनि
अनन्त अज सोहि श्री प्रभु भएर बस् भक्तको
अचम्म भइ हेर्दछन् धनुष यज्ञशाला अहो
१७६६

भयो अति बिलम्ब लौ भनी डराइ मन्मा पनि
निहारी रमिता सबै प्रभुजी फर्कन् भो अनि
अनि फरकी रामले डर र प्रेमले पाउमा
झुकेर गुरूको बचन् मिली बसे खुसी साथमा
१७६७

भयो अबत सकझको बखत यो भनेरै अनि
उठे गुरू र रामजी लक्ष्मण ऋषि सब् पनि
गरेर अनि साझको सकल कर्म सन्धयादि जो
समस्त ऋषि बन्दना गरी प्रभु तहाँ राजभो
१७६८

भनेर इतिहास औ पनि कथा पुराना पनि
बितेर प्रहर दुइ पनि त रातको भो भनी
गएर सुकला गरे जब त गाधिका पुत्रले
अनि चरण मिच्नु भो गुरूजीको दुवै बन्धुले
१७६९

जस्को चरण् कमल दर्शनका निमित्त
गर्छन् कठोर तप जोगी बिरागी नित्य
सोइ प्रभु बस - भइकन प्रेम देखि
मिच्छन् चरण् गुरूजीको नगरेर सेखी
१७७०

बारंबार भनेर जाउ गुरूले आज्ञा दिदा हर्षले
गर्नुभो प्रभुले गएर सुकला लक्ष्मण् अनि प्रेभले
मिच्छन् श्री रघुनाथको चरण त्यो राखेर छातीमहा
निन्द्रा खल् वलिइन्छकी प्रभुजीको भन्दै डराइ तहा
१७७१

बारंबार गएर बाबु सुत लौ आज्ञा हुदाँ रामले
छातीमा प्रभुको धरीकन चरण् सुत्नु भयो हर्षले
फेरी स्वर सुनेर ताम्रचुडको कान्ले पनिता अनि
उठ्नु भो लछुमण् बित्यो अब निशा भन्दैखुसील पनि
१७७२

पैलेनै गुरूदेखि लोकभरीका स्वामी दयासागर
रघुबंशमणि पनि हुनु भयो जागा खुसीसाथ र
प्रात कृत्य गरेर फेरी गुरूका पाउ कमल्को पनि
गर्नुभो रघुनाथ भाई दुइले आइ प्रणाम अनि
१७७३

प्रथम दर्शन फुलबारीमा

प्रात पूजनको निमित्त गुरूमा दर्कार फुल्को भयो
भन्दै टिप्न प्रशुन भाइ सगमा श्रीरामजानु भयो
देखि सुन्दर बाटिका जनकको जस्मा ऋतुराज ती
बस्छन् अद्भुतको फिंजीकन छटा पारी मनोहर् अति
१७७४

बिभिन्न फल फुल बृक्ष लहरा फेरि लता कुञ्जले
शोभित् भै रहने सबै ती उपबन् कल्पै सरी बृक्षले
कोयल् चातक पट्टु सारूगं चिभे सुगा चखेंवा अनि
गाइ मस्त थिए मयूर सब ती नाची रहन्थे पनि
१७७५

गर्थे त्यो फुलबारीलाइ बहुतै गुल्जार सुन्दर पनि
जस्को दाँजमहा थियो अति फिका त्यो नन्दकानन् पनि
फुलबारी बिचमा थियो अनि सफा सुन्दर तलाउ तहा
राम्रो चित्र बिचित्र रत्नहरूका सिडि बनेको जहाँ
१७७६

जस्मा ती राजहांस हर्षित भइ पौडि सदा खेल्दथे
रंगिचंगी ती पद्मा झुकि भ्रमर गुञ्जन् सदा गर्दथे
आदिशक्ति उनै जगतकी जननी जस्मा रहन्थिन् सदा
त्यो पुर्को गरदा बयान नसकी थाक्छिन् सदा शारदा
१७७७

तलाउ फूलबारी त्यो नजर भै त्यहाको अहो
भयो अनुज सँगमा मन अति खुसी रामको
अनन्त सुखधाम ती प्रभुजीलाइ फूल्वारी त्यो
भयो सुखदिने अहो ! गजबको लीला हेर यो
१७७८

हेरेर चारतिर नै सब मालीलाइ -
- सोधेर जानु पनि भो फूल टिप्नलाइ
राम्रा बिभिनन फूल ती सब छानी फेरी
लाग्नु भयो रघुपते फूल टिप्न हेरी
१७७९

गौरी पुजन निम्तिमा जननीको पाएर आज्ञा पनि
सीताको पनि भो सवारी तेही नै सोहि बखतमा अनि
लिएर सखीहरू झाफ सरिकै साथमा सबै सुन्दरी
गाइ सुन्दर गीत जानकीजीको हिड्थे वरी औ परी
१७८०

सोहि बागमहा तलाउ नगीचै गौरीजीको मन्दिर
थियो रत्न जडीत फेरी सुनको ठुलो परम् सुन्दर
न्वाइ सोइ तलाउमा सगिनीको साथै खुसी साथले
गौरीको पनि गर्नु भो अनि पूजन् भक्ति गरी चित्तले
१७८१

बिदेहजाले अनि गौरी साथमा
जोडी दुवै हात रमाइ चित्तमा
आफैं सरि सुन्दर स्वामीको वर
माग्नु भयो चन्द्र सरी मनोहर
१७८२

यौटि कोहि सखी अलग् हुनगइ सीताजी देखि पनि
डुल्थिन् बागमहा गएर खुसीले शोभा निहारी अनि
तेहि औशरमा रघुकुलमणि भाइ दुवै सुन्दर
देखि मोह भएर जानकीजीको आइन् समीप् मन्दिर
१७८३

हर्ष गद् गद् नत्रमा जल भरी रोमाञ्च भै देहमा
हिड्ने मुग्ध र मोह ब्याकुल ब्रनी होसै गुमाइ तहाँ
तेस्ती ती सखीलाइ देखि सबले घेरी मिठो बोलिले
सोधे कारण के भएर ? सगिनी ब्याकुल् तिमी छौ हरे
१७८४

सारा ती सखिहेरूका सुनी कुरा भन्छिन् तिनी यो तहाँ
आउने ऋषि साथमा तिनी दुवै राज् पुत्र ऐले यहाँ
फूल्वारी बीचमा रहि संगिनी हो टिप्छन् सुमन् यो घरी
जाउ नेत्र सुफल् गराउ खुसीले दर्शन सबैले गरी
१७८५

श्याम गौर किशोर सुन्दर अति चन्द्र सरि रामको
देख्ने नेत्र भयो कसरी ? मुखले गर्नु प्रशंशा अहो !
सुनेर यि कुरा भएर हरषित् फेरि सीताको पनि
उत्काण्ठा मनको बुझेर संगीनी भन्छिन् तहा एक अनि
१७८६

विश्वामीत्रजी साथमा यिनी दुवै हिजो जनकपुरमा
उत्सव हेर्न भनेर राजपुत यि आए धनुको यहाँ
जस्ले सुन्दर रूपको फिजी छटा सारा नगरवासीको -
चोरी चित्त लगे गरेर बसमा भन्ने सुनेथे अहो !
१७८७

यिन्का सुन्दर रूपको नगरीमा चर्चा सबै गर्दछन्
हेर्नुपर्छ अबश्य हेर सखिहो हेर्नें यिनी योग्य छन्
सुनेर तिनका कुरा हृदयमा आनन्दले मग्न भै
बैदेहि हुनुभो खुसी अनि पछि आँखा दुबै खोजदै
१७८८

दर्शन् गर्न भनी बिकल् हुनगो प्यारा प्रभुको पनि
तेहिनै संगिनी अगाडी गरदै जानु भयो सब् पनि
सम्झि नारद बाणीलाइ मनमा प्रीती पुरानो पनि
उब्जियो अघिको अधीर हुनगै कैले निहारुँ भनी
१७८९

मृगशाबक झैं डराइ बहुतै चारै दिशामा तहाँ
हेर्नु हुन्छ उता गरी सीता खोजी प्रभु मन्महा
चुरा नुपुर किंकिणी भूषणका सुनेर मिठो स्वर
भन्नुहुन्छ उता पटि पनि प्रभु भाइ सगैमा फिर
१७९०

मानौं हेर अनंगले जगतकै बस् गर्नलाई भनी
बाजा दुन्दुभीको बजे सरी छ योमिठोअहो स्वर्पनी
भइ लौं सुन ता भनेर प्रभुले मर्जी भइ हेरदा
सीताको मुख चन्द्रमा भइ चकोर् फस्दोभयो नेत्रता
१७९१

सुन्दर नेत्र ती रामका भ्रमर झैं सीतामुहार् पद्मको
रसमा लट्पटिएर स्थिर हुनगो चल्नै नसक्दा अहो !
आपन्नो सन्ततीको चरित्र सब त्यो हेर्दा लजाएर ता
भागेका नीमी हुन्कि ? झैं हुन गयो निमेष स्थिरभैअहा
१७९२

झिम् झिम गर्न भुलेर नेत्र प्रभुका एक् टक् भइ हेर्दछन्
सीताको रूपमा भुलेर मनता मोहित् भइ बस्दछन्
हेरी जानकीजीको छबि हृदयले अत्यन्त हर्षित भई
तारिफ् गर्न सन्यो अघी तर बचन् रूक्दो भयो टक् भई
१७९३

मानौं सुन्दर चीज मात्र बिधिले खोजी बनाएर ता
राखेको उपमा सरी भुमीसुता थिइन् मनोहर् अहा
धप् धप् तेज बलेर घरमा ज्योती सरि दीपको
राम्रो लाई - पनि मनोहर गरि दिने छबि त्यो थियो
१७९४

जनक नन्दिनीको शुभगाथको
सरि छ को उपमा ? गरूँ के म यो
भुवनमा अति सुन्दर जनकी
फगत एक यि छन् सरी जनकी
१७९५

शोभा जानकीको गरेर मनमा बर्णन पनि प्रेमले
आपन्नो हाल पनि बिचारी मनमा मौका अनुसारले
सत्य शुद्ध कुरा यसोरी प्रभुले भन्नु भयो यो अनि
हे भाइ! तिमी हेर श्री जनककी छोरी यिनै हुन् पनि
१७९६

जस्को निम्ति भइ रहेछ धनुको यज्ञ पनि हेर यो
आएकी यिनी हुन् लिएर सगिंनी पूजा गरि गौरीको
डुल्छिन् यो घरी बागमा फिजी छटा पारी उज्यालोअहो!
जस्को सुन्दर कान्तिमा भुलिन गै स्वभावले शुद्ध यो
१७९७

मेरो चित्त पनि बिकल् हुन गयो कारण् पनि यो सब
जानुन दैव ती अंग फर्फर पनि गर्दोछ दाँया अब
जन्म सिद्ध स्वभाव हुन्छ रघुका बंशीहरूको सुन
कुमार्ग तिर स्वप्नमा पनि यसै जादैन हाम्रो मन
१७९८

आपन्नो चित्त बिसे मलाइ छ पुरा - विश्वास ठुलो पनि
परस्त्री तिर स्वप्नमा पनि नजर् जादैन मेरो भनी
जस्को मन् परनारी को शरीरमा भुल्दैन कैल्यै पनि
माग्ने लाइ बिमुख् गरेर जसले भन्दैन जा जा भनी
१७९९

शत्रुले पीठ देखदैन कहिले जस्को लडाई महा
यस्ता जन्हरू हुन्छ दुर्लभ सदा दो चार मात्रै यहाँ
भाइका सँगमा कुरा यसरी नै गर्दै रहे ता पनि
सीताको रूपमा भुलेर मनता लोभी रहन्थ्यो पनि

१८००

जनकनन्दिनीको मुख रूपी त्यो -
- कमलको छबि रूपी मधु ती जो
भ्रमर भैं प्रभुका भइ लोचन
मधु चुसीकन मस्त हुदाँ छन्

१८०१

फेरी उता प्रभु कता ? भनी खोजी गर्दै
आँखा घुमाइ मनमा पनि छक्क पर्दै
बेदेहिले हरिणका सरी नेत्रले नै
गर्थिन् नजर् अधिर भैकन दु:खले नै

१८०२

जता हेर्थिन् सोहि तरफ अनि सेता कमलको
भएका बर्षा भैं पनि हुन गो भान् गजब को
सखीले देखाए अनि पछि लता ओट बीचमा
रहेका सौमित्री रघुकुलमणिलाई छिनमा

१८०३

सीताको नेत्र ब्याकुल् भइकन प्रभुजी हेर्न खोजी रहेको
मिल्दा दर्शन् प्रभुका चिनी निधि निजको खोजी पाए सरिको
शोभा हेरेर खुस्भो रघुकुलमणिको नेत्र फेरी सीताको
थाकी झिम् गर्न बिर्सी नयन पनि दुबै रूक्न गै एकटक् भो

१८०४

लाटो जस्तो सीताको शरीर पनि भयो प्रेम ज्यादा भएर
शरद्को चन्द्रमाको छबि बीच लठिने च्याखुरी भैं बनेर
हेर्दामा फेरी बाठि बनि नयन रूपी पन्थ देखि खरारी
लाइ राखेर दिल्मा पलक रूपी दुवै द्वार त्यो बन्द पारि

१८०५

बस्नु भो जानकीले जब अनि सखिता फेरि संकोच साथ
चूप लागे जानी सीता परिकन रहने प्रेमको बस् महा त
मेघ्लाइ छाडी निस्के सरिशशि निर्मल् त्यो लता कुञ्जबाट
निस्केर आउनु भो प्रभुहरू ती दुवै त्यहि बेला महा त

१८०६

सीमा शोभाका ती वीर र अति सुन्दर् शरीर त्यो
छ नीलो पंकज औं पितकमल जस्तो नरम को
थियो शिर्मा प्वाँख अतिशय खुलेको मयुरको
थियो सुन्दर् झुप्पा अनि बिचमहा पुष्प कलिको

१८०७

सुन्दर् ललाट बीचमा श्रम बिन्दुसाथ
शोभिन्छ सुन्दर तीलक् रहदा अघाद
कान्माछ कुण्डल झुलेर खुली रहेको
रत्नादिको मकर भैं नमुना भएको

१८०८

टेढो छ भौ धनुष भैं भइ केश फेरी
कालो छ मेघ सरी सुन्दर पारी कोरी
छन् लाल पद्म सरी सुन्दर नेत्र लाल
चिबुक नाक दुइटै छ बढो कमाल

१८०९

नीला र लाल अति कोमल् पुष्ट गाला
हाँसो पनि प्रभुजीको मन गर्छ होला
हेरेर जुन् छबि रतिपति गर्छ लाज
त्यै रामको गरूँ कसोरी बयान आज

१८१०

माला छ रत्न मणिको पनि छाती माथि
घाटी छ शंखसरी माल्य लिएर साथि
सुन्दर्छ हात गजका सुड भैं भएका
दुना छ बाम करमा फूलले भरेको

१८११

वन् राजकै सरि छ कम्बर काँध फेरी
पिताम्बर पहिरी त्यै पटुका छ बेरी
शोभा र शील गुणका घर रामलाइ
देखि भुले सकलले अनि आफुलाई

१८१२

अनि फेरि यौटी चतुर सखिले धीरज धरी
समाती सीताको कर पनि भनिन् बात यसरी
सखि ! गौरीजीको मनबीच गऱ्यौ ध्यान पनि ता
नजर् खोली फेरी अब त गर दर्शन् प्रभुजीका

१८१३

सखीको मीठो यो सुनी अनि वचन फेरि संकोच गर्दै
खोलिन् आँखा सीताले नजीक अनि प्रभु देखदा मोहपर्दै
शिर्देखि पाउसम्म रघुपति दुइको देखि शोभा अपार
प्रण्सम्भेरै पिताको मुख मलिन भइ दु:खको भन्अपार

१८१४

जसै देखे प्रेम्ले परबस भएकी जनकजा
डराइ बेर् भो लौ भनि सकल भन्छन् सखी तीता
अनि भन्छन् फेरी चतुर सखी यहि समयमा
सिते ! आउँ भोलि पनि भनी तिता हाँस्छन् तहा

१८१५

सुनेर गूढ यो कुरा लजित भै सीताले पनि
अबेर अति भो भनी जननीको गरी डर् पनि
धरी धीरज चित्तमा छबि धरेर श्री रामको
फिरिन् त्यसघरीं सीता बसमहा बुझ्री बाबुको
१८१६

निहुँ गरी मृग पंक्षीबृक्ष हेर्ने भनेर
फिरी फिरि कन हेर्दा रामको रूप धेर
बढीकन अति प्रिती जम्नगो चित्तमहाँ
मन बीच प्रभु राखी फर्किइन् ती पूजामा
१८१७

शील् शोभा रूपगुणकी निधिसरि जबती जानकी फर्किएको
बुझ्नुभो रामजीले हृदयरूपी सफा कागजैमा अनि पो
प्रेम् रूप रंग बनाइ नयनरूपी कुचीले पनि जानकीको
लेखि हाल्नुभयो लौ झटपट गरदै चित्र राम्रो गजब्को
१८१८

शम्भुको भाच्नु पर्ने घनु पनि समुझी चित्तमा दुख् हुनाले
ब्याकुल् भोमन् सीताको नरम कमलझैं गाथराम्कोहुनाले
कहाँ श्रीशम्भुको त्यो घनुअति बलियो फेरि श्रीरामजीको
कोमल् पद्म सरिको नरम र कलिलो गाथ भन्दै गुनी यो
१८१९

सीताकृत दुर्गा प्रार्थना

गइन् फेरि सीता पछि पनि उमा मन्दिर महा
पुकारा गर्छिन् ती झुकिकन उमाको चरणमा
जगत्माता ! गौरी जय जय भवानी गिरि सुते
शिवे ! शम्भु प्यारी ! जय जय महाकालि गिरिजे
१८२०

अपर्णे ! हे दुर्गे ! गजबदन माता ! जय उमा
फिजी तेज् बिद्युत् झैं शशिबदनी राम्री जगतमा
न आदि मद्य भो नत पछि हुने नाश पनि ता
प्रभाव वेद र श्रुति पनि नसक्ने बुझ्न ता
१८२१

भव गर्ने स्रिष्टि बिभव पनि गर्ने हजुर नै
पछि फेर् नाश् गर्ने जीवकन भुलाइ हजुर नै
माहामाया आदिशकति जननी फेर जगतकी
सबैमा ब्यापक् भै अज अमर शत्रु असु र की
१८२२

पतिब्रता बीच महा पहिलो छ नाम
हे अम्बिके ! हजुरको जगमा तमाम
बर्णन् अनन्त महिमा नसकी गरेर
थाक्छन् बिनायक सरस्वती शेष फेर
१८२३

सेवा गर्दा हजुर्को फल पनि मिलने फेरि चारै पनि यो
पुरारीको पियारो बरदिइ दु:खीमा गर्दछयौ मंगल जो
पुजा गर्दा हजुर्को चरणकमलको दु ख सारा हराई
खुसी हुन्छन् मुनि औ नर सुर सब ती चित्तमा इष्टपाइ
१८२४

दिल्मा सब्को बसेरै शुभ अशुभ सबै जान्दछौ बातलोक्मा
मेरो दिल्को मनोरथ् पनि जननी सबै ज्ञात होला हजुर्मा
त्यो कारण् प्रष्ट ऐले न भनी हजुरको पर्दछु लौ शरणमा
यस्तो भन्दै सीताले नुहिकन शिशले पर्नुभो श्रीचरण्मा
१८२५

विनय र प्रीतीको नै बस् भई श्री भवानी
मुरती मुसुक हाँसी माल्य फुल्को खस्यो नी
गरिकन अनि श्रद्धा त्यो प्रसाद सीताले
झटपट धरनु भो हर्ष भै घाँटीमा रे
१८२६

अनि फेरि मन्मा खुसीभै भवानी
यसोरी त्यहाँ भन्दछिन् यो कुरा नी
मनोकामना पूर्ण तिम्रो हुनेछ
सदा नारद बाणी साँचो हुनेछ
१८२७

छ तिम्ले वर चित्तले जो बरेको
उहि पाउँने छौ तिमीले पति त्यो
छ जुन वर रोजेर दिल्मा रहेको
स्वभाव् सुन्दर श्याम मूर्ति भएको
१८२८

ति स्वामी तिमीलाइ मिल्नेछ हेर
तिनी छन् दयाका निधि ज्ञानी धेर
तीता जान्दछन् स्नेह औ शिल तिम्रो
सबै हाल मन्को पनि जो छ राम्रो
१८२९

यै रित्को सुनी गौरीको सकल ती आशिश फेरी अनि
साथैमा सखी हेरूको जनकजा अत्यन्त खुसी बनी
बारंबार गरेर पूजन पनि श्री गौरीको प्रेमले
फिर्नुभो मनमा प्रशन्न हुन गै सीताजी दर्बार रे
१८३०

जानी प्रशन्न गिरिजाकन जानकीको
अत्यन्त भो मन खुसी भनी त्यो खुसीको
साध्य हुदैन शुभ सुचक मुल् भइ पो
बाँया शरीर सब फर्फर नै गरि गो
१८३१

श्रीराम लक्ष्मणजीले अनि फेर् सीताको
सौन्दर्यको हृदयमा सरना गरि जो
जानु भयो फूल लिइ गुरूको अगाडी
भन्नु भयो सब कुराहरू ती न छाडी
१८३२

राम्रा स्वभाव प्रभुको छल हीन् भएको
निर्मल् थियो कपट देखि परै रहेको
पूजागरे गुरूजीले फुलहेरू पाइ
दिए सुभाशिश दुवै रघुनाथलाई
१८३३

मन् कामना पूर्ण अहोस् सबै पनि
तिम्रो रहोस् कार्य सधासफल् बनी
आशिश यस्तो गुरूको सुनी ठुलो
भाइ सहित् रामजी दंग पर्नु भो
१८३४

अनि गरी भोजन ज्ञान ती ऋषि
थाले कथा भन्न पुराण औ श्रुति
बितेर दिन् साझ पऱ्यो भनी अनि
आज्ञा गुरूको लिइ रामले पनि
१८३५

सन्ध्या गर्न भनेर लक्ष्मण लिइ जानु भयो साथमा
देखि पूर्व तिरै उदाइ रहने हिमाम्शु आकाशमा
सम्झि जानकीको मुहार सरिको आनन्द मन्मा धरी
धेरै गर्नुभयो बिचार प्रभुले दाँजों दुवैको गरी
१८३६

छैन जानकीका मुहार सरिको निर्दोष ता चन्द्र यो
जन्मी खार समुन्द्रबाट जसको भाइ पनि बिष् छ जो
हुन्छन् फेरी मलिन यि दिनबिषे दागी पनि छन् ठुलो
पाउछन् समता कसोरी ? बबुरा यिन्ले सीताको अहो
१८३७

घट्छौ औ तिमी बढ्दछौ र बिरहीलाइ दु ःखी गर्दछौ
च्याखुस कन दु ःख् दिइ कमलको द्रोह सदा गर्दछौ
राहुले तिमीलाई ग्रस्तछ पनि अबगुण छ तिम्रो अति
छैनन् जनकीमा कुनै यि अबगुण् तिम्रो सरि एक्रति
१८३८

बैदेहिको तिमी सितै तुलना गरेर
लाग्नेछ दोष भइ धेर अनर्थ हेर
निर्दोष छिन् तिनी शशि तिमीमा छ दोष
गर्दा अयोग्य उपमा हुन जान्छ दोष
१८३९

शशिका निहुले यसै तरहले सीताजीको रूपको -
- बर्णन् चित्तमहा गरेर अतिनै जानी अनि रात त्यो -
-धरै बित्न गयो भनेर गुरूको सामु गइ रामले
गर्नुभो झुकि बन्दना चरणको भक्ति र औ प्रेमले
१८४०

आज्ञा श्री गुरूबाट पाई अनि ता साथै लिइ भाइ ती
गर्नुभो सुकला गएर प्रभुजी सम्झि सीतालाइ की
फेरी रात बितेर श्री रघुपति जागा भइ हर्षले
आज्ञा लक्ष्मणलाइ हुन्छ यसरी बाबु भनी प्रेमले
१८४१

चखेवा हरूका फउजहरू ती - पंकज् हरूलाइ भो
फेरी प्राणीहरू सबैकन पनि आनन्द गर्नेछ जो
सोई श्री भगवान भास्कर पनिआफ्नो फिजी तेजपो
बाबु हेर उदाउनु अब भयो नाशि तम सब् छ जो
१८४२

आज्ञा यो प्रभुको सुनेर खुसीले जोडी दुवै हात ता
प्रताप् सुचन् गर्दिने प्रभुजीको मिठो बचन्ले अहा
गर्छन् लक्ष्मण बिन्ति नाथ ! हजुर पाल्नु भएको सुनि
जस्ता रित् सित भूपतिहरू भए तेज् हीन उस्तै गरि
१८४३

देखि भास्करको पनि उदय योतेज्हिन् मलिन्भैअति
तारा लोप भए सबै गगनमा खुम्चे कुमुद् छन् जति
नक्षत्र रूपी खोज्दछन् भुपहरू पर्न उज्यालो सब
किन्तु शंकरको धनु रूपी घना त्यो अन्धकार अब
१८४४

शक्तैनन् तिनी नाशगर्न पनि ता ठुलो हुनाले गरी
बस्छन् ती चुप चाप हेरि धनु त्यो भाच्नु भनी के गरि
रात्रीको पनि नाश भो जसरी ता पंकज् चखेबा पनि
जस्तारित् सित पक्षी ती मधुकर खुसी भए सब् अनि
१८४५

सोहिरित गरेर शम्भु धनु त्यो टुटे पछि न ाथको
भक्तहेरू समस्त हर्षित भइ गर्छन् जय घोष पो
नभमा दिननाथको उदयभो बिना प रिश्रम् अब
तिमी र सब नष्ट भो जगतको नक्षत्र भागे सब
१८४६

धनुभंगरूपी गिरि उदयमा भुज प्रताप् रूपी यो
हुने उदय सूर्यझैं हजुरको बेला यहाँ भैगयो
यस्तो लक्ष्मणको सुनेर बिनती हाँसि मुसुक्कअनि
निर्मल् जोछ सदा उहि प्रभुजीले गर्नु भयोस्नान नी
१८४७

नित्यकर्म गरेर आइ गुरूको पाउ कमल्को पनि
गर्नु भो खुसीले प्रणाम प्रभुले नुहेर शिर्ले अनि
तेहि औसरमा जनकभुपको पाएर आज्ञा पनि
आए कौशिकका अगाडी खुसीले प्रोहित् शतानन्दनी
१८४८

श्री रामको रंगभूमीमा प्रवेश

नरेशको बिन्ति मधुर् बचन्ले
सबै सुनाए ऋषिमा जतन्ले
सुनी कुरा कौशिकले रमाई
डाके अनि लक्ष्मण रामलाई
१८४९

शतानन्दजीका चरण्कमलको दर्शन गरि रामजी
बस्नुभो गुरूको गएर नगीचै साथैलिई भाइ ती
भन्छन् फेरी गुरू प्रभुकन तहाँ बाबु ! जनक् भुपले
बोलाए हिड जाउ जानकीजीको ऐले स्वयम्वर्छ रे
१८५०

ईश्वर्ले कसलाइ गर्छ बिजयी हेरौं गइ त्यो सब
सीताको जयमालिका कउनबीर् धर्ला गलामा अब ?
भन्छन् लक्ष्मण त्यो सुनी हजुरको जस्माथि होला दया
तेसैले जिती शम्भुको धनु गुरो ! जस्पाउला यो नयाँ
१८५१

मिठो नम्रकुरा सुनी हृदयमा हर्षित भए ती सबै
दिए आशिश फेरी ती सकलले लक्ष्मण् रघुनाथमै
फेरी ती मुनिबृन्दका सँग अनि श्रीराम् लक्ष्मण् पनि
जानुभो धनु यज्ञको सकल ती हेरौं तमासा भनी
१८५२

आए श्री रघुनाथ रंग भुमीमा भन्ने कुरायो सुनी
दौडिए पुरबासीहेरू घरको छोडेर काम पनि
बाल बृद्ध जवान रोगी पुरूष नारीहरू सब् तहा
आए दर्शन गर्न राघबजीका हर्षित भइ मन्महा
१८५३

देखि भिड अतिब त्यो जनकले डाकेर सेबक् पनि
भन्छन् सब्कन जाइ आशन तहा देउ यथोचित् भनी
यो आज्ञा भुपको सुनेर खुसीले दौडे सुसेबक् तहा
मिठो बोली गरेर रैती हरूका खुसी गरी मन्महा
१८५४

उत्तम् मध्यम नीच आशन पनि दिइ यथोचित् तहा
राखे सब्कन पालना गरी हुकुम त्यो रंगशाला महा
सोइ औसरमा मनोहर चतुर् उत्तम् गुण सागर
गौर श्याम शरीरका ती दुइटै राजपुत्र हेरू वीर
१८५५

आइ पुग्नु भयो सबै शरीरमा मानौं परम् सुन्दर
शोभाले ढकमक्क छोपी दुइले पाल्नु भएको सर
नक्षत्र गण हेरूका बीचमहा मानौं शशि पूर्ण ती
उदाए सरिनै दुवै नृपसभाबीच्मा गइ फेरी की
१८५६

रघुनाथ बिराजमान हुनुभो खिचेर सब्को मन
जो जस्को जुन भावनाहरू थियो मूर्ति उहि भैकन
देखे रामजीलाई भुपहरूले बीर महा धीर पो
मानौं रूप धरेर बीर रसनै आए सरी ठिक्क जो
१८५७

कप्टि भूपति हेरूले प्रभु कनै मानौं भयानक् रस
आएका स्वरूप धरेर सरि नै देखि डराए सब
छल्ले रूप धरेर भुपसरिको बस्ने असुर जो थिए
तिन्का नेत्रबिसे रघुकुलमणि कालै सरी देखिए
१८५८

पुर्बासिहरू रामलाइ परम सुन्दर् मनोहर् अति
देख्थे नयनमा दिने सुख नर भुषण् पियारा कति
आफ आपन्नो मनको रूची सरहनै नारीहरू रामको
देख्थे सुन्दर रूप चित्त हरने श्रृंगार रस झैं अहो
१८५९

पण्डित हेरू बिराट रूप प्रभुको देख्थे स्वरूप त्यो घरी
भुपका सब जातीबन्धुहरूले आपन्ना नगीच्का सरी
देख्थे आत्मिय बन्धु झैं र महिषि साथै जनकले अनि
देखे रामजीलाई प्राण सरीका बालक पियारा पनि
१८६०

योगीले प्रभुलाइ सान्त सम औ शुद्ध परब्रम्हको
देखेरूपमंहा अनादि अज औ साक्षी छ जो लोकको
देखे ती हरि भक्तले प्रभु दुवै भाइ हरू सुख्खको-
दाता मालिक इष्ट देव रूपमा आपन्ना स्वयं इश पो
१८६१

सीताले जुन भावले प्रभुजीको गर्नु भयो दर्शन
अबर्णियछ भाव प्रेम सुख औ सारा मनोबान्छन
आफ्नो त्योसब प्रेम सुख अनुभव् दिल भित्र मात्रै गरि
वर्णन् गर्न अशक्त जानकी समेत् हुन्छिन् स्वयं त्यो घरी
१८६२

बयान तेहि प्रितीको गरि अरू कुन्वाहि फेरि कवि
पार् होला र ? सीताजीको हृदयको भन्ला कसोरी छवि
एवं रित्सित रामलाइ सबले आफ्नो मनो भावना
सरिनै रूपमा गरी नजर ता हर्षित भए सब् जन
१८६३

दशरथनन्दन श्याम गौरको
शरीर सुन्दर दुइटा कुमार जो
चोरी सबैको मन नेत्र लाइ ता
राज् भो सभाका बिचमा गएर ता
१८६४

श्री राम ध्यान

स्वभाव् सुनदर थिए ती मुरतिदुइ मदन् कोटिलाइ पनि जो
गर्थे फिका अगाडी छवि फिजीमुखकोचोरी मन्‌चित्त सब्को
शरद्कालिन् शशिमा गरिकन निन्दा दोष लाए पनि ता
थियो राम्रो मुहार रघुपति दुइको बेष सुन्दर् अनि ता
१८६५

फिंका नीलो कमल्को छवि पनि हरने ती नयन् रामजीको
सब्का मन् नेत्र महा अति प्रिय हुनगै बस्दथ्यो जो गजब्को
मार्कोमद्‌लाइ हर्ने चितवन प्रभुको मन् भ ने घेर मन्को
पर्ने मुख्ले बयान गरन मन भने फेर् नसक्ने भएको
१८६६

गाला छ पुष्ट अति कोमल नील लाल
कान्मा छ कुण्डल झुलि रहने कमाल
चुच्चो भइकन चिबुक् छ खिलि रहेको
छन् लाल ती अधर कोमल रस् भरेको
१८६७

गम्भिर कोमल थियो अनि बाणि फेरी
शशि किरण् लजित गर्छ हँसाइ हेरी
टेढा थिए भउ दुवै धनु झैं मदन्को
हर्दोछ चित्त भइ सुन्दर नाक जन्को
१८६८

लाएर केशरी तिलक् प्रभुको बिशाल
झल्कन्छ सुन्दर भइकन हेर भाल
कालो कपाल भइ सुन्दर रामजीको
माथ् गर्दथ्यो भ्रमरलाइ लजित् गरी जो
१८६९

शोभायमान शिरमा पनि ताज ठुलो
थियो हिरा मणि जडित् सुनको पहेंलो
बीच् बीचमा कुशुमका कलिले सजेको
थियो मुहार बीच ताज बढ्यो खुलेको
१८७०

घाँटि छ शंख सरि तिन् घरका परि जो
शोभा मुहान सरि लोक, तिनै भरीको
छाती छ पुष्ट र ठुलो जसमा झुलेको
बन्मालिका छ फूल औ तुलसी मिलेको
१८७१

गज्‌मोति रत्न र हिराहरू झल्‌मलाई
शोभिन्छ कण्ठि सुनको त्यसमाथि जाई
बृषभ कै शरि छ काँध र शिंहको झैं
थियो हिडाई अति सुन्दर रामको नै
१८७२

बाहु बिशाल र थिए बलखानी फेरी
ठोको भिरेर अनि कम्बरमा छ बेरी
पिताम्बर पटुकी त्यो अनि बाम काँध -
- माथि धनु छ अति सुन्दरको अधाद
१८७३

दायांहात्मा सु-शोभित् शर छ अनि पछि काँधमाथि पहेंलो
जनैथियो सु-शोभित् नील शरीर अति माधुरी भै खिलेको
शिदेर्खि पाउसम्मन् ढकमक रहने ढाकी शोभा अपार
देखि यस्ता गजब्का रघुपति दुइटा भाई सौन्दर्य सार
१८७४

मोहित् सारा भए ती नयन पनि अनि एकटक्‌भो सबैको
नानी पर्यन्त सब्को नचली स्थिर भयो हेरी शोभा दुवैको
देखि राजा जनक्‌ले अनि पछि दुइटा भाइ ती रामलाई
पर्छन् कौशिक चरणमा खुसीभइ मनमा झट्ट त्यो ठामजाई
१८७५

बिन्ति गरी सब कथा ऋषिमा अघिको
देखाउछन् सकल रंग भुमी घुमित्यो
हुन्थ्यो सवारी हरिको जुन ठाम माहा
हेर्थे चकित् भइ सबै नर नारी ताहा
१८७६

देखे सब् जनले प्रभुहरू दुवै आफ्नै अगाडी महा
यस्को मर्म बुझ्नेन कोहि जनले खुसी भए सब् तहा
विश्वामित्रजीले रहेछ रचना राम्रो भनी यो सब
राजालाइ भने सुनेर मनमा खुसी भए भुप त
१८७७

ती सब् मञ्चमहा मणि जड़ितको थियो सफा एक जो -
-ठुलो मञ्च उसैमहा रघुपते भाइ मुनि साथ पो
लगी राज गराउँछन् जनकले , देख्दा अनि रामजी
सारा ति नृप बेर्ग खिन्न हुन गो तोड्छन् भनी चापती
१८७८

जसोरी नभमा उदाइ शशिले ताराहरूको सब
हर्छन् तेज गरि मलिन सब ती तेस्तै गरि राघब
रंगभुमि रूपी गगन् बीचमहा तारारूपी भुपको
तेज् हर्छन् बीचमा रहिकन ठुलो आफ्नोफिजीरोबपो
१८७९

बार्ता गर्छन् मध्यम भुपहरू आफुसमा त्यो घरी
भाइहो !हिड जाउँ फर्कि घरमै तेज प्रताप गुम्गरी
न तोडे पनि शम्भुको धनु ठुलो सीताजीले निश्चय
बर्माला पहिराउ छिन् खुसी भइ रामगलामा अब
१८८०

अज्ञानी र अघम् कुटिल भुपतिहरू तहा जो थिए
यस्ता बोलि सुनेर त्यो बखतमा हाँसेर भन्दा भए
भाँचेता पनि शम्भुको धनु कठिन हुन्छ विवाह हुन
न तोडी धनु राजपुत्रि सँगमा गर्ला विवाह कुन
१८८१

एक् बाजी डटी लड्दछौं समरमा कालै भएता पनि
सीता निम्ति अबश्यमेब सबले तेस्लाइ जित्छौं अनि
सुनी मुर्ख र मूढका सब कुरा हाँसी हरि भक्त ती
भन्छन् धर्म भिरू र उत्तम भुप बग्बाद मात्रै कति
१८८२

गर्छौं ? गर्ब गरेर चुर सबको रामले सीता साथमा
गर्छन् हेर विवाह शुर बलिया छन् ती दुवै युद्धमा
ती हुन् दाशरथि ती छन् अजयनै ब्यर्थै घमण्डै गरि
मन्कोलड्डु नखाउ भोक यसले मर्ला र के या घरी ?
१८८३

पवित्र हाम्रो अब शिखलाई -
सबै जनाले सुन चित्तलाई
माता जगत्कि भनी जान सीता
हुन् रामनै लोक पिता पनि ता
१८८४

भाइ दुवै सुन्दर सुख्ख खानी
बस्ने सदा शंकर चित्त मानी
अनन्त इश जगका निवासी
हुन् यि अनादि प्रभु पापनाशी
१८८५

बुझेर यो नेत्र भरी सबैले
हेरेर शोभा खुसी होउ ऐले
कठिन् छ यो दर्शन गर्न फेरी
आउ रमाउ प्रभुलाई हेरी
१८८६

सुधा -सागर् नगीचको त्यजीकन यसरी दौडिइ छोडीकाज
मृगतृष्णा निहारी किन ? सब घुमी हा ! मर्दछौ ब्यर्थ आज
जाउ मन्लाग्छ जे जे गर अब खुसीले हामीले ता जुनीको
पायौ फल् आज भन्दै खुसीभइ प्रभुको हेर्न लागे छवित यो?
१८८७

यानमा चढी सब सुर आइ
नील त्यो गगनका भरी छाइ
पुष्प बृष्टि गरी गाउन लागे --
रामको जय मनाउन लागे
१८८८

श्री सीता रंगमञ्च प्रवेश

बेला ठिक्क भयो भनी जनकले जानेर सीताकन
बोलाए जब ता अनि सखिहरू सन्रा खुसी भैकन
ल्याए आदर साथ जानकी त्यहाँ सीताजीको त्योघरी
साध्यै छैन स्वरूपशील गुण औ बर्णन् छविको गरी
१८८९

हुन् है जगत्कि जननी सीताजी
संसारभर्का रमणी पनि ती
बैदेहिबाटै रूप गुण् लिएर
राम्रा भन्छिन् जगममा ति फेर
१८९०

उनै सीताको रूपको बयान
गरूँ दिइ के उपमा समान ?
ती प्रकृति स्त्री उपमा गरेर
झुटा गरेका शशि छन् ती हेर
१८९१

गरूँ सीताको उपमा कसोरी
कमल् नयन् चन्द्रमुखि भनी की
दिएर झुटा उपमा जगत्मा
कहाउँ ब्यर्थै किन कुकविमा ?
१८९२

यदि कुनै स्त्री सित जानकी को
गरौं भनेता तुलना पनि जो
यस्ता जगत्मा रमणी कहाँ छन्
गरौं म यिन्का तुलना यहा कुन् ?
१८९३

मुखाले भारती छन् अरध शरीरका छन् भवानी पनि ता
हुदा स्वामी अनंगै रती पनि मनमा छन् मलिनै अनिता
जस्को भाइ छस बिष् औबहिनी पनिहरे बारूणीछन्जगत्मा
दिउँ तेस्ती रमाको कसरी म तुलना यि सबै जानकीमा
१८९४

यदि सुधा - समुन्द्रै बनिकन , छविनै प्रमरूप् पनि ता
बनोस् फेरी कछुवा रज्जु पनि बलियो भै ति शोभाअनिता
बनोस् श्रृंगार मन्दर्गिरि अनि रतिका नाथ आएर खास
आफ्नो हात्ले गरून् है मथन पनि स्वयं हर्ष भै चित्तमा त
१८९५

एवं प्रकार जब सुन्दर सुख्ख दाता
सौन्दर्यकी सरि रमा अरकी तहाँ ता
होलिन् प्रकट् जब अनि संकोच साथ
भन्लान् कवि तब सीता सरि ती रमा त
१८९६

गाएर गीत अनि मंगल साथ फेरि
सीताजीलाइ सखीले चउतर्फ घेरी
आए लिएर सँगमा खुसीले रमाइ
त्यो रंग भुमी भरी कान्ति ठुलो फिजाइ
१८९७

शोभा जगत् जननीको छ अपूर्व भारी
लाएर झल्मल मणि जडी लाल सरी
साथिहरू सकलले गहना मणिको
थिए सिंगारीकन जानकीमा सजेको
१८९८

बैदेहि जब रंगभुमी बीचमा पाल्नु भएथ्यो अनि
देखि सुन्दर रूप मोहित भए पुरूष नारी पनि
बाजा दुन्दुभीको बजाइ सुरले बर्षा सुमन्को गरी
थाले रम्न र अप्सरा गगनमा नाच्छन् मगन्मा परी
१८९९

बाहुमा जयमालिका कुशुमको थियो सुशोभित् पनि
अन्इच्छा सित राज पडिंतहरू ती हेर्दै लजाइ अनि
चकित् चित्त भएकी जानकीजीले खोजेर रामजी पो
हेर्दै पाल्नु भयो जसै भुपहरू सारा तहाँ मोह भो
१९००

विश्वामित्रजी साथमा रघुपते देखि सीताको नयन्
फेला पारी निधि हतार गरदै लम्के सरी भै मगन्
रूक्यो गाथ बिसे गएर प्रभुको शोभा निहारी सब
देखेर गुरूजन् र फेरि भुपका समाज ठुलो तब -
१९०१

-संकोचित भएर ल्याइ मनमै श्रीरामलाइ पनि
हेर्न लाग्नु भयो अनि संगिनीका शरीरमहा पनि
राम्रो रूप सीता र राघवजीको शोभा सबै प्राणीले
हेर्थे नेत्र पनि झिमिक्क नगरी मोहित् भइ प्रेमले
१९०२

गर्थे मन्मनले बिचार सब ती भन्दा डराएर ता
भन्थे फेरि गरी पुकारा बिधिको बिन्ति गरिसब् तीता
हे देव ! मूढ बृद्धि यो भुपतिको देउ छुटाइ छिटो
हाम्रो बुद्धि समान बुद्धि अब ता देउ जनक्मा मिठो
१९०३

छोडी प्रण्नीजको सीताजीकन ता श्रीरामका सँगमा
विवाह अब ता गरून् भुपतिले खुसी भइ चित्तमा
यति काम गरे भने जगतले भन्नेछ ठिक् भो भनि
ढिपीमात्र गरे भने जनकले संताप होला अनि
१९०४

सीताले वर श्याम सुन्दर यिनै पाउन् भनी लालषा
गर्थे लोकहरू सबै हृदयमा इश्वर् पुकारेर ता
बोलाए अनि बन्दिलाइ भुपले गाई बिरूदाबली
आए ती महाराजको नगीचमा मन्मा ठुलो हर्षली
१९०५

भन्दछन् अनिता बिदेह तिमी सब् प्रण्लाइ मेरो अब
जाइ राज समाजको बीचमहा ऐले सुनाउ सब
आज्ञापाइ नरेशको खुसीभइ सब्को अघाडी महा
भन्छन् हात उठाइ बन्दिहरूले यस्ता तबर्ले तहा
१९०६

महाराजधिराज हो हजुरमा यो भन्दछौ हामीले
प्रण्लाई महाराज श्री जनकको सारा बताए रे
बल् चन्द्रसरी हो समस्त भुपको शंकर् धनु यो ठुलो
राहुहो त्यसले ग्रसेर शशिझैं बल्लाई खग्रास पो -
१९०७

-गर्दै गर्छ मलिन तेज नृपको ठुलो धनु यो भनी
जाहेरै छ हजुरहेरू सबमा हे भुपते हो ! अनि
बाणासुर् अनि फेरी राबण पनि हेरी धनुशम्भुको
फर्के डेग चलाउनै नसकी ता मानेर नै हार पो
१९०८

सोहि शंकरको कठोर धनु त्यो तोड्ने छ जस्लेअब
तेहि वीर प्रतापीलाइ बिजय चौधै भुबन्को सब-
-मिल्ला - ध्वज समानकी जनकजा विंना बिचारै अनि
गर्नेछन् खुसीले बरण सुमनको माला धरेर पनि
१९०८

बन्दिको मुखबाट प्रण् सुनी सबै राखेर मात्रै ठुलो
उत्कण्ठा मनमा घमण्डि भूपति उठे रिसाइ अहो !
बाँधी कम्बर इष्टदेव नीजको सम्झि झुकाइ शिर
हिडे भाच्न धनु सीताजी मिलने आशा लिएर वीर
१९०९

देखाएर तमक् गरेर बलता खोज्थे धनु भाँचन
कोटि यत्न गरे घुडाधसी अहो ! शम्भु धनु बोकन
डेग सम्म पनि चलाउन धनुलाइ नसक्ता अनि
एकैपल्ट दशौं हजार नृपले थाले उचाल्न पनि
१९१०

कामीजन्हरूको सुनीकन कुरा साध्वी सतीको मन
डग्दैन जसरी उसैगरी धनु स्थिर् भो नहल्लिकन-
मानौं ती बार भुपका भुजबल पाएर झन्झन् अति
भयको बलियो सरि धनुभयो डेगै नचल्ने- रति
१९११

समात्थे मुढ ती राजा बलले धनुलाइ त्यो
फर्कन्थे लाज मानेर उचाल्नै नसकेर पो
बिना बैरागका जोगी जस्तै राजा भइ सब
पात्र भए ती हाँसोका गुमाइ किर्तिबल् तब
१९१२

थिए धीर र सद्‌बुद्धि राजाहरू जति तहा
गएनन् तिनीहरू त धनुको नै नगीचमा
हारेर भुपति सारा बसे आशनमा फिरी
झुकाइ शिर दु :खित्भै लाजले बहुतै गिरि
१९१३

जब सकल राजा ती बसे चूप भइ अनि
देखि त्यो दु :खले आकुल् भइ जनकले पनि
मानौं कोघ्ने मुछिएका हुन्कि ? जस्ताकुरा तहा
लागे बोलन धिक्कार गर्दै भूपति हेरूमा
१९१४

श्री राजा जनक्को राजाहरूमा तिरस्कार बाणी

सुनेर प्रण यो मेरो देश द्विप्का सबै भुप
आए शरीर मानिस्को धरी देब असुर् खुब
अत्यन्त सुन्दरी मेरी कुमारी छन् मनोहर
हुने विजयको लाभ पनि लोक्मा ठुलो छ र
१९१५

अतिशय कमनीय किर्ति फेरी हुने त्यो
शिवधनु गरी भञ्जन् पाउने लाभ तीन् यो
वीर पनि बिधिले ता छैन कि है रचेको ?
अब धरणी भइछन वीरले हीन् भएको
१९१७

धनु धरनु परैहोस् तील् जति सार्न ठाम
पनि नसकि नरेश सब् रहेछन् बिकाम
भनन तिमीहरूले लाभ यो मन् नपर्ने
वीर पनि कुन होला ? आस सीता नगर्ने
१९१८

वीर बिहिन यदि यो जान्दथे भुमीलाई
प्रण नगरी रहन्थे हस्सि भो आज हाइ
अब भूपतिहरू हो जाउ फर्कि स्वदेश
वीर नभन कसैले आफुलाई बिषेश
१९१९

छैन रहेछ लेखेको विवाह जानकीजी को-
-विधाताले कुमारी नै रहिन्छिन् के गरौं ? मपो
प्रण तोडौं भने पुण्डय नष्टहुन्छ सबै यहा
तोड्ने धनुषलाइ वीर् जन्मने यो धराम हा
१९२०

दु :खी भोसुनी यो कुरा भूपतिको नारी पुरूष् सब् तहा
लागे हेर्न बिकल् भएर ती सबै सीताजीको गाथमा
सुनी बाण समानको बचन ती सौमित्रिजी ता अनि
जाग्नु भो रीसले भउहरू दुवै टेढो गराएर नी
१९२१

श्री लक्ष्मणको क्रोध

लाल् लाल् नेत्र भएर ओठ ती दुवै फर्फर भएता पनि
डर्ले श्री रघुनाथको चुपभई बस्नुभयो फेर् अनि
खप्नै मुस्किलभो र शीर प्रभुको पाऊकमल्मा धरी
योग्य बाणी यसोरी लक्ष्मणजीले आज्ञाभयो त्यो घरी
१९२२

यहाँ राज हुने रघुकुलमणि श्रीरामलाई पनि
जानीजानी अधम् बचन् जनकले बोल्नुभयोहेर नी
जहाँ बस्दछ सूर्यबंशी ठकुरी तेहि सभा बिचमा
कोहिले पनि नीच बोलि यसरी बोल्दैन है सामुमा
१९२३

सुन्नुहोस प्रतापी सूर्यकुलका हे भुषण ! दाजु यो
भन्छु सत्य कुरा घमण्ड नगरी स्वभाविकैबाट पो
पाउँता यदि नाथको हुकुम यो ब्रम्हाण्डलाई पनि
भकुण्डो सरिनै पुराइ दिउँकी आकाश बिच्मै पनि ?
१९२४

माटोको घटझैं गरेर अहिले फोरी दिउकि सब?
उखेली दिउँकी मुलासरी गरि सुमेरू पर्वत अब ?
प्रतापको प्रभुको प्रभावहरूले जाबो पुरानो धनु
गाह्रो के छ र भाच्न ? हे रघुपते ! धेरै कुरा के भनु
१९२५

यस्तो जानी कुरा प्रभो हजुरले आज्ञा हवस् लौअब
खेल्बार आज गरौं रघुकुलमणि !खेल नजर् होस्अब
पंकज्का गरि डाँठ झैं धनुबिषे तादों चढाइ अनि
दौडौ चारसय कोस सम्मकी यहा ँ पिनाक लिएर नी
१९२६

प्रतापको बलले प्रभो हजुरको यस्लाई च्याउ सरि
भाँचि फालि दिउँकी एकछिनमै ?आज्ञा हओस्यो घरी
प्रभुको पदको गरि शपथ यो भन्छु म ऐले यहा
छुने छैन धनु गरिन यदि यो काम भने लोकमा
१९२७

जब बोल्नु भयो रीसाई यसरी सौमित्रीले त्यो घरी
भुमी डग् मगिइन् र दिग्गजहरू धर्मर् भए बेसरी
तर्सीए न रनारीहेरू र अनि राजाहरू सब् तहाँ
सीताजी हुनुभो प्रशन्न रजनक् लज्जित् भए मन्महा
१९२८

ऋषिबर्गहरू र रामजी पनि हर्षित भए मन्महा
रोमाञ्चित् पनि बारबार खुसीले हुन भयो फेर् तहा
आखाले गरि सान झट्ट प्रभुले लक्ष्मणजीलाइ पनि
नीबारण् गरि राख्नु भो संगमहा प्रेम्ले तुरून्तै अनि
१९२९

भयो बखत बेस यो भनी बुझी ऋषिले पनि
मिठो बचन प्रेमले यसरी भन्दछन् फेर् अनि
उठेर रघुनाथ लौ जनकराजको यो ठुलो
हटाउ अब दुःख ता शिव धनुष भाँचेर पो
१९३०

सुनेर गुरूको बोली राख्नुभो पाउमा शिर
प्रभुको मनमा हर्ष न बिषाद भयो फिर
आफ्नो स्वभाब चाललै उठेर रामजी पनि
गम्भिर सिंह जस्तो भै हिड्नु भो रोबसाथ नी
१९३१

मञ्चरूपी पहाड त्यो उदयमा बाल रविझैं बनि
उदाउनु भयो रघुकुलमणि फिँजेर ज्योति पनि
साधु सन्त रूपी फुले कमल ती नेत्र रूपि भ्रमर
गर्छन् स्वागत प्रेमले प्रभुजीको गुञ्जन् गरेर फिर
१९३२

आशा रूपि निशा खतम् हुनगयो राजाहरूको सब
नक्षत्र रूपि बाणी ती मलिन भो तिनीहरूको अब
घमण्डी भुपरूपि कुमुदहरू खुम्चे सबै त्यो घरी
कप्टी भुपरूपी उलुकहरू सबै भागे डरैले गरि
१९३३

मुनि देव रूपी चखेवाहरूको
हटी दुःख सारा ठुलो हर्षले पो
सुमनको सबै बर्षणा गर्नलागे
जनाएर सेवा सबै रम्नलागे
१९३४

गुरूको चरण्मा झुकि प्रेमसाथ
लिइ फेरी आज्ञा ऋषिहेरू साथ
रघुनाथ स्वामी सबैलोकका जो
मदमत्त हाथी सरि चालले पो
१९३५

प्रभो राम आफ्नो स्वभाविक् गतिले
तहाँ हिड्नु भो भाँच्नलाई धनु रे
हिडेका प्रभुदेखि नर् नारी सारा
भए हर्ष गद्गद सबै ति बिचारा
१९३६

गरी बन्दना देव र पितृमा पो
सबैले अनि भन्छन् यो कुरा जो
यदि हामी सब्को भए पुण्य केहि
प्रभाव् पुण्यको आज आएर सोहि
१९३७

बिनायक् ! हे इश्वर ! रघुपतिजीले शम्भु धनु यो
कमल्को डाँठ जस्तै गरिकन त तोड्नु अब प्रभो !
प्रभो ! शम्भो ! गर्छौं बिनति प्रभुको आज पदमा
धनु आफ्नो हल्का गरि दिनु हओस् यो बखतमा
१९३८

जनक्की रानीले प्रिति सित निहरी प्रभुकनै
बिलखबन्द भारी परिकन तहै स्नेहबस भै
सखी आफ्नो डाकी यसरि तिनी भन्छिन् बिकलभै
तमाशे रेछन् ती सब हितु भनेका स्वजन है
१९३९

यि बालक् छन् यस्ताहट नगर बेस् छैन भनी ता
कसैले सम्झाई भुपतिकन भन्दैन पनि ता
सखी बाणासुर औ दशबदन फर्के लजित भै
उहि श्री शम्भुको धनु कसरी भाँच्छन् शिशु यि है
१९४०

घमण्डि राजाको गरब सब भो चुर्ण धनुमा
लजित् भै ति फर्के धनुष नसकी भाच्न मनमा
धनु तेहि दिन्छन् अलप वय राम्लाई अहिले
सखी हाँस्ले सक्ला मन्दरगिरि बोक्न र कहिले
१९४१

बिधाताको गति केहि जान नसकिने छ पो
बठयाँई भूपको सारा पहिलेको हिडेको छ पो
सुनी दु :खित यो बाणी रानीको चतुरी सखी
भन्छिन् कोमल बाणीले रानीलाई गरि खुसी
१९४२

रानी हेर्नुअहोस कुम्भज कहाँ कहाँ अगम् सिन्धुत्यो
सोचे तै पनि सिन्धुलाई मुनिले पिएर मात्रै अहो !
सानो हो भनी तेजिलो जनकनै हु दैन भन्नु पनि
सानै मन्त्र जपि बिधि हरिहर हुन्छन् ती बस्मा परि
१९४३

सूर्यमण्डल छ सानो नजर गरि लिदा रानी ! उस्ले उदाइ
झल्मल् गर्दिन्छ लोकै त्रिभुवन भरि यो अन्धकार हटाई
महामत्त गजेन्द्रकन पनि जसरी एक सानो भएको
अंकुशले गर्छ बस्मा लघु गुणीहरूले गर्दछन् काम ठुलो
१९४४

कोमल फूल्को धनु औ शर पनि फूलको नै लिनेमीनकेतु
बस्गर्छन् लोकमहा चर अचर सबै एकला भै ती हेतु
मन्मा यो सब् बिचारी महिषि हजुरले छाडी सन्देहलाई
हुनुहोस् प्रशन्न धनु रघुपतिले भाच्दछन् झट्ट जाई
१९४५

सुनी संगिनीको कुरा महिषिलाइ बिश्वास भो
बिशाद हटि चित्तको प्रभुजी माथि झन स्नेह भो
अनि नजर राममा दिइ सीता जउन् भो उहि
मनाइ सुर प्रार्थना गरनु हुन्छ मन्ले नुहि
१९४६

महेश्वर भवानी हे जति गरे पूजा नाथको
भएर उसले खुसी सुफल पारी सेबादि त्यो
हरेर धनुको सबै गहरूङ्गोपना आज यो
सहाय गर अम्बिके ! दु :ख हरेर मेरो ठुलो
१९४७

धरी धिरज चित्तमा शरीर हेरदै रामको
मनाउनु भयो सबै गरि पुकार देवादिको
भरी नयनमा भयो जलपानी अहो ! प्रेमको
भएर पुलकाबली जिउ सिरिडङ्ग सारा भयो
१९४८

नजर् गरेर आँखाले शोभा श्रीरघुनाथको
प्रण सम्झेर बाबुको सीताको मन द् :खी भो
'अहो ! पिता कडा राखी प्रण यो अहह ! ठुलो
दु :ख भो ' भनी यो मन्मा सीता बिकल बन्नुभो
१९४९

'नसम्झिबक्सने रे छ लाभ हानी हजुर ता
डरले चूप भै बस्छन् सल्लाहा नदि मन्त्रि ता
हुनलाग्यो अति हीन काम विद्वान माझमा
हे विधाता ! धरौ धैर्य कसरी ? भन चित्तमा
१९५०

बज्र भन्दा पनि धेरै कठोर धनु यो कहाँ
कहा श्याम शरीर् कोमल् किशोर रामले यहा
शिवको धनु यो तोड्नु हुन्छ कसरी ?के गरी
कहि शीरिषको फूल्ले हिरा काट्छ र टुक्गरी ?
१९५१

एवं प्रकारले धेरै मनमा चिन्तना गरी
अत्यन्त खीन्न सीताको मन भो दु :खले भरी
नीमेष पनि लामो भो शतकल्प समानको
सीताको निम्ति निमेष बित्न लाग्यो भइ ठुलो
१९५२

बारंबार नजर् गर्दै रामगाथ र भुमीमा
छिटो छिटो प्रभु हेरि गर्दा नजर पृथ्वीमा
चञ्चल् नजर सीताको माछा जस्तै अनंगको
मुखचन्द्र रूपी पिडङ्मा चढी खेल्ने सरी भयो
१९५३

लाज रूपी नीशा देखि बाणी रूपी भ्रमर् पनि
थुनियो मुखरूपी त्यो कमल् भित्र गएर नी
कृपण्को धन जस्तो भै नेत्रकाजल नेत्रको -
-रह्यो कुनामहा जाइ खसेन जानकीजीको
१९५४

अत्यन्त बिकल आफु जानी संकोचले तहा
धर्नु भो धैर्य बिश्वास ल्याएर हृदय महा
मेरो मन्मा भए सत्य प्रिती रामचरण् महा
भवानीले पुरा गर्लिन् इच्छा मेरो सबै यहा
१९५५

स्वामी पाइन ता राम भने मर्नेछु यो घरी
प्रण मेरो भयो साचो तन मन् र बचन् गरी
रामकै पाउमा मेरो लागेको चित्त यो भए
गर्नेछन् शिवले आफै रामदासी मलाइ रे
१९५६

जुन् सत्य प्रेम जसको जसमाथि हुन्छ
पाएर तेहि उसमा सुख धेर हुन्छ
सन्देह छैन यसमा तर प्रेम साचो
पर्छ हुनु कपट हिन र स्वच्छ ता को
१९५७

हेरेर रामको गाथ सीताले प्रण प्रेमको
गर्नुभयो दयालो ती राममा सब ज्ञात भो
अनि देखि सीतालाइ गरूड् झैं गरि रामले
हेर्नु भयो धनु रूपि सर्पलाई अगाडी रे
१९५८

लक्ष्मणको हर्ष ध्वनी

शंकर्को धनुलाइ दाशरथिले हेर्नु भएको पनि
देखि हर्ष भएर लक्ष्मणजीले रोमाञ्च गद्‌गदबनी
थिचेर नीजको दुवै चरणले फेरि घरालाई ता
सम्वोधन गरेर हर्षित भइ भन्छन् अनि यो ती ता
१९५९

भाँच्नुहुन्छ प्रभुले धनु हेर
स्थिर हौं तिमी धरा नचलेर
शेष लौ तिमी पनि भुमीलाई
बोके है अब बिचार पुन्याइ
१९६०

हे कच्छप् तिमी यि दुवैकन पनि राम्रो गरि थाम हो
हे दिग्गज् ती तिनै थरीकन तिमी थाम धरी चित्त पो
बराह तिमले अडेर स्थिर भै सब्लाई राम्रो गरी
धारणा गर आज चित्त बिचमा खुसी भई बेसरी
१९६१

आज्ञा सुनेर मेरो यो सावधान भइ रहु
भाँच्नुहुन्छ रघुनाथ शिवको धनु स्थिर् रहु
धनुको नगिचै राम पुग्नुभो जबता अनि
भाक्न लागे सबै आपन्ना धर्म र देवता पनि
१९६२

शंका अज्ञान सब्को मूढ नृपहरूको ती अभिमान भारी
पर्शुराम्को घमण्ड सुर मुनिहरूको दिनता ती बिचारी
पश्चाताप जनक्को अनि पछि अतिनै जानकीको ती सुर्ता
दारूण् दु:ख् रूप् डढेलो जनकमहिषिको यति आठचीज्पनिता
१९६३

संगमा डपन्फा भएरै शिव धनु रूपी त्योपारी फेला जहाज
तेसैमाथि चडेरै भुज बल रूपिका रामको जो अगाध
सिन्धुको पार जाने पनि तिनीहरूले खोज्दथे है परन्तु
हाँक्ने जाहाजलाई निपुणकणधार् कोहि थिएन किन्तु
१९६४

रामले धनु भंग गर्नु

हेर्नुभो रघुनाथले अनि सबैलाइ सभा बीचमा
देखिए स्थर ती सभासद सबै मूर्ति सरि चित्रमा
हेर्नु भो करूणा निवास प्रभुले सीताजीलाई अहो !
त्यो बेला सब देखि ब्याकुल बढी जान्नु सीतालाई भो
१९६५

पललाइ समान कल्प सरिको गर्दै बिताइ तहा
देखि दु:खी हुने बिकल् जनकजालाइ प्रभु मन्महाँ
सोच्नुहुन्छ मऱ्यो भने जल विना प्यासा भइमानिस
मुर्दालाइ मिले पनि पछि सुधा तलाउ के काम छ
१९६६

खेती बाली सुकी सके पछि हुने बर्षा छ के कामको ?
तेस्तै औसर चुक्नगो यदि भने पछुताइ के हुन्छ पो
बिचारी गरी रामले यसरी नै हेर्नु भयो जानकी
देखेर अति प्रेम जानकीजीको रोमाञ्च भै फेरी की ?
१९६७

चित्तैले गुरूको प्रणाम प्रभुले गर्नुभयो फेर् अनि
लिनुभो धनु त्यो उठाइ करमा अत्यन्त छिटो पनि
पृथ्वीबाट धनु फिकेर जबता लिनुभयो हातमा
बिद्युत चमके सरि हुन गयो तेस्बखत्मा तहाँ
१९६८

तेर्सोबाट भयो धनु अनि गगन् मण्डल् सरि बाटुलो
लिदा चाप चढाउँदा र खिच्दा कस्ले पनि ता अहो
देखेनन् सब ती खडा तहि निमेष मै भो सब
तत् क्षण्मै धनु माफमा प्रभुजीले भाच्नु भयो है तब
१९६९

महाघोर कठोरका शबदले लोक सबै ब्याप्त भो
प्रचण्ड ध्वनी त्यो गएर नभ औ पाताल नै थर्कियो
भड्किए रथका समस्त हय ती श्री सूर्यका त्यो घरी
चित्कार् दिग्गजेहरू फेरी गरथे पातालमा बेसरी
१९७०

लागिन् डग्मग गर्न भूमि पनिता फेरी बराह अनि
शेष कक्षप धर्मराउन सबै लागे डराएर नी
देव दैत्य मुनिहरू सकलले हात्ले थुनी कान ता
ब्याकुल् भै गरि फेर् बिचार सबले लागे जय भन्नता
१९७१

रामका बलरूपी सिन्धु बिचमा हरधनु रूपि त्यो - ?
-जहाज चढी गम्किएर खुसीले बस्ने अघीका ती जो
बिचरा तिनीहेरू आठ सगमा डफ्न्फाहरू जो थिए
रामका बल रूपि सिन्धुबिचमा सारा ती डुब्दा भए
१९७२

टुका त्यो धनुको दुवै प्रभुजीले फल्नु धरामा भयो
त्यो देखि नर नारी हर्षित भए सारा जनकपुरको
विश्वामित्र रूपि पवित्र जलधी रामरूपि पूर्ण शशि
-लागे देखि पुलक् रूपि भइ बढ्यो जुवार भाटा अघी -
१९७३

लागे बज्न निशानहेरू नभमा बाजा घनाघन् गरी
गाइ मंगल गीत उर्वशीहरू नाच्थे मगन्म परि
ब्रम्हादि सुर सिद्ध योगीहरूले तारिफ् गरी रामको
थाले आशिश् राममा दिन सबै खुसी भइ भित्र जो
१९७४

माला फूल अबिरको फरी भयो गन्धर्वै औ किन्नर
थाले गाउन गीतहेरू रसिला मिठा अति सुन्दर
जय जयतिको ध्वनी भरिन गो ब्रम्हाण्डमानै सब
धनुभंग ध्वनी मिलेर उसमै एकै भयो शव्द त
१९७५

जाहि ताहि खुसी भएर दुनिया भन्थे ती आफुसमा
भाच्नु भो शिवको कठोरधनु त्योराम्लेसभाबिचमा
बन्दी मागध सुतहेरू सबले पारेर बुद्धि स्थिर
लागे , भन्न यस प्रशस्ति सबले राम्रो गरि लौ फिर
१९७६

सुक्न लागी सकेको ती धान्मा पानी परे सरी
हुँदा रानी सखी साथै भइन् हर्षित बेसरी
पौडी खेलेर थाकेका जनले ठाउँ पाउदा -
- सरि हर्षित भए राजा शोक सुर्ता त्यजेर ता
१९७७

दिनमा दिपको जोति घटे जस्तै मलिन भै
श्रीहित् भए सबै राजा टुटदा धनु घमण्ड गै
सीताको सुखको वर्णन के गरेर गर्‍यौ यहा
श्वातीको जल पाएकी चातकी भैं भइन् तहा
१९७८

शशिलाई चकोरीको बच्चा हेर्छ जसो गरी
लक्ष्मणले रामजीलाई हेर्नु भो सोहि रीत् गरी
अनि आज्ञा शतानन्दजीले दिनु भयो जब
रामको नगीचै जान लाग्नु भो जानकी तब
१९७९

सीतास्वयम्वर

साथमहा रहेका ती सुन्दरी मृदुभाषिनी
गाउँथे सखिहेरू ती मंगल् गीत सुभाषिणी
अपार सुन्दर शोभा भएकी जानकी पनि
हिड्नु भो राजहम्सीको चालले खुसीसाथ नी
१९८०

छविहरू - बिच - महा - छवि - सरी
सखिहरूका बीच जानकी रहि
फिंजाई शोभा जन मुग्ध पारदै
चलाउदै पाउ अलि लजाउदै
१९८१

जस्मा जगत्को बिजय छवि पनि
छाइ रहेको जय मालिका पनि
थियो सु शोभित् दुइबाहु बीचमा
फुलि रहेको खुसीले फूली तहा
१९८२

संकोच् शरीर्मा मनमा परम् खुसी
हुने भएको गूढ प्रेम जो छ की
सकेन कस्ले पनि ताड्न त्यो घरी
शनै : शनै : जानु भयो अघि सरी
१९८३

पुगी समीप्मा रघुनाथको जब
शोभा निहारी भइ चित्र भैं तब
हुनुभयो जानकी स्थिर त्यो घरी
मन् चित्त आफ्नो प्रभु पाउमा धरी
१९८४

त्यो हाल देखे जब जानकीजीको
भन्छन् सखिले अनि घच्घचाइ पो
राम्रो गरी माल्य लिएर हातमा
पैह्राउनु होस् न राम कण्ठमा
१९८५

बेला भयो साइतको छिटो गरि
पैह्राउनुहोस कुमारी यो घरी
कुरा सखिका सुनी जानकीजीले
उठाइ माला दुइ बाहु पद्मले
१९८६

खोज्नु भयो धर्न प्रभु गलामहा
भएर विव्हल् अति प्रेमले तहा
सक्नु भएन जयमाल्य त्यो घरी
उठाइ पैह्राउन ता छिटो गरि
१९८७

डाठै सहित्का दुइ पद्मले झुकि
डरी डरी श्री शशि सामुमा पुगी
हुन्की ती लागे सरि गर्न अर्पण
माला सुमन्को सरि देखिए छन्
१९८८

फिजी रहेकोछ छवि अपुर्व भै
चली रहेको छ समीर मन्द भै
झुलि रहेको जयमाल्य हातमा
झुकि रहेका दुइ नेत्र लाजमा
१९८९

थियो नज्र श्री रघुनाथ पाउमा
अनन्त उत्साह उमंग चित्तमा
बढी रहेको दुइबाहु माल्य ली
झुलि रहेको श्रमले अलि अलि
१९९०

खिलि रहेको खुसीले मुहार त्यो
हर्ने सबैको मन नेत्रलाइ जो
गाइ रहेको छन् गीत सुन्दरी
मंगल ध्वनीले बहुतै मिठो गरी
१९९१

जनक नन्दिनीले दुइबाहुले
सुमनको जय माल्य उचाली रे
खुसी भएर गला बीच रामको
धरनुभो दहम डुबी प्रेमको
१९९२

निल गगन् सरिको प्रभुको गला
करसफा दुइ जानकीका भला
गगनमा बिजुलि सरि देखियो
अडी नयन् सबको उसमै रह्रयो
१९९३

हृदयमा प्रभुको जयमाल्य त्यो
पुगी भनेर घमण्ड गरी ठुलो
विजयको ध्वज भैं भइ विश्वको
झुलि रहेछ रवाफ गरि ठुलो
१९९४

बर्माला प्रभुको गलाबिचमहा हेरेर हर्षित भइ
गर्छन् बर्षण पुष्पको सुरहरू आकाश बीच्मा रहि
देखेर सविता कुमुद् गणहरू खुम्चे सरि भै कन
ती सारा भुपहेरू खुम्चिन गए गौरव् हराइ कन
१९९५

लागे बज्न बिबिध बाद्यहरू त आकाश औ पुरमा
दुर्जन दु :खित सज्जनहरू सबै हर्षित भए चित्तमा
नाग किन्नर देव मानिस मुनि सारा खुसीले अनि
जय जय भनेर आशिश सबै दिन्छन् प्रभुमा पनि
१९९६

गाउँछन् मृदु नाच्छन् सुरबधु हेरू अति हर्षले
गर्छन् बर्षण बारबार फुलको सारा ती देवादिले
जाहि ताहि रहेर ब्राम्हणहरू वेद् पाठ गर्छन् सब
गाउँछन् विरूदाबलि खुसी भई बन्दी हरूले सब
१९९७

भाच्नु भो धनु रामले र बरण बैदेहिले गर्नु भो
भन्ने सुयशले रसातल धरा आकाश नै ब्याप्त भो
आरति नरनारी हेरू पुरमा गद्गद् भइ प्रेमले
आफ्नै है सत बिर्षिएर सबले दान् गर्दछन् धरेर
१९९८

रहेको पनि हो की ? एक जगमै छवि र श्रृंगार ती
भनेभ्कै रघुनाथ जानकीजीको जोडी खुल्यो धेर की
दर्शन् गर्नुहओस राघबजीका पाउकमल्को भनी
भन्छन् ती सखिहेरू जानकी भने डर्ले नगर्ने पनि
१९९९

सम्झि गौतम पत्नीको गती सिता पाउ प्रभुको पनि
छुन लाई डराउँदै चरण ती छुनु भएन अनि
यस्तो अद्भुतको अलौकिक प्रिती देखि अति हर्षले
हास्नु भो रघुबंश भूषण प्रभो मन् भित्र नै प्रेमले
२०००

कुर मूढ र मूर्ख भुपति हरू फेरि जति छन् सब
लागे लालच गर्न देखि अनि ता सीताजीलाई तब
जुर्मुराइ उठी लगाइ कबचै कोधित् भइ चित्तमा
लागे बक् बक् गर्न भूपति हरू एठी सभा बीचमा
२००१

भन्छन् जानकीलाई पक्की दुइटै राजपुत्रलाई पनि
बाधि ल्याउँ टुटाउदै धनु पुरा हुदैन आशा पनि
हामी सब् जिउदै छदै पनि यहा राजपुत्रिलाइ अब
सक्ला गर्न विवाहको समरमा जितेर हामी सब
२००२

लागी राम तिरै यदि जनक नै गर्छन् सहाय भने
जितेर तिनलाई रामहरूका साथै लगी बाधने
सुनी मूर्ख कुरा ती मूढ हरूको साधु अरू भूपले
लागे भन्न यसोरी ती अधममा धिक्कार गर्दै हरे
२००३

यो राजाहरूको समाज बीचमा लज्जा पनि लज्जित
भइछ अत एव निर्लज बनी यस्ता कुरा बक्न त
लाग्यौ है भुप हो ! प्रताप बिरता नाक र इज्जत् बल
साराको अघिनै पिनाक सगमै भाँचि सकियो खल
२००४

उहिहो शुरता की ? फेरी सबले पायौ नयाकी अब
यस्तै बुद्धि भइ मसि घसीदिए मुख्मा बिधिले सब
इर्षा मोह र मद् त्यजेर अहिले आँखा भरी रामको
-शोभा हेर खुसी भएर सबले जानी पिता लोकको
२००५

अग्नि भ्कैं प्रचण्ड लक्ष्मणजींको कोध् जानी जानी कन
सलह भइ ब्यर्थ अग्नि बीचमा पर्छौ नमानी किन ?
लिन खोज्दछ भागलाइ जसरी गरूडको कागले
जस्ता रित् सित शिंह भाग लिन ता खोज्छन् खरायोतिरे
२००६

चाहन्छ असल अकारणमहा कोधि हुने मानिस
जस्तो शंकर द्रोहि ब्यक्ति जगमा चाहन्छ ऐश्वर्य त
ईच्छा राख्दछ किर्तिको जगतमा जस्तो कृपणेले पनि
कामोजन् अकलंकता जगतमा खोज्छन् सदा हा !अनि
२००७

जस्तो हरि चरण देखि बिमुख भएको
चाहन्छ ब्यक्ति पनि सद्गति आफ्नो जो
तेसै सरि भुप तिमी हरूको बिचार
लालच् ठुलो भइ रहेछ बढो अपार
२००८

सुनी कोलाहल् यो भूपतिहरूका जानकी पनि
सशकित् भै आफ्ना सखिहरू सबैसाथ लिइ नी
महारानी माता समिप भ्कट जानु पनि भयो
गरि धेरै मन्मा डर र अनि शंका पनि ठुलो
२००९

सीताको प्रितीको बरणन गरि भित्र मनमा
खुसीले जानु भो प्रभुपनि गुरूका समिपमा
बिधिले के फेरी अब गरन आँटे भनी सीता
महारानी साथै हुनु पनि भयो धेर् भयभीता
२०१०

कुरा ती भुपहरूका सुनी सबै कोधित भइ लक्ष्मण
लाल्लाल् नेत्रगरि यता उता सबै लाग्नु भयो हेरन
बोल्न सक्नु भएन त्रास मनमा राखी रघुनाथको
टेढो भो भृकुटी लक्षुमणजीको कापी दुवै ओठ जो
२०११

मानौं मत्त गजेन्द्रका फउज ती देखेर जोस्ले भरी
हेरेको शिशु शिंहले कुपित भै होकि ? भने भ्कैं गरि
सारा ती भुपलाइ लक्ष्मणजीले लाग्नुभयो हेर्न रे
तत्क्षण् मै सबलाई ध्वस्त गरछु भन्ने सरि भावले
२०१२

देखि खल्बली त्यो डराई मनमा ब्याकुल् भएका सब
भ्कुम्बिइ नरनारीहेरू ती सबै राजाहरूमा तब
कोधित् भैकन गालि दि कन कुरा लागे सबै गर्न ता
सोहि औशरमा सुनेर शिवको भाच्यो भनी चाप ता
२०१३

परशुराम आगमन्

ताहि आइपुगे भृगुकुल कमल् पतंग श्री भार्गव
तर्सिए ऋषिलाइ देखि डरले राजाहरू ती सब
गोरो गाथ बिषे घसेर बभुति थियो अति उज्जल
त्रिपुण्ड भइ भष्म शोभित थियो ललाटमा झलमल
२०१४
थियो शिरमा जटा शशि सरि गोरो थियो गाथ ता
कोधैले गरदा मुहार ऋषिको लाल भएको छ ँदा
टेढिइ रिसले दुवै ती भृकुटि आँखा थिए लाल जो
साबिकै सित हेरदा पनि हुने भान पनि कोधिको
२०१५
पुष्ट छाती अनि हात छ ठुलो
काँध ती बृषभका सरि अग्लो
फेर् जनै पनि सफा रहि छड्के
काधमा छ भइ सुन्दर धर्के
२०१६
रूद्राक्ष माला अनि धाँटि माहा
राम्रो थियो फेर् मृग चर्म ताहा
शरीरमा शोभित भै रहेको
थियो कटि कौपिनले सजेको
२०१७
ठोको थियो पीठमहा भिरेको
धनु वाँण करमा लिएको
त्यो काँधमा उज्जल भै रहेको
थियो कुठार पनि शोभिएको
२०१८
भेष भने शान्त कडा चरित्र त्यो
गरेर बर्णन् सकिदैन रूपको
लिइ मुनिको रूप वीर रस् तहा
आए सरि ती भुपहेरू बिच महा
२०१९
खडा भए अद्भुत रूपले मुनि
देखि अगाडी ऋषिका स्वरूप् अनि
हर्थे सबै ब्याकुल भै नरेश ती
अधीर भै चित्त बिषे डरी अनि
२०२०

बाबुको नाम् समेतै लिइकन नीजको नाम पाउ परेर
प्रणाम गर्न लागे अनि पछि सबले हात जोडी नुहेर
साधारण् हित सम्झि जसकन परशुराम हेर्थे अनि त्यो
सम्झिन्थ्यो ब्यक्ति आयु घटीकन नजीकैकाल आएसरिपो
२०२१
तुरून्तै आइ राजा जनक अनि पछि शिर् चरण्मा झुकाए
सीताजीलाइ डाकी ऋषि चरणविसे दण्डबत् गर्न लगाए
आशिश् भार्गवैले पनि जनक सुतालाइ दिए तहा यो
हाओस् तिम्रो सुआग अचल जगतमा किर्ति ठुलो फिजीपो
२०२२
आशिर्वाद सुनी यो खुसी भइ सखिले जानकीलाइ ल्याए
फेरी भार्गव् ऋषिकासँग अनि खुसीले कौशिक भेट्न आए
डाकेर फेरि भाइ रघुपति कनता परशुरामको चरण्मा
प्रणाम गर्न लाए दशरथ सुत ती जोडी राम्रा सबैमा
२०२३
देखी दिएर आशिष् प्रभुहरू दुइमै हर्षभै राम हेरि
थकित् भोनेत्रतिन्कोछविहरू प्रभुको देख्न पाएर फेरि
मार्को मदलाइ हर्ने रघुपति दुइकै कान्ति थियो अपार
जस्को सम्झेर शोभा भगतहरू सदा हुन्छ संसार पार
२०२४
फेरी भागर्वको देह कोधले ब्याप्त गऱ्यो अनि
बुझे पनि नजाने झैं गरी जनक साथ नी
सोद्धछन् भन यो राजा ऐले भिड भयो किन ?
किन आए यहाँ सारा भुपतिहरू यि भन
२०२५
कारण जुन भै ताँहा आए भूपहरू सब
भने जनकले सारा हाल प्रण् देखीको तब
सुन्नासाथ कुरा यस्तो घुमेर हेर्दछन् ती ता
मिल्किएको धनुटुका देखी जमीन माथि ता
२०२६
अत्यन्त कोधले फेरि कठोर बोलि त्यो घ री
भन्दछन् परशुराम राजालाइ यसो गरी
हे मुर्ख ! जनक मूढ भन लौ कसले अहो !
तोडेको धनु हो ऐले देखाउ झट्ट जो छ पो
२०२७
नत्र आज जहा सम्मन् तेरो राज्य छ यो घरी
घोप्टयाइ दिन्छु पृथ्वी यो त्यहा सम्म उलट गरि
उत्तर नदिइ राजा अत्यन्त डरले गरी
बस्दछन् चुप भै आपनो झुकाई शिर त्यो घरी
२०२८

भए हृदयमा हर्ष अधम भुपहेरू ती
डराए पुरका नारी नरहेरू समस्त ती
देवता मुनि ती सारा त्रासली मनमा अति
ब्याकुल् भएर ती लागे गर्न अप्सोच धेर की
२०२९

महारानी सीता माता मनमा पछुताउदै
विधाताले सम्हालेको बिगार्‍यो भनी आतिदै
भन्दछिन् दु:खले ब्याकुल् भएर अति नै अहो
नमानी प्रण गर्नाले भुपले दु:ख यो भयो
२०३०

परशुरामकोस्वभाव जबत सकल त्यो सुन्नुभो जानकीले
आधा निमेषकाल पनि युग सरि भै दु:ख दायी भइ रे
सीताको बित्न लाग्यो मन विकल भइ तर्क धेरै गुनी रे
के गर्नाले ऋषिको रिसहरू सब त्यो शान्त हा ला भनी रे
२०३१

लक्ष्मण परशुराम संबाद

देखि सबैलाई अति डरेको
श्री जानकीलाइ बिकल् भएको
अनि दयालो रघुबंश नाथ
नराखी' मन्माहरष बिषाद
२०३२

बोल्नुभो ऋषिको अघिल्तिर गइ नाथ धनु शम्भुको-
-भाच्ने दास प्रभों यहाँ हजुरकै होला कुनै एक पो
आज्ञा के छ परन्तु हे ऋषिपते ! हुदैन आज्ञा किन
भन्ने यो प्रभुको कुरा सुनी त हा कोधि मुनि भन्छन्
२०३३

सेवा गर्दछ खुस् गरेर जसले दास तेहि हो सुन
शत्रुको करनी गरे पछि यहाँ पर्नेछ लद्न्‌ गुन
भाच्यो त्यो धनुलाई आज जसले हेर रघुनाथ त्यो
कार्तबिर्य समानकै यस घरी मेरो भयो शत्रु यो
२०३४

चाडै भुपसमाज छोडी त्यसले छुट्टै रहोस अब
त्यो निम्ति सुन मर्दछन् न त भने राजाहरू यि सब
सुनी भार्गबको कुरा सकल ती हाँसेर सौमित्रीले
भन्नु भो परशुधरण् गरि लिने तिन्लाई हेपेर रे
२०३५

भाँचेथ्यौं अघि बाल काल बीचमा धेरै धनुहि पनि
हे देव ! प्रभुले यसोरी रीस ता कैले गरेको पनि
-देखिएन परन्तु आज धनुमा कारण् कउन्ले गरी
ममता हुन गो प्रभु हजुरको आज्ञा हवस् यो घरी
२०३६

लक्ष्मणका सुनी यो कुरा भृगुकुलकेतु अति कुद्ध भै
भन्छन् लक्ष्मण्लाई फेरी यसरी तलाइ ता बोल्न नै
हे कालाधिन ! हे ठिटानृपतिको ! रहेनछ सोमत
भस्म त्रिपुर पारने शिवधनु कै त्यो अरू भैं छत
२०३७

हाँसेर अनि फेरी लक्ष्मणजीले भन्नुभयो हे प्रभो !
मेरो समुझमात एकसरिनै ठान्छु धनुहेरू त्यो
नाफा के छ र ? फेरि हानी पनिता थोत्रो धनु तोडदा
के भो ? आज यहा र ब्यर्थ यसरी गर्नु भयो कोध ता
२०३८

नयाको भुलमा परेर प्रभुले हेर्नु भएको थियो
छुँदैमा धनु भाँचियो गुरू ! हरे! के दोष भो रामको
लक्ष्मणका सुनी यो कुरा ती मुनिले हेरी कुठारै अनि
बोले ए बदमास बानी तहिले मेरो सुनेको पनि
२०३९

रहेन छ की ? ता फेरी मुखले बोले शिशु हो भनी
मार्दिन मूढ तेस कारण अनि तैंले त खाली मुनि
-ठानेको छ मलाई कोधि छु मता प्रख्यात लोक्मैअनि
नीरन्तर् कुल द्रोहि क्षत्री हरूका बालब्रम्हचारी पनि
२०४०

जीती बाहु बल्ले पृथ्वीकन धेरै पटक ता
गराएँ राजाले रहित र अनि दान पनि ता
दिएँ बिप्रलाई सहस भुज ती कार्तबीर को
हजारै हात्काट्ने परशु यहि हो हेर मूढ यो
२०४१

गर्भमहा रहेका ती अर्भकको पनि छेदन
गर्ने भीषणको घोर यो मेरो परशु कन
हेर ए ! भुपको बच्चा ब्यर्थमा जननी पिता-
-लाइ दु:ख नदे ठुलो मान मेरो कुरा यि ता
२०४२

हाँसी सौमित्रीले मिठो भन्नु भो अनि यो कुरा
महा योद्धा भनी देव ! आफुलाई हजुर् पनि
ठान्नु मन्मा हुदोरहेछ बारंबार मलाई यो
-देखाइ बञ्चरो ऐले हेप्नु हुन्छ गजब् अहो !
२०४३

फुकेर खोज्नु भाको हो कि ? यहाशैल उडाउनै
देखेर तर्जनी मर्ने कैडां छैन यहा कुनै
भन्नलाई त जे मन्मा लाग्दछ भन्नु होस त्यो
म ता रोक्दछु है कोध जनै देखि हजुरको
२०४४

देवता ब्राम्हण गाइ विष्णु भक्त यि चारले
जे गर्छन् यिन्का माथि सुन्याई सूर्यवंशीले -
-गर्दैनन् मारदा पाप लाग्नेछ यिनलाई जो
हान्यो भने यिनै देखि अपकिर्ति हुनेछ पो
२०४५

हान्दा हान्दा पनि स्वामी लात्त हजुरले यहा
पर्दछ हामीले झुक्नु हजुर्कोनै चरण्महा
करौडौं बज्र झैं सारो बाणी त्यो छ हजुरको
किन ब्यर्थ धनु बाण कुठार लिनु हुन्छ पो
२०४६

देखेर जे कुरा मैलै बोले अनुचित मुने
माफ पाउ ती साराको हे धीर ! भृगुनन्दने !
सौमित्रीका सुनी सारा यो कुरा भृगुकामणि
गम्भिर बाणीले बोले विश्वामित्र सगै अनि
२०४७

कौशिक सुन यो बच्चा मूर्ख कुटील कालले -
-घेरेको कुल ता आपन्नो नास्ने. अधम चालले
भानुबंश रूपी नीर्मल् चन्द्रमामा कलंक झैं
निडर् अबुझ र बिलकुल् उच्छन्खेलं रहेछ है
२०४८

अबता पलमै ग्रास हुनेछ कालको पनि
पुकारी भन्दछु मेरो छैन दोष भनेर नी
बचाउन तिमी खोज्छौ यसलाई भने यदि
यसलाई तिमी रोक मेरो क्रिर्ति जनाउ दि
२०४९

सौमित्री भन्दछन् फेरी खडा हजुरनै छँदै
हजुरकी सुशयुलाई अरू कस्ले बयान नै
गर्न सक्छ र हे देव ! आफनो किर्तिलाईजो
आपन्नो नै मुखले घेरै तारिफ गरि सक्नु भो
२०५०

भएन पूर्ण संतोष ता भने फेरी त्यो अझ
भन्नु होस रीसरोकी नखप्नु होस दु :ख त
वीर ब्रति र अक्षोभ धैर्यबान हजुर नै
हुनुहुन्छ दिंदा गाली शोभा पाउनु हुन्न है
२०५१

भनेर मुख्ले नीज कामलाई
जनाउँदैनन् वीरहेरू आइ
गर्छन् ती गर्ने जति युद्ध माहा
जीतेर शत्रुहरूलाई ताहा
२०५२

भेट्टाउँदा खडा शत्रु कायरहरू युद्धमा
प्रलाप गर्दछन् धेरै हरेस खाइ चित्तमा
हाँकेरै काललाइनै साथमाहा हजुरले
छ की ? लिएर आएको मेरो निम्ति अबश्य रे
२०५३

बोलाइ रहनुहुन्छ बारंबार ती काल पो
सौमित्रीको सुनी यस्तो कठोर बाणीता अहो
सोझाइ करमा राखी कठोर बञ्चरो अनि
बोले अब ममा दोष नदेओस् लोकले भनी
२०५४

कटुबादी अधम् बालक् बध योग्य छ यो घरी
बच्चा देखेर यसलाइ मैले धेरै क्षमा गरी
बचाएँ अब मर्ने भो निश्चय भन्छु आज यो
बचाइ यो अधम्लाइ कामलाग्ने छ के र पो ?
२०५५

सुनेर यो कुरा सारा भन्छन् कौशिकले अनि
क्षमा मन्दिर !हे साधो ! दोष्मा माफ दिनोस नी
गन्दैनन् शिशुको दोष गुण्लाई सज्जनहरू
म आफैं माग्दछु ऐले हात जोडी क्षमा ब्ररू
२०५६

भन्दछन् भार्गव फेरी यो हात्मा मौजुद् कुठार छ
म छु अकारण कोधि अपराधी अघाडी छ
उसमाथि गुरूद्रोहि खडा दिदो छ उत्तर
विश्वामीत्र फगत् तिम्रो देखि शील स्वभाव र
२०५७

मुहालिजा गरि छोड्नु पर्‍यो अधममा यसै
कडा परशुले हानी मारेर नत्र आज नै
थोरै परिश्रमबाटै गुरूको उ ऋण बनी
हुने थिएँ म आनन्दि पुरा काम गरेर नी
२०५८

सुनी परशुरामको बचन हांसदै मन्महा
तिगाधीसुत भन्दछन् 'यि मुनिलाई ता लौ यहाँ
अरि सरि हरि पनि सुमझमा भयो , खाड यो -
-फलाम मय हो तर उखु मय यि ठान्दछन् अहो
२०५९

पिनाक धनु भाँचदा पनि अबुझ हुन्छन् यिनी
निजोर अरू भुप झैं यि दुइलाइ ठान्दछन् पनि
भए चुप गुनेर यो जबत गाधिका पुत्र ती
यसोरी अनि फेरी ता भन्नु हुन्छ सौमित्रीजी
२०६०

हजुरको किर्ति छ लोक्मा प्रशिद्ध हे मुने ! पुरा
जान्दैन प्रभुको बानी को यहाँ र ? सबै पुरा
माता पिता ऋण देखि हुनुं भो उ ऋण पनि
राम्रै गरेर हे स्वामी ! लोक्मा हजुर ता अनि
२०६१

गुरूको ऋण जो बाँकि थियो त्यो त्यस निम्तिमा
चिन्ता थियो सदा ठुलो हजुर्को प नि चित्तमा
मानौं हजुरले मेरो शिरमा त्यो ऋण पनि
लाग्नु भयो गुरो ! ऐले बोकाउन समस्त नी
२०६२

दिन धेरै बिते होला बढेको ब्याज ता अनि
बोलाइ अब ब्यबहारीलाई ल्याउनु होस नि
तुरून्तै खोल्नी थैलि म दिन्छु साउँ र ब्याज त्यो
सौमित्रीको कटु बोली सुनी भार्गवले अहो !
२०६३

उठाए अनि कोधले बञ्चरो त्यो
सभा बासीहेरू सबै देख्दा त्यो
हरे हाइ! हाइ! भनी ती कराई
तिनीहरू काँपे अतिनै डराइ
२०६४

अनि लक्ष्मणले फेरि भन्नुभो ब्राम्हण यहा
मलाई पनि देखायो कुठार यो सभामहाँ
ब्राम्हण सम्झि हट्‌दैछु आफैं म बरू यो घरी
राजद्रोहि यसै नत्र छोड्थे आज म के डरी
२०६५

भेटेनेछौ कुनै बीर योद्धा ता कहिले पनि
ब्राम्हण देवता हुन्छन् घर्का मात्र ठुला अनि
यस्तो लक्ष्मणको बोली सुनेर सबले अनि
अनुचित् अनुचित् भन्न लागे चिच्याउँदै पनि
२०६६

सौमित्रीलाइ आँखाले इशारा गरि प्रेमले
हट्‌कनुभो तहाँ फेरि भगवान् रघुनाथले
परशुरामको कोध अग्नि तुल्य थियो पनि
सौमित्रीको कुरा तेस्मा आहुती झैं भयो अनि
२०६७

राम परशुराम संबाद

बढेको कोधले अग्नि देखेर रघुनाथले
जलजस्तै शीतल् बोली बोल्नुभो नुहि शशिले
बालक् माथि दया गर्नुहोला यो शुद्ध दुधमुखे
बच्चा छ यसमा कोध नगर्नुहोस है ऋषे !
२०६८

प्रभाव् हजुरको केहि जान्दो होता अजान यो
शिशुले कसरी गर्थ्यो ? बराबरी हजुरको
गरे भने पनि बर्ता बच्चाले केहि चूक ता
माता पिता गुरू मन्मा हुन्छन् आनन्दितै ती ता
२०६९

समशील हुनुहुन्छ धीर हजुर ता गुणी
तसर्थ गरनु होस् माया दास भनेर नी
सुनेर प्रभुको यस्तो बिन्ति परशुरामजी
जसै ठण्डा भए केहि सौमित्री फेरी सुस्तकी
२०७०

हाँस्न लाग्नुभयो बोली बारंबार तहाँ जब
हाँस्ने ती लक्ष्मण देखि फेरी भार्गवमा तब
ढाक्यो रीस बढी शिशदेखि ता पाउ सम्मनै
कोधले भन्दछन् फेरी रामका साथमा अझैं
२०७१

पापी छ भाइ ता तिम्रो हे राम ! अतिनै अहो !
गोरो शरीरको मन्को कालोरेछ अतिव पो
हैन यो दुध् मुखे राम कालकुट मुख पो छ ए
यो छैन तिमी झैं सोझो टेढो रे छ स्वभावले
२०७२

कालै सरि भइ खडा रहने मलाई
देख्दैन यो नीच अघिल्तिर हेर हाई
सुनेर हाँसीकन लक्ष्मण भन्दछन् यो
पर्दा गुरो ! बसमहा जसको पनि त्यो
२०७३

गर्छन् मनुष्य अनुचित् नीच कर्मलाई
हुन्छन् प्रतिकुल जगत् भरि नै ती जाई
त्यै कोध हो जड भनी सब पापको त्यो
जानेर फेरी गुरूजी किन गर्नु ठुलो
२०७४

म हुँ हजुरको दास भृगुनाथ त्यजी रिस
गर्नुहोस दया नाथ भएर अहिले खुस
भाँचिएको धनु ऐले जोडिदैन रिसाउँदा
बस्नुहोस् चरण ऐले दुख्नेछन् नत्र नाथका
२०७५

यदि अतिबनै प्यारो भए धनुष यो अब
बोलाएर गुणी कोहि जोड्न लाउनु होस त
उपाय गरदा नाथ ! जोडीइन्छकी ? हे मुने !
मसितै लिनुहोस् ज्याला कोध गरि छ केहुने ?
२०७६

बोल्दा सौमित्रीले यस्तो डराए जनक पनि
'बेसहुदैन चूपलाग अनुचित भो अतिब नी '
-भन्नलागे- अनि फेरि पुरका नर नारी ती
ब्याकुल् भएर ती काँपी डराई मनमा अति
२०७७

यि गोरा भुपको छोरा साना चाहिनीको अति
ठुलो रहेछ है दोष नदब्ने हेर लौ कति
अनि सौमित्रीको सारा सुनी नीभर्य ती कुरा
बढ्यो अतिबनै कोध रेणुका पुत्रको पुरा
२०७८

रिसले जलदा देह बल जाँदो भयो घटी
बुद्धि विवेक ती सारा ऋषिको मनको हटी
निहोरा रामको गर्दै भन्नलागे अनि ती ता
राम ! हे रघुका नाथ ! तिम्रो भाइ भनेर ता
२०७९

बचाइ यसरी छाडा छाडेको छु बिचार यो
बिषको रसले पूर्ण घडा यो त सुवर्णको
बाहिर सुन्दर भित्र भयको सरिं भीषण
सुन्दर शरीर मन्को रहेछ अति दुषण
२०८०

सुनेर ती भार्गवका कुरा सब
हाँस्नु भयो लक्ष्मण फेरी ता जब
तरेर आँखा रघुनाथले पनि
हेर्नु भयो लक्ष्मण लाइ ता अनि
२०८१

टेढो कुरा गर्न त्यजेर ता सब
राखेर मान प्रभुको ठुलो तब
गएर झट्टै गुरूको नगिचमा
बस्नु भयो लक्ष्मण मौन भै तहाँ
२०८२

जोडेर दुइ हात नम्रित भइ अत्यन्तै त्यो घरी
बोल्नु भो रघुनाथको मृदु मीठो बाणी मधुरो गरी
हुनुहुन्छ स्वभावले हजुर ता ज्ञानी गुणी हे प्रभो !
कान्ले सुन्नुहुदैन ती सबकुरा सार् हिन् शिशुहेरूको
२०८३

एकै हुन्छ स्वभाव ता शिशु र ती हड्डाहरूको पनि
जिस्काउँदइनन् धिमान जनले यिन्लाइ कैले पनि
बिगार पनि छैन फेरी प्रभुको तेस्ले गरेको कुनै
हे स्वामी! अपराधी नै हजुरको हुँ है ठुलो ता म नै
२०८४

बध बन्धन कोप र अनि कृपा हेरू प्रभो ! के कति
गर्नु पर्दछ ? गर्नु होस अहिले यो दासमा जे जति
तुरून्तै जुन रीतले हजुरको जानेछ कोध पनि
भन्नुहोस उपाय झट्ट उहिनै गर्नेछु मैले पनि
२०८५

भन्दछन् तिनी फेरि राम कसरी जाला र मेरो रिस
तिम्रै भाइ अझैं पनि मकन ता हेर्दोछ टेढो सित
यस्का गर्धनमा दिइन यदि चोट् यो बञ्चरोको भने
मैले रिस गरेर के गरि लिए कोध् मात्रले के हुने
२०८६

जुन् बञ्चरो का सुनी घोर काम
राजाहरूका महिषि तमाम
डराउँदा गर्भ तुहुन्छ सोहि
छँदा छँदै मौजुद बञ्चरो यि
२०८७

बैरी भएको नृपपुत्र लाइ
देखि रहेछु जिउदै म हाइ
जल्दो छ छाती रिसले बलेर
चल्दैन हात किन हो उठेर
२०८८

कुण्ठित् भयो यो भुपघाती बञ्चरो
भइ बिधि वाम स्वभाव बिचरो
बद्लेर मेरो मन चित्त यो घरी
दया कसैमा हुन गो कसो गरी
२०८९

पऱ्यो दुःशह दुःख खप्न यसरी आज दयाले गरि
भन्ने बाक्य सुनेर लक्ष्मणजीले हाँसी अनि त्योघरी
प्रणाम गरि भन्नु भो यसरी ता लिइ दयाको रूप
अनुकुल भएर चल्न समीर लाग्यो सुगन्धि खूब
२०९०

मानौं कोमल पुष्पका सरि कुरा बोल्दा महा झर्न ता
लागे हे मुनिराज ! जल्दछ भने गर्दा दया छाती ता
क्रोधले बसमा हुने बखतमा हजुरको देहको
बचाउ गरनन् दयागरि ठुलो ब्रम्हाजी आएर पो

२०९१

बोले भार्गब फेरी लक्ष्मणजीको सुनी कुरायो तहा
हेर हे जनक हठी र मूढ यो बच्चा यमलोकमा
घर खोज्छ बनाउनै अब छिटो घीसारी यस्लाइ ता
मेरो लोचन ओटमा किन तिमी गर्दइनौ आइ ता

२०९२

हाँसी भन्नुभयो मनैमन महा लक्ष्मणजीले यो अनि
आंखा चिम्लिदिए कतै अनि पछि हुदैन कोहि पनि
हाँसो लक्ष्मणका निहारी मनमा क्रोधित् भएका अति
लागे भार्गब भन्नता अति कडा यो शब्द राम प्रति

२०९३

ए लुच्चा ! धनु त्यो टुटाइ शिवको ऐले मलाइ पनि
लागिस् हैन बुझाउन यसरी ता ?सच्चा अतिनै बनि
तेरै सम्मातिले कटु बचनले मेरो सभा माझमा
गर्दैछ अपमान हेपी यसरी तेरो अनुजले यहा

२०९४

तँ फेरी छलको गरि बिनय यो जोर्ने अहो हा! त पो
भएन यसरी मलाइ खुसगर् गरेर युद्धै ठुलो
कहलाउन छाडी देन त भने राम भनी लोकमा
शिव द्रोही त्यजेर छलहरू इ हा आ लड्न मै साथमा

२०९५

नत्र मार्छु तँलाइ भाइ सहितै ऐले म यहि घरी
बक् बक् यति गरेर भार्गबजीले पर्शू उठाए घरी
हाँसेर मनमा झुकाउनु भयो शिर प्रभुले पनि
सोच्नुहुन्छ 'छ दोष लक्ष्मणजीको क्रोध भनेता अनि

२०९६

ममाथि खनीयो खराबी त ठुलो सिधापनाले पनि
हुदोरहेछ कहि कहि भइ ठुलो दोष हरे हेर नी
टेढो देखि हुदो रहेछ डर औ शंखा सबैलाइ ता
गर्दैनन् बुझ ग्रास राहु प्रनिता टेढा शशिलाइ ता'

२०९७

यती तर्क गरेर फेरि प्रभुले भन्नु भयो यो कुरा
हातैमा छ गुरो !कुठार प्रभुको मौजुद ऐले पुरा
मेरो शिर पनि छ सामु प्रभुकै जान्छ रिस जे गरि
गर्नुहोस उपाय तेहि म कनै दास बुझी यो घरी

२०९८

स्वामी ! सेबकको कसोगरि यहा होला र युद्ध प्रभो !
हे बिप्र ! कुलका मणि रिस सबै त्यागी दिनुहोस यो
देखि भेष हजुरको पनि भन्यो केहि शिशुले भने
बच्चाको पनि दोषता यसमहा ठुलो छ के पो हुने

२०९९

धनु बांण कुठार त्यो धरी लिने देखि हजुर्लाइ ता
बीर हुन यि भनेर चित्त बिचमा तेस्ले बिचारेर ता
उठ्यो रिस ठिटाकनै हजुरको सुनेपनि नाम ता
चिन्हेन र दियो जवाफ त्यसले बंश गुण बाट ता

२१००

मुनि भैं भइता सवारी प्रभुको ऐले भएको भए
पदरज् प्रभुको अबश्य शिरमा राखथो गइ बाल ए !
भुल चुक अजान को भृगुपते गर्नु हओस क्षमा
ब्राम्हण्का दिलमा दया र करूणा चाहिन्छ नित्य नयाँ

२१०१

बरो बरी हजुर्का सग पनि कसरी हुन्छ हाम्रो र नाथ?
कहाँ चरण् कहाँ शिर् चरण शिरबिशे पुग्छ कैले र साथ?
"राम " मात्रैछ सानो गुरूजी जगतमा नाम त्यो आजमेरो
प्रभुको ता परशु सहित "परशुराम् "नाम छ घेर ठुलो

२१०२

हाम्रो धनु छ हे नाथ ! भएको गुण एक नै
नव गुणछन् परम् पावन् भएका प्रभु साथमै
हारेकोछु प्रभुदेखि सबै तरहले म ता
अपराध क्षमा मेरो गर्नु होस् समस्त ता

२१०३

कुरा रामजीले गर्दा परशुराम सँग ता
भनी बिप्रब र देव भन्नु भो बार बार ता
त्यो सुनी क्रोधको हासो हासीँ भार्गवले अनि
भने तँ पनि ता रेछस् भाइ जस्तै कुटिल नी

२१०४

कोरा ब्राम्हण सम्झन्छस् मलाइ म तँलाइ ता
सुनाउँछु सबै कस्तो ब्राम्हण हुँ भनी म ता
धनुलाइ शुरो सम्झि आहुती बाणलाई ता
मेरो प्रचण्ड रिस्लाई अग्नि सम्झि बुझेर ता

२१०५

असल समीधा सम्झि चतुरङ्गिणी फौज त्यो
धीर वीर ठुला राजा हरू पशु भएर पो
थिए अघी सरेका ती तिन्लाइ यहि पर्शुले
काटी बलि दिए कोटि गरें समर यज्ञ रे

२१०६

प्रभाव लोकमा मेरो मूढ मूर्ख तँलाई ता
थाहा रहेनछ केहि बोल्छस् त्रास नलि तँ ता
खाली ब्राम्हण ता होनी भन्ने भुल्मा परि ठुलो
बोल्छस् धनुष त्यो एक भाच्दैमा बढी गर्व पो
२१०७
मानौं खडा रहेको यो जीतें ब्रम्हाण्डनै सब
भन्ने सम्झि अहं धेरै भन्न लागिस् तँ ता अब
यो सुनी प्रभुले फेरि भन्नु भो देवता ! अहो
बोल्नु होस गरि सोच ठुलो रिस् छ हजुरको
२१०८
सानो छ चुक ता मेरो पुरानो धनु त्यो पिनाक
भाँचियो छुनका साथै के को निम्ति गरूँ मधाक्
सुनुहोस् भृगुनाथ ! आज सत्य कुरा पनि
निरादर् हजुर्लाइ यदि म ब्राम्हण भनी
२१०९
गर्दो हुँता महायोद्धा यस्तो को छ र लोकमा
ढोग्नु पर्ने डराएर मैले जस्लाइ पाउमा
गरेको छैन अप्मान झुकेका पाउमा म छु
बारंबार गुरो ! ऐले , भित्र आदर नभै क छु
२११०
ढोग्नु ता भएको चिन्ह हुन्छ त्राश गरि अब
झुक्नु पर्ने सकस् मैलेको छ लोकमा सब
देवता दैत्य नै होस हउन् राजा अनेक् कि ता
धीर योद्धाहरू हुन्कि हउन्की समबल् ती ता
२१११
वीर भए पनि बर्ता हाँक् दिन्छ कोहि ता भने
कालै भए पनि त्यो ता त्यो साथै भृगुनन्दने !
लढ्ने छु जोसका साथ चोला क्षर्त्रयको लिइ
डराउँछ भने रणमा त्यो पामर् हुन्छ नीचकी
२११२
म भन्छु कुलको बानी हैन तारिफ देवता
काल् देखि पनि डर्दैनन् युद्धमा रघुबंशीता
प्रभुत्वनै छ की यस्तो ब्राम्हण बंशेहेरूको
भएरै पनि अभय प्रभु ब्राम्हण देखि पो
२११३
म भएँ सभय ऐले भन्ने ती रघुनाथको
सुन्दा नरम र गुढ भएको बाणी ती मिठो
उघ्रियो बुद्धिको पर्दा परशुरामको अनि
चिन्हेर ब्रम्हहुन् भन्ने हात जोडी झुकेर नी
२११४

भन्दछन् हे रमानाथ ! हे राम ! धनु हातमा
लिएर खिच्नु होस् मेरो सन्देह मेटियोस् यहा
दिउँ भनी दिन खोज्दा धनु श्री विष्णुको पनि
आपन्नो नाथ चिन्हि आफैं जादो भो फुत्त त्यो अनि
२११५
रेणुका पुत्रका मन्मा आश्चर्य अति भो तहा
जाने भार्गवले राम प्रभाव अनि चित्तमा
प्रफुल्ल भो सबै देह उन्को रोमाञ्चले अनि
नरोकी सक्नु भो प्रेम गद् गद् भै चित्तमा पनि
२११६

परशुराम कृत राम स्तुती

रघुबंश रूपी कमल्बन् महा जो
भएका दिवाकर् स्वरूप हजुर्को
जय होस् दयालो सदा नाथ राम
दिने सुख्ख सब्मा भइ शान्ति धाम
२११७
गहन् जंगल रूपी राक्षस कुल्को
दहन् गर्नका निम्ति अग्नि सरिकै
भएका हजुर्को जय होस राम
तिनै लोक पावन् प्रभो ! शान्ति धाम
२११८
सुर ब्राम्हण गाइको हीत गर्ने
दिइ सुख्ख सब्मा सबै दु:ख हर्ने
अखण्ड अज नाथ ब्यापक् भएका
प्रभुको जय होस सबैमा रहेका
२११९
मद मोह कोध भ्रमलाइ सब्को
भएका हरण् गर्दिने भक्त जन्को
बचन् रचनामा प्रबीण भएका
जय होस् सदा लोक साक्षी रहेका
२१२०
कृपा नम्रता शील स्वभाव गुण्को
भएका समुद्र सरि नाथ सब्को
जय होस् हजुर्को रघुबंश नाथ
पुकारा म गर्छु झुकाएर माथ
२१२१

दिने भक्तमा सुख्ख आनन्द भारी
सरबाङ्ग सुन्दर् नयनान्दकारी
शरीर्का छबिले पनि कोटी मार
- सरि झैं भएका करूणा बतार
२१२२

जय होस् प्रभुको गरौं म कसोरि तारिफ एक् मुखले
शंकरको मनरूपी मानस सर भित्र सदा हंश रे
भएर गरने बिहार खुसीले सीतापते ! नाथको
जय जय हओस हे . रघुपते ! जय सदा रामको
२१२३

नजानी कन नाथलाइ अनुचित् मैले भने हा ! अति
क्षमा मन्दिर सुन्दर प्रभु दुवै अनुजले म प्रति
क्षमा गर्नू हओस् गरेर करूणा मेरो सबै दोषको
पर्छु पाउ महा प्रभु हजुरको माफी दिनु होस यो
२१२४

हे रघुकुलका ध्वंज ! सरहका राम दुवै भाइको
जय होस सीतापते हजुरको जय जय नाथको
यति विन्ति गरि भृगुपति गए तप् गर्नलाई भनी
आपन्नोआश्रम त्योमहेन्द्रगिरिमा हर्षित भएर अनि
२१२५

कुटिल भुपता सबै डरी गए आपन्ना डरैले गरी
भागे काँतर भुपतिहरू सबै ब्याकुल भइ त्यों घरी
घन्काएर बजाइ दुन्दुभीहरू आकाशमा देवले
गर्थे बर्षन पुष्पको झरि सरि गर्दै प्रभु माथि रे
२१२६

भए हर्षित पौरबासिहरू ती चिन्ता भय मोह त्यो
मेटियो नगरै प्रभुल्ल हुन गो स्वर्गै सरि देखियो
घन्किइकन बाद्यहेरू पनि ता सबै लागे बज्न ती
सुन्दर् मंगल सज्न चीजहरू ता लागे सबैले अति
२१२७

कोकिल् बादनी औ सुलोचनी अनि सरोजनी स्त्री सब
जम्बा भै सँगमा मिलिकन मीठो गान् गर्न लागे तब
मानौं जन्म दरिद्रले कनकको पाए सरि खानी जो
अबर्णीय भयो अखण्ड सुख औ आनन्द बिदेह को
२१२८

गतत्राश भएकी ती जनकजा उदयमा चन्द्रको
चकोर तनया सरि हुनुभयो आनन्दित भै अहो !
अनि कौशिकमा प्रणाम गरदै भन्नु जनक्ले भयो
भाच्नु भो रघुनाथले शिवधनु प्रतापले नाथको
२१२९

कृत कृत्य मलाइ पारनु भयो भाइ दुवैले अब
योग्य जे छ कुरा प्रभो हजुरले आज्ञा हओस त्यो सब
यस्तो विन्ति सुनेर गाधिसुतले भन्छन् बिदेह ! सुन
विवाह धनुको थियो अधिनमा टुट्दा धनु सम्झन
२१३०

राम जानकीका विवाह हुनगो भन्ने कुरा लोकमा
सुर किन्नर नागमा बिदीत भो मुनी नर प्राणीमा
ता पनि द्वीज बंश बृद्धहरूका साथै हजुर्ले फिर
बुझेर निज बंशका चलनले कुल्को गरि आचर
२१३१

सोधेर गुरू साथ गर्दिनु पर्‍यो वेद्का बिधिले सब
चाडै दूत पठाउनु अबधमा पैले पर्‍यो है अब
दूतले अबधपति दशरथलाई जनाउ गरि
बोलाइ कन यो जनक् पुर बिसे ल्याओस आदर्गरि
२१३२

आज्ञा यो मुनिको सुनेर भुपले भन्दै हओस प्रभो !
पठाए दूत डाकी तेहि क्षणमै अबधमा फेरी जो
ब्यापारी जनलाइ ती भुपतिले डाकी पठाए अनि
श्रद्धाले शिर आइ भुपतिमा सब्ले झुकाए पनि
२१३३

आदेश भुपले दिए सडक र बाजार देव् मन्दिर
घर र पुर चार तर्फ सबले चाडो सफाइ गर
आज्ञा यो भुपको सुनेर ती सबै फर्के खुसीले अति
घर्मा जाइ समस्तले खुसी भइ डाकेर नोकर् जति
२१३४

भन्छन् चित्र बिचित्र पारी सजी ती मण्डप् बनाउ अब
आज्ञा मालिकको शिरोपर गरि फर्के खुसीले सब
मण्डप् रचनामा सिपालु र गुणी मिस्त्रिहरू जो थिए
सिपालु तिनीहेरूलाइ सबले तुरून्त डाकी लिए
२१३५

जनकपुर – उत्सव

साराले बिधिको चरण् कमलमा पैले गरि बन्दना
आरम्भ प्रथम गरे कनकका कदलीको श्रृजना
पत्ताहेरू बनाइ फेरी उसमा पन्नाहरूको पनि
माणिक्को फूल चाहि फेरी उसमा राम्रो बनाए अनि
२१३६

तेस्त्यो अद्भुतको बनाबट तहाँ देखेर ब्रम्हाजीको
भ्रम्भो चित्तमहा समस्त रूख त्यो साचै सरि भैठुलो
हरिया मणीले बनाइ हरियै आख्ला समेत्का सब
सोभा बाँसहरू रचे चिनीननै मुस्किल् हुनेभो तब
२१३७

पान्बेल् पात समेतका कनकको सब्ले बनाए पनि
थियो चिन्ह पनि तिता नसकिने अत्यन्त राम्रो बनी
पट्टा औ लचका बनाइ सुनको निमित्तमा बेदीको
बाधे सुन्दर माल्य मोतीहरूको बिच्मा घुसारेर पो
२१३८

फिरौजा अनि फेरि माणिक भयो पन्ना हिरा ती सब
चीरि काटि जडेर नीर पनि ता पंकज् बनाए तब
नीरका भ्रमर बनाइ अनिता रत्नादिका पक्षीले
पारे शोभित बेदिलाइ अति नै राम्रो गराएर रे
२१३९

चल्दामा समीर मधुकर सरि गुञ्जन् सबै गर्दथे
पक्षी भैं कलरब् गरि पवनले कल्लोल ती गर्दथे
सुरका प्रतिमा बनाइ बीचमा थिए जडेका पनि
देखिन्थे सुर भैं दुरूस्त उभिने मंगल् लिइ चीज्पनि
२१४०

स्वभाव् सुन्दर थामका बीच सबै आगन्हरूमा पनि
गज मोती भए थिए सकल ती चौका पुरिएर नी
मानौं होकी अनंगका फउज् ती भन्ने सरि भानले
देखिन्थे प्रतिमाहरू संकल ती हर्ने सबै चित्त रे
२१४१

चिरेर मणिलाई सुन्दर गरी फेर् आम्र पल्लव् पनि
बनाए सुनका मयुर पनि ता फेर् कोपिला ता अनि
पन्नाको सकल बनाइ अनिता ती रेशमी डोरीमा
राम्रा भैकन शोभिए सकल ती सारा तिर हुतिमा
२१४२

थापेर पास ठिक पारी बनाइएका
मानौं फसाउन अनंग भनी रहेका
हुन्कि भने सरि मनोहर फूलका ती
माला र तीरण बने बहु भाँती भती
२१४३

मंगल घडा र ध्वज तोरण औ पताका
पारेर ठीक् चमर बस्त्र जता तताका
ना ना प्रकार गरि दीपहरू मणिका
थिए जहा तहि सुशोभित नै भएका
२१४४

टाँगी अपूर्व चदुवा उसमाथि खासा
शोभा अबर्णिय बिचित्र थियो त्यहाँ ता
जुन् यज्ञ मण्डब बिसे दुलही भएर
बस्नु हुनेछ पनि खास सीता गएर
२१४५

बर्णन् गरेर त्यहि मण्डबको यहा कुन्
पार् पाउने चतुर बुद्धि कवि कहाँ छन्
जुन् यज्ञका बीचमहा गुण रूप सिन्धो
हुनेछ राज दुलाहा भइ दिनबन्धो
२१४६

तिन्लोक देखि पनि उज्जल भै रहेका
मण्डब् थियो अतिब शोभित भै खिलेको
शोभा थियो जनकको दरबार मा जो
तेहि सरि छवि थियो पुरमा सबैको
२१४७

त्यो बेला जसले तिरहुत पुगी शोभा निहाऱ्यो सब
तेस्लाइ छवि लाग्दथ्यो अति फिका तिन्लोकको नै तब
जनकपुरका कुनै ती अदना मानिसको संपति
देखि इन्द्र समेत स्वर्ग पुरमा मोहित हुन्थे अति
२१४८

मायाले रमणीय नारी स्वरूपै धारण् गरेर पनि
साक्षात् लक्ष्मी बिराज मान जुन त्यो पुर्मा हुनुहुन्छ नी
शोभा त्यो पुरको गरेर बरणन् शेष अनि शारदा
थाक्छन् पार नपाइ अल्मली तिता मोहित् भएरै सदा
२१४९

पवित्र रामपुर श्री अबधपुरीमा
पुगे अनि दूतहरू पनि केहि दिन्मा
हर्षित भए नगरी सुन्दरी देखि सारा
घुम्दै पुगे खुसी भइकन राजद्वार
२१५०

दुतले खबर ज़नाउ गरदै भित्र पठाए अनि
बोलाए दशरथ्जीले खुसी भइ तिन्लाइ भट्टैपनि
प्रणाम गरदै चिठि भूपतिको दिए तिनीहेरूले
स्वयं आफु उठेर नै खुसीभइ लिए महाराजले
२१५१

बाच्दामा चिठी त्यो नयन् पनि दुवै हर्षश्रुले पूर्णभो
रेमाञ्च भइ देहमा हृदयमा उर्ले र प्रेम बढ्यो
मनमा रघुनाथ लक्ष्मण अनि सन्देश शुभ हातमै
बिर्षेर दुःख सुख्ख बिव्हल भए प्रेमले परी पक्क है
२१५२

फेरि धैर्य धरेर पत्र पनि त्यो बाँचे खुसीले गरि
जानी सत्य कुरा सभासद सबै हर्षित् भए त्यो घरि
भरत् शत्रुघन दुबै अनुज ती खेली रहेका थिए
त्यो संचार सुनेर हर्षित भइ दौडी सभामा गए
२१५३

बाबुका नजिक्कै गएर ती दुवै अत्यन्त प्रेमले अनि
संकोच गरी सोध्नुहुन्छ भरत बाबा कहाँ बाट नि
आयो यो चिठी मर्जिहोस अहिले प्राणपियारा दुवै
हुनुहुन्छ की दाजुहेरू कुशलै आनन्दका साथमै
२१५४

कुन्चाहि नगरीमहाँ रघुपते ऐले हुनुहुन्छ पो
बाबा !मर्जी मलाइहोस भनने यस्ता भरत्को मीठो
सुनेर अनुराग पूर्ण बिनति बाँचे चिठी फेरी त्यो
रोमाञ्च हुनुभो दुवै अनुज ता प्रेमले सुनी पत्र पो
२१५५

बढेको प्रेम त्यो उर्लि नअट्ने देहमा भयो
पवित्र निश्छल प्रिती देखि भरतको अहो
सभासद्हरूले घेरै पाए आनन्द त्यो घरी
अनि दूतहरूलाइ नजिकमै प्रेमले गरी
२१५६

बसाइ कनता मीठो कोमल बाणीले तहा
सोध्दछन् फेरि ती राजा गद्‌गद् भैकन चित्तमा
दुवै भाइहरू छन् कि कुशलै ? भन भाइ हो
आफ्नै नयनले तिम्ले देखेको भन सत्य हो
२१५७

कुशलै छ दुवैलाइ भन विस्तारले सब
गोरो र सावला भन् है ति दुवै सुन यो अब
ठोक्रो बोकेर हातैमा लिएका धनु सुन्दर
उमेर तिनका फेरी किशोर छ मनोहर
२१५८

साथैमा हुनुहुन्छ कौशिक मुने भन स्वभाव अब
कस्तो छ ? तिमीहेरूले चिनदछौ भाइ दुवैलाइ त
प्रेमाधिन भएर ता भुपतिले यस्ता कुरा त्यो घरी
बारंबार भनेर गद् गद् भइ भन्छन् प्रितीले भरी
२१५९

आइ जुन् दिनमा ती कौशिकजीले मेरा दुवै पुत्र ती
लानु भो सँगमा लिएर दूत हो तेहि दिन देखि की
सत्य नै सुधी बल्ल मइले पाएँ भन फेरी यो
चिन्नु भो तिनीहेरूलाई कसरी भुप जनक्ले ? अहो
२१६०

सुनेर प्रिय बाणी यो दुतहरू हाँसी मुसुक्कै अनि
लागे गर्न भुकेर बिन्ति भुपमा खुसी भएरै पनि
महिपालमुकुट्मणी ! हजुरका बराबरै धन्य ता
अर्को छैन कुनै र पुत्र जसका छन् लक्ष्मण राम ता
२१६१

लोकको गहना सरि हुनुभो छोरा हजुर्का दुवै
बर्णन गर्न सकिन्न किति पुरूष शिंहहरू हुन् दुवै
उज्याला हुनुहुन्छ विश्व भरिमै जस्का यश किर्तिको -
- अगाडी रवि हुन्छ शीतल अनि हुन्छन् मलिन् चन्द्रजो
२१६२

यस्ता रामजीलाइ के गरी चिने हाम्रा हजुर्ले भनी
महाराज हुकुम् भयो हजुरको के सूर्यलाइ पनि
हेर्नु पर्छ र हातमा दिपलीइ ? सीता स्वयंबर्महा
एक् भन्दा रणधीर एक भूपति जम्बा भएथें तहा
२१६३

हल्लाउन पनि सकेन शिवको धनु कुनै भुपले
हारी वीर महाबलि भुपहरू फर्के लजाएर रे
तिनै लोक भरी महाबलि भनी जो मानिएकाथिए
ती सबले यश किर्ति शम्भु धनुमा हारेर फिर्दा भए
२१६४

जुन् बांणासुरले सुमेरू परबत् उठाउनै सक्तथ्यो
धनुलाइ परिकमा गरी उहि हरेश खाइ गयो
खेलबाड गरेर फेरी जसले कैलाश बोक्यो पनि
तेहि रावण ता सभाबीचमहा हारेर फर्क्यो पनि
२१६५

महाराज ! धिराज ! हे रघुकुलमणी ! रघुनाथले
पंकज्नाल जसोरी हाथीहरूले भाच्छन् तेहिचालले
बिनु यत्न धनु सभाबिचमहा भाची दिनु भो पनि
सोइ रामजीलाइ के गरी चिंने भनौं जनक्ले पनि
२१६६

सुनेर धनु भंगको ध्वनी ठुलो क्रुद्ध भृगुनाथ ती
आए फेरी अनेक रित सितले आँखा तरेर अति
बक् बक् धेर गरी दिए निज धनु देखेर बल् रामको -
स्तुती बिन्ति गरेर धेर थरीले फर्की गए धाम पो
२१६७

अतुल बलबीर सम्र्जी पनि जस्तो हुनुहुन्छ है
तेज्का पुञ्ज समान लक्ष्मणपनि उस्तै हुनुहुन्छ नै
हेर्दामा जसले समस्त भूपति शिंह शिशु देखदा
डर्ने हाथी समान थर्थर भई डर्छन् ती कांपेर ता
२१६८

महाराज ! हजुरका यिनी दुवै देखेपछि पुत्र ता
कोहिमा पनिता गएर अबता लाग्दैन आँखा यि ता
बिरता र प्रताप प्रेम रसले मीश्रीत् भएको सब
दूतका बचन रचना भूपतिमा लाग्यो पियारो तब
२१६९

सभासद् सहित फेरी भूपति हर्षित भएर अनि
न्यौछावर् दुतहेरूलाइ खुसीभै दिदा भए धेर् अनि
अनिती हुनजान्छ यो भनी तीता कान् थुन्नलागे सब
गरि धर्म बिचार यो सकलले आनन्द माने तब
२१७०

आफैं उठेर गुरूको घरमा गएर
त्यो पत्रिका दिनु भयो भुपले रमेर
डाकेर आदर गरीकन दूत फेरी
संचार त्यो गुरूजीमा नगरेर देरी
२१७१

दूतबाट नै सब सुनाउन त्यो लगाए
हर्षित् भए गुरू सुनीकन ती कुरा ए
बोले बशिष्ट ऋषिले अनि प्रेम साथ
आनन्द गद् गद् भइ कन चित्त मात
२१७२

पुण्डयात्मा पुरूषै कहा सुसदा छाइरहन्छ पनि
संसारै भरीका समस्त सुख ती आइ रहन्छ पनि
यद्यपी तिनलाइ खायस कुनै हुदैन केहि कुरा
परन्तु नदि हेरू सागर तिरै जान्छन् दगुर्दै पुरा
२१७३

पुण्डयात्मा हरूमा उसै रित गरी राम्रा सुख संपति
चाहना नगरे पनि हृदयले थुप्री रहन्छ अति
गर्नुहुन्छ पुजा सधै हजुर ता ब्राम्हण् गुरू देवता
कौशल्या पनि फेरि सोहि सरिनै पवित्रको धाम ता
२१७४

पुण्डयात्मा हजुरै सरि जगतमा पैंले भएनन् कुनै
होबैनन् पछि फेरी ता अब कुनै ऐले पनि छैन है
बढ्ता धर्म हजुर देखि अरूको होला र कस्को अब
छन् जस्को गुण धाम राम सरि नै छोरा पनि ता सब
२१७५

वीर धर्म ब्रत धारी बिनीत गुणसागर
धीमान पुत्र छन् चारै सुख धाम मनोहर
कल्याण छ सदा काल लोक्मा हजुरलाइ ता
जन्ती सज्नु पऱ्यो चाँडो बजाइ बाद्यहेरू ता
२१७६

यात्रा गर्नु पऱ्यो भन्ने सुनेर गुरूको कुरा
जो आज्ञा प्रभुको ऐले आज्ञा गर्छु सबैपुरा
भनेर गुरूको पाउ परेर भूपति अनि
गइ महलमा फेरी दूतका निम्तिमा पनि
२१७७

दिएर अतिथिशाला रानीहेरू सबै अनि
बोलाएर चिठि फेरी सुनाए खुसीसाथ नी
रानीहरू सुनी सारा सन्देह जनकजकी
ब्रम्हानन्द सरी मन्मा भए हर्षित खूब पो
२१७८

घन्घटाको सुनी घोर गर्जना अति हर्षित
भएका मोर भैं रानीहरू प्रेम प्रफुल्लित
भएर शोभित सारा भए आनन्दित अनि
आशिर्बाद दिए सब्मा गुरूका पत्नीले पनि
२१७९

आनन्दले परिपूर्ण कौशल्या जननी सबै -
-भएर अतिनै प्यारो भएको चिठीलाइ नै
धरेर हृदयमाथि पालै साथ समस्त ती
छाती ठण्डा गरि रम्न लागे आनन्दले अति
२१८०

भुपतिशिरोमणी राजा दशरथ्ले रमाउदै
सौमित्रीं रामको किर्ति बारंबार बखान दै
प्रसाद हों सबै यो ता विश्वामीत्रजीकै भनी
गए राजा अनि फेरि सभामा खुसी भै पनि
२१८१

महारानीहरू सब्ले डाकेर ब्राम्हण पनि
परमानन्द भै दान दिए रत्नादिको अनि
खुसी भै ब्राम्हण सारा फर्किए दिइ आषिश
बोलाएर तहा फेरी याचकहरूलाइ त
२१८२

धन अन्न र बस्त्रादि करौडौं थरिले गरि
इच्छानुसारको तिन्मा न्यौंछावर गरे धरी
चक्रवर्ति महाराज दशरथ् पुत्र ती सब
चिरन्जिवी रहुन् भन्दै लगाइ बस्त्र ती सब
२१८३

प्रशन्न चित्तले सारा भिकारी फर्किए जब
नीषान घन्किइ सारा बज्नलागे अनि तब
पुर्बासीहरूले पाए संचार घरमा सबै
कल्यांण प्रार्थना सारा हुन लाग्यो बधाइ नै
२१८४

चौधै भुवनमा राम जानकीका विवाह को
खबर फैलिइ मंगल उत्साह भरि यो ठुलो
सुनेर शुभ बृतान्त भए हर्षित लोक ती
सज्नलागे घर गल्लि राजमार्ग रमेर ती
२१८५

हुनाले रामकी प्यारी यद्यपी अबधपुरी
थिइन् पवित्र कल्याण मंगल धाम सुन्दरी
तथापी प्रितीका रित्ले मंगल बस्तुको सब
रचनाले सजाएर रचिएकी हुँदा तब
२१८६

देखिइन् सुन्दरी खुब अयोध्या शोभिएर की
परम् पवित्र बाजार पताका ध्वज बस्त्र ती
चमरहरूले सारा ढाकियो र सुवर्णको
कलश तोरण फेरी जाली सब् मणिहेरूको
२१८७

हलेदो र दुवो माला अक्षता फुलहेरूले
सजाइ घरती सारा आफ्नो अति प्रेमले
शुभ मंगलमय सारा बनाए पुरबासीले
छिडकाब भयो सारा सटक माथी फेरी रे
२१८८

सिपालुले पुरे चौका बरोबर् सुन्दर गरी
सोह्र श्रृंगारले छाइ भएका बिजुली सरि
शोभाले देखिएका ती मृगसाबक लोचनी
रतिमद् भञ्जन रूप चन्द्रबदनी शालिनी
२१८९

अनेकौं सुन्दरी रामा मिलि डफ्फा भएर ती
मनोहर् स्वरले लागे मंगल् गाउन गीत ती
सुनेर मंगल मीठो स्वर ती शहरै भरी
झुम्मिन्थे लज्जित पर्दै कोयली हरू त्यो घरी
२१९०

राजमहलको बर्णन् गरेर सकिइन्छ के ?
समीयाना थियो लोक मोहित् गर्ने तयार रे
सुन्दर मंगल द्रब्य बिबिधं थरिले तहा
थियो सुशोभित फेरी नौशान घन्किइ जहा
२१९१

वेदध्वनी कतै गर्थे खुसी भै द्बिजहरूले
भन्दथे कहि ता फेरी बिरूदाबलि बन्दीले
लिएर नै सदानाम सीता र रामको पनि
गाउथे मंगल गीत रमणीहरूले अनि
२१९२

भइ उत्साह ता धेरै सानो राजमहल् भयो
मानौं उत्साह उम्लेर चारै तर्फ फिजी अहो !
भएको हो की ? त्यो सानो भन्ने भान गरि तहा
उमंग परमानन्द भरि यो महलमहा
२१९३

देव शिरोमणी खास भगवन् रघुनाथले
अवतार लिएको छ जहाँ अबध भित्र रे
त्यहि भवनको शोभा भनी होला र पारको
गर्ला बयान त्यो फेरि कसरी खिची कान्तिपो
२१९४

डाकेर भरतलाइ दिए हुकुम भुपले
सजाउ हाथी र घोडा रथ पैदल फ़ौज रे
जाउँ जनकपुर् चाडो जन्ती रामजीको लिइ
भन्ने भरतले आज्ञा सुनी रोमाञ्च भै खिलि
२१९५

सेनाका पति र फेरी प्रहरी नायक पनि
डाकी भरतले आज्ञा दिनुभो हर्ष भै अनि
आज्ञा सुनेर त्यो सारा दौडीए ह र्ष भै अति
जिम्बा आफ्ना सबै काम गर्न लागे गएर ती
२१९६

अनेक बर्णका घोडा सजी सुन्दर जीनले
सुशोभित भए सारा राम्रा चन्चल चालले
तातो फलाममा जस्तै धर्तीमा टाप राख्दथे
ना ना जातिए घोडाको बर्णन हुन सक्छ के ?
२१९७

मानौं प्रभञ्जनैलाइ नीरादर गरेर ती
उड्न नै हुन्कि खोजेका भने जस्तो गरेर की
चञ्चल ती भए सारा अनि भरत कै सरि
किशोर सुन्दर राजकुमारहरू त्यो घरी
२१९८

सजिएर भए सारा सवार शोभित पनि
हातमा धनु र बांण पीठमा पनि ता अनि
ठोक्रो भिरेर ती सारा सजीएका मनोहर
फुर्तिला छरिता छिटा छैला वीर अनि धीर
२१९९

असीकलांमहा श्रेष्ठ निपुण होसियार ती
प्रबीण रणमा कटर् बाधेका तकमा कति
किशोर ती थिए फेरी प्रत्येक ती सवारका
पछांडी दुइटा प्यादा थिए पैदल वीर ता
२२००

वीर कुमार ती सारा उत्साह र उमंगले
पुरका बाहिर निस्कि लागे लाम समस्त रे
सारथी हरूले फेरी सजेर रथहेरू ता
पताका ध्वजमणिक्ले सजाइकन साज ता
२२०१

सुन्दर शोभित पारी राखे चमर किंकिणी
आवाज गर्दथ्यो मिठो, ति रथ सूर्यको पनि -
-हरण गर्दथे शोभा, फेरी त्यो रथ हेरूमा
श्यामकर्ण हय हेरू बेगन्ति जोती साथमा
२२०२

स्वभावैले थिए राम्रा अश्व ती श्यामकर्ण ता
सुशोभित भए झन् ती श्रृंगारी साजले अहा !
मुनिका मन् पनि मोहित् हुन्थे ती अश्व देखदा
जलमा हिड्थे ति ता स्थल जस्तै गरेर ता
२२०३

जन्तीको प्रस्थान

शहर बाहिर रथ्मा चढेर जन्ति हेरूको
लाग्न लाग्यो अनिलाम मनोहर भएर पो
जो जो जे कामका निम्ति जान्थे त्यो पूर्णभैसब
यस्तै तरहले राम्रो सारा शगुन भो तब
२२०४

सुन्दर हाथीमा हौदा कसेर जुन रितले
सजाएका थिए सारा त्यस्को बर्णन् गरेर रे
साध्य छैन अनि शोभित् भएका घण्टिहेरूले
मत्तहाथि हरू मनौं साबन्का घन् घटादि रे -
२२०५

-लागेर ताँतीनै सुन्दर् श्याम हुन्कि भने सरि
भान पारी हिडे सारा मस्त भै जन्तिमा भरी
विविध थरिका फेरी बाहन अरू सुन्दर
सजीलो आशनयुक्त पालकी जो थिए पर
२२०६

चढेर उसमै फेरी शरीर धारी वेदका
ऋचा हुन्कि भनेझैं ती ब्राम्हण बगहिरूका
रमामना भो ति साराले गाएर गुण रामको
फेरी ती सुत र बन्दी गए मागध साथ पो
२२०७

घन्केर सज्जित पारी गर्जना पनि मेघको
बाजा नीशान ती लागे बज्न ना ना प्रकारको
लहर खुसीको छाइ अयोध्या परिपूर्ण भो
पताका ध्वज हल्लेर मुनि मन् पनि भुल्न गो
२२०८

भिडभइ राज दुवारमा अति
पत्थर् धुलो भो थिचिएर नै कति
ठुलो भयो खल्ली बल्ली शब्द र
आफ्नो पराइ चिनीएन है स्वर
२२०९

नारीहेरू अटालीमा चढी सबै हेऱ्यौ तमाशा भनी
मंगल् आरती थालीमा चीजहरू लिइ अनेकौ पनि
लागे गाउन गीत मंगल तहा नाना थरी सुन्दर
बर्णन् गर्न सकिन्न त्यो बखतको आनन्द भोघर्घर
२२१०

साज बाज सजेर जुगल रथ ल्याए सुमन्त्रजीले
भास्कर रथका हयकन पनि जस्मा नीज चालले
परास्त गर्ने हयहरू थिए जो जोतिएका सब
दुवै ती रथलाइ भुप नजिकै ल्याए खुसीले तब
२२११

बर्णन गर्न अशक्तछन् ती रथको श्री शारदाजी पनि
चाहिने भुपलाइ साजहरूले शोभित् थियो रथ् पनि
तेज पुञ्ज समान झल्मल् थियो अर्को अनि रथ् तहा
कान्तिले जसको नयन् सकलको तिर्मिर गर्थ्यो जहा
२२१२

सुन्दर् त्यो रथमा चढाउनु भयो पैले खुसीभै ठुलो
बशिष्ठ गुरूलाइ श्री भुपतिले आदर्गरी प्रेम पो
बिनायक गिरिसुता र अनि ता जगद्गुरो शम्भुको
स्मरण गरि शिर् नुहेर रथमा आफु पनि चढ्नु भो
२२१३

शोभित दशरथ् बशिष्ठ सँगमा भए कसोरी भने
श्री बृहस्पति साथ इन्द्र जसरी हुन्छन् अति शोभिने
सुशोभित भए उहि सरहनै राजाधिराज अनि
बैदिक बिधिले र बंशरितिले पूर्ण गरेर पनि
२२१४

राखेका चीज मंगल नजर भै ढोका हरूका सब
सम्झेर रघुनाथलाइ गुरूको पाएर आज्ञा तब
रमाना हुनुभो नरेश पनि ता फुकेर शंख ध्वनी
शोभा देखि ती जन्ति हेरू सबको देब हरूले अनि
२२१५

बर्षाए कुशुमाञ्जलि भरी सरी गर्दै गरी मंगल
गर्जेर हय हाथी खल्बल भयो चम्कि रथ झलमल
लागे बज्न आकाशमा पनि सबै बाजा बरियांत को
थाले मंग ल गीत गाउन सबै देबांगना साथ पो
२२१६
पुर्बासिहरूले पनि अनि तहाँ गाएर मंगल् गरे
लागे बज्न सरस राग सीतले राम्रो सहनाइ रे
कोलाहल् भयो मिलेर ध्वनी यो घण्टी घडियालको
फहराइध्वज ती नोकरहरू लिदा भए साथ पो
२२१७
हसाउन महा सिपालु बिदुसक् गाएर मिठो गीत
लागे गर्न अनेक कौतुक तहा हासो गराइ ती ता
मृदंग र निशानका ध्वनी सुनी प्रबीण राजपुत्रले
बानाका सुरमा नचाउन सबै लागे हयहेरू रे
२२१८
सिपालु नट हेरू छक्क परदै हेर्थे रमी चित्तमा
तालका सुर बाट ती हय हरू डग्दैनथे मार्गमा
शोभा हर्ष उमंग जन्तिहरूको भन्दा सकिदैन त्यो
शुभ सुचकदायि मंगल सगुन् लाग्यो हुनलाइ जो
२२१९
मानौं सबै मंगल सुचना गरी
चरीरहेको नीलकण्ठ त्यो घरी
थियो रहेको पनि बाम तर्फ नै
खाएर चारा परिबार साथ मै
२२२०
सुखेतमा थियो काग शोभित दाहिने तिर
साराले दर्शन पाए नकुलको पनि है फिर
सुगन्ध शीतल मन्द सानुकुल भएर ता
त्रिबिध समिर चल्न लाग्यो सुख्ख दिएर ता
२२२१
भरिया घडा फेरी बोकेका बाल क पनि
अघाडी देखिन लागे सधुवा स्त्रिहरू पनि
देखापऱ्यो अनि ताहा लोखर्के पनि ता घुमि
बाछालाइ दुध ख्वाएर आएर गाइले पनि
२२२२
शुभ मंगलको ठुलो देखाइ ताँतिनै सब
दाया पट्टी लहर् लागी आए मृगहरू तब
क्षैम्करीले बिशेष सुचन् क्षेम् कुशलको गऱ्यो
बाया तरफको रूखमा श्यामचरी पनि देखियो
२२२३

देखियो सामुमै फेरी माछा र दधी शोभीइ
देखिए पुस्तक साथै बिद्धान बिप्रती दुई
एकैपल्ट शुभ मंगल् साचो हीत हुन सब
शगुन इष्ट फल् दायक् परिपूर्ण भयो तब
२२२४
देखिए मंगल दायि शगुनहरू त्यो घरी
सगुण् ब्रम्ह भए जस्का छोरा दु :खहरू हरि
भयो सुलभ ताहिनै मंगल् दायी सगुन् भनी
अचम्ब के भयो ऐले पिता इश्वरका बनी
२२२५
थियो सवारी जुन् लायक जसलाइ उसैमहा
चढी भए रमाना ती फेरी खच्चर उट् तहा
अगणित थिए गोरू अनेक जातका ती जो
हिडे जिनीस बोकेर फेर् डोले भरीयादि जो
२२२६
भरी खर्पन बोकेर हिडे विविध बस्तुको
गनेर पारको होला ? सक्ला वर्णन गर्नको
नोकर चाकर आपन्ना डपन्फा साथ लिएर ता
सजिएर हिडे सारा कर्मचारी समस्त ता
२२२७
थियो सबैको मन हर्ष त्यो घरी
शरीर रोमाञ्च भएर बेसरी
आँखा भरी लक्ष्मण वीर रामको
छवि निहारू कहिले भनेर पो
२२२८
चित्कार गरथे प्रचण्ड स्वरले हाथीहरू शब्द यो
घण्टाको ध्वनी मै मिलेर रथको अवाजता फेरिजो
हिन् हिनाहटले तुरूंगहरूको कोलाहल बन्न गो
बाजाको स्वर ता मिलेर उसमै चारै दिशा धन्नभो
२२२९
देखेर त्यस्तो रमीता उमंगले
भन्थे अबधुका पुरबासी दंगले
सीता सरिकी बधु जो मनोहर
धीर प्रतापी रघुनाथ झैं बर
२२३०
दशरथ श्री जनक समानका
अपूर्वको जोडी छ सम्धिहेरू का
विवाह यो सुन्दर देख्न पाउँदा
हामी भयौं धन्य सबै रमाउँदा
२२३१

भो जन्मको सार समस्तको अब
हाम्रो भयो लोचन धन्य यो सब
साँचो गराए बिधिले अबश्य नै
हाम्रो अबधमा दिइ हेर जन्म नै
२२३२
शगुन शुभ यो विवाह खुसीले हेरी सबै गाउँले
आए फौंज मिलेर हर्षित भइ सारा त्यहि नाच्नरे
उत्साह र उमंगले यसरी नै प्रस्थान भो जन्तिको
गुल्जार गरी ती निशानहरूले पारेर ता धन्य पो
२२३३
भास्करकुल केतु श्री दशरथ लागे भनी आउन
लगाए नदी हेरूमा जनकले पुलहरू हालन
बाटा का बीच बीचमा पनि सबै चाडै बनाए घर
बास निम्ति सिंगारी इन्द्र पुरीभैं राखी दिए सुन्दर
२२३४
आबश्यक् चिजहेरू आफु सरिनै थिए अनुसारले
सुत्नेठाम र बस्त्र भो जनहरू रूची सरि जन्तिले
देखि बास पिछे नयाँ सुख दिने चिजहरू ती सब
बिर्षिए बरियातीले त्यस घरी आपन्ना घरनै तब
२२३५
भेरी शंख निशान बाद्यहरूको शब्दहरू ती सुनी
आएको बुझि जन्तिहेरू नजिकै घोडा र हाथीपनि
सजेर रथ साथ पैदलहरू सारा जनकले पनि
गए ब्राम्हण साथ हर्षित भइ पर्सन्छु जन्ति भनी
२२३६
भेट्का निम्ति भनेर श्री जनकले सौगात हेरू पनि
पठाए सुनका बिचित्रका थरिका भाँडा मनोहर् पनि
सुभर्ण कलश मनोहर अनि पक्बान ना ना भयो
मीठाइहरू फेरी अमृत सरी फल् फूल जात् जातको
२२३७
सर्बोत्तम् गहना र माणिकहरू रत्नमणी सुन्दर
लुगाहेरू अनेक जात सारी जरिका छ र
हरिण मृग पक्षीहेरू र अनि हाथी रथादि भयो
घोडाहेरूअनेक्सबारीहरू त भन्नै नसक्ने छ जो
२२३८
मंगल सगुन सुगन्धि फुलले अत्यन्त राम्रो गसी
पठाए उपहार श्री जनकले अनेक चीज धरी
दन्यौरा चिउरा कसार दहिले किस्ती भराएर रे
आए खर्पनमा धरेर खुसीले डोले भरियार रे
२२३९

देखेथे जब ती जन्ति पर्सने जनले तहा
भई शरी र रोमाञ्च भए हर्षित चित्तमा
भेटे सहितका सारा देखेर अगुवान ती
हर्षभै जन्तिले फेरी बजाएर निशान की
२२४०
लगाम खुकुलो पारी भेट्न परस्पर
मानौं आनन्द उत्साह भरेर दुइ सागर
हुन्कि ?जोडिन लागेका मर्यादा छाडीत्यो घरी
भने सरि अति राम्रा देखिए ती दुवै थरी
२२४१
गरेर फूलको बर्षा लागे गाउन अप्सरा
बजाइ दुन्दुभी शंख खुसीले स्वर्ग औ धरा
लागे घन्काउन फेरी देवहरू उमंगले
कुशुमाञ्जलीको बर्षा गर्दै जय भनेर रे
२२४२
दशरथ्को पुगी सामु सारा ती अगुवानीले
राखेर चीज बीज् भेट उपहार अघाडी रे
झुकेर प्रेमले बिन्ति गरे नुपतिमा जब
प्रेमले भुपले सारा त्यो स्विकार गरे तब
२२४३
प्रशन्न भै भुपतिले अनि तब
दिदा भए याचकलाइ त्यो सब
खुसी भइ प्रेम उमंगले अनि
परस्पर भेट गरे गएर नी
२२४४
महत्व मान्यता आदर् सत्कार गरी प्रेमले
गए जन्बासमा सारा लिएर जन्ति हर्षले
चित्र बिचित्र फैलाए पाबडे बस्त्रहेरूको
धनदले पनि छाड्थे धनको मद देखि त्यो
२२४५
आराम हुन्छ सब्लाइ जहाँ सकल भाँतिले
जनबास दिए तेहि राम्रो जनक भूपले
सीताले जन्ति आएको जानी जनकपुरमा
प्रकट् गर्नु भयो केहि आफनो महिमातहा
२२४६
बोलाइ मनले सम्झि अष्टसिद्धिहरू पनि
दशरथ् भुपको गर्न अतिथी सत्कार नी
पठाउनु भयो सारा प्रेमले जनबासमा
आज्ञा सुनेर सीताको सिद्धिहरू सबै तहा
२२४७

भोग बिलाश त्यो सारा स्वर्गीय सुख संपति
लिएर अतिथीशाला गए सिद्धि समस्त ती
भएको सुलभ सारा चीजले देव मात्रले
पाउने भोजन सारा सुखका चीज हेरूले
२२४८

भरेका बास त्यो देखि आफनो जन्तिले अनि
त्यो केहि भेद बैभब्को जानेनन् कोहिले पनि
राजा जनकको तारीफ् गर्न लागे समस्तले
सीताको महिमा खाली जान्नुभो रघुनाथले
२२४९

प्रेम रूपी कारण जानी त्यसको रघुनाथले
अत्यन्त मनमा हर्ष हुनुभो अति प्रेमले
आगमनको खबर् सुन्दा बाबा दशरथजीको
अटाएन मन भित्र आनन्द दुइ भाइको
२२५०

नसक्ने गुरूको साथ भन्न संकोचले अनि
पिताको दर्शन गर्ने मन्मा इच्छा ठुलो पनि
बिश्वामित्रजीले देखि बिनय त्यो अपारको
मुनिको मन्मा ठुलो भयो आनन्द प्रेमको
२२५१

भयो शरीर रोमाञ्च भरियो निर नेत्रमा
प्रशन्न भै दुवैभाइलाइ टाँसेर छातीमा
मानौं पिपासुले कुण्ड तोकेको होकीझैंगरि
अतिथी भवन भित्र जानुभो झट्ट त्यो घरी
२२५२

देखे भूपतिले सुत सँगै आइ रहेका मुनि
उठे हर्ष भएर थाहलीन ता सुख्सागरको पनि
-लोगेको सरि भै गएर भुपले शिर्मा धुलोपाउको
बारंबार धरेर फेरी मुनिको गर्छन् प्रणाम ती जो
२२५३

गाधिकासुतले पनि हृदयमा टाँसेर राजाकन
क्षेम्कुशलहरूसोधी आशिसदिए हर्षितअतिभैकन
दण्डवत् गरने दुवै सुतहरू देखेर फेरी तहा
अटाएन खुसी अधीक हुनगै नरेशका मन्महा
२२५४

मानौं मृत शरीरले पनि पछि भेटे सरि प्राण ता
दुवै पुत्र लगाउँदा हृदयमा मेटे सबै दु :ख ता
पर्मानन्द भएर पुत्रहरूको प्रेम्ले सुंघी शिर त्यो
ब्रम्हानन्द मिले सरि हुन गए आनन्दले मग्न पो
२२५५

अनि फेरी बशिष्ठको चरणमा भाइ दुवैले तहाँ
राख्नुभो शिर भक्तिसाथ नुहुदै खुसी मन्महा
प्रेम्ले हर्ष भइ बशिष्ठ ऋषिले भाइ दुवैलाइ ता
आनन्द परिपूर्ण भै हृदयमा टाँसे खुसी साथ ता
२२५६

फेरी ब्राम्हण हेरूका चरणमा भाइ दुवैले अनि
प्रणाम गरनु भयो र मनका इच्छा बमोजिम् पनि
-आशिश् पाउनु भो र फेरि अनिता प्रेमृलेप्रभुपाउमा
दर्शन् गर्नु भयो झुकी भरतले भाइ लिइ साथ पो
२२५७

उठाइकन प्रेमले हृदयमा धर्नु भयो रामले
देखेर दुइ भाइ लक्ष्मण पनि अत्यन्त आनन्दले
प्रेम गद् गदभै गएर खुसीले दर्शन् र भेट्गर्नु भो
सब्को चित्त प्रशन्न भो हृदयमा आनन्द ता भैठुलो
२२५८

अन्तर्यामि दयासागर भएका रघुनाथले
यथा योग्य नगर् बन्धु बान्धब हेरू लाइ रे
भारदारहरू फेरी मन्त्री मित्र र चाकर
याचकहरूका साथ भेटन् भो सब नोकर
२२५९

देखेर रामजीलाइ शीतल् भो मन जन्तिको
भनेर सक्छको हाल ? अपार प्रिती हेरूको
मानौं मूर्ति धरी धर्म अर्थ काम मोक्ष ती
हुन्कि भनेसरि चारै पुत्रका साथ भुपति
२२६०

देखिए शोभित चारै छोराले साथमा भुप
देख्दा नगरका जन्को आनन्द मनभो खुब
कुशमकलीको बर्षा गरेर देवले पनि
बजाए विविध बाजा घन्काइ गगन पनि
२२६१

मंगल गाँउन लागे नाचेर अप्सरा सब
शोभा देखेर त्यो सारा मग्न भो लोकनै तब
अनि जन्तिहरू साथै महाराजधिराजले
मन्त्रिगण शतानन्द बन्दी मागध सुत रे
२२६२

अरू बिप्र विद्धान ती भारदार
सनमान सब्को गरेर अपार
अनबानी गर्ने जनलाइ सारा
गराए खुसी राखदै भाइ चारा
२२६३

आज्ञा मागेर ता फेरी सारा ती अगुवानीले
प्रशंसा जन्तिको गर्दै फर्किए खुसीसाथ रे
लग्न भन्दा पनि चाडो आए ती जन्ति ता सब
उल्लाष भो जनकपुर्मा तसर्थ अतिनै तब
२२६४
दुनियाहरूले पाए ब्रम्हानन्द सरि सुख
दिन रात बढुन् भन्दै पुकारा बिधिमा खुब
गर्नलागे अनि फेरी पुरका नर नारीको
समाज मिलि आफुस्मा भन्नलागे यसोरी पो
२२६५
सीमा शोभाका हुन् जनकतयना रामजी पनि
सीमाहुन् धर्मैका दशरथ र राजा जानकनी
महारानी हाम्रा जनक भुपक पुण्डय मुरती
सीताजी हुन् फेरी दशरथ जीका हुन् रघपति
२२६६
आराधना दुवैले भैं गरेर पनि शम्भुको
रहेनछ कसैले नै यिनैका सरि ता ठुलो ?
पाएनन् फल् पनि फेरी धर्म नै शरीर धरी
आउने यि दुवै जस्ताको होला र जगत्भरी
२२६७
थिएनन् यिनी भैं पैले हुदैनन् पछि फेरि ता
छैनन् ऐले पनि हामी रहेछौं पुण्डय राशी ता
भयौं जनकपुबासी जन्मिए पनि लोकमा
शोभा देख्नेछ सीता र रामको जसले यहा
२२६८
बिशेष पुण्डयका राशी हुनहै ती पनि हामी भैं
हेरौंला राम सीताको विवाह पनि ता अभैं
लिउँला नेत्रको लाभ जन्मको सार भो ठुलो
धन्य धन्य भयौ हामी पायौ भाग्य अति ठुलो
२२६९
लाभदायकछ ठुलो विवाह सखी यो पनि
विधिले यो गरे हाम्रो भाग्य ठुलो हुँदाअनि
हुनेछन् यि दुवै भाइ नयन अतिथि अब
भन्दै कोयल् सरि मीठो बोल्ने ती नारीले सब
२२७०
हर्षित भै यो कुरा फेरी लागे बोल्न परस्पर
स्नेह पराधीन बन्दै संगिनी भुपले घर
डाक्नेछन् जानकीलाइ बारंबार जसै अनि
कोटी कन्दर्पभैं सुन्दर भएका यि दुवै पनि
२२७१
लिनका निम्तिमा सीता आउनेछन् अनि जब
पाउला दर्शन फेरी खुसी भै हामीले तब
ना ना किसिमले होला सत्कार पनि ज्वाँइको
ससुराली पनि यस्तो माइती लाइ फेरी जो
२२७२
प्रिय होबैन कस्लाइ बारंबार यसोरी ता
लक्ष्मण रामको दर्शन पाएर पुरबासी ता
हुनेछौं परमानन्द पाउँदा सुख यो ठुलो
हे सखी लाभ यो जस्तो होला के जगमाभलो ?
२२७३
सौमित्री रामको जोडी छन् उहि भैंअनि
दुइटा जोडीछन् फेरी राजाका साथमा पनि
कुमार श्याम र गोरो किशोर छन् मनोहर
मारको मदनै हर्ने सुशोभित् सुखका घर
२२७४
गएरै जसले देख्यो सुनेको उसबाट हो
यो सुनी अर्कीले भन्छे देखे मैले पनिहिजो
अत्यन्त सुन्दर भन् है कुमार ती दुवै अनि
मानौं ब्रम्हाजीले आफैं रचेका हुन्कि भैं पनि
२२७५
मुहार रामको जस्तै भरत्को छ मनोहर
सक्तैनन् सहसा चिन्नै नर नारीहरू तर
नख देखि शिखा सम्म सारा देह अनुपम
भएका एउटै रूप सौमित्रीहरू छन् सम
२२७६
यि चारै मन पर्ने छन् यिन्का श्री मुखचन्द्रको
बर्णन् गरेर पार् हुन्न त्रिभुवन्मै कहि अहो
उपमा यिनको छैन कुनै पनि समान को
दुर्लभ् छ देवमा सम्म यिन्का भैं गुण शील यो
२२७७
विनय शील र शोभा बल् बिद्या पांच चीजको
जलधी भैं भएका यि चार् भाइ चार भाइको
-जस्तै सुन्दर छन् अर्को उपमा गरूं के अब
गर्छु म तुलसीदास उपमा यहि नै अब
२२७८
पुरका नारी ती सारा पोल्टो थापेर त्यो घरी
पुकारा दैवका साथ गर्दछन् प्रार्थना गरी
हाओस् विवाह यि चारै भाइका यहि देशमा
मंगल गान गरि हामी पाउ रम्न सबै यहा
२२७९

रोमाञ्चले ब्याप्त शरीर् भएका
प्रेमाश्रुले नेत्र सबै भरेका
लागे सबै सुन्दरी भन्नलाइ
अत्यन्तनै आफुसमा रमाइ
२२८०

पुरागर्न हुनेछ शंकरजीले सारा कुरा यो सखी
पुण्डयका जलधी समान दुइटा छन् भुपतिहेरू यि
गर्थे ती पुरवासी यहि रीतले इच्छा मनोरथ् सब
उर्लेर खुसी बार बार सबको मन्मा भरिथ्यो तब
२२८१

आएका भुपहेरू जो अघी थिए सीता स्वयंवर् महा
पाए सुख् तिनीहेरूले पनि ठुलो चारभाइ देख्तामहा
गाएर भुपहेरू निर्मल ठुलो किर्ति रघुनाथको
आनन्द भइ फर्किए सकल ती सम्झि चरण् रामको
२२८२

एबं रित गरेर केहि दिन त्यो बित्यो बडो ह र्षले
थिए जन्ति र देशबासिहरू ती आनन्द उल्लाष रे
मंगल्को मुलकारण लगनको आइपुग्यो दिन् पनि
मैना मंसीर सुन्दर ऋतु पनि हेमन्त भन्ने अनि
२२८३

नक्षत्र ग्रहबार योग तिथी यी राम्रा परेका सब
निर्णय गरनु भयो लगन त्यो सोची विधिले त ब
नारद्लाइ भनी पठाइ दिनु भो त्यो लग्नलाइ अनि
तेहि लग्न गणित् गरी जनकका - ज्योतिष्हरूले पनि
२२८४

पारेका ठहराइ ठिक्क त थिए फेरी कुरा त्यो सुनी
लागे भन्न समस्त ज्योतिषी भए हेर बिधाता भनी
ठिक् पारी शुभलग्न तेहि सजिलो ब्राम्हण् र ज्योतिषले
भएको शुभ कारण अबसर मंगल् सबै चीजले
२२८५

असल् छ लग्नको निम्ति बेला गोधुलीको भनी
बिन्ति गरे महाराज जनक्को साथमा अनि
पुरोहित शतानन्द डाकेर भुपले पनि
सोधे बिलम्बिको हेतु के छ अब भनेर नि
२२८६

बोलाए सचीवलाइ शतानन्दजीले तब
ल्याए मंगल सामग्री सजाएर अनि सब
बाजाहरू बजे सारा निशान ताम्बुरादि जो
शुभ शगुनको मंगल सजाए कलश ठुलो
२२८७

सुभासिनी र सौभाग्य सुन्दरी स्त्रीहरू सब
मंगल गाउन लागे अनि बिप्रहरू तब
गर्न लागे ध्वनी मीठो पवित्र वेदको पनि
हिडे यसै गरी सारा जन्तिलाइ लिन भनी
२२८८

कोशलपतिको देखि समाज त्यो घरी अनि
लाग्यो अत्यन्तनै साना तिन्लाइ इन्द्रजी पनि
गएर नजिकै बिन्ति गरे अबधनाथको
पाउ कष्ट गरौं नाथ ! भयो समय लग्न को
२२८९

सुनेर बिन्ति यो सारा ती सबैको अनि पछि
बज्नलागे सबै बाजा निशना घन्किएर की
सोधेर गुरूका साथ बंश रिति गरी सब
साधु सन्त मुनि सारा लिएर जानु भो तब
२२९०

अनि ब्रम्हाजीका साथ देवहरू समस्तले
राजा दशरथजीको भाग्य बैभव देखि रे
जन्मलाइ बृथा आफ्नो सम्झेर ती समस्तले
सहस्त्र मुखले लागे तारिफ गर्न हर्षले
२२९१

शुभ मंगलको बेला जानेर देवले पनि
बाजा बजाउदै बर्षा गरे कुशुमको अनि
आफ्ना समाजले साथै देववर्ग बिमानमा
चढी शंकर ब्रम्हाजी छाए सब आकाशमा
२२९२

देहमा प्रेम रोमाञ्च थियो उल्लाष चित्तमा
देवहरू हिडे राम विवाह हेर्न सब् तहा
देखेर जनक धाम भए हर्षित देव ती
तुच्छय लाग्यो सबैलाइ आफ्नो लोकहरू जती
२२९३

सजाएका सिंगारेर अलोकिक मनोहर
विवाह मण्डप देखि बिचित्र अति सुन्दर
हेर्दथे देवता सारा चकित भइ त्यो घरी
शुद्ध शुशिल धर्मात्मा नर नारी थिए भरी
२२९४

सारा ती सुन्दरीलाइ देखि देवबधु पनि
भए निस्तेज ती तारा सरि चांदनीका पनि
आश्चर्य हुनगो धेरै ब्रम्हाको हृदयमहा
आफ्नो रचना काहि नदेख्दा मीथिलामहा
२२९५

सम्झाउनु भयो सारा देवहरू शशांकले
बिर्षेर पनि आश्चर्य नहोउ तिमीहेरू रे
उत्सब हेर यो आज धरेर धैर्य चित्तमा
शुभ विवाह हो यो ता राम सीताजीकोयहा
२२९६
लोकमा जसको नाम लिदामा मात्र नै पनि
अमंगल नष्ट ती सारा हुन्छ नीर्मूल् भएर नी
तेसैको हातमा हुन्छ तृण् झैं चार पदार्थ त्यो
उनै ईश्वर हुन् राम सीता भनी बिचार पो
२२९७
सम्झाइ देवतालाइ शिवले यहि रितले
अघिलाउनु भो आफ्नो बसाहा नन्दिलाइ रे
देखे दशरथलाइ देवता हरूले अनि
जन्तिमा जान लागेका अति आनन्दले पनि
२२९८
त्यो देखि मनमा ठुलो आनन्द देवको भयो
हर्ष गद् गद् रोमाञ्च भइ शरीर ढाकियो
मानौं मूर्ति धरी सेवा गर्न लागे सरी सुर
देखिए भुपका सँगमा रहने साधु संत र-
२२९९
-ब्राम्हण हरू ती सारा फेर् अनि पुत्रता सब
मूर्ति धरेर सामुज्य सामीप्य सुन्दर सब
सानु रूप र सालोक्य मोक्ष जस्ता थिए पनि
कनक बर्ण र फेरी मर्कत बर्णका पनि
२३००
देखेर सुन्दर जोडी देवता हरूलाइ ता
थोरै भएन है प्रिती देहाभान भुलेर ता
हेरेर रामजीलाइ भए हर्षित चित्तमा
सराही दशरथ्लाई बर्षाए कुशुम तहा
२३०१
नख देखि शिखा सम्म राम्रो शरीर रामको
बारंबार नजर् गर्दै रोमाञ्चित भएर पो
प्रेमाश्रुले भरी आँखा उमा सहित शंकर
अत्यन्त हुनुभो हर्ष हेरी हेरी रघुबर
२३०२
गाथ उज्जल् घाँटी जस्तै मयुर्को
शोभा छाई श्याम बर्ण जगब्को
रंग राम्रो बस्त्र पैही पहेलो
बिजुलीका सेखि हर्ने भएको
२३०३
विवाहका भुषण ती अनेक
पैही फेरी भै यथोचित् रहेका
सुशोभित छन् ती मंगल् भएर
सुन्दर् सारा उज्जल गम्किएर
२३०४
शरदका निर्मल चन्द्रमाको
जस्तो राम्रो कान्ति छ रामका जो
नव पद्मलाइ लज्जित गर्ने
नयन छन् प्राणी सब् मोह गर्ने
२३०५
भय हर्ने विश्वका सब् थरिको
तेज भर्ने कोटि भानु सरिको
शोभित छन् साथमा फेरी भाइ
मनोहर लोचन सुख्खदायि
२३०६
जान लाग्नु भएको चट्पटे हय ती सब
नचनउदै भइ शोभित् जन्तिका बीचमा तब
फेरी अरू अरू सारा राजपुत्र हरू पनि
नचाइनै रहेका छन् घोडा सुन्दर साथ नी
२३०७
गाना गरिरहेका छन् -- बिरूदाबलि बन्दिले
जय भनिरहेका छन् दुनियाहरू हर्षले
जुन् घोडामा भएको छ राज रघुकुलमणि
त्यो घोडाको गती देख्दा लज्जित् हुन्छ गरूड्पनि
२३०८
सकल सुन्दर अंग भएको सब भाँतिले
त्यो घोडाको गरि बर्णन् हुदैन पार कोहिरे
मानौं रूप धरी खास घोडाको झैं अनंगले
आएको रामको सेवा गर्न झैं भान पर्छ रे
२३०९
सुन्दर् रूप धरेर अश्वसरिको हर्षित् भइ चित्तमा
आएको मनसिज शोभित भइ हो की ?भनेझैं तहा
त्यो घोडा नीज बय बल रूप औ गुण गतिले पनि
मोहित् पारी रहेछ लोक हरूनै शोभा फिजाइ अनि
२३१०
जडेर मणि रत्नहेरू झलमल् सुन्दर् भएको पनि
जग्मग् जोती फिजाइ सुन्दरजीनझल्कि रहेकोछनी
राम्रा किंकीणी औलगाभ सुनका देख्दा मुनि मानिस
देवता ठगिएर छक्क परदै हेर्छन् परी मोहित
२३११

मन्लाइ लबलीन् गराइ प्रभुको इच्छा बमोजिम् पनि
शोभा साथ उचाली टाप हिडदा चाल्मा मनोहर् अनि
तारा बिद्युतले सुशोभित हुने मेघ्ले नचाए सरी
सुन्दर् मयुर भैं सुशोभित भयो घोडा पनि त्यो घरी
२३१२
जुन् मनोहर घोडामा भगवन् रामजी पनि
थियो हुनुभएको जो सवार तेसको अनि
गर्दा सौन्दर्यको बर्णन् थाक्दछिन् भारतिपनि
अल्प बुद्धि हुने मेरो के तागत् छ यहाँ अनि
२३१३
रामको रूपमा रक्त भएको शिवको मन
प्यारोलाग्योनयन्पन्ध्र आफ्ना ती शिवमा भन
सवार अश्वमा राम देख्नु भो जब विष्णुले
मोहित हुनुभो लक्ष्मी सहित तब प्रेमले
२३१४
बिधाता हुनु भो हर्ष शोभा देखेर रामको
आफ्नो लोचन ता फेरी आठै मात्र गुनेर पो
पछुताउनु भो धेर स्कन्दका चित्तमा अनि
उल्लाष भो अति आँखा ब्रम्हाको भनदा पनि
२३१५
चार लाभ थियो बाह नेत्रले हेर्न पाउदा
हुनुभो परमानन्द सरि राम निहारदा
धिमान इन्द्रले रामलाइ हेरन पाउदा
आफ्नो परम हित् ठाने गौतम श्रापलाइ ता
२३१६
भएन आज ता कोहि पुरन्दर सरिको भनी
गर्न लागे सबै देव ईर्षा, बासबको पनि
हेरेर रामजीलाइ देवताहरूले अनि
भए हर्षित ती सारा बिर्षेर डाह जो छन्
२३१७
हुन गो अतिनै हर्ष दुवै राज समाजमा
भएर परमानन्द बढ्यो उल्लाष खूब तहा
बज्नलागे दुवै तर्फ घन्केर दुन्दुभी अनि
हर्ष भै देवले सारा रघुकुलमणिको पनि
२३१८
जय जय भनी बर्षा पुष्पको गर्दथे तहा
जान लाग्यो यहि रित्ले त्यो जन्ति दुलहि कहा
जन्ति आउन लागेको जानेर दुलही तिर
बाजा बजाउ लौ भन्दै रानी सुनयना फिर
२३१९
सौभाग्य शालिनी नारी बोलाइ जन्ति पर्छन्
नीमीत्तको शगुन् चीज लागीन् ठिक् ठाक पारन
सम्हाली मंगल चीज अनेक थरिले तब
सजेर आरति फेरी गजगामिनी स्त्री सब
२३२०
अनेक रंगका राम्रा लाएर बस्त्र सुन्दर
लगाइ गहना फेरी शोभिएका मनोहर
बनाएका थिए सारा अंगलाइ सुमंगल
घुङ्घुरा किंकीणी कंकण् बज्दथे भइ मंगल
२३२१
लज्जित् भै कोकिल कण्ठि गजगामीनी सुन्दरी
गाउदै मंगल गीत हिडे सकल त्यो घरी
देखेर तिनका सारा हिडाइ मस्त चालको
हुन्थे लज्जित ती मन्मा मस्त हाथी समेत पो
२३२२
बज्नलागे अनि फेरी बाजा विविध भाँतिको
नभ मा र जनकपुर्मा भयो मंगलचार पो
इन्द्राणी शारदा लक्ष्मी देवी पार्वती हेरू ती
स्वभाविक्सिद्ध चतुर् राम्रा थिए देवांगना जति
२३२३
ती साराले चतुर् रूप सुन्दर नारीको धरी
अन्तपुर्मा गइ सारा मीसिए अनि त्यो घरी
लागे गाउन ती फेरी मीठो मंगल बाणीले
चिनेनन् हर्ष बिब्हल् भै कसैले तिनलाइ रे
२३२४
चिनापर्चेरी को कस्ले गरोस कसलाइ रे
सबै आनन्दले बिब्हल् भइ हृदयमा भित्रै
पर्छन् ब्रम्हरूपी ती दुलाहा रामजीकन
गाएर मंगलगीत हिडे उल्लाष भैकन
२३२५
बज्दैछ मधुरो बाज्य देवताहरूले पनि
बर्षा गरि रहेकाछन् कुशुमकलिको अनि
कान्ति फिजी रहेकोछ ललनाहरू मुग्ध र
मगनभइ रहेका छन् देखेर वर सुन्दर
२३२६
प्रेमको नीरले सब्को भरियो नेत्र पंकज
भयो हृदयमा ठुलो आनन्द र उमंगता
गद्गद् भै देहमा सब्को रोमाञ्च र पुलक्भयो
उल्लाष प्रेम आएर सबको देह ढाकियो
२३२७

रामको सुन्दर भेष देखि आनन्दले तहा
माहारानी सीतामाता हुनुभो हर्ष चित्तमा
सक्तैनन् तेसको बर्णन् कल्पौं सम्म गरेपनि
पारलाउन ता कोटि शारदा शेषले भनी
२३२८
जानेर मंगल बेला आएको जल प्रेमको
रोकेर नयनमानै चित्तमा भइ हर्ष पो
महारानी हरू लागे पर्छन् सुखसागर-
-बरलाइ कुलाचार बेद बिधि गरि सुन्दर
२३२९
वेद - ध्वनी - जय शंख - ध्वनी बाद्य र बन्दिको
ध्वनीले मीथीला फेरी आकाश पनि घन्कियो
मंगल गान र नाच हुन लाग्यो तहा ठुलो
फैलाइए पट बस्त्र पावडेका अपूर्बको
२३३०
गरेर आरति अर्घ दिए महिषिहेरूले
सवारी भो अनि राम मण्डप भित्र फेरी रे
जहा दशरथ राज भयो जन्ति लिइ सब
लजाउँथे सबै देव त्यहाँको देखि बैभव
२३३१
बेला बेला महा गर्थे पुष्प बर्णन देवले
गर्दथे अनुकुल् पारी शान्ति पाठ् द्धिजहेरूले
नभमा र जनकपुर्मा खल्वली भइ हर्षको
आफ्नो र अनि अर्काको शब्दनै चिनिदैनथ्यो
२३३२
गरेर आरति फेरी नारी रानी समेतका
भए आनन्द आनन्दसागर वर हेरि ता
विवाह बेदिमा राम पाल्नु भो यहि रितले
बराशन्मा लगी राज गराए अनि प्रेमले
२३३३
दिनलागे मणि भुषण् बस्त्रहरू अनेक जो
गाए मंगल् मीठो गीत सुन्दरीले अनेक पो
लिएर बिप्रको भेष ब्रम्हादि सुर हेरूले
तमाशा हेर्न त्यो लागे भइ आनन्द मगन रे
२३३४
रघुबंश रूपी पद्मबन्को गर्न प्रभुल्ल ता
भएका भाष्कर रूपी रामजीको छवि आहा
देखेर जिवनलाइ आफ्नो कुशलतामा पनि
गर्न लागे सबै लेखा परमानन्द साथ नी
२३३५

नटुवा बारी र नाउ भाट याचकले पनि
न्यौछबर् रामजीबाट पाएर हर्ष भै अनि
झुकाई शिंर ती लागे आशिष दिन सब् तहा
अटाएन ठुलो हर्ष तिनका हृदयमहा
२३३६
बैदिक लौकिक रिती सिद्धाएर सबै अनि
भेटे दशरथ साथ जनक्ले प्रेमले पनि
सुशोभित भए राजा दुबै ती भेटदा अति
लज्जित् भए कवि सारा उपमा खोज्री खाजी ती
२३३७
मिलेन दुइ सम्धिको उपमा ता कहि पनि
मानेर मनले हार यिनी झैं छन् यिनै भनी
यो ल्याए उपमालाइ कविले मनमा पनि
दुवै देखेर सम्बन्धिहरू ती देवले अनि
२३३८
गरेर फुलको बर्षा लागे गाउन ती जस
जैले देखि बिधाताले पैदा या विश्वलाइ त
गर्नुभा तेहि नै देखि विवाह देखियो कति-
-सुनियो, तर सम्पूर्ण समान साजले उति
२३३९
देख्यौ समानका सम्धि हामीले आजनै अहो !
भएको सुन्दर सत्य यो कुरा देवहरूको
सुन्दा अलोकिक प्रेम फैलियो दु इतर्फ नै
अनि जनकराजाले पावडे फइलाउदै
२३४०
प्रशन्न भै दिदै अर्घ दशरथ्लाइ त्यो घरी
विवाह वेदिमा ल्याए जयकार गरि गरी
चित्र विचित्र वेदिको सुन्दर रचना सब
मुनिको मन् पनि हर्ने थियो अद्भुतको तब
२३४१
आफ्नो हालते ल्याइ राज जनकराजले
राखे शिंहाशन झट्टै सबका निम्ति फेर रे
इष्टदेव सरि कुल्को सम्झेर प्रेमले भरी
बशिष्ठको गरि पूजा लिए आषिश खुस् गरी
२३४२
गर्दा कौशिकको पुजा जो परम् प्रितीको रिति
भयो त्यो वर्णन गर्न सक्तैनन् शेष भारति
उमंग अति उल्लाष भइ जनकले पनि
बाम देवादिको पूजा गरे आनन्दले अनि
२३४३

दिब्याशन सबैलाइ दिएर अनि आशिष
पाएर पनि सब्बाट भए अतिबनै खुस
गरेर आदर पूजा गरे दशरथजीका
ईश्वर सरिनै सम्झि दोश्रो भावना राखीता
२३४४

हात जोडेर ता फेरी श्रद्धा बिनयले अनि
भएँ धन्य भनी आपनो भाग्य बैभवका पनि
सराहना गरी फेरी सम्धी भैं जन्तिको सब
सन्मान आदर साथ पूजा पनि गरे तब
२३४५

यथोचित दिए आशन् अब तेस्तो उमंगको
कसरी म गरौं बर्णन् मुख छ एउटै अहो !
बिनय दान र मान मीठा बचनले गरी
गरे संमान राजाले जन्तिको मन खुस् गरी
२३४६

स्वभाव रामको जस्ले जान्दथे चन्द्र सूर्य ती
ब्रम्हा विष्णु हर देव दिक्पाल प्रभृति जति
कपट्ले सुन्दर भेष बनाइकन बिप्रको
पाइकन अति सत्य तमाशा हेर्नलाइ त्यो
२३४७

लागेका ति थिए सारा राजा जनकले अनि
देव समान संझेर बिना जानेर नै पनि
दिएर आशन फेरी गरि सत्कार पूजन
भए परम आनन्द त्यो घरी मीथीला जन
२३४८

पहिचानोसको जानोस् कस्लाइ कसले तहा
सुद्धि बद्धि सबै बिर्षे आफ्नो नै सबले तहा
आनन्द कन्दका सागर दुलाहालाइ त्यो घरी
देखेर ती दुवै तर्फ भए आनन्द बेसरी
२३४९

चिन्नु भो देवतालाइ अन्तरयामी रामले
मानसिक् आशन फेरी दिनुभो अति हर्षले
शील स्वभाव देखेर भगवन् रघुनाथको
भए देवहरू हर्ष हृदयमा अपारको
२३५०

नयन् रूपी चकोर्पक्षी त्यहाँ सकल प्राणीको
रामको मुख् रूपी पूर्णचन्द्र किरणको मीठो
रसको गर्दथे पान श्रद्धा आदर प्रेमले
उम्लेर हर्ष आनन्द ढाक्यो सकल लोक रे
२३५१

देखेर लग्नको बेला बशिष्ठ ऋषिले अनि
शतानन्दकनै डाकी आदर साथले पनि
आज्ञा सुनेर ती आए भन्दछन् फेरी बशिष्ठले
गइ तुरून्त नै ल्याउ अब राजकुमारी रे
२३५२

शतानन्द गए आज्ञा पाएर खुसीले अनि
बिन्ति गरे महारानी छेउमा तिनले पनि
सुनी प्रोहितको आज्ञा रानीले सखी साथ ती
चतुर ब्राम्हाणपत्नीलाइ र कुलका जति
२३५३

बृद्धा अनुभवीलाइ बोलाइ मंगल गरी
गाएर कुलको रित गर्नु भो अनि त्यो घरी
सुन्दर नारीको भेष धरेर सुर सुन्दरी
आएका जो थिए सारा त्यो अन्तपुरमा भरी
२३५४

ती थिए सुन्दरी श्यामा सुशिला तिनलाइ नै
देखेर जनक पुर्का स्त्रीहरू पनि हर्ष भै
बिना जान पँहिचान सारालाइ तिनीहरू
प्राण भन्दा पनि प्यारा भए बर्णन के गरूँ
२३५५

भबानी शारदा लक्ष्मी सरी नै जानी तीकन
बारंबार गरिन् पूजा रानीले हर्ष भै कन
श्रृंगारी जानकीलाइ संगिनीहरूले अनि
आए लिएर हर्षित् भै विवाह वेदिमा पनि
२३५६

मंगल साजले पारी सीताको गाथ उज्जल
सोह्र श्रृंगारले सारा संगीनी भइ झल्मल
घेरेर जानकीलाइ गाएर गीत मंगल
विवाह बेदिमा आए पारेर लोक चन्चल
२३५७

मत्त हाथी सरिको गरि चाल
सुन्दरी गरि सबै करमाल
गाउदै गीत मनोहर मीठो
योगीको मन पनि हरी छीटो
२३५८

चन्चले हरिणलोचनी नार
नेत्रले सकलमा गरि बार
हिड्दथे जनकजा लिइ साथ
कान्तिले रति पनि गरि माथ
२३५९

मस्त चन्चल सुन्दरी सकलका सुनेर मीठोस्वर
हुन्थे लज्जित कोयलिहरू सबै भागेर जादै पर
पैन्हेका गहनाहरू सकल ती बज्थ्यो मीठोतालमा
कंकण किंकीणी पाउजेव र अनुठ्बिक्षा सबैचालमा
२३६०
स्वभावले सुन्दर जनकी पनि
नारीहरूका बिचमा रहेर नी
नारीहरूका छबि मध्य नारीको
परम् मनोहर् सुषमा समानको
२३६१
फिजारी शोभा हुनुभो सुशोभित
ताराहरूका बीच चन्द्र भैं स्मित
छवि हरू मध्य परम् छबि सरी
भएर शोभा सुषमा रह्यो भरी
२३६२
सुन्दर्ताको गरि बर्णन् सकिदैन सीताजीको
बुद्धि सानो छ यो मेरो सौन्दर्य छ अपारको
सब तरहले पावन् भएकी रूप राशी रे
देखे आउन लागेकी सीताजीलाइ जन्तिले
२३६३
गरे प्रणाम साराले मनैले जानकीजीको
त्यो देखि हुनुभो पूर्णकाम राम पनि अहो !
छोरा सहितमा हर्षित् हुनुभो दशरथ् पनि
अतिआनन्द भो मन्मा त्यो भन्न सकिदैन नी
२३६४
पुष्प बर्षाउँछन् देव गरदै बन्दना अनि
मूल मंगलको कारण् भएको आशिश ध्वनी
बर्षाउन मुनि लागे ब्राम्हणहरू साथमा
गाना निशानको भारी कोलाहल भयो तहा
३२६५
भयो सवारी सीताको मण्डपमा यहि रितले
बिप्र मुनिहरू शान्ति पढ्दथे अति हर्षले
आचार बिधि ब्यबहार त्यो बेलाको दुवैथरी
कुल्गुरूहरूले पारे ठाक् ठाक सब ठिक् गरि
३२६६
गरेर त्यसबेलाको आचार गुरूहेरूले
गौरी गणेशको पूजा प नि ब्राम्हणहेरूले
लागे गराउन फेरी प्रकट् भै देवले पनि
स्विकार गरित्यो पूजा दिन्थे आशिष धेर नी
२३६७

अनि मुनिहरू मन्ले जुन्बेलामा जहा पनि
मंगलद्रब्य मधुपर्क सम्झन्थे चीज्हरू जति
हेमपात्र र थालिमा चीज सब् त्यो भरी भरी
खडा थिए लिइ सारा परिचारक ती धरी
२३६८
प्रेम आनन्दका साथै कुल्को रित्लाइ सूर्यले
आफैं बताउनु हुन्थ्यों प्रकट् भै अति हर्षले
आदर साथले तेहि अन्सार गरिए रित
एवं प्रकारले सारा गराइ देव पुजित
२३६९
बसाले जानकीलाइ राम्रो सिंहासनमहा
परस्पर् प्रेम हेराइ सीता र रामको त्यहा
यथार्थ चीन्न कोहिले पनि सक्तैनथे तब
मन् बुद्धि श्रेष्ठ बाणीको अगोचर थियोसब
२३७०
प्रकट कसरी गर्नू कविले गरि वर्णन
नपाइ पार ता जस्को शारदा पनि थाक्छिन
होम समयमा मूर्ति धरेर अति हर्षले
आहुति लिन ती लागे अग्नि नारायणजीले
२३७१
धरेर बिप्रको भेष चारवेद पनि सब
विवाहको विधि दिन्थे बताइ खुसीले तब
लोक प्रसिद्ध पट्रानी महाराज विदेहिकी
फेरी सब् गुणकी खानी माता पनि सीताजीकी
२३७२
महारानीजीको बर्णन गरौं कसरि आज रे
मानौं विरञ्चि सारा सुजस् सुख्ख र पुण्य रे
सौन्दर्यता मिसि सारा बनाएकी सजीकन
थिइन् हुन्कि भने जस्तै गुणले पूर्ण भै कन
२३७४
जानेर लग्नको बेला मुनिशहरूले अनि
बोलाए जग्य बेदिमा रानी सुनयना पनि
सुनेर ऋषिको बाणी गाएर मंगल गरी
सुहागीनीहरूले ल्याए रानीलाइ छिटो गरि
२३७५
शोभित हुनुभो जाइ राजाको बाम भागमा
तुहिना चल र मेना जस्ता भै कन कान्तिमा
सुगन्ध मंगल शुद्ध भरेका जलले गरी
सुबर्णका घडा फेरी तसला मणीका पनि
२३७५

ल्याएर करले आफ्नै महारानी र भुपले
राख्नुभो खुसीले झट्टै रामजीका अगाडीरे
मंगल वेदको मन्त्र पढ्न लागे मुनिशले
झरी झैं फुलको बर्षा भयो गगनबाट रे
२३७६
जाहि जुहि र बेली औ चमेली पारीजात ती
सरोज माधवी चम्पा बताउ धेर यो कति
बर्षियो अनि ती राजा वर देखेर हर्षित
भएर पावनपाउ धुनलागे झुकेर त
२३७७

कन्यादान

पाउकमल् श्री भगवान रामको
लागे धुनलाइ भइ प्रशन्न पो
प्रेम्ले शरीर्मा पुलका बलि भयो
गद् गद् भइ सुख्ख बढेर उम्लियो
२३७८
गगन् भरीमा मीथीला भरी पनि
गाना निशाना जय कारको ध्वनी
उर्लेर चारै तिर फैलिया ठुलो
उमंग उल्लाष फिजेर ढाकियो
२३७९
कन्दर्प बैरी शिव चित्तरूपिको
तलाउमा जुन् पदपद्म नित्य पो
छन् शोभिएका सुकुमार सर्बदा
आनन्द गर्दै शिवलाइ ता सदा
२३८०
जुन् चरण् पंकज चित्त निर्मल
पारेर सम्झैं पनि एक पल्ट
हुनेछ ती नष्ट समस्त कल् मल
मिल्नेछ सायुज्य भएर झल्मल
२३८१
पतीत् भइ जो मुनि पत्नी सुदरी
थिइन् बसेकी हुन गै ती पत्थरी
पाएर स्पर्श जुन पाउपद्मको
तिन्ले गती पाइ गइन् रमेर पो
२३८२

जुन् पद्कल्पको मकरन्द शम्भुको
शिर्मा रहेकोछ भइ पवित्र पो
पवित्रताको अबधि समस्तले
बयान गर्छन् जसको सदैब रे
२३८२
भ्रमर बनाइ मन आफनो सदा
पाउ कमल्मा मुनि रम्दछन् अहा
अभिमत पाइ गति पनि अति
जुन् पाउ सम्झेर रमाउछन् कति
२३८४
सोहि चरण् पंकजलाइ त्यो घरी
लागे जनक्ले धुन प्रेमले भरी
तिन्को गरी भाग्य सराहना पनि
गर्थे सबैले जयकारको ध्वनी
२३८५
वर बधुको जोरी हत्केला दुइ बंशकै
गुरूले गरनलागे शाखोच्चार् रिति माफिकै
पाणीग्रहण् भयो राम सीताको यहि रि तले
उत्सव देखि त्यो ब्रम्हा आदि देव समस्त रे
२३८६
मुनि मानिस ती सारा भए आनन्द चित्तमा
सुखीसिन्धु वरलाइ देखेर रानी भुपमा
भयो आनन्द रोमाञ्च उठी लहर हर्षको
ढाकेर हृदयसारा नेत्रमा प्रेमजल् बह्यो
२३८७
लौकिक बैदिक सारा बिधि गर्दै यसोरी नै
कन्यादान गरी भुषण् दिए फेरी अनेक नै
शिवलाइ दिए दुर्गा जसरी गिरि राजले
विष्णुलाइ दिए लक्ष्मी जसरी नदिनाथले
२३८८
दिए जनकले सीता रामलाइ उसोरी नै
फैलियो सुन्दर किर्ति ढाकेर लोकमा सबै
बिदेहलाइ बिदेह पार्‍यो श्यामल मूर्तिले
किन फेरि गरून् बिन्ति अब तेस्ता बिदेहले
२३८९
पारी लगनको गाँठो होम पू र्ण गरी सब
जग्य परिकमागर्दै घुम्न लाग्नुभयो तब
जय जयतीको शब्द ध्वनी मंगल गानको
वेद ध्वनी र बन्दीको ध्वनी बाद्य र नाचको
२३९०

सुनेर खुसी भै सारा ब्रम्हादि देवता पनि
लागे बर्षाउन कल्पबृक्षका फुल सब् अनि
घुम्न लागे अनि मण्डप् सुन्दर वर औ बधु
खुसी भै नेत्रको लाभ लिनलागे सबै अरू
२३९१
सकिन्न बर्णन गर्न त्यो मनोहर जोडीको
उपमा दिउजो केहि थोरै नै हुन्छ त्यो अहो !
मणि जडित खम्बामा राम्रो राम सीताजीको
झल्याक् झुलुक भै पर्थ्यो घुम्दामा परछाइ जो
२३९२
मानौं रति र कन्दर्प अनेकौं रूप नै धरी
अद्‌भुत अनुपम राम विवाह हेर्न त्यो घरी
आएका हुन्कि ?भैं भन्ने भान सब्मा गराउदै
हेर्दै लुक्दै गरेका भैं देखिए थामहेरू मै
२३९३
हेर्ने इच्छा ठुलो मन्मा गर्ने संकोच नै अति
शिवका त्राशले गर्दा नसक्ने आउनै पनि
तसर्थ हेरदै लुक्दै गर्ने घरी घरी तहा
छाँया गराउँथ्यो भान रति काम सरि तहा
२३९४
भए आनन्दले पूर्ण देख्ने प्राणी सबै जन
बिर्षिए देहको भान जनक सरि भै कन
घुमाइ बेदिमा सारा खुसी भै मुनिहेरूले
त्यो बेलामा रितिलाइ नेग दस्तुर साथले -
२३९५
-सिद्धाए अनि सीताका शिरमा रघुनाथले
हाल्न लाग्नु भयो सिन्दुर् अति राम्रो गरेर रे
सकिन्न भन्न त्यो शोभा कुनै किसिमले पनि
बयान त्यस बेलाको गर्न सक्छ र को अनि
२३९६
पद्मको दलमा राम्रो रातो रज लिएर नै
सुधाको लोभले गर्दा नागले चन्द्रलाइ नै
भूषित गर्न लागेको हो कि भैं गरि जग्यमा
छायो मनोहर शोभा सीतार रामको तहा
२३९७
दिदा बशिष्ठले आज्ञा दुलाहा दुलहि पनि
एक आशनमा राजभयो त्यो जग्यमा अनि
सुन्दर एक आशन्मां बसेका राम जानकी
देखि दशरथ मन्मा भए अतिब नै खुसी
२३९८

आपन्नो पुण्य रूपि कल्पबृक्ष भरी नयाँफल
लागेको हेरि बार्बार सम्झि जीवन सुफल
रोमाञ्चित भइ गद् गद् भए अतिब प्रेमले
भएर परमानन्द चित्तमा भो उमंग रे
२३९९
थियो उत्साह संसारै भरमा सब लोकले
भन्दथे राम सीताको भयो भनी विवाह रे
मंगलछ या ठुलो भारी जिब्रो यौटैछयोअब
बयान गरि त्यो भन्न सकिन्छ र कहाँ सब
२४००
राजा जनकले फेरी आज्ञा पाइ बशिष्ठको
सरजाम सबै जोरी विवाहका निमित्त पो
डाकेर माण्डवी फेरी श्रुतिकिर्ति र उर्मिला
सुन्दरी यि तिनै राजकुमारी हरू निर्मला
२४०१
आपन्ना कुशध्वज भाइ भुपकि जेठी छोरी जो
परिपूर्ण थिइन् शोभा शिल र गुणहेरू को
रिति गरेर ति सारा प्रितिले तिनलाइ ता
दिए भरतजी साथ विवाह गरि फेरी ता
२४०२
बहिनी पनि सीताकी उर्मिलालाइ ता अनि
गुण शिरोमणि जानी सुन्दरी श्रेष्ठ हुन् भनी
सारा तरहले पूजा आदर रितिले सब
विवाह गर्दिए फेरी सौमित्रि साथमा तब
२४०३
सुमुखि गुणकी खानी श्रुतिकिर्ति भनेर जो
थिइन् सुलोचना बैनी पनि श्री माण्डवीजीको
उजियाली थिइन् रूप शिलले जोति भैं सदा
भरतानुजकै साथ भयो तिन्को विवाह ता
२४०४
अनुरूप भएकी ती दुलहा दुलही सब
संकोच मान्दथे हेरी परस्परमहा तब
आनन्दित भइ मन्मै अपार हर्षले तब
सौन्दर्यलाइ आफुस्को सराना गर्दथे सब
२४०५
कुशुमाञ्जलीको बर्षा गर्दथे देवहेरूले
मुग्ध देबांगना सारा नाच्दथे रमी हर्षले
अपार सुन्दर शोभा भएका जोडी चार ता
साथ साथै थिए एकै मण्डपमा विराज ता
२४०६

मानौं जिब्का मन् रूपि स्थानमहा
स्वामी साथै हुन्कि बिराज ताहा
अबस्थाई चारनै कि भने भैं
भान हुन्थ्यो त्यो छवि देखदा मै
२४०७

शोभा तेस्ता देख्न पाइ अपार
सम्भि आफ्नो जीवन धन्य सार
सुर नर योगी गन्धर्व सारा
भए परम् प्रेमले मग्न सारा
२४०८

स्त्रि साथै पुत्र ती चार देखि दशरथ पनि
भए अत्यन्त आनन्द रोमाञ्च गद् गद बनी
भुप शिरोमणी राजा दशरथ्ले तहा तब
मानौं पाए फल चारै क्रिया सहितका सब
२४०९

राम विवाहको बर्णन् गरियो जुन रितले
सब् भाइको भयो राम्रो विवाह तेहि रितले
दाइजो जो थियो घेरै भनेर सकिदैंन रे
भरिएको थियो बेदि सुबर्ण मणिहेरूले
२४१०

बिचित्र उनका बस्त्र अनेकौं थरिका पनि
बहुमुल्य थिए फेरी रेशमी बस्त्र हेरू नी
हाथी घोडा रथ फेरी थियो दास र दासी रे
काम धेनु सरि गाइ श्रृंगारी भुषणादिले
२४११

थिए अद्भुतका चिज गर्नु गिन्ति कसोगरि
जस्ले देख्यौ तिनै जान्लान् सकिन्न बर्णनगरि
दाइजो देखि त्यो डाहा भयो धनदलाइ ता
भए हर्ष अबघ्नाथ त्यो सब् चीज लिएर ता
२४१२

चाहन्थ्यो जसले जो जो तेहि चीज दिएर ता
याचकहरू खुस् पारे अनि सब् जन्तिलाइ ता
सनमान गरि फेरी जोडी जनकले कर
प्रशंसा नम्रता दान सहित्को गरि आदर
२४१३

पूजागरे अति फेरी श्रद्धा प्रेम् र हर्षले
महा मुनिशका सारा समुह हरूलाइ रे
सत्कार पूजन गर्दै बन्दनादि गरिकन
मनाए प्रेमले फेरी सुर हेरू सबै कन
२४१४

राजा बिदेहले फेरी जोरेर हात प्रेमले
प्रार्थना गरदै बिन्ति गर्न लागे यसोरी रे
खोज्दछन् भाव र भक्ति देवता र सुजन्सब
विना भाव दिदा जल्को अञ्जली मात्रले तब
२४१५

हुन्छन् र के खुसी सिन्धु जबभाव र भक्तिले
चढाएको बूंद पाइ हुन्छन् सागर हर्ष रे
तसर्थ सोहि भैं मैले खाली भाव र भक्तिले
गरेको सम्भना मात्र हो यो सुजन आज रे
२४१६

चढाउन म के सक्थें हजुरले अब
अनुग्रह ममा राखी हुनु होला खुसी सब
जनकराजले फेरी लिएर भाइ साथमा
जोडेर दुइटै हात अयोध्यापति साथमा
२४१७

शील स्वभाव र प्रेम भरिएको अति मीठो
मृदु मनोहर बाणी बोले आदर साथ पो
हजुर्का साथ सम्बन्ध गर्दा राजा धीराज यो
म भएँ इज्जतदार सब तरहले ठुलो
२४१८

यो राजपाटले साथै महाराज मलाइ ता
तुच्छदास बिना मोल्को भनेर जान्नुहोस ता
सुसारे गरि यि छोरी हरूलाइ पनि प्रभो !
नया नया कृपा राखी पालना गर्नुहोस पो
२४१९

धृष्टता गरि हे स्वामी! पठाएँ डाकी जो यहा
कृपाराखी ममा गर्नु होला त्यो भुलमा क्षमा
सुनी जनकका बिन्ति यस्तो अत्यन्त हर्षले
भानुका कुलका भुषण् राजाले सम्धीलाइ रे
२४२०

आदर बिनय मान गरे बिबिध भाँतिको
भएका प्रेमले पूर्ण मनोरथ् दुइ सम्धिको
परस्पर् बिन्ति भाउको सकिन्न बर्णन गरी
गुणसागर् दुबै राजा दुवै छन् दुइटै सरी
२४२१

सुमन बर्णन गर्न लागे सुरहरू पनि
जनबास तिरै राजा गए दशरथ अनि
बाजा र बेदहेरूका ध्वनीले जयकारको
नभ र जनकपुर्मा कोलाहल भयो ठुलो
२४२२

पाएर आज्ञा मुनिहेरूको अनि
सुन्दर् सखीले नव दंपति पनि
कौतुक् भवन् तर्फगए लिएर है
मंगल गरि गान सबै रमाउदै
२४२३

बारंबार् रामलाइ नजर गरिलिदा हुनुहुन्थ्यो सीताजी
संकोचित्किन्तु मन्ता संकाचितन भइ लुब्दथ्यो हेर्नखोजी
प्रेम्मा प्यास्रा भएका नयन पनि दुवै मीनको त्यो मनोहर
चोर्नाको निम्ति शोभा हुनगइ चनचल् भैं थिए मस्त सुन्दर
२४२४

स्वभावैले भएका ती मनोहर् श्यामगाथको
थियो शोभा पनि लज्जित पार्ने कन्दर्पलाइ जो
जुन् चरण रूपी पंकज्मा लोभिइ मुनिको मन
भ्रमर सरि भै नित्य रहन्छ शोभिइ कन
२४२५

प्रभु ध्यान – ६

तिनै चरण् कमल् ऐले माहर्ले सजिएर ता
सुशोभित भएका छन् सबैको चित्त चोरी ता
पवित्र धोति त्यो सुन्दर् पहेलो बालसूर्य को
हरण गर्दछ कान्ति झल्कि झल्मल भै अहो !
२४२६

कटीको किंकीणी फेरी सूर्यको शेखि हर्दछ
बाहु बिशाल हाथीको सुडको माथ गर्दछ
धरी भूषण छन् राम्रा पहेलो छ जनै पनि
इन्द्रधनु गगन्को भैं शोभिदो छ खिलेर नी
२४२७

चोरेर लिन्छ मन्लाइ हातका औंठी हेरूले
विवाहको सबै राम्रो साजले सजिएर रे
गहनाले सजिएको बिशाल छाती नाथको
आकाशमा शशि तारा सरि भै शोभित भयो
२४२८

छडके गराइ ओढेको उपर्ना सुन्दर गरी
मणि मोति जडैका छन् तेस्को छेउमहा भरी
पंकज लज्जित गर्छ नेत्रले भइ सुन्दर
शिपी भैं कानमा राम्रो कुण्डल छ मनोहर
२४२९

सारा सौन्दर्यको खानी सरि भै मुखमण्डल
चन्द्रको किरण फिका गर्दछ भइ झल्मल
कन्दर्पको धनु जस्तै राम्रो छ भृकुटि पनि
सुन्दर नासिका फेरि मन् हर्छ सबको पनि
२४३०

उज्जल भालमा धर्के भएर केशरी टीका
सुन्दर्ताको भवन् जस्तै भइ हर्दछ चित्तता
सुन्दर मुकुट शिर्मा शोभाय मान छन् अहो !
जस्मा मंगल मय राम्रो जडित् छन् मणिहेरू जो
२४३१

बिशाल मणि माणिक्य जडेको मुकुट अति
राम्रो छ सबको हर्ने चित्तलाइ फिजीद्युति
यस्तो अपार देखेर रामको रूप माधुरी
मुग्ध भै देहको भान बिर्षि भो स्थिर सब् भुलि
२४३२

अनि अरू तिनै भाइ हरूका रूप कान्तिले
मन् हर्छ लोकको सारा चन्द्रकाभैं मुहारले
राम्रो छ सबको गाथ मन् हर्ने प्राणीहेरूको
लज्जित्त गर्दछ कोटि कन्दर्प हरूलाइ जो
२४३३

पुरका नारी र फेरी सुर सुन्दरी हेरूले
देखि वरहरूलाइ नजर् लागी अनिष्ट रे
होला भन्ने गरी शंका लागे तृण् तोड् न त्यो घरी
भूषण मणि र बस्त्र न्योछ्वर गरी गरी
२४३४

गरेर आरति मंगल लागे गाउन सब् तहा
गर्दथे पुष्पको बर्षा हर्षभै देव मन्महा
सुजस गाउन लागे सूत मागध बन्दिले
एबं प्रकार हर्षित् भै सधुवा नारीहेरूले
२४३५

दुलाहा दुलहीलाइ लिएर साथमा पनि
कौतुक् भवनमा आए गर्दै हास बिलाष नि
अनि अत्यन्त प्रितिका साथ गाएर मंगल
लागे लौकिक् रिति गर्न भइ मुग्ध र चन्चल
२४३६

फेरी श्री रामजीलाइ स्त्रि भेष् भारीणी गौरीले
जानकीलाइ स्त्रिभेष धारीणी शारदा जीले
जुठो खुवाउने रिति लागे फेरि सिकाउन
हाँसबिलाषको रस्मा लठ्पन्यो अन्तपुर् झन
२४३७

भए आनन्द ती सारा पाएर जन्मको फल
सारालाइ मिल्यो लाभ पारेर नेत्र सुफल
आपन्नो हात्को भुषण् माहा जडेकोमणिहेरूमा
स्वरूपनीधानको छाया देखेर जानकी तहा
२४३८

बिरहडरको बस्मा परेर भुजबल्लि त्यो
नहल्लाएर तेस्लाइ हेरेर रहनु भयो
अघाउदैनथ्यो आँखा दर्शन प्रभुको गरी
एकटक्ले प्रभु हेर्दा लाजहुन्थ्यो फेरि त्योघरी
२४३९

पाएर मणिहेरूमा दर्शन रामको पनि
घोको मन्को पुराएर बस्नु भो स्थिरभै अनि
बिनोद् प्रमोद अमोद अनेक् कौतुक प्रेमको
भनेर साध्य त्यो छैन त्यो कुरा सखिहेरू पो
२४४०

जान्लान् तिनै थिए साथ बसेका सखि खोपीमा
नत्रता छैन सामर्थ शेषको पनि बुद्धिमा
राम्रा बरबधुलाइ लिएर साथमा पनि
गए जन्बासमा सारा संगिनीहरू ता अनि
२४४१

आषिश सुनिन लाग्यो त्यो बेलाको जहा तहा
भयो आनन्द उत्साह पुरमा र गगन् म्हा
प्रशन्न चित्तले सारा भन्दछन् खुसीले अनि
'चिरञ्जिवी रहुन् चार जोडी यि सर्बदा 'भनी
२४४२

सुर सिद्ध मुनि जोगी ती योगीहरूले तब
गरेर रामको दर्शन् बजाए दुन्दुभी सब
अनि सुमनको बर्षा गरि हर्षित भैकन
आपन्ना लोक्मा गएसारा जय जय भनीकन
२४४३

चारै पुत्रहरू फेरी लिएर बधु साथमा
आए खुसी भइ बाबा दशरथ्का नजिकमा
मानौं जन्बासमा शोभा मंगल हर्ष यि तिन
उम्लेर भरिइ सारा पोखियो फिजिइ कन
२४४४

अनेक थरिका खाना तयार गरि फेर ता
बोलाए जन्ति सब्लाइ राजा जनकले उता
अमोल बस्त्र बिछाए पावडेका निमित्तमा
पुत्र सहित राजाले गरे गमन तेसमा
२४४५

पखाली सबको पाउ आदर साथ त्यो घरी
यथा योग्य पिढा माथि बसाले प्रेमले गरी
अबधपतिको पाउ धोए जनकराजले
शील स्वभाव प्रितिको भनेर साध्य छैनरे
२४४६

फेरि जुन् चरणपद्म शिवका मनपद्ममा
लुकेका छन् तिनै पाउपद्म रामजीको तहा
धोए जनक राजाले अत्यन्त भइ हर्षित
जनक्को भाग्यको तारिफ् गरेर साध्यछैन त
२४४७

फेरी भाइ तिनैलाइ जानेर रामजी सरि
धोए जनकले पाउ आफुले नै अघिसरि
सारालाइ दिए योग्य आशन भुपले अनि
भान्सेहरू सबैलाइ बोलाए हर्षले पनि
२४४८

हरिया मणिका पात्ले बनेका टपरी पनि
खुटेका सुन्दर सिन्का सुन्दर साथले अनि
आदर साथले सारा अगाडी राखे ता तब
सुग्घरी नम्र चालाक भान्सेहेरूले सब
२४४९

आउने घीउको बास समस्त अतिनै मिठो
पवित्र चीज सब्लाइ पस्किए अनि ता छिटो
पञ्चबली गरी सारा लागे खान रमाउदै
सुनेर गाली गाएको भए हर्षित चित्तमै
२४५०

अमृत सरीको खाना विविध थरिको पनि
टकाइए गरि तिन्को बयान सकिदैन नी
सुसभ्य भानसेहेरू ना ना ब्यञ्जनहेरू त्यो
लागे टकाउन तिन्को जान्न सक्छ र नामको
२४५१

भनेको छ बिधि चारथरी भोजनहेरूको
एउटै बिधिको गर्न सकिदैन बयान जो
अमिलो नुनिलो खल्लो टर्रो र गुलियोपीरो
अनेक भाँतिको खानाा छैन रस्ले भइ मिठो
२४५२

एक् एकै रसका थिए बेगन्ति परिकार जो
करौडौं थरिका मिठा थियो भन्न सकिन्न त्यो
भोजन हुन लागेका बेलामा ललनादिले
नाम लिइ लिइ फेरि मिठो आवाज साथ रे
२४५३

दिन लागे तहाँ गाली समय अनुसारको
सुनेर सुन्दर गाली समाजहरू साथ पो
हास्न लाग्नुभयो राजा दशरथ् खुसी साथले
एवं प्रकारले भोजन् गरे सकल जन्तिले
२४५४

आचमन् गरि आदर साथ फेरि चुठे पछि
जनक्ले जन्तिका साथ दशरथ् भुपलाइकी
टक्राइकन पानादि सत्कारादि गरे तहा
भुप शिरोमणि राज दशरथ् पनि मन्महा
२४५५

प्रशन्न भइ फिर्नु भो जनका साथ महा अनि
नयाँ नयाँ सदा मंगल हुन्थ्यो शहरमा पनि
बित्तथ्यो दिन र रात निमेष सरि भै तहा
उत्साह हर्ष उत्सव्ले छोप्यो जनकपुरमा
२४५६

चाडै जागा भए फेरि एक दिन् दशरथ अनि
गान् गर्न गुणको लागे याचकहरूले पनि
सुन्दर नारीले साथ भएका चार पुत्र ती
देख्दा भूपतिको मन्मा भयो आनन्द ता जति
२४५७

त्यो कुरा कसरी भन्न सकिन्छ र यहा सब ?
अबधमणिको जस्तो भाग्य कस्को छ र अब
प्रातकृत्य गरि सारा हर्ष भै मनमा अति
अपार प्रेमले राजा गए गुरू समीप ती
२४५८

झुकाउदै माथ गरि प्रणाम
बाणी सुधामा मुछिए समान
बोल्नु भयो कोमल बाणी फेरि
आनन्द गर्न दुइहात जोरी
२४५९

सुन्नुहोस् मुनिश आज म भए पूर्ण मनोरथ् पनि
प्रभुको करूणा हुँदा सुख मिल्यो दुर्लभ् भएको पनि
डाकेर द्विजहेरूलाइ प्रभुले स्वामी सजाइ अब
गाइहेरू दिनु हओस द्विजमा इच्छा बमोजिम् सब
२४६०

सुनेर भुपका कुरा सकल यो गुरू बशिष्ठजीले
प्रशंसा दशरथ्जीको गरी अनि अत्यन्त आनन्दले
ब्राम्हण ऋषिहेरूलाइ तिनले डाकी पठाए अनि
नारद् बाल्मीकी बामदेव र अनि जाबाली कौशिक्पनि
२४६१

इत्यादी मुनिहेरूका समुहता आइपुगे त्यो घरी
सुशोभित भइ प्रभाव तपका हुँदा शिवकै सरी
सारालाइ गरि प्रणाम भुपले हर्षित् भइ चित्तमा
सत्कार गरि प्रेमले दिनु भयो ऊत्तम् शुआशन्तहा
२४६२

कामधेनु समान सुन्दर सबै राम्रा ठुला जातका
चार्लाख सुरभीहरू भुपतिले पारी अलंकृत ता
सारा ब्राम्हणहेरूलाइ सबको खुसी गरि मन्महा
दशरथजीले प्रशन्न मनले दानदिनु भो तहा
२४६३

पाएँ जीवन आज जगमा भन्दै अनि फेरीता
अबध पतिले झुकि चरणमा बिन्ति गरे धेरता
आशिष पनि पाइ फेरी सबको खुसी भए भुपति
फेरी याचकहेरूलाइ भुपले डाकी पठाएर की
२४६४

सुबर्ण मणि बस्त्र भुषुण घोडा रथ हाथि जो
इच्छा माफिकले प्रसन्न गरदै याचक्हरूलाइ जो
रविबंश ध्वज दशरथजीले दिए अनेकौं थरी
जय जय भनेर याचकहरू फर्के खुसीले भरी
२४६५

ढाकेर बसुधा र स्वर्ग पनि ता उल्लास र हर्षले
बैदेहि रघुनाथको हुन गयो विवाह सम्पूर्ण रे
बर्णन् गर्न यथार्थले सहसमुख् जस्को तेस्ले पनि
सक्तैनन् रघुनाथको चरित यो पार् हुन्छ कस्ले भनी
२४६६

बार्बार् राखी शिर कौशिक् मुनिको
चरणमा भन्दछन् भूपति यो
भएको हो यो हजुर्का दयाले
आज सारा सुख्ख मेरा पुरा रे
२४६७

कृपा कटाक्ष ठुलो प्रभावले हजुर को
भयो इच्छा पुरा भन्दै गरे सत्कार धेर जो
अनि दशरथजीले जनकपुरको सब
स्वभाव रिति र शील प्रेम र स्नेहको सब
२४६८

सराहना गरी सारा विताए रात त्यो अनि.
प्राप्त भए पछि फेरी अबधपतिले पनि
मागे बिदा तर राजा जनक्ले प्रेमले गरि
नदिएर बिदा राखे सत्कार पूजन गरि
२४६९

नविन आदर नीत्य बढ्नलाग्यो अनक जो
हजारौं थरीले सेवा सदा अतिथिहेरू को
हुनलाग्यो दिनौ फेरी मीथिला भरी मै सब
भइ उत्सव आनन्द सारा मग्न भए तब
२४७०

गमन अबध धिराजको
मन पर्दैन थियो बिदेहको
यहि रित गरेर उत्सव
दिन धेरै सुखमा बिते सब
२४७१

बँधिइकन प्रेम पाशले
सब जन्तिहरू चूपचापले
नसकीकन माग्नता बिदा
ती बसे प्रेम महा भुलेर
२४७२

शतानन्द र ती फेरी बिश्वामित्र गइ अनि
सम्झाएर भने सारा राजा जनकलाइ नी
राजन् यद्यपी प्रेम्छाड्न सक्नुहुन्न भने पनि
बिदा दशरथलाइ अबता दिनुहोस नी
२४७३

आज्ञा सुनेर यो सारा हओस् नाथ भनी तब
मन्त्रिगणहरूलाइ बोलाए भुपले सब
जय जीव भनी शिर भुकाए आइ ती सब
अनि तिनीहरूलाइ भने जनकले तब
२४७४

खोज्नुहुन्छ अबधनाथ फर्कन तिमी गै अब
जनाउ अन्तपुर् भित्र गर बिन्ति गरि सब
सुनेर ती कुरा सारा मन्त्रि र ती सभासद
प्रेम बिव्हल् भए सारा बिप्र र बन्धुहेरू ता
२४७५

जान्छन् जन्तिहरू आजै भन्ने खबर त्यो सुनी
आफुसमै मिथिलाबासी बुझ्नलागे बिकल् बनी
बिलखबन्द परे सारा लाने सत्य सुनी कुरा
मानौं खुम्चिन लागेका साँझमा पद्म नै पुरा
२४७६

हुन्कि भने सरि सारा भए तिनीहरू तहा
अनि बास परेकोथ्यो आउँदा जन्तिको जहा
ती सारा बासहेरूमा अनेक थरिक्रा सब
रमाना भो रसद् मेवा मिष्टान्न आदि चीज त
२४७७

एक्लाख अश्व र पच्चिस् हजार रथ्पनि सब
नख देखि शिखा सम्म सजिएका सबै तब
पठाए साजले साथै हाथी दशहजार ता
दिग्गजहरू त लज्जित हुन्थे तिन्लाइ देखि ता
२४७८

गाढा भरी भरी सारा सुबर्ण मणि बस्त्रले
पठाए गाइ र गोरू चौंपाया जनकजीले
हेर्दा त्यो दाइजो लोकपालका लोकहेरूको
लाग्दथ्यो संपति थोरै तेस्ता अद्भुत् अनेक जो
२४७९

जन्ति फर्कन सब्लागे भन्ने खबर यो सुनी
जल्बिना मीनकै फौंज सरिनै रानी ती बनी
बारंबार सीतालाइ लिएर काखमा पनि
बिकल् भै आशिष अर्ति दिनलागे सबै अनि
२४८०

सदैब प्रियकी प्यारी भए पुत्री तिमी सीते!
चम्किएर रहोस् चीरकाल सम्म सुभाग्य रे
गर्नु सेवा गुरू सासु ससुराहरूको पनि
आशय बुझी स्वामीको आज्ञा पालन् गरेअनि
२४८१

महारानीहरूले यो भने पछि समस्त ती
संगीनीहरूले प्रेम बसमहा परेर की
सिकाउन सबै लागे नारी धर्म र फेर् अनी
बिकल् भै रानीहेरूले लगाए छातीमा अनि
२४८२

स्नेह आदर साराले राजनन्दिनीहेरूमा
जननीहरूले धेरै शिक्षा अर्ति दिए तहा
छुट्टिदै भेट्दै गर्दै बार् बार रानीहेरूले
'बनाएका किन होलान् नारी हा' भन्दथे ती रे
२४८३

सीता राम विदाइ

तेसै औसरमा सुर्य कुलका भुषण प्रभु
भाइहरू लिइ साथै बिदा गराउन बधु
निम्तिमा हर्षले फेरी भवन्मा जनकजीको
पाल्नु भो आफनो कान्ति चारै तर्फ फिजेर पो
२४८४

स्वभावैले अति सुन्दर भएका चार भाइको
दर्शन गरना निम्ति पुरका नर नारी जो
उल्टिएर सबै आए भन्दछन् कोहि यो अनि
खोज्दछन् जान यि आजै बिदाका चीज् सब् पनि
२४८५

पारी सके महाराज जनक्ले सब ठीक् गरी
प्यारा अतिथी राजपुत्रहरूको रूप् नयन् भरी
हेरीलेउ बिधाताले ल्याएर कुन पुण्यले
नेत्रका पाउना पारें को जान्दछ सखि हरे
२४८६

पाए भैं अमृत मर्न लागेका व्यक्तिले पनि
जन्म दरिद्र मानिसले पाए भैं कल्पबृक्ष नी
पापीले हरिको पाउ पाए भैं हामीहेरूले
पायौं दुर्लभ यिनै सब्को दर्शन पनि हेर रे
२४८७

हेरेर रामको शोभा राख हृदयमा पनि
आपन्ना मनरूपी नागफँणीको अति बेषनी
मणि स्वरूप पारेर राख रामजीलाइ ता
कुरा यस्तै परस्पर्मा गर्दथे पुरबासी ता
२४८८

सारा लाइ दिदै नेत्रफल यहि प्रकारले
जनक्को महल भित्रै पाल्नुभो चार भाइरे
देखेर रूपका सिन्धु चारै अनुजलाइ ती
रनीबास उठयो हर्षित् भइ उल्लाषले अति
२४८९

न्यौछावर गरि मन्मा खुसी भै सासुहेरूले
आरती गरन लागे चारै अनुजलाइ रे
देखि मनोहर शोभा रामका गाथको पनि
भए अत्यन्त आनन्द फेरी प्रेम् बिव्हल बनी
२४९०

बारंबार परे पाउ रहेन लाज त्यो घरी
प्रेमले हृदय ढाक्यो स्वभाविक् स्नेह के गरि
सकिन्छ भन्न र सारा अनि ति प्रभुहेरू को
गाथमा बुकुवा सारा घसेर प्रेम साथ पो
२४९१

गराइ स्नान ता फेरी छरसले पूर्ण को
मिष्ठान्न प्रितीका साथ गराए जिउनार पो
अनि भन्नु भयो फेरी शील संकोच प्रेमले
मुछिएका कुरा मौका जानी असल रामले
२४९२

खोज्नु हुन्छ महाराज फिर्नलाइ अबधमहा
बिदाहुन सबैलाइ पठाउनुभयो यहा
प्रशन्न मनगरी माता आज्ञा बक्सनुहोस् यहा
सदा गर्नुहओस प्रेम बालक जानी हामीमा
२४९३

सुन्नाका साथनै राम आज्ञा यो अन्तपुर् सब
बिलखबन्द पऱ्यो प्रेम बिव्हल्भै सासु ती सब
सकेनन् बोल्न र फेरी राज पुत्रीहरू सबै
सुम्पिए छातीमा टाँसी आफ् आपन्ना पतिलाइ नै
२४९४

भन्दछ म तुलसीदास् यहाकी
लागीन् बिन्ति गर्न बिव्हल् भएकी
सुनयना रानी पाउ परेर
सीता झट्टै राममा सुम्पिएर
२४९५

बारंबार हात जोडेर फेरी
भन्छिन् प्यारा रामको मुख हेरी
बलैया म लिन्छु बाबा र ज्ञानी
गति सब्को थाह छ नाथमा नी
२४९६

नोकर् चाकर् भूपति हामी सब्की
पुरबासी नर नारी सबैकी
जान्नु होला प्राणप्यारी सीता यि
राम्रो शील स्नेह देखि दयाली
२४९७

आपन्नी दासी मान्नु होला हजुर्ले
भक्त प्रिय ज्ञानी हो है हजुर्रे
जन गुण ग्राहक दोष हारी
पूर्णकाम हो हजुर् राम भारी
२४९८

समाती रामजीको चरण यति भनी रानीले राखनुभो
प्रेमपंक सरिको अतिब नरम बाणी थियो उहांको
सुनेर रामजीले मधुर बचनले स्नेहमहा मिलेको
गर्नुभो सनमान विविध थरि गरि सासुकोता अनि जो
२४९९

बिदा माग्नु भयो हात जोडेर रामले पनि
बारंबार गर्नुभो दर्शन् महिषहरूको अनि
पाएर आशिष फेरी झुकाइ शिर हर्षले
भाइकै साथमा राम फर्कनु भो तुरून्तै रे
२५००

मनमा रामको सुन्दर मुर्ति राखेर माधुरी
स्नेह सिथिल सारा भए अतिब सुन्दरी
धरेर धीरज फेरी जननीहरूले सब
राजपुत्रीहरूलाइ बोलाए र अनि तब
२५०१

बारंबार भेटन लागे बारंबार पुराउदै
फर्कदै भेटदै गर्न लागे जननीहेरू है
भए बिकल ती सारा प्रिति आफुसमा बढी
बार्‌बार छुट्टिदै भेटदै गर्ने संगीनीलाइ ती
२५०२

पन्छाइकन भर्खर्‌का लैनागाइ सरि बनी
झुम्बिइकन ती सारा जान्थे रानी अरू पनि
अंकमाल गरी फेरी बहाइ प्रेमको नीर
बिकल्‌ भै जननी सारा गर्थे अतिब नै पीर
२५०३

नर नारी सखि साथ अन्तपुर्मा समस्त ती
भए अतिबनै ब्याकुल्‌ प्रेमले होस्‌ रहेन की
मानौं त्यो जनकपुर्मा करूणा बिरहादिले
गऱ्यौ निवाश पैलेको हरेर सुख शान्ति रे
२५०४

सुनका पिजरा भित्र राखेका जानकीजीले
पढाइकन पालेका सुगा मैनादि हेरूले
भएर ब्याकुल लागे भन्न 'बैदेहि छन्‌ कहाँ'
त्यो सुनी धैर्य हा !कस्ले सकदथ्यो राख्न मन्महा
२५०५

भए ब्याकुल ती पंक्षी मृग यहि प्रकारले
बर्णन कसरी गर्नु परिजन्का दशा हरे
भाइ कुशध्वज साथै आए जनकजी अनि
प्रेम उर्लेर आँसुको रूपले नेत्रमा पनि -
२५०६

-भरीएका थियो तिन्का सीता देखेर धैर्यता
भाग्यो अहो ! परम्‌ ज्ञानी मानिका थिइ अहा
राजाले जानकीलाइ लगाए हृदय महा
मेटियो ज्ञानको ठुलो मर्यादा पनि ता तहा
२५०७

धिमान मन्त्रिहेरूले सम्झाएर अनि तब
बिचार गरि बेमौका जानी धैर्य धरी खुब
छोरी श्री जानकीलाई बार्बार छातीमा धरी
सजेको पालकी सुन्दर्‌ मगाइ प्रेमले भरी
२५०८

प्रेम बिब्हल थिए सारा बान्धब सब चित्तमा
अशल लग्नको बेला जानेर भुपले तहा
राजपुत्रीहरूलाइ राखेर पालकी महा
सिद्धिदाता बिनायक्को गरे स्मरण चित्तमा
२५०९

छोरीहरू सबैलाइ सम्झाइ धेर भाँतिले
स्त्री धर्म कुलकी रिती सिकाए जनकजीले
मन्‌परेका थिए जो जो जति फेरि सीताजीका
दिए दास र ती दासी संगीनी पनि सब्‌ ती ता
२५१०

पुरबासीहरू ब्याकुल्‌ भए सकल दु :खले
शुभ मंगल को राशी हुन लाग्यो सगुन रे
जनक पनि ता सारा समाज बिप्र साथमा
सारा वर वधु साथै पुराउन हिडे तहा
२५११

जानेर समय बाजा बजाए जन्तिले फिर
पैदल हाथि र घोडा सजाए दुलहि तिर
बोलाएर सबै बिप्रलाइ दशरथजीले
परिपूर्ण गरि पुर्ण प्रशन्न दान मानले
२५१२

बिप्रका पदपंकजको रज राखेर शिरमा
पाएर आशिष राजा आनन्द भई चित्तमा
गणेश कन सम्झेर प्रयाण भुपले गरे
शुभ र मंगल सारा भए सगुन धेर रे
२५१३

गर्दथे मंगल गान सुर सुन्दरी प्रेमले
कुशुमाञ्जलीको बर्षा गर्दथें सुरहेरूले
निशान बाद्य ती सारा बजाउ भनी हर्षले
अबधेष हिडे हर्ष भई अबध तर्फ रे
२५१४

सत्कार विनय मान गरेर अबधेशले
फर्काए ब्राम्हण आदि पुज्यजनृहरूलाइ रे
याचकहरू ती सारा डाकेर भुपले पनि
दिएर बस्त्र र भुषण, हाथी घोडाहरू पनि
२५१५

उठाए ती सबैलाइ पोसेर प्रेमले पनि
बिरूदाबलि गाएर ब्रार्बार तिनले अनि
फर्किए ती सबै फेरी राम राखेर चित्तमा
प्रेमबिब्हल भै फेरी हर्ष विस्मात साथमा
२५१६

बारंबार अबधनाथ भन्दछन् फिर्नुहोस् भनी
सक्तैनन् प्रेमले बष् भै फर्किन जनक अनि
अबध नाथले फेरी बोलि सुन्दरबाणी यो
फिर्नुहोस महाराज धेरै नै अब दुर भो
२५१७

यो भन्दै दशरथ् फेरी बर्लिए रथबाट जो
नेत्रमा प्रेमको आसुँ बढेर सब छोपी यो
अनि जनकले फेरी हात जोडी स्नेहरूपीको
सुधा साथै मुछिएको सरोबर भएर पो
२५१८

बोले बचन हे नाथ ! गऱ्यौ बिनय के गरी
बक्सियो प्रभुले इज्जत् मलाइ अब बेसरी
अबधपतिले फेरी सुजान सम सम्धिका
गरे बिनय र मान सब तरहबाट पो
२५१९

परस्पर् भेटको प्रिति छुट्दिा खेरिको अति
भयो बिनय र स्नेह अटेन मनमा कति
मुनि समूहमा शिर झुकाएर बिदेहले
पाएर फेरि सब् बाट आशिरबाद भुपले
२५२०

श्रद्धा र प्रेमले फेरी निधि झैं गुण शीलका
जमाता चारभाइकै साथमा भेंट् गरे आहा
कमल् झैं सुन्दर हात जोडेर प्रेमबाट नै
जन्मेका हुन्कि झैं भन्ने बोले बचन फेरि है
२५२१

मुनि महेश मन्मानस हंस निर्लिप्त नीगुण
कसरी म गरौं तारिफ हे राम प्रभुको भन
जोगिजन् जसका निम्ति ममता मदमोह र
कोध त्यागी सबै गर्छन् जोगाभ्यास निरन्तर
२५२२

ब्यापक् अलक्ष अबिनाशी स्वामी
चैतन्य आनन्द स्वरूप् अनामी
व्रम्ह अखण्ड गुणराशी नाथ
मूर्तिचिदानन्द भएर खास
२५२३

जान्दिन मन साथैमा भएका बाणी जो कन
तरक गर्न सक्तैनन् अनुमानी सबै जन
जसको महिमालाइ नेति भन्दछ वेद जो
रहेकोछ तिनै काल एकरस भएर पो
२५२४

समस्त सुखकामूल उनै ब्रम्ह हजुर जो
मेरो नयन गोचर हुनु भो धरी रूप पो
सुलभ जीव सबलाइ भएर जगत महा
आउनु भो प्रभो ! ईश अनुकुल हुन यहा
२५२५

इज्जत दिनु भो ठुलो मलाइ सब भाँतिले
आफ्नो भक्त भनी आफ्नै पार्नु भो रघुनाथले
करौंडौं शारदा शेष करौडौं कल्प सम्म नै
लेखा गरि रहुन् भन्दै प्रभुको गुण किर्ति नै
२५२६

तर भन्दछु हे नाथ ! मेरो भाग्य र नाथको
गुणको किर्तन गर्दा सक्तैनन् हु न पा र पो
जो केहि भन्दछु एक प्रभुकै भरले मता
रिझिनु हुन्छ हे स्वामी! राम्रो प्रेम्ले अलिकता
२५२७

बार्बार् प्रभुमा हात जोडेर अब माग्दछु
भुलेर पनि नछाडोस् मेरो मन पाउ भन्दछु
प्रेमनै पोखिए जस्तो यस्ता निर्मल बाणी यो
सुनेर खुसीभै पूर्णकाम राम अतिब पो
२५२८

गरेर बिनय फेरी ससुरा जानकजीको
रामले गर्नु भो मान पितातुल्य बुझेर पो
बशिष्ठ र अनि कौशिक् समान जानी प्रेमले
बिनय बन्दना धेरै गर्नु भो रघुनाथले
२५२९

प्रेमले भरतसाथ भेटे जनकले अनि
गरेर बिनय धेरै दिए आशिष नै पनि
दुबे सौमित्रिका साथ भेटेर अनि प्रेमले
दिए आशिष तिन्लाइ ति सब्ले पनि फेर रे
२५३०

झुकाइ प्रेमले शिर प्रेमबस् भइ फेरी ता
बार्बार फर्कदै जादै भेटे जनक साथ ता
जनकराजको गर्दै प्रशंसा बिनय ठुलो
रमाना हुनुभो राम भाइहरू लिएर पो
२५३१

विश्वामित्रजीको पाउ समाते अनि भुपले
लगाए पाउको रेणु नेत्र र शिरमाथि रे
बार्बार बिनय गर्दै झुकेर पाउपद्ममा
समातेर चरण्लाइ भन्न लागे अनि तहा
२५३२

दर्शन्ले प्रभुको नाथ सुन्नुहोस मुनिश यो
केहि छैन आगम् मेरो मन्मा यो प्रतीत भयो
लोकपालहरू सुख्ख सुजस जुन खोज्दछन्
इच्छा गर्दा पनि खालि संकोच मानि बस्दछन्
२५३३
तेहि सुख्ख सुजस सारा मलाइ सुलभ भए
सिद्धि सब् प्रभु दर्शन्का पछि लाग्ने रहेछ ए
विदेहले गरे यहि प्रकार विनय ठुलो
फर्किए आशिष पाएपछि खुसी भएर पो
२५३४
रमाना भो अनि फेरी बजाएर निशान त्यो
साना ठुलाहरू सारा प्राणी आनन्दित थियो
देखेर रामजीलाइ गाउँका नर नारीले
नेत्रको फल पाएर खुसी हुन्थे समस्त रे
२५३५
आराम साथमा बास गर्दै बीच् बीचमा पनि
मार्गका जन्हरूलाइ दिदै आनन्दता अनि
पुर प्रबेशका सहित् तोकेका दिनमा अनि
आइ पुग्यो सबै जन्ति अबघ नजिकै पनि
२५३६
बज्नलाग्यो सबै घन्कि निशान ताम्बुरादि त्यो
सुन्दर साथले भेरी शंखका ध्वनी घन्कियो
हिन्हिनाए सबै घोडा लागे गर्जन हाथि ता
मृदंग बिन र झांझ डिम्डिम सहनाइ ता
२५३७
रसिला रागले लागे बज्न घन्केर सुन्दर
पटाका आतशबाजी छोडिए ति अनेक र
कुशुमकलिको बर्षा भयो गगन बाट पो
ढाके सुरहरू सारा आएर नभ ता अहो !
२५३८
जन्ति आउन लागेका सुनेर पुरका सबै
भए आनन्दले मग्न नर नारी सकस्त नै
रोमाञ्चले शरीर् सारा गद् गद् भो तिनीहरूको
सजाए सुन्दर पारी घर द्वार समस्त पो
२५३९
चौबाटो सडक द्वार सजाए तोरणादिले
अर्गजाको भइ सेचन् राम्रो भो सब गल्लिरे
पुरीए सुन्दर पारी चौतारा ती जहा तहा
तोरण् ध्वज पताका औ चदुवाले बजारमा
२५४०

सजीयो मंगल फेरी सगुन चीजले पनि
तेसको बर्णन सारा गरेर साध्य छैननी
फली सुपारीले सारा नुहेका बृक्ष र अनि
कदम् मौलसरि फेरी त मालहरूको पनि
२५४१
केराका रूख पाकेका रोपियो यि सबै रूख
झुकेका फल र फुल हरूका भारले खूब
लच्केर सुन्दरबन्दै छुनलागे धरा पनि
मणिमय भएका ती सुन्दर बृक्षमा अनि
२५४२
बनाए सुन्दरपारी क्यारी अद्भुतका अनि
दधी माछा दुवो राखे पुरका द्वारमा पनि
पुरका घरमा सारा सुबर्ण कशलादि जो
सजेर मंगल चीजहरू सकल भाँति को
२५४३
राखीएका थिए सारा राम्रो पारी अबध् भरी
नया दुलही झैं शोभित् थिइन् नगरी त्यो घरी
श्रीरामकी पुरीलाइ हेरेर डाहले अति
ब्रम्हादि देवता सारा लोभिन्थे मनमा कति
२५४४
त्यो बेलामा भयो राजमहल जति शोभित
तेसका रचनादेखि हुन्थ्यो मदन मोहित
मानौं स्वभाव सुन्दर ती उत्साह र उमंग त्यो
शरीर धारण गर्दै मंगल चीजहेरूको
२५४५
ऋद्धि सिद्धिहरू साथै सुन्दर्ता र सगुन् सब
लिएर सुन्दर रूप मंगल चीजको तब
अबधपतिका घर्मा आएका हुन्कि त्यो घरी
भन्ने गराउँथ्यो भान शोभिइ अबधै भरी
२५४६
जानकी रघुपति दुइलाइ
हेर्न निम्ति मनमा कसलाइ
लालषा भनन हुन्न र ऐले
यो कुरा भनन् पर्छ र मैले
२५४७
हिडे सुहागिनी सारा डपन्फा डपन्फा भएरकी
निरादर् गर्दथे आपन्ना शोभाले रतिलाइ ती
सजाएका थिए सब्ले सुन्दर् मंगल आरति
मानौं धेरै शरीर् धारण् गरेकी हुन्कि भारति
२५४८

भन्ने गराउदै भान लागे गाउन सब् तहा
हल्लि खल्लि भयो ठुलो राजाको महल महा
साध्य छैन गरि बर्णन् त्यो बेलाका ती सुख्खको
कौशल्या आदिका सारा राम जानकी हेरूको
२५४९
के बर्णन गरौं ? होसै थिएन गाथको पनि
प्रेम बिब्हल् भइ सब्ले बिर्षिए देह सम्म नी
गणेश शिवको पुजा गरेर प्रेमले अनि
धेरै दान दिए बस्त्रा भुषण यो भनौं कति ?
२५५०
धर्म अर्थ र काम र मोक्ष सारा
एकै पल्ट पाउँदामा बिचारा
परम् दु ःखी हुन्छ आनन्द जस्तो
सारालाइ हर्ष भो तेहि जस्तो
२५५१
भए जननी सारा ती प्रेम आनन्दले बिबष्
नचल्ने पाउभो तिन्का भइ शरीर सब् अशक्
भए पनि शिथिल् सारा रामदर्शन् निमित्तमा
अनुरागी भइ सारा भए उल्लाष चित्तमा
२५५२
सजाउन सबै लागे पर्छने सरजाम त्यो
अनेक थरीको बाजा बज्दथ्यो घन्किएर पो
महारानी सुमित्राले हर्ष भै हृदय महा
सजाउनु भयो सारा मंगल चीज्हरू तहा
२५५३
दहि दुवो र फुल् पान हरिद्रा पञ्चपल्लब
गौरोचन् जमरा लाबा अक्षताहरू लाल त
सुपारी र थिए फेरी राम्रा तुलसी मञ्जरी
स्वभाविक् सुन्दर सुन्का घडामा रोगन धरी
२५५४
टिपकारि गरि फेरि जडेका रत्न सुन्दर
भए सुशोभित सारा घडाहेरू मनोहर
मानौं गुण बनाएको मदनरूपी पक्षीले
सरि नै देखिको राम्रो होकि झैं भान पारीरे
२५५५
सुगन्ध र सगुन् चीज्को सकिन्न बर्णन गरी
सजेका ती थिए सारा मंगल चीज त्यो घरी
माहारानीहरूले नै खास सुन्दर साथले
सजेका चीजको सारा बयान साध्य छैन रे
२५५६

बिधिबिधानले सारा सजेर आरति पनि
खुसी भै गरनाले मंगल गान ता अनि
भरेर सुनका थाल मंगल चीजहेरूले
करकमलमा राखी अनि जननीहेरूले
२५५७
अपार आनन्द भएर मन्महा
रोमाञ्चले गद् गद् भै शरीर् महा
हिडे ती आमाहरू जन्ति पर्छन्
भनेर ढोका तिर नै बढीकन
२५५८
मानौं ति श्रावणहरूका घटादीले
होकि गरेका पनि ता घमण्ड रे
भने समानै धुपका धूबादिले
ढाकेर कालो न भ भो समस्त रे
२५५९
मानौं बुकुल्लाहरूका ती पंतीले
लागे समानै मन हर्न खैची रे
भने सरि भान गारउदै फुल
बर्षाउँथे देव झरी सरी तल
२५६०
ती कल्पबृक्षहरूका मनोहर
बर्षेर माला फुलहेरू सुन्दर
सुबाष फैलाइ अबध् भरी सबै
ढाक्यो सबैको मन मुग्ध पारदै
२५६१
बिबिध् थरीका मणिले गुथेका
बन्दन माला बहुतै खुलेका
मानौं मदन्का धनुका समान
राम्रो थियो शोभित भै तमाम
२५६२
मानौं बिजुलि चम्केका हुन्कि?सुन्दर चन्चल
भनेझैं गरदै भान कौसिमा नारी झल्मल
लुक्दै प्रकट् हुदै गर्थे पल्पल्मा गरी तुलबुल
उमंगले गरी मन्मा छन् सबै अति चन्चल
२५६३
दुन्दुभी रूपिका मौर गर्जन्थे घोर शब्दले
भए माग्ने रूपि चातक् भ्याउतादि अनेक रे
आशिष रूपिका सुद्ध जल बर्षाउथे सुर
पुरका स्त्री रूपि बालि भए सप्रेर सुन्दर
२५६४

गुरूले दिनुभो आज्ञा बेला जानी मुहुर्तको
सम्झेर मनमा गौरी गणेष शम्भुलाइ पो
प्रबेश गर्नुभो पुर्मा रघुबंश शिरोमणि
राजा दशरथजीले भएर हर्षित अति
२५६५
हुनलागे सगुन् मंगल सुरहेरू रमाउदै
कुशुमाञ्जलीको बर्षा गरे बाद्य बजाउदै
गाएर मंगल गीत सुर सुन्दरीहेरूले
लागे खुसीभइ नाचगर्न सुन्दर साथले
२५६६
सिपालु मागध सुत नटुवा बन्दिले पनि
ब्रम्हाण्डमै उजियालो भएको किर्तिलाइ नि
सुन्दर बाणीले लागे गाउन मंगल गरी
गुन्जियो ध्वनी गर्जेर ब्याप्त भै दश् दिशा भरी
२५६७
गरे पुर्बासीले फेरी दर्शन भुपको अनि
भए अत्यन्त आनन्द देखदा रामजी पनि
हर्षाश्रु नेत्रमा भर्दै रोमाञ्च शरीर भरी
भएक. तिनी साराले मणि बस्त्र सबै थरी
२५६८
लागे न्यौछावर गर्न पुरका नारीले पनि
आरति गरन लागे प्रशन्न भइ सब् अनि
वरका भेषमा देखि चारै राजकुमार ती
भए हर्षित ती सारा नर् नारीपुरका जति
२५६९
उघारी परदा हेरी राम्रा पालकीहेरूको
हुनलागे सुखी सारा बधुहरू निहारी पो
दिदै सुख्ख सबैलाइ एबं प्रकारले अनि
जन्ति आइ पुगे सारा राज द्धारमहा पनि

बधु हरू गृह प्रबेश

कौशल्या जननी सारा बधुसहित पुत्रको
पर्छेर आरति गर्न लागे हर्ष भएर पो
आरति गर्दछन् बारंबार प्रेम प्रमोद को
ढाक्यो उल्लाषले सारा अयोध्या भरी नै अहा
२५७१

बिबिध थरीले धेरै गहना मणि जातका
बस्त्र न्यौछावर गर्न लागे निम्ति कुमारका
बधु सहितका चारै छोरा देखेर हर्षले
परमानन्दले मग्न भए जननी हेरू रे
२५७२
बार्बार राम सीताको शोभा देखेर हर्षले
लोकमा आफनो जन्महरूलाइ समस्तले
लागे सुफलमा गन्न अनि फेरी सीताजीको
मुहार हेरी बार्बार गाउँथे सखीहेरू पो
२५७३
पुण्डय सहाउन लागे आपन्नो सकल त्यो घरी
पल्पल्मा गर्दथे बर्षा पुष्पको देव बेसरी
सेवा जनाउँथे सारा ब्रम्हादि सुरहेरूले
देखि मनोहर चार जोडी त्यो शारदाजीले
२५७४
उपमा ढ्डनु भयो सब
तर केहि उपमा पनि तब
नसकी दिनलाइ त्यो घरी
सब लाग्यो उपमा गलत् सरी
२५७५
छवि देखि भएर मोहित
रूपमा एकटक निहारी त
हुनुभो चूपलागी नै खडा
नचली बाक्य समेत् रूकेर ता
२५७६
वेद बिधि कुलको रित् गरेर
दिइ अर्घ पावडे कुल्चिएर
बधू साथै चार ति पुत्रलाइ
भित्राइए जननीहेरू जाई
२५७७
मानौं आपन्ना हातले नै मदन्ले
बनाएका हुन्कि भन्ने जतन्ले
शिंहासन चार सुन्दर् थियो जो
बर बधु राखी रम्छन् त्यहाँ पो
२५७८
उल्लाषले फेरी गर्दै प्रमोद
गर्दै कुलाचार वेद बिधि त
पाउपद्‌म ती सबैका पवित्र
धोए गद गद भै रमाएर भित्र
२५७९

पूजा गर्दै पुष्प माला धरेर
लाबा चन्दन् कुम्कुमादि छरेर
नैबेद्य र धूप दीप गरेर
मंगल खानी वर वधुको रमेर
२५८०
बारंबार आरति गर्न लागे
देखि शोभा ती सबै रम्न लागे
चमर् पंखा फेरि ती शिश माथि
डोलाउँथे प्रेमले पारी ताँति
२५८१
न्यौछावर हुन लागे उदेक
चीज बीज भाँति भाँति अनेक
मणि बस्त्र गहना खेत आदि
दिइ सारा चीज याचकमा कि
२५८२
निराला भै शोभिएका खुसीले
रानी सारा रम्रमाई अति रे
परम् तत्व योगीले पाउदा भैं
दिर्घ रोगीलाइ अमृत् मिले भैं
२५८३
जन्म दरिद्रले सारा पाए भैं पारसमणि
नेत्र जो तिमिलेजस्तो जन्मान्धहरूमा पनि
लाटाका मुखमा आई शारदानै बेससरी
मिलेर विजय रणमा फर्केका वीर भैंगरी
२५८४
यो सारा सुखहरू भन्दा करौडौं गुणले बढी
राम जननीहेरूले पाए आनन्द त्यो घरी
रघुकुल् चन्द्र श्री राम विवाह गरि भाइ का
साथमा फिर्नु भो घर्मा छायो आनन्द खुब ता
२५८५
गर्दछन् जननी सारा लोक प्रचलित रिति
संकोच मान्दछन् मन्मा वर वधुहरू अति
ठुलो लहड देखेर आनन्द र विनोद को
श्री राम हृदयै भित्र मुस्काइ रहनु भयो
२५८६
शोडष बिधिले पूजा गरे देब र पितृको
भयो मनोरथ पूर्ण साराका मन भित्रको
बन्दना देवको गर्दै भाइ सहित रामको
मंगलहोस भनी मागे बर्दान् देव साथ पो
२५८७

अन्तर्हित भएका ती देवताहरूले पनि
नभ बाणी गरी आशिष् दिनलागे तहापनि
जननीहरूले हर्षित भएर अति नै तहा
आचल भरी थापेर लिए आशिष सबृतहा
२५८८
अनि जन्ति सबैलाइ डाकी अवधनाथले
दिनुभो गहना बस्त्र बिमान मणिहेरू रे
आज्ञा मागेर राखेर मनमा रामजी कन
आफ्आपन्नाघरमासारा फर्किए खुसीभै कन
२५८९
पुरका नर फेरी नारीलाइ
पहिराए मणि भुषणादि जाइ
पुरका घरहेरूमा खुसीको
सब बाजाहरू घन्किई बजे पो
२५९०
माग्दथे जो जति चीज याचकहरूले तहा
दिन्थे नरेश त्यो चीज प्रशन्न भइ चित्तमा
बाद्यबालाहरू सारा नोकर् चाकर दासको
इच्छा पूर्ण गरे सारा दान मान गरेर पो
२५९१
दिए आशिष साराले प्रणाम गरि फेर् अनि
लागे गाउन गुणगणको गाथा मधुर साथ नि
गुरू ब्राम्हणका साथ महाराजधिराजको
सवारी भित्रियो घर्मा अति आनन्द साथ पो
२५९२
जो आज्ञा दशरथ्लाइ दिन्थे गुरू बशिष्ठले
गरे त्यो लौकिक बेदिक् बिधिहेरू समस्त रे
बिप्रको भिड देखेर रानीहरू सबै अनि
आफ्नो भाग्य ठुलो जानी उठे आदरसाथनी
२५९३
पखालेर चरण् सब्को गराए स्नान हर्षले
पूजागरेर फेर् भोजन् गराए भांति भांति रे
सन्मान दान र प्रेम्ले पारे तृप्ति सबै कन
दिदै आशिष ती सारा फर्किए खुसी भैकन
२५९४
फेरि कौशिकको पूजा गरे बिबिध भाँतिले
भन्दै म सरिको धन्य अर्को छैन भनेर रे
प्रशंसा गरदै धेरै भुपले फेरी पाउको
रज राखेर शिर्माथि गरे - विनय - धेर जो
२५९५

गरून् ' कौशिकको दर्शन् रानीहरू पनि ' भनी
अबधपतिले मन्मा यो सोचि खुसी साथ नी
बासका निम्तिमा ठाम दिए महल भित्र नै
थियो सुरम्य र सुन्दर जो नन्दन्‌बन तुल्य नै
२५९६

पूजागरे अनि फेरी गुरूका पाउपद्मको
राखेर मनमा प्रिति गरे बिनय धेर जो
चारपुत्र बघु साथै रानी सहित भुपले
गुरूको पाउमा लागे बार्बार गर्न प्रणाम रे
२५९७

शुभाशिष दिए धेरै बशिष्ठ ऋषिले पनि
परिजन् राज कोष अघि सरेर ता अनि
गरे बिनय राजाले प्रसन्न भइ चित्तमा
अनि बशिष्ठले फेरी दिदै आशिष सब्‌महा
२५९८

गुरूभागहरू मात्रै मागेर आफ्नो जति
राखेर हृदय भित्र सीता रामजीलाइ की
बशिष्ठ फर्किए घर्मा अनि भूपतिले सब
बिप्र पत्निहरू डाकी सुन्दर् बस्त्रहरू तब
२५९९

मणि भुषण पैह्राए फेर् सुहागिनीमा पनि
इच्छा बमोजिमै डाकी बुझेर रूचीता अनि
पैन्हाए भुषण बस्त्र अनेक थरि सुन्दर
दस्तुरीहरूले लागे लीन भाग र दस्तुर
२६००

सन्मान भुपले सारा गर्नु भो पाहुनादिको
छुटेन कोहि त्यो बेला भए सकल हर्षपो
विवाह रामको हेरि ब्रम्हादि देवतादिले
प्रशंसा गरि उत्सवको बर्षाए पारीजात रे
२६०१

घन्काइ दुन्दुभि बाजा परमानन्द पूर्ण भै
आफुस्मा रामको किर्ति बर्णन गरदै सबै
आफ् आपन्नो धाममा सारा फर्किए देवतादिजो
तिन्का हृदयमा प्रेम अटाएको थिएन पो
२६०२

सारालाइ गरे यहि रित्ले सत्कार धेर जो
थियो भूपतिको मन्मा भरिएको उमंग पो
अबधपतिले फेरी उल्लाष र उमंगले
राख्नुभो चरणपदम त्यो अ न्तपुरभित्र रे
२६०३

देख्नु भो बधुका साथै पुत्रहेरू सबै जब
राख्नु भो प्रेमले सारालाइ काख नजिक त
त्यो बेला जति भो हर्ष आनन्द भन्न सक्छको ?
बधुलाइ समेत् राख्नु भयो आपन्नै नजिक पो
२६०४

खुसीभै मनमा गर्दै दुलार बार बार पो
प्रेम आनन्दले मग्न भए बिब्हल् भएर पो
अन्तपुर् भित्रमा जम्बा भएका आपन्नो सब
कुटूम्बलाई देखेर खास आनन्दले तब
२६०५

गऱ्यो सकलको मन्मा निवास अनि फेर् तब
थियो जसरी विवाह भएको त्यो कुरा सब
भन्नुभो भुपले फेरी सुन्दा त्यो र नीबासमा
भयो अत्यन्त आनन्द रोमाञ्च हर्ष साथमा
२६०६

संमान गुण र शील प्रिति र रिति र संपति
जनकभुपका सारा जति छन् गुणहेरू ती
भाट समान भै आफै अबधपतिले सब
भन्नु भो त्यो कुरा सारा बिबिध भाँतिले तब
२६०७

रानी हरूले सुनी हालचाल त्यो
अत्यन्त आनन्द भए सबै अहो !
महिपले पुत्र सहित भै अनि
गरेर स्नान गुरू बिप्र साथ नी
२६०८

अनि सबै बान्धब साथ राखी पो
भोजन् गरे अद्‌भुत भाँति भाँतिको
पानी अचाएर उठि चुठे सब
पंचघडी रात बित्यो अनि तब
२६०९

पान लिएर साराले सुगन्ध माल्यहेरूले
बिभुषित भइ फेरी छाइए दिब्य कान्तिले
दर्शन रामको गर्दै पाइ हुकुम ता अनि
झुकाइशिर ति सारा फर्किए घरमा पनि
२६१०

प्रेम प्रमोद आनन्द समय र समाजको
सौन्दर्यलाइ कोटिश शारदा शेष वेदभो
गणेश हर ब्रम्हाले पनि बर्णन गर्न ता
सक्तैनन् तेहि साराको बर्णन् कसरी आजता
२६११

म गरौं ? कहिं भू नाग धरणी बोक्न सक्छ र
कहि जुगुनले सक्छ तम दुर् गर्नलाइ र ?
साराको मान सिद्धाइ सब तरह भुपले
रानी हरू सबै डाकी बोले मधुर बोलिले
२६१२

हेर बुहारीहरू बालिका छन्
आए पराइ घरमा यहाँ झन्
पलकले नेत्र सरी गरेर
रक्षा गरे यि सबको रमेर
२६१३

निद्राका बसमा परिकन सबै थाके यि छोरा पनि
गएर सुकला गराउ अब ता यिनीहरू लाइ नी
यो आज्ञा भइ फेरी श्री भुपतिले रामचरणमा मन
लाएर सुकला भवन् तिर गए बिश्राम गर्नाकन
२६१४

स्वभाव् सुन्दरका मीठो बचन यो सुनी पतिको सब
बिक्षाए सुनका पलङ्० खुसी भइ रानीहरूले तब
गाइका दुधको फिजें सरि साफा सुबाष फैलाउने
बिक्षाए डसना अनेक् तरहका कोमल् मनोहर् हुने
२६१५

उत्तमोतम उपबरहणका सकिन्न बर्णन् गरी
मणि जडितका शयन् भवनमा माल्यादिले बेसरी
फैलेको मधुरो सुगन्ध अतिनै मीठो थियो त्योघरी
सुबाष पनि फेरी धुप दिपको फैलिरहे थ्यो भरी
२६१६

ठाउँ ठाउँमहा थिए दिप मणि फेर् सुन्दर चादनी
टाँगिइकन ता सुशोभित थियो सक्तैंन भन्ने पनि
देख्ला जुन् जनले त्यहि पुरूषले गर्नेछ बर्णन् पनि
राम्रा पारी पलङ्०सजे पछि सबै यस्तै थरीले अनि
२६१७

प्रेम हर्ष र स्नेहले सहितमा श्री रामलाइ पनि
गराए सुकला पलङ्० बिचमा रानीहरूले अनि
बारंबार भनी रघुपतिजीले सब् भाइलाइ तहा
आज्ञाबक्सनुभो र ति पनिसबै आपन्ना पलङ्०हेरूमा
२६१८

गएर सुकला गरे खुसी भइ सम्झि चरण्रामको
अनि कोमल श्याम सुन्दर शरीर् देखि रघुनाथको
लागे बोलन प्रेमले मृदुबचन् आमाइरूले अनि
भन बाबु गऱ्यौ कुराहरू जति बिस्तार पूर्बक् पनि
२६१९

जादैमा मार्गमहा कुन रित सितले त्यो भयंकर ठुली
ताडकालाइ माऱ्यौ भन सकल यहा बात त्यो हामीलाइ
कोहिलाइ नगन्ने समरभुमी बिषे जातुधान भयानक्
ल्लाइमाऱ्यौ कसोरी फउज सहितको दुष्ट सुबाहुनामक्
२६२०

मारिच्लाइ भपायौ कसरी भनसबै ?बाबु यो ता ऋषिको
प्रतापले आशिषैको खडबडहरू ती सब् तिमीमा भएको
टारेका बाबु हो त्यो खुसीभइ इशले राखीं ठुलो दया रे
रख्बाली यज्ञको नैगरी तिमी दुउले श्री ऋषिका दयाले
२६२१

पायौं बिद्या पनिता सब थरीदुइले फेर् मुनिपत्निलाइ
ताऱ्यौटेकि चरण्ले जतगभरी सबै किर्ति ठुलो फिजाइ
कछय्पको पीठ भन्दा अति कठिन अहो बज्रभन्दाकडारे
धनु शंकरको त्यो भुपहरू सबका फेरी समाजमा रे
२६२२

तोडि बिश्व बिजय यशकीध्वज सरि जानकीलाइ पायौ
बिवाहित भएरै अनुज सहितमै आज घर् फर्कि आयौ
अमानुष् काम हुन् यि सकल रघुपते हेर तिम्ले गरेका
खाली कौशिक् मुनिको हुनगइ करूणा सप्रिइ सिद्धभोयो
२६२३

बाबु तिम्रो छवियो शशि सरि मुखको पाउंदा देख्न आज
जगत्मा जन्म मेरो सुफल् हुनगइ सिद्ध भो सर्ब काज
देख्न बाबु नपाइ तिमीकन् जति छन् दिन् यि मेरा बितेका
आयु मेरो बिधिले तेति दिनहरूको नगरून् गणना ता
२६२४

रामजीले विनय साथ मधुर् बचन्ले
बोलि सबै जननी लाइ खुसी गरि रे
संतोष पारी सुख पाउनु भो दयाले
हर्नुभयो दु ःख सबै ती बियोगका रे
२६२५

सम्झि अनि द्विज गुरू शिव पाउलाइ
गर्नु भयो नीद बस पनि नेत्रलाइ
राम मुहार नीदमा पनि शोभिएको
लाबण्डयबान भइ झन् अतिनै खिलेका
२६२६

साझमा खुम्झिइ सारा सुतेको हो कि पंकज
भने झैं गरदै भान सुशोभित थियो अज
पुरका नारी जाग्राम् गर्दै घरमा सब
आपुस्मा मंगल गाली दिन लागे रमी तब
२६२७

भन्छन् रानीहरू फेरी सखी हो शहरै सब
सुशोभित हुँदा हेर रात्री पनि खिलि अब
सुशोभित भइरहेछ राम्रो भै सखी यो घरी
मानौं स्वर्गै यहाँ आइ बसेको हो कीर्भै गरी
२६२८

राम्रा बधुहरू ती हृदय बिच धरी सासुहेरू सुतेका
लुकाएर फँणाका मणिकन हृदय बीचमा नागीनी ता
सुतेका हुन्कि भन्ने सरि महिषिहरू देखिए त्यो बखत्मा
अनि जागा हुनुभो रघुबीर पनिता पावन प्रात महा
२६२९

ताम्रचुड् बोल्न लागे मधुर गरि अनि बन्दि मागध सुत्ले
गद् गद् भै गान गर्छन् गुण किरति सबै मृदु मिठोस्वरले
आए पुर्वासि सारा प्रभुहरू सबका गर्न जुहारलाइ
वेद्पाठ गर्नलागे खुसीभइ अनिता ब्राम्हणहेरू आइ
२६३०

चारै अनुजले आमा बाबु र गुरू देवको
प्रणाम गरि पाएर आशिष् हर्ष भएर पो
जननीहेरूले हेरे प्रेमले मुख रामको
अनि राख्नु भयो पाउ ढोकामा भुपसाथ पो
२६३१

चारै भाइ हुनुहुन्थ्यो स्वभावै शुद्ध ता पनि
शौच गरी अनि पावन सरयुनदिमा पनि
स्नान र प्रातकृत् कर्म गरी नजिक बाबुको
सवारी भो सबैलाइ फर्केर खुसीसाथ पो
२६३२

देखेर ती सबैलाइ आलिंगन् भुपले गरे
आज्ञापाएर बाबाको बसे ती पनि हर्षले
देखेर रामजीलाइ त्यो सभा शीतल भयो
नेत्रको लाभको सीमा यहि नै हो भनेर पो
२६३३

गरे बिश्वास ती सब्ले अनि आए बशिष्ठ र
बिश्वामित्र दुवै साथ तिन्मा आशन सुन्दर
दिइ राज गराएर पूजा गरि सकेर ता
परे चरणमा तिन्का राजपुत्र समेत ता
२६३४

मुनिहरू भए रामलाइ देखेर हर्षित
प्रेमाश्रु भरिइ फेरी भए रोमाञ्च गद्गद
धर्म कथा इतिहास भन्दछन् ती बशिष्ठले
सुन्दछन् रानीका साथ राजा अतिब हर्षले
२६३५

नसक्ने आटनै गर्न मुनिका पनि चित्तले
कौशिक कर्म ती सारा भने गुरू बशिष्ठले
'सत्य हो यो कुरा सारा किर्ति यिन्कोभुवन्भरी
छाइएकोछ ' भन्छन् यो बामदेव अघिसरी
२६३६

त्यो सुनेर सबैलाइ भयो आनन्द चित्तमा
भयो अत्यन्त उत्साह राम लक्ष्मण मन्महा
भएर नीत्य आनन्द उन्साह मंगल पनि
बित्न लागे यिनै रित्ले अबधमा दिन नै अनि
२६३७

उर्लेर हर्ष आनन्द समस्त अबधै भरी
धेरै धेरै भइ बढ्न लाग्यो दिन दिनैगरी
कुमारहरूको कंगन हेरी असल साइत
फुकाए मंगल हर्ष बिनोद् थोर् भएन त
२६३८

नयाँ नयाँ सदा सुख्ख देखेर देवले सब
इर्षा गरेर ब्रम्हाको गर्दथे प्रार्थना तब'
हाम्रो पनि अबधमानैं जन्महोस् हामीहेरूले
पाउँ भाग्य अबधबासीहरूको भै भनेर रे
२६३९

सदैब खोन्दथे जान कौशिक तर रामका
प्रेम सहितको बिन्ति श्रद्धा बिनयहेरूको
रहन्थे बषमा पर्दै भुपको भाव भक्ति ता
प्रतिदिन् सौगुना गर्दै जान्थ्यो बढी भएर् ता
२६४०

त्यो देखेर मुनिराज विश्वामित्रजीले अनि
सहाए भुपतिलाइ प्रशंसा गरि धेर नी
मागे बिदा अनि फेरी प्रशन्न भइ भुपति
उभिए सामुमा हात जोडेर पुत्र साथ ती
२६४१

लागे भन्न प्रभो ! सारा धन यो हो हजुरकै
दास हुँ नारी र पुत्र साथमा म हजुरकै
यि बालहरूका माथि कृपालो अबता सदा
गर्नुहोला दया दर्शन् दिदै फेरि मलाइ ता
२६४२

यस्तो बिन्ति गरी राजा नारी पुत्र सहितले
परे चरणमा बोलि निस्केन मुखबाट रे
ब्रम्हर्षिनै भएका जो तपोवल्का प्रभावले
ती कौशिक्ले दिए आशिष् भाँति भाँति अनेकरे
२६४३

हिडे कौशिक ता फेरि त्यो बेलाको अपार को
अद्भुत प्रेमको बर्णन् गरेर सकिदैन पो
भाइ सहितमा फेरी प्रेमले रामजी पनि
पुराइ फिर्नु भो टाढा पाइ हुकुम ता अनि
२६४४
गाधिभुपतिका कुल्मा चन्द्रमा सरिनै छ जो
बिश्वामित्र ती नै मन्मा रामका रूप भूपको
भक्ति आनन्द उत्साह विवाहहरूको सब
प्रशंसा गरदै हर्षित् भएर ती गए तब
२६४५
गुरू बशिष्ठ र फेरी बामदेव् ऋषिले पनि
बर्णन्गरे कथा गाधिपुत्र कौशिकको अनि
सुनेर त्यो कथा मन्ले राजाले मुनिको सब
सुकिर्तिको र फेर् आपन्ना धर्मका फलको सब
२६४६
बर्णन गरनै लागे अनि सारा सभासद
आज्ञा पाएर आफ् आपन्ना फर्किए घरमा तब
गए भवनमा पुत्र सहितै भूपति पनि
एवं प्रकारले हुन्थ्यो उत्सब् नित्य नयाँ अनि
२६४७
विवाह रामको गाए जाहि ताहि समस्तले
ब्याप्त भो सुन्दर पावन् किर्तिले तिनलोक रे
जैले देखि विवाहित् भै पाल्नु भो घरमा प्रभो
त्यो बेला देखि नै सिद्धि आए अबध भित्र पो
२६४८
शुभ विवाहमहा रघुनाथको
हुनगयो जति उत्सब हर्ष त्यो
गरन बर्णन त्यो नसकेर ता
श्रुति र भारति थाक्छन , सर्बदा
२६४९
जनकनन्दिनी रामजीको यश
कवि जनहरूका जीव प्राण छ
पतित पावन मंगल खानी हो
भनी बुझी तेसकारणले म पो
२६५०
आपन्नी बाणी गर्नलाइ पवित्र
निम्ति मैले रामको यो चरित्र
आपन्नी बुद्धि अनुसार समस्त
गाएँ केहि भाग भै आज मस्त
२६५१
तुलसीले आपन्नी बाणीलाइ
पवित्र नै गरन निम्ति मा की
रामकिर्ति गर्नुभो बर्णन जो
अगम् सिन्धु रामजीको कथा हो
२६५२
पायो त्यस्को पार-ता कुन् कविले
तर जस्ले यो ब्रतबन्धको रे
विवाहको मंगलरूप् भएको
सुनेर यो उत्सब प्रेमले पो
२६५३
भन्नेछन् जो रामजी र सीताको
कृपापाइ मानिस ती सदा को
होलान् सुखी सर्बदा दु ःख जाला
पाइ मुक्ति छुट्छ चौरासी चोला
२६५४
मधुर्मिलन् जानकी रामजीको
बर्णन्लाइ प्रेमका साथले जो
गाउँछन् जो सुन्दछन् , हर्ष साथ
मनलाइ तिनलाइ सदा त
२६५५
होला उत्सब् भाग्य ठुलो भएर
मंगल् गर्छ रामको किर्ति धेर
जानी राखी भक्ति औ प्रेम यसमा
श्रद्धा साथै सुन्नु होला मनमा
२६५६
अल्पबुद्धि अबला माधुरी ले
रामकिर्ति माथि भक्ति गरी रे
गरे अनुबाद आज सबै यो
अनुग्रह रामको भै ठूलै पो
२६५७
ब्याकर्ण र छन्दका जो भएको
अशुद्ध र त्रुटि यस्मा छ जे त्यो
सारा सुजन् हेरूले माफ राखी
गर्नु होला हेरि क्षमा म माथि
२६५८
लोकपावन रामको यो चरित्र
कलिकलुष ध्वस्त पारी पवित्र
गर्दै सबमा दिन्छ आनन्द भारी
ठूलो माया मोहको जाल फारी
२६५९

श्री सीतारामार्पणमस्तु

श्रीराम : शरणं मम

श्री तुलसीकृत श्री राम चरितमानस भाबानुबाद

अयोध्या काण्ड आरम्भ

पर्वत् नन्दीनी बाम काख बिचमा जस्को सुशोभित छन्
जस्को शिरमहा सधैं सुरनदि कल्लोल् गरी रम्दछिन्
सुन्दर्भालमहा छ चन्द्र जसको त्यो काल कुट्कण्ठमा
झल्मल्ल गहना छ फेरी जसको सुशोभित अंगमा
१

नागैका पति बासुकि हृदयमा छन् शोभिएका सधैं
जो देवैहरू मध्य श्रेष्ठ सबमा मालिक् भएको छ है
सर्ब स्वरूप सर्ब ब्यापीक तथा कल्याण मूर्ति अनि
चन्द्रै तुल्य सफेद बर्ण हुन गै अत्यन्त सम्रा पनि
२

त्यस्ता शंकर शुलपाणी भगवन् कल्याणकारी सदा
मेरो मोह हरि भबटवि बिषे रक्षा गरून् सर्बदा
भन्दै पर्छु शरण् म आज प्रभुको आर्त भएरै अति
मेरो दुःख सबै हरण् गरि दिउन् साक्षात् उमाकापति
३

राज्याभिषेक् हुन्छ भनेर भोलि नै
सुने पनि जो भइन् प्रशन्न है
जाऊ तुरून्तै बनबास गर्न पो
भन्दा पनि भैन मलिन फेर जो
४

श्रीसीतापतिको त्यहि मुखकमल् शोभा सबै हामीमा
देवोस् नित्य अतिब मंगल पनि दुःखै हरि विश्वमा
शोभा निर्मल रामका बदनमा देखिन्छ जो नित्य नै
झल्कोस् स्थीर भएर यो हृदयमा हामीहरूको सधै
५

नील कमल्को सरि श्याम कोमल
शरीर जस्को कमनीय निर्मल
लिएर सीताकन बाम काखमा -
- छन् शोभिएका - धनुबाण हातमा
६

ठोको छ शर्ले भरी पीठमा अहो !
रघुकुलै भुषण राम चन्द्रको
पुकार गर्छु चरणार बिन्दमा
स्वामीन् ! दयालो ! अब हेर है ममा
७

आफ्नो मन्रूपी दर्पणैकन पनि गुरू चरणपद्मका -
-रजकंड्हरूले सिंगारी कन जो चारै फल दिन्छ त्रा
रामको बिमल र निर्मल त्यहि यशको गरी बर्णन
बाणीलाइ पवित्र गर्दछु सधै कनि कथि साथ म
८

जैले देखि विवाहित् भै पाल्नु भो घरमा प्रभो
हुन गयो नयाँ मंगल् त्यो बेला देखि नित्य पो
आनन्द मंगलै चाड सदा भइ नयाँ नयाँ
सुख र शान्ति बर्षाइ भयो अबध नै नयाँ
९

चौधै भुवन भैं ठुलो पर्वत् छ त्यस मै अनि
आसराले रहेका ती पुण्डय रूपी घटा पनि
लागे निरन्तर बर्षा गर्न सुख् रूपी पानीको
ऋद्धि सिद्धि र संपति रूपी नदि समस्त पो
१०

उर्लिदै बेगले आए अबध रूपी सिन्धुमा
अमोल सुन्दर शुद्धै मणिका समुहै तहा
थिए ती पुरका नर नारी नै ति समस्त है
ऐश्वर्य बर्णन गर्न सकिन्न पुरको सबै
११

मानौं बिधिको करतुत नै सब
होकि यहि मात्र ? भनेर नै तब
हुन्थ्यो सबैको भ्रम चित्तमा पनि
बयान त्यस्कै कसरी गरौं म नि
१२

श्रीरामको मुखरूपी शशिको अपार
पाएर दर्शन पनि निज जन्म सार-
-सम्झेर ती नगरका नर नारी सारा
हुन्थे खुसी सब थरि सुखले निराला
१३
आफ्नो मनोरथ रूपी लहरा फलेको
देखि सखी सहित रानीहरू पनि जो
थिए सुखी परम मग्न भएर ताहाँ
दिन् रातको खबर सम्म थिएन जाहाँ
१४
स्वभाव शील गुण औ प्रभुको समस्त
देखेर तारिफ सुनी भइ मग्न मस्त
पर्दै अपार सुखले अबधेश फेरी
हुन्थे खुसी रघुपतिकन हेरी हेरी
१५
आफुछँदै महिपले रघुनाथलाइ
दिउन् बनाइ युवराज पनि रमाई
भन्दै पुकारी शिवलाइ मनाइ सारा
गर्थे ठुलो हृदयमा अभिलाष सारा
१६
एकपल्ट सबै आफ्ना परिवार समेत भै
राजा, राजसभामाहा हुनुहुन्थ्यो बिराज नै
सुनेर रामको किर्ति धर्ममूर्ति समस्त ती
राजा दशरथलाइ भयो उत्साह ता अति
१७
कृपाभिलाषि छन् सारा राजा सकल देशका
मन्साय सरि नै प्रिति गर्छन् दिक्पालले सदा
तीनै काल तिनै लोक भरी दशरथै सरि
भाग्यवान कुनै प्राणी भएन जगतै भरी
१८
जस्का छन् पुत्र मंगलका मूल कारण रामनै
गरेर भाग्यको बर्णन् सकिन्न तिनको सबै
तिनको जे जति बर्णन गरिन्छ केहि त्यो सब
थोरै नै हुन्छ है जान जति नै भन लौ अब
१९
स्वभाविक् चालले आफ्नो लिइ दर्पण हातमा
मुहार हेरि सोभ्न्याए शिर्पेच् लाइ माथमा
कान नगीचको केश थियो सेतो फुलेर पो
मानौं बुढयाईले राजा रामलाइ यौवराज्य यो-
२०
देउ जन्म र जीवन्नको लिदैनौ लाभ यो किन ?
थियो दिइ रहे जस्तै यो अर्ति भुपति कन
ल्याएर मनमा यस्तै बिचार भुपले पनि
राम्रो दिन असल् मौका पारीकन गइ अनि
२१
रोमाञ्च शरीरै भर्मा- भएर- हर्ष चित्तमा
आफ्नो बिचार ती सारा सुनाए गुरू साथमा
भन्दछन् भुपति सुन्नुहओस् मुनि नायक
सबै रित्ले भए राम सबैमा अब लायक
२२
पुरबासीहरू- सारा- मन्त्रि चाकर ती सब
शत्रु मित्र उदासिन मेरा जो छन् ती सब
प्याराछन् ती सबैलाइ म जस्तै रघुनायक
मानौं हजुरका सारा आशिष् मूर्ति धरेर त
२३
सुशोभित भएका नै होकि जस्तो भयो प्रभो
फेरी द्विजहरू सारा आफ्ना स्वजन साथ पो
गर्दछन् रामका माथि दया हजुर कै सरि
गुरू चरणका रेणुलाइ जो शिरमा धरी
२४
-धारणा गर्दछन् सारा नर ऐश्वर्यलाइ ता
बस् गर्दछन् ईशाराले नचाइ अष्ट सिद्धि ता
मैले जस्तै अरूले यो कुरामा अनुभव् पनि
गरेन प्रभुको पावन् चरण् पूजा गरेर नी
२५
पाएँ सब कुरा मैले मेरो हृदयमा अब
अभिलाषा ठुलो एक बाकिँ छ त्यो पनिसब
पूर्ण हुनेछ है नाथ प्रभुकनै प्रसादले
यति भनेर चुप्लागे राजा हर्ष भएर रे
२६
सहज् स्नेहि गुरूलाइ देखि फेरी प्रशन्न ता
खुसीले भूपति फेरी बिन्ति गर्छन् नुहेर ता
'आज्ञा भए गुरो मन्को अभिलाषा प्रकट् पनि
गारौं कि म सबै ?' भन्ने- राजाको बिन्तियोसुनी
२७
भन्छन् मुनि 'राजन ! यो हजुर्को
किर्ति र कामै अभिमत् हरू को
दातार - छ - फल् अनुगामी तिम्रो
मन्का अभिलाषा हरू सबैको
२८

सबै थरिबाट प्रशन्न चित्तमा
जानी गुरूलाइ त भुपले तहाँ
हाँसी मिठो बाणी सुनेर यो कुरा
भन्छन् ऋषिलाइ खुसी गरी पुरा
२९
आज्ञा दिनुहोस् गुरो ! प्रशन्न भै
श्रीरामलाइ युवराज हर्ष भै
गराउनु होस् दया गरी अब
बाँकि छ इच्छा यहि मनमा अब
३०
पारौं तयार सर्जाम यौवराज्याभिषेकको
हे गुरो म छदै होस ठुलों उत्सव पुग्यो यो
पाउन् है नेत्रको लाभ दुनियाँ हरूले अब
प्रभु प्रसादले मेरो मनोरथ हरू सब
३१
गरी दिनु भो शिवले पुरा पनि
बाँकी छ मेरो अभिलाषा एक नी
पुराभए यो प्रभुको प्रसाद ले
आनन्द मन्मा अति नै हुने छ रे
३२
अनि पछि ता म मरे पनि छिटो
हुदैंन मन्मा पछुतो कुनै ठुलो
बाँचे पनि फिक्री रहेन चित्तमा
हुनेछ किर्ति अझ घेर लोकमा
३३
आनन्द औ मंगलको छ मूल जो
कुराहरू भूपतिका सुनी अहो !
बशिष्ठको चित्त बुझेर क्यै अरू
भन्छन् अनि गद् गद भै कुराहरू
३४
म भन्दछु सुन्नु हओस राजन !
बिमुख् भएका जस देखि छन् जन
तिनीहरू नै पछुताउँछन् सदा
नपाइ आनन्द कतै पनि कदा
३५
जस्का भजनले बिनु प्राणी हेरूको
जादैन दाहा मनका समस्त पो
जस्का इशारा बिच चल्छ लोक यो
जो देखि खाली कहिं छैन ठाम पो
३६
स्वामी उनै हेर पवित्र प्रेमका
छोरा अनुगामी भई हजुरका
आए स्वयं श्री भगवान राम नै
तेस्लाइ के दुर्लभ हुन्छ चीज है ?
३७
बिलम्ब नगरि राजा चीज बीज सबै अब
चाडैं सजाउनुहोस , मंगल् सुदिन ता सब
हुनेछ त्यहि नै दिन्मा जो दिन्मा युवराज भै
रामले सबको आँखा गर्नेछन् धन्य लोकमै
३८
आनन्द पूर्ण भै राजा आए दर्वारमा अनि
मन्त्रि सुमन्त्र - बोलाए - सभासदहरू पनि
'जयजीव' भनी सारा आएर तिनी हेरूले
झुकाए भूपतिलाइ शिर अतिव हर्षले
३९
असल् मंगल बाणीमा सुनाए भूपले अनि
खुसी भै गुरूले आज मलाइ यो कुरा पनि
"रामलाइ तिमीदेऊ यौबराज्याभिषेक यो "
यस्तो आज्ञाभयो चित्त बुझ्छकी सबलाइ यो ?
४०
कुरा यो लाग्दछ राम्रो पञ्चलाइ भने सब
मनमा खुसी भै सारा "श्रीरामलाइ नै अब
यौबराज्या तिलक् देऊ " भन्नेयो प्रियबोलिता
सुन्दा मन्त्रिहरू सारा प्रेम बिब्हल् भए अहा !
४१
चाहिएको बखत्मा नै बिरूवाहरूमा जल-
-परे सरि भए प्यारो सुनी यो बाणी शीतल
गर्दछन् हात जोडेर बिन्ति सचिवले अनि
जगत्पति प्रभु कोटि बर्ष बाँच्नु हओस् भनी
४२
बिचार गर्नु भो स्वामी ! प्रभुले लोकको सब
असल् मंगल यो काम ढिला नगरी यो अब
गर्नु पर्‍यो प्रभो ! चाडै भन्ने यो मन्त्रिको सब
सुबाणी सुनी यो राजा भए हर्षित नै तब
४३
मानौं उम्रन लागेका विरूवालाइ सुन्दर
हाँगा पाए सरि लाग्यो आनन्द भूपलाइ र
आज्ञा दिए अनि फेरी मुनिराज बशिष्ठको
आज्ञा हुन्छ जति जो जो राम राज्याभिषेकको
४४

निम्तिमा गर त्यो सारा काम चाडो पुरा अब
भन्ने सुनेर आज्ञा यो खुसी भै त्यो धरी सब
भने आदेश त्यो सारा ऋषिको पाउमा पुगी
भन्दछन् खुसी भै फेरी बशिष्ठ सब त्यो सुनी
४५
बोले मिठो बोलि गरी अह्रउँदै
कामैहरू ती सबलाइ छानदै
ठुला ठुला तीर्थहरू समस्तका
जलै लिइ आउ भरेर नै घडा
४६
भन्दछन मुनिले फेरी गनेर नाम ता सब
औषधी - मूल औ पान फलफुलहरू तब
चमर् चाँमर बस्त्रादि चाहिने भिन्न जातिका
पट बस्त्र ऊनी बस्त्रहरू फेरी अनेक ता
४७
रत्न मणि हरू सारा मांगल्य चीज जो छन्
राज्याभिषेकमा जे जे चाहिन्छ भूपति कन
लिएर चीज ती सारा आऊ अब तुरून्तै नै
भनेर मुनिले फेरी विधान वेदका सबै
४८
बताएर बिधि सारा भने शहरमा अब
बितान हरू सारा ती सजाएर अनि तब
सुपारी आँप केराका बृक्ष फल समेत कै
बाटो बाटोमहाँ रोप पूरका सब तर्फ नै
४९
मणि माणिकको सारा बनाऊ बेदि सुन्दर
आज्ञा देऊ तिमी चाडों बाजार सजिउन् फिर
ब्राम्हणहरूको पूजा गर आदर - भक्तिले
तोरण् ध्वज पताकाले सजाउ पुरलाइ रे
५०
मंगल कलश तोरण्ले सजाउ द्वार ती सब
सजाउ सुन्दरै पारी हाथि घोडा रथै अब
आज्ञा सुनेर त्यो सारा मुनिराज बशिष्ठको
आफ् - आफन्ना काममा लागे ति सबै खुसीसाथ पो
५१
जे कामको दिए आज्ञा जसलाइ मुनिशले
आज्ञा नपाउदै तेस्ले त्यो कामलाइ पूर्ण रे-
-गरेको होकि भैं पारी बिलम्ब नगरी कुनै
साराले आफ्नो काम पूर्ण पारे सजाउदै
५२

लागे दशरथ पूजा गर्न बिप्र र देवको
रामका हितको निम्ति मंगल् होस भनेर पो
सुन्दर मंगल प्यारो राम राज्याभिषेक यो
सुनेर घन्किइ बाजा बज्यो अबध भित्र जो
५३
बधाइ मंगल काम हुन लाग्यो सबै तिर
शुभ-सगुन भो राम सीताको गाथमा फिर
सौन्दर्य मंगलै अंग लागे फर्फर गर्न ती
प्रशन्न भै परस्पर्मा रोमाञ्चित भएर की
५४
भन्न लाग्नु भयो फेरी प्रेमका साथ यो कुरा
भरत्का आगमन् सुचन् गर्ने हुन् अंग यि पुरा
गएको दिन धेरै भो भरत मावली पनि
लागेको छ अति चिन्ता तर समुन बाट नी
५५
प्यारा भरतको भेट प्रतित हुन्छ यो घरी
लोकमा के छ खै मेरो प्यारो भरतका सरि ?
यहि हो फल यो अंग स्फुरण् रूपी सगुनको
अर्को यो भैं कुरै छैन मेरो के छ र इष्ट पो
५६
रामजीलाइ दिन् रात यस्तै तरहले गरी
आफ्नोफुल्माकछुवाकोफिकि भैफिकीहर्घडी
थियो श्री भरतै माथि , त्यहि समयमा अनि
सुनेर परम मंगल् राम राज्याभिषेक नि
५७
सुन्दर् पूर्ण शशिलाइ देखि सुन्धु-तरंगको-
-माला सरि भइ सारा महात्मा रानीहेरू जो
भए परम आनन्द गद् गद् भै प्रेमले पनि
सुनायो पहिले जस्ले रानीलाइ गएर नी
५८
मांगल्य बचनै भन्ने समस्त तिनीहेरूले
भूषण मणि र बस्त्र पाएर बिबिध भाँतिले
प्रेम रोमाञ्च भो सारा -रानीका शरीरै भरी
मांगल्य कलशै सज्न लागे मिल्लि सबै थरी
५९
महारानी सुमित्राले खुसी भै अति सुन्दर
बिबिध माणि औ रत्न सुबर्णादि मनोहर
वेदि पुर्नुभो मन्मा खुसी भै अति हर्षले
आनन्दित भइ फेरी कौशल्या राम अम्बले
६०

दिन लाग्नु भयो दान अनेकौं द्विज बर्गमा
नागदेव र देवादि इष्ट ग्रामादि देवमा
पूजा गर्नुभयो भाकल् पनि गर्नु भयो अनि
काम पूर्ण हवोस् पूजा गरौंला सबको भनी

६१

कोयलि सरिको बोलि चन्द्र झैं मुख मण्डल
मृग शाबक झैं आँखा भएका मस्त चन्चल
सुन्दरी गाउने गाले मांगल्य गीत हर्षले
भयो अबधमा ठुलो मांगल्य र उमंग रे

६२

राज्याभिषेक् अब हुन्छ भनेर मस्त
खुसी भइ हृदयमा दुनियाँ समस्त
दैव अनुकुल भयो भनी यो विचार
गर्थे घरेर चिज मंगल ती अपार

६३

लागे सजाउन सबै जन हर्ष साथ
आनन्द मग्न हुन गै दुनियाँ तहा त
डाकी बशिष्ठ गुरूलाइ नरेशले ता
शिक्षा दिनाकन प्रभुकन प्रेमले त्वा

६४

पठाए र प्रशन्न भै गुरू गए राम महल्मा अनि
सुनेर गुरूको सुआगमन ता ढोकामहा झट्ट नि
आएर रघुनाथले गुरूजीको पाउ कमल्मा शिर
राखी आदर प्रेमले गुरूजीमा दिएर अर्ध घर-

६५

ल्याइ सौह्र प्रकारले गरी पुजा सन्मान गर्दै अनि
स्पर्शै गर्नु भयो गुरूचरणको सीता सहितै अनि
कोमल् सुन्दर पद्म तुल्य दुइटै जोडेर बाहु पनि
बोल्नुभो मधुरो मिठो बचनले गद् गद् भएर अनि

६६

सेबक्को घर स्वामी आउनु प्रभो !भाग्यै ठूलो हुन्छ यो
मंगल्को मुल कारणै अशुभको बिनाश कारण् छ हो
कार्यै निम्ति तथापि प्रिति सहितै दूतै पठाएर ता
थियो डाक्नु मलाइनै उचित योभन्छु प्रभो ! है म ता

६७

नीति पनि त्यहि हो परन्तु आज
त्यजी प्रभुलाइ गरेर स्नेह नाथ
हुनगइ प्रभुको सवारी यो घर्
अतिब पवित्र भयो प्रभो ! मुनिश्वर्

६८

जो आज्ञाहुन्छ गोश्वामी ! सो गर्छुखुसीले सब
दासले स्वामीको सेवा गर्न पाओस् है अब
स्नेहले मुछिएकी यो सुनेर बचना मृत
प्रशंसा रामको गर्दै भने मुनिशले तत :

६९

होऊ भुषण हे राम ! तिमी यो रवि बंशका
किन भन्दैनथ्यो यस्तो ? दास हौ तिमी भक्तका
गुण स्वभाव औ शील बयान गरी रामको
प्रेम्ले रोमाञ्च भै फेरी बोले गद् गद् भएर पो

७०

सामान सज्नु भो सारा राजाले अभिषेकको
यौवराज्य तिमीलाइ दिन चाहन्छु हुन्छ पो
गर आज तिमी राम नियमै ब्रम्हचर्यको
गरून् सिद्ध सबै काम निर्बिध्न बिधिले छ जो

७१

रामलाइ दिइ शिक्षा बशिष्ठ जानु भो जब
रामको मनमा यस्तो आश्चर्य खूब भो तब
जन्मियौं साथ सब् भाइ खाना पिना र सबै अनि
सुत्नु खेल्नु भइ साथै बित्यो बाल बखत् पनि

७२

कर्ण बेध ब्रतबन्ध विवाहा आदि उत्सव
साथै साथै भए हाम्रो हुनु पर्छ जति सब
निर्मल कुलमा हाम्रो अनि भाइ पनि अहो
हुदाँ विदेशमै फेरी दाजुको मात्र हेर यो

७३

सारा भाइहरू छाडी हुनु राज्याभिषेक यो
अनुचित्छ कुरा एक सबै देखि बिचित्रको
भन्दै सम्झि भरत्लाइ मन बिब्हल बन्दछ
भाइछन् परदेशैमा यो कुरा अनुचित छ

७४

पछुतो प्रेम साथैको यो सबै रघुनाथको
कुटिलताहरू नशोस भक्तका मन भित्रको
प्रेम आनन्दमा मग्न भएका लक्ष्मणैं पनि
तेसै औसरमा ताहाँ पाल्नु भो खुसी साथ नी

७५

रघुकाकुल गौरब्को विकास गर्नलाइ ता
भएको शशि झैं प्यारा भगवान् रामले अहा
प्रिय बचन बोलेर भाइ सौमित्रिको पनि
गर्नुभो आदरै मान प्रेम र स्नेहले अनि

७६

ना ना प्रकारका बाजाहरू अबधमा पछि
बज्न लागे दिदै पुर्मा आनन्द घन्किएर नि
आनन्द हर्ष उल्लाष पुरको बर्णनै गरी
सकिदैन भइन् शोभित्अयोध्या अति सुन्दरी
७७

मनाउदै अबध्बासी आगमन् श्री भरतको
भन्थे तुरून्त आएर पाउन् फल् लिन नेत्रको
बाजांर मार्ग औ सारा घर गल्लि जहाँ तहाँ
नर नारी कुरा गर्दै भन्थे यो आफु आफुमा
७८

राम्रो साइत भोलि कुन बेर बेला
निस्कि हाम्रो पूर्ण मन्साय होला ?
जुन् बेलामा पूर्ण गर्छन् बिधिले -
- इच्छा सब्को हामी हुँला सुखी रे
७९

सुन्को शिंहासन माथि सीता सहित रामजी
बसुन् औ चित्तमा हाम्रो आनन्द होस पूर्ण ती
कैले होला भनी भोलि भन्दथे सब हर्षले
तर बिध्न परोस् भन्दै कुटिल देवता हरे
८०

- मनाउँथे तिनीहरूलाइ अबधको ठुलो
मन पर्दथ्यो उत्सब् बढाइँहरू केहि त्यो
मन पर्दैन चोर्लाई जस्तो चांदनी रात ता
तेस्तै उत्सवमा बिध्न गर्न लागे ति देवता
८१

बेलाएर सरस्वती कन तहाँ द्यौताहरूले अनि
बारंबार परी चरण् कमलमा बिन्ति गरेरै पनि
लागे गर्न पुकार भारतिजीको दु ःखी भइ चित्तमा
हाम्रो हेरी विपत्ति आज तेहिनै काम गुनी दिलमा
८२

माता गर्नु हओस काज जुन त्यो गर्दा त्यजी राजता
जाउन् जंगल भोलि रामजी पनि हामी सबै देवका
कार्ये सिद्ध निमित्त आज जननी भन्दै परे पाउमा
ती द्यौताहरूका सुनेर बिनति श्री शारदा चित्तमा
८३

पछुतो गरी क्यै खडा नै रहेर
गुनी मन्मनै भन्नु भो फेरी हेर
भएँ म अयोध्या रूपी पद्म बन्को
बिनाषार्थ नै पौषको रात जस्तो
८४

प्रफुल्लै भएको कमल्झैं अबध्मा
चीसो हीमको रात जस्तै भएँ म
भनी भारतीले अनि आफुलाई
धिक्कारी हुनु भो अति म्लान हाई
८५

देखेर देवहरूले पनि भारतिको
त्यो हाल औ हृदयको पछुतो पनि त्यो
लागे अननि सकल भन्न गरी पुकारा
माता ! जगज्जननी ! मा ! तिमीलाइ सारा
८६

अलिकति केहि पनि कुनै यो
दोषै हुने छैन कुनै थरीको
सांचो म भन्छु जननी ! कुरा यो
दोषै हजुलाई हुदैंन ता यो
८७

निहारो गर्न लागे ती भन्दछन् इश्वरी ! भनी
हर्ष बिस्मातले हिन छन् है ती रामजी पनि
जान्नु हुन्छ सबै बानी रामंजीको हजुर ता
कर्माधीन भइ सारा आ-आफ्नो जीवहेरू ता
८८

हुन्छन् कर्मै अनुसार सुख र दु ःख भागी ती
तसर्थ भन्छु हे आमा ! हजुर देव निम्ति की
पाल्नुहोस अयोध्यामा हाम्रा हित्का विचारले
संकोच छाडी यो काम सिद्ध गर्दिनु होस रे
८९

यो विन्ति गरर्दै देव बारंबार झुकेर ता
चरण पकन लागे शारदाको नुहेर ता
अनि संकोचका साथ "सुरको बुद्धि ता हरे
रहेछ अति नै नीच " भन्ने तर्क गरेर रे
९०

हिड्नु भो पछुतो गर्दै तर्क गर्दै सरस्वति
बासस्थान भने उँचो छ देवहरूको अति
कर्म चाहिँ अति छोटो रहेछ यिनीहेरूको
सक्तैनन् देख्न अर्काको आनन्द सुखहेरू जो
९१

फेरि पछि हुने काम बिचार गसी मन्महाँ
रावणादिहरू नाश गरने गई वन्महाँ
गर्नेछन् चाहना मेरो कुशल कविहेरूले
छैनन् है सम्झने नीच मलाई तिनीहेरूले
९२

गर्दै विचार यो सारा हर्षित् भै हृदय महाँ
शारदा अति नै चाडो अबध नगरी महाँ
मानौं ग्रहदशा जस्तै दु:सह दु:ख दायिको
आए सरि तिनी आईन् उल्का सरि भएर पो
९३

एउटा मन्थरा नाम भएकी मति मन्द जो
थिइ कैकेयी रानीको सुसारे मन् परेकी पो
त्यसैको मति उल्टयाइ दिएर शारदाजीले
अपजसको त्यसैलाइ पेटारी गर्दिइन् हरे
९४

फर्किएन् भारति आपन्ना धाममा मन्थरा पनि
सजाएको पुर शोभा राम्रो मंगलको पनि
देखि बिबिध ती बाजा सुनेर गीत ती सब
सोधि दासीहरू साथ 'केको उत्सव' भनीतब
९५

'राम तीलक हो' भन्ने सुनी कुवरीलाइ ता
डाहा भयो अति मन्मा बलेर क्रोध दन्की हा
कुमति त्यो कुजातीले 'आजैको रात भित्रमा
कुन प्रकारले काम नाश् होला' भनी चित्तमा
९६

गरी बिचार त्यो कुर कुटिल् दुष्ट किरातीनी
देखेर मधुको राशी जुन रित गरी अनि
हेर्दछे लिनको निम्ति गरेर दाउ हर्घडी
उपायै खोजी त्यो दासी हेर्दछे सोहि रित् गरी
९७

बिलखबन्द भइकन मन्थरा
भरतकी जननी नगीचै खडा-
-हुन पुगी जब ता अनि रानीले
'अनमनी कीनछस् तँ?' भनेर रे
९८

हाँसी हाँसी सोध्नुभो कैकेयीले
केहि उत्तर दिन्न त्यो मन्थरीले
लामालामा सास फेर्दै अनेक
गर्दै फेरि नारी लिला उदेक
९९

आँसु बर्बर् झार्न लागी दु:खी भै
हाँसी फेरी भन्दछिन् कैकेयी है
ठुला गाला छन् त्यसैले तुरून्त
कोधी बन्छेस् के भयो आज भन् त?
१००

दिएछन् की लक्ष्मणैंले तँलाई
शिक्षा जस्तै लाग्छ ऐले मलाई
यस्तो बाणी कैकेयीको सुनेर
मौनी बन्छे मन्थरा आज हेर
१०१

बोल्दै नबोलने खाली काली नागिनीका सरि।
छाड्न लागी हरे! लामो सास ता त्यो घरी घरि
त्यो देखेर डरी खूब भनिन् कैकेयिले अनि
"बोल्दिनस् किन ए? चाँडो महाराज र राम नी
१०२

भरत लक्ष्मण-भाइलाइ ता कुशलै छ कि?"
त्यो सुनेर भयो शुल कब्जाको दिलमा अति
बोल्न लागी अनि त्यो ता दु:खी भैकन चित्तमा
मेरी माई! महारानी! शिक्षा दिन्थ्यो र को ममा?
१०३

कसको बल पाएर गाला फुलाउँथे म ता
यौबराज्य दिनैलागे राजाले जसलाइ ता
तिनै राम त्यजी आज कुशल कसलाइ छ
जे हुने कुशल सुख्ख खाली रामजीलाइ छ
१०४

कौशल्याको बिधाता नै भएछन् दाहिने अति
उन्का हृदयमा छैन घमण्ड देखदा कति
महारानी हजुर्लाई के थाहा छ र ती कुरा
शोभा जुन् देखदा मेरो मन खल्बलियो पुरा
१०५

किन आफैं नजर् हुन्न गइ चक्चकि त्यो सबै
बयान गर्नु के मैले? मेरो ता शक्ति छैन है
फिकी छैन प्रभु लाइ छोरा छन् परदेश मा
'स्वामी छन् बसमा मेरै' भन्ने यो छ हजुरमा
१०६

पलंग तकिया डसना सजाई
सुत्नै मिले पुग्छ हजुरलाई
चाहिन्न केहि अरू धेर चीज
प्यारो छ निद्रा प्रभुलाई खुब
१०७

चलाकी र कपट् केहि बुझ्नु हुन्न नरेशको
कुब्जाको मुख देखि त्यो निस्केको प्रिय बाक्यजो
राम तिलकको सारा संचार सुनी त्यो अनि
मनोमालिन्य जानेर मन्थराको स्थिति पनि
१०८

भन्नुभो रानीले चूप् हो अर्घेलि अब धेर भो
घर्फोरा बजिनी फेरी कैले बोलिस् भने यसो
तेरो जिभ्रो समातेर लाउनेछु उखेलन
छन् मेरा दुइटै प्यारा राम भरत यि सम
१०९
काना कुप्रा र खोरण्डा मानिस कपटी अनि
दुराचारी अति हुन्छन् भन्ने जान्दछु यो पनि
तेस्मा झन् स्त्रीहरू वड्ता हुन्छन् कपटिनी बढी
त्यो भन्दा पनि झन् बढ्ता हुन्छन् दासीहरू पनि
११०
हाँस्नु भो यति बोलेर माता भारतकी अनि
फेरि भन्नु भो " सुन है मन्थरे प्रियबादिनां
दिएको हो तँलाइ ता शिक्षा मैले बिचार यो
सपनामा पनि क्रोध हुदैन है तँ माथि जो
१११
जहिले हुन्छ यो सारा काम जो जो छ लायक
त्यहि सुदिन हो मेरो शुभ मंगल दायक
रविका बंशमा जेठो दाजु स्वामी हुनेछ पो
भाइ सेवक् हुने यस्तो राम्रो रिति छ जान यो
११२
भोलिनै छ तिलक् रामजीको सत्य भने सखी
जे इच्छा छ त्यहि माग दिनेछु खुसीले अति
स्वमाविकै स्वभावैले हामी आमाहरू सबै
कौशल्या जत्ति नै प्यारा लाग्दछौं रामलाइ है
११३
झन् ज्यादा गर्दछन् स्नेह मेरा उपरमा पुरा
परीक्षा गरी प्रितिको मैले हेरें सबै कुरा
दया गरी बिधि फेरी जन्म दिन्छन् भने यदि
त्यो जन्ममा हउन् मेरा छोरा राम दया निधि
११४
हउन् बुहारी सीता नै भन्ने गर्दछु प्रार्थना
प्राण भन्दा पनि प्यारा छन् मेरा राम सौ गुना
उनैको यो तिलक्मा ता तिम्रो मन्माकसोगरि ?
क्षोभ भो किन यो ठुलो ?किन दु :खी भयौ डरि
११५
भरत्‌को शयथै दिन्छु तिमीलाई म यो घरी
छल कपट छाडेर भन साँचो सबै थरी
किन स्वभाव त्यो बिग्रो तिम्रो ? कारण के भयो ?
बिषाद हर्षको बेला किन गर्छौ बिचार यो
११६

मलाई सुनाउ सबै ति बुझाई
तिमी किन छौ आज दु :खी डराई
रघुनाथ ! प्यारा तिनी प्राण जस्तो
तिनैको तिलक्मा भयो के र यस्तो
११७
भन्न लागी रिसाएर मन्थरा सुनी ती कुरा
एकै चोटि भए मेरा आशाहरू सबै पुरा
फेरी जिभ्रो बनाएर बोलुँला अनि केहि ता
अभागी पुर्पुरो मेरो योग्य हो फोर्नलाई ता
११८
दु :ख लाग्यो कुरा गर्दा भलो हजुरलाइ ता
झुटो कुरा बनाएर फर्माई बोल्छ जो मिठा
हजुर्लाई तिनै प्यारा छन् माई कटु छु म ता
म पनि हाँ हजुर् मात्रै अब सक्भर गर्छु ता
११९
मन पर्ने कुरा मात्र गर्छु सर्कारको अब
नसके बोल्न ता झुटो रहन्छु मौन भै अब
कुरूप् मात्रै बनाएर पुगेन बिधिले हरे
दासी समेत अर्काकी गरायो हा ! मलाई रे
१२०
जो रोपिन्छ त्यहि मात्र काटिन्छ गनुँ के अब ?
जे दिइन्छ पछि फेरी पाइन्छ त्यहि नै सब
जो सुकै होस् महारानी हानी के छ मलाइ र ?
हुँला के दासी छाडेर रानी म फेरी र ?
१२१
प्रभुको कुभलो देखन सक्तिन के गरौं हरे
आगो सल्काउनै योग्य यो मेरो छ स्वभाव रे
तसर्थ यो कुरा केहि गर्न लागे अनिष्टको
बक्सियोस क्षमा मेरो चुक सारै ठुलो भयो
१२२
छोटो हुन्छ मति नारीहरूको त्यसपछि झन्
रानीको पर्छ के भन्नु ? लोकले सब जान्दछन्
छलले गहिरो पूर्ण भएको सुनी यो कुरा
देवता हरूका छल्को बसमा नै परि पुरा
१२३
गूढ कपटले पूर्ण भएको सुनी त्यो कुरा
मति मन्द अधम् नारी अझ झन् रानीनै पुरा
शारदाले मतिलाई उल्चाएकी छँदा हरे
सुहद् जानेर पत्यार गरिन् बैरिणीलाई रे
१२४

मानौं सुनी गीत किरा तिनी कै
मोहित् भएकी हरिणी सरि भै
लागिन् अनि सोध्न कुराहरू ति
सन्मान त्यस्को गरि भन् अरूकी
१२५
रानीको भबितव्यता छ जस्तो उस्तै गरेरै अनि
फिरेकी छ मति पनि हृदयको शान्ति हेरेरै अनि
मानौं घात समस्त चित्त बिचमा फापे सरि मन्थरा
भई हर्ष अपारको अनि पछि यो बोल्न लागी कुरा
१२६
सोध्नु हुन्छ हजुरता अब मता भन्दा महा डर्छु पो
क्रोधित् भैकन आज रानी प्रभुले मेरो नाम जो
घर्फोरा भनी राख्नुभो अब यहाँ बोलें भने केहि त
जिब्रो चट्ट चुडिन्छ सत्य यसरी बोल्नु हुँदो रैन छ
१२७
यस्तै अनेक गरिबात प्रति ति ल्याई
चिप्लो घसेर उपमाहरूले सजाई
स्नहै जनाइ कन कैकेयी माथि ठुलो
हितैषिणी सरि भएर पनि अति पो
१२८
साढेसात दशासरि अबधको त्यो मन्थरालें अनि
लागी बोल्न प्रशन्न भैकन तहां यस्ता घरीले पनि
'महारानी सीता र राम प्रिय छन् मेरा अति प्राण भैं
गर्छन् स्नेह म माथि ता रघुपति 'आज्ञा भयो सत्य है
१२९
पैलेका ती कुरा थिए दिन अहो! सारा बिलाए अब
दिन् पल्टे पछि हुन्छ शत्रु सरि नै स्नेहि पनि ता सब
गर्छन् पोषण सूर्यले कमलका कुल्को जसोरी अनि
पानी नष्ट भए पछि उहि कमल् भष्मै गरि दिन्छ नी
१३०
जरो सम्म उखेल्न ता हजुरको मिलेर सौता सब
चाहन्छन् र लगाइ घात त्यहि नै गर्छन् सदा काम त
रोक्नुहोस जरा उपाय रूपीको ल्याएर पानी पनि
जरो सम्म उखेलि नत्र त पछि दिन्छन् कडा दु:ख नि
१३१
आफ्नो सौभाग्यको ठुलो प्रभावैले पनि सब
परेका बसमा ठान्नु हुन्छ भूपकनै अब
फिकी छैन हजुर्लाई यो कुराको गरेर ता
महाराज भने मन्मा धमिला छन् अतिब हा
१३२
मुखका मात्र मिठा छन् राजा हजुरको भने -
- स्वभाव छ अति सोझो सुख ता के गरी हुने
गहिरी बाठी छन् आमा रामजीको पनि अति
सपारीन् आफ्नो काम मौका पारेर छन् जति
१३३
लिएर संमति तिन्कै भरत्जीलाइ भूपले
पठाए मावलि काम पूर्ण गर्न निमित्त रे
सम्भनु होस् सबै साँचो भुटो छैन कुनै कुरा
मैले चाल बुझेकि छु यी सबको यहाँ पुरा
१३४
गर्छन् सौताहरू मेरो सेवा सकल सर्वदा
स्वामीको आडले खालि आमा भरतकोसदा
घमण्ड गर्दछे 'भन्ने कौशल्यालाइ यो घरी
हजुर्को नै परेको छ ईर्ष्या भन्छु म ता डरी
१३५
बाठा मानिसका कपटहरू कुनै पाइन्न थाहा पनि
'राजाको छ बिशेष प्रेम अहिले हजुर् उपर्मा 'भनी
सौता जात जनाइ रानीहरूले स्वभावले नै गरी
सक्तैनन् सहनै चलन् त अघि कैहो यो चलेकोबढी
१३६
रचेर यो सब् परिपञ्चलाई
आफ्नो गराइकन भूपलाई
श्रीरामको राज तिलक् निमित्त
पारी सकिन् साइत ठिक् समेत
१३७
राज्तिलक् रामलाइ हुनु महिषि! कुरा यो त कुल्मै चलेको
उचितै हा सबैको मन पनि परेन मन् परेको छ सब्को
राम्रो लाग्यो मलाइ पनि अब अरू नै संझदामा कुरा त
लाग्छ चिन्ता मलाइ भरतकन यसै छाड्द छन्कि भनी ता
१३८
आंटेको कुरफल् त्यो फराकिकन सबै दैव देउन् उनैमा
गरोस् यो दैवले नै अब रघुवीर नै पन्छिउन् जाइ बन्मा
मन्थराले बनाईकन कुटिल पना जो करोडौं पनि ता
पारी बिश्वास रानीकन पनि मनमा यों कपट् हो भनी ता
१३९
बिरोध बढ्छ सौताहरू बीच जसरी तेसरी नै भनेर
भनी सौताहरूको सत बिधि सीतले ती कथा नै गुनेर
भावीको बस् परेरै हृदय बीच पनि मानि बिश्वास ठुलो
बारंबार सोध्न लागीन् शपथ दिई अनि कैकेयीले पनि जो

१४०

के मर्जी हुन्छ यस्तो हजुर अझ पनि बुझ् पचाएर भारि
सोधनी हुन्छ के लौ अझ पनि हजुर जान्नु हुन्न रफेरी
जान्दछ पशुले नै पनि हित र अहित मानिस भै हजुर
सार्हिन् निबुद्धि यस्तो बचन कसरी लौ मर्जि हुन्छ हजुर

१४१

सर्जाम सज्न लागेका राज तिलकको पनि
बितिसके दिनै पन्ध्र म बाट बल्ल आज नि
जाहेर भो प्रभुलाई हजुर्कै राजमा बसी
खाएकी छु - हजुकेनै - लाएकी छु भई खुसी

१४२

निमक् हरामी ता मैले गर्दिनँ सत्य भन्छु म
यदि असत् कुरा मैले भनेकि छु बनाई पो
भने मलाइ ता ठुलो सजाय दैवले दिऊन्
सुख शान्ति र आनन्द मेरो यो दैवले हरून्

१४३

भयो भने यदि भोलि राम राज्याभिषेक यो
बिउ रोप्यो बिधाताले हजुर्को निम्ति दु :खको
रेखा खिँचेर हे रानी ! प्रतिज्ञा गर्दछु अब
प्रभु दुध्को झिंगा जस्तै हुनुहोला अवश्य त

१४४

छोरा सहित भै सेवा गर्नुहुन्छ भने यदि
राज होला तब घर्मा नत्र ता महारानी जी
अर्को उपाय ता छैन बिनीतालाइ कद्रुले
जस्तो दिएकीथिन् दु :ख तेस्तै हजुरलाइ रे

१४५

दिनेछन् दु :ख कौशल्या भरत भन्यालखानको -
-गर्नेछन् बास र लक्ष्मण् होलान् नायक रामको
बिरोध पूर्णको यस्तै भनी भिषण त्यो कुरा
यो सुन्नासाथ रानीले सकिनन् बोल्न नै पुरा

१४६

झसंग झस्किई काँपी सुकिन् तिन्का शरिरमा
खल्खली पसीना आयो ठुलो भवरी बीचमा
केरा सरी भइ लागीन् थर्थरी काँप्न ता अनि
डराई दाँतले जिब्रो च्यापी कुवरीले पनि

१४७

कपट्ले करोडौं कहानी भनेर
धीरज् धर्नुहोस् है गमैरै भनेर
फकाईकनै मन्थराले बुझाई
हरे रानीलाई बसैमा गराई

१४८

सुकेको कुकाठै नुहुदैन जस्तो
कुपाठै पढाईकन फेरी तेस्तो
कडा पारी रानीकनै मन्थरीले
अरूको कुरा नै नसुन्ने गरी रे

१४९

कैकेयीको फिन्यो कर्म प्यारो लाग्यो कुचाल नि
बकुल्लो सरि त्यो दासीलाइ जानेर हंसिनी
लागीन् सराहना गर्न हितैषि मानी त्यो घरी
"साँचो हो यो कुरा तिम्रो मन्थरे सुन यो घरी

१५०

यो मेरो दाहिने आँखा सदा फर्फर गर्दछ
देख्छु प्रतिदिनै राती स्वप्न आदि खराब त
आपन्नो मूर्खताको नै बस भै तिमीलाई त
भन्दैनथे गरौं के ? हा सुधो मेरो स्वभाव छ

१५१

देब्रे र दाहिने केहि जान्दिन छल्कपट् सब
आशरा सखी तिम्रैछ जे गर्छ्यौ गर - है अब
मैले ता आफुले भेटे सम्म नै आज सम्म ता
कसैको पनि ता छैन गरेकी कुभलो अहं

१५२

दैवले दुसह दु :ख एकै चोटि मलाइ यो
के दोषले दियोआज ?अब ता के गरौं म पो
बिताउँला बरू जन्म गएरै माइतै महा
गर्ने छैन म ता सेवा सौताको जीवन महा

१५३

शत्रुको बस पारेर जस्लाइ राख्छ दैवले
तेस्ले ता मर्नु नै बेस हुन्छ बरू तुरून्तै रे
एवं प्रकारले भन्दै दीन बचन यो तहाँ
कैकेयी रानीले बोलिन् दु :खी भै दासीसाथमा

१५४

आटिं गर्न स्त्रिया चरित्र ती कुरा सुनेर त्यो मन्थरा
लागी भन्न दु :खीत भैकन अहो आज्ञा भयो यो कुरा
आफुलाई त कति ठानी मनमा आज्ञा भयो यो किन ?
सौभाग्यै सुख दिन्दीनै हजुरको दोबहुनेछन् झन्

१५५

प्रभुको कुभलो जस्ले ताकेको छ उसै कन
परिणाम त्यहि फल्को पाउनेछन् कुनै दिन
कुमन्त्रणा सुनेथें यो मैले जुन्दिन देखि ता
लागेन तेहि दिन देखि स्वामीनी ? भोकप्यासता

१५६

लागेन निदनै राती तसर्थ डरले गरी
सोधे यो ज्योतिषिलाई के होला ?भनीत्योघरी
रेखा खिचेर साराले भने यस्तो मलाइ ता
'हुनेछन् भरतै राजा पक्का हो यो कुरा सफा

१५७

गर्नुहुन्छ उपाय भामिनी भने भन्छु म यौटा अब
सेवाले सरकारको नरपति बस्नै छदैछन् अब
भन्छिन् कैकेयी भन्दछयौ तिमी भने मै डुब्दछुपानीमा
सक्छु स्वामी र पुत्र त्याग्न पनि ता तिम्रै बचन्ले यहां

१५८

देखि मेरो ठुलो दु :ख भन्दछयौ तिमी यो कुरा
म आफनै हितका निम्ति किन गर्दैनथे पुरा
बनाई कैकेयीलाई कुबलि त्यो कुचालीले
हृदयरूपी ढुङ्गामा कपटरूपी छुरी हरे

१५९

उध्याई जसरी मर्ने भएका काल रात्रीको
बलिका पशुले चर्छ हरियो घांस हेरू जो
तेस्तै गरेर रानीले नगीचै आउने ठुलो -
-देखिनन् दु :ख ती केहि बुद्धि भ्रष्ट भएरपो

१६०

मानौं मधु मिसाएर लागेको दिन बिष नै
होकि भने सरि गर्दै मन्थराले पनि सबै
सुन्दा नरम औ मिठो हुने दु :ख परन्तुमा
बोलि कठोरको घोर बाणी भीषण ता तहा

१६१

कमारी भन्दछे फेरी ' महारानी हजुरले
एउटा यो कुरा आज्ञा भएकोथ्यो अगाडी रे
सम्झना त्यसको ऐले छ कि छैन हजुरमा
थाँती छन् दुई बर्दान होकि होइन भूपमा ?

१६२

आजै ती दुइ बर्दान मागेर लिनुहोस है
गर्नुहोस् शीतलै छाती दु :खहरू त्यजी सबै
छोरालाइ लिइ राज्य , बक्सियोस् बन राममा
खोसेर लिनुहोस् सौताहरूको खु्सी आफुमा

१६३

गर्नेछन् जब राजाले सपथै रामको पनि
माग्नु बर बचन् जेले नजाओस् खेर ताअनि
रात बिते पछि काम बन्ने छैन बिचारी यो
मेरो बाणी ठुलो मान्नु होला जीवन देखि पो

१६४

कुघात गरी यो ठुलो भनी पापीनीले अनि
सावधान भइ कोप भवन् भित्र गएर नी
समाल्नु होस यो काम होसियार भई सब
नगर्नु झट्ट विश्वास राजाको पनि ता अब

१६५

जानी प्राण सरि प्यारी कुवरीलाई रानीले
तसकै बुद्धिको बर्णन् बारंबार गरेर रे
भन्दछिन् अनि यो रानी "मन्थरे तिमीझैंकुनै
यो संसारमहाँ मेरो रहेन छ हितैषि नै

१६६

बगेर जान लागेकी मेरो आधार नै भयौ
गरे भने पुरा इच्छा विधिले भोलि त्योबुझ्यौ
गरूँला नेत्रको नानी तिमीलाई म सर्बदा
दिई आदर यो दासीलाई एबं प्रकार ता

१६७

कोप भवनका भित्र गइन् कैकेयी ता अनि
अबधु रूपी बघैंचाका डढेलो झैं भएर नी
भइन् कुमति कैकेयी पृथवी सरिकै पनि
भइ बर्षा ऋतु फेरी कमारी मन्थरा अनि

१६८

भयो बिज फेरी बिपत्ति हरू नै
कपट् रूपीको पाउँदा जलहरू नै
दुवै वर रूपी दुवै पात फेरी
टुसा यो कुबुद्धि रूपी भूमी घेरी

१६९

फलै रूपी ती अंकुरैको अनि ता
हुने जुन् परिणामको दु :ख नै ता
अबधुको बहाई सुख्ख र शान्ति सारा
ठुलो दु :खको भेल बग्नेछ धारा

१७०

सरजाम सजी कोध प्रकट गरने जति
मिल्काइ गहना सारा भूमिमा नै सुतेर ती
राज गर्दै रहेको ती राजलक्ष्मी सरी भइ
बिगाऱ्यो कैकेयीलाइ कुमतिले जनमूलिइ

१७१

भैरहेकोछ कोलाहल् ढोकामा भूपको भरी
कोहि जान्दैन हा केहि कुचाल पनि त्योघरी
सज्दैछन् मंगलाचर पुरवासी हरू सब
प्रबेश गर्दछन् -कोहि -निस्कन्छन् खुसीभैतब

१७२

एवं रितिले भूपको दुवारमा
ठुलो थियो भिड महल् भरी मह ँा
अनि उता श्री भगवान रामका
बाल सखा हेरू पनि समस्त ता
१७३
राजै तिलक्को सुनी हाल त्यो सब
अपार आनन्द उमंगले तब
मिलेर दश् पाँच भएर दौतरी
जान्छन् रघुनाथ समीप त्यो घरी
१७४
जानेर त्यो प्रेम दया निधानले
गर्नु भयो आदर - मान स्नेहले
मिठा बचन्ले तिनी साथमा अनि
सोध्नु -भयो क्षेभ कुशल्हरू पनि
१७५
प्यारा रामजीको आज्ञा पाएर ती परस्पर
प्रशंसा रामको गर्दै खुसीले फिर्दछन् घर
निर्वाह गरने स्नेह शीलको यो जगत् महाँ
कोछ राम सरी फेरी प्रेमले खुसी हुने यहाँ
१७६
कर्माधिन भइ हामी घुमौं जुन्जुन् योनिमा
हुन पाऔं सबै दास रामकै तेस जोनिमा
हाम्रा स्वामी हऊन् सीता नाथ नै अब सर्बदा
नाता होस यहि हाम्रो अरू निर्बाह होस ता
१७७
इशले हामी सब्लाइ दिऊन् यहि कुरा अब
भन्ने थियौं अभिलाषा पुरका प्राणीको सब
कैकेयीको थियो मन्मा डाहा अतिव नै हरे
परे पछि कुसंगत्मा हुदैन नष्ट को र रे ?
१७८
बुद्धि नीच हुँदा फेरी रहन्न चतुऱ्याई ता
कुमन्त्रणा गरी कस्ले पाउला सुख शान्तिता
अरूको कुभलो गर्ने जन पाउँछ सुख्ख के ?
नीचको संगति गर्ने सप्रन्छ कहिले र ए ?
१७९
अनि ता साँझमा राज सानन्द परिपुर्ण भै
मानौं शरिर नै धारी स्नेह नै खुसीसाथ है
गमन गर्न लागेका हो कि ? शरिर धारीणी -
निष्ठुरताको नगीच्मा नै भने जस्तै बनेर नि
१८०

गए कैकेयीको घर्मा "रानीकोप भवन्महाँ
भन्ने सुनी महाराज भए संकोचितै तहाँ
प्रफुल्लता हट्यो सारा खुम्चिए भयभित भै
अगाडी तिर नै उन्को नसर्ने भो चरण् दुवै
१८१
प्रभावले बाहुबल्को तिनैको
निर्भय भै बस्दछन् इन्द्र नै जो
हर्दम् जस्को मुख ताकेर सारा
रहेका छन् भूपहेरू बिचारा
१८२
तिनै महा -राज त पतिनको त्यो
सुन्दा कोध काप्न लागे गजब् हो
घायल् पाऱ्यो कामको बाणले ता
सब्मा ठुलो रे छ मदन रे ता
१८३
भयभित नै भइ कैकेयीको
पुगे दशरथ नगीच अनि पो
देखि तिन्को त्यो दशा भूपलाई
भयो दारूण् दु :ख अत्यन्त हाई
१८४
जमीन्को सुताई पुराना र मोटो
पहिरन् लुगाको शरीर्का ती जो तो
अनेकौं थरीका अलंकार सारा
छरिइ रहेछन् धुलामा बिचारा
१८५
कुमति कैकेयीको त्यो कुबेषहरू ता अनि
देखिइन्थ्यो भने कस्तो मानौं लौभावीलेपनि
गरेको सुचना हो कि बै धव्यको अगाडी नै ?
भने जस्तो थियो शोभा कैकेयीको स्वरूप मै
१८६
नगीचै गइ राजाले मीठो बचनले पनि
भने प्राण प्रिया कुद्ध भयौ के हेतुले ?भनी
रानी कुद्ध भयौ केले ? भनेर अनि हातले
मुसार्दामा पतिलाइ निवारण् गरी कोधले
१८७
फालेर पतिको हात हटाइन् अति बेगले
मानौं कुद्ध भउकी ती सांपीनी भैंभएर रे
भीषण कोधले हेर्न लागीन् तिन्का दुवैठुलो
इच्छा ता सर्पका दौटै जिब्रो जस्तै थिए बडो
१८८

बिषालु दाँत झैं तिन्का दुवै वर थिए अनि
लागीन् क्रुद्ध भई रानी हेर्न साँपीनी झैं बनि
भूपतिले गरेको त्यो राम शपथ रूपीको
मर्मस्थान् ताक्न तीं लागीन्‌डस्नाका निम्तिफेरिजो
१८९

म भन्छु तुलसी दास राज दशरथजी ता
परेर भावीको बसमा अज्ञानी सरि भै ति ता
कुचाल रानीको त्यो ता काम कौतुकमा पनि
गर्नलागे सबै लेखा हरे अबुझ झैं बनि
१९०

बारंबार् भन्दछन् राज सुमुखी ! हे सुलोचनी !
कोकिल बादिनी प्यारी हे मत्तगजागामिनी !
कस्लाइ खोज्दछन् प्यारी यमले लिन यो घरी
भन कंगाल कुन्लाई राजा गरूँ बिपत् हरी ?
१९१

देशै निकाला कुन भूपलाई
गरू पियारी भन लौ रमाई
तिम्रो भए शत्रु त मार्नलाई
सक्छु अमर्लाई पनि म जाई
१९२

हरे यि किरा सरिका बिचारा
के चिज हुन् यी नर नारी सारा ?
तिम्रो ईसारा बीच प्राणलाई
सक्छु खुसीसाथ म त्यागनलाई
१९३

भएकी राम्रा उरूले शुसोभित्
हे सुन्दरी ! लौ भन आफनो हित्
स्वभाव मेरो तिमी जान्दछ्यौ है
तिम्रो बदन् चन्द्रमहा चर्को भैं -
१९४

- भएको छ मेरो मनै है पियारी !
यि मेरा सबै पुत्र सर्वस्व नारी
तथा हे प्रिया ! प्राण मेरो सदैव
रहेको अधिन्मा त तिम्रै छदैछ
१९५

कपट् केहि मैले गरी हे पियारी !
भनेको रहेछु भने बात भारी
शपथ् भो मलाई शयौं पल्ट सम्म
उहि रामकै भन्दछु सत्य यो म
१९६

मन् परेका कुरा माग हाँसी प्रियतमे ! अब
सजाऊ सुन्दरी देह गहनाले सजी अब
कुबेला र बखत् सम्झी बिचार गर चित्तले
कुबेषलाई हे रानी उतारी हाल झट्ट रे
१९७

सुनेपछि कुरा सारा अबध पतिको अनि
'गरे ठुलो सपथ् ' भन्ने सम्झेर मनले पनि
उठिन् हाँसेर नै मुर्ख कैकेयी हर्षले अनि
भिल्लिनीले हरिण्लाई देखि फन्दाहरू पनि -
१९८

- थापेझैं गरि भुषण्ले लागीन् सजिन त्यो घरी
अनि दशरथजीले मनमा मित्रकै सरी
-जानेर कैकेयीलाई रोमाञ्च गद् गदै बनी
बोले नरम औ मिठो बाणी खुसी भइ अनि
१९९

सुनहै भामिनी ! तिम्ले भने जस्तै भयो अब
पुरका घरमा सारा हुन लाग्यो पनि सब
कल्याण कामना भारी आनन्द र बधाई ता
म पनि भोलि नै दिन्छु रामलाई यौवराज्य ता
२००

सजाउ चीज ती सारा मांगल्य कार्यको अब
राम्रा नयनले हेर राम्रो कार्य तिमी सब
तिम्रो इच्छा अनुसार भयो सुन्दर लोचने
रमाऊ परमानन्द भएर हे सुलोचने !
२०१

कडा भएको दिल रानीको हरे
सुन्दा कुरा त्यो अति नै डहाडले
काँपीन् तिनी दु :खी भएर चित्तमा
पीडा भयो शूल समान देहमा
२०२

पाकेको खटिरालाई छुदाँमा अरूले गई
बल्केर जसरी दुख्छ उठ्यो टन्केर बेसरी
जसरी बाहिरी रून्न कुलटा ब्यभिचारीणी
मर्दा जार मनै मन्मा रून्छे जसरी ता डरी
२०३

लुकाइन् उसरी पीडा रानीले मन भित्र नै
पाएनन् चाल राजाले छलको त्यो चलाकीनै
कोटि कुटिल् रूपी भारी गुरूले त्यो चलाकीता
पढाएकी थिइ थाहा पाऊन् अनि कसोरी ता
२०४

थिए यद्यपी ती राज नीति निपुण सद्‌गुणी
तथापी नारीको लीला रूपी सिन्धु अगम् छनी
वढाएर कपट् प्रेम फेरी कैकेयीले पनि
मुख - आँखा नचाएर नखरा गरी धेर नी

२०५

कर्के नजरले हेरी हाँसेर भन्दछिन् अनि
आज्ञा हुन्छ सधैं स्वामीन् माग माग भनेर नी
नकैले दिनुछ केहि - न ता मैले लिनु छ पो
दिन्छु बर दुवै माग भन्ने थियो हुकुम नाथको

२०६

शंका छ त्यो पनि ऐले पाउनामा मलाई त
सुनेर यो कुरा लागे भन्न हाँसेर भूप त
अहो ! मैले बुझें मर्म तिम्लाई कोधता प्रिये
साफैं प्यारो छ त्यस् निम्ति रिसायौ ब्यर्थमाहरे

२०७

राखी दुइ बरै थातीं मागिनौं कहिल्यै पनि
मैले बिर्सेछु बानीनै मेरो छ बिर्सिनें पनि
नदेऊ यो झुटो दोष मलाई हृदयेश्वरी
बर माग तिमी ऐले दुईको बदला गरी

२०८

प्राण जाला बरू बोलि झुटो हुन्न कदापी ता
चलेको छ रिति यस्तैं रघुका कुलमा सदा
कुनै छैन अरू पाप असत्य सरि लोकमा
पाप्‌को थुप्रा पनि हुन्छ हल्का असत सामुमा

२०९

करौडौं राति गेडाका थुप्रा एक पहाडको
हुनसक्छ र के तुल्य ?असत्य गिरिझैंभयो
अरू पापहरू सारा राति गेडा समान भो
अब ता गर बिश्वास ममा तिमी बिचारी यो

२१०

छन् सारा अरू ता धर्म सत्यकै आडमा सदा
सत्य बिहिनका धर्म सारा निर्मुल नै छ ता
प्रसिद्ध छ कुरा सारा यो ता वेद पुराणमा
गाएको छ कुरा यो नै मनुले पनि लोकमा

२११

त्यसमा पनि पुण्डय स्नेहका
- अबधी छन् जुन् रामनै अहा
उहि राम शपथ् दिलाई यो
दृढ पार्‍यौं तिमीले भनाई जो

२१२

यस्तो बचन राजाको सुनेर कैकेयी प नि
सत्य बचन ठानेर हाँसी कन तहाँ अनि
मानौं आफ्नो कुमत् रूपी कुपक्षी बाज हेरूको
खोल्न लागे सरि टोपी लागीन् बोल्न कडा अहो !

२१३

मनोरथ् भूपको सारा सुन्दर जंगलै भयो
सुख आनन्द सारा ती असल पक्षी आदि हो
भयंकर भएको त्यो बचन रूपी बाज ता
आटिन् छोड्न हरे रानी रूपीती भिल्लिनी तहाँ

२१४

सुन्नुहोस प्रिय प्राण माग्दछु मन माफिकै
राज तिलक् भरतलाई बक्सियोस् बर एक है
प्राणनाथ बर दोश्रो माग्दछु करजोरी यो
मेरो मनोरथै पुरा गर्नुहोस तुरून्तै पो

२१५

लिई तापसको भेष्ष चौदह बर्ष सम्म त
बनबासी बनुन् राम उदासी भै बिशेष त
सुन्दा त्यो मसिनो बाणी शशि किरणलाइ ता -
- छुदा बिकल ता हुन्छ चखेवालाई जो कडा

२१६

दशरथ् भूपतिलाई हृदयमा अपारको
तेस्तै बिकल ता शोक भयो डाह भइ ठुलो
सन्न हुनगए राजा निस्केन बाक्य हा कुनै
झम्टेको बाजले मानौं वनमा लाव पक्षीझैं

२१७

मानौं दशरथ् फेरी बज्री बिजुलिले पनि
मारेको तालको रूख् नै हुन्कि भन्नेसरिअनि
भए बिबर्ण औ दिन तुरून्तै ब्याकुलै बनि
पुर्पुरोमा धरी हात चिम्लेर नेत्र नै पनि

२१८

मानौं शोक्‌गर्नलागेकाहोकिता शोक आफुनै
भने समान ती राजा लागे हा शोक गर्न नै
लागे दशरथ् मन्मै गर्न फेरी बिचार यो
"मेरो मनोरथ रूपि फुलेको कल्पबृक्ष जो

२१९

थियो हा !फल्न लागेका बेलामा यसले अहो
उखेलि निर्मूलै पारी हाथिनीले समान पो
पापिनीले अयोध्या नै उजाड गरि दु :खको
दृढ जग बनाई हा !साराको हरी सुख्ख यो

२२०

के बखतमा भयो के हा गयो बिश्वास नारीको
हा !हा! धिक्कार केभो यो? आटेथेंके ?हरे ! प्रभो
जस्तो जोगिहरूलाई योग कै सिद्धिहेरूको -
- फल् पुरा हुन लागेको बेलामा जसरी ता अहो !
२२१
जीवलाई अबिद्याले भुलाई नष्ट पार्दछ
तेसै गरि फल: सिद्ध मिल्ने बखतमा हरे !
मलाई फलको भोग गर्न दिइन नीचले
भन्ने सोचेर यो मन्मा भयो दु :ख अपार रे
२२२
एवं प्रकारले दु :खित भएका भित्र चित्तमा
राज दशरथैलाई भयंकर दृष्टिले तहाँ
हेरेर मनमा कोध लिइकन अपारको
बोल्न लागिन् अति कुर बोलि कैकेयी फेरजो
२२३
"भरत पनि ता छोरा होइनन् कि हजुरका ?
मलाई हो कि ल्याएको-बेसाइकन नै किता
सुन्नाका साथमा फेरी कुरा भरतको पनि
बाण जस्तै हजुरलाई लाग्यो कष्ट दिने बनी
२२४
आज्ञा भएनथ्यो पैले सोचेर किन ता कुरा
नत्र ता उत्तर चाँडो बक्सियोस् खुसी भै पुरा
आज्ञा होस कि ता दिन्न ? प्रभु ता रघुबंशका
सत्यसन्ध हुनुहुन्छ बर दिन्छु भनेर ता
२२५
बाचा गरि सकेको छ तोड्नु होस कि ता अब
सत्य छाडी जगत् भर्मै लिनु होस् सब दुर्यश
प्रशंसा सत्यको गर्दै दिन्छु वर म ता भनी
आज्ञा भयो महाराज चबेना रचना पनि -
२२६
- माग्ली भन्ने थियो मन्मा किता हजुरको पनि
के लिन्छ भनी ठानेर आज्ञा भो दिन्छु लौ भनी ?
दधीची बलि र फेरी शिबिले जे जति कुरा
बोलेथे धन औ प्राण पनि त्यागेर त्यो पुरा -
२२७
- गरेथे रघुकैकुल्को हो यो चलन ता सब
मौन हुनु भयो फेरी किन सत्य भुलि अब ?
काटेको घाउमा मानौं नुन छर्के सरि गरी
कैकेयीले कटु बाणी बोलिन् यसरी बेसरी
२२८
धर्म धुरन्धर धीर राजाले धीरज धरी
खोलेर नजरै शिर हल्लाए अनि त्यो धरी
सास फरेर ता लामो सोचे यो मनमा पनि
"कुठाममा तरबार हानी यस्ले मलाई नि"
२२९
मानौं रीस रूपी ठुलो नांगो तर्बार मा पनि
कुमति रूपीको सारा भएका मूठ ता अनि
निष्ठुरता रूपी धार तेस्माथि पनि दासीले
लगाएको थिई सान चम्काएर अतिव रे
२३०
स्वयं देहधरी कोध लिएर असि हातमा
हो किखडा भएको त्यो?भने झै रानी ता तहाँ
देखे अगाडी राजाले बलेर रीसले ठुलो
दन्केको कैकेयीलाई अत्यन्त उग्र रूपको
२३१
कठोर भीषणै निष्ठुर् भएकी क्रोधको रूपी
नंगा खड्ग घुमाएर लिएको तिनी कैकेयी
देखेर ज्यान पो मेरो लिन्छे कि सत्य नैपनि
भन्ने डर गरी फेरी कडा छाती गरेर नी
२३२
बोले भूपतिले फेरी तिनी रानी सुहाउँदो
मनाउदै तिनीलाई डरी बिन्ति गरेर पो
भिरू प्रिया कुरा यस्तो कसरी गर्दछ्यौ तिमी
हुत्याएर दुवै चीज प्रिति र प्रतिती पनि
२३३
कुभाँति हीनता राखी भन्दछ्यौ तिमी यो कुरा
साक्षी राखेर शम्भु नै म सत्य भन्छु यो पुरा
दुवै ती नेत्र हुन मेरा राम र भरतै पनि
दूत पठाउँछु भोलि बिहानै म अबश्य नि
२३४
तुरून्तै ती दुवै भाइ आउनेछन् सुनेर त्यो
सजाई चीज ती सारा बिचारी दिन लग्नको
राज तिलक् भरतलाई दिनेछु म अबश्य नै
बजाई बिबिध बाजा यस्मा संसय छैन है
२३५
छैन है राजको लोभ रामलाई बिचार यो
सत्य भन्छु भरत् माथि धेरै प्रेम छ रामको
मैले ता मनमा ठुलो - सानो भनी बिचारी पो
राजको नीतिले पो ता लागेथें गर्नलाई यो
२३६

राम जननीले केहि अलिकति कुरा पनि
राज तिलक बारेमा मेरो साथ कुनै पनि
भनेकी रै छ ता केहि भने 'राम' भनेर म
नपाउँ भन्न सौ पल्ट राम शपथ गर्छु म
२३७

तिमीलाई नसोधेर गरे मैले समस्त यो
तसर्थ नै मनोरथ् यो सारा मेरो बिनाश भो
छाडेर कोध मंगल्को सजाऊ चीज ती सब
हुनेछन् भरतै राज केहि दिन पछि अब
२३८

दु ःख भो मनमा मेरो खाली एकै कुरा महाँ
अतिनै दु ःखको माग्यौ त्यो दोश्रोबर ता यहा
तेसैको आंचले मेरो हृदय अहिले पनि
जेलेकै छ प्रिया हो कि ठट्टा यो रिसका पनि
२३९

साँचो सत्यै हो कि ? ठट्टा र कोध -
- मात्रै हो कि ? सत्य नै हो कि यो त
छाडी देऊ रिस दोषापराध
भन्यौ ऐले रामले के गरे त
२४०

भन्छन् सारा लोक ता रामलाई
खानी शील स्नेह गुण् आदिका यि
हसाउँथ्यो स्नेह गर्दै तिमी नै
प्यारो गर्थ्यौं प्राण भन्दा पनि है
२४१

उब्ज्यो ऐले के र ? हे प्राण प्यारी !
यस्तो भीषण् भन्दछ्यौ बात भारी
सुन्दा ऐले मात्र पो हा ! मलाई
सन्देहै भो चित्तमा कष्टदायि
२४२

शत्रु मित्र समान छन् नि जसका सौन्दर्य स्वभाविक
तेस्ले यो प्रतिकुल् कसोरि गरला आमा तिमीमाथि त
ठट्टा औ हाँसिको त्यजेर रिस यो प्यारी बिचारी अब
बिबेकै गरि माग आज जसमा प्यारा भरत्को सब
२४३

चाडैनै अब देख्न पाउँ खुसीले राज्याभिषेकोत्सव
भन्छु सत्य बिचार् गरी दया मेरो उपर्मा अब
बाँच्ला है नहुँदा जल पनि बरू माछा हरू ता सुन
बाँच्ला सर्प पनि मणि बिहिंन भै सायद् बिकल्भैकन
२४४

आपन्नोबानी म भन्दछु प्रियतमे !क्यैछैन छल्चित्तमा
मर्नेछु रघुनाथको बिनु म ता प्राणै छ रामै महा
प्यारी छौ तिमी बुद्धिमान र गुणी सोची बिचारी पनि
रामै दर्शनको अधिन छ प्रिया यो प्राण मेरो भनी
२४५

पाइन यदि देख्न रामजी भने सक्तिन बाँच्नै मता
स्वामीका अति कोमल बचन यो सुनी कुबुद्धि तीता
कैकेयी रिसले जलिन् खूब हरे मानौं हुतासन् महाँ
आहुत्ति घिउको परे सरि भयो ज्वाला उठी खूव्तहाँ
२४६

लागिन् अनि भन्न ति दुष्ट रानी
वाक्वाण राजकन हानी - हानी
गर्नु हओस् कोटि उपाय आज
लाग्दैन माया प्रभुका ति काज
२४७

कि ता दिनु होस दुई बरै ति
म दिन्न भन्ने लिनु होस् अकिर्ति
प्रपञ्च यस्तो छल जाल को ता
मनै मलाई परदैन जो ता
२४८

हजुर सुजनै राम साधु र गुणवान् हो
भलिछन् रामकी आमा भनेर चिन्दछु म पो
ताकिन् मेरो भलो जस्तो कौशल्याले बिचारी यो
दिने हुँ म पनि सट्टा फल तेहि समानको
२४९

महाराज़ यदि भोलि बिहानै रामले पनि
धरेर मुनिको भेष मुनि सदृश नै बनी
गएनन् त भने बन्मा मेरो मरण हुन्छ नि
हजुर्को दुर्यश साथै हुनेछ सत्य सत्य नि
२५०

यो कुरा मनमा राम्रै बुझ्न होस हजुरले
बोलेर यो मतिमन्द कप्टि कुटिल रानीले
मानौं कोध नदि बेग्ले बढेर उर्लिए सरी
उठेर उभिइन् त्याहाँ कैकेयी कोधले भरी
२५१

पाप रूपि गिरि बाट भई प्रकट नै पनि
कोध रूपि जल पाई भरिएको अतिबनी
दुवै बर रूपी ठुला किनारा दुइटा भए
थिए हट रूपि धारा यिन्का दृढ र तिब्र ए
२५२

शिक्षा बचन ती सारा दासीका पनि जो थिए
नदिका भुमरी जस्तै प्रचण्ड भई उर्लिए
त्यो कोध नदि भूप् रूपी बृक्षका मूल लाइनै
ढाल्दै बिपत्ति रूपीको समुन्द्र तिर उर्लिदै

२५३

प्रवाहित भई बग्न लागिन् भूपतिले अनि
साँचो देखि सबै बोलि सोचे यो मनमापनि
'निमित्त गरी नारीको मेरो शिर बिषे अब
नाच्न लाग्यो हरे काल ' भन्नेसोचेरत्यो तब

२५४

समातेर पाऊ पनि कैकेयीको
बसाले गरि बिन्ति गर्दै अनि पो
भने बिन्ति गर्छु रवि बंश रूपी
तरूको नहऊ तिमी बन्चरो कि

२५५

बरू माग मेरो तिमी शीर ऐले
तिमीलाई दिन्छु म काटेर पैले
गराएर ती रामजीको बिजोग
न मारे मलाई दिई कष्ट पो त

२५६

बिन्ति गर्छु परी पाऊ जसरी नै भए पनि
रामलाई तिमी राख देऊ जीवनदान नी
जल्नेछ नत्र ता छाती तिम्रो ता जीवन भरी
पठाई बनमा राम पछुतो हुन्छ बेसरी

२५७

देखि असाध्यको ब्याधी राजा दशरथै अनि
कष्टले शिर हल्लाई ढले जमीन मै पनि
ब्याकुल्भै दुःखले राम! हा राम ! रघुनाथ! यो
बोलेर कष्टले भारी भए अधीर हा !अहो !

२५८

शैथिल्यताले जिउ घेरीएर
ब्याकुल् भई भूप पछारीएर
भन्थे ति राजा प्रिय राम ! राम
पानी बिनाका मछली समान

२५९

मानौं करिणीले होकि ढालेको कल्प बृक्षनै
भने जस्तै भए घाँटि सुक्यो मुख् देखिबाक्य नै
केहि निस्केन राजाको संज्ञा हीन सरि भए
मणि बिना फंणी जस्तै ब्याकुल् भै छट्पटि हरे

२६०

मानौं घाऊभरी बिष लागेकी हुन्कि हालन
भने जस्तै कडा पारी लागीन् कैकेयी बोलन
हे स्वामी ! यदि आखिर्मा यस्तै गर्नुथियो भने
के को बल्ले भनेको हो हजुर्ले माग माग ? रे

२६१

खित्का छोडेर हास्नु र ठुस्सिनु मुख् फुलाउदै
हे स्वामी यी दुवै बात एकै पल्ट हुदैन है
खोज्ने लोकभरी दानी कहलाउनलाई त
कृपँणता पनि गर्ने खुम्चिएर यसोरी ता

२६२

शुर भए पछि हर्दम क्षेम कुशल हुन्छ त ?
कि छाडी दिनुहोस् सत्य बोलेको जतिजोछल ?
छोरा र धरणी धाम नारी शरिर दौंलत
सत्य सन्ध हरूलाई तृण जस्तै हुनेछ त

२६३

ब्रिलाप गर्दै अबला सरि हरे
स्वामी कसोरी रूनुहुन्छ हेर रे
छाडी दिनोस् सत्य म दिन्नँ यो भनी
दुर्यश लिनुहोस् जगमा सधैं पनि

२६४

कठोर यस्ता सुनी मर्मका कुरा
नृपेन्द्र भन्छन् भई ब्याकुल पुरा
तिम्री कुनै छैन कसुर केहि जो
मेरो भई काल पिशाच भैं अहो

२६५

- लागेर तिम्लाई यसोरी मर्म यो
बकाउँदोभो बिपरीत पारी पो
गर्दैन ईच्छा सुतले कदापी पो
बिर्सेन नै ता पनि भूप बन्नको

२६६

परि बिधिकै बसमा तिमी हरे
कुबुद्धि तिम्रो मनमा पसी छ रे
हुनेछ तिम्रो पछि चित्त जर्जर
भएर ठुलो पछितो पछिल्तिर

२६७

जम्मै मेरै पापको हो फलै यो
जस्ले गर्दा कुबखता हरे ! यो
आजै दैव बाम निष्ठुर् भएर
मेरो सारा सुख् मनोरथ् हरेर

२६८

गुल्जार् फेरी हुनेछन् अबध पुरि पनि सुन्दरीभै पछिंता
सारा गुण्का निवास स्वरूप गुणनिधिरामजीकै यहा ता
सत्य होला प्रभुत्व रघुकुल मणि ती रामको नै रमाई
सेवा गर्नन् ती भाई - भरतहरू सबै सौख्य आनन्द पाई

२६९

त्रैलोक्यैमा हुने हो रविकुलध्वज ती रामको नै प्रशंसा
रानी तिम्रो कलंक अनि पछि पछितो हाय मेरो पनिता
मेटिने छैन कैले जुग जुग तक नै भै सदा नै नविन
श्री राम् छाडेर् पाए पनि सुरपुरी कै राज् भरत्ले लिदैन

२७०

जे मन् पर्ने तँलाई गर अब मुख छोपी मेरो नजर्को
ओट्मा बस् बिन्ति गर्छु तँ कन म दुइटै हात जोडेर फेर्यो
मौनी भै बस्नु तैले जब तक जगमा ब ाँचुला ताहि सम्म
पश्चाताप् हुन्छ ठुलो तँकन अनि पछि पापिनी गजढम्म

२७१

सिंहको निम्तिमा तैले बनेर निष्ठूरू हरे
गाई मारिस हा ! ब्यर्थ खान्छ के ? सिंह त्यो हरे
जान्दछु कुलको बानी भरत कुल दिप हो
लिदैन भरतै राज्य पापीनी ब्यर्थ हुन्छ यो

२७२

कोटि तरहले राजा गर्दछन् बिन्ति त्यो घरी
"गर्दछःस् ब्यर्थ हा ध्वम्स बंशको किन यसरी
भन्दै यो प्रार्थना गर्दै बिकल् भै ति ढले हरे
छल् जान्ने भएको ती कैकेयी पनि फेरी रे

२७३

मानौं मसानैकन ता जगाउन
हो कि ? ति लागे सरि कै बनिकन
बसिन् बनी मौन कसी ती आसन
अबध्पतिको पनि प्राण नाशन

२७४

बनेर हा ! ब्याकुल ती नरेशले
हा राम ! हा राम ! भनेर शोकले
रटि रहेका तिनी हा ! पछारिदै
भए बिना प्वांख बिहाल पक्षी भैं

२७५

भए बिकल बेहाल अतिब शोकले गरी
सोच्नलागे अनिराजा ' आज प्रात: नहोस् हरि
गएर रामलाई ता यो कुरा कसले पनि
नभनोस् ' भनी लागे यो मनाउन खुबै अनि

२७६

गर्न लागे अनि फेरी पुकार भू प सूर्यको
भगवन् ! रघुकुल् मूल पुरूष ! भास्कर ! प्रभो
अयोध्यामा प्रभो ! आज नउदाउनु होस न
देखि यो दुर्दशा सारा अयोध्याका सबै जना

२७७

प्रभुको मनमा होला दर्द र दु:ख ता ठुलो
हे भास्कर !दया राखी गर अबधको भलो
सबित्रे ! दिनकानाथ ! दिवाकर दया गरी
कुलको गर है रक्षा पुरी देखि परैं रहि

२७८

बिधाताले सजी खूब भूपको प्रिति स्नेह र
कैकेयीको पनि जो छ निष्ठुर ता भयंकर
सीमाना हो बनाएका गर्मेरै पनि ता हरे
कठिनता र प्रितिको बर्णन् गर्न सकिन्न रे

२७९

राजाले यसरी बिलाप गरदै सारा बिताए निशा
बिणा बांसुरी शंख बाद्यहरूको लाग्यो हुन शब्दता
लागे गायक भाट सुतहरूले गुण्गान गर्नै पनि
बाण्लागेसरिनै भयो नुपतिमा सुन्दा अनेकौंध्वनी

२८०

त्यस्ता मंगल चीज बाद्य सबमा मनपर्दथे खूब नै
राजालाई कसोरी बाण सरिका लागे ध्वनी नै उनै
स्वामीका सँगमा सती भईदिने नारी महा भूषण
हिरा मोति सुर्बर्णकै किन नहुन् रोज्दैन कैले मन

२८१

श्री रामका दर्शन – लालषाले
उमंग धेर उत्सवको हुनाले
त्यो रातमा नै खुसीले गरेर
निद्रा कसैलाई परेन धेर

२८२

ढोकामा सचिव - सारा - दास सामन्त बर्गको
भयो भिड अति भारी देखि उदय सूर्यको
भन्दछन् आफु - आफुमा "अझै अबध नाथको
जागा भएन कारण ् के होला कुन बिशेष त्यो

२८३

प्रातकाल सधैं जागा हुनुहुन्थ्यो नरेश ता
हमीलाई बडो आज लाग्न लाग्यो उदेकता
भएन के भई जागा आज राजा धिराजको ?
हे मन्त्रिवर ! सौमन्त्र ! पाल्नु होसन हजुर पो

२८४

जागा गराउनुहोस पाई हुकुम ता अनि
शुरू गर्‍यौं सबै काम भन्ने बचन यो सुनी
हिंडे सुमन्त्र राजाको दर्शनैका निमित्तमा
तर महलको देखे भयानक पना त्यहा
२८५
तर्सदै मनमा जान लागे- तिनी बिचारदै
मानौं महलले आई दौडेर खान्छकी सबै
भने जस्तै थियो सारा सुनसान भयोनक
सकिनथ्यो हरे ! हेर्नसम्म पनि पुलुक्क त
२८६
मानौं बिपत्ति र बिषाद दु :खको
डेरा त्यहि हो कि ? भने सरि अहो
थियो महल् त्यो नृपको भयानक
सुन्सान भै ब्याप्त भएर शोक त
२८७
सोधे सुमन्त्रले उत्तर् दिएनन् कोहिले पनि
जहाँ थिए अबधनाथ गए तिनी उहि अनि
पुगी महलमा फेरी रानी कैकेयीको पनि
अबधनाथमा शिर झुकाए जय जीव् ! भनी
२८८
बसेर तिनीले फेरी अबस्था भूपको सब
देखि बिकल भै मनमा सुके खड०रंग भैतब
ब्याकुल् भै शोकले राजा लडेका पृथ्वि महाँ
चुडेंको कमलै हुन्कि जस्तै मानौं भई तहाँ
२८९
थिए लत्रि भुमी माथि परेका
संज्ञा सुन्य भै बिमुढ भएका
बाणी रूपी बज्रले लागदामा
बृक्ष जस्तै भै ढलेका धूलामा
२९०
भयभीत भए मन्त्रि सकेनन् सोध्न केहि ता
अनि कैकेयीले झुट्टो -भएको -शुभ शुन्य ता
बोलिन् अशुभले भारी भएको बाणी त्यो घरी
भूपतिलाई हे मन्त्रि ! परेन नीद रात् भरी
२९१
कारणैहरूता सारा जानुन् ईश्वर नै अब
भनेरै "राम !रामै! "ता उज्यालो गर्नु भो तब
आज्ञा हुन्न महाराज कुराको मर्म ता कुनै
तिमी चाडो गई पैले डाकेर ल्याउ र ाम नै
२९२

आए पछि रघुनाथ सोध्नु कारण त्यो अनि
कैकेयीको कुरा यस्तो सुनेर भूपको पनि -
-होला मन्साय यो भन्ने ठानीकन सुमन्त्रजी
हिंडे परन्तु रानीले गरिन् केहि कुचाल कि -
२९३
- भन्ने शंका गमी मन्मा थिए ब्याकुल शोकले
अघि सर्दैनथ्यो पाउ जाँदामा मार्गमा हरे
'भन्लान् के रामजीलाई डाकेर भूपले पनि'
यो सोच गर्दथे मन्मा जांदामा मार्गमा अनि
२९४
धरी धैर्य सबै मन्मा फेरी ती राज द्वारमा
पुगे , देखेर तिन्लाई मनोहत बिकल् तहा
सोध्न लागे सबै आइ तिन्ले प नि समस्तको
समाधान गरे सारा प्रश्नको जेन तेन पो
२९५
जाहाँ रविका कुलका टिका सरी
थिए रघुनाथ सुमन्त्र त्यो घरी
पुगे त्यहि नै जब मार्ग बीचमा
आइ रहेका तिनलाई खोपीमा
२९६
देख्नु भयो श्री रघुनाथले पनि
सँझी पितातुल्य गरेर मान नि
गर्नु भयो आदर स्नेहले अनि
श्री रामलाई तिनी मन्त्रिले पनि
२९७
आज्ञा सुनाई अबधेशको सब
लिएर साथै रघुबंश दिप त
हिंडे सुमन्त्र नृपकी नगीचमा
जानै भनी झट्पट मार्ग बीच मा
२९८
एकला सुमन्त्रै सित रामलाई जो
राज महल्मा बिनु साजले अहो !
देखे गएको जब लोकले हरे
जाहि तहि मानिस ती समस्त रे
२९९
परे बिलखबन्द गरेर शोक नै
देखेर रामकनै साज सुन्य नै
पुगी समीपमा रघुनाथले पनि
नजर्भयो साज बिहिन भूप नि
३००

मानौं सिंहीनीलाई देखि भयले ब्याकुल भएको अति
बूढो हात्ति समान भूपतिकनै देख्नु भयो भीत की
मुख् ओठ् आँत सुकेर अंग पनि ता संतापलै सब् हरे
जल्दै खाग - भई रहेछ - दिल नै जर्जर् भई दर्दले
३०१

होइनन् कि भूप नै ?हा यि हेर
सर्पै हो कि हिन् मणिले भएर
छट्पट् गर्दै दु :ख पाई रहेका
राजा तेस्तै देखिए शोभिएका
३०२

क्रोधान्धी, दशरथ्जीको नजिकमा आई बसेकी ति जो
रानी कैकेयीलाई राघवजीले मानौं मरण् काल को
मौका पर्खि रहेकी मृत्यु सरि नै देख्नु भयो हाय रे
मृत्यु पाश कनै लिएर सँगमा आई बसे भ्कैं हरे
३०३

कोमल् थियो स्वभावै करूण मुरति श्रीरामजीको पनिहै
देख्नुभोदु :ख त्यस्तोप्रथमनतअघिदु :खत्यस्तो कहिल्यै
कैल्यै देखनु भएथ्यो नत सुन्नु पनि नै भएथ्यो कदापी
गर्नु भो धैर्य धारण् समय बुझी सबै रामजीले तथापी
३०४

माताकैकेयी साथै मधुर बचनले सोध्नुभो सामु जाई
दुःख्काकारण् पिताकोजननी !अबसबै मर्जिहोस् पुत्रलाई
जानेछ दुःख सारा जुन तबरले त्यो गरौं यत्न आज
रानीले रामजीका सुनि सकलकुरा भन्दछिन् छोडी लाज
३०५

कारण्योहोकि लौ रघुविर तिमीमा भन्दछु बाबु ऐले
माया यो भूपतिको तिमी उपर ठुलो त्यो पऱ्योत्याग्नु पैले
पैल्यै आज्ञा भएको दुइवर नुपले दिन्छु भन्ने मलाई
इच्छा माफिक मैले बर पनि त्यहि नै आज मागे रमाई
३०६

त्यो सुनेर नृपको मन माहाँ
दु :ख भो यति ठुलो बुझ याहाँ
सक्नुहुन्न नृप त्यागन लाज
शोच राम तिमीमा गरी आज
३०७

छोराको छ यता शोच उता बचनको पनि
प्रतिज्ञा छ पऱ्यो राम संकष्टं भूपमा अनि
सक्दछौ तिमी ता राम भने आज्ञा पिताजीको
धरेर शिरमा सारा हर संकष्ट यो ठुलो
३०८

मेट दु :ख हरू सारा पिताको भनी रानीले
बोल्थिन् कठोरको बाणी बसीं निर्धक्कसाथ रे
हुन्थ्यो ब्याकुल यो सुन्दा आफैं खास कठोर ता
परिजन्को कुरा के भो ? रून्थे जड पनि तीता
३०९

मानौं कैकेयी को जिब्रो कमान सरि नै थियो
ना ना प्रकारका बाणी ना ना बाण सरी भयो
थिए दशरथ राजा कोमल् लक्ष्य समानको
निष्ठुरता स्वयं हो कि मानौं देह धरेर पो
३१०

श्रेष्ठ बीर स्वरूपो भै धनुर्बिद्या पनि सब
लागेको सिक्न पो हो कि ?भने भ्कैं भान पो तब
पर्थ्यो अनि यहि रित्ले श्री रामलाई ता सब
सुनाइन् दुष्ट रानीले ती कुराको प्रशंग त
३११

मानौं कठोरताले नै शरिर धारणा गरी
बसेकी हुन्कि भ्कैं खास भने भ्कैं गरी त्यो घरी
बसेकी ती थिइन् रानी अनि रघुकुलै रवि
राम सहज आनन्द निधान रूपका छवि
३१२

भानु कुल्मा भानु तुल्य भएका
स्वभावैले सिद्ध आनन्द ता का-
- निधि रूपी रामले मन्मनैमा
हाँसी सारा दोष बर्जित् छिनैमा
३१३

कोमल् फेरी श्रब्य मीठो भएको
मानौं बाणी देवताको प नि जो
आभुषण् नै हो भने भ्कैं गरेर
अमृत् बाणी लाग्नु भो बोल्न फेर
३१४

हेमाता ! जन्मिएरै जुन सुत जगमा बाबुकानै बचन्मा -
- प्रेमी भै प्रेमले नै गरछ बचनको पालना जो जगत्मा
हे आमा !तेहि छोरो जगत भरीमहाँ हो ठुलो भाग्यमान
पार्ने संतुष्ट बाबा जननीकन सदा पुत्र दुर्लभ छ जान
३१५

सारा संसारमा नै भनिकन जननी जान्नुहोस हजुर्ले
गर्नेछु पूर्ण ऐले हुकुम शिर धरी अब सारा खुसीले
मेरो मंगल् हुने हो सकल तरहले साधु सन्तै हरूको-
- सत्संगत् हुन्छ बद्ता गरिकन बनमै तेस माथिपनिजो
३१६

फेरी आज्ञा पिता कै हजुरकन पन मनुपरेको कुरा यो
भाग्यै ठुलो छ मेरो जननी यसरी ता पाउनु बासबन्को
मेरो सारै पियारा अनुज भरतले पाउनु राज फेरीं
मेरा संमुख आए बिधि गरि करूणा आज ता है यसोरि

३१७

बाबाको जुन बाक्य होम यसको गर्छु सधैं पालन
आमाको मनसाय नै यहि भए जान्छु म आजै बन
त्यागी कल्पतरू अडीर जसरी लिन्छन् सबै मूर्खले
यस्तै मूर्ख र नीच लोक बिचमा बन्नु कसोरी हरे ?

३१८

त्यामी अमृतलाई मूर्ख जसरी लिन्छन् खुसी भै बिष
चुक्दैनन् तिनीहरू सम्म पनि ता यो औसर लाई त
यो जानी कन हेर्नुहोस मनमाहा आमा ! हजुर्ले अब
भाग्यैमानि भएँ मुमा ! हजुरको पाएर आज्ञा सब

३१९

बाबालाई यसारी आज अतिनै बयाकुल् भएको पनि
देख्दा लागी रहेछ दु :ख अति नै जर्ज भईमन् पनि
सानो बात महा पिताजी कन ता धेरै भयो दु :खहरे
यस्तो देखि मलाई आज जननी !लाग्दैन बिस्वास रे

३२०

हाम्रा बाबा धैर्य उत्साह गुणका
ठुला सिन्धु झैं हुनु हुन्छ जो ता
ज्यादै ठुलो भूल गल्ति म बाट
केहि भोकि मर्जि होस् अम्ब आज

३२१

जुन अपराधले गर्दा महाराज बुबा अब
आज्ञा हुन्न कुरा केहि आमा प्रष्ट गरी सब
आज्ञा होस कुरा मेरो सब शपथ भो मुमा
किन दु :खी हुनुहुन्थ्यो यसरि नत्रता बुबा ?

३२२

स्वभावैले सरल् मिठो भएको रघुवीर को
बाणीलाई सुनी सारा कुमति रानीले अहो !
सम्झिन् कपटले पूर्ण भएको भनी चित्तमा
जस्तो कुटिल औ दुष्ट जुको यद्यपी पानीमा

३२३

रहे पनि हरे सोझो हिड्छ टेढो गरेर ता
आफु जस्तो छ देखिन्छ अरू उस्तै कुटिलता
रामको आशय जानी हर्षित भैकन कैकेयी
बोल्न लागीन् कपट् स्नेह जनाई कन फेर ती

३२४

बाबु भरत औ तिम्रा श पथ् छ भन्दछु म त
सुनेको छैन है अर्को मैले कारण केहि त
दोष योग्य तिमी छैनौ हे बाबु ! रघुनन्दन
परिजन् र पिता माता सारा लोक हरू कन

३२५

तिमी छौ सुखका दाता भन्दछौ तिमी जो कुछ
पुरा गराउँछौं सारा यो कुरा लोक जान्दछ
तिमी छौ सर्बदा माता पिता बचनमा रत
गर्ने छौ तिमीले मेरो पुरा सब मनोरथ

३२६

सम्झाएर पितालाई गर तेहि कुरा अब
जेले होस पुरा सत्य बाणी हो भुपकोसब
बुद्धाबस्था महा दुर्यश् नहोस है सत्यनाशभै
जुन् पुण्यले तिमी जस्ता जन्म्यौं सत् पुत्रलोकमै

३२७

तेहि सत्य बचन् रूपी धर्म को नै अनादर
गर्नलाई उचित् छैन सत्यलाई पुरा गर
निस्केको अशुभ मूर्ति रानीका मुख बाट यो
बचन शुभ लाग्ने भो कसोरी ता भने ? अहो

३२८

भएका ति उत्पन्न जो अपवित्र
मगध् देश बाटै गयादि पवित्र
भए तिर्थ जस्तै अति शान्ति दायी
बचन् कैकेयीका सबै रामलाई

३२९

प्रबाहमा रहेका ती गंगाको सुन्दरै जल-
-जस्तै मन परे सारा दिने शान्ति हरिमल
मूर्छा हटयो अनि फेरि राजाको रामलाईनै
सम्झि ब्याकुल् भई धेरै परे कोल्टे झुकेर नै

३३०

रामको आगमन् बिन्ति गरेर मन्त्रिले अनि
समय अनुसारै को गरे बिनय धेर नी
सुनेथे भूपले राम आएको जब ता अनि
धरेर धीरज खोले दुवै नेत्रहरू पनि

३३१

बसाए भूपति लाई सम्हालिकन मन्त्रिले
रामलाई अनि देखे परेका पाउ भूपले
लगाए छातिमा स्नेह बिकल् भै रामजी कन
नागूले आपन्नो हराएको मणि पाएर ता झन

३३२

राखेकोहोकि न जस्तो भयो क्यै क्षण सम्म ति
एकटक् रामजीलाई लागे हेरन भूपति
बर्षा सरी नयन् बाट प्रबाह जलको बह्यो
शोक बिवश भै बोल्न नसकि बाणी रोकियो
३३३
बारंबार प्रभुलाई छाँतिमा टाँसदै पनि
भए बिकल ति हा ! हा ! राम ! भनी भनी
मनाउँथे तिनी सारा देवतालाई चित्तले
न जाउन् बनमा राम छोडी राज्य भनेर रे
३३४
शम्भु लाई सम्झदै भूपतिले
ब्याकुल् बन्दै गर्दथे प्रार्थना रे
शम्भो ! इश्वर !ईश गर्छु प्रणाम
राजा हउन् राम नै भन्छु यो म
३३५
सबै दु : ख पिडा हटाएर सारा
महादेव रक्षा गरे है पियारा
बसी चित्तमा प्रेरणा प्राणी लाई
दिने शम्भुले शिघ्र नै रामलाई
३३६
तेस्तै बद्धि बक्सियोस जुन् मतिले
मेरो आज्ञालाई त्यागी तिनी ले
छाडी स्नेह शील घर्मा रहुन् यि
अयोध्याका राज गर्दै रमुन् ती
३३७
संसारमा दुर्यश होस् अनेक
नाशेर धर्मादि बढोस पाप
चाहन्न स्वर्गै बरू नर्क जाउँ
मेरो हवस् दुर्गति दु :ख पाउँ
३३८
अपुर्न् सारा दैबले दु :ख मलाई
शम्भो ! खाली माग्दछु एक् मलाई
यि आँखाका बोटमा राम कैले
नहुन् सामु देख्न पाऊँ सधैं रे
३३९
खप्छु सारा जे परून् दु : ख कष्ट
मेरो जम्मै होस् बरू धर्म नष्ट
आँखा सामु यि नयन्का सीतारा
देखु सद्धै रामनै प्राण प्यारा
३४०

राजा दशरथै मन्मा पुकार यहि ता गरि
बोलेनन् तिनको चित्त पिपल्को पात झैंगरी
थियोचञ्चल् तथा राजा दु :खले अतिब्याकुल
बिलख्बन्द परी भारी बर्साई नीर झल्भल
३४१
प्रेम ब्याकुल् पितालाई देख्नु भो रामले अनि
कुबाच्य फेरी माताले भन्छिन् कि केहिता भनी -
-अनुमान गरी देश काल मौकानुसार को
गरी बिचार कोमल् र शीतल् बचन बोल्नु भो
३४२
"केहि बोल्दछु बाबा ! म गर्दछु धृष्टता. म त
मेरो बाल्य पना सम्झि बोलेकोमा अनुचित
गर्नू होला क्षमा बाबा ! यो सारै तुच्छ बातको
निम्तिमा प्रभुले दु :ख पाउनु भो अतिब पो
३४३
मलाई किन पैलेनै भएन मर्जि यो कुरा
सोधे जननीका साथ दु :खी देखि प्रभु पुरा
कुरा हरू सुनी सारा भयो शीतल देह यो
हटयो हृदयको पीर बुबा ! शीतल चित्त भो
३४४
प्रेम पूर्ण हुने बाबा ! मंगल्को समयै महाँ
बुबा छाडी दिनोस् पीर् शोक् सुर्तादि चित्तमा
मर्जि होस् आशिष आज्ञा खुसी भै मनमा अब
रोमाञ्च हुनु भो राम यो भन्दै खु सीलें तब
३४५
भन्नु भयो फेरी प्रफुल्ल भै अनि
'बाबा चरितै जसको सुनेर नि
हुन्छन् पिता हर्षित चित्तमा सदा
आनन्द भै दु :खहरू भुलेर ता
३४६
यो धरातलमा जन्म त्यसैको धन्य धन्य हो
लाग्छन् प्राण सरि प्यारो आमा बा जसलाइ पो
हातका माझमा हुन्छ तेसैको निम्तिमा अनि
धर्म अर्थ तथा काम मोक्षादि यि सबै पनि
३४७
आज्ञा पालन् गरी सारा पाई यो जन्मको फल
चाडै नै फिरूला बाबा ! गर्न दर्शन मंगल
बिदा मागेर माताको साथमा आउँछु अब
जान्छु पाउ परीं फेरी हजुर्को बनमा तब
३४८

गरेर बिन्ति यो राम पाल्नु भो जबता अनि
शोकबस् अतिनै ब्याकुल् भई भूपतिले पनि
दिएनन् उत्तरै केहि मूर्छा परी कनै हरे
ढले जमीनमा फेरी राम ! राम ! भनेर रे
३४९
भएको अतिनै तिखो यो कुरा श हरै भरी
छुनका साथ बिच्छि को बिष ता शरिरै भरी
फैलिए भैं शहर्भर्मा फिँजीयो अति शीघ्र नै
टोके समान बिच्छिले भए हा पुरबासी नै
३५०
दावाग्नि लाई देख्तामा लता र बृक्ष ब्याकुल
भए भैं यो कुरा सुन्दा पुर्बासी हरू बिव्हल
- भए सकल ती माछा जस्तै जल बिना हरे
छटपटाएर ती लागे बिलाप गर्न धेर रे
३५१
जो जो प्राणी सुन्दथे यो कुरा ता
त्याहि बस्दै शिर पिट्थे सबै ता
उर्लि आयो दु :खको भेल ताहाँ -
छैनन् काँहि धैर्य राज्यै भरीमा
३५२
मुख सुकि रहेका छन् साराको दु :खले गरी
आँसु बहि रहेका छन् बर्षाका भेल भैं गरी
अटाउदैन हा ! शोक बलि हृदय तापले
हाहाकार भयो ठुलो अलाप र बिलापले
३५३
पाउनाका साथमै माभ्फलाई
नाशी दियो दैवले बातलाई
भन्दै यहि लोकले रानी लाई
गालि दिन्थे हाय ! जाहि र ताहि
३५४
पऱ्यो हरे के मनमा यि रानीको
छाई संकेको घर हरू माथि पो
लाई दिइन् अग्नि लगेर हाय ! जो
हरे! सबैको सुख शान्ति खाग भो
३५५
आफ्नै हात्ले आफनो नेत्रलाई
फ्याँकि पैले खोज्दछे दिप हाई
मिल्काएरै अमृत लाई हरे
चाख्ने खोज्छे बीष यो के भनेर
३५६

यो निष्ठुरी कप्टिन औ कुबुद्धि नी
अभागिनी औ नीज बंश घातिनी
चाण्डाल्निले आज गरेर घात यो
बज्रै सबै माथि गरी प्रहार पो
३५७
बसेर पालुवामाथि काटि बृक्ष हरे शिव !
सुखमा शोकको ठाटँ गरेर ठाँटिई अब
प्राण जस्तै थिए प्यारा यस्लाई राम सर्वदा
के हर्थले गरी आज दुष्टले यो कुटिल ता
३५८
'स्वभाव नारीको नित्य अगम् गुप्त अगाधनै
हुन्छ सब् रितिले' यस्तो भन्छन् कविहरू सबै
भयो साँचो बरू भाई सकिएला समातन
प्रतिविम्ब पनि आफ्नो तर भन्दछु यो सुन
३५९
स्त्रीहरूको गति केहि जानीदैन कसैगरी
नारी चरित्रको पार को सक्छ हुन लोक्भरी
सक्तैन अग्निले भष्म गर्न ता कसलाई पो?
अटाउदैन के फेरी भन सागर भित्र पो ?
३६०
सक्तिन प्रबला नारी गर्न ता कुन पो कुरा ?
खाँदैन कालले फेरी कस्लाई लोकमा पुरा
सुनाई के बिधाताले ? सुनायो फेरि के ?अहो
देखाई कन फेर् खोज्यो के देखाउन यो अहो
३६१
भन्दछन् कोहि राजाले गरेनन् बेस काम ता
विना बिचारले ब्यर्थ दिए बरहरू ति ता
कुमति रानीको खाली जिद्धिले गरदा हरे
महाराज भए आज केबलै दु :ख पात्र रे
३६२
ज्ञान गुण् को गरि नाश परेर बश नारीको
मूढ मूर्ख सरि आज पाए धेर बिपत्ति पो
दयालु गुणका खानी वीर सुन्दर रामजी -
- लाई जंगलमा फली बाँच्लान् कसरी भूप यी
३६३
प्रमाण धर्मको जान्ने बिद्धान जनहेरू ले
दिदैनथे कुनै दोष त्यो बेला भूपलाई रे
सुनाउँथे कसैलाई कोहि शिबि दधिची र
हरिश्चन्द्र कथा सारा बिस्तार साथले फिर
३६४

धपाउनामा रघुनाथ लाई
निमित्त बर्को गरि जाल छाई
भरतको संमति हो भनेर
भन्थे कुनै फेरी कराई हेर
३६५
सुन्ने मात्र भए कोहि उदासिन रहेर ता
हात्ले कान थुनि कोहि जिब्रो टोकेरे फेर ता
झुट्टा हे यो कुरा यस्तो भन्दामा तिमीहेरूको-
-हुनेछ धर्मको नाश राम ता भरतजी को
३६६
परम प्राण प्यारा छन् बरू शीतल चन्द्रले
फिलिंगा अगिनको भैमा फल्नेछन् नभबाट रे
अमृत बिष झैं होला परन्तु श्री भरत ले
स्वप्नामा पन गर्दैनन् रामको प्रतिकुल रे
३६७
भन्दै यस्तै दु:खी ब्याकुल् बनेर
हा ! हा ! गर्दै भूमिमा बज्रिए र
अमृत पैले दैवले अर्पिएर
हामी लाई अर्पियो बीष हेर
३६८
लागे दोष् दिन दैवलाई अनिता सारा शहर्मै अनि
हाहाकार भएर खल्बलिहरू सारै मची यो पनि
सन्तापै सबलाई नै हुन गयो मन्मा ठुलो शोकले
मेटियो छिनमै उमंग र खुसी उत्साह ता रापले
३६९
बर्षाभो जल नेत्रबाट सबको बर्षा सरी भेलले
संज्ञा सुन्य भई लडें जमिनमा नारी पुरूष् बाल रे
अयोध्या बिधुवा सरि हुन गइन् सौन्दर्यले हिनभै
उर्लियो बिरहि नदि अबधको स ुख्खै डुवायो सबै
३७०
ब्याकुल् भैकन पक्षी औ पशु पनि आँसु नयन्मा धरी
हेर्थे दु:खीत भै अहार नटिपी चिच्याउँथे बेसरी
जड्जीवादी समेत् बिकल् हुन गए हावा पनि रोक्कियो
यो देखि सरयु रूकिन् स्थिर भइन् शोभा सबै दुर भो
३७१
हा !हा !राम ! दयानिधे ! रघुपते ! हा नाथ! हा राम हा
भन्दै आँसु बहाई बिव्हल बनी रून्थे ति मैना सुगा
मुर्झाए फल फूलबृक्ष लहरा झर्ना रूक्यो स्थिर भै
यै रित्ले शहरै भरी बिरहको छायो अँध्यारो सबै
३७२

त्यो बंशका स्त्रिजन हेरू सारा
बूढी बूढी ब्राम्हणी जो पियारा
जो जो थिए कैकेयीका सबै ति
ति मनूपरेका सखीहेरू सब् कि
३७३
आई समीप रानीको ती सब् कैकेयीको सब
सहाई शील औ बानी लागे शिक्षा दिनै तब
कैकेयीलाई ती सब्को लाग्यो बचन बाण झैं
भन्दथे स्त्रीहरू सारा रानीलाई यसोरी नै
३७४
हजुर्ता सदा सर्बदा "राम जस्तो
भरत् छैन मेरो पियारो मनैको "
महारानी ! हुन्थ्यो हुकुम् येहि सब्मा
कुरा यो बिदित् छ सबै लोक भर्मा
३७५
उनै राममा नै स्वभाविक प्रेम
सदा गर्नु हुन्थ्यो भनौं आज के म ?
अहो ! दोष केले उनै रामलाई
धपाई दिनु हुन्छ बन् भित्र हाई
३७६
सापत्ना भाव ता कैले सौताहरू सगै पनि-
-गर्नु भएन , प्रिति र बिश्वासलाइ ता अनि
सबै लोक् जान्दछ रानी !कौशल्याले हजुरको
बिगार गर्नु भो के र ? अब ऐले यसोरी पो
३७७
हजुर्ले जसको निम्ति अयोध्या नगरी भरी
बज्र पार्नुभयो घोर दि एर दु:ख बेसरी
छाड्लिन् के प्रियको साथ जनक नन्दिनी पनि ?
त्योगेर रामजीलाई बस्लान् के लक्ष्मणै अनि ?
३७८
गर्लान् के राजको भोग ता भरतै यहाँ ?
बिना राम महाराज बाँच्नु होला र लोकमा ?
रानी सोचेर यो मन्ले छाड्नु होसन क्रा ेध यो
पेटारी नहुनुहोस कलंक दु:ख हेरू को
३७९
दिनुहोस अबश्य राज्य यो
भरतैलाई खुसी भएर पो
बनमा रघुनाथको पनि
छ कुन काम र? रानी के भनी ?
३८०

किन ब्यर्थ धपाउने ? हरे
जगतै लाई दिएर दु:ख रे
पृथ्वी पति बन्न रामजी
अभिलाषि हुनुहुन्न एक् रति
३८१
धर्म धुरन्धर फेरी बिषय रसका पनि
- निमित्तमा हुनुहुन्छ रघुनाथ रूखा अनि
केको डर् तैपनि चित्त बुझन्दैन ता हजुरको
भने आज्ञा हओस रानी ! बरू असल हुन्छ यो
३८२
भवन नीज त्यागी रामले
गुरूको आश्रममा गएर रे
जनमै भरिनै बसुन् सदा
बर अर्को यहि माग्नु होस ता
३८३
त्यहिनै जनमै भरी बसी
रहने छन् रघुनाथजी खुसी
सब हामी झुकोर पाउमा
गरछौं बिन्ति हजुर साथमा
३८४
हामी सब्ले भने जस्तो यदि हजुरले अब
गर्नु भएन ता काम भने जीवनमा सब
हुनेछ पछुतो ठुलो हजुर्को हातमा पनि
लाग्ने छैन पछि केहि भन्दछौं सत्य है अनि
३८५
गरे को हो किभने केहि ठट्टा हजुरले अब ?
प्रकट त्यो कुरा छाडी गर्नु होस भनी सब
जंगल बासको योग्य छन् र राम सरि सुत
लोकले सुनी के भन्ला ? रानी हजुर लाई त
३८६
जुन उपायले शोक कलंक नाश हुन्छ यो
उठेर तेहिनै झट्ट उपाय गर्नु होस पो
कलंक शोक यो जान्छ जसरी त्योगरि सब
उपाय गरदै कुल्को रक्षा गर्नु हओस् अब
३८७
बनमा जान लागेका रामलाई हटक् गरी
फर्काउनु हओस् रानी तुरून्तै गई यो घरी
अब अर्को कुरा ऐल नचलाउनु होस पो
बिन्ति गर्छौ महारानी यो कुरा मान्नु होस पो
३८८

बिना सूर्यको दिन् बिना चन्द्र रात
बिना प्राण मान्छे बिना पानी मत्स
जति हुन्छ शोभा त्यहि तुल्य सान
अवध् राम् बिना हुन्छ तेहि समान
३८९
श्री राम सीता नहुँदा सबै यो
जानेछ उग्लेर यथार्थ जो हो
हुन्छिन् अयोध्या बिधवा समान
बन्छिन् मलिन उपमा समान
३९०
यो कुरा मनले सोचि रानी सम्झनु होस यो
पछाडी पछुतो होला दु:ख र कष्ट साथ पो
परन्तुमा हुने हित सुन्दामा पनि ता मिठो
दिए संगीनीहेरूले शिक्षा कैकेयीमा भलो
३९१
कैकेयीले त्यो कुरा कान माहाँ
पारीनन् है चित्त लाएर ताहाँ
कौटिलया त्यो मन्थराले पढाई
रानी लाई बोध सारा गराई
३९२
कठोर रिसले रू खो भएर उत्तरै पनि
दिदैनथिन् तिनी मानौं भोकि बाघिनीले प नि
हरिण हेर्न लागेकी होकि झैं कुद्ध भै अति
हेर्दथिन् कोधले भिषण् भएर सखी हेरू ती
३९३
सखी र हितु साराले हठरोग असाध्यको
जानेर छाडी तिन्लाई अभागी मन्दबुद्धि यो
-भन्दै फर्के - अहो ! राज गर्दा गर्दै यिनी कन
बिगान्यो दैवले यस्तो गरिन् हा ! नीच भै कन
३९४
गर्दैनन् यिनले जस्तो कोहि पनि अधमपना
रामलाई पनि द्रोह गर्ने होला र को जन ?
एवं प्रकारले सारा पुर बासी हरू जति
गर्थे बिलाप हा ! भन्दै रून्थे ब्याकुल भै अति
३९५
कुचालमा चलेकी निठुरि महिषिमा कोटि गालि गरेर
ज्यादैनै ज्वर्चढिको सरि सब दुनियां दु:खी ब्याकुल भएर
निश्वासै फेर्नलागे अबत सकलका आस रामै बिना के
भन्दै ब्याकुल भएरै छटपट गरथे कष्टले लोक सब् रे
३९६

पानी सुक्दानदिका जलचर सब ती जन्तु ब्याकुलभएभैं
प्राणीसारा अबधका रघुपति बिरहै सम्भि ब्याकुल् भएरै
शोकादि कष्टले नै सकल हुन गए प्राणी हेरू अबधका
अत्यन्तै खेद ग्रस्तैदु :खित र मलिना भग्न इच्छा भएका
३९७

कौशल्याका समिपमा रघुपतिखुसीले पुग्नु भो फेर् अनिता
मुख थियो प्रशन्न रघुकुल मणिको चाब फेर्चित्तमा ता
चउगुणा थियो औ दशरथभूपले फेरि र ाख्छन् की भन्ने
मेटिएको थियो ती डर अनि सुर ता शोक धर्मर हुने
३९८

रघुवीरको मन् नयाँ हात्ति जस्तो
स्वछन्दा बिलाषि थियो राज ता त्यो
अलानै सरी बाणी भो चित्त हर्ने
भने रामजीले बनै जानु पर्ने
३९९

छुटे फेरी मौला हरू बाट भन्दै
भयो रामको चित्त खुसी अखण्डै
रघुबंश टीका रघुनाथजीले
दुवै हात जोडेर हर्षित् भई रे
४००

माताको पाऊमाथि भुकिकन प्रभुले राख्नुभो शीरलाई
आमाले छातिमा नै कसिकन दिनुभो आशिषै रामलाई
न्यौछावर् बस्त्रभूषण् मणिहरू सबको गर्नुभोफेर् रमाई
बारम्बार् रामजीको मुखकमल अनि चुम्बनै गर्नलाई
४०१

लाग्नुभो प्रेम गद्गद भइकन जननी स्नेहको जलनयन्मा
रोमान्चित भै शरिर्मा प्रभुजीकन पनि राख्नुभो काखमहाँ
छातीमा टाँसिनु भो स्तनहरू पनि ता फेर्बहुतै रसाई
लागे पग्रेर भर्ने रसहरू पनिता दुग्धको धार लाई
४०२

देखि सो दिब्यशोभा रघुकुलमणिको रानीका चित्तभित्र
उर्ल्यो आनन्द रूपी नदि प्रबल भई शितल औ पवित्र
सारा दुखादि भाग्यो क्षणतक पनिता हर्ष भो बाक्य सुन्यै
देहाभानै हरायो मन बिलिन भई को हुँ कहाँ छु भन्ने
४०३

प्रेम आनन्दको केहि सक्तैन बर्णन हुन
धनदको स्थान पाए भैं रानी कनभयो भन
अकथनीय आनन्द माता कन भयो अनि
सादर रामको सुन्दर् हेरेर बदन पनि
४०४

कौशल्या रानीले फेरी बोल्नु भो मृदुबाणिले
छ शुभ कामना बाबा आमाको रघुवीर रे
आनन्द मंगल गर्ने लग्न राज्याभिषेकको
कैले हो भन हे बाबु !त्यो लग्न पुण्य शीलको
४०५

-सिमा हो -सुखको सुन्दर्जीवनलाभको पनि -
- पूर्ण अबधी हो सारा नर नारी हरू पनि
हत्पताएर ता धेरै जुन यो लग्नलाई ता
प्रतिक्षा गरने राम्रो शरद ऋतु स्वातिका
४०६

जो बर्षा चाहने प्यासा चतकी चातकै सरि
भएर खोज्दछन् हेर्न उमंग सुखले भरी
अरिठट शिरमा लिन्छु तिम्रा बाबु म गै अब
नुहाएर छिटो खाऊ मन् पर्छ जे मिठो तब
४०७

जाउला अनिता भैया ! महाराज समीपमा
अबेर अति भो बाबु ! बलैया लिन्छु म मुमा
हुन्कि स्नेह रूपी कल्प बृक्षका फूल सुन्दर
भने जस्तै मधुर्मिठा हितकारी मनोहर
४०८

यस्तो बचन माताको सुनेर फेरि सुख् रूपी
मकरन्द भरियाका बृक्षका मूल श्री रूपी
देखेर पनि ता राम मन् रूपी भ्रमरा अहो !
भुलेन भई आशक्त गयो टाढा भएर पो
४०९

धर्म कर्मादिको भार धारने रामले पनि
धर्मको गति जानेर माताका साथमा अनि
अति नै कोमलबाणि लाग्नु भो बोल्न ता अहो
मेरो निमित्त हे माता ! जाहाँ सब प्रकार को -
४१०

- काम थियो ठुलो तेहि बनको राज्य नै अब
मलाई बक्सियो आमा ! बाबाले अहिले सब
जननी ! दिनुहोस् आज्ञा पारेर मन हर्षित
जेले जंगलको यात्रा मेरो मंगल होस् स्वत
४११

जननी स्नेहको बस् भै मेरा उपरमा अब
नडराउनुहोला है मुमा ! हजुरका सब
अनुग्रह अनि फेरी ठुलो आशिरबादले
मलाई नित्य आनन्द हुनेछ मंगलादि रे
४१२

बुबाज्युको बचनलाई प्रणाम मानी
तिं चौध बर्ष वनमा बसी अम्ब ! रानी
आएर फेरी प्रभुका पदमा झुकेर
गर्नेछु दर्शन खुसी भई फर्किएर
४१३

मनलाई दीन र मलीन नगर्नु होला
हे अम्ब ! दुखि नभइकन राज होला
भन्ने नरम् र मधुरो रघुवीरको यो
सुनेर शीतल कुरा जननी पनि जो
४१४

बर्षाको पानी पर्दामा जबासाको सरि गरी
खड०रंग सुक्नु भो रानी कौशल्यापनि त्योघरी
गरेर मनको दुख बर्णनै साध्य छैन त
प्राण शुन्य सरी रानी हुनुभो अति ब्याकुल
४१५

गर्जना शिंहको सुन्दा भयभीत भएर नै
आत्तिएकी मृग जस्तै हुनु भो रानी दुखि है
जल पूर्ण भए आँखा कौशल्याका दुवै हरे
थर्थर् कम्प भयो सारा गाथमा पनि धरेर
४१६

माजा खाएर नै ब्याकुल् भएकी मीन झैंपनि
हुनु भएर ता फेरी धैर्य धारण् गरी अनि
हेरेर मुख छोराको गद् गद् बचनले पनि
बोल्नु भो दुखिया माता कौशल्याले ताहा अनि
४१७

पिताको प्राण झैं प्यारो बाबु तिमी थियो हरे
तिम्रो चरित्र देखेर नित्य आनन्द साथले
हुनुहुन्थ्यो महाराज सुखी हर्ष भई सदा
मुहुर्त शुभ ठोक् पारी राज्य दिन्छु भनेर ता
४१८

आज्ञा भो "जंगल जाउ" ऐले के अपराधले ?
भन भिस्तारले सारा कारणहरू मलाई रे
सूर्यका कुलमा ऐले हुताशन भएछ को ?
कस्ले सर्वस्व यो मेरो लियो सुख लुटेर पो ?
४१९

रामका आशयै जानी मन्त्रिका पुत्रले अनि
बुझाए कारणै सारा प्रशंगहरू त्यो सुनी
लाटी सदृश नै रानी कौशल्या हुनु भो तहा
बयान त्यो अवस्थाको सकीन्न गर्न नै यहा
४२०

रोकेर राख्नु घरमा पनि ता कसोरी ?
गाह्रो छ "जाउ" पनि भन्नु हरे !कसोरी ?
दाहा भयो हृदयमा दुइरीतले नै
भष्मै भए सुखहरू डढी पीरले नै
४२१

लेख्दामा चन्द्रमा फेरी राहु लेखि दियो हरे
सारालाई बिधाताको गति बाम सधैं छ रे
कौशल्याको मतिलाई घेर्‍यो स्नेह र धर्मले
छुचुन्द्रा - साँपको जस्तै गति भो उनको हरे
४२२

अनुरोध गरी राखौं छोरालाई भने घर
धर्म जाने , हुने बन्धु बिरोध पनि ता फिर
दिऊँ आज्ञा भने जाने बनमा पनि ता अहो !
ठुलो हानी हुने सारा आनन्द हरिने भयो
४२३

संकष्टै अपसोचले हुनुभयो रानी बिबश् नै हरे !
स्वामीको बिपरित चल्न नहुने यो शास्त्रको बाक्यरे
संझी यो सति धर्म राम र भरत् जानी बराबर् दुवै
कौशल्या अनि भन्नुहुन्छ छल ता मन्मा नराखी कुनै
४२४

बलैया लिन्छु हे बाबु ! राम तिम्रो म यो घरी
गर्‍यौं तिम्ले अति राम्रो जय होस सधैं भरी
पिताको बचनै लाई शिरमा धरी प्रेमले
राज्यको त्याग् गर्‍यौं तिम्ले यो तिमी माफिकैछ रे
४२५

आज्ञा पालन् पिताको सकल धरमको हो तिलक्राम योता
राज्यैदिन्छु भनेरै तिमीकन दिनुभो फेरी बन्बास पो ता
शोकादि कष्ट यस्मा अलिकति पनि छैन बाबु ! मलाई
राजा भाइ प्रजा यि सकल तिमी बिना बस्दछन् दु :ख पाई
४२६

प्रचण्ड दु :ख् हुनेछ यदि रघुवीर यो फगत श्री पिताको-
-मात्रै आज्ञा भएता जननीकन तिमी बाबु भन्दा पनि जो
ठुलो जानेर राम बचन अब तिमी मानि मरो पनि ता
नजाउ भन्छु बन्मा हक छ जननीको झन् बढीबाबु भन्दा
४२७

आमा बाबु दुवैले यदि तिमीकन ता जानु बन्मा भनेको
हो साँचो नै भने ता रघुवीर बनमा जाउ जंगल् पनि त्यो
हुनेछ सौ अवध् झैं रघुवीर अनि ता बाबु आमा पनि ता
बनदेवि र दैव भईकन तिमीमा स्नेह गर्नन् अनि ता
४२८

हुनेछन् दास दासिचरणकमलका पशु र पक्षी खासा
बनबासै उचित् छ भुपहरूकन ता पछि परन्तु माता
तिम्रो हेरेर मात्रै बय प्रिय सुत यो चित्तमा हुन्छ पिडा
पाउँला देख्न कैले भनीकन मनमा हुन्छ है घोर ब्रीडा
४२९

राखेर काख बीचमा तिमीलाई राम
पारेर शीतल नयन् पनि यो तमाम
गद् गद् पुलक् शरिर पारी उमंगले नै
कैले निहारी छवि यो रमुँला म धेरै
४३०

छोरा ! रहेछ बन त्यो बढभागी हेर
हुनेछ धन्य पद पर्श मिलेर धेर
दर्शन् गरी चरणको अनि राम ! तिम्रो
जन्म सफल् पनि हुनेछ चर अचर्को
४३१

जस्लाई रघुकुल् तिलक तिमीले त्याग गर्न लाग्यौअब
अभागिनी रहेछ यो अबध ता सुख्खै लुटियो सब
"मलाई पनि साथैमै लिई हिड" भनुँ भने बाबु यो
प्रिय पुत्र हुनेछ चित्त बिचमा तिम्लाई सन्देह पो
४३२

सब्का तिमी रघुपते ! परम प्रिय छौ
जीवनका जीवन प्राण पनि तिमी हौ
तेहि तिमी जननी जान्छु भनेर बन्मा
छौ सामुमा नभई खीन्न मलिन मनूमा
४३३

म ता पछुताउँछु बाबा बस्दा बस्दै सुनी कुरा
यो बिचार गरी झुट्टा बढाई स्नेह ता पुरा
गर्दिन हट हे राम ! तिम्रो होस भलो सधैं
नाता मानेर आमाको नबिर्षे हा ! मलाई है
४३४

राम !देव र पितृ ईश्वर अनि देवी सबैले पनि
पलक्ले सरि नेत्रलाई गरदै हर्दम् तिमीलाई नि
गरून् रक्षण राम ! हे रघुपते ! यो चौध नै बर्षको
अबधि जल हो र बाबु तेसका आधारमा छौ यि जो
४३५

तिम्रा प्यारा प्रियजन जलका
हौं है माछा जलमाहाँ रहेका
बाबा ! तिमी धर्म धुरीण फेरी -
- दयालु छौ दु :खीया हामी हेरी
४३६

यो बिचार गरी राम ! गरे तेहि प्रबन्ध ता
बाँन्दैमा हामी यि सारा परिजन् फर्किएर ता
गर भेट तिमी आई त्यो चौध बर्षको ठुलो
अबधी रूपी जल् सारा सिद्धाए पछि फेरि जो
४३७

आयौं भने हरे ! बाबु ! तिमी यि प्रियजन् रूपी
माछा जिवित् हुने छैनन् यो सम्झे मनभित्रकी
राम ! यो अबधी भित्रै आयो फर्केर ता भने
बाच्नेछौं हामी ता नत्र मर्नेछौं सत्य यो भनें
४३८

आपन्ना सबै यी परिवार अनाथ पारी
गाऊँ र देश कन सुन्य गराई भारी
जाऊ हरे ! बन तिमी रघुनाथ आज
कल्याण होस् तिमी उपर् सुख शान्ति साथ
४३९

हे राम ! नित्य जय मंगल होस तिम्रो
आजै समस्त जनको फल पुण्डय हाम्रो
हे राम ! हे रघुपते ! सकिए छ सारा
कालै भएर बिपरित भयो कराला
४४०

हे प्राण ! हे प्रिय सुत ! प्रियधन् ! सहारा
हे बत्स ! राम ! रघुवीर र नेत्र तारा
लिएर काख बिचमा तिमीलाई हाई
बाबु भनी हृदयमा धर्रो चुम्नलाई
४४१

कैले हरे रघुपते ! अब पाउँला म
हेरेर सुन्दर छवि अब फेरी राम
कैले समस्त दु :ख कष्ट हराई हाई
मेटेर यो हृदयको सब दाहलाई
४४२

तिम्रो मुसारी कन गाथ रमाई राम !
राजा ! भनीकन हुँला कहिले सुखीम ?
यो देशलाई बिधवा सरि सुन्य पारी
जाऊ तिमी बन हओस् सुख शान्ति भारी
४४३

सारै अभागिनी भनीकन आफुलाई -
- जानी गरीकन बिलाप अनेक हाई
लट् पट् गरी चरणमा रघुनाथजीको
मूर्छा परिकन त्यहि ढलनु भयो पो
४४४

रानीका मनमा असह्य अधिकै संताप ता फैलियो
बर्णन् गर्न सकिन्न त्यो समयको बिलाप आलपको
माता लाई उठाई छाति बिचमा टाँसेर ता रामले
बोलि कोमल बाणी फेरि प्रभुले सम्झाउनु भो हरे
४४५

त्यहि औसरमा सुनीकन कुरा सीताजी ब्याकुल् भई
उठ्नुभै कन सासुका युगल ती पाउकमल्मा गई
प्रणामै गरि शिर् झुकाइकन ता बस्नु भयो त्यो घरी
सासुले मृदु बोलिले दिनुभयो आशिष् पियारो गरी
४४६

अत्यन्तै सुकुमारी देखि कन ता सीताजीलाई अनि
कौशल्या जननी अतिब मनमा ब्याकुल्हुनुभो पनि
श्रीराम्का चरणारबिन्द छविको सेवा निरन्तर् गरी
सारा देह पवित्र रूप गुणकी प्रत्यक्ष खानी सरी
४४७

सुन्दर् कोमल पद्मपत्र सरिनै अत्यन्त नै कोमल
शोभाले शशीलाई तुच्छ गरने कान्ति अति उज्जल
भएकी पति प्रेमले पुनित र राशी सरी रूपको
सीताजी झुकि शिर सोची तेहिनै राजभयो खूप पो
४४८

"खोज्नु हुन्छ बनै जान प्राणनाथ हरे ! तब
कुन्धर्मले हुने होला प्रियका साथमा अब
पाउँलाकी शरिर प्राण दुवैले साथमा कि ता ?
कि केबल् प्राणले मात्र पाउने हो कि साथ हा !
४४९

परिपञ्च बिधाताको जानेर सकिदैंन नी
के गरि प्रभुको साथ पाइने हो "भनेर नी
सुन्दर पाउका नङ्ले घरणी लाई कोरन
लाग्नुभो त्यो घरी सीता गरदै सोच मन्मन
४५०

मधुरो र मिठो श ब्द गर्ने ती प ाउजेव को
कविले काब्यमा बर्णन् गरेको छ कि हेर यो
भएर प्रेमबस् मानौं त्यो राम्रो पाउजेव ता
"हामीलाई नछाडुन् है चरण जानकीजीका "
४५१

गर्छन् की ? बिन्तिनै यस्तो भनेझैं भान पारदै
मीठो आवाजले बजथ्यो प्रार्थना गरी पाउ कै
सुन्दर नयन बाट जल बर्साउदै पनि
अधीर हुन लागेकी देखि सीताजीलाई नी
४५२

धैर्य धारण् गरी भन्न लाग्नु भो महारानीले
हे बाबु ! सुन सीता छन् अत्यन्तै सुकुमारीरे
परिजन् ससुरा सासु सबैकी प्यारी छन् यि ता
भूपमणि स्वयं राजा जनक् छन् यिनका पिता
४५३

छन् यिन्का ससुरा सूर्य कुलका रवि झैं अनि
भाष्कर् कुल रूपी चन्द्रकमलका बनमा पनि
शशि स्वरूपनै जो ता गुण र रूपका सब
निधान तिमी छौं यिन्का स्वामी नै जो स्वयंअब
४५४

मैले प्यारी रूप राशि भएकी
गुणै शील्ले सुन्दर भै नुहेकि
सीता पाई नेत्रका नानी जस्तै -
-पारी प्रिति ममता धेर गर्दै
४५५

यिनै बुहारीमा प्राण लगाईकन हर्दम
कल्पलता सरी राखें बिबिध थरिले सुन
गरेर लालना स्नेह रूपीका जलले सब
सेचन गरदै प्रिति पालना नै गरें अब
४५६

फुल्ने फल्ने सौख्यको यो अबस्था
दुर्दैबैले गर्छ अर्कै ब्यबस्था
यस्को कस्तो पो परिणाम होला
भन्नै लाई कोहि सक्तैन होला
४५७

पलङ्, शिंहासन काख फेरि
झुल्ना र पाल्कि हरूलाई छोडी
कडा जमिन्मा पद जानकीको
थिएन कैल्यै पनि ता परेको
४५८

जीवन् औषधीको जरो सरि हरे जस्लाई सम्झेरता
जोगाईकन सर्बदा जसैकन राख्थें खुसी भै मता
बत्ति सम्म उकास्न लाई नँ हरे मैले अघी दीपको
राम आज यि जानकी बनमहां जान्छिन् कसोरी अहो
४५९

चाहन्छिन् तिमी साथ जान बनमा के हुन्छ आज्ञा अब
हे बाबु!भन सक्तछिन् र बनका दुःख् खप्न सीता सब
चन्द्रका छवि बाट बर्षत हुने अमृत महा मुग्ध भै
बस्ने हाय ! चखेबिले रविमहाँ के हेर्न सक्ली कबै
४६०

बन्मा धेरै दैत्य सिंहादि हुन्छन्
ठुला ठुला दुष्ट जन्तु रहन्छन्
संजीवनी सौकुमारी बुटि के ?
बाबु ! बिष्को बाटीकामा रहन्छे
४६१

अजान छन् जो बिषयादि भोगमा
किँरात - भिल्लादि - सुताहरू जहाँ
बन्बासको निम्त भनेर नै तहा
रची रहेछन् बिधिले बनै महाँ
४६२

जस्को स्वभाव ढुंगाको किराको सरि नै अति
कठोर छ तिनैलाई बनका दु:ख हेरू ती
हुदैंन फेरी की जस्ले तपस्याका निमित्तमा
छाडेको छ सबै सुख्ख - भोग ती मुनि पत्निमा
४६३

हुदैन क्लेश ता केहि बनका योग्य छन् तिनै
कसोरी बनमा बस्लिन् हे राम ! जानकी यिनै ?
सीता डराउँछिन् चित्र लिखित मर्कट देखदा
चाहन्छिन् बनमा जान उनै लौ अब हेर ता
४६४

मानस् - सारेबरैको कमल् बनभरी पौडदै म ग्न प र्ने
राज्हंसी खोलसाका दहबिच कसरी योग्य हुन्छ र बस्ने
यस्तो सम्फेर बाबु ! मनबिच तिमीले जो भनौंला र ऐले
शिक्षा तेहि बमोजिम् अनि पछि दिउँला जानकी लाई मैले
४६५

यति भने पछि फेरि कौशल्या महारानीले
"यदि बसिन् भने घर्मा जानकी ता मलाई रे
हुनेछ है अबलम्बन् ठुलो नै " भन्नु भो अनि
शील स्नेह र अमृत ले मुछेका सरि नै पनि
४६६

मीठा बचन माता को सुनेर रघुनाथले
विवेक पूर्णको प्यारो बोलनु भो बाणि फेरिरे
कौशल्या जननी लाई संतुष्ट पार्नु भो अनि
प्रकट् गरेर जंगलको गुण दोषहरू पनि
४६७

सम्फउनै जानकी लाई राम
लाग्नु भयो दि अनेकौ प्रमाण
कुरागर्दा जननी का अगाडी
संकोच् मन्मा मानदै फेरि भारी
४६८

बोल्नुभयो प्रभुजीले यसरी अनि ता
प्राणप्रिय ! सुन र जननी अर्ति यो ता
मन्मा अरू तरहका नगुने कुरा है
जाल प्रपञ्च भनी फेरि नसम्फ हा है
४६९

आपन्नो र हे प्रियतमे ! अनि फेरि मेरो
खोज्छयौ भने परम हित सदैव घेरो
हे सुन्दरी ! बचन मानी समस्त तेहि
घर्मै तिमी बस प्रिया ! नडरेर केहिँ
४७०

सासुका सुश्रुषा गर्दै भामिनी घरमै अब
रहँदा खुसीले रानी भलो हु न्छ सदा सब
श्रद्धाले ससुरा सासु हरूका पाद पद्मको
सेवा गर्नु अरू छैन धर्म यो सरिको भलो
४७१

गरेर सम्फना मेरो अधिर ब्याकुलै बनी
जैले जैले मुमा मेरी हुनुहोला दु :खी पनि
तैले तैले अनि तिम्ले प्रिय मधुर बोलिले
भनी कथा पुराना ती सम्फाए प्रेम साथले
४७२

म साँचो मनले भन्छु..सयौ शपथ गर्दछु
मुमाकै निम्ति तिम्लाई सुमुखी घर राख्दछु
गुरू र देवले रानी भनेका धर्मका फल
बिना परिश्रम पाऊ नगर्नु मन चन्चल
४७३

गालब ऋषिले फेरी नहुष भूपले पनि
हठको बसमा पर्दा सहे संकष्ट खूबनि
सुमुखी शिक्षिता बामा पिता जननीको सब
पालन् गरी बचन्लाई फर्कनेछु छिटो तब
४७४

लाग्दैन बेर दिन् जान सुन्दरी सुन यो कुरा
चुप लाग तिमी ब्याकुल् नहोऊ यसरी पुरा
प्रेमको बस् भई तिम्ले गऱ्यौ हट भने पछि
परन्तुमा तिमिले ता पाउछयौ दु :ख नै अति
४७५

हे बामा ! जंगलै हुन्छ अतिब दु :खदायक
घुम्दछन् जंगली जन्तु जहाँ अति भयानक
प्रचण्ड घाम औ त्यस्तै प्रचण्ड हिउँ पानिको
खप्नुपर्छ दु :ख सीते ! कष्ट हुन्छ अतिब पो
४७६

बाटामा कुश औ काँडा अनेक थरिका पनि
हुन्छन् कंकण ती सारा बिज्दछन् पाउमा अनि
पाउपोश बिना खाली हिड्नु पर्दछ पैदल
राम्रा छन् चरणै तिम्रा कमले स्तरि कोमल
४७७

अगम् हुन्छ अति मार्ग अग्ला दुसह पर्वत
नाघ्नु पर्दछ बैदेहि ! दुर्गम् छन् अति नै ति त
कन्दरा र गुफा फेरि नदि नाला अगम्य छन्
हेर्दैमा डर लाग्दा ती हिडेरै जानु पर्दछन्
४७८

ब्वाँसा सिंह र बाघ भालु र अनि हात्तिहरू गर्जदा
डर्ले काँप्दछ त्यो सुनेर सुमुखी मुटु पनि थर्कदा
सुत्नु पर्दछ जानकी जमिन मै बोका रूखैकोपनि -
- पर्छ लाउनु कन्द मूल फल नै पर्नेछ खानु अनि
४७९

सदा ती पनि सुन्दरी खानलाई
कहाँ मिल्दथ्यो त्यो पनि जाहिँ ताँहि
ऋतुको अनुसारले मात्रै नै त्यो
त्यहाँ मिल्छ नत्र हुनु पर्छ भो को
४८०

खान्छन् मानिसलाई फेरि सुमुखी !बन्ममा सबै राक्षस
लाखौं भेष धरेर कप्टि बनदै हिड्छन् सधै नै ति त
मध्य देशिय हामीलाई बनको खूब् लाग्छ हावा पनि
बन्को दु :ख भनेर है प्रियतमे ! पार् हुन्न कोहि पनि
४८१

भिषण् सर्प र ती अजिंगर पनि हुन्छन् अनेकौं अनि
बनूका पक्षि पनि भयानक ठुला हुन्छन् जनक्नन्दिनी
हिड्छन् राक्षसका बथान बनमा नारी पुरुष् चोरदै
लै जान्छन् तिनीहेरूले सुनयने ! मारेर खान्छन् सबै
४८२

धैर्य - धारी ठुला ती पुरूषहरू पनि जंगलै सम्झदैमा
तर्सन्छन् नै भने हे मृगनयनी ! तिमी बानीले नै जगत्मा
भिरू छौ योग्य छैनौ बन बीच तिमी ता जानलाईपियारी
सुनेरै यो कुरा ता अपजस मकनै लोकले दिन्छ भारी
४८३

मानस् सरोबरको अमृत भैं
मीठो जल्ले पालिएकी सदा नै
हंसिनी ता क्षीरसमुद्रमा नै
बाच्छे होलि के गरी सम्झ यो नै
४८४

हे हंसगमनी ! गरेर मनमा यस्तो बिचारै पनि
बन्मा दु :ख हुनेछ चन्द्रबदने ? बस्नु अयोध्यै तिमी
भारी दु :ख हुनेछ जंगल महां मानेर आज्ञा अब
आमाको गरी सुश्रुषा सुनयने ! सीते ! महल्मा बस
४८५

कैले माइतमा गएर अनि ता कैले अबधमै रहि
बित्नेछन् दिन ती सबै क्षणसरी पत्तै नपाएर की
आज्ञाको गरी पालना म पनि ता चौधै बरषमा पनि
तिम्रा सामु खडा हुनेछु खुसीले जाला सबै दु :ख् अनि
४८६

स्वभावैले हित चिन्तन गर्ने
गुरूस्वामी मित्रको दु :ख हर्ने
शिक्षालाई जो शिरोपर् गरेर
लिदैनन् है ति जनैलाई फेर
४८७

आपत् धेरै हेर पर्नेछ आई
दु :खी ज्यादै ती हुनन् दु :ख पाई
होला तेस्को हीत हानी अबश्य
पश्चातापी बन्दछन् ती मनुष्य
४८८

प्यारा रामजीका मनोहर मीठा शिक्षा सुनिथिन् जब
सीताका दुई नेत्र देखि सहजै आँसु उदाए तब
सीतालाई पवित्र शीतल दिने शिक्षा थियो रामको
छाती भित्र जलाउने अनल भैं ब्याकुल् गरायो अहो
४८९

शरद् काल्का रात्रीमा चक्रबाकि
- बधुलाई चन्द्रमाले पनि की
गर्छन् दाह जे गरी सोहि रित्ले
सीताजीमा दाह भो ती बचन्ले
४९०

आएन उत्तरै बोलि ब्याकुल हुन भो सीता
जगत पावनी सुधाचरण ती पतिब्रता
आफुलाई परम् स्नेहि प्यारा प्रभुजीले हरे
त्याग्न आँट्नुभयो भन्ने सम्झि भो बाक्यबन्द रे
४९१

धरा सुताले धरि धीर चित्तमा
रोकेर आँसु बल साथ नेत्रमा
परेर पाउ बिच सासुको पनि
जोडि दुवै हात झुकेरनै अनि
४९२

मुमा ! देवि ! महारानी ! मेरो यो धृष्टता ठुलो
- हटलाई क्षमा गर्नुहोस यो बिन्ति गर्नु भो
जुन तरहले हुन्छ मेरो परम हित नै
तदनुसारकै शिक्षा प्राणेश्वर्ले ममा सबै -

४९३

- बक्सनुभो तर माता ! मैले ता प्राण नाथको -
- बियोग सरिको दु ःख जगमा अरू छैन पो
भन्ने सोचेर यो मन्ले देखें सम्फि बुफेर नै
तसर्थ पाउमा पर्दै प्रार्थना गर्दछु म है

४९४

लाग्नुभो अनि विन्ति गर्न यसरी हेरेर स्वामी तिर
सीताले दुई हात जोडी दुखले सारै भई काँतर
हेसुन्दर् ! करूणा निधान ! भगवन् ! हे प्राणनाथ ! प्रभो
हे प्राणेश !दयानिधे ! प्रभु विना यो सौख्यजो लोकको

४९५

त्यो स्वर्गे पनि ता मलाई भगवन् ! नर्कै सरि तुच्छ छ
ती सोख्यादि प्रभु बिना मकन ता आगो सरि पोल्दछ
प्यारा सब् परिवार बैनी र दिदी दाज्यु र भाई भयो
परम् स्नेही पिता र मातु ससुरा सासु सखी हेरू जो

४९६

बन्धु बान्धब ती हितैषि र सखा मामा गुरू पुत्र र
पुत्रि औ दुनियाँ सबै जगतमा छन् जो जतिनै फिर
स्वामीको जति सम्म हुन्छ जगमा नाता र स्नेह पनि
सुख्दायी त्यहि सम्मनै सकल ती हुन्छन् प्रभो है अनि

४९७

आपन्ना स्वामी बिना सतीहरू कनैनातासबै यि पनि
ताता हुन्छन् ती अधिक् जगतमा श्री सुर्यभन्दा पनि
यो जीवन्नगरी र धन् जमीन् औ दर्बार राज्यै सब
शोकैका सरजाम हुन् पति बिना नारी हरूमा तब

४९८

हे प्राणनाथ ! प्रभुले बिनु यो जगत्मा
कोहि कतै पनि मलाई सबै अबधुमा
छैनन् म भन्छु सुखदायक हे पियारा !
त्यागेर जंगल सवारी नहोस् सहारा

४९९

पतिले हिन स्त्रीलाई सौख्यादि रोग तुल्य छन्
बोफा हुन्छन् सबै फेरि गहना हरू ता ती फन्
हुन्छ संसार यो सारा यमको यातना सरी
भीषणै हुन्छ बिनु स्वामी ! सुन्समा जगत् भरी

५००

शरदको निर्मल कोमल् शशि मण्डल तुल्यको
मुहार प्रभुको नाथ ! रहि साथ हजुरको
पाउनेछु सदा दर्शन् म, सारा सुखको पनि -
- खानी हो त्यहि नै मेरो चाहन्न अरू केहिनि

५०१

प्रभो ! प्रभुकै रहि साथमा सदा
पशु र पक्षिहरू लाई सर्वदा
म सम्फने छु प्रिय जन् भनेर नै
बन्लाई मान्ने छु अबध् भनेर नै

५०२

प्राणेश ! बृक्षका बोकालाई निर्मल रेशमी -
- बस्त्र सम्फेर ता फेरी त्यो पर्ण कुटिलाईनि
ठानुँला सुखको मूल महेन्द्र भबनै प्रभो !
नाथका साथमा जंगल् स्वर्ग जस्तै हुने छ पो

५०३

उदार दिल्का बनदेबि देव जो
हुँदा ठुलो स्नेह दया गरेर पो
भएर सासु ससुरा समानको
मेरो ती रक्षा गरनन् सदा प्रभो !

५०५

प्रभुका साथमा बस्न पाएमा पर्ण हेरूका
सेजनै पनि ता सुन्दर् बिहार गरने सफा
सिमल्का गद्दि फैं कोमल् लाग्ने छन् सुखदायक
हुनेछन् अमृतै तुल्य खाना पनि फलादि त

५०६

अग्ला अग्ला पहाडैहरूकन प्रियतम्! यो अयोध्या पुरीको
सम्फन्छु श्रीमहल्फैं अगणितभगवन् फेरी यी श्रीचरणको
छिन्छिन्मा पाउनाले दरशन दिनको हर्षित च्याखुरी फैं
ज्यादै सुखी हुनेछु हृदय धन ! प्रभो !साथ पाई हजुर्कै

५०७

सबै दु ःख सन्ताप डर् जो भएका
प्रभो ! भन्नु भो काननै मा रंहेको
दयालो ! सुनें ती सबै सत्य ठान्छु
जति दु ःख होस् नाथका साथ जान्छु

५०८

बताइएका दु ःख हेरू ती सब
मिलेर छोपे पनि ता मलाई ता
प्रभो ! हजुरको चरणारबिन्दको
बियोगको दु ःख हुनेछ जो ठुलो

५०९

तेस्को अणुलेश बराबर पनि
हुदैन है जंगलमा बिपत्ति नि
स्वामीन् ! दयालो ! करूणा निधान हे
मलाई त्यागेर नजानु होस रे
५१०

ज्ञानी ! शिरोमणि ! नाथ ! मनले यो कुरा सबै
जानी साथै लिनुहोस नत्याग्नु होस् मलाई है
हे स्वामी ! हृदयाधार ! करूणा मय ! हे प्रभो !
म गरौं बिन्ति के धेरै ? जाहेरै छ सबै अहो !
५११

सुन्दर!शील निधे !दयालु ! भगवन् !हे दिन बन्धोप्रभो !
ना ना दु :ख र चौधबर्ष बनमा बस्ने कुरा भन्नु भो
हे प्राणेश्वर ! यो छवि रहित भै बाच्न कसोरी अहो !
के सम्फेर मलाई छाड्दछु भनी प्राणेश ! मजी भयो
५१२

पल्पल्मा यो हजुर्को चरणकमलको दर्शन पाउँदामा
हिड्दा खेरि मलाई रघुवीर पथमा हुन्न है कष्टबन्मा
सेवा गर्नेछु प्यारे ! सकल तरहले तेसले नै मलाई
लागेका सब् थकाई हरिकन मनमा शान्ति गर्नेछ जाई
५१३

बाटाका श्रमहरूले प्रियतम ! प्रभुका साथमा नै हुनाले
बन्ने छैनन् थकाई बरू बल ती दिनन् नाथकै डहुनाले
छायामा बृक्षका नै बसिकन प्रभुको पाउ सारा पखालि
आंचल्ले हम्कि हावा मन खुसि प्रभुको गर्छुनित्यैसम्हाली
५१४

फल् फुल खोजी नाथ ! टकाउने छु
पाऊदावी कष्ट सब् मेटने छु
पसिनाका बुदले शोभिएको
देख्नै पाई दिब्य शोभा हजुरको
५१५

आज्ञाहोस कहा हुन्छ ... समय कष्ट सम्फने
देख्न पाएपछि प्राण पतिलाई पनि हरे
दु :ख मान्ने कहाँ हुन्छ स्रमथ साचिकै सरि
प्रिय प्राण सुखी हुँला बनमा पनि वेसरी
५१६

बिच्छाएर पनि घाँस पात पुष्प जमीनमा
राती राती सदा पाउ दाब्नेछु दासी बन्महा
श्यामलै सुन्दरै कोमल् नाथका गाथको पनि
पाउँदा दर्शनै नित्य लाग्दैन लु मलाई नि
५१७

विरशिरोमणि ! नाथ ! मलाई प्रभु साथमा
रहँदा सक्दथ्यो हेर्न पुलुक्क सम्मको तहाँ
शिंहकी शिंहीनीलाई खरायो श्याल हेरूले
सक्तैनन् जसरी हेर्न त्यसै सरि गरेर रे
५१८

स्वामीकी सहचारिणी मकन ता राक्षसहरूले पनि
सक्तैनन् रघुनाथ ! हेर्न बनमा नाथ्का प्रतापले पनि
हे प्राणेश ! म दासि जंगलमहा जानु अयोग्यैछ रे
मेरा स्वामी ! हजुर चाहि बनमा योग्यै हुने बस्न रे
५१९

धरी मुनि भेष हजुर लाई
आहार फल्फुल गरेर हाई
गर्नु तपस्या छ उचित नाथ
मलाई भोग् गर्नु छ योग्य राज
५२०

सुनेर पनि यो सारा कठोर बचनै प्रभो !
फुटेन मुटु यो मेरो भने प्र भु बियोग को
कठोर दु :ख तेस्लाई पनि खप्नेछ प्राणले
पामर प्राण यो मेरो रहेछ अति नीच रे
५२१

भनेर यो सबै सीता हुनुभो ब्याकुलै अति
बचन् बियोगनै मात्र लाई पनि हरे ! कति
सक्नु भएन हा ! खप्न देखि त्यो पत्निकोदशा
सोच्नु भो रामले मन्मा जबर्जस्ति गरेर ता
५२२

- यहाँ छोड्दा सीतालाई बाच्नेछैनन् अबश्य नै
भन्ने जान्नुभयो मन्मा निश्चय प्रभुले सबै
अनि भाष्कर कुल्केतु दयालु रघुनाथ ले
आज्ञा भो छाडी शोक् सीता ! हिंड जंगल जाउँ रे
५२३

आज्ञा हुन्छ प्रभो फेरि ,आज छैन बिषादको -
- बेला अब छिटो जाने बनका चीजहेरूको
तयार गर बैदेहि ! भन्दै यो प्रिय बोलिले
सम्फाएर सीतालाई अनि श्री रघुनाथले
५२४

पर्नुभो फेरि माताका पाउमा प्रेमले तहा
जननीले दिदै आशिष् आज्ञाभो अनि राममा
"प्रजाको मेट दु :ख सारा छिटो आएर राघव
नबिर्से निष्ठुरी यस्ति मलाई राम ! हा ! अब
५२५

फर्कलाकि दशा मेरो फेरि हा !दैव यो तब
कोमल् मनोहर जोडीलाई प नि हरे ? अब
पाउँला देख्न की फेरि आखाँले ? भन हे बिधे
सुघडी र सुदिन् त्यस्तो कैले होला ? दयानिधे
५२६

जस्मा आमा जीउदै नै रहेर
बुहारी र पुत्रको मुख फेर
पाउँला के देख्नलाई खुसीले
टाँसुला के छातीमा नै झुकि रे
५२७

बाबु ! नानी ! फेरी कैले खुसीले
भन्दै बाबा पुत्र औ राम मैले
रघुनाथै राघवै बत्स भन्दै
बोलाउदै अंगमा फेरी धर्दै
५२८

एक टक रघुनाथ ! तिम्रो यो गाथलाई त
पाउँला हेर्नता कैले फेरि म भई हर्षित
भन्दै अधीर भै आमा स्नेहले ब्याकुल बनी
हुँदा बिव्हल् बदन्बाट निस्केन वाक्य क्यै पनि
५२९

देखेर त्यो दशा फेरि बिबिध थरी रामले
प्रबोध गर्नु भो धेरै कौशल्यालाई प्रेमले
सकिन्न त्यसबेलाको स्नेह प्रेम भनेर त
डुबायो अबधै सारा करूणा रस् भरेर त
५३०

अनि सासुको नै चरण्मा झुकेर
जनक् नन्दिनीले गरी बिन्ति धेर
मिठो बोलीले भन्नुभो फेरी यो रे
सुनी बक्सनुहोस माता !अहो ? रे
५३१

अभागी रहेछु म ता अम्ब हाई
टहल् गर्नु पर्ने बखत्मा मलाई
दियो दैबले बास बन्को हरे ! जो
अपुरा मनोकामना भो नि मेरो
५३२

जननी त्याग्नु होस् क्षोभ हाम्रा उपरको अब
नछाडी बक्सनुहोला स्नेह प्रेम छ जो सब
रहेछ निष्ठरी कर्म दोष छैन कुनै अहो
क्षमा गर्दिनुहोस् आमा मेरो यो अपराधको
५३३

बिकल् हुनुभो सासु सीताका यि कुरा सुनी
बाक्य रूद्ध भई मन्को जादि भो धैर्यनै पनि
बिस्तारले गरौं बर्णन् कसरी तसो समस्तको
कन्दन्को स्वरले भारी महलै पनि ब्याप्त भो
५३४

बारंबार सीतालाई टाँसेर छातीमा पनि
धैर्य धारण् गरी फेरी कौशल्याले तहाँ अनि
मुसारी शिरमा ब्याकुल् भएर प्रेम स्नेहले
दिनु भो अर्ति औ शिक्षा आशिष पनि कष्टले
५३५

हे सीते !जब सम्म हुन्छ यमुना गंगाजीको निर्मल
- धारा सहितकैरहोस् स्थिरभई सौभाग्यताझल्मल
भन्दैयस् रितले सीताजीकन ता अर्ति अनेकौं थरी
आशिर्बाद दिनुभयो जननीले बिव्हल् भई प्रेम् गरी
५३६

बारंबार झुकेर श्री जननीको पाउलकमल्मा शिर
राखेरै अति प्रैमले प्रभु पनि बिदा हुनुभो फिर
यो यस्तो समाचार ल क्ष्मणजीले सुन्नु भएथ्योजब
बिलखबन्द परेर ब्याकुल भई राम नगीच्मा तब
५३७

उठी दौडनुभो अधिर हुन गै सारा शरिरै भर
रोमाञ्चित थियो र नेत्र दुइमा आँसु बहे बर्बर
गाढा स्नेह र प्रेमले अधिर भै प्यारा रघुनाथको
पाऊ पंकजलाई पकनु भयो ब्याकुल् भएरै अहो
५३८

लाटो जस्ती हाल भो लक्ष्मणैको
मन्मा ठुलो तोडपर्दा कडा त्यो
उभ्भिएरै बाक्य बन्दै हुनाले
हेर्नुहुन्थ्यो एक टक् पाऊमा रे
५३९

पानी देखि निकालेको माछाको सरि नै हरे
ब्याकुल हुनुभो लक्ष्मण् भई अधिर कष्टले
सौमित्री मनमा यस्तो गर्नुहुन्छ बिचार की
लाग्यो के हुन ?हा ! हाम्रो धर्म ता सकिएछ की ?
५४०

आज्ञा होला मलाई के रामजीले ? हेर ! शिव
छाड्नु होला घरमाकि लग्नु होला सगैअब
भन्ने सोचेर ता मन्मा देह गेह सबै थरी
नाता तोडीसकेका ती लक्ष्मणै लाई त्यो घरी
५४१

बसेका हात जोरेर देख्नुभो रामले जब
अनि सरल ता स्नेह शील आनन्दका सब
सिन्धुरूपी सुनीतिमा निपुण र दायानिधे
नयनानन्दका दाता रामले पनि फेरी की

५४२

आज्ञा भो बाबु सौमित्रे ? प्रेमको बस् भएर ता
नहोउ काँतरै मन्मा परिणाम बुझेर ता
उत्साहि होउ जो माता - पिता गुरू र स्वामीको
शिक्षालाई स्वभावैले शिरोपर् गरी घर्छ पो

५४३

तिनैले जन्मको लाभ पाए नत्र समस्त यो
बृथा हो लोकमा जन्म भन्ने सम्झेर भाईयो
भाई लक्ष्मण यो मेरो सुन शिक्षा सबै तिमी
सेवा गर पिता माता - चरणको प्रेमले पनि

५४४

छैनन् भाईहरू यहाँ घरमहाँ बाबा पनि बृद्धा जो
यस्तो हालत देखँदा मनमहा लाग्दोछ चिन्ता अहो
ऐल्यै फेरि तिमी समेत बनमा जांदा अयोध्या पनि
होला सुन्य अनाथ भाइ बुझ यो सदबाक्य मेरोभनी

५४५

आमा बाबु गुरू र बान्धब तथा सारा प्रजा देशमा
भारी दु :ख हुनेछ भाइ ! मनमा सोचेर लेउ यहाँ
त्यस्कारण् बस बाबु पालन गरी कर्तब्य -आज्ञाछयो
देऊ है परीतोष सर्ब जनमा तिम्रो भरोसा भयो

५४६

प्यारा प्रजा दु :खी हुन्छन् जसको राज्यमा अनि
अबश्यमेब त्यो राजा नरक बासको पनि
अधिकारी सदा होला भाइ लक्ष्मण ! यो सब
बिचार गरदै निति तिमी घर्मै रहूँ अब

५४७

यो आज्ञा प्रभुको सुन्दा भाइ लक्ष्मणजी अहो
बिकल हुनुभो साहै जसरी हिमलाई त्यो
छुनाका साथनै पद्म सुक्छ तेस्तै गरी कन
रामका शितल बाणी सुन्नका साथ लक्ष्मण

५४८

खंग्रडङ्ग हुनुभो फेरि प्रेमबस् भई उत्तर -
- आएन रूक्न गै बाणी भइ आकुल लक्ष्मण
पर्नु भो रामको पाउ फेरि दु :खित भै कति
प्रेम गद् गद् भै बिन्ति गर्न लाग्नु भयो अति

५४९

महुँ दास हे नाथ ! स्वामी ! हजुर
प्रभो ! दिनबन्धो ! हुनुहुन्छ बीर
यदि त्यगिनै बक्सिने हो भने ता
यहाँ जोर लाग्यो र मेरो पनि ता ?

५५०

हे स्वामी! दिनुभो ऐले मलाई अर्ति जो ठुलो
आफ्नो कांतरताले नै अगम् लाग्यो मलाईत्यो
जो श्रेष्ठ नर छन् धीर ती मात्रै धर्मको सब
भार धारण गर्नमा हुन्छन् सामर्थ्य बान् तब

५५१

वेद् नितिका बिषयमा अधिकारी हुन्छन्
सब् धर्म पालक तिनै नर बीर हुन्छन्
जाबो म ता हजुर बाट कृपा गरेर
स्नेहै दया र ममता गरि नाथ धेर

५५२

पालिएको म हुँ बच्चा हे नाथ ! कहि हासले
सुमेरू पर्वत लाई के बोक्न सक्छ आँटले
कसैलाई पनि नाथ ! गुरू - माता - पिता भनी
जान्दिन आफ्नो बानी बिन्ति गर्दछु जो छ नि

५५३

गर्नुहोस् हे नाथ ! बिश्वास सारा
वेदैले नै लोकमा खास प्यारा
माया प्रिति स्नेह र प्रेम
विश्वासै औ लोकका धर्म नेम

५५४

बर्णन् गरेको छ सबै जति त्यो
हे राम ! मेरा जगमा पनि जो
आधार नाता ति सबै कुराको
हे दिन बन्धो ! प्रभुनै पुरा हो

५५५

सर्बान्तचारी मनमा भएको
हजुर मात्रै हुनुहुन्छ ए त्यो
जस्लाई ऐश्वर्य र किर्ति भुक्ति
प्यारो छ दाजै सदगत् र मुक्ति

५५६

धर्म र नितिको शिक्षा गर्नु पर्छ उसैकन
मनसा कर्मणा बाचा पाउ रत छ जो जन
कृपासागर ! हे नाथ ! दाजै ! तेस्लाई छाडन
योग्य हुन्छ र ? हेराम !हे स्वामी ! दिनपालक!

५५७

भगवन् करूणासिन्धु रामले प्रेमी भाइ ति
सौमित्रीको नरम कोमल भएको बचन यति
सुनेर प्रेमले गर्दै आलिगन् तिनलाई ता
सम्झाउनुभयो फेरि देखि स्नेह गरेर ता
५५८

आज्ञा दिनु भयो "भाई गई जननी साथमा
आज्ञा मागी छिटो आऊ जाऊँ जंगलसाथमा
आज्ञा यो प्रभुको सुन्दा हर्षित् भै लक्ष्मण "अनि
पुग्नुभो झट्ट आनन्द भएर चित्तमा पनि
५५९

गइ लक्ष्मणले फेरि मुमाका चरणै महाँ
झुकेर राख्नुभो शिर आदरै साथले तहाँ
सीता रामजीका साथै थियो मन र चित्तमा
मुमाले सोध्नुभो फेरी देखि मलिन मुख ता
५६०

बिस्तार गर्नुभो सारा कुरा लक्ष्मणले पनि
कठोर बचनै सारा सुनी लक्ष्मणबाट नि
दाबाग्निलाई देखेर हरिणी भस्किए सरी
झसंग हुनुभो रानी सुमित्रा पनि त्यो घरी
५६१

त्योदेखिफेरी लक्ष्मण्ले "भयो आज अनर्थयो
प्रेमबस् भई माताले गर्नुहोला अकाज पो -
- मेरो "भन्ने कुरा मन्ले सोचेर भयभितभै
संकोचित भइ मन्मा बिदा माग्न डरेर नै
५६२

"जा भन्नु हुन्छकि हुन्न रामको साथमा पनि
हे बिधाता !" भनि यस्तो सन्देह मनमा पनि
गर्नु भयो , अनि रानी सुमित्राले सीताजी र
रामको सुन्दर रूप - सम्झि - शील स्वभाव र
५६३

महाराजको स्नेह सम्झि बिचारी
शिरैलाई हल्लाउनु भो र भारी
अहो पापिनी कैकेयिले कठोर
दिइ दुःख भन्नु भयो यो अजोर
५६४

कुबेला भनी जानी मन्मा बुझेर
गरी धैर्य चित्तै सम्हालेर फेर
सबैकी हितैषि सुमित्राले यो
नरम् शुद्ध बाणी पनि बोल्नुभो यो
५६५

तिम्रीहुन् जानकीनैजननी भनी बुझी बाबु लक्ष्मणबिचार
बाबु हुन् स्नेह गर्ने सकल तरहले राम नै बाबु ! हेर
जाहाँछ रामबास अनि त्यहि बननै हो अयोध्यापुरीता
जाहांगर्छन् प्रकाश रवि त्यहिदिनहो भन्दछन् हे रसब्ता
५६६

जान्छन्बन्मा भने ता रघुवीर र अनि जनकीनै पनि ता
केहि काम् छैन तिम्रो अबधपुरी बिसे भन्दछुबाबु यो ता
दाजु मातापिता औ गुरू र सुर अनि मालिकै हेरूलाई
सत्सेवा गर्नुपर्ने जीवन सरी जान यो धर्मलाई
५६७

प्राण प्रियै छन् रघुनाथ सब्का
छन् जीव नै दायक जीव भर्का
श्री राम हुन् निश्छल मित्र सब्का
दाता दयालु पनि लोक भर्का
५६८

जाहाँसम्म जत्ति परमृप्रिय तथा छन् पूजनियै पनि
मानिन्छन् तब सम्म राघबजीका सम्बन्धले हेर नि
बाबु लक्ष्मण जानी यो सब कुरा श्रीरामकै साथमा
बन्मा जाउ सफल् गरी जनम यो आफ्नोपनिलोकमा
५६९

भयौं भाग्यका पात्र ठुलो जगत्मा
म आमा समेतै तिमी बाबु लोक्मा
बलैया म लिन्छु अहो !बाबु ! तिम्रो
मनैले कपट् छाडीदी ठाम राम्रो
५७०

गऱ्यौ रामका पाउमा भक्ति राखी
अनन्यै भई मोहमद्लाई पऱ्याकि
भएं भाग्यमानि जगत्मा म हेर
गऱ्यौं भक्ति तिम्ले प्रभुकै रमेर
५७१

हुन्छन् है जसका छोरा रामको भक्त लोकमा
पुत्रवति त्यहि स्त्री नै कहिन्छे जान सब् महाँ
नत्र ता ठीक हो बान्ध्या स्त्री पनि जान लोकमा
ब्यर्थ हो ब्याउनु घोर संकष्ट सहि देहमा
५७२

श्रीरामका चरण देखि बिमुख् भएका
कुपुत्रले गरदछन् हित हानि - जे ता
तिम्रै भएर अति भाग्य त राम आज
लागे नि जान बनमा तिमी जाउ साथ
५७३

हे बाबु ! कारण कुनै अरू छैन हेर
भाग्यै रहेछ बन जाउ तिमी रमेर
सीता र राघबजीका दुइटै चरण्मा
स्वभाविकैं सरल प्रेम अनन्य मन्मा

५७४

यो ता सुपुण्यहरूको फल हो बिचार
हो फेरि जन्महरूको पनि सम्झ सार
इर्ष्या र राग मद मोह र दम्भको नै
स्वप्ना महा पनि तिमी बसमा नहौ है

५७५

हे बाबु! बत्स ! हे लक्ष्मण् ! सारा तरहका ति रे
बिकारलाई छाडेर मन कर्म र बाणीले
सेवा गर तिमी सीता रामको अति प्रेमले
जे गर्दा बनमा क्लेश नपाउन् केहि रामले

५७६

तेहि काम गरे बाबु ! यहि हो उपदेश ता
जसमा तिमी जानाले रामसीताजीले सदा
सुख पाउन् , पिता माता प्यारा सब् परिवारको
प्रिति सुख्खहरू बन्मा बिर्सिउन् दरबारको

५७७

शिक्षा मेरो यहि हो है जसका साथमा सदा
सीताराम पिता माता छन् प्रेम गरने अहा!
तेस्ता लक्ष्मण् ! तिमीलाई बनमा सब रीतले
हुनेछ सुख आनन्द अयोध्याकै समान रे

५७८

म भन्छु तुलसी दास सुमित्रा महतारीले
छोरा लक्ष्मणजीलाई दिएर अर्ति फेरि रे
आज्ञा दिनु भयो साथै जान श्री रघुनाथको
सीता र रामका पाउ पदम अबिछिन्नको

५७९

नित्य नित्य नयाँ निर्मल् रहोस् प्रितिभनेर ता
दिनुभो आशिषै फेरी प्रेम गद् गद् भएर ता
माताको पाउमा गर्दै प्रणाम प्रेंम साथले
भयबस् बिषम् पाशलाई तोडेर हर्षले

५८०

हरिण सरि भै मन्को शोक संताप दुर् गरी
जानुभो लक्ष्मण झट्टै उम्किए सरित्यो घरी
हुनुहुन्थ्यो जहाँ सीता नाथ श्री रघुनाथ जी
पुग्नु भयो त्यहि पाई प्रिय साथ खुसी भई

५८१

आनन्द हुनुभो मन्मा अनि राम सीताजीको
गरेर बन्दना सुन्दर् युगल पाउ पदमको
आउनु भो हिंडी साथै राज महलमा पनि
उहाको मनको शंका सन्देह दुर भो अनि

५८२

राज्यैका नरनारीहेरू दु :खी भै गर्छन् बिलौना पनि
आफैले रचनागरेर बिधिले आफैं बिगाऱ्यो भनि
देखि ती जनता मलिन मुखमा सारा अयोध्या भरी
मन्मा दु :खी भई परस्पर सबै भन्थे अनेकौं थरी

५८३

मह नष्ट हुदाँ मधुकर
नहुँदा प्वाँख जसोरी खैंचेर
जसरी जल हिन मीन झैं
जनता ब्याकुल छन् जहाँ सबै

५८४

माड्नै लागे हात झट्कारी माथ
आँसु झार्दै दु :खले कष्ट साथ
त्यस्तै यता भुपको कोठरीमा
आए जम्मै लोक उल्टेर ताहाँ

५८५

अपार खेदको बर्णन् गरेर सकिदैंन त्यो
बसाले भूपतिलाई उठाई मन्त्रिले अहो !
प्रिय बचन बोलेर पर्नु भो पाउ रामजी
सीता साथै दुवै पुत्रलाई देखेर भूपति

५८६

ब्याकुल हुनुभो मन्मा अनि सीता सहितका
राम्रा छोरा हरूलाई हेरदा बार बार ता
दाह भो मनमा धेरै स्नेह बस् भई दु :खले
लगाई छातीमा फेरि अतिब प्रेमसाथले

५८७

ब्याकुल् भै कष्टले राजा सकेनन् बोल्नत्योघरी
भयानक थियो दाह मनमा शोकले भरी
अत्यन्त प्रेमका साथ रामले पाउमा शिर
राखेर अनि ता माग्नु भयो उठी बिदा फिर

५८८

हे बाबा!दिनुहोस् मलाई खुसीले आज्ञा र आशिष ता
बिषादै किन गर्नुहुन्छ यसरी हर्षै बखतमा ? अहा
प्यारा मानिसमा पिताजी !गरदा प्रेम प्रमादै पनि
किर्ति नाश भएर हुन्छ अति नै लोकापवादै अनि

५८९

सुनेर यि कुरा राजा परेर बस स्नेहको
उठीकन दुवै हात समाति कन रामको
बसाएर अनि राजा भन्न लागे कुरा अब
मुनिहरू तिमीलाई " चराचर् जगनायक
५९०
ईश्वर् "यस्तो भन्दछन् राम ! हेर
"सब्का साक्षी सर्बब्यापी" भनेर
अन्तर्यामि ! दिन बन्धो ! दयालो !
सब्का स्वामी भन्दछन् हे कृपालो !
५९१
कर्मैको अनुसार राम मनमा गर्दै बिचारै पनि
दिन्छन् ईश शुभा शुभै फल सबै जीवूलाई नित्यै अनि
सारा धर्म पुराण वेदहरूले भन्छन् यहि निर्मल
"जस्तो गर्दछ जीव कर्म भवमा पाउँछ उस्तै फल"
५९२
यो भन्छन् तर बाबु !हेरत यहाँ उल्टो भयो त्यो कुरा
यौटाले अपराध गर्छ ,अरूनै फल् भोग गर्ने पुरा
ईश्वर्को गति ता रहेछ अति नै बैचित्रताको स्तर
ईश्वर्को गति जान्न योग्य छ र को ? य जान्नकोसक्छर
५९३
राजाले रघुनाथलाई घरमा राख्ना निमित्तै महाँ
छल् छाडेर गरे अनेक थरीको धेरै उपायै तहाँ
धर्मोद्धार समर्थ धीर चतुरै श्री रामको आशय
देखेरै नृपले अबध् नगरीमा बस्न बुझ्नेनन् तब
५९४
भूपले जानकीलाई लगाए छातीमा अनि
दिएहित असल् शिक्षा धेरै तरहले पनि
बनका दुसह दु:ख सुनाए बर्णनै गरी
सासु र ससुरा बाबु हरूका सुख त्यो घरी
५९५
बयान गरि सम्झाए ना ना तरहले पनि
सीताजीलाई साराले बिपत्ति बनको भनी
अनुरक्त थियो रामचरणमा जानकी मन
सुगम घर - लागेन - दुर्गम अनि ता बन
५९६
अरू स्त्रीहरू साराले पनि जंगलका सब
भयंकर् दु:खको बर्णन् गरी गरी कनैतब
सम्झाए जानकीलाई चतुरी मन्त्रिनारीले
स्नेह सहित भै फेरी गुरूका पत्नीहेरूले
५९७

बोल्न लागे नरम् मीठा बचनै पनि ता तित
दिएको छैन बन्बास देवि ! हजुरलाई त
किशोरी ! गुरू औ फेरि ससुरा सासु हेरूले
जे आज्ञा हुन्छ त्यो काम गर्नुहोस हजुरले
५९८
लाग्दा शरद काल्का शशिकिरण पनि त्यो चखेवी जसोरी
-आकुलहुन्छे उसोरी गरी शतिल मधुर् कोमल हितकारि
- बाणीसुन्दा परेन मन जनक सुतालाई ब्याकुल् हुनु भो
पाशि देखि डरेकी हरिणी सरि भई चित्तमा काँपनु भो
५९९
लगाउने बस्त्र ऋषि मुनिले
रूद्राक्ष माला र कमण्डलू रे
तुब्माहरूलाई अघाडी सारी
राखी अनि रामजीलाई भारी
६००
बोलिन् कठोरै बचनै तहाँ यो
हे राम ! साच्चैं तिमी भूपतिको
प्राण प्रियै छौ महाराज डर्ले
स्नेहै र शीलैहरूलाई सब् रे
६०१
छाड्नुहुने छैन कदापि हेर
जाओस् बरू धर्म सबै उडेर
सत्किर्ति पर्लोक भएर नष्ट
जावोस सबै ति पनि भूप प्रष्ट
६०२
तिम्लाई बन् जानु भनेर कैले
बक्सन्नहोला नि हुकुम् मुखैले
यस्तो बिचारै मनमा गरेर
मन् पर्छ जो त्यो गर बाबु ! हेर
६०४
यस्तो प्रकारको माता कैकेयीको पनि सब
आज्ञा सुन्दा रघुबीर्ले पाउनु भो सुखै तब
राजा दशरथैलाई कैकेयीका कुरा सबै
बाण समान भै लागे अति ब्याकुल भै कठै
६०५
अभागी प्राण यो जान पनि सक्तैन हा ! भनी
भूपति हुनुभो मुर्छा भय ब्याकुल् सब् अनि
दु:खले ब्याकुलै बन्दा कसैलाई पनि तहाँ
'के गर्ने हो ' कुरा यो ता सुझेन हृदयै महाँ
६०६

तुरून्तै मुनिको भेष बनाई रघुनाथले
प्रणाम गरी बाबा र आमा कैकेयीलाई रे
रमाना हुनुभो राम - सीता - लक्ष्मण साथमा
खिचेंर सबको चित्त आनन्द जंगलै महाँ

६०७

बनै बासका साज - सामाग्रि सारा
सजाएर ब्राम्हण र जो पियारा
गुरूको चरण् पद्म शिर् झुकाई
अचेत् पारी सारा नगर् बासीलाई

६०८

रघुनाथ पत्नि र भाइ समेत
रमाना हुनु भो ठुलो हर्षले त
प्रभु निस्किएरै महल्बाट ता जो
बशिष्ठै ऋषिका पुगी द्वारमा पो

६०९

खडा हुनुभयो फेरी सब्लाई रघुनाथले
बियोग रूपी आगोले डढेको देखि ता हरे !
प्रिय बचन बोलेर सम्झाएर सबैकन
बोलाउनु भयो फेरी बिप्र बर्ग हरू कन

६१०

आफुले नित्यनै भोजन् दिने ति सब बिप्रको
हिसाब गर्नुभो चौधबर्षलाई पनि अहो
बिप्र भोजनको निम्ति भनेर गुरू साथमा
दिनुभो ति सबैलाई बर्षासन पनि त्यहाँ

६११

पार्नुभो बस सब्लाइ आदर् बिनय दानले
सन्तुष्टै पार्नु भो याचक्लाई दान र मानले
पवित्र प्रेमले मित्र हरूलाई पनि सब
प्रशन्न गर्नु भो मीठो बचनले अनि तब

६१२

दासी दासहरूलाई बोलाएर बशिष्ठको
लगाई कन ता जिम्बा आज्ञाभो जोडीहात पो
साराको बाबु आमा झैं भएर हे प्रभो ! अब
सम्भार गर्दिनु होला दु :खीछन् नाथ !यि सब

६१३

बारंबार दुबैहात जोडेर प्रभुले अनि
बोल्नुभो कोमलै बाणी रैतिका साथमा पनि
हुनुहोला महाराज सुखी जुन् कामले गरी
हितकारी त्यहि होला मेरो यो सम्झ बेसरी

६१४

परम् प्रबीण छौ सारा सारा नगर बासी रे
माताहरू सबै मेरो दु :खले दिन् उदासीरे
नहोऊन् तिमी साराले गरे तेहि उपाय रे
एवं प्रकारले सारालाई श्री रघुनाथ ले

६१५

सम्झाएर अनि फेरि भएर हर्षितै पनि
गुरूको पाउमा ढोग गर्नुभो प्रभुले अनि
मनाएर गुरू गौरी गणेश शिवजी पनि
पाएर आशिषै राम रमाना हुनु भो अनि

६१६

हुदा रमाना रघुनाथ नै पनि
भयो अबध्मा अति नै बिषाद नि
त्यो शब्द ठुलो पनि आर्तनादको
घनक्क भो ब्याप्त भएर देश पो

६१७

लंकामा आशगुनभयोअबधमा शौकैभयो हा !अति
हर्षै औ बि समामतका बश भए देबादिंहेरू जति
मुर्छा हट्न गयो र फेरि नृपति जागा हुनु भो पनि
बोलाएर सुमन्त्रलाई यसरी आज्ञा भयो यो अनि

६१८

गए जंगले तर्फ श्री राम प्यारा
हरे ! प्राण जादैंन के हो सहारा ?
धरौं फेरि के सौख्यको लागी प्राण
शरिर्मा अडेको छ हा ! दैव जान

६१९

जुन् कडा दु :ख पाएर प्राण छाड्दछ देहले
यो भन्दा पनि बल्बान होला त्यो दु :ख कुन्हरे
यस्तै तरहले धेरै बिलाप गरि भूपले
अनि धैर्य धरो फेरि भने यो मन्त्रि साथ रे

६२०

लिएर रथ हे मित्र ! साथमा जाउ लौ तिमी
छन् है अति सुकुमार कुमारहरू औ तिनी -
कोमलांगी सुकुमारी छन् धरा नन्दिनी अझ
चढाई रथमा फेरि देखाएर बनै बुझ

६२१

बिते पछि दिन चारै रामलाइ लिइकन
फर्के है तिमी हे मित्र ! नजाउन् रामजी बन
यदि धीर दुवै भाई फर्किएनन् भने सुन
दयालो दृढब्रत् सत्यसन्ध ती रामजी कन

६२२

जोडेर ती दुवै हात प्रभो जनकराजकी
छोरी श्री जानकीलाई फर्काई दिनु होस की
भन्ने बिन्ति गरे तिम्ले देखेर जंगलै जब
सीता डराउलिन् तेहि मौका पारेर ता तब
६२३
सुनाए ती सबै शिक्षा मेरो यो तिमीले अनि
सन्देश यो भनेको छ ससुरा सासुले भनि
छोरी फर्क बडो दुःख हुन्छ है बनमा अति
कैले अबधमा फेरि कैलै माइतमा बसी
६२४
तिम्रो इच्छा जहाँ होला बसौलि त्यहि नै सुन
एवं प्रकारले धेरै शिक्षा अर्ति भनीकन
उपाय गर हे मित्र! बैदेहि फर्किइन् भने
हुनेछ प्राण कै मेरो अबलम्बन यो भनें
६२५
नत्रता प्राण यो मेरो जानेछ निश्चयै सुन
बिधिबास भई आफ्नो चलेन बस हेर न
भन्दै यस्तै महाराज दशरथ् ब्याकुलै बनी
ल्याएर झट्टै नै राम सीता लक्ष्मणजी पनि-
६२६
-देखाउ मित्र" यो भन्दा भन्दै मुर्छित भै स्वत
ढले जमिनमा फेरि हुरीका बृक्ष झैं नृप
पाइ हुकुम त्यो मन्त्रि झुकाइ शिर ता अनि
बढाई रथका बेग जहाँ सीता सहित नि
६२७
थियो पुग्नुभएको दुइ अनुज प्रभु राम लक्ष्मण पनि ता
तेहिं पुगे सुमन्त्रै अबध नगरीको बाहिरै नै अनि ता
सुमन्त्रले सुनाइ बचन नृपतिको फेरी बिन्ति गरेर
रामैलाई चढाए रथ बिच खुसीले हातजोडी नुहेर
६२८
बस्नुभो रथमा सीता सहितै भै भाइ दुवै ती बन
जानुभो जब ता प्रणाम गरदै सारा अयोध्या कन
यो देखि पुरबासी दुःखीत हुदै अत्यन्त ब्याकुल् बनी
लागे गर्न बिलाप रामजी सगै जान्छौं बनैमा भनी
६२९
लागे सँगैमा जब जान रामको
दयानिधे श्री रघुनाथले अहो!
सम्झाउनु हुन्छ अनेक भाँतीले
फिर्छन् सबै ति पर सम्म केहि रे
६३०
भएर फेरी पनि प्रेमका बसै
ति आउँछन् रामजी साथ फर्कदैं
होकि भने झैं पनि काल रात्रिको
पारेर भानै अँधियारी घोरको
६३१
भएर सारा अबधै पनि हरे
लागिन् अति भीषण घोर शुन्य रे
नर्नारी सारा पुरका कठै बरी
भयानकै जीव र जन्तु कै सरी
६३२
भएर एउटालाई अर्काले देखँदा पनि
लागे डराउनै सारा आफुस्मानै ती ता अनि
घर सम्सान जस्तो भो परिजन् हरूता झन
भए भयंकर भूत प्रेत झै अति भीषण
६३३
छोराछोरी र ती प्यारा इष्टमित्र हरू पनि
यमका दूतनै जस्ता देख्न लागे सबै अनि
मुर्झाए लहरा बृक्ष उपबन्का पनि हरे
हेर्न नसकिने सारा भए नदि तलाउ रे
६३४
सुगा मैना सारसै औ चकोर
हंसी काकाकुल पट्टु मयूर
चखेवा औ कोयलि हेरू सारा
परेवा र ती जुरेलि बिचरा
६३५
कोटि कीडा मीर्ग हात्ति र घोडा
अयोध्याका गाई औ भैसी जोडा
पशु पक्षी हेरूनै रामजीका
बिरहैले दीन दुःखी भएका
६३६
मानौं तस्विर नै हुन्कि लेखिएको भने सरि
यत्र तत्र रहे सारा स्थिर भैकन त्यो घरी
गहिरो जंगलै जस्तो थियो नगरी त्यो अनि
बिपुल पशु र पक्षी जस्ता भै दुनिया पनि
६३७
थिए सुखी र आनन्दी पाई दर्शन रामको
अयोध्या रूपी त्यो बन्मा दाबाग्निलाउनैअहो!
बिधिले कैकेयीलाई गराए भिल्लीनी पनि
खप्नै नसकिने पारी दशदीशा भरिनै पनि
६३८

आगो सल्काइ हा ! जस्ले गरि बिकल हा सब
रामको बिरहै रूपी त्यो अग्निलाई लाई ता तब
सकेनन् खप्न सारा ती प्रजाहेरू बिकल् बनी
अयोध्या रूपी बन्बाट गए भागेर ता अनि

६३९

साराले मनमा "राम सीता लक्ष्मण् बिना अब
सुख छैन "भनी यस्तो बिचार गरदैं तब
राज हुन्छ जहाँ राम त्यहिं बस्छ समाज यो
बिना राम अयोध्यामा पनि काम छ के र पो

६४०

काम छैन यहाँ केहि दुनियाँ हरूको अब
मन्त्रणा दृढ यो गर्दै देव दुर्लभ को सब
घर द्वार सुखै छाडी प्रजाहरू सबै अनि
रामकै साथमा लागे जान बिकल भै पनि

६४१

चरण् कमल् श्री रघुनाथको पनि
प्यारो छ जस्लाई सदैब ता अनि
बस् गर्छ तिन्लाई र फेरि भोगले
त्याग्छन् सबै यो तृण भैं गरेर रे

६४२

त्यजेर सारा घर बाल बस्त्र रे
लागे पछि रामजीकै रमेर रे
पुगेर फेरी तमसा किनारमा
श्री रामले त्यो पहिलो दिनै महाँ

६४३

बास गर्नु भयो फेरि प्रजाहरू सबै पनि
देख्नु भो प्रेमका बस्मा परेका ब्याकुलै बनी
दयालु प्रभुको मन्मा दु :ख र कष्ट भो अति
करूणामय औ सर्ब समर्थबान रामजी

६४४

हुनुहुन्छ र अर्काको दु :खले पिडितै पनि
हुनुहुन्छ अति चाँडो भगवान् रामजी अनि
रामले कोमल सुन्दर् बचन प्रेम साथले
बोलेर दुनियाँ लाई फकाई घेर भाँतिले

६४५

सम्झाउनुभयो धर्मोपदेश गरदै ठुलो
तर लोकहरू सारा प्रेमबस भएर जो
फर्काउँदा पनि सारा फर्किएनन् अधीनभै
थियो अतिबको गूढ शील स्नेह र प्रेम नै

६४६

केगर्नेकसरी प्रजा सकल यि फिर्लान् अयोध्यातिर
भन्ने रामजीलाई भित्र मनमा लाग्यो निकै खतिर
सारालोकहरू प्रसन्न बनिए पायौं मनोरथ् भनी
चाडै नै निदमा परे सबजना थाकेर धेरै अनि

६४७

मायाले मति मोह भो सकलको ब्युंभ्रेनकोहिअहो
आधा रात भए पछि प्रभुजीले मन्त्रि सगै भन्नुभो
हेबाबा ! रथ हाँक्नुहोस यिनले खोजी लिँदामा पनि
पत्तो केहि नपाउने गरि छिटो गर्दै हजुर्ले अनि

६४८

अर्को केहि उपायले पनि यहाँ बन्दैन कामै अब
यस्तो मन्त्रि सुमन्त्रलाई प्रभुले आज्ञा गररै तब
पाउपंकज शम्भुको हृदयले सम्झि झुकाई शिर
चढ्नुभो रथमा प्रभुहरू दुवै सीता लिएर फिर

६४९

यता फेरि उता गर्दै लुकाई खोज नै पनि
सुमन्त्र मन्त्रिले हाँके तुरून्तै रथ त्यो अनि
अनि रात बिति प्रात हुँदा यि दुनियाँ सब
बिम्झेर रामजीलाई देखेनन् कोहिले तब

६५०

"राम जानु भयो " भन्ने मच्चियो तिब्र कन्दन
पाएनन् रथको खोज गर्दा पनि कतै पुन
'राम! राम ! प्रभो ! राम ! 'भन्दै बिकल भै सब
लागे दौडिन खोजेर रामको चिन्ह ता तब

६५१

डुब्दा सागरमा डुंगा जसरी बनियाँ हरू
हुन्छन् बिकल हा ! तेस्तै भई ब्याकुल झन अरू
आफैंमा भन्न लागे ती ' रामले हामीलाई ता
दु :खदायि ' भनी जानी जानुभो छाडी आज ता

६५२

एकले अरकोलाई उपदेश गरेर ता
भन्दथे दु :खी भै सारा जानुभो राम हा !कता?
आफुलाई गरी फेरि निन्दा बिबिध भाँतिले
बिकल् भै गर्दथे सारा माछाको तारिफै हरे

६५३

रघुनाथ ! तिमी बिना हरे !
जिउनु ब्यर्थ छ हामीलाई रे
प्रियजन्हरूको बियोग यो
कसरी राख्छ बचाई दैव यो

६५४

किन मृत्यु दिदैन हा ! अब
यसरी मागीं रहे पनि सब
प्रिय राम त्यजेर हामीले
धीक हो बाँच्नु पनि यसोरी रे
६५५
परिपुर्ण भएर तापले
गरदै घेर बिलाप रापले
अति दिन भएर ती सबै
अबधै आई पुगे हरे ! कठै
६५६
बियोगको अति घोर दु ःखको गरदाँ सब
बयान साध्य छैन त्यो चौध बर्षको तब
अबधीको पनि ठुलो लिएर आस चित्तमा
प्राण राखे ती साराले दु ःखी भैकन देहमा
६५७
दर्शन् पाउनको निमित्त प्रभुको सारा प्रजाले अनि
लागे गर्न कठोर संयम ब्रतै यज्ञादि हेरू पनि
भास्कर्ले रहितै चखेबि र कमल् दु ःखी चखेबासरि
दिन हीन भए मलिन दुनियाँ शान्ति र सौख्य डढी
६५८
बन्मा सीता राम लक्ष्मण् मिलेर
मन्त्रीजीले साथ भै शोभिएर
जाँदा जाँदै पुग्नु भो श्रृंगवेर
देवि- गंगा देखिइन् सामु फेर
६५९
कल् कल् गर्ने नाम हो देवि गंगा
यात्रिको मन् देखँदा हुन्छ चंगा
देखि त्यस्तो तीर त्यो शान्ति दायि
राम्ले दर्शन् गर्नूभो शिर् झुकाई
६६०
सुमन्त्र लक्ष्मणै फेरि सीताले पनि प्रेमले
प्रणाम गर्नुभो देव सरिताको नुहेर रे
सुख पाउनु भो सब्को साथमा रघुनाथले
निर्मल जल गंगाको देखेर खुसी साथले
६६१
गंगा सकल आनन्द सब कल्याणकी पनि
मूल कारण हुन् फेरि सम्पुर्ण सुखको पनि
यिनै हुन् सकल दु ःख्की हरिणी जगमाअनि
पतित पावनी माता गंगा हर शिरोमणी
६६२

कथा अनेक गंगाको भनेर रामले अनि
सुन्दर तरंग गंगाको गर्नुभो नजरे पनि
प्रिया अनुज औं फिर मन्त्रिका साथमा सब
महात्म्य हरू ती सारा गंगाको पनि ता तब
६६३
सुनाउनुभयो पावन् माहात्म्यको बिशेषता
अतिनै प्रेमले फेरि अनि सब मिलेर ता
गर्नुभो स्नान औ सारा मेटियो मार्गको श्रम
प्रशन्न मन भो सब्को पिउदाँ जल पावन
६६४
जस्लाई सम्झँदा भारी श्रम मेटिन्छ बिश्वको
श्रम लाग्नु उनैलाई यो लौकिक् ब्यबहार हो
शुद्ध सत् चित आनन्द कन्द मय र सुर्यका -
- बंशका ध्वजका रूप भएका राम चन्द्र ता
६६५
लीला गरेर मानिस्को गर्नुहुन्छ अनुकरण्
संसार रूपी सागर्को भएका दृ ढ पूल झन्
लीला यो गाउँदा सारा प्रभुको प्रेमले पनि
तर्दछन् प्राणी ती सारा शान्ति पाएर घेर नि
६६६
गुहे नाम हुने निषाद पतिले पाए खबर्को जब
अत्यन्तै अनुरागले खुसी भई आफ्ना परिजन् सब
बोलाई प्रिय बान्धबैहरू पनि खर्पन् भरी फल्फुल -
- रूपी भेट लिएर रामजी सगै भेटने भइ ब्याकुल
६६७
आएका तिनका थियो हृदयमा हर्षै अति प्रेमको
श्री सीता पतिको अघिल्तिर पुगी सौगात राखेर त्यो
साष्टांग प्रणती स्तबादि गरदै प्रेमले परिपूर्ण भै
लागे तस्विर भै भएर प्रभुजीलाई तिनी हेर्न है
६६८
स्वभाविक प्रेमको बस्मा भएर रघुनाथले
गरेर कुशल प्रश्न आफ्ना नगीच प्रेमले
बसाउनु भयो फेरि निषाद राजले अनि
गरे विनति यो 'नाथ ! पाउ कमलको पनि
६६९
पाउनाले प्रभो ! दर्शन् कुशल्छ भाग्यवानको -
- गणनमा गएँ आज करूणा मय हे प्रभो !
हे देव धरणी धाम धन हो यो हजुरको
म नीच परिजन् साथै दास हुँ पाउ पद्मको
६७०

राख्नुहोस प्रभो ! पाउ पुरमा करूणा गरी
मलाई गर्दिनुहोस ईज्जतदार बेसरी
जसमा मलाई साराले सन्हाउन् धन्य भो भनी
सुनेर गुहको बिन्ति यो आज्ञा प्रभुले पनि -

६७१

- गर्नु भो ज्ञानका खानी हे मित्र ! हे सखे !सुन
तर मलाइ बाबाले अरकै थरिको जुन
बक्सिको छ त्यो आज्ञा बनेर मुनिकै सरी
ब्रत भेष र आहार - सबै - नियम ती गरी

६७२

ग्रामैबास उचित् हुदैन म कनै भन्ने सुनीयो कुरा
भारी दु :ख भयो निषादहरूका स्वामी गुहैमा पुरा
गाउँका नर नारीले लक्षुमनै सीता रघुनाथका
देखि रूप र प्रेमले खुसी भई भन्छन् तीआफुसमा

६७३

यस्ता बालक हेरूलाई सडि०नी जस्ले पठाउ वन
कस्ता ती जननी पिताहरू पनि होलान् हा !लौ भन ?
लागे भन्न कुनै " गरे नृपतिले यो काम ता बेस पो
हामीलाई समेत् नै पनि दिए लाभै ठुलो नेत्रको

६७४

पायौं ठुलो दर्शन रामको भलो
लाभै भयो धन्य भएर जन्म यो "
अनि उता फेरि निषाद नाथले
गरेर मन्मा अनुमान सोचले

६७५

बिश्राम गर्नका निम्ति रघुनाथजीलाई ता
राम्रो शीतल सम्फेर शिशौको बृक्षलाई ता
गुहले रामजीलाई लगेर ठाम त्यो सब
देखाए र अनि फेरी आज्ञा भो रामको तब

६७६

बेस रहेछ यो ठाम सब तरहबाट ता
बस्न पर्ला यहि रूख्को छायामा आज रात ता
पुरजनहरू सारा रामको गरि दर्शन -
- गए घर्मा अनि राम सन्ध्या गर्न भनीकन

६७७

पाल्नुभो सुन्दर गंगा तिरमा खुसी साथले
यता तिर अनि फेरि सुन्दर कुश पातले
बिच्छयाउना गरे ठीक कोमल , गुहले अनि
पवित्र नरम मीठा छानेर फल् फुल पनि

६७८

खोचा भरी भरी ल्याई सजाइ अति हर्षले
टकाए खुसीले फेरि रामजीका अगाडी रे
रघुबंश मणि राम चन्द्रले जानकी अनि
सुमन्त्र र अनि भाइ साथमा प्रेमले पनि

६७९

खानुभयो त्यो फल फुल ता सबै
लिइ अनि जानकीलाई साथ है
गर्नु भयो गै सुकला छहारीमा
अनि लक्षुमन् पनि हर्ष भै तहा

६८०

चरण् कमल् श्री रघुनाथको पनि
लाग्नुभयो मिच्न प्रफुल्ल भै अनि
निद्रित भएका प्रभु देखि लक्ष्मण
उठेर मन्त्रि नजिकै गईकन

६८१

आज्ञा दिनु भो मृदुबोलिले अनि
बाबा ! गई सुत्नुहोस् भनेर नि
अनि धनुर्बाण लिई शरिरमा
वीराशनै बाँधि अलि परै महा

६८२

जागा भई रक्षक भै खडा रहि
बस्नु लक्ष्मण धीर भै अडी
पत्यार बाला निज बान्धबै पनि
डाकी निषादै पतिले तहाँ अनि

६८३

अत्यन्त प्रितिका साथ ठाउँ ठाउँ महाँ अनि
राखेर पहरा फेरि प्रेम पूर्ण भई तब
आफ्नो पीठ बिषे ठोको भिरेर धनुमा तिर -
- चढाएर बसे जाई लक्ष्मणका नगिचै फिर

६८४

धर्तीमा सुकला हुने प्रभुकनै सीता सहित्मा पनि
देखि प्रेमबसै भएर गुहको त्यो चित्तमा ता अनि
ज्यादै खिन्न भए शरिर पनि भो रोमाञ्चले ग द् गद
प्रितिका जल नेत्रबाट पनि ता लाग्यो अनि बग्न ता

६८५

साह्रै प्रिति भएर लक्ष्मणसगै लागे कुरा गर्न यो
स्वभाव् सुन्दर रामका भवन त्यो ज्यादै मनोहर थियो
त्यस्का दाजैमहाँ थिएन महलै ती इन्द्रजीको पनि
नन्दै कानन लाग्दथ्यो अति फिका त्यस्का अगाडी अनि

६८६

साक्षात् आफ्न्ना हातले नै बनाई
राखे जस्तै कामले नै रमाई
कान्ति शालि सुन्दरै ती थिए जो
चौबाटा औ बंगलाहेरू सब् पो
६८७

राजाको दरबार जुन् र हरिलो बैचित्रम आकर्षण
ना ना भोग बिधानले खजितले चम्कि रहेकोस्वत
आई हर्दम मग्मगी सुमनको खुस्बु रहेको छ जो
जहां मौजुद् छन् मनोहर पलङ्बत्ती मणिको अहो
६८८

महलै सब रीत बाट ता
सब आराम दिने जहाँ सदा
दुधका फिंज झैं नरम् सफा
तकिया सुन्दर बस्त्र ती अहा
६८९

डसना बिबिधै प्रकारका
सब छन् मौजुद् है जहाँ सफा
त्यहि नै रघुनाथ रातमा
प्रिय सीता सँगमा भई तहाँ
६९०

सुखले सुकला गरेर ता
अति नै कान्ति फिजेर ता अहा !
छबिले पनि आफ्नो तब
रति औ फेरि अनंगको सब
६९१

रघुनाथ प्रिया उनै हरे
भइ हा ! आज अनाथ तुल्य रे
पदपोश बिना हिडेर ता
यसरी श्रान्त थकित् भएर हा !
६९२

सत्नुहुन्छ हरे ! आज नबिच्छाएर बासन
घाँस्को ओच्छानका माथि हेर्ने नसकिने छन
जस्लाई बाबु र आमा पुर्वासी नोकरै अनि
राम्रा स्वभावका दास दासी मित्रहरू पनि
६९३

आफ्नी प्राणै सरि गर्थे हिफाजत् प्रेमले हरे
सुत्नुहुन्छ उनै राम आज हा ! भूमि माथि रे
प्रभाव लोकबिख्यात भएका जसका पिता
हुनुहुन्छ महाराज जनक राजै सि ता
६९४

इन्द्र मित्र हुनुहुन्छ ससुरा जसको अहो !
स्वामी ता जसका खास भगवन् राम चन्द्रहो
धरणी दन्दिनी सोहि सु तुनु हुन्छ जमिनमा
कस्को बाम यहाँ दैब हुँदोरैनछ लोकमा
६९५

अहो के राम र सीता पनि के ? बनबासको
हुनुहुन्थ्यो र हा ! योग्य 'कर्मै सब्मा प्रधानहो'
भनेर दुनियाँ सत्य भन्दोरेछ र कर्मकै
परेर बशमा राम यो भाग्नु हुन्छ दु ःख है
६९६

मतिमन्द र पापिष्ठा रानी कैकेयीले हरे !
दुष्टता गरी यो ठुलो दिइन् दु ःख अतिब रे
सीता र रामजीलाई सुख्खको यो उमेरमा
हरेर सुख ती सारा पठाईन् बनबासमा
६९७

सुर्यैका कुलरूपी बृक्षहरूका निम्ति कुठारै सरि
सारा लोक बिषे दु ःखी गरिदिइन् दुबुद्धिले योघरी
सीता औ रघुनाथलाई भुँइमा देखि सुतेको पनि
राम भक्त निषाद राज कनता भो दु ःख ज्यादै अनि
६९८

श्री लक्ष्मणजीले ज्ञान बैराग्य भक्ति हेरूका -
- रसले मुछिएको जो मिठो र कोमलै अहा !
बोल्नु भो बचनै ' कोहि कसैको सुख दु ःखको
दाता छैन , सबै प्राणी गरेको आफुले छ जो
६९९

कर्मैको गर्दैछन् भोग संयोग र बियोग त
दु ःखी सुखी उदासिन शुभा शुभ हिताहित
यी सबै भ्रान्तिका भन्दा हुन भाइ ! जन्ममृत्युको
जहाँ सम्म जति सम्म जञ्जाल यो छ लोकको
७००

संपति बिपति कर्म काल र सुख दु ःख यो
पुर जमीन धन् धान परिवारहरू भयो
स्वर्ग नरक औ फेरि म मरो भनिने पनि
ब्यबहार छ जो सारा इत्यादि लोकमा अनि
७०१

जो देखिन्छ गुनिन्छ यो हृदयमा जो ता सुनिन्छ सधैं
हुन मोह मूल ती कुराहरू सबै छैनन् ति ता सत्य नै
राजा रंक र रंक इन्द्र सरिको सप्ना महाँ देख्दछ
स्वप्नबाट उठे पछि फजुल हो संसार यस्तै न छ
७०२

हुन्न केहि लाभ औ हानी मान
तेस्तै सारा यी प्रपञ्चादि जान
मिथ्या हो यो हे सखे ! चित्तले यो
जानी लेऊ भन्दछु सत्य जो हो
७०३

गरि बिचार यो मन्मा नलेउ रिस हे सखे !
कसैलाई पनि ब्यर्थ नदेउ तिमी दोष रे
मोह रूपी निशा बिच सुतेका लोक छन् सब
तसर्थ बिबिध भाँति देखिन्छ स्वप्न यी तब
७०४

छाडी प्रपञ्च यो सारा लागेका परमार्थमा
योगीहरू सदा लोकरूपी यो मोह रात्रिमा
रहन्छन् नित्य नै जागा ,जब बिबिध भाँतिको
बिषय सुख हेरूमा बैराग्य हुन थाल्छ पो
७०५

सारा मानव नींदमा रमदछन् अज्ञानले ढाकिँदा
ज्ञानै हुन्छ विवेकले हृदयमा जम्मै यथार्थै हुँदा
माया मोह र चाहना भ्रम तथा अज्ञान नाशिन्छन्
सीता रामजीका चरण्कमलमा लाग्नेछ आपन्नो मन
७०६

बाणी चित्त र कर्मले चरणमा प्रिति बढाई दिनन्
संसारी भ्रमजाल काटिन गई ब्रम्हत्वमा मिल्दछन्
निर्वीकार अभेद्य ब्रम्ह अबिगत् चैतन्य साक्षत् पर
श्री सीता पतिको पवित्र महिमा जानेर जानिन्छ र ?
७०७

जस्को आदि र अन्तछैन अज हो साक्षत्निराकार हो
नेति नेति भने र वेद जसको गर्दोछ बर्णन् अहो
त्यस्तो दिन दयालु ब्रम्ह अहिले श्री सुर्यको बंशमा
धारी मानिस देह देव धरणी गाइ तथा बिप्रमा
७०८

दया राखे र रक्षका निम्तिमा प्रभुले अब
गर्नु हुन्छ यहाँ लीला मानिसै सरिको सब
तेहि चरित्र सुन्दामा जंजाल भवको सब
नष्ट हुन्छ सखे ! हेर सम्झेर यहि नै अब
७०९

अज्ञान छाडीकन रामजीको
होऊ अनुरक्त सदा तिमी पो
चरण् कमल्को गर भक्ति भारी
दिन्छन् प्रभुले भव दु :ख टारी
७१०

सौमित्रिले रामको यसरी नै
बर्णन् गर्दा गरदै बेसरी बर्णन है
उज्यालो भो जगमांगल्य दाता
श्री राम् जागा हुनु भो लोक धाता
७११

धीमान् श्रीरामले फेरि सबै शोच गरी अनि
नुहाउनु भई फेरि बरका रूखको पनि
मगाउनु भयो दुध भाइ लक्ष्मण साथ है
बनाउनु भयो शिर्मा जटा ऋषि समान कै
७१२

देखेर त्यो मन्त्रि सुमन्त्रको पनि
जल्ले परिपुर्ण भयो नजर् अनि
अत्यन्त संताप भएर चित्तमा
बिषादले ब्याप्त गर्‍यो मुहारमा
७१३

भइ अति दिन र हिन मन्त्रिले
जोरेर बाहु झुकी शिर बिन्तिले
लागे अनि बोल्न भएर काँतर
शिरिंग भै काँपी हरे ! नि थर् थर
७१४

हे नाथ ! कौशलाधीश प्रभुले दु :खीतै भइ
आज्ञा गर्नुभएको छ यस्तो बिनय साथकी
साथमा रामको जाउ लिएर रथ हे सखे !
देखाएर बन फेरि जान्हवीको पवित्र रे
७१५

निर्मल जलमा स्नान गराएर अनि तिमी
फर्काएर दुवै भाईलाई ल्याए छिटो पनि
सब सन्देह संकोचलाई गरी निवारण
फर्काई ल्याउ है मित्र ! सीता भाइ दुवैकन
७१६

आज्ञा भूपतिको यस्तो भएको छ प्रभो ! हरे
जो आज्ञा हुन्छ त्यो गर्छु यस्तो बिन्ति गरेर रे
ब्याकुल भइ रोएर सुमन्त्र बालकै सरी
रामको पाउ पंकज्मा परेर फेरि त्यों घरी
७१७

पुकारा गरनै लागे हे बाबु ! करूणा निधे
त्यो अयोध्या नओस्आज जे गर्दामा अनाथरे
गर्नुहोस त्यहि काम प्रभुले कुलभुषण
गर्दछु बिन्ति हे राम ! हे प्रभो ! दु :ख मोचन
७१८

अनि रामले मन्त्रिलाई उठाई
बुझाएर सम्झाउनु भो फकाई
सबै धर्मका मार्ग बाबा ! हजुर्ले
बुझेको छ देख्नु भएको जरूर्रै
७१९
रक्षागर्न निमित्तमा धरमको शिवि दधीची अनि
हरिश्चन्द्र नरेश हेरू सब्ले कोटि सहे दु:खपनि
धार्मिक् भूपति रन्ति देव र अनि राजा बलिले पनि
संकष्टै सहि ती अनेक थरिको धारण् गरे धर्म नि
७२०
दोश्रो छनन् धर्म सत्यै समान
भन्दै बेदै शास्त्र औ सब् पुराण
बर्णन् गर्छन् तात है तेहि मैले
सुलभ् जानी "सत्य" यो धर्म ऐले
७२१
गर्दैछु यो धारण तेहि आज
पैले मैले छोडदा लोकमा त
दुष्किर्ति यो फैलिने नै बिचारी
चित्तै शान्ति गर्नुहोस् आज भारी
७२२
प्रतिष्ठित लोकमा नै भएका
मनुष्यले दुर्यश केहि रे ता
पायो भने कोटि मृत्यु समान
कठोर सन्ताप हुनेछ जान
७२३
हजुर साथ हे बाबा ! म भनौं घेर के अब
दिदा उत्तर ता ऐले पाऊँछु पापनै सब
गएर हजुरै मेरो तर्फबाट पिताजीको
समातेर दुवै पाउ हात जोरेर फेरि जो
७२४
गरेर कोटि साष्टांग नुहेर पाउमा परी
"मेरो बिषयमा केहि कुराको चिन्तना गरी
दु:खीत नहुनु होला हे बाबा !बनी ब्याकुल"
यस्तो बिन्ति तहाँ गर्नु -होला हजुरले खुद
७२५
हजुर पनि हे तात ! मेरा बाबा ! समानको
हितैषि र अति प्यारा हुनुहुन्छ म आज यो
गर्दछु बिन्ति जोरेर हात जे कामले अब
नहोस् दु:ख पितालाई मेरो यो शोकले सब
७२६

सब तरहले तेहि गर्नु पर्छ हजुरले
हट्नेछ दु:ख जे गर्दा कर्तब्य तेहिहुन्छ रे
एवं प्रकारका सारा राम र मन्त्रिको पनि
सुनेर सब सम्बाद परिवार सहित नि
७२७
गुह ब्याकुल भए, फेरि अनि सौमित्रिले तहाँ
कठोर बचन केहि पिताका बिषयै महाँ
बोल्न लाग्नु भएकोथ्यो जसै रामजीले अनि
बडो अनुचितै जानी बर्जित गर्नु भो पनि
७२८
संकोच गरदै मन्मा रामले "लक्ष्मणैजीको -
- सन्देह त्यो गइ फेरि सामुमा ता बुबाजीको
नसुनाउनु होला है मेरो शपथ हो " भनी
दिलाउनु भयो आफ्नो शपथै मन्त्रिमा पनि
७२९
सुमन्त्रले भने फेरि सन्देह भूपको अनि
'सक्नेछैनन् सीता दु:ख सहनै बनका पनि
जुन प्रकारले फेरि फर्केर जानकी अब
अयोध्या आउँछिन् मानी राम औ तिमीले सब
७३०
पर्नेछ तेहि नै गर्नु निरालम्ब भइ मता
बिल्कुलै जल हिन् माछा समान भइ नत्रता
बाँच्ने छैन सीता आई घर्मा माइतमा सबै
सुख मौजुद छन् जैले जेमा मन् सुखीहुन्छ है
७३१
तैले तैले त्यहि सम्मन् स्वामी बिरह रूपीको
रात्रीको हुन्न है भोर सीते ! आनन्द साथ पो
बस्नु अबधमा - कैले - मिथिलामा गएर ता
सीता आए ममा केहि होला है अबलम्ब ता '
७३२
हे राम ! नृपले त जुन् तरहले गर्नुभयो बिन्ति यो
बर्णन्गर्न सकिन्न दु:ख र अनि त्यो दिनताप्रितिको
सुन्दा यो करूणा निधान प्रभुले सन्देश त्यो भूपको
शिक्षा जानकीलाई फेरि दिनुभो कोटि थरिबाट यो
७३३
हे सीता ! तिमी फर्कियौ घर भने सासु ससुरा अनि
प्यारा ती परिबा र औ गुरूहरू बन्धुहरूको पनि
मेटिन्थ्यो दु:ख "योसुनेर पतिको आज्ञा सीताले पनि
बिन्ति गर्नु भयो प्रभो !! प्रय सखे !सुन्नु अहोस् यो भनी
७३४

हुनु हुन्छ रघुनाथ ! दयामय हजुर ता
परम् विवेकी आफुनै बिचार गर्नुहोस ता
गर्दैमा छेक्थुन छाया छाडेर शरीरै कन
कसरी सक्तछे बस्न ? प्रभो यो मर्जी होसन
७३५

त्यागेर दिननाथलाई कसरी जान्छे कहाँ त्योप्रभा
छाडी त्यो शशिलाई चाँदनि पनि जान्छे कहाँनाथ हा
स्वामीलाई सुनाई बिन्ति यसरी फेरि सीताले अनि
मीठो कोमल बाणीले भन्नु भो मन्त्रि संगैमा पनि
७३६

हे बाबा ! हितकारी हो हजुरता हामीहरूको सदा
गर्ने स्नेह पिता र भाइ ससुरा जस्तै दयाले सदा
जानेरै पनि फेरि यो हजुरमा लागे दिनै उत्तर
अनुचित भयो क्षमा हजुरले गर्नु अहोस् है तर
७३७

आपत्तिहरूको परेर बशमा बाबा भएँ संमुख
उल्टो भाग्य भएर हाय ! परदा मेरो हरायो खुब
चिन्ता दुःख बिषाद क्षोम मनको छोड्नुस् ह जुर्ले अब
बाबा यो जगमा- जति छ अहिले नाता रहेको सब
७३८

स्वामीको चरणारबिन्द बिनु ता ब्यर्थै छ सारा तिरे
फिक्का हुन्छ मलाई स्वर्ग पनिता स्वामी बिनाले तिरे
जस्को त्यो पदरेणुमा अति ठुला राजाहरूको सब
श्रीपेचै निहुरिन्छ हर्दम उनै मेरा पिताको सब
७३९

देखेकिछु बैभव सुख्ख भोग
मैले सारा स्वर्गका झैं ती सोख
सुख्को ठुलो खानी जस्तै भएको
घरै मेरा बाबुको जुन्छ रे त्यो
७४०

पाऊ छाडी स्वामीको यो मलाई
बस्न ताहा चित्त लाग्दैन हाई
फेरि मेरो श्री ससुरा पनि ता
चौघै लोक्मा किर्तिमा नै भई ता
७४१

सम्राट् हाम्रा कोशलाधिश भूप
हुनुहुन्छ फेरि जस्लाई खुद
आफैं आई इन्द्रनै सर्बदा की
अभ्युत्थानै गर्दछन् स्वर्गमा की
७४२

आपन्ना सिंहासनको नै पनि ता
दिन्छन् आधा आशनै जो अनि ता
हुनुहुन्छ सोहि मेरा प्रतापि
ससुराजी अबधपुरमा की
७४३

सगीनी भगीनी फेरि प्रियजन परिवार ती
हुनुहुन्छ अनि आमा समानै प्रिय सासुजी
तथापि प्रभु श्री रामजीका चरणको रज
नहुनाले तिता स्वप्न बीचमा पनि त अज
७४४

सुखदायक लागेन मलाई ती कुनै जन
प्राण पति प्रभु साथ रहँदा दुर्गमै बन
कठीन दुर्गमै बाटो भूमि पर्वत फेर ती
अपार नदि औ नाला हात्ति सिंह बराहकी
७४५

किराँत कोल औ भिल्ल आदि ती जंगलीहरू
बनमा पशु औ पंक्षी हरिण हरू यि बरू
सुखदायक छन् प्यारा पतिका साथमा तिता
यसको दांजमा फिक्का लाग्छ स्वर्ग मलाई ता
७४६

शिरै झुकाई मम तर्फबाट नै
सासु र फेरि ससुरा समेत कै
पाउ परी गर्दिनु होस बिन्ति यो
"मेरो कुनै शोक र पीर केहि जो
७४७

नगरी बक्सनु होला सहजै म त बन्महाँ
सुखी छु वीर प्रख्यात लिएका धनु हातमा
प्राण पति रघुनाथ ठोको क ाडँ भिरेर ता
अघाडी नै हुनुहुन्छ प्यारा देवर साथ ता
७४८

थकाइ छै न बाटाको मलाई अनि चित्तमा
भ्रम दुःख पनि छैन मेरो निम्ति कुनै तहाँ
नगरी बक्सनु होला बिर्सेर पनि शोक ता
सुखी छु स्वामीका साथ बनमा अतिनै म ता
७४९

बाणी शीतल सीताको सुन्दामा मन्त्रि ता अनि
मणि हराउँदा ब्याकुल् भएको नाग झैं बनी
भए बिकल ती सारा काँप्यो देह शिरिङ्गभै
देख्न छाडेर आँखाले बन्द भो कान सम्म है
७५०

वाक्य बन्दभयो फेरी सकेनन् बोल्न नै पुरा
सम्झाउनु भयो धेरै रामले गरदै कुरा
तैपनि शीतल चित्त भएन मन्त्रिको हरे
धेरै जुक्तिगरे तिन्ले साथमा जान निमित्त रे
७५१

यस्तैमा रघुनाथले दिनु भयो उत्तर् यथोचित् तहाँ
मन्त्रिलाई तपाईं ता फिरनु होस् चाडै अयोध्या महाँ
यस्तो यो रघुनाथको नसकिने आज्ञा पनि मेट्न जो
सारै नै बलबान् छ कर्म गति ता केहि नचल्ने भयो
७५२

अत्यन्तै अधिरै भएर अनि ता लक्ष्मण् सीतारामको
पाऊपंकजमा प्रणाम गरदै मुल्धन् गुमाएर पो
फर्केका बनियाँ सरि दु :खित भै फर्के सुमन्त्रि अनि
पागल्का सरि नै भएर मनमा आएन होसै पनि
७५३

लागे मन्त्रिसुमन्त्रले बिकल भै रथ्हाँक्नलाई अनि
हेरेरै रघुनाथलाई ति सबै घोडा हेरूले पनि
लागे हिन् हिन् गर्न कन्दन ठुलो लड्दै भुमीमा पनि
झारेरै जल नेत्र देखि भुमिमा बर्षा सरिकै अनि
७५४

छाडेर राम रथ त्यो लिइ जानलाई
सक्तैनथे बिकल भैकन अश्व हाई
हाँक्थे सुमन्त्र रथ त्यो तर अश्रु झारी
फिर्थे बिकल् भइ सबै हय ता पछाडी
७५५

त्यो देखेर बिषालको ब स भई निषाद राजा पनि
पश्चाताप गरी दु :खी शिर तिनी ढोक्थे बिकल्भैअनि
जस्का तिब्र बियोगले पशु पनि ब्याकुल् यसोरी हरे
उनैका परिवार ती सब प्रजा माता पितालाई रे
७५६

भो होला कति कष्ट के गरि हरे !बाच्लान् सबै ति अहो
धिक्कार् कैकेयी आज हरे सबकोकारण् भइन् दु :खको
तेस्तै रामजीले गरिकन ढिपी सौमन्त्रलाई पनि
फर्काइ दिनुभो अबध् पुरी महा सम्झाई धेरै अनि
७५७

आफु गंगाजीको तिर्मा आएर प्रभुले पनि
मगाउनुभयो डुंगा ल्याएन माझिले अनि
बिन्ति गऱ्यो प्रभो ! मैले मर्म सारा हजुरको
जानेकोछ रघुनाथ ! भन्छन् यो लोकले प्रभो !
७५८

हे राम ! प्रभुका पाउ कमल्का रजलाई ता
"मानिस् बनाउने ठुलो औषधी हो " भनेर ता
हे प्रभो ! चरण रज्ले छुनाका साथ मै अहो !
शीला पनि भइन् नारी मनोहर अपूर्वको
७५८

डुंगा मेरो नाथ ! तेसै गरि नै
शीला जस्तै होई जाला अनि हे
भोका हुन्छन् परिजन् सब् यि मेरा
जीवीका छ यहि नै एक मेरो
७५९

डुंगा भइन् नारी भने प्रभो ! अनि
स्वामीन् ! दयासागर जीवीका पनि
हराउला यो रघुनाथ ! हे हरे
मेरा सबै यी परिवारको म रे
७६०

गर्छु प्रति पालन यसबाट नै
जान्दिन अर्को जिविका कुनै म है
तसर्थ बिन्ति गरछु प्रभो ! म ता
अबश्य पारी तिर जान नाथ ता
७६१

खोज्नु पनि हुन्छ भने प्रभु ! अब
मलाई आफ्नो पदपङ्कजै सबै
पखाल्नलाई दिनुहोस हुकुम् पनि
धुन्छु हजुर्का म चरण् कमल् अनि
७६२

प्रभुका चरण्पद्म धोएर नाथ
प्रभो आफ्नो नाउमा फेरि साथ
चढाएर पारी म लानेछु झट्टै
म ज्याला पनि लिन्नं यस्को कसम् है
७६३

मलाई हजुर्को दुहाई छ नाथ
गरें बन्दना यी दुवै जोडी हात
प्रभो ! बिन्ति गर्छु बरू लक्ष्मणैले
मलाई यहि हानी बक्सन्छ शर्ले
७६५

भने ता मार्नु होला यसै रे
कबोल् भो परन्तु जहाँ सम्म ऐले
चरण् ती धुने पाउने छैन मैले
त्यहाँ सम्म साँचो प्रभो ! भन्छु ऐले
७६६

म पारी उतारी दिने छैन नाथ !
चरण् बक्सियोस् आज पारी सनाथ
पखालि प्रभुको चरण् पद्मलाई
लिऊँ जन्मको लाभ स्वामी रमाई
७६७

लपेटिएका अति प्रेमले पनि
अटपटे बाणी ती माझिको पनि
सुनेर दाता करूणा निकेतन
श्री रामले लक्ष्मण जानकी कन
७६८

हेरेर मुस्काउनु भो मुसुक्क ता
अनि कृपासागरले तुरून्त ता
हाँसेर माझि तीर फर्किइ तब
आज्ञा भयो हुन्छ छिटो गरे अब
७६९

जेले तिम्रो नाउँ जाँदैन खेर
गर्नु तेहि काम चाँडो रमेर
चाँडों पानी ल्याऊ पाऊ पखाल
हुनै लाग्यो बेर पारी उतार
७७०

एकै चोटि सम्झिदा नाम जस्को
दुस्तर् संसार सागरै देखि झट् पो
पारी पुग्छन् प्राणीहेरू समस्त
जन्मादिको रोग पारे र ध्वस्त
७७१

जस्ले तीनै लोकलाई पनि ता
सानो पारे तीन् चरण् देखि नि ता
सोहि दिनबान्धबै ती खिलाडी
खेलै गर्छन् हेर बन्दै अनाडी
७७२

कृपासिन्धो माझिको त्यो निहोरा
गर्छन् पूर्ण ब्रम्ह भै ति अजोडा
स्थिती सृष्टि पालना गर्छ जो है
गर्छन् सोहि खेल मानव् स्वरूप् भै
७७३

देखेर जस्को पदपद्मको नख
थिइन् भएकी अनि प्रेम गद् गद
गंगा रमाएर अपार हर्षले
पाएँ भनी दर्शन् आज प्रेमले
७७४

बाणी त्यो प्रभुको सुन्दा मोहले जान्हवीजीको
बुद्धिलाक्षए पनि ढाक्यो मोह पारी छकाई पो
अनि श्री रामको आज्ञा पाएर माझिले पनि
खुसी भै जल् लिई आयो कठौतीमा भरि अनि
७७५

अत्यन्त आनन्द भयो त्यहाँ अनि
उम्ले अनुराग भरी उमंग नि
खुसी भई केवट चित्तमा अनि
चरण् कमल् श्री रघुनाथको पनि
७७६

पखाल्न लाग्यो अनि प्रेमले तहाँ
उमंग आनन्द भएर चित्तमा
शरीर भो गद् गद प्रेमले सब
प्रमाश्रुले नेत्र भरी भयो तब
७७७

चढि चढिकन सारा यानमा देव आई
गगन सकल ढाके चित्तमा रम् रमाई
यस सरी धरमात्मा छैन अर्को भनेर
जय जय जय भन्दै तारिफै खूब् गरेर
७७८

बृष्टि गर्थे अनेकौं कुसुम कलिहरू राममा देववृन्द
गर्थे धेरै पुकारा प्रभुकन खुसीभै भन्दथे 'धन्य धन्य'
नाच्नैलागे गगनूमा सुरबधु खुसीले दिब्य गाना गरेर
जै जै को घोशगर्दै ऋषि मुनि मनमा दडङ्ग पर्थे रमेर
७७९

माझिले प्रभुको पाउ पखालि चरणामृत
पान गर्‍यो परिवार सहितै भई हर्षित
पिता पुर्खा हरूलाई संसार सिन्धुको पनि
पुरायो पार औ फेरि भएर हर्षित अनि
७८०

लिएर रामजीलाई गंगा पार गयो अनि
गुह लक्ष्मण सीताले सहित रामजी पनि
पारी उत्रेर गंगाको तीरको बालुवा महाँ
खडा हुनुभयो शोभा फिंजाई आपन्नोतहाँ
७८१

उत्रेर केवट पनि अनि नाउ देखि
पद्पद्ममा प्रभुजीको अनि प्रेमले कि
जोडेर हात निहुराई शिरै खडा भो
इच्छा पुरा गरि सबै मन भित्रको पो
७८२

'दिइएन हरे माझिलाई केहि पनि' भनी
श्री रामलाई संकोच लाग्यो हृदयमा अनि
प्रियको मनको सारा हाल जान्ने प्रियाजीले
खुसी भै अंगुलीबाट रत्न जडित औंठी रे
७८३

झिक्नुभयो र त्यो फेरि भगवन् रामले पनि
पारी तारी दिएकोमा लेऊ दस्तुर यो भनी
आज्ञा भयो र माझिले ब्याकुल्भै रघुनाथको
समात्यो पाउ औं भन्न लाग्यो अधिर भै अहा !
७८४

पाएँ मैले आज हे नाथ ! धेरै
मेरो सारा दुःख दारिद्र को नै
आगो लागी मेटियो दोष सारा
पाएँ मैले आज नाथ ! सहारा
७८५

धेरै दिन गरें मैले मजुरी बल्ल आज ता
बिधाताले असल् धेरै दिए ज्याला मलाई ता
दिन दयालु ! हे नाथ ! भक्त बत्सल ! हे प्रभो !
कृपा कटाक्षले स्वामी ! प्रभुको यो अपारको
७८६

मलाई केहि चाहिन्न पछाडी फर्किंदा प्रभो !
प्रभुले बक्सिएला जो म त्यो बकसलाई पो
राख्नेछु शिरमा नाथ ! दिनबान्धव ! राघब !
पाएर दर्शनै आज कृत कृत्य भएँ म त
७८७

भगवन् राम औ फेरि सौमित्रि र सीताजीले
कोसिश गर्नु भो धेरै लिएन तर माझिले
अनि निष्काम औ निर्मल् भक्ति रूपी दिइवर
पठउनु भयो माझिलाई श्री रामले घर
७८८

रामले स्नान सिध्याई पृथ्वीको अर्चना गरी
बन्दना गर्नु भो धेरै भक्ति पुर्बक त्यो घरी
सीताले हात जोडेर जान्हवीलाई प्रार्थना
गर्नुभो जननी ! गंगे ! माता ! जगत पावना
७८९

मेरो मनोरथै पुरा गर्नु होला मुमा ! सबै
जसले फर्किइ फेरि स्वामी देवर साथ भै
कुशल पूर्बक आइ माता हजुरको पनि
म पाऊँ अर्चना गर्न गंगे पतित पावनी
७९०

भिजेको प्रेमको रसले सीताको बिनयै सबै
सुनी गंगाजीको निर्मल् शीतल जलबाटनै
निस्कियो शब्द यो घन्कि मिठो मधुर उत्तम
रघुवीर प्रिया ! सीते ! सुन भन्दछु आज म
७९१

तिम्रो प्रभाव जानेको छैन कस्ले र लोकमा ?
कृपया कटाक्षले तिम्रो प्राणीहरू पलै महाँ
दिग्पाल अमरै बन्छन् अष्ट सिद्धिहरू पनि
हात जोडी सदा तिम्रै सुश्रुषा गर्दछन् अनि
७९२

मलाई तिमीले सीते ! बडो विनय प्रार्थना
सुनाएर कृपा राखी दियौ इज्जत लोकमा
तथापी देवी हे सीते ! आफ्नो बचनलाई
सफल पार्नको निम्ति म आज तिमीलाईता
७९३

आशिष दिन्छु यो फेरि सुन धरणी नन्दिनी
प्राणनाथ र देवर्को साथमै पछि ता तिमी
कुसलै साथ फिर्नेछौ कोशल पुरमा पनि
तिम्रो मनोरथै पुरा हुनेछन् पूर्ण जो छ नी
७९४

ढाक्नेछ ब्याप्त भै सारा तिम्रो सुयश लोक्भरी
लीला यो सम्झिदा तिम्रो जालान् प्राणीहरू तरी
सतीत्व नारीको बढ्ला यो लीला गाउँदा सब
नरले गाउँदा सार डढ्नेछ तीन ताप त
७९५

गंगाको मंगलै मूल भएका बचनै सब
सुनेर जान्हवी माता हुनुभो अनुकुल त
भन्ने सम्झेर नै सीता हुनु भो हर्षितै अति
मनको क्लेश औ मोह हरायो सब छन् जति
७९६

अनि प्रभुले गुहलाई हेरी
तिमी घरै जाउ भनेर फेरि
आज्ञा भयो त्यो सुनि बाणीलाई
तिन्को भयो मुख मलिन हाई
७९७

सन्ताप् पर्‍यो हृदयमा अति नै ठुलो रे
जोडेर हात गुहले प्रभुसाथ बोले
हे दिनबान्धब ! रघुकुलका प्रदिप
सुन्नु हओस प्रभु यो बिनति पनि त
७९८

साथै रहेर प्रभुको करूणा निधान
बाटो बताइ बनका पनि ता तमाम
सेबा गरी अलि दिन प्रभुका चरणको
लाभै लिएर पनि यो जगमा जनमको
७९९

स्वामीन् गएर जुन जंगल राज होला
निर्माण गर्छु त्यहि सुन्दर पर्णशाला
आज्ञा मलाई प्रभुको अनि जो हुनेछ
गर्नेछु तेहि प्रभुको छ दुहाइ रे त
८००

स्वाभाविकै अतुल स्नेह र प्रेमलाई
देखेर त्यो गुहजीको प्रभुले बुझाई
तिन्लाई साथ लिनु भो प्रभुले दयाले
तिन्को भयो हृदयमा अति हर्ष ता रे
८०१

ज्ञाती बर्ग हरूलाई बोलाएर निषादले
पारी संतुष्ट सम्झाई सारालाई बिदा गरे
अनि श्री रामले गंगा शिवजी र गणेशको
प्रणाम गर्नुभो सम्झि भक्ति साथ नुहेर पो
८०२

गुह लक्ष्मण- सीताले भएर शोभितै पनि
गमन गर्नुभो-बन्मा खुसी भै रामले अनि
त्यो दिन गर्नु भो बास रूख मन्तिर रामले
गरे प्रबन्ध बासैको सखा लक्ष्मण भाइले
८०३

प्रात : कृत्य गरी सारा भोलि-पल्ट बिहानीमा
अनि रामजीले फेरि मिलेर सब साथमा
दर्शन गर्नु भो जाई तीर्थराज प्रयागको
सीता सौमित्रिका साथै भएर अति हर्ष पो
८०४

सचिव सत्यहुन् - तिर्थराजका प्रिय रानी ता
श्रद्धाहुन् अनि माधव झैं जसका हितकारी ता
मित्रछन् अनि फेर् तिन्का भण्डार हरूमै भरी
धर्म अर्थ र काम् मोक्ष हरू चीज सबै थरी
८०५

नित्यनै छन् परिपूर्ण प्रयागराजको अनि
पावन सुन्दर राष्ट्र पवित्र देश हो पनि
तिन्का अगम औ राम्रा दृढ किल्लाहरूसबै
बराह क्षेत्र आदिका पवित्र क्षेत्र हुन् सबै
८०६

आक्रमण गर्न सक्दैनन् ती किल्लाहरूमा कुनै
मिलेर पापका सैन्य आए पनि समस्त नै
शुरविर् सैन्य हुन् सारा तीर्थ नै ति प्रयागको
पापैका फौजको ध्वस्त गर्न निम्ति ती झन् अहो
८०७

रहन्छन् युध्यमा धीर अनि फेरि प्रयागको
सिंहासन अनि सुन्दर् संगम हो त्रिवेणीको
मुनिका मन् पनि मोह पार्ने सुन्दर छत्र यो
अक्षय वट हो फेरि दुवै चमर हेरू जो
८०८

निर्मल् तरंग हो गंगा-यमुनाको मनोहर
दु:ख दारिध्रको नाश हुन्छ दर्शनले फिर
भित्र बाहिर नै शुद्ध निर्मल संत हेरू ता
दासहुन् पुण्यका भागी सारा ती तीर्थराजका
८०९

पाउँछन् तिनी साराले सेवाले तीर्थराजको
मन चिन्ते कुरा सारा अष्ट सिद्धि समेत जो
प्रयाग राजका बन्दी वेद शास्त्र पुराण हुन्
बिमल गुण गाथाको गान हर्दम गर्दछन्
८१०

पाप पुञ्जरूपी ठुलो कुञ्जरैका निमित्त जो
सिंह स्वरूपी नै जस्ता भएका तीर्थराजको
प्रभावहरू ती सारा भन्नको सक्दथ्यो नर
गर्दैमा दर्शनै सारा नाशिन्छ पापको जड
८११

यस्ता राम्रा तीर्थका राज देखि
सुखका सिन्धो नाथ श्री रामले की
पाऊनु भा सौख्य आनन्द भारी
फेरि ताहाँ दु:ख दारिद्र्य हारी
८१२

आफ्नै श्रीमुखले रघुपतिजीले तीर्थै पतिको पनि
प्रशंसा गर्दै सीता र लक्ष्मुमन् निषादलाई भनी
सुनाऊनु भयो र फेरि प्रभुले गर्दै प्रणाम अनि
बधैंचा बन हेरदै खुसी भइ उल्लास गद् गद् बनी
८१३

महात्म्य बर्णन् गरर्दै प्रयागको
एवं रितिले नजिकै पुगेर जो
गर्दा स्मरण मात्र पनि सबै सुख
दिने त्रिबेणी कन हेरदै खुब
८१४

आनन्दित भएर राघबजीले गर्नु भायो स्नान ता
गर्नुभो शिवको पुजा पनि तहाँ खुसी भई फेर ता
बिधि पुर्बक तीर्थ देव हरूको गर्नु भयो पुजन
मन्मा हर्ष भएर रामजी अनि लक्ष्मण् सीता लिकन

८१५

भारद्वाजको जानु भो सामुमा नै
नुहेरै अनि भक्ति औ प्रेमले नै
ऋषिको गरी दण्डबत् भाइ साथै
प्रिया साथमा लि हुनु भो खडा नै

८१६

प्रणाम गर्न लागेका रघुनन्दनलाई ता
उठाएर भारद्वाज मुनिले खुसी साथ ता
लगाई छातीमा राखे मुनिका मनको सब
आनन्द बर्णन गर्न सकिदैंन अहो ! अब

८१७

ब्रम्ह - आनन्दको थुप्रो प ाएका सरि नै गरी
भारद्वाज भए राम देखेर खुसी बेसरी
दिए मुनिशले रामलाई आशिष प्रेमले
मानौं बिरञ्चिले सारा पुण्यको फललाई रे

८१८

प्रत्यक्षदेखा परी नेत्र सामुमा
ल्याई दिएको पनि हो कि ठाउँमा
भन्ने बिचारी कन चित्तमा पनि
अपार आनन्द खुसी भए तिनी

८१९

गरेर कुशल प्रश्न भारद्वाज मुनिशले
दिएर आशन पूजा गरेर अति हर्षले
गराए प्रेमले पूर्ण भगवन् रामजी कन
अनि अमृत भैं कन्द मूल फल् अंकूरैकन

८२०

चढाए रामजीलाई ल्याएर अति हर्षले
सखा औ लक्ष्मण सीता सहित रघुनाथले
मीठो मानेर नै सारा खानु भो कन्दमूल ती
थकाई मेटिदा सारा हुनु भो सुखी रामजी

८२१

अनि भारद्वाज मुनि अघि सरी
लागे बचन् बोल्न मीठा मधुर् गरी
आजै प्रभो ! देख्न हजुर पाउदाँ
मेरो तपस्या सब धन्य भो अहा !

८२२

तपस्या तीर्थ औ सेवा बिषय परित्याग भो
योगाभ्यास र बैराग्य जप ध्यानहरू भयो
भए सफल ती सारा मेरो आज दयानिधे
सबै कल्याणकारी ती साधना जति छन् हरे !

८२३

भए सफल हे नाथ ! अब अर्को कुनै पनि
लाभको छैन है सीमा सत्य भन्दछु यो अनि
सुखको अबधी छैन अरूता अब राघब
प्रभु दर्शनले मेरो इच्छा पूर्ण भयो सब

८२४

ममाथि करूणा राखी भगवन् अब फेरी ता
मन चिन्ते वरदान बक्सियोस मलाई ता
माग्दछु प्रभुमा पाउ कमल्का मकरन्दमा
मेरो मन् भ्रमरा जस्तै रहोसं बनी साथमा

८२५

मनसा कर्मणा बाचा छल छाडी जहाँ तक
हुदैंन प्रभुको दास मानिस त्यहि नै तक
गरेपनि अरू कोटि उपाय हेरूता हरे
स्वप्नामा पनि तेस्लाई सुख केहि हुदैन रे

८२६

सुनेर मुनिको बिन्ति संकोचित् रघुनाथ ता
हुनु भो , अनि सामुमा जो थिए हरूफेर ता
मुनिको भाव औ भक्ति देखेर चित्तमा सब
आनन्दले परिपूर्ण भए सकल जन् तब

८२७

अनि रामजीले पनि तब
मुनिका सुन्दर किर्ति ती सब
भनि फेरी अनेक भाँतिले
सबका साथ सुनाई भक्तिले

८२८

मुनिका सँग भन्नु भो अनि
जसलाई गुरूजी हजुर् पनि
दिनु हुन्छ दया र आदर
त्यहि नै सब् गुण हेरू पूर्ण र

८२९

त्यहि हुन्छ ठुलो जगत् भरी
भनि यस्तै रितिले दुवै थरी
रघुनाथ र ती मुनिशले
बिनय आपसमा गरेर रे

८३०

बिनति नम्रता गर्न लाग्नु भो , अरूजन् सब -
- बाणी अगोचरै सुखको लागे गर्न अनुभव
पाई खबर यो सारा प्रयाग बासी ती सब
ब्रम्हचारी बटु सिद्ध तापसी र मुनि तब

८३१

उदासी हरू ती सारा भगवन् रघुनाथको
दर्शन् गर्न भनी आए कुटिमा मुनिराजको
प्रणाम गर्नुभो सारालाई श्री रघुनाथले
पाएर नेत्रको लाभ भए हर्ष समस्त रे

८३२

परमानन्द पाएर साराले रघुनाथमा
दिएर आशिष फेरी सुन्दर्ताको सराहना
गर्दै गर्दै फिरे सारा निज आश्रममा पनि
त्यो रात त्यहि बिश्राम गर्नुभो रामले अनि

८३३

बिहान चाडै गरि स्नान तीर्थमा
जनक्सुता भाई निषाद साथमा
प्रणाम गर्दै मुनिलाई हर्षले
भएर आनन्द र मग्न प्रेमले

८३४

जान लागेर ता फेरि प्रेम पुर्वक - रामले
मुनिलाई प्रभो ! आज्ञा हओस् कुन तर्फ रे
जाऊँ कहाँ र कुन् बाटो म?भनी सोध्नुभो तहाँ
भारद्वाज पनि फेरी हाँसेर भित्र मन् महाँ

८३५

हजुर्लाई सबै बाटो सुगम् छन् करूणा निधे
बिनय गरि यो उत्तर् दिएर अनि फेरी रे
रघुनाथजीको साथै जानको निम्तिमा पनि
आफ्ना शिष्यहरूलाई बोलाए मुनिले अनि

८३६

आज्ञा सुनेर त्यो मन्मा भएर अति हर्षित
आए तुरून्तै ती सारा पचासौं शिष्य फेरि त
अपारको थियो प्रिति राम माथि समस्तको
'देखेको छ सबै बाटो मैले धेरै ' भनेर पो

८३७

भन्दथे ती सबै फेरि भारद्वाज मुनिशले
अनेक जन्मा ठुलो प्रेम भक्ति र धर्म रे
गरेका जसले धेरै थिए , चार उनै तिता
दिएर साथका निम्ति आवाल ब्रम्हचारी ता

८३८

प्रणाम गर्दै रघुनाथजी पनि
पाएर आज्ञा मुनिका सबै अनि
पाल्नु भयो राम प्रसन्न चित्तले
गरेर आफ्ना जनलाई धन्य रे

८३९

जाँदा जाँदा कुनै गाउँ नगीचै जब रामजी
पुग्नुहुन्थ्यो अनि तेसै बेलामा गाउँका जति
नर नारीहरू सारा बाल बृद्धहरू पनि
कुदेर दौडदै आई दर्शन गर्दथे अनि

८४०

जन्मको फल पाएर सनाथ भई ती सब
प्रभुकै साथमा चित्त पठाएर अनि तब
बिकल भई फर्कन्थे देखेर रूप रामको
गाएर गुण सौमित्रि सीता श्री रघुनाथको

८४१

अनि रामले नम्रता साथ फेरि
बटु ब्रम्हचारी हरूलाई हेरि
बिदा गर्नु भो प्रेमका साथ मानै
तिनीहेरू आफ्ना मनोरथ् समानै

८४२

फर्किर बर पाएर अनि श्री रामले पनि
पारी पुगेर जल् जो ता प्रभुको गाथझैं पनि
श्यामबर्ण थियो सोहि जलमा स्नान नै गरी
मिटाउनु भयो सारा श्रम स्वच्छ भई हरि

८४३

अनि रामको भो सवारी भनेरै
खबर् पाउँदा यो खुसीले रमेरै
यमुना किनारा हरूमा रहेका
पुर ग्राम बासी हरू जे भएका

८४४

प्रेम उन्मादले सारा त्यजेर निज काम नै
बाल बृद्ध युवा नारी नरहेरू समस्त नै
कुदे ती खानी पाए झैं रामको गर्न दर्शन
सौन्दर्य राम सीताको देखेर त्यो अनुपम

८४५

प्रशंसा गर्न लागे ती आफ्नो नै भाग्यको सब
जानकी रामको पाई दुर्लभ् दर्शन नै तब
रति मदनको हर्ने मदलाई पनि अहो !
मनोहर थियो शोभा सीता र रघुनाथको

८४६

नील पद्मसरी कोमल सुन्दर्
पाउपद्म प्रभुको छ मनोहर
गुल्फ सुनदर सुकोमल खास
पद्मको बिच गटा सरीको छ
८४७

पाउका मुनि ध्वजा अनि माछा
स्वस्तिका कमल अंकुश खासा
चक्र औ यव कुलिश र जो त्यो
अष्टकोंण र अनि धरको भो
८४८

चिन्हछन् मृदु मनोहर हेर
पात भैं कमलको भइ फेर
अंगुलो छ प्रभुको सु - मनोहर्
नख् मणि छ जसमा अति सुन्दर्
८४९

छन् पिडौंलि प्रभुका दुई खास
डाँठ भैं कमलका बिच साफ
जानु सुन्दर मनोहर हेर
चित्त हर्छ जनको पनि धेर
८५०

थाम भैं शरीरको भइ खासा
जाँघ हर्छ भवका यी तमासा
गुल्फ देखि कटि सम्म रहेको
पीत बस्त्र अति नै छ खिलेको
८५१

सुन्दरै सिंडी सरी सरको जो
पेट हो त्रिबेलि पारी मिलेको
नाभी त्यो मृदु मनोहर ता है
बीच भागिरथिको भमरी भैं
८५२

नाभि देखि अनि पुष्ट बिशाल
छाती सम्म पुगी रोम कमाल
चित्त हर्छ सबको गरी मोह
विश्वको दुर गरी सब रोग
८५३

पुष्ट औ अति बिशाल छ छाती
कौस्तुभै र मृगु चिन्ह छ साथि
कण्ठि त्यो तुलसीको पनि फेर
हर्छ चित्त जनको ठगी धेर
८५४

रामका हृदयमा रहीं भन्दै
पुष्पको अनि मिठो छरि गन्धै
मालिका कुसुमको पनि हेर
भुल्दछे गरि रवाफ जमेर
८५५

काँध देखि कटि सम्म पुगेको
नील ओढनि छ फेरी भुलेको
भल्किने गगनमा बिजुलि भैं
काँधमा पित जनेउ छ तीं है
८५६

शंखकै सरि भइ तिन धर्का
भै सुशोभित खिलेर गजब्का
घाँटि छन् मृदु मनोहर हेर
मेघ भैं स्वर गम्भिर धेर
८५७

लाल माणिक सरि भइ लाल
ओठ छन् नरम सुन्दर लाल
दन्त सुन्दर मनोहर खासा
दाडिमै लहर गर्दछ माथ
८५८

छन् सफा नरम टम्म मिलेका
जो हिरा सरि भफल्कि रहेका
सार कान्तिहरूको लिई फेर
भारले गरि भुकिकन धेर
८५९

शोभिदो छ चिउँडो नुहि हेर
भक्तका सकल चित्त खिचेंर
श्री मुहार भरीको रखबारी
गर्नलाई भनी नित्य तयारी
८६०

भै चलाख अति नाक सदा जो
बीचमा भई रहेछ खडा पो
पुष्ट लाल र सुकोमल गाला
नील लाल भई जो छ निराला
८६१

लाल पद्म सरि सुन्दर आँखा
चन्चले मिन सरि छ चनाखा
टेढिई धनु सरि भई हेर
हर्दछन् भउँहरू मन धेर
८६२

भक्तको सुनि पुकार सदा रे
जो सफा सिपि सरि छ खडा रे
कान सुन्दर मनोरह खासा
सुन्दछन् बिनय भै ति चनाखा
८६३
पुष्ट औ अनि मनोहर भाल
नील अम्बर सरि छ बिशाल
पीत केशरी सुगन्ध मिलेको
बिन्दु फेरि त्यसमाथि सजेको
८६४
नील बीच नभमा शशि तारा
झैं सुशोभित हुँदोछ निरला
माथमा मुकुट कै गरि भान
छन् सुशोभित जटा गरि शान
८६५
विश्वको सकल सुन्दर चीज
आइ आई खनिइ कन बीच
माथ देखि प्रभुको पद सम्म
ढाकिएर सजिइकन टम्म
८६६
कान्तिले रवि सरि भइ सारा
शोभिदो छ भइ हेर निराला
पूर्ण चन्द्र सरिका सुकुमार
छन् मनोहर कयौं सरि मार
८६७
कोटि सूर्य समानका किरणले आफ्नो फिजाई छटा
श्री लक्ष्मण् र जनक्सुता र गुहजी साथै रघुनाथ ता
सामुमा हुनु भो खडा जब अनि सारा नरै नारीले
आफ्नो जन्म सफल् बनाई प्रभुको दर्शन् गरे प्रेमले
८६८
ती साराको थियो मन्मा रहेको लालसा अति
'प्रभुको नाम औ देश के कहाँ हो ? ' भनेर की
मान्दथे मनता सोध्न-लाई संकोच ता अति
थियो खल्बली ता मनमा को होलान् यी ?भनेरकी
८६९
जो थिए अनि ता तिन्मा बयोबृद्ध चतुर रे
रामलाई चिने तिन्ले जुक्ति बुद्धि गरेर रे
अनि सकल बृत्तान्त सुनाए सबलाई ता
'पिताको नै मिलि आज्ञा बन जान भनी यि ता
८७०
आएका हुन् सबै ऐले ' भन्ने हाल सुनेर यो
भए बिषादले युक्त सारा मानिस ती अहो !
पछुताउन लागे ति 'राजा र रानीले पनि
गरेनन् असलै काम ' भन्न लागे सबै अनि
८७१
तेसै बखतमा यौटा तेज पुञ्ज समानको
किशोर बयका सुन्दर् मनाहर अतिबको
चाल चलन लख् गर्न नसक्ने कविले पनि
भेष्ले बैरागी नै जस्ता मन्‌बाणी कर्मले पनि
८७२
प्रेमी भएका रघुनाथ पाउमा
आए तपस्वि पनि तेस ठाउँमा
आपन्ना पियारा रघुनाथजी कन
चिन्हेर आपन्ना प्रभु हुन् भनी कन
८७३
ती बाल योगीको नेत्र जल पूर्ण भए अनि
रोमाञ्चले परिपूर्ण भए गाथ हरू पनि
लहुरो तेर्सिए जस्तो ढले तिनी जमीनमा
तिनको भक्ति बिव्हलता सकिन्न भन्न लोकमा
८७४
प्रेमका साथ रोमाञ्च भएर रामले पनि
आलिंगन बटुलाई गर्नु भो हर्षले अनि
परम् दरिद्रले पारस् मणि पाए समानको
लाग्यो आनन्द तिन्लाई पाई दर्शन रामको
८७५
लागे सकल यो भन्न ' मानौं पर्मार्थ नै अनि
प्रेमले शरीरै धारण् गरेर खुसीले पनि
हो कि है भेट नै गर्न लागेका ती परस्पर'
भनेरै प्रेममा मग्न भए देख्न सबै नर
८७६
सौमित्रिको परे फेरि चरणपद्ममा तिनी
प्रेम उर्लेर आयो र तिन्लाई प्रेमले अनि
सौमित्रिले उठाएर टाँस्नु भो हृदयै महाँ
चरण रेणु सीताको तिनले फेरि माथमा-
८७७
- राखे जगतकी आमा सीताले बालकै भनी
जानेर पुत्र सम्झेर दिनु भो आशिषै पनि
अनि निषादले बाल बटुकलाई प्रेमले
गरे प्रणाम ता पाउ पद्म माथि झुकेर रे
८७८

राम चरणको प्रेमी देखेर अति प्रेमले
आलिंगन गरे तिन्ले गुहलाई समते रे
सुधा सदृश नै राम रूपलाई तपस्विले
आफ्नो नेत्र पुटैबाट पिउँदामा उमंगले
८७९

दरिद्र जनहेरूले पाई असल भोजन
रमाए झैं परम् हर्षित् भई आनन्द भैकन
राम लक्ष्मण सीताको रूप देखेर हर्षले
नर नारीहरू ब्याकुल् हुन्थे अतिब दु ःखले
८८०

गर्दथे यो कुरा नारीहरू आपसमा अनि
हे सखी ! जसले यस्ता बालकै हरूलाई नि
पठाए घोर जंगल्मा ती आमा बाबु हेरू ता
भनन सखी हो ! होलान् कस्ता निष्ठुर क्रुर ता
८८१

अनि रामजीले मित्र गुहलाई पनि सब
अनेक थरिको शिक्षा अर्ति बक्सनु भो तब
आज्ञा रामजीको शिर्मा चढाएर नुहि स्वत
आफ्ना भवनका तर्फ गए फेरि निषाद त
८८२

सीता राम र लक्ष्मण्ले हात् जोडी अति हर्षले
प्रणाम गर्नु भो सुर्य पुत्रीलाई झुकेर रे
धरणीनन्दिनी साथै आदि राम र लक्ष्मण
यमुनाको गरी धेरै प्रशंसा खुसी भै कन
८८३

जंगलतिर जानु भो बाटोमा हिडदा अनि
अनेक बटुवा हेरू भेटिन्थे फेरी ती पनि
ती दुवै भाइ देखेर भन्दथे प्रेम साथ यो
हजुर हरूका नाथ ! गाथहेरू समस्त यो
८८४

राज लक्षणले युक्त भएको देखँदा महाँ
प्रभो !अतिव नै दु ःख लाग्दछ आज चित्तमा
हामी सदृश नै सारा बाटोमा पैदलै हरे !
सवारी हुन्छ हे नाथ ! कोमल पाउ पदमले
८८५

हाम्रा बिचारमा ज्योतिष् - शास्त्रहेरू पनि सब
लाग्न लाग्यो झुटो नाथ !आज्ञाहोस् प्रभुनै अब
ठुला भीषणका पर्वत् दुर्गमै बन हेरूको
मार्ग अगम छन् फेरी तेस्माथि प्रभु हेरूको
८८६

साथैछन् कोमला नारी सुकुमारी मनोहर
सिंह र हात्तिले पूर्ण वन यो छ भयंकर
आज्ञा हुन्छ भने हामी साथमा आउँछौं सब
सवारी प्रभुको हुन्छ जहाँ सम्म तेहिं अब
८८७

पु-याएर खुसी साथ प्रभो ! हजुरलाई हा !
गरी प्रणाम हे नाथ फर्कौंला हामी फेरि ता
एवं प्रकारले प्रेम बस भैकन हा ति ता
अश्रु पूर्ण भई नेत्र देह रोमाञ्च पारी ता
८८८

प्रेमी पथिक सारा ती सोद्धथे अति दु ःखले
दीन बानधब श्री राम नम्र कोमल साथले
बोलि फर्काउनु हुन्थ्यो ती सबैलाई प्रेमले
फर्कदैं हेरदै फिर्थे ति पनि पर सम्म रे
८८९

रामको बनमा जाने बाटोमा न गरै अनि
गाउँ आश्रम औ फेरि पर्थे जो शहरै पनि
सह्राउथे तिनै लाई अमरा बती औ अनि
भोग बती पनि फेरी धन्य भाग्य भनेर नि
८९०

'धर्मात्मा कुनले धन्य - वाद पाउन निम्तिमा
पुण्य मय नगर् गाउँ हरू यि शुभ ठाउँमा
कुन साइतमा फेरी बसाएका हुनन् ' भनी
गर्थे तारिफ ती सारा नगरै गाउँका पनि
८९१

जहाँ जहाँ चरण पंकज रामजीको
पुगथ्यो अनि सुरपुरी पनि ती सरिको
छैनन् ठुली अनि पछि रघुनाथका जो
हिड्ने सुपन्थ नगिचै पुर गाउँमा जो
८९२

जो पुण्य पुञ्जरूप् प्राणी थिए तिन्लाई स्वर्गको
निवासी देवता आदि सराहि भन्दथे आहा !
सीता लक्ष्मण संयुक्त मेघ झैं श्याम सुन्दर
रघुवंश मणि दीन दयालु गुण मन्दिर
८९३

भगबन् रामजीलाई जो आँखा भरी हेरन -
-पाउँछन् ती सबै प्राणी धन्य हुन् धन्य ती जन
जुन तलाउ औ ताल पोखरी नदि बीचमा
रामजी गरनु हुन्थ्यो स्नान सीता सहितमा
८९४

मानस् सरोवर देव सरिताले पनि सदा
सह्राउथे ती सब्लाई 'धन्य धन्य' भनेर ता
बृक्षको जुन छाँयामा गएर रघुनन्दन
राज हुन्थ्यो त्यहि बृक्षलाई 'धन्य 'भनीकन
८९५
कल्प बृक्ष पनि गर्थ्यो प्रशंसा प्रेमले अनि
पराग छुन पाएर पाउपंकजको पनि
ठान्दथिन् बसुधा आफ्नो भाग्यलाई ठुलोभनी
पाउँदा प्रभुको दर्शन् धन्य भो लोकनै अनि
८९६
छाया गर्थे मेघ छाता समान
पुष्पै बृष्टि गर्दथे देव जान
गर्थे योगी सिद्ध सारा प्रशंसा
गाना गर्थे किन्नरै हर्षले ता
८९७
मिर्ग पक्षी - हेरदै - वन् पहाड
लाग्नु हुन्थ्यो मार्गमा दीन् दयाल
जाँदा जाँदा नाथ ! गाऊँ नगीच्मा
पुग्नु हुन्थ्यो भाइ सीता सहित्मा
८९८
जाँदा ताहाँ पाउँदा हाल यी ता
सारा नारी बाल बृद्धै पनि ता
घर्को धन्दा छोडी सारा तुरून्तै
'पुग्नु होला राम ता फेरि अन्तै
८९९
भन्दै सारा कुद्थे ती खुसीले
जस्ता हालत्मा ती थिए उहि रे
कोहि यौटै मात्र बाटी कपाल
छोडी यसै दौडिइन्थे बिहाल
९००
बच्चालाई काखको फालि झट्ट
कुद्थे कोहि हाम फालेर सट्ट
टेक लौरो काँपदै फेरि कोहि
भन्दै हिड्दै 'रामजी खोइ खोई'
९०१
चुल्हामाहा कोहि थिए बसेको
राम आए यो सुनी ता भनेको
दौडन्थे ती काम छाडेर सारा
हेरौं भन्दै राम सीता पियारा
९०२

राम लक्ष्मण सीताको रूप देखेर प्रेमले
नेत्रको फल पाएर खुसी हुन्थे समस्त रे
दुवै वीर रघुनाथलाई देखेर सब् जना
रोमाञ्च युक्त भै देह नेत्र सजल भै झन
९०३
भए आनन्दले मग्न अबस्था तिनको सब
सकिन्न बर्णनै गर्न अलौकिक् प्रेमको अब
थुप्रा चिन्ता मणि पाए सरि कंगालि दीनले
देखिन्थे परमानन्द तिनी हेरू समस्त रे
९०४
एकले अरको लाई बोलाएर खुसी भई
"लेउ नयनको लाभ छिनैमा तिमीले गइ"
दिन्थे अर्ति सबै यस्तो अनि कोहि प्रभुकन
देखेर प्रेमले युक्त आनन्द मग्न भैकन
९०५
जान्थे हेर्दै प्रभुलाई साथ लागेर हर्षले
कोहि नयनको बाटो गराई अति प्रेमले
ल्याएर रामको शोभालाई हृदयमा पनि
शरीर मन बाणीले हुन्थे बिव्हल ता अनि
९०६
बटको रूखको राम्रो छाँया देखेर कोहि ता
ती कोमल् नरम पुष्प पात बिच्छाइ फेरि ता
रामका साथ "हे स्वामी ! बसेर छिन ता यहिं
श्रम हर्नु हओस् आजै सवारी हुन्छ भोलि की
९०७
भन्दथे प्रेमले फेरी हात जोरेर कोहि त
गाग्रो भरी भरी पानी ल्याएर भई हर्षित
"पिउनु होस यो नाथ" भन्दै नरम बोलिले
गर्थे बिन्ति कृपासागर् सुशील रघुवीरले
९०८
तिनको प्रिय बाक्य ती सुनी
पिरती देखि अलौकिकै पनि
थकितै अधिकै भइन् प्रिया
पनि भन्ने मन भित्र सम्झि ता
९०९
बिश्रामै घडी एक सम्मबटको छाँया मनि गर्नुभो
सारा ती नर नारी हर्षित भइ शोभा प्रभुहेरूको
लागे हेर्न अपारका छवी अहो ! अनुपमै रूपले
साराका मन नेत्र लोभिन गयो आनन्द औप्रेमले
९१०

श्री रामका मुख रूपी चन्द्रका सब
छवी महा च्याखुरी नै बनी तब
भएर चित्रै सरि एक नाशले
घेरेर हेर्थे सब लोभिएर रे
९११
तमालका बर्ण शरीर सुन्दर
शोभा सबै रामजीको मनोहर
देख्दा महा कोटि अनंगको पनि
मोहित हुन्थ्यो मन लोभिएर रे
९१२
गोरो र सुन्दर् बिजुलि समानकै
सौमित्रिको गाथ थियो अनंग झैं
माथि शिखा देखि लिएर पादका
थियो अति सुन्दर नग् समेत ता
९१३
गर्ने हरण् चित्त समस्त लोकको
किशोर रूपै दुइटा धरेर पो
आए सरि सुन्दर काम देव नै
शोभा फिँजारीकन आफ्नो सबै
९१४
थिए दुवैले मुनिका समान नै
बल्कल् गरी धारण गाथमा सबै
ठोक्रो कटिमा भिरि फेरि सुन्दर
बिशाल बाहु हरूमा मनोहर
९१५
थिए धनुर्बाण हरू सुशोभित
श्री माथमा फेरि भएर शोभित
मुकुट् जटाको पनि ता मनोहर
थियो फिंजी कान्ति भएर सुन्दर
९१६
लोचन् - थिए - फेरि - बिशाल बाहु रे
बक्षस्थलै सुन्दर चिन्ह पाउले
मुहारमा मन्द फिंजेर हास्य नै
शोभा बढाएर अपुर्बको अझैं
९१७
अतिव सुन्दर् शरदर्तु शुक्लका
पूर्णोपमा छन् शशि पूर्णिमाका
झल्केर फेरी श्रम बिन्दु गाथसा
शोभित् भएको फिजी कान्ति साथमा
९१८

ती मनोहर जोडीको ब र्णन् गर्न सकिन्न रे
शोभा धेरै अगम् मेरो बुद्धि थोरै छ जान रे
राम लक्ष्मण सीताको शोभा रूप मनोहर
लगाई मन औ बुद्धि हेर्न लागे सबै नर
९१९
पारेर एक टक् आँखा उल्लास र उमंगले
प्रेम प्यासा भई सारा नारी पुरूष हर्षले
बिर्सिए देहको भान प्रेम मग्न भएर ता
स्थिर चित्र सरि प्राणी भए सारा रमेर ता
९२०
भएका खडा बत्ति देखेर जाई
हरिणी तुल्य नै भै रमाई
प्रभुलाई देखेर आनन्द पर्दै
भए ती थकित् उभिएरै त जम्बै
९२१
गाँउका रमणी सारा सीताका नगीचै महाँ
जान्थे अत्यन्त नै स्नेह युक्त भै कनमन्महाँ
मान्दथे तर संकोच सोध्नलाई भने सब
तिब्र इच्छा थियो मन्मा को होलान् यी भनीत ब?
९२२
सीताको चरणमा झुकी शिरलाई
सबै ग्राम नारी हरूले रमाई
स्वाभाविक् मिठो औ नरम् बोलिले नै
सबै भन्न लागे बढो प्रेमलेनै
९२३
बिन्ति राजकुमारी हामीहरू ता गर्छौं खुसीले सब
चाहन्छौं पनि सोध्न नारीहरूका स्वभावले नै अब
डर्दछौं तर सोध्न स्वामीनी सबै हाम्रा भयो भूलयो
क्षमा गर्नु हओस हामी हरूमा राखी ठुलो स्नेह पो
९२४
हामी सबैलाई गँबार जानी
खराब भन्ने मनमा नठानी
दया गरी सुन्दरी हामीलाई
आज्ञा हओस् हाल सबै बुझाई
९२५
हुनुहुन्छ सहज् सुन्दर् यी दुवै राजपुत्र ता
सुबर्णले र पन्नाले यहाँ कै गाथबाट ता
हुनुपर्दछ पाएका शोभा सुन्दर ता ठुलो
कन्दर्प नै फिका हुन्छन् भै यिन्का पाउको धुलो
९२६

किशोर बयको फेरि दुवैको एक श्याम र
एक गोरो हुनु हुन्छ लोचन सुख सागर
शरद्को शशि भैं राम्रो मुहार छ मनोहर
शरद्का पंकज जस्तै आँखा छन् अति सुन्दर
९२७

सुमुखी कोटि कन्दर्पलाई शरिर कान्तिले
लज्जित पारीदिने बीर को हुन् हजुरका यि रे
प्रेम भरी कुरा यस्तो सुन्दा संकोचितै भई
झुकाई शिर सीताजी हाँस्नु भो लज्जितै भई
९२८

सुवर्ण बर्णा सुकुमार जानकी
ती ग्रामिणि स्त्री हरूलाई हेर दी
लाग्नु भयो हेर्न बसुन्धरा तिर
संकोच दोटै तिरको भई फिर
९२९

हुनु भयो धर्मर के जवाफ यो -
नदिनु - कसोरी - नदिनु पनि ? अहो
भनेर दोधार बिषे परी हरे
माथैं झुकि लज्जित नै भएर रे
९३०

बाल हरिणका जस्तै भएका सुन्दरै नयन्
कोकिल् बादिनी सीताले संकोचित भएरभन्
प्रेम साथ मिठो बाणी बोलि नरम कोमल
आज्ञा भो ति सबै लाई गरी आदर निश्छल
९३१

स्वभावैले सुन्दर कान्तिमान
उज्वल् गोरो गाथ जसको छ जान
वहाको हो लक्ष्मणै नाम हेर
मेरो देवर् हुन् भनी जान फेर
९३२

यस्तो वोलि जानकीले अनि ता
पछ्यौरीका छेउलले नै पनि ता
आपन्नो चन्द्र तुल्य मुख्लाई ढाकी
टेढो पारी भौ दुवै ता चनाखी
९३३

खञ्जन् चराकै सरि नेत्रले फिर
ताकेर छड्के गरी रामजी तिर
स्वामी तिर्नी हुन् भनी शानले अनि
सीता सबैलाई चिन्हाउदै पनि
९३४

गराउनु भयो परिचय पनि आपन्नो पतिको जब
तेस्तो जानकीको मनोहर सरल् देखेर बाणी तब
गाउँका युवतिजनैहरू सबै कंगालिले रत्नको
थुप्रो सोरन पाउदाँ सरि भए अत्यन्त नै हर्ष पो
९३५

अत्यन्त प्रितिसाथ ग्राम रमणी हेरू अति हर्षले
सीताका पदपद्मा झुकी सबै आनन्दका साथ रे
नागेश प्रभु शेषका शिर बिषे जहाँ तकै पृथ्वी यो
बस्ने छन् त्यहि सम्म नै हजुर ता भएर सौभाग्य पो
९३६

हुनु होला भाग्यमानि अति रे
गाउने छन् किर्ति सारा कति रे
गर्दै यस्तै बिन्ति आशिष धेर
पाउ पर्की जानकीको रमेर
९३७

पतिव्रता शैलसुता समानकी
भएर देवि सब हामी माथि की
दया र फेरि ममता गरेर ता
न छाड्नु होला अब स्नेह फेर ता
९३८

बाटो गरी येहि पछाडी फेर ता
हजुर हेरू फिरनु भएर ता
हामीहरूलाई दिएर दर्शन
गराउदै धन्य समस्त लोचन
९३९

देवी दया राखनु होस है भनी
गर्छौं चरणमा पनि बिन्ति आज नि
दासी भनी सम्भनु होस है भनी
पुकार गर्छौं सब पाउमा पनि
९४०

ग्राम नारी हरूलाई सब प्रेमा भिलाषिणी
देख्नु भयो र सीताले बार्बार प्रेमले पनि
चन्द्रिकाले गरे जस्तो प्यारो कुमुदिनी कनै
प्यारो गरेर सब्लाई बोलेर मृदु बोलि नै
९४१

पार्नु भयो सबैलाई प्रशन्न पनि फेर ता
मन्साय रामको जानी श्री लक्ष्मण उठेर ता
सोध्न लाग्नु भयो बाटो ती साथै मृदु बोलिले
सुन्नाका साथ लक्ष्मणका कुरा ती नर नारीले
९४२

जान लागे भनी जानी भए दु :खित सब् तहा
सिरिंग भो शरिर् सब्को भरियो जल नेत्रमा
मेटियो तिनको हर्ष मन भो धमिलो पनि
मानौं पैले दिई खानी दैवले पछि ता अनि
९४३
लिए की फेरी खोसेर भने सरि भए तहाँ
कर्मको गति सम्झेर सबैले फेरि मन्महा
धैर्य धारी गरी सोच सजिलो मार्ग ता अनि
बताए प्रभुजीलाई परेर पाउमा पनि
९४४
सीता र सौमित्रि लिएर ता अनि
सवारी भो जंगल तर्फ राम नी
ग्रामै निवासी हरूलाई प्रेमले
फर्काउनु भो प्रिय बोलिल बात रे
९४५
तथापि सब्का मन चित्तलाई ता
लिएर साथै प्रभु जानु भो नि ता
पछाडी फिर्दा नर नारी ता सबै
दु :खी भए हा ! पछुताउँदै कठै
९४६
दु :खी भई ति मनमा बिचारी रे
दिन्थे सबै दोष त दैव माथि रे
बिसादले युक्त भई सबै अनि
यो गर्दथे आपसमा कुरा पनि
९४७
बिधाताको सबै काम उल्टो छ बुझ लोक हो
बिल्कुल् निरंकुशै निष्ठुर् छन् निशंक त दैव पो
गरायो क्षयको रोगी जसले चन्द्रलाई नै
कलंकीत गराएर लोकमा अझ फेर है
९४८
जडरूख सरी पार्‍यो कल्पबृक्ष कनै पनि
गरायो जसले खारा सागरैलाई ता अनि
सोहि त्यो दैवले आज भएर अति निष्ठुर
राजपुत्र दुवैलाई पठायो बन भै क्रुर
९४९
यिनीहरू दुवैलाई जंगलै बास दैवले
दिएको हो भने सारा लोकका सुखभोगरे
बनाए ब्यर्थ नै फेरि पैदलै मार्गमा यि ता
कमलै तुल्य पाउले हिड्छन् पाद्त्राणको बिना
९५०
अनेक ना ना थरि बहानै त
हात्ती र घोडा सिबिका रथै त
ब्यर्थै बनाए बिधिले ती हेर
के काम तेस्को हुन गो र फेर
९५१
यिनीहरू घाँस र कुश पात
कडा जमीन् माथि बिछाई खास
सुत्छन् भने सुन्दर सेज फेर
ब्यर्थै बनाए बिधिले गमेर
९५२
यिन्लाई बृक्षै तल बास दैवले
दिएर फेरि महलै समेत रे
बनाउँदा ब्यर्थ भयो परिश्रम
ती चीजका काम यहाँ छ के भन ?
९५३
सुकुमार अति कोमल् सुन्दरै यिनि हेरूले
बल्कल धारणै गर्दै जटाधारी भएर रे
रहन्छन् यि दुवै बन्मा भने बिबिध भाँतिको
बिधिले बस्त्र औ भुषण् बनाए ब्यर्थ फेरि त्यो
९५४
खान्छन् यिनी हरू सारा कन्दमूल फलै भने
सुधा सदृशका मीठा लोकमा जति जो हुने
भो जनै गरिने चीजहरू ती ब्यर्थ भो अब
नलागे यिनकै काम के भयो र बनी सब
९५५
एवं प्रकारले गर्दै कुरा भन्छन् कोहि यो
स्वभावैले अति सुन्दर् भएका यिनीहेरू जो
भएका हुन् प्रकट् आफैं दैवले यिनी हेरूको
गरेनन् रचना यस्तो रच्न सक्छ र दैव जो
९५६
कानले सुनिने फेरि नेत्रले देखिने अनि
मनले सोचिने जहाँ सम्म नै वेदमा पनि
भनेका छन् बिधाताले गरेका सृष्टि यो सब
खोजेर भुवनै चौध हेरे ता पनि ती अब
९५७
परम सुन्दरै यस्ता नारी पुरूष छन् कहाँ ?
बिधाताले भए एकै मात्र रच्थे र के यहाँ ?
भए प्रकट यी आफैं यिन्लाई देखि दैवको
भयो हृदयमा प्रेम र अर्कै यी समानको
९५८

बनाउन भनी घेरै गरे कोशिश नै पनि
तर ठिक्क यिनै जस्ता भएनन् कोहिनै अनि
ल्याएर यि सबैलाई बनमा त्यहि रीसले
लुकाए आफ्नो सारा बचाई बदनाम रे
९५९

भन्दथे कोहि ता फेरि जान्दैनौ धे र यो कुरा
सम्झन्छौं परमै घन्य भनी आफु कनै पुरा
यिन्लाई जस्ले देख्यो देख्ने छन् पछि जो जन
जस्ले देखि रहेका छन् प्राणी ता जति ती छन्
९६०

हाम्रा बिचार बुद्धिमा धर्मात्मा ती त हुन् भनी
सम्झन्छौं लोक हो हेर भन्दथे कोहि ता अनि
प्रिय बाणी यसै रितले बोल्दै ती ग्राम बासी ता
अति नै कोमल गाथ सुकुमार सबै यि ता
९६१

अगम्यदुर्गमै बाटो हिड्छन् कसरी ? हा ! भनी
दु:खी भएर आँखामा भर्दथे आँसु ता अनि
चखेबी सरि सन्धयाका सुशोभित भएर ती
रमणी नै ती सारा भए ब्याकुल हा ! कति
९६२

कठोर दुर्गकै बाटो पाउ कोमल रामको
सम्झेर मुटुमा गाँठो पारेर ती सबै अहो !
प्रेम गद् गद भै लागे भन्न यो मृदुबोलिले
कोमल् लाल चरण् पद्म हुंदा भुमी पनि हरे !
९६३

संकोचित् हुनिन् हाम्रा हृदयै सरि नै अब
दैवले यदि यिन्लाई बन बास दिए तब
सुमनमय यो बाटो गरेनन् कोमलै किन ?
कोमल् चरण्ले हिड्छन् कसोरी मार्ग भिषण?
९६४

मागे जति कुरा सारा बिधाताबाट ता यदि
सखी हो !पाँइदो हो ता माग्दथ्यौं यो अबश्यकी
"यिनीहरू सबैलाई आपन्ना आँखा अगाडीमा
राख्न पाउँ सदा भन्दै हुन्थे ब्याकुल चित्तमा
९६५

त्यहि बखत्मा नर नारी जो ति
आई पुगेनन् प्रभुजी छँदैकी
दर्शन् सीता लक्ष्मण रामजीको
तिनीहरू लाई मिलेन नी पो
९६६

अत्यन्तै रूपवान छन् प्रभुहरू भन्ने सुनेरै अनि
ब्याकुलभैकन सोध्दथे सकल तीदेख्ने जनै साथ नी
भाई हो ! कुन मार्गबाट प्रभुजी पाल्नु भयो ?यो भन
दौडेरै गई मार्गमा प्रभुजीको मिल्ने छ की दर्शन ?
९६७

ऐले सम्म तिनीहरू कति परै होलान् पुगेका ? हरे !
भन्दै ती बलिया जतिहरू अनि दौडेर ता फेररे
भेट्टाइकन हेर्दथे खुसी भई फल् पाउँदै जन्मको
फकन्थे तिनीहेरू मग्न हुन गै आनन्दले पूर्ण पो
९६८

ती बाल बृद्धै अबला हरू जति
भेट्टाउनै लाई अशक्त भै कति
हात् माड्न लागे पछुताउदै सब
यस्तै रितिले रघुनाथको तब
९६९

हुन्थ्यो सवारी जुन ठाउँमा जब
हुन्थे चरण्का रत प्राणी नै सब
श्री सूर्यका बंश रूपी कुमुदका
निमित्तमा सुन्दर चन्द्र तुल्यका
९७०

देख्दा प्रभुलाई त गाउँ गाउँ त्यो
हुन्थ्यो परम् हर्ष भनौं कसोरी पो
सुनेर मात्र पनि हाल ता हरे
भइ कति मानिस ता बिहाल रे
९७१

लगाउँथे दोष नरेश रानीमा
भन्थे कुनै फेरि यसोरी साथीमा
दिएर हामी हरूलाई नेत्रको
लाभै - गराए - जसले कृतार्थ पो
९७२

ती भुपले काम गरे अति भलो
के पाउँथ्यो दर्शन नत्र रामको
एवं रितिले नर नारी ती सबै
गर्थे कुरा आपसमा यहि सबै
९७३

स्नेह औ प्रेमले युक्त कुरा सुन्दर गर्दथे
भाग्यमानि भयौ हामी भनी गद् गद् पर्दथे
भन्दथे कोहि ता फेरि "जन्मायो यिनलाई" ता
जसले ती पिता माता धन्य हुन धन्य हुन् तीता
९७४

जहाँबाट यिनी आए देश त्यो धन्य हो अनि
जान्छन् फेरि जहाँसम्म त्यो पुरी ठाउँ त्यो पनि
पर्वत् जंगल औ गाउँ हुन्छन् धन्य सबै अब
हर्नेछन् लोकका पाप बनेर तीर्थ नै सब
९७५
यिनका चरणरबिन्दको
जुन ती स्नेही बिरञ्चिले अहो !
यिनलाई रचेर लोकमा
सुख पाए अति हेर चित्तमा
९७६
रघुनाथ प्रवासको कुरा
नगरै गाउँ विदेशमा पुरा
फिँजीयो प्रभु जानु भो जहाँ
बनका मार्ग भरी जहाँ तहाँ
९७७
यहि रित गरेर रामको
ति कुरा जंगल बास खासको
सब देश विदेश सम्म नै
फिंजी यो आदि र अन्त्य टम्म नै
९७८
बाटामा यहि रितले रघुकुलै कमल दिवाकर
श्रीराम्‌जानकीले र लक्ष्मणजीले शोभित् भएरै फिर
बाटाका सब लोकलाई परमै आनन्द गर्दै अनि
पाल्नु भो वन तर्फ नै खुसी हुदै हेर्दै सबै वन् पनि
९७९
अघाडी रघुनाथ लक्ष्मण पछि तापस् सरि भेषले
दुवैका बीचमा फिँजी कन छवी सीता पनि साथ रे
सुशोभित भईन् कसो गरि भने जीवै अनि ब्रम्हको
माभैंमा रहने सुशोभित भई माया सरी नै अहो !
९८०
फेरी भन्दछु कान्ति जो हृदयमा मेरो बसेको छ जे
शोभा तेहि गरेर बर्णन् पनि मै तुलसी दासले
ऋतु राज बसन्त औ मदनका बीच्मा रती नै पनि
हुन्कि शोभित नैभने सरी सीता शोभित् हुनु भो अनि
९८१
गर्छु बर्णन सोचदै हृदयले फेरि पनि यो म ता
बुध औ चन्द्रसंगै रहेकी बीचमा ती रोहिणी भैं म ता
सुशोभित् हुनु भो जसै जनकजा शोभा बढाएर जो
श्री राम् लक्ष्मणका रहेर बिचमा हर्दम् रमाएर पो
९८२

प्रभु रामको पाइला हेरि हेरी
धरी पाइला बीचमा पाउ फेरी
चरण् चिन्ह कुल्चिन्छ भन्ने डरैले
सीता हिड्नु हुन्थ्यो बचाई कमैले
९८३
अनि राम सीताजीका पाइला त्यो
बचाएर लछुमण् पनि मार्गमा पो
धरी दाहिने फेरी बायाँ भएर
छलि पाइला हिड्नु हुन्थ्यो रमेर
९८४
रघुनाथ सीता र सौमित्रिजीको
परस्पर्‌महा प्रिति थियो अति पो
बचन्‌को अगोचर् थियो शोभिएको
कसोरी सकिन्थ्यो र त्यो भन्न रे पो
९८५
छवी देखँदा त्यो पशु पक्षी सारा
समेतै सबै मगन पर्थे निराला
बटोही रघुनाथले प्राणी सब्‌को
लिए चित्त चोरेर नै साथ भट् पो
९८६
पियारा बटोहि दुवै भाइलाई
सीता साथमा शोभिएका रमाई
जहाँ जो जति प्राणीले देख्न पाए
बडा भाग्यमानि तिनी हेरूता रे
९८७
धराका अगम् मार्ग हेरू सबै त्यो
परिश्रम् बिना नै सबै नाश भैगो
छुट्यो हेर जंजाल चौराशी कै त्यो
अहं भाव सारा पनि नष्ट भैगो
९८८
आजै सम्म कदाचितै स्वपनमा मात्रै भएता पनि
जसका मनमा बटोहि स्वरूपी राम र लक्ष्मण् अनि
सीता बस्न् हुनेछ तेहि जननै खास रघुनाथको
धामको पथ पाउनेछ भबको रोग गरी दुर जो
९८९
मुनि कोहि मात्रले काहिं कैले
बाटो त्यो ता पाउँछन् दुर्गमैले
त्येहि बाटो रामको सम्भि पाउ
पाउने छौं प्राणी लौ चित्त लाऊ
९९०

जानी श्रमित श्री सीतालाई रामजीले अनि
नगीचै शीतलै पानी र बट्को बृक्षनै पनि
देखेर त्यहि नै बास बस्नु भो अनि फेर ता
कन्दमूल फलै खाई भोलि पल्ट बिहान ता
९९१

नुहाई कन ता फेरि त्यता बाट पनि प्रभो !
रमाना हुनुभो राम हेर्दै जंगल वी अहो !
सुन्दरै ताल औ पर्वत हेरदै मुनि श्रेष्ठको
बाल्मिकी पर्णशालामा तुरून्तै राम पुग्नुभो
९९२

निर्मल जल र शैल -सुन्दरै- बनजंगल
सुन्दर सबले पूर्ण भएको अति उज्जल
देख्नुभो सुन्दर पर्णशाला बाल्मीकीको तहाँ
तलाउमा थिए सुन्दर पद्म हेरू सबै जहाँ
९९३

फली फुली रहेका छन् बन्मा बृक्ष अनेक जो
भुलेर फुलका मिठा रसमा झुम्मिएर पो
गुञ्जनै गर्दथें मीठा भ्रमराहरू सुन्दर
झुम्मिएका थिए फेरि माहुरीहरू सब् तिर
९९४

पक्षी आदि फुलमा झुम्मिएर
गुञ्जन् गर्थे खेल गर्दै रमेर
सारा प्राणी हीन भै वैरभाव
किडा गर्थे उफ्री उल्लाष साथ
९९५

चरी रहेका ति थिए घुमेर नै
सखा सरि भै मृग सिंह साथ मै
बस्थे सबै साथ मिलेर हर्षले
बिर्सेर शत्रु पन ता रमेर रे
९९६

कमल् बिलोचन् भगवन रामले
पवित्र् सुन्दर् सुख शान्ति धाम रे
देखि कुटि त्यो मुनिको प्रफुल्ल भै
हुनुभयो हर्ष अतिव चित्त मै
९९७

पाल्नुभो रघुनाथ आश्रममहा भन्ने सुनेरै अनि
श्रीरामूलाई लिनै भनी बगलमा आए ऋषिनै पनि
झुक्दै राघवले प्रणाम मुनिमा गर्नुभयो प्रेमले
आशिर्वाद दिए प्रसन्न दिलले रामूलाई बाल्मिकीले
९९८

शोभा श्री रघुनाथका शरीरको देख्दा मुनिको मन
ज्यादै शीतल भो नि फेर तिनले पूजा गरेर झन
ल्याए श्री रघुनाथलाई ऋषिले गर्दै ठुलो स्वागत
आपन्नो पर्णकुटिमहा उदित छन् लोकेश अभ्यागत
९९९

मीठ मीठा कन्द मूल् फल् मगाए
ल्याई राम्रो आसनैमा बसाए
फल् फूल् खाना लक्ष्मण राम् सीताले
ज्यूनारै भो स्वाद साथै तहाँ रे
१०००

मंगल् मुर्ति रामको रूपलाई
आँखा सामु प्रेमले देख्न पाई
बाल्मिकीको चित्तमा खूब भारी
आनन्दै भो राम सीता निहारी
१००१

आपन्ना कर पद्म श्री रामजीले
जोरी शीतल् जो सुधा झैं मीठा रे
कानैलाई खूब आनन्द गर्ने
सुन्दर् बाणी बोल्नु भो ताप हर्ने
१००२

हे योगेश्वर !लोकमा हजुर ता त्रिकालदर्शी पनि
यो लोकै प्रभुका हथेलि बिचको फल् झैंबयर्कोपनि -
- छन् है ता पनि भन्दछु हजुरमा मुनिश्वरे फेर यो
यस्तो बिन्ति गरेर राघवजीले जुन् जे रितिबाट पो
१००३

दिएकी बनबास हुन् निजकनै रानी ती कैकेयीले
बिस्तारपुर्बक भन्नु भो सकल त्यों योगेश्वरैलाई रे
महाराज पिताजीका बचन ती सारा हुने पालन
माता कैकेयीको पनि हित हुने छोरा सरिकै झन
१००४

भाइमा पनि राज गद्दि मिलेन मैले पनि नाथको
पाई दर्शन धन्य धन्य म भएँ आजै यसोरी प्रभो !
मेरो पुण्य प्रभावले सकल यो मौका मिलायो ठुलो
दर्शन् पाई चरण् कमल् हजुरको मेरो सबै जन्मको
१००५

पुण्यै कर्म सफल् भयो यसरी नै मेरो ठुलो भाग्यको
आज्ञा हुन्छ हजुरको अबजहाँ ताहि म आज प्रभो !
बस्नेछु रहँदा जहाँ ऋषिजीले उद्धेग् नपाउन् कुनै
जो बाटै दु:ख पाउँछन् मुनिहरू राजाहरू ता उनै
१००६

पोलिन्छन् बिनु अग्निले पनि सबै दाहै भई भित्र पो
संतोष सुख बिप्रको जगतमा मंगल् सुखै हर्षको
मूलै कारण हो र फेरि रिसले बिप्रहरूको अहो !
कोटि बंश समेत डढ्दछ सबै भष्मै भइ साथ जो
१००७

यो सब् नै मनमाबिचारी प्रभुले ठाउँ असल त्यो अब
आज्ञा होस मलाई आजअनि ता भाई सीता ली तब
ताहि नै गइ फेरि पर्णकुटि ता राम्रो बनाई अनि
बस्नेछु खुसी साथ नाथ! प्रभुको आज्ञा बमोजिम् पनि
१००८

गरौं बास क्यै दिन् भनी रामजीको
सुनी वाक्य लाग्यो मुनिलाई निको
गुनी चित्तमा रामको रूप राशी
पुगे पूर्ण आनन्दमा ती महर्षि
१००९

ज्ञानी भक्त शिरोमणि ऋषिजीले अत्यन्त नै हर्षले
साधु साधु भनेर फेरि यसरी लागे तहाँ भन्न रे
हे राघव् !रघुबंशका ध्वजमणि ! स्वामी ! प्रभोनाथको
बाणी सुन्न मिल्यो मलाई अहिले गम्भिर मीठो अहो !
१०१०

मर्यादा श्रुति पालकै हजुर नै रक्षक् सबै धर्मका -
- पालक् औ श्रुति धर्महिरूजति छन्हौं है प्रभुराम ता
माया हुन् यिनी जानकी पनि प्रभो ! तिम्रै मिलि आशय
जो सृष्टि जगपालना प्रलय नै गर्छिन् भई निर्भय
१०११

हज्जारौंशिर जो अहिश सचराचर्का धनी लक्ष्मण
दैव कार्य निमित्त भुपति बनी यी दुष्ट नै मारन
पाल्नु भो वनमा प्रभुहरू सबै राम ! रूप नाथको
बुद्धिको पर औ अगोचर छ है यो बाणीको सत्यहो
१०१२

भन्नैलाई सकिन्न रूप हरिको अज्ञात् अपारै छ जो
नेति नेति भनेर भन्दछ सदा वेदै पनि फेर जो
यो लोकै सब दृश्य हो रघुपते ! देख्ने नीती हो तिमी
सुत्राधार नचाउने जगत यो, फेरि हरि हर् बिधि -
१०१३

- जान्दैनन् तिनीहेरू नै हजुरको यो मर्मलाई प्रभो !
होलाको अरू फेरि यो जगतमा जान्ने हजुर्लाई जो
जस्लाई दिनु हुन्छ नाथ ! प्रभुले यो ज्ञान ता लोकमा
जान्नेछन् प्रभुलाई फेरि ती पनि हुन्छन् प्रभु नै यहाँ
१०१४

पाएर तिम्रै रघुनाथ जो कृपा
अनन्य आराधना भक्तले सदा
चिन्छन् हजुर्लाई दयानिधे ! अनि
चिन्दा तिमी नै भई हाल्दछन् पनि
१०१५

चैतन्य आननदमयै भएर
शरीर जस्को त छ निर्विकार
हे नाथ ! यो तत्व कृपा मिलेका
ती जान्दछन् भक्तहरू हजुर्का
१०१६

गाइ सन्त र देव साधुहरूको कार्यै निमित्तै पनि
हे नाथ ! यो नर देह ता हजुरले धर्नु भएको छनि
तेस्तै प्राकृत भूपकै सरहले सम्पूर्ण कामै यहाँ
गर्नु हुन्छ कुरा पनि उहि सरि भोला बनि लोकमा
१०१७

हे राघव् ! प्रभुको चरित्र सब यो देख्दा र सुन्दामहाँ
हुन्छन् मोहित मूर्खहिरू र सुखी हुनछन् ती विद्धान् यहाँ
सीता राम ! दयानिधे ! हजुरले जे भन्नु होला सब
त्यो सत्यै पनि गर्नु हुन्छ प्रभुले ठिकै पनि हो अब
१०१८

जस्तो स्वाग लिईन्छ तेहि सरि नै नाच्नु पनि पर्दछ
लीला मानिसको सरि गरनुभो यो ता सबै ठिक्कछ
आज्ञा हुन्छ 'कहां बसौं 'भनी प्रभो ! हो किन्तुतेसोगरी
सोद्धामा मनमा म हुन्छु भगवन् ! संकोचितै यो घरी
१०१९

हे राघव् ! हुनुहुन्न है प्रभु जहाँ त्यो ठाउँ कहा छ यो
आज्ञा होस मलाई औ अनि पछि बस्ने हजुर्लाई जो
ठाउँ ठिक्क बिचारी नाथ!अहिल्यै देखाउँला त्यो पनि
सीता लक्ष्मण साथमा प्रभु त्यहि राज गर्नु होला भनी
१०२०

डुबेको प्रेमको रसमा बाल्मिकी मुनिको सब
कुरा सुनेर त्यो राम संकोचित भई तब
हाँस्नु भो मनमा फेरि मुनि बाल्मिकीले अनि
डुबाएको सरि सारा सुधाको रसमा पनि
१०२१

बोल्न लागे मीठो बोलि हाँसेर अनि प्रेमले
सुनु हओस हे राम ! अब फेरि हजुरले
रहने योग्य स्वामीको भन्दछु म निकेतन
राज होला त्यहि सीता लक्ष्मणै साथ लिकन
१०२२

रघुनन्दन ! हे राम ! जसका कान ता सदा
प्रभु किर्ति रूपी ना ना नदि नाला तलाबका
सागर तुल्य छन् जस्मा कथा नदि हरू सदा
निरन्तर् भर्दछन् कर्ण समुद्रलाई ता तब
१०२३

परन्तु ती कर्ण समुद्र नाथ !
पूर्णै हुदैनन् कहिल्यै अगाध
तिनीहरूका दिल नै प्रभुका -
- निमित्त राम्रा घर छन् बनेका
१०२४

जस्ले आपन्ना नेत्रलाई प्रभुको -
- दर्शन् रूपी मेघको नित्य ठुलो
स्वाभिलाषा राखने चातकी भैं
सद्धै राख्छन् प्रेमले आतुरी भै
१०२५

नदि र नद् सिन्धु र पोखरीको
पानी रूपी भोग बिलास नि जो
पाईने ती सुख सब् तुच्छ गर्दै
पल् मात्र मिल्ने प्रभु रूप जलकै
१०२६

बिन्दुले नै जो सदा तृप्त हुन्छन्
आनन्दी भै सम्भदै मग्न पर्छन्
तेहि जन्का मन्रूपी सौख्य दाता
आवासैमा हे सबैका बिधाता
१०२७

भाइ लक्ष्मण् पत्नि सीता लिएर
राजै होला नाथ ! खुसी भएर
निर्मल् किर्ति रूपी हजुरको ता
मानस् सरोवरमा पौडी जो ता
१०२८

जिब्रो हुन्छे हम्सिनी भैं सदा रे
जस्का जिब्रा रूपीणी हंसीनीले
हजुरका सद् गुण किर्ति रूपी
मुक्ता फलैलाई लिनेछ रोजी
१०२९

=तिनै भक्तको स्वच्छ त्यो हृत्कमल्ममा
सधै राज होला प्रिया भाइ सङ्ग्मा
रघुनाथ ! जस्को ससुन्दर् पवित्र
मनोहर् भइ नासिका गन्ध युक्त
१०३०

हजुरका नाथ ! प्रसादलाई
सुवास लिन्छे प्रति दिन् रमाई
जो भक्त हेरू प्रभु रामलाई
चढाइएका फल भोगलाई
१०३१

भोजन् गर्छन् फेरि हे नाथ ! हजुमैं
- अर्पण गर्दै बस्त्र भुषण् हरू नै
धारण् गर्छन् बिप्र औ देव सारा
गुरूलाई देखि गर्छन् पुकारा
१०३२

प्रिति साथै नम्रताले भुकेर
आदर् गर्छन् दिल भित्रै रमेर
जस्को हातै नित्य नाथ ! हजुर्को
पूजा गर्छन् प्रेमले मग्न भै पो
१०३३

छाडेर हजुरैलाई भरोसा अरू कोहिको
जसको मनमा हुन्न सर्बदा अनि फेरि जो
घुम्छन् चरणले तिम्रा तीर्थमा नित्य प्रेमले
तिनैका मन् रूपी घर्मा राज होला सदैव रे
१०३४

त्रैलोक्यमा दुर्लभ मन्त्र राज
हजुरको जप्तछ जो समाज -
- भएर सारा परिवार जो छन्
श्री राम पूजा जप ध्यान गर्छन्
१०३५

शास्त्रोक्त बिधिले होम - गर्छन् - तर्पण धेर पो
गराई द्विजमा भोजन् दिन्छन् बिबिध दान जो
हजुर् भन्दा पनि पूज्य जानेर गुरूलाई त
सन्मान गर्दछन् पूर्ण भाव औ भक्ति साथ ता
१०३६

एकै फल् हो यो सबै कर्मको ता
तिम्रै पाऊ पद्मको भक्ति पो ता
त्यस्तै निर्मल् निश्चलै प्रेम मागी
रम्छन् जो ता भक्त कै चित्तमा की
१०३७

सौमित्रि औ फेरि श्री मैथिलिले
शोभित् भइ प्रेम गरि खुसीले
आवास् गर्नुहोस हे भक्त प्यारा !
भक्तोद्धारी ! हे दु:खीका सहारा
१०३८

जसका मनमा न काम छ
न त मोहै मद दम्भ लोभ छ
न त कोध छ फेरि चित्तमा
न कुनै मत्सर हेरू छन् तहाँ
१०३९

न त राग र द्वेष मोह नि !
छल माया परिपञ्च नै पनि
न त क्षोभ छ फेरि मन्महाँ
तिनका नै हृदयै कमल्महा
१०४०

रघुनाथ जनक् सुता लिई
लक्ष्मुन् साथ रमेर सोभिई
प्रभु राज हुनु हओस है
प्रभुको धाम छ भक्त चित्त नै
१०४१

सबको हित गर्छ जो अनि
प्रिय छन् जो सबको सदैव नि
सुख औ दु :ख एकनास छ
स्तुति निन्दा जसलाई तुल्य छ
१०४२

गरि फेरि बिचार जो अनि
प्रिय औ सत्य कुरा सदैव नी
स्थिर भैकन बोल्छ जो नर
प्रभुकै पर्दछ जो सदा भर
१०४३

सपना बिपना र नीदमा
तरकै सोच बिचार यादमा
प्रभुकै पदको शरण् परी
भरमा पर्दछ आश्रयै गरी
१०४४

प्रभु देखि अरू कुनै पनि
जसको आश्रय केहि छैन नि
तिनकै मन पद्ममा प्रभो !
खुसीले राज हुनु हओस पो
१०४५

श्री राम् जो परनारीलाई निजको आमासरि मान्दछन्
अर्काको धनलाई बिष भनदा भारी बिषै ठान्दछन्
अर्काको धन देखँदा हृदयमा हुन्छन् सधैं हर्षित
देख्तामा अरूको बिपत्ति मनमा बन्छन् दु :खिनै स्वत
१०४६

प्राणभन्दा पनि गर्दछन्, जुन् सधैं प्यारो हजुर्लाई नै
भक्तैको मनमन्दिरै महल हो श्री रामका निम्ति मै
हे राम् ! हे रघुनाथ ! श्री जनकजा सौमित्रिका साथमा
आनन्दै सित राज होस तिनकै मन् मन्दिरै माझमा
१०४७

जस्का यो गुरू पुत्र स्वामी र अनि माता पिता आदिता
हे राघव् ! जसका समस्त जति छन् नाता कुटुम्बादिता
एकै मात्र हजुर नै सकलका आत्मा सदा सर्वदा
सीता राम र लक्ष्मणै सहित भै राज गर्नुहोस् चित्तमा
१०४८

त्यागी दुगुर्ण चित्तमा सगुणको जो गर्छ उत्पादन
गाइ ब्राम्हणका निमित्त अधिकै संकष्ट भोग्ने जन
जो छन् नीति निपूण यो जगतमा आचारवान् सज्जन
तिन्का यी मन मन्दिरै प्रभुजीको उत्तम् भवन् बन्छन
१०४९

आफ्नो दोष र हे प्रभो ! हजुरको जो गुण् सदा जान्दछन्
आशा राखी ठुलो प्रभो ! हजुरकै भर्मा सदा पर्दछन्
हे राघव् ! जसलाई भक्त प्रभुका लाग्छन् पियारा पनि
तिन्कै यी मनमा प्रिया सहत भै राज् गर्नु होला अनि
१०५०

इजजत् औ धन धर्म जात र अनि प्यारा सखा बान्धब
आनन्दै प्रिय शान्ति सौख्य गरने त्यो घर् कुटुम्बै सब
छाडी यी सबलाइ जो हजुरका आनन्दका साथमा
गर्छन् भक्ति हजुर नित्य तिनकै बस्नु हवोस् चित्तमा
१०५१

स्वर्गै नर्क र मोक्षहेरू संम छन् जसको बिचारै महाँ
जो देख्छन् धनुबाण धारि प्रभु नै सारा दुनियाँ महाँ
बाणी कर्म र चित्तले हजुरको जो हुन्छ दासै सदा
डेरा गर्नुहवोस नाथ ! खुसीले तेस्का मनै भित्र ता
१०५२

जस्लाई कहिल्यै पनि रघुपते ! चाहिन्न केहि पनि
गर्छन् प्रेम स्वाभाविकै हजुरको पाऊकमलको पनि
तेसैका मन भित्र बास गरनु होला हजुर्ले सदा
तेहि सुन्दर उत्तमै भवन हो हजुरको ता आहा !
१०५३

बाल्मिकी ऋषिले रघुकुल मणी बस्ने अति लायक
देखाए घर येहि रित सीतले उत्तम र अद्भुत
प्रेम भक्ति सहितका बचन ती श्रीरामका चित्तमा
लागे प्रिय र फेरि बाल्मिकी मुनि भन्छन् यसोरी तहा
१०५४

सुन्नुहोस प्रभो ! रघुकुल मणी भन्छु म त्यो आश्रम
हे राघव् ! समयानुसार यसले सोख्खै दिने उत्तम
गर्नु हो निवास हे रघुपते ! त्यो चित्रकुटै महा
आरामै सब रितबाट प्रभुमा होला दयालो त्यहा
१०५५

हात्ति सिंह हरिण पक्षिहरूको बिहार स्थल् भै सदा
सुन्दर् पर्वत हो मनोहर अति राम्रो छ जंगल् आहा
पुराणै हरूले बयान गरिने अत्रि मुनिको पनि -
- पत्नी अनसुयाजीले निज तपः तेजो बलैले पनि
१०५६

ल्याएकी पातकै रूपिका त्यो -
- बालकैका निम्तिमा डाकीनीको
रूपै हुने ती उनै देव गडङ्गा -
- धारा रूपी जो अति पावनांगा
१०५७

नदि मन्दा - किनी जो सुन्दरी छिन्
तिन्ले सब्को चित्त आनन्द गर्छिन्
ताहि फेरि अत्रि आदि महर्षि
गर्छन् योगाभ्यास ब्रम्है क्यै मन् दि
१०५८

जप् तप्ले शरीर् आपन्नो शोषणै गर्दछन् पनि
पाल्नुहोस रघुनाथ परिश्रम् सबको पनि
गर्नुहोस सफल् सारा दिएर दर्शनै प्रभो !
भन्दै वाल्मिकीले यस्तो अपार चित्रकुट को
१०५९

गाएर महिमा सारा गरे बर्णन प्रेमले
सीता सौमित्रिका साथ आएर झटरामले
प्रेमले गर्नु भो स्नान तिनी मन्दकीनी महाँ
अनि श्रीरामले फेरि भाइ लक्ष्मण साथमा
१०६०

रहेछ बेस यो घाट हे लक्ष्मण् ! अबता कहिं
कुटि बनाउने ठाउँ ठीक् गर हेरदै यहि
आज्ञा भयो र यो फेरी भाइ लक्ष्मणले पनि
घुमेर खोज्नु भो ठाउँ ठिक्क हुन्छ कहाँ भनी
१०६१

पयास्विनी नदिको त्यो उत्तरै तिरको ठुलो
भीर देख्नु भयो तेस्को चारै पट्टि घुमेरजो
थियो सुन्दरको नाला फिजेको धनुका सरी
बाँगीए र बीचैमहा पाप श्रम बिनाश् गरी
१०६२

भएको धनुराकार त्यो नालाको मनोहर
नदि मन्दकीनी नै छन् प्रत्यञ्चा अनि सुन्दर
सम दान दम तिन त्यसैका बाण हुन् अनि
ना ना प्रकारका सारा कलि कलुष नै पनि
१०६३

निशाना हुन् अनि फेरि चित्रकुट शिकारी हुन्
चुक्तैनन् घातमा कैले भेटेमा मारी हाल्दछन्
बयान गरी लक्ष्मण्ले देखाउनु भयो स्थल
आनन्द हुनु भो राम ठाउँ देखेर निर्मल
१०६४

रमायो रामको चित्त चित्रकुट महा भनी
थाहा पाएर त्यो हाल इन्द्रका साथमा पनि
आए देव हरू सारा समीप रघुनाथको
धरेर भेष ता फेरि किराँत कोल आदिको
१०६५

अनि ती सबले फेरि तृण औ पातको पनि
बनाए दुइटा सुन्दर पर्णशाला हरू अनि
थियो बिशालऔ सुन्दर् एक भन्नसकिन्न त्यो
अति अद्‌भुतको अर्को सानो र सु न्दरै थियो
१०६६

लिएर मुनिको भेष बसन्त रति साथमा
भएका हुन्कि है शोभित् मीनध्वज स्वयंतहा
भने सरी गरी भान सीता लक्ष्मण साथमा
शोभित हुनु भो राम सुन्दरै आश्रमै महाँ
१०६७

देव दिग्पाल र नाग गन्धर्व यक्ष किन्नर
चित्रकुट महा आई त्यो बेला रामलक्ष्मण
सीताजीको गरे दर्शन् लाभ पाएर नेत्रको
कुसुमाञ्जलीको बर्षा गरे हर्ष भएर पो
१०६८

सारा देवहरू लागे पुकार गर्न हर्षले
नाथ ! हामीहरू सारा भयौ आज सनाथ रे
बिन्ति गरेर यो फेरि खपी नसकिने सब
आफ्नो दुसहे दुःख सुनाए राममा तब
१०६९

आनन्दित भइ फर्के लोकमा आफुहेरूको
भगवन् रामले चित्रकुट पर्वत माथि पो
बिश्राम गर्नु भो भन्ने समाचार सुनी सुनी
आए ऋषि मुनि सारा दर्शन् गर्न भनी भनी
१०७०

खुसी भएका ऋषि औ मुनि जति
आई रहेका नजरै भएर की
रघुकुलैका शशि रामचन्द्रले
झुकेर गर्नु पनि भो प्रणाम रे
१०७१

मुनिहरूले रघुनाथलाई ता
खुसी भई छाती बिषे धरेर ता
सफल् मनोरथ् हुनका निमित्तमा
दिदा भए आशिष रामचन्द्रमा
१०७२

तिनीहरूले धरणी सुता अनि
सौमित्रि श्री रामजीको छवी पनि
देखेर शोभा अनि आफ्नो सब्
सारा तपस्यादिक साधना सबं
१०७३

ठान्थे सफल् भो भनी चित्तमा पनि
गरेर सन्मान यथोचितै अनि
रघुकुलै भूषण रामचन्द्रले
बिदा दिनु भो ति मुनिशलाई रे
१०७४

आ आफ्नो कुटिमाआई ती मुनिशहरूले सब
स्वछन्दले गरी सारा योगाभ्यास जपादिक
यज्ञादि रहनै लागे शान्ति औ सुखले अनि
खबर सुनियो सारा किरात कोलले पनि
१०७५

नवनिधिहरू घर्म आएं सरी समस्तको
खुसी भएर ती सारा गर्न दर्शन रामको
कन्दमुल फलाहार खोचा भरी भरी लिइ
सुवर्ण लुट्न दौडेका दु:खी सदृश नै भई
१०७६

कुद्दथे ती सबै फेरि ती मध्ये पहिले गई
जसले जानकी राम लक्ष्मणैहरूलाई की
देखेथे तिनकै साथ बाटामा हिड्दा पनि
सोद्धथे राम सीताको बयान हरू ता अनि
१०७७

भन्दै सुन्दै गरी सुन्दर् स्वभाव रघुनाथको
आई पुगेर ता फेरि पाई दर्शन रामको
चढाई खुसीले सामु सौगातहरू ता अनि
जुहार गरनै लागे साराले प्रभुको पनि
१०७८

हेर्न लागे अनि फेरि अतिब अनुरागले
चित्र लेखे सरि निश्चल् भएरै अनि प्रेमले
खडा भए तिनी सारा टक्क भै जहिको तहि
रोमाञ्चित भयो देह प्रेमजल् नेत्रमा बहि
१०७९

बिर्सिए देहको भान देखि श्री रघुनन्दन
पाएर नेत्रको लाभ सफल् जन्म गरीकन
प्रेम मग्न सबैलाई जानेर रघुनाथले
बोल्नु भो मधुरो मीठो बचनै खुसी साथले
१०८०

आदर गर्नुभो फेरि बारंबार समस्तले
प्रणाम गरदै हात जोरेर राम साथ रे
कोमल औ मिठोबोलीलागे बोलनहर्षले
झुकेर शिर पाउमा भक्ति औ प्रेम साथले
१०८१

भयौ सनाथ हे नाथ ! अब हामी हजुरको
देखेर यी चरण् पद्म भो जन्म आज सार भो
कोशलेश महाराज हाम्रा नै भाग्यले गरी
भयो सवारी जंगलमा हजुर्को पनि यो घरी
१०८२

राख्नु हुन्छ चरण् पद्म जहाँ नाथ ! हजुरले
त्यो भूमि बन त्यो बाटो पर्वतै धन्य हुन्छ रे
धन्य भो बनमा बस्ने मृग पक्षीहरू सब
देखेर हजुरैलाई जन्म यो सबको अब -
१०८३

- भयो सुफल , हे नाथ ! हामी सब् परिवारले -
- साथमा नै भयो धन्य नेत्रका पाई फल् हेर
दर्शन गरनै पायौं आँखा भरी हजुरको
पिएर प्रभुको रूप माधुरी आज नाथ ! यो
१०८४

गरी बिचार स्वामीले राम्रो असल ठाउँमै
बास गर्नु भएको छ यहाँ सब् ऋतुबाटनै
आनन्दि र सुखी नाथ! हुनु होला हजुर ता
दिनेछ सुख औ शान्ति बन यो अब सर्बदा
१०८५

सिंह हात्ती बाघ भालु हरू ती -
- रक्षा गर्दै सर्प बाटै पनि की
हे नाथ् ! हामी हेरू सारा हजुर्को
गर्छौं सेवा सर्वदा प्रेमले जो
१०८६

डरलाग्दा जंगलै शैल आदि
खोला नाला औ गुफा कन्दरादि
पाउ पिच्छे ठाउँ त्यो नाथ पैले
देखेका छौं हामी हेरू सबैले
१०८७

नाथैलाई जाहि त्याहि घुमाई
खेलाउँला हामी शिकार जाईउ
सुन्दर् सुन्दर् ताल झर्ना र ठाउँ
देखाउँला ती सबै के बताउँ
१०८८

परिवार साथमै हामी सारा
हजुर्को नै दास हौ सब् कृपाला
आज्ञा होला नाथ ! संकोच त्यागी
सेवा गर्न पाउँ हुन्छौं सुभागी
१०८९

वेदका बचनै फेरि मुनिका मनको पनि-
- अगम्य , करूणा खानी उनै श्रीरामजी पनि
शिशुको बोलि बाबुले मीठो मानी सुने सरी
किंरात हरूको बिन्ति लाग्नुभो सुन्न त्यो घरी
१०९०

म भन्छु तुलसी दास श्री रामलाई केवल
प्यारो छ प्रेम नै जो ता जान्ने पण्डितहेरूछ
जानोस गुढ यो तत्व त्यो नर , अनि रामले
कोल किंरात आदि ती बनचर् जनलाई रे
१०९१

मीठो बचन बोलेर प्रसन्न गर्नु भो अनि
परितुष्ट सबैलाई प्रेमले पार्नु भो पनि
बिदा भए सबै फेरि झुकेर शिर प्रेमले
फर्किए रामजीलाई प्रणाम गरी हर्षले
१०९२

शील स्वभावको बर्णन् गरदै प्रभुको पनि
आई पुगे सबै फेरि आ आफ्नो घरमा अनि
एवं तरहले देव मुनि औ आफ्ना सब
दासलाई दिने सौख्य दुवै भाई हरू तब
१०९३

सीता सहित जंगलमा लाग्नुभो राज गर्न ता
जैले देखि रघुनाथ आएर राज भो त्यता
तब देखि भयो मंगल् दायकै बन त्यो सब
लहराका अनि सुन्दर् झ्न्याङ्गले बेरिई तब
१०९४

लागेफल्न र फुल्नलाई अनि ता नाना थरिरूख्पनि
ती बृक्षै हरू कल्पबृक्ष सरि नै स्वभावले नै अनि
सुन्दर् औ सुखदायकै हुन गए त्यागी बनै नन्दन
आएका बसुधामहा तिनीहरू हुन्कि भ्ने झैं बन
१०९५

शीतल् मन्द सुगन्ध साथ बनमा हावा बहन्थ्यो सबै
लागे गुञ्जन गर्नलाई भ्रमरा सब पुष्पको रस् लिदै
काकाकुल सुगा र कोयली अनि मैना चखेवा भयो
त्यो निलकष्ठ र च्याखुरा मयुर औ तित्रो जुरेलीछजो
१०९६

पक्षी हेरू मीठो र चित्त हरने ना ना थरि शब्दले
आल्हादित गराउने हृदयमा कान्नादिने सौख्य रे
कल्लोलै गरि बोल्दथे अति मीठो फेरि पशु हेरू ती
हात्ती सिंह बँदेल बानर हरिण् भालु जरायो जति
१०९७

शत्रुभाव त्यजेर आपुसमा घुम्थे मिलेरै अनि
घुम्दा खेरि शिकारमा प्रभुजीको देखेर शोभापनि
उफ्रन्थे मृगका बथान खुसीले आनन्द माने र ता
हेरेरै प्रभुका छवि नगीच मै नाची रहन्थे ति ता
१०९८

ब्रम्हाण्डै भरी नै समस्त सुरका ति चैत्र रन्थ्नन्दन
आदि जो वन छन् जति ति सबै प्यारा रघुनन्दन-
-बस्ने त्यो बन चित्रकुट कन ता देखेर ईर्ष्या गरि
गर्थे तारिफ धन्य भो भनी ठुलो त्यो चित्रकुट् योघरी
१०९९

गंगा औ यमुना सरस्वती अनि गोदावरी नर्मदा
सारा यी सरिताहरू सर सबै सिन्धु अनि ताल ता
नद्दी औ नदहेरू छन् जति सबै मन्दाकिनीको अनि
बर्णन् नै गरेथे भइन् सकलमा धन्यै यिनी नै भनी
११००

अस्ताचल् उदयाचलै गिरिश औ कैलाशमन्दर् अनि
पर्वत्हेरू सुमेरू आदि सुरले आवास गर्ने पनि
पर्वत् राज हिमाचलादिक जति पर्वत्हरू छन् सब
आनन्दित भएर चित्रकुटकै गर्थे प्रशंसा तब
११०१

प्रशन्नै मनमा थियो गिरिवरै बिन्ध्याचलै त्यो घरी
उम्लन्थ्यो सुख हर्ष हट्न नसकि मन्ना बढी बेसरी
पायो इज्जत त्यो घरी अति ठुलो बीना प्रश्रिमहाँ
ब्रम्हाण्डै पति रामले गरनुभो बासै भनेरै तहाँ
११०२

दिन् रातै सुरहेरू "चित्रकुटका पक्षि हरिण" अनि
सारा बृक्ष लता र फल् नद नदि तृण् पात्पतिंगर अनि
यस्तो धन्य रहेछ पुण्य समुहै सब्को भनी भन्दथे
ताहि जन्मनको ठुलो हृदयमा इच्छा सबै गर्दथे

११०३

आँखा हुने यावत प्राणीले नै
पाएर दर्शन् रघुनाथको नै
मिलेर फल् जन्मनको जगत्मा
शोकै रहित् भो तब प्राणी मन्ना

११०४

अचर्हरूले पनि राम पाउको
पाएर पावन् रजलाई ता ठुलो
परम पदको अधिकारी नै भई
भए परम् धन्य समस्त दुःख् गई

११०५

स्वभावैले बन पर्वत्सुन्दर् औ अनि मंगल
पवित्रमा पनि पावन भएर ती सबै अफ
भए प्रसन्न साराको महिमा कुन रितले
बयान गरनु आज सानो कमलले हरे

११०६

निवास गर्नुभो जाहाँ सुख सागर रामले
तेहि जंगलको भाग्य भनौं कसरी आजरे
क्षीर सागर औ फेरि त्यागी अबधलाई नै
जहाँ राज भएकोछ सीता राम र लक्ष्मणै

११०७

तेहि जंगलको सारा सुषमा हरू यी यहाँ
सहसानन ती लाखौं भएमा पनि ता कहाँ
सक्छन् र थाक्दछन् सारा महिमा बर्णन गरी
त्येहि शोभा भनौं मैले कसरी बर्णनै गरी ?

११०८

के त्यो सानो तलाउको कछुवाले पनि हेर
बोक्न सक्छ कहाँ हेर मन्दर गिरिलाई रे
मन कर्म र बाणीले सेवा श्री रामको सदा
सौमित्रि गरनु हुन्थ्यो उहाँको शील स्नेह ता

११०९

साध्य छैन भनी फेरि पल् पलमा रघुनाथ र
सीताको चरण पद्म देख्न पाएर ता फिर
सीता र रामको प्रेम देखेर आफु माथिको
अपार स्नेहको थाहा पाएर लक्ष्मणै अहो !

१११०

सपना बीचमा पनि अहो !
घर माता र पिता सुमित्रको
अनि दाजु र भाई फेर ती
प्रिय बन्धु परिवार छन् जति

११११

मनमा यिनी हेरू कोहि कों
लछुमन्लाई भएन याद जो
अनि श्री रघुनाथ साथमा
रहँदा जानकी मग्न भै तहाँ

१११२

घर औं परिवार देश नै
कसको याद रहेन चित्तमै
प्रियका मुखरूपी चन्द्रको
पल पल्मै मिलीं दर्शनै अहो !

१११३

मन मुग्ध चकोरी की सुता
सरि नै जानकी मुग्ध भै अहा !
अमरावतीकी शची सरी
हुनुहुन्थ्यो सुखीं प्रेमले भरी

१११४

स्वामीश्री रघुनाथका चरणमा नित्यै नविनै अहो !
आयो प्रिति त जानकी हृदयमा उर्लेर ता हर्घडी
दिन्मा मग्न हुने चखेवी सरि नै उमंग उल्लाशले
वैदेहि वनमा बिहार गरनु हुन्थ्यो अति हर्षले

१११५

सीताका मन रामका चरणको प्रेमी हुनाले पनि
हज्जारौं अबधै समानबन त्यो लाग्यो पियारोपनि
साथैमा रघुनाथजी पनि हुँदा त्यो पर्णशाला पनि
सीताजी कनता महल् सरि थियोप्यारो अतिवअनि

१११६

आफ्ना नै परिवार तुल्य वनका प्राणीहरू ती थिए
जंगल्मा ऋषि पत्नीहेरू प्रियभै सासु सरिका भए
सारा आश्रमका महर्षि ससुरा जस्तै पियारा परी
ती भिल्लादि प्रजा समान प्रियभै वन् भो अयोध्यासरि

१११७

रहनै पाउँदा राम साथमा साथरी पनि
भएँ सुख द्दिने सारा सीताका निम्तीमा अनि
कन्दर्पका अति कोमल् सुन्दर सेज कै सरी
दिन्थ्यो आनन्द उल्लास सीताजीलाई त्यो घरी

१११८

जसले करूणा गरेर नै
नजरै मात्र गरी लिंदा अझैं
भवका दु :खी दीन प्राणी ता
छिनमै हुन्छन् लोक स्वामी ता
१११९

उहि जानकीलाई आज रे
कसरी तुच्छ बिलास भोगले
वशमा गरी लुब्ध पारदै
कसरी मोह गराउँथ्यो र है
११२०

सम्झिँदा जुन रघुपति लाई
भक्तजन् हरू सदा सुख पाई
तुच्छ यो बिषय भोग बिलास
छाड्दछन् तृण सरी गरि खास
११२१

उनै श्री रामको प्यारी जगत जननी रमा
सीताजीले सवैभोग छाड्दा आश्चर्यके यहाँ ?
जुनै तरहले सीता लक्ष्मण हरू चित्तमा
आनन्द पाउनु हुन्थ्यो तेहि नै काम बन्महाँ
११२२

गर्नु हुन्थ्यो सदा - राम - वार्ता पनि उमंगले
सौमित्रि जानकीलाई भन्दै प्राचिन ढंगले
कथा कहानी ती सारा भई हर्षित ती दुवै -
सुन्नुहुन्थ्यो कथा फेरि पौराणिक हरू सबै
११२३

सेवा गर्दा रामका पाउको नै
सीता लक्ष्मण् हर्षले बिव्हलै नै
कैले काँही गर्नु हुन्थ्यो प्रभुले
अयोध्याको सम्झना चित्तमा रे
११२४

तैले तैले नेत्रमा नीर आई
भारी हुन्थ्यो रामजीको रसाई
प्यारा जन्का यादले रामजीको
चित्तैलाई दु :ख हुन्थ्यो अति पो
११२५

दासै दासी इष्ट मित्रादि सारा
वाबु आमा भाइ बन्धु पियारा
भरत्जीको शील सेवा र बानी
साराlाई सम्झँदामा तहाँ नी
११२६

दीन दयाल श्री राम हुनुहुन्थ्यो दु :खी सदा
बिचार गरदाँ फेरि कुबेला सम्झिएर ता
गर्नु हुन्थ्यो सदा धैर्य धारणा रामले अनि
जस्तो अनुसरण् गर्छ छाँयाले प्राणीको पनि
११२७

तेस्तै श्री रामले दु :ख मानेको देखि ता अनि
हुनु हुन्थ्यो अति ब्याकुल् सौमित्री र सीतापनि
प्रिया र भाइको तेस्ता गति देखेर भक्तको
हृदय चन्दन नाथ कृपासागर राम ता
११२८

धैर्यता धरनु हुन्थ्यो अनि पावन सुन्दर
कथा पुराण ता फेरि भन्नु हुन्थ्यो मनोहर
पुराणहरू ती सुन्दा सीता लक्ष्मण चित्तमा
आनन्दित हुनु हुन्थ्यो रमाएर अति तहाँ
११२९

सुन्दर पर्णशालामा सीता लक्ष्मण साथमा
शोभिएका रघुनाथ जस्तो त्यो पुरि स्वर्गमा
जयन्त र शची साथ इन्द्रजी शोभिए सरि
सुशोभित हुनुहुन्थ्यो रामजी पनि त्यो घरी
११३०

नेत्रको गोलका रक्षा पलक्ले गर्छ जे गरि
श्री रामले पनि सीता लक्ष्मण्को पनि तेसरी
गर्नु हुन्थ्यो सदा रक्षा प्रेम औ स्नेहले अहा !
अनि फेरि अविवेकी नरले निज गाथका
११३१

सेवा गरे सरि सीता रामको पनि त्यो घरी
गर्नु हुन्थ्यो सदा सेवा सौमित्रि प्रेमले भरी
एवं प्रकारले देव पशु पक्षी मुनिश र
तापस हरूको सेवा गर्दै श्री करूणाकर
११३२

खुसी भइकन जानकी साथमा
रहनु भो प्रभु जंगल माझमा
चर अचर् सबमा करूणा गरी
भव भयादि सबै खुसीले हरी
११३३

वानुगमनको सारा बृतान्त रघुनाथको
बताएँ अब ता फेरि श्रृंगबेर् पुरबाट जो
सुमन्त्र जसरी आए अयोध्या पुरीमा पनि
खुसीले भन्दछु फेरि अम्बिके ! हाल त्यो पनि
११३४

फर्किए गुहजी फेरि रामलाई पुऱ्याइ ता
आउँदा मन्त्रिका साथै देखे त्यो रथलाइता
भएका बिकलै सारै देखि मन्त्रि कनै पनि
भयो बिषाद ता जस्तो निषादलाई भित्र नि -
११३५
- सकिन्न भन्न त्यो सारा, मन्त्रिवर सुमन्त्रले
हा राम !राम ! हा सीते ! हा लक्ष्मण ! भनेर रे
कराउँदै अति ब्याकुल् भएरै भुमि माथि नै
पछारिइ रहेका छन् दिन हिन बनेर नै
११३६
ब्याकुल् भै अश्व ती सारा दक्षिणैतिर हेरदैं
गर्दछन् आँसु झारेर हिन्हीनाहट ता अझैं
पखेटा काटिएका ती पक्षी सदृश नै सब
छट्पटाइए रहेका छन् दीन हिन बनी तब
११३७
पिएनन्पानी नै फेरि खाएनन् घाँस दु :खले
गिराउदैं रहेकाछन् आँसु नै नेत्रबाट रे
त्यस्तो हालतमा देखि घोडालाई निषादले
भए बिकल ती सारै हृदय चिरिएर रे
११३८
निषादले धैर्य धरेर ता अनि
यो भन्न लागे ती समन्त्र साथ नी
बिषाद सारा अब ता सुमन्त्र ! यो
बिचार राखीकन छाड्नु होस पो
११३९
हुनुहुन्छ हजुर् ज्ञानी बिद्धान परमार्थमा
बुझेर अब ता आज बिमुख दैव नै यहाँ
धीरज धर्नुहोस् नाथ ! भनेर मृदु बोलिले
कथाहरू पनि फेरि भनी भनी अनेक रे
११४०
जेन तेन गरी ल्याई समातेर बुझाउदै
बसाए रथमा ल्याई मन्त्रीलाई बताउँदै
शिथिल शोकले ब्याकुल् भएका ती सुमन्त्रले
सकेनन् तर हा ! हाँक्न रथलाई समेत रे
११४१
राम विरहको पिडा थियो मन्मा भयंकर
बिकल् भै ढल्दथे रथ्मै भन्दै हा !हा रघुबर
चल्दैनथे हरे ! घोडा पनि चट्पट नै गरी
बिकल् भै ठोक्दथे खुर भूमिमा हिन् हिनै गरी
११४२
जोतेको रथमा हो कि ? मानौं बन् मृगनै सब -
- ल्याएर ता भने जस्तै गर्दथे अश्व ती तब
ढल्दिने अडि बाटैमा हेर्ने फर्की पछाडी नै
राम बिरहको ठुलो जलि दु :खले अतिब नै
११४३
भन्थ्यो जस्ले लक्ष्मणै राम सीता
हिन् हिन् गर्दै अश्व हेरू पनि ता
तेसैलाई हेर्दथे बार बार
आँखा बाटै आँसु झारी अपार
११४४
सकिन्न है भन्न बिहाल अश्वको
श्री राम सीता नहुँदा जसो भयो
मणी बिना ब्याकुल सर्प झैं बनी
भए बिकल् अश्व ती रामका अनि
११४५
तुरूंग औं फेरि सुमन्त्र लाई
देखेर सारै मन खिन्न लाई
बिषादको सामु पुगे निषाद
फषाद भो चारबटा सुदाँस
११४६
बोलाएर त्यो रथ हाक्न लाई
सौमन्त्रीको साथमा नै पठाई
मन्त्रिलाई दुर सम्मै पुऱ्याई
फर्किए ती चित्तमा दु :ख छाई
११४७
तिन्का बिरह औ दु :खको बर्णन्गर्नसकिन्न नै
गुहजीले पठाएका सेवकैहरू ती सबै
गए अबधका तर्फ रथालि दु :खले सब
हुन्थे छिन्छिनमा दु :ख बिषादि मग्न ती सब
११४८
सुमन्त्र द् :खले ब्याकुल् भइकन उदास हा !
सोच्न लागे "बिना राम बाँच्नुपनि कसोरिता
धिक्कार हो अधम् देह कस्तो नीच रहेछ रे
बाँच्नु भन्दा बरू ऐले मरेमा बेश हुन्छ रे
११४९
श्री रामका साथ हुँदा बिछोड नै
मिलेन किर्ति यस देहबाट नै
यो प्राण मेरो अपकिर्ति औ अनि
पापैहरूकै घर भै रहेछ नि
११५०

कुन् हेतुले प्राण - प्रयाण नै पनि
गर्दैन मेरो अपसोच यो छ नि
कठोर यस्तो दिल मूढ भै हरे !
मौका चुक्यो हा ! करूँ के म ?आज रे
११५१

हुदैन टुका हृदयै अझैं पनि
यों प्राण ब्यर्थै किन अल्झिदों छ नि
बिलाप गर्दै यहि रितले हरे !
बजारदै शिर बिकल् भएर रे
११५२

माडी दुवै हात अपार कष्टले
गरेर मन्मा पछुतो पनि हरे !
अपार धन् राशी गुमाई ब्याकुल
हुने कृपणका सरि झैं बिहाल त
११५३

बाघी बिरद् बीर कहाई फेरि ता
त्यजेर संग्राम डरेर भागी ता
गइरहेको सुभटै समानको
भए सुमन्त्रि अति खिन्न म्लान जो
११५४

जो मानिएको सब लोकले अनि
बिबेकि औ उत्तम बेद बिद् पनि
बिप्रै परी भोर पिई शराव ता
जसोरी ब्याकुल् मन भित्र हुन्छ ता
११५५

अप्शोच तेस्तै गरि नै सुमन्त्रले
भए अति ब्याकुल् दिन दु:खले
फेरि अनि उत्तम औ कुलीन ता
बाणी र मन् कर्म बिचारले सदा
११५६

सती भएकी जुन नारी ता अनि
परेर बसमा कुर कर्मको पनि
बस्ता पतिलाई त्यजेर ता हरे
जस्तो सतीको मन ता जलेर रे
११५७

दाहै अति दारूण हुन्छ सो सरि
सुमन्त्रको चित्त जलेर बेसरी
दाहै भयो दारूण होस गौरव
तिन्को हरायो मनको जति सब
११५८

अश्रुपुर्ण भए आँखा तिन्का नजरको सब
घटयो ज्योति र कानैले छाडयौ सुन्न पनि तब
विवेक बुद्धि ब्याकुल् भै नष्ट भो शक्ति सम्झने
लागे र मुखमा पोतो सुकी ओठ बिकल् ब ने
११५९

अबधि रूपिको कपाट नै
हृदयै बीच भएर बन्द नै
नसकिकन प्राण निस्कन
ती रहे धुक् धुकि मात्र भै कन
११६०

सब रूप र रंग बिबर्ण भो
बनि है हेरि नसक्नु नै अहो !
जननी र पिता दुवै कन -
- पनि मारे सरिको भइ कन
११६१

अति हानी र ग्लानीले सरि
मन भो ब्याकुल तापले भरी
बिचमा यम धाम पन्थको
रहदै सोच गरेर अन्तको
११६२

रहने पतितै समानको
ति बने सोच गरी रहेर पो
पछुतो मनमा हुँदा हरे
बचनै बन्द भएर साथ रे
११६३

के देख्नेछु अझैं फेरि पुगी अबधमा भरे
देखला रथ यो जस्ले राम रहितको हरे !
संकोच ती हुनन् मेरो हेर्दामा मुख नै अनि
फेरि बिकल ति सारा पुर्‌बासी हरूले पनि
११६४

मलाई आउदै सारा सोध्नेछन् अनि त्यो घरी
सबैको हृदयै भित्र म फेरि बज्र झैं गरी
दिउँला उत्तरै हा ! हा ! फेरी रामजीका सबै
सोध्ने छन् जननीहेरू मलाई आई दौडदै
११६५

हा !हा ! दैव ती सब्लाई के भनौंला म ता अब ?
लक्ष्मणकी अम्बले फेरि सोध्नु होला म मा जब
अनि म सुख संतोष गर्ने सन्देस कुन् थरी
गरूँला बिन्ति श्री रानी सुमित्रालाई त्यो घरी
११६६

दौडने बाछि सम्भेर लैना गाई समानकी
राम जननीले दौडी आएर जब फेरि की
सोध्नु होला म ता फेरि दिनेछु उत्तरे यिनै
सीता राम लक्ष्मणजी गए वन्मा भनेर नै
११६७
जो जस्ले सोधला फेरि यहि उत्तर नै हरे !
दिनु पर्ने छ हा ! मैले सबैलाई अबश्य रे
अब अबधमा जाई लिनु पर्ने छ यो सुख
हुदैन हृदय मेरो किन हा ! अहिले टुक
११६८
गएन प्राण यो मेरो सहनु अब के गरी ?
हा राम !हा रघुनाथ! छाडयौ हाय ! बिकल्गरी
राम अधिन जस्को छ जीवन् यो अब दु :खले
उदास मलीन् ब्याकुल् भएका अबधेशले
११६९
जब ता सोधनी होला म ता अनि त त्यो घरी
कुमार ती दुवैलाई बैदेहि साथ मै गरी
पुऱ्याएर कुशल् पुर्वक् वनमा फर्किएँ भनी
दिउँला उत्तरें कस्तो मुख लाएर ता ? अनि
११७०
श्री राम लक्ष्मण् र सीताजीका नै
सन्देश सारा सुनियो तहाँ नै
शरीरलाई तृण भैं गरेर
त्यागी दिनु हुन्छ अबश्य फेर
११७१
छोडिदिदा प्रीतम नीर साथै
हिलो सरि छाती फुटेन हा ! है
बिछोड भै श्री रघुनाथ साथ
बाँची रहेछु अधमै यहाँ त
११७२
म जान्दछु ती बिधिले दिएको
यो यातना देह भनेर रे पो
पाई रहेछु अति कष्ट हेर
जादैन छाडीकन प्राण फेर
११७३
एवं रितीले दु :खी भै अपार
बाटा भरी सोच गरी हजार
किनारमा ती तमासा नदीको
आइ पुग्यो भट्ट रथै त्यहि जो
११७४

ज्यादै नम्रभई निषाद कनता बिदा गरे मन्त्रिले
ब्याकुल् भै दु :खले फिरे सकल ती पाऊ परेरैहरे
मन्त्रीले पुरमा प्रवेश गरदाँ मानौं तीनी आफु नै
मार्ने ब्राम्हण गाइ औ गुरू अनि माता पितालाई नै
११७५
- हुनुकी है बधिकै भने सरि गरि सशंकितै त्राशले
ज्यादै त्रासित भै प्रवेश गरनै भट्टै सकेनन् हरे
छायामा रूखको बसेर दिन त्यो सारा बिताइ अनि
मौका पाइ कुरेर बल्ल तिनले संध्या बखत्मा पनि
११७६
भए पछि सब् तिर अन्धकार ता
प्रवेश तिन्ले पुरमा गरेर ता
राखेर खाली रथ द्वारमा पनि
राज महल् भित्र पसे सुट्क्क नि
११७७
पाए खबर् यो जब सुन्न जो जति
नगर् निवासी हरूले अनि त्यति
तिनीहरू त्यो रथ् हेर्नलाई नै
आए सबै भूपति द्वार माथि नै
११७८
चिन्हेर रथ् त्यो अनि अश्वलाई
देखेर ब्याकुल् र बिहाल हाई
सुक्दा सबै पानी तलाउ मीन
समान नै ब्याकुल भै ती दिन
११७९
गरेर कोलाहल आर्तनाद ले
हा ! हा ! रघुनाथ ! सिते ! भनेर रे
पछारिए ती पुरबासि दु :खले
स्मसान जस्तै पुर भो समस्त रे
११८०
पिटेर छाती शिर ता बजारदै
सम्भेर ता रामजीकै चरण् सधैं
हा राम ! हा राम! सीते ! भनी भनी
पछारिए लोक सबै बिकल् बनी
११८१
आएको सुनी मन्त्रिता अनि पछि अन्तपुरै त्यो सबै
ब्याकुल् भो अनि रानीहेरूकन ता राजमहल्त्योसब
मानौं भूत र प्रेत बास गरने स्मसान नै हो कि त्यो
भन्ने भान गराउने सरि भइ भयंकरै देखियो
११८२

आरत् भैकन रानीहेरू सबती सोध्ये बिकल् भै हरे
मन्त्रिका मुखबाट उत्तर भने निस्कन्थ्यो कष्टले
थिए ब्याकुल बाणी कानहरूले सुन्दैनथे केहि रे
आंखाको पनि ज्योति तेस घरीमा सारा बिलायो हरे
११८३
बल्ल तल्ल गरेर कष्ट सितले जो कोहिका साथमा
"महाराज कता सवारी हुनु भो कस्को महल् भित्रमा "
सोधे यो अनि दासीहेरू सबले ब्याकुल् तिनीलाई ता
देखेरै करमा समाई सबले लिएर नै साथ ता
११८४
राम मुमाको महलै बिषे अनि
गए तुरून्तै सब दासी नै पनि
देखे अनि फेरि सुमन्त्रले त्यहि
ती भूपतिलाई मलीन नै भइ
११८५
सुधा रहित् दीन मलीन चन्द्र भैं
ब्याकुल् भएका नृपलाई ता कठै
सिंहाशनै सेज र भुषणादिले
बिहिन भै खाली जमीन माथि रे
११८६
पछारिएका मलिनै भएर ती
निश्वास छाडीकन सोचले कति
खसेर मानौं सुरधामबाट ता
ययाति नै हुन्कि भने सरि तिता
११८७
जलेर छाती पल पल् महा हरे
डढेर नै प्वाँखहरू समेत रे
पछारिएका भुमिमा बिकल् बनी
संपत्ति जस्तै नृपति थिए अनि
११८८
हा राम ! हा राम ! भनेर राम नै
भनेर हा लक्ष्मण ! हा सीते ! कठै
कठोर मेरै सरि निर्दई अनि
होला र को मानिस नीच नै पनि
११८९
घपाउला को वनमा ती बालक ?
छोराहरू कोमल बंश पालक
रहेछ छाती पनि बज्र भैं हरे
भनी बिलौना गरने अनेक रे
११९०

यस्ता भूपतिलाई देखि अनि ता सुमन्त्रजीले पनि
जयजीव ! रघुकुलमणी ! भनी गरे प्रणाम पनि
सुन्नासाथ सुमन्त्रको बचन त्यो ब्याकुल भएका भुप
भन मन्त्री सीता र रामजी कहाँ छन् ती भनेरै खुद
११९१
उठे ती जलमै डूब्न लागेका समयैमहा
केहि अधार पाए भैं मन्त्रीलाई हृदयैमहा
लगाई प्रेमका साथै बसाए नगिचै अनि
जल पूर्ण गरी नेत्र सोद्दछन् यसरी तिनी
११९२
"प्रिय मित्र छिटै भन्नोस् कुशल् श्री रघुनाथको
कहाँ छन् लक्ष्मन् सीता ? कहाँछन् प्रिय रामजी ?
फर्काएर सबैलाई ल्यायौ कि ? जंगलै तिर
- गए राम ? " भनी यस्तो राजाको बचनै फिर -
११९३
- सुन्नाले जलले पूर्ण भयो लोचन मन्त्रिको
भएका शोकले ब्याकुल् राजा फेरि पनि अहो !
सीता राम र लक्ष्मणको सुनाऊ खबरै भनी
सोद्धथे अनि ती फेरि रामको शील् स्वभावनी
११९४
सम्भेर गुण ता सारा अप्शोच गर्दथे ठुलो
राज्य दिन्छु भनी पैले सुनाई कन फेरि जो
दिंए जंगलको बास सुनेर यो दुवै कुरा
हर्ष बिषाद त जस्को भएन मनमा पुरा
११९५
तेस्ता ती प्रीय छोराको हुँदा पनि बिछोड ता -
- गएन प्राण हा ! मेरो म जस्तो नीच घोर ता
को होला हा !अधम् पापी सखा रामसीता अनि
सौमित्रि छन् जहाँ ताही पुऱ्याउ म कनै पनि
११९६
नत्र ता हे सखे ! मेरो जानेछ अब प्राण यो
म साँचो भन्दछु हेर दया राख म माथि यो
सुमन्त्र साथमा बारंबार यहि प्रकारले
गर्दथे बिनय ब्याकुल् भएर जोडी हात रे
११९७
प्राण भन्दा पनि प्यारा मेरो छोरा बुहारीको
सबै सुनाऊ सन्देश भनी ऐले तुरून्तै पो
सोद्धथे यसरी राजा बोल्न सक्तैनथे तिनी -
- मन्त्रि ता , भूपति फेरि भन्छन् भन छिटो तिमी
११९८

उपाय तेहि गर राम लक्ष्मण
बसुन्धरा नन्दिनी जानकी कन
ल्याएर पैले यी दुवै नजर् भरी
देखाऊ हे मित्र ! तिमी खडा गरी
११९९

यो भन्दथे भूप अपार तापले
ब्याकुल् भई दाह भएर रापले
हा हा रघुनाथ सीता लक्ष्मण
भन सखे ! आज सबै कहाँ छन् ?
१२००

रघुनन्दन ! हा ! बिना तिमी
जगतै शून्य भयो मलाई नि
सब आज भए रिपु सरी
तिमी आएर बचाऊ यो घरी
१२०१

अधमाधम मूढ निर्दयी
कुन होला म सरी जगत् भरी ?
कसले तिमी झैं सुपुत्रको
गरला हाय ! निरादरै ? अहो !
१२०२

रघुनाथ – प्रिया गए जता
उहि नै मित्र ! मलाई आज ता
लग झट्ट दया गरी अब
सब होला दुर यो दू :ख् तब
१२०३

तिमीलाई पठाई जंगल
सुख शान्ति अनि फेरि मंगल
सब आज बिनाश भो हरे
कसरी प्राण धरूँ यहाँ म रे
१२०४

रघुबंश बिभूषणै बिना
सहियो दारूण दु :ख यातना
जिंउनु पनि धिक् छ यो घरी
म धरूँ धैर्य हरे ! कसो गरी
१२०५

हा सीते ! हा रघुनाथ !हा लक्ष्मण ! भनी भनी
ब्याकुल् दशरथै हुन्थे होस सम्म नभै अनि
भन्दथे फेरि सम्लेर राम सीता र लक्ष्मण
देखाऊ मित्र लौ चाडै बिन्ति गर्छु तिमी कन
१२०६

भन्दथे भूपति यहि मन्त्रिले अनि चित्तमा
गरेर धीर ता धारण् कोमल् बाक्य भने तहाँ
विवेक वान औं ज्ञानी हुनुहुन्छ हजुर ता
बीर - धुरन्धर - धीर हो है हजुर फेर ता
१२०७

खुसीले सर्बदा सेवा पनि साधु समाजको
प्रभो ! हजुरले गर्नु भएको छ समस्त पो
जन्म मरण दु :ख् भोग सुख भोग समस्त यो
बियोग - प्रिय - संयोग यी कुरा हरू ता प्रभो !
१२०८

प्रारम्भ कर्म औ काल्का रहि कन अधीनमा
रात्री र दीन जस्तोभै घुम्दछन् नित्य लोकमा
सुखमा भई आनन्द दु :खमा ब्याकुलै सदा
हुन्छन् मूढहरू मात्र धर्छन् धीरज धीर ता
१२०९

हे स्वामी! सकल - हित कारि ! हे नृप भूषण !
त्याग्नु होस सबै सोच सुर्ता हरू यी दुषण
धरी धीरज हे नाथ ! विवेक र विचारले
अबशोच हरू सारा छाड्नु होस हजुरले
१२१०

दु :ख औ सुखमा राखी समता पण्डितै सदा
निर्लिप्त बन्दछन् नाथ ! सम्झेर कर्म भोग ता
सुन्नु होस धरी धैर्य भन्दछु रामको कुरा
तमसाको किनारामा पैलो बास भयो पुरा
१२११

गंगाको तिरमा फेरि दोश्रो बास बसेर ता
खाली स्नान गरी सीता साथै ती दुइवीर ता
जल मात्रै पिई खाली रातमा सुकला भयो
सेवा गरे तहाँ खूब गुहले रघुनाथ को
१२१२

श्रृगबेर महा रात बिताई रघुनाथले
मगाई बरको दुध भोलि पल्ट बिहान रे
जटाको मुकुटै पारी शिरमा दुई भाइले
मुनि सदृश नै शोभित् हुनु भो कान्ति छाइ रे
१२१३

मगाए नाउ ता फेरि राम मित्र निषादले
आफ्नी प्रियतमालाई चढाई अति प्रेमले
चढ्नु भो शिवको पाउ सम्झि श्रीरघुनाथले
आज्ञा श्री रामको पाई लक्ष्मणै पनि हर्षले
१२१४

चढ्नु भो नाउमा फेरि धनुर्बाण भिरेर ता
मलाई ब्याकुलै देखि रामले अनि फेर ता
घरेर धीरजै मन्मा मीठो मधुर बोलीले
आज्ञा भो यो कुरा फेरि मलाई यसरी हरे
१२१५
हे बाबा ! धीरज् धारण् गरी हजुरले पनि
महाराज पितालाई फर्केर अब झट्ट नि
मेरा तरफले पाउ समातेर झुकेर ता
प्रणाम बिन्ति यो मेरो गरेर अनि फेर ता
१२१६
पाउ परेर यो बिन्ति गर्नु होस हजुरले
मेरो फिक्रि कुनै बाबा नगर्नु होस चित्तले
प्रभुको करूणाले र फेरि पुण्य प्रतापले
कुशल मंगले बन्मा हामीलाई सदैव रे
१२१७
हुनेछ हे पिता !बाबा जाँदामा प्रभुको ठुलो -
- धर्म अनुग्रहैबाट होला है वनमा भलो
हुनेछ मंगले हाम्रो महाराज हजुरको
आशिषले पनि बाबा ! हामीलाई सदैव जो
१२१८
मिल्नेछ सारा थरी सौख्य नै अनि
बाबा हुकुम्को गरि पालना पनि
फेरि कुशल् मंगल साथमा सब
फर्का हजुर्का पद पद्मको तब
१२१९
दर्शन् खुसीले गरूँला सबै अनि
नगर्नु होला पिर चिन्तना पनि
यो बिन्ति बाबा सँगमा गरेर ता
मुमाहरूका परि पाउ फेर ता
१२२०
मुमाहरूलाई प्रसन्न पारदै
बिन्ति हजुर्ले गरनु हओस है
मुमा ! हजुर्हेरू समस्तले अब
प्रयत्न तेहि गरी चित्तले सब
१२२१
त्यो गर्नु होला जननी -! कुरा सब
जेले महाराज पिताज़ीमा अब
होला कुशल् सुख्ख त हामी हेरूको -
बियोगको दु ः ख भुलेर ता ठुलो
१२२२
बिराज होला खुसीले सधैं भरी
मुमा ! हजुर्ले यहि काम नै गरी
हाम्रो सदा मंगल गर्नु होस है
यो बिन्ति आमा हरूमा गरी सबै
१२२३
साष्टांग प्रणती गुरू चरणमा बार्बार गर्दै अनि
वाहाँका सँग भन्नु यो हजुरले सन्देह मेरो पनि
बाबामा उपदेश तेहि प्रभुले गर्नु हओस् है सदा
जेले श्री महाराजका हृदयमा शान्ति सुखैश्वर्यता
१२२४
छुट्ला ताप र शोक दु ःख मनको , मेरो बियोगै सबै -
- बिसैयो मनमा पिताजी रहनु होला सदा हर्ष भै
यो बिन्ति गुरू पाउमा गरी सबै हे देब ! हजुर्ले अनि
दासी दास फेरि ति नगरीका बासी हरूमा पनि
१२२५
सारालाई नम्रता पूर्वकै ले
मेरा तर्फबाट बिन्ति हजुर्ले
गर्नु होला तेहि मानिस मेरो
हो है हितुकारी सब्बाट घेरो
१२२६
जसबाट महाराज पिता सुखी सधैं भरीं
हुनु होला तेहि मेरो हुनेछ हितु बेसरी
आए पछि भरत्लाई मेरो सन्देश यो सब
हे तात ! भन्दिनु होला हात जोरेर नै तब
१२२७
पाएर राजपद भाई ! निती हरू नछोड है
मनकर्म र बाणीले प्रजा र धर्मको सबै
पालना गरदै भाई ! मुमा हरू सबै कन
सम्झि समान नै सेवा गर फेरि झुकि कन
१२२८
पिंता माता गुरू बिप्र सुजन् पण्डितको पनि
सेवा गरेर निर्वाह गर भाइ पना अनि
महाराज बुबालाई जे गर्दा फिक्री चित्तको
हटेर मनमा मेरो नहोस पिर ता ठुलो
१२२९
उहि काम गर बावु ! हे भाइ ! मनमा सदा
सुखी पार बुबालाई आनन्द पारी सर्वदा
अनि लक्ष्मणले केहि कडा बचन त्यो घरी
बोल्नु भो कष्टका साथ अत्यन्त रीसले भरी
१२३०

रोकेर लक्ष्मणलाई अनि श्री रघुनाथले
मलाई शपथ आपन्नो बारंबार गराई रे
लड्क् पना पितालाई हे तात ! लक्ष्मणजीको
नभन्नु होस है बिन्ति गर्छु शिर झुकाई यो
१२३१
भन्दै बक्सनु भो आपन्नो मलाई शपथै ठुलो
अनि सीताजीले फेरि "प्रणाम" यो भनेर जो
बोल्नु लाग्नु भएकोथ्यो केहि अरू कुरा जब
भएर शिथिलै गाथ बोलि नै रोकियो तब
१२३२
जल पूर्ण भए नेत्र रोमाञ्च शरीरै भरी
भएर बसुधा पुत्री हुनुभो दुःखी बेसरी
रामको आशयै पाई तेसै औसरमा अनि
हिडायो माझिले डुंगालाई पारी तिरै पनि
१२३३
हे स्वामी ! रघुबंशभूषण ! प्रभो ! यहि रितैले गरी
पाल्नुभो बनतर्फ जानकी अनि भाई लिइ त्यो घरी
बज्र तुल्य कडा गरी हृदय यो स्वामी सबै दृश्य यो
हेरे निष्ठुरी निर्दयी भई हरे मैले खडा भै प्रभो !
१२३४
आपन्नोक्लेश कसोरि बिन्ति प्रभुमा मैले गरूँ आज त
जिम्दो नै म फिरें लिइकन हरे ! श्री राम सन्देश त
यस्तो बिन्ति गरेर ती सचिव ता टक्कै अडीए तहाँ
वाक्य बन्द भए ठुलो भीषणको पीडा भयो मन्महाँ
१२३५
शोक हानी पीर ग्लानी र चिन्ता -
-का बशी हुन गए सचिवै ता
चूप चाप जब सारथिलाई
देखि कष्ट मनमा पनि पाई
१२३६
कठोर दाह भै मन्मा राजा दशरथै हरे !
बिकल् भै दुःखले फेरि ताहि जमीनमा ढले
बिषम मोहले घेऱ्यो तड्फडाएर चित्त ता
मांझाले ब्याप्त भै मानौं ढलेका मिन झैं तिता
१२३७
रून लागे सबै रानी बिलाप गरी त्यो घरी
महा बिपत्तिको बर्णन् सकिन्छ गर्न के गरी
दुःखलाई पनि दुःख लाग्यो सुन्दा बिलाप त्यो
महा धीरजको धैर्य पनि भाग्यो उडेर पो
१२३८

हाहाकार सुनी भारी राज महलको सब
कोलाहल भयो भारी अयोध्या भरि नै तब
बिपुल पक्षीले बास गरेको वनमा पनि
कठोर बज्र रात्रीमा परेको झैं भयो अनि
१२३९
नृपतिका सब इन्द्रिय निष्कृय
शिथिल औ दयनिय भए प्रिय
सकल ज्ञान हराई कता गयो
पवन कंठ गतै नृपको भयो
१२४०
सुक्दा तलाउको पानी कमल्को वन झैं पनि
भए निस्तेज ती राजा बिकल् भै शोकले अनि
कोशल्याले भनिन् भूपलाई देखेर ता अनि
अब अस्ताउनै लागे रवि कुलका रवि भनी
१२४१
जान्नुभो मनले अनि हृदयमा धैर्य धरेर ठुलो
बोल्नुभो अति कोमलै बचन ता बेला अनुसारको
गर्नुहोस बिचार आज मनमा सम्झि हजुर्ले प्रभो !
श्री रामचन्द्र बियोग रूपी जलधी दुर्लंघ्य ठुलो छयो
१२४२
जहाज़ हो यो अबधै प्रभो !अनि
हो कर्णधारै प्रभु मुख्य नै पनि
तेस्मा चढेका पथिकै हरू सब
प्यारा यिनै बान्धब हेरू हुन् अब
१२४३
धर्नु भए धीरज नाथले पनि
राम बियोगै रूपि सिन्धुको अनि
पाइन्छ पारै न त हामी यो सब
डुब्छौं परिवार समेत नै अब
१२४४
प्राणेश ! मेरो बिनति सुनेर यो
धर्नु भए धीरज नाथले प्रभो !
सीता रघुनाथ र लक्ष्मणै पनि
फेरि सबै भेट हुनन् पछि अनि
१२४५
कोमल् बचन् त्यो प्रिय पत्निको सब
सुनेर खोलीकन नेत्र नै तब
हेरे उधारीकन भूपले अनि
मानौं जलैहिन बिकल् हुने पनि
१२४६

माछा हरूले मिलि शितलै जल
सुखी भए भैं नृपति भए तब
बसे उठी धीरज राखी भूपले
लागे अनि भन्न सुमन्त्र साथ रे
१२४७

हरे ! ती स्नेही रघुनाथ छन् कहाँ
प्यारी बुहारी पनि छन् हरे कहाँ ?
कहाँ हुनन् राम लक्ष्मणै पनि
पुत्रवधु छन् ति कता ? हरे अनि
१२४८

ब्याकुल् भई भूपतिले अनेक यो
बिलाप गर्दा यसरी हरे ! अहो !
भएर त्यो रात युगै समानको
कल्पै न बित्ने हुन गो बढेर जो
१२४९

आयो अनि तापस अन्धको तब
श्रापै हरूको पनि सम्फना सब
राम मुमालाई सुनाई त्यो कुरा
बिकल् भए भूपति ता तहाँ पुरा
१२५०

भन्दा भन्दै त्यो इतिहास लाई
भए फेरि ब्याकुलै भूप हाई
भन्नै लागे हा ! बिना राम मैले
धिक्कारै हो बाँच्नु यसोरी ऐले
१२५१

जसले मेरो प्रेमको मूर्तिलाई
कायम् पारी राख्न सक्तैन हाई !
त्यस्तो पामर् यो शरीर् राखी आज
के गर्ने हुं फेरि मैले र काज ?
१२५२

हा ! हा ! रामचन्द्र! हे प्राण प्यारा !
रघुनन्दन् ! बाबु ! हे नेत्र तारा !
तिमी बिना बाँचदै हेर मैले
बिताएँ यो दिन धेरै करै ले
१२५३

हा !जानकी! लक्ष्मण ! हा !पियारे !
हा ! हा ! पिताका हित निम्तिमा रे
चित्तै रूपी चातका का पनि ता
वलाहकै तुल्य सदा बनी ता
१२५४

हर्ने सबै कष्ट र दु : खलाई
अपार आनन्द दिएर हाई
हा ! हा !रघुनन्दन हाय सीते !
खौजौं तिमीलाई कहाँ म सीते !
१२५५

राम ! राम ! भनी राम ! भनी
राम ! राम ! भनि राम !
राम बिरहमा देह त्यजी
भूप गए सुर धाम
१२५६

तिनै भूपतिले पाए फल जिवन मृत्युको
अनेक् ब्रम्हाण्डमा जस्को फैलियोकिर्तिता ठुलो
बिमल बदनै हेरे रामको जीवन भरी
सपारे मरणै आपन्नो राम बिरहले मरी
१२५७

शोक संतप्त भै ब्याकुल् महारानीहरू सब
भूपको रूप औ शील बल तेज हरू सब
बयानै गरदै लागे रून फेरि अधीरभै
बिलाप गरनै लागे गुण सम्फेर ता सबै
१२५८

भूमि माथि पछारिन्थे बारंबार बिकल् बनि
रून्थे ब्याकुल् भई सारा दासदासीहरू पनि
गर्दै बिलाप ती सारा पुरबासी हरू पनि
कन्दनै गर्न लागे ती घरघर्मा सबै अनि
१२५९

"सिमाना धर्मका खानी रूप औ गुणहेरूका
अस्ताए भास्कर कुल्का भानु नै आज हेर ता"
भनेर यो सबै फेरि जस्ले जगतलाई नै
गराइन् नेत्रले हीन तिनै कैकेयीलाई नै
१२६०

गर्दथे गाली ती सारा लोक यहि प्रकारले
बिलाप गरदै सारा बित्यो राता समस्त रे
बशिष्ठ साथमा आए ज्ञानी मुनिहरू सब
अनि बशिष्ठले फेरि समय सरि कै तब
१२६१

सुनाएर इतिहास अनेक थरिका कथा
ज्ञानविज्ञान ती सारा आपन्नो गरी प्रकाश ता
यी रानीहरूका सारा गरे शोक निवारण
सम्फाउदै सबै लाई चित्तमा शान्ति दिकन
१२६२

ठुलो हौज भरीतले भरेर भूपको शव -
- राखेर हौजको भित्र अनि दूतहरू सब -
- डाकेर यो भने फेरि तिमीहेरू पनि अब
तुरून्तै दौडदै जाओ भरत्‌का सामुमा सब
१२६३
राजाको मृत्युको हाल कसैलाई पनि कतै -
- नबताऊ - पुगी फेरि भरत्‌का सामुमा सबै
दुवै भाइहरूलाई चाडै ल्याउनु है अब
भनेर हामी सब्‌लाई पठाउनु भयो तब
१२६४
यो मात्रै भन्नु है भन्ने आज्ञा श्री मुनिको सुनि
दौडबाज दुतैहरू दौडे सब तुरून्त नि
यत्तिको बेगले दौडे तिनीहेरू समस्त की
लज्जित् हुन्थे तिनी सामु घोडाहरू पनि थाकी
१२६५
जैले देखि अयोध्यामा शुरू भो त्यो अनर्थको
तैले देखि भरत्‌लाई दुस्वप्नादि अनेक पो
असगुन हरू धेरै हुन्थे बिबिध भाँतिका
देखेर भीषण स्वप्ना बिम्भ्केर पनि राती ता
१२६६
गर्नुहुन्थ्यो कटु कोटि कल्पना ब्याकुलै बनी
दिनमा ब्राम्हणै भोजन् गराई दिन्दिनै अनि
ना ना प्रकारले रूद्राभिषेक पनि फेरि ता
गर्न लगाउनु हुन्थ्यो ब्याकुल भई भित्र ता
१२६७
पुकारी मनाएर श्री शम्भुलाई
अति भक्तिका साथ शिर झुकाई
मनैले अनि बाबु आमा र प्यारा
सखा बन्धु र बान्धब दास सारा
१२६८
प्यारा दाजु भाई हेरू सबैको
माग्नु हुन्थ्यो सौख्य औ मंगलै जो
फिक्रि चिन्ता गरदै यहि रित्‌ले
मामा घर्मा श्री भरत् भै सभीत् रे
१२६९
बस्नु हुन्थ्यो दूत हेरू पनि ता
आइ पुगे झट्ट ताहि अनि ता
सुनेर त्यो कानले गुरूजीको
आज्ञा सारा भरतले अनि पो
१२७०
गणेश औ शम्भु दुवै मनाई
चढ्नु भयो वहान मा त जाई
समीर झैं तीव्र रथै चलाई
अनेक तर्कादि गरेर हाई !
१२७१
हाँक्तै घोडा - लाई बिकटका ती
नदि नाला पर्वत जंगलादि
सबैलाई बेगले पार गर्दै
बढ्नु हुन्थ्यो पवन माथ गर्दै
१२७२
मन भित्र भरत्‌लाई थियो चिन्ता अतिव रे
मन पर्दैनथ्यो केहि कुनै चिज पनि हरे !
मनमा 'पलमै पाए हुन्थ्यो जान उडेर त'
भन्ने तर्क थियो लामो बाटो देखेर घेर त
१२७३
निमेष बित्तथ्यो एक बर्ष नै सरि भै हरे !
एवं प्रकारले ब्याकुल् चिन्तित् भै भरत्‌जी रे
अयोध्या नगिचै आई पुग्नु भो जब ता अनि
प्रवेश पुरमा गर्न लाग्दा अपशगुन् पनि -
१२७४
- हुन लाग्यो हरे ! काग कुठाउँमा बसेर ता
लागे कराउनै - फेरि गदाहा - स्याल घेर ता
अनिष्ट सुचकै बाणी बोल्न लागे घुमेर नै
त्यो सुन्दा श्री भरत्‌जीको मनमा बार बार नै
१२७५
पीडा भयो अति , फेरि जंगल ताल औ नदि
बगैंचादि सबै लाग्यो निस्तेज चित्तभित्र की
बिशेष गरि झन् लाग्यो पुरी भयानकै अति
देखिन्थिन् विधवा जस्तै उजाड अबधै अति
१२७६
राम बियोग रूपी ती कुरोगहरूले हरे !
भएका पिडितै पक्षी हात्ती घोडा मृगादि रे
हेरि नसकिने सारा थिए फेर् पुरका सब
नर नारीहरू सारा थिए अधिक् दु:खीत
१२७७
हारे सरि भई सारा संपत्तिहरू आफना
बिबर्ण दु:खीतै सारा थिए निस्तेज -अन्मना
भेटिन्थे मार्गमा फेरि पुरबासि हरू जति
जुहार गरी चूप चाप जान्थें केहि नबोलि ती
१२७८

भरत कुशलै सोध्न सक्नु हुन्न थियो हरे !
उहाँको मनमा खेद - थियो - अतिव रे
बाजार सडकै सारा हेरी नसकिने थिए
पुरका दश् दिशा मानै मानौं अति प्रचण्डले
१२७९

लागेको हो कि दावाग्नि भने जस्तै थियो सब
यस्तै तरहले आई पुग्नु भो द्वारमा तब
भएकी सुर्यकुल् रूपी - कमल्की चन्द्रीका सरी
कैकेयीले भरत् आए भनेकी सुनी त्यो घरी
१२८०

भएर चित्तमा हर्ष खुसीसाथ उठेर त
सजाई आरति दौडिन् छोरा लिन भनेर त
ढोकैमा भरतैलाई भेटिकन प्रसन्न भै
आइन् महलमा फेरि लिएर पुत्र साथ मै
१२८१

मानौं कमलको जंगल् मारेको हो कि ?शितले
भने सदृस नै दु ःखी देख्नु भो सब् भरतले
बन्धु बान्धब ती सारा परिजन् हरूलाई ता
निस्तेज र हत श्री नै भएको दरबार ता
१२८२

लाइसके पछि फेरि दाबाग्नि जंगलै भरी
भिल्लिनी जसरी हुन्छे हर्षित सोहि भैं गरी
थिइन् कैकेयी आनन्द भएकी अनि त्यो घरी
मन मारेर संतप्त भएका शोकले भरी
१२८३

मलीन मुख छोराको देखेर भस्किएर ता
"मेरा माईतमा के छ कुशलै सबलाई ता"
भनेर सोध नै लागिन् अनि भरतले सब
सुनाउनु भयो सारा आरामी समाचार त
१२८४

भरत्जीले फेरि आफ्ना कुलैको
सोध्नु भयो कौशल मंगलै पो
कहाँ हुनुहुन्छ मुमा ! पिताजी ?
आज्ञा हओस् खै रघुनाथ् सीताजी
१२८५

कहाँ हुनुहुन्छ सबै मुमाजी ?
प्यारा उहि लक्ष्मण छन् कहाँ ती ?
यो प्रेम बोलि सुतको सुनेर
आँखा भरी आँसु पनि लिएर
१२८६

कौटिल्य ती पापीनी कैकेयीले
प्यारा छोरा निम्ति शूलै सरि रे
बोलिन् बाणी बज्र जस्तै कठोर
देख्यौ बाबु ! सब् कुरा पारी जोर
१२८७

सारा सुन्दर् पारी मैले सपारें
सहाय भै मन्थरा एकली रे
अलिकति काम ता कुरताले
नाशिदियो दैवले बीचमा रे
१२८८

अमरावतिमा पाउ राख्नु भो अबधेशले
भरत्जीले यो कुरा सुन्नासाथ नै सिंहनादले
भस्केर हात्ती जस्तो भै भस्केर ब्याकुलै भई
भय बिषादको बस्मा पर्नु भो अधिरै भई
१२८९

बिकल् भएर हा बाबा ! हा पिता! हा बुबा भनी
पछारिनु भयो भैमा हरायो होस नै पनि
बिलाप गर्न लाग्नु भो बिम्भेर फेरि ता हरे !
परलोक हुँदा बाबा ! मैले ता प्रभुलाई रे
१२९०

देख्न सम्म पनि हाय पाइन मुख नै अहो !
बुबा ! हजुरले फेरि मलाई दाजु रामको
काखसम्म पनि हाय ! भएन सुम्पनु प्रभो !
गरी बिलाप यो सारा फेरि धैर्य धरेर पो
१२९१

उठेर सम्लदै फेरि अनि भरतले तहाँ
सोध्नु लाग्नु भयो ब्याकुल् भइ कैकेयीसाथमा
आज्ञा होस् जननी ! बुबा मर्नको कारणै सब
दु ःखीत बचनै यस्तो सुनेर पुत्रको तब
१२९२

पुछेर घाउ बिष नै सगाउन
लागेकी हुन्कि सरि नै गरी सुन
कुटिल औ निष्ठुरी कैकेयी पनि
लागिन् कुरा भन्न समस्त यो अनि
१२९३

त्यो आदि देखि गरी अन्त्य सम्म नै
आफ्नो भनिन् कामहरू समस्त नै
प्रसन्न भै गद् गद् चित्तले सब
बर्णन् गरिन् हाल यथार्थले त तब
१२९४

बन्मा गमन् रामजीको सुनेर ता
भरतजीले बिव्हल भै झुकेर ता
मरण् पनि बिर्सिनु भो पिताजीको -
- शोकैहरू सम्म भुलेर फेरि जो
१२९५

बनवासको कारण आफुलाई नै
जानी शिथिल् देह भएर दु:खी नै
बस्नु भयो मौन भएर त्यो घरी
पीडा भयो शूल सरि थरी थरी
१२९६

पोलेका घाउमा फेरि कैकेयीले अझैं हरे !
नुन लाउन लागेकी हुन्की भन्ने समान रे
छोरालाई बिकल देखि सम्झाई भन्दछिन् तहाँ
हे बाबु !धर्म औ किर्ति कमाई जसले यहाँ
१२९७

सुख भोग गरी ठुलो जानु भो स्वर्गमा पनि
उस्ता वीर र धर्मात्मा हाम्रा श्री महाराज नि
शोक लायक ता हैन बाचुन्जेल् जन्मको सबै
फल पाएर ता फेरि अ ाखिर्मा स्वर्गधाम नै -
१२९८

पाल्नु भो यो कुरा जानी शोक छोड तिमी सब
आत्मिय बन्धुका साथै अयोध्यापुरीमा अब
रहेर गर हे बाबु ! राज्य आनन्द साथले
तिम्रा कन्टक् हरू मैले गरे दुर समस्त रे
१२९९

सुन्दामा यो कुरा सारा सरल् राजकुमार ती
पाकेका घाउमा आगो लागेमा झैं भएर नी
झसंग झस्किई फेरि गरेर धैर्य धारण
सुस्केरा हालदै लामो दु:खी अत्यन्त भैकन
१३००

भन्न लाग्नुभयो फेरि हे पापीनी !हरे ! अहो !
कुल्को नाश् गऱ्यौ तिम्ले सारा त रहबाट पो
यस्तो दुष्ट रूचि तिम्रो थियो यदि भने हरे !
मारिनौ जन्ममा साथै मलाई किन फेर रे ?
१३०१

तिमीले रूख काटेर पालुवामा पनि अब
लाग्यौ जल् छर्कन फेरि अनर्थ योगऱ्यौसब
माछा बचाउना निम्ति निठुरी ! हा पिचाशिनी !
पोख्यो तलाउको पानी ए स्वामीकुल घातीनी !
१३०२

खान्दान मेरो रवि वंश हो हरे !
मेरा पिता हुन् दशरथ् महान रे
छन् दाजु मेरा रघुनाथ नै अझ
छन् भाइ लक्ष्मण् सरि यो विचार त
१३०३

हरे !तिमी भयौ आमा ! जननी जन्म दायिनि
चल्दो रहेनछ जोर दैवका साथ क्यै पनि
कुमति उब्जियो तिम्रो जब मन्मा कुबुद्धि त्यो
त्यसै बखतमा तिम्रो बज्र झैं हृदयै अहो !
१३०४

फाटेन किन हा ! टुक्रा टुक्रा भैकन त्यै घरी ?
अपशोच् दुइटा बर् त्यो माग्यो हाय कसोगरि ?
भएन दर्द हा ! कत्ति ? तिम्रो मन्मा पिशाचिनी !
झरेन किन त्यो तिम्रो जिब्रो नै चुडिउर नी ?
१३०५

किरा परेन त्यो तिम्रो मुखमा किन वेसरी ?
राजाले गर्नु भो तिम्रो विश्वासै भन के गरी ?
बुबाका बुद्धि चातुर्य मर्ने बखतमा सब
हरेछन् दैवले हेर बिगारेर पनि तब
१३०६

नारीको दिलको हाल जान्दैन दैवले पनि
हुन्छ त्यो हृदयै सारा दुर्गुण्को खानी नै अनि
पापको घर त्यो सारा ती कुराहरू ता सब
के गरी पाउनु चाल बाबाले पनि हा ! तब
१३०७

सरल चित्तका बाबा महाराज सुशील र
धर्म तत्पर् हुनुहुन्थ्यो नारी स्वभाव त्यो तर
कसरी जानी बक्सन्थ्यो बाबाले भित्रका कुरा
गर्दा विश्वास नारीको धोका पाउनु भयो पुरा
१३०८

जस्लाई रघुनाथ प्राण सरिको प्यारो हुनुहुन्न रे
तेस्तो जीव र जन्तु यो जगतमा होला कुनै आज रे
अत्यन्त अहित भए प्रभु उहि तिम्रा निमित्तै महाँ
को होऊ तिमी ता मलाई अहिले साँचोबताऊ यहा
१३०९

जो होउ तिमी सोहि हो मुखभरि कालो घसेर सब
सामुबाट उठेर पापीनी तिमी मेरो नजर्को अब
बस गैकन ता पछाडी अब ता हत्यारिणी यो घरी
होला नत्र अनर्थबज्र हृदया मेरो रिसैले गरी
१३१०

राम बिरोधी तिम्रो यो हृदयै बाट ता हरे !
के पापले बिधाताले मलाई प्रकटै गरे
पापी म तुल्य को होला मैले तिम्लाई जो भने
त्यो ब्यर्थ हो महुँ मुख्य अनर्थको जरो हुने
१३११
दुराचारहरू सारा कैकेयीको सुनेर त्यो
शत्रुघ्नको शरिर् लाग्यो रिसले पोलिनै अहो !
चलेन जोर ता केहि क्रोधलाई रोक्न शोकले
तेहि समयमा बस्त्र भूषणादि अनेकले
१३१२
सिंगारी सुन्दरै पारी शरीरै कन ता अनि
आई पुगी त्यहि फेरि कुबेरी गम्किएर नि
शिर पाउहरूर धेरै पाउनेछु भनेर ता
ढल्किन्थि खुसीले फेरि मन्थरा त्यो रमेर ता
१३१३
रीस्ले पाकी रहेका ति लक्ष्मणका भाइले अनि
तेस्लाई देखँदा क्रोध बलेका अग्निले पनि
घिउको आहुति पाए सरि दन्क्यो प्रचण्ड भै
उफ्री शत्रुघ्नले बल्ले तेस्को कुबर माथि नै
१३१४
जमाउनु भयो लात ताकीकन प्रचण्ड भै
मुखको भर्परी त्यो ता चिच्याएर जमीन मै
पछारिई फुटयो तेस्को कुबरै पनि ता अनि
फुटयो कपाल ता फेरि भाँचियो दाँत नै पनि
१३१५
बग्नै लाग्यो शोणितै मुखबाट
हा !हा ! मेरो भाग्य ! मैले यहाँ त
ठुलो त्यस्तो के गरें हा ! बिगार ?
राम्रो गर्दा भोग्न पाएँ कुमार
१३१६
भन्नै लागी त्यो सुनेरै कुरा ता
खुट्टा देखि शिर सम्मै पुरा ता
तेसैलाई खोटि जानेर मन्मा
पकी तेस्को रिसले चुलठोमा
१३१७
शत्रुघ्नले पक्रीनु भो कपाल
लछार् पछार् पार्नु भयो कमाल
अनेक शान्ति र पीडा अनेक
दिदा दया सिन्धु भरतले त
१३१८

छुटाई दिनुभो फेरि दुवै अनुज ता अनि
कौशल्या रानीको सामु जानु भो बिव्हलैबनी
कौशल्याले थियो मैलो पैहेको बस्त्र ता सब
थियो मुहार ता दिन हीन फेरि बिरूप त
१३१९
दु :खको बोझले गर्दा उहाँको सब गाथ त्यो
थियो विकल औ दुव्लो चल्नै नसकने अहो !
कौशल्या रानी ता मानौं मारेका शीत हरूले
होकि कल्पलताको र कनक्कालहरादि रे
१३२०
भने सदृश नै ठिक्क हुनुहुन्थ्यो मलिन जो
भरत्जीलाई देखेर दौडनु भो उठेर पो
तर भन्याम्म भइ छोपि रिंड०टाले पनि अहो !
मूर्छा परी कनै ताहि ढल्नु जमीन मा भयो
१३२१
देख्नाका साथ त्यो हाल भरतै पनि ता हरे !
ब्याकुल् भएर ता सारा गाथको सुद्धिबुद्धि रे
बिर्सेर पाउमा छाँद हालेर रूनु भो अनि
बुबा कहाँ हुनुहुन्छ देखाई दिनु होस नि
१३२२
बाबा कहाँ जानु भयो त माता
प्यारा लक्ष्मुमन् रघुनाथ सीता
देखिन्न सामु कहि जानु भो कि
यी कैकेयी ब्यर्थ त जन्मिए की
१३२३
दुष्टा मलीना भई जन्मिएर
बाँझी भई बाँच्नु असल छ धेर
स्वामी मराइन् कुल घात पारिन्
नोक्सान ठुलो गरि सब् बिगारिन्
१३२४
अकिर्तिको पात्र कलंक बंशको
मलाई जन्माई मुमाजीले अहो !
आफन्तमा द्रोहि गराई खास
जस्ले गराईन् कुलको बिनाश
१३२५
तीन्लोकमा नै म सरी अभागी
होला र को हा ! जुन नीच लागी
माता ! हजुर्को गति यो भयो नि
जानु भयो स्वर्ग पिता छिटो नि
१३२६

रघुकुलैका ध्वज रामजी पनि
जानु भयो जंगल तर्फ हा ! अनि
अनर्थको कारण यो सबै कुरा
मुमा ! भएँ हाय ! फगत् म एक् पुरा
१३२७

यो नीच बंशाग्नि मलाई धिक् छ हा !
खपी नसक्नु दु :ख दोष ताप हा !
भएँ हरे ! आश्रय पापले गरी
जल्दो छ यो देह समस्त बेसरी
१३२८

कोमलबाक्यसुनेर त्योभरतकोसम्लेरआमा अनि
फेरी उठ्नु भयो र पुत्र भरतै लाई उठाएर नि
बर्बर् आँसु गिराउदैं नयनले छाती महाँ प्रेमले
टाँसी श्री रघुनाथ झैं हृदयले सम्झेर ता भित्र रे
१३२९

सरल् स्वभाव की सुद्धा कौशल्या महारानीले
मानौं फर्केर आएका रामै हुन् भनी सम्झि रे
लगाउनु भयो प्रेम गरेर हृदयै महा
भेट्नु भो फेरि लक्ष्मणका भाई शत्रुघन साथता
१३३०

रानीका दिलमा प्रेम स्नेह दु :ख र शोक नै
अटेन उर्लियो माथि सम्म भैकन ता सबै
कौशल्याको सरल् सुन्दर् स्वभावै देखिसब्जन
नहुनु किन नि यस्ति राम माता भनि कन
१३३१

भन्न लागे अनि माता कौशल्याले मुसारदै
राख्नुभो भरतैलाई काख माथि कसेर नै
आँसु पुछेर बोल्नुभो कोमल बचनै अनि
बलैया लिन्छु हे बाबु! भरत म अझैं पनि
१३३२

धीरज धर हे बाबु ! बेमौका जानी यो घरी
सम्झेर छाड यो शोक चित्तमा धिरता धरी
अनिवार्य बुझी काल कर्मको गतिलाई यो
ईष्ट हानी भएकोमा नमान अब ग्लानी पो
१३३३

कसैलाई पनि दोष नदेउ सब बाट नै
मेरो उपरमा दैव भएर प्रतिकुल नै
दु :ख पर्दा पनि यत्रो कडा जुन् दैवले हरे !
राखेको छ बचाएर मलाई कष्ट साथ रे
१३३४

त्यो दैवलाई अझ नै पनि बाबु ! याहाँ
इच्छा छ के गरन हा ! मन भित्र महाँ
को सक्छ र अब बताउन बाबु !ऐले
गर्नेछ जे सहनु पर्छ अबश्य मैले
१३३५

पिताजीका हुकुमले रघुनाथजीले
त्यागै गरे भुषण बस्त्रहरू खुसीले
बाबु ! भएन तिनका मनमा कुनै त्यो
हर्षै बिषाद दु :ख ताप र कष्ट नै जो
१३३६

बल्कल् र चिर पहिरी खुसीसाथ बाबु !
बन्दै प्रशन्न मुख कान्ति सदा सरी ऊ
थिएन है हृदयमा पनि द्वेष राग
संतुष्ट पारी सबलाई दिएर भाग
१३३७

वन्मै गए रघुपति खुसी साथ हेर
सीता पनि खबर यो सब नै सुनेर
लागिन् संगै रघुपति चरणानुरनगी
सम्झाउँदा पनि यहाँ बसिनन् सीताजी
१३३८

नली पीर किञ्चित् अनि राम हेर
यथोचित् प्रणामै सबैमा गरेर
सीता औ लिई भाई सौमित्रिलाई
गए जंगलैमा तिनी हाई ! हाई !
१३३९

गए राम सीता र लक्ष्मण् वनैमा
म ता जान पाईन यिन्का सँगमा
न यो प्राणलाई सँगैमा पठाए
यिनै नेत्र सामु कमैले गुमाएँ
१३४०

घट्दा समस्त घटना नयनै अघाडी
यो प्राणवायु किन देह चटक्क छाडी
जानै सकेन उहिल्यै निज स्नेहलाई -
- देखेर लाज कति छैन यहाँ मलाई
१३४१

राम सदृसको छोरो आमा म सरिको हरे
धिक्कार छ ममा बाबु गएन प्राण सम्म रे
जीउनु र अनि मर्नु पनि भूपति ले भने
रहेछ घेर जानेका हे पुत्र ! सत्य यो भने
१३४२

शयौं करोडौं कुलिषै समानको
मेरो भने छाती रहेछ मान यो
हुँदा बियोगै रघुनाथको पनि
फाटेन हा ! छाती अधम् रहेछ नि
१३४३

कौशल्याको बिलापै सुनी भरत सहित् अन्तपुर्का सबै ती
आलापैं गर्न लागे बिकल भई हरे ! भारी कन्दन् गरी ती
शोक्को आबाशझैं भो नृप भवन पनि ब्याकुलै भैअनिता
आलापै गर्न लागे दुई अनुज पनि शोक पूर्णै बनी ता
१३४४

लाउनु भो उठाएर रानीले छातीमा अनि
विवेक आदि जो शिक्षा अनेक थरिले भनी
सम्झाएर भरत्लाई राख्नु भो साथमा अनि
वेद पुराणका सुन्दर् कथा भरतले भनी
१३४५

सुनाएर सबै आमाहरूलाई तहाँ अनि
सम्झाउनुभयो फेरि जोरेर हांत नै पनि
छल कपटले हिन भएको कोमलै अति
सरल् निर्मलको बोलि बोल्नु भो प्रेम साथकी
१३४६

मातृ हत्या पितृ हत्या अनि ता
पुत्रै हत्या गर्न लाग्दा पनि ता
ब्राम्हण् बस्ती गाईको गोठलाई
आगो लाए पाप लाग्दोछ जो ती
१३४७

नारी र बालक् बध गर्न जान
राजा र मित्रैकन बीष पान
गराउँदा कल्मल बढ्छ खास
मन् कर्म बाणी यति तीन बाट
१३४८

त्रीपाप भन्नेछ भनी कहिन्छ
त्यस्तै अरू पातक छन् भनिन्छ
जति जति छन् उतपात याँहा
श्री रामलाई बनबास माँहा
१३४९

पठाउना र यो राज्य पाउनाको निमित्तमा
मेरो मत भए यसमा अलिकति पनि मुमा
पुर्बोक्त पाप ती ऐले ममा लागुन समस्त त्यो
हे बिधाता ! शपथ् गर्छु तिम्लाई साक्षि राखी यो
१३५०

मेरो संमत्ति ता रहेछ यसमा भने मुमा ! जो नर
हरि र नीलकण्ठका पदकमल्लाई त्यजेर पर
गर्छन् भजन घोर भुतगणको तिन्कै गति दैवले
अर्पुन् आज मलाई हाय ! जननी !थाहा भए यो हरे !
१३५१

जो वेद बेच्दछन् फेरि दुहुन्छन् धर्मलाई नै
पाप प्रकट अर्काको - गर्दछन् - जो छुल्याई नै
कण्टि कुटिल कलह -प्रिय कोधी भएर नै
दुषित गर्दछन् फेरि जो मानिस् वेदलाई नै
१३५२

जो जगत्को बिरोधी छन् बिषय लम्पटै पनि
छन् फेरि लालची धूर्त छन् लोभी फेरिजोअनि
ताक्दछन् पर नारी र पर धन्लाई मूढ भै
बिगार गर्दछन् फेरि अर्काको पनि ब्यर्थ मै
१३५३

रहेछ संमत्ति मेरो यो कुरामा भने मुमा
ती सबैको गति घोर म पाउँ परि नर्कमा
गरेको जसले छैन प्रेम सत्संगमा अनि
अभागी बिमुख छन् जो पमार्थ पथमा पनि
१३५४

चोला मनुष्यको पाए पछि ता पनि जो नर
भज्दैन हरिको नाम जस्लाई ती हरि हर -
- चरित्र मन - पर्दैन - यश जो बैदिकै पथ
छाडेर चल्दछन् वाम पथमा जो सदैव त
१३५५

ठग्दछन् जगतैलाई ठग भेष धरेर जो
तिनकै गति शंकर्ले दिउन आज मलाई त्यो
षडयन्त्र यदि यो थाहा रहेछ म कनै भने
आमा मलाई त्यो पाप लागोस लोकमा हुने
१३५६

सरल् स्वभाविकै सत्य बोलि श्री भरतैजीको
सुन्नुभयो र आमाले भन्नु भो अनि फेरि यो
मनसा कर्मणा वाचा प्यारा छौ तिमी रामको
तिम्रा छन् रामजी फेरि प्राणका पनि प्राण पो
१३५७

प्राण भन्दा पनि प्यारा तिमी छौ रघुनाथको
भरत चन्द्रमा बाट कदाचित् बरू बग्न पो -
- लागोस बिषको धारा हिमबाट बरू अनि
आगो फैलिन जाला है डढाई लोक नै पनि
१३५८

जलचर् जन्तुजल् देखि होलान् बिरक्तनै सब
न जाला बरू ता मोह ज्ञान पाए पनि सब
परन्तु तिमी ता बाबु ! कुनै हालतमा पनि
प्रतिकुल हुने छैनौ रामको सत्य भन्छु नि
१३५९

हे राम ! तिम्रो म त दास हाई
जो भन्छ स्वप्ना बिच होस् नपाई
त्यस्को सधै सद्‌गति सौख्य बन्छ
मन्मा पनि शान्ति अबश्य हुन्छ
१३६०

यो भनेर भरत्‌लाई कौशल्याले अनि तहाँ
अत्यन्त प्रेमले फेरि टाँस्नु भो हृदयै महाँ
कोशल्याको स्तन बाट लाग्यो चुहुन दुध ता
प्रेमको जल आएर भरी भो दुई नेत्र ता
१३६१

एवं प्रकारले धेरै गर्दा गर्दै बिलाप ता
बित्यो समस्त त्यो रात बस्दाबस्दै विहाल ता
बशिष्ठ मुनि औ फेरि वामदेव मुनि पनि
आएर तिनले मन्त्रि महाजनहरू पनि
१३६२

बोलाई सबलाई फेरि मुनिले भरत्‌जीलाई अनि
सम्झाई परमार्थका बचन ता उत्तम् अनेकौं पनि
शास्त्रोक्तै बिधिले गरेर उपदेश् भन्दा भए यो तब
धैर्य धारण गर्नुहोस मनमा हे बाबु ! सोचि सब
१३६३

बेला हो जुन आजको उहि सरिगर्नुपर्‍यो काम् यहाँ
भन्ने यो गुरू बाक्यका श्रवणले उठदै भरत्‌ले तहाँ
आज्ञा भो सबदाह निम्ति सरजाम् चाडै बनाउ भनी
बेदोक्त बिधि साथमा नृपतिको त्यो देहलाई अनि
१३६४

स्नानै गराएर अति बिचित्रको
तयार पारे खट जो सुचित्रको
खडा भएका सति जान निम्ति ता
सबै मुमाहरू लाई गरेर बिन्ति ता
१३६५

भरत्‌जीले पाउ परेर ता अनि
बुझाई राख्नु घरमै भयो पनि
बसे घरैमा जननी हरू सब
श्री रामकै दर्शन आशले तब
१३६६

भरी भरी भारी धुपी र चन्दन
कपुर आदि अरू जे अनेकन
ल्याए सुगन्धी सरजाम त्यो सब
बैगिन्ति तिन्को गरूँ गिन्ति के अब
१३६७

सरयू नदिको तिर्मा मानौं सुर पुरी तिरै
जाने राम्रो सिंढी हो कि ? भने जस्तै गरेरनै
राम्रो चित्ता रची तहाँ तयार गरियो अनि
भूपतिको शरीरलाई राखीयो त्यसमै पनि
१३६८

दाह क्रिया यहि रित्ले भरत्ले त्यो सबै थरि
गर्नुभो बिधिका साथै स्नान् गरी शुद्ध बेसरी
तिलाञ्जली दिई फेरि श्रुति स्मुति पुराणको
लिई प्रमाण ता सारा बिधान दश गात्रको
१३६९

समाप्त गर्नुभो सारा मुनिराज वशिष्टले
जहाँ जस्तो दिए आज्ञा तेसै भाँति गरेर रे
हज्जारौं रीतीलें सारा काम भरतले पनि
समाप्त गर्नु भो फेरि गर्नु पर्ने सबै अनि
१३७०

गो दान गज औ अश्व रथ आदिक दान जो
गरेर श्री भरत्‌जीले दानहरू अनेक पो
शुद्ध हुनु भई फेरि अन्न बस्त्र र भूषण
गृह सिंहासनै भूमि आदि दान गरीकन
१३७१

ब्राम्हणहरू संन्तुष्ट भए त्यो पाउँदा अनि
भरत्‌ले बाबुको निम्ति जस्तो कर्मकृयादि नि
गर्नु भो त्यो सबै कोटि मुखले पनि बर्णन
सकिन्न गरी त्यो कोटि बर्ष सम्म पनि सुन
१३७२

असल साहितै हेरी केहि दिन पछि अनि
खुसी साथ सबै आए मुनि बिप्रहरू पनि
बोलाए तिनले फेरि मन्त्रिहरू र ति सब
महाजनहरू - सारा - सभासदहरू तब
१३७३

सभामा गएरै बसे सब् अनि ता
भरत्‌लाई शत्रुघ्नजीका सहित
वशिष्टैजीले डाकी ल्याएर फेरि
बसाएर सामु पनि मूख हेरि
१३७४

प्रेम साथ नीती धर्ममय बचन ती सब
भने वशिष्टले सारा उपदेश गरी तब
भने वशिष्टले फेरि पैले कुटिल रानीले
जुन तरहले जस्तो गरिथिन् कर्म सब् ती रे
१३७५

त्यो कुराको गरे सारा बर्णन् बिस्तार साथले
अनि जस्ले शरीरलाई परित्याग गरेर रे
गरेथे प्रेम निर्वाह तैस्ता ती भुपको सब
धर्म नियम निष्ठा र सत्य पालनको तब
१३७६

गरि तारिफ ता फेरि मुनिले राम चन्द्रको
स्वभाव गुण औ शील्को गर्दा बर्णन ता अहो !
अश्रुपूर्ण भयो नेत्र भयो रोमाञ्च देहमा
फेरि लक्ष्मण सीताको प्रीति बर्णन् गरी तहाँ
१३७७

ती वशिष्ठ मुनि ज्ञानी थिए ता पनि फेरि है
त्यो बेला गुणको बर्णन् गर्दा श्री रामको सबै
स्नेह औ शोकको ठुलो प्रवाह भावना महाँ
चुरूलुम्बु डुबी फेरि गद् गद् भैकन चित्तमा
१३७८

वशिष्ठले भने फेरि ब्याकुल् भै रूद्धकण्ठले
भरत सुन्नुहोस् भावी बल्बान छ लोकमा हरे
हानी लाभ सुयश् दुर्यश् जीवन् मरण यी सबै
हातमा छ बिधाताको भन्ने सम्झि बुझेर नै
१३७९

गर्दा बिचार यो सारा दोष् दिने कसलाई त ?
कस्का उपरमा फेरि रीस् गर्ने पनि ब्यर्थ छ
गर्नु होस् मनमा बाबु विचार यो गुनेर त
शोक योग्य हुनुहुन्न महाराज् बुबा स्वत:
१३८०

वेद बिहिन हे बाबु ! जो बिप्रहरू लोकमा
धर्म कर्म सबै आफ्नो छाडी बिषय भोगमा
लम्पट् छन् तिनकै शोक गर्नु पर्दछ है अनि
जान्दैन नीती ता केहि जो राजा भैकनै पनि
१३८१

लाग्दैनन्प्राण झैं प्याराजस्लाई आफ्नोप्रजा
भरत तेहि राजाको गर्नु पर्दछ शोक ता
कृपणी हुन्छ धनवान भएर पनि वैश्य जो
गर्दैन अतिथी सेवा शिवको पनि भक्ति पो
१३८२

नारी भई पतिलाई छल्दैछे जो ठगेर नै
कुटिला झगडा गर्ने स्वेच्छाचारिणी नारीकै
के गर्ली ? भनी हे बाबु गर्नूपर्दछ शोक त
हुनुहुन्न महाराज शोक योग्य बिचारं त
१३८३

जो वटुक भइ आफ्नो ब्रम्हचर्य व्रतै पनि
छाडेर गर्छ जो हेला अपमान गुरूको पनि
आज्ञानुसार चल्दैन गुरूको बाबु ! हेर है
त्यसैको पर्छ यो शोक गर्नु हाय ! भनेर नै
१३८४

बाबु भरत गार्हस्थ भएर पनि फेर जो
अज्ञान वश भै त्याग गर्दछन् कर्ममार्गको
भरत अनि तेसैको गर्नु पर्दछ शोक त
अलपत्र परी बिच्मा पर्दछ यो भनेर त
१३८५

संन्यासी भइ जो विवेक नहुँदा संयासधारी बनी
बैंराग्यै नभई प्रपञ्चहरूमै लागी रहन्छन् पनि
गर्नु पर्दछ शोक यो जगतमा तेस्ता ती सन्यासीको
शोक् गर्नु ठीक छैन है भरतजी हाम्रा महाराजको
१३८६

यो संसार अपारा तर्छु तपले भन्दै तपस्वी बनी
नानाभोग र सौख्य भोग्दछभने त्यस्तोतपस्वी अनि
केहि कारण नै नभैं रिस गरि गर्ने छूल्याइं तथा
आमा बाबु र दाजु भाइ सबको गर्ने बिरोधै सदा
१३८७

हे बाबु ! सुन हेर शोक तिंनकै गर्नु पनि पर्दछ
महारौरवमा परेर पछि ता त्यो घुम्नु नै पर्दछ
अर्काको अपकार मात्र गरने दया नगर्ने छजो
पोषण्क्यै परिवारको नगरिता आफ्नो शरिर मात्रपो
१३८८

पोस्ने मानिसको सबै तरहले सारा थरिबाट पो
गर्नुपर्दछ शोक बाबु त्यसमा डुब्यो भनि हेर त्यो
छाडेरछल औ कपट् हरिभगत् बन्दैन जोमानिस
बाबु त्यै जन शोचनिय छ यहाँ संसारमा मुख्यत
१३८९

जन्मे श्री रविवंशमा दिनमणि प्रत्यक्ष आलोक त
जस्को किर्ति चतुर्दशै भुवन औत्रैलोक्य मैब्याप्तछ
तेस्ता भूपतिको त शोक गर्नु यो हैन औचित्य ता
जो जस्तो अघि जन्मिएन नृपति ब्रम्हाण्डमै एउटा
१३९०

तेस्ता पछि फेरि हुदैन कोहि
ऐले पनि छैन बिचार येहि
ब्रम्हा र विष्णु हर सम्मले त
इन्द्रादि दिग्पालहरू समेत
१३९१
हाम्रा अयोध्या पतिको समस्त
गुण् गान गर्छन् भइ धेर मस्त
जस्का रघुनाथ हजुर लक्ष्मण
शत्रुध्न जस्ता सुत रत्न नै छन
१३९२
यस्ता चारै पुत्र जो छन् पवित्र
गाउँदाछन् वेद जस्को चरित्र
त्यस्ता राजाको यहा अल्प ज्ञाता
तारिफ् गर्नै सक्छ को लोकमा ता
१३९३
आज्ञा हओस् बाबु आफै हजुर
राजा जस्तो कोहि छैन जरूर
भाग्यै मानी सब् थरी बाट लोक्मा
तारिफ् गर्नै सक्छ को यो जगत्मा
१३९४
बिषद ब्यर्थ हो गर्नु भूपको निम्तिमा अब
सुनेर यो कुरा सारा बिचारी प्रभुले सब
छाडेर शोक औ सुर्ता आज्ञालाई नरेशको
शिरोपर गरी गर्नु हओस् तदनुसार पो
१३९५
बक्सेको छ हजुरलाई नृपले यो राजगद्दी अब
पर्ला सत्य गराउनै पनि बचन् आपन्ना पिताकोसब
सत्यै पार्न भनीकनै बचन त्यो आपन्नो महाराजले
छाड्नु भो रघुनाथलाई र अनि आपन्नो शरीर्लाई रे
१३९६
श्रीराम्को बिरहाग्निमा नृपतिमा यो देहलाई पनि
दग्धै पार्नुभयो पिताजीकन ता त्यो सत्यबाणी अनि
प्यारोथ्यो बरू प्राणतुच्छ सरिकोत्यस्ता पिताकोसब
बाणीलाई प्रमाण गर्दिनुहओस् कर्तब्य ठानी अब
१३९७
शिरोपर गरी आज्ञालाई श्री महाराजको
तदनुसार नै गर्नु हओस सत्य पारी त्यो
भलो हुनेछ तेसैले सब तरह बाट नै
हजुरको सदा भन्ने बाबु ! सम्झनु होस है
१३९८

पिताको हुकुम पालन् गरी परशुरामले
मातालाई पनि मारी दिए सुन्नु हओस रे
यो कुरामा जगत्सारा साक्षी छ भन्दछु अनि
ययाति नृपका बालक् छोरा ती पुरूले पनि
१३९९
आपन्नो यौवन् पितालाई दिए आज्ञा पिताजीको
पालन गरदा पाप लागेन तिनलाई जो
भएन दुर्यश फेरि उचित् औ अनुचित् सब
छाडी बिचार बाबुको आज्ञाको पालना जब -
१४००
- गर्छन् ता नर जो सौख्य सुयस्को तिनीहेरूनै
पात्र हुन्छन् र आखिर्मा बास् गर्छन् स्वर्गहेरूकै
राजाको बचनैलाई अवश्यमेव सत्य नै -
- पारेर पालना गर्नु हओस् दु:खी प्रजा सबै
१४०१
शोक छाड्नु हओस् बाबु स्वर्गमा महाराजले
अवश्यै सुख सन्तोष पाउनु हुन्छ तेसले
लाग्ने छैन कुनै दोष मिल्नेछ यश पुण्यको
सत्य बचन राजाको गर्दा पालन आज यो
१४०२
बाबुले जसलाई दिन्छ त्यसकै हो राजगद्दी भनी
यो बाणी छ पुराण वेदहरूमा यो सिद्ध बाक्यैछ नि
मान्छन् यो त समस्त लोकहरूले यस्लाईयोग्यभनी
राज्यैगर्नु हओस ग्लानी सब ता छाड्नुहओस् योपनि
१४०३
यो कुरा हितकारी हो मान्नुहोस् भरत अब
यो राज्य गर्नुहोस् बाबु ! यो सुनी बनमा सब
राम सीता र लक्ष्मणजी हुनुहोला प्रसन्नता
आनन्द मनमा राखी फिर्नू होला छिटै यता
१४०४
यस्लाई अनुचित् भनिकन कुनै पण्डितहरूले पनि
भन्नेछैन बिचारि य्रो हृदयमा जान्नुहओस है अनि
कौशल्यादि मुमाहरू पनि सबैसन्तान औ लोकले
पाउँदा सुख चित्तमा खुसी भइ हुन्छन् सुखी हेर रे
१४०५
हजुरको औ रघुनाथजीको
मर्मै छ जस्ले मनमा बुझेको
ति मानिसैले सब रितले यो
ठान्नन हजुर्लाई असल् भनीं जो
१४०६

आए पछि रघुनाथ सुम्पेर राज्य यो अनि
प्रेमले शोभिइ सेवा गर्नु होला सदा अनि
फेर् मन्त्रिले पनि - सारा हात जोरेर ता अनि
गर्नुहोस् गुरूको आज्ञा अबश्यै पालना पनि
१४०७

सवारी फेरि फर्केर होला श्री रामको जब
पछाडी जो उचित्होला सो होला गर्नुनै तब
भन्थे मन्त्रिहरू फेरि घरेर धीरता अनि
भन्न लाग्नु भयो माता कौशल्याा रानीले पनि
१४०८

हे पुत्र ! गुरूको आज्ञा पथ्य छ त्यसलाई नै
हित सम्भ्रुर ता बाबु ! आदर् गर अबश्य नै
कालको गति जानेर बिषाद छाड यो घरी
सुख देऊ सबैलाई भरत राज्य यो गरी
१४०९

पाल्नुभां स्वर्गमा राजा गए जंगल रामजी
काँतरिन तिमी लाग्यौ यसरी धैर्य नै त्यजी
दासी दास प्रजा सारा मन्त्रिमण्डल यी सब
हामी जननी हेरूको तिमी नै एउटा अब
१४१०

अबलम्बन छौ बाबु छोरा भरत यो घरी
धैर्यधर अब मन्मा सोचेर तिमी बेसरी
काल्को निष्ठुर ता फेरि दैवको प्रतिकुल ता
देखेर है भरत् आज गर धारणा धैर्य ता
१४११

बलैया लिन्छु आमा म तिम्रो बाबु तिमी अब
शिरमा गुरूको आज्ञा राखेर खुसीले सब
गर तेहि अनुसार प्रजाको गर रक्षण
परिजन्को हरि दु : ख धीर भैकन यै क्षण
१४१२

यी चन्दन सरी मन्का आनन्द दायकै पनि
गुरूको वचनै फेरि सकल मन्त्रिको पनि -
अभिनन्दन यै रित्ले सुन्नु भो भरतजीले
फेरि शील र स्नेहैका रसले मुछिएर रे
१४१३

भएको अमृतै जस्तो सरल् र कोमेलै अति
बचन सुन्नु भो माता कौशल्याको समस्त ति
कौशल्या रानीको शील स्नेहका रसले भरी -
- मुछिएको सरल् बाणी सुन्दा भरत त्यो घरी
१४१४

ब्याकुल हुनुभो सारै भर्खर हृदयै महाँ
उम्रेका बिरह रूपी अंकुरै कनता तहाँ
सेचन गरदै नेत्र कमलैबाट पानीका
थोपा चुहिन नै लागे टपाटप गरेर ता
१४१५

भरत्को हालतै त्यस्तो देख्दा खेरी समस्तको
देहको सुद्धि औ बुद्धि -हरायो -शान्ति चित्तको
स्वभाविक् प्रेमको यस्तो सीमालाई सबै जन
लागे आदरका साथ धन्य भन्दै सहाउन
१४१६

भरत् स्वयं धीर धुरन्धरै अनि
गर्नु भयो धैर्य भएर धीर नी
सुधा रसैमा मुछिए सरि पनि
उचित कुरा उत्तर बोलदै पनि
१४१७

भन्नुभो ति सबैलाई यस्ता तरहले अनि
भन्नुभो गुरूले बेश उपदेश मलाई नि
प्रजा र मन्त्रि साराको संमत्पनि छ यो कुरा
उचित् सम्भ्रेर माताले पनि ता मकनै पुरा
१४१८

आज्ञा दिनुभो आज त्यो आज्ञालाई ता अब
अबश्य शिरमा राखी तदनुसार नै सब
गर्न चाहन्छु स्वामी औ गुरू मता पितादिकि
सुनेर हित् कुरालाई ठीक् सम्भि मन भित्र पो
१४१९

आनन्दित मनैलाई गर्नु पर्दछ है सदा
बिचार गर्न लागे मा उचित् औ अनुचित्कदा
धर्म भ्रष्ट भइ सारा भ्रष्ट हुन्छ सबै भलो
शिरमा पर्छ त्यो बोभ्र पापको पनि ता ठुलो
१४२०

जस्तो किसिमको काम गर्दा असल भै सदा
मेरो हुन्छ भलो तेहि सरल् शिक्षा हजुर ता
दिनु हुन्छ सदा भन्ने जान्दछु हुन ता म यो
तथापि मनमा मेरो हुने संतोष छैन पो
१४२१

मेरो विन्तिहजुरहेरू सबले सुन्नु हओस् यो अब
पाउँ त्योउपदेशआज अहिल्यै औचित्यशिक्षा सब
क्षमा गर्नु हओस म उत्तर यहाँ लागे दिनै बेसरी
दु :खीका गुणको र दोषहरूको मन्मा बिचारै गरी
१४२२

गर्दैनन् गणना कुनै तरहले दु:खीभनी सज्जन
पाल्नुभो रघुनाथ जानकी दुवै त्यो कष्टदायि बन
स्वर्गै पाल्नुभयो पिताजी पनि ता हजुर्हरूले अब
राज्यै गर्न निमित्तमा म कन ता आज्ञा दिनुभो सब
१४२३

सम्झनुहुन्छ कि मेरो हित नै यसबाट ता ?
कि कुनै आफनो काम सिद्ध होला भनेर ता ?
सोचनु हुन्छ कि ?फेरि मेरो ता हित रामको
सेवामा नै थियो सारा त्यो ता हा !अपशोच जो
१४२४

सेवालाई लियो हरि कुटिल ता ‑ले मुमाको पनि
मैले देखि सकें गरेर मनमा अन्दाज हेरू अनि
अर्को केहि उपायले पनि यहाँ हित्छैन मेरो अब
राम दर्शनमा छ एक अहिले मेरो ठुलो हित् सब
१४२६

सीता राम लक्ष्मणैका चरण्को
पाइँदैन दर्शनै श्री शरण् पो
भने त्यस्तो राज्य के गिन्ति हुन्छ
त्यो राज्यै ता शोक दाता भनिन्छ
१४२७

बस्त्रै छैन भने आङ्ग्मा भूषणै धर्नु ब्यर्थ हो
बोझा हो ब्यर्थको त्यो ता छिप्दैन लाज नै अहो
बिना बैराग्य ता ब्रम्ह - बिचार पनि ब्यर्थ हो
हरिभक्ति बिना योगाभ्यास ब्यर्थ हुनेछ पो
१४२८

शरीर नै रोगी भयो भने अनि
हुन्छन् सबै भोग बिलास ब्यर्थ नि
छैन भने प्राण हरे शरीरमा
सुन्दर् शरीर ब्यर्थ हुनेछ लोकमा
१४२९

पाइन रामकै साथ भने मेरो सबै कुरा
ब्यर्थ छन् गुरूजी आज्ञा दिनुहोस ममा पुरा
म जाऊ नजिकै दाजै रामको अब सट्ट नै
अब यहि कुराबाट मेरो हित छ झट्ट नै
१४३०

गराएर राजा मलाई यहाँ रे
हितै खोज्नु हुन्छ भने आफनो रे
सबै त्यो कुरा स्नेहले मूर्खताका
परेरै भनेको छ बस्मा यहाँ ता
१४३१

कैकेयीको म हुँ छोरो कुटिल् कुबुद्धिको छु रे
बिमुख राम देखि छु निर्लज्ज पनि ता म रे
म झैं अधमको राज्मा रहेर हजुर हरू
सुखको चाहना गर्नु हुन्छ नै ता भने अरू
१४३२

परेर मोहको बश्मा हजुर हरूले अब
चाहना त्यो गरेको हा ! अज्ञान बशमै सब
पत्याउनु हओस् सारा साँचो भन्दछु यो अब
धर्मात्मा मानिसै मात्रै हुनु पर्दछ भूप त
१४३३

हठ् गरेर हजुर्हेरू मलाई राज यो जब
दिनु होला अनि झट्टै उसै बखतमा तब
धसिएर रसातल्मा जानेछन् बसुधा पनि
जस्का निमित्त बनबास भयो रामजीको पनि
१४३४

मजस्तोकोछ ख्वै पापी?त्यस्तो होला र को हरे
श्री रामलाई बाबाले दिएर बनबास रे
आफु चाहि अनि फेरि हुनासाथै बियोग त्यो
अमरावति जानू भो हामीलाई त्यजेर जो
१४३५

अनर्थको सब् मुल् कारणै पनि
हुने म ता नीच सचेत नै बनी
सुनी रहेको छु बसी समस्त रे
श्री रामको जंगलबास बात रे
१४३६

श्री रामजीले रहितै अबास यो
देखे पनि सब् दुनियाँ समेत को
हरे ! उपाहास सहि सहि पनि
यो प्राण मेरो अडिनै रहेछ नि
१४३७

रूखा हुनुहुन्छ सीता पति पनि
पृथ्वी विलासै रसमा सधैं अनि
हुन्छन् भुका लालची मानिसै हरू
यो राज गर्नाकन हाय के गरूँ
१४३८

म आफ्नो नीच मन्को कठोर पनको पनि
कहाँसम्म गरूँ वर्णन् ? जसले जगमा पनि
पाएको छ ठुलो इज्जत् कठोर पनको हरे
मेरो कठोरताले ता बज्रलाई समेत रे
१४३९

गर्दैनै छ निरादर् हा कारण् भन्दा पनी कडा -
- कार्य हुन्छ कुनै मेरो दोष छैन यहाँ बडा
पत्थरैबाट जन्मेको फलाम पनि ता अहो !
भीषण ्कठोर पो हुन्छ पत्थर् भन्दा पनि बढो
१४४०

अस्थि निर्मित दधिची मुनीको
बज्र त्यो त छ कठोर पनि जो
लोक नाशक भयंकर खास
गर्दिनैछ भवलाई बिनाश
१४४१

यो पापी पामरै मेरो अभागी प्राणलाई ता
कैकेयीबाट जन्मेको यो नीच देह माथि ता -
- प्रेम लाग्यो र यो प्राणलाई श्री रघुनाथको -
- वियोग नै अति प्यारो लाग्यो के म भनौंअहो
१४४२

देखुँला सुनुँला धेरै कुरा पछि पछि झन
कैकेयी जननीले ता लक्ष्मण् राम सीता कन
वनबास दिई आफ्ना स्वामीलाई पनि हरे !
पठाईकन स्वर्गैमा सबको हित् गरेर रे
१४४३

बैधब्य र वरू दुर्यश् लिनुभो आफुले पनि
दिनु भो दुनियाँलाई शोक - संताप - दु :खनि
मलाई सुख साम्राज्य शुयसै दिनु भो ठुलो
सबैको गर्नु भो काम मुमा कैकेयीले भलो
१४४४

बाँकी के छ भलो मेरो यो भन्दा बढता अब ?
जस्माथि हजुरहेरू तिलक् गर्ने कुरा सब
गर्नु हुन्छ अझैं हाय ! योग्य यै छ भनेर ता
मिलेर सब् कुरा ठिक्क भयो मेरो निमित्त ता
१४४५

कैकेयीको भुँडीबाट जन्मिए पछि लोकमा
छैन अनुचितै केहि मलाई राज्य गर्नमा
सपारी नै दिएका छन् मेरो सब कुरा अब
बिधाताले स्वयं हेर परिवन्द गरी सब
१४४६

प्रजाहरू अनि फेरि पञ्चहरू पनि सब
सहाय गर्दछौ ब्यर्थै किन आएर ता अब ?
लागेको होस है भूत तेस्माथि सन्निपातले -
-पारेको छ अझैं ब्याकुल तेसमाथि लगेर रे
१४४७

बिच्छिले पनि टोकोस तेस्माथि पनि अझ
मदिरा ख्वाउनु फेरि त्यसलाई लगेर त
औषधी गरने के हो ? भन्नुहोस् हजुरले
होला के लोकमा फेरि त्यो निम्ति उपचार रे?
१४४८

कैकेयी पुत्रकोनिम्ति योग्य जुन् जुन कुरा थियो
बुद्धिमान बिधाताले मलाई तेहि सब् दियो
फेरि तिनै बिधाताले राजा श्री दशरथ्जीको
छोरा र ब्ययर्थमा फेरि रामको भाई पारी जो
१४४९

दियो इज्जत जो यस्तो ब्यर्थ होदिनुत्यो सब
तेसैमाथि हजुर् सारा गर राज्य भनी अब
आज्ञा हुन्छ भने फेरि महाराज बनीकन
हुकुम दिनु सबैलाई बेस लाग्दछ हो भन ?
१४५०

कस्लाई कुन के उत्तर् दिऊँ कुन प्रकारले?
जे पर्छ मन जस्लाई भन त्यो खुसीसाथ रे
कुमाता र म छाडेर रामको वनबास यो
बेश गऱ्यो भनी कस्ले भन्ला र लोकमा? अहो
१४५१

जस्लाई राम सीताजी छैनन् प्राण समान रे
चरचर् लोकमा तेस्तो म छाडी अरूकोछ ए ?
अतीव हानी नै सब्को ठुलो लाभ भयो भने
अरूको यसमा फेरि छैन दोष कुनै भनें
१४५२

रहेछ असल मेरो दिन नै अब यो घरी
ममाथि सबले ठुलो प्रेमको बशमा परी
केहोला !लौ कसो ! होला भन्ने सोच गरेर नै
सन्देसले परिपूर्ण भएका छौ समस्त है
१४५३

जो कोहि भन्दछौ त्यो सब उचितै छ कुरा पनि
आधार खाज्दछौ सारा म जस्तो जन एक नि
राम जननीको सुन्दर् सरल चित्तले गरी
मुमाको प्रेम छन् धेरै म माथि झन् बिशेष गरी
१४५४

तसर्थ स्नेह औ फेरि बशमा भैकन बानीको
आज्ञा हुन्छ कुरा मेरो दिन ता हरू देखि यो
हत्केला माथिको आपन्नो बयर्को फल झैं सब
जगतहरू छन् सारा जसका दृष्टिमा तब
१४५५

विवेक सागरै भन्ने तिनै गुरूजी लोकमा
प्रख्यांत नै हुनुहुन्छ गुरूले नै पनि यहाँ
सर्जाम सजनुभो मेरो तिलक्को निम्तिमा अब
बिपरितै हुँदा दैव हुन्छन् बिमुख नै सब
१४५६

राम सीताजी छाडेर " रामको बनबासमा
भरत्को संमति छैन "यो भन्ने ब्यक्ति लोकमा
छैन कोहि पनि फेरि सुख मानेर यो अब
दुर्वाणी हरू ती सुन्न सकुँला सहनै सब
१४५७

भन्लाकी त "खराबी" लोकहरूले भन्ने मलाईयहाँ
त्राशै छैन र छैन फिकी पनि ता पर्लोकको मन्महाँ
सीता राघव दु :खीतै हुनुभयो मेरो निमित्तै भनी
यहिएक समुझ अग्नि सरिभै यो चित्त भित्रै पनि
१४५८

दन्दन दन्किरहेछ आज सहनै गाह्रोपऱ्यो यो अब
पोलि यो हृदयै अबश्य यसले गर्नेछ खागै सब
सारा त्याग गरेर चित्तकन ता राम चरणमा धरी
पाए जन्मफलै ती लक्ष्मणजीले ठुलो अति बेसरी
१४५९

राम सीताजीको जंगल बासका निम्तिमा पनि
भएको जन्म यो मेरो लोकमहा रँ हेछ नि
अभागी किन ? मै फेरि भुट मुट यसै हरे
पछूताऊँ हुने हो जो त्यो भयो सब पूर्ण रे
१४६०

शिर आपन्नो भुकाएर सारालाई म यो घरी
कठोर दिनता भन्छु हात् जोडी बिनती गरी
श्री रामको पदपद्म दर्शन् नगरी चित्तको -
- गएन दाह यो मेरो उपायै अरू क्यै अहो !
१४६१

सुझेन हाय !यो मेरो मनको हाल प नि सब
को बुझ्छ राम छाडेर दाश्रो यो लोकमा अब
मनमा एउटा येहि निश्चयै छ अबश्य नि
म जान्छु भोलि नै प्रात : राम समीपमा भनी
१४६२

दुष्टै हुँ अपराध पुञ्ज पनि हुँ मेरा उपाधी कति
धेरै छन् तर रामले सब कुरा बिर्सि खुसीभैअति
देखि संमुखमा दयालु प्रभुले आयो शरणमा भनी
काखिच्याप्नु हुनेछ है मकन ता सब् दोष बिर्सेरनी
१४६३

माफै राखी कनै बिशेष करूणा गर्नु हुने हो अझ
साक्षात् देव दया निधान करूणा सिन्धो रघुनाथ त
श्रद्धा प्रेम दया कृपा सकलमा प्रख्यात छन् जीवनी
यस्तो सद्गुण खानी राम सरिको अर्को कुनै छैननि
१४६४

शत्रुको पनि गर्नुहुन्न कुभलो कैल्यै पनि रामले
साच्चै नै प्रतिकुल हुँ म त परं भक्त शिशुहुँ हरे
सारा पञ्चहरू पनि यसमहाँ कल्याण मेरो भनी
सम्झेर शुभ बाणीले दिनुहओस् आज्ञा र आशिष्पनि
१४६५

जेले बिन्ति सुनी मलाई प्रभुले सम्झेर दासै भनी
फर्केरू रघुनाथ फेर् अबधमा पाल्नु हुने हो पनि
आफै नै बदमास हुँ अनि सदा दोषि म छु नाथको
ब्यर्थै भो नि कुमातृबाट जगमा मेरो जनम् फेर् जो
१४६६

तथापी आपन्नो भन्ने सम्झेर प्रभुले पनि
त्याग गर्नु हुने छैन मलाई ता अबश्य नि
दाजुको नै भरोसा छ मलाई यो घरी ठुलो
निराशा गरनै हुन्न प्रभुले कहिल्यै अहो !
१४६७

राम प्रेम रूपी अमृत रसमा
मग्न भैकन मनोहर जस्मा
बाक्यले सकलको मन भित्र
प्यारका उदय भो नि बिचित्र
१४६८

थिए त्यहि राम बियोग रूपी
भयंकर अग्नि बिषे डुबी ती
जहाँ भए हाय ! बिहोस सारा
लोकैहरू ती जती छन् बिचरा
१४६९

भरत्को बचनै रूपी बीज सहित मन्त्र त्यो
सुनेर हुन्कि जागेका भने जस्तै भए अहो
गुरू पुरोहितै सारा माता हरू र फेरि ती
मन्त्रिहेरू र फेर् सारा पुरका नर नारी ती
१४७०

भरत्जीका प्रेम र स्नेहले पनि
भएर बिव्हल् अति चित्तमा अनि
भरत्जीको तारिफ ब्रार बार नै
गरेर झुम्थे ती सबै रमेर नै
१४७१

श्री रामको प्रेम र स्नेहको सब -
- हुन् मुर्तिमान् देह भरत्जी ता अब
हुन् धन्य धन्यै यसरी भनेर ता
लाग्यो सभा भन्न यसै रमेर ता
१४७२

कौशल्यादि अनि सारा भन्न लागे सभासद
भन्दैनथ्यो किन यस्तो? बाबु ! तिमी त भरत !
प्यारा छौ तिमी ता प्राण समान रामको सदा
आफ्नो जडताले जो पामर तिमी माथि ता
१४७३

आमाको कुरताको सन्देह गर्छ ता
सत्कल्पसम्म त्यो मूर्ख कोटिकुलसमेत ता
रौरव नरकै भित्र बस्नेछ हेर है अनि
रहेर घोर संकष्ट छुट्कारा नमिलेर नि
१४७४

जस्तो नाग फँणा माथि रहेका मणि हेरूले
सर्पको पाप औ दुर्गुण् लिदैनन् कहिल्यै तीरे
पुग्यो भने अफै अन्त मणि त्यो भरतै अनि
हटाई दु :ख दारिद्र बिष हरण गर्छ नि
१४७५

बाबू ! गऱ्यौ उत्तम मन्त्रणा अब
राम जहाँ छन् त्यहि जंगलै सब
जानु अबश्य पनि पर्छ हेर है
हऱ्यौ सबैको दु :ख शोक फेर है
१४७६

शोक सागरमा डूब्न लागेका हामी सबूकन
बाबु ! दियौ ठुलो तिम्ले भरत अवलम्बन
जसरी मेघको शब्द सुन्दा काका कुलै अनि
मयूरलाई अत्यन्त हुन्छ आनन्द हेर नि
१४७७

त्यस्तै आनन्द साराको मनमा अति नै भयो
त्राशै औ शोक चिन्तादि साराको मनको गयो
भोलि पल्ट बिहानैमा जाने निश्चय निर्णय
बुझे पछि भए सब्का भरतै प्राणका प्रिय
१४७८

वन्दना गरी बशिष्ठ मुनिको
श्री भरत्कन प्रणाम गरी पो
मागी सब्जन विदा अनि तहाँ
फर्किए खुसी भई घर माहाँ
१४७९

'लोकमा भरतजीको जीवनै धन्य छ ' भनी
फकन्थे तारिफै गर्दै शील स्वभावको पनि
सबै आफुसमा भन्थे 'ठुलो काम बन्यो ' भनी
खुसी भै गरनै लागे बन्जाने तखँरै पनि
१४८०

'रख्बाल गर्न घरको बस 'यस्तो भनेर ता
भन्दथे जो जतिलाई ती सबैजन फेर ता
घाँटिलाई निमोठेको सरि नै ठान्दथे अहो !
कोहि कोहि अनि फेरि ' बस्नु घर्मभनेर यो
१४८१

कोहिलाई पनि आज नभन्नु यसरी हरे !
जीवन्को फाइदा कस्ले खोज्दैन भन ' योहरे
रामचरणको संमुख हुँदामा जो स्वभाविक
सहायहरू गर्दैन त्यो संपत्ति अनि सब
१४८२

इष्ट मित्र घर दाजु र भाइ
बन्धु बाबु जननी सुखदायि
रामको विमुख कारणमा ता
नाशिउन् कि त जलून् दु :ख दाता
१४८३

घरघर्मा अनि सारा नाना तरहका पनि
तयार गरनै लागे सवारी वाहनै अनि
पर्छ बिहान नै हिड्नु भनेर साँझदेखि नै
थियो सकलको चित्त आनन्द परिपूर्ण नै
१४८४

गर्नुभो घ रमा गइ भरतले फेरि विचारै पनि
अयोध्या दरवार कोष गज औ घोडारथै योअनि
हो है राज्य र संपत्ति सकल यी दाजै रघुनाथको
रक्षाको नगरी प्रबन्ध यसरी सारा यिनै चीजको
१४८५

छाडेर जाउँ ता त्यसै भने मेरो परन्तुमा
हुने छैन भलो भन्छु राम शपथ साथमा
भनिने छु म ता फेरि पापी शिरोमणी भनी
करौडौं दोष कोहिले नदिउन् कन आज नि
१४८६

जो गर्छ स्वामीको राम्रो त्यहि हो सेवक पनि
यो विचार गरी मन्मा फेरि भरतले अनि
सपनामा पनि सेवा घर्मबाट त जो जन
डग्दैनन् कहिल्यै तेस्ता ईमानी सेवकै कन
१४८७

बोलाइकन ता फेरि ती सबैलाई ता अनि
बताई धर्मको मर्म उपदेश गरेर नि
जो जो जे कामको योग्य थियो तेस्लाई तेहि नै
राख्नु भो काममा फेरि एवं तरहले सबै
१४८८

प्रबन्ध रखवारीको गरिकन सबै अनि
भरत जानुभो फेरि कौशल्याका नगीच्पनि
स्नेह औ प्रेमका खानी सुजान भरतजीले
माताहरू सबैलाई स्नेह पीडीत जानी रे
१४८९

आरामदायी औ फेरि सजिलो पालकीहरू
आज्ञा दिनु भयो सारा सज्जनलाई तहाँ अरू
अयोध्याका नर नारी चखेवा र चखेवी झैं
भएर ब्याकुलै मन्मा चाहन्थे प्रात काल नै
१४९०

जाग्राम गर्दा गर्दै ती सारा
भयो उज्यालो सुखदी निराला
प्रवीण मन्त्रि कन भरतले
डाकेर आज्ञा दिनु भो तब रे
१४९१

लिइ सर्जाम त्यो सारा हिड राजतिलकको
बशिष्ठ गुरूले फेरि बनैमा दाजु रामको
राजतिलक् दिनु हुन्छ चाडै आऊ अबेर भो
भन्ने भरतको यस्तो मीठो आज्ञा सुनेरत्यो
१४९२

भरतूलाई गरि प्रणाम खुसीले मन्त्रिहरूले अनि
तुरून्तै गइ ठिक् गरे रथ तथा अश्वैहरूको पनि
आपन्नी पत्नि अरून्धती सहित भै त्यस्तै बशिष्ठैऋषि
अग्नि औ अनि अग्निहोत्र हरूको सर्जाम धेरै लिई
१४९३

पैलेनै रथमा चढे खुसी भइ आफन्तहेरू गरी
सारा बन्धु र बान्धबादि जतिछन् आफन्त नानाथरि
ती सारा रथमा चढेर खुसी भै गर्दै रमाना पनि
नगर्बासी प्रजाहरू सकलले नाना थरीका पनि
१४९४

तयारै गराई सवारी समस्त
रमाना भए जंगलै तर्फ मस्त
नसक्ने बयानै गरेरै पनि जो
चढी सुन्दरै पालकीमा अनि पो
१४९५

रमाना हुनुभो सारा रानीहरू अनि पछि
आदरै साथ सबूलाई पठाउनु भए पछि
बिश्वासी मन्त्रिसबूलाई जिम्मालाएर राज्य त्यो
सीता रामजीको पाउ सम्झना गर्दै अहो !
१४९६

हिड्नुभो भरतै भाइ सहित खुसी साथले
राम दर्शनको बस्मा परेर ती समस्त रे
नर नारीहरू मानौं प्यासा हात्ति र हात्तिनी
हिडेका हुन्कि ताकेर जल भन्ने सरी पनि
१४९७

सवारी चढेरै हिडे हेर वन्मा
सीता रामको पाउ सम्झेर मन्मा
अनि भाइ साथै भरत पनि ता
वनै जान लाग्नु भयो है हिडी ता
१४९८

वहाँको प्रेम देखेर प्रेम मग्न भए सब
उत्रीकन रथै घोडा हात्तीलाइ त्यजी तब
पैदलै जान लागे ती कौशल्या रानीले अनि
पुगी भरतको छेउ पाल्कीलाइ बिसाई नि
१४९९

बोल्नैलाग्नुभयो मिठा बचनले बात्रु भरत् रथ्महा
चढ्नुपर्छ तिमी म दिन्छु अहिले तिम्लाई आज्ञा यहाँ
यी सारा परिवार बान्धबहरू बन्छन् सबै दु:खीत
हिड्नेछन् सबै पैदलै भरतजी हिड्दा तिमीयो रित
१५००

साहै दु:खीत बन्दछन् सबजना हिड्दा हुँदीं पैदल
हिड्नैलाई अशक्तछन् कतिजना यो शोच राम्रोसित
माताको बचनै शिरोपर गरी पाऊ कमल्मा शिर
राखी झट् रथ चढ्नुभो भरतजी भाइ सगैमाफिर
१५०१

पैलो बास् तमासा नदि बीचभयो सारा खुसीभैअनि
दोश्रोबास गरे समस्त जनले फेर् गोमतीमा पनि
कोहिदुध् पिउथेंभने कतिजना फलफुल खान्थेकुनै
रात्रीको बीच खाली एकपटकै खान्थे फलाहार नै
१५०२

राम दर्शनको ठुलो हृदयमा राखेर इच्छा पनि
यस्तै रित गरेर ब्याकुल हुदै सारा दुनियाँ अनि
साज् श्रृंगार र खानु पिउनु सबै छाडी अनेकौंजन
ब्रत गर्थे कहिले चरण्कमल्को मिल्ला भनी दर्शन
१५०३

सई नदिका तीरमा समस्तले
गरेर बासै अनि भोलि पल्ट रे
हिडें सबेरै रघुनाथ सम्झँदै
पुगे नगीचै अनि श्रृंगवेर कै
१५०४

यो संचार जसै निषद पनि ति सुने गुहैले जब
लागे गर्न बिचार खेद मनमा गर्दै तिनीले तब
ऐले जंगल जानलाई भरतै लागे कुनै हेतुले
कपट् भावबुझिन्छ केहि अहिले तिन्का मनै भित्ररे
१५०५

यदि भरत्का मनमा पनि जब
केहि कपट् भाव हुदैनथ्यो तब
फेरि यसोरी किन फौज साथमा ?
लिएर जान्थे तीनी जंगलै महाँ
१५०६

फौज लिई साथमहा खुसीले
भाइ साथै रामलाई तहि रे
मारि आजै राज् गरौं यो अकन्टक्
यो सोचेरै नीच्र ती दुष्ट कन्टक्
१५०७

जान्छन् ती वनमा आज यिन्ले राज्नितिको कतिं
गरेनन् मनमा सोच पठाई वन रामजी
कलंक मात्र लागेका थियो भरतलाई ता
हुन लाग्यो अहो ! हेर अबश्य प्राण हानी ता
१५०८

योद्धा भएका सब देव दैत्य नै
मिलेर आईकन घोर युद्ध मै
लडे पनि रामजीलाई जित्न ता
सक्तैन कोहि पनि फेरि मिच्न ता
१५०९

ती भरत्ले यसो गर्न लागे आश्चर्य के भयो?
'बिषको लहराबाट अमृत फल् फलदैन जो'
गरेर मनमा यस्तो बिचार गुहले अनि
बोलाएर सबै ज्ञाति बृन्दलाई भने पनि
१५१०

होसयिारै सब् जना होऊ आज
पतवार् औ डाँड बाँसै समात
डुंगालाई पानी भित्रै डुबाऊ
रोकावटै घाटको गर्न जाऊ
१५११

होसै राखी जाई झट् रोक घाट
पार्नु सब्ले प्राण त्याग्ने सु ठाँट
शस्त्र धारी भै सबै नै भरत्का
सामु होऊ जीउँदै नदि तीर्का
१५१२

पारी तर्न नदेउ लौ भरतजीलाई सबैले यहाँ
युद्धैमा मरनू छ बीरहरूहो गंगाजीको तीरमा
सहायै रघुनाथको गरनु हो शरीर् छ क्षण् भंगुर
राजा हुन् भरतै र राघवजीका भाइ पनि हुन् वीर
१५१३

नीचोसेवक हुँ म ता प्रभुजीकोयस्तोमरण् ताठुलो
भाग्यैले अनि धर्मले गरि यहाँ पाइन्छ यस्तो भलो
स्वामी कारजका निमित्तमा भिडने हुँ है मता युद्धमा
उज्जल् गर्दछु किर्तिलाई निजको चौधैभुवन बीचमा
१५१४

राम्का निम्ति म प्राण छाड्दछु अहो ! मेरा दुवै हातमा
लड्डु आइपुगेछ शान्ति सुख औ आनन्द आराम ता
सुजन् बर्ग भनेर छैन गिनती जस्को अनि रामको
भक्तैमा पनि छैन गिनती त भने त्यो मानिसै लोकको
१५१५

बाच्तैमा मृत तुल्य नीच मूढ हो हो भारनै भुमिको
त्यो आफ्नी महतारिको पनिहरे ! यौवन रूपी बृक्षको
छेदन् गर्न अति कडा भीषणको हो बञ्चरो ता अहो
भन्दै येहि प्रकारले गुहजीले सब् वीरका चित्तको
१५१६

बडाएर उत्साह झट्टै अनि ता
गरी सम्झना रामजीको पनि ता
धनुर्वाण मागी कवच् शस्त्र फेरि
दिए वीर्हरूलाई यो उर्दि हेरि
१५१७

होऊ एकत्र भाइ हो ! होऊ तयार ता छिटो
आज्ञा सुने पछि कोहि नहोऊ काँतरै ठिटो
एवं प्रकारले आज्ञा सुनेपछि समस्तले
तुरून्तै हात जोरेर 'जो आज्ञा' भनी हर्षले
१५१८

जोश चढाउनै लागे ती निषादहरू अनि
हुन लागे रमाना ती गरी गरि जुहार नि
थिए शुर् बीर योद्धा ती सबैले प्रभुरामको
पाउको पादुका सम्झि भिरि ठोको पछाडी जो
१५१९

धनु चढाउनै लागे पहिरेर कवच् पनि
लाएर शिरमा टोपी कोहि कोहि तहाँ अनि
ठिक् ठाक गरनै लागे फरसा बाँस सेलको
असीकला महा कोहि थिए अति सिपालु जो
१५२०

मानौं धारालाई त्यजेर ता सब
कुदि रहन्छन् नभ बीच मै अब
भने सरि ति सब फौजले अनि
आ - आफ्ना चीजहरू सबै पनि
१५२१

पारी यो सब ठिक फेरि ति गइ अत्यन्त नै हर्षले
प्रणामै सबले गरे गुहजीको देखि सबै वीर रे
ती राजा गुहले पनि समरको जानेर लायक् हरे !
बारंबार लिएर नाम सबको सम्मान धेरै गरे
१५२२

लागे भन्न निषादले खुसी भइ हे भाइ ! हो यो घरी
मेरो काम छ आज ता अति ठुलो धोका न खाएडरि
त्यो सुन्दा सब वीरले भनि दिए जोशै निकालीकन
हे राजन् ! नहुनोस् अधीर अहीले लड्छौं समस्तै जन
१५२३

राम प्रतापले त्यस्तै सहाराले हजुरको
हे स्वामी ! हामी साराले सेनालाइ भरतको
वीर विहिन औ फेरि घोडा हात्ती रहितको
पार्नेछौं युद्धमा हामी प्राण रहित फौजको
१५२४

पाउ फर्काउने छैनौ धरणीलाई वेसरी -
-रूण्डमुण्ड मयै पारी पार्नेछौं लाल त्योघरी
भन्ने यस्तो गरे बिन्ति निषाद पतिले पनि
निषादहरूको फौज असल देखदाँ अनि
१५२५

दिए उर्दि लडाईंको बजाऊ बाद्य सब् भनी
यो भन्दा साथमै छिक्का वायाबाट भयोपनि
भने सगुन जान्नेले खेत राम्रो भयो भनि
अनि एक बुढाले ता बिचारी सगुनै पनि
१५२६

भरतलाई गई भेट्नु होला
हुदैन यो युद्ध यहाँ कुबेला
श्री रामलाई घर तर्फ लान
लागी रहेछन् बनतर्फ जान
१५२७

सगुनले यसै भन्छ हुने छैन लडाईं यो
भन्ने यो त्यसको यस्तो सुनेर बिन्ति ता अहो !
भने गुहजीले फेरि बुढाले ठिक् भने यहाँ
बिना बिचारले भट्ट यसै काम् गरदा महाँ
१५२८

पछुतो गर्दछन् मुढ मन्मा दु :ख भई ठुलो
शील् स्वभाव भरत्‌को नजानी कन व्यर्थजो
नजाँची नबुझी यसै गर्दामा युद्ध यो घरी
हुन्छ हित्को ठुलो हानी पछि संकष्टमा परि
१५२९

तसर्थ सब एकठ्ठा भएर सबले अब
घाट घेर मता भट्ट गएर अहिल्यै जब
भेटिकन लिऊ भेद मित्र शत्रु उदासिन
यस्को पत्तो लगाएर आए पछि अनि सुन
१५३०

गरौंला तदनुसारै भरत्‌को बानीले पनि
पहिचान म गर्नेछु सुन्दर स्नेहको अनि
छिप्दैन है छिपाएर प्रिति औ बैरभाव त्यो
गुहले यति बोलेर चीज सब् भेटघाटको
१५३१

लागे ठिक् पारनलाई कन्दमूल फलै अनि
मगाए मृग औ फेरि चराहरू अनेक नि
कहारहरूले भार भरी भरीकनै ठुलो
पाठीन आदिका मोटा पुराना मीनहेरू जो
१५३२

जरायो सुन्दरै ल्याए खरायो र बंदेल ता
भेट्ने सर्जाम ती सारा ठिक् पारी यहि रितता
भेट्न भनि गए फेरि अनि मंगल मूलका
शुभ सगुनहरू देखे गुहले मार्ग बीच ता
१५३३

देखि टाढै बाट नै फौजलाई
उच्चारण् जो आफनै नामलाई
गर्दै फेरि गुहले योगिलाई
ढोगे चाडै चितमा खूब् रमाई
१५३४

गुरू बशिष्ठले फेरि गुहजीलाई ता पनि
राम प्रिय भनी जानी दिए आशिष नै अनि
गुहलाई चिन्हाएर राम मित्र भनीकन
बिन्ति गरे भरत्‌लाई त्यो सुनी भरतैकन
१५३५

रामको प्रेम उर्लेर आयो हृदयमा अहो !
तुरून्तै रथ छाडेर भूमिमा उत्रिनु भयो
गुहले आफनो जात नाउँ गाउँ सबै भनि
पुथ्वीमा शिर् झुकाएर गरे प्रणाम ता अनि
१५३६

तिनूलाई दण्डवत् गर्न लागेका देखि प्रेमले
लाउनुभो उठाएर छातीमा श्री भरतले
मानौं लक्ष्मणका साथै भएको हो कि भेट ता
भने सदृश नै प्रेम आयो उर्ले भित्र ता
१५३७

अटाएन अहो ! गद् गद् भई अत्यन्त प्रेमले
भरतले गुहका साथै भेट्नु भो अनि हर्षले
त्यो प्रेम - रितिको तारिफ् गर्नलाई सबै तहाँ
देवहरू पनि सारा आएर गगनै महाँ
१५३८

मंगलूको मूलका कारण् भएका धन्य धन्यको
ध्वनी गरी तिनी सारा लागे तारिफ गर्न पो
कुसुसमाञ्जलीको बर्षा गर्न लागे सबै अनि
जो लौकिक् रितमा फेरि वेदका मन्त्रमा पनि
१५३९

नीच भनी गनिएका जस्लाई ता हरे
छूँदामानै छिटा हाल्नु पर्दथ्यो उच्च बर्गले
तिनैलाई रघबिर्का भाईले प्रेम पुर्वक
रोमाञ्चित भइ आज सर्बांग भरि नै खुब
१५४०

अंकमाल गरी भेट्न लाग्नुभो हेर लौ अहो !
प्रेमको महिमा कस्तो रहेछ बुझ लोक हो
" राम राम " भनेरै जो हाई गर्दछ मानिस
तेस्ताको नगीचै टिक्न सक्तैन पाप आदि त
१५४१

ती गुहलाई ता खास भगवान् रामचन्द्रले
आलिंगन गरेको हो टाँसेर छाती माथि रे
कुल सहित यिनूलाई लोकमा रघुनाथ ले
पवित्र गर्दिनु भो है प्रेम ठुलो छ हेर रे
१५४२

कर्मनाशा नदिको जल् गंगामा मिल्छ गै जब
गंगाजल मिसिएको त्यो पानीलाई ता तब
को राख्तैन शिरै माथि भन ? बाल्मिकीले पनि
उल्टा नाम 'मरा' जप्ता - जप्दैमा ब्रम्ह झैंवनी
१५४३

भए जगतमा श्रेष्ठ भन्ने यो सब् कुरा पनि
जानेको छ जगत्ले नै , प्रेम्गर्नु प्रभुकै अनि
कोल किंरात चाण्डाल शवर यवन खस
यो सबै पामरै मूर्खले पनि प्रभुको यश
१५४४

गाएरै रामको नाम जप्ता परम पावन
भएका छन् अनि फेरि लोक प्रख्यात तीजन
यो कुरामा यहाँ केहि छैन आश्चर्य हेर है
यो कुरा युग युग् देखि आएको छ चलेर है
१५४५

प्रतिष्ठा छैन कस्लाई बक्सेको भन रामले
एवं प्रकारले देवहरू पनि समस्त रे
राम नाम महिमाको बर्णन् गर्दथे अनि
त्यो सुनेर अबध्बासी हुन्थे आनन्दितै पनि
१५४६

राम मित्र गुह भेटिं भरतूले
प्रेम साथ गरि भेट तहाँ रे
सोध्नु भो सकल मंगल बात
शील शुद्ध अति शान्त स्वभाव
१५४७

प्रेम देख्दा अनि ताहाँ निषादराज ती गुह
भए आनन्दले लठ्ठ भएर ती विदेह त
संकोच प्रेम आनन्द बढेर गुह चित्तमा
खडा रहेर एक्टक्ले भरतैलाई सामुमा
१५४८

हेर्नलागे अनि फेरि धरेर धैर्य चित्तमा
झुकाई शिर श्रद्धाले पाउको गरि बन्दना
हात जोरी कनै फेरि प्रेम सहित भै अनि
गुहले विनति गर्न लागे शिश झुकेर नि
१५४९

भएको कुशलै मूल स्वामी ! आज हजुरको
देखेर चरणपद्म अब म खुसी साथ पो
सर्वदा तिन कालैमा आफुलाई जता ततै
सम्झन्छु कुशलै नाथ ! दर्शन् पाएर नाथकै
१५५०

मिलि प्रभुकै अधिकै कृपा अब
मलाई कोटि कुल साथमै अब
छ मंगले मंगल नाथ ! सर्वदा
मेरो हरायो त्रयत्राप गर्व ता
१५५१

कर्म र कुलता मेरो सम्झिदा खेरि नै अनि
देख्दामा मनले फेरि प्रभुको महिमा पनि
जो प्राणी भगवन् राम चरणपद्मको पनि
गर्दैनन् भजनै तेहि मानिस् जगतमा अनि
१५५२
बिधाताले ठगेको हो भाग्य सारा हरेर ता
कुजात कुमति काँतर्कप्टि यो लोकमासदा
बहिस्कार गरेको हो वेदले सब रीतले
तथापी जहिले देखि मलाई अति प्रेमले
१५५३
आत्मिय पार्नुभो नाथ ! सीता सहित रामले
बने म भुवनै भूषण् त्यो बेला देखि सत्य रे
भरत्का भाइ शत्रुघ्नजीले पनि निषादको
सुन्दर प्रिति देखेर स्नेह औ बिनयादि जो
१५५४
तिनका साथमा भेट गर्नुभो प्रेम साथले
निषादले पछि फेरि बाणी बोलि बिनित रे
सारा रानीहरूलाई गरे सादर बन्दना
लक्ष्मणै तुल्य मानेर रानी हरू सबै जना
१५५५
भएर प्रेमले मगन गुहलाई सुखी भई
आनन्दपूर्वकै बाँच कोटि बर्ष तिमी रहि
आशिष दिनुभो येहि अनि ती पुरवासीले
देखदा ती गुहजीलाई लक्ष्मणै तुल्य सम्झि रे
१५५६
भए आनन्दित फेरि भन्न लागे तहाँ अनि
अंकमाल गरी भेटे जसले राम साथ नी
त्यस्ता गुहजीले पाए बाच्नाको लाभ योघरी
एवं प्रकारले ताहाँ आफ्नो तारिफै गरी
१५५७
सहाएको भनी धन्य धन्य सब् तिनीहेरूले
सुनेर अति आनन्दी भएका ती निषादले
लिइकन सबैलाई फर्के अतिब हर्षले
इशारा सेवकैलाई गरे अनि निषादले
१५५८
स्वामीको आशयै पाइ गए तिनीहरू सब
गएर तिनी साराले बासहरू पनि तब
रूख मन्तिर औ फेरि तलाउ तालका पनि
नगीचैका बनै फेरि बघैंचा हरूमा अनि
१५५९

गरे तयार सारा ती अनि भरतले जब
गएर देख्नुभो श्रृंगवेर पुर पनि तब
स्नेह वश भए सारा अंग श्री भरतैजीको
भएर शिथिलै सारै अनि फेरि निषादको
१५६०
समात्नु भो हात दुवै अगाडी
भरत् निषादै कन देखदा की
बिनम्र औ प्रेम द्धिमुर्ति धारी
खडा भएका सबका अघाडी
१५६१
भन्ने भान गराई ता भरतजी शोभित् हुनुभो पनि
सेना साथ भएर मार्ग बीचमा जाँदा भरत्ले अनि
देख्नुभो जब जान्हवी जगतकी पुनीत गंगा पनि
प्रणाम् गर्नुभयो नुहेर खुसीले राम् घाटलाई अनि
१५६२
प्रणाम् गर्दा रामको घाटलाई
राम भेटे जत्ति नै सुख्ख पाई
आनन्दितै हुनु भो श्री भरत
पाएमा झैं रामको दर्शन त
१५६३
ब्रम्हमय अनि पावन् देखेर जललाई त्यो
आनन्दले परिपूर्ण भएर नरनारी जो
प्रणाम गरनै लागे गंगालाई सहर्षले
माग्दछन् हात जोरेर झुकेर प्रेम साथले
१५६४
रामका पाउपंकज्को पूर्ण प्रीति कनै पनि
माग्न लागे सबै ताहाँ पाउँ हामी सदै भनी
भन्नुहुन्छ भरत् फेरि 'गंगे !जननी ! जान्हवी !
पुकारा गर्दछु माता ! तिम्रै नित्य झुकेर नि
१५६५
सधैं धुलो किनाराको तिम्रो छ सुखदायक
दासका निम्तिमा त्यो ता कामधेनु स्वरूप छ
प्रेम लागोस सीता र रामको पाउपद्ममा
बर यो माग्दछु माता ! हात् जोरी तिमी साथमा '
१५६६
यहि प्रकारले बिन्ति गरेर स्नान गर्नुभो
बारंबार नुहि धेरै पुकारा गरनु भयो
पाएर गुरूको आज्ञा जननीहरूले पनि
स्नान गर्नुभो भन्ने जानेर भरतै अनि
१५६७

सबैलाई लिई साथ डेरा तर्फ त जानुभो
साथ लागेर आएका दुनियाँ अरू हेरू जो
यत्र तत्र थिए बास गरेका तिनका सब
खोजी गर्नुभयो आफैं घुमी भरतले तब
१५६८

गरिसके पछि, पूजा देवताहरूको पनि
पाएर गुरूको आज्ञा भाइ साथ भरत् अनि
कौशल्याका नगीचैमा जानु भैकन त्यो घरी
दाबी दाबी दुवै पाउ मीठा बचनले गरी
१५६९

जननीहरू साराको सुसन्मान गरेर ता
हेर्‌चाहा अम्ब हेरूको भाइलाई दिएर ता
आफुले गुहजीलाई बोलाउनु भयो अनि
अत्यन्तै स्नेहले गाथ भएका शिथिलै पनि
१५७०

जानुभयो दुवै मित्र हाते मालो गरी तहाँ
अनि सोध्नुभयो फेरि भरत्‌ले गुह साथमा
"मित्र ! देखाउनुहोस त्यो ठाउँ" दर्शनै गरी
नेत्र औ मनको ज्वाला पारौं शीतल यो घरी
१५७१

सुकला गर्नुभो जाहाँ सीता र रघुनाथले
बोल्दैमा यो कुरा नेत्र भरी जल भरेर रे -
-आयो भरतको बाक्य निस्केन अरूता कुनै
सुन्दा भरतको बाणी निषादलाइ ता खुबै
१५७२

खेदभयो अनि ठुलो तुरून्तै तेहि ठाउँमा
लिएर भरतैलाई गए तिनी थियो जहाँ
पवित्र बृक्ष शिशौको छायामा रघुनाथले
थियो गर्नुभएको जो बिश्राम सुकला हरे !
१५७३

भरत्‌ले आदरै साथ त्यो ठाउँलाई प्रेमले
साष्टांग दण्डवत् गर्नु भयो आदर साथले
देख्नुभो कुशको राम्रो ओच्छयान पनि रामको
प्रदक्षिणा गरी तेस्मा प्रणाम गरनु भयो
१५७४

बज्र अंकुश ध्वजादि गरेको
पाद चिन्ह भई अंकित जो हो
राम पाउ कण फट्ट उठाई
प्रेम पुर्वक शरीर रंगाई
१५७५

आयो बाढी प्रेमका उर्लिएर
भयो बाक्यै बन्द घाँटी सुकेर
सीतारा ती सुनका झल्किएका
देख्नु भयो जानकीका खसेका
१५७६

सीता समान सम्झेर त्यसलाई टिपीकन
राख्नुभो शिरमा प्रेम गद् गद् ब्याकुल् बनीकन
नेत्र भरी थियो नीर ग्लानी ता चित्तमा थियो
तथापी मित्रका साथ बोल्नु भो मृदुबाणी यो
१५७७

हा! हा! हाय ! सीताजीका बिरहले गर्दा सितारा पनि
पुर्‌का यी नरनारी झै श्रीहत औ निस्तेज मैलाबनी
देखिन्छन् मलिनै सखे !जगतमा भोगै र योगै पनि
जस्काछन् दुइहातमा म उपमा के द्यूं र तिन्को अनि
१५७८

कस्कोसाथदिउँ म आज त सखे !त्यस्ता महाराज ती
बाबाछन् जनकैसमान जसका जस्का अनि फेर की
अमरावति पुरी पालक पनि सहाउछन् जो कन
उस्ता ती महाराज सूर्य कुलका भानु रघुनन्दन
१५७९

ससुरा हुन् अनि फेरि नीच र तुच्छ जन् पनि
हुन्छन् ठुला बडा जो जो ती सबैलाई नै पनि
रामले नै दिएको हो बढाई हेर है सखे
त्यस्ता रघुकुल भूषण् उनै श्री भगवान रे
१५८०

जस्का स्वामी हुनुहुन्छ प्राणनाथ रघुवर
पतिव्रता भएकी ती श्रेष्ठ वर्गमा फिर
झल्किने मणि जस्ती भै ती उनै जानकीजीको
देखेर कुश शैय्‌या यो मेरो दिल समस्त यो
१५८१

चिरिदैन अहो ! चर्र भई हा ! किन भित्र रे
बज्र भन्दा पनि धेरै कडा हो हृदयै हरे !
भाइ लक्ष्मण ता लालन् गरनै लायकै अनि
मुग्ध गर्ने तिनी छन् है त्यस्ता लक्ष्मणझै अनि
१५८२

भाइ कसैका नभए न छन् हरे
न ता पछि कोहि हुनेछ हेर रे
माता पिताका अति नै दुलार ती -
- छन् है पियारा पुरवासीका कति
१५८३

प्राण भन्दा पनि प्यारा सीता र रामका पनि
शरीरले र बानीले भएका कोमलै अनि
तातो हावा नलागेका कहिले पनि गाथमा
सारा तरहले दु:ख सहेर अब बन्‌महाँ
१५८४
बस्दछन् हाय ! ती लक्ष्मण् मेरो यो हृदयै अहो
करोडौं कुलिशैलाई गर्दछ बज्र माथ पो
सारा सद्‌गुणका सिन्ध रूप शील र सौख्यका
खानी स्वरूप दाजै श्री रामले जन्मिएर ता
१५८५
पार्नुभो जगतैलाई उज्यालो रामको सब
स्वभाव नगरवासी परिजन् र अनि सब
माता पिता गुरू बन्धुलाई छ सुखदायक
तारिफ रामको गर्छन् प्रेम्ले शत्रु समेत त
१५८६
विनय बानी औ फेरि मिलाप रघुनाथको
हरेर लिन्छ मन्‌लाई साराको एकनास जो
करोडौं शारदाले र करोडौं शत कोटि ती
शेषले नै पनि फेरि आदरै साथ नित्य की
१५८७
गणना गुणको गर्न थाले पनि जम्रेर ता
भगवन् राम्का गुण्को गणना गरि फेरता
सक्तैनन् पूर्ण ती गर्न आनन्दका निधान ती
सुख्ख स्वरूप रघुकुल् रत्न कल्याण मुरति
१५८८
उनै रामजी भूमिमा फुल पात
कुशासन् र काँडा महा पत्नि साथ
हरे ! सुत्नुहुन्छ सखे ! दैवको यो
प्रवल् नै भएको गति देखदा जो
१५८९
दाज़ै श्री रामले कैले कुनै दु:ख पनि हरे
थिएन कानले सम्म सुनेको पनि हरे रे
महाराज बाबुज्यूले दाजुको रक्षणै सधैं
संजीवनी तरूको झैं गर्नुहुन्थ्यो हरे ! कठै
१५९०
पलक्‌ले नेत्रको जस्तै फणींले मणिको सरि
रक्षणै गरनुहुन्थ्यो दाजुको ता सधैं भरी -
- सारा जननी हेरूले हाय !आज उनै प्रभो !
कन्दमूल फलै मात्र खाएर वनमा अहो !
१५९१

पैदलै खाली पाउले सवारी हुन्छ हा ! हरे !
सृष्टि गर्‍यो हरे ! ब्यर्थ कैकेयीलाई दैवले
जोआफ्नाप्राणका प्यारा स्वामीकोपनि द्वेषले
प्रतिकुल भइन् तेस्ती अमंगल् निधि ती हरे
१५९२
धिक्कार कैकेयीलाई फेरि जस्का निमित्तमा
भयो उत्पात यो सारा अभागी नीच लोकमा
मलाई धीक औ बारंबार धिक्कार छू हरे !
कुल कलङ्डिङ्क पारेर दैवले सिर्जना गरे
१५९३
अनि फेरि कुमाताले पनि अधम चालले
स्वामी द्रोही गराएर पारीन् बीच मलाई रे
भरत्‌को दीन बाणी यो निषाद राजले सुनी
लागे सम्झाउदै ताहाँ नाना प्रकारले पनि
१५९४
हे प्रभो ! ब्यर्थमा शोक गर्नुहुन्छ यहाँ किन ?
रामलाई हजूर् प्यारा हुनुहुन्छ हजुर कन -
- रामजी प्राणका प्यारा यस्मा फगत हे प्रभो !
प्रतिकुल भएको त्यो दैवको मात्र दोष हो
१५९५
प्रतिकुल भएको त्यो दैवको गति हे प्रभो !
कठोर हुन्छ हा !जस्ले माता कैकेयीलाई जो
बौलाही नै बनायो हा ! हेनाथ ! त्यस रातमा
रामले प्रेमका साथ बारंबार सह्राहना
१५९६
हजूरको नै गरी हे प्रभो ! अनि
बिव्हल् रघुनाथ हनु भयो पनि
थियो प्रभुको मनमा हजूरकै
चिन्ता ठुलो हर्दम नाथ ! सत्य है
१५९७
प्राण : पियारा हजूरै समानको
छैनन् अरू कोहि त नाथ ! रामको
शपथ् गरी भन्दछु यो मता कुरा
हुनेछ कल्याण पछि सबै पुरा
१५९८
भनी सम्झेर हे नाथ !आफ्नो हृदयमा अब
धैर्यता धर्नुहोस् ऐले बिचार गरि ता सब
प्रेमपुर्ण दयासागर् संकोचि भक्त बत्सल
अन्तर्यामी विवेक् मूर्ति सत्य सरल निर्मल
१५९९

हुनुहुन्छ रघुनाथ यो गरेर विचार ता
मनमा दृढ पारेर राख्नुहोस हजूर ता
पाल्नुहोस् अबता जाऊँ आराम गर्नुहोस् प्रभो !
भन्ने यो वचन सारा सुनेर ती निषादको
१६००

धीरता धारण गर्दै मन्मा श्री भरत्जीले
पाल्नुभो बासका तर्फ सम्झदै रामलाई रे
जब खबर यो पाए सारा नगरबासीले
दु :खी भै ती सबै आए हेर्न त्यो ठाउँलाईरे
१६०१

गरेर पावनै रूख्को प्रदक्षिण समस्तले
प्रणाम गर्दथे फेरि प्रेम - आदर साथले
आँखा भरि भरि अश्रु भरेर तिनीहेरू ता
गर्दथे कैकेयीलाई न जाती गालीहेरू ता
१६०२

विपरित बिधिलाई दिन्थे दोष अनि सब
प्रशंसा गर्दथे कोहि भरत्का प्रेमको तब
भन्दथे कोहि सज्भले गरे निर्वाह प्रेमको
आफ्नो निन्दा गरी कोहि तारिफ् गर्थे निषादको
१६०३

बिषाद र अनि फेरि त्यो बेलाको बिमोहको
बिस्तारले भनि सारा बर्णन गर्न सक्छ को ?
रातै भरी यहि रीतले भए जाग्राम ती अहो !
प्रात भए पछि गंगा तर्ने काम सुरू भयो
१६०४

राम्रो नाउमहाँ वशिष्ठकन नै चढाउनु भो अनि
नया नाउमहाँ चढाउनु भयो आमाहरूलाई नि
तीलश्करहरूनै समस्त अनि ता चारैघडिभित्रमा
गंगा पार भएर फेरि भरतै उत्रेर आफू तहाँ
१६०५

समाल्नुभो सबैलाई किनारमा कुमारले
प्रात : कृत्य गरी माताहरूको पाउ प्रेमले
गरेर वन्दना फेरि प्रणाम गुरू पाउमा
ती निषादहरूलाई लगाएर अघाडीमा
१६०६

हिडाउनु भयो सारा सेनालाई तुरून्त नै
अगुवा गर्नुभो फेरि निषाद राजलाई नै
अनि जननी हेरूको पाल्कीलाई पनि सबै
पठाएर अनि भाइलाई साथ लगाउदैं
१६०७

सारा विप्रहरूलाई लगाएर अघाडीमा
हिड्नुभो अनि ता झट्टै वशिष्ठपनि साथमा
प्रणाम गरदै फेरि गंगाको अति प्रेमले
सीता लक्ष्मणका साथै दाजू श्री रामलाई रे
१६०८

स्मरण गरदै मन्मा पाउले अनि पैदलै
पाल्नुभो र सइस फेरि बागडोर् समाउदै
जादै थियो लिइ घोडा साथ साथैमहा तब
स्वामीभक्त अति शुद्ध सेवकै हरू ती सब
१६०९

सवारी होस हँ नाथ ! घोडामा अब ता प्रभो !
भनेर विनती यहि गर्दथे बारबार पो
भरत्ले भन्नु भो फेरि पाल्नुभो राम पैदलै
हाम्रा निम्ति बनेका हुन् हात्ती घोडा रथै सबै
१६१०

शिरैका भरले मुनासिब थियो हिडन् मलाइ अहो !
सेवा धर्म कठोर हो अतिठुलो धर्मै अरू देखिजो
भन्ने वाणी मीठो सुनी भरतको देखेर त्यो हालत
सेवक् बृन्द जति सबै हुन गए हा !ग्लानीले पिडित
१६११

तेश्रा प्रहर्मा भरतैजीले अनि
प्रयागमा गर्नु भयो प्रवेश् पनि
भन्दा सीता राम सीता र राम नै
आयो अनुराग बढी बढी अझैं
१६१२

पंकज्काकोपिलामाजलकडहरू ती झल्किँथ्यो जसोरि
पर्दै फोका भरत्का पदकमल पनि झल्किइन्थे उसोरि
आए छोरा हिडेरै भरत पइदलै आज भन्ने सुनेर
आमा आफन्तसारा जनगण सबभो दु :खी ब्याकुल्भएर
१६१३

नुहाएको खबर् पाई आपन्ना फौज समस्तले
पाल्नुभो भरतै फेरि त्रिवेणीमा तुरून्त रे
प्रणाम गरदै फेरि बिधि पुर्वकले पनि
सितासित् तीर्थको जल्मा स्नान गर्नुभयो अनि
१६१३

दान दिएर ता फेरि ब्राम्हण वर्ग हेरूको
सन्मान गर्नु भो पूजा गरी नाना प्रकारको
सुन्दर् श्यामल फेरि उज्जल् श्वेत तरंग त्यो
देख्दा पुलक् भइ गाथ भरत्ले हात जोरी जो
१६१४

पुकारा गरनै लाग्नु भयो विनयले अति
सबैको कामना पूर्ण गर्नु हुन्छ हजूरकी
यथार्थमा चिनेको छ वेदले प्रभुलाई ता
प्रकट् छ प्रभुको ठुलो प्रभाव लोकमा सदा
१६१५

म आपन्नो धर्म छाडेर हे तीर्थराज !यो घरी
हजुर्का साथमा भीख् माग्दछु दु :खले गरी
दु :खी भए पछि कस्ले गर्दैन र कुकर्म पो ?
मनमा यो कुरा जानी सुजान दानी हेरू जो
१६१६

मगन्तेहरूको मागलाई सफल गर्दछन्
आपन्ना गच्छे अनूसारै दिएर दु :ख हर्दछन्
दयालो दासहो भन्ने सम्भेर अब प्रेमले
मेरो मनोरथै पूर्ण गर्नु होस हजूरले
१६१७

छैन है कामको इच्छा चाहिन्नँ धर्म नै पनि
अभिलाषा पनि छैन अर्थको मनमा अनि
खोज्दिन गति निर्वाण जन्म जन्मान्तरै सदा
रामको पाउमा प्रेम लागोस है नाथ ! सर्वदा
१६१८

भनेर माग्दछु खाली खोज्दिनँ वर ता अरू
तीर्थपते ! दिनुहोस रामको प्रेम नै बरू
मलाई कुटिलै सम्भे पनि श्री रघुनाथले
हुन्छ बरू अनि फेरि सारा यी लोक आदिले -
१६१९

- भन्छन् भने पनि स्वामी द्रोहि र गुरूद्रोहि ता
भनुन् है तर हे स्वामी ! तीर्थराज हजूरका
पाई अनुग्रहै नाथ ! मेरो प्रेम प्रति दिन
बढोस राम सीताको पाउमा अझ झन् झन
१६२०

विर्सोस यदि चातक्को जीवनै भर मेघले
जल माग्दा बरू देओस् असीना बज्र कोधले
घटेमा रटना घट्छ चातक्को प्रेम हे प्रभो !
प्रेम बढे सबैबाट भलाई हुन्छ घेर पो
१६२१

पोल्दा जसोरी सुनलाई ता सदा
बान्कि अझै चढदछ झल्किएर ता
राम सीताको पदमा उसै गरी
निर्वाह होस् स्नेह बढेर बेसरी
१६२२

सुनी भरत्को गुढ यो पुकारा ता
तेहि त्रिवेणी बीचधार बाट त
सुमंगलै दायीनी कोमलै मीठो
घन्केर बाणी प्रकटै भयो छीटो
१६२३

हे बाबु! सब तर्फबाट गतिलो जान्ने तिमी छौ सुन
ज्यादै नै अनुराग राम पदमा तिम्रो छ फेरि जुन
गर्दैछौ तिमी ब्यर्थ ग्लानी मनमा बाबु ! रघुनाथको
प्यारो छैन तिमी समान जगमा दोश्रो अरू जानयो
१६२४

त्रिबेणीबाट उत्पन्न भएको अनुकुल यो
बचनै हरू सुन्दामा गाथ सब् पुलकै भयो
"धन्य धन्य भरत् " भन्दै खुसीले देवतादिले
फुलकै बर्षणै गर्न लागे गगन बाट रे
१६२५

बाप्रस्थ तपस्वी र ब्रम्हचारि गृहस्थ भो
सन्यासीहरू चारै थरि तीरथबासी पो
खुसीभै दश औ पाँच एकचित हुदै पनि
भरत्को शील औ स्नेह रहेछ शुद्ध सत्य नि
१६२६

परस्परैमा सवलोक यस्ता
गर्थ्ये कुरा यो अनि राम भ्राता
सुन्दै अनेकौं यश रामजीको
सामू भरद्वाज सगै हनु भो
१६२७

झुकेर दण्डवत् गर्न लागेका भरतैकन
देखेर श्री भरद्वाज मुनिले खुसी भै कन
मुर्तिमान् आफनो भाग्य सम्भे भरतलाई ता
अनि ती दौडिदै सामु आए र मुनि फेरि ता
१६२८

उठाई भरतैलाई लगाए हृदयै महाँ
गरे कृतार्थ ता फेरि दिएर आशिषै तहाँ
दिनु भो आसनै फेरि अनि भरतजी पनि
भागी घर्बाट निस्केका मानिस् फेर् फर्किएर नि
१६३०

आएर घरमा पस्दा संकोचित् भए सरी
संकोचित भइ शिर झुकाई कन बेसरी
बस्नुभो मनमा सोच गरदै भरतै पनि
सोघछन् की मुनिले फेरि भनेर डरदै अनि
१६३१

शील स्वभाव संकोच देखि भरतको सब
प्रेम पूर्वकले बोले भरद्वाज ऋषि तब
सुन है भरत ! मैले पाएको छु खबर् सबै
बिधि कर्तुतमा जोर चल्दैन केहि हेर है
१६३२

आमाको काम सम्भेर बाबु हृदयमा कुनै
नगर्नुहोस है ग्लानी कैकेयीको पनि कुनै
छैन दोष कठै उन्को मति धृति कनै सब
बिगारि शारदाले नै फर्किएकी थिइन् तब
१६३३

मान्ने छैनन् यसो भन्दासत्य होभनी कोहिले
तर विद्वान औ वेद यिनीहेरू समस्तले
मान्ने छन् यो कुरालाई नमाने पनि लोकले
तर हे बाबु ! तिम्रो त निर्मल किर्तिलाई रे
१६३४

गाउँदा लोक औ वेद ती दुवै थरिले पनि
पाउनेछन् ठुलो इज्जत् लोकमा पुजिएर नि
तेसैले पाउला राज जस्लाई दिन्छ बाबुले
यो कुरा लोक औ फेरि वेद स म्मतमा छ रे
१६३५

सत्यवादि महाराज बाबा दशरथैजिले
बोलाएर खुसी साथ यो राज तिमीलाइ रे
बाबु ! दिनु हुँदो हो ता राज सुख् धर्म यीसब
रहन्थ्यो र अनि बढ्ने थियो इज्जत् पनि तब
१६३६

परन्तु सुन्दा जुन हाल यो सब
चराचरै यो जगलाई नै अब
लाग्यो अति भिषण दु :ख चित्तमा
श्री रामजीका बनबासले यहाँ
१६३७

अनर्थको कारण बन्न गो सब
तेस्मा पनि श्री जननीजिले तब
परेर भावी वशमा बिमुढ भै
गरिन् भरत् ! हेर विचार यो सबै
१६३८

अरूको के कुरा बाबु ! त्यो कुचाल गरेर त
पछुतो भो उनैलाई आखिर्मा आज हेर ता
त्यसमा पनि कोहिले " तिम्रो पनि अलिकति
दोष छ केहि ता " भन्छ भने त्यो अधमैअति
१६३९

हो त्यो मूर्ख र दुर्बुद्धिदुष्ट हो ,तिमीलेअफ
राज गरे पनि दोष थिएन केहि आज त
अनि त्यो खबरै सुन्दा रामलाई पनि ठुलो
सुख संतोष मन् भित्र मिल्ने थियो बिचार यो
१६४०

गर्नुभो अति उत्तमै भरतजी ऐले हजुर्ले पनि
येहि नै छ हजुरलाई उचितै बाबु सदा काल नि
जन्मी श्री रघुनाथका चरणमा गर्नु अनुराग यो
सारा मंगल मूल औ शुभपनि हो बाबु !योताभलो
१६४१

श्री सीतापति रामजी हजुरका छन् नित्यै नै जिन्दगी
सर्वस्वै प्रिय फेरि प्राण स्वरूपी मालीक पूज्यै अति
भाग्यैमान हजुर भैं जगतमा होला र को पो अभैं
सत्य सन्ध नरेशका हजुरता छोरा हुनुहुन्छ है
१६४२

मर्यादा पुरूषोत्तमै रघुपति श्री रामजीका पनि
ज्यादै नै हुनुहुन्छ प्राण सरिका भाइ पियारा अनि
तेस्ता कर्मठका निमित्त जगमा केहि कुरामा पनि
आश्चर्यै पनि छैन बाबु!अहिले यो सब् कुरामाअनि
१६४३

रामका मनमा हजूर सरिको अत्यन्त प्यारो पनि
कोहि छैन जगत् भरी हजुर भैं जस्का उपमाअनि
सीता लक्ष्मण राम यी सकलको अत्यन्त प्रिति पनि
जानेंथे त्यस रातमा हजुरकै गर्दै प्रशंसा पनि
१६४४

बित्यो सबै हेर त बाबु ! मैले
प्रयागमा स्नान हुँदा क्रमैले
बुझें सबै हालत रामजीका
हजूरका प्रेम महाँ डुबेका
१६४५

अज्ञानी मानिसैलाई सुख पूर्वकले पनि
जीवन् बिताउनै पाए मग्न भै खुसीले अनि
जस्तो हुन्छ अति मोह - ममता लोक स्नेहमा
त्यस्तै स्नेह रघुवीर्को धेरै छ है हजूरमा
१६४६

महत्व छैन यो जावो कुरामा केहि रामको
राम ता शरणैमा नै परेका भक्त बृन्दको
कुटुम्वहरूका साथै पालना गर्नु हुन्छ है
तिमी ता हे भरत् ! मेरो मतमा राम प्रेम नै
१६४७

धरी शरीर नै हो कि ? उभिएका अगाडी जो
भने झैं लाग्दछ बाबू ! सत्य भन्दछु यो अहो
तिमीलाई पनि लाग्नु कलंक अब फेरि यो
यो ता हामी सबैलाई मिल्नु हो उपदेश पो

१६४८

राम भक्त मधु सिद्ध त गर्न
श्री गणेश हुन गो बुझ मर्म
किर्ति चन्द्र झलमल्ल उदायो
हेर लोक नभमा सुख छायो

१६४९

श्री रामका किंकर हेरू सारा
भए चकोरै र कुमुद विचारा
उदाई हाल्यो यश चन्द्र ऐल्यै
अस्ताउने छैन उ फेरि कैल्यै

१६५०

छैन यो क्षय हुने दिन रात
बृद्धि हुन्छ भई दोब्बर नित्य
छैन लोभ मद मान र शोक
प्रिति गर्छ अब कोक - त्रिलोक

१६५१

पारदैन जुन राम प्रताप
सूर्यले अति फिका विधु शोभा
यो शशि किरण मंगल कारी
लोकलाई सुख दायक भारी

१६५२

कैकेयीको कुकर्तब्य रूपी त्यो राहुले पनि
सक्तैन फेरि यस्लाई ग्रस्त ब्याप्त गरेर नि
यो शशि रामको दृढ प्रिति रूपी अमृतले -
- पूर्ण छ , गुरू अपमान रूपी ठुलो कलंकले

१६५३

- भएको छैन दु :षित अब ता राम भक्त ती
अघाउँछन् सुधाले यो नाशी मोहहरू जति
हे भरत् ! सुलभै पारी दिनुभो पृथ्वीमा पनि
भवका भय यो सारा नाशिनेछ पिएर नि

१६५४

जस्लाई स्मृति चित्रमा धरी लिदां सन्मंगलैको निधि
यो पृथ्वीतलमा भगिरथजीले ल्याए नि भागीरथि
छैनन् क्वै दशरथ् सरी जगतमा जस्का गुणादि सब
वर्णन् गर्न सकिन्न भूमितलका हामीहरूले अब

१६५५

संर्सामा छेन जस्को अतिशय गहिरो प्रेम संकोचकोनै
बशमा पर्दा अघाडी जगत पति प्रभु 'राम' लाई स्वयनै
पुत्रैको रूप धारी अवतरित भए राम लिला विहारी
दर्शनले तृप्त हुन्नन् त्रिनयन शिवका जोछ लोकोपकारी

१६५६

अघाउँदैन कहिल्यै पनि अहो !
जस्मा प्रभु प्रेम रूपी हरिण पो
अडी रहेको छ भएर निश्चल
तेस्ता अनौठा कमनिय निर्मल

१६५७

गर्नु भयो सृष्टि हजुरले अब
किर्ति रूपी सुन्दर चन्द्रमा तब
छाड्नु हओस् ग्लानी समस्त चित्तको
पाए पछि पा - रस सर्ब श्रेष्ठ जो

१६५८

दारिद्र देखि पनि फेरि भारत
डराउनू हुन्छ अहो ! हजुर त
बाबु! भरत्! सुन्नु हओस आज ता
बोल्दिन केहि पनि है झुटो म ता

१६५९

उदासिन तपस्वि छु रहन्छु वनमा म ता
सारा साधनको उत्तम् अति नै परिणाम ता
सीताा राम र लक्ष्मणको पाएँ दुर्लभ दर्शन
त्यहि फल्का फलैले नै देख्न पाएँ हजूर्कन

१६६०

यसैमा अहिले प्रयागै समेत
अहो भाग्य मेरो भनी यो बुझें त
भरत् ! धन्य धन्य हजुर्ले जगत्मा
ठुलो किर्ति लुट्नु भयो यो बखत्मा

१६६१

यस्तै भन्दै भरद्वाज मुनि रोमाञ्चितै बनी
डुब्नुभो भरत प्रेम रसमा चुरूलुम्ब नि
सुनेर बचनै सारा भरद्वाज मुनीशको
सभासद भए हर्ष ' साधु साधु ' भनेर जो

१६६२

तारिफ श्री भरत्जीको गर्दै खुसी भई अनि
कुसुमाञ्जलीको बर्षा गरे ती देवले पनि
प्रयाग माथिका सारा नभमा धन्य धन्यको
ठुलो शब्द हुनै लाग्यो त्यो ध्वनी जयनादको

१६६३

बारंबार सुनेर श्री भरतजी श्री रामका प्रेममा
डुब्नुभो चुरूलुम्ब मस्त हुनगै सम्झि प्रभु चित्तमा
रोमाञ्चित शरीर् भयो भरतको चित्तैमहा ताअनि
प्रादुर्भाव हुनुभयो रघुपति साथै जनक् नन्दिनी
१६६४
अम्भोज सरि नेत्रमा भरिभयो आई जलैप्रेमको
गर्दै सुन्दर बन्दना सकल ती श्रद्धालु सत्सन्तको
गद् गद्भैकन बोल्नुभो भरतले जोरेर हातै पनि
नम्रित् भैशिर क्यै झुकाईविनयिबन्दैमिठोसद्ध्वनी
१६६५
समाज हो यो मुनिहेरूको सब
हो तीर्थ राजै पनि यो ठुलो तब
सांचो कुराको गरदा शपथ् पनि
होला यहाँ हानी अतिव नै अनि
१६६६
यो तीर्थमा बनाएर केहि झुटो कुरा पनि
बोल्न लाग्यो भने फेरि यो बसबरको अन्नि
पाप औ यो समानैको नीच ता छैन केहि है
सर्वज्ञ नै हुनुहुन्छ हजूर हरू फेरि हें
१६६७
म सच्चा भावले भन्छु प्रभु श्रीरघुनाथजी
अन्तर्यामी हुनुहुन्छ सबैको मन भित्रकी
मलाई निज आमाको कर्तुतमा पनि कुनै
छैन है शोक औ लोक्ले पनि नीच मलाईनै
१६६८
सम्झे होला भनी मन्मा छैन दु :ख पनि कुनै
बिग्रेला परलोक् भन्ने मलाई डर छैन है
बाबाको मृत्युको शोक पनि छैन मलाई ता
उहांको पुण्य औ किर्ति छाई लोक समस्त ता
१६६९
चम्कि रहेकोछ भएर शोभित
जस्ले रघुवीर् लक्षुमन् सरी हित
जन्माउनु भो - सुत - रामचन्द्र कै -
वियोगले नश्वर देहता अझैं
१६७०
त्यागी सवारी हुनुभो बुबाजीको
निमित्त गर्ने किन ब्यर्थ शोक पो
परन्तु सीता रघुनाथ लक्ष्मण
धरी मुनी भेष सवारी भो बन
१६७१
त्यो घोर बन्मा बिनु पाउ पोशले
लाग्नुभयो घुम्नु डुलेर खोंच रे
छ भोजनै कन्द र मूल् फलादीको
विच्छाई भैंमा कुश पात आदि जो
१६७२
सुतनुहुन्छ अनी रूख्को बोकाको बस्त्र नै अहो !
एवं प्रकारले नीत्य सर्दी बर्षा र गर्मी त्यो
बतास सहदै हाय ! राज् हुन्छ बृक्षका तल
यहि नै दु :खको दाह - ले दीनै छाती जल्दछ
१६७३
लाग्दैन दीनमा भोक रात्रीमा नीद छैन रे
सारा संसारमा खोज मन्ले गरी सकें हरे !
छैन यसरोगको काहिं औषधी लोकमै अहो
मेरी जननी कैकेयी बढ यी भई हेर जो
१६७४
तिन्ले मेरो हीतैलाई बढाईन् बसुला हरे !
मूल हो बसुलाको त्यो पाप नै अतिनीच रे
बनाईन् फेरि कुयन्त्र कलि रूपी कुकाठको
पढेर पनि त्यसमाथि कडा कुमन्त्र फेर जो
१६७५
गाडिन् अबधमा तिन्ले यी कुकाठ हरू सब
रचेको हो हरे दैव यो मेरै निम्तिमा सब
त्यसो गर्दा सबै लोकलाई वारह तर्फको
बाटोमा तिनले हालिन् बिल्लिबाठ गरेर जो
१६७६
ऐले रामजी फर्किई अबधमा पाल्नुभए मात्र नै
यो उच्चाटनको कुरोगजति हो मेटिन्छ होला सबै
देखिन्थ्यो सब तर्फ शोभित धरा हाम्रो अयोध्यापनि
अर्को छैन उपाय त्यागीकन यो साँचोकुराहो त नी
१६७७
बचन् भरतको सुन्दा भरद्धाज मुनिश्वर
भए आनन्दितै फेरि साराले गरि तारिफ
प्रशंसा भरतजीको गरि विविध भाँतिले
"नगरे अबता शोच ज्यादा यस प्रकारले
१६७८
रामको पाउको दर्शन् पाए पछि सबै दु :ख
मेटिनेछ " भने फेरि सम्बोधन गरेर त
हजुर प्रेमले प्यारा मेरा अतिथि आजको
बस्नुहोला फल कन्दमूल टकयाउँछु म यो
१६७९

संकोच नगर बाबू ! विनय गर्दछु म रे
स्विकार गर त्यो बाबू ! करूणा गरि आज रे
सुनेर मुनिको बाणी चित्तमा भरतजीले
विचार गर्नु भो "आयो पर्न संकोच आज रे
१६८०
कुबेलामा ठुलो यस्तो भन्दैफेर् गुरूकोकुरा
माननीय "भनी सम्झि परेर पाउमा पुरा
वन्दना गरदै फेरि जोरेर दुई हात रे
सुधा सदृशको बाणी बोल्नु भो भरतजीले
१६८१
मुनिश प्रभुको आज्ञा धरेर शिरमा पनि
तदनुसार नै गर्नु यो परम् धर्म हो पनि
मेरो नाथ सदा भन्ने मीठो यो भरतजीको
बचनै ती मुनिलाई अति नै मन पर्न गो
१६८२
भरद्वाज मुनिश्वर्ले पवित्र सेवकै अनि
सिष्य हरू सबैलाई बोलाई नगीचै पनि
अह्राए अनि ती सारा लाई यस प्रकारले
भरत्को गरनु पर्छ आज आति थ्य हेर रे
१६८३
आउ लिएर साराले कन्द मूल फलादिक
सुनेर ऋषिकोआज्ञा 'हओस् नाथ !'भनी तब
तिनीहरू मुनिलाई गरिकन प्रणाम नै
आ -आफ्ना कामका निम्ति गए सकल ठाममै
१६८४
सोच गर्न भरद्वाज लागे हृदयमा अनि
ठुला यी पाहुनालाई निमन्त्रण गरियो पनि
जस्ता ती देवता हुन्छन् पूजा हुन्छ उसैगरि
चाहिन्छ देवकै जस्तै तेस्तै सर्जाम बेसरी
१६८५
यस्तो सोच गरी मन्मा लागे पिरइनै तिनी
तिन्को संताप देखेर ऋद्धिसिद्धि हरू अनि
अणिमा लघिमा - आदि गरेका अष्ट सिद्धिले
आएर ' भगवन् आज्ञा हामीलाई हओस रे
१६८६
गर्दछौं काम सो सिद्ध 'भन्दै बिन्ति गरे अनि
खुसी भै अनि ता मन्मा भरद्वाजजीले पनि
राम विरहले ब्याकुल् भरतै भाइ साथमा
परिवार हरू साथै सैन्य हेरू समेतमा
१६८७
ऐले यहि कुटिमा नै सवारी छ मनोरम
उहाँको गर अति थ्य सबै हर परिश्रम
भन्ने मुनिशको यस्तो बचनै शिरमा धरी
आफुलाई ठुलो भाग्यमानी सम्झेर त्योघरी
१६८८
ऋद्धि सिद्धि हेरू जस्मा भएर
आफुसैमा भन्न लागे रमेर
श्री रामका भाइ साना अनुपम्
पाहूना छन् दर्शनै पाउने छम्
१६८९
भरद्वाज मुनिश्वर्को चरण् कमलको पनि
गरेर वन्दना आज जुन् काम गरदाँ अनि
सारा राज परिवार सुखी हुन्छन् खुसी भई
गर्नु पर्ला त्यहि काम अब हामी हरू गई
१६९०
गरी यो मन्त्र सब्ले देख्ता जुन् घरलाईनै
विमान पनि छक् पर्थ्यो हेरेर त्यसलाई नै
मनोहर अनि सुन्दर् तेस्ता बिबिध भतिका
विलम्ब नगरी तिन्ले बनाए वर आदि ता
१६९१
भोग विलासका सारा चिज औ धन मालले
राखी दिए महल् सारा भरी पूर्ण गरेर रे
विलासी चीज ती सारा ऐश्वर्य जुन देखँदा
गर्दथे मनमा इच्छा त्यो पाऊँ भनि देवता
१६९२
इच्छामा स्वामीको आफ्नो मिलाएर मनै पनि
दास दासीहरू सारा सामान लिई ता अनि
खडा थिए सदा सेवा गर्न तत्पर नै सब
त्यस्तो घर रचे सारा सिद्धिले पलमै तब
१६९३
चाहिने चीजले सारा घर हेरू सजी तहाँ
मिल्दैनथ्यो जुनै सौख्य स्वर्गमा पनि स्वप्नमा
इच्छानुसारको राम्रो अति सौख्य दिने घर
दिए पैले सबैलाई बस्न भनी सबै तिर
१६९४
परिवार हरू साथै अनि भरतजी कन
बासका निम्तिमा राम्रो देखाएर घरैकन
भरद्वाज मुनिश्वर्ले यसैमा राज होस् भनी
आज्ञा दिए भरत्लाई बिश्राम निम्तिमा पनि
१६९५

आफ्नो तपका बल्ले ब्रम्हाको मनमा पनि
आश्चर्य पारने वैभव् गराए सब् तयार नि
प्रभाव मुनिको देख्नु भयो भरतले जब
लोक्पालहरूको लोक र त्यो स्वर्गपनि तब

१६९६

लाग्यो भरत्लाई समस्त तुच्छ त्यो
प्रभाव देखि मुनिको अघाडी जो
विलासका चीजहरू यहाँ सब
वर्णन् गरी पार हुदैंन है अब

१६९७

विलासका चीजहरू अनेकन
देखेर ठुला ऋषि बृन्दको मन
विराग विर्सिकन भुल्दथे तहाँ
आनन्दमा मस्त भएर मन्महाँ

१६९८

बस्ने अनेकौं थरी आसनै भो
सुत्ने पलङ्० सुन्दर देखदाँ जो
मनोहरी रेसमी बस्त्रको नै
थियो चदुँवा जुन सुन्दरै नै

१६९९

उद्यान औ सुन्दर फुलवारी
बस्थे जहा मिर्ग र पक्षी भारी
अमृत सरिका फल फुल धारी
थिए लता बृक्ष हरू तयारी

१७००

नाना थरि अमृत झैं अनेका
थिए जहाँ भो जन जो बनेका
त्यस्तै अनेकौं पिउने र खाने
सर्जाम देखि मन लोभि जाने

१७०१

सन्यासी तुल्य संकोचित् भए ती सब जन्हरू
त्यो सबै कसरी सारा ऐले नै बर्णन गरूँ
सबैका बासमा काम धेनू र कल्प बृक्ष नै
देख्दा त्यो शचिका साथ स्वयं इन्द्र समेत नै

१७०२

गर्दथे मनमा तेस्को अभिलाषा पनि तब
त्यो बेलामा त्यहि फेरि वसन्त ऋतुनै सब
प्रादुर्भाव भयो मन्द - सुगन्ध - शीतलै बनी
त्रिविध वायु नै चल्न लाग्यो शान्ति दिएर नी

१७०३

धर्म अर्थ अनि काम मोक्ष चारै थरी चिज
भए सुलभ ताहि नै इच्छानुसारले ति त
विविध थरिका पुष्प माला खुस्बू फिँजाउने
चन्दनादि गरिएका लेपन् जो शीतलै हुने

१७०४

मन हरण् जो गरने छिनैमहा
थिए नविना युवतीहरू तहाँ
आश्चर्य भै यो चिज देखँदा अनि
हुन्थे सबै मुग्ध र छक्क नै पनि

१७०५

विलास त्यो चखेवी भै चखेवा भरतै पनि
हुनुहुन्थ्यो र ता फेरि त्यस रात महाँ अनि
मुनिको वचनै रूपी ब्याधा स्त्रीले दुवैकन
कुटि रूपी पिजेंरामा राखेकी थि थुनिकन

१७०६

प्रात : काल भयो फेरि अनि भरतले पनि
तीर्थराज त्रिवेणीमा गरेर स्नान ता अनि
आफ्ना समाजका साथ खुसी भै भरतजीले
प्रणाम गर्नु भो जाई ऋषिको पाउमाथि रे

१७०७

आज्ञा र आशिषैलाई मुनिको शिरमा धरी
विनय वचनै बोलि झुकेर पाउमा परी
सिपालु हिड्नामा पैदल् जन साथ लिई सब
चित्रकुट तिर नै आफ्नो मन चित्त दिई तब

१७०८

जानु भो वनमा अनि भरतजी राम सखा गुहको
काँधैमा धरी हात राम चरितै ब्याख्यांन गर्दै अहो !
मानौं हुन्कि शरीर धारी ती दुवै प्रेमै भने झैं गरी
हिड्नै लाग्नुभयो अहो भरतजी बाटामाहा त्यो घरी

१७०९

पाउ पोस रहितै दुई पाउ
अतपत्र रहितै शिर ताऊ
चित्तमा नियम धर्म व्रतादि
प्रेम निष्कपटको स्थिर राखी

१७१०

बाटोमा गुहका साथ सीता लक्ष्मण रामको
सोध्नु हुन्थ्यो भरत् सारा कुरा फेरि कहानी पो
मधुर वाणीले वर्णन् गर्दथे गुहजी अनि
रामले बीचमा बास गरेका बृक्ष नै पनि

१७११

देख्ता भरतको मन्मा प्रेम अट्दैन थ्यो हरे !
उम्लेर आउँथ्यो माथि नरोकी पोखिएर रे
त्यो हाल भरतैजीको देखेर देवतादिले
खुसी भै फूलको बर्षा गरे आकाश देखि रे
१७१२

मंगल मूल भो बाटो टेक्दा नरमको बनि
सुवास फूलको छर्दै वहन्थे पवनै पनि
सूर्यको किरणैलाई रोकी जलदबृन्द त
छाता सदृश भै ढाकें छोपी गगन मण्डल
१७१३

जाँदामा भरत बाटो जतिभो सुखदायक
थिएन नरमै तेस्तो जाँदामा रघुनायक
बाटोमा जड औ चेतन् जीवजन्तु थिए जति
देखेथे तिनका बीच जो जस्ले रघुवीरजी
१७१४

जो जतिलाई ता फेरि देख्नुभो रामले पनि
भए सब् ती परंपदका लायमै सम्म ता अनि
तर भरतले हेर्दा देख्दा भरतजी कन
मेटेर भवको रोग भए मुक्त सबै जन
१७१५

जस्लाई मनमा सम्झि रहनु हुन्छ रामले
तिनै भरतको निम्ति ठुलो छैन कुरा हरे
जो प्राणी प्रेमलै ब्याकुल् भएर हृदयै महाँ
एक् बाजी मात्रनै भन्छ 'हा राम 'भनी लोकमा
१७१६

तरने तारने योग्य हुन्छ है प्राणी त्यो पनि
भने फेर् रामका प्यारा भाइ हुन् भरतै अनि
नहोस् नि कसरी फेरि कल्याणकारी मार्गत्यो
चिन्तना गरनु हुन्छ जसको राम नै अहो !
१७१७

तेस्ता भरत बाटोमा जड - चेतन प्राणीको-
-निमत्ति नहुनु फेरि किन कल्याण कारी पो
सिद्ध साधु मुनि सारा भन्दथे यो कुरा अनि
खुसी हुन्थे भरत्लाई देखेर मनमा पनि
१७१८

प्रभाव भरतजीको देखेर इन्द्रलाई ता
चिन्ताभयो ठुलोमन्मा के हुन्छ ? हा ! भनेर ता
भलोलाई भलो यो छ जगतै नीचलाई त -
-नीचछ आफु भैं सारा देख्दछन् लोकनै ति त
१७१९

गएर इनद्रले फेरि गुरूको नगीचै अनि
विन्ति गरे गुरो ! यस्को उपाय गर्नुहोस् भनी
राम भरतको भेट हुदैंन जे गरेर ता
प्रभुले करूणा राखी गर्नुहोस् तेहि काम ता
१७२०

संकोचि प्रेमले बस्मा हुन्छन् ती रामजी अनि
छन् गुढ प्रेमका सिन्धु सरि नै भरतै पनि
बनेको बिग्रनै लाग्यो कुरा हे गुरूजी ! अब
गर्नू पर्दछ छल् फेरि बिचारी यसमा सब
१७२१

हाँसे बृहस्पति सुन्दा यो कुरा इन्द्रको सब
सहस्त्र लोचनै वाला सुरेशलाई ता तब
अन्धो सम्झेर नै भन्न लागे यो गुरूले तहाँ
सुरशे ती उनै मायापतिका दास साथमा
१७२२

माया गर्दा फलै उल्टा हुन्छ त्यो छलको अनि
रामको आशयै पाई पैले ता. तिमीले पनि
हे इन्द्र !छल् गऱ्यौ केहि अब फेरि कुचाल जो
गऱ्यौ भने पछि तिम्रो ठुलो हानी हुनेछ पो
१७२३

शिक्षा मेरो यो सुनी देवराज
सत्यै बाणी भन्दछु हेर आज
आफु माथि अपराध कसैले
गरे पनि भगवन् राम कैले
१७२४

गर्नु हुन्न कहिले रिस राग
राम चन्द्र प्रभुको छ स्वभाव
भक्तका उपर कष्ट परेमा
वा कुनै विपद आई परेमा
१७२५

राम कोप विचिहोत्र बढेर
भष्म हुन्छ नर शीघ्र जलेर
लोक वेद इतिहास हरूमा
यो कुरा विदितै नै छ सबैमा
१७२६

दुर्वासाले जान्दछन् यो अगाध
भोगेका छन् हाय ! भक्तापराध
भरत् जस्तो राम प्रेमी छ को र ?
जप् गर्दो छ लोकले रामको र
१७२७

उनै राम पनि जप्नुहुन्छ है जसलाई ता
सोहि तिनै भरत् माथि गरेमा छल फेरि ता
होला पतन है तिम्रो सत्य भन्दछु यो सब
विचार नगरे यस्तो बिर्सेर पनि ता अब
१७२८

रामको भक्तको रीस नाशगर्ने अति नीच यो
इच्छालाई मनै भित्र पनि पस्न नदेउ पो
होला दुर्यश नै तिम्रो सुरेश लोकमा ठुलो
हुन्छ पर्लोकमा दु ःख हुदैन कहिल्यै भलो
१७२९

दिन्दिनै शोकको थुप्रो थपिन्छ शिर माथि नै
शिक्षा सुनेर यो मेरो बिचार गर चित्त मै
सेवकै अति नै प्यारो लाग्दछ रामलाई ता
मान्नुहुन्छ सुख सेवा गरदा दासको सदा
१७३०

भक्तै जनका साथमा देवराज !
गर्दा ख्रेरी शत्रुता हेर आज
राम साथै पर्दछ वैरभाव
जानी लेऊ या कुरा चित्तमा त
१७३१

समदर्शी हुनुहुन्छ यद्यपी रामचन्द्रजी
राग द्वेष न ता पाप पुण्य छन् न त भित्र की
गुण नै छ न ता फेरि दोष नै छ जहाँ हरे
प्रभुले जगतैलाई पारी कर्म प्रधान रे
१७३२

राखेकोछ सदा जस्ले जस्तो गर्दछ कर्म ता
तेसैले पर्दछ भोग्नु तेस्तो नै फल सम्झ ता
तथापी भक्त वा अन्य हरूका मन भित्रको
अनुकुल प्रतिकुल ब्यवहार यथार्थ जो
१७३३

गर्नुहुन्छ सदा राम दास भै कन भक्तको
सहनुहुन्न अपमान भक्तको कहिल्यै अहो !
अमानी अज औब्यापक् अजन्माछ अगुणछ जो
भक्तका निम्तिमा सोहि 'राम' सगुण भै अहो !
१७३४

गर्नु हुन्छ प्रभु मंगल काम
भक्त निम्ति सब दण्ड र साम-
-भेद भाव, सब प्राणी समान
रम्नु हुन्छ जगमा यति जान
१७३५

गर्नु भएको छ मनोरथ पुरा
भक्तैहरूको प्रभुले बुझ पुरा
पुराण वेदादि र साधु सन्त नै
साक्षि सबै छन् यति जान इन्द्र है
१७३६

जानेर मन्मा पनि यो कुरा अब
कुटिल् पनालाई तिमी त्यजी सब
भरत्जीको श्री चरणारविन्दको
प्रिति गरी निर्मल जो अखण्डको
१७३७

हे इन्द्र! रामका खाली साधारण् भक्तजन् पनि
सदा पर हित तत्पर् अरूको दु ःखमा पनि
दु ःखीत हुने दयालु र निर्मल् हुन्छन् भने अहो !
भरत् ता होइनन् भक्त मात्र भन्ने विचार पो
१७३८

भक्त शिरोमणी खास भरतै हुनुहुन्छ पो
नडर्नु कहिले त्यस्ता भरतै देखि फेरि जो
हुनु हुन्छ रघुनाथ सत्य सन्ध दयालु र
देवताका हितैषि औ दयाका पनि सागर
१७३९

डर्दछौं स्वार्थको वस्मा परेर तिमी ब्यर्थ जो
भरत्को छैन है दोष यो तिम्रो मोह मात्र हो
सुनेर उत्तमैं बाणी गुरूको अनि इन्द्रको
मेटियो मनको ग्लानी भक्ति भो रामचन्द्रको
१७४०

भएर मनमा हर्ष बर्षाइकन फूल ता
तारिफै गरनैलागे भरत्को भक्तिको तीता
बाटामा लाग्नुभो जान भरत यहि रीतले
हालत भरतजीको देखेर मुनिबृन्दले
१७४१

गर्थे तारिफ धन्य हुन् भरतजी भन्दै खुसीले अति
देख्दामा उनलाई छक् परी गए चराचरै छन् जति
प्रिति देह धरेर नै प्रकट पो हुनूकी भएका पनि
भन्ने भानभयो भरत कन ता देखि सबैलाई नि
१७४२

सुस्केरा हाल्नुहुन्थ्यो जब 'राम' भनेर त
त्यो बेलामा त्यहाँ चारै तर्फबाट बढेर ता
प्रेम उम्लेर आएको सरि नै परी भान त
पग्लन्थ्यो पत्थरै - सम्म पनि पानी भएर ता
१७४३

सकिन्न प्रेमको बर्णन् गरेर पुरवासीको
भरत सबका साथै बीचबीचमा बसीवास पो
यमुना तीरमा आई पुग्नु भो यमुनाजीको
श्यामल जल देखेर नेत्रमा भरतजीको
१७४४

भरि यो जल प्रेमको पनि
जिउनै गद् गद् नै भएर नि
रघुबंश बिभुषणै जीको
बिरहै रूपि समुद्र बीच यो
१७४५

विवेक रूपि नाउमा चढेका भरतजीले
रामको जिउ नै जस्तो भएको श्याम वर्णरि
नदिको जल देखेर राम विरह सिन्धुमा
चुर्लुम्म भइ डूब्नुभो भरत फौज साथमा
१७४६

यमुनाका किनारामा त्यस दिन मुकाम भो
बेला अन्सार सब्लाई सुखको सबकाम भो
राता रात गरी सारा बेगन्ति नाउ हेरू ता
सबै आई पुगे झट्टै समस्त घाट बाट ता
१७४७

गरी बयान साराको सकिदैंन विचाार यो
बिहान एक खेंपैमा पुगे पारी समस्त जो
भए प्रसन्न सेवाले राम मित्र निषादको
अनि स्नान गरि फेरि यमुनामा समस्त पो
१७४८

प्रणाम नदिको गर्दै अनि फेरि निषादको
साथैमा दुइटै भाइ तहाँबाट सवारी भो
अघि अघि थिए जादै ऋषि र ब्राम्हणैहरू
अनि फौज थिए सारा तिन्का पछि पछि अरू
१७४९

जस्ले पैहि भूषणै वस्त्र सादा
जो दु ःखीत् भै दु ःखले गाथ आधा
शत्रुघ्नै औ भरत दूई भाई
हिड्नु हुन्थ्यो पैदलै हाइ ! हाइ !
१७५०

वहाँको साथमा दास मित्र वर्ग र मन्त्रिका
पुत्र थिए ति सारा नै सीता राम् लक्ष्मणैजीका
गुण गाथा हरू मन्मा सम्झदै हिड्दथे पनि
जहाँ जहाँ सीता रामजीले विश्राम औ अनि
१७५१

वासबस्नु भएकोथ्यो ताहीं ताहीं गएर त
प्रणाम गर्दथे फेरि प्रेम साथ झुकेर त
ग्राम बासि नर नारी हरू खब्रर यो सुनी
काम काज घर द्वार सारा छाडेर ता अनि
१७५२

दौडी दौडी सबै आए शत्रुघ्न भरतूजीको
स्वरूप देखँदा आपन्नो जन्मको फल पाइ पो
भए आनन्दले पूर्ण अनि स्त्रिहरूमा पनि
परस्पर्मा कुरा यस्तो हुन लाग्यो तहाँ अनि
१७५३

राम लक्ष्मण नै हुन्कि होइनन् यिनी हेरू ता
यो सुनी भन्दछिन् अर्की वय वर्ण शरीर ता
उहि हो शोच औ रूप परस्पर् दुईमा पनि
प्रेम उस्तै छ है फेरि हिड़ाई पनि ता अनि
१७५४

यो सुनी भन्दछिन् अर्की उस्तै छैन नि भेष ता
होइनन् है तिनी हेरू साथमा छड्नन् प्रिया
अघि अघि हिडेको छ चतुरङिग्णी फौज यो
मुहार हँसिलो छैन मनमा छ बिषाद पो
१७५५

सखी हो ! फरकै यत्ति हुनाले मनमा अब
सन्देह लाग्दछ मेरो भन्ने बाणी सुनी सब
तिनका तर्कले चित्त बुझ्यो स्त्रीहरूमा अनि
भन्न लागे सबै ताहाँ हे सखी ! तिमी झैं पनि
१७५६

बाठो छैन कुनै हरे कस्तो तर्क गऱ्यौ अहो !
हाम्रो ता मनमा यस्तो आएन है बिचार पो
त्यो नारीलाई औ त्यस्को सत्य बचनलाई त
आदर् गरेर अर्कीले बोली मधुर बाणी त
१७५७

खुसी आनन्द जे जस्तो राम राज्यभिषेकको
पऱ्यो बिघ्न अगाडी जो कथा बिस्तार रामको
सप्रसंग गरी ब्याख्या अन्त्यमा भरतजीको
शील स्वभाव प्रेमादि गर्दै बर्णन् पूर्ण जो
१७५८

सौभाग्य शालिनी तेस्ले गर्न लागी सराहना
पिताले ता थिए राज दिएका अबधै महा
त्याग गरेर त्यो सारा खादै फल् फूल ता अनि
पैदल् हिड्दै सीता रामलाई फर्काउँछु भनि
१७५९

मनाउँदै तिनी जान लागेका छन् विचार यो
भरत सरिको राम प्रेमी जगतमा छ को ?
भक्ति औ आचरण् फेरि भ्रातृ भाव भरतको
भन्दा सुन्दा पनि दोष दु:ख हरण हुन्छ पो
१७६०

भरतका यी बिषयै हरू महाँ
भनिन्छ जो कोहि कुरा हरू यहाँ
त्यो हुन्छ थोरै जति नै भने पनि
सकिन्न जन्मै भरिनै भने पनि
१७६१

भाइ श्रीरघुनाथकै सखी कुनै यस्ता नहोलान् तिनी
हामीहेरू समस्तले भरतको पाएर दर्शन् पनि
नारीजाती महाभयो सबजना धन्यै सखी यो धरी
भन्दै हाल सुनेर ती भरतको नारीहरू त्यो घरी
१७६२

देख्दा नारीहरू सबै हृदयमा गर्थे पछुतो पनि
गर्थे तारिफ फेरि ति भरतको धन्यै भनी यो अनि
आमा कैकेयी स्वाउँदा सुत यिनी हैनन् सखी ! हेर है
यो भन्थे अनि फेरि कोहि अरू ता गर्थे कुरा यो सबै
१७६३

छैन दोष सुन कैकेयीको ता
दाहिने बनि दियो अब द्यौता
भाग्यले गरि दियो सब काम
लोक वेद विधिले त तमाम
१७६४

छोटा कुल्का नीच दुष्कर्म गर्ने
नारी जाती धर्म कैले नगर्ने
काहाँ हामी हेरू कुन् देश माहा
बस्छौं हामी हेर कुन् गाउँ माहा
१७६५

कु नारी हौं हामीहरू सबै रे
कहाँ यस्तो देवको दुर्लभै रे
ठुलो पुण्य धर्मको फल् स्वरूप
कहाँ यस्ती दर्शनै मिल्नु खूब
१७६६

धर्मात्माले मात्र नै पाउने यो
पायौं दर्शन् भाग्य ठुलो हुने जो
आनन्दै औ हेर आश्चर्य यस्तो
मरू देशमा उम्रिने कल्प जस्तो
१७६७

आनन्द हुनगो हर्ष गाउँ गाउँ हरू महा
पाउँदा भरतजीको दुर्लभ दर्शन तहा
बाटो समीप बासीको खूल्यो भाग्यपनि ठुलो
मानौं शिंहल द्विप वासी हरूलाई समेत जो
१७६८

भाग्य बस्ले सुलभ् होकि भएको तीर्थराज नै
भने सदृश भो ताहाँ दर्शन् पाई भरत कै
आपन्नो गुणको साथै रामको गुणको पनि
गाथा सुन्दै प्रभुलाई सम्भदै मनमा पनि
१७६९

भरत लाग्नुभो जान फेरि बिच्मा मुनिशको
कुटि औ देवको मन्दिर तीर्थ देखी नुहेर पो
प्रणाम गरदै फेरि सीता र रघुनाथको
पाउ पंकजमा प्रिति लागोस् भनी अखण्डको
१७७०

माग्नुहुन्थ्यो वरै येहि भरतजी मन भित्र नै
तीर्थ औ देव साराको साथमा दीन भै सधैं
कोलकिंरात संन्यासीहरू बन्बासीहरू औअनि
उदासी र अनि फेरि ब्रम्हचारी हरू पनि
१७७१

जो भेटिन्थे सबैलाई गरीकन प्रणाम ता
'राजहुनुभएकोछ कुन् वन्मा राम औ सीता ? '
भनेर सोधनु हुन्थ्यी सबैका साथमा अनि
बताउँथे समाचार खुसी भै तिनले पनि
१७७२

भरत्को गरी दर्शनै ति सबैले
फलै पाउँथे जन्मको सार भै रे
"कुशलै साथ देख्यौं सीता रामलाई "
भनी भन्दथे जो भरत् साथ आई
१७७३

तिनीहेरू सारा भरत्का निमित्त
सीता राम लक्ष्मण् सरीकै अमीत
प्रियै पुज्य हुन्थे यहि रीतले नै
सबै साथमा कोमलै बाणीले नै
१७७४

सोध्दै सुन्दै सीताराम हरूका वनवासको
कुराहरू भरत् जानुहुन्थ्यो जंगल भित्र जो
बसेर वास त्यो दिन्मा पनि फेर् विहानमा
भरत लाग्नु भो वाटो सम्भदै राम चित्तमा
१७७५

साथमा नै रहेका ति समस्त जनलाई त
भरत सरिकै राम दर्शन्का अभिलाषा त-
थियो हृदयमा ठुलो अनि ति सबलाई त
शरीरमा हुने लाग्यो शगुन शुभ दायक
१७७६
सुखको सूचना गर्ने आँखा र अंग हेरू ता
लागे फर् फर गर्ने ति दिइ आनन्द भित्रता
फौज साथै भरत्लाई 'अब श्री रामजानकी
भेटिनु हुन्छ संताप मेटिन्छ शोक दु ःख यी '
१७७७
भनेर मनमा यस्तो भयो उत्साह ता ठुलो
प्रेम रूपी मदिराले लठि्ठएका छँदा भलो
जस्तोछ जसको मन्मा तेस्ता इच्छाहरू पनि
गर्दै जान्थे तिनी सारा पुगुँला कहिले भनी
१७७८
शिथिल् भएका सब अंग नै पनि
बाटा महा ढल्मल भै हरे ! अनि
पार्दै चरण् डगमग बिव्हलै बनी
सम्झि सीता राम र लक्ष्मणै पनि
१७७९
गर्दै कुरा प्रेम वशै भएर ता
लागे अघाडी बढि जान फेर ता
तेसै बखत्मा गुह राम मित्रले
फेरि जुनै पर्वत सामु भित्र रे
१७८०
नदि मन्दाकिनीको त्यो प्रवाहका किनारमा
राम लक्ष्मण् दुवै वीर वैदेहि लिइ साथमा
जहाँ राज भएकोथ्यो तेहि अतिव सुन्दर
देखाए पर्वत राज चिंत्रकुट मनोहर
१७८१
देख्ना साथै चित्र कूटै पनि ता
जै राम्! जै राम्! जै सिया राम्भनी ता
सीताजीका जीवन! प्राण प्यारा !
श्री राम् ! सीते ! हामी सब्का सहारा
१७८२
भन्दै ती गरनै लागे साष्टांग दण्डवत् पनि
मानौं फर्केर ता फेरि अयोध्यामै प्रभु पनि
भएको हो कि है राज भने संदृश नै गरी
राज समाज भो सारा प्रेमले मग्न त्यो घरी
१७८३

त्यो बेलामा थियो जस्तो प्रेम भरतको सबै
सक्तैनन् भन्न त्यो शेष भारतीले पनि कवै
जस्तो ठुलो अहंकार - ममताले मलीन नै
भएका जनका निम्ति ब्रम्हानन्द अगम् छ है
१७८४
अगम् छ प्रेम त्यो तेस्तै कविका निम्तिमा पनि
वर्णन् गर्न को सक्ला ? सक्दैनन् सम्झनै पनि
शिथिल रामको प्रेम्ले भए तापनि सब्जन
भए पछि पनि सूर्य अस्त अझ हिडिकन
१७८५
पुगेर दुई कोस् टाढा पानी र ठाउँ सुन्दर
हरेर फौज ती सारा बसे वास अनि फिर
रामका प्रेमले पूर्ण भएका ती सबै जन
बितृनाका साथमा रात हिडें ती खुसीभै कन
१७८६
अनि उता पनि केहि रात बाँकि छदैमहा
जागा हुनुभयो राम सीताजीका सहित्महाँ
देख्नुभो सपना यस्तो बिम्झिदा जान्कीजीले
भइ संतप्त रामैका विरह रूपी अग्निले
१७८७
विव्हल् भै भरतै राज समाज सहितै अनि
मानौं लागी रहेकाछन् वनमा आउनै पनि
विवर्ण मुख छ सब्को फेरि निर्वल छन् सबै
फेर्दछन् स्वास सुस्केरा हाली 'राम 'भनेरनै
१७८८
सबै जनाको धमिलो छ मन् पनि
दीनै दु ःखी ब्याकुल छन् सबै अनि
मुहार सासुहरूको पनि सबै
अर्कैथरि देख्नु भयो विवर्ण नै
१७८९
स्वप्न वृतान्त त्यो सारा सुन्दा सीताजीको कठै
शोक वश् हुनुभो शोक मोचन राम ता अझैं
भरियो दु ःखले नीर आएर नजरै भरी
आज्ञा भो लक्ष्मणैलाई बाबू यो स्वप्न यो घरी
१७९०
ठीक होईन है केहि भीषण् दु ःख खराब नै
कुरा सुनाउला कोहि आएर यो बिचार है
भनी लक्ष्मणलाई यो भाइ सहित भै अनि
स्नान गरेर गर्नु भो पूजा श्री शिवको पनि
१७९१

संमान गर्नु भो फेरि ऋषि साधु र सन्तको
पूजा र वन्दना गर्नु भयो सुर मुनिशको
अनि श्री रामले राज गर्नु भो कुटिमा जब
उत्तर दिशा तिरै घेर धूलो आकाशमा तब
१७९२

देख्नु भयो पशु र पक्षीहरू सबै ति
भीतै भएर प्रभुका कुटि तर्फ मै कि
दौडेर भागीकन आई लुकि रहेका
त्यो देखि कारण भयो भनि फेरि के ता ?
१७९३

झट्ट उठ्नुभयो राम आश्चर्य चकितै भई
तुरून्तै अनि ता फेरि आई कोल- किरात ती
सुनाए रामजीलाई त्यो हालहरूता जब
बिन्ति गरेर ता मीठो माङ्गल्य वचनै तब
१७९४

सुन्नाकासाथ त्यो मंगल बाणी श्री रघुनाथको
गाथ आनन्दले सारा रोमाञ्च परिपूर्ण भो
शरद्का कमलै जस्ता प्रभुका नजरै भरी
प्रेमको जल आएर छोपियो ढाकिने गरी
१७९५

सीताजीका वल्लभ रामले तहाँ
लाग्नु भयो गर्न बिचार मन्महाँ
कारण् परी के अबधै त्यजेर त
आए यहाँ आज भरत् भनेर त
१७९६

आएर फेरि यौटाले 'साथमा चतुरंगीणी
सेनाहरू पनि थोरै छैन ' यस्तो भन्यो अनि
त्यो सुनेर भयो चिन्ता मनमा रघुनाथको
यता पिताजीको आज्ञा उता संकोच भाइको
१७९७

भरत्को सम्झिदा सारा स्वभाव रघुनाथको
सकेन मनले गर्न अठोट दृढ साथको
अनि फेरि 'भरत् साधु संत औ बुद्धिमानको
लाग्छन् भनाइमा ' भन्ने यो सोचेर बिचारिपो
१७९८

समाधान भयो चित्त भगवन् रघुनाथको
अनि त्यो ब्यग्रता ठुलो देखि श्री रामचन्द्रको
लक्ष्मणले गर्नु भो [बिन्ति समयै अनुसारको -
- वचन , नितिको गर्दै विचार यस रितको
१७९९

न सोधिकन हे स्वामी !विन्ति गर्दछु केहि यो
मौकामा दासको ढीट ढीटाई दोष हुन्न जो
हजुर स्वामी सर्वज्ञ शिर भूषण हो प्रभो !
तसर्थ प्रभुका साथ विन्ति गर्दछु आज यो
१८००

आफ्नो सम्झि हे प्रभो ! पाउलाई
विन्ति गर्छु शिर ऐले झुकाई
स्वामी ! आफु स्वच्छ दिल्को हुनाले
शील्को खानी लोकमा भन्न थाले
१८०१

यो लोकका निम्ति हजुर मित्र
दु:खी हरूका पनि चित्त भित्र
हजूरका प्रिति सधैं रहन्छ
यो लोक औ वेद यहि कहन्छ
१८०२

हे लोक स्वामी ! प्रभु आफु जस्तै
देख्नु हुने लोक सबैं दुरूस्तै
विलासमा लुटपुटिने सबै हा !
प्राणीहरू मग्न हुने यसैमा
१८०३

प्रभुत्व पाए पछि ता ठुलो अनि
भएर अज्ञान बसै शहे पनि
हुन्छन् ती आफुकन सर्बश्रेष्ठ नै
सम्झेर गर्छन् अझ ती घमण्ड नै
१८०४

नीती निपुण धीमान साधु र स्वामी भक्त नै
छन् ती भरतजी नाथ! यो कुरा लोकमा सबै
जान्दछन् ती पनि आज पाउँदा राज पद ठुलो
चल्न लागे नीती धर्म मर्यादा त्यागदै उँधो
१८०५

कुटिल् कुबन्धु ताकेर कुमौका आज ता हरे !
'राम एकलै बसेका छन् जंगलैमा ' भनेर रे
कुमन्त्रणा गरी हाय ! सजेर चतुसङ्गिणी
आफ्नो त्यो राजपद्लाई अकष्टक् पार्न निम्तिनी
१८०६

आए जंगलमा आज दाजू ! भरत यो घरी
कोटि कुटिल् पना नाना कपट्को कल्पनागरी
फौज दल्बलका साथ मिलेर दुइ भाइ नै
लड्न भनेर हे नाथ ! आउँदाछन् ति ता सबै
१८०७

न हुँदोहो यदि मन्मा कपट् फेरि कुचाल ता
हात्ती घोडा रथै सज्न मन् पर्थ्यो कसलाई ता
किन आए यिनी फौज लिएर साथमा वन
भरत्लाई वृथा दोष दिउँ हा म यहा किन ?
१८०८
पाए पछि राजपदै पनि हरे
बौलाउँछन् सत्य मभन्छु नाथ ! रे
गमन् गरे ती शशिले पनि प्रभो !
आफ्नी गुरूमा कन नै हरेर जो
१८०९
फेरि नहुषूले पन अन्ध भै अहो !
डोले गराई मुनिलाई नै प्रभो !
पाल्किमहा चढ्न गए खुसी भई
घमण्डले नाथ ! अति ठुलो भई
१८१०
विमुख् भए लोक र वेदबाट नै
गरेर शेखि सबलाई माथ नै
भएन अर्को तिनी झैं अधम् हरे
प्रशिद्ध हो यो तिन लोक सम्म रे
१८११
सहस्र बाहु सुरराज नै अनि
राजा त्रिशंकू र अरू हरू पनि
त्यो राजमद्ले कसलाई हे प्रभो !
कलकिंत र दुषित गरेन पो
१८१२
भरत्ले जो गरे योग्य उपाय भन्नुपर्छ यो
बीज सम्म पनि बाँको शत्रु रोग र ऋणको
राख्नु ठिक्छैन है नाथ! यो ता हो नीती नैपनि
तर यौटा कुरा वेश गरेनन् तिनले पनि
१८१३
श्री रामलाई असहाय जानी
गरे अनादर् अति तुच्छ ठानी
संग्राममा कोधित रामजीको
देखि वदन्लाई सबै कुराको
१८१४
होला धेरै थाह खूब् युद्धमा त
बोल्दा बोल्दै यत्तिनै फेर् त्यहाँ त
ज्ञानी योगी नीतीको बाक्य भुल्छन्
युद्धै रूपी वृक्षमा फूल फुल्छन्
१८१५

रोमाञ्चको पारी निहुँ तुरून्त
श्री रामका पाद कमल् अनन्त
ज्ञानी त्रिलोकाधिप दाजु राम
सौमित्रिले गर्नु भयो प्रणाम
१८१६
परदरज् शिरमा राखी सत्य स्वभाविकै सब
आफ्नो बल प्रकट् गर्दै भन्नुभो यो कुरातब
नाथ मेरो कुरा मन्मा अनुचित भनेर त
न सम्झिबक्सनु होला भरत्ले हामीलाई त
१८१७
उपचार गरे खूब मारेर मन यो प्रभो !
सहि सहि कहाँ सम्म चूप लागी कनै अहो !
रहने हो यसै खाली ? धनु मेरो पनि प्रभो !
साथै छ हातमा नाथ ! सत्य भन्दछु आज यो
१८१८
पैलो म क्षत्री कुलको सपूत
दोश्रो रघुवंश छ जन्म खास
तेश्रो म हुँ राघवको त दास
यो लोकले जान्दछ खास खास
१८१९
भन्दछु सत्य यों ऐले हे प्रभौ ! शपथै गरी
नीच कोछ धुलो जस्तो ?त्योपनि लात बेसरी
हान्दामा शिरमा चढ्छु म ता क्षत्रीय हुँ प्रभो
स्वामी भक्त म हुँ दास सहन्न अपमान यो
१८२०
सौमित्रिले उठी फेरि हात जोरी कनै तहाँ
आज्ञा माग्नु भयो मानौं सुतेका मस्त नींदमा
वीरले वीर रस् जागी उठेको हो कि झैंगरी
शिर माथि जटालाई कसेर बाँधी वेसरी
१८२१
काँधमा लिनुभो ठोको धनु औ वाण हातमा -
- लिएर बोल्नुभो फेरि रघुकुल् ध्वज साथमा
राम सेवकको किर्ति लिनेछु आज नाथ ! म
दिनेछु युद्धको शिक्षा भरतलाई आज म
१८२२
निरादर् रामजीलाई गरेको फल आज नै -
- पाएर युद्धशैयामा सुतने छन् दुइ भाइ नै
मिलेर फौज भै सारा बान्धवैहरू यो घरी
आउनाले भयो मेरो भलो अब सबै थरी
१८२३

पछिल्लो रिस् पनि आज प्रकट् गर्दछु वेसरी
मत्तगज्हरूको सारा वथानलाई जे गरी
घ्वस्त गर्दिन्छ वन्राज अनि जसरी वाजले
लाभे चराहरूलाई लपेटिकन लिन्छ रे

१८२४

तेसै गरी सबै सत्य भाइ बान्धव साथमा
जित्नेछु भरतैलाई आज यै रणभूमिमा
सहाय भै यहाँ आए पनि क्रुद्ध महेश नै
शपथ् छ प्रभुको नाथ ! मार्नेछु रणभूमि मै

१८२५

लक्ष्मण्ले अति क्रुद्ध भैकन जसै बोल्नुभयो यो कुरा
त्यस्ता सत्य वचन् र त्यो शपथ नैसुन्दा महा ता पुरा
डर्लाग्दो अनुहार लक्ष्मणजीको देखि अनि त्योघरी
सारा देवहरू पनि त्यस घरी थर्थर् भए वेसरी

१८२६

भाग्न आँटे डूब्यो सारा संसार भय सिन्धुमा
अनि सौमित्रिको सारा अतुल वलको तहाँ
वयान गरदै फेरि बाहुबल समेतको
'सुन लक्ष्मणजी ' भन्दै भयो आकाश बाणी यो

१८२७

तिम्रो प्रताप औ फेरि प्रभावहरूको यहाँ
वयानगर्न कोसक्छ ? जान्नको सक्छ लोकमा?
अनुचित् र उचित् काम जे सुकै होस है यहाँ
सम्झि बुझीकनै मात्रै गर्नु वेश छ लोकमा

१८२८

बुद्धिमान पनि सारा भन्छन् यो लोकमा सदा
बिना विचारले झट्टै गर्दा काम यसै कदा
आखिरमा पछुतो गर्छन् ठुलो पाएर दु:ख ता
'बुद्धिमान र वेदैले तिनीहेरू समस्त ता

१८२९

धिमान् होइन त्योभन्छन् ' भन्ने आकाशबाणीयो
सुनी हुनुभयो लक्ष्मण् संकोचत् अतिव पो
अनि राम र सीताले लक्ष्मणैलाई प्रेमले
आदरै साथ सन्मान गरी फेर् अति स्नेहले

१८३०

आज्ञा भो रामले बाबू ! हे भाइ ! सुन लक्ष्मण
भन्यौ वेश कुरा तिम्ले नीतीको यो सबैकन-
-राजमद्को कडा हुन्छ नशा सब् अरू देखिता
तर संत र साधुको सेवा पूजन आदि ता

१८३१

गरेको छैन तेस्ता ती भूपतिहरू मात्र नैं
आचमन् गरना साथै बाबू ! राज्मप्रद पात्र कै
हेर लक्ष्मण ! मातिन्छन् सुन भरत झैं ठुलो
मानिसै न त देखिन्छन् बिधिकै सृष्टि मै भलो

१८३२

न फेरि सुनियो नै पो अनि फेरि विरञ्चि र
विष्णु औ शिवको पाए पनि पद निरन्तर
राजमद्को नशाले ता छुने छैन भरत्कन
काञ्जिकाको छिटाले के नाश् हुन्छ सिन्धु त भन?

१८३३

बरू मध्य दिन्का रवीलाई भाइ !
निलोस् अन्धकारै बढी सामु आई
डुबेरै बरू मेघमानै विलाई
मिलोस् बाबू ! आकाश नै अल्पि जाइ

१८३४

बरू गोष्पदैमा अगस्त्यै डुबुन ती
अनि भाइ !आजित् भइ यो त्यजुन् ती -
- सहन् शिलतालाई सारा धाराले
बरू फेरि सारा भुसुना बराले

१८३५

उडाओस् फुकेरै सुमेरू पनि रे
परन्तु भरत्लाई कैल्यै पनि रे
छुने छैन यो राजमद्ले विचार
भनें भाई ! मैले सबै सत्य सार

१८३६

भाइ ! तिम्रो र बाबाको गर्दछु शपथै पनि
भरत् सरी पवित्रै र धर्मात्मा भाइ ता अनि
कोहि छैन जगत्मा नै बाबु !भेद् गुण दूधको
दुर्गुण पानीको भाई यी, दुवै थरी बुंदको

१८३७

मिलाएर विधाताले गर्दछन् रचना अनि
सुर्यवंश रूपीको यो सागरमा एउटै पनि
यी भरत् हंसहुन् भाइ ! तिनले जन्म देखिं नै
गुण औ दोषको सारा गरेका छन् विभाग नै

१८३८

भरत-रूपी त्यो-हाँस गुण्रूपी दूधको सब-
- ग्रहण् र दोष् रूपी जल्को परित्याग गरी तब
आफ्नो किर्तिले सारा संसारलाई नै अहो !
पारेका छन् उज्यालो नै सत्य भन्दछु हेर यो

१८३९

एवं रितिले रघुनाथले सबै
भरतको शील गुण स्वभावकै
वयान गर्दा गरदै पनी अहो !
डुब्नु भयो प्रेम समुद्रमा प्रभो !
१८४०

रामको वाणी सुन्दा र भाइ उपरमा अनि
प्रभुको प्रिति देखेर सम्पूर्ण देवता पनि
'राम जस्तो दया सिन्धो स्वामीको छ ? भनीकन
'धन्य धन्य' भनी लागे सारा फेरि संह्राउन
१८४१

यो पृथ्वी तलमा जनम् भरतको साँच्चैन हुन्थ्यो यदि
कस्ले धारण गर्दथ्यो जगतमा यो कर्मको भार कि
विद्धान्का कुल बुद्धिका अगम औ भाइ रघुनाथको
सत्प्रीति गुण प्रेमकिर्ति र कथाको जान्नसक्थ्यो अहो !
१८४२

आकाश वाणी सुनेर यो रघुपनि सीता र सौमित्रीले
पाई बक्सनुभो अनन्त सुख औ आनन्द मन् भित्ररे
तेस्को गर्न सकिन्न वर्णन कुनै हामीहरूले अनि
सारा फौज समेत भैकन तहाँ फेरि भरत पनि
१८४३

पवित्र मन्दकिनीमा गएर ता
गर्नु भयो स्नान खुसी भएर त
ती फौजलाई नदिका किनारमा
राखेर उल्लास भएर चित्तमा
१८४४

मन्त्रि र आमाहरू औ वशिष्ठको
मागेर ता संमति नै समेत जो
निषाद नाथै अनि भाइ साथमा -
- लिएर जानै भनि राम पासमा
१८४५

जानू भयो भरतजी रघुवंश नाथ
सीताजी साथ करूणामय प्राणनाथ
भाई समेत भइ नित्य विराज मान
जाँहा थियो त्यहिं तिरै खुसी भै तमाम
१८४६

त्यहि ठाउँ बिषे पुग्नलाग्नुभो जब ता अनि
करतुतहरू सम्झि माता कैकेयीको पनि
संकोचित भइ मन्मा अनि विविध भाँतिका
कुतर्क गरनु हुन्थ्यो घोरिएर विचारी ता
१८४७

म आएको कुरा सुन्दा सीता लक्ष्मण रामले
उठेर अन्त नै फेरि त्यो छाडीकन ठाउँ रे
सवारी ता हुनुहुन्न होला के ? फेर मलाई त
माताको मतमा जानी जति हो अब आज त
१८४८

आज्ञाहोला ? सबै त्यो ता हुने थोर नैअनि
दाजू श्री रामले मेरो अवगुण् दोषमा पनि
आफ्नो तरफ हेरेर क्षमा गर्नु हुने छ है
चाहे सम्झेर ता मन्मा मलाई मलिनै सधै
१८४९

-छाड्नुहोस् - प्रभुले -फेरि याता सेवक सम्झदै
गर्नु होस दया -स्नेह जे सुकै अब होस है
मेरो ता शरणै राम चरण्को रजमा छ है
श्रेष्ठ मालिक हुन् राम ,दोष हो सब दास कै
१८५०

किर्ति भाजन छन् माछा चातकै हरू लोकमा
आफ्नो नियम औ प्रेमलाई नित्य नया पना
बनाउन तिनै सारा सिपालु छन् अतिव नै
प्राण त्यागेर प्रेम्लाई राख्दछन् कायमै सधैं
१८५१

तर्क गर्दै कुरा यस्ता मनमा भरत हरे !
बाटोमा लाग्नुभो जान उहाको सब गाथ रे
थियो संकोच फेरि औ स्नेहले शिथिलै पनि
सम्झेर निज आमाले गरेको दोष ता अनि
१८५२

फर्काउँथ्यो चित्त भरतको अनि
गरेर सत् धैर्य बलै लगाई नि
श्री रामको निर्मल भक्तिलाई नै
संझी रवाना हुनुभो रमाउँदै
१८५३

जैले रामजीको स्वभाव मनमा सम्झिनुहुन्थ्यो त नि
भरतको दुइपाइला पनि छिटा लामा बनेरै अनि
दौडन्थे बसुधाविषे भरतको त्यो कालमा हालत
होला कुन् रीतको शरीर मनको जस्तोथियो चालत
१८५४

जस्तो गति हुन्छ जल प्रवाहमा
पानी भ्रमर्को सरि ठिक् थियो तहाँ
भरतको स्नेह र शोच नै पनि
देखेर त्यो औसरमा सबै अनि
१८५५

निषाद बशमा परी है विषादको
भए विदेहै सरि नै ती खास जो
फेरि सबै मंगल सूचकै पनि
लाग्यो हुनै ताहि सगून ता अनि
१८५६

सुनेर फेरि गुनी त्यो निषादले
मन्मा विचारेर भने विषादले
हुनेछ है हर्ष हराई शोक यो
पुरन्तुमा फेरि पछि विषाद पो -
१८५७

- हुनेछ है दु :ख भनेर यो तहाँ
निषादले चाहि भरत साथमा
बताउँदामा भरतैजीले पनि
कुरा ति भक्तै गुहका सबै अनि
१८५८

साँचो सम्झनुभो फेरि अनि आश्रम सामुमा
पुगेर मनले पुग्नु भयो राम नगीचमा
त्यो वन् पर्वतको शोभा देख्तामा भरतजी ता
भोका समयमा मीठा राम्रा खाने पदार्थ ता
१८५९

पाउँदा अति आनन्द हुने प्राणी समान नै
भरत हुनुभो हर्ष विर्सेर दु :ख ताप नै
बितेका भितिले दु :खीत् भएका घोर कष्टले
त्रिताप हरूले पिडित् भएका अनि फेर रे
१८६०

ठुल्ठुला ग्रहबाधाले भएर वाधितै अनि
दुनिया हरू ता सारा धार्मिक भूपले पनि
पालना गरिएका जो सुराज र सुदेशमा
बस्न गएर ता हुन्छन् जत्तिको हर्ष चित्तमा
१८६१

भरतको तेहि सरी भयो गति
विर्सि अधिका दु :ख ताप छन् जति
सुधार्मिकै उत्तम पाउँदा भूप
जस्तो सुखी हुन्छ दु :खी प्रजा खूब
१८६२

भएर आनन्द रमाउँछन् सबै
प्रजाहरू दु :ख भुलेर ता सधैं
राजा हुँदा राम पनि अरण्यको
संपत्ति तेसै गरी शोभि धन्य भो
१८६३

राम्रो वन नै त पवित्र देश हो
अनि त्यहाँको नृपति विवेक हो
वैराग्य नै हो सचिव प्रविण त
हो राजधानी पनि चित्रकुट त
१८६४

संयम नियम सारा भट हुन् रणधीर ती
शान्ति र सुमति भन्ने पवित्र सुन्दरै अति
रानी हुन् दुइटा फेरि सम्पन्न सब चीजले
राजा आश्रीत् थियो रामचरण्मा चित्त चाहले
१८६५

जितेर दलका साथै मोह महिषलाई नै
विवेकी भूपति आपन्ना फौज साथ लिएर नै
अकण्टक् पुरमा राज गर्दछन् नित्य नै अनि
सुकाल सुख संपत्ति रहन्छ राज्यमा पनि
१८६६

वन देशमा धेरै बसेरा मुनिको छ जो
त्यो देशका तिनै गाउँ बगैंचा पुरखेत हो
अनेंक थरिका धेरै जो पक्षि पशुहेरू हुन्
यो देशका तिनै सारा प्रजा समूहहेरू हुन्
१८६७

सकिदैन गरी सारा वयान तिनीहेरूको
अनि बँदेल औ गैंडा हात्ती सिंह र बाघ जो
हरिण मृग ब्वाँसाको बथान देख ँदा पनि
पर्दथ्यो तारिफ गर्नु छक्क पक्क परेर नि
१८६८

छाडेर तिनी साराले वैरभाव पनि सब
रहन्थे साथमा नित्य मिलेर वनमा तब
त्यहि हो राज्यको वीर चतुरंगीणी फौज त
जसको डरले सारा भाग्दछन् शत्रु हेरू त
१८६९

मानौं विविध भा ँति तीबजेका बाद्यहो किता ?
भनें सदृश नै सारा नित्य ती छहरा दि ता
रहेका छन् झरी फेरि मत्त हात्ति पनि सब
गर्जेर जंगलै सारा थकाई दिन्छ हैं तब
१८७०

मस्त भै मनमा सारा चखेवा च्याखुरा अनि
चातक औ सुगा मैना कोयली मुजुरे पनि
फौज मिलेर ता सारा मिठो बोलि झिकेर ता
गुल्जार जंगलैलाई पार्दथे गाउँदे ति ता
१८७१

भ्रमर गुञ्जनै गर्थ्यो नाच्दथ्यो मुजुरै पनि
विवेक भूपका सारा संराज्य भरमा अनि
मंगल हुन लागेको हो कि ? मानौं सबै तिर
भने सदृश नै पूर्ण थियो सब् चीजले फिर
१८७२

लहरा तृण औ पात बृक्षहेरू पनि सब
सुरम्य भै फलेका र फूलेका नै थिए तब
यस्तो सुराजमा सारा दुनियाँ हरू ता अनि
आनन्द मंगलै मूल भएर बस्दथे पनि
१८७३

रामको शैलको शोभा देखि भरत चित्तमा
भयो आनन्द ता कस्तो भने जसरी लोकमा
तपस्याको फलै मिल्दा तापसीहरू त सब
सुखी हुन्छन् अनि तेस्तै गरी भरत ता तब
१८७४

हुनुभो अति नै हर्ष अनि ती राम मित्रले
दौडिकनै ठुलो अग्लो बृक्ष माथि चढेर रे
उठाएर दुवै हात आफ्नो अतिब हर्षले
भन्दछन् भरतैलाई यसरी फेरि प्रेमले
१८७५

प्रभो ! ठुलो पाखरी आँप जामुना
तमाल बृक्षैहरूका घना मुना-
- देखिन्छ ती उत्तम बृक्ष माझमा
मन् मुग्ध गर्ने रमणिय गाछमा
१८७६

छ बृक्ष यौटा वरको सुशोभित
नीलो घना पात छ तेसका बिच
छन् लाल लालै फल फेरि तेसको
घना छ छाया पनि फेरि वेश यो
१८७७

एक बृक्ष छ त वर्ष भरी नै
दिन्छ सौख्य श्रम ताप हरि है
धर्तिमा त चतुरानन आई
लोकको तम र लाली मिलाई
१८७८

थुप्रो पारी मिसाई रमणिय गरदै त्यो खडानै गरको
ज्यादै सुन्दर् मनोहर् छविपनि अहिले होकि सामुरहेको
जस्तै लाग्ने कृपालो रघुकुल मणिको पर्णशाला रमेको
जस्को सामू नदिका अलगबगलमा रूख एक् छाइएको
१८७९

कहिं सौमित्रीले औ कहिकहीं अनिता फेरिश्रीजानकीले
लाएका ती मनोहर् जहिँ तहिँ तुलसी मञ्जरीछन् तहिरे
फेरि सीताजीले नै नरम कमल झैं हातले नै सजेको
राम्रो वेदि छ शोभामय वर तरूको विम्वमा शोभिएको
१८८०

जस्मा ती सिद्ध ऋषि मुनि तपसि बृन्दले शोभिएको
बुद्धिका सिन्धु रामानुज सहित जहाँ रामजीले रमेको
सत्संगत् साधु सेंवा श्रुतिश्रवण कथा शास्त्रकोनित्यचर्चा
सुन्दै व्याख्यान गर्दै प्रतिदिन प्रभुले ब्रम्हको सत्य अर्चा
१८८१

भन्ने मीठो यो गुह वाक्यलाई
सुनी भई विव्हल राम भाई
भरत्जीले त्यो वट वृक्षलाई
हेर्नु भयो गद् गद् भै रमाई
१८८२

उम्लेर आई निर प्रेमको पनि
भरि भयो सुन्दर नेत्रमा अनि
प्रणाम साष्टाङ्ग त्यहि गरेर ता
भाई दुवै ती अति नै रमेर ता
१८८३

दौडेर तेतै तिर जानु भो हरे
समस्त त्यो प्रेम वयान गर्न रे
हुन्छिन् ससंकोचित शारदा पनि
रूक्छन् हरे शेष भएर टक्क नि
१८८४

श्री राम सीताको पद् चिन्ह लाई
देखेर मार्गै विच सौख्य दायी
पाए सरी पारस रङ्कले ता
भए दुवै हर्षित प्रेमले ता
१८८५

भरत शत्रुघ्न दुवै मिलेर
त्यो मृत्तिकाले अभिषेक् गरेर
छाती तथा नेत्र महाँ रमाई
दल्नु भयो त्यो रजवृन्दलाई
१८८६

त्यो बेलामा खास श्री रामजीको
साथैमानै भेट् भएका सरी पो
पाउनुभो सुख्ख आनन्द भारी
पाए जस्तै रामलाई अघाडी
१८८७

अवर्णनीय त्यो हाल देखेर श्री भरत्जीको
पशु पक्षी र ती सारा जड चेतन् समेत जो
डुबेर प्रेममा मग्न भए अनि पछाडी ता
निषाद र भरत् प्रेम नशाले चुर्भएर ता
१८८८

बाटो सम्म पनि बिर्सि हिडे मस्त भएर त
तर सुरेश आदिले पुष्प वर्षा गरेर त
बाटो बताउनै लागे अनि ति सिद्ध साधक
भरत्को हाल त्यो देखि सबले पर्दै छक
१८८९

प्रेम मग्न भए सारा आनन्द हर्षले अनि
प्रसंशा गरनै लागे स्वभाविक् प्रेमको पनि
भरत्को न हुँदो हो ता प्रेम भाव यसोरी ता
चरलाई अचर् पारी अचर्लाई चरै कि ता
१८९०

को पार्न सक्तथ्यो? यो ता दयासागर रामले
सारा सन्तरूपी देशहरूका नै निमित्त रे
विरहैलाई पारेर मन्दराजचल पर्वत
भरतै रूपी गैह्रो त्यो सिन्धुलाई मथेर त
१८९१

प्रेम रूपी सुधालाई प्रकटै गर्नु भो अहो !
जो सज्जनहरू गर्लान् त्यहि अमृतपान पो
जन्म मृत्यु रूपी सारा मेटेर भव रोग नै
अमर भई बस्नेछन् रामको नगिचै सधैं
१८९२

घना जंगलको आड पर्नाले लक्ष्मणजीले
मित्र साथ दुवै सुन्दर् युगल भाईलाई रे
देख्नु भएन आँखाले तर श्री भरतजीले
पवित्र मंगलको छ जो निवास स्वरूपी रे
१८९३

त्यहि राम्रो कुटिलाई देख्नु भो रघुनाथको
प्रवेश गरँदा तेस्मा तुरून्तै दुःख दाह त्यो
मेटियो मनको ग्लानी मानौं सिद्ध तपस्विले
पाए सरि परब्रम्ह हुनु भो श्री भरत्जी रे
१८९४

अनि भरतले राम नगिचै उभिएर त
जोडेर दुइटै हात नुहिरीकन फेर त
खडा भै सामुमा केहि कुराको सोधनीगरी -
- रहेका लक्ष्मणैजी र जवाफ पनि त्यो घरी
१८९५

दिन लाग्नु भएका श्री रामलाइ अघाडीमा
देख्नुभयो तेसै बेला आपन्नो ठीक सामुमा
थियो लक्ष्मणको शिर्मा जटाको मुकुटै पनि
कटीमा वल्कनै बस्त्र भाधिएको थियो अनि
१८९६

ठोको पीठमहा काध माथि धनु थियो ठुलो
हातमा सुन्दर वाण सुशोभित थियो भलो
अनि साधु मुनि सारा चौतारामा थिए सब
सीता साथ रघुनाथ हुनुहुन्थ्यो तहि तब
१८९७

बस्त्रै थियो वल्कल वृक्षको पनि
शोभित् थियो शीर विसे जटा अनि
मनोहरै सुन्दर श्याम गाथमा
थियो सुशोभित् फूल पद्म माथमा
१८९८

मानौं लिएका मुनि भेष नै पनि
हुन्कि रति औ झषकेतु नै पनि
भने सरी सुन्दर रामको सब
शोभा थियो अद्भुतको अतिव
१८९९

जस्ती सीता हुनुहुन्थ्यो श्यामा शोडषि सुन्दरी
श्रेष्ठ सुन्दर् थियो बस्त्र वल्कलै पनि त्यो घरी
रतीका सरि नै सुन्दर् थियो कान्ति मनोहर
जटिल गाथमा शोभा फिंजाईकन सुन्दर
१९००

रामले कोमल पद्म समान हातले पनि
वाण घुनाउनै लाग्नु भएकोथ्यो तहा अनि
मन्द हास्य गरी हेर्दा अन्तष्करणको सब
हरणै गरनु हुन्थ्यो ज्वाला-ताप हरू सब
१९०१

मुनिशहरूको राम्रो समाज बीचमा पनि
राज गर्नू भएको श्री सीता र रामजी पनि
मूर्ति धारी भएका ती ज्ञान नै ता सभा महाँ
देखिन्थ्यो भक्ति औ इश्वर् समानै शोभितै तहाँ
१९०२

निषाद शत्रुघ्न र श्री भरतको
त्यो सौख्य सिन्धु बिच् मन् पुगियो
चुर्लुम्म नै डुब्न गयो तुरून्त
शीतल् भए गाथहरू समस्त
१९०३

हर्ष शोक सुख दु :ख समस्त
बिर्सिई हुन गए सब मस्त
रामचन्द्र ! रघुनाथ ! मलाई
गर्नु होस् अब दया सुख दायी
१९०४

दाजै ! रक्षा मलाई गरिकन प्रभुले गर्नुहोस् है क्षमा नै
स्वामी! पर्छु शरणमा अभय गरिप्रभो !हेर्नुहोस् दिनमा नै
दाजै! यो दु :ख मेरो हरिकन प्रभुले हे रघुवंश नाथ !
रक्षा गर्नुहओस् है गरिकन करूणा पर्दछु पाउमा त
१९०५

स्वामीन् !दिनदयालो ! रघुकुलमणि ! हे दाजु !गर्छु पुकारा
मेरो रक्षा गरेरै अभय गरि प्रभो ! वक्सियोस् हैसहारा
दाजै! सद्वै हजुर्का चरण कमलमा पर्दछु आसराखी
रक्षा गर्नुहओस् है अब प्रभु !खुसीले दोषमा माफ राखी
१९०६

भन्दै लठ्ठी सरि भै धरणी बिच हरे तेर्सिनुभो ढलेर
दाजुको प्रेम विव्हल् वचनहरू सुनी लक्ष्मणैले चिन्हेर
लाग्नुभो श्रीभरत्जी रघुकुल मणिको गर्नलाई प्रणाम
भन्ने यो लक्ष्मणैले हृदय बिच अनि जान्नुभो है तमाम
१९०७

एतापट्टिछ दाजुको सरसको प्रिति उता स्वामीको
सेवाकोछ कठोरको नियम जो भरत्जीका साथजो-
-भेट्नै सक्नुभयो न ता सक्नुभो नीच् मार्नैने चित्तमा
लक्ष्मण्को मनको गती यसरी ता विद्वान्हरूले तहाँ
१९०८

-गर्छन् वर्णन् खेलवाडीहरूले जस्तो कि आकाशमा
उड्ने माथि पुगेर गुडिकन ता लट्टाईले हातमा
खिच्छन् सोहि समान लक्ष्मण पनि आफ्नो सबै भारता
सेवामा धरि चित्त रोकिनु - भयो आफैं बनी धीर ता
१९०९

प्रेमैले धरणी विषे शिर धरि सौमित्रिले फेर् अनि
स्वामी ! दाजु भरत्जी आउनु भयो ऐले हजुर्को पनि
प्रणाम् गर्नु भईरहेछ भनि यो गर्नु भयो विन्ति नै
लक्ष्मण्को विनति सुनि रघुपति प्रेम्ले अधीरै हुदैं
१९१०

उठ्न भयो झट्ट प्रभु अधिर भै
उठ्दा कहिँ उत्तरियै र तीर नै
खस्यो निशंगै धनु काहि फेरि ता
दौडेर जाई प्रिय बन्धु हेरि ता
१९११

झट्टै उठाएर भरत्जीलाई नै
प्रेमूले लगाइकन छाती माथि नै
आलिंगनै गर्न भयो रमेर ता
प्रमाश्रुले शिर फिजाई फेर त
१९१२

वाक्यै दुवैको रूकि बन्द भो पनि
गद् गद् भई देह पुलक् भइ अनि
भाइ भरत् औ भगवान रामको
देखि मिलन् यो सबले अपारको
१९१३

आफुलाई पनि बिर्से त्यो भेट्का प्रितिको पनि
कसोरी वर्णन गर्न सकिन्छ र सबै अनि
कवि औ अरू विद्वान पण्डितैहरूको पनि
मन कर्म र वाणीको त्यो ता अति अगमृछ नि
१९१४

प्रेम विव्हल् हुनुहुन्थ्यो ती दुवै भाइ ता अनि
मन चित्त र बुद्धिले भन्ने कुरा जति छ नि
बिर्सेर एक जस्तो भै बाधिई अंगमा पनि
आत्मा र जीव जस्तो भै मिल्नु भो एउटैबनी
१९१५

आज्ञा होस सुजन् सारा हजुरहरू नै अब
प्रकटै गर्न त्यो राम्रो प्रेमलाई पनि सब
को सक्तछ ? अनि फेरि कुन् चाहि कविको मति
त्यो पावन् प्रेमको छाया मात्रको पछि ल ाग्न की
१९१६

के सक्ला र ?अहोसबै ति कविको बल्वर्णअर्थै छहै
तालैको गतिको गरी अनुसरण् नाच्छन् नटै ता सबै
दुर्गम् स्नेह छ राम औ भरतको भन्ने विचारी यहाँ
ब्रम्हा विष्णु महेशको मन पनि सक्दैन जानै जहाँ
१९१७

त्यो स्नेहको गरौं वर्णन् मैले त्यो के गरी ?हरे !
वज्छ के सुन्दर राग गाडर्को तन्तुबाट रे
राम औ भरतजीको देखि मिलन त्यो घरी
डराए देवता सारा भई व्याकुल वेसरी
१९१८

धक् धक् गरेर साराको लाग्यो धड्किन छातिनै
सम्झाए गुरूले फेरि ती सबै देवलाई गै
स्वाधार्न्ध जड ती देव अनि सम्लेर ता सबै
प्रशंसा गरनै लागे फूल वर्षा गरेर नै
१९१९

शत्रुघ्नै सँग प्रेम साथ प्रभुले भेटै गरेर अनि
मित्रै ती गुह साथ भेट्गरनु भो ज्यादै खुसीले पनि
साष्टांगै प्रणती गरेर रहने लक्ष्मणजीका साथमा
प्रिति पूर्वक भेट्नु भो भरतले टाँसेर छाती महाँ
१९२०

लम्की गैकन फेरि लक्ष्मणजीले अत्यन्त नै प्रेमले
भेट्नु भो अनि भाई शत्रुघनका साथ्मा अति हर्षले
फेरि श्री रघुनाथ मित्र गुहजीलाई पनि छातीमा
अंकमाल गरेर हर्ष हुनु भो श्री लक्ष्मणै चित्तमा
१९२१

वन्दना गर्नुभो फेरि ती दुवै भाइले अनि
मुनि वृन्द हरू लाई झुकाएर शिरै पनि
आशिष पाउँदा फेरि मनोरथ् सरि कै भलो
आनन्दित भई मन्मा भयो हर्ष पनि ठुलो
१९२२

प्रेम उम्लेर आयो र भाई साथ भरत्जीले
सीताको पाउ पंकजको रज्लाई अति प्रेमले
बार्बार शिरमा राखी गर्नू भो दर्शनै अनि
सीताले खुसी भै शिर मुसारी प्रेमले पनि
१९२३

उठाएर दुवैलाई राख्नु भो नगिचै तहाँ
आशिष दिनु भो फेरि मनले नै दुवै महा
स्नेह सागरमा डुब्नु भयो भरत वेसरी
मगन भै गाथको सम्म रहेन होस त्यो घरी
१९२४

प्रशन्न देखँदा सीतालाई सब प्रकारले
हटयो भरतको सोच चिन्ता र उपत्रास रे
लागेको जो थियो मन्मा हरायो ती पनि सब
सानुकूल् रामजीलाई देखि मन् खुसी भो तब
१९२५

त्यो बेलामा न ता कोहि भन्दथे केहि नै हरे !
न कोहि सोद्धथे केहि साराको मन भित्र रे
प्रेमको भेल आएर रोकिएको थियो मन
थिएन आफनो होश सम्म पनि कसै कन
१९२६

धरेर धैर्यता धारण् त्यो बेला गुहले अनि
जोडेर दुइटै हात प्रणाम गरदै पनि
गरे विनय हे स्वामी ! प्रभो ! गुरूजी साथमा
प्रभु वियोगले व्याकुल् भएका दुःखीतै मुमा
१९२७

पुरवासीहरू - सारा - मन्त्रि र दास दासी नै
फौउजहरू अनि फेरि सेनापति पनि सबै
मलीना बिरह व्याकुल् दीन ती दुनियाँ सबै
आएका छन् प्रभो ! दर्शन् गरनै पाउपद्म कै
१९२८

धर्म धुरन्धुर धीर दयालो ! शील सागर !
दीनबन्धो !कृपा सिन्धो !भक्तबत्सल् ! मनोहर !
प्रभुले गुरू आएको सुनेर हतपतै गरी
सीताको साथमा राखी शत्रुघ्नलाई त्यो घरी
१९२९

मित्र औ भाइका साथ तुरून्तै रामजी पनि
लम्केर गुरूका तर्फ पाल्नुभो वेगले अनि
सौमित्री साथमा राम पाउँदा गुरू दर्शन
प्रशन्न हुनुभो मन्मा पाउमहा झुकिकन
१९३०

साष्टांग दण्डवत् गर्न लाग्नुभो प्रेम साथले
गुरू वशिष्ठको आयो उम्लेर प्रेम वेगले
उठाएर दुवै भाइलाई झुकिकनै अनि
अंकमाल गरी प्रेम्ले लगाए छातीमा पनि
१९३१

क्षेम कुशलको वार्ता गरे रोमाञ्चितै भई
अनि निषादले आफ्नो नाम भन्दै झुकेरकी
प्रणाम गुरूको गर्न लागे है दूर देखि नै
प्रेमले मस्त भै बिर्सि आएको साथमा सगैं
१९३२

रामका मित्रका साथ उत्साह र उमंगले
भेटे वशिष्ठले झट्टै अंकमा धरि प्रेमले
मानौं लुटुपुटु गर्न लागेका वसुधा महा
समेटी प्रेम नै सारा धरेको हो कि छातीमा
१९३३

मांगल्यको मूल कारण् भएकी
रामजीको भक्तिको नै जय श्री
भन्दै तारिफ् धेर्गरी देवताले
गर्नै लागे पुष्पाको वर्षणा रे
१९३४

भन्नलागे अनि घोर नीच यो गुहको सरी
जात छैन कुनै सारा जगत बीच यो घरीं
जगतै भरीमा को छ ठुलो फेरि वशिष्ठ भैं
तथापि देखि जस्लाई वशिष्ठ पनि हरे है
१९३५

लक्ष्मणैका पनि भन्दा बढ्ता प्रेम गरेर रे
मन आनन्दितै पारी भेंटे हर्ष भएर रे
यो ता सबै रघुनाथ रामकै भजनादिको
प्रतापको भई सारा प्रकट् प्रभावले भयो
१९३६

दया निधान औ ज्ञानी भगवन् रघुनाथले
जानी असक्त ती सारा जन्लाई पनि चित्तले
जो व्यक्तिगर्द थ्यो जो जो भावको अभिलाष नै
त्यो तेहि भावको ख्याल राखेर सबलाई नै
१९३७

भाइ सहित भै भेट गरेर घडी एक मै
हरेर दुःख साराको कडा सन्तापलाई नै
गर्नुभो दूर 'जस्तो की करोडौं घटहेरूमा
एउटै सूर्यको पर्नु प्रति बिम्ब समानमा
१९३८

ठुलो हैन कुरा यो ता त्यस्तै राम निमित्तमा
कुरो होइन यो केहि भन्ने यो सम्फ चित्तमा '
प्रेम उम्लेर आयो र अवध बासी हेरूले
निषाद साथमा भेट गरेर अति प्रेमले
१९३९

प्रशंसा गरनैलागे आ आफ्नो भाग्यको सब
दर्शनै रामको पाई मेटियो दुःख ती अब
मारेका हिमले सारा लहरा सरिका भई
दुःखीत् दीन औ हीन भएका मलिनै भई
१९४०

श्रीहीत् विकल औ विव्हल् आफ्ना जननी साथमा
भेट्नु भो प्रभुले झट्टै गएर प्रेम साथमा
सरल् स्वभाव भै फेरि मतिलाई सफा गरी
भिजाई भक्तिको रस्ले चित्त आद्र सबै गरी -
१९४१

- भएकी निर्मल रानी कैकेयी साथ रामले
पैले नै भैट्नुभो फेरि दोषहरू सबलाई रे
काल कर्म बिधाताको हालेर शिरमा पनि
ज्ञानोपदेश गर्नु भो पाउमाथि परी अनि
१९४२

अरू जननीका साथ भेटेर रघुनाथले
भन्नुभो यो कुरा सारा मातालाई बुझाइ रे
जननी लोक यो सारा छ इश्वर - अधिनमा
कसैलाई कुनै दोष दिनु हुन्न अकार्थमा
१९४३

सम्झाएर सबैलाई प्रशन्न पारदैं अनि
हरेर सबको मन्को पीरकष्ट र ताप नि
आएका साथमा विप्र पन्तीहेरू जति थिए
ती सारा साथमा फेरि गुरू पन्ति हरू भए
१९४४

ती सबैलाई नै फेरि सौमित्री रघूनाथले
वन्दना गर्नुभो जाई खुसी भै हर्ष चित्तले
गंगा गौरी सरि सम्झि समस्तलाई चित्तले
सन्मान गर्नुभो धेरै खुसी भै प्रेम साथले
१९४५

दिए आशिष साराले प्रशन्न भई चित्तमा
अनि भाई-दुवै फेरि सुमित्रा पाद पद्ममा
परेर काखमै लुट् पुट् गर्न लाग्नु भयोतहाँ
महारानी सुमित्राको पारी आनन्द चित्तमा
१९४६

महा कंगालीले ठुलो निधि पाए समानको
आनन्द भो महारानी सुमित्रालाई भित्र यो
अत्यन्त प्रेमले फेरि अंग अंग हरू सबै
भएका शिथिलै राम लक्ष्मण भाई ति दुवै
१९४७

कौशल्याको पर्नु भो पाउमहाँ
प्रेंमै विव्हल् भै नुहि शिर ताहाँ
उठाएरै झट्ट नै प्रेम साथ
छाती टाँसी गर्नु भो अंकमाल
१९४८

आत्म पुत्र दुवैलाई नेत्रको प्रेम नीरले
शेचन गर्नु भो माता कौशल्याले तह्म हरे !
त्यसै बखतको हर्ष विस्मात हरूको सब
कविले पनि त्यो वर्णन् गरून् कसरी ता अब
१९४९

मीठा भोजनका स्वाद लाटाले कसरी? हरे !
वर्णनै गर्न सक्ला र भनी विस्तार साथले
रामले भाइका साथै जननी हरू साथमा
भैंटै गरी सकि फेरि गुरूको परि पाउमा
१९५०

'पाल्नुहोस् कुटिमाजाऊ 'भनी आज्ञाभयो तब
वशिष्ठ मुनिको आज्ञा पाएर खुसीले सब
जल थल- अनुकुल पारी - पारी कनै तहा
घुमेर वासको तर्खर् गर्दथे सब वन्महाँ
१९५१

गुरू र ब्राम्हणै फेरि जननीहरू ता सब
मन्त्रि इत्यादिका मुख्य प्रविण जनलाई त
लिएर साथमा भाइ भरत, लक्ष्मणले पनि
रवि कुल्का रवि आफ्नो पावन् मंगलककोपनि
१९५२

आश्रमै तिर जानुभो अनि सीताजीले पनि
प्रणाम गर्नुभो आई गुरूको नगिचै अनि
मन माफिक कै राम्रो पाएर आशिषै पनि
गुरू र विप्र पन्तिका साथमा खुसीले अनि
१९५३

प्रेमले गर्नु भो भेट वसुधाकी कुमारिले
त्यो वेलाकोथियो जस्तोजति त्यो स्नेहप्रिति रे
भन्न सकिन्न त्यो सारा अनि सीताजीले सब
मान्यजन् हरूको पर्दै पाउ माथि पनि तब
१९५४

प्रणाम गर्नुभो फेरि मन चिन्तित आशिष
पनि वैदेहिले तहा पाउनु भो अनेक त
सुकुमारी वधूलाई हेरी सासूहरू सब
मन व्याकुलभै आँखा चिम्लिए दु :खले तब
१९५५

परेकी होकि व्याधाको कब्जामा हम्सिनी पनि
भने सदृश नै सीता देखिन्थिन् मलिनै अनि
'किन इश्वरले यस्तो गरे होलान् कुचाल 'ता
भनेर सबले यस्तो बिचारे मन भित्र ता
१९५६

देखेर जानकीलाई साराले हृदयै महा
खाली अप्शोाच औ कष्टमात्रै पाएअति तहाँ
सहनु पर्दछ सारा जो सहाउँछ दैवले
दु :ख भए पनि खाली त्योखपी बस्नुपर्छ रे
१९५७

अनि नीलकमल् जस्तो नेत्रमा भरि नीरले
सीताले धीरजै धारण् गरेर गइ फेर रे
परी परी कनै सारा सासूको पद पद्मा
भेट्गर्न लाग्नुभो सीता गरी आदर चित्तमा
१९५८

त्यो वेला करूणा रस्ले राम आश्रमको सब
घरणीलाई नै छोप्यो चुलुम्म पारी नै तब
प्रेम - आदरले सारा सासुको परि पाउमा
भेट्न लाग्नुभयो सीता प्रेम विव्हल भै तहा
१९५९

सासुहरू पनि सारा प्रेमबस् भइ चित्तले
'सुहागीनी भए ' भन्दै दिन्थे आशिष धेर रे
विदेहजा र ती सारा रानी अतिव स्नेहले
व्याकुल हुनुभो धेरै अनि ज्ञानी वशिष्ठले
१९६०

बस्ने आज्ञा दिदै फेरि सारालाई अनि पछि
मायाले रचिएको यो मि थ्या जगतको गति
बताएर अनि फेरि पछाडी गुरूले तहाँ
पमार्थको कुरा केहि बताए त्यो सभा महाँ
१९६१

सुनाए भूपको सारा कुरा त्यो स्वर्गवासको
दु :सह दाह भयो मन्मा त्यो सुन्दा रामलाईजो
आफ्ना उपरको स्नेह भएछ मृत्यु कारण
भनेर मनमा सोची धीर धूरन्धुरै कन
१९६२

अपार कष्ट भो ठुलो हुनुभो शोक विव्हल
कठोर बज्र झैं सुन्दा अप्रिय वाणी व्याकुल
भएर लक्ष्मण सीता महारानी हरू सब
विलाप गरनै लागे विकल् भै दु :खले तब
१९६३

विकल् भै अति नै राज समाजहरू शोकले
मरेका हुन्कि है मानौं आजै राजा यहाँ हरे
भने सरि भयो ताहाँ फेरि गुरू वशिष्ठले
सम्झाए रामजीलाई विविध थरिवाट रे
१९६४

अनि समाजका साथै भगवन् रामचन्द्रले
स्नान गर्नू भयो झट्टै मन्दाकिनी गएर रे
निरम्बु व्रत गर्नु भो त्यो दिन रामले अनि
आज्ञा पाए पनि फेरि त्यो दिन कोहिले पनि
१९६५

पिएनन् जल नै सम्म अनि रात विते पछि
गुरूले रामजीलाई आज्ञा जे दिनु भो जति
श्रद्धा र भक्तिका साथै त्यो कर्म रघुनाथले
पूर्ण गरेर त्यो सारा गर्नुभो प्रेम स्नेहले
१९६६

जस्तो व्याख्या गरेको छ वेदले तेहि झैं गरी
कृया गरी पिताजीको पातक तम तारणी
राम हुन भयो शुद्ध जसको नाम नै अहो !
पातक रूपी कार्पास निम्तिमा अग्नि झैं छ पो
१९६७

लोकमा जसको नाम सम्झना साथ झट्टनै
समस्त मंगल मूल हुन आउँछ लोक नै
कृया गरेर सोहि नै हुनुभो शुद्ध राम नै
यसमा साधुको यस्तो संमति छ विचार है
१९६८

गंगाजीमा स्नान गर्दा हुदीं यो
आवाहनै गर्नु तीर्थादिको जो
जस्तो रिति लोकमा यो चलेको
तेहि जस्तो हो प्रभुले गरेको
१९६९

शुद्धै भैकन ता पनि दुइ दिनै पश्चाप् प्रभु रामले
नम्रित भै गुरूको चरण् कमलमा झुकेर ता प्रेमले
विन्ति गर्नु भयो यसोरी सबले खाएर कन्द फूल
एक्दम् दु:खीत भै रहेर यसरी पिएर मात्रै जल
१९७०

व्याकुल् भैकन ती गुरो !अनि पछि भरत शत्रुघ्न ती
भाइ र सचीवहरू सकल ती फौजहरू छन् जति
जननीहरूलाई देखि वनमा ऐले मलाई प्रभो !
निमेष पनि कल्पको सरि भई बित्तो छ हा कष्ट भो
१९७१

लिएर साथै सबलाई नाथले
पऱ्यो अयोध्या तिर पाउकष्ट रे -
- गर्नु हजुर्ले अब ता दया गरी
दु:खी भए यी पुरवासी वेसरी
१९७२

हजुर् यहाँ गुरो ! बाबा स्वर्गमा हुनुहुन्छ रे
अयोध्याको भयोहोला केगति यो बखत्? हरे !
धेरै बढ्ता कुरा मैले गरें गुरूजी यो सब
ढिठाई नै गरेको हुँ क्षमा वक्सनु होस् सब
१९७३

ऐले गर्नु हओस् तेहि जे उचित् छ प्रभो ! अब
भन्ने श्री रामको यस्तो आज्ञा सुनीकनै सब
गर्दछन् गुरूले विन्ति धर्म रक्षक राम हो
कृपा सिन्धो ! प्रभो ! यस्तो किन आज्ञा हुदैन थ्यो
१९७४

दु:खी भएका दुनियाँ हरू सब
हजुरको दर्शन पाउँदा अब
गरेर विश्राम दुइ दिनै प्रभो !
बसी रहेछन् खुसीले सबै अहो !
१९७५

रामको बचनै सुन्दा सबै जन समुद्रमा
जहाज डुब्न लागेका बेलामा सरि भै तहा
भयभित भएथे है फेरि गुरू वशिष्ठको
मंगल्कारी कुरा सुन्दा मानौं हावा समुद्रको -
१९७६

-अनुकुल भए जस्तो भयो सकल चित्तमा
शातिको सास फेरेर सुख पाए अनि तहाँ
जस्को दर्शनले मात्रै पाप राशिहरू सबै
नष्टहुन्छन् उनै पावन् मन्दाको जलमा सबै
१९७७

त्रिकाल मै स्नान गरेर प्रेमले
रमाउँथे मग्न भएर हर्षले
मंगल् स्वरूपी भगवान रामको
चरण् कमल्मा पनि बार बार यो
१९७८

प्रणाम गर्दै अनि लोचनै भरी
हेरेर शोभा प्रभुको अघी सरी
सारा थरी सौख्य तयार छन् जहाँ
छैनन् त्रितापैहरू नै कुनै जहाँ
१९७९

तेस्तो गरेको प्रभुले निवास रे
त्यो चित्रकुटै वनमा बसेर
अनि उतैका वन औ गुफादि पो
जान्थे घुमी हेर्न भनी रमि ती जो
१९८०

ती छाँया छहरा निरन्तर जहाँ अमृत् सरिको जल
छर्दै चार दिशा भरी मधुर औ मिठो तथा निर्मल
जहाँ तिन प्रकारका पवनले तिनै थरिको सब
तापैलाई उढाई गर्छ छिनमै सम्पूर्ण नाशै तब
१९८१

जाहाँ फेरि अनेक जातिहरूको वृक्षै लता गुल्म छन्
पुष्पै पल्लव जो अनेक थरिका फल् फुल बर्षाउछन्
छाया छन् रूखका अति सुख दिने छहारीमा अनि
आरामै सुखशान्ति औ अनि पछि दिन्छन् सुविस्तापनि
१९८२

मन् हर्ने अति सुन्दरै अति ठुला ढुंगा रहेका जहाँ
नीला सुन्दर स्वच्छ तालहरू छन् फेरि अनेकौंयहा
शोभा त्यो वनको मनोहर सबै वर्णन गरेर अब्
बिस्तारै गरनु कसोरी सब त्यो? लठ्ठिन्छ मन्नै सब
१९८३

तलाउ तथा तालमा धेर धेर
फुलेका कमल्को जहाँ आज हरे !
सबैको हरण् गर्दछन् चित्तलाई
रमेका मधुकर् हरू फेरि जाई
१९८४

गुञ्जन् गर्छन् पद्म माथि बसेर
मीठो वोली बोलदै पक्षी फेर
कीडा गर्छन् पानी माथि रमाइ
हर्दै सारा जन्तुको चित्त लाई
१९८५

आ - आफुको शत्रुता नै त्यजेर
प्राणी - सारा हर्षले नै रमेर
कीडाा गर्छन् नित्य आनन्द पाई
जंगलको यो रूप गुल्जार पारी
१९८६

कोल किँरात औ भिल्ल आदिका वनवासी ती
पर्ण पूट बनाएर राम्रा राम्रा अनेक की
तेस्मा भरी भरी फेरि सुधा सदृश कै मिठो
कन्द मूल हरू सारा फल फूलहरू छिटो
१९८७

लिएर अञ्जलि माथि रमेर अति प्रेमले
विनय पूर्वकै आई प्रणाम गरि फेर रे
ती सब चीजको स्वाद भेद गुण र नाम नै
भनी भनी लगी सारा दिन्थे ती सबलाई नै
१९८८

राज समाजले फेरि मालको मोल हेरू त
दिन्थे भिल्लहरूलाई खुसीभैकन झट्ट त
लिदैनथे कुनै मोल किँरात हरूले अहा !
दुहाई रामको दिन्थे माल फिर्ता गराउँदा
१९८९

भरत परिजन्लाई किँरात हरूले सबै
असलै ठान्दथे प्रेम पहिचान गरेर नै
प्रेम मग्न भई फेरि बोल्दथे मधुर कुरा
हुनुहुन्छ हजूर्सारा पुण्यात्मा लोकमा पुरा
१९९०

नीच निषाद हौं हामी हरूता रामको ठुलो -
- करूणाले हजूर् सब्को पायौंदर्शन यो भलो
हजूरहरूको दर्शन् हामी हेरू निमित्तमा
पवित्र घार गंगाको सरि हो मरूभुमिमा
१९९१

राम प्यारा राघैवन्द्रै पनि त
भक्तै वत्सल् हुन् दयालु अनि ता
हामीलाई यो करूणा कृपाले
प्रेमै गर्नु हुन्छ - स्नेह दयाले
१९९२

प्रभुका दास औ दासी परिजन्हरूले पनि
जस्तो स्वामी हुनुहुन्छ तेस्तो नै हुनुपर्छ नि
यो कुरा मनमा सोची छोडी संकोच यो सब
हाम्रो देखेर यो प्रेम गर्नु पर्छ दया अब
१९९३

कृतार्थ हामी सब्लाई गर्नाका निम्तिमा अब
यो फलांकूर नै सारा लिनु पर्दछ है सब
प्रिय अतिथि भै सारा हजूर हरू वन्महाँ
पाल्नुभयो हजूर् सब्को सेवा लायकको यहाँ
१९९४

भाग्य छैन प्रभो ! हाम्रो हजूरहरू सब्कन
हामी के दिउँला ऐले ? नीच छौं हामी सब्जन
प्रभो जड् जन्तु हौं हामी जीव्जन्तुलाई मारने
कुजात र दुराचारी कुटिल - छौं - कुमति हरे
१९९५

पाप् गर्दा गरदै बित्छ दिन रात सबै प्रभो !
कमर् ढाक्ने धरो छैन हुदैन तृप्त पेट यो
धर्म बुद्धि भनेको ता कस्तो हो ?त्यो कुरासब
सपनामा पनि छैन ज्ञान ता हामीमा अब
१९९६

मित्रता हामी यी कोल किँरात साथमा हुँदा
हुने हो दाउरा पातहरूको खाली फायदा
भाँडा वस्त्रहरू केहि चोर्दैनौं हामीले प्रभो !
यहि अत्यन्त ठुलो हो चाकरी हामी नीचको
१९९७

हजूरहरू साराको पाउनु दर्शनै अहो !
यो ता श्री रामजीको नै दर्शनैका प्रभाव हो
जैले देखि मिल्यो दर्शन् रामचरण पद्मको
हाम्रो भाग्य खुल्यो सारा त्यो वेलादेखि सत्यहो
१९९८

दोष दुर्गुण् पनि सारा मेटियो सत्य नै अब
हामी धन्य भयौं नाथ ! भएर निर्मलै सब
कोल - किरात साराको मीठो औ कोमलैअति
विनित वचनै सुन्दा भए सारा प्रसन्न ती
१९९९

ती कोल भिल्लसाराको भाग्यको पनि ता सब
प्रशंसा गरनै लागे खुसी भै प्रेमले तब
कोल - किरात साराको सुन्दा वचन त्यो घरी
पुरवासी हरू सारा तिन्का भाग्य घरी घरी
२०००

तारिफ गरनै लागे धन्य धन्य भनेर त
खुसी भै प्रेमले लागे मीठो वचन भन्न त
तिनको वोल औ चाल विनय मेल औ अनि
भगवन् राम औ सीताजीका चरणको पनि
२००१

प्रेम र भक्ति देखेर खुसी भै अनि आफ्नो -
- प्रेम्को निरादरै गर्न लागे पुर्वासी ता अहो !
म भन्छु तुलसी दास कृपाले रघुनाथको
लोह पनि लिई नाम तर्दछ सिन्धु पार पो
२००२

शुरू भए पछि बर्षा जसरी पाउँदा जल
मुजूर हुन्छ तृप्ती र भ्यागुता हरू चन्चल
मस्त आनन्दितै हुन्छन् खुसी भै तेहि झैंगरी
पुर्वासी हरू सारा भए हर्षित त्यो घरी
२००३

विहार वन्को गरि चार तर्फ नै
रमाउँथे ति दुनिया हरू सधैं
हुन्थे कतै व्याकुल प्रेमले पनि
प्रफुल्ल हुन्थे कहि हर्षले अनि
२००४

यस्तै गरी ती पुरवासी ता सब
सत्प्रितिमा मग्न थिए सबै तब
निमेष जस्तै दिन रात लाई नै
विताउथे हर्षित भै ति ता सधैं
२००५

सासू पिछे रूप धरेर ता अनि
श्री जानकी हर्षित चित्तमा बनी
समान सन्मान गरेर सासूको
पुछि सबैको पनि फेरि आँसु जो
२००६

गर्नुहुन्थ्यो सदा सेवा अनेकौं धरि भेषले
राम छाडेर कोहिले जानेनन् यो रहष्य रे
माहामाया सीताजीको मायामा नै भुलेर ता
मायाहरू रहेका छन् नाची नाची कनैसदा
२००७

सासुहरू सबैलाई सेवाले जानकीजीले
वसमा पार्नुभो आफ्नो अनि खुसी भईंति रे
जनक नन्दिनीलाई अर्ती शिक्षा र आशिष
दिए आनन्दले मग्न भएर प्रेम साथ त
२००८

सीता सहित रघुनाथ दुवैजनाको
राम्रो स्वभाव अनुराग सरल् पना त्यो
देख्दा कुटिल महिषि तिनी कैकेयीको
मन्मा भयो दु :ख ठुलो पछुतो भई जो
२००९

पृथ्वी र यमका साथै गर्दथिन् प्रार्थना पनि
'मलाई घर्तिले अन्तर पनि दिन्नन हरे!' भनी
'कालैले पनि ता आज मार्दैन हा! मलाई ता'
भनेर व्याकुल हुन्थिन् पछुताएर ती सदा
२०१०

नरक्मा पनि ता बास पाउन्नन् राम द्रोहिले
घिनाउँछन् नरक्वासी पनि ती नीच देखी रे
यो कुरा लोकमा फेरि वेदमा छ प्रसिद्ध नै
भन्दछन् कवि औ पण्डित्ले पनि लोकमा सधैं
२०११

सबै जनाको मनमा ठुलो पनि
थियो हरे ! संशय एउटा अनि
फर्की अयोध्या बीच रामजी अब
सवारी होला कि ? हुदैंन कि अब
२०१२

भनी विधिलाई पुकारदै सबै
झुकाउँथे शिर विकल् भई तब
चिन्ता भरत्लाई ठुलो थियो हरे
सुत्तैनथे रात भरी पनि ती रे
२०१३

थिएन दिनमा भोक जलहिन तलाउको
हिलाको मीनलाई झैं थियो कष्ट अपारको
व्याकुल् हुन्थे तिनी चिन्ता गरेर कष्टले सदा
सोच्दथे मनमा धेरै विचार गरि सर्वदा
२०१४

मेरो मुमाको निहुँ पारी कालले
गर्‍यो कुचालै पनि घेर जालले
धान् पाक्न लाग्दा सलहै मुसा अनि
सुगाहरूको उधमै सरी पनि
२०१५

भयो हरे !श्री रघुनाथको अहो !
होला तिलक् हा !अब के गरी ? प्रभो !
उपाय यौटा पनि हाय !यो घरी
मलाई सुज्दैन कुनै पनि थरी
२०१६

मानेर गुरूको आज्ञा दाजु श्री रघुनाथ जी
अबश्यै फर्कनुहुन्थ्यो अयोध्यामा परन्तु ती
गुरूले पनि हेरेर दाजैको आशयै सरी
बोल्नु हुनेछ यसैमा पनि छ भय वेसरी
२०१७

कौशल्या अम्बले भन्दामा नै पनि रघुवीर
फिर्नु हुन्थ्यो अयोध्यामा तर राम मुमाफिर
गर्नु होला र ता कैले हठ हा ! दैव के गरी ?
दासको वाक्यको जोर के चल्ला अब योघरी ?
२०१८

त्यसमाथि दशा मेरो ठिक् छैन आज काल त
विपरित भई रे छ दैव पनि म माथि त
हठ गरौं भने त्यो ता एक्दम् हुन्छ कुकर्म नै
सेवा धर्म छ है भारी कैलाश भन्दा अझै
२०१९

यौटा मन्त्र पनि ठिक्क लागेन श्री भरत्जीको -
- चित्तमा गरदा गर्दै ठुलो सोच विचार पो
रात्री बिति भयो प्रात अनि फेरि विहानमा
नुहाएर रघुवंश मणिको परि पाउमा -
२०२०

-बास्ना साथै भरत्लाई बोलाउन तुरून्तै नै
-पठाए गुरूले फेरि मन्त्रणाका निमित्त नै
गएर गुरूको पाउ पदममा श्री भरत्जीले
दण्डवत् गरी आज्ञा पाए पछि पछाडी रे
२०२१

बस्नुभो त्येस बेलामा ब्राम्हण वर्ग औ अनि
साहू महाजनै फेरि मन्त्रिहरू सबै पनि
आएर झट्ट नै जम्मा भए अनि वशिष्ठले
समय अनुसारैको बोले वचन फेर रे
२०२२

बुद्धिमान सभासद् हो !सुन्नुहोस भरत् पनि
धर्म धुरन्धर राजा राम स्वतन्त्र औ अनि
सूर्य कुल्का रवि फेरि सत्यसन्ध दृढव्रती
वेदोक्त कुलमार्यादाको पालकै हुनुहुन्छ ती
२०२३

राम चन्द्रजीको जनम् जगतको कल्याणको कारण
आमा बाबुहरू र मान्यजनको आज्ञा बमोजिम् जुन
चाल्नु हुन्छ अनेक दुष्ट जनको संहार धेरै गरी
द्यौताको हित गर्नु हुन्छ अनि ता भुमार सारा हरी
२०२४

नीती प्रिति र स्वार्थ लौकिक तथा सद्धर्म जो वैदिक
संसारी - पमार्थ यी सब कुरा श्री राम चन्द्रै ठिक
जान्नुहुन्छ महेश ब्रम्ह र हरि दिक्पाल माया अनि
चन्द्रै सूर्य त्रिकाल जिव अनि ता त्योकाम कर्मै पनि
२०२५

शेषनाग जगनाथ सबैमा
देखिनेछ जो प्रभुत्व जगैमा
वेद शास्त्रहरूले जुन भन्छन्
योग सिद्धि भनी वर्णन गर्छन्
२०२६

जे जति छ सबका शिर माथि
चल्छ शासन सीता पतिको कि
यो कुरा हृदयमा स्मृतिपार
गर्नु पर्छ सबले सुविचार
२०२७

यो निम्तिमा रघुवीर्का आज्ञा आशय नै पनि
राख्छौं भने हितै होला हामी समस्तको अनि
यस्तो सम्झेर साराले मिलेर अब यो घरी
गरौं बिचार लौ खूब एकमत् भई वेसरी
२०२८

बुद्धिमान तिमी सारा स्वयं छौ राम चन्द्रको
राज्याभिषेक सब्लाई सुखदायक छ भलो
आनन्दको र मंगल्को त्यहि हो मूलमार्ग त
राम चन्द्र अयोध्यामा के उपाय गरेर त-
२०२९

- जानुहुनेछ साराले भन सोची विचारी नै
गर्नुपर्ला त्यहि फेरि उपाय् हामीले सबै
वशिष्ठ मुनिको नीती पमार्थ रीती औ अनि
स्वार्थ यी चीजले पूर्ण भएको संमिलित् बनी
२०३०

वचनलाई साराले सुने आदर पूर्वक
बोली उत्तर आएन कोहिको मुखबाट त
अनि भरतले शिर झुकाएर दुवैकर
जोडेर मुनिका साथ गर्नु भो विन्ति यो फिर
२०३१

सूर्यका कुलमा धेरै भए भूपति ता अनि
एक भन्दा पनि अर्का थिए बढ्ता बनेर नि
जन्म दाता ती साराको हुन् माता र पिता अनि
दिने शुभा शुभै कर्म सबै हुन् दैव नै पनि
२०३२

गुरो हजुरको ठुलो शुभाशिर्वादले पनि
दु :ख ध्वम्स गरी सारा कल्याण सृष्टिगर्छ नि
जानेको छ कुरा यो ता सारा जगतले गुरो !
जस्ले विधिगतिलाई पनि छेक्त छ हे प्रभो !
२०३३

तेस्ता हजूरले जस्तो टेक्मा टेक्नुहुनेछ है
त्यो टार्न सक्छ कस्ले र रोकिन्छन् कालकर्मनै
ऐले सोहि हजुर्ले नै उपाय म सगै हरे !
सोध्नुहुन्छ गुरो त्यो सब् मेरै दुर्भाग्य हो हरे !
२०३४

प्रेम मय कुरा यस्तो सुनेर भरतजीको
गुरूको मनमा आयो उर्लेर बाढी प्रेमको
गद् गद् भै भन्दछन् फेरि बशिष्ठमुनिले अनि
सुन हे बाबु! यो ठुलो कृपाले रामको पनि
२०३५

सत्य हो त्यो कुरा सारा राम विमुखलाई त
हुदैन कार्यको सिद्धि स्वप्नमा पनि केहि त
उपाय एक छ बाबु ! त्यो भन्दा मनमा अति
मलाई लाग्छ संकोच साँचो भन्छु कुरा यति
२०३६

सर्वस्व जान लागेमा बुद्धिमान जन हरू
आधा छाडेर आधाको बचाउ गर्दछन् अरू
संकोचलाई पन्छाई तसर्थ के गरूँ अब ?
भन्दछु हे भरत्! ऐले मन्लाई सुन्नुहोस सब
२०३७

हजुर्हरू दुवै भाई वन्वास गर्नुहोस अब
फर्काउला सीता राम लक्ष्मणैलाई ता तब
मुनिको योकुरासुन्दा भरत् औ भाई ती दुवै
हर्षितै हुनु भो मन्मा प्रेम विव्हल् भई खुबै
२०३८

आनन्दले परिपुर्ण भयो शरिर ता अहो !
प्रसन्न मन भै कान्ति गाथमा पनि शोभियो
मानौं दशरथै बाँची अनि श्री राम चन्द्रजी
राजा हुनु भए जस्तै हर्ष भो सबमा अति
२०३९

पुरा भयो कुरा यो ता भने सकललाई ता
हानी सानो भई लाभ थियो ठुलो हुने अहा !
महारानीहरूलाई लाभ हानी समान भै
रून लागे कुरा सुन्दा मामनै सब अधीर भै
२०४०

अनि भरतजी फेरि भन्नु हुन्छ नुहेर ता
पुलकित शरीर् सारा भई गद् गद्भो अहा !
आज्ञा भो प्रभुले जो ता गर्नाले तेहि कामनै
दिन्छ ईष्ट फलै ठुलो बाचँनाको लोकमा सबै
२०४१

साँच्चै फर्कनुहुन्छ ता प्रभु भने ?जीवन्भरी वन्महा
वासै गर्न तयार छु म कन ता यस्तो सरिको यहाँ
ठुलो सुख्ख र शान्ति छैन जगमा हे राम !स्वामी प्रभो !
सीता नाथ! प्रभो ! दयामय !हरे भक्तानु कम्पी ! विभो !
२०४२

अन्तर्यामी हुनुहुन्छ सर्वज्ञ हजरै अनि
बुद्धिमान हुनुहुन्छ यदि यो प्रभुले पनि
भनेको हो भने साचो आपन्नो वचन यो सब
पुरा गर्नु हओस् नाथ ! पर्दछु पाउमा अब
२०४३

सुन्दा भरतको वाणी प्रेम देखेर त्यो सब
भए सभासदै साथै ती वशिष्ठ विदेह त
भरत्को महिमा ठुलो हो गम्भिर समुद्र जो
नारी भै मुनिका बुद्धि किनारामा समुद्रको
२०४४

उभिइकन ता फेरि खोज्द छे पार जान नै
सोचेर मनले धेरै उपाय गर्दछे सबै
तर न पाउछे डुङ्गा बहना पाउछे न ता
न बेडा पाउछे फेरि न देख्छे केहि चीज ता
२०४५

यस्तो भरतको ठुलो महिमा सिन्धुको पनि
अरू कुन् वीरले सक्ला वयान गर्न सब् ?अनि
अटाउँछ र के सिन्धु सरको सिपिमा पनि ?
भन हे कवि हो ! सारा आफै तर्क गरेर नि
२०४६

वशिष्ठै मुनिको अन्तर्मनमा भरतै अति
श्रेष्ठ लाग्नुभयो ,फेरि लिई साथ समाजती
तुरून्तै गुरूजी आए राम आश्रममा अनि
वन्दना गरदै राम्रो आशनै रामले पनि
२०४७

दिनु भो अनि सारा ती सभासद् र गुरूपनि
बसे श्री रामको आज्ञा पाई पाई कनै अनि
वशिष्ठ मुनिले मन्मा बिचार गरी फेरि यो
देश काल र मौकाको अनुसार समेत को
२०४८

बाले बचन 'धिमान ! सर्वज्ञ ! करूणानिधे !
धर्म निधान ! नीतिका निधान गुणका निधे
ज्ञानका खानी! हे राम ! सुन्नुहोस दया गरी
रघुवंश प्रभो ! गर्छु विन्ती म अब यो घरी
२०४९

प्रभो ! सबैको मन भित्रमा पनि
बसी शुभाशुभ् जति कर्म छन् अनि
सुभाव औ फेरि कुभाव नै सब
जान्नु प्रभो ! हुन्छ हजूरले तब
२०५०

जे गर्दा जगता सारा जननीहरूको अनि
भरत्जीको हितै हुन्छ उपाय त्यो गरूँ पनि
भन्नु होस प्रभो ! सारा दीनजनहरू सब
विचार नगरी केहि बोल्दछन् दु :खले तब
२०५१

आफ्नो नैं सुझ्दछ दाउ जुवाडीहरू लाई ता
बचाव खोज्दछन् आफ्नै रोगीहरू पनि सदा
वशिष्ठ ऋषिको यस्तो सुनेर वचनै अनि
आज्ञा गर्नु भयो यस्तो रघुनाथजीले पनि
२०५२

हात्मा छ प्रभुकै त्योता उपाय गुरूजी ! अब
आसय प्रभुकै ऐले राखनाले पनि सब
हुनेछ मंगलै सब्को दु :ख दूर भएर पो
आज्ञा पालना गर्दामा बोल्दामां सत्यनै प्रभो !
२०५३

हुन्छ आनन्द सब्लाई गुरो !अब हजुरले
मलाई हुन्छ जो आज्ञा पैलो जो तेहि आजरे
त्यो शिक्षा बचनैलाई शिरोपर गरीकन
तदनुसार गर्नेछु प्रभो ! म खुसी भै कन
२०५४

आज्ञा हजुरको होला जे जे जस्लाई हे गुरो !
हुनेछ सब भाँतिले त्यो सेवा सिद्ध पूर्ण जो
गुरूले भन्दछन् फेरि सांचो आज्ञा भयो प्रभो !
तर हजुरले राम भरत्को अति प्रेमको
२०५५

राख्नु भएन है ख्याल बिचार गरि चित्तमा
तसर्थ भन्दछु आज बारंबार म पाउमा
भरत्को भक्तिको बशमा मेरी बुद्धि परि प्रभो !
लाटी भई अब मेरी बुद्धिमा त भरत्जीकी
२०५६

इच्छा राखेर जे काम गरिएला त्यही सब
भलो होला भनी राम ठान्दछु सत्य है अब
यसमा शिवजी शाक्षी हुनुहुन्छ दयानिधे !
पैल् भरतकै विन्ति अबश्य सुन्नुहोस रे
२०५७

अनि विचारै गरनु हओस र
यो राजनीती रघुवंश रीत र
बैदेहहरू लाई निचोडी हे प्रभो !
समाजको फेरि स्व लोकको छ जो
२०५८

मतैहरू त्यो गरनू हओस है
हुनेछ जेले अनि मंगलै सधैं
भरत्जी माथि गुरूको अपारको
देख्दा अनुराग अतिव सारको
२०५९

भगवन् रामको मन्मा अति आनन्द भो फिर
भाई भरतजी लाई ज्ञानी धर्म धुरन्धर
मनसा कर्मणा वाचा जानेर निज दासनै
रामले गुरूको आज्ञा वचन अनुसार कै
२०६०

कल्याण-कारी औ मिठोनरम अनि कोमलै
बाणी बोल्नुभो फेरि प्रेमले गुरू साथमै
हजुरको र बाबाको चरण्का शपथै गरी
म भन्छु लोकमा भाई छैनन् भरतको सरी
२०६१

भाग्यको वर्णन गर्न सक्छ को भन्नुहोस न ?
भाई हुन् भरतै मेरा साना उन्कै अघाडी म
प्रशंसा के गरौं उन्को ? बुद्धि मेरो पनि अब
संकोच मान्दछे नाथ ! सत्य भन्दछु यो सब
२०६३

जो भन्छन् भरतै सोहि गर्दा काम भलो छहै
बोलेर यति नै राम चूप लाग्नु भयो यसै
अनि वशिष्ठले फेरि भरतलाई त्यो घरी
बाबु ! भरत ! छाडेर संकोच विनती गरी
२०६४

दयासिन्धो ! प्रिय दाजु साथमा मनमा कुरा
भन्नु होस सब बाबु !जेजे भन्नुछ त्यो पुरा
भन्ने वशिष्ठको यस्तो सुनेर वचनै अनि
बुझेर आशयै फेरि दाजु श्री रामको पनि
२०६५

अनुकुल पुरा जानी स्वामी र गुरूलाई त
सब्थरी आफनै शिर्मा रहेको भार देखि त
नसकेर कुरा केहि पनि बोल्न भरतले
लाग्नुभो मनमा गर्न विचार घोरिएर रे
२०६६

शरीर भरतैजीको रोमाञ्चित भयो अनि
कमल सरी आँखामा प्रेमका अश्रुको पनि
बाढी उम्लेर आएको थियो अनि दुवै कर
जोडेर गद् गद् बाणी बोल्न लाग्नुभो फिर
२०६७

जे गर्नुथ्यो विन्ति मैले कुरा रे
मुनिशले भन्नु भो त्यो पुरा रे
भनौं बढ्ता यस भन्दा अनि के ?
आपन्ना स्वामी रामजीको पनि रे
२०६८

म बानी जान्दछु सारा दोषीको उपरै पनि
गर्नु हुन्न दयासिन्धो रीस ता कहिल्यै पनि
बिशेष प्रेम औ फिर करूणा छ म माथि त
खेल्दा खेरि पनि मैले कहिल्यै दाजुलाई त
२०६९

देखिन रीसले फर्कि ठस्किएको पनि हरे !
मैले ता वालकै देखि छोडेको छैन साथ रे
मनोभंग पनि मेरो प्रभुले कहिल्यै पनि
गरेको छैन स्वामीको कृपाको रीती ता अनि
२०७०

देखेको छु सदा मैले आपन्नो मनले पनि
हारेको खेल् पनि मैले मलाई नै सदा अनि
जिताई नै दिनुहुन्थ्यो मैले ता आज तक् पनि
प्रेम संकोचको वशमा परेर कहिल्यै पनि
२०७१

प्रभुको मुख हेरेर बाणी उच्चारणै पनि
गरिनँ , प्रेमका प्यासा भएका नयनैपनि
आज सम्म अघाएका छैनन् दर्शनले प्रभो !
दुलारलाई देखेर दाजूको यो म माथिको
२०७२

सकेनन् सहन सारा दैवले पनि हा !अहो !
मुमाको निहुँ पारेर त्यो नीच बीच आई पो
स्नेहको अन्तरै पारी दियो हा ! यसरी अब
यसो भन्नु पनि आज शोभा छैन ममा सब
२०७३

आपन्नो विचारले मात्र साधु शुद्ध भयो र को ?
आमा नीच म ता सज्जन् सदाचारी भनेर पो
मनमा ल्याउँदा यस्तो ख्याल मात्र पनि हरे !
खरावी हुन्छ है कोटि कसरी भनूँ त्यो म रे ?
२०७४

कोदाबाट असल् धान वाला सक्छ र फल्न है ?
तालको सिपिले पैदा गर्न सक्छ र मोति नै ?
सपनामा पनि छैन क्लेश द्वेष त कोहि को
अभाग सिन्धु यो मेरो गहिरो छ अगाधको
२०७५

नबुझिकन आफनो सब
परिणामै पनि पापको तब
मइले निज जन्म दायिनी
जननीलाई हरे ! अघाडीं नि
२०७६

बोलि कुवाक्य हपकाएँ चारैतर्फ हरे ! अब
खाएँ है मनले हार एकै किसिमको अब
भलाइले भलाई छ गुरू मेरो हजूर र
मेरो मालिक् हुनुहुन्छ वैदेहि र रघुवर
२०७७

यत्ति हुनाले परिणाममा अब
होला भलो है भनि ठान्दछु सब
साधू र सतैहरूको सभामहा
गुरू र स्वामी प्रभुका नगीचमा
२०७८

तीर्थ स्थान महाँ सत्य भावले यो कुरा सब
भनको हुँ प्रभो ! मैले प्रेम हो कि त यो सब ?
परिपञ्च कुराको नै मात्र हो कि समस्त यो?
साँचो हो कि ? झुटो होला ? विचार पनि यसको
२०७९

जानीबक्सन्छ है सारा गुरू औ दाजुरामले
महाराज बुबाज्यूका मरण्का परिणामले
बुबाको प्रेमपण्लाई गरायो कायमै पनि
मेरो जननीको ठुलो कुमति माथि ता अनि
२०८०

साक्षी छ लोक नै सारा अनि शोक र व्याकुल
भएकी जननी सारा तिर हेर्न पुलुक्क त
सकिदैन अनि फेरि पुरका नर नारी ती
दु :सह ताप औ दु :ख्ले छटपटि गर्दछन् अति
२०८१

हेस्वामी! हे गुरो ! सारा अनर्थ हरूको पनि
म नै हुँ जड औं मूल सुनेर यो सबै अनि
बुझेर एकलै दु :ख सहदैछु म कष्टले
घरेर मुनिको भेष प्रितमै दाजु रामले
२०८२

सीता र लक्ष्मणै साथ पाउपोश विना ह रे !
पाल्नुभो घोर जंगल्मा भन्ने भिषण हाल रे
सुन्नाका साथ दौडेर आएको हु ँ प्रभो ! म ता
साक्षी शंकर छन् यस्मा छैन कपट केहि ता
२०८३

फेरि निषाद राजाको देख्दा स्नेह पनि अहो !
जुन हृदयमा छिद्र परेन नीच क्षुद्र यो
कुलिष सरि नै मेरो हृदय हो कठोर रे
अब आएर ता देखे सबै यी नीच नेत्रले
२०८४

यत्ति हुँदा पनि बाँचि रहेको जड जीव यो-
- नीचले यी कुरा सारा सहायो यसरी अहो !
देख्दामा जुन सीता र राम लक्ष्मणलाई नै
बाटाका बीचमा बस्ने तमो गुणी फणी सबै
२०८५

अनि विच्छीहरू सम्म जति छन् वनजन्तु यी
छाडी दिन्छन् विषैधारा डर लाग्दो कठोर यी
उनै वैदेहि र राम लक्ष्मण सम्म जो कन
अन हित भए हा ! हा ! पीडा दायी भईकन
२०८६

कैकेयीको तिनै छोरो मलाई छाडी दैवले
सहाओस् दु :सह दु :ख कस्लाई अब फेर रे ?
जो दिन्छ दैवले मेरा निम्ति दु :सह दु :ख यो
कैकेयी पुत्रको निम्ति थोरै छ त्यो पनि अहो !
२०८७

भएका अति नै व्याकुल् भरत्का दु :ख प्रितिले
समितिल भई सारा नम्रता दीन नीतीले
मुछिएको नरम् गूढ सुन्दा वचन यो सबै
सभावासी हरू सारा डुबे सोच विचार मै
२०८८

मानौं कमल्का वनमा समस्त रे
परर्दा हरे ! शीत भएर ध्वस्त रे
भए सरी ती सबमा अपारको
परेर आपत् ती भए विहाल जो
२०८९

ज्ञानी वशिष्ठले फेरि अनेक थरिका सब
प्राचिन् कथा भनी सारा भरतैलाई ता तब
सम्झाए , र अनि सूर्य कुल् रूपी चन्द्रपद्मको
विकास गर्नका निम्ति भएका शशि तुल्य जो
२०९०

रामले उचितै वाणी बोल्नुभो अति प्रेमले
ईश्वराधीन् छ यो बाबु ! जीवको गति हेररे
यो जानेर तिमी व्यर्थ नगरे ग्लानी चित्तमा
जो पुण्याश्लोकको प्राणी थिए है तिन लोकमा
२०९१

होलान् जीवहरू जतिपछि अरू भाई ! तिमी तुल्य त
कोहि हुन्न भनेर जान यहि नै सोची विचारी सब
त्यो चित्तै गर शांन्त बाबु अहिले यो मत् छ मेरोभनी
तिम्रो दा ँज महाँ तिनै भुवनको पुग्दैन प्राणी पनि
२०९२

सम्झे मात्र पनि कुटिल पन ता तिम्रा उपर्मा हरे !
पर्लोक नष्ट भएर ता तिनी सबै पर्छन् नरक् भित्ररे
माता कैकेयीलाई नै पनि हरे ! जस्ले गुरू साधुको
द्योता सज्जनको ग रेन कहिल्यै सेवा र पूजा भलो
२०९३

दिन्छन् दोष ती मूढ नीचहरूले मात्रै विचारी सब
राखी श्री शिव साक्षी भन्दछु मता बाबु!बुझेयो अब
भन्छु सत्य स्वाभाविकै सकल यो तिम्लाई बाबु अब
तिम्रै धर्म भएर धर्ति अहिले थामी रहिछन् सब
२०९४

व्यर्थै कुतर्क नगरे अब भाइ ! मन्मा
छैनन् तिमी सरि कुनै प्रिय यो जगत्मा-
-मेरो भनेर मनले त्यज शोकलाई
होउ खडा दु :ख र पीर हरू हटाई
२०९५

नामै स्मरण् गरदा पनि मात्र तिम्रो
हुन्छन् पवित्र तिनलोक भएर राम्रो
संसारी प्राणी हरूका दु :ख दर्द सारा
अमंगलै जति छ त्यो सब पाप धारा
२०९६

सब् भार नष्ट यो जगमा अवश्य
सत्किर्ति पाई परलोक महा त निश्चय
मिल्नेछ है सुख र शान्ति ठुलो सदैव
कल्याण कारी ती हुनन् भई पावनै त
२०९७
वैर भाव छिपाएर छिप्दैन भाई चित्तमा
तेस्तै प्रेम लुकाएर लुक्तैन फेरि लोकमा
हेर पक्षीहरू फेरि ती हरिणहरू पनि
सरासर् नगिचै जान्छन् साधु र सन्तको अनि
२०९८
व्याधा जस्ता दुष्ट औ निचलाई
देख्नासाथै भाग्दछन् ती डराई
शत्रु भित्र प्राण धारी सबैले
जानेका छन् के भनौं मानिसैले
२०९९
चोला खानी न हो बाबु ज्ञान औ गुणआदिको
चिन्दछु खूब नै भाई ! तिमीलाई म फेरि जो
तर के गर्नु हे भाई ! मेरो हृदयमा पनि
परेकोछ अतिठुलो अप्ठयारो तिमी सम्झ नि
२१००
मलाई त्यागेर पिताजीले अहो !
आफ्नो वचन् सत्य गराउनु भयो
आफ्नो पियारो प्रणलाई भाई ! रे
यथार्थ पार्ना कन फेरि हेर रे
२१०१
गाथै पनि त्यागनुभो पिताजीले
उनै परम् पूज्य पिताजीका ति रे
मेट्ता वचन् लाई त भाई लोकमा
लाग्दो छ अप्शोच मलाई चित्तमा
२१०२
बाबू ! भरत् यो भनदा पनि अति
संकोच तिम्रो छ मलाई ता बढी
तेस्माथि फेरि गुरुले पनि अझैं
आज्ञा मलाई दिनु भो विचार है
२१०३
तसर्थ भन्छु अब भाई ! सत्य यो
जों भन्दछौ बाबु ! तिमी अवश्य त्यो
म गर्दछु पूर्ण अवश्य यो घरी
भाई ! तिमी चित्त प्रशन्न नै गरी
२१०४

छोडेर संकोच मलाई आज जे
भन्छौं म गर्छु त्यहि पूर्ण काम काज रे
सत्य प्रतिज्ञा रघुवंश नाथको
सांचा कुरा ति सुनी हर्ष साथ पो
२१०५
आनन्दित भयो सारा त्यो समाज अनि पछि
देवता गणले साथ भएका सुरराज ती
भयभीत भई मन्मा 'अब काम हरू सब
आँट्यौ बिग्रिन नै ' भन्नेयस्तो चिन्तापनि तब
२१०६
गर्न लागे सबै देव ' उपाय पनि ता कुनै
नसक्ने नै हुन लाग्यो गर्न सम्म ' भनेरनै
मनले देव ती सारा गए शरण रामको
सोचेर मनमा फेरि विचार गरी धेर जो
२१०७
भन्न लागे भक्तका भक्तको नै
हुनुहुन्छ वसमा राम पो नै
सम्झी फेरि चित्तमा अम्बरिष
दुर्वासाका ती कुरा नै डरी त
२१०८
भन्दै सबै देवहरू मिलेर
काने खुसी राय हरू झुलेर
हामीहरूले पहिले पनि त
पायौं हरे दु : खहरू अतीव
२१०९
खप्नु पर्‍यो भीषण कष्ट धेर
भागी कतै कन्दरमा लुकेर
प्रलहादले भक्ति रसै बहाई
प्रकट् गराए नर सिंहलाई
२११०
अनि हटेय्यो सब धर्ति भार
इश्वर् प्रभुको महिमा अपार
हाम्रो सबै भाग्य भरत्जीका नै
हात्मा छ सब् व्यर्थ भयो नि काजै
२१११
देवताहरू हो ! अर्को देखिदैन उपाय ता
सच्चा सुभक्तको वश्माछन् है ति रघुनाथ ता
अब ता देव साराले आफनो गुण शीलले
रामलाई बशैं गर्ने भरत्जीलाई प्रेमले
२११२

श्रद्धा सहितले मन्मा सम्भेर गर ध्यान नै
उनैको शरणै पर्दा जानेछ दु :ख यो सबै
देवताहरूको यस्तो सुनेर मन्त्रणा पनि
गुरू वृहस्पतिले - 'यो - ठिकहो ' भन्दछन् अनि
२११३
देव हो ! तिमी साराको रहेछ भाग्य ता ठुलो
भरतृका पाउमा प्रेम लाग्नु संसारमा भलो
सब मंगलको मूल कारणै भनी जान यो
रामका भक्तको सेवा शयौं सुरभि तुल्य हो
२११४
भलो हुन्छ अहो ! देवहरूका मनमा पनि
आयो भरतको भक्तिछाड सुर्ता सबै अनि
सपान्यो दैवले काम सुरेश ! भरतजीको
प्रभाव हेर है सारा उनैको गुढ प्रेमको
२११५
स्वभाविक् शीलताले नै भगवन् राम नै अहो !
परवस् हुनु भो हेर भरतलाई रामको
छाया सम्भेर नै देवहरू हौ मनलाई ता
स्थिर गर्नु डर चिन्ता छैन है अब केहि ता
२११६
अर्न्यामी रघूनाथ श्री सीतापतिले तब
ती वृहस्पति औ सारा देवता हरूको सब
सुनी संमति त्यो मन्मा संकोच मान्नु भो अनि
भरत्ले आफनै शिर्मा सारा भार हरू पनि
२११७
परेको देखि गर्नु भो कोटि तर्क हरू पनि
गरी विचार मन्लाई स्थिर गर्नु भयो अनि
'राम आज्ञा अनुसार चल्नाले आपन्नो सब
भलो छ दाजुल आपन्नो प्रणलाई पनि सब
२११८
छाडेर मेरो प्रण पूर्ण नै गरी
दया र माया ममता सबै थरी
थोरै प्रभुले गरनु भएन है
सीतापते रामजीले म मा अभैं
२११९
अमीत गर्नुभो आज अनुग्रह र प्रेम यो '
यो विचार गरी मन्मा भरत्ले अनि आफनो
सरोज सरीको हात जोरेर भुकि प्रेमले
प्रणाम गरदै बोल्न - लाग्नु भो मृदु बोलिले
२१२०

प्रभो ! भनौं के ? अब के भनाऊ ?
दया निधानै प्रभुको छ नाउँ
अन्तनिवासी हुनुहुन्छ नाथ !
गुरू पनि फेरि प्रशन्न साथ -
२१२१
हुनुहुन्छ - अनुकुलै स्वामी पनि दयानिधे !
मलीन मनले पैले गरेको कल्पनादि रे
दु :ख दर्दहरू सारा मेटिए प्रभु यो घरी
आपन्नो नै डरले व्यर्थै डरेंथे म ता वेसरी
२१२२
सारा हराए दु :ख लोभ शंका
निर्मूल भो शोक तथा अहन्ता
दिशा विराईकन पूर्व आदि
श्री सूर्यलाई दिनु दोष् नजाति
२१२३
मेरी भाग्य अनि माताजीको कुटिल ता अहो !
काल्को कठोर ता फेरि बिषम गति दैवको
यी चारै चीजले खुट्टा अडाएर मलाई त
शिथिल् पारी सकेकोथ्यो तर फेरि म माथि त
२१२४
प्रणतपाल! दायानिधी ! हे प्रभो !
भगत वत्सल ! नाथ हरे ! विभो !
शरण रक्षक ! दीन दयाल ! र
अमित सौख्य दिने ! करूणा मय !
२१२५
पालना गर्नु भो आपन्नो प्रणलाई हजूरले
कृपा कटाक्ष पाएर बाँचे स्वामी म आज रे
प्रभुको यो नयाँ नीती होइन हे दयामय !
लोक प्रसिद्ध औ वेद वर्णितै हो कृपामय !
२१२६
स्वभाव छ प्रभो ! नाथ ! हजुर्को कल्प वृक्ष भैं
कसैका विमुखै कैले हुनुहुन्न हजुर है
सदा सन्मुख् हुनुहुन्छ शरणै पर्छ जो जन
गर्नु हुन्छ सदा रक्षा तेस्को दु :ख हरिकन
२१२८
जस्ले कल्पतरू नजिक मनमा इच्छा लिई धाउला
छायाले पनि पिर ताप मनका सुर्तादि मेटाउला
जो माग्ला अभ्र कल्पबृक्षसंग नै सम्पूर्ण मन्माफिक
त्यस्को पूर्ण हुनेछ इच्छित सबै यो सत्य हो वास्तव
२१२९

मनृचिन्ते फल पाउला जगतमा जस्ले सबै रितले
ऐले आज हजुरको र गुरूको देख्दा सबै प्रित रे
मेटियो सब दु :ख यो हृदयको शंका पनि छैन है
हे नाथ्! दिन दयाल ! हे रघुपते ! जुन्कामले ता सधैं
२१३०

अब हुन्छ जसो गरी हित
म त माग्छु त्यहि नै हजूर्सित
जसले प्रभुमा कुनै पनि
नहओस् दु :ख मलाई तेहि नि
२१३१

उपदेश दिनु हओस् प्रभो !
म सबै गर्छु पुरा पुरा विभो !
जगदिश म भृत्यको पनि
हितकारी यहि हो यथार्थ नि
२१३२

प्रभो फर्किदिए मात्रै पनि है रघुनन्दन !
सिद्ध हुन्छ सबै हाम्रो स्वार्थ औ अभिनन्दन
प्रभुकै हुकुमै पालन् गर्दामा त दयानिधे !
अवश्य नै भलो हुन्छ करौडौं थरी दाजि रे !
२१३३

आज्ञा हजुरको नाथ ! स्वार्थ औ पमार्थको
सार हो तेहि नै फेरि फल सब् परमार्थको
दाजै श्रृंगार हो तेहि सद्गतिको पनि ठुलो
सब् धर्ममा पनि ठुलो त्यहि नै धर्म हो भलो
२१३४

हे नाथ ! मेरो एक विन्ति सुनेर
धेरै धेरै सोचदै नाथ ! फेर
जस्तो जे जे गर्न औचित्य होला
दाजै त्यै त्यै नाथले गर्नु होला
२१३५

चाहिने सरजाम राज् तिलक्को सम्पूर्ण ठिक्कै गरी
ल्याएको छु दयानिधान ! मनले माने सफल् यो गरी
हे सर्वज्ञ ! हजूरबाट अहिले जो गर्नु पर्ने कुरा
भक्तैलाई कृपा गरेर भगवन् ! गर्नु हओस् त्यो पुरा
२१३६

भाइ लक्ष्मणसाथ आजवनमा जान्छु म आज्ञामिलोस्
जम्मैलाई सनाथ गर्न प्रभुले त्यो राजगद्दी लिनोस्
की ता हे रघुनाथ ! लक्ष्मण र ती शत्रुघ्नलाई पनि
फर्काई अबधैमहा रघुपते ! हामी दुवै ता अनि
२१३७

जाउँ जँगलमा हजुर सँगमा जान्छु म हेनाथ्! वन
की हामी तिन भाई नै रघुपते ! जान्छौं खुसी भैकन
फर्किबक्सनुहोस् प्रभो !हजुर नै सीता लिई साथमा
दाजैज्यू! रघुवंश भूषण ! प्रभो !पर्छु चरण् पद्ममा
२१३८

जे गर्दा हुदिं नाथ !हुन्छ प्रभुको अत्यन्त राजी मन
तेहि नै गरनु हओस प्रभुले ऐले खुसी भैकन
राज्यै भार मलाई बक्सनु भयो स्वामी हजुर्ले अब
सामर्थ्यैछ ममा न जान्दछु कुनै त्यो राजनीति सब
२१३९

धर्मै को छ मलाई याद न कुनै त्यो थाम्नुहो किगरी ?
आफ्नै स्वार्थ निमित्तमा रघुपते ! भन्छु कुरा यो घरी
दाज्यै ! दु :खित मानवि हृदयमा ज्ञानै कुनै हुन्न है
इच्छा माफिककै हुकुम् अब हओस् गर्नेछु तेहि सबै
२१४०

स्वामीको हुकुमै सुनेर पनि ता जो दिन्छ है उत्तर
त्यस्ता सेवकलाई देखि लजितै लज्जा पनिहुन्छ त
यस्तो दुर्गुणको अगाध जलधी हु है म ता हे प्रभो !
खाली प्रेम वशै भएर प्रभुले 'वेस्छो 'भनेरै अहो !
२१४१

मैलाई रघुवंशनाथ प्रभुले सहाउनू हुन्छ है
मेरो दोष कुनै विचार नगरी सम्झेर दासैसधैं
मैलाई , म त तेहि नै मन पऱ्यो दाजु !हजुर्कोमन
संकोच तिर जानलाई उसले कैल्यै नपाओस न
२१४२

गर्दै यो शपथै चरण् कमलको दाजु ! म ऐले यहाँ
यो सत्याशपले समस्त जगको कल्याणको निम्तिमा
विन्ति गर्दछु यो उपाय भगवन् ! दाजी !हजुर्ले अब
संकोच् छाडीकनै प्रशन्न मनले जसलाई जे जे सब
२१४३

आज्ञाबक्सनुहुन्छ जे रघुपते ! तेस्लाई सब् हामीले
राखी राखीकनै सबै शिरमहा तेहि बमोजिम रे
गर्नेछौं अनि टारनै नसकिने उल्झन् पनि हामीको
मेटिनेछ समस्त यो रघुपते ! ऐले सबै भाइको
२१४४

पवित्र वचनै यस्तो सुन्दा भरतको पनि
खुसी भै मनमा सारा देवता हरू ले अनि
'साधु साधु 'भनी तारिफ गरेर अति प्रेमले
कुसुमाञ्जिलिको बर्षा गर्न लागे रमेर रे
२१४५

अयोध्यावासी यी सारा असमंजसका वश -
- परे - आनन्दमा मग्न वनवासी तपस्वी त
चूप लाग्नु भयो राम संकोचित भई जव
स्नेह औ सत्यका बीच पर्नु भो फेरि राघव
२१४६

हालतै प्रभुको तेस्तो देखि सभासदै सब
सोच विचार नै मन्मा गर्न लागे अनि तब
त्यहि औसरमा आए दूत जनक राजको
सुनेर खबरै त्यो ता गुरूले अनि झट्ट पो
२१४७

बोलाए ती सबैलाई आएर तिनी हेरूले
गरेर वन्दना फेरि हेरे रामजी तर्फ रे
भए दु : खीत ती सारा देखेर भेष रामको
अनि गुरूजीले फेरि पछि ती दूत साथ पो
२१४८

भन कुशल संचार महाराज जनक्जीको
भनी सोधे अनि दूत श्रेष्ठ ती दुतले अहो !
संकोचित् भई मन्मा सुनेर वचनै पनि
झुकाएर शिरै फेरि प्रणाम गरदै अनि
२१४९

हात जोरीकनै विन्ति गरे प्रभो ! हजूरले
क्षेम कुशल सोधनु नै आदरै साथ आज रे
कुशल् मंगलको कारण् भयो श्री भूपको पनि
नत्र भने महाराज दशरथ् साथमै अनि
२१५०

कुशल् तथा मंगल दुर भैगो
सम्पूर्ण यो लोक अनाथ नै भो
हे नाथ ! जो यो मिथिला अयोध्या
देखिन्छ वैराग्य सरी अझैं ता
२१५१

कोशलाधिशको सुन्दा त यो अबस्था हरे ! प्रभो !
जनकपुरका सारा नर नारीहरू अहो !
शोकले गरदा सारा भए पागल तुल्य पो
त्यो बेलामा जति जस्ले विदेह राजलाई जो
२१५२

देखेथे तिनी हेरूले हृदयमा "विदेह" यो नाम त
सत्यैहो भनी कोहिले पनि सम्झेन त्यो ठाम त
रानी कैकेयीको कुचाल सुनदा मणी वीना सर्प झैं
केहि याद भएन भूपति कनै व्याकुल् भएर कठै
२१५३

राजा श्री भरतै कनै र रघूनाथ्लाई वनैवास पो
सुन्दा यो मिथिला पती जनकको मन्मा ठुलोखेदभो
महाराज जनक्जीले गुरू अनि मन्त्रि र पण्डित् कन
'ऐले गर्नु यथार्थ कर्म कुन हो औचित्य के हो भन '
२१५३

यस्तो सोधनी भो अनि अबधमा जादाँ महाराज ता
दुवै तरफ बाट नै असजिलो पर्ने बुझी भित्र ता
जानु उत्तम हो कि त्यो वखतमा नजानु नै ठि क हो
यो दुवै असमञ्जसै कन हरे ! निर्णय गर्नै प्रभो !
२१५४

सकेन उत्तम् ठहराई नाथ !
भन्ने कसैले पनि एक साथ
अनि माहाराज जनकजीले
चित्तै महा धैर्य पनि धरी रे
२१५५

विचार गर्दै चर चारलाई
छिटो अयोध्या तिर नै पठाई
आज्ञा भयो यै तिमी हेरू ऐले
भरतको भाव कुभाव पैले
२१५६

गुप्तै रीतिले बझि के कति छ ?
आऊ तिमीहेरू तुरून्त नी त
त्यहि सरीको पनि काम फेरि
पछि गरौंला सब हामी हेरी
२१५७

नपाओस् चाल कोहिले भन्ने आज्ञादिइ प्रभो !
बाठा चार चरैलाई झट्टै पठाउनु भयो
ती चारै चर ता फेरि अयोध्यामा पुगेर त
हालतै श्री भरत्जीको बुझेर अनि फेर त
२१५८

त्यहाको मन्त्रणा काम हेरेर भरतै जब
हिड्नुभो चित्रकुट तर्फ अनि ती दूतले तब
तिरहुत तिरै आए आएर दुतहेरूले
सभामा श्री जनक्जीको गएर अनि फेर रे
२१६०

वर्णन् गरे यथा बुद्धि भरत्को काम मन्त्रणा
भूपले त्यो सुनी मन्त्रि परिजन् गुरू साथमा
व्याकुल् हुनुभो धेरै प्रेम औ शोकले गरी
अनि भुपतिले फेरि मन्ना धीरज नै धरी
२१६१

भरत्‌जीको तारिफ गर्नु भो अनि
योद्धा अति उत्तम साथमा पनि
समस्त सेना पति हेरू ती प्रभो !
नरेशले झट्पट् डाकनू भयो
२१६२
प्रवन्ध गरी रक्षाको घर - नगर - देशको
घोडा हात्ती रथै आदि सवारी नैसमेत पो
पारी तयार हे नाथ ! द्विघटिका मुहुर्तको
हेरी साईत तत्कालै प्रयाण गरनु भयो
२१६३
गर्नु भएन विश्राम बाटामा पनि भूपले
प्रयागमा नुहाएर आजै प्रातः समस्तले
तर्न लाग्नु भयो पारी जमुना नद्रिको अनि
प्रभो हामीहरूलाई यहाँको खबरै पनि
२१६४
बुझेर आउनु भन्दै पठाई बक्सियो भनी
भूमीमा माथ राखे है ति दुतहरूले अनि
गुरू वशिष्ठले फेरि छ सातौटा किँरातको
साथमहा लगाएर ती दूतहरूलाई जो
२१६५
विदा गर्नु भयो झट्टै अनि जनकराज जी
आएको खबरै सुन्दा अवधवासी हेरू ती
भए हर्षित औ रामलाई संकोच भो ठुलो
देवराज परे वस्मा अनि सोच - विचारको
२१६६
कुटिल् कुबुद्धि दुष्टा ती कैकेयी जनकजीले
के भन्ने हुन् र कस्लाई दिने हुन् दोष ता ?हरे !
भनेर ग्लानीले गल्दै गइन् हेर कठै ! तिनी
व्याकुल् भै यमका साथ गर्दथिन् प्रार्थना पनि
२१६७
'पाइने भो अझै बस्न दुइ चार दिनै ' भनी
यस्तो हृदयमा सम्झी अयोध्यावासी ती अनि
आनन्दित भए सारा एवं प्रकारले तहाँ
त्यो दिन बित्न गो फेरि भोलिपल्ट विहानमा
२१६८
लागे नुहाउनै सारा नर नारीहरू पनि
स्नान गरेर ता फेरि गौरी शंकर औ अनि
गणेश सूर्यको पूजा लागे गर्न समस्त नै
ती साराले अनि फेरि रमा रमण विष्णु कै
२१६९
हात जोरी प्रणाम् गर्दै फैलाई आँचलै पनि
सीता राम हउन् राजा हाम्रो भाग्य फिरोस्अनि
फेरि विचारी ती हाम्री अयोध्या पनि हे प्रभो !
आनन्दको परम् सीमा राजधानी हओस ज़ो
२१७०
सारा समाजले साथ भएर रघुनाथजी
भरत्‌लाई गराएर युवराज रमेर की
बसुन् आनन्दका साथ हे नाथ ! हे रमापते !
यस्तोसुखरूपी अमृतले आज सेचन् गरेर रे
२१७१
सारालाई दिनुहोस जीवन्को लाभ है प्रभो !
सीता रामजीको शोभा पाऔं देख्न सदा प्रभो !
अयोध्या पुरिमा आफ्ना गुरू वान्धन वर्गले
साथैमा भाइ साराले शोभीई खुसी साथले
२१७२
हओस है रामको राज्य अवध्मा रामचन्द्रजी
राजा छदै सबै हामी पाऔं मर्न रमेर कि
गर्दथे प्रार्थना यस्तो पुरवासी हरू सब
नित्यनै सम्झदै मन्मा हरिलाई झुकेर त
२१७३
प्रेम पूर्ण वचन् यस्तो नगर्का नर नारीको
सुन्दा ज्ञानी मुनि सारा साधु सन्त र सिद्ध पो
आफ्नो वैराग्य औ फिर योग अभ्यासहेरूको
लाग्दथे गरनै निन्दा एवं तरह बाट जो
२१७४
पुरवासी हरू सारा नित्य कर्म गरी सब
रोमाञ्चित भई सारा शरीर्मा प्रेमले तब
प्रणाम गर्दथे आई भगवन् रघुनाथको
उत्तम सध्यम नीच श्रेणीका नर नारीको
२१७५
आफ्ना मनका भाव भक्तिका अनुसारको
पाउँथे दर्शनै नित्य कृपासागर रामको
सावधान भई फेरि सन्मान गर्दथे सब
सराहना पनि फेरि गर्दथे खुसी भै तब
२१७६
'रामकी बालकै देखि प्रितिका पहिचानले
नीतीको पालना गर्ने बानी खूब थियो हरे
शील स्वभाव संकोच स्नेहको सागरै अनि
रघुनाथ हुनुहुन्थ्यो प्रभुको वदनै पनि
२१७७

प्रभुध्यान – २

थियो शशी सरी राम्रो लोचनै पद्मभैं छ जो
सिँहको भैं छ है चाल मेघशब्द समानको
स्वर गम्भिर औ मिठो घाँटी शंख सरी छ त्यो
सीपी भैं कान जो राम्रो सुन्ने भक्त पुकार पो
२१७८
लाल बिम्ब फलै जस्तै ओठ छन् सुन्दरै अति
दन्तको पंक्तिले भल्कि माथ गर्छ हिरा जति
घना मेघ सरी केश छ है सुन्दर घुङ्घुर
अनंगको घनु जस्तै आँखी भौ छ मनोहर
२१७९
कमल्को रसमा लुब्ध चन्चले भ्रमरै सरी
नानी छ नयन पद्म बीचमा मस्त बेसरी
वदन्को सुन्दर चीज सोरिई कन ता सबै
भुकेर भारले बस्ने चिउँडो छ अपार है
२१८०
नीला लाल अति कोमल् पद्म भैं रघुनाथको
मनोहर छ है गाला मन हर्ने समस्तको
नक्षत्र भल्किए जस्तै नीला गगनमा भरी
भाल माथि छ है धर्को सुन्दर विन्दु केशरी
२१८१
खडा भई सदा गर्ने सौन्दर्य रखबारी नै
नाक छ सुन्दरै चुच्चो हर्ने चित्त समस्तकै
आँखा छ सुन्दरै लाल नील पद्म समानको
जसको दृष्टि पाएमा छुट्छ ताप तमाम यो
२१८२
सांढेको सरीको काँध छ है पुष्ट र सुन्दर
भिर्दा ठोको पनि फेरि देखिन्छ जो मनोहर
बिशाल पुष्ट औ सुन्दर् छाती छ रामको अहा !
कौस्तुभ मणिका साथ भृगु चिन्ह रहेर ता
२१८३
गहना हरूले फेरि सजिदामा जहाँ हरे
नभमा सूर्य र चन्द्र उदाए सरि हुन्छ रे
हात्तीका सूड भैं लामा छन् है सुन्दर हात जो
हर्दमै अरिको शेखि खिच्दछन् छिन् मै अहो !
२१८४
फेरि रत्नादिका बाजू बाला औ औंठी आदिले
सजिदा हात ता माथ गर्थे इन्देणिलाई रे
लाल पद्म सरी कोमल् हथेलि छ खुला सदा
अभयै गर्दिने सब्मा हरेर तीन ताप ता
२१८५
कटी छ सिंहको जस्तै जस्मा अति मनोहर
जुहारात हरू सारा सजेर अति सुन्दर
भएको किंकिणी पैहि बक्सदाँ राम चन्द्रले
देखिन्थ्यो नभमा चम्केसरी बिजुलि भल्ल रे
२१८६
रत्नहरू जडी सारा भएको सुन्दरै अति
पीत नरम रेशम्को मेखला खुलिने कति
पैहिदा नाथको गाथ शशि नक्षत्र हेरूले
सजिएको गगन् जस्तै देखिन्थ्यो जो अपूर्वरि
२१८७
नीलपद्म सरी पाउँछन् है कोमल सुन्दर
पैताला नरमै लाल देखिन्छ जो मनोहर
जसमाथि अनि फेरि ध्वज कमल अंकुश
रेखा र स्वातिका अष्टकोण औ यव कुलिश
२१८८
माछा र चक्र आदिका चिन्हले शोभितै पनि
देखिन्छ प्रभुको पाउ दुर्लभ सुन्दरै अनि
स्वप्नामा मात्र नै जस्को पाउँदा दर्शनै पनि
भवको भय यी सारा नाशिन्छ छिनमै अनि
२१८९
भल्किन्छ नख्मणि फेरि प्रभुको पाउमा आहा
देखिन्छ पात भैं सुन्दर् अगुलि हरू ति सफा
भई कमलको गट्टा सरी नै गुल्फ रामको
हरणै गर्दछ भक्त चित्तलाई खिचेर जो
२१९०
त्यसमाथि पनि सुन्दर् पाउजेव रहेर त्यो
गर्दा छम् छम् स्वरै हुन्थ्यो वाजाजस्तै अनंगको
मणि जडितको राम्रो धनुर्वाण लिइ प्रभो !
आंगन्मा दशरथ्जीको खेल्नु हुन्थ्यो डुलेर पो
२१९१
थियो सरल स्वभाव रामको अति निर्मल
गर्नु हुन्थ्यो सदा रक्षा हाम्रो श्री भक्त वत्सल
एवं प्रकारले सारा पुरवासी हरू सब
सम्भेर रामको रूप गुण शील स्वभाव त
२१९२

पैलेको वर्णनै गर्दै प्रशंसा गर्दथे पनि
वयान गरदा गर्दै तिनी हेरू सबै अनि
प्रेम पूर्ण हुदै फेरि जस्लाई खास रामले
सम्फनुहुन्छ है आफ्नै खास तेस्ता समस्त रे
२१९३
हामीहरू सरी पुण्य पुञ्ज वाला जनै पनि
होलान् जगतमा थोरै 'भनेर आफनो पनि
-भाग्यको तारिफै गर्न लागे लोक हरू सब
अबध्मा जन्मिदा हामी भयौं धन्य ' भनीतब
२१९४
त्यसै बखत्मा मिथिला नरेश -
-जनक्जी आई पूंगनु भएछ
भन्ने खबर् यो सुनी ती समस्त
प्रेम्मा डुबे लोक भएर मस्त
२१९५
श्री सूर्यका - वंश - कमल् दिवाकर
मनोहरै पद्म नयन् रघूवर
समाजका साथ ससंभ्रमै पनि
उठ्नु भयो राम जुरूक्क नै अनि
२१९६
लिएर भाई गुरू मन्त्रि साथमा
पुर्वासिलाई पछि लाउदै तहाँ
हिड्नु भयो राम अगाडी लम्कदै
भेट् गर्नलाई मिथिलाधिनाथ नै
२१९७
उता जनक्ले पनि देख्नु भो जब
गिरिवरै चित्रकुटै कन तब
प्रणाम गर्दै रथबाटं झट्ट नै
जमीनमा उत्रिनु भो समस्त नै
२१९८
दर्शनप्रभुको मिलि पाउको धुलो
मिल्नेछ सब्लाई भनेर नै ठुलो
उत्साह आनन्द र लालशा पनि
हुदाँ सबैको मनमा अतिव नि
२१९९
वाटा भरी क्लेश थकाइको पनि
लेशै पनि याद भएन हेर नि
जहाँ थिए राम र जानकी पनि
थियो सबैको मन ता उहि पनि
२२००

विना मन् देहको सुख्ख दु :ख औ तापको सुध
होओस् कस्लाई ? यो वात आफैंले मनले बुझ
भएका प्रेमले मस्त बुद्धि यहि प्रकारले
श्रद्धा साथ दुवै फौज लागे भेट् गर्न प्रेमले
२२०१
मुनिको पाउको गर्न लागे जनक वन्दना
प्रणाम गर्नु भो जाई रामले ऋषि सब्कन
भाई सहितमै फेरि भगवन् रघुनाथले
तुरून्त गर्नु भो भेट राजा जनक साथ रे
२२०२
बान्धब सहितै राजालाई आश्रम तर्फ नै
लिएर जानु भो साथ रामजीले तुरून्त नै
मानौं शान्ति रसै रूपी पवित्र जलले पनि
परिपूर्ण भएकी ती सेना रूपीणीकी पनि-
२२०३
-करूणा नदिको बाढीलाई श्री रामले तहाँ
लैजान लाग्नुभो आफ्नो आश्रमरूपी समुद्रमा
आश्रम जलधि तर्फ लागेकी जानलाई ता
फौज रूपी करूणाकी नदि जो वेग साथ ता
२२०४
ज्ञान वैराग्य रूपीको तिरलाई डुवाउदै
शोकाकुल् वाणी रूपीको नदिनालाहरू सगै
मिलदै शोकका लामा सुस्केरा रूपीका पनि
तरंगले भई युक्त ती ठुला धैर्य रूपीणी
२२०५
वृक्षैहरू लाई समस्त भाँची
बिषाद बन्दै अति शीघ्र आचि
प्रभाले युक्त भएर भ्रान्ति
रूपी भूँवरमा फिजी धेर कान्ति
२२०६
देखाउदै भीषण देखिएकी
देख्दामा नै शान्ति हर्ने भएकी
डुवाउदै धीरज शान्तिलाई
वहाउँदै दुख्खको कान्तिलाई
२२०७
त्यहा नदिका बीचमा रहेका
विद्या रूपी नाउ थिए चलेका
माझि थिए पण्डित ज्ञानी सारा
गर्ने विद्या नाऊहरू किनारा
२२०८

तेसैवेला नाउलाई खियाई
पारै गर्ने निम्तिमा झट्ट जाई
देखिएनन् कोहि सामू नदिको
सरेनन् क्वै तार्न अघाडीमा हो
२२०९

वन्मा हिड्ने कोल औ भिल्ल आदि
तिर्मा हिड्थे जो सधैं मार्ग प्यादि
त्यो वेलामा भेल देखि नदिको
हारै मानी हर्दथे है थकि जो
२२१०

सेना रूपी करूणाकी नदि त्यो
उर्लिएरै तेसरी ता वहि पो
जैले मिलि आश्रमै रूपिको त्यो
सिन्धुमहा वेगले झट्ट नै जो
२२११

आश्रम् रूपि सागरै ता समस्त
भएर पो व्याकुलै लस्त पस्त
मानौं वेगै साथ बढ्दै अघाडी
मार्यादादि आफनो कृत्य छाडी
२२१२

उम्लिएर सब तर्फ बढे झैं
राज बन्धु दुइ तर्फ थिए है
शोक व्याकुल थिए नर नारी
दीन हीन अति दुःखीत भारी
२२१३

तिनमा ज्ञान औ धैर्य लज्जो केहि पनि हरे !
सकेन रहनै लाई भए सब अधीर रे
राजा दशरथैजीको रूप गुण शीलको
प्रशंसा गर्दथे सारा विकल् भै कष्ट साथ जो
२२१४

डुबेर शोक सिन्धुमा रून्थे व्याकुल नै बनी
भएर विकलै सारा नर नारीहरू पनि
दीन मलिन भै सोच विचार गर्दथे अनि
गालि गर्थे अरे कुद्ध प्रतिकुल विधे ! भनी
२२१५

भएथ्यो श्री जनक्जीको तेस्तोशोक दशा अहो !
तपस्वी सिद्ध औ योगी देव वृन्द समेत पो
यो प्रेमको नदिलाई तर्न सक्ला र को ?हरे !
तेस्ता समर्थको वीर छैन संसार भित्र रे
२२१६

जाहिँ ताहिँ अनि सारा मुनिले शोक व्याकुल
भएका ति सबैलाई अमीत अति निश्चल-
- उपदेश - गरे - फेरि वशिष्ठ मुनिले पनि
जनक भूपतिलाई "हे राजन् चित्तमा पनि
२२१७

धर्नुहोस् धीरजै " भन्दै तहाँ मौकानुसारले
भन्दछु तुलसि दास यस्मा केहि कुरा म रे
ज्ञान् रूपी सूर्यले जस्को संसार रूप रात्रीको
अन्धकार सबैलाई गरेको छ विनष्ट पो
२२१८

वाणी रूपी किरणले ता मुनि रूपी सरोजको
विकास नै गरेको छ मकरन्द भरेर जो
तिनैको नगिचै मोह के सक्थ्यो आउनै ?अहो !
यो ता हो महिमा राम सीताको स्नेह सिन्धुको
२२१९

बयान गर्छन् अनि वेदले पनि
संसारमा साधक सिद्ध ती अनि
प्रपञ्च मग्ना बिषयानु रागी नै
पुराणमा वर्णित छन् सबै यी नै
२२२०

तीनै थरीका सब जीव हुन्छन्
जस्को छ सीता पतिमा सधैं मन्
श्री रामका सद्गुण प्रेम रस्ले
सत्संगमा मगन हुनेछ त्यस्ले
२२२१

ठुलो आदर् हुन्छ तेंस्को सदा नै
जस्तो कोहि छैन माझि जहाँ नै
शोभा केहि नाउको छैन जस्तै
प्रेम श्रद्धा रामजी माथि तेस्तै
२२२२

हुदैन ज्ञानले मात्र शोभा मस्त भएर त
नसम्झे हरिको पाउ ज्ञान जान्छ उडेर त
वशिष्ठले जनक्लाई सम्झाए धेर भाँतिले
स्नान गरे अनि सव्ले राम घाट गएर रे
२२२३

थिए सब् शोकले पूर्ण नर नारीहरू पनि
विना जल वित्यो दिन् त्यो निराहार गरेरनि
मृग औ पशु पक्षीले समेत त्यो दिनै अहो !
गरेनन् केह आहार सारा दुःखी भएर जो
२२२४

प्रभुकै प्रिय आफन्तै हरूका विषयै महा
के भन्नु कसरी सब् त्यो गर्नु वर्णन नै यहा?
निमिराज रघुराज यी दुवै परिवारले
विहान भोरमा राम घाटमा गरि स्नान रे
२२२५
आई त्यो बटबृक्षका तलमहाँ बस्दा भए ती अनि
दुब्लो धेर शरीर् मन्पनि मलिन् थियो सबैको अनि
जो अबध् पुरवासी औ तिर हुतै बस्ने त ब्राम्हण्थिए
संसारी भय मुक्तिको पथ अनि पत्ता जगत् भित्र रे
२२२६
पाएका रवि कुलको गुरू स्वयं वशिष्ठजी औ अनि
शतानन्द पुरोहितै जनकका दौटै मिलेरै अनि
सत् वैराग्य र नीती धर्म अनिता विवेकले पूर्ण जो
संयुक्तैछ अनेक तेहि उपदेश् लागे दिनैलाई पो
२२२७
भन्छन् कौशिकजी पनि अनि सबै प्राचिन्कथाहेरू जो
सम्झाए मृदु बोलिले सकल त्यो राजै सभालाई पो
विश्वामित्रजीका गएर संगमा श्री रामचन्द्रजीले
आज्ञा भो प्रभु यी सबैजन रहे हिजो विना प र्नीले
२२२८
विश्वामित्रजीले सुनेर प्रभुको त्यो वाणीलाई अनि
हेराम ! ठीक भन्नुभो हजुरले फेरि यी आजै पनि
अढाई प्रहर दिनै विति सक्यो भन्दा ऋषिले जब
यो वाक्यै ऋषिको बुझेर नृपले भन्दा भए यो तब
२२२९
यहा अन्न खानू उचित् छैन हरे
अयोग्यै हुनेछन् भनेको सुनेर
सबैको बुझ्यो चित्त आज्ञा लिएर
गए स्नान गर्नै सबै ति मिलेर
२२३०
अनि कोल भिल्लादि बन्चर् समस्त
त्यहि एक साथै मिलेर प्रसस्त
फल फूल कन्द मूल हेरू सारा
सबै साग पत्रादि नाना प्रकार-
२२३१
- मिलाई गरेरै अनेकौ थरीका
ठुला खर्पनै हेरूलाई भरी ता
ती आए लिई ताँति लागेर फेरि
भए हर्षित रामको पाउ हेरी
२२३२

अनुग्रहैले रघुनाथजीको
त्यो चित्रकुटै परवत् पनि जो
कामद् तथा दर्शनले क्षणैमा
बिषाद हर्ने हुन गो सबैमा
२२३३
फेरि त्यहाका वनमा अनि त
नदि र मैदानमहा पनि त
उम्लेर आनन्द र प्रेम सारा
आए सरी भो सब लागी धारा
२२३४
वृक्षै लतामा फल फूल सारा
भरी भयो झम्म भई निराला
गुञ्जन् गरी पुष्प महाँ रमेर
सारा भ्रमर मस्त भए झुलेर
२२३५
सरोजले ताल समेत छोपी
शोभा बढाए मकरन्द पोखी
झुलेर फेरि सबमा भुलेर
उड्थे भ्रमर पंकजमा डुलेर
२२३६
पक्षीहरूले झिकी रागलाई
नाच्थे वनै धन्न गरी रमाई
हरेर फेरि त्रय ताप लाई
चल्यो पवन् वास मीठो फिजाई
२२३७
नाचेर सारा मृग सामु आई
हर्थे सबैका मनको थकाई
छाता सरी भै नभ ढाकी फेरि
हर्थे घटाले रवि ताप घेरी
२२३८
मानौं ऋतुराज अनंग साथ
हो कि बसेको वनमा त्यहा त
भने सरी शोभित भो निराला
समस्त त्यो जंगल कान्ति वाला
२२३९
त्यो मनोहर शोभाको वर्णन् गर्न सकिन्न है
मानौं जनक राजाको आथित्य गर्नलाई नै
लागेकी हुन्कि पृथ्वीले भने सदृश भो अनि
जनकपुरका सारा दुनिया हरूले पनि
२२४०

राम जनक राजा औ मुनिहरू समेतको
पाई हुकुम झट्टै नै गरेर स्नान फेर जो
राम्रा राम्रा लता वृक्ष हेरेर त्यहि तिरमा
विश्राम गरनै लागे खुसी भै वन माझमा
२२४१

पवित्र औ सुन्दर अमृतै सरी
मधूर मीठो विविध थरी थरी
फलफूल कन्दमूल साग पात नै
इत्यादि राम गुरूले अगाध नै
२२४२

भरी भरी खर्पनमा गरेर
सन्मान साथै सबलाई फेर
पठाउनु भो अनि ता सबैले
आथित्य पितृ गुरू देवकै रे
२२४३

गरेर पूजा खुसीले रमेर
गरे फलाहार सबै मिलेर
एवं तरिकासित प्रेम साथ
वित्यो दिनै चार उडेर खास
२२४४

ती राज वन्धु दुइ तर्फकै अनि
पाएर दर्शन् रघुनाथकै पनि
सुखी थिए मग्न भएर प्रेमले
बिर्से घरै सम्म पनि समस्तले
२२४५

थियो सबैको मनमा विचार यो
"फिर्नु सीता राम विना यसै अहो !
राम्रो हुने छैन " भनी समस्तले
हुन्थे कुरा यो गरि प्रेम मस्त रे
२२४६

इच्छा थियो यो मनमा समस्तको
"वनवास गर्नु रघुनाथ साथ जो
हो जन्मको सार सम्सत नै पनि
मिल्दैन यो सुख्खं त देव मै पनि
२२४७

यो हो करोडौं अमरावति सरी
दिने सदा सुख्ख र शान्ति वेसरी
जस्लाई सीता रघुनाथ लक्षण
त्याजेर पर्ने घर नै सदा मन
२२४८

त्यो निम्तिमा भो विपरित दैव नै
भनेर यो सम्झनु पर्छ है सधैं
ठगेर तिन्लाई त दैवले हरे !
फेरौ लगाए चउरासी कै भरे
२२४९

त्यो दाहिने दैव हुनेछ है जब
रमाई आनन्द भएर नै तब
पाइन्छ है बस्न नगीच रामको
चौरासीमा नत्र परिन्छ वीच पो
२२५०

त्रिकालै स्नान गर्नुछ नदि मन्दाकीनी महाँ
आनन्द अनि मंगल्की माला भैं रामको यहाँ
दर्शन गर्नु छ फेरि वास ता चित्रकुटको
वनमा छ अनि फेरि साधु र मुनि सन्तको
२२५१

पावन कुटिमा जाँदा पाइन्छ रज पाउको
खानु छ अमृतै जस्तै कन्दमूल फलादि जो
बिहार गरदै वन्मा चौधै बर्ष समस्त यो
बित्ने छ पल जस्तो भै सुखले थाह हुन्न त्यो
२२५२

आफुस्मा भन्दथे फेरि यस्तो पावन सुख्खको
हामी ता लायकै छैनौ यस्तो भाग्य अतीवको
हाम्रो हुन्थ्यो कहाँ फेरि ? राम सीता समीपमा
पाउँला बस्न र हामी के सबै सुख साथमा
२२५३

एवं रीतीले दुइ तर्फका सबै
समाजलाई मनमा पनि कठै
स्वभाविकैको सद्भावले पनि
श्री रामजीको पदपद्ममा अनि
२२५४

थियो अनुराग ठुलो सबैजन
गर्थे मनोरथ् यहि नै सबैजन
गद् गद् भई नीर भनेर नेत्रमा
भन्थे । कुरा यो अति प्रेमले तहाँ
२२५५

यो चित्तैपनि हर्द थ्यो जुन वचन् सुन्दा सबै प्राणीको
गर्थे तारिफ सिद्ध योगी पनि ता जम्मै तिनीहेरूको
तेहि औसरमा जनक् नपतिको रानीजीले प्रेमले
यौटी केटि तहाँ पठाउनु भयो बुझ्ने भनी चाल रे
२२५६

त्यो आएर सबै मौका हेरेर फर्कीई अनि
सीताजीका सबै सासू महारानीहरू पनि
फुर्सतैमा हुनुहुन्छ भन्ने हाल बुझी अनि
आए. जनक राजाका महारानीहरू पनि
२२५७
आदर्साथ सबैलाई कौशल्या महारानीले
भेटःसन्मान गर्नु भो अति नै प्रेम साथले
बेला अनुसारको आशन् ल्याएर दिनुभो अनि
ती दुवै तर्फका नारी समाजहरूको पनि
२२५८
शील स्वभाव औ प्रेम देख्दा र सुनदा सब
कठोर बज्र पग्लन्थ्यो पानी भैकन ता तब
रोमाञ्चित थियो गाथ सबैको शिथिल हरे !
थियो लोचनमा अश्रु परिपूर्ण बढेर रे
२२५९
पाउको अंगुलीले नै कोरेर पृथ्वी महा
शोक र दु:खले व्याकुल् भए सकल मन्महा
ती हुन्कि ? राम् सीताका प्रेमका मूीतैनै सब
चिन्ता गरि रहेका झैं धेरै रूप धरी तब
२२६०
करूणा नै स्वयं सारा भने झैं ती थिए अनि
धरेर धरिता फेरि जनक्की रानीले पनि
भन्न लाग्नु भयो बात दैवको मत्ति नै हरे !
चक झैं दूध फिंजलाई फोऱ्यो हानेर बज्र रे
२२६१
त्यो कुर दैवको काम रहेछ हा कराल नै
सुनिन्छ नाम अमृतको देखिन्छ बिषमात्र नै
बकुल्ला र उलुक् काग देखिन्छन् ती जताततै
देखिन्छ हाँस ता मानस् सरोवर् बीच मात्र नै
२२६२
सुनेर बाणी यो फेरि सुमित्रा महारानीले
विकल् भै लाग्नुभो भन्न अपशोच गरेर रे
बिधाताको गति देवि विपरित छ यो अनि
विचित्र पनि हो फेरि दैव प्राणी सबै पनि
२२६३
बनाई पालना गर्छ जगमा उहि फेर ता
कुर भएर साराको विनाश पनि गर्छ ता
बालकी खेल झैं लाटो दैवको मतिनै हरे !
त्यो सुनी भन्नुभो फेरि कौशल्याले झुकेर रे
२२६४

कसैको पनि ता दोष छैन यसमा अब
सुख दु:ख हानी औ लाभ कर्माधीनछयो सब
जो दैव फल सबै दिन्छ शुभ - अशुभ कर्मको
जान्दछ त्यो बिधाता नै गति कठिन कर्मको
२२६५
उत्पत्ति स्थिति संहार बिष अमृत आदि ती
आज्ञा बमोजिमै चल्छन् इशवरकै बिचारकी
प्रफञ्च दैवको यस्तो अटल र अनादि छ
देवी मोहवशै सोच गरिन्छ व्यर्थ हो ि त त
२२६६
हाम्रा प्यारा राजको जीवनै र
मृत्युलाई सम्झि आपना जनै र
सौख्यै हित्को हानी देखेर शोक
गर्छौं हामी भूपका निम्ती शोक
२२६७
ठीक छैन निज स्वार्थ निमित्त
शोक गर्छौं यसरी त समस्त
सर्ब श्रेष्ठ सबलाई पियारो
देवि जान्नु निज आत्मा छ सारो
२२६८
कौशल्याको कुरा यस्तो सुनी जनक रानीले
भन्नुभो सत्य हो ठीक कुरा यो महारानी रे
खूब हुनुहुदोरे छ पुण्यात्मा अबधेश्वर
गति पाउनुभो ठुलो सुर दुर्लभको घर
२२६९
नेत्र भरी गरी आँसु कौशल्या महारानीले
भन्नुभो रूद्ध वोलीले सीता लक्ष्मण राम रे
वन जाउन् परिणाम हुनेछ तेसको भलो
मलाई भरतको नै सुर्ता लाग्दछ है ठुलो
२२७०
हजुर्का आशिषैले र कृपाले इशको पनि
चारै छोराहरू मेरा बुहारीहरू नै पनि
निर्मल् छन् देवी गंगाको जल जस्तै पवित्र पो
रामको शपथै गर्दै भन्दछु आज सत्य यो
२२७१
छैन राम शपथ् मैले गरेको कहिले पनि
त्यहि शपथ् गरें ऐले यो सद्भाव लिएर नि
भरत्को विनयै शील महत्व गुण निर्मल
भक्ति र भावको भोलापन छ जति निश्छल
२२७२

भ्रातृ प्रेम भरोसा र प्रीती त्यो भाई भाइको
वयान गरदै सारा भन्न ता सब नै अहो !
शारदाको पनि बुद्धि लाटो भैकन ता अनि
हच्कने छ छुनै छायालाई सम्म गएर नि
२२७३
उच्लेर सीपीले सिन्धु सक्छ सिध्याउनै र के?
म आफ्नो कुलको दीप ठान्छु भरतलाई रे
महाराज पनि तेसै आज्ञा हुन्थ्यो वारावर
निष्कलंक ति छन् मेरा भरत शील सागर
२२७४
सुवर्ण चम्कीन्छ कसी लगाउँदा
पारख् मणीको पनि गर्न लाउँदा
मोलै सदा प्रष्ट हुनेछ लोकमा
यो ता सबैलाई छ याद नै यहाँ
२२७५
पुरूष्को पनि ता हुन्छ परीक्षा बखतै महाँ
आज मैले यसो भन्दा होला अनुचितै यहा
भन्ने छन् यो सुने देखि सबैले ' रानीलाई त
शोक प्रेम अनि बुद्धि थौरै रे छ 'भनेर त
२२७६
कौशल्या रानीको यस्तो मीठो र अति पावन
गंगाको जल झैं निर्मल् भएको ति कुरा कन
सुनेर प्रेमले व्याकुल् भए रानीहरू सबै
कौशल्याले धरी धैर्य भन्नुभो फेरि यो कठै
२२७७
मिथिलेश्वरि ! हे देवी ! यो सुन्नुहोस आज की
विवेक निधि धर्मज्ञ महाराज जनक्जीकी
धर्म पत्नि हजुर्लाइ उपदेश पनि सब
गर्नको सक्छ हे रानी ! तै पनि सुन्नुहोस सब
२२७८
रानी! आफै हजुर्ले नै विन्ति पारे सरी गरी
मौका पाए पछि देवी ! सम्झाई कन वेसरी
महाराज जनक्लाई मर्जि होला कुरा यिनै
यदि बुझ्छ भने चित्त यसमा मिथिलेश कै
२२७९
अवध्मै फर्किउन् लक्ष्मण् भरत्जी राम साथमा
जाऊन् जंगलमै रानी खुसी भैकन चीत्तमा
हुन सक्छ कुरा यो ता भने खूब विचारदै
प्रयत्न गरनु होला यसमा चित्त लाउदैं
२२८०
मलाई छ सुर्ता भरत्को अति नै
ठुलो प्रेम मन्मा छ तिन्को कति नै
तिनी रामलाई पठाएर वन्मा
रहेमा असल् हुन्न यो लाग्छ मन्मा
२२८१
मिथिलेश्वरी! यो सत्य हो है भन्छु हजूरमा
भन्ने यो राम माताको करूणाको रसै महा -
-मुछेका सरलै वाणी सुनेर फेरि निर्मल
स्वभाव देखदा सारा भए चकित निश्चल
२२८२
करूणा रसमा रानीहरू डुब्न सब
धन्या!धन्या! भनी शब्द घन्कियो नभमा तब
कुसुमाञ्जिलिको बर्षा भयो झरी समान भै
प्रेमले शिथिलै योगी सिद्ध सन्त भए सबै
२२८३
सबै महारानीहरू पनि तहाँ
चकित् भए छक्क परेर मन्नहा
भए सबै चित्र समान नै अनि
फेरि धरी धीरज चित्तमा पनि
२२८४
महारानी सुमित्राले भन्नुभो दिदिज्यू ! अब
दुवै घडी पनि भन्दा बड्ता रात वित्यो सब
त्यो सुनेर महारानी कौशल्या प्रेम साथमा
उठेर भन्नुभो फेरि सीता जननी साथमा
२२८५
आदर स्नेहले फेरि जोडेर दुइ हात नै
हजुर्पनि अब चाडै पाल्नुहोस् वास तर्फ नै
इशको नै भरोसामा रहन्छौं हामी ता सब
सहाय भै दिनु हुन्छ कि ता जनक नै अब
२२८६
कौशल्याको ठुलो स्नेह देखेर नम्र वाणी त्यो -
- सुनी जनकरानीले उत्तम् अति पवित्रको
वचनै बोल्नुभो पाउ समातिकन हर्षले
जो राजा दशरथ्जीकी धर्म पत्नी र फेर रे
२२८७
लोक पिता भगवान राम माता हजुरको
स्वभाव विनय शील सुहाउदो छ ठिक्कको
आफ्नो भने पछि स्वामीहरू त नीचको पनि
आदरै गर्दछन् स्नेह गरेर प्रेमले अनि
२२८८

धुवाँलाई हुताशन्‌ले गिरिले तृणलाई नै
राख्दछन् शिरमा रानी आफ्नो जानेर ता सधैं
मनसा कर्मणा वाचा माहाराज जनक्‌जी ता
महारानी हुनुहुन्छ हजुर्कै सेवकै सदा
२२८९
सहाय गरनु हुन्छ गौरी शंकर नै सदा
हजुर् सुहाउँदो अर्को को छ गर्ने सहायता
श्री सूर्य पनि ता काहिं दीपको नै सहायले
हुन्छन् प्रकाश लोक्मा ? रानी यो भन्नुहोसरे
२२९०
गएर वन्‌मा अब देवी रामजी
देवैहरूका गरि पूर्ण काम ती
आई अयोध्या फरकेर फेरि ता
राज्यै अटल् गर्नु हुनेछ हेरि ता
२२९१
मनुष्य नागै सुरहेरू त सब
समस्त प्राणीहरू लोकमा अब
श्री राम बाहु बलका प्रभावले
अपार आनन्द भएर हर्षले
२२९२
बस्नेछन् लोकमा सारा आफ्नो नै खुसीसाथले
पैले नै यो कुरा सारा याज्ञवल्क्य मुनिशले
भनेको हो भ्रुटो हुन्न कहिले मुनि वाणी त
हजुर्लाई माहारानी होला सुख्ख पछाडी त
२२९३
सीताजीकी मुमा रानी मिथिलेश्वरीले पनि
यस्तो विन्ति गरी फेरि अतिव प्रेमले अनि
कोशल्याका चरण् माथि शिर राखी सीताजीका -
- निमित्तमा विदा विन्ति गरेर रानी साथमा
२२९४
आज्ञा पाए पछि सीतालाई साथ लिई अनि
डेराको तर्फ जानुभो रानी सुनयना पनि
यथा योग्य सबै साथ सीताले पनि प्रेमले
आफ्ना माइतका प्यारा बान्धबैहरू साथ रे
२२९५
अति नै प्रेमले भेट गर्नुभो खुसीले अनि
तपस्वीनी सरी भेषमा देख्दा जानकीलाईनी
बिषाद भो सबैलाई मनमा दु:खले भरी
घेरेर जानकीलाई भए व्याकुल बेसरी
२२९६

आज्ञा पाए पछि फेरि रामका गुरूको अनि
वास स्थान तिरै लागे राजा जनकजी पनि
आएर जानकीलाई देखे जनकले अनि
प्राण र प्रेमकी प्यारी पावन अतिथि पनि
२२९७
भएकी जानकीलाई लगाए हृदयै महाँ
सीताको प्रेमको सिन्धु उर्लिइकन ता तहाँ
आयो जनक राजाको ढाकेर हृदयै भरी
ज्ञान वैराग्य ब्रम्हत्व बगायो पात भ्रैं गरी
२२९८
मानौं जनक राजको मन नै तिर्थराज हो
तेहि प्रयागमा सीता प्रेम रूपी अपारको
अक्षय बट देखियो गएको बढ्दै अनि
त्यो प्रेम वटमा फेरि राम्रो प्रेम रूपी पनि
२२९९
सुशोभित थिए बालमुकुन्द अनि भुपको -
- ज्ञान रूपी चिरायु ती मुनि मार्कण्डयले अहो !
सिन्धुमा डुब्न लागेका बेलामा राम प्रेम रूपी
बालमुकुन्दको पाए अबलम्बन फेर की
२३००
राजा जनकको बुद्धि डुब्ने होइन मोहमा
यो ता हो महिमा खाली राम सीताजीको यहाँ
सीताको बाबु आमाले वशमा परी प्रेमको
सकेनन् हृदयै रोक्न विकल् भैकन ता अहो !
२३०१
सहन् शीला धराकी नै हुनाले नन्दिनी अहो !
राखी विचार वेला र आफनो नारी धर्मको
धैर्य धारण गर्नु भो सीताले मनमा अनि
आफ्नो पुत्री सीतालाई नारी तापसको पनि
२३०२
भेषमा देखँदा राजा जनक्‌जीलाई ता अति
अपार प्रेम - संतोष भयो हृदयमा कति
भन्दछन् जनकै फेरि हे बाबा !छोरी जानकी
यो दुवै वंशलाई नै पाऱ्यौ तिम्ले पवित्रकी
२३०३
तिम्रो सुयशले सारा संसार उज्वलै भयो
भनेर भन्दछन् फेरि कुल मेरो ठुलो भयो
तिम्री किर्ती नदिले ता गंगालाई जितेर नै
अनन्तकोटि ब्रम्हाण्ड -को नै माथिपुगी अभ्रैं
२३०४

गंगाको ता ठुलो ठाउँ तीनोटा मात्र नै नहो?
तिम्री किर्ति नदिले ता अनेकौं साधु सन्तको
पवित्र हृदयैलाई बनाईन् स्थान ता ठुलो
धन्य भयौं सबै हामी पुत्री तिम्ले गरी भलो
२३०५

पिताले गर्दथे साँचो कुरा ता प्रेमले सबै
सीता भने डुबी मानौं संकोच भित्रमा अझैं
लीन हुनु भएको नै हो कि झैं हुनुभो तहाँ
अनि माता पिता प्रेम पूर्ण भैकन मन्महाँ
२३०६

अंकमाल सुतालाई गरी सुन्दर सुन्दर
हित शिक्षा दिए फेरि आशिर्वाद मनोहर
'वेश छैन यहाँ राती बस्नु ता अब यो घरी '
भनी ,संकोचले गर्दा सीताले भन्न त्यो घरी
२३०७

सक्नु भएन है प्रष्ट रानीले बुझि त्यो कुरा
भनिन् जनकका साथ सीताको आशयै पुरा
शील स्वभाव सीताको ती जनक् राज दंपती
सराहि तारिफै गर्न लागे हृदय भित्र ती
२३०८

बारंबार मिली भेटी गरी सन्मान प्रेमले
विदा गरे सुतालाई 'अंकमाल गरेर रे
बुद्धिमति महारानी मौका पारेर ता अनि
मीठो वचनले सारा हाल भरतको पनि
२३०९

सुनाइन् भूपतिलाई राजा जनकले अनि
सुन्या सुगन्ध औ अमृत सरि झैं शशिमा पनि
भएका श्री भरत्जीका व्यवहारहरू पनि
सुनी नीर भरी बन्द गरे पलक नै तब
२३१०

रोमाञ्च पूर्ण भो गाथ गद्गद् भै मन हर्षले
लागे सराहना गर्न ति भरत्को सुकिर्ति रे
"सुन सुमुखी ! हे रानी ! सावधान भई अब
फुकाउने भव वन्धन् लीला भरतको सब
२३११

राजूनिति औ ब्रम्ह विचार नै त्यो
धर्मैहरू लोक महा सबै जो
मेरो मतिका अनुसार् समस्त
म ता यहाँ जान्दछु ती प्रसस्त
२३१२

मेरो त्यहि बुद्धि यहाँ भरत्को
के गर्छ . वर्णन् महिमा सबै यो
झुक्याई छूनाकन विम्बलाई -
- के सक्तथ्यो - वर्णन् गर्नलाई
२३१३

ब्रम्हा शेष गणेश भारती अनि शम्भु कवि पण्डित
बुद्धिमान चतुर यी सकल नै जो छन् जगत्काबिच
वर्णन् गर्न अगम्य यो भरतको थाक्छन् चरित्रै सब
तेहि निर्मल किर्ति हे सुनयने !जानौं कसोरी म त
२३१४

किर्ति शील र धर्म निर्मल गुणै सत्कर्म जम्मै कुरा
सम्झिदा सुनदा र फेरि गुनदा सुख् दायकैछन् पुरा
जस्को यो गुण किर्तिलाई मनमा सम्झेर मात्रै पनि
तर्नेछन् अति दुस्तरै भवधि यो सत्कर्म कारी अनि
२३१५

गंगाजीलाई यहि शुद्धताले
अमृतलाई रूची यसकाले
निरादर गर्दछ लोक महा"
भन्ने विचार तिमी चित्त माहा
२३१६

असंख्य अज्ञात निरूपमा दिक
अनन्त दुर्ज्ञेय भरत्जीका गुण
जानेर विश्वास गरेर यो सब
जस्तो कविका मतिले पनि तब
२३१७

धूलो सरीको छ सुमेरू पर्वत
भन्दा जसोरी शरमै भएर त
संकोचितै हुन्छ उसै गरेर त
भरत्जीको त्यो महिमा अपार त
२३१८

जल विहीनको स्थल्मा जस्तो माछा हरूकन
हिडाई अगमै हुन्छ त्यो जस्तो नै गरीकन
कविकुलहरूका ती वर्णन् वाणीलाई ता
अगम् छ श्री भरत्जीको महिमा सबलाई ता
२३१९

भरत्को अगमै यस्तो महिमालाई ता अनि
जान्नुहुन्छ रघुनाथ तर श्री रामजी पनि
वयान गर्न ता सक्नु हुन्न अगमै भई
मग्न भै तेसमै बस्नु हुन्छ अवाक् भई
२३२०

प्रेम पूर्ण भई राजा जनक्ले श्री भरत्जीको
प्रभाव वर्णन सारा गरे मग्न भएर पो
प्रियाको दिलको इच्छा जानेर अनि भूपले
भन्न लागे कुरा यस्तो रानीका साथ दु :खले
२३२१

अयोध्या फर्किउन् लक्ष्मण् जाउन् भरत जंगल
यस्तै छ सबको मन्मा यसैमा सब मंगल
भलाई छ तर रानी ! राम औ भरतजीको
प्रिति प्रतितीको तर्क सम्म गर्न सकिन्न पो
२३२२

श्री रामजी ता सम दर्शिताको -
-सिमा हुनुहुन्छ जगत्महा जो
भरत् पनि प्रेम् ममता दुइको
हदै हुनु हुन्छ विचारदा पो
२३२३

पमार्थ सुखलाई र स्वार्थ सुख्ख समेत नै
सपनामा पनि मन्ले सम्झनु मात्र सम्म नै
भएको छैन है कैले भरत्ले ' राम पाउमा
लाग्नु नै प्रेम सब् साधनहरूको सिद्धि हो यहा '
२३२४

भरत्को मत यो जस्तै मलाई लाग्छ भित्रता
भनेर प्रेम विव्हल भै भन्दछन् अनि फेर ता
बिर्सेर मनले मात्रै पनि भरत रामको
उल्लंघन् गरने छैनन् आज्ञालाई विचार यो
२३२५

प्रेम वश भई धेरै नगर अपशोच यो
भन्दै जनक राजाले रानीका साथ फेर जो
राम औ श्री भरत्जीको गुणलाई गनेर ता
पलक् झैं भइ त्यो रात वित्यो राजा र रानीका
२३२६

जागा भए दुवै राज समाज भोरमा अनि
स्नान गरेर ता देवहरूको पूजनै पनि
गर्न लागे अनि स्नान गरेर रामले पनि
सवारी भइ ता झट्टै गुरूको समीपै अनि
२३२७

गुरू चरण्मा गरी वन्दना पनि
वशिष्ठको आशय पाई ता अनि
बोल्नुभो श्री रघुनाथले तहा
गुरो ! भरत् र जननीहरू यहाँ
२३२८

नगर्निवासी जनहेरू ती सब
छन् व्याकुलै दु :ख र शोकले अब
दु :खीत छन् जंगल वासले पनि
फेरि परिवार समेतमा अनि
२३२९

सहेर व्यर्थै दु :ख यो अरण्यमा
दु :खी मिथिलेश हुनु भयो यहाँ
गुरो भयो है दिन धेर नै अब
मुनासिबै जो छ त्यहि कुरा सब
२३३०

गर्नु पर्‍यो नाथ ! समस्तको हित
हजुरकै हातमहा छ है ति त
यसो भनी श्री रघुनाथजी पनि
सँकोचीतै नै हुनु भो त्यहाँ अनि
२३३१

देख्दा शील स्वभाव ता प्रभुजीको वशिष्ठले त्योघरी
रोमाञ्चित भएर गद्गद् भए आनन्द भै वेसरी
लागे भन्न अनि वशिष्ठमुनिले राम हजुर्ले बिना
दोटै राज समाजका सकलसुख् सामग्रि ती सब्जना
२३३२

भन्छन् घोर नरक् सरी रघुपते ! हे राम् ! हजुर्ता प्रभो !
प्राणैका पनि प्राण जीवहरूको ता जीव नै सुख्खको
सुख्ख नै हुनुहुन्छ खानी सुखका बाबु ? रघुनन्दन !
हजुर बिनु हुन्छ नर्क सरि नै ती इन्द्रका कानन
२३३३

हजुर्लाई त्यजेर जोकन हरे ! घर मन पर्छ त्यो
भएका विपरित दैव पनि ता त्यहि जन माथि हो
छैन प्रेम जहा प्रभो ! चरणको केहि पनि ता अनि
तेस्ता ती सुख धर्म कर्म हरूमा सल्कोस आगोपनि
२३३४

जस्मा प्रेम प्रधान छैन प्रभुको त्यो योग् कुयोगैभयो
प्रकाशै पनि ज्ञानका सकल ती अज्ञान नै हुन्छ पो
दु :खीहुन्छसमस्त प्राणी सहसा स्वामी ! हजुर्ले विना
सुखी हुन्छ हजुर बाट जगमा चराचर सब् जना
२३३५

जसको ता मनमा छ जो हजुर नै त्योजान्नुहोला सब
आज्ञा छ शिर माथि नाथ ! प्रभुको सब्लोकलाई तब
जाहेरै छ गति समस्त जनको हजुरलाई प्रभो !
हे दिन् बान्धब ! राम!हे रघुपते ! के भन्नु पर्ला अहो !
२३३६

आफ्नु आश्रममा पाल्नु हओस हजुरैं अब
यो बिन्ति गरदा गर्दैं वशिष्ठ मुनि ता तब
भए शिथिल नै प्रेम्ले अनि श्री रघुनन्दन
पाल्नुभो गुरूको पाउपद्म माथि झुकिकन
२३३७

धैर्य धारण् गरी फेरि वशिष्ठ मुनिले पनि
मिथिला पतिको झट्टै गएर नगिचै अनि
शील स्वभाव औ फेरि प्रेमले जो मनोहर
भएका बचनै सारा रामको त्यो सुखैकर
२३३८

सुनाई जनकैलाई भने यो अनि त्यो घरी
माहाराज ! हजुर्ले नै गरी विचार वेसरी
जसमा सबको धर्म सहित हित हुन्छ है
गर्नु पर्छ त्यहि काम राजन् हजूरले सबै
२३३९

ज्ञान निधान धिमान पवित्र धर्ममा स्थिर
हुनुहुन्छ हजूर् राजन् ! विना हजूरले फिर
असमञ्जस यो टार्न कोसक्छ र यहाँ अब?
भन्ने मुनीशको यस्तो सुनी वचन त्यो सब
२३४०

मिथिलेश डुबे प्रेम्मा देखेर तिनको गति
भयविरत विज्ञान वैराग्य छिन मै अति
स्नेह शिथिल् भई मन्मा राजा जनकजी अनि
'यहाँ आएर ता मैले गरीन असलै ' भनी
२३४१

विचारै गर्न लागे यो राजा श्री दशरथ्जीले
आज्ञा दिए पनि फेरि वन् जाने रामलाई रे
प्रमाण गर्नु भो सारा आफनो प्रेमलाई त
पठाएर वनैबाट पनि वन् रामलाई त
२३४२

बढाएर अब ज्ञानलाई म खुसी भैकन
फर्कन्छु मिथिला तर्फ धिक्कार छ ममा भन'
तापस मुनि औ ब्राम्हण् हरूले मिथिलेशको
देखि हालत त्यो सारा कुरा सुन्दा सबै अहो
२३४३

प्रेम वश भई सारा भए व्याकुल ती अति
मौकाको ख्याल राखेर राजा जनकले पछि
धैर्य धारण् गरी सारा समाज सहितै अनि
राजा जनकजी आए भरत नगिचै पनि
२३४४

आएर झट्टै भरतै पनि तहाँ
लैजानु भो सब्कन आश्रमै महाँ
मौका अनुसार असल् सुआशन
दिनु भयो प्रेम गरी सबै कन
२३४५

प्रशन्न भै ति मिथिलेशले अनि
भन्नु भयो बाबु ! हजुरमा पनि
श्री रामको बानी विदित नै छ नि
भन्नु हजुर्लाई त पर्छ के र नि
२३४६

धर्म परायण् अनि सत्य वादी नै
हुदाँ रघुनाथ पनि अतिव नै
समस्तको शील र प्रेमले गरी
संकोच साथै तकलिफ वेसरी
२३४७

सहि राज भएको छ भरत ! अब यो घरी
जेगर्नु हुन्छ आज्ञा होस् हजुर्ले प्रेमले गरी
सुन्दा वचन यो सारा भरत्का शरिरमहा
पुलकावलि भै प्रेमको भरियो जल नेत्रमा
२३४८

धरदै धीरजै फेरि भन्नु भो भरतजीले
माहाराज! हजूर मेरा बाबा झैं प्रिय पूज्य रे
हुनुहुन्छ स्वयं नै ता , फेरि अनि गुरू सरी
आमा बाबु पनि छैनन् हितकारी जगद् भरी
२३४९

ज्ञान खानी भएका जो कौशिक् आदि ती सब
मुनिवर्ग हरू फेरि मन्त्रिमण्डल् पनि सब
भएका छन् सबै आफै एकत्र आज ती प्रभो !
मलाई बालकै दास आज्ञा पालक जानी पो
२३५०

बाबा शिक्षा दिनु पर्छ यस्तो पण्डित माझमा
पिताजी ! सोधनी हुन्छ हजुर्ले हा ! म साथमा
मलीन मन उल्लु म लाटो बोल्दछु यो घरी
सानो मुख्ले कुरा ठुलो बोल्छु आज म वेसरी
२३५१

विपरित विधि देखि म माथि करूणा गरी
गर्नु होला क्षमा सब्लें बाबा !आज दया गरी
सेवा धर्म सबै भन्दा कठोर छ अति भनी
पुराण वेद सारामा प्रशिद्ध छ सदैव नि
२३५२

अनुभव गरेको छ त्यो कुरा लोकले पनि
विरोध् छ स्वार्थ औ स्वामी धर्मकोआफुमाभनी
वैरका भावले अन्धो भएकालाई प्रेमको
हुदैन मनमा ज्ञान प्रेम्को रीति गजव् छ पो
२३५३
हजुर्हरू पराधिन मलाई जानी यो घरी
दाजुको आशयै धर्म नियमादि सबै थरी
कुरालाई बचाएर प्रेमका पहिचानले
सबैको हित् हुने बाबा ! कुरा अब हजुरले
२३५४
सबैको मञ्जुरी गर्ने निर्णय गर्नु होस् है
सुनी भरतको यस्तो वचन पनि ता सबै
देखि स्वभाव त्यो सारा सभा सहित भूपले
प्रशंसा गरनै लागे खुसी भैकन प्रेमले
२३५५
भरतका त बचनै पनि ता जो
सुगम् भएका ती थिए अगम् अहो !
मनोहरै कोमल औ मिठा पनि
थियो अति अद्भुतको कठोर नि
२३५६
थियो अपार अनत अर्थ ता त्यस वाणीको
सरल मधुर कोमल् थिए वर्ण भने अहो !
जस्तो कि मुख - ऐनामा हुँदामा हातले पनि
मुख आफ्नो छुनालाई ऐनामा सकिदैन नि
२३५७
तेस्तै अद्भुत औ गुढ थियो वाणी भरतको
पहुँच बाहिरै सब्को राम हृदय भित्रको
राजा जनक औ फिर वशिष्ठ भरतै पनि
साधु सन्त र ती सारा सभासद हरू पनि
२३५८
देव रूपी कुमुद गण्को गर्नलाई प्रफुल्ल ता
भएका शशि नै तुल्य जहाँ श्री रामचन्द्र ता
हुनुहुन्थ्यो त्यहि सारा गए अनि तुरुन्त नै
संचार सुनियो सारा वनवासी हरू सबै
२३५९
नव वर्षा र पानीको जोगमा मीन झैं हरे
छट् पटी गरदै व्याकुल् भए अनि सबै तिरे
अनि ती देवले सारा गति देखि वशिष्ठको
बिशेष प्रेम देखेर फेरि जनक राजको
२३६०

फेरि श्री भरतैलाई दाजु श्री रामचन्द्रको
भक्ति औ प्रेममा तल्लिन् भएका डुबिमग्न पो
अबस्था देखि साराको ती स्वार्थि देव चित्तमा
खाई हरेस ता ठुलो आत्तिए हृदयै महा
२३६१
जब ती सुर साराले वनवासी हरू पनि
देखेथे रामकै प्रेममा भएका लवलीन नि
देवता हरूको जस्तो हालतै भो हरे तहाँ
सकिन्नलेख्न त्यो साराव्याकुल ता अहो !यहाँ
२३६२
सोच बश भइ मन्मा अनि ती सुर राजले
भन्न लागे डरी सारा देवता हरू साथ रे
'संकोच प्रेमको बश्मा पर्नुभो रामजी अहो !
अब हामी सबै पञ्च मिलि केहि प्रपञ्च जो
२३६३
गरौं नत्र भने काम बरबाद भयो सब '
योभन्दै देव साराले शारदाको पनि तब
गरे स्मरण औ फेरि उनी आए पछि सब
मिलेर पाउमा पर्दै भन्छन् स्तुति गरी तब
२३६४
'शरणा गत छौं हामी देवी ! ऐले हजूरको
अनुग्रह गरी आमा ! रक्षा गर्नुहओस जो
मायाले बुद्धि फेरेर भरत्को अब यो घरी
गरेर छल् पनि केहि देव माथि दया गरी
२३६५
रक्षा गर्नु हओस् हाम्रो 'भन्ने यो प्रार्थना सब
सुनेर चतुर बुद्धि शारदाले पनि तब
स्वार्थले अन्ध औ मुढ जानेर देवता सब
भन्छिन् ' भरतको बुद्धि फेरि देऊ ' भनी अब
२३६६
भन्दछौ सुरका राजा हुदाँ नेत्र सहस्त्र नै
पनि ता देख्न सक्तैनौ सुमेरू पर्वत कनै
मेरो ता के कुरा इन्द्र ब्रम्हा विष्णु महेश्वर
हरूको ता ठुली माया हरूले पनि ता फिर
२३६७
छलले श्री भरत्जीको बुद्धिलाई शची पते
पुलुक्क हेरनै सम्म शक्तिन फेर्न सक्लि के?
त्यहि भरतकी बुद्धिलाई तिमीहरू सब
'लाटी पारी दिनु होस् ' भन्दछौ हेर ता अब
२३६८

चन्द्रिकाले किरण् चोर्नसक्छे र शशिको ? हरे
विचार गरी यो सारा भन आज सुरेश रे
भरत्को हृदयै भित्र सीता र रघुनाथको
निवास छ त्यहि फेरि प्रवेश गर्न सक्छ को ?
२३६९

जहाँ भास्करैको छ नित्य प्रकाश
त्यहाँ अन्धकारै रहन्थ्यो र खास
यति भारतीले भनी फेरि तहाँ
तुरून्तै गइन् ब्रम्हका लोक महाँ
२३७०

अनि ता देवता सारा रातीका चकवाक भैं
विकल् भएर ता फेरि मलीन मन ती सबै
देवता हरूले गर्दै कुमन्त्रणा पनि हरे !
आफ्ना प्रवल मायाले कुप्रपञ्च रचेर रे
२३७१

भय भ्रम र उच्चाट चित्त चाञ्चल्य ती सब
गरी तयार ठिक् पारी भन्दछन् यो कुरा तब
' देवता हरूको कार्य सिद्धि र हानी ता सब
एक भरतको मात्रै हातमा छ बुझे अब '
२३७२

तेसै औसरमा पुगे जनकजी राम नजिकै महा
उठ्दै श्री रघुनाथले गरनुभो सन्मान् सबैको तहाँ
त्यो बेला रघुवंशका गुरू मुनि वशिष्ठले अनि
बेला धर्म समाजको अनुकुलै बोले वचन् योपनि
२३७३

बृतान्तै मिथिलेश औ भरतको संवादलाई भनी
मन् हर्ने जुन भाइको कथा नहो गर्दै प्रशंसा अनि
भन्छन् फेरि वशिष्ठ हे रघुपते !बाबू ! हजुर्ले अब
आज्ञाबक्सनुहुन्छ जे यहि गरौं हामी खुसीले सब
२३७४

मेरो मत् छ यहि प्रभो ! रघुपते ! भन्ने गुरूको पनि
बाणी यो सुनदामहा करदुवै जोडी प्रभुले अनि
साँचो फेरिसरल् मधुर् वचन यो बोल्नुभयो प्रेमले
हे गुरो ! मिथिलाधिराज र प्रभु छँदा छदैमा हरे !
२३७५

मैले बोल्नु पनी सबै तरहले होला अयोग्यै अब
जो आज्ञा दिनुहुन्छ आज गुरूजी बाबा मिथिलेश त
तेसैलाई हजुरका शपथका साथै गरेर सहि
गर्नेछु शिर माथमा प्रभु ! म ता आनन्दताले रहि
२३७६

रामको शपथै सुन्दा बशिष्ठ मुनि औ अनि
सभा सहित संकोचित् भए जानकीजी पनि
भरत्को मुखै हेर्न नै लाई लागे सबै जन
कसैले पनि त्यो बेला सकेन उत्तरै दिन
२३७७

संकोच वश देखेर समाजलाई ता सबै
धीर भरतले खाली भगवन् रघुनाथकै
हुदाँले मात्र ती भाई भारी धीरज धर्नुभो
सम्झि भरतले फेरि बेमौका यो बिचारी पो
२३७८

आफ्नो बढन् लागेको स्नेहलाई अगस्त्यले
विन्ध्याचल्लाई रोके भैं रोक्नुभो धरी धैर्य रे
शोक रूपी हिरण्याक्ष दैत्यले गुण् गण रूपी
सन्तती उत्पत्ति गर्ने भएकी ती मती रूपी
२३७९

धर्तीलाई दैत्य रूप् सागरैमा
डुवाएथ्यो कोधित भै मनमा
शौकरूपी दैत्यको दुष्टताले
डुबेकी ती सागरै भित्रमा रे
२३८०

बुद्धिरूपी धारालाई भरत्जीका विवेकको -
-रूपी वराहले झट्टै बिना परिश्रमै अहो !
गऱ्यो उद्धार ता फेरि अनि भरतले पनि
प्रणाम विनती गर्दै नुहेर भूमीमा अनि
२३८१

दाजु रामजी औ फेरि मिथिलाकाधीराजको
वशिष्ठ गुरू औ सारा साधु सन्त समेतको
निहोरा गरदै यस्तो भन्नु भो वाषकण्ठले
भयो अनुचितै भारी क्षमा गर्नु हओस रे
२३८२

मुख नरम पारेर वाणी वोल्नु कठोर यो
यो भनी हृदय भित्र सम्झना साथ नै अहो !
भरत्जीको मनै रूपी मान सरोवरै महा
रहने निर्मल विलेक् नीती धर्म मयी तहाँ
२३८३

शारदा रूपीणी सुन्दर हाम्सिनी हृदय रूपी
मानस् सरोवरैवाट झट्टै भरतमुख् रूपी
कमलमा आइ त्यो उडदै अनि भरतले पनि
आफ्ना ज्ञान् रूपी आँखाले सबै समाजलाई नि
२३८४

अधीर देख्नुभो व्याकुल्अनि सीता र रामको
स्मरण मनमा - गर्दै - प्रणाम सबलाई पो
भन्न लाग्नुभयो नाथ ! आमा बाबु गुरू अनि
अन्तर्यामी परम्स्नेहि समर्थ पूज्य नै पनि
२३८५
उत्तम् मालिक् मोह औ भ्रान्ति हारी
शरण् पर्ने जनका हित कारी
भक्तवत्सल् चतुर पाप हारी
सरल् गुण ग्राहि दुर्गुण हारी
२३८६
दीन बन्धो ! पुत्र र मित्र नाथ
स्वामी जस्तो स्वामी नै नाथ !खास
हुनुहुन्छ फेरि नीच म जस्तो
दास हुँ है नाथको हा ! म कस्तो
२३८७
गरी शपथ् भन्दछु नाथ ! ऐले
प्रभो भई मोह वशै त मैले
पेली पिताको सब वाक्यलाई
एकत्र पारीकन साथि भाई
२३८८
आएँ यहाँ नाथ ! हजूरलाई
ताप पारी कष्ट भन्न् दिनलाई
संसारमा असल कंसल ती
उच नीच विष मृत्यु भल की
२३८९
अम्पदै अमृतहेरू सारा
जगत्महा छन् सबै ढेर सारा
परन्तु हे नाथ ! स्वामी! हजुर्को
आज्ञालाई चित्तले सम्म सुर्को
२३९०
भेट्ला जस्ले प्राणी तेस्तो जगत्मा
केहि कोहि छैन यो विश्वभर्मा
सुनियो न देखियो प्राणी तेस्तो
गरें मैले धृष्ट ता नीच कस्तो ?
२३९१
किन्तु त्यहि दोषकनै हजुर्ले
सत्प्रेम सेवा लिनुभो जरूर् रे
हजुरका ती करूणा निधि ! त्यो
भोलापनले त कृपा गरी जो
२३९२

मेरो गऱ्यो नाथ ! भलो जगत्मा
मेरा सबै दुषण भन्न् मफत्मा
भूषण् सरी भो सब नाथ !यो ता
चारै तरफ् किर्ति असल् फिंज्यो ता
२३९३
हे नाथ् ! हजुर्को गुण किर्ति बाणी
महत्व फैली जगतै भरी नि
पुराण सत्शास्त्र र वेदले त
बयान जो नित्य गरी रहेछ
२३९४
क्रुरै कटिल् दुष्ट कलंक नीच
निशंक दुर्बुद्धि दु:शील् नरै त
सबै यी नास्तिक पनि जरूर् पो
संभुखमा पर्न शरण् हजर्को
२३९५
आए भने शरण् पर्ने बित्तिकै त हजुरको
आत्मिय पारनु हुन्छ तिन्लाई सर्वदा प्रभो !
दोष देखे पनि तिन्का त्यो दोषलाई चित्तमा
राख्नु हुन्न हजुर् कैले विर्सनु हुन्छ भित्र ता
२३९६
सुन्नुभयो भने फेरि तिनकै गुण ता: अनि
साधु र संत हेरूका समाज बीचमा पनि
प्रशंसा गरनु हुन्छ वयान गरदै सब
अब गुण हरू सारा नाश पारेर नै तब
२३९७
सजाई दासलाई जो सकल साजले अनि
पाप खारेर त आफु समान पारने पनि
दासमाथि दया गर्ने स्वामी हजूर भैं ठुलो
को छ जगतमा ? नाथ ! अरू ता प्रभु भैं भलो
२३९८
आफुले सेवमै माथि गरेको उपकार र
कर्तव्यलाई स्वप्नमा पनि जो सम्झिदैन र
दासबाट गरिएका सेवाले दीन बान्धब
शोच विचार संकोच आप्न्ना हृदयमा सब
२३९९
जो राख्दछ सदा मन्मा तेस्तो स्वामी पनि प्रभो !
दोश्रो छैन हजुर् छाडी जगतै भरमा विभो !
दाजैज्यू ! यो कुरा सारा उठाई हात यो दुवै
प्रंण गर्दै म ता भन्छु सत्य सत्य भनेर नै
२४००

पशु नाच्छन् सुगा सारा पढ्नलाई सिपालु छन्
अधीनमा नट पाठक्का ती दुवै थरि गुण छन्
यस्तै तरहले आफ्ना सेवक हरूको पनि
गरी सुधार तेस्लाई गरी सन्मान नै अनि
२४०१.

लोक्मा बनाउँछ जस्ले संत जन्का शिरोमणि
तेस्ता नाथ प्रभु छोडी फेरि को ?रघुकुल् मणि
अरूले पालना गर्ला आफ्ना विरदै हरू
भक्त वत्सल! हे नाथ ! यस्मा विन्ति कती गरूँ
२४०२

स्नेह औ शोकले या म ता बाल स्वभावले
बाया तर्फ लगाएर आज्ञा हजूरको हरे !
आएँ ता पनि हे नाथ ! आफ्नों तर्फ हजूरले
हेरेर ठान्नुभो बेश मलाई रघुनाथ रे
२४०३

शुभ मंगलको मूल भएको दाजु नाथको
पद कमलको दर्शन् पाएँ आएर फेर जो
होइनै बक्सँदो रे छ अनुकुल स्वभावले-
-प्रभु भनेर ता जाने, ठुलो यो हुलभित्र रे
२४०४

आफ्नो भाग्यठुलोदेखें आफ्नो यो चुकमा पनि
हजुर्को यो ठुला प्रेम धन्य धन्य प्रभो अनि
अनुग्रह अनि फेरि कृपाले प्रभुको ठुलो
भरि यो अंग मेरो भयो नाथ ! सबै भलो
२४०५

प्रभो ! हजुरले जे जो गरि बक्सनुभो यहाँ
गर्नुभो त्यो सबै धेरै धन्य स्नेह ममाथि मा
स्वभाव स्नेह औ आफ्नो श्रेष्ठताले दयानिधे !
मेरो दुलार यो सारा कायम् राख्नु भयो बिधे !
२४०६

अत्यन्त दीन जानेर क्षमा गर्नु हुनेछ है
सुजन मालिकै फेरि मित्र औ बुद्धिमानकै
साथमा बोलदा धेरै लाग्दछ दोष ता ठुलो
सच्याएर सबै मेरो कुरालाई अब प्रभो !
२४०७

आज्ञा बक्सनु नै पर्छ सत्य धर्म र सुन्दर
आनन्दका- परम् सीमा स्वरूप जानकी वर
प्रभुका पद पंकज्का रजको शपथै छ है
गरी शपथ त्यो आफ्नो मनका यो कुरासबै
२४०८

विन्ति गर्दछु हे नाथ ! दीनबन्धो ! रघुवीर !
जागा रहे पनि स्वामी निद्रामा पनि ता फिर
सपनामा पनि यस्तो अभिलाषा छ पो अब
चारै चीजका फल स्वार्थ छल औ लालसासब
२४०९

त्यागेर स्वामीको सेवा सहज स्नेहले सदा
गर्नु पर्दछ हे नाथ ! लबलीन भएर ता
दास भैकन हे नाथ ! मन कर्म र बाणीले
म पाउँ नाथको सेवा गर्न गर्दछु विन्ति रे
२४१०

योग्य सुस्वामीको आज्ञा पालन् गर्नू सरी ठुलो
दोश्रो सेवा अरू छैन हे प्रभो !सत्य भन्छु यो
पाओस् यो दासले तेहि अनुग्रह भनेर त
निश्छल प्रेमको बशमा भरत्जी हुनु भो आहा !
२४११

रोमाञ्च भो शरीर भर्मा नेत्रमा प्रेमका जल
भरियो भरतैजीले भई अतिव विव्हल
रामको पाउमा छाँद हालेर दु:खले अति
मुर्छित हुनुभो त्यस्तो स्नेह भन्न सकिन्न की
२४१२

बोलेरै मृदु बाणी फेरि प्र भुले मुसारदै माथमा
सन्मान् गर्नु भयो उठाइकन ता बाहु समाती तहा
आफुनेर लगी बसाउनु भयो भाई भरत्जी कन
बाणी त्यो विनयी सुनी भरतको देखेर बानी भन
२४१३

स्नेहै शीथील रामजी हुनुभयो कर्तव्य औ स्नेहले
पीडा भो मनमा ठुलो प्रभुजीको खै कसोरी ? हरे
मिथिलेश्वर साधु सन्त र अनि साभासद छन् जति
भए स्नेह शिथिल त्यो बखतमा व्याकुल् भएर कती
२४१४

भातृप्रेम र भक्तिभाव सब ती भरत्जीका स्नेहको
साराले महिमा अपा र तिनको आफ्ना मनैभित्र पो
लागे खूब सहाउनै अनि तहाँ ती देवताले पनि
साह्रै खिन्न भएर चित्त मुखले गर्दै प्रशंसा पनि
२४१५

फूल बर्षाउनै लागे, रातका कमलै सरी
खुम्चिए देवता सारा सुनी बृतान्त त्योघरी
दुवै तरफका सारा पुरवासीलाई दीन र
व्याकुल् देखे पछि सारा मलीन मन ती सुर
२४१६

मरेकालाई 'मारेर आफ्नो मंगल नै पनि
चाहन्थे सुरका राजा इन्द्र कपट औ अनि
दुराचारी अधम्को नै सिमा हुन् अरूको सधैं
बिगारी कन ता काम, आफ्नो कामहरू सबै
२४१७
सपार्नु नै सदा पर्छ मन ता पाकशत्रुको
रिति छ कागको जस्तै छन् छली र मलीन पो
विश्वास छैन तिन्लाई कोहिको उपरै पनि
सम्झन्छन् जगतै सारा कुटिल आफु झैं अनि
२४१८
गरेर पैले तिनले कुमन्त्रणा
जम्मा गरेका कपटादि जो छन्
उच्चाटनै रूपी कपाट लाई त्यो
हाले सबैको शिरमा खनाई जो
२४१९
उच्चाटनैको वशमा परेर ता
दुवै ति राजा हरूको समाज ता
दु:खी भए मन् विकलै भएर पो
तिन्को मति स्थिर रहेन फेर जो
२४२०
कैले पलैमा वनवासको पनि
राख्ने मनैमा अभिलाषा नै अनि
फेरि छिनैमा घर जाउँ है अब
भनी रूचाई रहने भए सब
२४२१
समुद्र औ ती नदि हेरूका सब
संगमको बखतको सरी तब
डोलायमानै भइ चित्ताको गति
दु:खी भए व्याकुल भै समस्त ती
२४२२
दोधारमा नै परी ती समस्त ता
नपाउँदा काहि पनि प्रशन्नता
दु:खी भए ती अधिरै भएर हा !
त्यो मर्म आफ्ना मनको पनि सफा
२४२३
भन्दैथे एक गइ अरू सगै
यस्तै गरी ती सब पिल्सिएर नै
घुम्थे सबै छट्पटि भै हरे! ति त
हलचल् भयो मन् सबको यहि रित
२४२४

अनि दयासागर रामले तब
जानेर तिन्का मनको कुरा सब
हांसि मनैमा 'यी पुरन्दरै अनि-
-युवा र कुत्ता यि तिनै थरी पनि
२४२५
परस्परैमा अति तुल्य छन्' भनी
सोचेर यस्तो प्रभुले त्यहाँ अनि
देखि सबैलाई अतिव व्याकुल
दु:खी हुनु भो मनमा प्रभु खूब
२४२६
ज्ञानी सदाचारी हुने भरत र
साधु र संत सब ति मुनीश र
राजा जनक्जी अनि मन्त्रिमण्डल
यिनी सबैलाई त्यजेर निर्मल
२४२७
अरू यथायोग्य ती पाउँदा जन
द्यौता हरूका सब ती उचाटन-
-रूपी कडा पाश समस्त लाई नै
लागी भए व्याकुल धेर दु:खी नै
२४२८
दयासागर रामले ती दुनियाँलाई निजै स्नेहले
त्यस्तै फेरि सुरेशको छल परी दु:खी भएका हरे !
देखि बक्सनु भो र फेरि अनि ता गुरू वशिष्ठै भए
मन्त्रिगण् मिथिला पति अनि दुवै ती फौज औ बिप्रे
२४२९
यी सबैका मतिलाई भरत्की भक्तिले पनि
जकडीकन बाँधेकी देखि बक्सनु भो अनि
मानौं तस्वीरका मूर्ति हुन्कि भरतजी पनि
भने सदृश नै निश्चल, एक टक रहेर नि
२४३०
-हेर्नुहुन्थ्यो रघुनाथलाई फेर् वोलदा पनि
कोहि आएर हो ताकि सिकाएका वचन् पनि
भने जस्तै धकाएर वोल्नु हुन्थ्यो अडेर त
मानौं प्रेम रसै आई भिजाएका समान त
२४३१
मह-त्व, विनयै, प्रिती नम्रता श्री भरत्जीको
कुरा सुन्दा महा छन् है आनन्द दायकै यी जो
वर्णनै गर्न ता ठुलो गाहो पर्दछ लोकमा
भएर बस्दछिन् लाटी शारदा नै स्वयं यहाँ
२४३२

लव्लेश मात्र नै जस्को प्रितिको देखदा महा
डुबे गम्भिर प्रितिमा मुनि र मिथिलेश ता
म तिनै भरतजीको वर्णनै अब के गरी ?
मन्दबुद्धि गरौं , मन्मा सोचेर भन वेसरी
२४३३

श्री भरत्को महिमा र भक्तिको यो प्रभावले
उम्लेर आई सद्बुद्धि मेरो हृदयबाट रे
मेरी बुद्धि भरतको महिमालाई ता ठुलो
आफूलाई अति सानी सम्झेर कवि हेरूको
२४३४

- कूलको लाज मानेर संकोचित भइ अब
भरत्को गुणको खूब थियो रूची भने तब
तर वर्णन ता गर्न सक्तैन बुद्धिको गति
शिशुको वचनै जस्तो भयो लटपटे अति
२४३५

शुद्ध भरतको किर्ति निर्मल शशि हो अनि
चकोरीको कुमारी हो मेरी बुद्धि बुझें पनि
त्यो शशि भक्त प्राणीका हृदयाकाशमा सदा
उदाएर रहेको छ त्यो चकौर् बालिका तहाँ
२४३६

एक टक शशिलाई हेर्दछे स्थिर भै सदा
चित्रका मूर्ति जस्तो भै निश्छल प्रेम साथ ता
वेदले पनि जान्दैन स्वभाव श्री भरतको
भने म तुच्छ बुद्धिले कसरी जानूँ बिज्ञ हो !
२४३७

चञ्चल् तामा दया राखी गर्नुहोलाक्षमा अब
सद्भाव भरतजीको भन्दा सुन्दा पनि सब
फेरि को मानिसै राम सीताको पाउ पद्ममा
होओइन अनुरक्त भक्ति राखेर चित्तमा
२४३८

सद्भाव भरतजीको रामका पाउ पद्ममा
पैदा गर्ने छ है प्रेम छुटाई मोह चित्तमा
जस्लाई श्री भरत्लाई सम्झना साथ चित्तमा
सुलभ भएर आउन्न प्रिति राम चरण् महा
२४३९

त्यो बराबरको वाम क्रो होला प्राणी बिश्वमा ?
चौराषिमा डुबि नित्य पर्नेछ पछि नर्कमा
दीन दयालु ती बाठा रामचन्द्रजीले पनि
शोचनिय अवस्था त्यो देख्नु भो सबको अनि
२४४०

मन्का कुरा पनि सारा आपन्ना भक्त भरतका
जान्नुभो करूणा सिन्धु रामजीले तुरून्त ता
अनि ता नीती निपूर्ण धीर धर्म धुरन्धुर
स्नेह सिन्धु नीती पालक् दया र शीलको घर
२४४१

प्रिति पालक रघुवरजीले
देशकाल अनुकुल बुझी रे
राखदै मनमहा पनि ख्याल
वाक्य रोचक मनोहर चाल
२४४२

हितकारी परन्तुमा भएका सुनदा पनि
सुधा सदृश वाणीको सर्वस्व सरि यो अनि
बोल्नुभो वचनै फेरि हे बाबु !भरत तिमी
धर्म धुरन्धर लोक व्यबहा्र कुशल् अनि
२४४३

प्रेम निपूर्ण छौ फेरि ज्ञात छौ व दको सब
भन्दछु भाइ ! यो आज सत्य वचन नै अब
मनसा कर्मणा वाचा तिमी छौ निर्मलै अति
तिमी जस्तो तिमी नै छौ सत्य हो यो भनुकँति?
२४४४

पूज्यैजन् हरूको समाज र अनि यो बेबखत्मा पनि
आपन्नो नै प्रिय भाईका गुणहरू बाबु कसोरी अनि
भन्नैलाई सकिन्छ हे भरत ! यो श्री सूर्यकुल्को रिति
जान्दैछौ तिमी भाई यो सकल नै किर्तिहरू छन् जति
२४४५

सत्य प्रतिज्ञा गरने पिताजीको
किर्ति र प्रिति पनि जान्दछौ ती जो
समाज औ काल र पूज्य मान्यको
लज्जा उदासिन र शत्रु 'मित्रको
२४४६

मन्का कुरा हेरू पनि समस्त त्यो
फेर् जान्दछौ बाबु ! तिमी अवश्य पो
कर्तव्य थाहा छ समस्तको अनि
आपन्नो र मेरो अति नै हितै पनि
२४४७

धर्मै समेतै तिमी जान्दछौ सब
सबै थरीबाट मलाई ता अब
तिम्रै भरोसा छ त भाइ !यो घरी
तथापी मौका अनुसारले गरी
२४४८

भन्छु तिमीलाई म बाबु ! आज यो
थाहा छ तिम्लाई तथापी काज त्यो
मेरा कुरालाई विचार यो सब
बाबु ! पिताजी नहुँदा पनि तब
२४४९
गुरू कुलैका करूणा कटाक्षले
रक्षा गरी रे छ यथार्य सर्ब रे
नत्र प्रजा यो नगरै निवासी र
समस्त बन्धुहरू साथ हामी त
२४५०
हुने थियौ बाबु ! दु :खी अहो ! कति?
राज्यै सबै नष्ट भएर छन् जति
ति साझमा अस्त हुने रवि पनि
मध्यान्हमै अस्त भए भने अनि
२४५१
हुदैन क्लेश कसलाई लोकमा
भाइ ! तिमी नै भन सोची चित्तमा
उत्पात धेरै त्यस दैवले गऱ्यो
बिचारनु यो तिमीले पनि पऱ्यो
२४५२
वशिष्ठजी औ मिथिलाधिराजले
वचाउनुभो सबलाई काजले
भूमि प्रतिष्ठा धन धर्म नै अनि
भाइ ! समस्तै थरि लाज नै पनि
२४५३
राजकाज घर द्वार सारालाई ता भाई! यो
प्रतापले गुरूको नै पालना गरने छ पो
परन्तुमा सबैलाई हुनेछ अशलै अनि
भरत ! भाइ ! समाज सहितै राजमा पनि
२४५४
-रहने भाइ तिम्रो र अनि जंगलमा पनि
रक्षा गर्ने गुरूकै छ अनुग्रह ममा पनि
माता पिता गुरू स्वामी पूज्य यी जनहेरूको
आज्ञा पालन गर्नु नै सबैको मुख्य धर्म हो
२४५५
धराको तेहि नै धर्म शेष स्वरूप भैकन
तिमी धारण् गरे बाबु ! ती धर्म बसुधाकन
तिमी पनि गरे पालन् त्यहि धर्म भरत् अब
मलाई पनि ता बाबु! गराऊ खुसी भै सब
२४५६
पालक् होऊ सूर्य कुल्को तिमी नै
किर्ति राखे सत्य पालन् गरी नै
भाई पर्ने कर्ममा जे जति जो
भोग्नै पर्छन् शीर माथि धरी त्यो
२४५७
आइ पर्दछ जे भाइ ! कर्ममा जे जति कुरा
भोग्नै पर्दछ है बाबु !रोएरै पनि ता पुरा
भने भाइ अब फेरि रोएर काँतरै बनी
किन कहालिने ? भाई सहु हाँसेर जे पनि
२४५८
सिद्धिका खायसै गर्ने साधक निम्तिमा पनि
यहि हो साधना एक सबैमा सिद्धि दायनि
त्यो आज्ञा - पालनै रूपी - धर्म किर्ति रसद्‌गति
अर्थको पावनै ठुलो त्रिवेणी ह ो विचार की
२४५९
आज्ञा रूपि त्यहि - धर्म - त्रिवेणीलाई यो घरी
धर धैर्य धरी मन्मा सहि संकष्ट वेसरी
प्रजाहरू सबैलाई परिवारहरू कन
सुखी गराउ हे भाई ! उठेर दृढ भैकन
२४६०
विपत्ति हामी सबलाई बाँडीएको छ यो घरी
तथापी भाई ! यो चौध बर्ष सम्म त वेसरी
तिमीलाई पऱ्यो कष्ट भाइ ! साह्रै कठोरको
सुकुमार तिमीलाई जानी जानी कनै म यो
२४६१
कठोर वचनै बोलि रहेको छु सबै हरे
समयै छ कि यो यस्तो कुसमय विचार रे
मेरो दोष कुनै छैन यसमा दु :खले गरी
जानी जानी म ता बालक् तिम्लाई भन्छु योघरी
२४६२
यस्ता विपत्का घडीमा त भाई
हामी संगैका सब बन्धु आई
परे जति दु :ख र कष्टलाई
हटाई दिन्छन् सबले सघाई
२४६३
बज्रले घायलै गर्न लागेका औसरै बिषे
गर्छ यो हातले आड सबलाई यो विदत्‌छ रे
सुशेवक हात औ पाउ आँखा जस्तै हओस है
मुख जस्तोहओस् स्वामी भाई ! यो ख्यालराखहै
२४६४

भाइका वाक्य यी सारा सुन्दा यहि प्रकारको
प्रितिको रिति ता सारा सुकवि यो अपूर्वको
प्रितिको गर्दछन् भारी प्रशंसा लोकमा पनि
अति दुर्लभ् छ त्यो प्रेम पाउँछन् विरलै अनि
२४६५

भई गम्भिर त्यो प्रेम सिन्धु स्वरूप नै अहो !
सुधाले मुछिए जस्तो वाणी श्री रघुनाथको
सुने समाजले सारा अनि त्येस बखतमा
चढ्यो गम्भिरको प्रेम समाधि सब् समाजमा
२४६६

भए शिथिल ती सारा त्यो दशा देखँदा अनि
रामका मुख पंगज्मा रहेकी शारदा पनि
मौन साधेर चूप् लागीन् डुबेर प्रेममा अहो !
सारा समाज त्यो बेला नचल्ने चित्र भैंभयो
२४६७

भरतलाई अत्यन्त भयो संतोष त्यो घरी
स्वामी श्री रामका सामु हुनु भो प्रेमले भरी
हटयो विषाद औ दोषमन्को दु :ख विमुख् भयो
मुखकोकान्तिउज्वल् भै उज्यालो भो त्यहि अहो !
२४६८

लाटालाई भए जस्तो अनुग्रह त वाणीको
चिन्ता मेटि भरत्लाई त्यहि भैं अति सौख्यभो
प्रेमले गर्नु भो फेरि प्रणाम भरतजीले
भुकाई शिर गद् गद् भै जोडी हातहरू ती रे
२४६९

विनति गर्नुभो 'नाथ ! प्रभुका साथ जानको -
- सरी पाएँ सुखै लोक्मा जन्मनाको पनि ठुलो
लाभ पाएँ अब दाज्यू ! कृपासागर बाट जो
आज्ञा हुन्छ उसैलाई शिर माथि धरेर पो
२४७०

त्यै अनुसार गर्नेछु आदरै साथ दाजु म
अबलम्बन हे स्वामी ! मलाई दिनु होस न
गरेर जसको सेवा चौध वर्ष रूपी ठुलो
अवधिको सहज् पार पाउँला आस राखी पो
२४७१

हे प्रभो ! गुरूको आज्ञा पाएर दीनबान्धब !
राज तिलकको निम्ति चाहिने चीज तीसब
ल्याको छु सबै तीर्थ हरूको जल् पनि प्रभो !
त्यसका निम्ति के आज्ञा हुन्छ आज मलाईपो
२४७२

मेरो मन्मा ठुलो एक मनोरथ् छ दयानिधे !
संकोचित भई आज गर्न सक्तिन बिन्ति रे '
भरतको प्रार्थना यस्तो सुनेर रामले पनि
प्रेमले मर्जि भो भाई भनि द्यौयो कुरा भनी
२४७३

अनि श्री रामको आज्ञा पाएर भरतजीले
स्नेह सुन्दरको मीठो बोली बोल्नुभयो हरे !
"हे नाथ ! प्रभुको आज्ञा पाए ता चित्रकुटका
वनका पशु औ पक्षी पावनै तीर्थस्थान ता
२४७४

अनि फेरि नदि ताल पर्वत श्रेणी औ प्रभो !
छहराहरू हे नाथ ! बिशेष गरी नाथको
चरण पद्मले चिन्हित् भएको स्थानहेरूको
घुमेर दर्शनै गर्दै आउने म थिएँ प्रभो !
२४७५

प्रेम पूर्वकले आज्ञा दिनु भो रघूनाथले
'अवश्यमेव हे भाई ! तिमी आज गएर रे
श्री अत्रि मुनिको आज्ञालाई ता शिरमा धरी
निर्भयै भई हे बाबु ! घुमे सकल वन् भरी
२४७६

श्री -अत्री मुनिको अनुग्रह हुदाँ भाइ !सबै योवन
मंगल् दायक औ पवित्र अतिनै सुन्दर्‌छ सारा सुन
ऋषिश्वर् भगवन अत्रि मुनिले भाइ ! तिमीलाई त
जाहाँ राख भनेर बाबु ! अहिले आज्ञा दिनूहुन्छ त
२४७७

ल्याएको तिमीले पवित्र जल त्यो राखे त्यहिनै अनि
ऋषिको वचनै समस्त गरनू पालन् भुकी शिर् पनि
यस्तो श्री रघुनाथको वचन ता सुन्दा भरत्जी पनि
हर्षित् भैकन मान्नु भो हृदयमा अत्यन्त आनन्द नि
२४७८

आनन्दै भइ फेरि अत्रि मुनिको पाउकमल्मा शिर
राख्नुभो भरतैजीले खुसी हुदै आदर् गरेरै फिर
यो संवाद सुनेर राम् भरतको सब् मंगलै मूल जो
शान्ति सौख्यदिने समस्त थरिको हर्ने सबै दु :खपो
२४७९

स्वार्थी भएका सुरहेरूले अनि
गरेर तारिफ् रघुवंशको पनि
ती कल्प बृक्षादी सुपुष्प त्यो घरी
लागे सबै बर्षण गर्न बेसरी
२४८०

धन्य छ भरतैलाई स्वामी श्री रघुनाथको
जय होस् जय होस् भन्दै जय ती देवहरूजो
जबरजस्तिका साथ भए हर्षित त्यो घरी
जयको ध्वनीले घन्के धरा र नभ बेसरी
२४८१

वशिष्ठ र जनक् राज सभासद सबै कन
लाग्यो अत्यन्त आनन्द भरत्वाणी सुनी झन
रोमाञ्चित भइ राजा जनक पनि ता अहो !
राम भरतको गुणग्राम औ अनि प्रेमको
२४८२

प्रशंसा गरदै भन्थे दुवै सेवक स्वामीको
सुहाउँदो छ स्वभाव यथा योग्य भएर पो
दुवैको नियम प्रेम पवित्र भनदा पनि
पवित्र छ अति भारी सूर्य झैं चम्किने पनि
२४८३

फेरि मन्त्रि हरू सन्रा सभासद हरू पनि
अनुरक्त भइ आफ्ना मतिको अनुसार नि
प्रशंसा गरनै लागे राम औ भरतजीको
त्यो संवाद सुनी सारा ती दुवै थरिलाई जो
२४८४

दुवै थरि थियो हर्ष बिषाद पनि ता हरे !
अनि श्री रामकी आमाकौशल्या माहारानीले
सुख दु:ख दुवैलाई सम जानेर त्यो घरी
राम भरतको गुण्को गरी वर्णन् बेसरी
२४८५

अरू रानीहरूलाई सम्झाउनु भयो तहाँ
प्रशंसा गर्दथे कोहि रामको हृदयै महाँ
कोहि सहाउथे भोलापनलाई भरतको
एवं तरहले त्याहाँ सुख दु:ख दुवै भयो
२४८६

अनि भरतका साथ भने श्री अत्रिले पनि
यो गिरिको नगिचैमा यौटा बेस कूवा छनि
पावन गरने भारी अमृत झैं अति मिठो
त्यो तीर्थ जल् त्यसमानै हालिदिनुहओस छिटो
२४८७

श्री अत्रि मुनिको आज्ञा पाएर भरतजीले
तीर्थ जल्का घडा सारा रमाना गरी फेरि रे
अत्रि मुनि र ति साधु सन्तका साथमा पनि
भाइ सहित भै जाहाँ त्यो अघाद कूवा छनि
२४८८

त्यहि जानु भइ फेरि त्यो पवित्र जलै पनि
त्यहि पवित्र ठामैमा राखीयो प्रेमले अनि
भन्न लागे अनि फेरि खुसी भै अत्रित्यो घरी
भरतको मनैलाई आनन्द पारी बेसरी
२४८९

अनादि काल देखिको यो स्थान सिद्धथान हो
थाहा छैन कसैलाइ कालले लुप्त यो भयो
अनि भरतका सारा सेवक हरूले पनि
देखेर जल्मय स्थान तीर्थ जल्का निमित्त नि
२४९०

त्यो कूवालाई सुजल पारे फेरि बिशेष नै
दैव संजोगले विश्व उपकार भयो अझै
धर्मको स्थिती सुगम्य पनि छ अगमैपनि
सानै कुरा गरी कैले पाइन्छ धर्म धेरै नि
२४९१

अत्यन्त हर्षले फेरि भने श्री अत्रिले तहाँ
अब यस कूवालाई भरत्कूप भनी यहाँ
भन्ने छ लोकले सारा कूप योजल तीर्थको
संयोग् पाएर अत्यन्त पावनै औ माहान भो
२४९२

प्रेम् र नियमले यस्मा स्नान् गर्दा सबलोकका
प्राणीहरू मन कर्म वचनै औ शरीर का
हुनेछन् शुद्ध नै सारा पाप नाशेर लोकको
यहां पाएर सुख् शान्ति जानेछन् राम धाम पो
२४९३

त्यो कूपको महिमाको गर्दै बर्णन ती सब
हुनुहुन्थ्यो जहाँ राम त्यहि आइ पुगे तब
सुनाए अत्रिले रामलाई अतिव हर्षले
त्यो पावन् तीर्थको सारा माहात्म्य र प्रभाव रे
२४९४

भन्दा भन्दै इतिहास प्रितिका साथ धर्मको
बित्यो समस्त त्यो रात सुखले अनि प्रात भो
श्री भरत्जी दुवै भाई नित्य कर्म सकीकन
राम वशिष्ठ अत्रिको आज्ञा पनि लिइकन
२४९५

सादा साज र ती सभ्य साथमा अति प्रेमले
घुम्नका निम्तिमा राम वनमा पनि हर्षले
कोमल् चरण पंकज्ले पाउपोश बिना हरे
पैदले लाग्नु भो हिड्न वन वन्मा घुमेर रे
२४९६

संकोचितै मन् मनमा भएर
कोमल भइन् धर्ति अतिव धेर
त्यो कण्टका कीर्ण कुमार्गका यी
सबै कडा चीज हरू लुकाई
२४९७

श्री रामका भाइ भनेर जानिन्
राम्रो सफा सौख्य दिने बनाइन्
हावा बह्यो शीतल मन्द मन्द
तिनैथरी सौख्य दिने सुगन्ध
२४९८

रामचन्द्रजीका प्यारा भाइ जानेर प्रेमले
बर्षाएर फुलै फेरि पारे शीतल मेघले
फूले बृक्ष लता सारा फलेर सुन्दरै गरी
तृणहरू पनि फेरि भए कोमल बेसरी
२४९९

मृग पक्षीहरू सारा गर्दै दर्शन प्रेमले
रमेर गर्दथे सेवा गाएर मृदु बोलिले
नीच औ अदना प्राणीहरूलाई पनि अहो !
'राम नाम' भनी हाई गर्दा मानै पनि ठुलो
२५००

सुलभ् हुन्छ सबै सिद्धि भने त अफ रामका
प्राण प्रिय भएका ति भरतैका निमित्त ता
होइन केहि यो ठुलो कुरा यहि प्रकारले
घुमेर लाग्नु भो डुल्न वनवनूमा भरत रे
२५०१

वहाको देखँदा प्रेम नियमादि ऋषि मुनि
संकोच मान्दथे मन्मा भइ आश्चर्य धेरनि
पवित्र भूमिको खण्ड पावनै ती जलाशय
तृण पर्वत् वन वृक्ष बघैचाहरू निर्मल
२५०२

मृग पक्षीहरू सारा चीजलाई बिचित्र र
पवित्र देख्दा त्यस्तै बिशेष दिव्य सुन्दर
भरत्जी सोधनु हुन्थ्यो मनमा हर्षितै भइ
ती श्रेष्ठ ऋषि अत्रिका साथमा प्रमले गई
२५०३

भरंत्जीका प्रश्न सुनेर ती सब
मन्मा अति हर्ष भएर ता तब
ती चीजका कारण् नाम औ गुण
बताउथे पुण्य प्रभाव जो हुन
२५०४

गर्नुहुन्थ्यो कतै स्नान भरत्जी कहि ता अनि
प्रणाम गर्नु हुन्थ्यो ज्यादै नै खुसीले पनि
कतै मनोहर स्थानलाई अतिव प्रेमले
हेरेर रहनु हुन्थ्यो कतै ता अनि फेर रे
२५०५

श्रीअत्रि मुनिको आज्ञा पाएर ता बसीकन
सीता साथै दुवै भाई राम लक्ष्मणजी कन
प्रेमले गरनु हुन्थ्यो ध्यान तन्मय भै कन
राम पाउ कमल्मा नै आपन्नो चित धरीकन
२५०६

स्वभाव प्रेम औ राम्रो सबै देखी भरतको
दिन्थे आशिष वन् देवहरू हर्षित भै अहो !
अढाई प्रहरै दिन चढ्दा फर्केर ता अनि
आएर प्रभुको पाउ कमल्को दर्शनै पनि-
२५०७

- गर्नूहुन्थ्यो यहि रित्ले पाँचनै दिन भित्रमा
संम्पूर्ण तीर्थको दर्शन् गरी सक्नु भयो तहाँ
पाचौं दिन्मा हरिहर्को यशको कीर्तनै पनि
श्रवणै गरदा - गर्दै दिन् बिति साँ झभो अनि
२५०८

भोलिपल्ट बिहानमा भरतजी बिप्रहरू र अनि
जनक भुप र दुवै फउजले गर्दा भए स्नान नि
अनि 'आज छ उत्तमै दिन 'भनी जाने पनि चित्तमा
दयासागर रामले 'अब सबै जाओ ' भनेर तहाँ
२५०९

संकोच मानि बक्सन्थ्यो प्रष्ट भन्न त चित्तमा
सबको देखँदा दुःख हुनुहुन्थ्यो दुःखी तहाँ
वशिष्ठ भरतजी र राजा जनकजी अनि
समाजहरू सारा र आमाहरू कनै पनि
२५१०

हेर्दै श्री राम संकोच साथ जमीन तर्फ नै
हेरदै गर्न लाग्नुभो बारंबार झुकेर नै
सारा समाजले मन्मा रामको शीलको पनि
प्रशंसा गरदै ' स्वामी संकोची राम झै पनि
२५११

कोहि छैन कुनै यस्तो ' सोचे है मनमा अनि
बुद्धिमान् भरतजीले रामको आशयै पनि
बुझेर प्रेमका साथ उठी धैर्य धरी खूब
दण्डवत गरी फेरि जोरेर दुइ बाहु त
२५१२

बिन्ति गर्नुभयो नाथ ! मेरो सब मनोरथ
पुरागर्नुभयो फेरि प्रभु मेरो निमित्त त
सहनुभो अति कष्ट संताप पनि नाथले
दु :ख पाउनुभो फेरि अनेक थरिका हरे !
२५१३
प्रभो ! मलाई अब नाथ !स्वामीले
आज्ञा दिनु होस गएर हामी रे
त्यो चौध बर्ष अवधी भरी सब
सेवा अवधको म गरौ रहि अब
२५१४
हे कोशल - पालक ! हे कृपालो !
हे दीन रक्षक् ! भगवन्! दयालो !
गर्दा जुनै फेरि उपाय नाथ !
यो दासले यी पद पद्म खास -
२५१५
दर्शनै पाउँला नाथ! त्यो चौधै बर्षको ठुलो -
- अवधी सम्मलाई ता शिक्षा तदनुसारको
बक्सनु होस हे नाथ ! प्रभो ! हजूरको भनी
कहलाएर बस्तामा नगरवासी औ अनि
२५१६
परिवारहरू फेरि प्रजाहरू सबै जन
रसीला बन्धु औ पावन् प्रेमी सब् उत्तमै छन
शोक संताप औ दु :ख पनि बेस छ लोकको
प्रभु बिना परमपद्को लाभै पनि बृथा छ पो
२५१७
सर्वज्ञ प्रभुनै सबको मनोरथ् लालचा अनि
परिस्थितिहरू सारा भक्तको मनको पनि
जान्नु हुन्छ प्रभो ! सारा प्रणतपाल! हे प्रभो !
गर्नु हुन्छ सदा रक्षा प्रेमले नै समस्तको
२५१८
निर्वाह गरनु हुन्छ हजुरै दुई तर्फको
जंगलै र अयोध्याको रक्षा गर्दै सदैवको
भरोसा छ मलाई यो सबै तरहबाट नै
विचार गरदा फिक्रि लाग्दैन चित्तमा कुनै
२५१९
हजुर्को प्रेम औ मेरो दु :ख यो दुइले मिली
जबरजस्तिका साथ मलाई भित्र खलबली
पारेका छन् बनी धृष्ट यो ठुलो दोषलाई त
दूर गरेर हे नाथ ! छोडी संकोच आज त
२५२०

शिक्षाबक्सनुहोस् दाजु !सेवकैलाई यो घरी
करूणामय ! हे नाथ ! ममाथि करूणा गरी
प्रभो ! हजुरको आज्ञालाई ता शिरमा धरी
सकूँ म पालनै गर्न नडगीकन बेसरी
२५२१
भरत्को विनयै वाणी गुण दोषहरू सब -
- छुटयाउने हुदाँ -दुध पानी पनि अनि तब
समर्थवान त्यो वाणी हंसिनी सरि नै थिई
त्यो वाणी सुनदा सब्ले गरे तारिफ खूस् भई
२५२२
दीनबन्धु भगवान् प्रभुजीले
भाइका कपट हीन वचनले
चित्तमा खुसी भएर विचारी
देश काल अनुसार निहारी
२५२३
वचनै बोल्नुभो बाबु ! हाम्रा यी परिवारको
तिम्रो मेरो र हे भाइ !अयोध्या वनवासको
मिथीलेश माहाराजलाई र गुरूजीकन
फिकि छ सुरता मन्मा नलेऊ दु :खी भैकन
२५२४
गुरू वशिष्ठ औ राजा मिथिलेश पनि यहा
हुनुहुन्छ शिरै माथि विराजमान सामुमा
हे भाइ ! बुझ्यो सारा हामीलाई कुनै पनि
दु :ख क्लेश हुने छैन जानी लेऊ सबैअनि
२५२५
स्वप्ना विपना सम्मनै सम्झ हेर
हामी जम्मै भाइ हेरू मिलेर
आज्ञालाई श्री पिताको खुसीले
पालन् गर्छौं हामी सारा अहिले
२५२६
वेदोक्त आचरणमा र लोक चलनमा पनि
असल गनियुँ भाई ! यो कर्तव्य गरेर नि
महाराज पिताजीको सुनाम होस लोक् भरी
तिम्रो हाम्रो पुरूषार्थ यहि हो बाबु !यो घरी
२५२७
स्वार्थ सुयश औ धर्म त्यहि हो हामी पुत्रको
परमार्थ पनि हाम्रो तेहि नै हो विचार पो
गुरू माता पिता स्वामी यीनीहरू समस्तको
शिक्षा पालन गर्नाले प्रेमले नै समस्त जो
२५२८

पर्दैन तल यो पाउ हिडे पनि कुकर्ममा
यो विचार गरी भाइ ! मलाई आज वन्महा
जाऊ छाडेर औ चौध वर्षको अवधि भरी
अयोध्याको गरे पालन् कुसल भई वेसरी
२५२९

देशै खजाना पुरवासी औ अनि
हाम्रा परिवारहरू सबै पनि
यिन्का अभिभार त श्री गुरूजीको
त्यो पाउकै पावन रेणुलाई पो -
२५३०

- लागेको छ तिमी भाई !गुरू माताहरू अनि
मन्त्री यी सबको शिक्षालाई शिर धरेर नि
राजधानी प्रजा सारा अनि धरणीको पनि
गर पालन हे भाई ! गरेर रक्षणै पनि
२५३१

सम्पूर्ण प्राणीको जस्तो खाना पीना निमित्तमा
जस्तो छ मुख ता एक मुखिया तेहि भ्कैं यहाँ
चाहिन्छ अनि तेसैले विवेक साथमा सबै
अंग प्रत्यंगको पालन् - पोषणै गर्नु पर्छ है
२५३२

हे भाइ ! सुन है जस्तो मनोरथहरू पनि
रहेको हुन्छ है गुप्त मन भित्र दबी अनि
मनोरथ् सरी पूवोक्त कुराहरू पनि सब
राज्निति धर्म भै गुप्त रहेको हुन्छ है तब
२५३३

सर्वस्व यति हो राजधर्मको भाइ !यो सुन
एवं प्रकारले गुढ मन्त्रणा भरतै कन
सम्भ्काउनु भयो धेरै रघुनाथजीले अनि
नपाइकन आधार भरतैलाई नै पनि
२५३४-

सुख संतोष औ शान्ति भएन मनमा कुनै
विकल्भो मनता फेरि भरतकोअभ्क भ्कन्खुबै
अनि संकोच मन्त्रि र समाज गुरू विप्रको
फेरि भरतको शील स्नेहको बस भै प्रभो !
२५३५

अनि रामजीले कृपा गरी
दु:ख दर्दादि सबै हरी हरी
दिनु भो निज पाउ पद्मको
भरतैलाई खराउ नै अहो !
२५३६

अति आदर प्रेमले पनि
ति खराऊ लिइ हातमा अनि
शिर माथि धरी रमेर ता
हुनु भो गद् गद् प्रेमले अहा !
२५३७

दुवै खराऊ करूणा निधानको
मानौं प्रजा औ धन कोष प्रणको -
- रखबाली गर्ने पनि राजधानीको
हुनन् कि पाले पनि ता दुवै ति जो
२५३८

अथवा श्री भरतको प्रेम रूपी रत्न राखने
बट्टा हुन्कि दुवै राम्रा नयनानन्द पारने
या ता भरतजीको नै बचावट्का निमित्तमा
कोशिश् रूप भएका ती अक्षर् हुन्कि दुवैतहा
२५३९

या सूर्यवंशका रक्षक् कपाट हुन्कि ती दुवै
-शुभ कर्महरू गर्ने भरत्का हात हुन्कि है
या सेवा धर्मका निर्मल् लोचनै हुन्कि ती दुवै
भन्ने गराउथें भान विविध भाँतिका अभ्कैं
२५४०

पाउँदा अवलम्बन् त्यो सीता रामजी साथमा
रहँदाको सरी सुख्ख भरत्जीलाई भो तहाँ
भयो आनन्द औ हर्ष ब्रम्हानन्द मिले सरी
रामको पाउको प्रिति नयाँ भो अभ्क बेसरी
२५४१

भ्कुकेर फेरि पद पद्मा पनि
विदा प्रभुका सँग माग्नु भो अनि
भरत्जिलाई प्रभु रामचन्द्रले
लगाउनु भो कसि छातिमा हरे
२५४२

बगेर अश्रु पनि प्रेमको तब
अहो ! रूभ्कायि शरिरै पनी सब
गरेर आलिंगन प्रेम साथले
हुनु भयो व्याकुल एकनाशले
२५४३

शिथिल् भयो देह समस्त प्रेमले
कुनै पनि हाय ! रहेन चेत रे
बर्षा सरीकै जल नेत्रले पनि
लाग्यो तहाँ बर्षण गर्न ता अनि
२५४४

कुबेलाको त्यहि मौका फेला पारेर इन्द्रले
उच्चाटन गराए ती कप्टीले फौजलाई रे
त्यो कुचाल पनि सब्को निम्तिमा बेशभो तहाँ
त्यो चौध वर्षको सीमा सम्म सब्लाई मन्महाँ
२५४५
इच्छा लाग्यो बाँच्नलाई पनी रे
नत्र श्री राम् जानकीका पनि रे
वियोग् रूपी यो कुरोग्ले अवश्यै
चाडै सारा लोक मर्ने थिए है
२५४६
रामको नै करूणाले सुधाऱ्यो
उल्झन् लाई टारि राम्रो गरायो
देवताको त्यो कुचाल पनी त
भयो गुणकारी नीको अनि त
२५४७
अंकमाल गरी गरी भरतका साथ्मा रघुनाथले
भेट्गर्नाकन लाग्नुभो त्यसबखत् अपारको प्रेमले
त्यो समपूर्ण सकिन्न प्रेम रसको बर्णन् यहाँ गर्नीति
सारा जीव जडादी ता हुन गए प्रेम्ले अधीरै अति
२५४८
श्री राम्को मन कार्य औ वचनमा देहादिमा नै पनि
उम्ली प्रिति बढयो अतीव मनमा ती धैर्यको अग्रणी
साक्षात् श्री रघुनाथले त्यस बखत् छाड्नु भयो धैर्यनै
रामका दुइ नेत्रबाट सहसा बर्षा भए झैं कठै
२५४९
लागे अश्रु गिराउनै प्रभुजीको त्यस्ता अवस्था अनि
देखि दु:खीत भै गए सकल ती द्यौता समाजै पनि
जस्ले ज्ञान्रूपीअग्निकाबीच लगी मन्रूपींकञ्चनकन
पोलेको छ तताई झन् अधिकनै उज्वल् गराई कन
२५५०
जसलाई विधाताले जन्मेको जल बीचमा
कमल्को पातलाई झैं गरी यो सब लोकमा
निर्लेप् कपट् गरेकाछन् तेस्ता ती मुनि गण अनि
धुरन्धर् धीर वशिष्ठ जनक् भूपति झैं पनि
२५५१
ती साराले पनि राम भरतका अपारको
प्रिति अतुल देखेर ज्ञान वैराग्य युक्तको
तन मन वचन्ले नै मग्न हुनगए अहो !
बिर्सेर देहको भान विदेह नै बनेर पो
२५५२
जहाँ मुनिहरू साथै वशिष्ठ र विदेहको
बुद्धि समेत नै कुण्ठित् हुन्छ तेहि अपारको
प्रितिलाई यहि हाम्रो प्रिति प्राकृत हो भनी
भन्दा मात्रै पनि ठुलो लाग्दछ दोष है अनि
२५५३
श्री राम र भरत्जीको वियोग वर्णनै सब
गर्दा त्यो वर्णनै सुन्दा पछि ता लोकले सब
कठोर कवि ठान्नेछ तेस्ता कविहरू कन
सरस प्रेम संकोच त्यो बेलाको सबै कन
२५५४
सक्तिनन कथनै गर्न शारदाले समेत पो
त्यो बेला फेरि त्यो सारा सम्झेर स्नेहप्रेम जो
संकोचित भइ मेरी वाणी ता अनि रामले
भाई भरतका साथ गरेर भेट फेर रे
२५५५
सम्झाउनु भयो फेरि ना ना तरहले अनि
शत्रुघ्नलाई छातीमा लगाउनु भयो अनि
भरत्को आशयै पाई मन्त्रि र सेवकै सब
आ आपन्नो काम गर्नामा लागे ती सब मानव
२५५६
ती साराले सबै राजा भरतका सवारीको
तयार गरनै लागे पाउँदा खबरै अहो !
दुवै समाजलाई नै लाग्यो दु:सह दु:खहा
बिलख् बन्द परि सारा भए व्याकुल सब् तहां
२५५७
दुवै भाई रघुनाथजीका चरण पद्मको
गरेर वन्दना फेरि आज्ञा श्री रामचन्द्रको
शिरमाथि चढाएर तापशिहरू औ अनि
सारा मुनिहरू फेरि वन्देबलाई नै पनि
२५५८
बारंबार मनाएर सब्लाई प्रेम साथले
सन्मान गरदै भाई ति दुवै हिड्नुभो हरे
भरत्ले लक्ष्मणैलाई भेटि प्रेम गरेर जो
प्रणामै लक्ष्मणैलाई समेत् नै गरेर पो
२५५९
सीताका पाउपंकज्को रेणेलाई शिरै भरी
राखेर मंगल मूल पाई आशिष बेसरी
प्रणाम गरदै फेरि नुहेर अनि त्यो घरी
रमाना अवधै तर्फ हुनुभो दु:खले भरी
२५६०

राम लक्ष्मणले साथै राजा जनकलाई ता
प्रणा म गरदै फेरि अनि विविध भाँतिका
विनय र प्रशंसा नै गर्नु भो जनकजीको
'दया वश्भै माहाराज!धेरै दु ःख सहेर पो

२५६१

कष्ट पाउनु भो बाबा ! समाज सहितै हरे !
सवारी भो हजूर् वन्मा दु ःख कष्टै सहेररे
आशिर्वाद दिई बाबा ! आपन्ना नगर तर्फ नै
अब सवारीहोस् बाबा !भयो अतीव दु ःख नै !

२५६२

सुनेर रामको यस्तो वचन जनकै पनि
धरेर धीरज मन्मा हिडे नगर तर्फ नि
अनि श्री रामले फेरि मुनिहरू समस्तको
आदर गर्नु भो धेरै प्रेम विनय साथ पो

२५६३

हरिहर सरि सम्झि सारा विप्रहरू कन
विदा गर्नु भयो फेरि पुजा गरि सबै कन
अनि फेरि महारानी सासूका नगिचै पनि
सवारी भो दुवै भाई सीता साथ लिएर नि

२५६४

प्रणाम पाउमा गर्दै पाए पछि शुभाशिष
फर्किनु भो प्रभु फेरि मन पारेर खिन्न त
विश्वामित्र अनि फेरि जावालि वामदेव र
वशिष्ठ ऋषि औ सारा आपन्ना नौकर चाकर

२५६५

भक्त मन्त्रि र पुरवासी यिनीहरू सबै कन
प्रणाम विनय भेट यथायोग्य गरी कन
विदा दिनु भयो सारालाई श्री रघुनाथले
नर नारी ठुला साना मध्यंम सब साथ रे

२५६६

सन्मान गरदै सबको करूणासिन्धु रामले
फर्काउनु भयो फेरि अनि श्री रघुनाथले
मुमा - भरतकी रानी कैकेयीको चरणमहा
गरेर वन्दना स्नेह पवित्र प्रेम साथमा

२५६७

कैकेयी साथमा भेट गरेर तिनको सब
अप्शोच अनि संकोचलाई नाशगरि तब
मेटि दिनु भयो सारा अनि श्री प्राणनाथको
प्रेम्ले पावन् भएकी ती जानकी पनि ता आहा !

२५६८

नोकर चाकर पिता माता संगिनी साथमा
गरी भेट यथा योग्य फिर्नु भो प्रभुपाउमा
अनि सकल सासूको पाउमा दर्शनै गरी
भेट गर्नु भयो फेरि सीताले पनि त्यो घरी

२५६९

वर्णनै त्यस बेलाको प्रेमका गर्नलाई जो
कविको हृदयै भित्र शक्ति नै आउदैन पो
सुनेर अर्ति औ शिक्षा पाएर आशिषै पनि
डुबेर दुइ तर्फैको प्रीतीमा जानकी अनि

२५७०

लवलीन भइ बस्नुभयो श्री रामले अनि
मगाउनु भयो झट्टै सुन्दरै पालकी पनि
विविध भाँतिले आमाहरूलाई बुझाउँदै
चढाउनु भयो फेरि पालकीमा लगेर नै

२५७१

लुटुपुटु गरी बारंबार नै दुइ भाइले
समान स्नेह औ प्रेम्ले सारा जननीलाई रे
पुराउनुभयो केहि टाढा सम्म गइ अनि
जनकपुर औ फेरि अयोध्या तिरका पनि

२५७२

मानिसहरूले घोडा हात्ति विविध भाँतिका
वाहनैहरू तैयार गरेर अनि फेरि ता
यात्रा सुरू गरे मन्मा सीता लक्ष्मण रामले
साथै हुने सबै लागे विचेत भइ हिड्न रे

२५७३

गोरू घोडा हात्ती इत्यादि सारा
हरेस् खाई चित्त भित्रै विचारा
स्वच्छन्दी यी जन्तु हैनन् त्यसैले
चित्त मारी ती सबै हिड्न थाले

२५७४

रामचन्द्र प्रिय पत्नि र भाइ
वन्दना गरिकनै गूरूलाई
चित्त हर्षित भई गुरूमाको
पाउमाथि शिरलाई झुकि जो

२५७५

प्रेम साथ शुभ आशिरवाद
पाइ युक्त भई हर्ष बिषाद
फिर्नु भो अनि पछि सनमान -
- गर्नु भै गुहजीलाई समान

२५७६

प्रेम साथ मिली भेट गरेर
गर्नु भो अनि वीदा पछि फेर
चित्त व्याकुल भयो प्रभुजीको
स्नेह प्रेम दु :ख शोक भई जो
२५७७

निषाद पनि मन् भित्र विरहीको अति ठुलो
विषाद लिई ज्यादा नै फर्किए दु :ख साथ पो
कोल किँरात भिल्लादि वनचरहरू पनि
फिर्ता गर्नु भयो सारा प्रभुले प्रेमले अनि
२५७८

बारंबार प्रभुलाई प्रणाम गरदै सब
तिनी हेरू पनि सारा फर्किए घरमै सब
राम लक्ष्मण सीताका साथमा वट वृक्षको
छाया मुनि बसी आपन्ना प्यारा परिजनादिको
२५७९

वियोगले बिलखबन्द नाथ !
हुनु भयो गरदै हा ! बिषाद
सीताजी र लक्ष्मण साथ मानै
भरतका प्रेम स्वभावका नै
२५८०

प्रतिति प्रिति सद्भाव वचन मन कर्मको
प्रेमवश भई आपन्नै मुखा र विन्द बाट पो
गद् गद् कण्ठ भइ सारा भगवान् रामलेपनि
बयान गर्न लाग्नुभो प्रशंसा गरी धेर नि
२५८१

चित्रकुट गिरिका पशु पक्षी
जो थिए विविध जन्तु निवासी
वारिजन्तु र चराचर सारा
दु :खी नै अति भए नि विचारा
२५८२

रामजीको अबस्था त्यो देखेर देवतादिले
कुसुमाञ्जिलीको बर्षा गरेर अनि फेरि रे
आपन्ना घर् घरका सारा दुर्दशाहरू त्यो घरी
विन्ति गरे प्रभुलाई पुकारा प्रेमले गरी
२५८३

रामले ती सबैलाई प्रणाम गर्नु भो अनि
भरोसा दिनु भो ठुलो अनि तिनीहरू पनि
आनन्दित भइ फर्के तिनका मनको कुनै
अलिकति पनि बाँकि रहेनन् डर हेरू नै
२५८४

लक्ष्मण् तथा जानकीले समेत
पर्णे कुटि भित्र आनन्दले त
राज हुँदा राम शरीर धारी
भक्ति ज्ञान फेरि वैराग्य भरी
२५८५

छवि फिँजाई शोभित् नै भएका हुन्कि है तहाँ
भने सरी सुशोभित् नै हुनु भो चित्रकुटमा
अनि उता भने फेरि गुरू औ विप्र छन् जति
मिथिलेश मुनि सारा भरत दु :खी भै अति
२५८६

राम वियोगले गर्दा विहाल भइ चित्तमा
रामका गुणको गर्दै मनन पनि मार्गमा
जानालागे चूपचाप तरेर यमुना पनि
दुवै समाज ती सारा पुगे पार यसै अनि
२५८७

विना भोजन त्यो सारा दिन्न बित्लगयो अनि
गंगा तरेर ता तीर्‌मा दोश्रो वासपऱ्यो पनि
त्यहाँ रामजीका मित्र निषाल नाथले सब
बन्दोबस्त गरे सारा तेश्रा दिन अनि तब
२५८८

सड् नदि पार्गरी गोमति महाँ
स्नानै तथा वास पनि भयो तहाँ
चौथा दिनैमा सब फौज साथमा
आए अयोध्यापुरमा सबै जना
२५८९

चार दिन अयोध्यामा बसी जनक राजले
सु प्रबन्ध गर राजकाजको सब प्रेमले
अनि अबधको राज मन्त्रि बर्ग वशिष्ठ र
भरतलाई सुम्पेर जनकले अनि फिर
२५९०

तयारी आपन्नो सारा गरी तिरहुतै तिर
जान लागे माहाराज बिषाद चित्तले फिर
अनि रामजीका राजधानीमा पुरका सबै
नर नारीहरू आज्ञा अनुसार वशिष्ठ कै
२५९१

आनन्द सित नै बस्न लागे श्री रघुनाथको
दर्शनै निम्तिमा सारा अयोध्यावासि ता अहो !
गर्न लागे व्रत ध्यान उपवास नियम् सबै
भोग विलास- छाडेर -श्रृंगारहरू देहकै
२५९२

चौध वर्ष पछाडीको अवधी आसले पनि
रहे जीवीत ती सारा पाउछौं दर्शनै भनी
अनि विश्वासका पात्र सेवक हरूलाई र
मन्त्रि मण्डलहरूलाई भरत्ले प्रेमले फिर

२५९३

बुझाउनु भयो त्यहाँ शिक्षा पाएर ती सब
आफ्ना काम सबै गर्न लागे प्रेम गरी तब
अनि भरतले फेरि भाई शत्रुघ्नजी कन
बोलाउनु भई धेरै अर्ति शिक्षा दिइकन

२५९४

सारा जननीहेरूकी सेवा र सुश्रुषा पनि
सुम्पिनुभो खुसीसाथ शत्रुघ्नलाई ता अनि
ब्रम्हणैहरू बोलाई हात जोरेर प्रेमले
प्रणाम गरदै विन्ति गर्नु भो श्री भरतले

२५९५

हजूरहरूको ठुलो साना असल - कंसल
जे जस्तो पर्दछन् काम नढाटी कन निश्चल
आज्ञा बक्सनु होला है संकोच नगरी कुनै
यस्तो विनय गर्नु भो सारा ती विप्रलाई नै

२५९६

अनि भरतले भाई - भार्दार पुर्वासि र
प्रजा औ नोकरै सारा वोलाउनु भयो फिर
तिनका मनको शंका समाधान गरेर नै
बन्दोबस्त गरी राम्रो राख्नु भयो प्रेमसाथ मै

२५९७

भाइले सहितै भइ भरतजी गुरू बशिष्ठजीको
घर्मा जानुभयो र दण्डवत औ प्रणाम गर्दै अहो !
जोरी हात दुइ त्यहाँ गरनुभो विन्ति निवेदन् धरी
हे स्वामी !प्रभुको मिले हुकुम तापालन् नियम्को गरी

२५९८

रहौंकि अब ? हे नाथ ! भन्ने भरतको सब
विनयी विन्ति यो सुन्दा वशिष्ठ मुनिले तब
रोमाञ्चित भइ बोले प्रेम पूर्वकले अनि
वाबु ! हजुरले मन्मा जे ठिक ठान्नु हुन्छ नि

२५९९

जे भन्नु हुन्छ जे गर्नु हुन्छ जगतमा त्यहि
कुरा नै धर्मको सार ठानिने छ यहाँ सही
सुनी भरतले यस्तो वचनै अर्ति औ अनि
शिक्षा आशिषका साथै पाएर खुसी साथ नि

२६००

बोलाइकन जोतिषीहरू सबै हेरि असल् साइत
ठीक् पारीकन रामका चरणको ल्याई खराउअत
निबिघ्नै सित प्रेमले खुसी भइ त्यो राजगद्दी महाँ
गद् गद् भैकन रामका अनुजले गर्नु भयो स्थापना

२६०१

धर्म धारिय औ धीर भरत रामकी मुमा
कौशल्या र गुरूजीको नुहेर पादपद्ममा
आज्ञा लिएर ता फेरि पादुकाको पनि तहाँ
पर्ण कुटिर तैयार गरेर नन्दि ग्राम मा

२६०२

रहनै लाग्नु भो नित्य भरत्का शिरमाथमा
जटाजुट मुकुट् जस्तै सुशोभित थियो तहाँ
बृक्षको वल्कलै बस्त्र पहिरेर शरीरमा
मुनि भेष धरी शोभित् हुनुभो भरतै तहाँ

२६०३

भरत्जीको शयन निम्ति भुमी खनेर
कुशको थियो त्यस उर्पत तयार फेर
आशन् पनि प्रभुजीको सरी नै निराला
सम्पूर्ण वस्त्र व्रत भो जन - पात्र सारा

२६०४

थियो ऋषि मुनिहरू सीर कै समस्त
त्यागी बनी कठोर् ऋषि धर्म मस्त -
- भएर धारण गरीकन प्रेम साथ
लज्जित पारी दिनुभो ऋषिलाई खास

२६०५

ना ना प्रकारका बस्त्र आभुषण भरत्जीले
भोग विलास ती सारा अपार सुखलाई रे
मनसा कर्मणा वाचा तृणतुल्य गरेर नै
गर्नु भयो परित्याग राजसी भोगलाई नै

२६०६

जुन अवधको राजलाई इन्द्र पनि सदा
गर्दथे मनमा - ईर्ष्या - दशरथ्को धन सम्पदा
हरूको खवरै सुन्दा धनदै पनि चित्तमा
हुन्थे लज्जित अहो ! सोहि अयोध्या नगरीमहा

२६०७

भरत्जी भ्रमरै जस्तो भएर चाँपवागको
रहनुभो विना राग रामलाई भजेर पो
रामका पाउपंकजूमा भएका अनुराग ती
भाग्यवान पुरूर्ष सारा धन दौलत संपत्ति

२६०८

सारालाई बमन् जस्तै गरेर त्याग गर्दछन्
भरत् ता रामकै प्यारा प्रिय बन्धु र दास हुन्
प्रेम पात्र हुनुहुन्थ्यो भरत्जी रामचन्द्रको
यी कामहरू ता ठुलो छैन भरत निम्ति जो
२६०९
विवेक टेक यी दुइ गुणका नै प्रभावले
सहाइन्छन् सदा लोक्मा चाकत अनि हंसरे
हुदै गयो शरीर् दुब्लो दिन् दिनै भरत्जीको
तेजोवल घट्यो सारा मुख्कोकान्ति उहि थियो
२६१०
राम प्रेम प्रणे नित्य भएर झन् नयाँ अहो !
मोटाउदै गयो फेरि बढ्दै गो दल धर्मको
हुदै गयो मनै झन् ता उज्यालो भरतजीको
हृदयाकाशमा दर्शन् पाएर नित्य रामको
२६११
हुँदा प्रकाशै जसरी शरदको
पानी झनै जान्छ घटेर नै अहो !
पैदा जलै बीच पनि हुने सब
कमल् तथा बेतहरू बढी तब
२६१२
प्रफुल्लितै भैकन सुन्दरै बनी
हुन्छन् सुशोभित खिलेर नै अनि
ऋषि व्रतै रूपी शरद् सुकालको
तेसै गरी नै प्रकटै हुँदो भयो
२६१३
भरतको शरीर् घट्दै गए पनि अनि त्यहाँ
देहबाट हुने सारा शम दम नियामका
व्रत संयम उपवास गए बढ्दै समस्त यी
भरत्का हृदयाकाश बीच नक्षत्र भै भई
२६१४
सुशोभित भइ सारा भई झलमल् त्यो घरी
बिश्वास् रूपी ध्रुव तारा चंकेर पनि बेसरी
उदाएको थियो बिच हृदयाकाशमा अनि
अखण्ड ऊज्वलै कैले अस्ताउँदैनथ्यो पनि
२६१५
ऋषि व्रतै रूपी शरद् सुकालको
त्यो पूर्णिमाको तिथि चौध बर्षको
थियो अवधी रूपी नै अनि सदा
विश्वास रूपी ध्रुव चम्किदो छ ता
२६१६

राम स्मरण् रूपी शरद् सुभासको
सुरविथि निर्मल् नै भएर जो
तरंगको साथ सुशोभितै थियो
हुन्नन् कहिलें पनि नाश ता ति जो
२६१७
त्यो व्रत रूपी शरदै ऋतु महा
श्री राम प्रेमै रूपी चन्द्रमा तहा
अचल् र निर्दोष भईकनै ति जो
थिए रहेको मनमा उदाई पो
२६१८
त्यो प्रेमै शशि नित्य निर्मल रहि समाज रूपी सब
नक्षत्रै गणले सुशोभित भई थिया रहेको तब
भरत्को त रहन् सहन् समुझ औ कर्तव्य भक्तिअनि
सद् वैराग्य गुणादि किर्ति अनि ता ऐश्वर्यको नै पनि
२६१९
गर्दा वर्णन् सत्कविवाणी पनि हुन्छन् ती संकोचित्
शेष भारती र विनायक पनि जस्को मनै बिच त
नपाएर गम बिमूढ हुनगै बस्छन् ती मूक बनी
अरू कुन् कविले भरत् चरितको पार् पाउला रअनि
२६२०
चरण पादुकाको भरतजी नित्य
पूजा गर्नु हुन्थ्यो जगमा प्रसिद्ध
प्रिति भाव भक्ति भरत्को मनमा
अटाउँदइन थियो त्यो बखत्मा
२६२१
मागी मागी कन आज्ञा प्रभुका पादुका सित
गर्नु हुन्थ्यो सबै राज काज विविधका ति त
हुन्थ्यो रोमाञ्चितै गाथ अनि हृदय पद्ममा
विराज नै हुनुहुन्थ्यो सीता राम सदा जहाँ
२६२२
जिब्रो महा नाम जपै थियो सदा
प्रेमाश्रुले पूर्ण थियो नजर् उता
तल्लिन् भएरै प्रभुका चरण्महा
रहनु हुन्थ्यो भरत अवध् महा
२६२३
सीता राम र लक्ष्मणै विपिनमा बस्नु भएको स्वत
आफ्नै राजमहल्महा भरतजी गर्दै अनेकौं व्रत
ना ना भाँति कठोरका तपहरू गर्दै शरीर्कर्षण
दोटै यी सुचरित्रले सकलको खिच्दोछ सारा मन
२६२४

श्रीराम : शरणं नम

श्री तुलसीकृत राम चरित मानस भावानुवाद

अरण्य काण्ड आरम्भ

धर्मै रूपी बृक्षका मूलरूप
विवेक् रूपी सिन्धुकाताति खूब
आनन्दैका येकैदा पूर्णचन्द्र -
- रूपी शुद्ध शान्त श्री भालचन्द्र
१

बैराग्यैरूपी पद्म निम्ति अध रूप गाढ़ अन्धकारैकन
नाश् गर्नाकन भास्करै स्वरूप औ ताप् नष्ट गर्नेछन्
मोहैरूपी घना ति मेघहरूको नाशको निमित्तै पनि
हावा तुल्य हुने र फेरि द्धिजका वंशैहरूको पनि
२

दोषदि सबको समन् गरिदिने राजा रघुनाथको -
प्यारा शंकरलाई गर्दछु मता प्रेम्ले नमस्कार पो
हे शम्भो ! गिरिजापते ! चरणाम श्रद्धालु नित्यै बनी
पर्छु दिन बनी सधैं शरणमा सद्भक्ति देउ भनी
३

आनन्द दायक श्याम घना बादलकै सरी
सौन्दर्यले शरीर् सारा शोभिएका छवि भरी
पिताम्बर् धारणा गर्ने धनु र वाण हातमा
ठोकोको भारले शोभित् भएका पृष्ठ भागमा
४

कमल दलका जस्तो विशाल लोचनै हुने
जटाजुट धरीशिर्मा शोभित् भै तम नाशने
सीता र भाई लक्ष्मणले सहित शोभितै बनी
वनका पथमा डुल्दै रहेका पथिकै बनी
५

राम्रो मनोहरा मूर्ति श्री रामचन्दलाई म
भज्दछु करूणा राखी देऊ अभय भन्छु म
दु :खीका रक्षकै राम ! भक्तवत्सल ! हे प्रभो !
शरणमा पर्दछु तिम्रै रक्षा गर सधैं विभो !
६

हे उमे ! रघुनन्दनका गुण अतिव गुढ छन्
तिनैबाट मुनि पण्डित् शान्ति र सुख पाउँछन्
विमुख छन् भक्ति देखिता जो जो तीमूढमात्रनै
हुदैनन् धर्मका प्रेमी पाउँछन् मोह मात्र नै
७

म भन्छु तुलसीदास अवधपुरवासी ती
नर नारीहरूको र भरत्को सुन्दरै अति
अनुपम् प्रितिको मैले बुद्धिको अनुसारको
वर्णन् गरें अझैं फेरि रामका वनवासको
८

सुर नर मुनि चर अचर सबलाई नै
लाग्ने अतीवनै प्यारो जुन्लीलाहरू ता सबै
गरी नै रहनु हुन्थ्यो सुन्दर र पवित्र जो
चरित्र भन्दछु सारा जाने बुझे समानको
९

एकदिन् रामले आफ्नै हातले फुलपावन
टिपेर सुन्दर पुष्पभूषण् उज्वल् अनुपम
बनाउनु भई फेरि मनोहर् स्फटिकको
शिलामा राज भै रामजीले आदर साथ पो
१०

प्रेमका साथ ती भूषण् जनकनन्दिनी कन
पैन्हाउनु भयो सारा अतिनै खुसी भै कन
अनि ता कागको भेष धरेर इन्द्रपुत्रले
पौरूष हेरनै खोज्यो रामको शठ मूढले
११

जस्तो कमीलिहरूले पनि अहो !
थाहा लिनै खोज्दछ सिन्धु भित्रको
तेस्तै महा मन्द कुटिल बुद्धिले
खोज्यो चाहना पनि गर्न सिद्धि रे
१२

तेसै कारणले काग भएको इन्द्र पुत्र त्यो
श्री राम जानकीजीको काखमा शिरराखी जो
निदाउनु भएको त्यो बेखत्मा जानकीजीको
ठुँगेर चरणै पद्म लाई त्यो दुष्ट भागि गो
१३
सदा सर्वदा दीन दु:खी उपर्मा
अति प्रेम गर्ने कृपालो मफत्मा
हुनु हुन्छ राम तर अधमै त्यो
महा मन्द बुद्धि कुटिल् मुर्ख नै जो
१४
सबै दुर्गुणी पुञ्ज त्यो नीचले त
रघूनाथको साथमा नै समेत
बनी जोरी खोज्दै गऱ्यो गर्न ताहा
ठुँगेर सीताका चरण् पद्ममाहा
१५
अनि मन्त्रले प्रेरणा नै गरेको
तृण त्यो कडा ब्रम्ह अश्त्रै बनेको
अहो दौडियो कागको नै पछाडी
अनि काग भाग्यो डराएर भारी
१६
गरेनन् रक्षणै ताहाँ त्यो निराश भयो अनि
सुदर्शन् चक्रवारै जो दुर्वासालाई ता अनि
भएथ्यो डर जस्तो ता तेस्लाई पनि त्यों घरी
त्राश पैदा भयो मन्मा व्याकुल् भैकन वेसरी
१७
शोक औ डरले ज्यादै व्याकुल् भैकन काग त्यो
ब्रम्हा विष्णु शिव लोक्मा घुम्यौ दौडेर घेर जो
रामको द्रोहि तेस्लाई रक्षा गरनु के कुरा
'बस' समेत कोहिले भनेनन् मुखले पुरा
१८
राम द्रोहिहरूलाई को रक्षा गर्न सक्तछ
मृत्यु समान आमानै हुन्छिन् तेस्का निमित्त
यमराज सरी बाबु सुधानै बिषका सरी
हुन्छ है राम द्रोहिको निम्तिमा ता सधैं भरी
१९
एउटै मित्रले तेस्को शत दुष्मन को सरी
गरनै लाग्दछ काम दिएर कष्ट बेसरी
हुन्छिन् बैतरणी जस्तै पवित्र जान्हवी पनि
शीतल चन्द्रले पोल्न थाल्दछ त्यसलाई नि
२०
जो राम चन्द्र देखिनै विमुख हुन्छ लोकमा
सुन्नुहओस हे भ्राता ! अनि तेस्का निमित्तमा
आगो भन्दा पनि तातो हुन्छ त्रिभुवनै हरे
लोकमा तेसको कोहि हुदैन अनि भित्र रे
२१
काग जयन्त त्यो इन्द्र पुत्र व्याकुल भै अति
डराई दु:खले दिन विकल भैकन ता जति
भाग्दथ्यो दौडदै कुद्दै प्रवल राम वाण त्यो
उति उति लखेटि नै दौडन्थ्यो है पछाडी पो
२२
बाँच्ला गरूड् बरू तिम्ले ग्रास गरेको भुजंग त
कुद्ध भै रामजीले नै हानेको वाँण बाट त
छुटेर बाँच्न ता भारी सन्देह छ विचार यो
कसैले पनि सक्तैनन् रक्षा गरन तेसको
२३
जाँदा नारदले जयन्त कनता व्याकुल् भएको अति
देखि ती मुनिलाई स्नेह र दया लागेर मन्मा अति
हुन्छन् कोमल चित्त साधुहरू ता स्वभावले नै गरी
सक्तैनन् पर दु:ख हेरन हरे ! व्याकुल् भइ वेसरी
२४
ब्रम्हाण्डै भरि भागी भागी डरले दौडीरहेको घुमी
तेस्लाई स्थिर पारी नारदजीले सम्झाई बेसै गमी
सामर्थ्यै रघुनाथको पनि सबै वर्णन् गरेरै अनि
श्री राम्का नगिचै पठाउनु भयो जाऊ शरणमाभनी
२५
गएर त्यसले टाडै देखि चिच्याउदै अति
शरणागतका रक्षक् ! दयालो ! रघुनाथजी ?
मेरो गर्नु अहोस् रक्षा भन्दै यहि पुकारदै
नगीच् पुगे पछि फेरि भयले अझ आतीदै
२६
पाऊ समातिकन रामको पनि
लाग्यो रूदै गर्न पुकार त्यो अनि
त्राहि म भन्छु भगवन् !दयानिधे !
मेरो सधै रक्षणं गर्नु होस् विधे
२७
हे भक्त वत्सल् ! रघुनाथ ! हे प्रभो !
क्षमा गरेरै अपराध सर्व पो
मेरो प्रभो ! गर्नु हओस् रक्षण
शरण् म पर्छु रघुवंश भूषण
२८

मन्दमति अधम् मैले प्रभो ! हजुरको सब
अतुल बल स्वामित्व प्रभावहरू ती सब
पाएको थिइन नाथ ! जान्न है कहिले पनि
न चिनेर हजुर्लाई गरेँ यो अपराध नि
२९

आफैले नै गरेको त्यो अधम नीच कर्मले
जन्माएको फलै पाएँ करूणामय सर्ब रे
प्रभो ! हजुरलाई नै ताकेर शरणै पनि
आएँ अब दया राखी रक्षा गर्नु हओस नि
३०

यो आर्त वाणी सुनि अम्बिके ! अनि
अति दयालु रघुनाथले पनि
एकाक्ष पारेर दया गरिकन
छाडी दिनु भो खुसी भै त्यसैकन
३१

चित्रकुट गिरिमा राज भएर रघुनाथले
कानका निम्तिमा अमृत् सरीको नै अपूर्व रे
अनेक थरिको लीला गर्नु भो अनि रामले
यहाँ चिन्हे सबै प्राणीहरूले ता मलाई रे
३२

अब मानिसको भीड हुनेछ सर्वदा भनी
गरी विचार यो मन्ले सब् ऋषि साथमा पनि
विदा मागी दुबै भाइ सीता सहित भै फिर
चित्रकुट गिरिवाट हिड्नु भो जंगलै तिर
३३

जब पुग्नु भयो राम अत्रि आश्रममा पनि
सुन्नासाथ समाचार हर्षित भै ति महामुनि
ढाकी रोमाञ्चले गाथ गद् गद् भैकन प्रेमले
हर्ष विव्हल भै आए दौडेर ती तुरून्त रे
३४

देखि अत्रिलाई श्री रामजले
लम्किएर हत्पताई खुसीले
अत्रीजीको सामुमा नै पुगेर
भुक्दै सेवा दण्डवत् नै गरेर
३५

उठाएर प्रभुलाई श्री अत्रि मुनिले पनि
खुसीले छातीमा टाँसि अंगमाल गरे अनि
प्रेमाश्रुले दुवैले नै नुहाउनु भयो तहाँ
आलिंगन गरि गद् गद् भै कन हृदयैमहाँ
३६

देखेर रामको शोभा श्री अत्रि मुनिको सब
लोचन शिथिलै भैगो हर्ष विव्हल भै खूब
प्रेमसाथ प्रभुलाई आपन्ना आश्रम मा पनि
ल्याइकन गरे पुजा श्रद्धा र भक्तिले अनि
३७

मीठा वचन बोलेर प्रभु हेरू सबैकन
मन पर्ने फल फूल टक्याए खुसीभै कन
विराजमान् हुनुहुन्थ्यो सीता साथ रघुपति
सुशोभित् भै कुशाशन्मा अत्रिले पनि फेराति
३८

हेरेर प्रभुको शोभा भरी नयन प्रेमले
परम् चतुर अत्रिले जोरेर दुई हात रे
लागे स्तवन यो गर्न अति नै अनुरागले
गद् गद् भै प्रेमको नीर बहाई कन हर्षले
३९

— श्री अत्रि स्तुति —

हे भक्त वत्सल! रघुनाथ !राम !हे !
कृपालु !हे कोमल !शान्तिधाम !हे !
प्रभो ! हजुर्को चरणारविन्दको
गर्छु नमस्कार भजीं सदैव पो
४०

निस्कामी जन्लाई सदैव प्रेमले
दिन्छौ कृपाराखी तिमी स्वधाम रे
अत्यन्त नै सुन्दर श्याम छौ अनि
संसार रूपी अति भीषणै पनि
४१

समुद्रको मन्थन गर्न लाई ता
भएर मन्दगिरिकै स्वरूपी - ता
प्रफुल्ल पंकज सरि नेत्रले सदा
हर्ने सबै ति मद आदि दोष ता
४२

प्रलंव वाहो !प्रभुको पराक्रम
असीम औ धीर अमीत विक्रम
ऐश्वर्यको गिन्ति गरेर ता हरे !
सकिन्न है नाथ ! भनेर पार रे
४३

धर्छौ धनुर्वाण र तर्कसै सदा
तिन्लोकका स्वामी !मनोहरै आहा !
श्री सूर्यकुल् भूषण! श्री महेशको
तोड्ने धनुलाई प्रचण्ड राम !जो
४४

महर्षि योगी मुनि सन्त लाई त
आनन्द गर्ने सुख शान्ति छाइ त
द्योता - रिपु राक्षस हेरू सर्व को
विनाश गर्ने जय होस् हजूरको
४५

कन्दर्पका शत्रु उनै महेशले
पूजा गरिन्छौ मनमा भजेर रे
विरञ्चि आदि सुरबाट सर्वदा
भएर नै सेवित सत्य धाम त
४६

विशुद्ध ज्ञानैमय विग्रहै छ जो
विनाश गर्ने सब दु :ख दोष को
हे इन्दिरा कान्ता! र सोख्य खानी हे
गर्छु हजूरलाई सदा प्रणाम रे
४७

सतैहरूका तिमी एक छौ गति
शरण् म पर्छु प्रभु कै गरी नति
सचि पतिका प्रिय भाइ राम ! हे
पुकार गर्छु प्रभुकै सदा म ए
४८

शक्ति स्वरूपा प्रिय जानकीजीले -
- सुशोभितै भैकन साथ भाइले
रमी रहेका प्रभुलाई सर्वदा
म भज्दछु राम ! शरण् परेर ता
४९

मात्सर्य हिनै भइ चित्तमा छ जो
हे राम ! तिम्रो चरणारविन्दको
शरण् परि जो नर भज्छ प्रेमले
अभीष्ट औ इष्ट बुझेर नेमले
५०

तिनीहरू त अनि यो कुसंगले
यी तर्क वैतर्क रूपी तरंगले
पूर्ण भएको भव सिन्धु बिचमा
पतन् हुदैनन् नि भएर नीच ता
५१

एकान्त वासी भइ इन्द्रियादि को
गरेर नै निग्रह सत्य वादि जो
खोजेर ता मुक्ति हजुरलाई जो
भज्छन् भने ती प्रभु तुल्य हो अहो
५२

निरिह !हे अद्भुत !एक इश्वर
जगत् गुरू शाश्वत सत्य तत्पर
बस्ने सधैं ब्रम्ह स्वरूपमा स्थिर
सनातनी हौ तिमी नै जगद् भर
५३

कुयोगिको निम्ति त दुर्लभै हुने
भाव प्रिय भक्त निमित्तमा भने
हे कल्प वृक्ष ! स्वरूपी सम प्रभो !
सुख् पूर्वकै सेवन योग्यको छ जो
५४

विभो ! हजुरलाई भजेर चित्तमा
गर्छु नमस्कार परी शरण् महाँ
पृथ्वीपते !सुन्दर !हे अनुपम !
सीतापतें ! व्यापक ! हे मनोरम
५५

प्रणाम गर्छु प्रभुलाई सर्वदा
प्रशन्न होऊ म उपर् तिमी सदा
गर्छु नमस्कार रमां विलाश हे
शरण् हजुर्कैं परदै सदा म ए
५६

हे स्वामी !प्रभुको चरण्कमलकी भक्ति मलाई सब
बक्स्योस् नाथ सदैव दर्शन पनि हृदपद्म भित्रै अब
श्रद्धापूर्वक यो स्तुती हृदयले जो मानिसै पढ्दछन्
पाई भक्ति तिनी सबै हजुरकै परंपद पुग्दछन्
५७

प्रभुको पाउमा जान्छन् ती मानिसहरू सब
यसमा छैन सन्देह साँचो भन्दछु यो सब
यस्तो विन्ति गरी सारा श्री अत्रि मुनिले अनि
हात जोरी गरे विन्ति राममा फेरी यो पनि
५८

नाथ ! हजुरको पाउ कमल्लाई रघुपते
कैल्यै पनि नछोडोस् मेरो बुद्धि र चित्तले
चन्द्रमामा चकोरजस्तै सुखको मूलकारण
पदपंककजमा तिम्रै हे भवभय मोचन
५९

मेरो प्रिति रघुनाथ जन्म जन्मान्तरै पनि
बढी रहोस प्यासा भै उसैमा तन्मयैबनी
रामले अत्रिको ठुलो विनय अनि फेरि त्यो
गरको देख्नु भो - स्तुति वारंबार प्रणाम जो
६०

विविध थरिले मन्मा आनन्द पाउनु - भयो
अनि शील वति नम्र सीताले पनि फेर जो
अनसुया जीको पाउ पर्नु भो गरि भेट जो
मुसारी प्रेमका साथ दण्डवत गरेर पो
६१

जो सीता सकल लोक सुखदायिनी औ अनि
आदि शक्ति हुनुहुन्छ माता ब्रम्हाण्डकी पनि
उनै सीता महारानी अत्रिको पत्नि पाउँदा
रात्की कुमुदिनी जस्ती आनन्दी हुनुभो शुभा
६२

अत्रि पत्नि अनसुयाजीको हृदयमा खूब
आनन्द भो सीतालाई दिएर आशिषै तब
बसाइन् नगिचै आफ्नो अघाडी तीनले अनि
दिव्य भूषण औ बस्त्र पैहाएन् हर्षितै बनी
६३

जुन् बस्त्र निर्मलै राम्रो नवीन सर्वदा बनी
रहन्थे र सदा तेस्कै दर्शन मात्रले पनि
गरूडलाई देखेर सर्प भागे सरी गरी
दु :ख दारिद्र ती सारा भाग्दथे डरले गरी
६४

त्यस्तोविचित्र औ सुन्दर् बस्त्रल्याएर ता अनि
सीतालाई दिइन् अत्रि पत्निले हर्षितै बनी
प्रिय वचन बोलेर गरिन् सन्मान हर्षले
सकिन्न भन्न त्यो सारा प्रिति विनय प्रेम रे
६५

कुशल् प्रश्नको छलने तहाँ अनुसुयाजीले
वर्णन् केहि गरिन् नारी धर्मको पनि फेरि रे
सरल कोमलै बोली बोलिन् हे राजनन्दिनी !
माता पिता दिदी दाजु भाइ बन्धु समेत नि
६६

धेरै सुख्ख दिने हुन् है जानकी सुन्नुहोस् अनि
पत्नीलाई सबै सौख्य दिने हुन् स्वामी ता अनि
जो नारी गर्दिन सेवा प्रेमले निज स्वामीको
त्यो स्त्री अधम हो सीते पर्दछे नर्कमा ठुलो
६७

धैर्य धर्म मित्र नारी हुन् यि चार
परख् हुन्छन् आपदमा विचार
रोग ग्रस्त मूर्ख धन् हीन अन्धा
बुढो आर्त बहिरो कोधी गन्दा
६८

अप्मान गरदा तेस्तो स्वामीलाई पनि सीते
नारीले पाउँछे दु :ख यमपुर्मा अनेक रे
नारीका निम्तिमा चित्त कर्म बोली शरीरले
स्वामीका पाउमा प्रेम गर्नु नै योग्य हुन्छ रे
६९

स्त्रीका निम्ति धर्म हो येहि एक
कुरा यहि नियम हो र टेक
सती साध्वी नारी हेरू जगत्मा
हुन्छन् चारै वर्गका जान मन्मा
७०

वेद पुराण अनि संतले पनि
भनी रहेको छ यहि कुरा अनि
निचा लघू उत्तम मध्यमै सब
बुझाउँदै लक्षण नारीको तब
७१

म भन्दछु आज सीते ! हजूर्कन
मन् चित्तलाई कन सुन्नु - होस न
मैले गरीने अब नारी धर्मको
बयान सुन्छन् जुन् स्त्रि समस्त यो
७२

विश्वास मानि कन त्यो कुरा महाँ
हिडे भने तेहि सरी जगत् महाँ
तर्लान् भव सिन्धु तिनीहरू सब
किर्ति फिजाँई जगतै भरी तब
७३

उत्तम नारीको मन्मा यस्तो दृढ मति सदा
रहन्छकि जगत् भर्मै स्वप्नामा पनि ता कदा
स्वामी छाडी अरू छैनन् पुरूष पनि लोकमा
भनेर पर्दछन् नित्य मन् चित्त स्वामी पादमा
७४

मध्यमा श्रेणीका स्त्रिले पर पुरूषलाई ता
निज कै दाजु भाइ र बाबु छोरा संमानका
देख्दछे अनि फेरि त्यो नीच वर्गीय नारीले
धर्मको र अनि आफ्नो कुल्को राखी विचाररे
७५

चोखी रहन्छे जुन नारी त्यो अनि
निकृष्ट स्त्रि हो भनी भन्छ वेद नि
नारी अरू जे अधमाधमै जन
चरित्र भन्छु सब नै तिमी कन
७६

मौका नपाउँदा फेरि भयबस हुदाँ पनि
रहन्छे चोखो जो नारी त्यस्लाई नीचनै भनी
सम्झनु होस हे देवि ! जो नारी आफना पति
ठगेर पर पुरूष्मा गर्दछे प्रिति औ रति
७७

सौ कल्पसम्म त्यो नारी रौरव नर्कमा पनि
पर्दछे कष्टका साथ घोर दु ःख सहेर नि
एक् पल्को सुखको निम्ति शत्कोटि ज न्मसम्मको
सम्झन्न दु ःख त्यो जस्तो को होला नीच वंशको
७८

लिन्छे जो स्त्रि छलै छाडी पतिब्रतै धर्मलाई ता
पाउछें परमपद् त्यो बिना परिश्रमै सदा
पतिको प्रतिकुल् नारी जन्मन्छे गै जहाँ जहाँ
तरूणी मै विधुवा हुन्छे त्यो अनि त्यहाँ त्यहाँ
७९

नारी जात स्वाभावैले अपवित्र छ घोरको
तथापि पतिको सेवा गर्नाले त्यसले अहो !
उत्तमै गति पाउछे आज सम्म पनि प्रिये !
भगवन् विष्णुको प्यारी तुलसीछन् अतीव रे
८०

चारै वेदले तीनको किर्तिलाई
गाउँदछन् प्रेम साथै रमाई
महारानी !जानकी सुनु होस
नामै मात्र सम्झिदा देविको त
८१

नारीहरू जगत्मा समस्त
बस्नेछन् है धर्ममा पतिब्रत्य
देवि ! सीते ! राम हजुर को त
हुनुहुन्छ प्राण भन्दा प्रियै त
८२

शिक्षा मैले देवि ! ऐले गरेको
हजुरैका निम्ति हैन भनेको
जगतमा अधना नारी-को नै
भनेको हो हितका निम्ती पो नै
८३

यो कुरा जानकीजीले सुन्दा हृदयमा ठुलो
आनन्द मान्नु भो फेरि प्रेम्ले अनसूयाजिको
चरण पद्ममा झुक्तै अति आदर साथले
प्रणाम गर्नुभो फेरि खुसी भै जानकीजीले
८४

अनि पछि दयासिन्धो ! रामले अत्रि साथमा
आज्ञा पाए म जाऊँकी प्रभो ! अर्कै अरण्यमा
म माथि गरनु होला कृपा अब सदेव नै
नछाड्नु होस है स्नेह मन्मा जानेर दास नै
८५

भनेर गर्नु भो विन्ति धर्मात्मा रघुनाथले
कुरा सुने र यो सारा भन्दछन् अत्रि फेरि रे
सनकादि मुनि ब्रम्हा विष्णु शिव सुरेश ति
समस्त लोक नै खोज्छ जस्का कृपाकटाक्षकी
८६

निस्काम भक्तका प्यारा ! दिनबन्धो ! दयानिधे !
उनै प्रभो ! 'कृपा राख्नुहोला नित्य म माथि रे '
भनेर कोमलै यस्तो आज्ञा हुन्छ कुरा अहो !
मैले बुझें सबै ऐले बठ्याइँ यो हजुरको
८७

सारा देवहरूलाई छाडी श्री राम लाईनै
भजनु पर्दछ , जसको समान बढता कुनै
अर्को कोहि कतै छैन उस्को शील स्वभावको
न होला कसरी यस्तो ? धन्य हो लोकमा प्रभु
८८

पाल्नु होस भनेर नाथ !कसरी भनौं मआजै हरे
हुनुहुन्छ हजूर नाथ ! सबका अन्तर्निवासी तए
आज्ञा होस हजुरनै यति भनि धीरज् धरेरैतिनी
हेरेरै प्रभुलाई नै टुलुटुलु लागे चूपैता अनि
८९

थियो बगेको निर नेत्र बाट नै
रोमाञ्चले पूर्ण थियो नि गाथ नै
उर्लेर आइकन प्रेम पूर्ण जो
सैथिल्य भै गद् गद् भो शरी त्यो
९०

आपनो नेत्रपनि उन्ले करूणामय नाथको
मुहार पंकजै लाई गरे अर्पण साथ पो
फेरि श्री अत्रिले ज्ञान गुण इन्द्रियादिका
अगोचर भएका ती पुरूषोत्तम लाई ता
९१

नेत्र गोचर् गरे मैले त्यस्तो जगतमा पनि
केगरेकी रहेछु है यो सोचे मनमा अनि
म भन्छु तुलसीदास जो जन रघुनाथको
गाउँछन् पावन लीला दिन रात रमेर पो
९२
ती भक्तहरू अतुल भएको जय योग र
पाउँछन् धर्मको रासी मेटेर भवको डर
कलीको मलको नाश गरने दु:खको पनि
दमन गरने फेरी सुखको मूल जो छ नि
९३
रामको सुयशैलाई आदर प्रेम साथमा
जो प्राणी सुन्दछन् तिन्का उपर्मा रघुनाथ ता
प्रशन्न रहनु हुन्छ यो वेला कतिकालको
पापको ढुकुटि जस्तै बढी भीषण को छ जो
९४
यसमा हुन सक्तैन् धर्म ज्ञानहरू कुनै
हुन सक्तैन है केहि जप तप् कर्म ता कुनै
भरोसा छाडी साराको जो प्राणी रघुवीरको
भजन गर्दछ नित्य त्यो नै चतुर वीर हो
९५
प्रभुले पनि ता गर्नु भयो तारिफ अत्रिको
वर दिनुभयो ठुलो खुसी भै तिनलाई जो
त्यो देखि खुसी भै सारा सुरादीहरूले पनि
नभ बाट गरे बर्षा कुसुम कलिको अनि
९६
'जय जय होस् प्रभुको दयानिधे
यस्ती भयो अम्बरबाट बाणी रे
अनि मुनिका पद पदम्मा पनि
राखेर माथै मुनि सिद्ध औ अनि
९७
मनुष्यका मालिक रामजी पनि
हिड्नु भयो हर्ष भएर ता अनि
सजि मुनिका सरि भेष सुन्दर
अगाडी वन्मा प्रभु जानु भो पर
९८
प्रभु सरी कै धरी भेष लक्ष्मण
हे अम्बिके ! हर्ष गरी कनै मन
पछि पछि श्री रघुनाथको पनि
जानुभयो जंगल तर्फ नै अनि
९९

प्रभु दुवैका बिचमा विराज भै
शोभित् हुनु भो कसरी सीता अफैं
भने जिवात्मा अनि ब्रम्हका बिच
रहेकी माया सरि नै सुशोभित
१००
नदि वनै पर्वत र गुफादिले
बाटो कुबाटो अनि घाट पाटीले
चिन्हेर श्री रामजीलाई ता अनि
दिए सबै उत्तम मार्ग नै पनि
१०१
देवादि देव श्रीराम जानु हुन्थ्यो जहाँ जहाँ
नभ बाट घना मेघ छाँया गर्थे तहाँ तहाँ
आश्रम देख्नु भो ठुलो बाटामा रघुनाथले
देव भवन् पनि तुच्छ देखिन्थ्या त्यो अगाडी रे
१०२
त्यहाँ धेरै तलाउ र बघैंचा आँपका पनि
राम्रा राम्रा थिए धेरै आश्रमम भरिनै अनि
मुनिशहरूले फेरि विविध भाँतिले तहा
लगाएका थिए राम्रो पारी घेरेर नै जहाँ
१०३
निवाश गर्नुभो त्यहाँ त्यो दिन रघुनाथले
मुनिशहरूले सारा मिलेर खुसी साथ रे
सुबिस्ता सुख आराम - दिए - सुन्दर आसन
रामको प्रेमले हर्षित भएर गरी पूजन
१०४
गरे आतिथ्य साराले अमृत सरीको सब
कन्दमूलादि फलफूल ल्याएर प्रेमले तब
चढाए रामजीलाई भाइ लक्ष्मण साथ मै
प्रेमले गर्नु भो भोजन् सीता साथ लिएर नै
१०५
जसको इच्छाथियो जस्तोदिनुभो बर तेहि नै
भक्तका मनका इच्छा पुरा गरी कनै सबै
प्रात : भइ पछि फेरि मुनिहरू सबै कन
प्रणाम गर्नु भो जाई मनमा खुसी भैकन
१०६
पाई आशिष औ फेरि सुन्नुहोस गरूडजी
सिद्धिदाता विनायक औ शम्भु र देवि पार्वति
सम्फेर रामजी हिड्नु भयो जंगल भित्र मै
विविध भाँतिका राम्रा वन पर्वत ती सबै
१०७

नाघदै छहरा ताल तलाउ रघुनाथजी
अगाडी लाग्नुभो जान शैलजे !खुसीसाथकी
जाँदा जाँदा अनि फेरि बाटामा घनघोरको
गर्जनै गर्न लागेका क्रुद्ध विराध नामको
१०८

राक्षसै भेटियो वन्मा मानौं कालसमानको
भयंकर थियो तेस्को रूप अति विशालको
वेगवान फणी जस्दै भएर दौडियो तहाँ
निल्दछु रामजीलाई भन्ने सम्झेर मन्महाँ
१०९

नभमाथि रहेका ती देवता किन्नरै अनि
मुनि इत्यादिका सारा थरिका प्राणीले पनि
त्यस बखतमा खाए हरेस भित्र चित्त ले
'सक्तैन मार्न तेस्लाई रामजीले' भनेर रे
११०

उठाएर लग्यो तेस्ले सीतालाई तुरून्त नै
पैदाभो रामको मन्मा अनि केहि विषाद् नै
माता कैकेयीको काम त्यो बेला रघुनाथले
मन्मा सम्झनुभयो झट्टै अनि लक्ष्मणसाथ रे
१११

बयान गर्नुभो तेस्को अनेक थरिले सब
गुण सम्झेर सीताको विलाप गरदै तब
सौमित्रिले प्रभुलाई सम्झाउनु भएर त
क्रुद्ध भैकन पाचवाण छाड्नुभो वेग साथ त
११२

लक्ष्मणजीले क्रुद्ध भएर ता अनि
सन्धान गरेरै धनु झट्ट नै पनि
ताकेर मर्मै शर हानी हानी ता
पार्नु भयो व्याकुल तेसलाई त
११३

सीतालाई अनि तेस्ले राखेर भूमीमा पनि
उठेर लक्ष्मणैलाई ताकी हान्यो त्रिशुल नि
काल दण्ड सरी आयो दौडेर त्रिशुलै हरे
वनका मृग औ पंक्षीहरू व्याकुल् सबै भए
११४

इक्षाकु वंशका भूषण् भगवान् रामले पनि
धनु तान्नु भयो फेरि वाण हानी कनै अनि
छिया छिया शरीर्लाई पार्नुभो त्यसको सब
एकवाण् फेरि हान्नु भो अनि श्री रामले तब
११५

शिर हल्लाउँदै भैमा गएर त्यो पछारियो
जुर मुराउदै फेरि प्रवल् राक्षस त्यो उठ्यो
जता तिर हुनुहुन्थ्यो रघुनाथ उतै अनि
दौडियो 'अब बच्दैनस् तलाँइखान्छु म' भनी
११६

वेगले दौडियो दुष्ट प्रवल पर्वतै सरी
दौडने राक्षसैलाई देखेर अति नै डरी
व्याकुल देव सारा ति 'अब के हुन्छ हा ! भनी
आपसमा कुरा गर्थे डरले आत्तिदै अनि
११७

सयौं समीरको जस्तै तेस्को वेग थियो अनि
त्यसको देहको हावा लागेर रूखहरू पनि -
भाचिन्थे पत्थरैहेरू उड्दथे पात झैं अहो
जतिसम्म थिए जीव जन्तु त्यो वन भित्र जो
११८

भागेर दौडिए सार व्याकुल् भैकनता अनि
सर्प समान सातवाण जोरेर धनुमा पनि
रामले छाड्नुभो झट्टै बाटोमा आउदै महाँ
मारेर राक्षसलाई पछारी दिनुभो तहाँ
११९

तुरून्तै त्यसले राम्रो पायो स्वरूप त्यो कन
दु:खी सम्झि रघुवीर्ले गिरिजे !अनिता झन
पठाउनु भयो आफ्नै धाममा भगवानले
अनि भूमि खनी फेरि त्यस्को शरीरलाई रे
१२०

गाडिदिनुभयो त्यहाँ खुसीभै देवले अनि
गरेर पुष्पको बर्षा बजाए दुन्दुभी पनि
आएर पाउमा सीता लुटुपुटिनुभो तहा
हे भवानी !अनि भाई सीता सहित् वन् महा
१२१

रमाना हुनुभो राम सुन्दर भाइ औ अनि
सुन्दरी जानकीलाई लिएर साथमा पनि
कुटिमा पाल्नुभो राम तुरून्त शरभंगको
देखेर ऋषिले फेरि राममुख् रूपी पद्मको
१२२

लोचन् रूपी भ्रमरले नै आदर साथमा पनि
शोभा रूपी मिठो रस्कोलागे पानगर्न ता अनि
धन्य ! धन्य ! शरभंग ऋषि हुन् रघुनाथको
पाउ कमलको दर्शन् गर्न पाए रमेर जो
१२३

गरे मुनिशले बिन्ति दिनदयाल ! हे प्रभो
भक्तवत्सल हे नाथ ! करूणामय ! हे विभो
शिवका हृदयै रूपी मानस्सरोवरै महा
राजहंस स्वरूपी भै खेलने नित्य नै जहाँ
१२४

सुन्नुहोस् हे रघुनाथ ! म ब्रम्हधाममा पनि
जानभनेर लागेको थिए रघुपते अनि
त्यसै बखतमा ' राम सवारी हुन्छ वन्महाँ '
भन्ने खबर कानैले सुने राम अनि यहाँ
१२५

बाटो हेरेरैनै स्वामी ! दिन रात हजुरको
आशाराखी भगवान ! म बसेको थिए अहो
अब बल्ल प्रभो ! पाएँ दर्शन् आज हजुरको
धन्य !धन्य! भएँ नाथ ! छुटेर भव ताप यो
१२६

समस्त साधन् बिरहित् थिएँ म
तथापी हे नाथ ! मलाई राम !
दिन दु :खी सेवक जानी आज
गर्नु भयो नाथ ! कृपा अगाध
१२७

हैन मुलाजिम मात्रै ममाथि रघुनाथ यो
भगवन्! राख्नुभो आपन्नो पंणलाई समत यो
हे जनका मनचोर ! हे प्रभो ! करूणानिधे !
जहाँसम्म म यो देह छाडीकन दयानिधे !
१२८

मिल्दिँन हजुरमा नै ताहाँ सम्म त दासको
हित्का निमित्त हे राम ! यहि राजहओस यो
यति बिन्ति गरी फेरिं शर्भङ्गमुनिले अनि
जो गरेको थिए योग जप तपहरू पनि
१२९

धर्म कर्म प्रभुलाई चढाई कन ता सबै
भक्ति रूपी वरै पाए दयासागर बाट नै
शरभंग मुनि येहि रीत हृदयले सबै
आशक्तीहरू ता सारा प्रपञ्चको त्यजेर नै
१३०

चिता बनाई त्यसमै बसे अनि
तिन्ले गरे फेरि पुकार यो पनि
मेघ सरी श्याम शरीर् हुने प्रभो !
रानी र भाई सहितै भएर पो
१३१

सगुण औ ब्रम्ह स्वरूप् रघुपते !
मेरो मनै मन्दिरमा सीतापते
सधैं भरी गर्नु हओस राज नै
गरेर बिन्ति प्रभुसाथ यो सबै
१३२

अग्नि प्रकट् देहमी मै गरेर
जलाए त्यो गाथलाई रमेर
रामजीका करूणाले मुनिश
गए विष्णु धाममा नै अनि ता
१३३

वर् पाएका थिएतिन्ले पैले नै भक्तिको पनि
भएनन् हरिमा लीन तेसै कारणले अनि
ती शरभंगको देख्दा गति ऋषिहरू सबै
आनन्दित भए मन्मा करूणा सम्झि रामकै
१३४

ऋषिवर्गहिरू सबै रामजीको
पुकारा त्यहाँ गर्न लागे अनि पो
सदा भक्त वत्सल् ! तथा दिन नाथ !
हरे! दिन बन्धो !प्रभो ! लोकनाथ !
१३५

कृपाकल्याणका कारक! हे राम ! रघुनन्दन !
दिनबन्धो ! सीतानाथ ! जय होस हजुर्कन
त्राही त्राही शरण् पर्छौं गर रक्षा दयानिधे !
पाएर प्रभुको दर्शन् भयौं हामी सनाथ रे
१३६

जानुभो रामजी फेरि अगाडी तिरनै अनि
प्रभुकै साथमा लागे धेरै ऋषि मुनि पनि
देख्नु भो हाडका थुप्राहरू श्री रघुनाथले
अत्यन्त करूणा लागीसोध्नु भने मुनिसाथ रे
१३७

त्यो वृतान्त भनी सारा मुनिशहरूले अनि
भने फेरि प्रभुलाई हात जोरेर यो पनि
जानी जानी कनै सोधी बक्सन्छ कसरी प्रभो !
हुनुहुन्छ हजुर्नै ता सब अन्तरयामी जो
१३८

सर्वदर्शी हुनुहुन्छ नाथ ! राक्षस वृन्दले
खाइसके रघुनाथ ! सारा ति मुनिवृन्द रे
तिनै मुनिहरूका हुन् यी हाड पनि हे प्रभो !
भनेर विन्ति यो गर्दै चुपलागे समस्त जो
१३९

पानीले भरिए नजर् प्रभुजीका त्योहालसुन्दा सब
दोटै हात खडा गरेर प्रभुले आज्ञा भयो यो तब
दुष्टै राक्षसले रहित् गरदछु यो धर्तिलाई अब
भन्ने प्रण गरनुभयो प्रभुजीले कठोरको यो सब
१४०

अनि आश्रम आश्रममा घुमेर मुनिहेरूको
चित्त आनन्दितै पारी अभयै बक्सनुभयो
सुतीक्ष्ण नामका शिष्य अगस्त्यमुनिका पनि
धीमान भगवद् भक्त थिए एक पवित्र नि
१४१

मनसा कर्मणा बाचा तिनी श्री रघुनाथको
पाउकमल कै सेवा गर्दथे प्रेम साथ जो
स्वप्नामा पनि तिनलाई भरोसा अरू देवको
थिएन रामकै पाउ भज्दथे भक्ति साथ पो
१४२

रघूनाथ वन्मा सवारी भएको
खबर् सुन्न पाएर ता कानले जो
मनोरथ् त गर्दै तिनी चित्त माहाँ
हतारै गरी दौडीए मार्ग माहाँ
१४३

दिनबन्धु रघुनाथ म जस्तो नीचमा पनि
गर्नुहोला दया आज ?हा !दैव ! मूर्खहो भनी
के प्रभुले सीताजी र भाइका सहितै भई
आफनो सेवकै जस्तै म माथि पनि खुस्भई
१४४

गर्नुहोला र हा ! भेट मसित पनि आज रे
छैन मलाई ता मन्मा दृढ विश्वास खास रे
भक्ति ज्ञान र वैराग्य क्यै छैन हृदयै महा
कसरी भेट्नु होला र मलाई प्रभुले यहाँ
१४५

न ता सत्संगनै मैले गरेको कहिल्यै छु रे
न योगाभ्यास जप् यज्ञ गरेको छु प्रभो ! हरे
प्रभुको पाउ पंकजमा न ता छ दृढ प्रिति नै
नकैले प्रभुको नाम भज्दछु प्रेमले म है
१४६

खाली छ मनमा एक आशा र अवलम्बन
दिनबन्धु हुनुहुन्छ प्रभु जानकी जीवन
जुन् प्राणीको गति छैन अन्यत्र त्यहि नै जन
प्यारो हुन्छ दया सिन्धो रामका निम्तिमा झन
१४७

यस्तो दयालु बानी छ करूणामय नाथ को
यसैको आसरा राखी पर्छु शरणमा म जो
अतिनै अधमै पापी शठ मूर्ख भए पनि
केहि हालतमा कैले सम्झन्छ रामजी भनि
१४८

त्यहि नै प्रभुको प्यारो हुन्छ प्राणी अतीवनै
म उनै रामजीलाई आज आफ्नो अगाडीनै
देखौला नेत्रले यस्तो मनोरथ् गरदै महा
रोमाञ्चले परिपुर्ण भयो मुनि शरीरमा
१४९

प्रेमले भरियो तिन्को हृदयै अनि चित्तमा
फेरि विचार ता गर्न लागे यो अनि मार्गमा
जुन त्यो चरण पद्म अनेक मुनि हेरूको
आउँदैन हरे! कैल्यै पनि ता ध्यानमा अहो !
१५०

उनै प्रभु रघुवंश मणी श्री रघुनाथजी
प्रेम र भक्तिले मात्र बसमा पर्नु हुन्छ ती
काकभुशुण्डि यो भन्छन् सुन्नुहोस गरूडजी
प्रेम समानको अर्को भजन केहि छैन नी
१५१

यो कुराको गरी मन्मा विचार मुनिहेरूले
रामको गुणको गर्छन् किर्तनै बारंबार रे
मनमा निश्चयै गर्न लागे सुतीक्ष्ण त्यो घरी
संसारको भय मोचन् गर्ने मुख्पद्म योघरी
१५२

देखेर लोचनै मेरो हुनेछन् अब सुफल
हुनेछ आज यो मेरो जीवन अति निर्मल
एवं प्रकारले दुर्गे !ती ज्ञानी मुनि त्यो घरी
डुबेका नै थिए गाढ प्रेममा पनि बेसरी
१५३

सकिन्न बर्णने गर्न त्यो हालहरूको सब
दिशा र विदिशा बाटो कुबाटोको पनि तब
रहेन ख्याल नै मन्मा सुजेन केहि त्यो घरी
'म को हु र कहाँ जानलागेको छु यसैघरी '
१५४

बिर्सिए यो कुरा सम्म मनमा ती सुतीक्ष्णले
वनमा हिड्दथे कैले कैले फर्कि पछाडी रे
हिड्दथे - फर्किई सोझै फेरि अनि सरासर
रामको गुण गाएर नाच्दथे कहिले फिर
१५५

अविरल् प्रेम औ भक्ति तिनले रामचन्द्रको
निस्काम निस्कपट् ठुलो पाएकाथे अपारको
लुकेर आडमा रूख्को रामले ऋषिको सब
हाल त्यो खुसी भै हेरी रहनु नै भयो तब
१५६

धरणी भय हारि रामले
अति नै प्रिति गरी कटाक्षले
अनि ता मुनिको मनै महा
प्रिय भाइ र प्रिया समेतमा
१५७

प्रकट् हुनु भो रघुनाथजी पनि
कान्ति फिंजाई कन शोभिई अनि
बसे थचक्कै बिच मार्गमा हरे !
निश्चल भए ति मुनि ता अतीव रे
१५८

रोमाञ्चित भइ तिन्को शरीर पनि त्यो घरी
कटहर्को फलै जस्तो भयो फुलेर बेसरी
अनि राम सवारी भो तिनको नगिचै महाँ
आपन्ना भक्तको त्यस्तो हाल देखेर मार्गमा
१५९

त्यो अबस्था प्रभुलाई सारै मनपर्‍यो अनि
विविध थरिले जागा गराउनु भयो पनि
ध्यानबाट मिलेको त्यो अपार सुखता सब
पाई मस्त भई डुब्दै रहेका मुनि ती तब
१६०

जागेनन् र अनि आपन्नो भूपको रूप रामले
लुकाउनु भइ फेरि तिन्का हृदयभित्र रे
चार्बाहु रूपको दर्शन दिनु भो मुनि ता अनि
मणि हराउँदा नाग जसरी आतिइन्छ नि
१६१

उठे आत्तिएरै त्यस रीतले ति
अनि श्याम सुन्दर् शरीरै हुने कि
सुखै धाम प्यारा रघुनाथलाई
सीता औ लक्ष्मन् सँगैमा रमाई
१६२

खडा राजभएको नै देखे आपन्ना अगाडीमा
अपार भाग्यमानी ति मुनि डुबेर प्रेममा
रामका पाउ पंकज्मा शिर पर्ने गरीकन
ढले लठ्ठी समानै भै हर्ष विव्हल भैकन
१६३

अनि विशाल बाहुले उठाई रघुनाथले
टाँस्नु भो हृदयै माथि अंकमाल गरेर रे
मिल्दा शोभा खुल्यो यस्तो राम र मुनिकोभन
तमाल र अनि सुन्को बृक्ष भैं शोभिई कन
१६४

हेर्नेलाई मुहार श्रीप्रभुजीको जागा भएका तिनी
चित्रै निर्मित मूर्ति भैं छुनगए निश्चल् बनेरैअनि
मन्मा धैर्य धरेर फेरि मुनिले प्यारा रघुनाथको
बारबार मुसारी श्री चरण त्यो डुबेर प्रेम्मा अहो !
१६५

ल्याएर रामजीलाई आफ्ना आश्रममा पनि
अनेक थरिले पुजा गरेर मुनिले अनि
गर्न लागे भुकी बिन्ति मुनिले हात जोड्दै
मेरो यो बिन्तिलाई हे स्वामी ! सुन्नुहओस है
१६६

स्तुती गरौं म कसरी हजुरको
जस्को अनन्त महिमा अपारको
थारै छ बुद्धि रविका अगाडीमा
खद्योतको चल्दछ के र जोरी ता
१६७

माला सरी नै नील पद्मको पनि
शरीर यो श्याम मनोहरै अनि
शिर्मा जटाको मुकुटै धरीकन
भइ सुशोभित् मुनि चीरले भन
१६८

राम्रा धर्नुवार्ण धरेर हातमा
धरेर ठोको पनि फेरि पीठमा
निरन्तरै श्री रघुवीरजी कन
गर्छू नमस्कार प्रभो ! भुकिकन
१६९

मोहै रूपी घोर अरण्ड निम्तिमा
सदा टढेलो रूप जो छ गिन्तिमा
सन्तै रूपी पद्मबनै निमित्तमा
हुने दिवाकर् रूपी जो समस्तमा
१७०

राक्षस् समुहै रूपी हात्तिका पनि
वथानमा सिंह स्वरूप जो छ नि
संसार रूपी खग निम्तिमा पनि
बाजै स्वरूपी भगवानमा अनि
१७१

गर्छु पुकारा भुकि शिर यो सदा
रक्षा मलाई गर नाथ सर्वदा
सीताजीका नेत्र रूपी चकोरका
निमित्तमा चन्द्र रूपी भएर ता
१७२

श्री शंकरैको हृदयै रूपी पनि
मानै सरोबर् बिचमा सदैव नि
राजमरालै स्वरूपी छ जो सदा
लोचन् छ लालै कमलै सरी अहो
१७३

विशाल छाती र विशाल हातले
शोभित् हुने रामजीलाई आज रे
गर्छु नमस्कार भुकाउदै शिर
मेरो गरे रक्षण हे रघुवीर
१७४

सन्देह रूपी सब सर्पका पनि
ग्रास् गर्नमा जो छ गरूड् समान नि
कडा कुतर्कै हरू औ बिषादको
विनाश गर्ने करूणा निधान जो
१७५

संहार गर्ने भव पीर ता सधैं
रञ्जन् त गर्ने सुर सिद्धमा सधैं
कृपा समूहै रूपी रामले पनि
मेरो गरून् रक्षण सर्वदा अनि
१७६

निर्गुण फेरि सगुणै पनि छ जो
बिसम त्यस्तै सम नै पनि अहो !
सद्ज्ञान वाणी मन इन्द्रियादिको
अगोचरै रूप रहित माथिको
१७७

निर्मल् र सर्ब स्वरूपी अपारको
निर्दोष औ ज्ञान स्वरूप सार जो
हर्ने धराको पनि भार ता सब
गर्छु प्रणामै प्रभुलाई नै अब
१७८

सद् भक्तका निम्ति महा पनि जो !
उपवनै रूप त कल्पवृक्षको
अखण्ड आराम दिने सदैव पो
आफ्ना जनैको हरि दु :ख ताप जो
१७९

क्रोधै र मोहै मद काम यि सब
हटाउने शान्ति दिएर नै तब
अत्यन्त बाठो , भवसिन्धुका पुल
भएर निर्मल् ध्वज सूर्यका कुल
१८०

दिन दयालो रघुनाथजी सधैं
मेरो गरून् रक्षण सर्वकालमै
भुज प्रताप जसको अतुल छ
बलैहरूका महलै स्वरूप त
१८१

कलीमलै नाश् गरने अनेक जो
नामै छ हर्ने भव दु :ख् समेत पो
कल्याणकारी कवचै धरमका
गुणागण खानी स्वरूप रामका
१८२

चरण् कमल्मा गरछु प्रणाम यो
मंगल् गरून् दास ममा सदैव जो
हे राम स्वामीन् हुन ता हजुर ता
माया रहित् व्यापक हो जरूर ता
१८३

समस्त प्राणीको मन्मा निरन्तर रघुपते !
निवास गरनु हुन्छ तथापि करूणानिधे !
भाइ लक्ष्मण् महालक्ष्मी प्रिया जानकीसाथमा !
जंगलै जंगल डुल्न लागेका यो अनुपमा !
१८४

यहि स्वरूपले राम ! मेरो हृदयमा सधैं
राज हओस् हे राम करूणा गरी दासमै
हृदयान्तर यामी र सगुण निर्गुण भनी
जोजान्दछ हजुरलाई ती जानुन् यहि सबअनि
१८५

जो सरोज दलै जस्ता भएका नयनै पनि
होइबक्सन्छ हे राम ! अयोध्याधीश नै अनि
दशरथ् नन्दन सोहि प्रभु मेरा त चित्तमा
घर बनाउनु होस सीता लक्ष्मण साथमा
१८६

कृपा निधान ! हे सुन्दर ! सुखद ! जसरी सब
मायाको बसमा जीव विवस् भै रहदों छत
मग्न हुन्छन् जगत्मानै नित्य नै सोहि रितले
सर्वदा हजुरै प्यारो मलाई लाग्नु होस है
१८७

म हुँ दास , हुनु हुन्छ मेरो स्वामी रघुवीर
एवं प्रकारको मेरो ठुलो यो अभिमान त
न छुटोस् रघुनाथ भोरमानै परे पनि
मन मेरो रहोस् पाउ पद्ममा भ्रमरै बनी
१८८

जो प्राणी रामका भक्तिलाई छाडेर लोकमा
चाहन्छ सुख औ शान्ति कल्याण पनि चित्तमा
त्यो नराधम श्रृंगाल सरीको नीच हो पनि
चौराशीमा घुमी फेला पर्दछ नर्कको पनि
१८९

सुन्दा मुनिको वचनै प्रभुजीमा
मन् लाई लाग्यो अति नै प्रिर्य तिता
फेरि प्रभुले भई हर्षितै अनि
लगाउनु भो हृदयै महा पनि
१९०

परम् प्रशन्न मलाई हे मुने !जानहै अब
जे माग्दछौ त्यहि दिन्छु वर खुसी भई तब
भनेर प्रभुले यस्तो आज्ञा गरनु भो पनि
विन्ति गरे सुतीक्ष्णाले प्रभुका साथमा अनि
१९१

मागेको छैन है मैले वर कैल्यै पनि प्रभो !
भुटोहो के कुरा फेरि कुन्कुरा चाहिँसत्यहो
यहि कुरा समभ्भ्मा नै आएको छैन हे प्रभो !
हे सेवक ! सुख राम ! हे राम ! प्रभुलाई जो
१९२

ठीक लाग्दछ तेहि नै मलाई बक्सियोस् वर
जे इच्छा छ दिनुहोस शरण् पर्छु रघुवर
मुनिको गहिरो यस्तो सुनेर बचनी पनि
गर्नु भो प्रभुले आज्ञा खुसी भैकन यो अनि
१९३

तिमी पूर्ण ज्ञानी तथा भक्तिमान
बनी नीर बच्छिन्न वैराग्य धाम
सबै ज्ञान विज्ञान खानी तमाम
हुनु शान्ति औ सौख्य आनन्द धाम
१९४

बिन्ति गरे अनि फेरि मुनिले राम साथमा
दिनुभो प्रभुले ऐले जो बर खुसी भै ममा
मैले पाएँ सबै त्यो ता मलाई अब है प्रभो
मन पर्दछ जे तेहि दिनु होस् वरदान पो
१९५

निस्काम मेरो हृदयै महा प्रभो !
साक्षात् धनुर्धारि सदा प्रशन्न जो
सीता र सौमित्री लिएर साथमा
आकाशमा चन्द्र समान भै यहाँ
१९६

निरन्तरै बस्नु हओस है अब
हटाई मेरो तम चित्तको सब
सुनेर यो बिन्ति प्रभुजीले पनि
तथास्तु होला यहि नै सदा भनी
१९७

यो आज्ञा भइ तिन्लाई भगवान् रामजी अनि
लाग्नु भो जान आश्रम्मा अगस्त्यमुनिको पनि
हात जोडी सुतीक्ष्णले प्रणाम गरि फेरि यो
बिन्ति गरे प्रभो ! मेरो केहि विनति आज यो
१९८

सुन्नु हओस हे नाथ ! गरेर गुरू दर्शन
आएको आश्रमै यस्मा धेरैनै दिनभो भन
गुरू आश्रममा जान पाउँ हजुर साथमा
अब हजुरलाई ता अप्ठ्यारो केहि यसमा
१९९

पर्दैनथ्यो प्रभो ! फेरि जुन् चरण्ले विरोधका
घमण्डलाई तोडेको हो नाथ ! प्रभुले आहा !
बाटोमा हिडदा खेरी तिनै चरण् पद्मको
दर्शन् गर्दै रघुनाथ ! हिडौला खुसी साथ पो
२००

कृपानिधान श्रीराम भाइ लक्ष्मण् साथमा
वठ्याईं मुनिको देखि हास्नुभो मनभित्रमा
साथै लिएर तिन्लाई पनि रामजीले अनि
जानलाग्नु भयो फेरि बार्ता गर्दै रमेर नि
२०१

आफ्नो अपार अनुपम् प्रभावशालि भक्तिको
बाटामा वर्णन् गर्दै देवादि देव राम जो
कुटिमा आई पुग्नु भो अगस्त्य मुनिको पनि
नदि तलाउ पर्वतले भएको शोभितै पनि
२०२

सुन्दरै आश्रम ठुलो देख्नुभो रामले पनि
हर्षितै हुनुभो राम भाइ जानकी साथ नि
जल थल चर जीव जन्तु हरू थिए जति
गर्दैनथें कुनै मन्मा शत्रुता कहिल्यै रति
२०३

परस्पर्मा त्यहाँ सारा गर्दथे प्रिति प्रेमले
विविध स्वरले बोल्ने अनेकौं पक्षिहरूले
जाहिँ ताहिँ भरिएका उत्तमै जात जातका
बृक्ष थिए त्यहाँ धेरै सुन्दर फुलपातका
२०४
गुण र महिमाको नै भएका भवनै सरी
मुनि सिद्ध तप गर्दै रहन्थे कहिं बेसरी
किर्तन् गरिरहेका नै थिए कोहि मनोहर
कोहि ता बस्दथे राम पाउ सम्झेर सुन्दर
२०५
तुरून्तै गुरूको नजिक्मा गएर
गरी वन्दना औ सुतिक्ष्णै रमेर
अनि बिन्ति गर्छन् भुकि बारबार
अयोध्याधिराज दशरथ् कुमार
२०६
भेट्नपाल्नुभएकोछ हे नाथ ! रातदिन् सदा
जपिनै रहनुहुन्छ जुन् इष्ट देवलाई ता
हुनुहुन्छ उनै राम सीता लक्ष्मण साथमा
प्रभुको कुटिको केहि पर आश्रम माझमा
२०७
सुन्नाकासाथ त्योवाणी उठेर झट्ट त्योघरी
अगस्त्य दौडिए प्रेम विव्हल भई बेसरी
भगवान् रामजीलाई देख्ता नयनमा भरी
प्रेम जल भयो पूर्ण रोमाञ्च भइ बेसरी
२०८
दुइटै भाइ पर्नूभो मुनिको पादपद्ममा
अत्यन्तै प्रेमले उन्ले लगाए हृदयै महा
कुशल् प्रश्न गरि फेरि ती ज्ञानी मुनिलेअनि
श्रीरामलाई आफैंले ल्याई आसन मा अनि
२०९
गराए राज औ फेरि अनेक थरिले अनि
षेडश विधिले पूजा गरेर पाउको पनि
फेरि बिन्ति गरे नाथ ! म बराबरको ठुलो
भाग्यवान कुनैछैन दोश्रो यो लोकमा भलो
२१०
त्यो कुटिमा जति सम्म मुनिवर्ग थिए सब
सुखको मूल श्रीरामलाई देखेर ती सब
भए हृदयमा हर्ष राजूभो राम अनि पछि
सन्मुख् भएर सारा ति मुनिको फौज मध्यकी
२११
शरद्का नै शशिलाई चकोर हरूले पनि
हुन्कि हेरन लागेका भन्ने भान गरेर नि
मुनि समाज ता राम मुहारलाई एक टक
भएर हेर्न लागे ती हर्ष – आनन्द साथ त
२१२
जसरी असल स्थल्मा रहेका मत्स्यले पनि
पाउंदा जल आानन्द हुन्छन् हर्ष भएर रे
जसरी दिन औ हिन प्राणी पार सपाउँदा
सुखी हुन्छन् गइ सारा दु ःख दारिद्र हेरू ता
२१३
पाउंदा जलता जस्तो स्वातीका मेघहेरूको
प्रशन्न चातकैहुन्छन् त्योजस्तो मन् गरीअहो
पाउँदा रामको दर्शन मुनि समूह हेरू त्यो
आनन्दित भए सारा अति नै खुसीले अहो
२१४
अगस्त्य मुनिका साथ रामजीले अनि त्यहा
निवेदन् गर्नु भो यौटा ' मुनिवर हजूरमा
छिपेको छैन जुन कारण् परेर जंगलै महा
आएको हुं ' हर्जुसारा जान्नु हुन्छ सबै यहाँ
२१५
त्यसैकारणले स्वामीन् मैले जम्मै हजुरमा
बताइन खुलासा भै करूणा गरदै ममा
मन्त्र दिनुहोस् त्यस्तो अहिले करूणाकर
मार्न सकुँ सबै मैले मुनि द्रोहि निशाचर
२१६
हेमन्त आए पछि ता जसो गरी
बाच्दैन पदमैवन ता उसै गरी
ऐले म आए पछि जंगलैं महाँ
बाँच्दैन कोहि असुरै पनि यहाँ
२१७
रामका यी कुरासुन्दाहांसे अगस्त्य क्यै अनि
लागे विनति यो गर्न प्रभुका साथमा पनि
हे नाथ !करूणासिन्धो !भक्तवत्सल !हे प्रभो !
के सम्झिसोध्नुभो आज मलाई प्रभुले अहो !
२१८
प्रभुकै करूणा पाई सद्भक्तिका प्रभावले
महिमा प्रभुको थारै जान्दछु म यथार्थले
बलबान् प्रभुको माया अतिव भय दायिनी
सबै माथि रमेकीछ सुन्नुस् विन्ति अरू पनि
२१९

डुम्रीको रूखहो ठुलो हजुरकी माया अनि तेसको
फल्हुन् है भगवान् अनेक थरिका ब्रम्हाण्डहेरूयिजो
जन्तु हुन् सब कालका सकल यी चराचरै जीवनै
बस्छन् त्यै फल भित्र नित्य भगवान् तीनीहरूता सबै
२२०
जान्दैन अरूलाई ती रघुपते बस्छन् रमेरै सदा
खानेत्योफल कालनै हुनगयो त्यो कालनै फेर ता
हजुर्का भयले डराई मनमा बस्तोछ नित्यै प्रभो !
तेस्ता लोकपति रघुकुलमणि श्रीरामले आज यो
२२१
संसारी नर भैँ भएर यसरी सोध्नु मलाई भयो
हे स्वामी करूणा!निधान! भगवान्! दिन दयाल प्रभो !
सीता लक्ष्मण साथ मै रघुपते मेरो मनै पद्ममा
राज होस् नित्य प्रभो !यहिवर मता माग्छुसदासाथमा
२२२
सद्वैराग्य अखण्डभक्ति र प्रभो प्रितिमलाइ दिनोस्
पाउ पकंजका अनि रघुपते सत्संग धेरै मिलोस्
पाउँ नाथ कृपागरेर हुन ता ब्रम्ह स्वरूपी तथा
निर्विकार अनन्त व्यापक स्वयं सर्वस्व संसारका
२२३
यस्ता इश्वरको सुसन्तहरूले जस्ता स्वरूप भज्दछन्
त्यस्तोरूप अजस्त्र चिन्तन गरि मोहादि सब हर्दछन्
यस्तो निर्गुण रूप नै हजुरको वर्णन् पनि गर्दछु
आफूमै पनि नाथ राम प्रभुको त्यो रूप सब् जान्दछु
२२४
फर्कि फर्कि कनै त्यस्ता सगुण ब्रम्हको जप
गरेर मनमा धेरै आनन्द मान्दछु म त
प्रभुका सेवकै लाई रघुनाथ सदैव नै
प्रतिष्ठा लोकमा मिल्छ त्यस कारणले अझैं
२२५
मसंगै प्रभुले यस्तो सोध्नुभो विन्ति गर्दछु
रमणीय तथा सान्है पवित्र स्थान भन्दछु
त्यो हो पञ्चवटि भन्ने त्यहि अत्यन्त पावन
गोदावरी बहेकी छन् वरिपरि घुमि कन
२२६
प्रसिद्ध छन् नदि ती ता चारनै युगमा प्रभो !
पवित्र पारनुहोस दण्डकारण्यलाई त्यो
हटाई दिनु होस् नाथ ! उग्र श्राप मुनिसको
रघुकुल मणि त्यहि निवास गर्नु होस पो
२२७
दया गर्नु हओस् नाथ सारा यी मुनिहरूमा
मारेर असुरैलाई अभय गरी वन् महाँ
हुकुम मुनिको पाई तुरून्त रामजी पनि
हिडी हाल्नु भयो पञ्चवटी जान भनेर नि
२२८
चाडै पुग्नुभयो फेरि त्यहाका सुन्दर लता
वृक्षहरू प्रियलागे रामका मन भित्र ता
रामको दर्शनै पाए पछि तिनीहरू पनि
भए सुन्दर ती नन्दन कानने झैं बनेरनि
२२९
सीता सौमित्रीका साथै रामका पाउ पद्मको
दर्शन पाउदा सारा दण्डकारण्य नै अहो !
पापनष्ट भइ सारा भयो उज्वल जंगल
अत्यन्त सुखदायी र अति सुन्दर झल्मल
२३०
जटायु गिद्धका साथै भेट्भयो अनि रामको
दृढ प्रति तिनी साथ गरेर रहनु भयो
जनक नन्दिनी फेरि भाई लक्ष्मण साथमा
पर्णशाला अति राम्रो बनाई नदि पासमा
२३१
सुख र शान्तिलेनाथ लाग्नुभो बस्न त्योघरी
पवित्र सुन्दर लीला अनेक थरिको गरी
निवास रामले गर्नु भयो जब त वन् महाँ
सुखी भए मुनि सारा हरायो त्रास मन् महाँ
२३२
पहाड जंगल ताल नदि दिन प्रति सधैं
छवि पूर्ण भई सारा भए अति सुरम्य नै
पशु र पंक्षीको सारा फौज खुसी भइ सब
रमाई डुल्दथे वन्मा नाची नाची कनै तब
२३३
मधुर गुञ्जनै गर्थे भ्रमराहरू फूलमा
फुक्तथे सरस राग विविध पंक्षी वन्महा
जनक नन्दिनी साथ रघुकुल मणि जहाँ
विराज गरनु हुन्थ्यो भइ आनन्द मन्महाँ
२३४
शोभा वनैको पनि भन्न त्यो घरी
सक्तैनथे शेष पनि अघि सरी
बसन्त आएर स्वयं सजीकन
तयार पारे सरी सुन्दरै वन
२३५

एक समयमा राम आनन्द पूर्वक पनि
विराजित हुनुहुन्थ्यो सीता सहितमा अनि
विन्ति गर्नुभयो निर्मल् बाणीले लक्ष्मणैजीले
निस्कपट् मनले यस्तो , झुकेर कर जोरि रे
२३६ .

देव नर मुनि सारा जगकाा स्वामी साथमा
म आफ्नै स्वामीका साथसरि सोद्धछु पाउमा
उपदेश मलाई त्यो आज्ञा होस् बुझाउदै
हे देव ! सब छाडेर जसमा म हजुरकै
२३७

चरण रजकै सेवा गर्न पाऊ सदा प्रभो !
ज्ञान वैराग्य मायाको शिक्षा गर्नुहओस त्यो
गर्नु हुन्छ दया स्वामी जे गर्दा प्रभुले सदा
मलाई भक्तिको सारा गर्नु होस् उपदेश ता
२३८

जीव र ईशको भेद सम्झाएर सबै अनि
आज्ञा होस् जसले नाथ ! प्रभुको पाउमा पनि
भक्ति र प्रेम लागेर शोक मोह भ्रमादिक
नाशिउन् भगवान् मेरो निर्मल् चित्त भएर त
२३९

बिन्ति सुनेर यो सारा लक्ष्मणको रघुनाथले
आज्ञा भो सुन हे भाइ !संक्षेपमा भन्छु आजरे
लगाएर मन चित्त बुद्धि अब सुन तिमी
जसले जीव सबलाई गरको बसमा छ नि
२४०

बाबु लक्ष्मण त्यो माया भनेको चिज ता सबै
'म मेरो र तं तेरो ' यो हो अहं भावहरू नै
इन्द्रिय गोचरै सारा चिज र फेर जहाँ तक
जान्छ मन् मनगोचर्मा जतिछन् चीजहेरू त
२४१

ती माया स्वरूपी हुनयो कुराज्ञान तिमी अब
हे लक्ष्मण !ती मायको भेद पनि सुन सब
एक विद्या अनि अर्को अविद्या यी दुवै थरि
मायाका भेद हुन् भाई सम्झेर बुझ बेसरी
२४२

दुष्ट यो एउटा भेद अति नै दुःख रूप छ
जसको बस पर्नाले जगमा जीव भुल्दछ
विद्याको अरको चाहिं मायाको भेद योसब
लोकको रचना गर्छे तेस्कै बसमा परी तब
२४३

रहन्छ सत्व र तम रज तीन गुणै सदा
ईशकै प्ररणाले नै त्यो विद्या चल्दछे सदा
त्यसको छैन सामर्थ्य खास आफ्नो कुनै यहाँ
नचाउंछन् प्रभो जस्तो नाच्छे त्यसरी लोकमा
२४४

रहदैन अभिमान जसमा ज्ञानको कुनै
जो सबैमा समै रूपले गर्दछ ब्रम्हदृष्टिनै
भन्नु पर्छ त्यसैलाई सच्चा वैरागी लक्ष्मण
त्यागेकोहुन्छ तृणजस्तै त्यस्ले सिद्धि तिनैगुण
२४५

'मायाको ईश हुँ ' भन्ने जान्दैन आफुलाई जो
'जिव ' भन्ने त्यहि नै हो भाइ मन्मा विचार यो
मायालाई दिने आज्ञा बन्ध मोक्ष दिने सबै
प्रपञ्च देखि टाढा नै रहेको बस्तु जो छ है
२४६

हेभाई ! ब्रम्ह हो ! तेहि कल्याणकारी निर्गुण
जस्को मनन गर्दामा चैतन्य हुन्छ जीव् सुन
वैराग्य धर्म देखि ता वैराग्य बाट योग नै
योगबाट अनि ज्ञान ज्ञान् बाट मोक्ष हुन्छ है
२४७

भनेर वेदले सारा गरेको निर्णय छ यो
म चाडोनै खुसीहुन्छु जेबाट बाबु ! हेर त्यो
उपाय लोकमा मेरी भक्ति नै हो विचार यो
भक्त सुखदायीनी भाई छ त्यो भक्ति सदैव जो
२४८

स्वतन्त्र हो भक्ति र तेसलाई ता
चाहिन्न अर्को अवलम्वन केहि ता
विज्ञान औ ज्ञान दुइ चिजै पनि
छन् भक्तका नै अधि नै सदैव नि
२४९

बाबु यदि संतहरू सबै जन
हुनै गए ती अनुकल् भने झन
त्यो सुख्खको मूल अनुपमै अति
पाइन्छ भक्ति भवमा अनि पछि
२५०

जुन् भक्ति रूपी सुगम्का मार्गले प्राणीहरू ति
मलाई पाउँछन् भाई त्यो भक्तिको अपार की
साधना भन्छु तिम्लााई बिस्तार पूर्वकै सब
जुन् सुन्नाले नर सारा मलाई पाउँछन् तब
२५१

पैलो साधन ब्राम्हणूको चरणूमा दृढ प्रेम हो
वेदले नैभने जस्तो दोश्रोसाधन जो छ त्यो
श्रद्धा पूर्वक प्रवृत्ति हो आपनो निज धर्ममा
आडम्बर् हिन भै कर्म गर्नु पर्दछ लोकमा
२५२
भाई यो दुइ साधनूको फल विषय हेरूमा
विराग हुन्छ औ भाइ अनि मेरो चरणमा
पैदा हुन्छ अनुराग श्रवण् किर्तन् आदि ती
नव उपायले बाबु त्यो भक्ति बढ्छ नित्य कि
२५३
अतिनै लाग्दछ प्रिति अनि मेरा चरित्रमा
गाएर चरितै मेरो लठ्ठ पर्दछ तेसमा
सन्त चरण पंकजूमा जसको प्रेम ता अति
हुनेछ र अनि भाई मेरो भजनका प्रति
२५४
मनसा कर्मणा वाचा दृढ नियम होस है
गुरू माता पिता स्वामी बन्धु र देवता सबै
जानी मलाई नै मेरो सेवामा दृढ स्थिर होस्
मेरो गुणूको भजनूगर्दा देह रोमाञ्चितै हओस्
२५५
गद् गद् वाणी हओस् नीर बहोस नेत्रबाट नै
न रहुन् काम औ कोध दम्भ मोहहरू कुनै
त्यसैको बसमा बाबु रहन्छु म सधैं सुन
प्रिय छैनन् अरू मेरा त्यो जस्तै मनमा गुन
२५६
मनसा कर्मणा वाचा मेरो आधारमा सदा
जो रहन्छ अनि फेरिजो निस्काम भएर ता
भजनै गर्दछ मेरो तिन्का हृदय पद्ममा
विश्राम गर्दछु भाई सदैव जान चित्तमा
२५७
भक्ति योगहरू सुन्दा यस्तो यो लक्ष्मणैजीले
पाउनुभयो अति ठुलो आनन्द मनभित्र रे
पाउ पंकजमा फेरि शिर राखेर प्रेमले
विन्ति गर्नु भयो नाथ सुनि यो उपदेश रे
२५८
सन्देह नाश भो मेरो उवज्यो प्रेम नयाँ अब
पाई चरण पंकजको निर्मल् भक्ति नै सब
भाइको विन्ति यो सुन्दा ती कुरा रामजीकन
लाग्यो अत्यन्त नै प्यारो खुसी भै रामले भन
२५९

लगाउनु भो हृदयै महा पनि
नित्यै यहि रीत गरेर नै अनि
वैराग्य ज्ञानै गुण नीतीहरूको
गर्दा महा नै निरूपणहेरू जो
२६०
केहि दिन वित्यो त्यहाँ अनि रावणकी पनि
बैनी सुर्पणखा नाम भएकी एक् थिई अनि
त्यो सर्पिणी सरी दुष्ट हृदयी र भयानक
थिइ त्यो राक्षसी घोर अधमा र कराल त
२६१
पुगी एक् दिन त्यो घुम्दै पञ्चवटी तिरै पनि
देखेर दुइटै राजकुमारलाई ता अनि
व्याकुल भै चित्तमा धेरै सुन्नुहोस् गरूडजी
राम्रा पुरूष ता बाबु छोरा र दाजु भाई ति
२६२
भएता पनि जो कोहि देख्नाका साथ त्यो कन
जसरी भास्करैलाई देख्नाका साथमा झन
सूर्य कान्त मणि आगो निकाल्छ त्यहि रीतले
नारी जाति विकल् हुन्छ काम ज्वाला बढेर रे
२६३
अति कुटिल त्यो नीच राक्षसीले त्यहाँ पनि
ठट्टा गरन थाली है सुन्नुहोस् गरूड् अनि
भावी बल्वान छ नाश राक्षसूको हुनु पर्दथ्यो
तेसैका निमित्तमा फेरि हुन लागो निमित्त यो
२६४
मनोहरै रूप धरेर ता अनि
पुगी प्रभुका नगिचै महाँ पनि
धेरै पटक् हाँसि मुसुक्क त्यो अनि
लागी त्याहाँ बोलन यो कुरा पनि
२६५
म जस्तीनारी औ फेरि तिमी जस्तो पुरूष् पनि
काहिँ छैन विधाताले पुराएर मति पनि
संजोग यो रचेका हुन् म स्वाउँदो पुरूषता
संसार भरमै हेरें खोजी खोजी यता उता
२६६
छैनन् त्रिलोक मै तेस्ता पुरूष त्यसकारण
कुमारी नै रहेकी छु अझ सम्म पनि सुन
अलिचित्त बुभन्यो मेरो देख्दामा तिमीलाईता
मेरो साथ रहि सारा भोगन सुख सम्पदा
२६७

सीताजी लाई हेरेर पुलुक्क रघुनाथले
आज्ञा भो ' भाइ छन् मेरा अफकान्छा कुमार रे '
त्यो सुनी लक्ष्मणै तर्फ गई त्यो अनि तेस्कन
लक्ष्मणले शत्रुकी बैनी भनी मन्मा बुफीकन

२६८

प्रभु तर्फ हेरेर ता लक्ष्मणैले
मधुरो बचन् बोल्नु भो त्यो कनै रे
अये सुन्दरी ! दास हुँ रामजीको
म ता हुँ पराधीन भन्ने बुफी यो

२६९

पराधीनै सगै बस्ता सुन्दरी ! तिमीलाई ता
हुने छैन कुनै सौख्य आनन्द पनि केहि ता
कोशल पुरका राजा समर्थ रघुनाथजी
हुनुहुन्छ प्रभुले ता जोसुकै गर्नु हुन्छ की

२७०

सुहाएकै छ त्यो सारा हात्ती ठुलो भए पनि
हुन सक्तैन है सिंह समान कहिल्यै पनि
लाभे चरो पनि कैले बाज फैं हुनसक्छ र?
सुन्दरी ! स्वामी सेवक्मा यस्तै छ भनी जान र

२७१

सत्य ठान तिमी मेरो वचन सुन्दरी !अब
सुखको चाहना गर्ने सेवकहरू औ तब
मानको चाहना गर्ने भीमकमंगाहरू ..पनि
धनको खायसै गर्ने व्यसनी जन फैं पनि

२७२

शुभै गति चाहने व्यभिचारी
इच्छा गर्ने लोभी फैं किर्ति भारी
दुतै जस्तो नित्य नै गर्व गर्ने
पर द्रोहि मोक्षको चाह गर्ने

२७३

खोजने हुन् यी साराले दूध नभ दुहेर ता
भन्ने सौमित्रीको सारा सुनि वचनलाई ता
फर्केर फेरि त्यो आई रामजीकै समीपमा
बढ्याई गरदै छल्ले रामले त्यस साथमा

२७४

फेरि लक्ष्मणकै तर्फ पठाउनुभयो अनि
लक्ष्मणले ' जान र लाजलाई तृण सरी पनि
गरी चुडेर मिल्काई देला त्यहि नरै अनि
तिमीलाई वरण गर्ला ' यस्तो भन्नुभयो पनि

२७५

त्यो भोक्किदै रामजीका समीपमा
आएर आफ्नो अति नै भया पना
प्रकट गरी रूप तुरून्त नै अहो
देख्दै भयेङ्कार महाकराल को

२७६

फिंजीएकोथियो तेस्को जगल्टाहरू ता अहो !
थियो भयंकरै दाह्रा टेढा भउंहरू थियो
जोरिएका थिए गाला कान सम्म गएर नै
डरलाग्दा थिए अंग महा भयंकर सबै

२७७

सीतालाइ डराएको देखेर अनि रामले
भन्नुभो लक्ष्मणैलाई सानबाट बुफाइ रे
अम्बिके !लक्ष्मणैजीले रामको मनको कुरा
जानेर उठ्नु भो ताहाँ रीसले भोक्किई पुरा

२७८

अति नै फुर्तिका साथ लक्ष्मण्जीले पनि तहा
पार्नुभो नाक औ कान हीन तेस्को शरीरमा
मानौं तेस्कै करद्वारा दशानन कनै पनि
चुनौति नै दिई भारी पठाउनु भयो पनि

२७९

नाक र कानले हिन भएकी राक्षसि हरे!
गेरूधारा खसाल्ने त्यो पर्वत् जस्तै भएररे
विकराल भई भारी कालो मेघ समानको
त्यो थिई त्यसमा फेरि रगतैले पनि अहो !

२८०

मानौं इन्द्रधनु होकि उदाएकि पनि तहाँ
भने फैं पर्दथ्यो भान तेस्लाई देखदा महा
'भाई तिम्रो बलपौरूष्लाई धिक्कार होस् 'भनी
विलाप गरदै घोर खर दुषणको पनि

२८१

पुगी नगीचमा त्यो र सोदघोभो त्यसले अनि
सुर्पणखाले भनी सारा बुफाई हाल जो छ नि
सुंन्नाका साथ त्यो हाल राक्षस हरूले अनि
फौज तयार पारेर लडाका शूर विर् पनि

२८२

सपनामा पनि पीठ जस्ले समर भूमिका
देखाएका पनि कैल्यै थिएनन् कोहि युद्धमा
चौध हजार तेस्ता ती वीर राक्षस साथमा
लियो ,मानौं तिता प्वांख वाला गाजलकै तहाँ

२८३

पर्वत्का फौजनै हुन्किभनेझैं भान पारी त्यो
राक्षस हरूको डफ्न्फा दौडियो वेग साथ पो
नाना प्रकारका रूप बाहनै विविध थरी
अनेक थरिका घेरै हतियार हरू धरी
२८४
थिए कराल औ भिषिण् तिनीहरू सबै अहो !
नाक र कानले हीन अशुभ धारिणि छ जो
त्यहि सुर्पणखालाई लगाएर अगाडी ता
ती राक्षसहरू सारा परस्पर्मा मिलेर ता
२८५
एकले अरकोलाई सुनाइकन बेसरी
आ आफ्नो बलहरूकै गर्थे तारिफत्यो घरी
बज्नलागे अन घन्कि युद्धका वाद्यहेरू त
अटाउदैनथ्यो हर्ष तिन्का हृदय भित्र त
२९६
भयकारी हुनैलाग्यो अनेक असगुन जो
परेर मृत्युको बस्मा ती साक्षसहरू अहो !
गन्दैनथे मनैले नै अशगुनूहरूलाई त्यो
उडदथे नभमा फेरि गर्जन्थे ललकारी जो
२८७
योद्धाहरू अति हर्षित् हुन्थे देखेर फोज त्यो
'त्रिलोकनै बस गर्छौं 'भन्दथे है रमेर यो
'समाति जिउदै भाई दुवैलाई पनि सुन
मारेर अनि फुत्काउँ नारीलाई ' भनीकन
२८८
कोहि ता भन्दथे फेरि कोहि राक्षस ता अनि
'सुन भन्दछु साँचो म कुरा सब कनै पनि
यी ता जंगल जंगल्मै रहेका छन् घुमर पो
होलान् है वीर नै काँतर् हाइनन् यो विचारजो '
२८९
अर्को भन्दछ यो फेरि 'चुपलागी बसौ सब
न भन्नु खरका सामु यो कुरा कहिल्यै अब '
एवं प्रकारले सारा गर्दै यहि कुरा सब
रणधीर भएका ती राक्षसहरू ता तब
२९०
आइपुगे जहाँ राम राज हुन्थ्यो त्यही अनि
घूलो उडेर ता ढाक्यो गगन मण्डलै पनि
बोलाउनु भयो भाइलाई श्री रामले तब
सीतालाई तिमी बाबु ! लिएर झट्टनै अब
२९१

पहाडको गुफा भित्र जाउ राक्षसहेरूको
भयंकर् फौजता आइपुग्यो नगीचनै ठुलो
होसियार रहै भाई !आज्ञा यो दिनु भो अनि
सुनेर प्रभुको आज्ञा तुरून्तै लक्ष्मणै पनि
२९२
हातमा धनु औ वाण लिइकन सीताजीका
साथमा जानुभो झट्टै गुफाभित्र पहाडका
देखेर आउनै लागी रहेका शत्रुका दल
हाँसेर रामले फेरि मनभित्र मुसुक्क त
२९३
प्रचण्ड धनुमा ताँदो चढाउनु भयो अनि
कसेर ओढनी आफ्नो बाध्नुभो कटिमा पनि
जटा मुकुट बांधेर कस्तो शोभित भो भने
पन्नाको पर्वतै माथि करौडौं ज्योति चंकने
२९४
बिजुलि सर्पका साथै रहेर चंकिए सरी
लिएर प्रभुको कान्ति भयो शोभित बेसरी
कसेर काँधमा फेरि ठोको सुन्दरको अहो !
विशाल हातले फेरि सम्हाली धनुवाण जो
२९५
मानौं क्रुद्ध वनराज ती मत्तै गजराजको
हेर्नलागे सरी फौजलाई अगि बढेर पो
भने झैं पारदै भान फौज राक्षसका सब
क्रुद्ध भै रामजी फेरि मनमा पनि ता तब
२९६
गम्भिर भावले हेर्न लाग्नु भो उहि तर्फनै
अकेला देखदा जस्तो मन्देह नामका सबै
राक्षस हरूले घेरा हाल्दछन् रविलाई त
तेसै गरेर ती राक्षस् योद्धाहरू समस्त त
२९७
दौडादौड गरी ' पक पक ' भन्दै समस्तनै
आइ पुगे प्रभुलाई घरेर चारतर्फ नै
निशाचार् हरूले सारा चारै तरफबाट पो
घेरे श्रीरामजीलाई अनि त्यो वनभित्र को
२९८
मृग पक्षीहरू सारा भए व्याकुल नै अति
कोलाहल भयो वन्मा हाहाकार भएर कि
देखेर रामजीलाई निशाचरहरू सबै
सकेनन् वाणले हान्न भएर शिथिलै सबै
२९९

खर दुषणले मन्त्रि बोलाएर अनि त्यहाँ
मानिसहरूको भुषण् जस्तै बालक यो यहाँ
रहेछ भूपको पुत्र, देव नाग नरै जति
प्राणी छन् ति सबै मध्ये हामीले ता कति कति

३००

देखेका छौ कतिलाई मारेका छौ अघि सरी
भाइ हो ! सुन है सारा हामीले जनमै भरी
यस्तो सौन्दर्य ता कैल्यै देखेनौ कहिलै पनि
यद्यपी यसले हाम्रो बैनीलाई कुरूप नि

३०१

पाऱ्यो नै ता पनि फेरि अनुपम मनोहर
यो पुरूष योग्य नै छैन मार्नलाई विचार र
'लुकाई कन राखेकी निज नारी कनै अब
देऊ तुरून्त औ फेरि दुवै भाई पनि तब

३०२

जिउदै घरमा जाउ' हाम्रो यो वचनै सब
सुनाऊ झट्ट तस्लाई तिमी सारा गई अब
लिई जवाफ ता यस्को आउ फर्केर झट्टनै
भन्ने आज्ञा दिई यस्तो पठायो दुतलाई नै

३०३

कालका बस् भै राक्षसै हेरू सार
जान्दैनन् क्यै रामको गुण् विचार
रामजीका त्यो पराक्रम गराई
जान्दैनन् क्यै पक्षि राज् ! केहि हाई

३०४

गरूड ! सुन्नुहोस् काहिँ मच्छरका फूकले पनि
सक्ला र उड्न ता कैल्यै सुमेरू पर्वतै पनि
आएर दूतहरूले रामका साथमा पनि
भने त्यहि कुरा फेरि हाँसेर रामले अनि

३०५

आजै मेरो भाग्य ठुलो रहेछ
हे दूत ! तिम्रा मालिकै हेरूले त
गरेछन् है यो बिचारै तथापि
क्षत्रीयै हुँ जंगलैमा म ता कि

३०६

शिकार खेलि राखेको थिए तिमीहरू सरी
दुष्ट रूपी मृगैलाई खोजेर पनि बेसरी
थिएँ हिडि रहेको म बल्वान शत्रुलाई ता
देखेर डर्दिन कैले भए पनि अपार ता

३०७

एक वाजीले त्योसितै लड्छु यद्यपि म मनुष्यको
बालक हुँ तर घातक हुँ सबै राक्षस वंशको
पालक हुँ मुनिको कुल्को ध्वम्सकर्ता हुँ दुष्टको
वल छैन भने घर्मा जाऊ फर्की समस्त पो

३०८

विमुखै समरै देखि भएका जनलाई ता
मता मार्दिन है कैल्यै जान यो तिमीहरूता
आएर रणमा फेरि कपट्को बठ्याई त
रिपुलाई कृपा गर्नु काँतरपन हो यि त

३०९

यस्तो आज्ञा भयो सारा गएर तिनीहरूले
वताए खरलाई त्यो रामजीको जवाफ रे
त्यो सुनेर खर दुषण् मनमा कोधले अति
जाज्वल्यमान भो दाह्रा किटेर पनि कट्कटी

३१०

जाज्वल्यमानै हृदयै भयो अनि
तेस्ले भन्यो झट्ट समात लौ भनी
सुनेर ति घोर निशाचरै हरू
दौडे कराईकन ता धरू मरू

३११

तोमर परिध वाण धनु त्रिशुल शक्ति र
खड्ग औ फरसा धारण गरेकानैथिए फिर
भगवान् रामले पैले अति घोर प्रचण्डको
गर्नु भो धनुष्टंकार भयंकर अचम्मको

३१२

व्याकुल भै राक्षसै सारा त्यो वेला बहिराभए
केहि रहेन ती सब्को सुद्धि बुद्धि पनि हरे
शत्रुलाई बलबान जानेर सबले अनि
सावधान भई आए दौडी राम नगिच् पनि

३१३

लागे बर्षाउनै सारा शस्त्र अस्त्र अनेक त
तिल सदृश नै पारी ती सबै अस्त्रलाई त
काट्नु भो रामले त्यो ता टुका गरीकनै अनि
कान सम्म खिँची ताँदो आफनो धनुको पनि

३१४

तुरून्तै छाडनुभो वाण अनि मानौं अनेक ति
फुंकार गर्न लागेका सर्प नै हुन्कि झैं अति
धेरै भयंकर वाण चल्यो समर मा अनि
कोधित हुनुभो राम यमराज सरी बनी

३१५

अति तीक्ष्ण तीक्ष्णै चले वाण सारा
तिखा वाण देखि निशाचर् विचारा
भए युद्ध बाटै विमुख् ती सबै रे
हिफाजत् गरेनन् कसैको कसैले
३१६
चिच्याउंथे सबै रण्मा बाबा ! भाइ भनेर ती
त्यो देखेर भई कुद्ध खर दुषण हेरू कि
भन्न लागे यस युद्धबाट भागेर ता अब
जो जाला त्यो अधम्लाई आफनै हातले अब
३१७
मार्नेछौं हामीले आफै भन्ने यो तिनी हेरूको
फर्किए वचनै सुन्दा भागेका फ़ौजहरू त्यो
गरेर मरने आंट मनमा पनि ति सब
सन्मुख् भएर फेरि ती विविध आयुधै तब
३१८
प्रहार गरनै लागे अनि श्री रामचन्द्रले
जान्नु भो अति नै कुद्ध भएका रिपुवीर रे
चढाएर अनि वाण धनुमा पनि बेसरी
छाड्नुभो रामले कुद्ध भएर अनि त्यो घरी
३१९
घमाधम् काटिने लागे भयानक रिपु सब
तीसब्काहात औ खुट्टा घुंडा तिघ्राहरू तब
लागे जमिनमा खस्न छरिएर जता ततै
लाग्नाका साथमा वाण चिच्याई कनता कठै
३२०
पर्वत् ढलेसरी ढल्थे भुमिमा व्याकुलै भई
ति वीरहरूको देह सय टुका भएर कि
काटिन्थे ता पनि फेरि आपन्नोमाया फिंजेरता
उठ्दथे रामको सामु उफ्रि उफ्रि घुमेर ता
३२१
लागे गगनमा उड्न धेरै हात र मुण्ड ति
दौडिनै भूमिमा लागे बिना मुण्ड ती रूण्डकी
डर लाग्दा चिलै गिद्ध काग आदिक पक्षि र
भयंकर् श्याल ती सारा भीषण शब्दले फिर
३२२
पाएर भोजन लागे दाँत कट्कट् पारन
पिचास भूत औ प्रेत लागे खप्पर सोरन
विरका खप्परै सारा लिएर हातमा पनि
ताल बजाउदै लागे वेताल मस्तभै अनि
३२३

नाच्न लागे घुमि सारा जोगिनी रण्भूमिमा
दाँत कट कटै गर्न लागे श्याल रमि तहाँ
राक्षसहरूका छाति शिर हातहरू सब
प्रचण्ड वाणले काट्नलाग्नु भो रामले तब
३२४
यत्र तत्र पछारिन्थे रणमा वीर हेरू ता
उठेर दौडदै फेरि लाग्दथे युद्ध गर्न ता
पक पक भनि सारा गर्जन्थे घोर शब्दले
रामका नगिचै सारा दौडन्थे गींड फेर रे
३२५
मरेका वीरका आन्द्रा समाति एक छेउमा
उड्न लागे घुमी सारा गिद्ध हेरू आकाशमा
समाति अरको छेउ पिचास हरूले कति
समर भूमिमा लागे दौडिन खुसी भै अति
३२६
शहर् निवासी शिशु हेरूले सब
चंगा उडाए सरि देखियो तब
संग्राममा तेहि सरी अपारको
अपूर्व आश्चर्य भयो विचित्र को
३२७
धेरैको फोरियो छाती ढले वीरहरू त्यहाँ
मारिए फौज ता धेरै लड्दै समर भूमिमा
पछारिएर व्याकुल् भै काम्न लागे हरे! कति
देखेर आफनो फौजलाई व्याकुल छट् पटि
३२८
त्रिशिरा र खरै दूषण् भएर कोधितै अति
समर भूमिमा आए अत्यन्त वेग साथ ति
राम माथि अनि एकैचोटी वाण असंख्य र
बरछा भरसा भाला तर्बार अनि तोमर
३२९
प्रहार गर्दथे सारा राक्षसहरू कोधले
लल्कारी रामले फेरि पलमै निज वाणले
शत्रुको आयुधैलाई काटेर रण भुमिमा
खसालि दिनुभो सारा तिलझैं गरिभूमिमा
३३०
राक्षस् सेनापति सब्को छातिको माझमा पनि
हान्नु भो दश् दशै वाण कुद्ध भै रामले अनि
ढल्दथे धरति माथि विर फेरि तुरून्त नै
भिड्दथे रामका साथ उठेर अति कुद्ध भै
३३१

विविध थरिका माया गर्दथे क्रुद्ध भै अति
भिड्दथे रामका साथ जम्बा सब भएर ती
निशाचर् चौध हज्जार एकला अवध पति
देखि डराउनै लागे देवताहरू छन् जति
३३२
माया पति श्री रघुनाथले अनि
देखेर द्योता भयभित नै पनि
गर्नु भयो कौतुक एक त्यो घरी
निशाचरै लाई विभोहितै गरी
३३३
आपस्तमा शत्रु गण हरू सब
आपन्ना फउज्राम स्वरूप नै तब
लागे सबै देख्न अनि त्यहाँ अहो !
त्यो राक्षसि फौज लडाईमा छ जो
३३४
परस्पर लडी सारा मरे फउज त्यो घरी
शरीर् छाड्थे राक्षस् 'राम राम' भनी डरी
पाउँथे मुक्ति पद् सारा कृपालु रघुनाथले
यो उपाय गरि छिन्मै शत्रु हेरू समस्त रे
३३५
मार्नुभो रणभुमिमा अनि विविध भाँतिको
यान माथि सुशोभित् भै सुरहेरू समस्त पो
पुष्प बर्षाउनै लागे भई आनन्द त्यो घरी
नभमा दुन्दुभि बज्न लाग्यो घन्केर बेसरी
३३६
पुकार गर्दै रघुनाथको पनि
द्यौता निजै धाम विषे गए अनि
श्री रामजीले जब युद्ध भुमिमा
जितुभो शत्रु हरू सबै तहाँ
३३७
अनि मानिस औ देव मुनिका मनको सब
हरायो जो थियो चिन्ता अधिका भय ती तब
लिएर जानकी लाई पाल्नुभो लक्ष्मणै अनि
पाउमा पर्न लागेकी हर्ष गद् गद् भै पनि
३३८
सीतालाई उठाएर अत्यन्त प्रेमसाथ ले
छातीमा धर्नुभो हर्षित् भएर रघुनाथले
परम पूर्ण भै प्रेमले प्रभुको श्याम कोमल
हेर्न लाग्नु भयो गाथ सीता सुन्दर निर्मल
३३९
तृप्त हुदैनथ्यो आँखा सीताका कहिल्यै अहो
मारेर असुरैलाई आनन्द साथ फेर जो
पञ्चवटीमहाँ राज भएर रघुनाथ जी
मुनि देवहरूलाई आनन्द गरने अति
३४०
लीला गरन लाग्नुभो अनेकौं अति प्रेमले
रहेर जानकी साथ विहार गरि हर्षले
सुर्पणखा धुँवा देखि खर दुषण हेरूको
गएर प्रेरणा गर्न लागी रावणलाई त्यो
३४१
गरेर मदिरा पान सुत्तछौं दिन रात नै
देश र कोषको सम्म बिर्सियौ सम्झना सबै
तिम्रो शिर्मा चढेकाछन् शत्रु तिम्लाई ता हरे
कुनै केहि खवर् छैन मस्त हुन्छौं भुलेर रे
३४२
नीती बिना राज्य धरम् बिना धन
इश्वरलाई नगरेर अर्पण -
- सत्कर्म हेरू र बिना विवेकको -
- विद्या यि चारै थरिका कुरा अहो !
३४३
कर्मैले धन औ राज्य उपार्जन गरे पनि
विद्या पढेपनि तेस्को फल श्रम् मात्र हो अनि
संगले गरदा नष्ट हुन्छन् यिनीहरू सब
कुमन्त्रले सबै राज्य विनाश हुन्छ है तब
३४४
अहं भावले हुन्छ है ज्ञान नष्ट
सुरा पानले लाज होला विनष्ट
विनम्रै विना प्रिति सब् नाश् हुन्छ
मदैले गरी गुण् सबै नाश हुन्छ
३४५
नीती यस्तो सुनेकोछु स्वामी! रोग हुताशन
भुजंग पाप औ शत्रु यिनी हेरू सबै कन
सानोमा गरनु हुन्न गिन्ति समझदार ले
अनेक थरिका यस्तै वाणी वोलेर कोधले
३४६
विलाप गरनै लागी रूदै चिच्याउदै अनि
हे दशकन्दर ! वीर ! तिमी जिम्दो छदै पनि
मेरो हुन गयो यस्तो गति के भनयो घरी
भन्दै तेस सभाबिच्मा व्याकुल् भैकन बेसरी
३४७

त्यो राक्षसी रूनै लागी अनेक थरिले अनि
सुन्नाका . साथ त्यो हाल सभासदहरू पनि
उठे व्याकुल भै सारा समस्त तिनी हेरूले
समाति हातमा फेरि उठाए त्यसलाई रे
३४८
अनि लंकेशले आफ्नो बताऊ हाल सब् अब
कस्ले नाक तथा तिम्रो काट्यो कान भनी तब
सोध्यो र राक्षसी फेरि भन्दछे अवध पति
दशरथ् नन्दन राम पुरूष् मा सिंह तुल्यकी
३४९
जो छन् ती वनमा ऐले शिकार खेल्न यो घरी
आएका छन् धनुर्वाण - लिई - भेष मुनि सरी
देख्ता ता उनको काम समस्त भूमिलाई नै
राक्षस्ले हिन पार्नेछन् भन्ने मैले बुझें सबै
३५०
भुज बल्को साहारा नै पाएर जसको अब
भएर निर्भयै मन्मा मुनि सिद्धहरू सब
जंगल जंगल नै घुम्न लागे आनन्द साथले
देख्तामा बालकै जस्ता छन् है दाजु!तिता हरे
३५१
तर काल सरी छन् ती अत्यन्त धीर छन् पनि
गुणले पूर्ण छन् श्रेष्ठ छन् धनुर्धारीमा अनि
अंतुल बल शालि र प्रताप वान - छन् अति
दुष्टको बध गर्नाले दुवै छन् - निपुणै अति
३५२
वीर धुरन्धर फेरि मुनि र सब देव को
सुख आनन्दका दाता दु :ख हर्ने समस्तको
शोभाका घर औ सुन्दर वीर पुरूष एकको
'राम 'भन्ने छ है नाम आनन्द धाम छन् तिजो
३५३
तिनका साथमा एक श्यामा सुन्दरी स्त्री पनि
छन्जस्को सामुमा लज्जित्हुन्छन् दुर्गा रतिपनि
रूपको राशीले छोपी त्यो नारीलाई दैव ले
आफ्नै हातले होलान् पारेका . पो तयार रे
३५४
त्यो नारीमा कोटि सयौं रति पनि
न्यौछावरै हुन्छन् यो विचार नि
हे दाजु ! यो त्यै विरका त भाइले
मेरा दुवै कान र. नाक आज रे
३५५
काट्यो फेरि अनि तिम्रो सुनेर बहिनी भनी
उपहास् गर्‍यो धेरै गिजाएर त्यहाँ अनि
सुने वृतान्त यो सारा खर दुषण हेरूले
मेरो दु :ख पुकाराको पछि लागेर ता हरे !
३५६
आए फौज लिई सारा युद्ध गर्न भनेर त
तर ती वीरले पल्मै ती सारा फौजलाई त -
-मारेर - खर औ दुषण् त्रिशीराहरू लाई ता
खुसी पारे मुनि देव राक्षस् हीन गरेर ता
३५७
त्रिशीरा खर दुषण्को सुनेर बध ता अनि
जाज्वल्यमान भो रावण् जली सर्वांगनै अनि
बैनीलाई बुझाएर आफनो वलको सब
गर्‍यो वर्णन् रावण्ले विविध भांतिले तब
३५८
गयो महल्मा अनि त्यो दशानन
अत्यन्त चिन्तित भएर ता झन
आएन निद्रा त्यसलाई रातमा
व्याकुल् भयो तर्क गरेर चित्तमा
३५९
मनुष्य द्यौता अनि दैत्य नाग नि
गन्धर्व विद्याधर किन्नरै पनि
छैनन् ति सब्मा पनि विरका घर
मेरो ति दासै सरिका बराबर
३६०
म जस्तै वीर हुन् सारा खर दुषण त्रिशीरा
मार्दथ्यो भगवान् विष्णु बिनाको तिनलाई ता
भार भञ्जन पृथ्वीको - गरने - सुर रञ्जन
जगदीश उनै भार पृथ्वीको हरना कन
३६१
अवतार लिएको हो भने धरणिमा अब
म गएर गरूँ वैर भाव हट् - पूर्वकै अब
प्रभुको वाणले आफ्नो प्राण त्याग गरीकन
भव सागरको पार तर्दछु खुसी भैकन
३६२
भजन हुन सक्तैन तामसी यो शरीरले
मनसा कर्मणा वाचा यहि भो दृणमन्त्र रे
यदि मानिसका मात्रै कुनै राज कुमार नै
रहेछन् ता भने फेरि युद्धमा दुइलाई नै
३६३

जितेर हरणै गर्छु त्यो नारीलाई ता अब
सोचेर यो कुरा मन्मा चढेर रथमा तब
यहाँ सागरको तीर्मा बस्दथ्यो मारिचै पनि
खुसी साथ गयो झट्टै उहि त्यो एकलो अनि
३६४
दुर्गे अरण्यै विच रामजीले
जुक्ति र ठट्टा गरि जुन खुसीले
राम्रो खबर् त्यो सुन आज सारा
लीला गरे मानिस भै निराला
३६५
जब लक्ष्मण फल्फुल कन्दमूल लिनै भनी
जंगलै तिर जानु भो त्यसै बखतमा अनि
करूणा सुख आनन्द धाम स्वरूप रामले
आज्ञा बक्सनु भो सीतालाई हाँसेर झट्ट रे
३६६
सुशीले ! हे प्रिये !सीते ! सुन्दर ! ब्रतधारिणी
सुन म मानिसै जस्तै केहि अब बिचारिणी
राम्रा मनोहरै लीला गर्दछु सुमुखी ! सब !
जहाँ सम्म निशाचर्को हुदैन नाश नै तब
३६७
त्यहाँसम्म तिमी सीते ! निवासगर अग्निमा
कुराहरू सबै यस्तै रितले नै सीताजीमा
बताउनु भयो सारा खुलासा गरि रामले
चित्तमा प्रभुको पाउ राखेर जानकीजीले
३६८
गर्नुभो झट् नै अग्नि प्रवेश खुसी भै अनि
आफु झैं शील स्वभाव - भएकी - नम्रता पनि
प्रति बिम्ब त्यहा छाडी जानु भो बिलिनै भई
जो केहि गर्नु भो लीला रामले हर्षितै भई
३६९
जानु भएन लक्ष्मण्ले पनि सो मर्म त्यो सब
अनि स्वार्थमहा तत्पर भएको रावण तब
नम्र साथ झुकाएर शिर दिन बनेर नै
पुग्यो मारिचको सामु रावण् दिन बनेर नै
३७०
नम्रता पनि ता नीच्को बिरालो सर्प अंकुश
धनुको निहुराई झैं त्रास दायक हुन्छ त
बे बखत्को फूल जस्तो हुन्छ त्रास दिने अति
नीच जन्को मिठो बोली जस्तै अधम र अति
३७१

भयदायक नै हुन्छ छिद्र पाएर ता अनि
डस्दछन् छिनमै तिन्ले नदिई चल्नै पनि
अनि आदरका साथ गर्दै सत्कार पुजन
रावण साथमा सोध्यो मारिचले खुसी भैकन
३७२
मन व्यग्र छ! हे नाथ ! प्रभुको कुन हेतुले
सवारी किन भो एकलै आफै अघि सरेर रे
अभागी दशमौलिले अभीमान सहित भै
बतायो त्यसको सामु वृतान्तहरू ता सबै
३७३
भन्यो फेरि तिमी मारिच् छलकारी सुवर्णको
कपट मृग होउ र जेले म खुसी साथ पो
भूप पत्नी सीतलाई हरेर ल्याउँ यो सब
आज्ञा सुनेर मारिचले भन्यो विन्ति गरी तब
३७४
सुन्नु होस माहराज ! ती ता नर स्वरूपले
खास चराचर नायक आफ्नो भक्त निमित्तले
दु :ख हरण गर्ने ति ईश हुन् तिनी साथ मै
शत्रुता गरनु हुन्न विन्ति गर्दछु नाथ है
३७५
मारे उन्ले मर्नु होस् फेरि नाथ
बचाएमा बाच्नु होस् हर्ष साथ
कुमारैमा राम कौशिक् मुनिको
रक्षा गर्न लाई यज्ञ भुमिको
३७६
गएकाथे विना फल्को वाण एक मलाई ता
हाने उन्ले र पलमा नै म त्यो शर्ले गरेर ता
पछारिएँ शत योजन् पर पुगेर ता अनि
भलो हुन्न तिनै साथ शत्रुता गरदा पनि
३७७
कुमालकोटिले बोकि ल्याएको कीटको सरी
मेरो बुद्धि भएको छ हे स्वामी! जगतै भरी
सदा देखछु म ता वीर ती दुवै भाई लाई नै
सत्य भन्छु महाराज ! गर्दिन छल छाम नै
३७८
यदि ती मानिसै हुन्ली तथापी वीर छन् अति
विरोध तिनका साथ गर्नाले काम ता कत्ति
बन्ने छैन कुनै फेरि जसले ताडका अनि
सुवाहु लाई नै मान्यो फेरि शंकरको पनि
३७९

धनु तोडेर हे नाथ ! त्रिशीरा खर दुषण
-मा्यो -विरोध -वल्वान -यस्तोको छ र भीषण
हुनसक्छ र त्यो मानिस् ? विचार गरी यो सब
वंश कल्याणको निम्ति फर्केर प्रभु ता अब

३८०

सवारी घरमा होस भन्ने मारिच्को कुरा
सुन्दा रिस्ले जल्यो रावण जाज्वल्यमानमै पुरा
झपान्यो मारिचैलाई अनि गाली गरेर त
हे मूढ ! गुरू झैं गर्छस् मैलाई उपदेश तँ

३८१

संसारमा म झैं वीर को छ लौ भन् तँ यो घरी ?
मेरो अगाडीमा कस्को ऊड्छ शिर उँचो गरी ?
मेरो हुकुम उल्लघन गर्दा मार्छु तँलाई म
शत्रु कै तारिफ गर्छस् मेरै. सामु कृतघ्न तँ

३८२

अनि सोच्यो मारिचैले मनैमा
आपन्ना मर्महरू जान्ने जनैमा
अस्त्रवाला गुनी औ वैद्यको र
स्वामी फेरि तान्त्रिकै जनको र

३८३

कवि बन्दि अनि दुष्ट यी नउजन साथमा
विरोध गरदा कैले हुदैंन जय लोकमा
यस्तो तर्क गन्यो मन्मा दुवै तरफबाट नै
देख्यो आपन्नो मरण् तेस्ले निश्चय गरि चित्तमै

३८४

रामकै शरण ताक्यो मारिच्ले मन भित्र रे
'दिऊँ जवाफप ता ऐले मलाई यो अभागीले
मार्दछ - अहिल्यै - मर्नू परे पछि अवश्य त
रामकै वाण लागेर न मरूँ किन आज त'

३८५

विचार यस्तै गरि मारिच अनि
लागेर साथै दश मौलीको पनि
अखण्ड प्रेम रघुनाथ पाउमा
राखी हिड्यो हर्ष भएर ठाउँमा

३८६

यसका मनमा हर्ष थियो अतीव त्यो घरी
तर रावणलाई त्यो बताउँदैनथ्यो . डरी
परम प्रेमी श्रीरामलाई देख्दछु आज म
मरेर प्रभुकै हात बाट मोक्ष हुनेछु म

३८७

आपन्ना परम प्यारा भगवान् रामजी कन
देखेर नयनैलाई सफल् आज गरी कन
आनन्द पाउंला फेरि भाई र लक्ष्मि साथमा
कृपालो प्रभुका सुन्दर ती दुवै पाउपद्ममा

३८८

लगाउँला मन चित्त जसको कोध नै पनि
मुक्ति दायक छ फेरि अवश जसलाई नि
भक्तिले गर्दछे वस्मा ती उनै सुख सागर
आफनो हातले वाण जोरेर धनुमा फिरं

३८९

मलाई मारनु होला आनन्द सिन्धु रामले
मेरो पछाडीमा वाण धनु धारण् गरेर रे
दौडने रामजीलाई फर्कि फर्कि कनै म ता
हर्नेछु अरको छैन धन्य म सरी आज ता

३९०

मनोरथहरू गर्दै मनमा यहि रीतले
शीथिल देह मै सारा रोमाञ्च भई प्रेमले
जहाँ मुनिहरूलाई दिने आनन्द र सुख
भगवान् राम सीताका साथमा शोभिईखुब

३९१

जुन वन्मा सुशोभित् भै भाइका पनि साथमा
राज हुन्थ्यो त्यहि दण्डकारण्यका नगिच मा
आइ पुग्यो खुसीसाथ रावण साथमा पनि
कपट मृगको रूप लियो मारिचले अनि

३९२

बनाएको मारीचले कपट्को
काञ्चनमयै मणि जडित झट् पो
हरिणको शरीर अतिव नै
विचित्र र त्यो थियो सुन्दर नै

३९३

सकिदैन त्यो बयानै गरेर
सीताजीले चित्त भित्रै रमेर
मणिवाला सुनको सुन्दर त्यो
देख्नु भयो मृग मनोहरको

३९४

अनि सीताजीले देव! हे स्वामी ! करूणाकर
सुन्नुहोस मृग यस्को छाला अतिव सुन्दर
रहेछ करूणासिन्धो ! हे सत्यसन्ध! यो कन
मारेर यसको छाला ल्याई दिनु हओस न

३९५

भनेर बिन्ति यो गर्नुभयो अनि समस्त त्यो
जान्दा जान्दै पनि कारण देवताहरूको ठुलो
समस्त कार्यको सिद्ध गर्नका निम्ति रामले
त्यो मृगलाई देखेर उठ्नु भो अनि भ्फट्ट रे

३९६

कम्बर कस्नु भो फेरि प्रभुले हर्षित भई
धनुर्वाण लिई हात्मा ठोक्रो सुन्दर भिरेर जो
सम्झाई लक्ष्मणैलाई आज्ञा भो रामले अनि
हे भाई! वनमा धेरै थरिका राक्षसै पनि

३९७

घुमेर हिड्छन् सारा बल बुद्धि विवेक र
बेलाको हृदय भित्र तिम्ले गरि विचार र
रक्षा गरे तिमी भाई! सीताको मन चित्तले
यस्तो आज्ञा दिई भाई - लक्ष्मणलाई रामले

३९८

थियो जतातिर नीच मारिच त्यो उतैतिर
दशरथ् नन्दन राम पनि जानु भयो फिर
वरषा ऋतुको बिच्मा चातक पक्षि भ्फैं गरी
देवहरू भए हर्ष विषाद पनि त्यो घरी

३९९

देखेपछि श्री रघुनाथजीकन
दौडेर भाग्यो मृग हर्ष भैकन
धनु तयार गरी रामजी पनि
पछि पछि दौडनु भो त्यहाँ अनि

४००

वेदहरूले भनि नेति नेति ता
पुकार गर्छन् जसको सदैव ता
जस्को सदा ध्यान गरेर शंकर
रम्छन् ऊनै इश्वर ती मनोहर

४०१

कपट् मृगैको पछि दौडदै अहो!
लखेट्नु हुन्थ्यो शर हानी हानी जो
हरे! हरिण् त्यो कहिले नगीच भई
भाग्थ्यो अनि फेरि लुकेर ता गई

४०२

कैले हुन्थ्यो प्रकट् कैले अदृश्य भई लुक्दथ्यो
लुक्दै प्रकट् हुदै धेरै गर्दथ्यो छल नीच त्यो
एवं प्रकारले टाढा पुऱ्यायो रामलाई ता
क्रोधित हुनु भो मन्मा धेरै नै अनि राम ता

४०३

हान्नु भो अनि ताकेर कठोर वाण रामले
घोर शब्द गरी भैमा पछारियो ढलेर रे
'हा! लक्ष्मण! सीते!' भन्दै पैले तेस्ले कराईता
पछि बाट अनि मन्मा सम्झियो रामलाई ता

४०४

प्राण छाड्ने बखत्मानै आफनो शरीर तेसले
प्रकट् गरदै सम्भन्यो श्री रामलाई प्रेमले
सुजान रामले सारा त्यसको मन भित्रको
प्रेम जानेर त्यस्लाई मुनि हेरू समानको

४०५

दुर्लभ गति तुरून्तै बक्सियो अनि देवले
कुसुमाञ्जिलिको वर्षा गरे हर्ष भएर रे
गान गरन लागे ती रामका गुणको सब
दिनबन्धो दयासिन्धो रघुनाथजीले तब

४०६

आफनै दुर्लभ धाम त्यसलाई दिनु भयो
हे दुर्गे! राम भ्फै त्यस्तो दयालु भन को छ यो
त्यो दुष्टलाई मारेर तुरून्त रघुनाथजी
फिर्नु भो आश्रमै तर्फ हतार गरी धेर की

४०७

प्रभुको ध्यान

थियो दुर्गे! रामको त्यो बखत्मा
रूप राम्रो हर्दिने चित्त पल्मा
पाउ नीला पद्मको भ्फैं समान
पैतलीमा भ्फुल्दथे चिन्ह जान

४०८

ध्वज कमल् स्वस्तिका अंकुश ती
चक्र रेखा यव कुलीश माथि
माछा आदि चिन्हले सुन्दर त्यो
फिका गर्थ्यो कान्ति ता नीलमको

४०९

गट्टा जस्तो पंकजको भएर
चित्त हर्थ्यो गुल्फ शोभित् भएर
पिडौलि ती पद्मको डाढ जस्तै
दुर गर्थे भवका पीर भ्फट्टै

४१०

जानु फेरि चेप्टिई त्यस माथि
थियो राम्रो हर्दिने भए ताँति
शरीरको थाम भैं सुन्दर त्यो
थियो जाघैं हेरू मनोहरको
४११
गुल्फ देखि कटि सम्मै रहेर
चम्किएर चित्त सब्को हरेर
पिताम्बर गर्दथ्यो घेर सान
श्री रामका साथ पाएर जान
४१२
त्रिवलि भै पेट शोभित् भएको
पोखरी को सिडी जस्तै रहेको
भमरी भैं बीच तलाउको पो
नाभी गम्भिर् रामजीको थियो जो
४१३
नाभिसर देखि माथि चढेर
घना रोम छाती माथि पुगेर
आनन्दैले गम्कदो छ रमेर
साथि पाई कौस्तुभै लाई फेर
४१४
तेसमाथि फेरि झुल्छे रमाई
श्री राम कै छातीमा पुग्न पाई
वन् मालिका मै छु प्यारो भनेर
तुलसीका कण्ठिका साथ हेर
४१५
गंगा फेरि यमुना कै समान
काँध देखि कम्बरै सम्म जान
छड्के परी कम्बरैमा कसेको
सुशोभितै ओढनी छ रहेको
४१६
काँध राम्रो बयलकै समान
चालले ता साथ छ सिंह जान
पुष्ट राम्रो छाती छ जो विशाल
भृगु चिन्ह गर्छ जस्मा कमाल
४१७
गज सूढ माथ गर्दो छ हात
ठुलो राम्रो धनु लिएर साथ
भरीएको वाणले काँध माथि
ठोको फेरि साथ मै छ पछाडी
४१८
राम्रो घाँटी शंख जस्तै छ हेर
गम्भिर मेघै सरि नै स्वर्छ फेर
सोहोरिई सुन्दरै चीज सारा
चुच्चिएको चीबुकै हो निराला
४१९
लालम्बिब फलको कान्ति हर्ने
मणिक भै सुन्दर मुग्ध गर्ने
लाल लाल ओठ जो छ कमाल
झलकले मीट्छ चौरासि जाल
४२०
झल्कि सुन्दर दाडिमै पक्तिं भैं जो
कान्ति हर्ने मोति हीरा सबैको
देखिइन्छ दाँत झल्मल्ल खास
पाई जस्को दर्शनै पुग्छ आस
४२१
लाल नील कोमल पुष्ट गाला
चित्त हर्दै गर्छ सब्लाई हाला
सीपी जस्तै कान सुन्दर को छ
सुन्छ भक्त आरत वाणी जो त
४२२
सौन्दर्यको रखवारी गरेर
नित्यै खडा बस्दछ नाक हेर
नयन छ नील पद्‌म समान
शोभिएको लाल मै भित्र जान
४२३
रस चुसी लोचन पंकजको
चञ्चल भै हर्दम मस्त छ जो
भ्रमर भैं नानी घुम्दो छ हेर
नेत्र पद्‌म भित्र लट् पट् गरेर
४२४
मदनको धनु फिका गराई
सब्का चित्तै हर्दिने जो रमाई
टेडिएका छन् भउ ती दुवै जो
रक्षा गर्ने चन्द्र मुहार कै पो
४२५
पुष्ट चौडा भालमा केशरीको
लगाउँदा विन्दु नभ बीचको
चन्द्र जस्तै शोभित भो खिलेर
रोग हर्ने भवको सब् खिचेर
४२६

मुकुट झैं शिर माथि जटाले
भक्त जन्का हर्छ चित्त सदा रे
मुहारमा श्रम विन्दु रहेर
शोभित भो भक्तका दु:ख् हरेर
४२७
धनु वाण हातमा नै लिएर
फिर्नु हुन्थ्यो रामजी लम्किएर
दुर्गे ! जस्ले सपनामा पनि यो
पाउला है दर्शनै रामजीको
४२८
चौरासीको मेटिई दु:ख सारा
हुनेछ हे रामकै भक्त प्यारा
दुर्गे ! यतातिर जब सीताले
मारिचले छल् गरेको कडा रे
४२९
'हा! सीते ! भाई! हा! लक्ष्मण! 'भन्ने आर्त पुकार यो
सुनेर मनमा भीत भएर अति नै अहो !
लक्ष्मण्का साथमा भन्नलाग्‌ु भो अनि यो कुरा
'बाबु जानु हओस् झट्टै दाजुलाई कडा पुरा
४३०
परे जस्तो छ संकष्ट' भन्ने यो जानकीजीको
सुनी वचन लक्ष्मणले भन्नु भो अनि हाँसी यो
हे माता! सुन्नुहोस् जस्को भृकुटिका विलासले
सृष्टि र प्रलयै हुन्छ उनै श्री राम साथ रे
४३१
संकष्ट कसरी पर्थ्यो ? दाजु श्रीरघुनाथले
मलाई थाँति सुम्पेर भएको छ सवारी रे
एकले यदि छाडेर जाऊँ ता हजुरै कन
संतोष मनमा हुन्न हे माता ! बुझ्नु होस न
४३२
बुझेर मनले मेरो कुरा विन्ति सुनी सब
धीरज धर्नुहोस् मन्मा फिर्नु हुन्छ प्रभु अब
'छाडेर जानकीलाई किन आयौं' भनेर यो
दाजुबाट हुँदा सोध के विन्ति गरूँला म पो
४३३
सौमित्रीको सुनी विन्ति अनि सीताजीले तहाँ
मर्म वाणी कडा बोल्नु भयो लक्ष्मण साथमा
इच्छाले हरिको लक्ष्मण् चित्त विचलितै भयो
अनि अनन्तले फेरि सीताको चार तर्फ जो
४३४
रेखा खिच्नु भई फेरि बार्बार पाउमा शिर
राखेर जानकीलाई सारा वन्देवतादि र
दिग्पाल देव आदिका जिम्मामा सुम्पिएर त
जहां दशानन रूपी चन्द्रका राहु रूपी त
४३५
रामचन्द्र हुनुहुन्थ्यो जानुभो उहि नै अनि
जननीलाई छाड्दामा भएर दु:खीतै पनि
जसरी हेर्दछ बाछी फर्कि फर्कि कनै हरे
तेसै गरी सीतालाई लक्ष्मण्ले हेर्नु हुन्छ रे
४३६
एक्ता डर्ले लक्ष्मणै रामजीको
भय भित हुनुहन्थ्यो अति जो
दोश्रो एक्ली जानकी नै हुँ दाता
हुनु भयो व्याकुले औ दुखी ता
४३७
आगोले डढ्न लागेका वनका लहरा सरी
सौमित्रीको भयो गाथ मलिन् हत् तेज वेसरी
त्यसै औसरमा शुन्य देखेर चार तर्फ जो
लिएर भिक्षुको भेष रावण खुसी साथ पो
४३८
आयो नगीच सीताको जसको डरले सदा
डराई देव औ दैत्य त्याग्दछन् नीद रातका
भयभित भई खाना खादैनन् दिनमा पनि
मन्साय तेसकै हेरि बस्दछन् नित्य नै अनि
४३९
त्यस्तो रावण् दुष्ट श्वानै सरी भै
हेर्दै चारै तर्फ मन्मा डरी है
हिड्थ्यो पक्षि राज यहि रितिले
कुमार्गैमा पाइलाले पनि रे
४४०
टेकने वित्तिकै तेज रहदैन शरीरमा
वल् बुद्धि पनि लेश रहदैंन विचारमा
गरेर छल औ फेरि बढ्याई विविध घरी
माग्यो रावणले भिक्षा गएर अनि त्यो घरी
४४१
सम्झि अतिथि सीताले कन्दमूल फलादिको
दिन लाग्नु भयो भिक्षा त्यसले अनि फेरि यो
भन्यो छल गरी सारा चतुरे ! सुन्दरी! म ता
बाधेंको लिन्न है भिक सुन मेरो कुरा यता
४४२

दैवको रहने उल्टो गतिले अनि कालको
निष्ठुरताले गरी सीता त्यस बखतमा अहो!
रेखा नाघेर पाल्नु भो बाहिरै खुसी साथले
ब्रम्हाण्डलाई नै सारा गर्ने पालन पोष रे
४४३
पाप पुञ्जहरूको नाश गर्ने
देवताका काम सब् सिद्ध गर्ने
सीताजीले भिक्षु समाजको त्यो
साज वाज बञ्चक हेरूको जो
४४४
त्यो बेलामा हरे ! चाल पाउनु ता भएन है
अनि विविध भाँतिका कथा वार्ताहरू सबै
सुनाई कन रावण्ले भयराज नीती ति जो
देखायो स्नेह औ प्रिति लोभ विविध भाँतिको
४४५
भन्नुभो अनि सीताले हे सन्यासी ! सुन अहो
अधम दुष्टको जस्तो बोल्छौं बचन नीच यो
हे सन्यासी! तिमीले ता आपन्नो धर्म छाड्दै
बोल्दछौ बचनै यस्तो किन दुष्ट समान है
४४६
अनि रावणले आपन्नो देखायो खास रूपनै
सुनाएथ्यो पनि आपन्नो त्यसले नाम ता जसै
डराउनु भयो सीता व्याकुल भै मनमा अनि
फेरी हिम्मत् गरी खूब भन्नु भो त्यस साथ नी
४४७
खडा मात्रै त हो दुष्ट ! आइ पुग्नु भयो प्रभो !
क्षुद्र शशकले इच्छा गरे झैं सिंह नारीको
तैले खायस गरिस् मेरो राक्षस राज !यो घरी
परिछस् कालको बसमा बाच्ने छैनस् कसै गरी
४४८
समता गरन खोज्ने काग पनि गरूडको
कसरी सिन्धु झैं हुन्छ नदि पनि विचार पो ?
गर्दभी पनि कै सक्छे कामधेनु सरी हुन ?
ए मूढ !घर जा आपन्नै भलाई छ तँ मा सुन
४४९
सुनी बचन सारा यो रिसायो रावणै अनि
सीताजीका मनैले नै चरण पद्मको पनि
वन्दना गरदै हर्ष आनन्दित भयो अति
कोधवन्त भएको त्यो रावण हर्ष भै कति
४५०

उठाएर राख्यो सीतालाई रथ्मा
हतारो गरी दुष्टले भित्र मन्मा
गगन् मार्गले जान लाग्यो उडेर
डराएर मन्मा अताशै भएर
४५१
नसक्ने भयो हाक्नलार्य रथै त्यो
शीथिलै भई अंग नै सब् विवस् भो
प्रभुलाई सम्झि विकल् भै अनि ता
रूनै लाग्नुभो जानकीजी पनि ता
४५२
जगदेव वीर ! रघुनाथ ! प्यारा
सबै दु :ख हर्ने दु :खीका सहारा
रघुकुल्सरोज दिनकर! स्वामी
रघुवंशका नाथ ! हे पूर्णकामी
४५३
दया विर्सनु भो कुनै दोषले हा !
कसोरी अहो ! दर्शन पाउने ता
हरे !लक्ष्मण! बाबु! तिम्रो हहा !हा !
थिएन कुनै दोष व्यर्थै तहाँ ता
४५४
गरें रीस पाएँ फल नै ननीको
भए राम देखि दुर नै अनि पो
थियो कैकेयीको मनमा पनि जो
गरायो पुरा दैवले त्यो पुरा पो
४५५
दियो दु :ख घेरै मलाई विधिले
प्रभु देखि टाढा गराई कती रे
सीताजी यहि रीतले बार बार
विलाप् गर्नु -हुन्थ्यो अनेकौं प्रकार
४५६
प्रभुको कृपा ता थियो खूब किन्तु
हुनुभो प्रभुनै हरे ! दुर रून्छु
अहो !दूरमा राज प्रेमी र स्नेही
दुखै दू :ख छन् हाय ! बाचुँ कसोरी
४५७
पञ्चवटिका पशु पछि र अनि
जलचर जन्तुहरू समेत नी
तेसै बखत्मा हुनगो दुखित हा
बैदेहि को देखि विहाल नै हा !
४५८

गरी विलाप विविध थरी पनी
लाग्नु भयो भन्न सीताजी ता अनि
मेरो विपत्ति प्रभुलाई यो घरी
सुनाई देला कसले दया गरी
४५९

हा! लक्ष्मण !हा! रघुनाथ! हा! हरे
हा ! दिनबन्धो ! करूणानिधान रे
हा !हा! प्रभो रावणले विवस् गर्‍री
लग्यो मलाई रघुवीर यो घरी
४६०

प्रभो ! गधाले पनि यज्ञको सब
चाहन्छ खान हविलाई नै अब
आएर हे नाथ !कृपा गरी प्रभो
बचाउनु होस् मलाई भट्ट पो
४६१

भरी विलाप सीताको यस्ता तबरको पनि
हुदा चराचर जीव भए विकल सब् अनि
गर्नु हुन्थ्यो यहि भाँति विलाप जानकी हरे!
नीच रावण जादैनथ्यो सीतालाई लिएर रे
४६२

शम्भु र अनि ब्रम्हाले दिएको उत्तमै बर
पाउनाले त टर्दैन थियो अधमको घर
ग्रिद्धराज जटायुले सीताको आर्तनाद त्यो
सुनेर जानकीलाई रघुवंश तिलकको
४६३

रानी भनी सबैजाने त्यो अधम् दशकण्ठले
मेच्छले आफ्नो बस्मा परेको गौ कनै हरे
लगेभैं गरी लैजान लागेकोथ्यो सीता कन
जटायुले गरी त्यहाँ विचार पनि मन्मन
४६४

पैलेको वल ता छैन हाय ! मेरो शरीरमा
गएर तैपनि त्यस्को बल हेरौं म युद्धमा
गरी विचार यो बोले जटायु अनि त्योघरी
हे पुत्री !जानकी सीते ! नडराऊ म यो घरी
४६५

यस राक्षसको ध्वंस गर्दछु अहिले भनी
ललकारी रावणै साथ भन्दछन् फेरि यो अनि
किन हुन्नस् खडा दुष्ट अब निर्भय नै बनी
जान्छस् कता ? भनीयस्तो तुरून्तैफेरि ताअनि
४६६

जस्ता रीतृले पर्वतै माथि फेर
बज्र छुटछन् वेगका साथ हेर
रामजीका कामका निम्ति महाँ
जटायुले कोधितै भै मनमा
४६७

तेसै गरेर ता क्रुद्ध भएर पंछीराजले
छुटे रावणका माथि वेगले भम्टिएर रे
जटायुलाई देखेर आएका यम भैं बनी
फर्कियो वेगका साथ रावण सोचदै पनि
४६८

त्यो मैनाक गिरि हो कि ?किता गरूडहो ?अनि
गरूड्ता मालिकै साथ मेरो वल जान्दछन् पनि
चिन्हे लौ अब यो भिरू जटायु बृद्ध हो हरे
मेरा हात् रूपि तिर्थैमा देह छाड्दछ यसले
४६९

यो मेरो भुजवल् केहि जान्दैन है तसर्थ यो
सहाय भैकन आई रहेछ यो तपस्विको
खडा भयो भने मार्छु यसलाई म युद्धमा
फर्केर जिउदै जाने छैन यो निज बासमा
४७०

सुन्नाका साथ यो बात गृधराज जटायु ति
कोधातुर भई दौडी भन्दछन् यो अनि पछि
ए रावण् अर्ति औशिक्षा सुन्मेरो अब भट्टरे
छाडेर जानकी लाई घर जा खुसीसाथ रे
४७१

नत्र भने बहुबाहो ! हुनेछ पछि यो सुन
भगवान् रामको कोध रूपी अति भयावन
आगोमा सलह जस्तै तेरो वंश हुनेछ है
पिण्ड पानी दिने सम्म बाँच्ने छ अनि कुनै
४७२

दिएनथ्यो जसै उत्तर जोधा रावणले अनि
तुरून्तै कोधका साथ जटायु त्यसमाथि नि
कुदेर त्यसको केश समाति रथबाट ता
खसाले दुष्ट त्यो रावण् ढल्यो जमीन बीचता
४७३

काटि दिए धनु सारा रथ रावणको सब
शरीर चिर्चिरा पारे चुच्चाले नै ठुंगी तब
भयो त्यो मुछितै व्याकुलभई एक्पल सम्मत
जस्को रगतको धरा देह बाट बगेर ता
४७४

एकातिर अनि राखी सीतालाई जटायुले
खुसीभै फर्किए फेरि रावण तिर वेगले
उठेर धनुमा वाण जोड्यो रावणले जब
तुरून्तै झम्टिए फेरि जटायुले गई तब
४७५

जुन रावणले सिद्ध मुनि र इन्द्रजी कन
समेत आफनो बस्मा पारेको छ जितिकन
त्यहि रावणका साथ धीर वीर भएर ती
संग्रामै गरन लागे जटायु गृधराज की
४७६

अनि कुद्ध भएको त्यो रावण झन कोधले
अति भयानक खड्ग झिकेर वेग साथ ले
प्वाँख काटि दियो सारा रावणले गिद्धराजको
लीला श्रीरामका अद्‌भुत सम्झेर मन भित्र पो
४७७

पछारिए हरे ! भैमा जटायु घायलै भई
प्राण मात्र रह्यो तिन्को खाली बाकिँभएर की
अनि ता गिद्धले ' मेरो प्राण ता रघुनाथको
लाग्यो काम महाँ ' भन्ने सम्झेर मनमा अहो !
४७८

माने परम आनन्द फेरि रावणले पनि
सीतालाई रथै भित्र राखी आफु चढ्यो अनि
गयो हतारले छिट्टै त्यसको मन भित्र ता
थिएन त्राश ता थोरै व्याकुल् हुन्थ्यो डरेर ता
४७९

व्याधाका बसमा परेर हरिणि जस्तै डराएर ती
श्रीसीता नभ मार्गमा दुखितै भै गर्दै विलाप अति
जान लाग्नु भयो अनि गिरि बिसे बस्ने कपीहेरूती
देखिछन् लिई नाम श्रीप्रभुजीको दु :खी भएरै अति
४८०

आपन्ना सबै भूषण जानकीले
बाँदर हरूका नगिचै पुगी रे
दुखीत भै फालनु भो ति सारा
भन्दै प्रभो ! देवर ! राम ! प्यारा !
४८१

यस्ता तवरले सीतालाई रावणले अनि
अशोक वनमा ल्याई राख्दोभो खुसीसाथ नी
विविध थरिले फेरि त्यो नीच रावण तहाँ
देखाउँदा डर प्रिति हार्खायो हृदयै महाँ
४८२

नयाँ अशोकको रूख्को छायाँ मन्तिर यत्नले
राख्यो श्री जानकीलाई लगेर अनि तेसले
कपट मृगका साथ साथ दौडेर रामजी
जुन भेष धरी पाल्नु भएथ्यो वनमा अघि
४८३

त्यहि स्वरूपको शोभालाई राखेर चित्तमा
रामको नामकै गर्दै रटना जानकी त्यहाँ
रहन लाग्नुभो दु :खी भई लंका महा अनि
यता श्रीरामले भाइ लाई जंगलमा पनि
४८४

आई रहन लागेका देखेर बाहिर अति
चिन्तित हुनु भो राम व्याकुलभै दु :खलेकति
भेटेर. लक्ष्मणलाई आज्ञा गर्नु भयो अनि
'छाड्यो हा ! जानकीलाई हे भाई! एकलै पनि
४८५

नाघेर वचनै मेरो पनि आयौ तिमी अहो ! '
वनमा राक्षस फौज हरू धेरै घुमेर पो
रहेका छन् अहो ! मेरो मनमा भाई! आज रे
कुटिमा जानकी छैनन् भन्ने लाग्दछ सत्य रे
४८६

तिमीले उत्तम काम गरेनौ भाई !हा !अहो !
रहन्न जिन्दगी मेरो बिना जानकी सत्य पो
घोर जंगलमा आई छाड्यो जानकीलाई हा!
विपत्ति अरू के होला यो भन्दा बढी हेर ता?
४८७

भाई लक्ष्मणले पाउ समातिकन रामको
हातजोरी कन बिन्ति गर्नुभो कष्टसाथ जो
मेरो दोष कति छैन हे नाथ ! यसमा भनी
वृतान्त बिन्ति गर्नु भो त्यो कुराको सबै अनि
४८८

भाई सहितै भई रामजी पनि
गोदावरीका तिरमा जहाँ अनि
कुटि थियो जानु भयो उहि हरे!
देखि कुटि जानकीले रहित रे
४८९

अदना मानिसै जस्तै भई दुखित रामजी
व्याकुल हुनुभो मन्मा गरी संताप घोरकी
तलाउ भैं थिया दण्डकारण्य त्यसमा अनि
राम सीता चखेवा र चखेवी भैं भएर नि
४९०

राज गर्नु भएकोथ्यो रावण रूपी रात्रीको
दुष्प्रादुर्भावले गर्दा दुवैको भो विछोड जो
नष्ट भो सुख औ शान्ति चार प्रहारको अनि
जंगल्को मंगलै सारा नाश भो छिन मै अनि
४९१

हुनुहुन्थ्यो पर दुख हरने रघुनाथकी
हुन्थ्यो र के गरी दु ःख रामजीलाई फेरकी
तथापी रामको मन्मा पनि खेद भयो हरे!
गर्न लाग्नु भयो राम व्याकुल् भई विलाप रे
४९२

जनक नन्दिनी !हा !गुण खानी! हा!
अ ह ह !प्राणप्रिया ! मम वल्लभा
प्रियतमे ! मृगसावक लोचने !
भिरू ! धरादुहिते ! पिकवादिने !
४९३

पवित्र रूपे ! परम पतिव्रते !
हे पावने ! शीलबते ! नियामके !
हा !हा! व्रतधारिणि !हा! प्रिये ! तिमी
गयौ कता हा ! निठुरी भई तिमी
४९४

ना ना थरिले जब लक्ष्मणैजीले
सम्झाउनु भो रघुनाथलाई रे
अनि प्रभु वृक्ष लतादि साथमा
लाग्नु भयो सोध्न दु ःखी भई तहाँ
४९५

हरिण मधुकर् श्रेणी हे पक्षी !तिमीहरूले
सरोज लोचनी सीता लाई देख्यौकि काहिरे
हरिण खञ्जन पक्षी परेवा र सुगा अनि
भ्रमर कोयली फेरि दाडिम लहरै पनि
४९६

विजुलि कमल कुन्द पुष्पको कोपिला अनि
शरद कालका चन्द्र वरूणापाश सर्पिणी
सुवर्ण हात्ती औ सिंह वेलका फल हंस र
कन्दर्पका धनू फेरि कदली वृक्ष सुन्दर
४९७

यी सब्ले आफनो सुन्दा प्रशंसा खुसीभै अब
मान्ने छैनन् कुनै मन्मा संकोच पनि ता अब
कुनै शंखा पनि कोहि लिने छैनन् ति चित्तमा
न हुदां तिमी हा ! आज प्रीतमे सबको यहाँ
४९८

दुरभो मनको पीर राज पाए सरी सबै
गिज्याएर मलाई ता खुसी छन् मनमा अझैं
अनख हे प्रिया! आज कसरी तिमीबाट यो
सकेको सहनै ऐले मलाई दिई दु ःख जो
४९९

आउन्नौ किन हा झट्टै हे प्रिये ! अब आज हा
भन्दै मणि बिना सर्प जल् विना पनि मीन ता
जसरी व्याकुल हुन्छ सोहि रीत गरी ह हा !
व्याकुल हुनुभो राम लक्ष्मण्ले देखि त्यो दशा
५००

व्याकुल हुनुभो मन्मा फेरि धैर्य धरीकन
सम्झाउनु भयो रामलाई धीरज दी कन
सुखका धाम श्रीराम शोकले व्याकुलै भई
त्यागनु हुदैनथ्यो शोक संसारी नर झैं भई
५०१

एवं प्रकारले राम महा विरहि औ अनि
मानौ अतीवनै कामी होकि पो सत्यनै पनि
भने सरी त व्याकुल् भै विलाप गरदै अनि
खोज्न लाग्नु भयो सीतालाई वन्मा घुमेर नि
५०२

अविनाशी अज पूर्ण राम व्यापक इश्वर
सुख समुहका रूप शान्ति आनन्द दायक
चिदानद्य कृपा सिन्धु भक्त वत्सल निर्गुण
दयालु सच्चिदानन्द ब्रम्हाण्ड पति सगुण
५०३

भएका भगवन् राम मनुष्य सरी नै अहो !
लीला गरन लाग्नु भो भक्त सुखदायकै छजो
बेगन्ति ताल औ पर्वत् खोल्सा नद नदि सबै
राम लक्ष्मणजीले ता हेर्नुभो खोजी खोजि है
५०४

दुवैको हृदयैभित्र अपशोच ठुलो थियो
अबस्था बोलनै सम्म पनि नसकने थियो
भाच्चिएको धनुर्वाण अनि श्री रामले तहाँ
फेला पार्नु भयो घुम्दै जाँदा पर वनै महाँ
५०५

देखिन्थ्यो रगतै कस्तो भने कहीं कहिं अनि
साउन्को भेलको बाक्लो धमिलो जल झैंपनि
देखाइ लक्ष्मणैलाई अनि श्री रघुनाथले
यो ठाउँमा गरेका छ कसैले युद्ध हेर रे
५०६

भन्ने आज्ञा भयो फेरि अगाडी रामपादको
रेखा सम्झि बसेका ती भूमी माथि परेर जो
देखिए गिद्धका राजा भएका व्याकुलै हरे !
कष्ट साथ रहेका ति भनेर 'राम राम' रे

५०७

दया सिन्धो रघुवीरले तिनका शिरमा अनि
आफनो कर पंकजले स्पर्श गर्नुभयो पनि
शोभा धाम रघुवीर्को देखि मुहार त्यो घरी
विलाएर गयो तिन्को पीडा दुःख सबै थरी

५०८

धैर्य धारण् गरी मन्मा गिद्धराज जटायुले
गर्नलागे अनि बिन्ति अति नै दुःख साथरे
हे संसार भय मोचन् हेराम ! सुन्नुहोस् रे
पाऱ्यो यस्तो गति मेरो क्रुद्ध रावण नीचले

५०९

हरेर जानकीलाई पनि त्यो दुष्ट नीचले
लग्यो आएर हे राम! आकाश मार्गबाट रे
विलाप गर्न लागेकी कुररी झैं भएर ती
सीतालाई लिई दक्षिण दिशातिर गयो पछि

५१०

प्रभुकै दर्शनै गर्न निमित्त रघुनाथ ! हा !
थियो योप्राण राखेको रोकेर कष्ट साथ ता
जान लाग्यो अब प्राण कृपासागर! हे प्रभो !
पाएर प्रभुको दर्शन् नाशियो सब दुःख यो

५११

आज्ञा भो रामको' बाबा राख्नुहोस शरीर यो'
जटायु गर्दछन् बिन्ति मुसुक्क हांसी फेर यो
'मरण कालमा जस्को लिंदा नै नाम मात्र पो
मुक्त हुन्छन् अधम् प्राणी पनि निर्मल भै प्रभो!

५१२

भनेर वेदले भन्छ नाथ ! आज उनै प्रभो !
मेरो लोचनका सामु नेत्र गोचर् भएर पो
राज हुनु भएको छ के का निम्ति अझैंहरे!
राखौं शरीर हे नाथ ! यो भव सिन्धुमा मरे'

५१३

नेत्र भरी गरी आँसु रघुनाथजीले अनि
आपन्नो सत् कर्मले तेहि पाउनुभो गतिपनि
हे तात ! जसको मन्मा परहित रहन्छ है
जगत्मा दुर्लभै केहि छैन त्यस्का निमित्त नै

५१४

छाडी शरीर हे बाबा ! मेरो बैकुण्ठ धाममा
जानुहोस् हजुर्लाई के दिऊँ अब म यहाँ
पूर्ण काम हुनुहुन्छ हजुर अब स्वर्गमा
जाँदा मेरा पिता साथ भेट् हुदा स्वर्ग लोकमा

५१५

सीता हरण वृतान्त्र पितालाई हजूर ता
नभन्नुहोस् है बाबा यदि राम भए म ता
कुल कुटुम्बकै साथ भएर दशकन्धर
आफै आई पितालाई भन्नेछ स्वर्गमा फिर

५१६

छाडी शरीर् गिद्ध जटायुले अनि
अपूर्वको गाथ हरी सरी पनि
गरेर धारण् रूप चार हातको
अनुपमै अद्‌भुत श्याम गाथको

५१७

पैहैर पिताम्बर भूषणादिले
धरेर विष्णु सरिकै स्वरूप रे
प्रेमाश्रुले पूर्ण गरेर लोचन
लागे स्तुती गर्न शिरै झुकिकन

५१८

प्रचण्ड भुजदण्ड दशशिरको खण्डन गर्नेछ जो
धारण् गर्दछ जो प्रचण्ड शरनै सितापते नाथको
पृथ्वीमण्डललाई नै सकल ता गर्ने सुशोभित पनि
मेघैका सरि श्याम कोमल वपू राजीव जस्तोपनि

५१९

वदन र कमलका दल सरी विशाल नेत्र हुने
विशाल करले सुशोभित भई भव भए नाशने
दयालो ! रघुवंशनाथ ! भगवन् ! राम! हजुरकन
प्रणाम गरछु म नित्य खुसीले शिर झुकाइकन

५२०

अप्रमेयवल अनादि र अज अव्यक्त एक अनि
गोपद्र द्वन्द हरण धरणी धर अगोचर नै पनि
विज्ञान घन !हे मुकुन्द !अनिता' राम महामन्त्रको
गरने जपता अनन्त छन् है सन्तहरू नाथको'

५२१

तिनैका मनलाई रञ्जन सदा गर्ने अति प्रेमले
कामादि समुदाय दुष्टहरूको गर्ने सदा नाश रे
निस्कामि निज भक्तलाई अतिनै मान्ने पियारोपनि
यस्ता श्री प्रभुलाई नित्य गरछु प्रेम्ले नमस्कार नि

५२२

जस्लाई श्रुतिहरू ब्रम्ह र अज निरञ्जन व्यापक
निस्क्रियै भनि प्रेमले गुणहरू गई रहन्छन् शत
ध्यान ज्ञान विराग योग हरूको गरेर ता साधना
धेरैनै मुनिहरूले जसकनै भेट्‌टाउँछन् लोकमा
५२३

यस्ता नाथ स्वरूपका समुहले चराचरै लोक नै
संमोहित् गरने कृपानिधि !प्रभो ! हे रामजी नाथनै
हुनुहुन्छ अगम्य औ सुगम नै जोता अनि लोकमा
नेति नेति भनीपुकार गरछन् जस्को सदा वेदमा
५२४

जय होस् ! जय होस् ! खरारीको
निरगुण् चिन्मय भक्त मात्रको
उपकार निमित्त जो सधैं
अति नै तत्पर हुन्छ नित्य नै
५२५

स्वभावैले निमित्त जो रहेर
विसम र सम पनि भएर
हुनुहुन्छ शीतल जब योगि
यत्न गर्दै इन्द्रिय मन रोकी
५२६

बस्मा गर्दा प्राणी जस्लाई देख्छन्
पाई दर्शन् भवधि पार हुन्छन्
त्रिभुवनै धनी लक्ष्मी निवास
उनै भगवान सेवक कात
५२७

रहिबक्सनु हुन्छ है बस महा सदैव जो प्रेमले
शान्ति दायिनी र पवित्र किरति जस्को भवमाछरे
उनै श्री रघुनाथ हर्दम बसुन् मेरो मन पद्ममा
पाउँभक्ति अखण्ड श्रीचरणको माग्छु वर नाथमा
५२८

जटायुले वरै मागी अखण्ड भक्तिको पनि
प्रदक्षिणा रामको गर्दै गए वैकुण्ठमा पनि
यथोचित कृयाकर्म तिनको रघुनाथले
गर्नु भो प्रेमका साथै आफनै कर पद्मले
५२९

दिन दयालु अत्यन्त कोमल चित्त रामजी
हुनुहुन्छ बिना कारण् गर्नुहुन्छ कृपा अति
जुन् गति माग्दछन् योगीहरू ता सोहिनै गति
मांसाहारी अधम गिद्ध लाई त्यो दिनु भो गति
५३०

जो प्राणी हरि छाडेर बिषय अनुरागी नै
हुन्छन् तीता सबैहुनू है कर्म फुटा अभागीनै
फेरि जंगलमा खोज्दै सीतालाई दुवै अनि
हिड्नलाग्नुभयो राम मनमा दुःखी भै पनि
५३१

त्यो घनघोर जंगलमा वृक्ष औ लहरादिले
बेरिएका थिए सारा जाहि ताहि मिलेर रे
सिंह हात्ति मृग पक्षी पनि धेरै थिए अनि
वनका मार्गमा जाँदा जादैमा रामले पनि
५३२

कवन्ध लाई मार्नुभो त्यस राक्षसले तहाँ
आफुले श्राप पाएको हाल ता श्रीप्रभुमहाँ
बतायो दुरवासले मलाई करूणा मय
दिएको श्राप हो पैले वनमा हे दयामय !
५३३

प्रभुको पद पंकज्को पाउँदा दर्शन अब
मेटिए श्राप ती सार भनी विन्ती गऱ्यो तब
अनि रामजीले आज्ञा गर्नु भो त्यसलाई यो
भन्दछु सुन गन्धर्व तिमीलाई अझैं म यो
५३४

मलाई विप्रको द्रोह गर्ने जनहरू कुनै
मन पर्दैन यो मन्मा सम्झना राखनु सधैं
जो मानिस् कपटै छाडी मन कर्म र वाणीले
देव औ द्विजको सेवा गर्दछन् नित्य प्रेमले
५३५

म साथै शिव औ फेरि ब्रम्हाजी पनि तेसको
रहन्छन् वसमा नित्य जान सत्य भनेर यो
वाणी कठोर बोलेर श्राप सारा दिए पनि
गालि गरेर ता फेरि कुटे कानै भए पनि
५३६

पूजनीय छ है विप्र नित्य नै ता भनि सब
भन्दछन् साधु औ सन्तगर विश्वास योअब
शील र गुणले हिन भए ता पनि विप्रको
सत्कार गरनै पर्छ झुकाई शिर सम्झ् यो
५३७

गुण र ज्ञानले पूर्ण विद्वान नै भए पनि
पुजनिय हुने छैन शुद्र कैल्यै विचार नि
उपदेश गरि धेरै रामजीले स्वधर्मको
प्रेम र स्नेहले त्यस्को चित्त संतोष गर्नुभो
५३८

आफ्ना चरणमा त्यस्को प्रिति देखेर सुन्दर
प्रिय लाग्यो अति त्योता रामलाई अनि फिर
पाएर आफनो रूप त्यस गन्धर्वले अनि
रामका पद पंकज्मा झुकाई कन शिर् पनि
५३९
गयो गगन मार्गैले उदार रामले अनि
दिएर त्यसलाई ता सत् गति झट्टनै अनि
शवरीको कुटि भित्र राख्नुभो चरणै पनि
देखेर रामजीलाई आफ्नो आश्रममा पनि
५४०
सम्झिन् शवरीले आफ्ना गुरूको वचनै अनि
हुँदो साँचो वचन् त्यो ता लाग्यौ प्रिय अतिवनि
सरोज दलका जस्ता भएका नेत्र सुन्दर
विशाल वाहु औ शिर्मा जटाजुट मनोहर
५४१
छतिमा वनमाला र कौस्तुभ मणि शोभित
मनोहर् श्याम औ गौर दुवै अनुजलाई त
देखेर शवरी त्यहाँ अत्यन्त प्रेमले अनि
लुट्ट पुट्ट चरण्मा नै गर्न लागिन् रमेर नि
५४२
डुबिन् ती प्रेम्मा वाक्य निस्केन मुखबाट त
रमेर पाउमा शिर राख्न लागीन् झुकेर त
पखालिन् चरण पद्म् जल ल्याएर प्रेमले
अनि सुन्दर आशन्मा गराइन् राज हर्षले
५४३
अति रसिला र मिठा मनोहर
फल् फूल कन्द मूल ल्याई सुन्दर
छानेर चाखीकन त्यो अनि सब
चढाउँथिन् हर्ष भई कनै तब
५४४
श्री राम् पनि ति फल फुलको सब
बयान गर्दै अति प्रेमले तब
जुठा ती फल् फूल हरू समस्त त्यो
खानु भयो छानी भएर मस्त पो
५४५
जोडेर हात प्रभुका अगाडी ती
खडा भइन् हर्ष भएर फेरि कि
देख्ता रघुनाथजीलाई त्यो घरी
बढेर आयो अनि प्रेम केसरी
५४६

तिन्ले गरिन बिन्ति दयालु ! हे प्रभो!
गरौं हजुर्का स्तुति के गरेर पो
गवार मुर्खा हिन नै मछु अति
जान्दिन केहि पनि भक्ति भाव ति
५४७
नीचा कुलैकी अधमा म हुँ प्रभो
सर्वज्ञ औ अन्तर यामी नाथ हो
हे भक्त वत्सल ! करूणामय ! अज!
दीन पियारा ! रघुवंशका ध्वज !
५४८
नीच भन्दा पनि नीच स्त्रि जाति अधमाधम
हो नाथ! त्यसमा फेरि जातले नै मछु अझ
अधमा नीच औ हिन मन्द बुद्धि अति हरे
म गरौं प्रभुको आज कसोरी स्तुति नाथ रे
५४९
अनि श्रीरामले आज्ञा गर्नुभो भामिनी अब
सुन मेरो कुरा ऐले मन चित्त धरी सब
एउटा मान्दछु नाता म ता फगत भक्तिको
भक्ति छैन भने नाता पनि मान्छु पराई पो
५५०
बिना जल हुने मेघ जस्तै देखिन्छ शोभित
भक्ति विहिनका सारा जनका जातभात त
प्रतिष्ठा धन कुल् धर्म परिवार वलै पनि
गुणचातुर्य सब् तेस्तै व्यर्थ शोभित हुन्छ नि
५५१
बताउँछु तिमीलाई नवधा भक्ति आदि म
भक्तिमति !सुने सारा सावधान गरी मन
सुनेर स्थिर् गरी राख चित्तमा पनि यो सब
मनन गर्दा जस्को छुट्दछ पिर ता सब
५५२
सत्संग गर्नु नै हो है प्रथम भक्ति ता अनि
कथा प्रसंगमा मेरो प्रेम् गर्नु मनमा पनि
भामिनि! भक्ति हो दोश्रो तृतीय भक्तिता सब
गर्नु अमानी भै सेवा गुरूको पाउको तब
५५३
चौथोहो भक्ति ता फेरि मेरो गुण्गणको सब
गान गर्नु कपट त्यागी एकाग्र चित्तले तब
पञ्चम भक्तिता फेरि दृढ विश्वास साथले
मेरै मन्त्र जपि मेरै गर्नु भजन नित्य रे
५५४

वेदमा पनि छ सारा यो कुरा ता प्रकाशित
शील दमादिले वस्मा गर्नु इन्द्रियलाई त
विरत् भै हट्नु धेरै संसारी काम बाट ता
सदाचार भई प्रेम गर्नु सत् धर्ममा सदा
५५५

योछैंटौं भक्ति हो भन्ने यो जान तिमी चित्तले
म मयै देखनु सारा संसार लाई प्रेमले
म भन्दा पनि ता बढ्ता मेरा भक्तहरू कन
ठुला ढानेर नै गर्नु प्रेम आदर ता भ्मन
५५६

सप्तम त्यहि हो भक्ति अष्टम भक्तिता अनि
यथा लाभ् हुनु नित्य संतुष्ट लोकमा अनि
अर्काको दोषमा दृष्टि नदिनु कहिल्यै पनि
एकाग्र चित्तले मेरै गर्नु भजन नै अनि
५५७

कपट हिन भै मन्मा समभाव गरेर ता
सरल भावले बस्नु मेरै भर परेर ता
हर्ष विषाद ता कैल्यै नमान्नु पनि चित्तमा
मेरै इच्छा बुझी सारा हुनु आनन्द लोकमा
५५८

यहि हो नवधा भक्ति चराचर् लोकमा सब
नरनारी शिशु बृद्ध जोसुकै होस् है तब
जसको चित्तमा केहि नवधा भक्ति मध्यमा
एउटै मात्र छ भक्ति भने ता पनि लोकमा
५५९

मेरो अत्यन्त नै प्यारोप्राणी त्योहुन्छ लोकमा
नवधै भक्ति छ सारा भामिनी तिमी साथमा
भामिनी !प्रिय छौ मेरी भन्दछु सत्य यो सब
दुर्लभ् छ जुन गति योगीलाई तेहि गति अब
५६०

भएको छ सुलभ् आज तिमीलाई समस्त त्यो
मेरो दर्शन्को फल् ता परम् अद्भुतको छ पो
स्वाभाविक स्वरूप् आफ्नो जीवलेपाउँछ सब
मेरो चरणमा तिम्रो प्रेम छ त्यसले अब
५६१

समस्त थरिले तिम्रो भाग्य ठुलो छ लोकमा
तिम्रो यो महिमा जस्को रहला नित्य चित्तमा
भाग्य पनि ठुलो होला तेसको लोकमा अनि
मिल्नेछ नवधा भक्ति त्यसलाई समस्त नी
५६२

यो आज्ञा प्रभुको सुनेर शवरी हर्षित् भईन् चित्तमा
फेरि भन्नु भयो मनोहर मिठो बोलि प्रभुले तहाँ
हे भामिनी! सुगजेन्द्र गामिनी यदि थाहाछ केहिंभने
सीताको सब हाल्बताऊ अहिले मलाई शान्ति दिने
५६३

विन्ति गरिन् शवरीले रघुवंश नाथ
पम्पा सरोवर सवारी हओस आज
धेरै तपस्वि मुनि सिद्ध हरू बसेर
गर्छन् प्रभो ! हजुरकै तप ध्यान धरे
५६४

मातङ्गै ऋषिको प्रभाव महिमा ठुलोछ नाथ! जहाँ
बस्छन् ती सुख् साथ जीव बहुतै तेसो हुनाले तहाँ
शत्रुता गरदैन कोहि संगमा जीव कुनै ले पनि
शत्रुता छ स्वभाविकै जसंर्गता त्यसै संगैमा पनि
५६५

प्रितिगर्दछ भ्मन् मनोहर सदा पर्वत् र जंगल्महाँ
बस्छन् ती ऋतुराज नित्यखुसीले गल्जारपारीतहाँ
छन् सारा अनुकल जीव जसमा पक्षीहरू सब्तहाँ
हेनाथ!तीसबको परिश्रम सुफल्पार्नुहओस् वन्महाँ
५६६

होला फेरि मितेरी नाथ! प्रभुको सुग्रीवका साथमा
योवृतान्त खुलस्त पारी तिनले भन्लान् उहिनै तहाँ
जोहरै प्रभुमा हुनेछ भगवन्! जाने बुझ्केको छ जो
विन्ति गर्दछु हे प्रभो हजुरमा मैले सुनेको छु जो
५६७

जानी जानी कनै प्रभो ! हजुरले सोध्नुभयो योसब
धीर बुद्धि! कृपालु! हे रघुकुल - मणि ! भनेर तब
बारंबार गरी प्रमाण प्रभुको चरण् कमल् महाँ
प्रेमै पुर्वकले भनिन् सब कथा श्रीराम लाई तहाँ
५६८

हेरिन् खूब मुखारबिन्द प्रभुको बिन्ति गरेर सब
तेहि फेरि मुहार कान्ति मनमा राखेर तिन्ले तब
योगाग्नि प्रकटै गरेर जिउनै आफ्नो जलाईनतहा
छुट्छन् रे गमनागमन्हरू दुवै जुन ठाउँ पुग्दामहा
५६९

तेहिनै हरिपद विषे मिलि गइन् अत्यन्तनै हर्षले
सारा यो भव दु :खआपद सबै मेटेर आनन्दले
योसंसार असारमा जतिजति मिल्छन् नीतीकृत्यता
धर्माधर्म अनेक कर्म मत औ नाना थरी बाद ता
५७०

शोकै दायक हुन् त्यजेर ति सबैलाई सधैं प्रेमले
विश्वासै गरी रामका चरणमा गर्नु अनुराग रे
जन्मेकी भिलिनी भई कुलमहाँ नीचा भइ लोकमा
स्त्रिलाई पनि रामले गरनुभो मुक्ति बुझौं चित्तमा
५७१

बिर्सि यस्ता प्रभुलाई हे महामूर्ख मन् ! हरे !
तँ क्षणीक् सुखकै गर्छस् इच्छा मोह परेर रे
अगाडी जानुभो राम छाड्नु भो वन त्यो अनि
अतुल बलशालि ती दुवै पुरूष सिंह नि
५७२

विरहि झैं भई राम बिषाद गरदै अति
गर्दै प्रश्नोत्तर धेरै भन्दै सुन्दै कथा जति
पाल्नुभो भगवान् राम भाईका साथमा अनि
वन पर्वत् नदि नाला पार गर्दै हिडेंर नि
५७३

अनि श्रीरामले फेरि आज्ञा भो लक्षणै कन
हे भाई! सब यो शोभा हेर कस्तो छ यो वन?
योशोभा देखदा कस्को नहोला क्षोम चित्तमा?
सारा पक्षी पशु फेरि जन्तुहरू सबै यहाँ
५७४

नारीका साथ छन् हेर यिनीहेरू सबै यहाँ
गर्छन् कि हास्सि नै मेरो भनेझैं लाग्छ चित्तमा
भाग्दछन् हरिणै सारा मलाई दखदा सब
हरिणिहरूले यस्तो भने झैं लाग्छ है तब
५७५

गर आनन्द डर छैन नभाग मृग नन्दन !
आएका छन् यि ता सुन्को मृगनै खोजनाकन
घुमेका छन् जहाँ हात्ती हात्तीनी लिई साथमा
यिनीहरू पनि भाई ! निति सम्झाउँछन् म मा
५७६

'बेसरी पढि सम्झेर घोकेको शास्त्र ता सब
बार्बार उघ्रिनु पर्छ' सम्झेर मनले तब
राम्रो गरी रिझाएको भएता पनि भूपति
बसमा छन् भनी कैल्यै सम्झनु हुन्न है कति
५७७

टाँसि राखे पनि नित्य नारीलाई त छातिमा
आफ्नोकैल्यै पनिहुन्न बस्मा त्योजानचित्तमा
राजा र तरूणी नारी शास्त्र यी तीन चीज ता
हुदैंनन् बसमा कैल्यै यो नीती भन्छ हात्ती ता
५७८

सुन्दर बसन्त पनि हेर समस्त भाई !
यस्ले प्रिया रहित हाय! बुझि मलाई
पैदा गऱ्यो भय हरे! शिव ! हेर आज
दुर्वल् विकल् विरहले पनि फेरि खास
५७९

बुझ्न्दा महा विवश हा! शिव एकलो पो
हस्सि उडाउँछ सदा सँगमा ठुलो जो
कन्दर्पले मकन आज खिसि गरेर
यी जंगली भ्रमर पक्षिहरू लिएर
५८०

पत्नी विहिन मकनै बुझि हिन भाई !
मिल्दा त साथिहरूका सँगमा रमाई
मेरो उपर् त त्यसले हमला गरेको
हो हेर फेरि त्यसको दुत नै भएको
५८१

मलयाचलको हावा आई सुस्त सुटुक्क रे
मलाई तिमी भाइका साथ देखेर हेर रे
सुनेर यी कुरा हाम्रो फर्कियो त्यसकारण
आफ्नो फौज अडाएर अनंगले पनि भन
५८२

मेरै बाटो तिर डेरा गरेको झै मलाई त
लाग्दछ भाई ! यो मन्मा विचार गरी हेर त
ठुल्ठुला वृक्षका चारैतिर बाक्ला लता सब
अल्झेका छन् विविध् भाँति मदनैको पनि सब
५८३

टांगेका हुन्कि है पाल समियानाहरू ति ता
भने झैं लाग्दछन् मन्मा देख्दा चित्रविचित्रता
मीनध्वजकै पताका हुन् केराका रूख ति सब
अग्ला वृक्षैहरू हुन है सुन्दर ध्वज नै तब
५८४

धैर्य छ जसको मन्मा तिनै पुरूष मात्र नै
हुदैनन् मोहितै सारा देखेर यिनलाई है
अनेक थरिका वृक्ष अनेक भाँति भाँतिले
फलिफुलिरहेकाछन् शोभा आफ्नो फिँजारिरे
५८५

कन्दर्पका अनेक बानरहरूले भई शोभित
सजिएका वपुधारी दास हुन्कि भनेर त
मलाई लाग्दछ भाई ! अनि फेरि कहिं अहो
शोभितछन् सुन्दरै वृक्ष छुट्टाछुट्टै भएर जो
५८६

छुट्टाछुटै भई वीर योद्धा मदनका सब
हुन्कि घेरन लागेका भने भैं लाग्छ है तब
बोल्दछन् कोयलि सारा ति बोलि काम देवता
हात्तीको घोर चित्कार सरी लाग्दछ भित्र ता

५८७

बोलि रहन लागेका ढेक पक्षीहरू सब
चिच्याई रहने उटै हुन्कि भाई ! तिता सब
महोक्ष पक्षि कामैका खच्चर् हुनभनि जानयो
चिच्याएरै रहेका छन् खुसीले ती सबै अहो!

५८८

सुगा चकोर मयुर हरू पनि
कन्दर्पका उत्तम अश्व हुन् भनी
हे भाइ ! लक्ष्मण् ! तिमी जान मन्महाँ
अनि परेवा रज हाँस नै यहाँ

५८९

ताजी घोडाहरू हुन् ती चित्रा लाभे चरा पनि
पैदल् सिपाहि हुने हेर कामका नै सबै अनि
सेनाका वर्णनै गर्न सकिदैन अनंगको
पर्वत्का ती शीलाकानै ठुला चट्टान फेरजो

५९०

मन्मथैका रथै हुन् ती छहराहरू ता अनि
दुन्दुभिनै ति हुन् बज्ने अनंगैको मिठो पनि
कन्दर्पका गुण गण वर्णन गरने सब
बन्दि हुन् चातक किर्ति प्रशस्ति गाउने तब

५९१

मुखाले भ्रमरा सारा भेरी र सहनाइ हुन्
तीन प्रकारका मन्द सुगन्ध शीतलै पावन्
बसिढि हो रतिनाथ कामकानै अनि त्यहाँ
सेनाहरू लिई सारा चतुरंगीणी साथमा

५९२

दिदै लौ चुनौति सबैलाई ऐले
मदन् डुल्न लागी रहेछन् क्रमैले
जितेर सबैलाई एल्यै जगत्मा
भुलेर यसै मस्त हुन्छन् मफत्मा

५९३

अनंगको सबै सेना देख्दामा भाई ! यो अनि
रहन्छन् जो जन धीर तिनका नै जगमा पनि
गिन्ति हुन्छ वीर श्रेष्ठ मानै यो जगमा ठुलो
बल स्त्रिहो त्यसैबाट जो बाच्न सक्छ भलो

५९४

होइनन् वीर मात्रै ती प्रविर हुन् तिता सब
हे भाइ ! काम औक्रोध लोभ मोहहरू सब
वीर औ दुष्ट छन् सारा ,ज्ञान र गुणहेरूको
भवन् स्वरूपका सारा मुनि र सन्तहेरूको

५९५

चित्तलाई पनि यिन्ले पलमै खल्बलाउँछन्
ठुला ठुला तप सारा नाश पारी विगार्दछन्
लोभको बलइच्छा र दम्म हो अनि कामको
बल केवल नारी हो भनी मन्मा विचार पो

५९६

क्रोधको बल होफेरि कठोर वाक्य यो कुरा
भनेका छन् मुनि सब्ले विचार गरदै पुरा
हे दुर्गे ! भगवान् राम सत्व रज तम त्रय
गुण देखि परै भै जो शाक्षि स्वरूप भैकन

५९७

चराचर् लोकका स्वामी सर्वान्तर्यामी नैअभै
हुनुहुन्छ तथापी श्रीरामले सब विश्वकै
कामी पुरूषको दु ःख दिन काँतर ता सबै
देखाई धीर औ वीर नरका चित्त भित्र कै

५९८

वैराग्य ज्ञान दृढ पार्नुभएको हो भनी कन
जानेर मनमा तिम्ले विचार गरयो भन
रामको करूणाले नै काम क्रोधं मदै अनि
माया मोह हरू सारा छुट्दछन् दूर भएर नि

५९९

जो माथि नट भैबस्छ सदैव अनुकुल भै
पर्दैन भूलमा कैल्यै त्यो नर इन्द्रजाल कै
म भन्छु सुन हे दुर्गे ! आपन्ना अनुभव सब
सत्यहो हरिनै भज्नु स्वप्न हो जगतै सब

६००

अनि मनोहर गम्भिर पम्पा नाम हुने पनि
तलाउको किनाराममा पुग्नुभो भगवान् पनि
त्यो तलाउको पानी सन्तको हृदयै सरी
निर्मल थियो अनि फेरि चौतर्फ बलियो गरी

६०१

बाँधिएको थियो चार घाट अतीव् सुन्दर
ठुला उदार मानिस्कोघर्मा याचकको भिड
लागे समान भै फेरि जाहि ताहि रहेर त
मृग आदि त्यहि पानी पिउँथे है रमेर त

६०२

मायाले ढाकिएको हुन गई जसरी निर्गुणै ब्रम्हलाई
देख्दैनन्मानिसैले उहिसरि ति घनापद्ममको बोटछाई
ढाकिएको हुनाले निरमल जलको मर्म त्यो पोखरीको
केहि जानिनथ्यो है हतपति कसले आई हेर्दा पनिजो

६०३

घर्मात्मा मानिसैको दिनसुख मिलदा वित्तछन्है जसोरि
त्यो जस्तै एकरस्नै भईकन रहने जो अगाधै छ फेरि
पानीभित्रै बसेका जलचर ती थिए सुखी आनन्द सारा
नाना वर्ण भएका कमल फूलि सदा झुल्दथे भै निराला

६०४

मीठो गुञ्जन गर्दै भ्रमरहरू पनी झुम्मिएका थिए है
सारा वोलि रहेका जलचर कुखुरा हाँस पौडीरहेकै
मानौं देखेर सीतापति कन खुसी भै गर्नलाई प्रशंसा
लागेका हुन्किभन्ने त्यसथल बिचमा पर्दथ्यो भानखास

६०५

चखेवा बकुल्ला हरूका वथान
थिए हेरनै योग्य नै फेरि जान
सकिदैन वर्णन् गरी हेर सारा
मनोरम् थिए दृश्य हेरू निराला

६०६

सुन्दर पक्षी आदिका मनोहर् दृश्य ता अहो !
मानौं ती पथमा हिड्ने पथिक हरूलाई पो
डाक्न नै हुन्कि लागेकाभने झैं भानपर्दथ्यो
त्यहि तलाउका सामु मुनीहरू समस्तको

६०७

सुन्दर आश्रमै धेरै तिन्का चौतर्फ नै थियो
मन्मोह गरने फेरि मनोहर जंगलै थियो
कदम् मौलसरी चाँप तमाल पाडरी अनि
कटहर् आँपका वृक्ष थिए फेरि लिचि पनि

६०८

अनेक जातका वृक्ष भर्खरै पालुवा पनि
हालेका ता - थिए - कोहि फुलेका सुन्दरै बनी
भ्रमराहरूका ताँति ना ना तरहले पनि
गुञ्जनै गर्दथे फुल्मा बसेर मस्त भै अनि

६०९

सुगन्ध मन्द औ शीतल् समीर ऋतुराजको
चल्दथ्यो नित्य नै सब्को हरेर श्रमगाथको
को हो को हो भनी फेरि कोयलिहरू ता अनि
बोल्दथे सबको चित्त हरण गरदै पनि

६१०

सरस त्यो वोलि सुन्दा तहाँ रे
ध्यान छुट्थ्यो मुनिका मनका रे
पर उपकारी पुरूषले त
पाउँदामा जसरी धान खेत

६११

निहुररिन्छ उसै रित्ले लटरम्म फलै सब
फलेका वृक्ष सारा ति भारले निहुरी तब
वसुधाका नगीचैमा पुगेका नै थिए अनि
अतिव सुन्दरै देखि तलाउ रामले पनि

६१२

स्नान गर्नु भयो मन्मा भइ हर्षित रामले
लाग्यो अतीव आनन्द त्यहाँ श्रीरामलाई रे
राज गर्नु भयो फेरि भाई लक्ष्मण साथमा
वार्ता गरन लाग्नु भो सरस प्रेम साथमा

६१३

विरह व्याकुलै देखि अति नै रामजीकन
नारद्को मनमा ज्यादै ठुलो चिन्ता परिकन
'स्विकार गरी त्यो मेरो श्रापलाई हरे शिव !
भगवान् रामजीलाई ना ना तरहको अब

६१४

दु ःखभोग्नुपर्‍यो हा!हा!यस्तो विरह व्याकुल
रामजीको गरौं दर्शन् फेरि यस्तो अनुकुल
पर्ने छैन ' भनी यस्तो सोचेर मनमा पनि
लिएर हातमा वीणा गाउदै नारदै अनि

६१५

जहां राज भएकोथ्यो राम आनन्द साथले
उहि गई अनि फेरि मीठो बोलि झिकेर रे
अनेक थरिले वर्णन् गर्दै राम चरित्रको
गाना गर्दै खुसी साथ आई साष्टांग गर्न जो

६१६

प्रेमले नै झुकेका ती नारद मुनिलाई ता
देखेर भगवान् रामजीले फेरि उठाई ता
छातीमा घेर नै वेर लगाई बक्सनु भयो
क्षेम कुशल सोधेर फेरि आफ्ना नगीच पो

६१७

बसाउनु भयो फेरि लक्ष्मणले आदरै गरी
धुनुभो चरण पद्म नारद्जीको अघि सरी
विविध थरिको गर्दै स्तुति नारदले अनि
प्रशन्न रामजीलाई जानेर मनमा अनि

६१८

करकमल् दुवै जोरीकन अतिव प्रेमैले
गरे विनय नारदले झुकेर शिर हर्षले
हे सुन्दर्! परमोदार! हे अगम्!सुगम!प्रभो
रघुनायक! वर्दायक् ! करूणामय! हे विभो!
६१९
सुन्नुहओस् हे स्वामी! हजूर हुन ता प्रभो
अन्तर्यामी हुनुहुन्छ साराको मन भित्रको
जान्नुहुन्छ सबै हाल तथापी एउटा प्रभो!
ममाग्छु वर हे नाथ! मलाई बक्सियोस त्यो
६२०
सुनेर मुनिको बिन्ति आज्ञा भो रामको अनि
मेरो स्वभाव ता सारा जान्दछौं तिमी ता मुनि
के कुरा भक्तका साथ छिपाउछु र म अनि
हे मुने तिमी सक्तैनौं माग्न जुन् वस्तुनै पनि ?
६२१
मलाई प्रिय लागेका त्यस्तो चीज छ लौकुन ?
जुन् चीज माग्दा यस्तो धकाउछौं तिमी सुन
छदै छैन कुनै मेरा अदय चीज लोकमा
भक्त निम्ति भनी जानी यो बिश्वासलाई चित्तमा
६२२
भुल परें पनि कैल्यै नछोडे तिमीले अब
भन्ने श्री रामको यस्तो सुनेर बचनै तब
भन्दछन् नारद हर्षित् भएर हे अनुपम
यस्तोवर् मागने आज घृष्टता गर्दछु कि म
६२३
हे देव! नाम प्रभुका अनेक छन्
एक्बाट अर्को बढता त नाम झन्
छन् श्रेष्ठ सारा जगमा भनीकन
भनी रहन्छन् श्रुति वेद हर्दम
६२४
हे नाथ ! राम भनि यो हजुरको
नामैहरूको भई नाम श्रेक्ष्ठ यो
यो नाम पाप समुह रूपिका सबै
पक्षी गणैका हकमा पनि सधैं
६२५
ब्याधा स्वरूपै अब होस सर्वदा
मंगलै गरोस् यो भई शान्ति धाम ता
म माग्दछु आज यहि प्रभो ! वर
हे राम यो श्रेष्ठ हओस् सबै तिर
६२६
हो पुर्णिमाको निशि भक्ति नाथको
नामै शशि हो रघुनाथ ! राम यो
अरू अरू नाम हरू अनि पछि
नक्षत्र हुन् झलमल नै समस्त ती
६२७
ती सबै भक्तहेरूका चित्त रूपी आकाशमा
सदा चम्किरहुन् नाथ! माग्दछु प्रभु साथमा
कृपा सिन्धो रघुविर्ले मुनि नारद साथमा
एवं मस्तु भनि आज्ञा भयो खुसी भई तहां
६२८
अनि नारदले मन्मा अत्यन्तै हर्षित भई
रामका पाउ पंकजमा शिर राखे नुहेर कि
प्रशन्न रामजीलाई भएको जानी चित्तमा
अनि नारदले फेरि झुकि विन्ति गरे तहां
६२९
"सुन्नुहोस् रघुनाथ! भगवान्! जब आपन्नी
मायालाइ गरी नाथ ! हजुरले प्रेरणा पनि
मलाई मोहितै पारी बक्सिएथ्यो अहोतहां
विवाह गर्न खोजेथें मैले तेस बखत्महां
६३०
मलाई कुन कारण्ले विवाह गर्नलाई त
दिनुभएन हे नाथ! आज्ञा होस् अब आजत
विनति मुनिको यस्तो सुनेर रघुनाथले
हांसि मुसुक्क आज्ञा यो भयो नारद लाइरे
६३१
प्रतिज्ञा पूर्वकै भन्छु तिमीलाई सुन मुने
भरोसाछाडी साराको जोभज्छन् मकनै भने
जसरी शिशुको रक्षा गर्दछिन् जननी सधैं
तेसै गरेर रखवालि गर्दछु तिनको म नै
६३२
आफनो बालक बच्चा आगो सर्प र पानीमा
जान लाग्यो भने फेरि अनि त्यसबखत्महा
नारीको के कुरा भो र गाई र पशुले पनि
बच्चालाई समालेर रक्षा गरदछे अनि
६३३
युवा भएपछि फेरि तेहि सन्ततिलाइ ता
पैलैकै सरि आमाले ख्याल राख्दिन भित्रता
समर्थ पुत्र जस्ता हुन मेरा ज्ञानीहरू सब
नारद सुन है मेरा अमानी भक्त ता सब
६३४

हुन है मेरा बालक पुत्र झैं यो
रक्षा मैले गर्नु पर्ने सधैं जो
भक्तैलाई शक्ति रहन्छ खाली
मेरो मात्रै चित्त मै माथि हालि

६३५

बस्छन् हर्दम् ध्यान मेरै गरेर
भार आपन्नो सब् म मा सुम्पिएर
आपन्नै बस्मा ज्ञानी मस्तै रहन्छ
यस्तै दोटै निम्तिमा जुन् अगम् छ

६३६

शत्रुता काम औ क्रोध रूपिका तिर्नीहेरूले
आक्रमण गर्न लागेका बेलामा ज्ञानी हेरूले
आपन्नो रक्षण आफैंले गर्दछन् भक्तको भने
गर्नु पर्दछ मैले नै रक्षा भन्ने यहि गुने

६३७

गरेर चित्तमा यहि विचार बुद्धिमानले
मलाई भज्दछन् ज्ञान पाए पनि त चित्तले
छाड्दैननूभक्ति ता मेरोभन्ने यो सम्झचित्तमा
भक्त हुन् बालकै मेरा भन्ने सम्झ समस्तमा

६३८

काम क्रोध मद लोभ यी सबै खास मोहका
फौज हुन् फेरि ति फोजमध्यमा पनि खास ता
मायाका रूप् हुने नारी मुने ! अतिव द्रारूण
कष्ट दायिनी हो लोक्मा कठोर अति भीषण

६३९

सुन नारद ! यो वेद पुराण संत हेरूले
भन्छन् , मोह रूपि भीषण् जंगलका निमित्तरे -
वसन्त ऋतु हो नारी फेर् तेहि नारी नै पछि
ग्रीष्म ऋतु रूपि हुन्छे अनि फेरि समस्त नि

६४०

जप तप नियम् वर्तहरू यि साधन रूपि
जलाशयहरूलाई सुकाउंछे सबै पछि
त्यो नारी नै मद क्रोध काम मात्सर्यरूपिको
भ्यागुता निम्तिमा हर्ष प्रद प्रथम श्रेणीको

६४१

वरषा ऋतुको रूपि पनी हुन्छे त्यहि अनि
दुर्वासना रूपि कुमुद् हरूका निम्तिमा पनि
सदा सुख दिने हुन्छे शरद ऋतु रूपिणि
त्यहि स्त्रि धर्म रूपि सब् पंकज वनका पनि

६४२

निमित्तमा बनी फेरि हेमन्त ऋतु रूपिणि
सारालाई दु ःख ताप दिन्छे विविध नै अनि
आउदा तेहि स्त्रि रूपि शिशिर ऋतु फेर ता
ममता रूपि जावासा पलाउंछन् जता तता

६४३

पाप् रूपि उलुकै लाई सुख शान्ति दिने अति
नारी ता रात्री हो गाढ अन्धकार भएर कि
बल् बुद्धि सत्य औ शिल नियम रूपि मिनका
निम्तिमा बल्छिको तुल्य नारी नै हो भनेर ता

६४४

विद्वान भन्दछन् सारा फेरि दुर्गुण रपि त्यो
विसम वृक्षको मूल जरो हो त्यहि नारी पो
सकल दु ःखको खानी त्योपिडाकर होअनि
योकुरा मनमा जानी त्यसै कारणले पनि

६४५

विवाह बाट निवारण गरेको हुं तिमीकन
सुन्दा श्रीरामको मिठा सुन्दर बचनै कन
नारद मुनिको गाथ रोमाञ्चित भयो अनि
प्रेमाश्रुले परिपूर्ण भयो नजर नै पनि

६४६

गरे फेरि विन्ति तिन्ले अनि यो
आज्ञा हओस् नाथ ! सेवक् ज़तिको
उपरमा ममता स्नेह प्रिति
रांख्ने यस्तो अरू कस्को छ निति

६४७

यस्तो दिनबन्धो दयालाई
भ्रान्ति छाडी जो नर चित्तलाई
भजदैनन् ती नर ज्ञानले ता
कंगाल हुनु भाग्य हिन भएका

६४८

प्रेम साथ फेरि नारदजीले
लागे बिन्ति गर्नलाई पनि रे
विज्ञानका खानी हे रघुनाथ !
बिन्ति गर्छु सुन्नुहोस् फेरि नाथ

६४९

भय भञ्जन हे नाथ ! लक्षण सब सन्तको
आज्ञा होस् सबै आज मलाई खुसी साथ पो
आज्ञा भो रामको फेरि म जुन् कारण सन्तको
अधिन्मा बस्दछु लक्षण बताउछु ति सन्तको

६५०

एकाग्र चित्तले सारा सुन अब मुने ! तिमी
ती संत काम औ क्रोध लोभ मोह मदै अनि
मात्सर्यहरू ती सार विकारलाई चित्तले
जितेका कामना हिन दुर्गुण् पाप रहित रे
६५१
स्थिर बुद्धि ममता रहितका
नित्य शुद्ध भित्र औ बाहिर ता
वास रूपी सुख्ख आनन्दका नै
पूर्ण ज्ञानी निष्पृय ती सदा नै
६५२
गरने योग्य आहार विहार सत्यलाई नै
सम्झने सबमा श्रेक्ष्ठ कवि विवेकवान भै
योगाभ्यासि तिनीहरू हुन्छन् र सावधान भै
रहन्छन् र अरूलाई मान दिन्छन् तिता सबै
६५३
आमानि आफू भै नित्य गरेर धैयै धारण
हुन्छन् ति निपूणै फेरि मेरी भगति मार्गमा
भवन गुणका सारा संसारी दुःखले सबै
हुन्छन् रहित ती सारा हृदय भित्रमा सधैं
६५४
मेरो चरण् पंकजलाई छाडी ता
जस्लाई प्यारो जिउ सम्म हुन्न ता
हुदैन प्यारो तिनलाई घर् पनि
मेरै परी भर् गरछन् भजन् पनि
६५५
वायान आफनो गुण्को सुन्दा संतहरू सब
संकोच मान्दछन् मन्मा भएर लज्जितै तब
अर्काको गुणको सुन्दा वयान चित्तमा अति
हुन्छन् आनन्दितै सारा हुन्छन् है समदर्शि ती
६५६
शीतल्स्वभावका हुन्छन् छाड्दैनन् नितीलाई ती
सरल भावले प्रेम गर्दछन् विश्वकै प्रति
जप तप ब्रत दान नियम दम संयम
गर्दछन् खुसील सारा शान्त भैकन हर्दम
६५७
गर्दछन् प्रेम गोविन्द गुरू ब्राम्हण पाउमा
श्रद्धा र मुदित मैत्री दया र ममता क्षमा
गर्दछन् निस्कपट प्रेम मेरा चरणमा सदा
समदर्शि भई देख्छन् मलाई सबमा ति ता
६५८
विरत् विवेक विज्ञान विनिय परिपूर्ण भै
बोध रहन्छ यथार्य पुरान वेदको सबै
गर्दैनन् मद ओ मान दंम ता कहिल्यै कुनै
कुपन्थमा चरण् कैल्यै राख्तेनन् बिर्सिएरनै
६५९
चरित्र गाउँछन् मेरै सुन्दछन् लोकमा सदा
कारण् बिना परहित रत तत्पर् भएर ता
लिदैनन् कहिल्यै द्वेष मनमा अरू प्राणीको
तिनै सन्तहरू हुन् है भूषण सबलोकको
६६०
गुण छन् जति सन्तका सब
तिनको वर्णन् गर्न ता अब
श्रुति भारति शेषले पनि
भनि त्यो पूर्ण हुदैन है अनि
६६१
शेषै फेरि शारदाले पनि ता
वर्णन गर्नलाई सारा अनि ता
सक्तैनन् है सन्तको यो विचार
गुणै हुन्छन् संतको जो अपार
६६२
सुन्ना साथै वाणी यो रामजीको
दोटै पाउ पद्म नारदजीले जो
समातेरै भन्न लागे रमेर
जोडी हात शिरलाई झुकेर
६६३
हुनुहुन्छ राम यस्तो दयालो
दिन बन्धो भक्त रक्षक् कृपालो
स्वामीले ता आपन्नो श्री मुखैले
आपन्ना संत भक्तका ति गुणै रे
६६४
सारा वर्णन् गर्नु भो प्रेमसाथ
बिन्ति यस्तो गरदै फेरि माथ
झुकाएर पाउमा बारबार
आनन्दैले मग्न भै ति अपार
६६५
गए फेरि नारदै ब्रम्ह धाम
पाउमा नै चित्त राखेर जान
म भन्दछु तुलसी दास ऐले
जो जन सारा आस छाडी क्रमैले
६६६

भगवान रामका रंग साथ
रँगीइन्छन् इष्ट सम्झेर खास
धन्यै हुन् ती प्राणी सारा जगत्मा
जस्ले प्रिति गर्दछ राम् चरणमा
६६७

जो मानिस रावणारे रघुवीर प्रभुको निर्मलै औ पवित्र
गाउँछनकिर्तिसुन्छन्सकल प्रभुजिको जोछलीलाविचित्र
बैराग्यैले विनानै जप तप विनुती योग ज्ञानै पनि रे
पाउनेछन् सदा नै रघुवीर प्रभुको दृढ भक्ति अनि रे
६६८

तरूणीहरू छन् सारा दिप शिखा समानकै
नभएस् सलह त्यस्ता दिपको हे मन ! तँ है
मद र काम छाडेर भगवान् रघुनाथको
भजन् गरेर सत्संग गर नित्य रमेर पो
६६९

कौशल्या नन्दन रामजीको अतिव सुन्दर
किर्तिले मुछिएको यो चरित्र जो छ गम्भिर
आफ्नो बुद्धि अनुसार गरे सारा पुरा अब
भएको सरस राम लीला माधुरीले
६७०

कनि कथि गरि सारा पूर्ण आजै गरें यो
स्वर अरथ र छन्दै छैन केहि मिलेको
सब सुकविहरूले माफ राखी म माथि
खुसी भइकन हेर्नु होस यो चाख राखी
६७१

रघुवर प्रभुजीको 'राम 'यो नामको नै
गरिकन त भरोसा फेरि विश्वास पोनै
ढिठ भइकन मैले विज्ञंजन्का अगाडी
प्रभु चरित्र चढाएँ भूलमा माफ मागी
६७२

अनपढ र मूर्खा हुं ज्ञान व्याकर्णको नै
नभई हुन गएका गल्ति यस्मा छ जो है
नगरीकन विचारै खालि यो राम नाम
पुनित भनि विचारी गाउनु होस नाम
६७३

निज वचन पवित्रै गर्नका निम्ति मैले
रघुपति प्रभुजीको यो चरित्र त ऐले
सब सुजन हरूका सामु राखेर आज
नुहि कन शिरलाई माग्दछु फेरि माफ
६७४

श्री सीतारामार्पणमस्तु

श्री राम : शरणं मम

श्री तुलसीकृत श्री राम चरित मानस भावानुवाद

किष्किन्धा काण्ड आरम्भ

स्वेत वर्ण कुन्द पुष्प समान
फेरी नीला पंकज तुल्य जान
हुनाले नै अनुपमा भएका
शोभाले नै परिपूर्ण रहेका

१

विज्ञानहरूका घर अति वलवान् छ सुन्दर जो
समस्त धनुधारीमा पनि छ है जो सर्व उच्च अहो !
समस्त श्रुति हेरूले पनि सधैं स्तुति गरिने अनि
अतिव प्रिय मानने द्विज अनि गाई र सन्तै पनि

२

मायाले नररूपलाई धरने श्रेष्ठ रघुकुलमा
सनातन् श्रुतिधर्मका कवच भै गर्ने हितलोकमा
तत्परभैकन रानीजानकीजीको खोज् गर्न जंगलमा
हिड्नै पथिक स्वरूप भई दुवै भाई अब ता म मा

३

होउन् भक्ति दायक नै भनेर
नमस्कार गर्दछु म झुकेर
नित्य हाम्रो चित्तमा पथिकै ती
गरून् वास राम र लक्ष्मणै जी

४

वेदरूपि सिन्धुदेखि भइकन पाइदा कलि कल्मषलाई
नाशेर आफुनाश नभइकन अझैं चंकने तेज छाई
भगवान् शिवका मुखरूपि शशिमा शोभितै नै भएको
संसार रूपि रोगको अउषधि स्वरूप सुखदायक छ जो

५

जानकी जीवन श्रीरघुकुल भूषण रावणारि प्रभुको
यो 'राम 'नाम रूपि अमृतकन सदागर्दछन् पान ता जो
कुशाग्र बुद्धिबाला जनहरू ती सबै धन्य हुन्छन् अति पो
पाएर सुख सारा पछि तिनीहरूनै मुक्ति हुन्छन् गइ जो

६

मर्त्यमा मुक्तिको जन्म भूमिभै फेरि ज्ञानको
खानी भै पापको नाश गर्ने फेरि समस्तको
भन्ने जानेर यो मन्ले जहाँ गौरी शिव पनि
राज हुनु भएको छ तेस्ती ती पाप नाशिनी

७

काशी नगरीको सेवा नगर्ने किन हे जन !
फेरि देव हरू सारा लागेका जल्न भीषण
बेलामा जसले झट्टै भयानक् बिषको पनि
पान गरी सुरलाई - बचायो - विश्व नै अनि

८

शठ मूर्ख तँ चित्तले हरे !
ति दयालु शिवलाई ता तँ रे
न भजीकन बस्दछन् यसै
शिव जस्तो छ दयालु को र है

९

अगाडी जानुभो राम अनि त्यो ऋष्यमूकको
नगीचै पुग्नु भो भाई लिई लक्ष्मण साथ पो
त्यहि नै साथमा मन्त्रि लिई सुग्रीवजी पनि
रहन्थे त्राशले आपन्नो विताएर दिनै पनि

१०

अतुल बलका सीमा भएका रामलाई नै
सवारी हुन लागेको देखेर भयभित भै
तुरून्तै पवन पुत्रलाई ती भन्दछन् अनि
सुन हे हनुमान् ! ऐले यी दुवै नरवीर् पनि

११

-बल औ रूपका खानी रहेछन् तिमीले अब
लिएर ब्रम्हचारिको भेष गइकन तब
हेर तिन्को मनसाय बुझे पछि मलाई त
सम्झाई शानले झट्टै बुझाए सब हालत

१२

यिन्लाई यदि बालिले पठाएको भए यहाँ
मन्का मैला यिनीहरू होलान बुझ यो तहाँ
भागुँला अनिता झट्टै छाडेर पर्वतै म यो
भन्ने सुग्रीवको यस्तो वाणीहरू सुनी अहो

१३

धारण् गरेर रूप विप्रको सरी
त्यहाँ हनुमान गएर त्यो घरी
शिरै झुकाई कन जोड्दै कर
यो सोध्न लागे गरि विन्ति सुन्दर

१४

श्याम गौर छ शरीर त जस्को
जान्न पाउँ हुनुहुन्छ त को को
क्षत्रियै सरी भईकन बन्मा
घुम्नु हुन्छ किन ? के छ त मन्मा

१५

कठोर भूमिमा आज कोमल पाउपद्मले
पाउपोश विना हिड्नुहुन्छ पैदल् घुमेर रे
कति कारणले स्वामी ! वनमा आज हे प्रभो !
घुम्नुहुन्छ किन होला मलाई मर्जि हओस यो

१६

हजूरहरूको सुन्दर् कोमल् अति मनोहर
गाथ यो घोर जंगल्मा दुसह दुख ताप र
कठोर घाम औ शीत लुलाई सह दो छपो
हुनुहुन्छ हजुर्हेरू तीन् देव मध्य को ?प्रभो !

१७

हुनुहुन्छ कि ? नाथ! हे प्रभो !
नर नारायण नै दुवै अहो
जग कारण विश्व तारण
गरने यो भवभार धारण

१८

कि चराचर लोक मालिक !
प्रभुले नै लिई स्वाँग खालि त
नरको अवतारले प्रभो !
हरनै आउनु भो कि भार पो

१९

सुनि यो तिनको कुरा सब
अनि हाँसेर मुसुक्क नै तब
रघुवंश कुमारले पनि
यसरी भन्नु भयो त्यहाँ अनि

२०

मेट्नेकोछ बिधाताले लेखेको कर्म त्यो सब
कोशलेश दशरथ्का हौ हामीहरू पुत्र त
पिताको बचनै मानी आएका छौ वनै पनि
नाम हो राम र लक्ष्मण् हामी ता भाई हौ अनि

२१

साथमा कोमला सुन्दर थिइन् नारी पनि हरे
ती विदेह सुतालाई यहाँ राक्षस राजले
हन्यो हे ब्राम्हण देव ! हामी तिन्लाई खोजदै
घुम्दछौ वनमै हामी दु ःखी भैकन ता सधै

२२

बताँए हाल मैले ता यो सारा आफनो अब
तिमी पनि द्धिजदेव ! बिस्तार गरदै सब
हामीलाई बुझाएर वृतान्त भन आज त्यो
भन्ने आज्ञा सुनी यस्तो रामलाई चिन्हेर जो

२३

परे चरण्मा हनुमान प्रेमले
त्यो सुख्ख आनन्द खुसी समेत रे
हे अम्बिके ! गर्न सकिन्न बर्णन
उम्लेर प्रेमै फिजियो त्यहाँ झन

२४

रोमाञ्चित भयो सारा शरीर हनुमानको
निस्केन वाक्य मुख्बाट प्रेममुग्ध भएर जो
रामको सुन्दर भेष रचना मुनि भेषको
चित्र जस्तै भई लागे हेर्न टक्क भएर पो

२५

चिन्हेर मन्ले निज मालिकै भनि
हर्षित भई धैर्य धरेर ता अनि
स्तुति गरेरै हनुमानले तब
विन्ति गरे यो रघुनाथमा सब

२६

हेस्वामी! करूणानिधान ! भगवान्! मेरै सरिचालले
मैले नाथ ! हजुरलाई यसरी सोधें प्रभो ! नाथले
सोधिबक्सनु हुन्छ मानिस सरि यस्तो कसोरी प्रभो
मायाका वशमा परेर प्रभुकै विर्सिकन ज्ञान जो

२७

घुम्दैछु भव काननै विच हरे ! तेसै हुनाले प्रभो !
चिन्हिन प्रभुलाई हे रघुपते ! मैले भई मूढ पो
संसारी नरकै सरी हजुरले मै दासकै साथमा
सोधि बक्सनुहुन्छ मोह गरदै मेरो प्रभो चित्तमा

२८

एक म मन्दमति मोह अधिन
अज्ञानी कुटिल हृदय र हीन
तेस् माथि दिन जन भगवानले
पनि मलाई बिरसिनु भो हरे !
२९

धेरै छन् हुनता मेरा दुर्गुण् नाथ !तथापि यो
सेवक विर्सन लायक् छैन हजुरबाट जो
जीव मोहित छन् नाथ ! मायाले प्रभुकै प्रभो!
निस्तार पाउँछ त्यस्ले दयाले नै हजुरको
३०

दुहाई तेसमा फेरि गर्दछु म त नाथ कै
भजन्को जान्दिनँ केहि उपायहरू ता म है
स्वामीको सेवकलाई बच्चालाई त अम्बको
भरोसाहुन्छ औ बस्छ निश्चिन्त भई नाथत्यो
३१

नाथले पोषणै मेरो गर्नै पर्दछ हे प्रभो !
गरेर बिन्ति यो सारा हनुमान झुकेर जो
परेर रामको पाउ आफ्नै वानर रूप त्यो
तुरून्तै हडबडी गर्दै गरे प्रकट फेर पो
३२

तिनको हृदयलाई ढाक्यो उर्लेर प्रेमले
उठाएर अनि झट्टै तिन्लाई रघुनाथले
लगाउनुभयो आफ्नो छातीमा प्रेमलेपनि
आफ्नो नेत्रको जल्ले सेचन गरदै अनि
३३

तिन्लाई शीतल पार्नु भयो श्री रघुनाथले
आज्ञा गर्नु भयो फेरि स्नेह औ अतिप्रेमले
हे कपे ! तिमीले मन्मा कुनै किसिमको पनि
नमाने हीन ता कैल्यै लक्ष्मणभन्दा पनि तिमी
३४

प्यारा छौ दोबरै मेरो जान सत्य भनेर यो
मलाई भन्दछन् सारा समदर्शी भनेर पो
परन्तु दास छन् जो ता अनन्य गति तेहि नै
मेरो प्यारो छ अत्यन्त भनेर सम्झनू सधैं
३५

म दासं हुँ स्वामी मेरा चराचर्
जगत् मूर्ति इश्वरै हुन् अधीश्वर्
यस्तो ख्यालै हुन्छ ता वायुपुत्र
हट्दैन यो बुद्धिबाटै परत्र ?
३६

अनन्य भक्त हो तेहि मनमा यो बिचार है
तेस्ता ती भक्तको रक्षा लोकमा गर्छु मसधैं
प्रभुलाई अनुकुल देखेर वायुपुत्र त
परेर चित्तमा मग्न भए आनन्द हर्षित
३७

हराए तिनको सारा दु:ख दर्दहरू अनि
विनति गर्न लागे ती परेर पाउमा पनि
नाथ यो पर्वतै माथि वानर पति सुग्रिव
बसेका छन् ति हुन् दासभक्त हजुरका खूब
३८

मित्रता तिनका साथ गर्नुहोस् दयामय
दिन अनाथ जानेर तिन्लाई अब निर्भय
गनुहोस् रघुनाथ ! तिन्ले सीताजीको पनि
खोज गराउने छन् है जाहीताहिं अनेक नि
३९

पठाउने छन् कपि हेरू डाकी पो
मिलनेछ पत्तो अनि ता सीताजीको
एवं रितिले पवनै कुमारले
सुग्रीवको सर्व कुरा भनेर रे
४०

दुवै भाई लाई दुवै काँध माथि
चढाई गए फेरि ति शैल माथि
जसै सुग्रिवैले रघुनाथलाई
गरथे नजर् ता नीजै जन्मलाई
४१

अत्यन्त धन्य सम्झेर प्रेमले आदरै गरी
पाउमा शिर राखेर प्रणाम गरी त्यो घरी
भेट गरीकनै फेरि अनुज साथ रामको
आलिंगन गरे फेरि वानर राजले अहो !
४२

' हे बिधे ! यिनले मेरो साथमा मित्रता पनि
गर्लान्कि त !भनी यस्तै सोच्दथे मनमापनि
दुवै तरफको हाल सुनाई हनुमानले
अगाडी साक्षि राखेर अग्निलाई विधानले
४३

दुवैको मित्रता जोडे दृढ पारेर हर्षले
मित्रता योग्यको प्रिति गर्नु भो रामचन्द्रले
राख्नु भएन सुग्रीवका साथ अन्तर रामले
चरित्र रामको सारा सुग्रीवलाई प्रेमले
४४

आज्ञा भो लक्ष्मणजीले अनि सुग्रीवले पनि
नेत्र भरी गरी आँसु हात जोरेर ता अनि
'हे नाथ ! मिथिला नाथ ! महाराज जनक्जीकी
छोरी भेटिनु नै हुन्छ 'भनी विन्ति गरेर कि

४५

फेरि विन्ति गर्न लागे झुकेर
मन्त्रि साथै एक दिन् ता बसेर
केहि वार्तालाप गर्दै थिए म
विचारेरै सोच गर्दै थिएँ म

४६

अर्काको वशमा परि विकलभै आलाप गर्दै अनि
आकाश्मार्ग महाउहि बखतमा लागे कि जानै पनि
देखेथें जब जानकी कन प्रभो ! मैले उहाँले पनि
देखेरै मकनै अनि रघुपते ! 'हा राम! रामै ' भनी

४७

हेराम्!राम!' भनी खसालिदिनुभो बस्त्रै र भूषण् सब
भन्ने सुग्रीवको सुनेर विनति तुरून्त नै फेर त
माग्नु भो रघुनाथले ती गहना सुग्रीवजीले पनि
टक्राए सब बस्त्र भूषणहरू व्याकुल् भएरै अनि

४८

लगाएर छाती महाँ भूषणै त्यो
नयन् बाट धारा बगाई जलैको
बसन् भूषणैलाई सारा चिन्हेर
रूदै गर्नु भो शोक विव्हल भएर

४९

फेरि सुग्रीवले विन्ति गरे है करूणानिधे !
मेरो विनति यो सुन्नु हओस हे दयानिधे !
धर्नुहोस धीरता मन्मा शोक सुर्ता त्यजे रयो
भेट्नु हुनेछ सीताले आई जुन् रीतले प्रभो !

५०

गर्ने छौ त्यहि नै सेवा हामी सब प्रकारले
बलका अवधि रूप भएका रघुनाथले
सुनेर मित्रको बाणी हर्षित हुनु भो तहाँ
प्रेमले सोध्नुभो फेरि सखा सुग्रीव साथमा

५१

कुन कारणले वन्मा आएर बस्नुभो सखे !
खुलाएर सबै हाल मलाई भन्नु होस रे
फेरि सुग्रीवले बिन्ति गर्दछन् बालि औ म ता
दाजु र भाई हौ नाथ ! थियो आफुस प्रेम ता

५२

वयान गर्न त्यो सारा सकिन्न प्रितिको अब
नङ० मासु सरि हामी बस्दथ्यौ नित्य नै तब
प्रख्यात भई जो माया गर्नमा निपुर्ण पनि
थियो जो मयको छोरा मायावी नामको अनि

५३

त्यो हाम्रो पुरमा आयो आधा रात बिषे प्रभो !
पुरको मूल ढोकामा आएर त्यसले अहो !
हाँक दियो अनि स्वामी ! बालिले शत्रुको बल
सकेनन् सहनै दौडे तेस्लाई गर्न निश्चल

५४

देखेर बालिलाई त्यो भाग्यो म पनि फेरि ता
दौडिए दाजुकै साथ लागेर नै पछाडी ता
पहाडको गुफाभित्र गएर त्यो पस्यो अनि
सम्झायो बालिले नाथ !मलाई त्यो बखत् अनि

५५

'मलाई पर्खनु एक पक्ष सम्म यहाँ बसी
म आइन भने तेति दिन सम्म अनि पछि
मऱ्यो भनी बुझी मन्मा मलाई फर्कनु तिमी
मलाई यो भनी बालि गुफाभित्र पस्यो अनि

५६

हे खरारे ! त्यहाँ एक महिनासम्म नै पनि
बसें त्यसलाई पर्खेर म ता आखिरमा अनि
गुफादेखि बगी ठुलो निस्क्यो रगत धार जो
'माऱ्यो बालिकनै तेस्ले अब आई मलाई पो

५७

मार्दछ रीसले ' भन्ने यो सम्झि मनमा अनि
ढोकामा त्यो गुफाको ता पथरै एक् ठुलो पनि
राखेर डरले भागी आएँ नगरीमा प्रभो !
भएँ दु :खीत हे नाथ ! व्याकुल भैकन धेर पो

५८

किष्किन्धा नगरीलाई देखि भूपति हिन जो
मलाई मन्त्रीहेरूले जबरजस्ति साथ पो
दिए राज तिलक नाथ! केहि दिनपछि अनि
मायावीलाई मारेर फर्कियो बालि घर् पनि

५९

गद्दिमा भूपको देखि मलाई बालिले हरे !
बढाए चित्तमा भेद क्रुद्ध भैकन धरेर
शत्रु सरी पिटे नाथ ! मलाई रीसले अति
लिए सर्वस्व नै मेरो नछाडी नारीसम्म की

६०

तिनैका डरले विव्हल भएर रघुनन्दन
विरह दु:खले व्याकुल भएर नाथ! दिन्दिन
घुमन्ता म भएँ नाथ! घुमेर सब लोकमा
मुनिको श्रापले गर्दा आउदैंन प्रभो! यहाँ

६१

तापनि मनमा भयभित भई रहन्छु म सर्वदा
भन्ने यहि प्रकारको भगतकोसुन्दा पीर दुःखता
दिनबन्धु र ति दयालु प्रभुको विशाल बाहु दुवै
लागे फर्फर गर्न औ अनि तहाँ श्रीरामले क्रुद्धभै

६२

हे सुग्रीव! म गर्दछु सहजमा यौटा प्रतिज्ञा अब
बालीलाई अवश्य एक शरले मार्नेछु मैले तब
ब्रम्हा शंकरको परि शरणमा बस्नै गएता पनि
बाच्नेछैन अवश्य प्राण उसको भन्ने विचार अनि

६३

मित्रको दु:खले दुखीत् हुदैन जुन मानिस
हेर्दामा पनि तेस्लाई ठुलो लाग्दछ पाप ता
पर्वत्समानको आपन्नो दु:खलाई रजकण्सरि
मित्रको रजकण् जस्तो दु:खलाई पर्वतै सरी

६४

मान्नु पर्दछ जस्लाई यस्तो सहज बुद्धि ता
आएको छैन व्यर्थै ता शठ जबरजस्ति ता
मित्रता गर्दछन् फेरि किन हा! तिनीहेरूले
कलंकित हुन्छ तेस्तैले गरदा मित्रता हरे

६५

सच्चा मित्रहरू मित्रलाई कुपथबाट त
बचाएर सुबाटोमा चलाउँछन् बुझाई त
गुणको प्रकट गर्दै मित्रको दुर्गुणै सब
छिपाउँछन् सबैदेखि बचावट गरी तब

६६

लिदा दिदा पनि शंका लिदैनन् मनमा कुनै
आपन्नो शक्ति अनुसार गर्दछन् हित मात्रनै
विपत्को समयैमा ता बढी सद्गुण प्रेमले
सहाय गर्दछन् मीत्को ममता राखी स्नेहले

६७

यिनै संत मित्रको गुणलाई
बताएका श्रुतिले छन् बुझाई
अगाडी ता हर्दम हित गर्ने
बनाएर नरम वाणी बोल्ने

६८

पछाडी शत्रुको काम गर्दछन् मनमा सधैं
दुष्टता गर्दछन् ठुलो इवी राखेर क्रुर भै
सर्पको गति झैं टेढो जसको चित्त छ हरे
यस्ता कुमितलाई ता सुन सुग्रीव हे सखे!

६९

छाड्नालेनै भलो हुन्छशठ नोकर औ अनि
कृपणिनृपति फेरि व्यभिचारिणी स्त्रि पनि
कपटी मित्र यि चारै हुन्छन् शूल समानको
यिन्को विश्वास राखेर भरमा पर्नु हुन्न यो

७०

मेरो बल्को भरोसामा रहि आनन्द साथले
छाडीदेऊ सबै चिन्ता मित्र! अब तुरून्त रे
सबै तरहले तिम्रो काम गर्नेछु निश्चय
मार्नेछु बालिलाई त्यो नगर मनमा भय

७१

अनि सुग्रीवले विन्ति गरे हे रघुकुल्मणि!
सुन्नुहओस हे स्वामी! विन्ति गर्दछु यो पनि
अतिव युद्धमा धीर वलवान छ बालि त्यो
यो गरी विन्ति सुग्रीवले दुन्दुभिको समस्त त्यो

७२

हाड औ सात त्यो ताड वृक्ष हेरू सबै पनि
देखाए रामले फेरि प्रयास विनु नै अनि
पाउको बुढी औलाले हुत्याइकन ता अहो
त्यो हड्डिलाई दश् योजन् टाढा पारीदिनुभयो

७३

एउटै वाणले ताडवृक्षहरू कनै पनि
एकै पल महा छोडिदिनु भो माझमा अनि
अतुल बल देखेर रामजीको समस्त त्यो
सुग्रीवको मनमा चिन्ता हटेर प्रिति झन् बढयो

७४

सक्नुहोला मार्न त्यो बालिलाई
भन्ने मन्मा दृढ विश्वास छाई
बारंबारै रामजीको चरण्मा
शीरै राखी रामजीलाई मन्मा

७५

चिन्हेर हर्षित चित्त भयो सुग्रीवको पनि
ज्ञान उदय भो मन्मा तब विन्ति गरेअनि
मन स्थिर भयो नाथ! कृपाले अब नाथको
छाडी घर्बार प्रतिष्ठा सुख संपत्ति सर्व यो

७६

गरूला प्रभुकै सेवा यी सबै चीज हेरू त
विनासकारी औ वाधक् भक्तिका हुन् भनेरत
प्रभुको पाउको सेवा गर्ने भक्त हरू सब
भन्दछन् नित्य नै नाथ भर्परी पाउकै अब
७७
लोकमा शत्रु औ मित्र सुख दुःखहरू सबै
कलपना गरिएका हुन् मायाले प्रभुबाट नै
आखिर्मा होइनन् सत्य ,जसको निम्तिले प्रभो !
गरने खेदको नाश प्रभु नै भेटिनु भयो
७८
रहेछन् अतिनै मंगलकारी मेरा ती बालि त
लडाई जसका साथ स्वप्नमा हुन्छ फेरि त
व्युझिएपछि हे नाथ ! सम्झिदा पनि त्यो सब
मन संकोचितै हुन्छ भएर लज्जितै तब
७९
गर्नुहोस् कृपा नाथ ! अब यहि प्रकारको
छाडी प्रपञ्च यो सार जेले दिनरातनाथको
भजन् गर्न सधैं पाऊँ म भन्ने यस प्रकारको
वैराग्यले परिपूर्ण वाणी वानर नाथको
८०
सुनेर बोल्नुभो हाँसि धुनुषधारी रामजी
भन्यौ जो कुछ हे मित्र ! त्यो हो सत्य समस्तको
तर मिथ्या वचन् मेरो हुदैन कहिल्यै पनि
बोल्दछु जो जति मित्र त्यो हुन्छ सत्य सब् अनि
८१
गरूड ! नरले बाँदर् नचाए सरि रामले
चराचर सबैलाई नचाई दिनुहुन्छ रे
भनेर वर्णनै गर्छन् वेदहरू समस्त ती
एवं प्रकारले फेरि करूणामय रामजी
८२
लिएर फेरि धनुवाण हातमा
सुग्रीव सोमित्री लिएर साथमा
हिड्नुभयो राम तुरून्तै नै अनि
बालि नगिचै रण निम्तिमा पनि
८३
पठाई सुग्रीवजीलाई झट्ट रे
रूख्को लिई आड लुकेर सट्ट रे
राज्भो अनि सुग्रीवले पनि ठुलो
पाएर राम बल तेजको धूलो
८४

गएर बालि नगिचै घमण्डले
गरे ठुलो गर्जन सिंह नादले
सुनेर त्यो गर्जन बालि क्रुद्ध भै
लाग्यो छिटो दौडिनलाई युद्ध मै
८५
त्यी बालिकी नारी गएर ता अनि
पाउ समातेर बुझाउदै पनि
भन्छिन् प्रभो सुन्नु हओस् आज यो
बलै अरूको तिनलाई साथ पो
८६
ठुलो मिलेको छ अवध् नरेशका
छोरा बनेरै जगका अधीश ता
आईरहेछन् तिनको छ नाम यो
श्रीराम लक्ष्मण् भनि सुख्ख धाम जो
८७
छन् तेज् बिद्या बलका सिमा सरि
जित्छन् ति कालै पनि युद्धमा लडी
उहि रघुनन्दन रामलाई ता
त्यागेर माया ममता दिलाई ता
८८
आफ्नै मनै पंकज भित्रता पनि
राख्नु हओस् प्रेम गरेर ता अनि
मानेर मेरो विनति समस्त यो
भजेर पाऊ हुनुहोस् मस्त पो
८९
तिनीकन अनि फेरि भन्छ बालि समस्त
सुन भिरू ! तिमीलाई भन्दछु यो म प्रष्ट
रघुपति समदर्शि छन् कदाचित् यदि ता
रण बिच तिनी मेरो प्राण हर्छन् भने ता
९०
अनुगृहत हुनेछु मै सनाथै भएर
भव भयहरू सारा दूर होला ढढेर
यति भनि तृष्ण जस्तै सम्झि सुग्रीवलाई
अतिशय अभिमानि वीर् भनी आफुलाई
९१
हिड्यो अनि भिडै जाई दुवै अतिव वेगले
सुग्रीवलाई तर्सायो मुक्का हानेर नादले
सिंह सरी भई गर्ज्यो फेरि त्यो बज्रकै सरि
प्रहार गरनै लाग्यो मुक्का ता जब त्योघरी
९२

भई व्याकुल ती भागे सुग्रीव रघुनाथको
पुगी नगीचमा भन्छन् दु:खी भैकन फेर यो
दिन दयाल ! हे राम ! म ता भन्दै थिए हरे
दाजु होइन त्यो मेरो कालैहो भगवान् ! रे
९३

आज्ञा भो रामले फेरि दुवै भाई तिमीहरू
समान रूपका एकै रहेछौ अनि के गरूँ ?
तेसैले भ्रम भयो मन्मा मैले मारिनँ त्योकन
भनेर हातले आपन्नो सुग्रीवैको शरीर् कन
९४

सुम्सुम्याउनुभो तिन्को शरीर बज्रकै सरी
भै गयो सकल पिडा नाश भो अनि त्या घरी
सुग्रीवको घाँटीमा फुल्कोमाला त्यो अनि सुन्दर
पैह्राई दिनु भो झट्टै रामले खुसीं साथ र
९५

सुग्रीव्जीलाई ठुलो बलदिई प्रभुले फेरि आज्ञादिनुभो
लाग्यो चल्नैलडाई विविध तरहले बोलिसुग्रीवकोत्यो
वृक्षको आडपारी रघुपति समरै हेर्न लाग्नु भयो त्यो
युद्धैको दाउपेचै छल र बल अति मित्रले नै गरेको
९६

आर्खिमा हारमाने भय गरि मनमा सोहिनै औशरमा
रामले कानसम्मै खिचीकन धनुमा वाण जोरेर छिन्मा
बालीको माझछाती विच र रघुपतिलेहान्नुभो वाणलाई
लाग्नाले बाण बालि विकल हुन गई भूमिमाथि कराई
९७

पछारियो र फेरि रघुवीर प्रभुजीलाई देखि अगाडी
उठीकनैबस्यो त्यो रघुकुलमणिको कान्ति देखेरभारी
सुन्दर श्याम शरीर कसिकन शिरमा त्योजटाजुटलाइ
वाँधेको मुकुट भैं गरिकन शिरका विचमा नै सजाई
९८

पुष्टचौडा ललौटे विच गरि धरके सुन्दर केशरीको
लाएकोछ मनोहरतिलक गजबकोशोभीदोछ खिली जो
चम्किनक्षत्र गणूले नीलँगगन खिलेभैंछ शोभित भएको
हर्नेमन चित्त सबको भवभय हरूको पीर हर्दै रहेको
९९

कन्दर्पका धनु भैं भइकन छडके भृकुटिले पनि ता
बिषय भोगेका ती दु:खहरू हरदै सुख्खदिन्छ अनिता
अरूण तुल्य लाल नजर कमल भैं तेसका बिचमा जो
रसलिइ कमलको मधुकर सरी भै नानी छ गम्किएको
१००

आर्तपुकार सारा सुनिकन दिन ती नीज भक्तहरूको
नील सिन्धुबिचको सिपी सरिहुनगै कानछ गम्किएको
गालाछन् नील लालअतिशय कलिलो पुष्ट सुन्दरखासा
रखबारी मूख् शशिको गरनभनी सदानाकनै छ खडा ता
१०१

लाल माणिक फिका गरिकन ती दुवै ओठ लाल भएर
लाल बिम्बफलको रस लिइ सब त्यो गम्किदो छ रमेर
दाडिमपंक्ती जस्तै मिलि लहर सफा मोति दाना सरीकै
चम्कि दाँतहरूले हृदय बिच सदा शान्ति दिन्छ बढी है
१०२

सारा सुन्दरचिजको रसचुहिकन जो चुच्चिएरै बसेको
चीबुकछ प्रभुको मधुर सरस भै भारले नै झुकेको
घाँटीछ शंख जस्तै वचनहरू पनि वेदझैं छ गम्भिर
सुन्नाले जुन वाणी यमपुरीहरूको खप्नु पर्दैन पीर
१०३

कांधछ सिंहको झैं रघुकुलमणिको पुष्ट चौडाछ छाति
वन्माला शोभितैभै अनिपछि तुलसि कण्ठिऔ तेसमाथि
राम्रा रूद्राक्ष मालाहरू र भृगुजिका चिन्ह औ कोस्तुभैले
वक्षस्थल शोभिदो भो नभसरी शशिका साथ नक्षत्रगणले
१०४

चम्किरहेछ इन्द्र धनु सरि हुनगै पित यज्ञोपवित
गंगाजिका समानै छवि फिंजीरहने नीलछ ओडनीत
विशाल बाहु फेरि गज सुंड शरीको धनुवाण लिएर
सुशोभित हुदोंछ खिचिकन रीपुको सर्व सामर्थ फेर
१०५

राम्रा अस्त्रहरूले भरिइकन सदा जो सुशोभितभएको
ठोक्रो छ है पछाडी दशरथ सुतको वाणले नै भरेको
मान-सरोवरको सिडिसरि त्रिवलि पारी सुन्दर खासा
पेट छ शोभिएको भव भयहरूको दुर गर्ने तमाशा
१०६

भुमरी झैं नदिको छवि फिंजीरहने नाभिछ गम्भिर है
डुबुल्कि मार्नपाए जुन भुमरी महाभव रोग छुट्दछजम्मै
गुल्फदेखि लिएर कटितक पुगी जो सुन्दर भै रहेको
पिताम्बर् छ मनोहर् निलनभ बिचमा सूर्य भै चम्किएको
१०७

थामैजस्तै शरीर्को भइकन प्रभुको जाँघ राम्रो छ हेर
थामैका बीचमा ती चुकुल सरी भई जानु गम्किन्छ फेर
कमलका डांठ जस्तै भइकन प्रभुको शोभिदो छन् पिडौलि
जस्को दाँजोमहा ती त्रिभुवन भरिमा छैन कान्ति पनि की
१०८

गट्टाजस्तै कमल्को भइकन बीचमा गुल्फ जोफेरि हेर
जस्को रस् चुस्नलाई भगत मन भ्रमर बन्दभो झुम्मिएर
नील सरोज जस्तो अतिसय कलिलो पाउ छ शोभिएको
नीलम्को कान्तिलाई पनि गरछ फिका तेजले झल्किएको
१०९

ताराझैं नील् गगन्को नखमणिहरू ती झल्किइन्छन् उदाई
दर्शन पाएर जस्को तिन थरि भवको ताप छुट्छन् हराई
लालपद्मैतुल्य जस्को अतिसय कलिला लालछन् पैतलीहै
फेरि जस्माछ माछा यव कुलिश ध्वज आदि चिन्ह भरीनै
११०

कोटि सूर्य सरिनै झलमल गरने तेज फैलिरहेको
संसारी दु :खहर्ने अति मधु मिठो मन्द हांसो फिजेको
कोटि कन्दर्पलाई पनि जुन छविले गर्छ फिका अगाडी
जो कोमल् कान्तिवाला चिनमय रूपले चित्तआनन्दपारी
१११

यस्तो ब्रम्हाण्डको नै सकल तरहका सुन्दरै कान्तिलेनै
आएरै शीर-देखि नख तक खनिई शोभिई शान्तिले नै
कौशल्या नन्द वर्धन रघुकुलमणिका रूपका माधुरीले
मोहित भै बालीको मन्सुध भूलिस्थिरभो चित्र जस्तैभईरे
११२

यस्ता श्रीरामको दर्शन पाई आफ्ना अगाडीमा
बारंबार बालिले हेरि रामको पाउ पद्ममा
दृढ पारी लगाएर मन चित्तहरू सब
आफ्नो जन्म सफल सम्झि रामलाई चिनी तब
११३

कठोर बाणी मुख्मा र मन्मा प्रेम अति गरी
श्रीरामलाई हेरेर भन्दछ बालि त्यो घरी
लिनुभो धर्मको रक्षा निम्तिमा अवतार यो
मलाई मार्नु भो फेरि व्याधा जस्तै भएर पो
११४

म भएँ शत्रु औ प्यारो मित्र सुग्रीव भो किन ?
अपराध थियो के र? मलाई मार्नु किन ?
समदर्शि भई राम ! पक्षपात यहाँ किन ?
गर्नु भो ? व्यर्थ मै मारी मलाई हुनुभो हिन
११५

आज्ञा भो रामले फेरि सुन् हे अधम ! बैनी र
आफ्नै छोरी बुहारी औ भाइकि पत्नि ताफिर
समान एक हुन् चारै यिन्लाई जु न नीचले
हेर्छ कुदृष्टिले जस्ले तेस्ता अधम बीच रे
११६

छल् गरी मारदा पाप लाग्दैन मूर्खा! ए शठ!
तँलाई हे अधम्! भन्या अभिमान छ है खुब
स्त्रिको शिक्षा वचन्लाई सुनिनस् कहिले अनि
स्वयं मेरै भुज बल्को ठुलो आश्रममा पनि
११७

रहेको सुग्रीवलाई जानीकन पनि हरे !
मार्न खोज्छस् अभिमानी ! अधम ! मदमत्त रे
अन विन्ति गऱ्यो फेरि बालिले दिन बान्धव
मेरो चलाकि चल्दैन प्रभुको साथमा अब
११८

अब पनि प्रभु! पापी रहें म त ?
मरण काल महा प्रभु आज त
हजुरकै छ मलाई त आश्रम
शरण पर्छु भईकन निर्भय
११९

अतिव विनय वाणी सुनेर बालिको पनि
रामले निज हातैले तेस्को शरीर सब् अनि
सुम्सुम्याउनुभो सारा आज्ञाभो अनि प्रेमले
तिमी भन्छौ भने तिम्रो देहलाई अवश्य रे
१२०

पारिदिन्छु अचल् ऐले प्राण राख त लौ अबै
भन्ने श्रीरामको आज्ञा सुनेर बालिले तब
बिन्ति गर्छ कृपा सिन्धो ! सुन्नुहोस् मुनिहरूले
जन्म जन्मान्तरै सम्मं यत्न गर्दै हजार रे
१२१

रहन्छन् तापनि अन्त्य कालमा तिनलाई त
'राम' भन्ने मुखैबाट निस्कन शब्द हाय त
जसको नामको बल्ले अविनाशि महेशले
काशिमा मरने प्राणीलाई ता सम भावले
१२२

मुक्तिपद पददिनु हुन्छ पाप नाशेर ता सब
दिनबन्धो ! दयासिन्धो उहि हजुर नै अब
दृष्टि गोचर् भई मेरो पाल्नुभो करूणानिधे
बनि बनाउ योसंजाग पर्दथ्यो नाथ फेरि के ?
१२३

नेति नेति भनि नित्य वेदले रघुनन्दन !
लोकमा जसको गुणको प्रेमले गर्छ वर्णन
मन इन्द्रिय औ फेरि जितेर प्राणलाई नै
पारेर बिषयैबाट विमुख चित्तलाई नै
१२४

गर्दा गर्दा पनि ध्यान जस्लाई मुनि संतले
भगवन्! पार्दछन् फेला कहिले काहि मात्ररे
उनै अनादि इश्वर्ले मलाई अभिमानको
वश जानेर 'यो देह अफ्र राख' भनेर जो

१२५

आज्ञाबक्सनुभो प्रभो ! रघुपते त्यस्तो शठैमूर्खत
कोहोला? करूणानिधान! प्रभुजी जोकल्पवृक्षैस्वत
आफै हट्‌गरि काटि फालिकन ता ववूरको रूखमा
देला पानी हजुरले रघुपते ! आज्ञाहओस् यो ममा

१२६

हेर्नुहोस मलाई हे रघुपते ! दया गरी यो अब
जोमाग्छु प्रभुसाथ आज वर त्यो दिनुहओस सब
कर्माधिन भएर जुन् जनममा जाऊ म ता जन्मन
पाउँ प्रेमीहुन उहि जनममा प्रभु चरणको भ्फन

१२७

यो मेरो सुत हे प्रभो !म सरिको विनम्र बलबानछ
अर्पे है यसलाई नाथ ! प्रभुकै शरण्महा आज त
हे कल्याणमये ! विदा दिनुहओस् दयागरेरै अब
अंगदलाई दिएर हे रघुपते ! अभय फेरि अब

१२८

आपन्नै दासभनी प्रभो !हजुरको स्विकारगर्नोस् प्रभो !
महाराज् ! अभयै त यो शिशु कनै फेरि दिनुहोस यो
यस्तै नै रीतीले प्रभु चरणमा सुम्मेर अंगद् कन
बालिले दृढ प्रेम राखी प्रभुको चरण्कमल्मा भ्फन

१२९

जसरी फूलको माला घाँटिबाट खसे पनि
हात्तीलाई कुनै थाहा हुदैन त्यसको अनि
बिना कष्ट उसै रितले वानर वीर बालिले
छाडे वानरको देह रामजीका अगाडी रे

१३०

श्री रामजीले जब बालिलाई
पठाउनु भो निज धाम हाई
आए अनि ती पुरवासी सारा
दौडेर नै व्याकुल भै विचारा

१३१

विविध भाँतिले तारा गर्न लागीन् विलाप नै
विकल भै तिनका केश फिजीएका थिए सबै
थिएन होश नै सम्म तिनलाई शरीरको
ढल्दथिन् पृथ्वीमाथि मूर्छित भै बार बार पो

१३२

अतिव व्याकुल तारालाई देखेर रामले
हरेर लिनु भो माया दिएर ज्ञान प्रेमले
पृथ्वी जल औ तेज पवन नभ हेरूले
बनेको देह यो पाँच तत्वको अति हिन रे

१३३

त्यो ता सुतिरहेको छ तारा तिम्रा अगाडीमा
जीवात्मा नित्यछ रून्छ्यौ अब केका निमित्तमा ?
एवं तरहले ना ना थरी प्रवोध रामले
प्रकट गर्नु भो ज्ञान ि तन्का हृदय भित्र रे

१३४

परेर रामको पाउ पद्ममा तिनले अनि
मागिन् परमको भक्ति दर्शन पाउको पनि
हे अम्बिके ! रघुनाथ चराचर् जीवलाई नै
काठको पुतली जस्तै राख्नु हुन्छ नचाईनै

१३५

रामले सुग्रीवलाई आज्ञा बक्सनु भो अनि
दाहादि सब् क्रिया तिन्ले विधिपूर्वकले पनि
पुरा गरे गरी सारा शास्त्रोक्त अनुसारले
रामले लक्ष्मणैलाई "भाइ तिमी गएर रे

१३६

देऊ राजतिलक भ्फट्टै सुग्रीवलाई ता" भनी
सिकाउनुभयो प्रेरित भएर ती सबै अनि
प्रणाम गरदै रामजीका चरण पद्ममा
वानर फौज ती सारा हिडे सुग्रीव साथमा

१३७

सौमित्रिले अनि भ्फट्टै सारा नगरवासि र
विप्र वर्गहरूलाई बोलाउनु भयो फिर
राज्य सुग्रीवजीलाई दिएर युवराज्य त्यो
दिनु भो अंगदैलाई मन्मा हर्ष भएर जो

१३८

हे दुर्गे ! भगवन् राम सरिको हितकारी ता
माता पिता गुरू बन्धु छैन कोहि पनि ती ता
मुनिदेव नर सब्को रिति छ यही लोकमा
आपन्ना मत्लब नै सारा सिद्ध गर्ना निमित्तमा

१३९

गर्दछन् स्वार्थको प्रम हेर सुग्रीव जो सधैं
थिए रात दिनै व्याकुल् बालिका डरले त है
तिनै सुग्रीवजीलाई वानराधिपति पनि
बनाउनु भयो मारी दिएर शत्रुनै अनि

१४०

ज्यादै दयालु छ स्वभाव रामको
यस्तो सबै जानि भएर वाम जो
प्राणीहरू छाड्दछन् रामजीकन
विपत्तिको जाल विषे तिनै जन
१४१
पर्दछन् रामले फेरि बोलाई कन सुग्रीव-
सकाउनुभयो धेरै राजाका गुप्त नीती त
अनि सुग्रीवले विन्ति गरे हे रघुनाथजी
सुन्नुहोस प्रभो ! मेरो यो बिन्तिलाई आजकी
१४२
मलाई दिन औ दु ःखी जानेर करूणा गरी
मेरो नगरीमा पाल्नु हओस प्रभु यो घरी
आज्ञाभो रामको फेरि विन्ति सुग्रीवको सुनी
हे सखे !वानराधीश ! सुन यो भन्दछु पनि
१४३
प्रवेश गरनेछैन चौध वर्ष म देशमा
हे मित्र अब ता ग्रीष्मऋतु वितिसक्यो यहाँ
वरषाको ऋतु आयो म नगीच पहाडको
गुफामा वास गर्नेछु तिमी अंगद साथ जो
१४४
खुसी भएरै बस प्रेमसाथ
मेरो कुरालाई पनि पनि सदा त
त्यो चित्तमा राखनु सम्झिएर
गर्नु सबै भोग् परिवार् लिएर
१४५
किष्किन्धापुरमा आए सुग्रीव फर्किई अनि
प्रवर्षण् गिरिमा वास गर्नु भो रामले पनि
करूणा सागर राम आएर केहि काल त
निवास गरनु हुन्छ त्यस वनमा भनेर त
१४६
त्यो गिरिमा सुर सब्ले पैलेनै अति सुन्दर
बनाएका थिए योटा गुफा ज्यादै मनोहर
सुन्दर वनमा पुष्प फुलि शोभा अति थियो
फूलका रसमा लुब्ध भई भ्रमर आदि जो
१४७
गुञ्जन गर्दथे मीठा भुम्मि मधुर रागले
जैलेदेखि प्रभुपाल्नु भयो त्यो सुखधामरे
कन्द मूल फल पत्र भए सुन्दर शोभित
अनुपम गिरिलाई अति सुन्दर देखि त
१४८

भाइ सहितै सुर भुप रामजी
राज्भो त्यहाँ सुख्ख र शान्तिधाम ती
द्यौता मुनि सिद्धहरू समस्तले
प्रवर्षणै पर्वत आई मस्तले
१४९
हरिण पक्षी भ्रमरादिको सब
धारण् गरी देहहरू पनि तब
गरेर सेवा रघुनाथको पनि
आनन्दले मग्न भए सबै अनि
१५०
जैले देखि इन्दिराका पतिले
बास गर्नु भो त्यो गुफामा बसी रे
तेसैबेला देखि त्यो ठाउँ सारा
मंगल रूप सुन्दरै भो निराला
१५१
ज्यादै सेतो सुन्दर औ विचित्र
स्फटिककोथ्यो शिल तेसभित्र
श्रीराम् लक्ष्मण् हर्ष आनन्द साथ
राजै हुन्थ्यो त्यो शिला माथि खास
१५२
रघुपति पनि लक्ष्मण साथमा
जुन विज्ञान विराग र भक्तिमा
अनि त राज नीतीहरू नै पनि
रहनुभो नि कथाहरू सब् भनि
१५३
आयो बर्षाकाल आकाश महाँ
शोभिएरै छाइए मेच जाहाँ
गर्जन् गर्ने बादलै हेरू सारा
राम्रा राम्रा देखिइन्थे निराला
१५४
श्रीरामले मर्जि भयो त भाई !
वैराग्य ज्ञान यि दुवै उदाई
प्रेमी भएका जन हेरू लाई
देखेर जो मानव हर्षदायि
१५५
गृहस्थहरू ता हर्षित हुन्छन् जसरी चित्तमा
तेसै गरेर ता मेघहरू देखि गगन् महाँ
मयुरहरूता सारा भएर हर्ष चित्तमा
नाच्नलागे सबै भाई ! हेर त्यो पर कुञ्जमा
१५६

आकाशमा घोर घमण्ड गर्दै
बादल् कराए सब शब्द गर्दै
सीता विना डर्दछ चित्त मेरो
भए र नै व्याकुल भाई ! घेरो
१५७

भयभित भएर यो घरी
मसरी दु :खीत भै प्रिया डरी
कसरी दिन ती बिताउलिन्
यसरी दिन बनी रूदिं हुनन्
१५८

नीच मानिसका साथ प्रिति स्थिर हुदैन है
त्यस्तै यता उता गर्छिन् दामिनी मेघमा तहै
जसरी बुद्धिमानीले बिद्या प्राप्त गरेपछि
निहुरन्छन् स्वभावैले त्यसरी नै यहाँ त यीं
१५९

सोहि रीत्ले निहुरी भूमि सम्मै
पुगेका ती बादल हेरू जम्मै
लागे सारा वर्ष नै भाई ! हेर
कृषिलाई पारी आनन्द घेर
१६०

जस्ता रित्ले दुर्जनै हेरूका ती
दुष्टै वाणीलाई सतै सदा कि
सहन्छन् है भाई ! तेसै गरेर
जल्को थोपा हेरूको बार घेर
१६१

लागे सहन ती सारा पर्वतहरूले अनि
पाउँदा जसरी केहि दौलत मात्रनै पनि
उम्लन्छन् दुर्जनै सारा गरि घमण्डमातले
त्यस्तै गरेर ति क्षुद्र नदि हेरू समस्त रे
१६२

उम्लेर बेगका साथ बग्नलागे विचार लौ
फेरि जसोगरी माया माहाँ लट्पटिई बुझ्न्यौ
जीव ता धमीलो हुन्छ सोहि सरह भूमिमा
पर्दा सफा जल भाई ! हिलो भो हेर लौ यहाँ
१६३

आउँछ सतृगुण जस्तो सुजन जन हेरूमा
सोरिएर उसै रीत्ले जल पोखरी हेरूमा
लागे आउन हे भाई ! खनिइकन ता सब
भरिए हेर ति सारा नदि नदहरू अब
१६४

पाइश्रीहरिलाई जीव जसरि हुन्छन् अचल्नै अनि
पुग्दामा नदिवारी ता जलधिमा तेसै गरेरै पनि
लागे निश्छलबन्न तेहि जलमामिल्दा ता भाई !अहो!
ब्रम्हैमा जसरी त जीव सहसा मिलेर टम्मै छ जो
१६५

पाखण्डि र विपन्थिको जस्तो बक्बादले गरी
गुप्त हुन्छन् सतग्रन्थहरू सारा उसै गरी
हरिया घाँसले व्याप्त भएर मार्ग भूमिको
जानिदैन भई लोप हेर भाई ! सबै ति जो
१६६

भाई ! हेर त ती चार दिशा नै
भ्यागुता गण कराई अति नै
शब्द हुन्छ जसरी वटुवृन्द
बाट वेद पढ्दा हुंदि छन्द
१६७

लागेका नै गर्न हुन्कि भने भैं
भानै पर्ने घन्किई शब्दले नै
पाऊदामा ज्ञान विवेक नै जो
जस्तो रित्ले मन साधक् सबैको
१६८

पलाउँछ हेर तेसै गरी यो
पलाएर वृक्ष हेरू भरी भो
जस्ता रीत्ले उत्तमै राज्य माता
यत्नै नष्टै हुन्छ ती दुष्टका ता
१६९

जवासा औ आंकका पात सारा
भए नाशै सोहि रीत्ले विचारा
जस्ता रीत्ले क्रोध गर्दा सबै त्यो
धर्मै नष्टै हुन्छ निर्लेप भै पो
१७०

नष्टै भै गो रज तेसै गरी नै
पाईदैन खोजदामा पनि है
जसोरी ता ऊपकारी जनैको
शोभित् हुन्छ सम्पत्ति औ धनै पो
१७१

सोहि रीत्ले धर्ति तल्मा पनि ता
सुसम्मनै बालि नालि बनी ता
भएको छ शोभतै हेर भाई !
हरियालि चारनै तर्फ छाई
१७२

भएको होकि एकत्र फौज दंभकि आदिको
भनेझैं जुन्किरीका ती बथान ताँति लागी पो
लाग्यो चंकन चौतर्फ त्यो गाढ अन्धकारमा
दीपका मालिका जस्तो भएर फिजीई तहाँ
१७३

बिग्रन्छन् यदि स्वतन्त्र भए जसरी नारी ता
मर्यादा छाड्दै आपन्ना जथाभावि चलेर ता
तेस्तै आलि फुटी सारा महावृष्टि हुदा सबै
बगेर खेतको पानी जान लाग्यो जता ततै
१७४

बिद्धानले मोह मदादिलाइ
जुन रितले त्याग गर्छन् रमाई
प्रविण ती जो जति थे किसान
गाड्नै लागे खेत हेरू त जान
१७५

जसोरी त्यो कलि आए पछि ता
भाग्छन् सारा धर्म आदि डरी ता
चकृबाकै हेरू तेसै गरी ती
देखिदैंनन् खोजदामा पनि कि
१७६

जसरी उत्तमै राजा पाउँदा दुनियाँहरू
ब्ढ्दछन् भई- गुल्जार भई शोभितझन् अरू
तेसै गरेर पृथ्वीमा विविध थरिका सब
बढेर जीव औ जन्तु धर्ति शोभित छन् अब
१७७

ज्ञानपाएपछि जस्तो थाक्छन् इन्द्रियछन् जति
थाके ती पथिकै सारा सोहि रीत गरेर कि
जस्तो कुपुत्रको जन्म हुनाले अति पावन
सत् धर्म कुलको रीत जान्छ नष्ट भईकन
१७८

तेसै रीतले कोहि कोहि बखतमा
हावा चल्ने जोड दारै मफत्मा
जाहिँ तहिँ मेघहेरू उडेर
विलाउँछन् नभमा भाई ! हेर
१७९

जसोरि ज्ञान उब्जिन्छ सत्सँग पाउँदा महाँ
कुसंग पाउदा फेरि नष्ट हुन्छ छिनै महाँ
तेसै गरेर ता कैले श्री सूर्य झल्मलाउदै
प्रकट हुन्छन् र ता कैले छिप्छन् छिन्मै बिलाउदै
१८०

बित्यो बर्षा पनि सारा भाई लक्ष्मण! ती सब
अति मनोहर हेर आयो शरद् यो अब
मानौं बर्षा ऋतुले नै बुढ्याई आपन्नो सब
गरेको प्रकटै हो कि भने जस्तो गरी अब
१८१

पृथ्वीमण्डल् भरी फूल्नलाग्यो सर्वत्रकांसयो
शोभिई जगतै सारा अति सुन्दर देखि यो
भाई ! संतोषले जस्तो लोभलाई सुकाउछँ
अगस्तले पनि तेस्तै उदाएर समस्त त
१८२

सुकाए जल बाटोको सुन्दर् भो जगतै अब
हे भाई ! मेटियो सारा हिलो मैलो पनि सब
हटेका मोह मद् सारा सन्तको हृदयै सरी
भए नदि र नालाका समस्त जल यो घरी
१८३

सुशोभितभयो भाई ! भई निर्मल हेर त्यो
झनृतेस्मै कमलै फुल्दा अति सुन्दर देखियो
छाड्दछन् ममता जस्तो विस्तारसाथ ज्ञानीले
नदि तलाउको पानी पनि तेस्तै गरेर रे
१८४

क्रमशले अलि अलि गरेर
घट्न लाग्यो समय पाई हेर
सुशोभीत हुन्छ धर्म जसोरी
आएका नै जानी शरद् उसोरी
१८५

क्रमश मन्दगति अलि नै अलि
समय प्राप्त भएर सबै घटि
जसरी धर्म सुशोभित बन्दछ
शरद – काल उदाई त्यहि रित
१८६

आएका ती खञ्जनै पक्षि भाई
भए सारा शोभितै नै रमाई
निति ज्ञाता धार्मिकै भूपतिको
कर्मै जस्तै सुन्दर स्वच्छ ती जो
१८७

धूलो हिलो हराएर स्वच्छभै धरणी पनि
सुशोभित भइन् नीतीमानका काम झै बनी
जसरी व्याकुलै हुन्छ धन् हनि मूर्खकुटुम्बत्यो
तेस्तै गरेर जल् घट्तै जानाले सब मत्स पो
१८८

विकल हुन लागे है फेरि भाई !अनि पछि
निर्मल नभ भो सारा हटेर मेघ छन् जति
छाडेर आस औ त्रास आनन्द पूर्वकै सब
रहेका हरिका भक्तै सरी शोभित भो अब
१८९

जस्तै कोहि एक मात्रै कुनैले
मेरो पावन भक्ति ता पाउँछन् रे
तेस्तै अलि कति काहिँ कतै पो
शरद्को नै बृष्टिहुदो छ है जो
१९०

जसरी हरिको भक्ति पाउँदा श्रम ता सब
त्याग्दछन् चार आश्रम्मा रहेका आश्रमीतब
त्यसै गरेर हर्षित् भै त्यागेर नगरैं अब
हिंडे तापस औ राजा भिकारी बनियाँ सब
१९१

जस्तो हरि शरण् पर्दा बाधा र तक्लिफै कुनै
नभएका सुखी हुन्छन् सदैव भक्त हेरू नै
तेस्तै अगाधको जल्मा रहेका मीन ती सब
आनन्दले परिपूर्ण भएरै बस्दछन् अब
१९२

जसरी निगुर्ण ब्रम्ह शोभिन्छ सगुणै भई
तेसै गरेर ता ताल तलाउहरूमा रही
कमलहरू ती सारा प्रफुल्लित भएर त
सुशोभित भए भाई हेर खूश्बु फिँजेर त
१९३

भाई ! अनौठा गरदै आवाज
लागै भ्रमर् गुञ्जन गर्न आज
नाना थरी पक्षीहेरू पनि ता
बोलि रहेछन् मृदु बाणी ती ता
१९४

देख्दा परा संपत्तिलाई जस्तो
हुन्छन् दु ःखी दुर्जन हेरू कस्तो
तेसै गरी लक्ष्मण ! आज काल
सुन्दर् शशि देखि भई विहाल
१९५

भएकाछन् दु ःखीं सारा मनमा चक्रवाक ती
नपाई शान्ति डाहाले गल्दछन् ती जलेर कि
शिव द्रोहि जन सुख्ख़ पाउदैन जसो गरी
चिच्याएरै रहेका छन् चातक् पनि उसै गरी
१९६

तिर्खा पनिछ उस्लाई अति नै तर भाई त्यो
प्यासा भएर नै मर्छ नपाई बुंद पानीको
जसरी साधु दर्शनले पाप सारा हराउँछ
शरद्को घामको तापलाई तेस्तै गरेर त
१९७

शशिले हरणै गर्छन् उदाई रातमा अहो
फिंजाई चादनी सब्को पार्छन्मन प्रशन्नपो
पाउँदा श्रीहरि लाई जसरी हरिजन् सबै
एकटक भई हेरि रहन्छन् मन मुग्ध भै
१९८

तेस्तै चकोर साराले देख्दा ती शशिलाई ता
मन मुग्ध भई हेरि रहन्छन् मोह भै ति ता
नष्ट हुन्छ कुलै विप्रद्रोह गर्दा जसो गरी
जाडाको डरले भागे लाम्खुट्टे उपियाँ डरी
१९९

जस्तो सत्गुरू पाएर सन्देह भ्रम चित्तको
हराउँछ उहि जस्तै पाई शरद काल यो
यत्रतत्र रहेका ती कीट आदिक जीव् ता
हराए भाई ! लौ हेर सब नाश भएर ता
२००

वितेर वरषा भाई ! आयो शरद् नै पनि
सीताको खवरै भाई ! पाइएन अझै पनि
कुनै तरहले एक पल्ट खवर सम्म नै
पाउँदो हुँ म ता काललाई पनि जितेर नै
२०१

आउँदो हुँ सीतालाई लिएर पलमै हरे
पाइएन खवर् केहि आजसम्म पनि हरे!
जहाँ भए पनि सीता बांचेकि नै भए मता
कोशिश् गरेर तिन्लाई ल्याउनेछु जितेर ता
२०२

सम्झना सम्मनै बिर्ष मेरो सुग्रीवले हरे
भए मगन मिलि नारी राज्य नगर कोष रे
भाई जुन्वाणले मारे मैलै त्यो वालिलाईता
त्यो मूढलाई मार्नेछु त्यै वाणले म भोलि ता
२०३

अम्बिके ! सकरूण भइ जस्को
छुट्छ मोह मद आदि गजब्को
के गरेर मद क्रोध उनैमा
आउला र बुझ यो सपनामा
२०४

जस्ले सीता रामका पाउ महाँ
श्रद्धाद्वारा प्रेम लायो जगत्मा
तेस्ता ज्ञानी सिद्ध योगी सबैले
सारा लीला जान्दछन् यो क्रमैले
२०५
जानी क्रोधित श्रीरामलाई ता लक्ष्मणैजिले
चढाई धनुमा तादों लिनुभो वाण हातले
भएका करूणाका नै सिमा श्रीरामले अनि
भाई लक्ष्मणजीलाई सम्झाउनु 'भयो पनि
२०६
देखाई डर मात्रै यो हे भाइ ! आजखालि ता
लिएर साथमै आउ मित्र सुग्रीवलाई ता
भन्ने दिनु भयो आज्ञा यता तिर पनि अनि
पवन पुत्रले मन्मा यो विचार गरे अनि
२०७
'सुग्रीबले रामको काम विर्से' भनी कनै अनि
गइ नगीचमा तिन्ले वन्दना गरदै अनि
सामदाम अनि दण्ड भेद यी राज नीतिको
उपदेश गरे सारा बुझाई - तिनलाई जो
२०८
त्यो सुनी वानर राज अत्यन्त भयभित भै
'विषय भोगले मेरो ज्ञान नाश भयो सबै '
यो सोचेर भने तिन्ले पवन पुत्रलाई ता
अब हे हनुमन् ! चाडै वानर फौजलाई ता
२०९
पठाऊ दुत पारेर जाहिँ ताहिँ तिमी अब
ल्याउन् ति दुतले फेरि डाकि वानरता सब
आओइन हनुमान् ! जो पन्ध्र दिन भित्रमा
होला मृत्यु अनि तेस्को मेरो हात्‌बाटनै यहाँ
२१०
भनी सुनाई देउ यो भन्ने सुग्रीवको सब
आज्ञा पाएपछि फेरि पवन पुत्रले तब
बोलाएर सबै दूत सबको आदरै गरी
यथोचित गरी सन्मान् सम्झाईकन बेसरी
२११
देखाए भय औ प्रिति निति सम्पूर्णमा अनि
बन्दना गरदै दूत पवन पुत्रको पनि
गए अनि पछि यहि मौकामा लक्ष्मणै पनि
किष्किन्धापुरीमा आए पुग्नु भो झट्टनै अनि
२१२

क्रोधित् भएका लछुमन्‌जीलाई
देखि सबै वानर ता डराई
जहाँ तहाँ दौडिनलाई सारा
लागे सबै व्याकुल भै विचारा
२१३
सौमित्रीले चाप चढाई पैले
तिम्रा पुरीलाई समस्त ऐले
जलाई पारूँ कि खरानी नै पो ?
भन्नु भयो यो अति क्रुद्ध भै जो
२१४
सारा नगर् व्याकुल भै डरेको
देखे पछि वालि कुमारले जो
आएर श्री लक्ष्मणका चरण्मा
राखे शिरै झट्ट परी शरण्मा
२१५
गरे विनति अंगदले लक्ष्मण्ले खुसीभै अनि
तिन्को हात समातेर उठाई प्रेमले पनि
अभय दिनु भो फेरि अनि वानर राजले
लक्ष्मण्लाई अति क्रुद्ध भएको सुनि कानले
२१६
भयभित भई व्याकुल् भए अतिव नै अनि
प्रभञ्जन सुतलाई डाकेर भन्दछन् पनि
तारालाई लिई साथ अब हे हनुमान ! तिमी
गएर लक्ष्मणैलाई ल्याउ विन्ति गरेर नि
२१७
पाई हुकुम यो फेरि तुरून्तै पवन ! सुत
तारा साथ भई फेरि गइकन नुहेर त
लक्ष्मण्को पाउमा गर्दै प्रणाम अनि रामको
सुयश्को वर्णनै गर्न लागे विविध भाँति जो
२१८
फेरि विन्तिगरेर लक्ष्मण कनै त्यो राज्महलमा पनि
ल्याएरै खुसीभै पखालि दुइटै पाऊ पिई जल् . पनि
श्रद्धा साथ बसाउदै पलङ्मा पूजा गरे प्रेमले
लक्ष्मण्लाई गरे प्रणाम खुसी भै आएर सुग्रीवले
२१९
पक्रि हात दुवै त फेरि खुसीले सौमित्रीले प्रेमले
सुग्रीवलाई गला लगाउनु भयो अत्यन्तै नै हर्षले
सुग्रीवलले अनिता गरे विनति यो हेनाथ् !विषयैसरी
अर्को केहि रहेन है मद हरे ! भूलें छु म बेसरी
२२०

छिन्मै ती मुनि योगीको मन पनि गर्दिन्छहै मोहित
हेस्वामी !म त नीच वानरहुँ है माग्दछुम माफि अझ
भन्ने नम्र बचन् त सुग्रीवजीको सुन्दा सबै यो तहाँ
आनन्दित भएर लक्ष्मण खुसी हुनु भयो मन्महाँ

२२१

फेरि लक्ष्मणले सुग्रीवलाई विविध भाँतिले
सम्झाउनु भयो फेरि खुसी भैकन प्रेमले
पवन पुत्रले फेरि जुन तरहले सब
पठाएका थिए दुत यत्रतत्र जति तब

२२२

त्यो वृतान्त भने सारा विस्तार पूर्वकै अनि
अंगद प्रभिति सारा वानर वीर्हरू पनि
लिएर साथमै फेरि हर्षित भई चित्तमा
अगाडी लक्ष्मणैलाई लगाएर हिडे तहाँ

२२३

पुगी प्रभुको नगिचै महाँ अनि
पाऊ कमलको गरि वन्दना पनि
शिरै नुहाई दुई हात जोरदै
विन्ति गरे सुग्रीवले झुकेर नै

२२४

नाथ मेरो छैन केहि विराम
दिन बन्धो ! जनरक्षक राम !
स्वामी ! माया हजुरको अति नै
जवर्जस्ति छन खरारे कति नै

२२५

दया हजुरले गर्नु भयो नाथ ! भने यदि
पाईन्छ स्वामी! छुट्कारा त्यो माया मोहवाटकी
पर्छन् विषयकै वशमा देव नर मुनि पनि
म ता पामर अति कामि पशु वानर हुँ अनि

२२६

स्त्रिका नेत्रै वाण जस्का खरारे !
लागेका ता छैन दिलमा कडा रे
फेरि क्रोधै रूपि भयानकको
अधियारी रात्रीमा पनि ता जो-

२२७

– जागा हुन्छन् जसले फेरि हाई !
लोभै रूपि पाशले कण्ठलाई
बधाएको छैन जो मानवैले
त्यो ता स्वामी तुल्य भै हाल्छ ऐले

२२८

यो गुण साधना गर्दा हुने होइन हे प्रभो !
कृपा भयो भने मात्र रघुनन्दन् ! हजुरको
पाउँछन् कोहिले मात्रै यो गुणलाई ता सब
नत्र भने रघुनाथ ! डुब्दछन् मुनि नै तब

२२९

हाँसेर रामले फेरि मेरो भरतकै सरी
प्यारा छौ अब हे भाई ! चित्तदिकन बेसरी
प्रयत्न गर तेहि नै जसरी जानकीजीको
पाइन्छ खबरै चाडै यो आज्ञा गरनू भयो

२३०

चल्दै थियो कुरा यस्तो एवं तरहले तहाँ
वानर फौजका झुण्ड आई पुगे नगीचमा
नाना वर्णाकृति सारा वथान फौजका पनि
वानर देखिनै लागे ढाकि चारैतिर अनि

२३१

आज्ञा हुन्छ उमानाथ दुर्गे ! मैले समस्त नै
देखें वानरको फौज जो जन त्यस फौजकै
गिनति गर्न चाहन्छन् त्यो महा मूर्ख हो जन
वानर फौज हेरूको सक्तैन गिन्ति नै हुन

२३२

आएर तिनी साराले रामका पाउ पद्‌ममा
राख्दथे शिर अत्यन्त आनन्द भई चित्तमा
मुहार प्रभुको हेरी हुन्थे सब सनाथ ति
भव रोग सबै नाशि धन्य हुन्थे समस्त ती

२३३

गर्नु भएन जस्लाई कुशल प्रश्न रामले
वानर फौजमा तेस्तो थिएन कपि एक रे
यो कुरा रामको निम्ति ठुलो होइन के हिजो
विश्वरूप् विश्वमा व्यापक् रामजी हुनुहुन्छ पो

२३४

आज्ञा सुग्रीवको पाई सब वानर हेरू ति
उभिए जाहिं औ ताहिं आई सबअगाडीकी
सम्झाएर सबैलाई भने सुग्रीवले अनि
पेलो ता सुन हे वीर ! काम हो रामकै पनि

२३५

मेरो मुलाहिजा दोश्रो तिमी हेरू सबै अब
चारै दिशातिर जाओ गएर खुसी भै अब
जनक नन्दिनीलाई खोज हे भाई !हो अनि
महिना दिन मै फेरि यहाँ आई पुगे पनि

२३६

नाघी यो म्याद सीताको नपाई खबरै पनि
आउनेछ पछि जो त्यो म बाट मरनेछ नि
आज्ञा सुनेर यो सारा तुरून्तै सब वानर
यत्र तत्र हिडें सारा अनि सुग्रीवले फिर

२३७

नल प्रभञ्जनै पुत्र अंगद आदिका सब
महाविर कपिलाई बोलाए खुसी भै तब
भने हे अंगद ! नील ! हनुमान मतिधिर !
हे जाम्बवान ! सुजान सुन हे सकल वीर

२३८

वीरैयोद्धा भएका सब तिमीहरूता दक्षिणैतर्फ जाओ
सोधेरै जानकीको खबरलिईं सबैफेरि सब्फर्किआओ
गर्दामा यत्न कामै मन र वचनले रामको काम् सपार
पछाडीबाट सेवा गरनु परने सूर्यको यो विचार

२३९

अगाडीबाट सेवा गर्नु पर्दछ अग्निको जान मन्मा
छलकपट छाडी सकल तरहले सब्थरिबाट लोक्मा
स्वमीको गर्नुपर्छ खुसी भई मनमा जान सेवा पनि ता
माया त्यागेर सेवा गर्नु परदछ परलोक्को अनि ता

२४०

संसारी शोक औ दुःख मेटिन्छ त्यसले सब
छाडेर पनि ता सारा काम हे भाई हो ! अब
रामकै भजनै गर्नु पर्दछ प्राणी हेरूले
यहि हो जन्मको सार फल भन्ने विचार रे

२४१

गुणज्ञ तेहि हो प्रेमी रामचरणमा छ जो
भाग्यवान पनि तेहि ठुलो हो जानलोकको
यस्तो सुग्रीवको आज्ञा सुनेर ती सबै पनि
रामको साथमा आज्ञा मागेर खुसी भै अनि

२४२

रामको पाउमा श्रद्धा राखेर रामजी कन
संझेर ती भए सारा रमाना खुसीभै कन
सबै भन्दा पछि फेरि पवन सुतले अनि
रामको पाउको दर्शन् गरे खुसी भएर नि

२४३

श्रीरामले कामको व्यक्ति जानी
नगीचैमा डाक्नुभो योग्य मानी
पद्म जस्तै आफ्ना बाहुलीले
मुसार्नु भो शिर तिन्को खुसीले

२४४

सम्झेर आफनो खास दुत अंगुलीको पनि
मुद्रिका दिनु भै फेरि यो आज्ञादिनुभो पनि
'सम्झाए जानकीलाई विविध थरिले अब
मेरो भुजवलको नै वीरहरूको पनि सब

२४५

बताएर तिमी चाडै आऊ फर्कि हनुमान !'
भन्ने श्रीरामको आज्ञालाई सब सुनिकन
आफ्नो जन्म सफल्माने पवनसुतले अनि
कृपालु रामजीलाई हृदयभित्र नै पनि

२४६

राखी हिडे ति हनुमानजी अनि
सर्वज्ञ श्रीराम हुँदा हुँदै पनि
यथार्थ ज्ञाता तर राजनितिको
लाग्नु भयो पालन गर्न राम जो

२४७

वानरहरू ती सारा नदि तलाउ जंगल
गुफा र पर्वतै फेरि फूलवारी सबै स्थल
खोज्दा खोज्दै हिडे सीतालाई मन् तिनीहेरूको
लवलिन थियो पूरा रामका कामहेरूको

२४८

बिर्सिएका थिए तिन्ले माया आफ्नो शरीरको
भेटियो ता भने काहिं कोहि राक्षस साथ जो
एक् एक् मुक्का दिदामाने लिन्थे प्राण हरेर ता
हिड्थे खोज्दै विवध् भाँति वन पर्वत् झरेर त

२४९

भेट भयो भने कोहि मुनि तिन्लाई सब्जन
घेर्दथे सोध पुछ गर्दै सारा जम्मा भईकन
एकदिन् ती सबैलाई लाग्यो तिर्खा अतिव नै
पाइएन जलै काहिँ भए व्याकुल ती सबै

२५०

घना जंगलमा पानी खोज्दै अल्मलिए सब
पानी विना सबै वानर् मर्न लागे भनी तब
अनुमान् गरे. यस्तो मन्मा पवन पुत्रले
तिन्ले पहाडको टुप्पा माथि फेरि चढेर रे

२५१

हेर चारै तिर फेरि एउटा कन्दरा महाँ
देखे तिन्ले अनौठाको तमाशा त्यो पहाडमा
चखेवा बक औ हाँस इत्यादि जल पक्षि ती
निस्कन्थे त्यो गुफाबाट उड्दै फेरि पछाडी ती

२५२

प्रवेश गर्दथे फेरि पक्षी पनि त्यहाँ खूब
ओर्लिए पर्वतैबाट त्यो देखि हनुमान त
देखाए ती सबैलाई त्यो गुफा हनुमानले
प्रभञ्जन् पुत्रलाई नै लगाएर अघाडी रे
२५३
गुफाभित्र पसिहाले ती कपि ता तुरून्त नै
तिर्खाएका छँदा धेरै गरेनन् है विलम्व नै
भित्र पुगे पछि फेरि ति सबैले मनोहर
बर्घैंचा कमल धेरै फूलेका ताल एक र
२५४
एउटा सुन्दर देव मन्दिरै अनि तेसमा
बसेकी एउटी नारी देखे सुन्दर भेषमा
गरे प्रणाम तिन्लाई टाढैबाट समस्तले
तिन्ले सोधेपछि आपन्नो बताए हालजोछ रे
२५५
सुनी वृतान्त त्यो सारा भन्दछिन् तिनले अनि
'जल पान गरी मीठा रसीला फलहरू पनि
खाऊ आनन्दले सारा ' भन्ने आज्ञा सुनीकन
ती साराले गरे स्नान् अति नै खुसी भैकन
२५६
मीठा फल फूलै खाई अनि सकल वानर
आए खुसी भई फेरि ति नारीका नगीच र
सुनाइन् आपन्नो सारा वृतान्त तिनले अनि
जहाँ राम हुनुहुन्छ जान्छु म त उतै भनी
२५७
गुफा छाडेर जाउ लौ आँखा चिम्ल तिमीसब
पाउने छौ सीतालाई पछुतो नगरे अब
भनिन् तिन्ले अनि सारा वानरैहरूले पनि
आँखाचिम्लेर पल्मानै खोल्छन् ता नयनैअनि
२५८
देख्दछन् आफुलाई ती किनारामा समुद्रको
अद्‌भुत घटना यस्तो हुदा छक्क परे ति जो
स्वयंप्रभा पनि फेरि गई राम हजुरमा
झुकेर प्रेमका साथ रामका पाउ पद्‌ममा
२५९
प्रणाम गरदै फेरि अनेक थरिले तहाँ
प्रशन्न चित्तले धेरै गरिन् स्तुति पनि तहाँ
खुसी भै रामले फेरि तिन्लाई अनपायिनी
भक्तिबक्सनुभो तिन्ले आज्ञा श्रीरामकोपनि
२६०

शिरै उपर्मा धरी प्रेमले पनि
जुनै चरण पंकजलाई ता अनि
प्रणाम गर्छन् शिव औ विरञ्चिले
श्रीरामका सोहि पदारविन्द रे
२६१
राखेर हृदयैभित्र गइन् ती बद्रीका वन
अनि यता कपि सारा मन्मा दु :खी भइकन
'म्याद विति सक्यो सारा काम केहिभएन हा
विचार गर्दथे यस्तै घोरिई सब मन्महाँ
२६२
परस्परमा मिलि भन्न लागे सबै तिता
'भाई हो ! जानकीजीको हाल केहि नपाईता
हामीले गरने के हो ? भएन फर्किनै पनि
नेत्र भरी गरी आँसु भन्दछन् अंगदै अनि
२६३
मेरो ता दुइतर्फबाट मरणै लाग्यो हुनै सत्य रे
सीताको खबरै मिलेन त भने सुग्रीव मार्छन् हरे !
त्यस्तै राम मलाई ता अब उता मार्छन्‌यसैनिश्चय
पैले नै तिनी मार्दथे मकन ता मार्दा बुबा साथ त
२६४
मित्रैरामजीको गरेर मनमा मूलाहिजा ता अनि
राखे है जिउदै मलाई तिन्ले रामका डरैले पनि
तिन्को हैन मुलाहिजा प्रभुजीकोथियो डरैयोअनि
बांचेथे अब त्योपनि हटिगयो खबर्‌बिना नै पनि
२६५
अंगदले सब सथमा घरीघरी मेरो मरण् ता भयो
सन्देहै अब छैन ,दुखित बनी लागे त्यहाँ भन्न यो
अंगद्‌को बचनै सुनी कपि वीरैबोल्नै सकेनन् सब
लाग्यो झर्न त नेत्रबाट तिनका धारा जलैको तब
२६६
शोकै मगनभए सबै वीरहरू छिन्भर् अधिरै भई
फेरि यो वचनै सबै तिनीहरू भन्दा भए घोरिई
हेअंगद्!युवराज! योसुनि लिनोस् हामीसबैजन् अब
सीताको खबरै नपाइकन ता फर्केर यसै अब
२६७
जादैनौं घरमा भनेर ति सबै वानर् दु :खी भैकन
सिन्धु तीरमहाँ बसे सकल ती विच्छाई कौशाशन
बुद्धिमान ति जाम्बबान वीरले अंगदजीलाई तहाँ
देखि दु :खी र व्याकुलै अतिव नै प्रेमै गरी मन्महाँ
२६८

उपदेश गरे धेरै कथा अनि पुराणको
भने तिन्लाई हे बाबु ! युवराज ! भनेर यो
रामलाई 'नर' भन्ने नठान्नुहोस् चित्तमा
जान्नुहोस् निर्गुण ब्रम्ह अज अजित् अनुपम
२६९
उहाँकै सेवकै हामीसब् जना बाबु ! यो घरी
भाग्यमान अति छौ है लोकमा आज वेसरी
प्रेमी सदैव हौ हामी सगुण ब्रम्ह रामको
रामले निज इच्छाले देव गौ भूमि विप्रको -
२७०
- हितका निंतिमै बाबु ? शरीर राज पुत्रको
लिएकोहो भनी मन्माजान यो सत्यवात जो
उपासना गरे देखि सगुण ब्रम्हको यहाँ
छाडेर मोक्ष सुख्लाई पनि हे बाबु ! लोकमा
२७१
साथमा पर्दछ बस्नु सेवा श्रीरामको गरी
एवं प्रकारले तिन्ले अनेक थरि त्यो घरी
कुरानै गर्न लागेका थिए त्यै औशरै महाँ
त्यैं पर्वत्का गुफा भित्र बसेका वास् गरी तहाँ
२७२
संपातिले सुनि सारा निस्केर वाहिरै अनि
देखे वानरको फौज तिन्ले त्यहाँ अनेक नि
'आहारा यो सबै आज मलाई परमेशले
दिनु भो आज नै सारा खाने हुँ खुसि साथले
२७३
विना आहारको मेरो धेरै दिन वित्यो हरे !
थिइन पेट्भरि कैले पाएको पनि खान रे
एकै चोटि दिए आज विधाताले ' भनेर यो
भए हर्षित संपाति कानले सुनि बोलि यो
२७४
डराए वानरै सारा 'हाम्रो मरण ता अब
पक्काभो हामीले जान्यौ ' यो भन्दैतीउठे सब
देखेथे जब ता तेस गिद्धलाई त्यहाँ अनि
बिशेष् चिन्ता भयो मन्मा ती जाम्बवानको पनि
२७५
तेहि औसरमा गरेर मना विचार अंगदजीले
'ति गिद्धे सरि धन्य यो जगतमा कोहि रहेनन् हरे
राम निस्ति शरीर त्यागी जसले वैकुण्ठ धामै गए
भाग्यैमानि जटायु हुन् ' अतिवनै तिनी सरिको ,छ ए
२७६
बोलेथे जब यो तहा ति कपिले त्यो हर्ष औशोकले
मुछेको वचनै सुनिकन सबै ति गिद्ध ता फेर रे
आए सामुमहाँ जसै सकल ती वानर्हरू चित्तमा
डमनि 'अब निश्चयै मरण भो ' भन्ने विचारी तहाँ
२७७
सारा वानरहेरूलाई अभयै अर्पेर संपातिले
सोधे हाल सबै गएर नगिचै बिस्तारका साथले
ती वानर्हरूले भने खबर त्यो बिस्तागरिरै अरू
आपन्ना भाई जटायुको सकल त्योसुनि करामत्हरू
२७८
संपातिले रामजिका प्रभावको
बर्णन् गरे धेर प्रकार साथ पो
भने मलाई अब सिन्धु तिरमा
झट्टै पुऱ्याई दिनुहोस् नगिच ता
२७९
तिलाञ्जलि दिन्छु म भाइको अनि
हजुरहरूको यहिं वाक्यले पनि
सहायता नै गरूँला सीताकन
गएर खोजे अनि पाउँछौ भन
२८०
संपातिले आपन्नो भाईको त्यो
तिलाञ्जिलि दान क्रिया छ जो त्यो
गरेर ता सिन्धुका तिरमा
आई झट्टै कपिका बगलमा
२८१
भन्नलागे कथा सारा आफनो तिनले अनि
सून हे वानर वीर ! म भन्छु हाल त्यो पनि
दाजु भाई दुवै हामी पैले यौवन कालमा
पुग्यौ आकाशमा उड्दै श्री सूर्यका नगीचमा
२८२
सहनै नसकि तेज सूर्यको फर्कियो उता
रविका नगिचैमा नै अभिमानि भई म ता
पुगे अत्यन्त दुष्पार तेजले प्वाँख यो सब
जल्या मेरो घनघोर चीत्कार गरदै तब
२८३
पछारिएँ भूमि माथि मुनि एक थिए तहाँ
चन्द्रमा नाम् थियो तिन्कोदेख्दा मलाई मन्महाँ
दया लाग्यो मुनिलाई तिन्ले धेरै प्रकारले
सुनाए ज्ञान औ देह जनित अभिमान रे
२८४

छुटाई यो भने फेरि तिनले करूणा गरी
त्रेता युगमा परब्रम्ह अज निर्गुण ती हरि
मनुष्यको शरीर् धारण गर्नेछन् र अनिपछि
राक्षस्ले हरने छन् है नारी ती रघुनाथकि
२८५
अनि पठाउनेछन् है सीताको खोज निम्तिमा
रामले दुत्हरूलाई अनि ति दुत साथमा
भेट भए पछि फेरि तँ हुनेछस् पवित्र पो
तेरा प्वाँख पनि फेरि उम्रिएलान् समस्त जो
२८६
चिन्ता नगर यो ऐले ती दुतलाई ता सीता
देखाई दिनु है तैले गरे यो उपदेश ता
वचन सत्य भो आज ती मुनिको पनि सब
कुरा सुनेर मेरो यो काम् गरे रामको अब
२८७
सुन त्रिकुट पर्वतका टुप्पामा अति सुन्दरी
रहेकि नगरी एक छ लंका भनी यो घरी
सहज असंकको भूप छ है रावण तेसमा
छ अशोक वृक्षको राम्रो सुन्दर उपवन् तहाँ
२८८
जहाँ बसी ती रघुनाथकी प्रिया
शोकै सदा गर्नु भई रहेछ हा !
म देख्तछु त्यो तिमी ता कुनै पनि
असक्तछौ देख्न सीता कनै अनि
२८९
गिद्धको हुन्छ तिखो नै दृष्टि बुढो भएँ म ता
नत्र गर्ने थिए तिम्रो केहि आज सहायता
शत योजनको लामो समुद्र नाघ्न सक्छ जो
बुद्धिमान उसैले नै काम् गर्ला रघुनाथको
२९०
हे कपि वीर हो ! हेरि मलाई तिमीहेरूले
चित्तमा धैर्यता राख कस्तोथ्यो यो शरीर रे
ऐले कस्तो भएँ हेर कृपाले अब रामको
यो संझेर गरे काम मन चित्त-धरेर पो
२९१
पापीहरू पनि जस्को संझदा नाम मात्र नै
अति अपार दुस्तार भव सागरको सबै
पारि तर्छन् भने फेरि तिमी ता रघुनाथकै
दुत हौ काँत र बानीलाई छाडेर ता सबै
२९२
प्रेमैले हृदयै भित्र राखेर रामजी कन
उपाय गर यो काम सिद्ध हुन्छ सबै सुन
यति भनेर ती गिद्ध गए हे अम्बिके ! अनि
भयो अत्यन्त आश्चर्य कपिको मनमा पनि
२९३
आपन्ना आपन्ना बलैलाई बताए सबले उता
राखे सन्देह साराले सिन्धुको पारी पुग्न ता
ऋक्षेशले भने बुढो भए म अब देहमा
लवलेश पनि छैन पैलेको बल ता म मा
२९४
लिनु भएथ्यो जब ता खरारीले
त्रिविक्रमैको अवतार हेरि रे
तेसै वखतमा म जवान नै थिएँ
अत्यन्त भारी वलवान नै थिएँ
२९५
बाद्धामा बालिलाई ता प्रभु खुबै बढनुभएको थियो
वर्णन् गर्नसकिन्न त्यो शरीरको दौडेर मैले अहो !
साते पल्ट प्रदक्षिणा प्रभुकनै दुई घडिमा पनि
टक्राएँ सबले विचार गर लौ यो सत्य भन्लाभनी
२९६
भने अंगदले पार जान ता सक्तछु म है
केहि सन्देह छ मन्मा फिर्दा खेरि भने अझैं
भन्दछन् त्यो सुनि जाम्बवानले तिमी ता अब
लायक् छौ सकल रीत्ले वानरहरूमा सब
२९७
साराको मालिकैलाई पठाउनु कसोरी र ?
यति भनेर तिन्लाई ऋक्षेशपतिले फिर
प्रोत्साहन दिदै बोले पवन् नन्दनै कन
बलका खानी औ वीर सुन तिमी हनुमन
२९८
मौन साँधेर चूपचाप बस्दछौ के यसै हरे !
हौ है समीरका पुत्र तिमी बाबु समान रे
विवेक बुद्धि औ ज्ञान खानि छौ बलबान रे
जो काम सिद्ध होवैन हे तात ! तिमीबाट रे
२९९
त्यस्तो कठिनको काम के छ यो लोकमा पनि ?
रामकै कामको निम्ति तिम्रो भो जन्म यो अनि
सुन्नाका साथ त्यो वाणी वीर पवनका सुत
तुरून्तै पर्वताकार भए फूर्ति गरेर त
३००

सुनौला वर्ण भै गाथ तेज प्रकट भो ठुलो
मानौं दोश्रो गिरिराज हुन्कि भन्ने सरी भलो
सिंहनाद गरी फेरि बार्‌बार हनुमानले
भन्दछन् यो अगम् सिन्धुलाई खेल गरेर रे
३०१
नाघ्न सक्तछु फेरि म सहाय सहितै सब
रावणलाई मारेर त्रिकुट पर्वत नै अब
उखलेर यहि सम्म ल्याउनै सक्तछु म त
हजुर्कै साथमा सोधृछु जाम्बवान् अब ता मत
३०२
उचित शिक्षा दिनु होस् मलाई अब फेर त
सम्झाई भन्नु होस् मैले के के गरनु पर्दछ ?
भने ऋक्षेसले फेरि माहविर हनुमान
गएर जानकीलाई भेटेर फर्किइकन
३०३
आएर अनि ता बाबु ! बताऊ खबरै सब
पैले गर यति काम अनि पछि अरू सब
राजिव नेत्र रामैले तमाशाका निमित्तमा
लिएर वानर वीर हेरूको - फौज साथमा
३०४
स्वयं आफ्नै भुजबल्ले वानर फौज साथमा
लिएर राक्षसै सब्को संहार गरी युद्धमा
स्वयं नै जानकीलाई ल्याउनु हुन्छ रामले
पाप नाशेर तिन् लोकैलाई पावन पारने
३०५
रामको त्यो लिलालाई देवताहरूले अनि
नारदादि मुनि सारा गाउँनेछन् सदैव नि
गाउँदा जुन यश्लाई सुन्दा भन्दा र बुझ्दा
पाप नाशेर मानिसले पाउने छन् परंपदा
३०६
चरण् कमल्मा रघुवीरको म ता
भ्रमर भएको छु भूलेर नै सदा
सोहि म दास तुलसी रमेर नै
यो किर्तिको गर्दछु गान नित्य नै
३०७
श्रीरामको सुन्दर किर्ति छर्ने
यो औषधि हो भवरोग ह र्ने
लीला उनैको जुन सुन्दछन् है
तिन्का मनोरथहरूलाई सब् नै
३०८
त्रिशिरारीले सिद्ध गर्नु हुनेछ
त्रयै तापलाई गरी नष्ट जे छ
कमल् नील भैं जो मनोहर श्याम
छवि सागर सुख्ख आनन्द धाम
३०९
करौडौ रतिका पतिको पनि ता
निजै कान्तिले माथ गर्ने अनि ता
जुनै रामको नाम पातक रूपी -
- चराका निमित्तै छ व्याधा स्वरूपी
३१०
उनै रामको किर्तिको वास नै यो -
- लिला सुन्नु पर्छ सबैले सधैं पो
सबै प्राणीले भक्ति राखेर मन्मा
यहि मुख्य हो सार नै लोक भर्मा
३११
सीताका पियारा रघुवीरजीको
भएको पवित्रै र राम्रो अति पो
चरित्रैकन आज मैले खुसीले
गरें पूर्ण उन्कै दयामा डुबी रे
३१२
भगवान रामजीको यो पवित्र
यश माधुरीले भरेको विचित्र -
- लिलालाई मैले गरे पूर्ण आज
प्रभुकै करूणा मिलेर अगाध
३१३
व्याकर्ण अनि छन्द केहि यसमा छैन मिलेका पनि
केवल् रामजी कै चरित्र कनता मैले भने आज नि
यस्को दोष र भूलमा सुजनले दिएर माफै अब
दोषैलाई त्यजी चरित्रकन नै हेर्नु हओस् है सब
३१४
भवभय सब हर्ने सौख्य आनन्द गर्ने
निज जनहरू माथि नित्य नै प्रेम गर्ने
रघुकुल मणि दिन बन्धु श्रीरामजीको
शरण परि चरण्मा धर्दछु यो शिरैं पो
३१५

श्रीसीतारामार्पणमस्तु

श्रीराम : शरणं मम

श्रीतुलसीकृत श्रीराम चरित मानस भावानुवाद

सुन्दर काण्ड आरम्भ

शान्त नित्य फेरि प्रत्यक्षमा त
अनुमान आदि प्रमाणबाट
नसकिने जान्न निष्पाप नै जो
मोक्ष शान्ति दिन्छ जो नित्यनै पो
१

महेश र शेष ब्रम्हाजीले नै
निरन्त सेवन गरिएकै
वेदान्तले जानिने व्यापक र
जगतका मालिक इश्वर र
२

द्यौता सब्को गुरू श्रेष्ठ भएका
मायाले नै मानिसै भै रहेका
करूणाका खानी राजाधिराज
चुडामणि रघुका वंशमा त
३

' राम ' भन्ने नामका श्री हरिको
म वन्दना गर्दछु शिर् झुकि यो
रघुनाथ अखिल विश्वको नै
हुनुहुन्छ अन्तरात्मा प्रभो ! नै
४

प्रभो सत्य विन्ति म गर्दछु यो
मेरो दिल्मा फेरि केहि अरूको
इच्छा छैन रघुश्रेष्ठ खरारे
परिपूर्ण भक्ति अनुपमा रे
५

मलाई त्यो नाथ दिनु हओस
चित्तैलाई काम क्रोधादि दोष
रहितको पारनु होस नाथ
शरण् पर्दै गर्दछु विन्ति आज
६

सुनका पर्वतै जस्ता अतुल बलका घर
शरीर तेजिलो जस्को दनुज फौज कानन
अग्नि स्वरूप औ ज्ञानीहरूमा अग्रगण्य जो
सारा सत्गुण्का खानी सधैं जो छ प्रचण्डको
७

वानरहरूको मालिक रामको भक्त उत्तम
दुत पवन पुत्रैको नमस्कार गर्छु नित्य म
लंका दहन पारेर सीताजीकन चित्तमा
दिने शान्ति हनुमान्को पुकार गर्छु दिलमा
८

मिठो वाणी जाम्बवानजीको त्यो
सुन्दा हनुमानलाई बडो जो
प्यारो लाग्यो हृदयमा अनि ता
भन्न लागे भाई हो अब नी ता
९

कन्दमूल फलै खाई खपेर दुःखनै पनि
सीतालाई जहाँसम्म भेटि म फर्किइन्न नि
यत्र तत्र घुमी ताहाँ सम्म हजुरहेरूले
मलाई पर्खिई बस्नु काम सिद्ध हुनेछ रे
१०

छ उमंग अति हर्ष मेरो हृदय भित्रमा
पुरा गर्नेछु यो काम भेटेर जानकी म ता
यति भनेर सब्लाई गरि प्रणाम हर्षले
राखेर रामजीलाई मन पंकज भित्र रे
११

हिडे खुसी भई मन्मा प्रभञ्जन कुमार ति
एक राम्रो थियो पर्वत सिन्धुका तिरसाथकी
कौतुकैले त्यसैमाथि कुदेर चढि ता अनि
श्रीरामलाई मन् भित्र नित्यनै सम्झदै पनि
१२

उफ्रिए भारी वल्वान समिरतनयै ति रे
राखेथे वायुनन्दन्ले पाउ जुन् गिरिमाथि रे
पातलमा पुग्यो पर्वत तुरून्तै धसिएर त्यो
जस्तो अमोघ छ वाण भगवान् रघुनाथको
१३
तेसैगरी हनुमान उडे गगन मार्ग ता
नाघेर जान लागेका देखेर आफुलाई ता
रामका दुत हुन् भन्ने गरी विचार चित्तमा
मैनाक पर्वतै लाई भने सागरले तहाँ
१४
तिमी यिन्को श्रम हारी होइदेऊ गई अब
भन्ने सागरको आज्ञा सुनेर खुसी भै तब
उठी तुरून्त नै हर्षित भई मैनाकले पनि
रोमाञ्चित भई हात जोरेर प्रेमले अनि
१५
प्रणाम गरदै विन्ति गरे पवन पुत्रमा
केहि छिन् गरि विश्राम पाल्नुहोस हजुर यहाँ
तिन्को विन्ति सुनि छोई हातैले तिनलाई ता
प्रणाम गरदै भन्छन् कपिले नम्र वाणी ता
१६
पुरा नपारीकन काम रामको
मलाई विश्राम कहाँ हुनेछ पो
भनेर यो झट्टैं हिँडे उडेर नै
पवन् सुत भै पवनै समान नै
१७
देखेर जान लागेका पवन नन्दनै कन
बुझ्नाका निम्तिमा तिन्को बलबुद्धिहरूजोछन
सुरसा नाउँको नाग मातालाई सुरेशले
पठाए तिनले आई भन्दछिन् यस रीतले
१८
दियो बल्ल आहारा यो मलाई आज दैवले
सुनेर वचनै यस्तो तिन्को पवन पुत्रले
भन्दछन् रामको काम गरि सिद्ध सीताजीको
खबर रामजीलाई सुनाउ फर्कि फेरि जो
१९
पसुँला अनि आएर मुखभित्र हजुरको
मलाईदिनुहोस जान माता भन्दछु सत्ययो
भनि यत्न गरे धेरै कुनै पनि प्रयत्नले
दिइनन् जान र फेरि भन्दछन् हनुमानले
२०
किन खान्नौं त मैलाई ? भन्दामा सुनि त्यो कुरा
सुरसाले मुखै बाइन् एक योजन् भरिको पुरा
शरीर द्विगना ठुला पारे श्री हनुमानले
सोह्र योजनको ठुलो मुख बाइन् फेर्तिमाइले
२१
तुरून्तै वत्तिस योजन् भए श्री हनुमान त
अनि चौसठ्ठि योजन्को मुखबाइन् भई हर्षित
मुख बढाउथिन् जस्तो सुरसाले घरि घरी
तेस्को दोवर् ठुलो हुन्थे तुरून्तै कपि त्यो घरी
२२
शतयोजनको ठुलो मुख तिन्ले गरिन् जब
अति सानो लिई रूप पवन सुतले तब
मुखभित्र पसि तिन्को हनुमान तुरून्त नै
आएर बाहिरै फेरि पवन पुत्रले अझैं
२३
प्रणाम गरि तिन्लाई लागे माग्न विदा अनि
देखेर तिनको बुद्धि खुसी भै मनमा पनि
लागिन् भन्न हनुमान मलाई सब देवले
जेका निम्ति पठाएका थिए लौ अब हेर रे
२४
त्यो निम्ति बल बुद्धिको मैले मर्म बुझें सब
बल र बुद्धिका खानी रहेछौ तिमी ता अब
गर्नेछौ तिमीले सारा रामको काम सिद्ध नै
दिएर आशिषै यस्तो गएन् ती सुरस जसै
२५
हिडे हर्ष भई मन्मा हनुमान पनि अनि
बीच सागरमा एक रहन्थि राक्षसी पनि
माया गरेर पक्रन्थि नभको पक्षिलाई त्यो
जीव जन्तु जति उड्थे गगनमाथि ता तिजो
२६
देखने बित्तिकै छायाँ जलमा तिनको सब
समात्तथी प्रतिविम्ब गएर खुसी भै तब
नसकि उड्न ता फेरि खस्दथे जलमा पनि
नभ चारिहरूलाई एवं रीत गरी अनि
२७
रमाएर खान्थि सधैं त्यो अनि ता
हनुमानका साथ महा पनि ता
गरी राक्षसीले त्यहि छल् र झट्ट
कपिले चिन्हे त्यो छलै ता समस्त
२८

धीर बुद्धि महाविर कपिले त्यसलाई नै
मारी सागरको पारी पुगेर तीर माथि नै
देखे जंगलको शोभा मनोहर विचित्रको
रसमा लुव्ध भै सारा भ्रमण पुष्प भित्रको
२९
रमेर गर्दथे काहिं मधुर् गुञ्जनै अनि
नाना प्रकारका सारा लता वृक्षहरू पनि
फल र फूलहेरूले थिए शोभितै नै सब
अनि बथान भै सारा लागेका चर्न ति सब
३०
मृगादि पक्षि हनुमानलाई
लागे पियारा अति चित्तलाई
रमाइला दृश्य ती भाँति भाँति
हर्दै हिडे ति कपि शैल माथि
३१
अगाडी एउटा ठुलो देखि पर्वत सुन्दर
भई निर्भय दौडेर त्यसैमाथि चढे पर
विशेष ता कुनै यो ता होइन हनुमानको
कालालाई पनि जस्ले खाईदिन्छ गएर जो
३२
दुर्गे ! प्रताप हो यो ता उनै रामजीको सब
अनि ती पवनपुत्र चढे पर्वतमा तब
हेरे लंकापुरीलाई चारै तर्फ विचारदै
यस्तो ठुलो थियो कि त्यो गढभन्न सकिन्नहै
३३
अति उत्तंग उच्छाल सिन्धु चारैतिर थियो
स्वर्णमय थियो सारा उंचो अतिव फेरि त्यो
तेज पुञ्ज थियो फेरि विशाल अति सुन्दर
विचित्र मणि झल्केर थियो किल्ला मनोहर
३४
काञ्चनामय त्यो ठुलो थियो अतिव सुन्दर
चारैतिर सुबाटो र हाटले भै मनोहर
बजार सुन्दरै गल्ली चौबाटाहरूले पनि
थियो अतिव नै राम्रो त्यो लंका नगरी अनि
३५
विविध भाँतिले राम्रो सुशोभीत भएर जो
बनेको त्यो थियो लंका नगरी रमणिय पो
अगणित थिए घोडा हात्ति खच्चर फेर जो
पैदलै फौजका सारा वयान गरि सक्छ को
३६
पार हुदैन है गिन्ति गरेर रथको सब
विविध रूपका वीर राक्षसहरूको अब
फौजका दलका वर्णन् गरेर साध्यछैन है
हिड्दथे ताँति लागेर यत्रतत्र डुलि सबै
३७
वन वाग वघैंचा र फूलवारीहरू सब
इनार वावलि ताल तलाउ पोखरी तब
सुशोभित थिए सारा देव नाग मनुष्य र
गन्धर्व किन्नरादिका कन्याहेरू मनोहर
३८
शोभाले हरणै गर्थे मुनिको मन् पनि सब
गरी कल्लोल हर्षित भै डुल्दथे खुसीले तब
विशाल पर्वतै जस्तै देहका वीर नै अति
वल्वान मल्ल हेरू ति उफ्रेर खुसीले कति
३९
नाना थरी अखडामा गर्जदै घोर शब्दले
भिड्दथे एकले अर्कोलाई हिँक दिएर रे
भएर क्रोधितै फेरि समाति आफुसैमहाँ
पछारिन्थे भूमिमाथि दाउ पेच गरी तहाँ
४०
भयानकं देहबाला तीं करोडौं सब वीरले
यत्नसाथ घुमी फेरि पुरका चउतर्फ रे
रखवालि सदा गर्थे होशियार भएर ती
प्रवेश पक्षिले सम्म गर्न सक्तैनथे र ति
४१
धमाधम कहि फेरि सब ति दुष्ट राक्षस
रांगा खर नर धेनु भैसी बोका समेत त
खाएर बस्दथे फेरि रमेर गर्जदै अनि
कहाँसम्म गरौं वर्णन् यसको म सबै पनि
४२
वर्णन दुष्ट हेरूको खालि मात्र अलिकति
गरें म तुलसीले नै यो काम निम्ति मात्र कि
किनकि रामको वाण रूपि तीर्थ विषे सब
सद्गति पाउनेछन् ती देह त्यागेर नै तब
४३
पुर रक्षक्हरू धेरै देखि पवन पुत्रले
गरे विचार यो धेरै गुनेर मनभित्र रे
'धरेर रूप ता सानो पुरमा राति मात्रनै
गरौ प्रवेश ' भन्ने यो गरे निश्चयभित्रनै
४४

मच्छर् सरीको रूप धारणै गरी
सम्झेर श्रीरामजीलाई त्यो धरी
समीरका नन्दन हर्ष साथले
लंका पुरी भित्र गरे प्रवेश रे
४५

लंकिनी नामकी एक थिई राक्षसि तेसले
देखेर भन्दछे फेरि मलाई हेपि आज रे
कहाँ जान्छस् र ?हे दुष्ट तँ मेरो मर्मयोधरी
जान्दैनस् जति छन् चोर यो लंकानगरी भरी
४६

मेरो आहार हुन् सारा ,भन्ने यो वचनैसुनी
हाने तेस्लाई एक् मुक्का पवन पुत्रलेअनि
भूमिमा रगतै छादि लागी ढुन मुनाउन
सम्लिई लंकीनी फेरि मनमा खुसी भैकन
४७

उठेर दुइटै हात जोडी भई सशंक रे
कपिका गई सामु त्यो लागी विनति गर्न रे
जब ब्रम्हाजीले रावणलाई दिनुभयो वर
ब्रम्हाले त्यहि बेलामा फर्किदा खेरिमा घर
४८

बताउनु भएकोथ्यो यस्तो चिन्ह मलाई त
'जब तँ व्याकुलैहोलिस् कपिले मुठि हानी त
विनास भो भनी सारा राक्षसहरूको तब
मेरो वाणी गरी याद सम्झिएस् मनमा सब
४९

मेरो धर्म अति ठुलो रहेछ बाबु यो घरी
देखें रामजीको दुतैलाई यो नयनै भरी
दुर्लभ मोक्षका सारा सुख ती स्वर्गका पनि
एकातिर तराजुमा राखेर फेरि ता अनि
५०

सत्संगको पलैभर्को सुख अर्को तिरै धरी
राखेर तौलिदैमा नै मोक्ष सुख् विविधथरि
मिल्दामा प्रनि जुन पल भरको सतसंगको
सुख झैं हुन सक्तैन कुनै सुख बढेर जो
५१

अयोध्या पति श्रीरघुनाथलाई
धरी तित्तमा नित्य बाबु रमाई
पुरैमा प्रवेश गरी हर्ष साथ
सबै गर्नु होस् काम आनन्द साथ
५२

हेर्नु हुन्छ कृपा राखी जस्लाई रघुनाथले
तेस्का निमित्त हे बाबु ! अनि फेरि सदैव रे
विष अमृत नै हुन्छ मित्रता गर्छ शत्रुले
समुद्र गोस्पदै हुन्छ आगो शीतल हुन्छ रे
५३

सुमेरू रजक जस्तै सानो हुन्छ विचार यो
काँडा फूलसरिकोमल् त्यो निम्ति बन्नजान्छपो
अनि अवित नै सानो रूप् लिई हनुमानले
भगवान् रामजीलाई सम्झेर मनभित्र रे
५४

पसी नगरिका सारा घरघर्मा डुलेर ता
सीताको गर्दथे खोजी कोठा चोटा घुमेर ता
जहाँ तहिँ अनगिन्ति देख फौजहरू पनि
विविध भाँतिका देखे राक्षस स्त्रिहरू पनि
५५

खोज्दा खोज्दै पुगे फेरि घरमा दशकण्ठको
अत्यन्तनै थियो अदुभृत घर भन्नसकिन्न त्यो
निदाएको दशकण्ठ देखे श्री हनुमानले
सीताजीलाई देखेनन् काहिं त्यो घरभित्र रे
५६

देखे अतिवनै राम्रो घर एक त्यहाँ अनि
बनाएको थियो छुट्टै हरिको मन्दिरै पनि
राम आयुधले अंकीत थियो त्यो घर सुन्दर
भन्न सकिन्न त्यो सारा शोभा जो छ मनोहर
५७

नविन तुलसी वृन्द देखेर चारतर्फ जो
पवन पुत्रको मन्मा भयो हर्ष अपारको
'लंकामा राक्षस वीर समुहको निवास छ
कहाँबाट यहाँ फेरि सुजन आई बस्दछ ?'
५८

यो तर्क गरनै लागे पवन पुत्रले अनि
त्यसै औसरमा जागा भई विभिषणै पनि
'राम राम रघुनाथ' भन्दै श्रीरघुनाथको
सम्झना गरनै लागे बारंबार रमेर जो
५९

सुजन् हो भनि तिनूलाई त्योबेलामा चिन्हेरता
हनुमान भए धेरै हर्षितै चित्तभित्र ता
'गर्दछु हठले जान पैचान यिनी साथमा
बयान गरदै आफ्नो हाल हेरू पनि यहाँ
६०

कार्यै ' हानी हुन्न सोजन्यबाट '
भन्ने गर्दै तर्क यो चित्तमा त
विप्रको भैं रूप धारण् गरेर
आफ्नै वाणी नै सुनाए रमेर
६१
सुन्नासाथ वचन् आए उठेर ति विभिषण
कुशल् प्रश्न गरी ढोगी खुसीभैकन मन्मन
आफ्नो हाल बुझाएर भन्नुहोस् द्विजदेवता
के तापाई हरिभक्त मध्येको हो कि कोहि ता ?
६२
हुनआयो अति प्रिति मेरो हृदय भित्र नै
तपाई दिन बन्धो कि करूणामय राम नै
मलाई यसबेलामा भाग्य मानी गरेर ता
कृपा गरीकनै पाल्नुभएको हो कि है यता ?
६३
सुनेर वचनै यस्तो अनि श्री हनुमानले
वृतान्त रामको सारा बताईकन प्रेमले
बताए आफ्नो नाम त्यो सुन्दा र बनाउँदा
रामको गुण औ ग्रामलाई सम्झि खुसी हुदा
६४
रोमाञ्चित भई प्रेम मग्न हुन गए दुवै
विभिषणले अनि फेरि भन्दछन् गद्‌गद्‌हुदै
रहनी सुन्नुहोस् मेरो पवन पुत्र यो धरी
दाँतका बीचमा जिब्रो सरी बस्दछु मै डरी
६५
जानी अनाथ हे नाथ ! रामले ता मलाई रे
कहिले गर्नु होला के कृपा अब ममाथि रे?
देह छ तामसी फेरि थिएन केहि साधन
कहिल्यै न त मै फेरि गर्दथे हरि किर्तन
६६
थिएन मनमा प्रिति रामको पाद पद्‌मको
लाग्यो मन्मा अब मेरो भरोसा हनुमानयो
भेटिदैनन् कुनै सन्त पनि प्रभु कृपा विना
अनुग्रह अब रामजीले गर्नु भयो घना
६७
तब पो आग्रह गर्दै यहाँ हजुरले पनि
स्वयं मेरो घरै आई दर्शन दिनु भो अनि
समीर पुत्रले फेरि भन्दछन् हे विभिषण !
कस्तो छ रामको रीत भनि सुन्नुहओस न
६८

गर्नुहुन्छ सदा प्रिति दासका उपरै प्रभो !
कुलीन कुनहुँ ठुलो म नै? भन्नु हओस यो
सकल गुणले हीन कपि हुँ चञ्चले म ता
मेरो अबगुणै हेरू भनेर साध्य छैन ता
६९
उठ्‌ना साथै मानिसले विहान
लिन्छन् मेरो वानरै एक नाम
त्यस्तालाई त्यो दिनै भर् त सारा
मिल्नेछैनन् खान केहि आहारा
७०
सुन्नुहओस सखा यस्तो अधम जातको हुँ म
विगार मात्रनै सब्‌को गरने जातको हुँ म
तथापि रामले फेरि मेरा उपरमा अति
कृपा गर्नु भएको छ हे सखा !जो अगाध की
७१
गर्दा गर्दै कुरा यस्तो सम्झेर रामको गुण
भरियो जल आएर नयनै उनको सुन
भन्दछन् पवन पुत्र प्रेम गद् गद् भै अनि
दायालो रामजी यस्तो भनि जानी चिन्हेरनि
७२
बिर्सेर विषयैमा नै जो प्राणी भुल्दछन् हरे !
किन ति नहुनु दुखी ? यो सोच्नुहोस् मित्र रे
एवं प्रकारले रामचन्द्रका गुण ग्रामको
वर्णनै गरदा गर्दै वायु नन्दनले अहो !
७३
अविर्वाच्य सुख शान्ति पाए तेस पछि अनि
जुन प्रकारले सीता लंका नगरीमा पनि
राजगर्नु भएको छ त्यो हाल र सबै कुरा
प्रमञ्जन सुतैलाई विभिषणले भने पुरा
७४
भन्दछन् कपिले फेरि हे भाई ! सुन्नुहोस है
म माता जानकीलाई हेर्न चाहन्छु आज नै
जुक्ति सब विभिषणले सिकाए र अनि पछि
बिदा भई हनुमान हिडें खुसी भई अति
७५
अशोक वृक्षका वन्मा जहाँ दु:खी भएर ता
राज हुन्थ्यो सीता नित्य सम्झेर रामलाई ता
पैलेको उहि नै सानो कपिको रूपले पनि
हनुमान गए झट्टै त्यहि नै हर्षले अनि
७६

देखेर जानकीलाई भक्तिपूर्वकले पनि
मनलेनै गरे तिन्ले प्रणाम हर्षितै बनि
बस्ताबस्तै वित्यो रात एकप्रहर नै त्यहाँ
सीताजीलाई हेरेर बसे चूपचाप वृक्षमा

७७

ज्यादै दुब्लो गाथ सीताजीको त्यो
यौटा बेणि लट्टिएको थियो जो
चित्तै महा रामका पादधाम
जिब्रो जप्थ्यो नित्यनै 'राम राम'

७८

साक्षात् इश्वर, राम नामै जपेर
झुकिं आफ्नै पाउमा हेरि फेर
स्वामीजीका पादपदमै बिषेत
लिनै बन्दै राज हुन्थ्यो सदैव

७९

बस्नु हुन्थ्यो घोरिएरै सीताजी
विरहैले व्याकुलै भै सदाकी
दिना हिना व्याकुला जानकी जी -
- लाई देखि चित्तमा ती कपि कि

८०

भए अतिवनै व्याकुल् दुःखले अनि त्यो घरी
वृक्षका पात माथिनै लुकेर पनि वेसरी
बसेका ति थिए फेरि विचार गरि चित्तमा
'के गरौं अब हे भाई भेटौ कसरी गै तहाँ'

८१

गर्दथे यहि नै सोच त्यहि औसरमा अनि
रमणिहरूका साथ शोभिएर अति वनि
त्यहि आई पुग्यो रावण् त्यो अधमले सीताकन
लाग्यो सम्झाउनै फेरि विविध भाँतिले भन

८२

साम दाम दण्ड भेद देखायो नीती सब् अनि
भन्यो रावणले फेरि सुमुखि ! हे सुलोचनी !
चतुरे ? जानकी !सीते ! सुन साँचो कुरा अब
मेरा मन्दोदरी आदि जति छन् रानी ता सब

८३

ती सारालाई तिम्रो नै पाउँला दासी हर्षले
प्रतिज्ञा गर्दछु यसमा एक पल्टै मात्र आज रे
फर्केर म तिरै मात्रै हेरिदेऊ मलाई ता
मान मेरो कुरा यो ता बिन्ति गर्छु सीते ! म ता

८४

अनि सीताजीले बिच्मा राखेर तृण एउटा
सम्झदै परम प्यारा अवधपतिलाई ता
आज्ञा भो रे दशकण्ठ ! जुनकिराका प्रकाशले
कहाँ विकसितै गर्न सक्छ पद्मिनीलाइ रे

८५

यति आज्ञा भई फेरि आज्ञा भो यो कुरा तहाँ
अधम! नीच! सुन् यो रे तँ पनि सम्झि मन्महाँ
तँलाई सम्झना छैन रामका बल वाणको
मलाई हरणै गर्दै ल्याइस् एक्लि थिएँ र पो

८६

निर्लज्ज! शठ! रे निच !पाजी! मूर्ख तँलाई ता
लज्जा भन्ने छदैछैन घृणित् पामर होस् तँ ता
हरेर एकलि नारीलाई ल्याएर वीर् भनि
घमण्ड गर्दछस् मूर्ख तँलाई लाज छैन नि

८७

आफुलाई जुनकिरीको सरीको
रामैलाई दिननाथै भनी जो
ज्यादै तिखो निर्भय वाणि सुन्दा
रीसायो त्यो रावणै भाव गुन्दा

८८

तरवार निकालेर भन्न लाग्यो कठोर भै
सीते मेरो अपमान गरिस् तैले अतिव नै
तेरो शिर् काट्दछु यहि खड्गले कित त्योसब
मान झट्टै कुरा मैले भनेको जति हो अब

८९

हुनेछ जीवन हानी नत्रता सुमुखी ! अब
त्यो सुनि भन्नुभो फेरि जानकीले पनि तब
नील कमलको माला सरी नै सुन्दरै अति
हात्तीको सूढंझैं लामो पुष्ट बाहुलि जो छकि

९०

रहेनछ त्यहि मात्रै मेरो यो कण्ठमा कि ता
तेरो प्रचण्ड तर्वार रहने छ कि तेहि ता
सत्य प्रण छ यो मेरो शठ सुन् दशकन्धर !
दिंएर रावणैलाई जवाफ यसरीं फिर

९१

पुकार गर्न लाग्नुभो रावणको तरवारको
तिमी शीतल निशित भएका चन्द्रहास जो
धर्दछौं उत्तम धारा मेरो यो दुःखको सब
परिताप हरि देउ बिन्ति गर्दछु यो अब

९२

राम विरह रूपि अग्निबाट नै
प्रकट् भएको दुःख शोक तापनै
संतापलाई हरि देऊ आज पो
हे चन्द्र हास ! गरिदेउ काज यो
९३
सुनी वचन यो फेरि दौडियो मार्न रावण
सम्झाइन् मय कन्याले भनेर निति त्योकन
अह्रायो राक्षसि सारालाई डाकि कनै अनि
सीतालाई अब सब्ले मिलेर जसरी पनि
९४
महिना दिन भित्रैमा भयभित हओस् अब
मानिन वचनै मेरो भने तेस्लाई ता तब
तरवार निकालेर मार्नेछु भनि यो तहाँ
क्रुद्ध भैकन त्यो रावण्ग यो फर्केर घर्महाँ
९५
अनि बतातिर मूर्खा पिशाचिनीहरू तहाँ
जम्मा भइकनै सारा सीताको हृदयै महाँ
भय देखाउदै लागे त्यसै बखतमा अनि
त्रिजटा नामकी फेरि थिई एक राक्षसि पनि
९६
अतिनै गर्दथि प्रिति रामका पाउ पद्ममा
विवेक निपुण बुद्धिमति त्यो थिई चित्तमा
बोलाएर सबैलाई त्यहि राक्षसिले अनि
सेवा गरेर सीताको आफ्नो हित गर भनि
९७
सपना पनि ता आफ्ना सुनाई फेरि तेसले
आएर स्वस्पनमा लंका जलायो कपि एकले
मार्‍यो असुरको सेना ध्वस्त पारेर तेसले
भेटि फेरि सीता साथ फर्कियो अति हर्षले
९८
अनि फेरि विसे हात काटिएको समस्त जो
घसेर अंगमा तेल गधा माथि चढेर पो
यस्तो भयंकर रावण् लंका नगरी बाट ता
गयो दक्षिण् दिशातर्फै गर यो सब् विचार ता
९९
लाग्यो पाए सरी लंका पनि विभिषणैजीले
लंकापुरी महा सारा रामजीकै दुहाई रे
भन्ने आवाज घन्केर फैलियो अनि रामले
बोलाउनु भयो चाडै जानकीलाई फेर रे
१००

चार दिन पछि सत्य हुनेछ स्वप्न यो सब
नराखेर डर प्रष्टै भनि दिन्छु म ता अब
सुनेर वचनै यस्तो डराए सब राक्षसि
अनि पाउ परे फेरि जानकीको गएर ती
१०१
लागे यता उति सारा अनि मन्मा सीताकन
'अवश्य एक मैना यो वितेपछि त मैकन
मार्नेछ नीच् रावणले' यस्तो सोचेर ता अनि
हात जोडेर सीताले अतिव दुःखीतै बनी
१०२
त्रिजटा साथमा भन्न लाग्नुभो विनयै गरी
हे माता ! हुनुभो ऐले मेरो रक्षककै सरी
मेरो विपत्ति बेलामा तपाँई सखिकै सरी
हुनु भयो अहो ! फेरि दया राखेर यो घरी
१०३
उपाय गर्नुहोस् चाडै छाड्यौ शरीर यो अब
दुसह विरह खप्न सक्तिन अब ता सब
चिता बनाउनु होस् काठ ल्याएर यो घरी
लगाई दिनुहोस् आमा ! आगो पनि त बेसरी
१०४
साँचो पारि दिनुहोस् मेरो प्रेम समस्त ता
चतुरे! त्रिजटे ! विन्ति गर्दछु है म फेर ता
कानलेको सुनोस् नित्यै वाण जस्तै कुराहरे !
हात जोरेर फेरि यो बिन्ति गर्दछु मा ! म रे
१०५
त्रिजटाले कुरा यस्तो सुनेर जानकीजीको
समाति चरण पद्म सम्झाईन् घेर भाँति जो
प्रताप बल औ किर्ति सम्झाईन् रघुनाथको
अनि फेरि सीतालाई भनिन् जोरेर हात जो
१०६
सीते ! रानी सुन्नु होला हजूर
राती आगो पाइदैन जरूर
यस्तो भन्दै पाउमा नै परेर
घर्मा फर्किन् त्रिजटा यो भनेर
१०७
एकलै बोलनलाग्नुभो अनिसीताभाग्य प्रतिकुलभए
आगो सम्म नपाउने हुनगयो छुट्दैन यो दुःख रे
देखिन्न गगनै भरी अनलका झिल्काहरू बेसरी
खस्तैनन् किन एक्पनि जमिनमा ताराहरू यो घरी
१०८

हुन्छन् अग्निसमानकै शशि हरे! निष्ठुर् भई बेसरी
झार्दैनन्किन अग्निलाई उहिनै जलाउँछन् येसरी
मैलाई हत भाग्यजानि मनमा तिन्ले पनि ता हरे!
पोलि मात्र रहेर हा!मकनता दिन्छन् कडा दु ःख रे
१०९

सुनेर विनति मेरो अशोक वृक्ष यो घरी
मेरो शोक हर नाम सत्य पारेर वेसरी
नयाँ यो पालुवा तिम्रा अनल सरि छन् सब
दुर्दसा नगरे मेरो अग्नि देऊ म मा अब
११०

विरहले विकल् देखि सीतालाई अतीवनै
हनुमान्लाई त्योबेला एक्एक् पल् कल्पतुल्य भै
वितन् लाग्यो अनि फेरि तिनी पवन पुत्रले
विचार गरदै मन्मा खसाले औठी झट्ट रे
१११

दिएकोहोकि ? आगोको फिलिंगोनै अशोकले
भनेर जानकीजीले खुसी भैकन आसले
उठेर टिप्नुभो औठी आफ्नै बाहुलिले छिटो
अनि श्रीरामको प्यारो पवित्र नामले मिठो
११२

चिन्हित् भएको अति सुन्दरै पनि
देख्नु भयो औठी मनोहरै पनि
औठी चिन्हि पक्क परेर त्यो घरी
लाग्नु भयो जानकी हेर्न बेसरी
११३

चित्तेमहाँ हर्ष विषादले पनि
व्याकुल् हुनु भो जनक सुता अनि
लाग्नु भयो गर्न विचार चित्तमा
को सक्छ रामकनै जित्न लोकमा ?
११४

मायाबाटै औंठी यस्तो पनि ता
सक्तैन है बन्नलाई अनि ता
छल् हैन यो नीच त्यो रावणैको
यो ता हो है खास् रामका करैको
११५

एवं रीतले जानकी चित्तमहाँ
लाग्नु भयो गर्न विचार ताहाँ
विविधका तर्क कुर्तक गर्दै
हनुहुन्थ्यो हर्ष विषाद गर्दै
११६

पवन पुत्रले बोले अनि मधुर वाणिले
रामको गुणको गर्न लागे वर्णन ता तिरे
दु ःख भाग्यो सीताजीको सुन्नाकासाथ वाणीत्यो
लाग्नु भो कानले सुन्न मन् लगाई सुकिर्ति त्यो
११७

वृतान्त आदि देखियो सुनाए हनुमानले
त्यो सुनेर सीताजीले भन्नु भो अनि फेर रे
कानका निम्ति अमृत भएको प्रभुको सब
जस्ले कथा भनी ऐले सुनायो किर्ति यो सब
११८

हुदैन प्रकट आई अगाडी किन त्यो अब
भन्ने यो जानकीजीको सुनेर वचनै सब
सीताको नगिचै आए पवन पुत्रता अनि
शंका लागेर ता मन्मा भएर दु ःखीतै पनि
११९

भई आश्चर्य फर्केर बस्नु भो जानकी अनि
भन्दछन् हात जोरेर फेरि ती कपिले पनि
महारानी ! सिते ! माता ! म ता श्री रघुनाथको
दुत हुँ गर्दछु सत्य शपथ् छ भगवानको
१२०

कृपालु रामले खालि हजुर्कै निम्ति नै मुमा
चिन्हको निम्ति योऔंठी बक्सिएको थियो ममा
ल्याएको हुँ मुमा ! मैले औंठी यो रघुनाथको
शपथ गर्नेछु फेरि रामका पाउ पद्मको
१२१

सोध्नु भो अनि सीताले नर वानरको पनि
कसारी हुनगो भेट ? म पत्याऊँ र के अनि?
त्यो सुनेर भने सारा वृतान्त हनुमानले
प्रेम सहितको वाणी कपिको त्यो समस्त रे
१२२

सुन्दा सीताको हृदयैमहा अनि
विश्वास पैदा हुन गो ठुलो पनि
चित्तै र कर्म वपु वाणिलें पनि
श्री मारूत नन्दनलाई ता अनि
१२३

कृपानिधानै भगवान रामको
जान्नु भयो भक्त भनेर कामको
आफ्नै पतिका चिन्हि दास हुन् भनि
अति बढ्यो स्नेह सीताजीको अनि
१२४

अश्रुपूर्ण भयो नेत्र रोमाञ्च भई गाथमा
आज्ञा भो पवन पुत्रलाई सीताजीले तहाँ
हनुमन् ! सुन हे बाबु ! विरह रूपि सिन्धुमा
परेर डुब्न लागेकी दिना मेरो निमित्तमा
१२५

भयो जहाज हे तात !बलैया लिन्छु मै अब
भाई सहित आनन्द भवन रामको सब
बताऊ कुशल क्षेम हनुमान ! अहो ! हरे !
कोमल् चित्त हुने दिन दयालो रघुनाथले
१२६

कुन कारणले किन यस्तो धर्नु भो निष्ठुरी पना
आफ्ना दासहरूलाई सुख शान्ति दिनु घना
जन्मसिद्ध थियो बानी प्रभुको उहि रामले
बिर्सिदिनु भयो हा ! हा !यत्तिका दिनसम्म रे
१२७

भन अञ्जनि पुत्र यो सब
कहिले काहिँ रघुपति अब
म अभागिनीको पनि हरे !
गरन् हुन्छ कि केहि याद रे ?
१२८

प्रभु ध्यान

कहिले प्रभुको मुलायम
निलपद्मै सरिको मनोरम
अति कोमल श्याम गाथ त्यो
हनुमन् ! देख्न म पाउँला ? अहो !
१२९

निलपद्म समान सुन्दर
प्रभुको पाउ छ जो मनोहर
कहिले झुकि तेसमा हरे !
गरूँला दर्शन नाथको म रे ?
१३०

अति कोमल लाल पैतला
जसमा चिन्हहरू झुलि भला
हरने श्रम पीर ताप जो
कहिले दर्शन पाउँला म त्यो ?
१३१

नखरत्न भएर झलमल
हृदयै गर्दछ नित्य उज्जल
कहिले दुई हातले म त्यो
प्रभुको पाउ मुसारूँला ? अहो !
१३२

पद पंकजमा रहेर जो
भइ गट्टा सरि शोभिदो छ पो
उहि सुन्दर गुल्फ रामको
सब नै हर्दछ चित्त जान जो
१३३

अति सुन्दर पद्म डाँठ झैं
खिलने जो छ पिडौलि नाथ कै
लिई काख बिषे मिचेर त्यो
कहिले बस्न म पाउँला ? अहो !
१३४

चुकुलै सरि भै शरीरको
रहनै त्यो जुन भर् दिएर पो
प्रभुको उहि जानु सम्झदा
मन दु :खी भई रून्छ है सदा
१३५

भई थाम समान गाथको
प्रभुको सुन्दर जाँघ जो छ त्यो
जसमा शिर राखी सामु रे
सुखको निद म पाउने छु रे
१३६

कटि देखि त गुल्फ सम्म नै
कसिएको पित बस्त्र टम्मै नै
नयनै कन खिच्छ नित्य नै
मनको दुर गराई होश नै
१३७

त्रिवलि परि पेट रामको
सिडि जस्तै भई खिल्छ तालको
नदिको भवरी सरी भई
अति गम्भिर छ नाभि फेरि ति
१३८

त्यस नाभि तलाउ देखि ति
पुगि छाति तकनै छ घोरिई
प्रभुको उहि रोम राजि जो
जुन सम्झिकन चित्त रून्छ पो
१३९

प्रभुको छ विशाल वक्ष नै
जसमा सुन्दर कौस्तुभै छ है
भृगु चिन्ह छ फेरि सुन्दर
रहि छाति बिचमा अगिल्तिर
१४०

निल अम्बर माथि चंकिने
रवि झैं कौस्तुभ नै छ गम्किने
छरि पुष्प सुगन्ध नै मिठो
पुगी भन्दै प्रभु छाति माथि पो
१४१

महकै छरि जो घमण्ड गर्दै
म कनै हाय गिजाई गम्म पर्दै
झुलेछ वनमालिका रमेर
गरी मेरो पनि बाबु ! हस्सि घेर
१४२

हनुमन् ! अनि फेरि तेस महाँ
तुलसि कण्ठि छ शोभितै नि जाहाँ
गजको सुड झैं छ जो विशाल
प्रभुको हात मनोहर अपार
१४३

गरि हार सरी लागी गलामा
धरूँला हा ! कहिले ती बाहुलामा
अत कोमल पद्मकै समान
प्रभुको लाल हथेलि जो छ जान
१४४

अभयै गरी दु :ख हर्दिने जो
कहिले त्यो शिर माथि पाउने हो ?
धनुवाण लिई विशाल खासा
हरदोछ भव रोगको तमाशा
१४५

जुन वाण दया नराखी कैल्यै
अरिको हर्दछ प्राण जाई पैल्यै
हनुमन् ! उहि वाणले प्रभुको
गरदैनन् किन दु :ख नाशनै यो
१४६

अति सुन्दर पुष्ट काँध खासा
भवको गर्दछ दूर सब् तमाशा
जसको छ हिडाई फेरि हेर
मदमत्त गज चाल झैं गरेर
१४७

छवि धाम छ कण्ठ शंख तुल्य
अनि वाणि छ पुराण झैं अमूल्य
रस सुन्दर चिजको निचोरी
हनुमन् ! भार भएर हेर घोरी
१४८

नहिुरीकन चुच्चिएर फेर
रहदोंछ चिवुक सदा झुकेर
भई दाडिम पंक्ति झैं मिलेको
प्रभुको दाँतछ मोति झैं खिलेको
१४९

भई बिम्ब फल समान लाल
नरम ओठ गराउँछ विहाल
फिंजीई त्यसमाथि गम्किए र
मृदु मुस्कान खिलिरहन्छ हेर
१५०

जसको मुसकान देखि सारा
लुटिइन्छन् मन मोह भै विचारा
मृदु हाष्य सदा खिलि रहेको
कहिले दर्शन पाउँला छवि त्यो
१५१

अति कोमल नील लाल गालाा
जसले हर्दछ चित्त पारी हाला
रखवारी गरी मुहारको जो
पहरेदार समान नाक जो भो
१५२

निलपद्म समान नील लाल
नजरै सुन्दर छन् अति विशाल
भ्रमरा सरी पद्ममा भुलका
प्रभुको नानि छ मस्त भै चलेका
१५३

भउं श्री रघुनाथका दुवै ति
भई टेढा मन हर्दछन् सधैं कि
जसले रतिनाथका धनूको
मदलाई पनि हर्दछ भनुँ पो
१५४

सुकुमार विशाल त्यो निदार
बिचमा केशरी चन्दनै अपार
रहँदा नभमा शशि समान
अति नै शोभित हुन्छ कान्ति जान
१५५

छ जटा सुकुमार माथ माथि
मुकुटै तुल्य छवि फिजेर साथि
हनुमन् ! प्रभुको यहि स्वरूप
कहिले दर्शन पाउँला म खूब ?
१५६

कहिले सुकुमार देखि गाथ
नजर देह समेत फेरि माथ
हनुमन् ! शीतलै भएर मेरो
कहिले सुख्खि हुनन् ? हरे यि घेरो
१५७

प्रभुको यहि रूप माधुरीले
मुछिएको रूप दर्शनै खुसीले
कहिले अब पाउँला म हाय !
भनी मेरो मन हुन्छ बेसहाय
१५८

बोल्दैमा यो सीताजीको निस्केन वचनै पनि
भरियो जल आएर नजरै भित्रता अनि
भन्नु भो प्रभुले हा !हा !मलाई हनुमन् !हरे
विसिंनै दिनुभो एकदम् निर्दयौ भई घेर रे
१५९

विरह व्याकुलै देखि सीतालाई अतिव नै
पवन पुत्रले फेरि गरी विनिय धेर नै
कोमलै वचनै बोले हे माता करूणामयि !
करूणाका घर नाथ श्रीराम भाई साथ कि
१६०

कुशलै नै हुनुहुन्छ देवि ! फेरि वियोगले
हुनुहुन्छ दु :खी मन्मा भगवान् रघुनाथ रे
आफ्नो मनमा माता ! प्रभुको प्रेमलाई ता
नठान्नुहोस् है थोरै विन्ति गर्दछु यो म ता
१६१

रामको प्रेम छ दोबर् हजुर्को निम्तिमा पनि
धरेर धीरज मन्ता अब जनक नन्दिनी !
सन्देश सुन्नुहोस् ऐले प्यारा रामजीको सब
भनेर यो हनुमान भई गद् गद् नै तब
१६२

प्रेमको नीर आएर भरियो नयनै भरी
भन्न लागे अनि फेरि मन्मा धीरजनै धरी
हे माता !प्रभुले आज्ञागरेकोछ कि यो सीते !
तिम्रो वियोगले गर्दा सुख मेरो सबै विते
१६३

विपरित भएका छन् चीज हेरू सुलोचने !
मत्त गज्गामिनी ! भिरू ! सुन्दरी !पद्मलोचने !
नविन पालुवा सारा मानौं आगो सरि भए
रात्री पनि भई सीते ! कालरात्री समान रे
१६४

श्री सूर्य सरि नै ताता भए शशि पनि हरे !
पद्मको वन ता सारा भालाका ताँतिभैँ छ रे
बादलबाट ता मानौं तातो तेल सरी अब
पानी बर्सन्छ हे सीते ! पोल्दै यो गाथमा सब
१६५

जुन रूख्को छहारीमा बसौ जनक नन्दिनी !
पीडा दिन्छ उसैले नै तिम्रो याद गराई नि
सर्पको सास जस्तो भो त्रिविध पवन सब
बताए देखि दु :ख केहि घटदैनथ्यो र हा ! अब
१६६

भनौ कस्लाई यो मर्म ?कोहिजान्दैन हा सिते !
प्रिया तिम्रो र मेरो यो प्रेमको तत्वलाई रे
जान्दथ्यो एउटा मेरो मन त्यो मन ता ' सिते !
तिम्रै छ साथमा नित्य नछोडिकन साथ रे
१६७

प्रितिको रस यसैमा जान हे सुमुखी ! तिमी
यथार्थ बुभन्दछौ हाल मेरो हृदयको पनि '
सन्देश रामको सुन्दा जानकी प्रेम सिन्धुमा
डुब्नुभो गाथको केहि रहेन होश चित्तमा
१६८

पवन पुत्रले फेरि भने हे जननी ! अब
चित्तमा धीरज धर्दै राज होला हजुर त
सेवक सुखका दाता रामकै सम्झना गरी
काँतर्ता छोड्नु होस् मेरो मानि बचन यो घरी
१६९

धीरज धर्नुहोस माता ! भगवान् रघुनाथका
वाण अनल हुन फेरि निशाचर समूह ता
पुतली भै हुनेछन् है ति राक्षसहरू कन
जलेको सम्झिनु होस हे माता ! खुसी भैकन
१७०

यदि हजुरको केहि खबर रघुनाथले
पैले नै पाई बक्सेको हुदो होता समस्त रे
रामले गरनु हुन्न थियो केहि विलम्ब ता
हे जानकी! महारानी !गर्दछु बिन्ति सत्य ता
१७१

उदाए पछि ता फेरि रामशर दिवाकर
कहाँ रहन सक्ला र ? तम रूपि निशाचर
हजुरलाई हे आमा ! लिई जाने थिएँ म नै
परन्तु शपथै गर्छु रामजीको म सत्य नै
१७२
दिएको छैन है आज्ञा मलाई रघुनाथले
धीरज धर्नुहोस् माता !केहिदिन्का निमित्तरे
वानरहरूका साथ सवारी हुन्छ रामजी
मारेर राक्षसै सारालाई खुसी भएर कि
१७३
लिएर जानु होला है पछि हजुरलाई ता
तीनै भुवनमा फेरि नारदादी मुनिश ता
रामको सुयशैलाई गाउने छन् खुसी भई
जुन लीला गाउँदा प्राणी तर्ने छन् अमरै भई
१७४
पवन पुत्रको यस्तो सुनी वचन त्यो घरी
भन्नु हुन्छ सीता फेरि सन्दहे मनमा गरी
हे तात ! वानर सारा होलान् तिमी समाननै
राक्षस हरू ता साार वीर छन् है अतिवनै
१७५
मेरो हृदयमा ठुलो सन्देश छ हनुमन
भन्ने यो जानकीजीको सुनेर वचनैकन
प्रकट् गरे शरीर् आफ्नो पवन पुत्रलेअनि
उन्को शरीर् ता सुन्को पर्वत सरि नै बनी
१७६
भयंकरै भीषण युद्धमा पनि
थियो अति धीर र वीर नै पनि
देख्दा शरीर् त्यो मनमा सीताजीको
भयो भरोसा डर हट्न गै अहो !
१७७
सानो रूप लिए फेरि पवन पुत्रले अनि
गर्दछन् विन्ति सीताको चरणैमा परेर नि
बल बुद्धि ठुलो केहि हुदैन कपि आदिको
तर सुन्नुहओस् माता ! प्रतापैले प्रभुजीको
१७८
अतिव सानो फँणीहेरूले पनि
गरूडलाई पनि खाई दिन्छ नि
माता ! विचारी मनमा समस्त यो
धर्नु हओस् धैर्य हजुर सत्य हो
१७९

प्रताप बल औ तेज भक्ति यि सब चीजले
मुछिएको मिसिएरै कोमल अति गूढ रे
सुनेर कपिको बाणि सीताको हृदयैमहा
भयो अत्यन्त संतोष चिन्ता दु ःख हटी तहाँ
१८०
रामजीका प्रियदास भनेर जानी चित्तमा
भई अत्यन्त प्रसन्न सीताजीले अनि तहाँ
हनुमान तिमी बल बुद्धिका नै निधान र
हे बाबु ! गुणका खानी - भए है - अजरामर
१८१
हुनुहोस् तिमी माथि सदा नै प्रिय रामजी
कृपा गर्नु हओस् फेरि तिमी माथि सदैव कि
आशिष दिनु भो यस्तो सुन्दा आशिष कानले
गाढ प्रेम्मा भए पूर्ण मग्न श्री हनुमान रे
१८२
बारंबार शिरै राखि पाउमा जानकीजीको
भन्दछन् हात जोरेर कपिले अनि फेरि यो
भएँ म अब हे आमा ! कृत कृत्य हजुरको
आशिष् अमोघ छ भन्ने जग प्रशिद्धै छ जो
१८३
अब सुन्नुहओस् माता ! यि वृक्षहरूमा सब
राम्रा मीठा फलैहरू फलेको देखदा अब
लागी रहेछ अत्यन्त मलाई भोक यो घरी
आज्ञा हजुरको पाए खाने थिए म पेट्भरी
१८४
भन्ने यो कपिको विन्ति सुनीकन तहाँ अनि
सीताले भन्नु भो फेरि हनुमान कनै अनि
हे बाबु ! सुन हे वीर! ठुला राक्षस फौजले
गर्दछन् रखबाली यो बघैंचाको सदैब रे
१८५
अति बल्बानजोधा छन् तिनी सारा तसर्थ पो
हुन्छ भनि तिमीलाई म भन्न सक्तिन अहो !
सीताको सुनि यो आज्ञा भने पवन पुत्रले
हुनुहून्छ भने माता ! हजुमन्त्रै प्रसन्न रे
१८६
मलाई तिनको त्रास छैन हृदयमा कुनै
भन्ने निर्भयको वाणी कपिको त्यो सुनेरनै
देखेर बुद्धि र बल्मा कुशल कपिलाई ता
प्रशन्न भई सिताले भन्नु भो अनि फेरि ता
१८७

श्रीरामको चरणको मनमा गरेर
चिन्तन् निरन्तर हनुमन जाउ हेर
खाऊ मिठा फलहरू खुसीले रमाई
तिम्रो सदैव जगमा पनिहोस् भलाई
१८८

सीताको पाउमा गर्दै वन्दना हनुमानले
पसे झट्टै बगैचामा अत्यन्त खुसीसाथले
भाँच्नलागे फलै खाई वृक्षहेरू पनि सब
रखबारा थिए धेरै योद्धा त्यो वागमा तब
१८९

तिनीहरू कतिलाई मारे श्री हनुमानले
कोहि भागेर रावणको पुगीकन नगिच रे
पुकारा गर्न लागे ती हे नाथ ! एउटा ठुलो
आएको छ कपि नीच अशोक वनको धुलो -
१९०

- गरि सक्यो पसि भित्र तेस्ले सकल ध्वस्तनै
उखाडी वृक्ष फल् खायो रक्षकहरू ता सबै
माडि माडिकन भैमा पछार्‍यो मारदै प्रभो !
भन्ने यो खबरै सारा सुनी रावणले अहो !
१९१

धेरै योद्धाहरूलाई पठायो अनि त्यो घरी
देखेर ती सबैलाई पवन पुत्र बेसरी
सिँहनाद गरी गर्जे तुरून्तै अनि सबूकन
पछारे पलमै ध्वस्त गरी मारी सबैकन
१९२

बाँचेका घाइते बाँकि आए फेरि कराउदै
पठायो अनि रावणले कान्छो छोराकन उतै
अनगिन्ति लिई फौज वीर योद्धा गयो अनि
आई रहन लागेका देखेर त्यसलाई नी
१९३

उखलेर लिए एक वृक्ष पवन पुत्रले
सिंहनाद गरी त्यस अक्षयलाई फेर रे
हानीकन गिराएरै गरे यो गर्जना ठुलो
मारे राक्षसहरूलाई माडिकन गरी धुलो
१९४

कतिलाई समातेर रगडीकन ता हरे !
मिलाए रजमा , कोहि भागेर अनि फेर रे
बलवान छ त्यो बाँदर् अतिनै हे प्रभो ! भनी
चिच्याउन सबै लागे आर्तनाद गरी अनि
१९५

रावण क्रुद्ध भो मन्मा पुत्रवध सुनेर ता
बोलाएर बलवान छोरा त्यो मेघनाद ता
भन्दछ बाबु ! तेस्लाई नमारेस युद्धमा तर
ल्याएस् बाँधेर तेस्लाई हेरौं हो कुन बाँदर
१९६

भनीकन अह्राएर पठायो त्यसले अनि
बध सुनेर भाईको क्रुद्ध भो अति त्यो पनि
अद्वितियि वीर योद्धा भएको मेघनाद त्यो
तुरून्तै फौजहरूलाई साथमा लिई लड्न गो
१९७

आएको देखि बलबान भीषण वीर त्यो घरी
वायु कुमारले दान्हा किटेर पनि कट् कटि
गर्जना गरि दौडेर एक वृक्ष अति ठुलो
उखेली अनि तेसैको प्रहारैले गरी धुलो
१९८

पारे विरथ् चूणि गरी रथै पनि
लंकेश पुत्रैकन त्यो घरी अनि
त्यो मेघनादै सँगमा ठुला अरू
योद्धा थिए वीर पराक्रमीहरू
१९९

तिन्लाई पक्रेर समस्त नै अनि
दलि दलि अंग गरेर ध्वस्त नि
ती मार्न लागे सबलाई फेरि ता
मारे पछि गर्जन नै गरी ति ता
२००

भिडे इन्द्रजितै साथै मानौं ती दुइटै अहो !
मत्त हात्ती सरी लड्थे गर्जना गरि घोर पो
एक मुक्का इन्द्रजीत्लाई ठोकेर हनुमानले
मूर्छा पारी चढे रूख्मा त्यस्लाई एक छिनरे
२०१

मूर्छा आयो अनि फेरि उठेर मेघनादले
फैलायो विविध माया नाना तरहबाट रे
प्रभञ्जन सुतलाई सकेन जित्न औ अनि
ब्रम्हास्त्रको गर्‍यो सन्धान् त्यो मेघनादले पनि
२०२

कपिसले गरे मन्मा विचार ' ब्रम्ह अस्त्रले
मेरो अनिष्ठ गर्दैन वरका नै प्रभावले
मानिनै तर मैले नै भने ब्रम्हास्त्रलाई ता
अपार महिमा तेस्को अबश्य भेटिने छ ता
२०३

तसर्थ अब मैले ता नछोए पनि अस्त्रले
मान राखेर मूर्छित झैं हुनु पर्छ अबश्य रे '
त्यो मेघनादले फेरि पवन पुत्रलाई ता
हान्यो ब्रम्हास्त्र ताकेर मार्छु भनी उठेर ता
२०४

पछारिए हनुमान ढल्दामा भूमिमा पनि
धेरै निशाचरलाई मारे समरमा अनि
हनुमानलाई देखेर मूर्छित मेघनादले
नागको पाशले बाध्यो गएर अनि फेररे
२०५

बिम्झे जस्तै हनुमान भए पछि तुरून्त नै
हिड्यो लिएर तिन्लाई खुसीले मेघनाद है
सुन हे अम्बिके ! जस्को जपेर नाम मानिस
ज्ञानी हुन्छन् र संसार बन्धनहरूलाई त
२०६

काट्दछन् छिन्मै फेरि उनैको दूतलाई के ?
बन्धन्को वशमा पार्न सक्छ र पनि फेरि ए ?
स्वामीको कामको निम्ति पवन पुत्र त्यो घरी
स्वंयनै वाधिएकाहुन् अम्बिके ! हेर छल् गरी
२०७

वानर बौधियो भन्ने सुनेर खबरै पनि
दौडिए राक्षसै सारा तमासा हर्दैछौ भनि
आइ पुगे सबै फेरि सभामा दशकण्ठको
घेरेर पवनपुत्रलाई सब तिरबाट पो
२०८

रावणको सभा देखे गएर हनुमानले
प्रभुत्वता थियो धेरै भन्नैपनि सकिन्न रे
त्यहि सुरहरू सारा इन्द्रादि दिकपाल ती
सारा नम्र भई हात जोरीकन झुकेर की
२०९

क्रोधित क्रुर रावणको कुटिल भृकुटिकन
हेरेर ती थिए सारा खडा भीत भईकन
तेस्तो प्रभुत्व प्रभाव तेस्को देख्ता पनि सब
कपिको मनमा शंका भएन केहि ता तब
२१०

सर्प बथानमा जाई निशंक भई चित्तमा
जसरी गरूड बस्छ तेहि झैं गरि माझमा
बसे अञ्जनीका छोरा तिन्लाई देखँदा अनि
हाँस्यो दुर्वाच्य बोलेर खुसी भै रावणै पनि
२११

छोराको मरणै सम्झि अनि रावण चित्तमा -
भयो विसाद , औ फेरि भन्दोभो क्रुद्धभै तहाँ
तँ को होस् मूर्ख ? हे वानर् !कसको बललेगरी
तैंले मेरो बघैचा त्यो् उजाडिस् किन बेसरी ?
२१२

निश्चय हुन्छ कि यस्तो तैंले ता कानले पनि
सुनेको रैनछ मेरो नाम ता कहिल्यै पनि
तँलाई देख्दछु धेरै निशंक पनि ए म ता
कसुर के भई तैंले मारिस् राक्षस यो बता ?
२१३

बता ए शठ तैलाई बाधा छैन कि प्राणको ?
सत्य हाल बता ऐले दिनुछु माफ नै म जो
भन्ने रावणको यस्तो सुनेर वचनै पनि
तेस्लाई भन्दछन् हाँसि पवन पुत्रले अनि
२१४

दशकन्दर ! सुन जस्को पाएर बल ता अनि
रचना गर्दछिन् माया अनेक् ब्रम्हाण्डकोपनि
रावण जसको बल्ले ब्रम्हाले सृष्टि गर्दछन्
पालना गर्दछन् विष्णु संहार शिव गर्दछन्
२१५

हजारौं शिर्हुने शेष जसको बलले पनि
वन पर्वतले युक्त भएको यो समस्त नि
ब्रम्हाण्डलाई श्रद्धाले नित्य नै शिरमाथि नै
धारण् गरी रहेका छन् हे दशानन ! फेरि है
२१६

जो देवहरूका रक्षा गर्नका निम्तिमा पनि
विविध स्वरूप धारण् गर्नु हुन्छ सदैव नि
तिमी जस्ता शठैलाई शिक्षा बक्सनुहुन्छ जो
कठोर हरको दण्ड भाँच्नुभो जसले अहो !
२१७

तिमी लगायतै सारा भूपतिहरूको पनि
चुर्णै गर्‍यो मदैलाई पलमै जसले अनि
अद्धितिय बलबान खर दुषणलाई ता
मार्‍यो है जसले फेरि त्रिशिरा बालिलाईता
२१८

पाउँदा जसको बल्को लवलेश मात्र नै पनि
तिम्ले चराचरै सारा जगलाई जितेर नि
गरेका छौ सबैलाई कायल निष्ठुरै बनी
जसकि प्रिय स्त्रिलाई चोरेर तिमीले अनि
२१९

ल्याएका छौ पुरीभित्र उनैको दुत हुँ म ता
तिम्रो प्रभाव हे रावण ! सबैनै जान्दछु म ता
सहस्त्र बाहुको साथ पैले तिम्रो दशानन
समर जो भएकोथ्यो त्यो मन्मा यादछ कि?भन

२२०

बालिका साथमा युद्ध गरेर पनि फेर जो
पाएका छौं ठुलो किर्ति तिमीले बिर्सियौ कसो ?
पवन सुतको यस्तो सुनेर वचनै अनि
हाँस्यो रावण ता फेरि अल्मल्यायो कुरा पनि

२२१

लंकेशको नगीच्मा नै गएर हनुमानले
भन्दछन् यो कुरा फेरि उपहास गरेर रे
थियो हे प्रभु ! लागेका भोक खाई दिए फल
भाँचे रूख स्वभावैले कपिको भई चञ्चल

२२२

हे स्वामी ! आपन्नो देह प्यारो हुन्छ सबैकन
लागे कुमार्ग गामीले मलाई पिट्न ता भ्फन
पिटयो मलाई ता जस्ले पिटैं मैले उसैकन
बाध्यो मलाई त्यै निम्ति तिम्रो तनय गैकन

२२३

केहि छैन मलाई लाज भूपते ऐले यहा बाधिँदा
म आपन्ना प्रभुको पुरा गरननैचाहन्छु है काज ता
जोडेर दुई हात विन्ति गरछु छाडी अभिमान यो
मेरो अर्ति दशानन सुन सबै मन्मा विचारेर पो

२२४

दृष्टि देउ त वंशका उपरमा होला पछि के भनी?
वंशै नष्ट गराउनै किन तिमी सर्छौ अघाडी पनि ?
बाकिँ हुन्न कुनै पनि कुलमहाँ पानी दिने जन् पनि
होला हे पछि तो ठुलो हृदयमा तिम्लाई फेरि अनि

२२५

भक्तैका भय हरिलाई भज लौ छाडेर भ्रान्ति सब
श्रीरामका शरणै परे सकल यो छुटने छ मोहै तब
द्योता दानव आदिका सब चराचर् यो जगैलाई नै
खाने जो त्यहिकालनै बिसभुजे ! जस्का डरैले सधैं

२२६

-कायल् हुन्छ उनै भवभय हरण् गर्ने प्रभु साथमा
शत्रुता नगरे कुनै दिन पनी लंकेश यो चित्तमा
स्विकारै गरि विन्ति योअब सबै मेरो सीताजीकन
फिर्ता देऊ गई तुरून्त तिमीले ऐले खुसी भैकन

२२७

भक्तैका प्रिय औ कृपालु खरका शत्रु रघुनाथजी
शरणपर्न गयौ भने सकल नै तिम्रा ती दोषै जति
विर्सेर तिमीलाई रक्षण सदा गर्नु हुनेछ सुन
श्रीराम्को पदपद्मलाई मनमा राखी खुसी भैकन

२२८

निर्बाधा तिमी राज्य यो गर अनि लंकापुरीको पनि
रक्षा गर्नु हुनेछ राघवजीले तिम्रो सधै ता अनि
हो निर्मलशशि श्रीपुलस्त्यऋषिको किर्ति त्यहि चन्द्रमा
कलंकै नबने हरे शिव ! तिमी लंकेश यो व्यर्थमा

२२९

राम नाम बिना शोभा छैन है वाणीको पनि
छाडेर मोह मद्लाई बिचार गर यो अनि
गहनाले सजीएको छ भने पनि सब तिर
छ भने बस्त्रले हिन सुन्दरी स्त्रि पनि फिर

२३०

शोभित हुन्न है देव वैरी ! भन्दछु सत्य यो
विमुख रामजी देखि भएका सब प्राणीको
संपत्ति र अनि फेरि प्रभु ता छ भने पनि
लंकेश ! हुन्छ है नाश भैरहेको सबै अनि

२३१

पाए पनि नपाएकै हो यो मन्मा विचार पो
जुन् नदिको मूल जल युक्त हुन्न सदैव जो
त्यो बर्षा सिद्धिना साथ सुक्तछ त्यहि कालमै
प्रण् गरी भन्दछु रावण् यो हो सत्य कुरासबै

२३२

राम विमुख् हुने प्राणीहरूका निम्ति लोकमा
कोहि पनि हुने छैनन् रक्षक बुझ चित्तमा
रामको द्रोह गर्नाले तिम्लाई अब रावण
रक्षण गर्नका निम्ति आए पनि तिमीकन

२३३

सहस्र विष्णु र सहस्र शंकर
सहस्र ब्रम्हाजी भए पनि तर
बचाउना निम्ति असक्त छन् अहो !
हुनेछ सारा कुल नष्ट नै छ जो

२३४

अज्ञानबाटै प्रकटै भएर ता
दिने अनेकौं दुःख ताप पिर ता
तमोगुणि यो अभिमान नै पनि
छाडेर नित्यै मनमा रमी अनि

२३५

ती सेव्य स्वामी करूणानिधानकै
दाता तथा रक्षक लोकनाथ कै
श्रीरामलाई भज चित्तले सदा
छुट्नेछ सारा दु ःख दर्द आपदा
२३६

यद्यपी ती महावीर्ले अति नै हितकारी र
ज्ञान वैराग्य भक्ति औ नितिले पनि मिश्रीत
थिए वचन बोलेका ता पनि अभिमानि त्यो
कालको बस पर्नाले उच्चहास गरेर पो
२३७

बोल्यो सभासदैलाई सम्बोधन गरी अनि
'भेटियो गुरू पो ठुलो यो बानर ' भनेर नि
मृत्यु तेरोनगीच् आयो ए दुष्टाधम !लौ तँ जो
लागीस् ज्ञानी बनी ऐले मलाई दिन अर्ति पो
२३८

भन्दछन् पवन पुत्र तैले जे यो भनिस् अब
उल्टो हुनेछ तेसैको भनेर सम्भियो यो सब
मतिभ्रम अब तेरो भएछ दशकन्दर !
प्रष्ट जाने सबै मैले छैन सन्देह औ डर
२३९

पवन पुत्रको यस्तो सुनी वचन रावण
जंगीयो र अनि फेरि भन्न लाग्यो सभाकन
लिदैनौ किन ए भट्टै प्राण यो मूर्खको अब
आज्ञा सुनेर त्यो भट्टै तंसिई राक्षसै सब
२४०

दौडिएका थिए मार्न भनी तिन्लाई ता तहाँ
त्यसै बखतमा आपन्ना मन्त्रि लिकन साथमा
आई पुगे त्यहि भट्टै विभिषण सभामहाँ
भुकाएर शिरै तिन्ले धेरै विन्ति गरी तहाँ
२४१

मार्न आज्ञा नहोस् दूतलाई ता प्रभु यो धरी
निति विरूद्ध हो स्वामी !यो काम जगतै भरी
विचारेर कुनै दण्ड बक्सियोस् अरू ठुलो
यो सुनेर भने फेरि सभासद्ले पनि भलो
२४२

मन्त्रणा बेसहो नाथ ! हजुर्को भाईको भनी
भन्न लागे सुनी त्यो ता हाँसि रावणले पनि
भन्यो यो वानरैलाई अंग भंग गरीकन
फिर्ता पठाउनु पर्छ जावोस् यो दु ःखी भैकन
२४३

सम्भाएर सबैलाई भन्यो रावणले अनि
ममता हुन्छ पूच्छरमा वानर्लाई अतिव नी
तेसैमा कपडा बाँधी डुबाईकन तेलमा
आगोंलगाउनु फेरि नपाओस्भाग्न यो यहाँ
२४४

अधम नीच यो वानर , डडेको पूछले पनि
फर्किजाला र ताफेरि आपन्नास्वामी कनै पनि
लिएर आउला चाडै यसले जसको अब
प्रशंसा जो गरेको छ प्रभाव पनि त्यो सब
२४५

हेरौंला खुसीले भन्ने कुरा यो दशकण्ठको
सुनेर पवन पुत्र हाँसे हृदयै भित्र पो
'सहाय शारदा भैछन् जाने मैले अहो ! 'भनी
लागे ति मनमा यस्तो विचार गर्न नै पनि
२४६

आज्ञा सुनेर रावणको मूढ राक्षस्हरू सब्
आज्ञा बमोजिमै गर्न लागे काम पनि तब
पुरका घिऊ औ तेल बस्त्र बांकि रहेन है
पवन पुत्रले खेल गरे पूच्छर् बढयो अभैं
२४७

पुरवासिहरू आए तमासा हेर्न त्यो सब
लातले हानदै हँस्सि गर्दथे खूब ती तब
बज्न लाग्यो अनि ढोल बाजाहरू घनाघन
तालि पिट्न सबै लागे नाचेर खुसी भैकन
२४८

घुमाएर पुरै सारा अनि पूच्छरमा पनि
सल्काईकन ता आगो नाच्न लागे सबै अनि
आगो दन्कि सकेको नै देखेर हनुमानले
अति सानो रूप लिए तुरून्तै अनि फेर रे
२४९

सुनको छतमा उफ्रि चढेर हनुमानले
छिनमै रूप लिए फेरि भयंकर विशाल रे
भयभित भए सारा राक्षसैहरू त्यो धरी
इशवर्को प्रेरणाले नै त्यसै बखत बेसरी
२५०

तहाँ वायु उनन्वासै चल्यो अतिव वेगले
बढेर पवन पुत्र नभ सम्म पुगेर रे
अट्टहास ठुलो गर्दै गर्जिए अनि वेगले
त्यो बेलामा बल्यो आगोदन्कि अद्भूत साथरे
२५१

देह भने थियो खूब ठुलो श्रीहनुमानको
तर गाथ अनि हल्का कुसुमै सरिको भयो
यौटा महल देखि ती अर्को महलमा पनि
चढ्न लागे हनूमान दौडि दौडीकन अनि
२५२
सल्कयो शहरनै -सारा -लोक विव्हल् भए तिता
करौंडौ अग्निको ज्वाला भयानक भएर ता
चारैतिर लपेटाले लागे झम्टिन वेगले
लागे कोहाहलै गर्न राक्षसैहरू त्रासले
२५३
'बाबा ! आमा ! हाय ! ऐया मरें नि
हा ! हा ! स्वामी ! पुत्र मेरो डढेनि'
भन्ने यस्तै भारी चिल्लाहटैले
हुन्थ्यो ठुलो ताहिँ कोलाहलै रे
२५४
यस बखतमा कस्ले हामीलाई बचाउला ?
कस्को शरण पर्नाले दु:ख सारा हराउला?
पैले नै हामी साराले भनेका नै थियौ हरे !
वानर होइन यो ता कपिको रूप् धारेरं रे
२५५
आएको हो कुनै ठुलो देवता यो भनिकन
अवज्ञा संतको गर्दा यस्तै हुन्छ फलै झन
सल्कियो शहरै सारा अनाथ सरिको भई
कति भागे डढे फेरि हाम फाले गएर ति
२५६
जलाए नगरै सारा छिनमै हनुमानले
घर एक विभिषण्को केहि पनि भएन रे
अग्निलाई गरेको हो सृष्टि जस्ले उमा !सुन
उनै इश्वरका दूतलाई ता तेहि कारण
२५७
जलाएनन् हुताशन्ले अनि श्रीहनुमानले
घुमी घुमी गरी हेरी वर्कि फर्कि गरेर रे
जलाई सकल लंकालाई अनि समुद्रमा
हाम फाले महावीर भई हर्षित चित्तमा
२५८
निभाई पूछको आगो तुरून्तै हनुमानले
मारे थकाई औ फेरि सानो रूप लिएर रे
धरा नन्दिनीका सामु जोडेर दुई हात नै
खडा भए हनुमान झुकाईकन माथ नै
२५९

विन्ति गरे अनि फेरि माता ! जसरी रामले
बक्सेथ्यो चिन्ह ता आफ्नो तेस्तै आज हजुरले
मलाई दिनुहोस् केहि चिन्ह हजुरको पनि
जस्ले श्रीरामको मन्मा ठुलो शान्ति हुने छ नि
२६०
अनि सीताजीले आफ्नो शिरोरत्न चुडामणि
झिकेर दिनु भो झट्टै हनूमान कनै अनि
हर्षसाथ उठि त्यो ता लिए पवन पुत्रले
हनुमान्लाई भन्नु भो सीताले अनि फेर रे
२६१
दण्डवत विन्ति गरेर मेरो
प्रभो सब तरहबाट घेरो
पूर्ण काम हुनुहुन्छ प्रभो ता
दिनबन्धो भनने आफ्नो ता-
२६२
-पदवीलाई बचाएर भारी संकष्ट यो सब
हरण गर्दिनु होस् दिनवन्धव ! लौ अब'
हे बाबु ! तिमीले यत्ति विन्ति गरी सकेपछि
इन्द्रको पुत्रको सारा सुनाएर कथा जति
२६३
सम्झाऊ प्रभुको वाण प्रताप प्रभुलाई नै
यो मैन्हा दिन भित्रैमा भएन त सवारीनै
भने मलाई हे बाबु ! जिउँदै रघुनाथले
भन्दछु सत्य यो देख्न -पछि पाउनुहुन्न रे
२६४
हे हनुमन ! हे बाबु ! भनन तिमी नै पनि
म राखौं कसरी प्राण यस्तो कष्ट सहेर नि
भन्छौ तिमी पनि फेरि जान्छु अब भनेर ता
हुन्थ्यो शीतल यो छाति देख्दा तिमीकनै आहा
२६५
मलाई अब ता बाबु ! दिन औ उहि रात हो
बाचौं कसोरी दुर्वाच्य सहिकन कठोर को
पवन पुत्रले फेरि जानकीलाई त्यो घरी
अनेक थरिले धैर्य दिए सम्झाई बेसरी
२६६
सम्झाइकन सान्त्वना दिई अनि सीताजीका पाउमा
श्रद्धा पूर्वक वन्दना जब गरी श्रीरामका तर्फमा
फर्के वायु कुमार हर्षित भई जाँदा महाँ घोरको
आवाजै गरीगर्जिए खुब अनि गर्जन् सुनी त्यो अहो !
२६७

सारा राक्षस कामिनीहरू डरी गर्भै तुहाए कति
नाघि त्यो जलधी खुसीसित गए श्रीरामका भक्त ति
पल्लो पार तिरै कुदेर त कपि आई पुगे झट्ट नै
आफ्नो किल् किल शब्द वानरहरूलाई सुनाए सबै
२६८
देख्दा ती हनुमानलाई सब ति वानर् भए हर्षित
आफ्नो नूतन जन्म भो भनि तहाँ ठाने सबैले स्वत
तेस्तै वायु कुमारको मुख खुसी जम्मै शरीर् तेजले
झल्मल् उज्जल् दिव्य कान्तिमयनै देखेर ता हर्षले
२६९
पारेछन् सब काम सिद्ध प्रभुको भन्ने बिचारिकन
आई वानर फौज ती सकल नै भेटे खुसी भैकन
पानी हीन तलाउका छटपटि गर्ने ति माछा जल
पाए तुल्य त वानरैहरू भए सब् हर्षले विव्हल
२७०
खुसी भैकन चित्तमा सकल ती लंकापुरीको सब
नौलो हाल सबै बुझेर अनि ता भन्दै र सुन्दै तब
जानलाई भनेर रामजीतिरै लागे र आनन्दले
सारा ति मधुवन् समीप खुसीले आई पुगे फेर रे
२७१
पाई संमति झट्ट अंगदजीका वानर्हरूले सब
खाएपेट्भरिनै मीठामधु अनि फलफूल् खुसीलेतब
आई रक्षक हेरूले वरजनै लागे जसै क्रोधले
पाऊदा मुठिका प्रहार सबको ज्यादै डराई हरे
२७२
भागे तिनीहरू सारा गएर ती समस्तले
'आज मधुवनै लाई सारा श्रीयुवराजले
ध्वस्त पारिसके नाथ खाएर मधुफल् सब'
भन्दै चिच्याउने लागे सुग्रीवका नगिचै तब
२७३
सुनेर त्यो कुरा मन्मा भए हर्षित सुग्रीव
'प्रभुको काम पारेर सिद्ध वानरले अब
आए यदि सीतजीको खबर तिनीहेरूले
नपाएको हुँदो हो ता के आई तिनीहेरूले
२७४
सक्तथे फल र महै खान ती मधुवनको ?'
यस्तै विचार ती मनमा सोचि गर्दैथिए अहो !
फउजै सहितै सारा वानरैहरू हर्षले
त्यसै वखतमा आई पुगे हर्ष भएर रे
२७५

सुग्रीवको पाउमा राखे आएर सबले शिर
वानराधीश सुग्रीवले सर्बको साथमा फिर
भेटेर प्रेमले सोधे क्षेम कुशलता अनि
वानरहरूले विन्ति गरे खुसी भएर नि
२७६
कुशल्छ पाउको दर्शन् पाउनाले हजुरको
रामको करूणाले नै बिशेष काम सिद्धभो
कार्य गरे ठुलो नाथ ! यिनै श्रीहनुमानले
राखी दिए यिनैले नै सबैको प्राण मान रे
२७७
सुनेर यो कुरा सारा सुग्रीवले खुसी भई
पवन पुत्रका साथ भेट् गरे गई फेरि ति
फेरि वानर हेरूले सहित भैकन अनि
रामको नगिचै आए सुग्रीव खुसी साथ नि
२७८
खुसीभै वानरलाई जब ता रघुनाथले
त्यहा आउन लागेका देखेर भई हर्ष रे
'काम पूरागरेछन् लौ' भन्ने सम्झेर चित्तमा
अपार प्रेममा मग्न हुनु भो रामजी तहाँ
२७९
दुवै भाई रघुनाथ ठुलो फटिकको सफा
शिला माथि हुनुहुन्थ्यो राज त्यहि गएर ता
परे श्रीरामको पाउ पद्ममा सब वानर
करूणा पुञ्ज श्रीरामजीले हर्ष भएर त
२८०
भेट्नुभो प्रितिका साथ सारा वानर साथमा
सोध्नुभो कुशल क्षेम प्रेम पूर्वकले तहाँ
वानरहरूले 'नाथ हजुर्को पाउ पद्मको
दर्शन पाउँदा ऐले हामी सब्को कुशल् छ पो'
२८१
भनी विन्ति गरे फेरि अनि श्रीजाम्मबवानले
विन्ति गरे 'रघुराज ! भगवन् ! सुन्नुहोस् रे
गर्नु हुन्छ प्रभु जस्का उपर्मा करूणा प्रभो !
दिनवन्धो त्यसैलाई सर्वदा सब काल पो
२८२
रहन्छ कुशल मंगल् कृपा भवन राम ! रे
अनि तेस्माथि ता देव मनुष्य मुनि नाग रे
सर्वदा नै खुसि हुन्छन् अनि ता त्यहि प्राणिनै
लोकमा विजयी हुन्छ विनयी पनि ता ति नै
२८३

हुन्छ त्यो गुणको सिन्धु त्यसैको यशले प्रभो
उज्यालो पार्दछ नाथ ! समस्त तीन लोक यो
प्रभुको करूणाले नै काम सफल भो सब
धन्य ! धन्य ! भयो नाथ !हाम्रो जन्म पनि अब

२८४

नाथ ! जो अदुभुतै काम गरे पवन पुत्रले
आज त्यो कामको सारा बयान गर्न नाथ ! रे
सक्तैनन् शेषले सम्म ! नाथ यस्तो भनेर ता
पवन पुत्रको सुन्दर् चरित्रलाई फेर ता

२८५

प्रभुलाई सविस्तार सुनाए जाम्बवानले
मन् पऱ्यो रामलाई त्यो सुनेर सब हाल रे
प्रशन्नता भयो मन्मा अत्यन्त अनि रामले
पुलक् हर्षभई फेरि गद् गद् भैकन प्रेमले

२८६

टाँस्नुभो छातिमा आफ्नो पवन पुत्रलाई ता
सोध्नुभो अनि ता फेरि बत्स ! यो घरी हाई ता
आफ्नो प्राणको रक्षा आँफैले कष्टले गरी
भन सीता बसेको छन् कसरी जीवन धरी ?

२८७

भन्ने मिठो हुकुम यो सुनी रामजीको
जोडेर हात दुइटै शिर नै झुकि जो
प्रेम प्रफुल्लित भई निज जन्मलाई
भो धन्य ! धन्य ! भनी चित्तमहा रमाई

२८८

विन्ति गरे अनि पछि कपिले तहाँ यो
दिन रात नै हजुरका शुभनामका जो
छन् अक्षरैहरू दुवै भाई नाथ पाले
रक्षा गरीकन सदा रहने खडा रे

२८९

बन्दैछ फेरि प्रभु ध्यानरूपी कपाट
ताल्चा भईकन दुवै नजरै तहाँ त
लागी रहेछ पद पद्ममहा गएर
जाओस् प्राण कुन मार्ग गरेर फेर

२९०

हिड्ने बखतमा नाथ ! मलाई जानकीजीले
बक्सेकोछ शिरैबाट झिकि चूडामणि यी रे
यति विन्ति गरी फेरि प्रभञ्जन कुमारले
टक्र्याए रामजीलाई चूडामणि झिकेर रे

२९१

छातिमा रामले टाँस्नुभयो त्यो मणिलाई ता
पवन पुत्रले विन्ति गरे फेरि पछाडी ता
नीर भरेर हे नाथ ! दुवै नजर पद्ममा
व्याकुल्भै जानकीजीले केहि विन्ति हजुरमा

२९२

चढाई बक्सिएकोछ यसोरी रघुनाथ यो
'समातेर चरण् पद्म भाई सहित रामको
विन्ति गरि दिनु तिमूले मेरो तरफबाट यो
शरणागतका रक्षक् ! हे दिनबान्धब ! प्रभो !

२९३

मन कर्म र वाणीले आफ्नो चरणपद्मको
श्रद्धा भक्ति अनुराग गर्ने मलाई हाय ! जो
छाडी दिनुभयो नाथ ! कुन्चाहि अपराधले
दोषछ एउटा मेरो स्विकार गर्छु त्यो म रे

२९४

वियोग् हुदाँमा पनि हा ! हजुरको
गरने मेरो अति नै कठोरको
यो प्राणले नाथ ! प्रयाण झट्ट नै
मेरो छ यो दोष म मान्छु सत्य नै

२९५

तेस्मा पनि विन्ती गरौ भने अब
साँचो कुरा भन्दछु यो प्रभो ! सब
मात्रै यि मेरो पनि छैन दोष यो
मेरो दुवै लोचन हेरूको प्रभो !

२९६

स्वामी ! ठुलो हो अपराध यो सब
प्राण् जान लाग्ने बखतै महाँ तब
दर्शन् महाँ लुब्ध भएर नेत्रले
हठै गरी नाथ ! दिदैन मर्न रे

२९७

विरहै रूपि अग्नि औ अनि
शरीरै रूपि कपाश जो छ नि
उसमा पनि सास रूपि यो
समिरै चल्दछ नित्य फेरि जो

२९८

यति जम्मा हुँदा जल्ने थियो पल्मै शरीर यो
तर आफ्नो हितै निम्ति दुवै नजरले प्रभो !
जल बर्षाउनै लागी रहेछन् हा ! निरन्तर
पाउदैन शरीर् जल्न बिरह अग्निमा तर

२९९

हे बाबु ! लक्ष्मण ! मेरो कठोर वचनै सब
माफराखी दयाराखे ममाथि तिमीले अब
दुर्दैवले भकाएको हुँदामा हाय ! लक्ष्मण !
मैले दुर्वचनै बोले नजानेर तिमीकन

३००

तेसैको फल भोगेर रूदैंछु दु ःखले अब
पश्चाताप गरी बाबु कष्ट भोगेर यो सब
दाजुको साथमा बाबू ! आएर राक्षसै सब
मारी रक्षा गरे मेरो हटाई दु ःख यो अब

३०१

यस्तै नै हो सीताजीले गरेको विन्ति हे प्रभो !
भनेर ति महाँवीर्ले गरे विनति फेर यो
उहाँको अति नै ठुलो विपत्ति विन्तिके गरूँ ?
विन्ति नगर्नु नै वेस ठान्दछु मनमा वरू

३०२

दिनदयाल ! हे नाथ ! भगवन् ! सुख सागर
भई कल्प सरी एक् एक् निमेष करूणाकर
वित्न लागी रहेको छ सीताको अति दुःखले
प्रभो ! पाल्नुहओस् चाडै प्रभुको भुजवीर्यले

३०३

दुष्ट त्यो रावणैलाई जिति रानी सीताकन
ल्याउनु होस् हे नाथ ! अब चाडै गईकन
सुख भवन श्रीरामजीले जानकीको सब
सुन्नुभो दु ःखको हाल विस्तार साथलेतब

३०४

प्रभुका कमलै जस्ता दुवै नजरमा पनि
भरिएर जलै आयो आज्ञा भो रामको अनि
मन कर्म र वाणीले जस्को आधारनै म छु
स्वप्नमा पनि त्यसलाई विपत्तिहरू के कछु

३०५

हुनसक्तछ ? हे बाबु ! भन्ने आज्ञा सुनेर यो
पवन पुत्रले फेरि गरे विन्ति झुकेर जो
सम्झना भजनै मन्मा हुदैन जब नाथको
संसारभरमै ठुलो विपत्ति तेहि मुख्य हो

३०६

राक्षस् भन्ने कुराकत्रो हो र ? हे करूणाकर !
शत्रुलाई जिति सीतालाई ल्याऊ रघुवर !
आज्ञा गर्नु भयो फेरि भगवन् रामले तहाँ
सुन हे पवन पुत्र ! तिमी झैं तिन लोकमा

३०७

गर्ने मेरो उपकार देवता मुनि मानिस
कोहि प्राणी पनि छैन जान हृदय भित्र त
प्रत्युपकार तिम्रो म गरौं के भन यो घरी ?
संमुख हुन सक्तैन मन ता लाजले भरी

३०८

हे वत्स ! चित्तमा मैंले हेरे हेर विचारले
उऋण हुन सक्तिनँ तिम्रो म सुन वीर रें
भनेर यो कुरा देव रक्षक , रघुनाथले
पवन नन्दनैलाई हेर्नु भो प्रेम साथले

३०९

रामकोपद्म झैं आँखा भरि यो प्रेम नीरले
रोमाञ्चले पनि गाथ सारा भो परिपूर्ण रे
सुनेर प्रभुको वाणि मुहार हेरी रामको
हनुमानजीको देह रोमाञ्च गद् गदै भयो

३१०

त्राहि त्राहि प्रभो ! नाथ!भन्दै प्रेम विकल बनी
परे चरण पंकज्मा लठ्ठी जस्तो भएर नि
बार्बार् प्रभु तिन्लाई खोज्नु हुन्थ्यो उठाउन
अति नै प्रेममा मग्न परेका लठ्ठिइकन

३११

लाग्दैनथ्यो उठ्न मन् भक्तलाई
झुक्थे बारंबार पाउ समाई
बाहु रूपि पद्म नै रामजीको -
- थियों शिरै माथि वीर कपिको

३१२

सम्झेरै त्यो हालत ता त्यहाँको
डुब्नु भयो शंकर प्रेममा पो
अनि मनैलाई उमापतिले
सम्हालदै भन्नु भयो तहि रे

३१३

अति राम्रो कथा फेरि लाग्नुभो गर्न वर्णन
अम्बिके ?ती कपिलाई उठाई रामले झन
छाति माथि लगाएर फेरि हात समाउदै
बसाउनु भयो तिन्को मुसारी शिर सामु मै

३१४

अनि सोध्नुभयो फेरि हनुमन् !दशकण्ठका
- बाहुका बलले रक्षा गरिएकि सदैव ता
लंकाको दुर्गमै किल्लालाई बाबू कसोगरि ?
जलायौ तिमीले सारा बताउ हाल यो घरी

३१५

प्रशन्न रामजीलाई जानेर हनुमानले
निरभिमानको झट्ट बोले वचन हर्षले
उफ्रेर एउटा हाँगाबाट अर्को तिरै पनि
जानुनै यत्ति हो ठुलो पराक्रम् कपिकोअनि

३१६

नाघेर जलधिलाई सुवर्णमय सुन्दरी
लंका नगरीलाई जो जलाएँ नाथ बेसरि
निशाचरहरू मारि उजाडे वागलाई जो
प्रताप हो ठुलो यो ता सबै नाथ हजूरको

३१७

भगवन् ! करूणासिन्धो ! हे दिन वत्सल ! प्रभो !
अमानि ? मानद ? राम ! शरण् पर्दछु नाथको
खरारे ! तागतै मेरो केहि होइन त्यो सब
मलाई बक्सियो ठुलो मान ता प्रभुले अब

३१८

अनुकुल् रहनु हुन्छ जस्का उपरमा प्रभो !
दुर्गम् हुदैन त्यस् निम्ति केहिचीज पनि छ जो
प्रभु प्रतापले नाथ ! रूवाले पनि लोकमा
वड्वानलकनै भस्म गर्न सक्तछ छिनमा

३१९

सत्य छ यो कुरा नाथ ! भन्दछ वेदले पनि
सुखदायीं परम् भक्ति प्रभुको अनपायिनी
माग्दछु भगवन् ! आज म माथि करूणागरी
मलाई बक्सियोस् नाथ ! शरण् पर्दछु यो घरी

३२०

भक्तै श्रीहनुमान्का अति सरल् वाणिहरू यी सब
सुन्नु भो रघुनाथले र अनि ता खुसी भएरै तब
एवं मस्तु तथास्तु यो हुकुमभो जस्ले सबै अम्बिके !
जानेको छ स्वभाव ता प्रभुजीको तेस्लाई ता फेरी रे

३२१

छाडेरै भजनै अरू चीज कुनै पर्दैन मन् लोकमा
श्रीराम् अञ्जनि पुत्रको सकल यो संवादता चित्तमा
जस्को आउँछ तेहि नै सुजनले श्रीरामका पाउको
पाउला अनपायिनी र अचला भक्ति सुखैदायिनी

३२२

दिनवान्धव रामका वचन यी सुनी सबै वानर
लागे हर्ष भएर नाचन तहाँ जैहो भनेरै फिर
जै होस् नाथ ! दयानिधे ! हजूरको जय जयैनाथको
सौख्यै दायक रामको जय हयोस् जयै रघुनाथको

३२३

भन्न लागे जसै सारा अनि श्रीरघुनाथले
सखा सुग्रीवजीलाई बोलाइकन झट्ट रे
आज्ञा गर्नु भयो फेरि भगवान् रामले अनि
तयारी गर्नु होस् चाडो रमाना हुनु पर्छ नि

३२४

के कारणले अब गर्ने बिलम्ब मित्र यो घरी
चाडो नै पर्दछ जानु जम्मा भै फौज वेसरी
आज्ञा दिनु हओस् झट्टै वानरहरूलाई त
भन्ने यो रामको आज्ञा यस्तो कोतुक देखि त

३२५

सुरगण भई हर्षित् खूब आनन्द साथ
जय जय जय भन्दै फेरि आकाशबाट
कुसुम कलिहरूको वर्षण धेर गर्दै
जय जय जय भन्दै फर्किए दंग पर्दै

३२६

वानर पतिले झट्टै बोलाएर त्यहाँ अनि
आए सेनापति - सारा - वानर फौज नै पनि
नाना स्वरूप औ वर्ण भएका बलवान् अति
आईपुगे सबै भालु वानर फौज छन् जति

३२७

महाबलवान औ वीर वानर भालु आउदै
धमाधम् हर्षका साथ झुकेर प्रभु पाउकै
बन्दना गरदै लागे गर्जन् गर्न रमेर ती
हेर्नु भो कपिको सेना रामजीले समस्त ती

३२८

कृपासाथ दायासिन्धो राजिव नेत्र रामले
हेर्नु भो वानरलाई रमाईकन प्रेमले
बल पाएर ता राम कृपा कटाक्षको ठुलो
संयुक्त भै पखेटाले ठुल्ठुला कपिहेरू जो

३२९

मानौं पर्वत नै हुन्कि भने झैं ती भए सब
अनि ती करूणा सिन्धो दिनवान्धवले तब
आनन्द साथले गर्नु भयो प्रस्थान त्यो घरी
त्यसै बखतमा नाना थरीका पनि बेसरी

३३०

शुभ सुचक् भयो सुन्दर् सगुन सुन्दरै बनी
मंगल् गान गरी नाच्नलागे है अप्सरा पनि
मंगलकारी छ जस्को काम ता सब लोकमा
शुभ प्रस्थान बेलामां उहि श्रीरामको तहाँ

३३१

शुभ सगुन् हुनुत्यो ता नीती होअनि त्यो घरी
वाया तरफको अंग गरी फर्फर वेसरी
मानौं सुचन् दिएका नै हुनाले जानकीजीले
थाहा पाउनु भो मन्मा राम प्रस्थानलाई रे

३३२

शुभ सगुन जो हुन्थ्यो सीताजीलाई त्यो सब
- सगुन रावणैलाई असगुन भयो तब
चल्यो फौजहरू सारा तेसको वर्ण नै गरी
पार को पाउला ? तेस्तो प्राणि छैन जगत्भरी

३३३

अपार वानरै भालु गर्जना गर्दथे पनि
नंग्रा रूपि हतियार भएका वानरै अनि
भालुहरू रूखै फेरि लिई पहाड हातमा
गगनपथ औ फेरि भूमीका मार्गले त्यहाँ

३३४

इच्छानुसारले जान्थे वानर भालु घोरको
सिंहनाद गरी सारा उफ्रन्थे गर्जिएर जो
चित्कार गर्दथे दिग्गज्हरू त्यो शब्दलेडरि
कम्प भई भूमि मण्डल् गर्थे डग् मग् बेसरी

३३५

छल्कन्थें सागरै -सारा -दिग्गज् चित्कारगर्दथे
दु :ख हट्यो भनी देव चन्द्र सूर्य समस्त रे
किन्नर मुनि औ नागहरू मन्मा अतिव नै
खुसी भै नभमा नाचि गर्दथे जयकार नै

३३६

करौंडौं ठुल्ठुला वीर वानरहरू हर्षले
दान्हा किटेर दौडन्थे अति नै वेग साथले
- जय भन्दै रघुवीर्को प्रवल प्रताप . किर्तिको
गुणको गर्दथे गान अवधेश खरारीको

३३७

नसकेर ठुलो भार थाम्नलाई दु :खीत भै
बार्बार मूर्छितै हुन्थे शेषनाग ढलेर नै
बारंबार् कूर्मको पीठ्मा दाँतले पनि वेसरी
समाल्न पुग्दथे शेष धर्मराएर तेस् घरी

३३८

त्योअबस्था त कुन् रित्लेहुन्थ्यो शोभितनै भने
मानौ अनन्तले रामजीका सकल ती हुने
रण् यात्राको परम् सुन्दर् यश प्रशस्ति नै सब
लागेका हुन्कि है लेख्न कूर्मको पीठ मै तब

३३९

करूणा सागर राम एवं तरहले अनि
पुग्नुभो सागरै तिर्मा जाँदा जाँदा हिडेर नि
वीर वानर औ धेरै भालु वीरहरू पनि
यत्र तत्र फलै खान लागे उत्रेर ता अनि

३४०

अनि उतातिर जैले देखि लंकापुरी पनि
जलाएर हनुमान हिडथे खुसीले अनि
रहन्थे राक्षसैहेरू सशंकीत् त्यहि देखि नै
आपन्ना आपन्ना घरैभित्र बसेर अतिदु :खभै

३४१

'अब राक्षसका कुल्को रक्षा छैन ' भनीकन
विचार गर्दथे यस्तो सारा आतश भैकन
' जसका दुतको बल्को पनि वर्णन गर्न ता
सकिदैन उनै फेरि आए यो पुरभित्र ता

३४२

भनेलौ कसरी होला भलो नगरवासिको ? '
भन्दै यस्तै कुरा गर्थे आफुस्मा डरदै ति जो
आपन्ना दूतिहरूबाट नगरवासिको सबै
कुरा सुनेर त्यो सारा मनमा अति आतिदै

३४३

मन्दोदरीभइन् व्याकुल् अतिचिन्तित भै तिनी
हात जोरेर स्वामीको परिन् चरणमा पनि
नीतीको रसले पाक लागेको अति नै मिठो
वचनै बोल्न लागीन् ती गरी विनयी फेरि यो

३४४

कान्त ! छाडी दिनुहोस शत्रुता हरि साथमा
परन्तुमा हितै गर्ने कुरा मेरा समस्त ता
मनमा राख्नु होस् स्वामी !जसका दूतले प्रभो
गरेको सम्झिदा काम- सारा राक्षस वर्गको

३४५

गृहिणिहरूको गर्भ तुहिन्छ डरले गरी
तिनुकै नारी सीतालाई अब हे नाथ ! यो घरी
खोज्नु हुन्छ भने आपन्नो भलो यदि हजूरले
मन्त्रिहरूकनै डाकि तिनैका साथ झट्ट रे

३४६

पठाई दिनुहोस् सीतालाई प्राण ! हजुरको
कुलरूपि पंकज वन्को दु :खदायी सीता त जो
आईन् हेमन्तको रात्री तुल्य बनिकनै प्रभो !
ऐले पनि छ है बेला फिर्ता गर्दिनु होस् यो

३४७

नदिइकन सीताजीलाई हे प्रियतम् ! शुभ -
- हजुर्को शिव ब्रम्हाले गरेनै पनि ता खुब
हुन सक्तैन हे भर्ता ! मेरो सुन्नु हओस् कुरा
सर्पका तांति जस्तै छन् रामका वाण ता पुरा
३४८
भ्यागुता सरिकै हुन है हाम्रा राक्षस फौज यो
ग्रास गरन लाग्दैन जहाँ सम्म समस्तको
हठ छाडेर त्या भन्दा पैले नै प्रभुले सब
जतन् गर्नु होस् प्यारा ! पाउ पर्दछु लौ अब
३४९
अनि त्यो मूर्ख रावणले रानी मन्दोदरीजीको
वचन कानले सारा सुनेपछि त फेरि जो
घमण्डि लोक प्रख्यात त्यो हास्यो र त्यहाँ अनि
लाग्यो भन्न भिरू हुन्छ स्वभाव नारीको पनि -
३५०
- भन्ने कुरा सबै साँचो हो मन तिनीहेरूको
कच्चाहुन्छ अति कायर् हुन्छन् शंकालु भिरूपो
मंगलोदय बेलामा पनि ता डर्दछन् हरे !
आए भने पनि फेरि सब वानर फौज रे
३५१
विचारा राक्षसैहेरू बाँच्ने छन् खाई ती सब
जसका डरले सारा लोकपाल पनि अब
काँप्तछन् थर्थरी आज उसैको स्त्रि पनि हरे
डराउछे नर भालु वानरै देखि हेर रे
३५२
हाँसोको हो कुरा यो ता यस्तो भनीकनै अनि
हाँसि मन्दोदरीलाई प्रेम पूर्वकले पनि
आलिंगन गरी खूब ममता साथमा अनि
खुसी साथ गयो रावण् सभा भवनमा पनि
३५३
मन्दोदरी मनै भित्र गर्थिन् चिन्ता अपारको
' विपरित भयो दैव स्वामी माथि ' भनेर पो
यतातिर अनि रावण् सभा भवनमा गई
बस्नासाथ सुन्यो तेस्ले खबर पनि यो सहि
३५४
' उता सागरको तीर्मा भालु वानर वीरको
ठुला सेनाहरू साथ दुवै राजकुमार जो
आई पुगी सके ' भन्ने सुनेर मन्त्रिहरूको
साथमा मन्त्रणा गर्न लाग्यो सोच गरी ठुलो
३५५

'बताऊ उचितै मन्त्र ' भनेर मन्त्रि साथमा
सोद्ध थ्यो रावण धेरै पर्दै सोच विचारमा
ती मन्त्रिहरूले हाँसि भन्न लागे यसोरि यो
चूपचाप राजहोस् नाथ ! प्रभु आनन्द साथ पो
३५६
देव दैत्य सबैलाई जित्नु भो ता पनि प्रभो !
परिश्रम ठुलो केहि परेन प्रभुलाई जो
यी नर वानर भालु छन् फेरि कुन गिन्तिमा
खाएरै पनि यिन्लाई सक्तछौ स्वामी ! हामी ता
३५७
सुन हे गिरिजे !मन्त्रि गुरू औ फेरि वैद्यले
आसले होस वा फेरि मनमा डरी त्रासले
बोल्न लागे भने मीठो मात्रै राज्य शरीर औ
धर्म यी तीन चीजैको चाडै नै हुन्छ नाश लौ
३५८
तिनीहरू नै दशमुखका हरे !
थिए वनेका पनि ता सहाय रे
साँचो कुराको नगरी विचार ता
मन्साय हेरिकन बोल्दथे ति ता
३५९
स्तुतिहरू रावणको समस्तले
गर्थे सबै साथ मिलेर मस्तले
आए बिभिषण् अनि जानि औसर
झुकाई पाउ बिच माथ झट्ट र
३६०
प्रणाम गरदै दाजु रावण्को चरणै महाँ
झुकाएर शिरै आफ्नो बसे आसन बीचमा
आज्ञा पाए पछि बोले अनि यो बचनै तहाँ
सोधेको नै हुदाँ मेरो साथमा अब मै यहाँ
३६१
हे कृपालो ! पिता ! आफ्नो बुद्धिको अनुसारले
हित् कुरा गर्दछु विन्ति दाजै पाउ परेर रे
जो व्यक्ति लोकमा बुद्धि सत्किर्ति सद्गति अनि
कल्याण सुख चाहन्छ विविध थरिको पनि
३६२
भने त्यो जनले नाथ ! चतुर्थीका शशि सरी
ललाट परनारीको त्याग्नु पर्दछ है डरी
चौधै भुवनको एक मालिक होस ता पनि
प्राणीको गर्दछ द्रोह भने यो नाश हुन्छ नि
३६३

गुण सागर नै जो ता होसियार पनि छ जो
लोभ भयो भने केहि तेसलाई पनि प्रभो !
भन्दैन कोहिले फेरि त्यसलाई भलो भनि
काम क्रोध मद लोभ मार्ग हुन् नर्कको पनि
३६४
छाडेर यी सबैलाई जस्लाई सुजनै सबै-
- भज्दछन् भज्नुहोस् नाथ ! अब ता उहि राम नै
होइनन् नरका मात्रै नरेश रघुनाथजी
ती हुन् ब्रम्हाण्डकै स्वामी कालका पनि काल ति
३६५
भगवन् अज औ अनामय
अजीत व्यापक औ दयामय
ती त ब्रम्ह अनन्त औ अनि
प्रभु हुन् फेरि अनादि नै पनि
३६६
सोहि श्रीकरूणानिधान प्रभुले पृथ्वी र गाई अनि
द्यौता औद्धिजहेरूका गरनका निमित्तमा हित् पनि
इश्वर्नै नर रूप धारण गरी ऐले धरा लोकमा
बस्नुहुन्छ लिला गरेर भगवान् मानिस् सरि भैयहाँ
३६७
दाजू !सज्जनका रञ्जन् दुर्जन्का भञ्जनै तिनी
वैदिकै धर्मका पालक् नीती निपुण नित्य नि
दाजू सुन्नुहोस मेरो वाक्य यो हितकारी हो
वैरभाव प्रभुसाथ नगरौं विन्ति भन्छु यो
३६८
शरणागत प्राणिको सब थरि दु:ख छरण् गर्दिने
नम्र कोमलबानी छ प्रभुजीको सब्लाई सुख्ख दिने
बिना कारण प्राणी माथि गरने प्रेम मद भञ्जन
भज्नुहोस् उहि रामलाई अहिले चित्त गरी रञ्जन
३६९
दाजै !जानकीलाई सुम्पि दिनुहोस् जस्लाई सम्पूर्ण यो
लोक्को द्रोह गरे सरी कठिनको सारा थरि पाप पो
लागेको छ भने पनि शरणमा पर्दा अझै रामले
गर्न हुन्छ दया सदैव उसमा त्याग गर्दिनु हुन्न रे
३७०
नाश्गर्ने त्रयतापलाई छिनमै जस्को लिँदा नाम नै
उत्पित्ति हुनुभो उहि निरगुण ब्रम्ह यहि लोक मै
दाजै ! सम्झनु होस यो हृदयता मेरो कुरा नाथ रे
बारंवार म पाउ पर्दछु अनि गर्दै त विन्ति हरे
३७१

छाडेर मदमान मोह पनि ता कोशल्पति रामको
भजन् गर्नु हओस् नित्य शरण पर्दै हजुर्ले प्रभो
फिर्ता गर्दिनु होस दाजु खुसीले सीताजीलाईपनि
आर्त भैकन पर्नु होस् शरणमा श्रीरामजीकै अनि
३७२
हे दाजु ! यो कुरा सारा हाम्रो बाबा पुलस्त्यले
आफ्नो शिष्यको हात मलाई यो भनेर रे
पठाउनु भएको हो मौका असल जानी यो
गरें तुरून्तनै मैले प्रभुमा नाथ ! विन्ति यो
३७३
माल्यवान भनी मन्त्रि थिए जो निपूण अति
तिन्ले विभिषणैजीको कुराहरू सुनेर ति
अतिनै मनमा सुख्ख मानेर भन्दछन् अनि
हजुरको भाई नितिका गहना हुनुहुन्छ नि
३७४
विभिषण्ले त जुन् विन्ति गर्नुभो त्योकुरा सब
धारणा गर्नु होस् मन्मा प्रभुले पनि ता अब
सुनेर त्यो कुरा सारा भन्यो रावणले अनि
यी दुवै अधम ऐले भएर निडरै पनि
३७५
गर्दछन् रिपु उत्कर्ष गरेर तारिफै अहो
ए यहाँ कोहिछ आई हटाऊ अब झट्ट यो
भन्ने रावणको यस्तो सुनि दुर्वचनै ती रे
माल्यवान गए घर्मा फेरि विभिषणजीले
३७६
विनति गरनै लागे जोडेर हात हे प्रभो. !
सुमति कुमति हुन्छ सबैको मनभित्र जो
रहन्छ सुमति जाहाँ ताहाँ विविध भाँतिका
रहन्छन् संपति सारा भेल सरी भई सदा
३७७
जहाँ कुमति रहन्छ त्यहा परन्तुमा प्रभो !
हुन्छन् विपत्ति नै धेरै भन्छन् वेद पुराण यो.
प्रभुको हृदयै भित्र सुमतिको विरूद्ध भै
दाजु बसिरहेको छ अचल् भै कुमतिम सधैं
३७८
तसर्थ सम्झनु हुन्छ हितलाई अहितै प्रभो !
दुश्मन माथिको प्रिति नाशकारण हुन्छ पो
जुन् सीता राक्षसै कुल्को संहारका निमित्तमा
हुन् काल रात्रिनै तुल्य तिनूमा नै प्रभु चित्तमा
३७९

गम्भिरको प्रिति छ खूब ता हरे !
पाऊ समातिंकन दाजु ! आज रे
पाऊ परि गर्छु पुकार आशले
मंगल् चिताई कन सर्वदा म रे

३८०

मेरो दुलारको बाबा ! रक्षा गर्नु अहोस् सब
दाजु ! फिर्ता दिनु होस रामलाई सीता अब
हुने छैन अहित् त्यस्ले सत्य भन्दछु नाथ !यो
एवं रित्ले विभिषण्ले सारा वेद पुराण को

३८१

विद्वानहरूले सारा गरेको संमति पनि
गरी विस्तार नीतिको वाणि विन्ति गरे अनि
सुनेर यो कुरा सारा उठि रावण क्रोधले
भन्छ तेरो नगीच् आई पुगे रे खल !काल रे

३८२

मैले बचाउँदा दुष्ट !बाँचेको छस् तँ सुख्खले
तँलाई शत्रुकै पक्ष मन् पऱ्यो हाय मूढ रे
आपन्ना बाहुका बल्ले मैले जस्लाई लोकमा
जितेको छैन रे दुष्ट !त्यस्ता प्राणि पनि कहाँ ?

३८३

कोछ लौभन् अधम् !मूढ !भन्दैनस् किन योघरी
बसेर राज्यमा मेरे तपस्वि माथि वेसरी
गर्दछस् प्रिति जा मूढ ! मिल् उसैं साथमा अब
उस्लाई नै बता नीती ' भन्दै क्रुद्ध भई तब

३८४

बारंबार लातले हान्यो भाई विभिषणजीले
समाति चरण शिर राख्दथे पाउ माथि रे
खराब गरने माथि भलाई गर्छ जो जन
महत्व यहि हो सन्तहरूको अम्बिके ! सुन

३८५

विभिषण्ले गरे विन्ति प्रभु मेरा पिता सरी
हुनुहुन्छ ममा लात हाने ता पनि यो घरी
विन्ति गर्दछु हे नाथ ! सेवाले रामचन्द्रको
हजुर्को हित छ लोक्मा भन्दछु सत्य वातयो

३८६

यति वीन्ती गरी आपन्ना मन्त्रि साथ लिइकन
गएर नभ बाटोमा सुनाएर सबै कन
अनि तिन्ले भने यस्तो सत्य संकल्प रामजी
समर्थवान् हुनुहुन्छ हजुर्को यो सभा जति

३८७

काल्को वश्मा परेकाछन् अब म रघुनाथको
जान्छु शरणमा दोष ममा नदिनु होस यो
हिडे विभिषणै यस्तो भनेर खुसीले जब
सबैको क्षिण भो आयु तुरून्तै अम्बिके ! तब

३८८

अवज्ञा साधुको दुर्गे ! गर्नाले ता तुरून्त नै
हानी गर्दछ कल्याण मंगलको समस्त नै
विभिषण्को गऱ्यो त्याग जैले त्यो दशकण्ठले
त्यो बेला देखि निर्धन् र भयो अभागी दुष्ट रे

३८९

विभिषण भई हर्षित् मन्मा विविध भाँतिको
हिडे मनोरथै गर्दै जान राम समीप पो
'गएर अब ता कोमल् सेवक सुखदायक
देख्नेछु चरणपद्म नयनानन्द दायक

३९०

ऋषि पत्नि तरिन् जुन चरणको गर्दा महा स्पर्श त
त्यो दण्डक्वनलाइ जुन् चरणले पाऱ्यो पवित्रैस्वत
सीताले जुन पाउ पद्मकन ता आपन्नो मनै पद्ममा
राखेको छ निरन्तरै मगन भै ध्यानै गरी चित्तमा

३९१

पाउ पंकज जुन् उमापतिजीका मानस् सरोवर् महा
पद्मैहुन् म तिनै चरण् कमलको यै नेत्रले आज ता
देख्नै पाउँछु धन्य भाग्य अहिले मेरो सुफल् जन्म भो
जस्का ती दुवै पादुका भरतजी श्रद्धालु भै नित्य पो

३९२

चित्तैलाई लगाई हर्दम पूजा प्रेमूले सदा गर्दछन्
ऐलेगै म तिनै चरण्कमल ता यै नेत्रले आज झन्
देख्नेछु खुसी साथ ' यहि रितले प्रेमी भई चित्तमा
इच्छा यो गरदै विभिषण छिटो समुद्रको पारमा -

३९३

- आई पुगे ती कपिहेरूले अनि
आई रहेका ति विभिषणै पनि
देखेर ता राक्षसका कुनै ति ता
सम्झेर ठूला दूत हुन् विचारी ता

३९४

राखेर विभिषण्लाई तिनी सारा छिटो पनि
आई सुग्रीवका सामु सुनाए हाल त्यो अनि
सुग्रीवले सुनि हाल गरे विनिति राममा
सुन्नुहओस हे नाथ ! भाई रावणको यहाँ

३९५

आएको छ हजुर्लाई भेट्नाका निम्ति रे यहाँ
भन्ने विन्ति सुनि यस्तो आज्ञा भो रामले तहाँ
चाहन्छ सोध्नुहोस् के त्यो ?गएर हे सखे !अब
यस्तो आज्ञा सुनि फेरि सुग्रीव भन्दछन् तब
३९६

राक्षसहरूको माया सकिन्न जान्न हे प्रभो !
इच्छानुसारको सक्ने रूप् लिन धूर्तयी अहो !
कुनकारणले आयो आज यो ता रघुपते !
हाम्रो भेद लिनै दुष्ट आएको हो अवश्य रे
३९७

बाँधेर पर्दछ राख्नु यस्लाई यहि मन्त्र नै
लाग्यो मलाई ताँ ठिक भन्ने विन्ति सुनेर नै
आज्ञा गर्नु भयो फेरि त्यहा श्री रघुनाथले
विचार गर्नु भो उत्तम हे सखे ! नीतीका यी रे
३९८

तर मेरो प्रतिज्ञा छ शरणगत मात्र को
संसारका भय सारा हरण गर्दिने र जो
सुनेर प्रभुको आज्ञा भए हर्ष हनूमन
अनि विचार यो तिन्ले गरे मन्मा गुनिकन
३९९

'हुनुहुन्छ रघुनाथ शरणगत वत्सल
कैल्यै पनि कसैलाई गर्नु हुन्न निराश ल
आपन्नो दुश्मन नै हो कि भन्ने तर्क गरीकन
शरणागतको जस्ले गर्दछन् त्यागता भन
४००

मूर्ख हुन् पापी ती प्राणी तिन्लाई हेरदाँ पनि-
-हानी हुन्छै अनि आज्ञा गर्नु भो रामले पनि
करोडौं ब्रम्ह हत्याको पाप जस्लाई लोकमा
लागेको छ. त्यहि प्राणी मेरो शरण पाउमा
४०१

आयो भने पनि मित्र! छाड्दिनँ त्यसलाई म
प्रण छ सत्य यो मेरो ती हुन्छन् अनि मै सम
जब जीवहरू हुन्छन् मेरो सन्मुखभा सखे!
तेसै बखतमा कोटि जन्मका पाप ताप रे
४०२

नष्ट हुन्छन् डढी सारा है सखे पापीको सब
जन्मसिद्ध स्वभावै यो हुन्छ की तिनको तब
कैल्यै पनि भजन् मेरो मन पर्दैन हा ! हरे!
दुष्ट चित्त हुदोहो ता यदि त्यो ता ?कठै सखे
४०३

मेरो संमुखमा त्यो ता आउँथ्यो र यहाँ किन
जो प्राणि निर्मल चित्त हुन्छ त्यै मात्रनै जन
मलाई पाउँछ मित्र ! मलाई प्राणीहेरूको
मन पर्दैन केहि त्यो कपट् छल् छिद्र हेरू जो
४०४

भेद लिन पठाएको होस त्यो दशकण्ठले
तथापि भय लौ हनानी छैन केहि कपिश रे
सखे ! निशाचर सारा जति छन् जगतै भरी
ती सारालाई नै भाई लक्ष्मणले अधि सरी
४०५

पलमै सक्तछन् मार्न यो तिमी सोच चित्तमा
भयभित भई त्यो ता यदि मेरा शरण् महाँ
आएको नै भए फेरि त्यसलाई प्राणकै सरी
रक्षा गरेर राख्नेछु हर्दम अफ वेसरी
४०६

दुवै किसिमले ल्याओ त्यसलाई गई अब
यस्तो आज्ञा भयो हाँसि कृपाभवनको तब
'जय जय कृपासिन्धो ! रामजीको ' भनीकन
अंगद पवन पुत्र सहित वानरै गण
४०७

हिडे लिन भनि सारा आदर साथले अनि
अघि अघि लगाएर विभिषण कनै पनि
जहाँ राज हुनुहुन्थ्यो कृपा सागर रामजी
त्यहि आए कपि भालु तिनलाई लिएर की
४०८

विभिषणैले अनि दूरवाट नै
देखे दुवै लोचनलाई खास नै
आनन्द दानै गरने दुवै प्रभो !
भाई रघूनाथजीलाई ता अहो !
४०९

नगीचबाटै अनि फेरि सुख्ख र
शोभाहरूका भवनै रघुवर
देखि पलक् सेकि अचल् बनेर ता
खडा रहे चित्र सरि अडेर ता
४१०

लामा लामा बाहु दोटै विशाल
सुन्दर् अचल् देखिने नित्य लाल
आँखा राम्रा शरणागत जन्का
भय हर्ने गाथ श्यामै गजब्का
४११

सांढेको भैँ काध पुष्ट विशाल
चौडा छाति चित्त हर्ने विहाल
शतकोटि मदनका सरी त
मुहारको कान्ति जो छ अमि त
४१२
देव दुर्लभ श्रीरामलाई देखि विभिषण
नयन दुइमा आँसु भरिएर अनेकन
प्रेमले पूर्ण भो फेरि सारा शरीरमा पनि
रोमाञ्चित भयो भक्ति उब्ज्यो चित्तमहा अनि
४१३
धरी धैर्य वचन् शुद्ध कोमलै मधुरो पनि
वाणि विभिषणैजीले बोले श्रीराम साथ नी
हे कृपालो ! म ता भाई रावणको हुँ अवश्यता
दयालो म शरण् पर्छु आएँ शरणमा म ता
४१४
मेरो जन्म भएको छ राक्षस भेषमा प्रभो !
तममा प्रेम गर्ने यो मेरो देह उलूकको -
- समान पापमा प्रेम गर्ने तामसि हो प्रभो !
हे भवका भय भञ्जन् कानूले नाथ हजूरको
४१५
सत्किर्ति सुनिआएको हुँ म हे करूणामय !
शरणागत सुख्कारी ! ताप हारी ! अनामन !
हे राम ! असुरशत्रो !त्राहि त्राहि दयानिधे !
सुरत्राता ! शरण् पर्छु हेर्नु होस मलाई रे
४१६
यस्तै भन्दै भुमि माथी लठ्ठिठ जस्तो भइकन
वन्दना गर्न लागेका प्यारा भक्त विभिषण -
- लाई देखेर अत्यन्त हर्षित् भैकन रामजी
तुरून्त उठ्नु भो तिन्का सुन्दा दिन वचन ती
४१७
प्रशन्न प्रभुको चित्त भयो विशाल हातले
समाति हृदयै माथि लगाई अति प्रेमले
भेट्नु भो तिनका साथ भाई सहित भै अनि
तिन्लाई रामले प्रेम्ले राख्नु भो नगिचै पनि
४१८
भक्त भव भय हारी भगवान् खरारीले
आज्ञा गर्नु भयो फेरि मीठो कोमल वाणिले
कुशलै छ तिमीलाई परिवार सहितमा ?
हे लंकेश ! भन आपन्नो हाल तिमी सबै यहाँ
४१९

कुठाममा छ है वास तिम्रो मित्र !तिमी सधै
दिन रात दुष्टहेरूको हुलमा बस्दछौ कठै !
गर्दछौ तिमी निर्वाह कसरी धर्म आफनो
म साराजान्दछु तिम्रो रित रिवाज जो छ त्यो
४२०
निपुण छौ तिमी धेरै नीतीमा तिमीलाई ता
अनिति मन पर्दैन भन्छु सत्य कुरा यि ता
वरू नरकको वास हुन्छ हेर सधै भरी
नदेओस् दुष्टको साथ विधाताले कुनै घरी
४२१
प्रभुका वचनै यस्तो सुनी विभिषणैजीले
विन्ति गरे दुवै हात जोडी शिर झुकाई रे
'रघुनन्दन ! हे राम ! प्रभुका पाउ पद्मको
पाउनाले प्रभो !दर्शन सम्झि सेवक फेरि जो
४२२
गर्नाले प्रभुले ठुलो करूणा हे दयानिधे !
अब सुख्ख क्कुशल् मंगल कल्याण छ मलाई रे
शोक निवासका नाना कामनाहरू ती सब
छाडेर प्राणीले 'राम' भन्दैन है जहाँ तक
४२३
जीवलाई तहाँ सम्म हुदैन कुशलै पनि
स्वप्नामा पनि ता मन्कोहुदैन शान्तिनैअनि
जहाँसम्म धनुर्वाण धरेर कर पद्ममा
कृपा भवन ! हे राम! ठोक्रो भिरेर काध मा
४२४
हृदयै कमलै भित्र बस्नु हुन्न हजूर ता
त्यहाँसम्म दयासिन्धो ! प्राणीका मन भित्रमा
मोह मद् लोभ सात्सर्य मान इत्यादिका सब
विविध थरिका दुष्ट बस्दछन् मनमा तब
४२५
प्राणीका हृदयै भित्र जहाँसम्म हजूरको
प्रताप रूपि भास्कर्को हुदैन उदयै प्रभो !
त्याहाँसम्म रघुनाथ ! राग द्वेष रूपि सब
उलूकलाई आनन्द गर्ने यौवन् रूपि तम -
४२६
- रात्रीको ममता रूपी रहन्छ अन्धकार त्यो
कौशल्यानयनानन्द ! हजूर्का पाउ पद्मको
दर्शनै पाउँदा मेरो भयका भार मेटिए
कुशल छ अब ता मेरो भवका भय नासिए
४२७

रहनुहुन्छ जो माथि प्रभु अनुकुलै सधैं
दिनदयाल तेस्लाई त्रिविध तापले सबै
सांसारिक् दु:खले व्याप्तगर्नसक्तैन हे प्रभो !
म हुँ राक्षसीको पुत्र अति नीच स्वभावको
४२८
गरेको थिइन मैले शुभ कर्म कुनै कतै
मुनिको ध्यानमा जस्को स्वरूप आउदैन है
उनै श्रीरामजीले नै हर्षित् भैकन चित्तमा
लगाउनु भयो आज मलाई हृदयै महाँ
४२९
हे राम ! सुखका पुञ्ज !हे कृपामय ! हे प्रभो !
अत्यन्तै अतुल मेरो भाग्य ठुलो रहेछ जो
जुन त्यो पाउ पंकज्को ब्रम्हा र शंकरजीले
गर्नु हुन्छ सदा सेवा तिनै चरणलाई रे
४३०
यिनै नयनले देखें भएँ धन्य म ता प्रभो !
छुटेर भवको रोग दूर भो त्रयताप जो
अनि श्रीरामले आज्ञा गर्नु भो हे सखे ! सुन
आफ्नो स्वभावको वर्ण तिम्लाई अब गर्छु म
४३१
शम्भु र पार्वति फेरि प्यारा काक भुसुण्डिले
स्वभाव जान्दछन् मेरा यथार्थ सत्य फेरि रे
गर्छ भने पनि द्रोह चराचर् लोककै यदि
भयभित भई मेरो ताकिकन चरण् दुई
४३२
त्यागिकन मदमोह छल दम्भहरू अनि
मेरै शरणमा पर्छ भने त्यसलाई ता म नि
बनाई दिन्छु साधु र सत् प्राणी त्यहि काल मै
भव भय हरी सारा दिन्छु म अभयै सधैं
४३३
आमा बाबु तथा दाजु भाइ इष्ट र मित्रता
नारी पुत्र तथा द्रव्य आवास र कुटुम्बमा
बन्धुवान्धव आफन्त जो जो छन् जे जतिअरू
यी सबैमा गढेको जो ममता वासनाहरू
४३४
मोह र ममता रूपि बढेको जो विशाल छ
धागोलाई बटुलेर खुसीले गरि निश्चित
डोरी नचुँडीने बाटि कसेर अति नै ठुलो
रामाश्रय रूपि खम्बा मेरा नै पादपद्मको
४३५
बनाई दृढ विश्वास गरेर मन चित्त नै
बाँधि हृदयको मैलो फालेर दूर दूर नै
समदर्शी बनी मन्मा हर्ष शोक भयादिक
आउनै नदिई नित्य गरी ईश्वरको जप
४३६
नभएका कत्ति इच्छा यस्ता सुजनहेरू ति
बस्छन् भने कसोरी ता मेरो हृदय भित्र की
लोभीको मनमा बस्छ जसरी धन ता सधै
सोहि रित्ले सदा बस्छन् बुझ्न्यो यो सत्यही सबै
४३७
अतिनै प्रिय छन् मेरा सुजन तिमी झैं सधैं
अरूको निम्तिमा मैले धर्दिन शरीर कवै
सगुणका उपासक् छन् जो सदा पर हितमा
तत्पर्छन् फेरि जो नीती अनि नियम धर्ममा
४३८
दृढ विश्वास राखेर जसको मन ता सधैं
श्रद्धापूर्वक ब्राम्हणको भज्दछ पाउ पद्मनै
त्यस्ता मानिस ता मेरा चित्तमा प्राण झैं प्रिय
लाग्दछन् लोकमा साँचो यो वाणि बुझ निश्चय
४३९
हे लंकेश ! सुन मित्र ! पुर्वोक्त गुण ती सबै
तिमीमा छन् विभिषण् त्यो त्यसैकारणले सधैं
तिमी अत्यन्त प्यारा छौ मेरो , यो रघुनाथको -
- आज्ञा सुनेर त्यो सारा समाज कपि वीरको
४४०
कृपा समूह श्रीरामजीको ' जय जय ' भनी
जयघोष गरे ठुलो मनमा हर्षितै बनी
सुनेर रामको वाणि अघाएनन् विभिषण
कानको अमृतै सम्झे तिनले त्यो कुरा कन
४४१
चरण पंकज लागे बारंबार मुसारन
अटाएन परप्रेम तिन्का हृदयमा झन
विन्ति गरे विभिषणले हे देव !हे दयानिधे !
प्रणतपाल !हे नाथ ! चराचर्लोकस्वामी ! रे
४४२
हृदयान्तर यामी !हे देव !सुन्नुहओस् यो
मेरो हृदयमा पैले केहि ता वासना थियो
अब सकल त्यो नाथ !प्रभुका पादपद्मको
प्रेम रूपि नदिमाहा बग्यो नष्ट भएर यो
४४३

शिवजीको मनैलाई मन्परेकी अतिव नै
मलाई परम पावन् प्रभुको भक्तिनै सधैं
बक्सियोस रघुनाथ ! हे दयालो !अब प्रभो
भन्ने विभिषणैजीको ठुलो विन्ति सुनेर यो
४४४

रणधीर प्रभुजीले 'तथास्तु' भन्नु भो अनि
जल सागरको झट्टै मगाउनु भयो पनि
आज्ञा भयो अनि फेरि यद्यपी तिमीलाई ता
इच्छा छैन सखे !केहि तथापि भन्छु सत्य ता
४४५

अमोघ् छ दर्शनै मेरो जान यो मनमा अब
यस्तो आज्ञा गरी फेरि अत्यन्त हर्ष भै तब
दिनु भो विभिषण्लाई राज तिलक त्यो घरी
नभबाट पनि बर्षा भयो सुमन वेसरी
४४६

रावणको आफनै स्वास रूपि
हावाले नै जो बढेको अतिं कि
क्रोधाग्निले दन्कि भीषण् भएर
लागेका ती जल्न दग्धै भएर
४४७

विभिषण्को प्रभुजीले गर्नुभो रक्षणै अहो !
अटल राज्य नै फेरि तिन्लाई बक्सनुभयो
यस्ता दयालु श्रीरामलाई छाडेर जो नर
अरूको भजन गर्छन् ति हुन् अधम पामर
४४८

सिङ० पुच्छर नभएका पशु हुन् मानिसै हरे !
पाएर यातना ठुला पर्दछन् घोर नर्क रे
आपन्ना भक्त भनी जानी विभिषण्लाई रामले
आपन्नो पार्नु भयो छिन्मै नाशेर भव रोग रे
४४९

कपिगणहरूलाई रामको त्यो स्वभाव ता
ज्यादै मन् पार्यो सारा भए अतिवहर्ष ता
फेरि सर्वज्ञ निर्लेप सर्व स्वरूप निगुण
सर्व हृदयका वासि तटस्थ नीती निपूण
४५०

नीतिका प्रति पालक कारण वसले गरी
नर स्वरूप लिएका राक्षस कुलका अरि
रघुकावंशका भूषण् करूणामय रामले
आज्ञा गर्नुभयो फेरि त्यहाँ एवं प्रकारले
४५१

किष्किन्धाधिपते !सुग्रीव् !हे लंकेश !विभिषण!
वीर हो ! सुन साराले अगाध जलधीकन
तर्ने हो कुन रीतिले ! बताओ सबले अब
ग्राहा गोहि र माछा औ सर्पका फौजले सब
४५२

भरिएको अति ठुलो यो अगाध समुद्र ता
दुष्कर छ सबै रित्ले गर्ने हो के उपाय ता ?
लंकेशले गरे विन्ति सुन्नुहोस रघुपते !
करोडौं सागरैलाई हजुर्का एक वाणले
४५३

तुरून्तै सक्तछ सोस्न तथापि करूणामय !
यस्तो निति बताएको छ कि अज !अनामय !
विनय पर्दछ गर्नु गई सागर साथमा
पूज्य हुन् सागर नाथ ! हजुर्का वंशमा सदा
४५४

खरारे! विचारै गरी जो तिनैले
उपाय कुनै सोचि भन्दिउनन् जे
खुसीले सबै यी कपि भालु नाथ !
परिश्रम विना सिन्धु तर्नेछ साथ
४५५

रघुनन्दनले आज्ञा गर्नु भो अनि त्यो घरी
भन्यौ उपाय हे मित्र ! तिमीले बेस यो घरी
सहाय भो भने दैव गरौंला तेहि भैं अब
सुनि यो रामको आज्ञा लक्ष्मणैलाई ता तब
४५६

मन परेन त्यो मन्त्र लाग्यो दु :ख अतीव नै
लक्ष्मणले रामजीलाई भन्नु भो हात जोंडदै
के भरोसा छ हे नाथ ! दैवको अब यो घरी
गर्नु हओस हे नाथ ! मनमा क्रोध बेसरी
४५७

सुकाइ दिनु होस् झट्टै सागरैलाई हे प्रभो !
खालि काँतरको मात्रै मन्लाई एक दैवको
भरोसा हुन्छ हे नाथ ! अल्छिले मात्र बेसरी
दैव दैव भनि खालि चिच्याउँछन् सधैं भरी
४५८

रामले सुनि यो विन्ति हांसि आज्ञा भयो अनि
गरौंला त्यहि भैं भाई ! मन्मा धैर्य धरे पनि
यति भनेर सम्झाई कन लक्ष्मणलाई त
जलधिको किनारामा पाल्नु भो राम फेरि त
४५९

पहिले झुकाई शिरै रामजीले
प्रणाम गर्नु भो सागरैको खुसीले
अनि कूश विछ्याउदै तीर माहा
रघुवंश स्वामी भयो राज ताहाँ
४६०

आएथे रामको सामु जव विभिषणै अनि
रावणले एउटा दूत तिन्का पछि पछि पनि
पठाएको थियो तेस चरले वानरै सरी
धरेर कपट भेष घुमेर अनि त्यो घरी
४६१

हाल चाल सबै देख्यो तेस्ले मन्मनमा अनि
प्रशंसा गरनै लाग्यो रामका गुणको पनि
रामका प्रेम देखेर शरणागत माथिको
प्रेमले मुग्ध भै त्यस्ले बिर्सियो आफुलाई जो
४६२

अत्यन्त प्रेमले पूर्ण हुनाले रघुनाथमा
कपट बिर्सियो त्यस्ले प्रकट् भै निजदेहमा
रामको शीलको वर्णन् गर्नलाग्यो घुमेर त्यो
त्यसै कारणले तेसलाई दूत भनेर पो
४६३

सबै वानरले जाने अनि बाँधेर त्यो कन
लगे नगीचमा फेरि सुग्रीवका खुसी भैकन
भने सुग्रीवले त्याहा कपि हो ! सुने है सब
अंग भंग गरी यस्तो राक्षसलाई ता अब
४६४

पठाई देऊ भन्ने यो आज्ञा सुग्रीवको सुनी
बाधेर राक्षसैलाई दौडे वानर ता अनि
घुमाए फौजको चारै तर्फ अत्यन्त हर्षले
वानरहरू तेस्लाई हेरि नाना प्रकारले
४६५

पिट्न लागे गई सारा अनि दु:खी भएर त्यो
कराउँथ्यो ठुलो स्वर्ले छोडेनन् तैपनि अहो !
चिच्यायो त्यसले फेरि मेरो नाक र कान यो
काट्ला जस्ले त्यसैलाई अयोध्यापति रामको
४६६

शपथ छ भन्यो तेस्को चिच्याहट सुनेर त्यो
लक्ष्मणले डाक्नुभो झट्टै सव्लाई नगिचैरपो
दया लाग्यो र ता फेरि हाँसकन तुरुन्त नै
छुटाई दिनु भो झट्टै बन्धनबाट त्यो कनै
४६७

भन्नु भयो अनि फेर 'हे कुलधाति रावण !
सौमित्रीको वचन् हो यो बाचँ ' यति भनीकन
दिएस् यो पत्र रावणको हातमा अनि फेरि ता
कल्याणकारी सारा यो मेरो सन्देशलाई त
४६८

त्यो मूर्खलाई मूख्ले नै भनेस् तेंले गइकन
'आइज शरण पर्न सीता फिर्ता दिइकन
नत्र भने शठ ! तेरो आयो काल अबश्य नै '
यति लक्ष्मणैको आज्ञा सुनीकन तुरून्त नै
४६९

शिर राखेर लक्ष्मणका पाउमा खुसी भैकन
हिड्यो त्यो दूत ता गर्दै रामको गुण वर्णन
रामको यशको वर्णन् गर्दा गर्दै प्रफुल्ल भै
लंका नगरिमा आई पुग्यो अनि तुरून्त नै
४७०

रावणको पदमाथि राख्यो शिर झुकेर रे
हाँसि रावणले सोध्यो वृतान्त त्यससाथ रे
आफ्नो कुशलसमाचार भन्दैनस् किन हे शुक
केके हाल छ ? त्यो सारा बता विस्तारले खूब
४७१

मृत्यु आई पुगेको छ जस्को अति नगीचमा
त्यो दुष्ट विभिषणको नै सुना खबर लौ यहाँ
त्यो नीच मूर्खले राज्य गर्दा गर्दै पनि हरे !
छोड्यो लंकापुरीलाई त्यो अभागी अवश्य रे
४७२

अब हुनेछ जौको त्यो घून झैं अनि फेर ति
कठोर कालको ठुलो प्रेरणाले गरेर की
आएका भालु औ वानर फौजको वर्णन गर
कोमल मन् भएका ती विचारा हेर सागर
४७३

जस्को जीवनको रक्षा गर्ने भइ रहेछ है
जसको मनमा मेरो अतिव त्राश छ सधैं
तिनै तापसको हाल मेरो साथ बता सबै
भयो कि भेट ता तेरो तपसिहरू साथ मै ?
४७४

कानले सकल मेरा सुनेर किर्ति नै तब
गए फर्केर कि फेरि ? बता हालहरू अब
भन्दैनस् शत्रुका दल्को केहि बल र तेज नै?
चकित् छ चित्त ता तेरो धेरै , हाल बता सबै
४७५

शुकले गर्दछ विन्ति ठुलो कृपा गरीकन
जसरी सोध्नु भो तेस्तै गरेर फेरि वर्णन
क्रोध छाडेर हे स्वामी !मैले विन्ति गरे जति
मान्नु होस् कुरा सारा भन्छु सत्य म आज कि
४७६
गएर प्रभुका भाई मिले जब त हर्षले
राजतिलक् तिनैलाई दिनु भो रघुनाथले
मलाई प्रभुको दूत भनेर सुनी कानले
बाँधेर कपिले सारा नाना तरहबाट रे
४७७
कष्ट दिए प्रभो ! फेरि मेरो नाक र कान ता
कपिले काट्न लागेका थिए स्वामी !मिलेर ता
दिएँ राम शपथ् मैले छाडे अनि मलाई ता
रामका फौजको नाथ !वृतान्त सोध्नु भो ति ता
४७८
कयौं करोडौं मुखले पनि अहो !
वायन गर्नै सकिदैंन फौजको
ना ना थरी वर्ण गरेर धारणा
अति भयंकर् विकराल भीषण -
४७९
- मूखै भएका अति नै भयंकर
ठुला ठुला छन् सब भालु वानर
लंका जलायो जसले हजूरको
मान्यो हजुर्को सुतलाई फेर जो
४८०
त्यो ता सबै वानर मध्यमा पनि
रहेछ है निर्वलि यो प्रभो ! अनि
असंख्य नाम अति नै कठोरका
भयानकै भीषण औ उदेकका -
४८१
यौद्धा रहेछन् त्यस फौजमा अनि
असंख्य हात्ती सरिका बलै पनि
देख्दै महाँ थर्थर गर्छ चित्त जो
अडेर भिड्ने गई सामु फेर को ?
४८२
मन्द द्विविद नल नील केशरी
विकट् र हास्य दधिमूखका सरी
बल्वान ती कूमद जम्बवान जो
थुप्रा भएका बलका अगाध पो
४८३

यी सबै वानरैहेरू सुग्रीव सरिकै प्रभो !
रहेछन् अति बल्वान यिनै जस्ता अनेक जो
वानरहरू छन् कोटि को गनोस समस्त त्यो
रामको करूणाले नै तिनीहेरू समस्त को
४८४
अद्वितीय अति भारी वल छ तिनीले सबै
सम्झन्छन् तृणका तुल्य जगत्लाई समस्त नै
छन् सेनापति नै मात्र अठार पद्म वानर
मैले यस्तै कुरा कान्ले सुने गन्न सकिन्छ र ?
४८५
युद्धमा जित्न सक्तैन हजूरलाई जो प्रभो !
फौजमा वानर तेस्तो एउटा पनि छैन पो
हात माडि रहेका छन् अत्यन्त क्रोधले सबै
तर श्रीरामले आज्ञा बक्सेको छैन आज है
४८६
मिलाऊँ दशग्रीवलाई माडि माडि धुला महाँ
हे प्रभो ! सकल वानर् बोल्दछन् यै कुरा तहाँ
निशंक छन् स्वभावैले सबै ति दशकन्धर !
गर्जन्छन् उफ्रिदै नाथ तर्साउँछन् असख्य र
४८७
मानौं ती निल्न चाहन्छन् यो लंका नगरी सबै
भने जस्ता प्रभो ! छन् है वानरहरू ता सबै
स्वभावैले शूर वीर वानर भालु छन् सब
फेरि तेस्माथि साराको शिरमा राम छन् तब
४८८
संग्राममा ती सबले कमाल
जित्छन् सहज्मै पनि कोटि काल
श्रीरामका बुद्धि र तेज बल्को
महत्वको वर्णन केहि झल्को
४८९
लाखौं करोडौं जुन शेषजीले
सक्तैनसक्ने जुन भन्न ऐले
एक् वाणले सात समुद्रलाई
सुकाई दिन्छन् रघुनाथ जाई
४९०
तथापि नितिका ज्ञाता दयालो रघुनाथले
सोधे हजूरका भाईलाई अतिव प्रेमले
विन्ति सुनी विभिषण्को रामचन्द्र गइ अनि
सागर साथमा बाटो लागेका छन् ति माग्न नि
४९१

कृपा छ उनको मन्मा क्रोध छैन दशानन !
भन्नें सुनेर दूतैको यस्तो निर्भय वचन
हाँस्यो रावण ता फेरि बोल्न लाग्यो रमेरता
बुद्धि रहेछ र यस्तो भालु वानरलाई ता
४९२

सहायक बनाएको हो त्यो तापसले तहाँ
स्वभावैले भिरू तेस्तो विभिषण्को बिचारमा
दृढता गरि विशवास मानेर अब यो धरी
गर्न लाग्यो हरे ! धर्ना सागर साथमा डरी
४९३

त्यस्ताको गर्दछस् व्यर्थै प्रशंसा किन मूर्ख ? तँ
थाह पाएँ सबै मैले शत्रुको बुद्धि औ वल
काँतर त्यो विभिषण्नै जसको मन्त्रि हो हरे
तेस्को होला र ऐश्वर्य विजय कति सम्म रे
४९५

हे नाथ ! रामानुजले दिएको
यो पत्र हो है प्रभु अर्पिएको
बचाई आफ्नो नृप ! वक्षलाई
गराउनोस् शीतलता रमाई
४९६

हाँसि लंकेशले फेरि त्यो चिठी वाम हातले
समाति मन्त्रि डाकेर भन्यो पढ भनेर रे
'रिझाएरं मनैलाई कुरामा दुष्ट रावण
आफनो वंशको नाश नगर् तँ मूर्ख भैकन
४९७

ब्रम्हा विष्णु महेश्वर्को परे पनि शरण्महाँ
छैनस् तँ उम्किने रामसाथ वैर गरी यहाँ
कि ता छाडी सबै शेखी विभिषण्कै सरि बनी
रामको पाउ पंकजमा भ्रमर् बन् तँ रमेर नि
४९८

कि ता श्रीरामको वाण रूपि भीषण अग्निमा
कुल कुटुम्बका साथै पतंग वन् तँ युद्धमा
सुन्दा यो पत्र त्यो रावण् मन्मा भीत हुदै अति
मुख्ले हाँसि सबैलाई सुनाईकन जो जति
४९९

भन्न लाग्यो अहो सानो चाहिने त्यो तपस्विको
कुराको फूर्ति ता हेर कस्तो रे छ अचम्मको
भूमि माथि बसेकाले आकाशलाई हातले
समाति मुठिमा राख्न खोजे जस्तो रहेछ रे
५००

फेरि त्यो शुकले विन्ति गर्‍यो नाथ हजूरले
सारा अहंपनालाई छाडेर खुसी साथले
बताएको कुरालाई सत्य सम्झनु होस है
सुनुहोस् विन्ति यो मेरो क्रोध छाडीकनै सबै
५०१

यद्यपी छन् रघुनाथ समस्त लोकका नृप
तथापि अति कोमल् छ प्रभुको शील ता खूब
भेट्ना साथै रघुविर्ले हजुर्का उपरै पनि
करूणा गर्नु नै हुन्छ सम्झेर सेवकै भनी
५०२

मन्मा लिनु हुने छैन दोष ता एउटा पनि
रामलाई दिनु होस फिर्ता श्रीजानकी पनि
मैले विन्ति गरेको यो मान्नुहोला प्रभो !सब
भन्ने यो शुकको यस्तो सुनेथ्यो वचनै तब
५०३

'सीता फिर्ता दिनु ' भन्ने सुनी रावणले अनि
हान्यो तेस्लाई ता झट्टै क्रुद्ध भै लातले पनि
रावण्को पाउमा शिर झुकाई शुकले अनि
हुनुहुन्थ्यो कृपासिन्धो रामजी ता जहाँ अनि
५०४

उहिं गयो र ता फेरि प्रणाम गरी रामको
आफ्नो पूर्व कथा सारा सुनायो खुसी साथ पो
त्यो ज्ञानी मुनि हो दुर्गे ! श्रापले नै अगस्त्यको
निशाचर भएकोथ्यो श्राप त्यो ता छुटेर गो
५०५

श्रीरामका कृपाले नै पाएर गति ता अनि
रामका पाउ पंकजको गरेर बन्दनमा पनि
लिएर मुनिको रूप अत्यन्त हर्षले अनि
आफ्नो आश्रमै तर्फ जाँदा भो खुसीले पनि
५०६

बिति सके तिन दिनै पनि त जो
विनयलाई जड सिन्धुले अहो !
मानेन केहि अनि श्री रघुवीर
क्रुद्ध भई बोल्नु भयो तहाँ फिर
५०७

बिना डरै प्रिति हुँदो रहेनछ
टेर्दैन यो सागर भाइ हेर त
ल्याऊ धनुर्वाण खुसी भएर ता
आग्न्यास्त्रले सागरलाई फेर ता
५०८

निमेष मै सोस्दछ भाई ! यो अब
बाँकी नराखी बुँद सम्म नै सब
विनम्रता दुष्ट सितै गरी अनि
स्वाभाविकै कृपंण सँगमा पनि
५०९

सुन्दर नीति औ कप्टी संगमा मित्रता पुरा
ममता तत्पर मानिस् साथमा ज्ञानका कुरा
अत्यन्त लोभीका साथ पनि वैराग्य वर्णनै
क्रोधिका साथ शान्तिका कुरा र कामिकासगं '
५१०

चर्चा इश्वर लिलाको गर्नाको फल ता हरे
वालुवामा बिऊ छर्ने जस्तो फल हुनेछ रे
यो भनी खिच्नु भो ताँदो धनूको झट्ट रामले
यो कुरा मन् पार्‍यो भाई लक्ष्मणलाई धेर रे
५११

झिकी भयानक वाण क्रुद्ध भैकन रामले
जोर्नु भो धनुमा फेरि अनि सागर भित्र रे
आगोको भिषणै ज्वाला उठ्यो दन्केर बेसरी
आकुल् भए सबै ग्राहा माछा सर्पहरू डरी
५१२

जब सागरले जीव जन्तुहरू समस्त ती
जानेथे जल्न लागको अनि छाडेर मान की
धरेर विप्रको रूप सुनका थालमा भरी
मणि माणिक औ रत्न अनेक थरी बेसरी
५१३

आए लिएर त्यो सारा भीत भै मनमा पनि
काकभुसुण्डिले भन्छन् गरूडजी ! सुन्नुहोस् नि
गरोस् न जलको सेवन् कसैले कोटि यत्नले
न काटि कन त घारी केरा फल्दैन हेर रे
५१४

टेर्दैनन् विनयै गर्दा नीचहेरू पनि सब
धम्कि दिएपछि मात्रै नम्र हुन्छन् डरी तब
भयभित भई मन्मा सागर रामचन्द्रको
समातेर चरणपद्म भन्न लागे यसोरी जो
५१५

'क्षमा गर्नुहओस् नाथ ! मेरो यो अपराध ता
आकाश वायु औ पृ थ्वी जल अग्नि सदैव ता
स्वभावैले जड हुन्छन् यिन्का काम रघुपते
यी ता सब् हजुरैबाट प्रेरणा पाउँदा हरे !
५१६

मायाले नै सृष्टिको निम्ति माहाँ
उब्जाएकी हुन् भनी लोक महाँ
भन्छन् यस्तो ग्रन्थहेरू सबैले
जस्लाई ता नाथ जस्तो क्रमैले
५१७

आज्ञा हुन्छ तेसले त्यहि रित्ले
चले मात्रै नाथको आसयैले
तुरून्त नै पाउछ सुख्ख नाथ
हजूरले यो सबै आज खास
५१८

मलाई बक्सियो शिक्षा उत्तम काम भो प्रभो !
मर्यादा ता हजूर्ले नै राखेको नै नहो अहो !
ढोल गवार औ नारी शुद्र पशुहरू सब
ताडनाका अधिकारी हुन् यि सारा सदैव त
५१९

प्रभु प्रतापले सुख्खा हुँला म त तुरून्त नै
भालु वानरका फौज जालान् पारी समस्तनै
तर महत्व ता मेरो घट्ने छ जसले प्रभो !
वेदले भन्छ यो नित्य प्रभु आज्ञा हजुरको
५२०

मेटिदैन भनी नाथ ! प्रभुलाई जुनै कुरा
मञ्जुर्छ पर्दछ गर्नु तुरून्तै त्यो सबै पुरा
समुद्रको अति नम्र सुनेर वचनै पनि
मन्दहाष्य गरी फेरि दयालु रामले अनि
५२१

जुन किसिमले तात ! कपिको फौज यो सब
पार हुन्छ कहु सारा उपाय त्यो सबै अब
आज्ञा श्रीरामको यस्तो सुनी सागरले अनि
विन्ति गरे दुई भाई नल नील् नामका पनि
५२२

वानर् छन् यिनले वाल्यावस्थामा मुनिहेरूको
पाएका छन् रघुनन्दन् आशिष पनि ता ठुलो
फेरि प्रभु प्रतापले छोएर तिनीहेरूले
हालेका ठूल्ठुला ढुंगा रूख पर्वतहरू रे
५२३

उत्रेर रहनेछन् है मेरा जल माथि नै अब
अनि म पनि ता फेरि प्रभुत्व प्रभुको सब -
- राखेर हृदयै भित्र आपन्नो तागतले सब
भेटेसम्म खुसीसाथ गर्छु सहायता अब
५२४

बन्धनै गर्नु होस् मेरो हे प्रभो ! यहि रितले
गाउने छन् ठुलो किर्ति जसमा तीन लोकले
अमोघ प्रभुको ठुलो यो शर्ले अब ता छिटो
मेरा उत्तर पट्टिका तटमा रहने ति जो
५२५

पाप नाशि अधम् दुष्टहरूलाई दयानिधे !
मारी दिनुहओस् नाथ गर्दछु आज विन्ति रे
रणधिर रघुनाथजीले सागरको सब
सुनी बक्सनु भो पीडा मनको पनि ता तब
५२६

तुरून्तै त्यो पिडा सारा हर्नु भो रघुनाथले
देखेर रामको ठुलो बल औ पुरूषार्थ रे
सुखी र मनमा हर्ष भई सागर बेसरी
बिन्ति गरी प्रभुलाई वृतान्त सब त्यो घरी
५२७

रामका पाउ पंकज्मा परेर जलधि अनि
प्रणाम गरदै फर्के खुसी भै मनमा पनि
समुद्र फर्किए घर्मा तिनको यो मतै सब
चित्त बुझ्यो प्रभुलाई हुनु भो हर्षितै तब
५२८

कलिमल सब हर्ने यो प्रभुको चरित्र
निज मति अनुसारै भाव राखी विचित्र
गरिकन सब् वर्णन् आफनो भक्तिले यो
पुरण सकल पारे भक्तिं औ भावले जो
५२९

निच मन सब जन्को जो छ सारा तिरैको
त्यजिकन् सब आज्ञा फेर् भरोसा परैको
निशी दिन सुख सिन्धो संशयै नष्ट गर्ने
सकल थरि बिषादैलाई ता ध्वस्त गर्ने
५३०

रघुकुल मणि राम् श्री खरारी प्रभुको
अद्‌भूत अति पावन् गुणको किर्ति भूको
सकल थरि सुमंगल् दायकै यो बुझेर
यस कुन जुन प्राणि आदरैले रमेर
५३१

सुनिकन जसले ता गर्दछन् प्रेम मनैले
अगम भवधिबाटै नाउ वीना क्रमैले
सकल तिनीहरू ता पार हुन्छन् छिटो रे
श्रवण गर सबैले यो छ लीला मिठो रे
५३२

रघुकुलमणि रामचन्द्रको यो पवित्र
विमल चरितलाई रामजीकै विचित्र
अतिसय करूणा औ स्नेह पाएर खास
खुसी भइकन पारें काव्य यो पूर्ण आज
५३३

त्रुटिहरू जति जो छन् छन्द व्याकर्णका जो
नगरिकन विचारै काव्यका भित्रको त्यो
सुजनहरू सबैले माफ राखी मलाई
अबधपति प्रभुको यो चरित्रै त गाई
५३४

अज निरगुण व्यापक् रामको पाउ सम्झि
विषय रसहरूमा चित्त रोकेर सम्लि
भर गरि प्रभुको नै पाउमा नै परेर
अगम भवधिबाटै जानु होला तरेर
५३५

दशरथ सुत प्यारा रामको यो चरित्र
अनुपम रसलीला माधुरी औ विचित्र
भइकन छ भएको सुन्दरै औ अपार
भजन गरि भवाब्धी शीघ्र नै हुन्छ पार
५३६

श्री सीतारामार्पणमस्तु ...

श्री राम : शरणं मम

श्रीतुलसीकृत श्रीराम चरित मानस भावानुवाद

लंका काण्ड आरम्भ

सेवा गरीने शशि मौलिले पनि
भव भय हरण गर्दिने अनि
काल् रूपि मत्त गजका निमित्तमा
सिंह स्वरूप् छ जुन् नाथ लोकमा
१

ज्ञानद्धारा जानिने योगि जन्ले
सद्गुणका निधि स्वरूप छन् रे
निर्विकार निर्गुण र अजित
माया देखि दूरका राम ति त
२

देवताका स्वामी दुष्ट जनैको
संहारमा तत्परै त छनै जो
सारा ब्राम्हण् वर्गका मुख्य देव
सुन्दर् श्याम गाथ छ तुल्य मेघ
३

पद्म जस्तै नेत्र छ सुन्दरै जो
फेरि भूमी पति रूपमा छनै जो
परम् आत्मा रामका पाउ माथि
म वन्दना गर्दछु शीर राखी
४

कान्ति भएका शशि शंख झैं अहो !
अपूर्व राम्रो छ शरीर घेर जो
गज्राजको चर्म धरेर काँधमा
काला भयानक् फणिकै शरीरमा -
५

- पैहि भूषण् जान्हवी चन्द्र माथि -
- प्रेमै गर्ने राखदै शीर माथि
पावन् राशी काशिको मालिकै भै
कलिकल्मष् हेरूका राशीकै नै
६

नाश गर्ने र ,कल्याण गर्नेमा कल्प बृक्षका
- स्वरूपनै भएका र निधि सतुगुण ज्ञानका
कन्दर्प वैरि गौरीका पति शंकरलाई म
वन्दना गर्दछु शिर झुकाईकन हर्दम
७

जुन् शम्भु सज्जनैलाई कैबल्य मुक्ति दुर्लभ -
-दिन्छन् र फेरि जुन् शम्भु दुष्टमा दण्ड हर्दम -
गर्दछन् सोहि कल्याणकारी शंकरले अब
गरून् कल्याण मेरो ता भव भय हरी सब
८

जसको धनु छ काल जस्को भीषण वाण त
लव निमेष पर्माणु युग बर्ष र कल्प छ
हे मन ! किन भज्दैनस् तँ उनै रामजीकन
भवको रोग हट्ने छ तेरो ता भजदा झन
९

रामले सिन्धुको विन्ति सुनेपछि तुरून्त नै
मन्त्रिहरू सबैलाई बोलाउनु भएर नै
बनाओ पुल यो ढीला गर्नाको काम के अब ?
पार जालान् खुसी साथ हाम्रा सैन्यहरू सब
१०

आज्ञा गर्नु भयो यस्तो श्री जाम्बवानले अनि
हात जोरीकनै विन्ति गरे श्रीराममा पनि
हे भानु ! कुलका केतु दयालो सुनु होस् रे
प्रभुको नाम् रूपि पुल्मा चढिकन तुरून्त रे
११

प्राणीहरू सबै तर्छन् भवसागर ता भने
यो सानो सागरै तर्न लाग्ला र कति वेर रे ?
ऋषेसका सुनि यस्तो वचन हर्षितै भई
विन्ति गरे अनि फेरि पवन पुत्रले गई
१२

हे नाथ ! प्रभुको ठुलो प्रताप रूपि अग्निले
सुकायो सिन्धुका सारा पानी ता अघिनै तिरे
अनि हजूरका सारा शत्रुका नारी हेरूको
आँखा देखि वहि फेरि अपार अति नै ठुलो
१३
अश्रुको कोटिनै धाराहरूले फेरि सिन्धुको
खाल्टो भरि भयो सारा तसर्थ यो समुद्रको
पानी खारा भएको हे यस्तो श्रीहनुमानको
सुनी अत्युक्ति सारा ती वानरहरू हर्ष भो
१४
अनि श्रीरामको गाथ तर्फ हर्ष भएर नै
टुलुटुलु गरी हेर्न लागे वानर ता सबै
नल नील दुवै भाई लाई श्रीजाम्बवानले
बोलाएर सबै हाल सुनाईकन फेर रे
१५
सम्झेर मनमा राम प्रतापलाई ता अब
बनाऊ पुल प्रयास पर्ने छैन भनी तब
अह्राए वानरै फौजलाई डाकेर फेर है
मेरो विन्ति सुनी केहि खुसी भैकन ता सबै
१६
रामको चरण पद्म राखेर मनमा अब
तमाशा गर है ऐले भालु कपि मिली सब
वीर वीर तिमी सारा फौज मिलिकनै अब
दौडदै खुसीले ढुंगा वृक्ष पर्वत नै सब
१७
ल्याओ भन्ने वचन् यस्तो सुनेर जाम्बवानको
भालु र कपि हेरूको फौज ता खूसिसाथ पो
हा हा हु हु हरू गर्दै प्रताप पुञ्ज रामको
जय जय जय भन्दै दौडिए खुसीसाथ पो
१८
ठुल्ठुला वृक्ष औ पर्वत् खेलले नै गरी सब
उठाई ल्याउदै दिन्थे नल नील कनै तब
ती वृक्षलाई ठीक ठाक पारेर दुइले अनि
बनाउथे पुलै हर्षिते भईकन छिटो पनि
१९
पहाड ठुल्ठुला ल्याई दिन्थे भालु र वानर
ती पर्वतहरूलाई भकुण्डो झैं गरेर त
लिन्थे नल र ती नील पुलको अति सुन्दर
देखेर रचना सारा कृपालु रामले फिर
२०
आज्ञा गर्नु भयो झट्टै हाँसिकन प्रशन्न भै
रमणिय परम् उत्तम् यो स्थान छ पवित्र नै
महिमा यसको अद्‌भूत अपार छ सखे ! अति
यो स्थलको गरी वर्णन् साध्य छैन कहि कति
२१
यहि म स्थावना गर्छु शिवको खुसी भै अब
संकल्प दृढ भयो मेरो मनमा जान यो सब
प्रभुको वचनै यस्तो सुनी सुग्रीवले अनि
धेरै दूतहरू त्यहाँ पठाए हर्षिते बनी
२२
गएर कपि साराले मुनिश्वरहरू सब
ल्याए डाकेर ती सारा ऋषिले खुसी मैं तब
विधि पूर्वकले लिंग गरेर स्थापना पनि
सिध्याई अर्चना फेरि आज्ञा भो रामले अनि
२३
विमुख शंकर देखि भएर पनि जो नर
चाहन्छ गर्न ता मेरी भक्तिनै ता भने तर
त्यो मूर्ख अल्प बुद्धि र नरक अधिकारी हो
पार हुदैन त्यो कैल्यै चौरासि लाख जन्मको
२४
जो मानिस् शम्भुको भक्त भएर पनि लोकमा
मेरो द्रोहि छ औ फेरि मेरो भक्त भई यहाँ
शिवको गर्दछ द्रोह भने ता ती दुवै थरी -
- नरले वास गर्नेछन् कल्पान्त नर्कमा परी
२५
रामश्वर्को जुन प्राणि गर्ला दर्शन प्रेमले
तिनै सारा शरीर् छाडी पछि ता हरिधाम रे -
- जानेछन् फेरि जो व्यक्ति ल्याई गंगाजलै पनि
चढाउँछन् तिनी सारा सायुज्म मुक्ति नै पनि
२६
- पाउने झन् अनि फेरि भई निस्काम जो जन
छल छाडेर ता प्रेम्ले मनमा हर्ष भैकन
यो रामेश्वरको सेवा गर्नेछन् तिनलाई त
दिनु हुनेछ शंकरले समस्त मेरी भक्ति त
२७
प्रिय छैन कुनै मेरो अरू शिव समानको
मेरो भक्त भनी लोक्मा भनिएर पनि अहो !
शिवको गर्दछ द्रोह भने जो प्राणिले अनि
मलाई पाउने छैन सपना बिचमा पनि
२८

मैले पुजेको यस लिंगको पनि
जो मनिसै आई खुसी भएर नि
पूजा र दर्शन् गरनन् ति ता सबै
विना परिश्रम् भव सिन्धुवाट नै
२९
पारै होलान् , रामजीको कुरा यो
सब्को मन्मा प्रिय लाग्यो पुरा जो
अनि मुनिहरू सारा मिलेर
फर्के आपन्ना आश्रमैमा रमेर
३०
गिरिजे !रामको यस्तो राम्रो रीति छ कि प्रभो !
गरनु हुन्छ आफन्त माथि प्रिति सदैव पो
प्रवीण नल औ नीलले पुल बाधि सके अनि
रामजीका कृपाले नै ब्रम्हाण्ड भरिमा पनि
३१
तेजिलो फैलियो किर्ति सुन हे अम्बिके !अफैं
स्वयं डुवेर नै फेरि जो पत्थर् अरको कनै
पनि डुवाउँथे ऐले तिनै पत्थर ता सब
भए जल् यानका तुल्य परम भाग्यमान त
३२
समुद्रको यो महिमा भनेर
संसार प्रख्यात हुदैन हेर
न ता कुनै पत्थर आदिको नै
मानिन्छ यस्तो गुण लोकमा नै
३३
करामतै वानर हेरूका नै
पनि हुने छैन भनी सदा नै
प्रतापले यो रघुवीरको नै
समुद्रमा पत्थर उत्रियो है
३४
जस्ले रामलाई छाडेर अर्को
मालिक्लाई भज्दछन् , लोक भर्को -
ती ता मन्द बुद्धि हुन् ती सबैले
आखीरैमा पाउँछन् दु ःख नै रे
३५
दृढ पारे अति पूल बाँधेर नल नीलले
प्रशन्न भो रघुवीर्को मन देखेर पुल रे
चल्यो फौज अनि फेरि अत्यन्त खुसीसाथले
साध्य छैन गरी वर्णन् त्यसमा ता समस्त रे
३६

सिंहनाद गरी हिड्ने कपिका वीर फौजको
बीच्मा दयालु श्रीराम ढिस्कामा सेतबन्धको
चढेर लाग्नु भो हेर्न बिस्तार सिन्धुको पनि
कृपाकन्द प्रभुलाई हेर्नाका निम्तिमा अनि
३७
प्रकट् भए ति जल जन्तुका सब
बथान नै सागर देखि ता तब
नाना थरी ग्राह र गोहि साँप ती
माछाहरू फेरि प्रकट् भए कति
३८
लामो शयौ योजन सम्मका अति
देहै हुने कोहि ठुला थिए कति
जन्तु थिए फेरि अरू कुनै त ए
यस्ता गजवका त्यसमा त देखि ए
३९
ठुला शयौ योजन मीन नै पनि
निल्थे सुलुक्कै नचपाई ता अनि
फेरि तिनीहेरू पनि समेत नै
जो आफु देखि अरकै भयानकै
४०
ठुला मिने देखि डराउँथे हरे !
एक् देखि अर्को बलमा बढेर रे
समस्त नै ती प्रभुलाई हर्षले
लागे रमाईकन हेर्न मस्तले
४१
हटाउँदामा पनि ता डटेर नै
बस्थे सबै हर्ष भई अडेर नै
सुखी थिए हर्षित चित्तमा अति
बिर्से मनैमा पनि शत्रुता जति
४२
ढाकेर सारा तिनीहरूले पनि
बसेर छेर्कि रहने हुँदा अनि
देखिन्नथ्यो पानी समुद्रको कत्ति
सारा जलै जन्तु प्रभुजीको अति
४३
सुन्दर रूप देखेर डुबे आनन्दमा अनि
फौज चलिरहेंको नै थियो सब् कपिको पनि
वर्णन् हुन सक्तैन त्यो ठुलो कपि फौजको
महत्व हरूको वर्णन् गर्नको शक्तछ र यो·
४४

अति भीड भयो सेतु बन्धमा वानरैहरू
गगन मार्गले उड्न लागे कोहि तहाँ बरू
रामको दर्शन गर्न उत्रेका जल जीवको
पीठ पीठहरू माथि चढि चढि कनै अहो !

४५

लागे सागरको पार जान अतिव हर्षले
कृपालु रामले यस्तो कौतुक् देखि विचित्र रे
हास्तै हास्तै दुवै भाई पाल्नुभो खुसी साथले
पारी पुग्नु भयो राम समस्त सैन्य साथ रे

४६

कपिका सैन्यका सारा सेनाका पतिहेरूको -
- भीडको वर्णनै गर्न सकिदैन थियो अहो !
रामले सागरै पारी डेरा गर्नु भयो अनि
सबै ति वानरैलाई उत्तमै र मिठो पनि

४७

कन्द मूल फलै सारा खावो भनीकनै त्यहा
आज्ञा बक्सनु भो फेरि खुसी भैकन चित्तमा
सुन्नाका साथमा आज्ञा भालु वानर ती सब
दौडिए जाहिँ औ ताहिँ हर्ष भैकन ता तब

४८

खान्थे मीठा फलै सारा वानरहरू हर्षले
बृक्ष हल्लाउथे फेरि ताकि लंका तरफ रे
हान्दथे ठुल्ठुला सारा पत्थरहरू ती सब
सिंहनाद गरी फेरि र गर्जन्थे खुसीले तब

५०

यता उति कतै हिड्ने राक्षसैहरूलाई त
जाहिँ ताहिँ कपि भालु भद्याउथे अनि ति त
सारा मिलेर तेस्लाई घेर्दथे खुसीसाथले
नचाउँथे घुमाएर नाना कौतुक साथ रे

५१

नाक कान अनि तेस्को काट्दथे दातले पनि
रामको सुयशै बोल्न लगाउथे सबै अनि
छाडिदिन्थे अनि फेरि तेस्लाई खुसीसाथले
राक्षसहरू जे जस्को नाक कान समस्त रे

५२

काटिएको थियो सारा गएर तिनीहेरूले
भने रावणका साथ सारा वृतान्त हेरू रे
सागर वन्धन सारा सुनेर कानले पनि
दु :खी भई दशैयोटा मुख्ले नै व्याकुल बनी

५३

सोध्न लाग्यो त रावण्ले के त्यो नीरनिधी अनि
वन निधि तथा सिन्धु वारिस कंपति पनि
तोय निधि पयोधी र उदाधि यी सबै कन
बाधे तापसले के सब् साचो भन् हेरी मैकन

५४

व्याकुलता सबै आफ्ना सम्झिएर दशानन्
के होला नि अझै भन्ने चिन्ता लिन्थ्यो मनमनै
संत्रास मनमा छायो अतिनै चिन्तना गरी
भुलेर त्रास औ पीडा भई समालिए सरी

५५

हास्तै हास्तै खुसीसाथ गयो भवन भित्र त्यो
मदले मस्त भएको गज जस्तै भएर पो
पाल्नु भएर श्रीराम सागर तीरमा अनि
लहडैले गरी सारा समुद्र भरमा पनि

५६

पुल बाँधि कनै फेरि तरेर सागरै सब
आएको सुनी त्यो हाल मन्दोदरीजीले तब
कर समाउदै तिन्ले पतिलाई दुखि हुदै
लगेर निज खोपीमा अत्यन्त स्नेहले कठै

५७

विनय गरदै लागिन् बोल्न उत्तम वाणि यो
पाउमा शिर राखेर दुइटै हात जोडि जो
पोल्टो थापेर व्याकुल् भै गरिन् यो याचना पनि
सुन्नु होस् विन्ति यो मेरो रीस त्यागेर आज नि

५८

हे कान्त ! प्रिय ! हे भर्ता लंकेश प्राण नाथ ! रे
सकिन्छ जित्न जस्लाई बल औ बुद्धि साथले
तेसैको साथमा मात्रै गर्नु पर्दछ वैर नि
जुन्कीरी औ दिवाकर् को होला के समता पनि

५९

जस्ले बलवान अतिव नै धिर
मारे मधू कैटभलाई नै फिर
अत्यन्त बल्वान र वीर नै पनि
जस्ले अति घोर र भीषणै पनि

६०

दितिको पुत्रको नाथ ! गरे संहार लोकमा
बाधे जस्ले बलिलाई भई वामन स्वर्गमा
मारे जस्ले अघि पैले सहस्र बाहुलाई जो
उनै इश्वरले भार हरणै गर्न भूमिको

६१

अवतार लिएको छ हे नाथ ! काल कर्म यो
जीव छन् हातमा जस्को उनैका साथमा प्रभो !
नगर्नु होस् हे नाथ ! विरोध रघुनाथका
पाउ कमलमा माथ राखेर खुसी साथ ता
६२

सीता सुम्पिदिनु होस फेरि यो राज्य नै सब
छोरालाई दिई साथ ! गएर वनमा अब
गर्नु होस् भजनै नित्य शंकर पूज्य रामको
दीनदयालमा राम प्रसिद्ध हुनुहुन्छ जो
६३

संमुख् भएर सामूमा जाँदामा बाघले पनि
खादैन हेर्नुहोस् नाथ ! विचारी मनमा पनि
जन्मेर गर्नु जो पर्थ्यो सक्नु भो गरी त्यो सब
हजुर्ले जित्नु भो सारा देव दैत्यहरू तब
६४

चराचर् विश्व सब्लाई जित्नु भो प्रिय प्राण रे
सुख् भोग पनि सारा गर्नु भो जति जो छ रे
'बृद्धाबस्था महा जंगल् जानु पर्दछ भूपले'
नीती पूर्ण कुरा यस्तो भन्दछन् साधु संतले
६५

जो छन् ब्रम्हाण्ड कर्ता र पालकै पनि छन् हरे
संहर्ता पनि छन् फेरि हे भर्ता ! सुन्नुहोस रे
मुनीशहरूले गर्छन् जसको निम्ति यत्न रे
राज्य त्यजि विरत् हुन्छन् भूप हेरू रमेर रे
६६

उनै इश्वरको गर्नु होस् भजन यो घरी
उनैं इश्वर हुन् राम प्रणत माथि बेसरी
गर्दछन् प्रेम हे नाथ ! माया मोह त्यजेर यो
भजन गर्नु होस् भित्र रमेर उहि ईशको
६७

ब्रम्हाण्ड स्वामी उहि ईश ऐले
कोशल् पति रामजीको रूपैले
हे नाथ् ! दया गर्न हजुर माथि
आई रहेछन् लिई सँग साथि
६८

स्विकार गर्नुभो मेरो विनतिहरू यो भने
फैलिनेछ अति पावन् किर्ति तिन्लोकमैं भने
हे दशानन !हे नाथ ! ठुलो नाम हुनेछ पो
यस्तो भन्दै दुवै आँखा अश्रुपूर्ण गरेर जो
६९

कापी थर्थर रावण्को परेर पाउमा पनि
सेवा गर्नु हओस् नाथ ! रामचरणको भनि
नाथ ! सौभाग्य मेरो यो अचल होस लोकमा
मन्दोदरी यति भन्दै घोप्टिन् त्यहि जमिनमा
७०

रानी मन्दोदरीलाई उठायो दशकण्ठले
आफ्नो प्रभावको वर्णन् गर्न लाग्यो अनि हरे !
सुन प्रियतमे ! त्रास मान्दछौ व्यर्थमा तिमी
को छ र लोकमा योद्धा आज मै सरि कोहि नी
७१

वरूण वायु र कुवेर काल
समस्त नै ति सब लोकपाल
जम्मै जिते यो भुजका बलैले
द्यौता तथा दानव मानिसै रे
७२

मेरा बस्मा छन् प्रिया ! हेर ऐले
तिमीलाई डर्त के कारणैले
भयो मन्मा ? यो जगतमा मलाई
जित्ने तेस्तो को छ खै वीर ? हाई
७३

सम्झाएर भन्यो नाना विधिले दशकंण्ठले
ती भयतनयालाई अनि त्यो खुसी साथले
सभाभित्र बस्यो फेरि गएर मदमत्त भै
अनि ति मयकन्याले पनि हृदय भित्र नै
७४

परेर कालको बस्मा स्वामीलाई बढेर ता
अभिमान उठेको हो मनका भित्र घेर ता'
भन्ने यस्तो कुरा जानिन् अनि त्यो रावणै पनि
मन्त्रणा गरनै लाग्यो सभाभित्र बसि अनि
७५

कुन किसिमले युद्ध गर्ने हो शत्रु साथमा
भनी मन्त्रीहरू साथ सोध्यो मन्त्र गरी तहा
ती मन्त्रीहरूले विन्ति गरे हे असुरपते !
गर्दछौं विनति नाथ स्वामी ! सुन्नुहओस रे
७६

बारंबार् प्रभुले सोध्नु हुन्छ आज्ञा हओस् सबै
भयो र भय के ऐले ! पर्‍यो गर्नु विचार नै
आहारै हुन् प्रभु ! हाम्रा भालु वानर मानिस
भन्ने यो वाणि ता सब्को कानले नै सुनेर त
७७

हात जोडिकनै फेरि भन्न लाग्यो प्रहस्थले
हे बाबा ! बुद्धि छ थोरै यी मन्त्रीमा अवश्य रे
नीती विरूद्धको काम नगर्नु होस हे प्रभो !
भन्दछन् मन्त्रि ता सारा ठाकुर् सोहि ती नै अहो !

७८

काम पूर्ण हुने छैन हे प्रभो ! यसबाट रे
आएथ्यो जलधि नाघि यौटै वानर मात्र रे
गाउदैछन् सबै त्यस्को चरित्र अझ चित्तमा
भयले व्याकुलै हुन्छन् सम्झदै पनि मन्महा

७९

त्यो बेलामा तिमी सारालाई हे मन्त्रि वीर ! के ?
कसैलाई पनि भोक थिएन की विचार ए ?
लंका जलाउदै खेरि समाति उसलाई ता
खाएनौ किन ? हे वीर ! कारण् भन मलाई ता

८०

हे बाबा ! यी सबै जन्ले सुन्दामा असलै हुने
पछि परन्तुमा खालि दु :ख मात्रै दिलाउने
मन्त्रणा हजूरैलाई सुनाए मन्त्रिले सब
जस्ले सिन्धु सबैलाई बाध्यो हेपेर नै अब

८१

सैन्य सहित भै फेरि हे बाबा ! खुसी साथले
सुवेल पर्वतै सम्मै उत्रियो आई आज रे
'मानौं त्यो म ानिसै हो रे ? तेस्लाई हामीले सब
अबश्यै खाई दिन्छौं ' रे यस्तो बोलेर नै अब

८२

गाला फुलाउदै नाथ ! हाकेर डिङ० मात्र नै
यी कुराको गफै मात्र गर्छन् हजूर साथ मै
सादर सुन्नुहोस् मेरो वचन अब हे पिता !
मन्मा नठाननु होला कातर् भनी मलाई ता

८३

बोल्दछन् जो मिठोबोली जो प्यारो वाणि सुन्दछन्
त्यस्ता मानिस ता नाथ! लोकमा अति धेर छन्
सुन्दा कठोरको वाणि आर्खिमा परम हित
गर्ने कुराहरूलाई जो सुन्छन् अनि फेरि त -

८४

- भन्दछन् पनि जो बाबा ! तेस्ता मानिस लोकमा
थोरै छन् हजुरै ऐले सोच्नु होस् न त चित्तमा
नीति सुन्नु हओस् बाबा ! तुरून्तै पहिले अब
दूत पठाउनु होस माफ मागिकनै सब

८५

रामका साथमा प्रिति गर्नु होस दिई सीता
नारी पाएर श्रीराम फर्किए नै भने ति ता
झगडा व्यर्थमा बाबा ! नबढाउनु होस यो
फर्किएनन् भने राम गर्नु होस् अनि युद्ध पो

८६

मान्नु भयो भने मेरो यो मतैलाई ता यदि
संसारमा हजुर्को नै दुवै तरफबाट की
फैलिने छ ठुलो किर्ति भन्दछु तात ! सत्य यो
यस्तो प्रहस्तको मन्त्र सुनेर अनि ता अहो !

८७

भन्न लाग्यो भई क्रुद्ध छोरालाई दशानन
ए मूर्ख ! शठ ! रे नीच ! तलाई यो मतीकन
सिकायो कसले ? आज यो देखि मम चित्तमा
भयो सन्देह ता ठुलो त छोरा ता अवश्य ता

८८

भईछस् बासको मूलको घमोई सरि पो हरे !
बाबुको अति नै रूखो सुन्दा वाणि कठोर रे
काल्ले विवश पारेको जनलाई जसो गरी
औषधि मन पर्दैन सोहि झैं गरि यो घरी

८९

हजुर लाई लागेन हित संमति ता हरे !
बोलेर यो कटुवाणि गयो घर प्रहस्त रे
साँझको समयै जानि अनि त्यो रावणै पनि
गयो महलमा आफ्नो हर्दै विश भुजा पनि

९०

नाच महल् थियो तेस्को लंकाको शिखरै बिच
बिचित्र नाच औ खेल हुन्थ्यो त्यो अखडा बिच -
- धेरै जसो , अनि रावण् गएर खुसीसाथले
बस्यो तेहि महल् भित्र अनि किन्नर पुत्रले

९१

गुणको महिमा तेस्को लागे गरन गान ता
ताल पखाबजै बीन बज्न लागे अनेक ता
प्रवीण अप्सराहेरू नाच्न लागे अनेक रे
घन्कियो महलै सारा बाजा र नाच गानले

९२

दशाननै त्यो शत इन्द्र कै सरी
- बस्यो सदा भोग विलास नै गरी
त्यस्का शिरै माथि परम् प्रवल् अरि
थिए तथापि त्यसलाई त्यो धरी

९३

थिएन मन्मा कति त्रास ता हरे !
सुख् भोग गर्थ्यो दिनहु रमेर रे
अनि उता फेरि त सैन्य साथ मै -
- लिई दयालु रघुवीर राम नै
९४

सुवेल पर्वते माथि उत्रि बक्सनु भो अनि
अति भीड भयो ताहा फेरि त्यो वनमा पनि
एउटा अति नै अग्लो समथल् सुन्दरै सफा
टाकुरा देखि लक्ष्मणले गएर त्यहि फेर ता
९५

ल्याएर राम्रा फूल पालुवा सब
विच्छाउनु भो अति हर्षले तब
तेस्माथि राम्रो अति कोमलै सफा
विच्छाउनु भो मृग चर्म फेर ता
९६

कृपानिधान भगवान रामजी
त्यहि गएरै सुकला भए पछि
कोल्टे परि काख विषे कपिसको
शीरै थियो दिन दयाल ईशको
९७

बायातिर धनु थियो दाहिने तर्फमा अनि
राखीएको थियो ठोक्रो भरेको वाणले पनि
कमल सरिको कोमल् दुइटै हातले पनि
वाण सोभन्याउनै लाग्नु भएकोथ्यो ताँहा अनि
९८

कानै नेर बसि फेरि लंकापति बिभिषण
कुरा गरी रहेकाथे मन्त्रणा गरि भीषण
बडभागी पवन पुत्र अंगद युवराजले
पाउ दावि रहेकाथे नाना तरहबाट रे
९९

लिएर धनु औ वाण सौमित्रि पनि हातमा
भिरेर काधमा ठोक्रो पछाडी राम पादमा
वीरासन गरी राज हुनुहुन्थ्यो खडा भई
थिए फेरि अरू फौज बसेका जाहिं औ ताहिं
१००

एवं रितिले गुण शील् कृपाको -
- धाम स्वरूपि भगवान ता जो
राजै भएथ्यो अति हर्षले नै
श्रम फउज्को हरी मग्नले नै
१०१

एवं तरहले यस्तो ध्यानमा लवलीन भै
रहन्छन् जो नर नित्य ती नर धन्य हुन् सबै
पूर्वै तिर उदाएका देख्नु भो शशि रामले
आज्ञा भयो अनि फेरि ती फौजलाई प्रेमले
१०२

सिंहै सरी चन्द्र निशंक छन् अहो !
पूर्वै दिशाका उदयै गरीशको -
बस्ने शिखर्मा बल तेज औ अनि
प्रतापका नै अति नै ठुला पनि
१०३

शशि स्वरूपि हुन गै यि तेजले
तम रूपि मत्त गजेन्द्रको छ जे -
- गण्डास्थलै सब् चिरने शशि रूपि
सिंहै विहारै गरछन् नभै रूपि -
१०४

- वनमा बसेरै मनमा रमेर ता
रात्री रूपि सुन्दरीका श्रृगारका
शोभा हुने यी सब चम्कि तेजले
तारा रूपिका गज मोति बेस रे
१०५

आकाश रूपि वनमा पनि अहो !
फिँजी रहेका छन् शोभिएर जो
भनेर यो रामजीले तहाँ अनि
कालो पना त्यो शशि भित्र जो छ नि
१०६

-के हो !आफ्ना मनैले नै सोचेको अनुसारले
भन सब्ले भनी यस्तो आज्ञा भो रघुनाथले
कपिशले गरे विन्ति हे प्रभो !त्यस चन्द्रमा
छाया प्रकट् भएकी हो धरणिको पनि तहा
१०७

भने कसैले शशिलाई राहुले
पारी दिएको पनि धेर घाउ रे
थियो अगाडि त्यहि ठाउ मै अनि
ठेला परको त्यहि श्याम हो पनि
१०८

भने फेरि कसैले ता प्रभो ! जब विरञ्चिले
लाग्नुभो रतिको मुख बनाउन अगाडी रे
भिकेर त्यहि वेलामा सार भाग ति चन्द्रको
लिनु भो तेहि कारण शशिका माभमा प्रभो !
१०९

-त्यो क्षिद्र प्रष्ट देखिन्छ त्यहि द्वारा अकाशको
देखिएको सबै हो त्यो छाया कालो भएर जो
आज्ञा भो प्रभुले ' चन्द्र कालकूट विषको पनि
सहोदर् भाई हुन् तेसै कारण्ले तिनले अनि

११०

अति प्रिय भएको त्यो विष् रूपि भाईलाई ता
आफ्नै हृदयमा स्थान दिएका छन् नछाडी ता
ती चन्द्र विषिले व्याप्त भएको किरणै सब
छरी विरहले नै पोलि भएका व्याकुलै सब

१११

नर नारी सबैलाई पोल्दछन् यी सदैव नै
विरही निम्तिमा सूर्य भन्दा ता ता भई सधैं
अनि विन्ति गरे फेरि पवन पुत्रले पनि
हजुर्का दास हुन् चन्द्र सुन्नुहोस प्रभो ! अनि

११२

रहन्छ प्रभुकै मूर्ति तिनका हृदयै महा
भास मान भएको हो त्यसैको श्याम ता तहा
वायु नन्दनको यस्तो सुनेर वचनै सब
परम् चतुर श्रीराम हाँसी बक्सनु भो तब

११३

दक्षिण् दिशातिरै फेरि हेरेर रघुनाथले
हासेर बोल्नु भो फट्टै खुसी भैकन खास रे
हेर त दक्षिणै तर्फ विभिषण तिमी अब
विजुलि चम्किई उम्डि बादलै ता खुबै अब'

११४

मेघ सुस्त सुस्त र घनघोर
गर्जि गर्जि रहँदा छन् ती जोर
कडा बृष्टि असिनाको पनि ता
पर्ने हो कि पानी घन्घोर नी ता ?

११५

विन्ति गरे विभिषणले कृपालो !सुन्नुहोस यो
न ता विजुलि हो नाथ ! मेघ नै हो न यो प्रभो !
लंकाको शिखरै माथि राम्रो महल छ अनि
तमाशा हेर्न लागेका छन् त्यहि रावणै पनि

११६

मेघ समानको छत्र ओड्दछन् शिरमा तिनी
अतिव घन् घटा मेघ सरी कालो भएर नि
त्यो छत्र देखिएको छ फेर् रानी मय पुत्रीको
ताटंक कानमा जो छ विजुलि झैं भई ति जो

११७

झल्केको हो रघुनाथ ! अनौठा थरिले अनि
ताल मृदंग औ भेरी सहनाईहरू पनि
सारा बजीरहेका छन् है देव अधिनायक !
त्यहि सरस औ मिठो आवाजहरू नै अझ

११८

सुन्नु भईरहेको छ प्रभुले रघुनन्दन !
भन्ने वचन यो सारा विभिषण्को सुनीकन
जानेर रामले मन्मा रावण्को अभिमान त्यो
हास्नु भैकन ता फेरि चढाएर धनुष जो

११९

एक् वाण रामले हान्नु भएथ्यो जब ता अनि
रावण्को मुकुट छत्र ती मन्दोदरीको पनि
ताटंकहरू ती सारा देख्दा देख्दै समस्तले
खसे जमीनमा मर्म -जानेनन् तब कोहिले

१२०

यस्तो तमाशा गरि वाण रामको
ठोक्रो महा आई पस्यो तुरून्त पो
त्यस्तो ठुलो राग र रडङ्ग नै पनि
भंगै भएका सब देखदा अनि

१२१

भयो सशडङ्क रावण्को सभा सकल त्यो घरी
आ-आफ्ना मनमा सब्ले त्यो बेला अति नै डरी
'गएको छैन भूकम्प ज्यादा समीर नै पनि-
-चलेको छैन, आखाले अस्त्र शस्त्रहरू पनि

१२२

-देखिएन अहो ! भारी भयो अपसगुन यो '
सोचेर सबले यस्तो गर्न लागे विचार जो
देखि सभा सबै भीत भएको दशकण्ठले
अनि बनाउदै जुक्ति भन्यो हाँसेर फेर रे

१२३

खस्ता महानै जसको शिरै पनि
निरन्तरै मंगल नै भयो अनि
खस्ता मुकुट् यी त्यसलाई लोकमा
हुनेछ के को असगुन लौ यहाँ

१२४

जाओ खुसीले घर आफनो सब
आनन्द ता ले सुत है गई तब
सुनेर आज्ञा दशकण्ठको पनि
झुकाउदै शीर सबै जना अनि

१२५

घर आए अनि जैले देखि कर्णपुरैं पनि
खसेथ्यो धरति माथि त्यो बेला देखिनै अनि
हृदयमा भयो चिन्ता ती रानी मयपुत्रीको
नेत्र भरी गरी आँसु हात जोडेर फेरि यो

१२६

गर्थिन् विन्ति रानी मन्दोदरीले
हा !हा ! स्वामी गर्छु विन्ति डरी रे
सुन्नु होला पर्दछु पाउमा म-
मेरो प्राण नाथ ! हे सौख्य धाम

१२७

जस्को भृकुटिको बाँ गोपना अति भयंकर
काल हो , जसको नेत्र हो सूर्य चन्द्र सुन्दर
मेघमण्डल हुन् केश नासिकाद्धार नै पनि
कुमार अश्मिनी हुन् ती अपारका निमेष् अनि

१२८

रात्री औ दिन हुन् फेरि कान हुन् दश्दिशा सब
भनेर वेद साराले गरेको छ वयान त
वायु हुन् जसको श्वास वाणि नै वेद हो अनि
जसको ओठ हो लोभ दारा भयंकरै पनि -

१२९

- यम हुन् अनि ता फेरि माया हुन् त्यो हसाई त
बाहु दिक्पाल हुन् फेरि अग्नि हो श्री मुखै ति त
जिब्रो बरूण हो चेष्टा प्रलय स्थिति सृष्टि हो
रोमावलिहरू सारा वनस्पति भए ति जो

१३०

कठोर पर्वतै सारा हाड हुन् प्रभुकै सब
नदिहरू पनि सारा नशाका जाल हुन् तब
अपार पेट हो सिन्धु नरक् हो गुदद्धार त्यो
जगन्मय प्रभुकै छन् अनेक कल्पना अहो !

१३१

रामजीको अहंकार शिवको उग्र रूप हो
विधाता बुद्धि हुन् फेरि मन हो चन्द्र नै अहो !
चित्त हो रामको सारा महत्व लोकमा छ जो
मानिसहरूका वास चराचर निवास पो

१३२

भएका भगवान् राम उनै हुन् लोक भूषण
मारे जस्ले हजुर्का ती सारा खर र दूषण
सुन्नु होस प्रिय प्राण ! यो विचार गरेर नै
भगवान् रामका साथ वैरभाव त्यजेर नै

१३३

विरोध छोड्नुहोस् नाथ ! रामका साथमा अनि
हठ नगर्नु होस् मन्मा सम्फेर मानिसै भनी
रघुवंश मणि राम हो है विश्व स्वरूप पो
प्रतिती गर्नु होस् मन्मा मेरो वचन नाथ ! यो

१३४

अंग अंग भरी जस्को लोक औ लोकपालको
कल्पना गर्दछ वेद्ले पाउ जस्को पाताल हो
शिर हो ब्रम्हलोक् जस्को अंम अंग भरी सब
जाहिँ ताहिँ अरू लोक रहेका छन् सबै तब

१३५

रामको पाउमा प्रेम गर्नुहोस् प्रभो ! अब
नमेटियोस मेरो यो सौभाग्य नाथ !हा ! सब
सुनेर नारीको वाणि कानले दशकन्धर
हाँस्यो ठट्ा गरी धेरै भन्न लाग्यो रमेर त

१३६

अहो ! बलवान छ सारै मोहको महिमा हरे !
कविले नारी बानीको वर्णन् ठिक्क गरेर रे
गरेकाछन् सदा लोक्मा स्त्रिको हृदय भित्र ता
रहन्छ दुर्गणे आठ स्थिर् भएर सदैव ता

१३७

साहास अनृत माया भय चपल ता अनि
अशौच अदया फेरि अविवेकहरू पनि
रहन्छ नारीमा नित्य भन्छन् प्रियतमे ! सधै
तिमीले शत्रुको रूप्को जस्तो वर्णन् गरी सबै

१३८

मलाई अति नै भारी सुनायो डरको कुरा
त्यहि जगत् रूपि तिम्रा ती इश्वर् अब ता पुरा
भै गए वशमा मेरो तिम्रो ठुलो प्रसादले
प्रिये ! ऐले बुझे मैले यो कुराको महत्व रे

१३९

तिम्रो जानें बठयाइं सकल प्रियतमे यहि नीहु गरेर
मेरो प्रताप वर्णन् गरि सब थरिले नै सुनायो रमेर
वार्ता छन् गूढ तिम्रा सकल प्रियतमे !त्यो सुनरै बुझमा
डर् यी छुटाउने औ अतिव सुख्र दिने हुन्छ सारा गुनेमा

१४०

कुरा यस्तो सुनी सारा रावण्को मयपुत्रीले
कालले वश पारेछ अति नै पतिलाई रे
मतिको भ्रम तेसैले भएकी हो भनेर यो
जानिन् हृदयले यस्तो व्याकुल् भै कनता अहो !

१४१

भन्यो यस्तै कुरा रात भरी नाना प्रकारले
स्वभावैले भएको त्यो निशंक दशकण्ठले
प्रात भएपछि फेरि सभाभित्र गयो अनि
मदान्ध त्यो सधैं जस्तो मनमा खुसी भै पनि
१४२

बर्षाओस् मेघले अमृत परन्तु कहिल्यै कहिं
तथापि फल फल्दैन वेत ता लोकमा कहिं
गुरू पाए पनि ब्रम्हा तुल्यको जगतै महा
चेत आउन्न है कैल्यै. मूर्खका हृदयै महा
१४३

यतातिर प्नि फेरि प्रातकाल भए पछि
जागा हुनु भयो राम करूणाका समूह ती
मन्त्रीहरू सबैलाई डाकेर रघुनाथ त
के गर्ने भन लौ चाडो उपाय सबले अब ?
१४४

भनेर मन्त्रणा यस्तो सोधिबक्सनुभो अनि
पाउमा शिर राखेर श्री जाम्बवानले पनि
विन्ति गरे रघुनाथ ! हे सर्वज्ञ ! दयालु रे
सकल गुणका राशी हे सत्यसन्ध ! नाथ रे
१४५

हे सर्व हृदय वासि ! व्यापक ! हे निरामय !
जानकीजीवन ! राम ! हे खरारे ! अनामय !
सुन्नु होस प्रभो ! आपन्नो बुद्धिको अनुसारले
मन्त्रणा गर्दछु विन्ति जाने सम्म अहो ! म रे
१४६

दूत पठाउनु होस बालि नन्दनलाई त
भन्ने मन्त्र सुनी तिन्को मन् पऱ्यो सबलाई त
साधु साधु भने फेरि कृपालो रघुनाथले
आज्ञा गर्नु भयो झट्टै बालि नन्दनलाई रे
१४७

बल बुद्धि र गुणका हे निवास ! बालि नन्दन!
लंका जाऊ तिमी मेरो काममा खुसी भैकन
तिमीलाई बुझाएर धेरै के म भनुँ यहाँ ?
परम् चतुर छौ बाबू ! जान्दछू सब मन्महा
१४८

त्यसको हित औ मेरो बन्दछ काम जे गरी
त्यो शत्रु साथमा सोहि कुरा गर सबै थरी
प्रभुको हुकुमै लाई राखेर शिरमा अनि
उठेर प्रभुको पाउ कमल्को वन्दना पनि
१४९

- गरेर अंगदजीले गरे विनय यो तहाँ
करूणामय ! हे राम ! प्रभु जस्का ऊपर्महा
करूणा गरनु हुन्छ त्यहि प्राणि अनि प्रभो !
गुण सागर हो येति विन्ति गरी रमेर पो
१५०

गरे विचार यो फेरि ' प्रभुका काम ता सबै
स्वयं नै सिद्ध छन् मान बक्सेको हो ममा अझैं
यो सोची मनमा हर्ष भए उन्को शरीरमा
भयो रोमाञ्च औ फेरि रामका पाउ पद्ममा
१५१

गरेर वन्दना प्रेमले राखेर राम चित्तमा
अनि सभासदैलाई झुकाईकन शिर् तहाँ
हिडे ती अंगदै फेरि भगवान् रघुनाथको
प्रतापलाई ता मन्मा राखेका नै हुँदा अहो !
१५२

निशंक र समरमा पनि ता
गर्ने पराक्रम बिकट् अनि ता
बलिष्ट र ति थिए बुद्धिमानै
जाँदा लंका भित्रको मार्गमा नै
१५३

थियो रावणको छोरा लागेको खेल्न ए उटा
प्रवेश गरना साथै लंका नगरीमा उता
भेटी अंगदले त्यसै साथ गर्दै कुरा अनि
उठ्यो रीस दुवैलाई दुवै जना अतीव नि
१५४

अद्धितिय बलवान थिए तरूण क्रुर रे
उठायो अंगदैलाई लात तेस्ले तुरून्त रे
बालि तनयले तेस्को समातिकन पाउ ता
घुमाई फन्फनी फेरि पट्किए भूमि माथि ता
१५५

अंगद्लाई अति वीर देखि राक्षस सब् ति ता
भागे जताततै डर्ले आत्तिएका छदा ति ता
सकेनन् तिनीहेरूले बोलाउन कसैकन
लुके डराउदै सारा घर भित्र घुसिकन
१५६

त्यो मर्म एकले अर्कोलाई भन्दैनथ्यो तहाँ
रावण पुत्रको मृत्यु जानेर पनि मन्महाँ
लंकापुरी भरी सारा रहन्थे चूप चाप ती
' जस्ले लंका जलाएथ्यो तेहि वानर वीर यी
१५७

आयोफेरि पनि 'यस्तोखल्बली मच्चियो हरे
'अब इश्वरले फेरि के गर्ने हो ' भनेर रे
अत्यन्त डरले यस्तो गर्न लागे विचार नै
बाटो देखाउनै लागे नसोधे पनि झट्ट नै
१५८
पुलुक्क मात्र जस्लाई हेर्दथे अंगदैजीले
सुक्तथ्यो त्रासले ठाडै त्यो निशाचर ताहिं रे
रामका चरण पद्म गरी स्मण चित्तमा
आई पुगे दशानन्को सभा भवन द्धारमा
१५९
अनि धीर वीर र वलवान
अंगदजी वीर सिंह समान
यता उति फर्किई हेर्न लागे
अनि यौटा राक्षसैलाई डाके
१६०
तुरून्तै रावण सामु पठाए त्यसलाई ता
लंकामा आफु आएको खबर भन्नलाई ता
सुन्नासाथ कुरा हाँसि भन्यो रावणले अनि
लिएर आ कपिलाई कहाँ को हो बुझेर नि
१६१
आज्ञा पाए पछि धेरै दौडिए दूत जो तहाँ
कपि कुञ्जर् कनै डाकी ल्याए त्यस सभामहाँ
बालि तनयले देखे रावणलाई त्यो घरी
प्राण सहित कै ठुलो गाजल्को पर्वतै सरी
१६२
पर्वत रूपि रावण्को हात हेरू पनि सब
वृक्ष जस्तै शिरै फेरि टाकुरा सरि नै तब
रोम ता पर्दथ्यो भान लता झैं मुख नाक र
कानहरू गुफा खोल्सा कन्दरा झैं थिए तर
१६३
बालि पुत्र थिए वीर बलिष्ठ बाँकुरा अति
सभा भवनमा जाँदा तिनको मनमा कति
डर हर्ष पनि केहि भएन अंगदैकन
देखि सभासदै सारा उठ्यो व्याकुल भैकन
१६४
रावण्को मनमा क्रोध उठ्यो अतिव त्यो घरी
मत्त गजेन्द्रको हुल्मा सिंह जान्छ जसो गरी
सोहि रित्ले गए तारा पुत्र त्यस सभा महा
भगवान् रामकै ठुलो प्रताप सम्झि चित्तमा
१६५

रामको चरणलाई प्रणाम गरी चित्तले
बसे त्यस सभाविच अंगद खुसी साथले
सोध्यो रावणले फेरि तँ को होस् बाँदर ? भनी
भने अंगदले भन्छु म सब् दशकन्दर ! भनी
१६६
म हुँ रामजीको दूत मेरा पिताजीको अनि
तपाईको थियो ठुलो मित्रता सुन्नु होस् पनि
तपाई कै हित निम्ति आएको छु म यो घरी
सुन्नु होस् दशकण्ठ भन्दछु विनति गरी
१६७
तपाई उत्तम कुल्को हुनुहुन्छ पुलस्त्यको
नाति औ फेरि ता पैले विविध भाँति साथ पो
ब्रम्हा र शिवको पूजा गर्नु भो प्रेमले पनि
तप गरीकनै ठुलो प्रशन्न पारी ता अनि
१६८
वर पाउनु भो ठुलो सब कार्यहरू पनि
सिद्ध पार्नु भयो लोकपाललाई जिति अनि
जित्नु भयो सबै राजाहरूलाई समेत रे
नृपको मदले ठुलो अभिमान चढेर रे
१६९
हे वा मोहको बश्मा परेर मदअन्ध भै
लोककी जननी सीतालाई नै ता हरेर नै
लिएर चोर झैं फिर्नु भएको छ तपाईले
अब सुन्नु हओस् मेरो यो शुभ वाणिलाई रे
१७०
तपाईका अपराध हरू त्यो रघुनाथले
गर्नु हुनेछ है माफ पर्दा शरण मात्र रे
च्यापेर दाँतले घाँस गलामा बञ्चरो पनि
झुण्ड्याएर खुसी साथ झुकाएर शिरै अनि
१७१
आपन्ना नारीहरू साथ परिवार सहितमा
लिएर अनि ता फेरि आदर भक्ति साथमा
जग जननी सीताजीलाई अघि लगाउदै
एवं प्रकारले सारा त्यागेर भय ता पुरै
१७२
हिड्नु होस् है रामको पर्न पाउ
गर्दै फेरि यो पुकारा कराऊ
भगवान ! प्रणतपाल !नाथ !
रघुकुल ध्वज वैदेहि नाथ !
१७३

अब रक्षा गर्नु होस् है मलाई
त्राहि त्राहि भन्दछु नाथ ! हाई
सुन्ना साथै आर्त यो वाणिलाई
दया राखी रामले नै समाई
१७४
दिनु हुनेछ है सत्य अभय रघुनाथले
यस्ता निर्भयको वाणि सुनी राक्षस नाथले
रे रे वानरको बच्चा ! समालेर मुखै पनि
बोल्दैनस् किन ए मूर्ख ! राखेर डरनै पनि
१७५
मलाई सुरको शत्रु जान्दैनस् भाई ! तै अब ?
आफ्नो र बाबुको नाम बता मकन ता सब
के कस्को साहिनाले भन्दछस् मित्र ता ? भनी
यस्तो कुरा सुनी फेरि भने अंगदले पनि
१७६
अंगदै नाम हो मेरो म हुँ बालि कुमार नै
बालि साथ कुनै बेला तपाईको पनि कतै
थियो कि कहिले भेट भएको ? या थिएन है
खुलासा भन्नु होस् ,ऐले न ढाँटीकन ता सबै
१७७
संकोचित भयो रावण् सुन्दा अंगदको कुरा
भन्न लाग्यो अनि फेरि निर्लज्ज यसरी पुरा
म जान्दछु थियो वाँदर् एउटा बालि नामको
बालि पुत्र तँ ए अंगद् रहिछस् अति नीच पो
१७८
वंशाग्नि र कुलंगार जन्मिछस् गर्भ भै किन ?
मारिनस् यसरी व्यर्थै भै हरे ! दिन र हीन
आफ्नै मूख्ले तपस्विको दूत हुँ भनी हिड्दछस्
कहाँ छन् अब ति बालि कुशल् छन् के बताउँछस् ?
१७९
हाँसिकनै अंगदले भने अनि
बिते पछि दश् दिन नै जति पनि
नगीचमा गै तिमी बालिको अब
त्यो मित्र बालिकन हर्षले तब
१८०
गरेर अलिंगन प्रेमले पनि
कुशल् समाचारहरू सबै अनि
सोधे दशकन्दर ! आफु नै तिमी
विरोध गर्दा रघुनाथको पनि
१८१
जुन तरहले हुन्छ कुशल त्यो सबै कुरा
भन्दिने छन् तिमीलाई उनैले खुसी भै पुरा
हृदय पद्ममा जस्को भगवान् रघुनाथजी
सीता साथ लिई राज भएको छैन हेर ति
१८२
भेद रहन्छ है त्यस्को मनमा सुन रावण
रहेछु मकुलांगर हे मूर्ख ! तिमी ता झन
रहेछौ कुलका पालक् हे दशकण्ठ ! योकुरा
गर्दैनन् बहिरा अन्धा पनि ता सुन है पुरा
१८३
तिम्रो ता बिस आँखा छन् कान छन् बिसनै हरे !
ब्रम्हा महेश औ देव मुनिका समुदायले
जस्को चरणको सेवा चाहन्छन् गर्न ता सधैं
मैले उनै रघुवीर्को भएर दूत ता अझैं
१८४
कुल नाश गरें सारा यस्तो मति हुँदा पनि
तिम्रो हृदय फुट्दैन धन्य छ किन हो अनि
सुन्दा अंगदको यस्तो कटु वचन त्यो घरी
आँखा तरेर रावण्ले भन्न लाग्यो कडा गरी
१८५
तेरो सहि रहेको छु कठोर वाक्य यो सब
जानेको छु सबै मैले नीती धर्महरू तब
भने अंगदले धन्य तिम्रो धर्म र शील ता
सुनेको छु सबै मैले अर्काकी नारीलाई ता
१८६
चोरी गऱ्यौ अनि फेरि दूतको रक्षणै पनि
पैले मैले सबै देखें आँखाले नै स्वयं अनि
धर्मको नियमै धारण् गरने तिमी यो घरी
डुबेर किन मर्दैनौ ? निर्लज्ज भन बेसरी
१८७
बैनीलाई पनि देख्दा नाक र कान हीन ता
विचार धर्मकै राखी गऱ्यौ क्षमा सदैव ता
जाग्रत छ धर्म औ शील तिम्रो यो जगतैभरी
दर्शन् पाएँ भएँ धन्य ऐले मै पनि बेसरी
१८८
बडभागी रहेछु है भन्ने यो अंगदैजीको
सुनेर वाणि रावण्ले भन्दछ अनि फेरि यो
नबड्बडा जड जन्तु कपि ए शठ ! रे निच
दिक्पालहरूको ठुलो बल् रूपि चन्द्रलाई त
१८९

ग्रस्ने कारण् रूपि ठुलो भएको राहु रूप ता
मेरो बिस भुजालाई हेर् रे मूर्ख ! अझै तँ ता
नभै रूपि सरोवर्मा मेरो बिस भुजा रूपि
कमल वनमा वास गर्दामा भै अति खुसी

१९०

शंकर साथकै सारा कैलाश पर्वतै अनि
सुशोभित भएको थ्यो हंस जस्तै भएर नि
सुन् रे अंगद् ! तिमीहेरू कपिका फौज मध्यमा
कुन् जौधा मसितै भिड्ला भन् ता सम्झेर चित्तमा

१९१

स्त्रीको विरहले होला भएको दुर्वलै पनि ?
तेरो प्रभु अनि उस्कै दु :खले दुखितै बनी
तेस्को भाई पनि होला भएको मलिनै ! अनि
तँ र सुग्रीव दुवै फेरि नदिका तीरका पनि

१९२

-वृक्ष सदृश छौ , मेरो नीच भाई विभिषण
काँतर्छ अति नै त्यो ता लुक्नेछ कुल दूषण
बूढो छ अति नै मन्त्रि जाम्बवान् अब युद्धमा
होला त्यो के खडा ? फेरि ढल्नेछ पल छीनमा

१९३

जान्दछन् नल औ नील शिल्पको काम मात्र नै
अँ ए त्यो एउटा ठुलो बल्वान कपि जो छ है
आईकन यहाँ जस्ले जलाएथ्यो पुरी सब
यति सुन्दै महा बोले हाँसी अंगदले तब

१९४

सत्य कुरा गर ऐले के त्यो वाँदरले पनि !
साँच्चै हो त जलाएको यो लंका नगरी पनि ?
राक्षस नाथ रावणको यो ठुलो नगरी सब
सानो वानर यौटाले जलायो भनदा अब

१९५

यस्तो झुटो कुरा कस्ले भन्ला को सुनला ?हरे !
जस्लाई रावण तिम्ले वीर योद्धा भनेर रे
सहायौ त्यो त सानोहो हल्कारा मात्र नै हरे !
जो धेरै सक्तछ हिड्न हिड्दैमा मात्र वीर रे

१९६

हुन सक्तैन लंकेश ! जान यो सत्य हो कुरा
खबर्लिन भनी हामी सबूले सीताजीको पुरा
त्यसलाई पठाएको हो यो नगरीमा पनि
ऐले मात्र सुनें मैले कुरा. सकल यो अनि

१९७

आज्ञा नपाई स्वामीको त्यो सानो कपिले हरे !
लंका नगरी यो सारा जलाएको रहेछ रे
फर्केर तब यो फेरि सुग्रीवको नगिचै महाँ
गएन डरले तेहिं लुकेको छ वनै महाँ

१९८

सत्य कुरा भन्यौ सारा त्यो सुन्दामा मलाई ता
रीस छैन दशकण्ठ ! हृदय भित्र केहि ता
सुहाउने तिमी साथ यस्तो वीर लडाकु रे !
वानर फौजमा हाम्रो कोहि छैन विचार रे

१९९

निति यस्तो छ कि हे रावण यो
विरोध र प्रिति आफुसरको
जन साथ पर्दछ गर्नु हेर
भेडालाई सिंह आफैं गएर

२००

मार्न लाग्यो भने तेस वन्राजलाई लोकमा
भलो भन्लान् र कोहिले ? सम्झ यो हृदयैमहाँ
तिम्लाई मारँदा खेरि यद्यपि रामजीकन
लघुता र ठुलो दोष समेत लाग्छ है भन

२०१

तथापि हे दशकण्ठ ! क्षेत्रिय जाति वीर को
रीस अति कडा हुन्छ जान मन्मा बुझेर यो
फेरि रावण हाँसेर बोल्यो वानर जातको
ठुलो हुन्छ गुणै एक अरू भन्दा अचम्मको

२०२

त्यसलाई पाल्दछ जस्ले त्यस्को विविध रीतले
सदैव गर्दछ राम्रो यी सबै कपि जातले
स्वामीको निम्तिमा लाज छाडेर जुन वानर
नाच्दछ जाहिं औ ताहिं धन्य हो कपि जात त

२०३

दौडि नृत्य गरी रिझाइकन ता सारा दुनियाँ कन
स्वामीका हित निम्ति वानरहरू धर्मै पनि गर्छन
बठ्याई पनि गर्दछन् जगतमा हे दुष्ट ! नीच् ! अंगद
स्वामी भक्त त जात हो जगतमा तेरो पनि जान त

२०४

जस्ता रीतिसित स्वामीका गुण यहाँ गाओएनस् तँ अनि
म ज्यादै गुणग्राहि औ सुजन ता धीरै हुनाले पनि
तेरा यी कटुवाणिहेरू कन ता कानै म दिन्न यहाँ
भन्छन् अंगदजी पनि सुनि कुरा त्यो रावणै संगमा

२०५

तिम्रो गुण् ग्राहतालाई अघि श्रीं हनुमानले
सुनाएका पनि सारा थिए मलाई जान रे
हे रावण ! सत्य हो सारा गुण ग्राहि तिमीछौ अति
पवन पुत्रले पारे बिध्वम्स उपवन् जति
२०६
छोरा मारे अनि फेरि जलाए राजधानी यो
गरनौ तिमीले कत्ति तैपनि अपकार जो
तिम्रो तेहि अति राम्रो स्वभावलाई चित्तमा
विचार गरी हे रावण् मैले केहि कुरा यहाँ
२०७
ढिठाइ नै गरको हुँ पवन पुत्रले पनि
जे भनेथे सबै त्यो ता देखे आएर ता अनि
लज्जा पनि तिमीलाई रहनेछ विचार पो
रीस राग पनि फेरि कुनै रहनेछ अहो !
२०८
वक्रोक्ति रूपि धनु र वचनै रूपि वाणले
रावण्कै हृदयैलाई छेडे ती वालि पुत्रले
मानौं वीर भएको त्यो रावण् प्रत्युत्तरै रूपि
सडैसीले गडेका ती वाक्वाणलाई ता भुकि
२०९
काट्न लाग्यो समातेर निकालि बलपूर्वक
भन्यो रावणले यस्तो रहेछ बुद्धि नै तब
चाँडै नै खाइछस् तैले बाबु बालिकनै हरे !
यति वचन बोलेर हाँस्यो रावण खूब रे
२१०
भन्छन् बालि पुत्रले फेर ताहाँ
बाबूलाई खाई फेर् हेर याहाँ
मित्रै बाबूलाई झट्टै नि मैले
खाई दिन्थें किन्तु मैलाई ऐले
२११
केहि कुरा याद आयो मनैमा
नीचै अभिमानि तैंलाई तहाँ
ती बालिको उज्जलै किर्तिको नै
पात्रै जानी खान्न ऐलें त भो नै
२१२
रावण ! रावण् छन् कति लोक भित्र ?
भन् रे रावण् ती सबैको चरित्र
मैले आपन्नो कानले ता जति नै
सुनेको छु भन्दछु है त्यति नै
२१३
यौटा रावण्ले बलि जित्छु भन्दै
गएकोथ्यो हेर पाताल सम्मै
बाँधेर नै बालकैले त्यहाँ ता
राखी छाडे अश्वशाला महाँ ता
२१४
खेल्थे केटा केटि सारा गएर
त्यसैलाई पिट्दथे गै रमेर
जिस्काऊँथे कोहि कानै समाई
नचाउँथे कोहि बालक् रमाई
२१५
बालकहरूको कब्जा देखि यो रावणैकन
दया लागी बलिले नै आफैं गइकनै झन
छुटाएर पठाए छन् त्यसलाई अनि पछि
यौटा दशाननैलाई सहस्रार्जुनले अघि
२१६
देखिकन अनौठाको जन्तु झैं जानी चित्तमा
लघारेर त्यसैलाई समातिकन गेहमा
ल्याएकाथे तिनैले ता तमाशाका् निमित्त नै
छुटाए फेरि त्यस्लाई गइकन पुलस्त्य नै
२१७
कुरा गर्दा पनि यौटा रावण्को त मलाई नै
संकोच लाग्दछ धेरै रावण ! भित्र देखि नै
च्यापिईकन रावण् त्यो बालिको काखिमा पनि
रहेकोथ्यो तहाँ धेरै समयसम्म ता अनि
२१८
ती रावणहरू मध्ये होउ कुन्चाहिने तिमी ?
रीस छाडीकन साँचो सारा भन यथार्थ नि
यस्तो निर्भयको वाणि सुनी भन्दछ क्रोधले
रे दुष्ट !हेर शठ् !जस्को हातको खेल जो छ रे
२१९
जान्दछन शिवजी गौरी म तेही बलवान र
प्रतापि रावणै हुँ है नगर् बक् बक वानर
मैले जस्लाई शिर् रूपि चढाई फूलनै पनि
पूजे उनै उमानाथ सशाङ्क प्रभु नै पनि
२२०
जान्दछन् शूरतालाई मेरो बिस्तारले तब
मैले आपन्नो करैले नै आपन्नै शिर रूपि सब
कमललाई उतारेर धेरै पटक हर्षले
पूजा गरे महेश्वर्को सुन् रे वानर ! नीच रे
२२१

ऐलेसम्म पनि जस्को हृदयैमा निरन्तर
गडेको छु सियो जस्तै भईकन म भित्र र
मेरो पराक्रमै सारा तिनै दिग्पालले सब
जान्दछन् शठ ! रे मूर्ख ! सुन् यो कान दिई अब
२२२

जान्दछन् दिग्गजै सारा मेरो हृदय भित्रको
कठोरताहरूलाई गर् है होश समस्त यो
जबरजस्तिले जाई जब जब भिडें म ता
जसको भीषणै दारा कैल्यै पनि हरे ! ति ता
२२३

भाचिएका थिएनन जो तिनै दाराहरू सब
मेरो यो छातिमा लागी मूला सरी भई तब
भाचियो तिनको सारा बाकि नरहि एक रे
म हुँ रावण ता तेहि सुन् रे अधम मूर्ख ए
२२४

मत्तै हात्ती चढ्दिदामा गएर
सानो ढुंगा डगमगी हल्लिएर
धर्मर् गर्छ जुन रित्ले अनि ता
जो हिड्दामा यो भूमि नै पनि ता
२२५

डगमग गर्दछिन् त्यस्तै लोक प्रख्यात वीर र
प्रतापी म त्यहि रावणलाई ता कानले तर
सुनेकै थिइनस् क्यारे तैंले ता कहिल्यै हरे !
रे झुटो अधम ! मूर्ख ! मलाई भन् यथार्थ रे
२२६

प्रलाप गर्दछस् सानो भनी त्यहि मलाई रे
बयान गर्दछस् जावो मानिस्को बेसरी हरे !
अरे बक्वादि! रे नीच! दुष्ट ! वानर! यो घरी
तेरो ज्ञान सबै जाने मैले ता अब बेसरी
२२७

सुनेर यो कुरा सारा अंगद क्रोधपूर्ण भै
बोले दाह्रा पनि क्रोधले कट्कटाई कनै सबै
अभिमानि!अधम मूर्ख !सम्हालि मुख बोल् अब
सहस्र बाहुको दुर्गम् अपार कर् रूपि सब
२२८

वन्लाई दग्धै गरना निमित्त नै
जस्को थियो अग्नि सरि कुठार नै
सुन् फेरि जस्को भयदा कुठारको
त्यो तीक्ष्ण धारै रूपि सिन्धु भित्र पो
२२९

वेगन्ति ती भूमति हेरू त कठै
डुबे अनेकौं पटकै समेत नै
तेस्ता ती वीर उहि पर्शुरामको
जस्लाई देखेर घमण्ड जो थियो
२३०

भाग्यो पलैमा अधमी !अभागी ! रे
त्यै वीर ता मानिस नै भयो कि ? रे
अधर्मि ! रे नीच ! कुटिल ! दुष्ट ! रे
कसोरी हुन मानिस रामजी ? हरे !
२३१

के हुन् अनंग धनुधारी मात्र नै ?
गंगा पनि के नदि मात्र हुन र है ?
ती काम धेनु पशु तुल्य हुन्छ त ?
के वृक्ष हुन् केवल कल्प वृक्ष ल ?
२३२

के अन्न दानै पनि दान मात्र हो ?
के खाली रस् हो अमरै सुधा ? अहो
हुन् के गरूडै पनि पक्षि मात्र रे ?
के ति सहस्त्रानन सर्प हुन ? हरे !
२३३

चिन्तामणि पत्थर मात्र हो कि के ?
बैकुण्ठधामै पनि लोक भो कि ? रे
अखण्ड भक्ति रघुनाथ पादमा
गर्नु पनि हो कि त लाभ मात्र ता ?
२३४

सेनाका सहितै मथरै संकलै तेरो अभिमान यो
ध्वस्तै पारी अशोक वन्हरू सबै तेरो पनि पुत्र जो
मारेरै अनि ता जलाई कन यो लंकापुरी नै सब
जो फर्के हनुमान ती हुन गए के वानरै केवल ?
२३५

बठयाईहरू छाडी यो सबथरी सुन मूर्ख ! मेरो कुरा
कृपा सिन्धु खरारिलाई मनमा भज्दइनस् तै पुरा
राम द्रोहि भइस् भने जगतमा रे दुष्ट तेरो अनि
रक्षा गर्न महेश औ विधि पनि होलान् अशक्तै अनि
२३६

हे मूढ !व्यर्थ नहाँकन दंग तँ यसरी श्रीरामका साथमा
शत्रुभाव भयो भने पछि हुने हालै छ यो युद्धमा
तेरा शिर्हहरूलाई ता प्रभुजीको लागेर वाणै पनि
भालु वानरका अगाडि भूमिमा खस्ला छरिएर नि
२३७

वानर् भालुहरू अनि पछि तिनै तेरा शिरैलाई ता
खेल्ले छन् खुसीसाथ कन्दुक गरी युद्ध स्थलैमा तिता
जैले क्रुद्ध हुनु हुनेछ भगवान् श्रीरामजी युद्धमा
तेसै औसरमा जसै अति ठुलो भयंकरै को तहाँ
२३८
छुट्नेछन् शर हेरूता अधिकं नै तेसै बखत्मा अनि
तेरो गाल यसै गरेर दशमुख् चल्लाकी फेरि पनि ?
यो विचार गरी समस्त मनमा हे दुष्ट ! लौ प्रेमले
ऊदारै हृदयै हुने प्रभुजी नै भज् भन्दछु चित्तले
२३९
सुन्दा यो वचनै बलेर रहने हुँताशनैमा घिउ
पर्दा भैं हुन गो बलेर दशमुख् धपक्क नै भै जिउ
लाग्यो भन्न कठोरको वचन त्यो रे दुष्ट ! सुन्कानले
मेरो भाई छ कुम्भकर्ण सरिको प्रख्यात् तिनै लोक रे
२४०
जित्ले इन्द्रकनै भनेर जगमा छोरो छ प्रख्यात जो
सुनेको छइनस् पराक्रम कुनै तैंले तँ मेरो अहो !
जीतेको छु चराचरै जगत यो सारा गरी वश्महाँ
काँप्छन् थर्थरी हात जोडि डरले द्यौताहरू लोक्महाँ
२४१
मूर्खे वाँदर वाँदरै सकलको सहायता नै सब
पाएरै अनि फेरि त्यो अधमले बाध्यो समुद्रै अब
सामर्थ्यै यतिनै न हो सकल त्यो तेरो प्रभुको पनि
नाना पक्षिहरू सदैव जलधि नाघि रहन्छन् पनि
२४२
मूढ ! बाँदर् ! शूर हुन्ति भनेर
क्वै भन्देनन् लोकमा पक्षि हेर
परिपूर्ण शक्तिरूपि जलैले-
भएको यो बाहुरूपि कडै रे
२४३
मेरो बिसै छन् समुद्रै अपार
डुवहि जुनै सिन्धुको बीच धार
द्यौता मानिस् नाग घेरै यि सारा
मासिदैछन् जो नपाई किनारा
२४४
यी बिसै जलधि अपार र अगम् छन् यी बिसै सिन्धुको
सक्ला पाउन पारको जगतमा यस्तो विरै हुन्छ को ?
मानिस्को सुयशै मलाई यसरी सुनाउँछन् दुष्ट ! रे
पानी भर्न लगाउँछु खुसी भई दिक्पाललाई म रे
२४५
तेरो मालिक वीर त्यो छ त भने संग्राममा व्यथर्य नै
के का निम्ति पठाउथ्यो दूत यहा तेस्ले अनि हेर है
दुश्मन्को सग प्रेम गर्न मनमा लागेन लाजै पनि
रे मूढ् ! मूर्ख कपि ! विचार नगरी बक्बक्नगर् धेर नि
२४६
पैले कैलाशलाई मथन गरी लिने जो प्रचण्डै भएको
हेर् मेराभूजदण्डै अनिपछि निजको स्वामीको खुसीले पो
प्रशंसा गर् अधम तँ सुन अनि जसले आपन्नो हातले नै
काटेरै शीर आपन्नो पटक पटक नै दृढ भै हर्षले नै
२४७
हबन् गरें मूढ बाँदर ! छदैछस् साक्षि शंकर
अब भन् ए अधम् ! नीच ! रावण् भैं शूरको छ र
जब मैले विधाताले लेखेको कर्मको सब
रेखाले भरिएका ति ललाट पनि ता सब
२४८
देखेथें जल्न लागेका आपन्ना खप्पर ती सब
नरका हात देखि नै आपन्नो मृत्यु हुने तब
लेखाई त्यो सबै बाँचे हाँसें म दैवको सब
असत्य वचनैलाई सम्भेर अनि ता सब
२४९
मनले त्यो कुरालाई सम्भदामा पनि अब
मलाई डर लाग्दैन जल्यो त्यो शिर नै सब
मति भ्रम भई बृद्ध हुँदा भूल परेर ता
लेखेका हुन् विधाताले भन्ने सम्भन्छु यो म ता
२५०
म जस्तो वीरको सामु मर्यादा लाज छाडि यो
अदना वीरको बल्को बारंबार बखानी पो
प्रशंसा गर्दछस् आज नीच मूर्ख ! तँ यो धरी
मेरो सामु तँ चूपचाप बस्दैनस् किन ता डरी ?
२५१
भने अंगदले फेरि हे रावण् ! तँ समानको
लज्जावान पुरूष अर्को लोकमा भन्छु छैन यो
जन्मसिद्ध स्वभावै हो तेरो लज्जालु यो अति
आपन्नै मुख्ले निजे गुण्को गर्दैनस् वर्णनै कति
२५२
खालि आपन्नै शिरैको र कैलाश गिरिको पनि
गढेको जो थियो मन्मा कुरा ता तेहि नै अनि
तसर्थ त्यो कथा तैंले भनेकै बिस फेर भो
तैंले बालि बलि कर्तवीर्य यी सब साथ जो
२५३

जितेको भुजबल् सारा हालिछस् भन भित्र नै
सुन् रे मन्दमते ! कोहि काटेर शिर ता कतै
शूर वीर भनी कैले भनिइन्छ र लोकमा ?
पुरा जवाफ दे ऐले विस्तार पूर्वकै म मा
२५४
वाजिगरहरू आफ्नै हातले सब देह नै
काटे पनि भनिदैनन् शूरवीर भनेर नै
मोहवश भई जल्छन् पुतलीहरू ता सधैं
भारी नैबोक्तछन् नित्य गधाको भुण्डले सबै
२५५
शूर वीर भनी त्यस्ता यो जगत्मा कतै पनि
भनिदैन त यो मन्मा सम्फि ए मूर्ख फेर नी
रे दुष्ट ! जनि गर् धेरै कुरा व्यर्थै चढाउदै
शेखी तँ गर्दछस् व्यर्थै गर्व छाडेर सुन् अभैं
२५६
सुन् रे मेरो यो वचन् नीच पापी
म दूतैको भावनाले यहाँ कि
आएको ता हैन यो सब् विचार
सोचै गर्दै रामजीले अपार
२५७
पठाएको मलाई हो दयालु रघुनाथले
बारंबार यसो भन्नु भएको नै थियो हरे !
'हुदैन स्याल मारेर गौरव सिंहलाई ता '
मनमा प्रभुको यहि सम्फेर वाणिलाई ता
२५८
कटु वचन यो सारा सहें तेरो निशाचर
नत्र भने मुखै तेरो फोरेर दशकन्दर !
जबरजस्तिका साथ जानकीलाई यो धरी
मै लैजान थिए नीच सम्फि मन् भित्र बेसरी
२५९
तेरो बल सबै मैले जानेको छु दशानन !
एकान्तमा पर नारीलाई ल्याईस् हरिकन
सुरशत्रो ! निशाचर्को भूपती हो तँ ता अनि
तसर्थ गर्व छ मन्मा तँलाई ता अतिव नि
२६०
म ता श्रीरामको दास दूत सुग्रीवनाथको
नडर्ने नै हुदने हुं ता राम अपमान् देखि जो
तैंले देख्दैमहा यस्ता गर्थेकी कौतुकै म ता
पछारेर जमीन्माथि तँलाई खुसीसाथ ता
२६१

तेरा सैन्य सबैलाई मारेर शठ रे अनि
चोपट् गरेर तेरो यो गाउँलाई समेत् पनि
मन्दोदरी समेत् सीतालाई अत्यन्त हर्षले
म लैजाने थिए मूर्ख एक पल्मै विचार रे
२६२
यदि यस्तो गरौं नै ता भने पनि दशानन !
हुदैंन सम्फि मेरो ता बढाई यसमा भन
मार्दा मुर्दाकनै कैल्यै हुदैंन पुरूषार्थ ता
कौल कामी अति मूढ कृपण अनि फेर ता
२६३
अति दरिद्र अजसी अति बुढो
जो सर्वदा रोगी छ तुल्य नै मूढो
निरन्तरै क्रोधि विमूख विष्णुको -
- विरोध गर्ने - श्रुति संतहेरूको
२६४
जो हो तनु पोषक मात्र नै हरे !
निन्दा अरूको गरने सदैव रे
अभागी खाानी पनि पापकै यि ता
मुर्दा सरी छन् जिउँदै पनि ति ता
२६५
गरी विचार ए मूर्ख ! तँलाई मत मार्दिन
न उठा यसरी व्यर्थ मलाई रिस यो भन
अंगद्का वचनै सुन्दा भई क्रोधित रावण
ओठ टोकेर हातमाडि लाग्यो र अनि बोलन
२६६
रे रे वाँदर् ! अब मर्नै खोजिस् अधम ! यो धरी
सानो मुख्ले कुरा ठुलो लागीस् बक्न तँ बेसरी
हे जड ! वाँदर ! जस्को बलले उम्लिएर तँ
बोल्दछस् निर्भय साथ कठोर कटुबात तँ
२६७
तेस्को छैन बल बुद्धि प्रताप तेज केहि ता
विचारेरै त्यसलाई अगुणी र अमानि ता
दियो वनवास बाबुले फेरि स्त्रिको वियोगले
व्याकुल्छ फेरि त्यस्लाई त्यसमाथि दिन रातरे
२६८
त्राश छ चित्तमा मेरो जसको बलको पनि
तँलाई छ अभिमान मनभित्र अतिव नि
यस्ता कैयौं त निबुद्धि मूढ मानिसलाई ता
राक्षसहरूले हाम्रो खान्छन् दिन् रात् चपाई ता
२६९

हे मूढ ! हठ छाडेर यो कुरा सम्झि यो घरी
स्वामी छ निर्वल तेरो मेरो नै डरले गरी
जब निन्दा गऱ्यो तेस्ले रामको पनि बेसरी
भए अत्यन्त नै क्रुद्ध वानरेन्द्र त्यसै घरी
२७०

सुन्यो भने पनि निन्दा हरि र हरको हरे !
गोबध् गरे सरी पाप लाग्दछ जान सत्य रे
कपि कुञ्जरले दाँत कट् कटाएर काँपी नै
तमक् गरेर आपन्नो त्यो दुवै भुज् दण्डलाई नै
२७१

पछारे भूमिमा तिन्ले अनि पृथ्वी मण्डल
लाग्यो डगमगै गर्न भएर अति हल्चल
सभासदहरू सारा ढले जमिनमाथि नै
भयरूपि पवन्ले नै ग्रास् गरेको हुँदा अझै
२७२

भागे तिनीहरू सारा रावण चाहि त्यो घरी
ढल्दा ढल्दै उठयो फेरि सम्लिईकन बेसरी
अनि तेस्का दशै शिर्का मुकुटै पनि ता सब
खसे जमिनमा फेरि मुकुट त्यसले तब
२७३

उठाएरै आफनो शीर माथि
राख्यो तेस्ले , केहि ता पलमा : कि
अंगद्ले नै रामको वास तर्फ
फ्याकी दिए गरदै चूर्ण गर्व
२७४

मुकुट् आउन लागको देखेर परवाट नै
"हे विधाता ! दिनै मानै लाग्यो लौ खस्न लूकनै
कि ता रावणले क्रोध गरेर वेग साथले
हानेका बज्र यी चारै दौडिईकन वेगले
२७५

हो कि आउन लागेका यहाँ ' भन्दै समस्त ती
यता उति भई सारा भागे वानर छन् जति
अनि भन्नु भयो हाँसि 'नतर्स ' भनी रामले
होइनन् लुक् पनि यि ता न ता हुन् फेरि बज्र रे
२७६

होइनन् केतु औ राहु यि ता बालि कुमारले
पयाँकेका दशमौलिका किरिट आउदै छ रे
समातें त्यो सबै झट्टै कुदेर हनुमानले
अघाडी रामको राखे ल्याएर खुसी साथले
२७७

तमाशा हेरनै लागे भालू वानर छन् जति
त्यो किरिट्कोरवि जस्तैथियो झल्मल् प्रकाशकी
उतातिर रिसाएर लाग्यो रावण भन्न यो
कपिलाई समातेर नदेऊ भाग्न मार पो
२७८

एवं तरहले योद्धाहरू सबै दौडिदै अब
पाउछौ वानर भालु जाहिँ ताहिँ तिमी सब
खाउ मारेर सब्लाई सारा यो धर्ति मण्डल
पार बाँदरले हीन अनि अधम दुर्वल
२७९

दोटै भाई तापसी हेरूलाई
समातेरै ल्याउ जिम्दै रमाई
सुन्दा यस्तो फेरि क्रुद्धै भएर
बोले बालि पुत्र अंगद् त हेर
२८०

गाला बजाउँदा लाज लाग्दैन के तँलाई त ?
गला काटेर मर् आफै निर्लज्ज ! कुलधाति तँ
देख्दा आपन्नो बलै तेरो चिरिन्न हृदयै पनि
कुमार्ग गामि ! रे दुष्ट ! कामि ! पर्नारी चोर ! नि
२८१

तँलाई ए मति मन्द भयो कि सन्निपात रे ?
गर्न लागीस् अधम् ! दुष्ट ! मनुजाद !प्रलाप रे
कालाधिन भएको छस् नीचताको फलै पनि
पछि भालु र बानर्को मुक्का लागे पछि अनि
२८२

पाउनेछस् त्यो समस्तै अनि ता
मानिस् हुन् है रामचन्द्र भनि ता
यस्तो वाणि बोलदा खेरि घेरो
भैंमा जिब्रो किन खस्तेन तेरो ?
२८३

संग्राममा शीर साथै भएर
जिभ्रो तेरो सत्य गिर्नेछ हेर
मै भन्दैछु छैन सन्देह यो ता
गिर्ला छिन्मै दशखप्पर् पनि ता
२८४

एउटै वाणले मारे बालिलाई पनि अहो !
के ती पनि नरै हुन् र ? भन् रे कुजात आज यो
रे वीस नयने ! अन्धो ! रे जड ? मूर्ख ! पामर !
रावण् ! तेरो जनमूलाई धिक् धिक् नै छ अनि तर
२८५

प्यासा छन् रामका वाण तेरो रूधिर प्यासले
भन्दछु आज यो सत्य राक्षसधम ! नीच रे
तसर्थ हे कटुपादिन् ! तेसैको त्रासले अब
तँलाई छाड्दछु मैले बाँचिस् आज हर्! अब
२८६

रे दशकण्ठ ! तेरो यो वंगारा झार्नलाई ता
योग्य छु है मनै आज तर आज्ञा मलाई ता
रामले छैन बक्सेको तसर्थ अब यो घरी
बस्तछु रीस रोकेर चूप लागेर बेसरी
२८७

यस्तो क्रोध उठेको ता छ कि तेरो दशैमुख -
- फोरूँ , लंकापुरीलाई समाति खुसी भै खूब
बोरूं सागरमा भन्ने चल्दछ झोक यो घरी
सहिरहेछु रिस् यो ता रामका डरले गरी
२८८

डुम्रीको फल जस्तो हो तेरो लंकापुरी पनि
त्यसका बीचमा बस्ने तिमीहरू सबै अनि
भुसुना तुल्य छौ तेस डुम्रीका फल भित्रको
म ता वानर् हुँ फल् खान लाग्दैन केहि बेर पो
२८९

मलाई तर उदार दिलका रघुनाथले
दिएको छैन है आज्ञा भन्दछु सत्य वात रे
सुन्दा अंगदको युक्ति हाँसेर रावणै अनि
बोल्यो ए अधम ! वानर् तैंले ता यत्तिको पनि
२९०

बोल्न सिकिस् कहाँ झूठो ?तेरो त्यो बाबु बालिले
थिएन गफ यस्तो ता हाँकेको कहिल्यै हरे !
तपस्विहरूको नीच सँगले गरदा महा
लवार भईछस् यस्तो भन्दछु सत्य लौ यहाँ
२९१

भने अंगदले बीस हाते ! राक्षस ! यो घरी
यदि तेरो बिसै जिभ्रो मूला सदृश नै गरी
उखेल्न सकिँन मैले भने ता अनि सत्य नै
म ता लवार बक्वादि गफि हुँ भन्छु सत्य है
२९२

फेरि अंगदले रघुकुल मणि श्रीरामको अद्भुत
प्रतापै हरूलाई सम्झि मनमा हर्षित भएरै खुब
सभाका बिचमा प्रणै गरि ठुलो टेके चरण्लाई है
लागे बोल्न अनि पछि प्रभुजीकै सम्झि चरण्लाई नै
२९३

हे दुष्टाधम ! हो यदि पयर यो मेरो पनि ता अब
सक्छौ सार्न भने अवश्य प्रभुजी लौ फिर्नुहोला तब
हार्नेछु जनक सुताकन पनि नत्र भने वंश यो
तेरो ध्वस्त हुनेछ हे दशमुखे !सत्यै भनी जान पो
२९४

भन्यो यो दशकण्ठले अनि पछि हे वीर हो ! लौ सुन
पछार चरणै समाति अहिले यो दुष्ट वानर् कन
आज्ञा रावणको सुनेर खुसीले त्यो इन्द्रजित् आदिका
ना ना जाति त वीर राक्षसहरू उठ्थे सबै घेरि ता
२९५

जादै फेर् तिनीहेरूले धसि घुँडा उपाय ना ना गरे
सारा फौजहरू मिलेर झटका तिन्लाई दिएर रे
किन्तु अंगदको सरेन चरणै तिलभर् पनि त्यो घरी
फर्किएर बसे सबै तिनीहरू शिरै झुकि बेसरी
२९६

झम्टन्थे सुरशत्रु हेरू उठदै फेरि पनि वेगले
भन्छनन् काक भुसुण्डिले अनिपछि गरूडका साथ रे
किन्तु स्वामी त्यहाँ ती अंगदजीको पाऊ जुन रीतले
ऊखेल्नै सकदैन मोह रूपि रूख्लाई ति कूयोगीले
२९७

त्यो जस्तै रउँ सम्मकै पर पनि खस्केन त्यो पाउ ता
ती लाखौं वीर मेघनाद सरिका ठुला ठुला हेरू ता
उठ्थे हर्ष भएर त सकलले झम्टे गएरै अनि
हल्लेन चरणै तीं अंगदजीको स्थिरै भयो दृढ् बनी
२९८

बसे वीरहरू सारा भई लज्जित शिर् झुकि
अनेकौं विघ्न औ आपद् आउँदा विज्ञले त कि
नीति छाड्दैन त्यै रित्ले धीर वीर ति अंगदं
उनको पाउले त्यस्तै भई स्थिर विशेषत
२९९

ठाउँ छाडेन त्यो देखि शत्रु रावणको सब
जो थियो मनको गर्व भाग्यो दूर भई तब
वानर अंगदजीको देखेर बल त्यो घरी
सभासद्हरूले मन्मा हार् खाए अनि बेसरी
३००

पच्कारेर युवराज अंगदजीलाई ता अनि
अति क्रोधगरी मन्मा उठ्यो रावण त्यो अनि
पाउमा छुन लागेकै बेलामा बालि पुत्रले
मेरो पाउ समाएर हुन्न उद्धार आज रे
३०१

गएर अझ रे मूढ ! भगवान् रघुनाथको
किन पाउकमल् माथि झुक्दैनस् प्रेमसाथ पो ?
सुन्नाका साथ त्यो वाणि रावण हृदयैमहाँ
संकोचित भई फर्क्यो खूब लज्जित भै तहाँ
३०२
तेजै हानी त्यो भयो श्री गएर
मध्यै दिन्का चन्द्र झैं खुम्चिएर
मालिन्यै भो मूख फ़िका भएर
जीउको नै कान्ति सारा हरेर
३०३
गुमाएछ कि संपत्ति मानौं सकल त्यो घरी
भने सरी त आशन्मा बस्यो निहुरी बेसरी
हे गरूड्जी ! जगदात्मा प्राणको स्वामी रामजी
लिन्ध्यो कसरी विश्राम उनै सँग विमुख् भई
३०४
कसरी पाउला शान्ति सुख ता लोकमा हरे !
विमुख् भएर श्रीरामजीका साथ सदैव रे
सारा जगत यो दुर्गे रामकै भ्रूविलासले
प्रकट् हुन्छ अनि पल्मै नष्ट हुन्छ समस्त रे
३०५
श्रीरामले तृण झैं बज्र पारी
तृणैलाई बज्र पारेर भारी
लीला गर्नु हुन्छ सोहि हरिका
दूत्को टर्न सक्छ प्रण् के गरी ता ?
३०६
विविध थरिले फेरि अंगद्जीले अनेक जो
सम्झाएर भने निती मानेन त्यसले अहो !
आएको नै हुँदा काल नगीचै तेसको पनि
तसर्थ शिख तेस्लाई कसैको मन् परेन नि
३०७
शेखीलाई त ध्वस्तै गरिकन रिपुको, प्रेमले रामजीको
किर्तिलाई सुनाई अनि पछि कपिका भूपति बालिका जो
छोरा ती अंगदैले दशमुख कन ता फेरि यस्तो सुनाई
फर्किए वीर ती ता रिपुहरू सब्का चित्तमा त्राश छाई
३०८
भनेथे यो कुरा तिन्ले ' तँलाई युद्ध क्षेत्रमा
मार्नेछु म त खेलाई खेलाईकन नै तहाँ
तारिफ आफनो ऐले के गरौं ? दशकन्दर
जे गर्नु पर्छ गर्ने छौं रणमा आई बन्दर '
३०९
बालि तनयले पैले रावण पुत्रलाई जो
मारेथे. खवरै ऐले सुनेर बल्ल तेहि पो
अत्यन्त दु :खीभो रावण् शोकले अनि त्यो घरी
बल देखेर अंगद्को राक्षसै हरूता डरी
३१०
भए अत्यन्त नै व्याकुल् अनि ती बालि नन्दन
रीपुको बल्हरूलाई कुल्चेर खुसी भैकन
बल पुञ्ज महावीर हर्षित् भै मनमा पनि
प्रेमाश्रुले भरी नेत्र पुलक् भैकन ता अनि
३११
रोमाञ्चित भई देह भगवान् रघुनाथको
समाते चरणपद्म अति नै प्रेम साथ पो
उतातिर अनि साँझ परेको देखि रावण
गयो महालमा आफ्नो बिलखबन्द परिकन
३१२
अनि त्यो रावणैलाई रानी मन्दोदरीजीले
ना ना तरहले भन्न लागीन् फेर सम्झाई रे
'त्याग्नु होस् कुमतिमाई सम्झेर मनमा प्रभो !
सुहाउँदैन यो युद्ध रामसाथ हजूरको
३१३
सानो रेखा अघि वन्मा रामका भाईले हरे
खिचेको जो थिए नाथ ! त्यसलाई समेत रे
सक्नु भएनथ्यो नाघ्न यस्तो हो पुरूषर्थ ता
हे कान्त ! हे प्रिय ! जस्को दूत्हरूको समेत ता
३१४
यस्तो काम छ हे नाथ ! उनैकन हजूर के ?
जित्नु होला सम्मर्मा र ? आज्ञा होस विचारले
नाघेर खेलवाडैले सागरैलाई ता हरे
वानर केसरी आयो निशंक भई एक रे
३१५
नाथ ! लंकापुरी भित्र हजुर्का रक्षकै हरू
मारेर त्यो बगैंचा नै उजाड्यो विन्ति के गरू ?
देख्दा देख्दै हजुर्ले नै त्यो महा वीरले हरे !
मार्‍यो हाम्रो प्रिय पुत्र अक्षयैलाई नाथ रे
३१६
जलाई नगरै सारा पार्‍यो ध्वस्त खरानी नै
कहां थियो हजुर्को यो बल गर्व सबै यिनै ?
नगर्नु होस् झुटो फूर्ति हे स्वामी ! अब व्यर्थमा
मैले विन्ति गरेको यो कुरा सोचेर चित्तमा
३१७

केहि सम्लेर ता नाथ ! गर्नु होस विचार नै
श्रीरामलाई ता खालि राजा ठान्नु नहोस् है
अतुल बलका खानी चराचर् समस्तका
स्वामी हुन् भनी तिन्लाई चिन्हुहोस् मन भित्रता

३१८

रामको वाणको केहि प्रताप प्रिय कान्त ! रे
मारिच्लाई थियो थाहा नीच भैकन ता हरे
सुन्नु भएन कानैले त्यस्को वचन त्यो घरी
त्यसैका फलले गर्दा गए छोराहरू मरी

३१९

सभा भवनमा पैले पनि ता श्री जनक्जीको
राजाहरू थिए धेरै अतुल बलशालि जो
महाबलि हजूर् नै ता हुनुहुन्थ्यो त्यहाँ हरे
रामैले धनु भाँचेर जनक्नन्दिनी साथ रे

३२०

विवाह गर्नु भो त्यसै बेलामा युद्ध नै गरी
जित्नु भएनथ्यो पैले भन्नुहोस् किन त्यो घरी
भगवान् रामको केहि बल पौरूषलाई जो
जान्दछन् इन्द्रका पुत्र साँचो सम्झनु होस यो

३२१

राख्नु भो जिउदै तेसलाई श्री भगवानले
लिनुभो तर फोरेर नयनलाई एक रे
बैनीको गति के के भो देख्नु भो प्रभुले सब
तै पनि हृदयै भित्र लाज छैन विशेष त

३२२

मारेर खर औ दुषण् विराधहरूलाई रे
खेलैले सहजै मारे कबन्ध वीरलाई रे
एउटै शरले मारे त्यो बालि वीरलाई ता
हे स्वामी ! गर्दछु विन्ति चिन्हुहोस् तिनलाई ता

३२३

जस्ले हेंला गरी बाँधे सागरैलाई ता प्रभो !
जुन् राम दलबल् साथै खेलै गरीकनै अहो !
सुवेल पर्वतै माथि उत्रिए खुसी साथले
ती भास्करकुल केतु दयालु रघुनाथले

३२४

हजुर्का हितका निम्ति पठाए दूत आज यो
हात्तीका फौजका मानौ सिंह जस्तो भएर पो
सभाका बीचमा तेस्ले मर्थ्यो हजूरको बल
समर बाकुँरा वीर जो छन् अति महाबल

३२५

अंगद र पवन पुत्र सरिका अति वीर जो
दासछन् जसका साथ स्वामी ! सुन्नुहओस यो
उनैलाई पनि नाथ ! बारंबार् मानिसै भनी
भन्नु हुन्छ हरे ! स्वामी व्यर्थको यो घमण्ड नि

३२६

अभिमान मद व्यर्थै ममता धारणा गरी
स्वामी ! बस्नु भएकोछ गर्दै घमण्ड बेंसरी
अहह ! गर्नुभो कान्त ! रामै साथ विरोध पो
काल विवश भै मन्मा उब्जेन हा प्रवोध जो

३२७

मार्दैन दण्ड हानेर कालले ता कसैकन
विचार धर्म औ बुद्धि बल हर्दछ जो छन
अघाडी जसको नाथ आउँछ काल ता जब
मति भ्रम हजुर्को झैं त्यसलाई गर्छ है तब

३२८

मार्नु भो दुइटा छोरा जलाउनु भयो पुर
अझै पनि दिनुहुन्छ ढाढस स्वामी !हा !तर
भजेर करूणा सिन्धु रामलाई हजूरले
लिनु होस् निर्मलै किर्ति विन्ति गर्दछु फेर रे

३२९

सुनेर वाणै सरि नारीका कुरा
रातै बिति प्रात भएपछि पुरा
गयो उठेरै अनि त्यो सभामहाँ
घमण्डले व्यर्थ फुलेर मन्महाँ

३३०

बिर्सेर सारा डर शोक चित्तको
सिंहसनैमाथि बस्यो गएर त्यो
ज्यादै अभिमान मदान्ध त्यो हरे !
घमण्ड गर्थ्यो मनमा सदैव रे

३३१

यता पनि ता अनि रामचन्द्रले
डाक्नु भयो अंगदलाई प्रेमले
आएर फेरि युवराजले पनि
राखे चरणमा शिर हर्ष भै अनि

३३२

अत्यन्त आदर गर्दै कृपासिन्धु खरारीले
बसाउनु भयो आपन्नो सामुमा तनलाई रे
आज्ञा गर्नु भयो फेरि हाँसि श्रीरघुनाथले
मलाई कौतुकै लाग्यो बालि नन्दन आज रे

३३३

बाबु ! सोध्दछु तिम्लाई सत्य भन सबै अब
रावण राक्षस कुल्को टिका हो बुझ है तब
जगत्मा भुजबल् जस्को अद्धितिय अतुल छ
तिम्ले फाल्यौ त्यहि वीर्को कसोरी चार मुकुट ?

३३४

के गरी तिमीले पायौ? बाबु ?त्यो भन लौ अब
रावण्कै शिरका ताज पायौ कसरी ता तब ?
विन्ति गरे अनि फेरि बालि नन्दनले पनि
हे प्रणत सुखकारी ! सर्वज्ञ ! सुन्नु होस नि

३३५

भूपका गुण हुन् चार किरिट होइनन् ति ता
साम दाम तथा दण्ड भेद चार गुणै यि ता
बस्दछन् नृपका मन्मा भनेर भन्छ वेदले
नीति घरमका यस्तो कुरा मन्मा बुझेर रे

३३६

चार चरण ति आए अगाडि प्रभुका अब
सुन्नुहोस् कोशल नाथ ! विन्ति गर्दछु यो सब
रावण घर्मले हीन प्रभुको पाउ देखि नै
विमुख कालको वशमा परेको छ अगाडि नै

३३७

तसर्थ ती चार गुणैहरू ता
रावण्लाई त्यागी आए बरू ता
अंगद्जीको यो परम् चातुर्याई
सुन्दा वाणि कानले सब् कुरा यि

३३८

हास्नुभो करूणा सिन्धु उदार रघुनाथजी
फेरि विन्ति गरे हाल अंगद्ले गढको जति
करूणाका निधि रामजीले ता रिपुको जब
बिस्तारले समाचार त्यो पाउनु भयो सब

३३९

सारा मन्त्रिहरूलाई डाकेर नगिचै अनि
सोध्नुभो रामले फेरि मन्त्रणा गरदै पनि
ढोका छन् चार लंकाको बलियो कुन रितले
लड्ने हो कसरी हामीहरूले गर सोचेर

३४०

फेरि सुग्रीव् जाम्बवान विभिषण्
तिनैले नै भास्कर वंश भूषण्
श्रीराम्लाई चित्तमा सम्झिएर
छल्फल् गर्दै आपसमा रमेर

३४१

दृढ गरी मन्त्रलाई पनि ता
जम्मा सारा फौजको नै अनि ता
चारै हिस्सा पारी फौजै बनाए
सेनाध्यक्षै तेहि योग्यै खटाए

३४२

अनि सबै युथपतिहरूकन
डाकी सबैलाई खुसी भईकन
वर्णन् गरे श्री भगवान रामको
प्रतापलाई पनि ता समस्त जो

३४३

सुनेर त्यो कुरा सारा वानरहरू हर्षले
सम्झिदै रामजीलाई दोडे है सिंहनादले
खुसी भैकन ता सारा भगवान् रघुनाथको
पाउमा शिर राखेर अनि वृक्ष पहाडको -

३४४

- टाकुरा लिई दौडन्थे ' जय श्री रघुवीरको
जय सीतापते ! राम ! जय कोशल वीरको
भनेर वानर भालु गर्जन्थे अति क्रोधले
गर्दथे तर्जनै फेरि वीर राक्षस साथ रे

३४५

जान्दा जान्दै पनि लंका अति दुर्गम छ भनी
ती भालु वानरै सारा हर्षित् भैकन ता अनि
निशंक भैकन सारा दौडे प्रभु प्रतापले
घटा टोप सरी छोपे चारैतिर बसेर रे -

३४६

बजाउँथे मुखैले नै निशान भेरी झै गरी
सिंहनाद गरी सारा गर्जन्थे पनि त्यो घरी
भाई सहित श्रीरामजीको जय जय भनी
वानराधिश सुग्रीव्को भन्थे जय सबै अनि

३४७

कोलाहल भयो सारा लंकाको चउतर्फ नै
अत्यन्त नै अहंकारी रावणले सुनि सबै
ढिठाई हेर है सारा वानर्का वीर हेरूको
भनी तुरून्तै डाक्यो राक्षस्का फौजहेरू जो

३४८

कालले प्रेरणा गर्दा आए वानर छन् जति
राक्षस फौज यी मेरा छन् भोका सब नै कति
दैवले नै दिया खाना बस्ता नै घरभित्रमा
अट्टहास गरी हाँस्यो यो भन्दै शठ त्यो तहाँ

३४९

अनि तेस्लेभन्या फेरि वीर हो ! तिमीले सब
चारै दिशा तिरै जाओ पक्डी पक्डिकनै अब
भालु र वानरै खाओ भेट्टाउँछौ जहाँ जति
नराखे वीज नै सम्म खाओ झट्टै गएर ति
३५०
उमे ! रावणको यस्तो अभिमान छ कि हरे
उत्तानो परि त्यो सुत्छ हुटिट्याउँ समान रे
आज्ञा पाएर ती सारा राक्षसहरूको ठुलो
फौज चार तिरै लाग्यो पार्छौ कपि भनी घूलो
३५१
हात्मा भिन्दिपाल भाला र तोमर्
खंगै फर्सा बज्र नै फेरि मुद्‌गर्
डरलाग्दा त्रिशुल तरवार
टुक्राहरू पर्वतैका हजार
३५२
लिइकन हिडे सारा राक्षसहरू त्यो धरी
देखेर लाल ढुंगाको थुप्राहरू जसो गरी
दौडन्छन् झम्टदै मांसाहारी ती शठ पक्षि ता
चुच्चो बुच्चो हुने दु :ख सुज्दैन तिनलाई ता
३५३
तेस्तो जस्तै भई सारा अबुझ राक्षसैहरू
ना ना शस्त्र धनुर्वाण भिरी ठुला विरैहरू
कोटि कोटि रणधिर गरी हुँकार बेसरी
किल्लाका कँगुरा माथि चढे सकल त्यो धरी
३५४
कोटका कँगुरा माथि बसेका राक्षसै सब
मानौं सुमेरू पर्वत्को टुप्पामा रहने सब
घना मेघ सरि सारा सुशोभित भए अनि
बज्नलाग्यो अनि बाजा निशान ढोल सब् पनि
३५५
घन्केर भेरि बाजा र अरू बजाहरू पनि
वीरको मनमा ठुलो पर्दथ्यो शब्दनै अनि
शत्रुका फौज ति सारा हुन्थे काँतर त्यो सुनि
कपिका ख्याल ठट्टा र भालुका भीमकाय नि
३५६
दौडन्थे खुसीले सारा कुबाटो र सुमार्ग नै
गन्दैनथे कुनै मनमा गिरी फोरि कनै सबै
बाटो बनाउथे सारा पलमै तिनीहेरूले
दाँत कट कट गर्थे करोडौं वीर हेरूले
३५७

उता रावणको फेरि यता श्री रघुनाथको
जय जय जय भन्दै अनि युद्ध शुरू भयो
हान्दथे राक्षसै सारा शिखर समुहै अनि
समाति तेहि फर्काई हान्दथे कपिले पनि
३५८
प्रचण्ड मर्कट भालू दौडिकन सबै अनि
लिइकन ठूला टुक्रा पहाडैहरूका पनि
पन्याकेर कँकुरा माथि राक्षसहरूको सब
खुट्टा तानी भूमी माथि पछारी थिच्दथे तब
३५९
लखट्दथे उसैलाई भाग्थे जो रण छोडी ता
उफ्रि तर्साउथे चञ्चल् प्रतापि वाँदर ति ता
किल्लामाथि चढि सारा भालु वानर फौज ती
उफ्रि उफ्रि जाहाँ ताहिँ घर्घमा चढ्दथे गई
३६०
रामको सुयशैलाई गाएर अति हर्षले
एक् एक् राक्षसैलाई समातिकन झट्ट रे
भागदै गर्न लागे ती उफ्रि उफ्रि कनै सब
तल्तिर राक्षसै आफू माथि पर्ने गरी तब
३६१
हाम् फाल्थे कँगुराबाट वानरहरू भूमिमा
रगड्थे राक्षसैलाई दली दली जमीनमा
आउँथे वानरै सारा एवं तरहले अनि
राम प्रतापले सारा भएका प्रबलै पनि
३६२
वानर सैन्यले सारा निशाचर समूहका
फौजको मर्दनै गर्न लागे खुसी भई आहा !
वानर फेरि किल्लामा चढ्दथे र जहाँ तहाँ
'जय होस् भगवान् राम प्रताप रविको यहाँ
३६३
भन्दथे सिंह झैं सारा गर्जदै वार वार ति
फाल्दथे राक्षसैलाई सामतेर भए जति
प्रबल पवनै चल्दा घन भागे सरी गरी
राक्षसहरूको फौज भाग्यो अतीव नै डरी
३६४
हाहाकार भयो ठुलो नगर भरमा तब
व्याकुल् भै बाल औ नारी रून लागे अनिसब
जम्मा भै दुनियाँ सारा 'यस्ले राज् गरदा हरे !
बोलायो सबको काल हाय !लौ ' भन्दथे ति रे
३६५

ना ना तरहले दिन्थे गालि रावणलाई ता
जब रावणले आफ्नो समस्त फौजलाई ता
सुन्यो विचलितै बन्दै भागेको तब क्रुद्ध भै
भन्यो तेस्ले अनि फेरि जस्लाई युद्धबाट नै

३६६

बिमुख् भएको जब जानुँला अनि
मार्नेछु मै भीषण खड्गले पनि
खाएर मेरो सरवस्वलाई ता
ना ना थरी भोगहरू गरी ति ता

३६७

संग्राम भूमिमा ऐले दुर्लभ प्राण भो अहो !
अनि रावणको यस्तो उग्रवाक्य सुनेर जो
तर्सिए सकल वीर लज्जित् भैकन चित्तमा
क्रुद्ध भईकनै फेरि फर्किए रण क्षेत्रमा

३६८

'संमुख् भै मर्न मै शोभा हुन्छ है वीरलाई ता'
यो विचार गरी मन्मा फौजहरू सबै ति ता
प्राणको लोभ छाडेर गए समरमा सब
अनेक आयुधै धारण् गरेर सुभटै तब

३६९

ललकारी सबै वीर भिड्दथे रण क्षेत्रमा
प्रहारले त्रिशूल् बर्छा परीध आदिको तहाँ
कपि भालुहरूलाई पारे अतिव व्याकुल
अनि हे पार्वती ! डर्ले भएका सब आकुल

३७०

वानरहरू जित्लेछन् यद्यपी पछि ता अनि
तथापी अहिले भागे डराएर अतीव नि
'कहाँ छन् पवन पुत्र वीर अंगद ' भनीकन
भन्न लागे अनि कोहि अति विकल भैकन

३७१

भन्नै लागे कोहि फेरि अनि ता
'वीर नल नील द्विविध् पनि ता
काहाँ छन् ती ? हा ! ' भनी सब् कराई
भाग्नै लागे भालु वानर् डराई

३७२

थिए पश्चिम ढोकामा वीर मारूति नन्दन
तिन्ले आफ्ना दलैलाई विचलित भईकन
हाहाकार मचाएको सुने तिनी पनि त्यहाँ
गर्दै थिए डटी युद्ध त्यो मेघनाद साथमा

३७३

टुट्दैनथ्यो द्वार कसै गरे पनि
थियो परको अति मुस्किलै अनि
महाबलिको मनमा पनि अहो !
अत्यन्त नै क्रोध उठ्यो बढेर पो

३७४

कालतुल्य प्रवल् वीर ती योद्धा गर्जिए अनि
चढे उफ्रेर लंकाको गढ मानै पुगेर नि
इन्द्रजित् तिर नै दौडे लिई पर्वत वेगले
त्यो मेघनादको तोडे रथ हानी पहाडले

३७५

सारथीलाई मारेर पछारे रण भूमिमा
लात्ताले मेघनादैको हाने अनि त छातीमा
रणमा मूर्छितै जानी अर्को सारथिले अनि
राखेर अरकै रथ्मा मेघनादकनै पनि

३७६

तुरून्तै घरमा ल्यायो अनि यता तिरै पनि
युद्धमा प्रबल वीर हुने अंगदले पनि
'किल्ला भित्र गएका छन् एकलै पवन नन्दन'
भन्ने सुनेर यो हाल तुरून्तै खुसी भैकन

३७७

खेल्वाडै सित उफ्रेर किल्ला माथि नढेर पो
युद्धमा दशमौलिको विरूद्ध नै भएर जो
भएका अति नै क्रुद्ध दुवै वानर वीर ती
राम प्रतापको गर्दै स्मरणै मन भित्र की

३७८

लंकेशको आश्रममा चढेर
फेरि दुवै वीरहरू मिलेर
श्री कोशलाधीश्वर रामजीको
दुहाई दोहाई भने रमी पो

३७९

कलशा समेतै समाति दुवैले
रूखै झैं गरी ती महल्लाई गै रे
ढलाए दुवै वीरले क्रोध साथ
डऱ्यो रावणै देख्दा त्यो दशा त

३८०

पिट्दथे छाती अत्यन्त दु :खले स्त्रीहरू सब
'अब उत्पाति यी आए दुवै कपि ' भनेर त
भन्दथे डरले सारा ति दुवै वानरै पनि
गरेर वानरी चेष्टा लम्कि झम्कि गरेर नि

३८१

तर्साएर रघुवीर्को सुनाएर सुकिर्ति ता
'राम राम भन ' भन्दै भनाउँथे गएर ता
फेरि सुवर्णको थाम समातिकन हातले
उत्पात गरनै थालौ भनेर दुई वीरले
३८२
मन्त्रणा गरि आफस्मा ती दुवै वानर अनि
शत्रुको फौजको बीच्मा वेग साथ कुदे पनि
'भज्दैनौ रामजीलाई त्यसैको लेउ यो फल '
भन्दै लात- कसैलाई - थप्पड्ले गर्दै बल
३८३
पिट्न लागे अनि फेरि एउटासित वेगले
अर्कोलाई जुधाएर फोरी दिन्थे कपाल रे
रावण्को नगिचै जाई खस्तथे शिर ति सब
दहिको हाँडि जस्तो भै फुट्दथे छ्याल्ल भै तब
३८४
ठूला ठूला सरदार पाउँथे जसलाई ता
पाउ समाउँदै तिन्का घुमाईकन फेरि ता
पयाँक्दथे रामको तर्फ हुत्याई अति वेगले
धमाधम गरी सारा दुवै वानर वीरले
३८५
बताउँथे नाम त्तिन्का विभिषण्
आफ्नो धाम सूर्यका वंश भूषण
दिनु हुन्थ्यो भक्तलाई समस्त
पाप तापहेरू सब् पारी ध्वस्त
३८६
जुन गति माग्दछन् योगीहरू तप गरेर रे
ब्राम्हण मांसहारी ती दुष्ट राक्षस नीचले
पाए तेहि गतिलाई उमा ! यो जान चित्तमा
कोमल दिल वाला ती कुपालु रामले तहाँ
३८७
'वैरभाव गरेर राक्षसहरू मेरो सदा चित्तमा
गर्छन् यी स्मरणै ' भनेर प्रभुले सम्झेर यो मन्महा
जो उत्तम् गतिलाई बक्सनुभयो हे अम्बिके ।जान यो
यस्ता दिन दयालु यो जगतमा रामै सरी को छ पो ?
३८८
यस्ता हुनु हुन्छ प्रभु भनेर
सुने पछि यो जगमा रमेर
छाडेर भ्रान्ति अनि मोहलाई
भज्दैन जो मानिस रामलाई
३८९
ती मानिसै मन्दमति अनि ता
परम् अभागी हरू हुन् पनि ता
श्रीराम सीता पतिले अनि ता
आज्ञा भयो यो वचनै पनि ता
३९०
अंगद् तथा ती हनुमानजीले
शत्रुहरूका गढमा घुसी रे
लडी रहेछन् तिनीहेरूले नै
हुत्याईएका रिपु हुन् यिनै नै
३९१
लंका महाँ ति दुई वानरै ता
भए कसोरी जब शोभितै ता
दुवै ठुला मन्दर पर्वतै ता
मथ्दामहा सागरलाई नै ता
३९२
शोभा हुन्छ जसोरी ता शोभिए उहि रितले
आपन्ना ठूला भुज बल्ले मिचेर पनि फेर रे
शत्रुका दल् हरूलाई दलि मलि कनै पनि
दिन बित्न गएका नै देखेर ती दुवै अनि
३९३
जहाँ राम हुनुहुन्थ्यो भगवान् रघुनाथ जी
बिना प्रयासले ताहिं आए फेरिर कुदेर ती
ती दुवैले अनि फेरि रामका पाउ पद्ममा
झुकाए शिर अत्यन्त खुसी भैकन चित्तमा
३९४
महावीर हरूलाई देखेर रघुनाथजी
प्रशन्न हुनु भो मन्मा अति हर्ष भएर कि
रामले करूणा गर्दै दुवै नजरले अनि
हेर्नु भयो दुवैलाई मुसारी शिरमा पनि
३९५
तिनीहरू ता श्रम हीन् भएर
सुखी भए घाउ त मेटिएर
दुवै वीर ती पनि फर्किएका
जानेर रणमा सब वास नै ता
३९६
भालु वानरको फौज फर्किए खुसी साथले
सन्धयाको बल पाएर राक्षसहरू त झन् बढे
दौडिए दशमौलिको दुहाई भनी वेगले
राक्षसहरूको सेना देखेर कपि फौजले
३९७

फेरि फर्के सबै वीर जाहिँ ताहिँ रहेर नै
दाँत कट कटाएर भिडे हर्ष भएर नै
ललकारेर त्यो रणमा अनेक थरिले पनि
दुवै दल्का बलिया ती वीर हेरू गएर नि
३९८

लड्न लागे सबै मन्मा हार मान्दैनथे ति ता
अत्यन्त नै थिए काला वीर राक्षस हेरू ता
थिए कपिहरू सारा भीषण मुखका ठुला
बिचित्र मुखका फेरि वीर ती रण बाँकुरा
३९९

दुवै थरिका वीर हेरू ती सब
समबलका भई क्रुद्ध नै तब
भिडे अनेकौं थरिले पछारदै
आफूसमा क्रुद्ध भएर फेर है
४००

मानौं पवनले गरि प्रेरणा पनि
शरद र वर्षा ऋतु हेरूको पनि
बादलहरू घेर अकाशमा भरी
हुन्कि ति लागे सरि लड्न बेसरी
४०१

अनीप अकंपन अतिकायले
देखेर सेना विचलित हाय ! रे
माया गरे क्रुद्ध भएर ता अनि
भयो अंध्यारो पलमै अतिव नि
४०२

ठूला ठूला पत्थर औ खरानी र
लाग्यो हुनै वर्षण रक्तको फिर
घोर् अन्धकारै दशनै दिशा तिर
देखेर ता वानर सैन्यमा फिर
४०३

ठूलो भयो हल्लि र खल्लि ता अनि
देख्दनथे एक् अरको कनै पनि
कराउँथे ति सब जाहिँ ताहिँ नै
एवं रीतिले हुन गो तवाहि नै
४०४

बुझ्नु भयो त्यो सब मर्मलाई ता
दिन दयालु रघुनाथले ति ता
अंगद र फेरि हनुमानलाई नि
बोलाउनु भो प्रभुले तहाँ अनि
४०५

वृतान्त सारा रणको भनी तब
सम्झाउनु भो तिनलाई ता सब
सुनी कुरा क्रुद्ध भएर ता दुवै
दौडे कपि कुञ्जर हेरू ता खुवै
४०६

दयालु स्वामी रघुनाथले अनि
चढाउनु भो धनु हाँसि ता अनि
हुताशनै अस्त्र तुरून्त वेगले
चलाउनु भो त्यस युद्ध बिच रे
४०७

ज्ञानैको उदय हुँदा जसरि ता सन्देह बस्तैन है
सोहि रित गरी रहेन तिमीरै हुन्गो उज्यालो सबै
उज्यालो कन पाउँदा श्रम अनि त्राशैहरूले पनि
हीन भैकन दौडिए कपि र ति भालु रिसाएर नि
४०८

लागे गर्जन युद्धमा पवनका छोरा र अंगद्जी ता
भागे राक्षसहेरू हाँक दुईको सुनेर नै मात्र ता
भाग्ने राक्षस हेरूलाई पनि ता श्रीमारूति पुत्रले
पक्रि पक्रि त युद्ध भूमि बीचमा लागे पछार्ने तिरे
४०९

लागे अद्भुत काम गर्न सब ती भालू कपि वीरले
राक्षस्लाई समाउदै पयरमा सारा कपि वीरले
घुमाईकन क्रोधले जलधीमा हुत्याई दिन्थे सब
माछा सर्प र ग्राहले धरी धरी खान्थे खुसीले तब
४१०

एवं रीत गरेर राक्षस सबै कोहि भए घाइते
कोहि फेरि मरे लडाई बिचमा भागेर ता कोहि रे
किल्ला तर्फ गए डराई अति नै एस्तै गरी शत्रुकै
दल्लाई विचलित पारी कपि औ भालुहरूता खुवै
४११

लागे गर्जन गर्न सिंह सरिभै अत्यन्त नै हर्षले
फेरि रात पऱ्यो भनेर मनमा सम्झि बिचारेर रे
वानर्का सब चार फौजहरूनै सारा खुसीले तीजो
जाहाँ कोशलका धनी रघुपति राजै भएको थियो
४१२

आए ताहिं अनि पछि प्रभुजीले कृपा गरेरै जब
हेर्नु भो अनि ता तुरून्त ति सबै वानर्हरू ता तब
सारा श्रम्जति नाशभो शरीरमा बल तेज् नै बढ्नगो
दोवरै बढि कान्ति गाथहरूमा देदिप्यमानै भयो
४१३

रावणले अनि ता उतातिर अरू डाकेर मन्त्रिहरू
त्यसैले तिनीहेरूलाई रणमा जो जो थिए वीर्हरू
आफ्ना ती जति मारिएर जति ता घायल् थिए ति पनि
भन्दो भो सब हाल त्यो असुरले विस्तार साथै अनि
४१४

आधा फौज् हरूलाई भालु कपिले मारीसके यो घरी
गर्ने हो अब के बताउ सबले झट्टै विचारै गरी
भन्ने यो जब मन्त्रिका सँग महाँ सोध्यो अनि तेसले
माल्यवान् भनि नामको अति बुढो राक्षस्थियो एक रे
४१५

त्यो माल्यवान रावणको आमाको बाबु हो अनि
थियो त्यो दशमौलिको प्रधान मन्त्रि नै पनि
अति पावन नीतीको बोल्यो वचन तेसले
केहि शिक्षा सुन मेरो बाबु ! भन्दछु सत्य रे
४१६

हरेर तिमीले जैले ल्यायौ सीताकनै पनि
असगुनहरू धेरै त्यो बेलादेखि नै अनि
हुन लागी रहेका छन् भन्दछु बाबु ! सत्य यो
भनेर साध्य नै छैन ती सबै असगुनको
४१७

गाएका छन् रामको किर्तिलाई
पुराण औ वेद सब्ले रमाई
त्यस्ता श्री रामचन्द्र देखी विमूख
हुने कोहि प्राणीले काँही सौख्य -
४१८

-पाएको छैन है लोक्मा , भाई सहितमा अनि
मुधुकैटभलाई र हिरण्याक्ष कनै पनि
गरे संहार ता जस्ले कृपा सागर नै उनै
इश्वरैले लिएको हो औतार सम्झ यो खुबै
४१९

खलवल् दहन जो छन् काल स्वरूप छन् जुन
भक्तवत्सल् गुणागार जो पूर्णबोध छन् सुन
जस्को सेवा विधाता र शिवले गर्दछन् सधैं
के को विरोध यो बाबु ! तिनैका साथमा अझै
४२०

त्यागी यो शत्रुता सारा देऊ सीताकनै अब
मद मोह हरूलाई त्यागेर अब ता सब
कृपालु परम स्नेहि दयालु रामजी कन
भजन गर हे बाबु ! अब भक्ति गरीकन
४२१

त्यो माल्यवानको यस्तो वचन रावणै कन
वाण सरी बिभन्यो तेस्ले भन्यो क्रुद्ध भईकन
अभागी मुखमा कालो लाएर घर जा अब
बुढो भइस् तँलाई ता मारी हाल्ने थिएँ म त
४२२

मलाई अब ता मुख नदेखा कहिल्यै पनि
भन्ने रावणको यस्तो सुनेर वचनै अनि
त्यस्ले आफ्नो मन भित्र गन्यो यो अनुमाननै
'यस्लाई अब ता रण्मा श्रीरामले अवश्य नै
४२३

मार्न निश्चय नै गर्नु भएछ ' भनी क्रोधले
बोली दुर्वाच्य त्यो फेरि उठिकन गयो हरे
बोल्यो इन्द्रजितै क्रुद्ध भएर अनि त्यो घरी
मेरो करामतै भोलि बिहान अब बेसरी
४२४

देख्नु होला हजुर्ले नै गर्नेछु म अतिव नै
केभनौं अहिले बाबा ! गफ हाँकेर वात नै ?
छोराको वचनै सुन्दा भरोसा रावणै कन
आयो अति ठुलो मन्मा अनि हर्ष भईकन
४२५

प्रेम सहित तेस्लाई बसायो काखमा पनि
विचार गरदा गर्दै उज्यालो ता भयो अनि
भिडे कपिहरू आई चारै द्वारमहा सब
घेरै दुर्जय किल्ला त्यो क्रुद्ध वानरले तब
४२६

भयो कोलाहलै भारी शहरै भरमा अनि
अनेक थरिका अस्त्र शस्त्र हेरू लिएर नि
दौडिए राक्षसै सारा गएर ती समस्तले
पाहाडका शिखर् आदि लडाए गढबाट रे
४२७

पर्वतका शिखर लुढकाए
धेरै अस्त्र शस्त्र हेरू चलाए
चले गोला विविध भाँतिका ती
जुन रीत्ले प्रलय कालका की
४२८

थर्किन्छ गर्जिदा बादल् गिर्दा बज्र जमिन यो
त्यस्तै हालत् भयो भीषण शब्द ठूलो भएर पो
विकट वानरै हेरू भिडिन्थे युद्धमा गई
जर्जरै भए पनि देह बस्दथे लड्दै रहि
४२९

त्यो मेघनादले 'फेरि आएर कपि फौजले
गढ घेरी सके' भन्ने यस्तो खबर कानले
सुन्यो जब अनि त्यो ता उत्रेर दुर्गबाट नै
बाजा बजाउदै आयो नगीचै कपि फौज कै
४३०

अभिमान गरी ठुलो भन्दछ मेघनादले
धुनुर्धारी भनी लोक्मा भएका जो प्रसिद्ध रे
कता छन् ती दुवै भाई अयोध्या पति ?औं अनि
बल्का सीमा भएका ति नल नील द्धिविध् पनि
४३१

सुग्रीव अंगदै फेरि कता छ हनुमान त्यो ?
भातृ द्रोहि लुकेको छ विभिषण कहाँ ? अहो !
मार्दछु हठले आज म ता त्यो शठलाई नै
भनेर त्यसले यस्तो भयंकर वाणलाई नै
४३२

लगायो धनुमा फेरि क्रोधित् भैकन ता अनि
कानसम्म खिची तान्यो ताँदो त्यो धनुको पनि
मानौं प्वाँख भएका ती धेरै नागहरू पनि
दौडिनै हुन्किं लागेका भन्ने भान गरेर नि
४३३

शरको वर्षणै गर्न लाग्यो त्यो मेघनादले
जाहिँ ताहिँ ढलेका नै देखिए कपि फौज रे
त्यो बेला त्यसको सामु सकेन पर्न ता कुनै
भालु वानर सब् भागे जाहिँ ताहिँ विकल् हुदै
४३४

बिर्सिए सबले इच्छा युद्धको पनि त्यो घरी
त्यो मेघनादले जस्को प्राण् मात्र शेषनै गरी
जो ता थिएन छाडेको त्यस्तो वानर युद्धमा
देखिदैन थिए कोहि परे सब् रण क्षेत्रमा
४३५

दश दश वाणले हान्यो सारालाई अनि पछि
भूमि माथि पछारिन्थे सारा वानर वीर् जति
सिंहनाद गरी लाग्यो गजनै मेधनाद त्यो
देख्दा विहाल त्यो सारा आफना फौज वीरको
४३६

काल जस्तै भई क्रुद्ध दौडिए हनुमान जी
तिन्ले यौटा गिरिलाई भईअ त्यन्त क्रुद्धकी
उखेलि झोकले हाने ताकि त्यो मेघनादमा
पर्वत् आउन लागेको देखेर भागी गो तहाँ
४३७

रथ र सारथि घोडा सब छोडेर त्यो घरी
नभ माथि गयो मेघनाद उफ्रेर बेसरी
ललकार्थे त्यसैलाई बारंबार पवनसुत
आउदैन थियो सामु अदृश्य भै लुकि खुब
४३८

पचूकार्नाको जान्दथ्यो मर्म त्यो ता
गई फेरि रामको सामु जो ता
दुर्वाच्यै पो बोल्न लाग्यो अनेक
फेरी नाना भाँतिका त्यसले त
४३९

अस्त्र शस्त्र हथियारै हरूले
हान्ने लाग्यो रामलाई बरू रे
खेलाडीका रीतले रामजीले
खसाल्नु भो काट्दै त्यो खुसीले
४४०

प्रभाव रामको देखि त्यो मूढ जगियो अनि
नाना तरहले माया गर्न लाग्यो त्यहाँ पनि
सानो सर्प समातेर कसैले हेर शैलजे !
तर्साउन गरूड्लाई खोजेको सरी यो छ रे
४४१

साना ठूला अनि फेरि ब्रम्हा शिव समेत नै
जस्को प्रवल मायाको वशमा छन् सदैव नै
खोटे मति भएको त्यो मेघनाद अझैं हरे !
उनै मायापति साथ आफ्नो त्यो तुच्छ नीच रे
४४२

माया देखाउनै लाग्यो चढि गगनमा पनि
बिपुल अग्निको झिल्का लाग्यो बर्षाउनै अनि
जल धारा प्रकट् हुन्थे पृथ्वी देखि ता अनि
विविध भाँतिका फेरि पिशाच र पिशाचिनी
४४३

मारौं काटौं भनी शब्द बोलेर नाच्दथे अहो !
बर्षन्थे कहिले हाड विष्टा पीप रगत जो
कैले ता पत्थरै हेरू बर्षन्थे रउनै कति
बर्षन्थ्यो हिउँ नै फेरि ढाकेर जमिनै जति
४४४

अधियारो अति पान्यो बर्षाएर धूलो पनि
पसारी हेरँदा आफ्नै हात देखिन्नथ्यो अनि
देखि असुरको माया भए विकल वानर
'हुन लाग्यो मरण् सब्को 'यो सम्झे मन भित्र र
४४५

यी तमासाहरू देखि 'सबै वानर भालु नै
भयभित भए ' भन्ने जानेर मनमा खुबै
मन्दस्मित गरि फेरि भगवान् रघुनाथले
जसरी तिमीरै हेरूलाई श्री दिन नाथले
४४६

पलमै हरनु हुन्छ सोहि रीत गरी अनि
रामले एउटै शर्ले तेस्को मायाहरू पनि
काट्नु भो र अनि फेरि कृपादृष्टि गरेर ता
हेर्नु भो कपि भालूको फौजलाई प्रेम गरेरता
४४७

भए बलवान् ती फेरि रोक्दा समरमा पनि
न रूक्ने नै भए सारा बल तेज बढि अनि
रामका साथमा आज्ञा मागेर खुसी भैकन
अंगद आदिका सारा कपिसाथ लिई कन
४४८

हातमा धनु औ वाण लिई अतिव क्रुद्धभै
जानु भो लक्ष्मणैं फेरि युद्ध गर्न भनेर नै
थिए अरूण भैं लाल नजरहरू ती दुवै
थिए विशाल औ पुष्ट छाति र हातहेरू नै
४४९

तुहिनाचल भै गोरोकेहि काहिं त लाल नै
थियो मनोहरै गाथ गर्व हर्ने अनंग कै
रावणले पनि ता फेरि पठायो वीर फौज ता
नाना तरहका अस्त्र शस्त्रहरू लिएर ता
४५०

दौडिए ती पनि फेरि नंग्रा र पर्वतै अनि
वृक्षरूपि हतियार लिने कपिहरू पनि
'जय श्रीरामको 'भन्दै दौडिए क्रुद्ध भै सब
जोडी जोडी भिडे सारा साथमा वीर ति तब
४५१

थोरै थिएन है इच्छा विजयको यता उता
हान्दथे लात मुक्काले भालू कपिहरू उता
काट्दथे दाँतले फेरि टोकि टोकि कनै पनि
मार्दथे लातले हानी राक्षसकनै ता अनि
४५२

जित्ने तत्पर् वानरैहरू फेरि
टोकि टोकि राक्षसैलाई घेरी
दल्दै मल्दै गालि गर्थे पछाडी
मारी काटि फाल्दथे फेरि छाडी
४५३

मारौं मारौं पक्ड र मार मार
शिर्नै तोडि हात भाँचेर फाल
यस्तै यस्तै शब्द आकाशमाहा
थियो घन्कि फैलिएको स्थलैमा
४५४

जतातत्तै रूण्ड प्रचण्ड ता सब
दौडि रहेका ति थिए घुमि तब
आकाशबाट चढि यानमा पनि
देवादिका फौजहरू सबै अनि
४५५

हेर्दथे कौतुलै सारा तिनका मनमा हरे !
कैले विषाद औ कैले हुन्थ्यो हर्ष अतिव रे
भरी भरी भई रक्त खाल्टाभित्र जम्यो सबै
धूलो उडेर तेस्माथि छोपियो अनि फेर है
४५६

चिताका अग्निका थुप्रा माथि मुस्लो भएर पो
धूँवा उठे सरि सारा धूलो त्यो देखि दो भयो
फुलेको वृक्षहेरू ति कस्ता हुन्छन् पलाँशका ?
तेस्तै शोभित् भए घायल् वीरहेरू समस्त ता
४५७

लक्ष्मण औ मेघनाद दुवै ति
जोधा हेरू क्रोध् गरेर खुबै कि
आफूसैमा भिड्दथे फूर्ति साथ
जित्ने इच्छा राख्दै चित्तमा त
४५८

एकले अरकोलाई जित्न सक्तैनथे हरे !
अनीति गर्दथ्यो राक्षस् छल बल गरेर रे
क्रुद्ध हुनु भयो मन्मा अनन्त अति नै अनि
तुरून्त सारथिलाई मारेर रथ नै पनि
४५९

भञ्जन गर्नु भो फेरि ना ना तरहले तब
प्रहार गर्नु भो अस्त्र भगवान् शेषले तब
प्राण मात्र थियो बाँकि त्यो निशाचरको अनि
'हर्न लाग्यो अब प्राण पऱ्यो संकष्ट नै ' भनी
४६०

अनुमान गऱ्यो आपन्नो मन्मा रावण पुत्रले
छाड्यो विर्घातिनी शक्ति ताकि लक्ष्मण्कनै हरे !
तेज पुञ्ज स्वरूपी त्यो शक्ति श्रीलक्ष्मणजीको
अतिव वेगका साथ लाग्यो गै छाति माथि जो
४६१

लाग्नाले शक्ति लक्ष्मण्जी मूर्छितै हुनुभो अनि
छाडेर भय लक्ष्मण्को गयो नगिच त्यो अनि
मेघनाद सरी कोटि शत वीरहरू भई
लागे उठाउनै फेरि लक्ष्मण्जीलाई ता गई

४६२

जगताधार श्रीशेष उठ्नुहुन्थ्यो हरे ! किन ?
निशाचरहरू सारा फर्के लज्जित भैकन
जस्को क्रोधाग्निले दुर्गे चौध भुवन यो सब
तुरून्तै गर्दछ भष्म नछाडिकन ता तब

४६३

चराचरै मानिस देवताले
सेवा गर्छन् जसको ता सदा रे
तिनैलाई जित्न संग्राममाहा
सक्छन् को र ? भनन लोकमाहा

४६४

कृपा हुन्छ रामको जसमाथि
कौतुक यो जान्दछ सोहि ता ति
अनि साँझ भो भनेर दुवै ति
फर्के सारा सैन्य संग्राम देखि

४६५

आ - आपन्ना सैन्यहरू सबैको
संभार् गर्थे खुसी भै दुवै पो
अजेय औ व्यापक इश ब्रम्ह
श्रीरामजी ,-लक्ष्मण अभ्र सम्म

४६६

काहाँ छन् ?भनीसोध्न सब्सित तहाँ लाग्नुभएके थियो
ल्याएं लक्ष्मणलाई वायु सुतले बोकेर पलमै ति जो
राखे श्री रघुनाथका समीपमा फेरि प्रभुले पनि
देखि लक्ष्मणलाई चित्त बीचमा मान्नुभयो दुख् अनि

४६७

ऋषेशराजले फेरि सुषेण नामका पनि
वस्दछन् वैद्य लंकामा तिनलाई लिन भनि
पठाउनु पन्यो कोहिलाई ता अब लौ भनि
बिन्तिगरे ताहाँ -झट्ट - सानो रूप धारी अनि

४६८

गए प्रभञ्जन पुत्र तुरून्तै घर् समेतको
ल्याए वैद्य सुषेणलाई बोकेर पलमै अहो !
आएर वैद्यले फेरि रामका पाउ पद्ममा
शिर राखेर ता झट्टै औषधिको पनि तहाँ

४६९

नाम औ गिरिको सम्म पहिचान दिई सब
भने सुषेणले झट्टै हनुमन् तिमी गै अब
लिएर औषधि आऊ भन्ने आज्ञा सुनेर यो
तुरून्तै पवन पुत्र रामको पाउ पद्म त्यो -

४७०

- राखेर हृदयै भित्र आपन्नो बल भनेर रे
हिडे श्री रामको वाण सरी अतिव वेगले
अनि उतातिरै फेरि एउटा गुप्ति दूतले
मर्म विन्ति गन्यो झट्टै रावणैलाई फूर्तिले

४७१

त्यो सुनी रावणै आयो घरमा कालनेमिको
सुनायो त्यसले आपन्नो मर्म विस्तारले अहो !
सुनेर हाल त्यो सारा त्यो कालनेमिले अनि
बारंबार शिरै आपन्नो पिट्यो अपशोचले पनि

४७२

भन्यो तेस्ले अनि फेरि देख्दा देख्दै हजूरले
जलायो नगरै जस्ले त्यसैका मार्ग आज रे
रोक्नसक्ने कुनै वीर होला को जगमा ?हरे !
हे स्वामी ! अब मद् मोह छाडिकन समस्त रे

४७३

गर्नु होस गरी आपन्नो हितै भजन रामको
व्यर्थको यो कुरा सारा छाडिदिनुहओस् प्रभो !
नील कमल् सरी राम्रो भएको श्याम गाथ त्यो
लोचनका अभिराम रामलाई सदैव पो

४७४

राख्नुहोस् हृदयै भित्र अब अतिव प्रेमले
फिर्ता दिनुहओस् झट्टै सीतालाई गएर रे
प्रभु सुत्नु भएको छ महामोह निशामहा
उठ्नुहोस अहो ! स्वामी ! त्यागेर मोह चित्तमा

४७५

भक्षक गर्दछ जो ता काल् रूपि सर्पको पनि
सक्छ र जित्न तेस्लाई स्वप्ना कै रणमा पनि
त्यो सुनी क्रुद्धभो रावण् त्यो कालनेमिले तब
'मरौ म बरू रामैको दूतको हातबाट त

४७६

पापको बोझ बोक्नैमा तत्पर्छ दुष्ट यो हरे !'
गरी विचार यो मन्मा हिड्यो शोच गरेर रे
प्रकट् गरेर मायाको बाटो मै अनि तेसले
तलाउ वन औ मन्दिर बनायो वाग घेर रे

४७७

वायुनन्दनले राम्रो दखेर आश्रमै पनि
'मुनिका साथ सोधेर पिउँ पानी श्रमै अनि
जाओस् मेरो सबै ऐले ' भन्नेगरी विचार यो
राक्षसै कालनेमि त्यो कपट्ले मुनि भेष पो
४७८

लिई सुशोभित भईकनै तहाँ
थियो बसेको त्यस आश्रमै महाँ
मायापतिका दूतलाई त्यो धरी
खोज्थ्यो हरे मोहित गर्न वेसरी
४७९

दर्शन गरे गई त्यस्को पवन पुत्रले अनि
बयान गर्न लाग्यो त्यो रामका गुणका पनि
घोर युद्ध भई रेछ रावण् र रघुनाथको
जित्नु हुनेछ रामैले यस्मा सन्देह छैन पो
४८०

यहि बसेर नै देखि रहेछु भाई ! त्यो म ता
मलाई ज्ञान दृष्टिको बल धेरै छ हेर ता
खानलाई जलै मागे अनि श्री हनुमानले
कमण्डलू दियो तेस्ले खानलाई भनेर रे
४८१

पानी थोरै भयो नाथ ! तिर्खा मेटिन्न यसले
भनेर त्यसका साथ भने श्री हनुमानले
भन्यो त्यो दुष्टले फेरि तलाउमा गइकन
नुहाएर पनि आऊ दिक्षा दिन्छु तिमीकन
४८२

पाउने छौ तिमी ज्ञान बन्लान् कामहरू सब
भन्ने आज्ञा सुनी तेस्को आए पोखरीमा तब
पस्दा तलाउमा फेरि पाउ श्री हनुमानको
टोकि मकरीले बल्ले समातिकन ता अहो !
४८३

आकुल् भै लातले हाने पवनपुत्रले अनि
तिनको लातले सारा शापमोचन् भएर नि
धरेर देह नै दिव्य मकरी खुसी भैकन
स्वर्गमा जान लागी त्यो यानमा चढ्दै भन
४८४

भन्दछे अनि त्यो फेरि हनुमान ! हजूरको
दर्शनैले भएँ नाथ ! निष्पाप म त आज जो
दुर्वासाको थियो श्राप मेटियो तात ! त्यो सब
पाएँ आफ्नो शरीर् मैले पैलेको सरी नै अब
४८५

मुनि होइन त्यो नाथ ! राक्षसै हो भयानक
मेरो यो वचनैलाई सत्य सम्झिनु होस त
गई त्यो अप्सरा यति भनेर जब स्वर्गमा
हनुमान पनि झट्टै भई हर्षित चित्तमा
४८६

आए राक्षसको सामु गएर तिनले पनि
गुरूभेटि लिनु होस पैले हजूर नै पनि
दिनु होला पछिबाट मलाई मन्त्र ता भनी
खुसी भै त्यसको शिर्मा बेरी पुच्छरले पनि
४८७

पछारे धरति माथि मर्ने बखतमा अनि
आफ्नै रूपगऱ्यो तेस्ले फेरि झट्टै प्रकट्पनि
'राम राम रघुनाथ 'भन्दै प्राण त्यज्यो अहो !
त्यो सुनेर हनूमान हिडे हर्ष भएर पो
४८८

देखे पर्वत ता तिन्ले चिन्हेनन् औषधि हरे
लिए हात बिषे झट्टै उखेलेर पाहाड रे
बोकेर पर्वतैलाई रात्रीका समयै महा
आकाश मार्गले दौडे गरी हत्पत मन्महाँ
४८९

दौडेर पवन पुत्र अत्यन्त वेगले जब
आईपुगे अयोध्याको आकाश माथि ता तब
भरत्ले गगनै माथि देखि ' अति भयानक
राक्षस् हो यो ' भनी मन्मा गरेर अनुमान त
४९०

खिंचेर धनुको ताँदो कानसम्म गरेर त
बिना फल्को तिनैलाई हान्नुभो शरएक ता
लाग्नाका साथ त्यो वाण पवन पुत्र वेगले
'राम राम रघुनाथ भन्दै हा रघुनाथ ' रे
४९१

मूर्छा परी ती भूमिमा खसे अनि
अत्यन्त प्यारो वचनै सुनेर नि
उठि भरत् दौडिनु भो हतारिदै
व्याकुल् भई चित्तमा विचारदै
४९२

नगीचै आई पुग्नुभो पवन पुत्रको जब
विकल् देखेर तिन्लाई छातिमा टाँस्नुभो तब
ज़ागेनन् विविधै भाँति जगाए पनि ता तिनी
भरत्जीलाई भो कष्ट मलिन मूखले अनि
४९३

भन्न लाग्नु भयो अश्रु भरी नयनमा हरे !
रामेदखि विमुख् पाऱ्यो मलाई जुन दैवले
उसैले आज यो फेरि दियो दुःख कठोरको
हा !हा ! दैव ! दया राख नहोऊ निष्ठुरै अहो !

४९४

देह मन वचन कर्मले ता
यदि मेरो प्रिति रे छ भने ता
भगवान रामका पाउ माथि
भन्छु ऐले शम्भु राखेर साक्षि

४९५

अनुकुल रघुनाथ म माथि
हुनुहुदो रे छ यदि सदाकी
भने ? पिडा श्रम हेरू सबैले
रहित् होऊ वानरै ! वीर ! ऐले

४९६

सुन्नाका साथ त्यो बोली ' अयोध्यापति रामको
जय होस् जय होस् ' भन्दै तुरून्तै खुसीसाथ पो
उठेर पवन पुत्र बसे भरतले अनि
प्रेम गद् गद् भई गाथ रोमाञ्चित भएर नि

४९७

सजल नयनै पारी खुसी भैकन बेसरी
गाडालिंगन गर्नु भो तिन्लाई छातिमा धरी
रघुकुल तिलक् रामचन्द्रजीलाई सम्झिदा
अटेन हृदयै भित्र प्रेम उम्लेर पोखि हा !

४९८

भन्नु भयो भरतले अनि प्रेमसाथ
हे तात ! लौ भन तिमी अब जो छ बात
भाई र श्री जननी जानकी साथमा नै
सौख्य निधान प्रभुका पनि गाथमा नै

४९९

बताऊ कुशल क्षेम मलाई अब हर्षले
भन्ने भरतको आज्ञा सुनेर हनुमानले
संक्षेपमा भने सारा वृतान्त पनि त्यो धरी
सुनी भरत त्यो हाल हुनु भो दुःखी बेसरी

५००

मनमा पनि ता ठुलो पछुतो गरनू भयो
' हा !दैव !अहह ! जन्मै किन यो व्यर्थमा भयो ?'
आईन प्रभुको एक काममा पनि हा ! म ता
मैले गर्दा भयो धेरै अनर्थहरू व्यर्थ ता

५०१

कुबेला भनी सम्झेर मन्मा धैर्य धरीकन
महावीर धीरज् धारी भरत दुःखी भैकन
बोल्नु भो पवन पुत्र साथ अत्यन्त प्रेमले
हे तात !बेर लाग्नेछ जान तिमृलाई ता हरे !

५०२

प्रात : भयो भने सारा काज नष्ट हुनेछ है
तुरून्तै वाणमा मेरो चढ पर्वतसाथ मै
कृपासिन्धु हुनुहुन्छ जाहाँ ताहिँ तिमीकन
पुयाई दिन्छु म झट्टै यो कुरा तिमी मान न

५०३

सुनेर यो कुरा सारा कपिको हृदयै महाँ
मेरो यो बोझको वाण चल्ला कसरी ता यहाँ
पैदा भयो अभिमान यस्तो फेरि अनि तहाँ
प्रताप रघुनन्दनको गरी विचार मन्महाँ

५०४

गरेर बन्दना फेरि भरत्का पाउ पद्मको
विन्ति गरे प्रभञ्जनका पुत्रले खुसीसाथ पो
प्रतापलाई राखेर मनमा प्रभुको सब
राम वाण सरी स्वामी ! जानेछु म त्यहाँ अब

५०५

आज्ञा दिनुभयो फेरि भरत्ले खुसी भैकन
गरेर वन्दना फेरि हिडे पवन नन्दन
कपिलें श्रीभरत्जीको बाहुबल् शील बानी र
रामका पाउ पंकजूको अपार प्रेम नै फिर

५०६

मनमा गुणको सारा बारंबार सराहना
गरदै जान लागे ती उडीकन आकाशमा
उता मानवको जस्तै गर्ने चरित्र नै पनि
रामले लक्ष्मणैलाई देखेर मूर्छितै पनि

५०७

श्रीराम विलाप

लाग्नु भयो गर्न विलाप दुःखले
मानिस् सरी दिन बनेर शोकले
रात्री पनि अर्ध बिति सब्को अझै
आई पुगेनन् हनुमान झट्ट नै

५०८

भनेर यस्तो रघुनाथले पनि
उठाउदै लक्ष्मण लाई ता अनि
लगाउदै छातिमहा कसेर रे
लाग्नु भयो गर्न विलाप फेर रे
५०९

देख्नसक्तैनथ्यो भाई ! मलाई दु :खीतै तिमी
अति कोमल् थियो तिम्रो स्वभाव बाबु !फेरि नि
बाबु आमा सबै छोड्यौ मेरै हित निमित्तमा
सह्यो भाई ! हिउँ घाम हुरी बर्षा वनैमहाँ
५१०

हे भाई ! त्यो प्रेम कहाँ गयो अब ?
मेरो अति व्याकुल वाणि यो सब
सुन्दा पनि उठ्दइनौ हरे किन ?
भाई ! तिमी हा ! नसुने सरि किन ?
५११

वियोग तिम्रो यदि हुन्छ यो भनि
जान्दो हुँ ता भाई ! त्यसै बखत् अनि
मान्दैनथे भाई ! वचन् पिताजीको
सम्झे तिमी सत्य भनेर भाई यो
५१२

यो लोकमा संपत्ति नारी औ घर
छोरा परिवार हरू सबै तर
हुन्छन् र जान्छन् पनि बार बार नै
लोक्मा हरे ! लक्ष्मण !जो कदापि नै
५१३

मिल्दैन आफ्नो खुद भाई ता हरे !
विचार यस्तो मनमा गरेर रे
हे बाबु ! जागा अब होउ यो घरी
हरे ! म छु व्याकुल आज बेसरी
५१४

हाथी सरी सूँढ विना कल्पिएको
पक्षि सरी प्वाँख् विना अल्पिएको
मणि हिनृको सर्प जस्तो छ भाई
भयो दु :खले आज त्यस्तै मलाई
५१५

यदि यो जड क्रुर दैवले
मकन राख्छ बचाउदै भने
तिमीले बिनु जन्म भाई ! यो
अब मेरो सब व्यर्थ हाय ! भो
५१६

अब भाई गुमाई नारीका -
- हितका निम्ति कसोरी फेरि ता
कुन मुख् लिई त्यो अबध् महाँ
म त जाऊ भन भाई ! झट् यहाँ
५१७

अपजत् सहने थिए बरू
जगमा नारी अभावले अरू
क्षति केहि हुने थिएन पो
अब छाति फुटि हा ! रहने जो
५१८

अब लोक भनाई भाई ! त्यो
कठिनै शोक समेत हाय यो
प्रिय भाई ! सहन्छु हा ! म रे
दिल मेरो छ कठोर बज्र रे
५१९

निज अम्बमहा तिमी भलो
सुत प्राणै धन फेरि एकलो
सुखदायक नित्य हित् भनी
सब रीत्‌ले बुझि अंम्बले पनि
५२०

तिमीलाई समाई भाई रे
मकनै सुम्पिनु भो अघाडी रे
अब उत्तर के दिऊ म ता
किन दिन्नौं उठि आज अर्ति ता
५२१

हे दुर्गे ! एक अखण्ड भक्तबत्सल् रामले
मानिसहरूको जस्तै देखाएर गति हरे !
शोक विमोचनै राम पद्मलोचनबाट नै
गर्न लाग्नु भएकोथ्यो जल सेचन खास नै
५२२

विलाप कानले सुन्दा रामजीको पनि सब
भालू वानर ती सारा भए व्याकुल नै तब
करूणा रसमा वीर रस आए सरी गरी
आई पुगे हनूमान खुसी भैकन त्यो घरी
५२३

अति कृतज्ञ ज्यादै नै सुजान रघुनाथले
तिन्लाई भेट्नुभो झट्ट उठेर हर्ष साथले
उपाय पनि ता झट्टै गरे ती वैद्यले अनि
उठेर हर्ष भै फेरि बस्नुभो लक्ष्मणै पनि
५३४

खुसी भै रामले झट्टै अत्यन्त स्नेह प्रेमले
कसेर लक्ष्मणैलाई गर्नु भो अंकमाल रे
भए हर्ष अनि भालू वानर्को फौज ति सब
पवन पुत्रले वैद्य सुषैणलाई ता तब
५२५

पुऱ्याए उहि नै पैले ल्याएथे जसरी अनि
सोहि रित गरि फेरि लंका नगरी मै पनि
वृतान्त हरू इ सारा सुन्यो रावणले जब
अति विषादले शिर बारंबार पिट्यो तब
५२६

गयो व्याकुल् भई फेरि नगीचै कुम्भकर्णको
ठुलो यत्न गरि तेसलाई जगाउँदा भयो
देखिइन्थ्यो भने कस्तो बिम्झेको त्यो निशाचर
मानौं देह धरी कालै आएको हो कि झैं वर
५२७

त्यो कुम्भकर्णले सोध्यो रा वणैलाई ता अनि
सुकको छ किन दाजु ! मुहार प्रभुको पनिं
त्यो अभिमानिले सारा वतायो हाल त्यो धरी
जुन रीत गरी सीता ल्याएथ्यो त्यसले हरी
५२८

बाबु मारिसके सारा रक्षक कपि फौजले
महा महा ठुला वीरहरूको पनि वध् गरे
दुर्मुख सुरका शत्रु नर भक्षिहरू सबै
अकंपन अतिकाय महाभट हरू अझैं
५२९

परे रण मूमिमा रणधिर
महोदर अपर आदि वीर
सुनी सारा रावणको कुरा त्यो
जिल्ल पऱ्यो कुम्भकर्ण पुरा पो
५३०

भन्न लाग्यो अनि मूर्ख ! दाई !
जगदम्बा जानकि माईलाई
हरेर नै ल्याई फेरि कसोरी ?
शठ खोज्छौ मंगल नै यसोरी
५३१

निशाचर नाथ ! तिम्ले कुरा यो
गरेनौ है वेश भन्छु पुरा यो
यस्ले तिम्रो हानी गर्नेछ कुल्को
नाश होला वंशको सम्म मूल्को
५३२

जगायौ किन व्यर्थमा मलाई अब ता हरे !
अझै पनि अभिमान छाडेर प्रेम साथले
भज श्रीरामजीलाई होला मंगल वीर रे
हनुमान सरी जस्का दास छन् वीर धीर रे
५३३

हे दशानन! ती राम हुन् र मानिस हाय ! रे
हा! हा !दाजु तिमीले ता खोटोपन गऱ्यौ हरे
भनेनौ किन त्यो दाजे ! आएर पहिल्यै सब
ब्रम्हा महेश्वरै आदि देवताहरू ती सब
५३४

दास छन् जसका तेहि इश्वर्को दशकन्दर !
गऱ्यौ विरोध तिम्ले ता नमानि कन हा !डर
नारद मुनिले पैले मलाई ज्ञान जो सब
बताएका थिए दाजु तिम्लाई ज्ञान त्यो तब
५३५

बताउने थिए मैले बेला बिति सक्यो सब
काख भरी लिई भेट मलाई दाजु ! लौ अब
लोचन सफल गर्छु गएर अब लौ म ता
दर्शन् गरी त्रयताप हरने प्रभु साथ ता
५३६

पंकज दल झैं नेत्र हुने अति मनोरम
श्याम गाथ हुने रामलाई हेरौं गएर म
पलछिन् रामको रूप गुण सम्झेर प्रेमले
भग्न भो मनमा कुम्भकर्ण अतिव हर्षले
५३७

करोडौं मदको भाडो रागाँ हरू अनेक नै
मगायो त्यसको निम्ति त्यो रावणले तुरून्त नै
रागा खाएर ता फेरि पिएर मद नै पनि
बज्राधात सरी गर्ज्यो थकाई लोकनै अनि
५३८

रणरूपि अखाडामा दुर्मदै कुम्भकर्ण त्यो
दुर्ग छाडी हिड्यो गर्जि अतिव वेग साथ पो
लिएन साथमा सेना पनि त्यो वीरले झन
देखि त्यसलाई ता आए अगाडि ती विभीषण
५३९

सुनाए नाम ता आफ्नो तेस्का चरणमा परी
लगायो छातिमा तेस्ले उठाई भाई त्यो घरी
रघुनाथजीका भक्त भनी जानेर चित्तमा
विभिषण प्रियै लागे त्यस्को हृदय भित्रमा
५४०

भने फेरि विभिषणले मन्त्रणाको विचार नै
गर्ने बखतमा तात परम हित्का कुरा सबै
गर्दा मलाई ता हाने ! लात्ताले दशकण्ठले
त्यहि नै ग्लानीले आए रामशरणमा म रे

५४१

मलाई दिन जानेर रामको मन् परें म ता
भन्ने विभिषणैजीको कुराहरू सुनेर ता
त्यो कुम्भकर्णले भन्छ हे वत्स ! सुन रावण
पऱ्यो त्यो कालको वशमा किन राम्रा कुराकन

५४२

मान्दथ्यो अब हे बाबु ! हे विभिषण लोकमा
धन्य धन्य तिमी भाई ! धन्य हामी सबै महा
राक्षस् कुल्का तिमी भाई! भयौ अब विभूषण
उज्यालो तिमीले पाऱ्यौ यो वंशलाई नै भन

५४३

शोभा र सुखका सिन्धु रामलाई भज्यौ उ ता
हे वीर ! समरधीर ! छाडी कपटहेरू ता
मनसा कर्मणा वाचा भज श्रीरामलाई नै
अब जाऊ तिमी भाई ! ऐले मकन केहि नै

५४४

आपन्नो हो वा पराई हो सुज्दैन यो कुनै हरे
भैसकेको छु हे भाई ! कालको वशमा म रे
सुनी वचन दाजुको फर्के विभिषणै अनि
जहाँ राज भएकोथ्यो त्रैलोक्य भूषणै पनि

५४५

त्यहाँ आई अनि तिन्ले हे नाथ ! रघुनन्दन !
पर्वताकारको देह भएको रणधीर् भन
कुम्भकर्ण रणै गर्न आउदैछन् प्रभो भनी
विन्ति गरे प्रभुलाई झुकाएर शिरै पनि

५४६

कानले जब ता यस्तो सुनेथें कपि वीरले
गरी किल्किल ती सारा दौडिए बलवान रे
वृक्ष औ पर्वतैहेरू उखेलेर लिदै अनि
हान्न लागे सबै कुम्भकर्णलाई छिटो पनि

५४७

मिलि सबै बाँदर भालु ता अनि
लिदै गिरिको शिखरैहरू पनि
एकै पटकमा पनि कोटि कोटिले
लागे प्रहारै पनि गर्न चोटिले

५४८

हात्ती जस्तै कुटिएको आँकका फलले पनि
फर्कन्नथ्यो मनै तेस्को हटदैनथ्यो जिउ पनि
मुक्का हानेर त्यस्लाई तब पवनपुत्रले
पछारियो जमिन् माथि विकल् भै शिर् पिटेर रे

५४९

उठेर त्यसले फेरि अति नै क्रोधले तहा
ताकेर मुड्किले हान्यो तिन्लाई पनि छातिमा
फन्न घुमी हनुमान ढल्ले जमिन्न माथि नै
सोहि रितृले अनि फेरि नल् नील वीरलाई नै

५५०

पछाऱ्यो जमिनै माथि अनि अरू अरू सब
वीरहरू सबैलाई पनी खुसी हुदै तब
मार्दै पछारदै गर्न लाग्यो अनि जतातते
वानर भालुका सैन्य गए भागेर ता सबै

५५१

अत्यन्त नै डराएका हुनाले कुम्भकर्णको
आएनन् संमुखै पर्न युद्धमा फेरि वीर जो
अमीत वलको सीमा भएको कुम्भकर्ण त्यो
सुग्रीव साथमै अंगद् आदि वानर वीर पो

५५२

पारेर मुर्छितै काखि चापि सुग्रीवजीकन
हिड्यो समरमा कुम्भकर्ण त्यो खुसी भैकन
हे उमे ! जसरी सर्प साथमा गरूडै पनि
मिलेर खेल्दछ तेस्तै जस्तो हो युद्ध यो पनि

५५३

जस्को भ्रूभंगीले खाई दिन्छ है काललाई नै
सुहाउँथ्यो र यस्तो यो युद्धले तिनलाई है
लीला गर्नु भएको छ लोकका निम्ति रामले
मानिस सरिकै सारा शैलजे ! यो विचार रे

५५४

जगत पावन गर्ने किर्ति फैलिन्छ लोकमा
भव सागर तर्ने छन् गाएर भक्त नै यहा
मूर्छा हट्यो र विम्झे ती पवन पुत्र युद्धमा
बिम्झिई सुग्रीवैलाई खोज्न लागे जहाँ तहाँ

५५५

सुग्रीवको पनि मुर्छा हट्यो र तिनले अनि
मूर्दा झैं भई बिश्वास पारेर उम्किए पनि
भागदा तिनले त्यसका नाक कानहरू सबै
उखेलि दाँतले च्यापी अनि गर्जेर फेर है

५५६

उफ्रिए गगनै तर्फ अनि त्यो कुम्भकर्णले
थाहा पाएर ता बल्ल काटेका नाक कान रे.
समाति चरणै फेरि सुग्रीवलाई झट्ट नै
पछाऱ्यो त्यसले भैंमा अनि सुग्रीव ता अझैं
५५७
उफ्रेर फूर्तिका साथ पिटेर त्यसलाई ता
फर्केर प्रभुको सामु ति वीर फेर आई ता
कृपानिधान श्री रामजीको जय जयै भनी
गर्जना गरनै लागे खुसी भैकन ता अनि
५५८
थाहा पाएर काटेको नाक कानहरू पनि
ग्लानी भै रिसगरी मन्माफर्कियो फेरि त्यो अनि
स्वभावैले त डरलाग्दो नाक कानहरू अझ
काटिएको हुँदा त्यो ता थियो भिषण नै अत
५५९
तेसलाई देखदा त्रास पैदा भो कपि सैन्यमा
हा हा हु हु गरी सारा दौडिए रण क्षेत्रमा
रघुकुल मणिको नै जय जय जयै भनी
वृक्ष पर्वतले हाने त्यस्लाई सबले अनि
५६०
रणको रंगले क्रुद्ध भएको कुम्भकर्ण त्यो
कालै हो कि रिसाएको भन्ने भान गरेर जो
रणको संमुखै आइ करोडौं वानरै कन-
खान लाग्यो खुसी साथ पक्डी पक्डी अनेकन
५६१
पहाडका गुफाभित्र पसेझैं सलहै पनि
अटाए वानरै सारा त्यसका मुखमा पनि
करोडौं वानरैलाई समाई थिचि देहले
माडेरै पनि ता फेरि करोडौलाई हातले
५६२
मिलाई दियो भूमिकानै घूलामा
जुन त्यो असुर्ले नीज मुखमाहा
निलेको सब भालु वानर्हरू ता
उसैका दुवै कान नाक हरूका-
५६३
-बाटो गरेर निस्केर भागी हुन्थे खडा अहा !
रणको मदले मस्त भएका कुम्भकर्ण त्यो
ठुलो घमण्डले मानौं संसारलाई ता सबै
ग्रासको अर्पणै गर्ने गरेको छ कि निश्चयै
५६४

भागेका वानरै वीरहरू फर्काउदा पनि
फर्केनन् न त आँखाले देख्दथे केहि नै अनि
बोलाउदा पनि फेरि सुन्दथे न त कान कानले
भाग भाग गरे सारा वीर वानर फौजले
५६५
त्यो कुम्भकर्णले सारा वीर वानर फौजकै
छिन्न भिन्न गराएको सुनेर खबरै सबै
दौडियो असुर फौज धारा लागेर ता अनि
मार्दै पछार्दै वानर् फौजलाई समस्त नि
५६६
आपन्ना फौज सबै व्याकुल् भएका अनि शत्रुको
सैन्य ता विविध भाँति दौडि कन मिचि ठुलो
हुल आउन लागेका देख्नु भो रामले जब
भाईलाई अनि फेरि भन्नु भो प्रभुले तब
५६७
हे सौमित्रि !म भन्दछु सुन तिमी संपूर्ण यी सैन्य ता
सम्हाले म गएर दुष्टहरूको त्यो फौज संपूर्ण ता
हेर्नेछु भनी शत्रुका दलहरू दल्ने रघुनाथ् अनि
ठेको कम्मरमा भिरेर करमा बोकि धनुर्वाण् पनि
५६८
पारी सज्जीत हिड्नुभो र प्रभुले पैले धनूको पनि
टन्कारै गरनू भयो त्यस ध्वनीलाई सुनेरै अनि
कानै बन्द भए अरि दल सबै फेरि अति क्रोधले
श्रीराम सत्य प्रतिज्ञाले अति छिटो ती सैन्यका साथ रे
५६९
एक लक्ष्यै शर हान्नुभो ति शरता प्वाखै भएका सब
कालै सर्प सरी उडी गगनमा जाहिँ र ताहिँ तब
दौडे वाणहरू असंख्य अनि ता डर्लाग्दा धीर् वीर
पिचाशै अनि राक्षसैहरू सबै काटिन लागे फिर
५७०
रामका वाणले पल्मै भयानक पिचास र
असुरहरू सब्लाई काटि काटि कनै फिर
ति सबै वाण आएर भगवान् रघुनाथको
ठेक्रो भित्र पसे पैले जस्तै भएर जो
५७१
यो विचार गरी मन्मा त्यो कुम्भकर्ण वीरले
'वीर राक्षसका सैन्यलाई पल्छिन मै हरे !
काटि सके रघुवीर्ले ' भन्ने सोचेर ता अनि
भयंकर बलवान त्यो कुम्भकर्णले पनि
५७२

क्रुद्ध भैकन गंभिर सिंहनाद गर्‍यो अनि
क्रोधपुर्ण भई ठुलो उखेलि पर्वतै. पनि
जहाँ तहाँ ठुला वीर वानर सैन्यहेरू छन्
झम्टेर हान्नलाग्यो त्यो ताहिँ ताहिँ गएर झन्
५७३

ठूल्ठूला पर्वतै वृक्ष आफना सैन्य तर्फ ता
देख्नु भो खस्न लागेका रामले र पलैमहाँ
वाणले ती सबैलाई काटेर युद्ध भूमिमा
गर्नु भो रजकै तुल्य क्रुद्ध भैकन चित्तमा
५७४

फेरि रामजीले क्रुद्ध भएर धनु तानदै
अति भयंकरै धेरै हान्नु भो वाण झट्ट नै
जसरी मेघको बीच्मा विजुलि पस्तछन् अनि
निस्कछन् त्यहि जस्तो भै त्यस्का शरीरमा पनि
५७५

पस्तै र निस्कदै गर्न लागे वाणहरू सब
कालो शरीरमा तेस्को धारा भैकन ता तब
बग्ने रगत ता फेरि गाजल्का पर्वतै महा
बग्ने गेरू पनाला भै हुन्थे शोभित नै तहाँ
५७६

देखि विकल तेस्लाई दोडे भालु र वानर
आई पुगे कपि सारा नगीचैमा अनि फिर
त्यो हाँस्यो र अनि फेरि गर्जदै अति वेगले
दौड्यो कोटि कपिलाई समातिकन फेर रे
५७७

हात्तीले भैं गरी तेस्ले पछार्‍यो भूमिमा अनि
शपथ गर्‍यो दशमुख्को गर्जदै खुसीले पनि
सैन्य ति भालु वानर्का जसरी वन माझमा
देख्दा व्यांसकनै भेडाहरूका सब वथानमा
५७८

भागा भाग् चल्दछ तेसै गरी भागे समस्त ति
अम्बिके ! वानर भालूहरू व्याकुल् भएर कि
आर्तनाद गरी सारा गए भागेर ता अनि
पुकारा रामको गर्दै त्राहि त्राहि भनेर नि
५७९

शरणगत् पिडाहारी ! हे खरारे ! रघुपते !
दुर्विक्ष सरि छ नाथ ! यो राक्षस अझै हरे !
कपिकुल रूपि देशमा लाग्यो यो पर्न हे प्रभो !
कृपारूपि जलैद्वारा हामीहेरू समस्तको
५८०

पापहारी रघुनाथ ! रक्षा गर्नु हओस है
दिनताले भरिएका यस्ता वचन ता सबै
सुन्दामा दिनका वत्सल् राम धनु र वाणले
सुशोभित भई पाल्नु भयो फेरि तुरून्त रे
५८१

खिचेर धनुको ताँदो जोडि वाण सहस्र नै
हान्नुभो वेगका साथ प्रभुले अति क्रुद्ध भै
गएर वाण ती सारा असुरहरूका सब
सेनामा वर्षनै लागे बर्षा सरी भई तब
५८२

खुट्टाशिर भुजदण्ड तिघ्रा राक्षस फौजको
लागे काटिन ता धेरै वीरहेरू तहाँ अहो !
शत टुक्रा भई गिर्थे अनि घायल मात्र नै
भएका असुर वीरहरू घुमी घुमी सबै
५८३

पछारिन्थे जमीन् माथि सम्लेर अनि झट्पट
उठेर लाग्दथे लड्न क्रोधित् भैकन ती भट
लाग्दा वाण असुर, सारा गर्जन्थे घोरनादले
ती कठिन् वाण देखेर भाग्दथे धेर त्रासले
५८४

लुक्दथे कोहि ता फेरि विना ती मुण्डका सब
दौडन्थे रूण्ड ती सारा जाहिँ ताहिँ अनि तब
पक्र पक्र अनि फेरि मार मार भनीकन
गर्दथे शब्द ता यस्तो ती सबै गर्जिइकन
५८५

ती राक्षसी सैन्य विनाश पारी
टंकार गर्दै धनु शब्द भारी
वीर रसै हो कि खडा भएको
भने सरी भान दिने भएको
५८६

महा वलवान औ क्रुद्ध भएका रघुनाथले
आपन्ना सैन्य पछि पारी हिड्नुभो लम्किएर रे
क्रुद्ध भै धनु तानेर जोड्नु भो शत वाण नै
हान्नुभो कुम्भकर्णैको ताकेर मर्म - मर्म नै
५८७

वाण लाग्दा महा क्रुद्ध भएको कुम्भकर्ण त्यो
दौडियो पर्वतै सारा डग्मागा यो अनि अहो !
लागीन् भूमि पनि सारा डग्मगै गर्न त्यो धरी
लियो त्यस्ले उखेलेर पर्वतै हातमा धरी
५८८

रघुकाकुल भूषण्ले तेस्को गिरि समेतको
काटि दिनुभयो हात क्रुद्ध भैकन ता अहो !
फेरि वाया करैले नै लिएर पर्वतै पनि
दौडियो रामले तेस्को त्यो हात पनि ता अनि
५८९
काटि जमिनका माथि खसाली दिनु भो अनि
पखेटा काटिदामा त्यो मन्दार पर्वतै पनि
जसरी शोभितै हुन्छ काटिँदा हात ता दुवै
चित्कार गरदै घोर दौडियो मुख वाउदैँ
५९०
आकाशमा सिद्ध गणै हरू पनि
डराँउदै ती सब देवता पनि
हा हा हा हा हा भनी आतिदै तब
लागे ति चिच्याउन वेगले सब
५९१
कृपालु रामले फेरि देवता हरू औ अनि
सिद्धहरू डरन्एका जान्नु भो मनमा पनि
अनि आफ्नो धनुलाई कानसम्म खिँचेर नै
वाणका राशीले सारा राक्षस्को मुख ता सबै
५९२
भरी दिनु भयो फेरि तैपनि त्यो महाबल
असुर जमिनै माथि ढलेन भई निश्चल
वाणको राशीले मुख्मा भरिएको निशाचर
सजीव कालको ठोक्रो आए तुल्य भयो फिर
५९३
आयो संमुखमा रामजीको अतिव क्रुद्ध भै
भगवान् रामले क्रुद्ध भएर अनि फेर है
लिनु भो अति नै ठुलो एउटा वाण हातमा
त्यस्को शिर्लाई धड्देखि छुट्टा पार्नुभयो तहाँ
५९४
शिर रावणको अगाडी गिरन पुग्यो अनि त्यो धरी
मणि हिन फणि जसोरी विकल हुन्छ हरे ! बेसरी
त्यस्तैव्याकुलभो दशानन अनि त्यो कुम्भ फ्कैकर्णको
प्रचण्ड धड दौडिदा भूमि पनि लागीन् धसीन अहो !
५९५
श्रीरामले त्यसलाई काटि दुइटा टुक्रा गरी बक्सियो
भालू वानर राक्षसैहरू पनि आफ्ना तलै पारी जो
थिच्दैनै नभबाट पर्वत गिरे जस्तो ठुलो बेगले
टुक्रा ती दुइटा खसे जमिनमा भएर निर्जिव रे
५९६

तेस्को तेज प्रभुजीको शरीरमा पस्यो अनि देवले
सिद्धादि मुनि मात्रले हृदयमा आश्चर्य मानेर रे
मादल् नै नभमा बजाउन भनि लागे सुरैले सब
जयै राम भनेर हर्षित हुदै जै जै गरी सर्वत
५९७
कुसुमाञ्जलीको बर्षा गर्न लागे सबै अनि
आनन्द मग्न भै नाच्न लागे ती अप्सरा पनि
विन्ति गरी सबै देव गए फर्केर ता अनि
त्यसै बखतमा आए देवर्षि नारदै पनि
५९८
वीर रसले परिपूर्ण प्रभुको गुण गानका
गान् गरे गगनै माथि रहेर प्रेमले अहा !
गाना त्यो रामको मन्मा मन् पऱ्यो अति नै अनि
नाथ ! मारि दिनु होस दुष्ट हेरू छिटो भनी
५९९
विनय गरदै नारद , फर्किए खुसीले अनि
शोभित हुनुभो राम संग्राम भूमिमा पनि
अतुल वलका खानी अबधेश रघुवीर
संग्राममा फिंजी कान्ति हुनुभो शोभितै फिर
६००
पद्मलोचन श्रीरामजीका श्रीमुख कान्तिमा
शोभिएका थिए सारा श्रम् बिन्दु गाथ माथिमा
परेर रक्तका विन्दु श्याम सुन्दर गाथमा
सुशोभित थियो तारा झल्के झैं नभ बीचमा
६०१
दुवैकर कमलले अनि ता
धनुर्वाण हेरूलाई पनि ता
थियो घुमाउन लाग्नु भएको
चारैतर्फ फेरि घेरी रहेका
६०२
थिए वानर् भन्दछु तुल्सिदास
त्यो शोभाको वर्णनै गर्न खास
शक्तैनन् है शेषले नै पनि ता
अरू कस्ले गर्न सक्ला अनि ता
६०३
त्यो राक्षस् अनि पापको घर थियो तेसैकन ता पनि
आफ्नो धाम दिनु भयो प्रभुजीले दुर्गे ! सुनता अनि
श्रीरामचन्द्रजीलाई यो जगत्मा भज्दैन जो त्यो नर
मन्दै बुद्धि कुटिल हुन् सब तिता हुन् है अति पामर
६०४

दिन्का आखिरीमा दुवै तरफका फर्के सबै फौज त्यो
लागेका श्रम खूब् थियो समरमा योद्धा वीरैमा अहो !
पाएरै तृण अग्नि दन्किन गए जस्तै रघुनाथको
कृपाले कपि सैन्यमा बल अति बढ्दो भयो जान यो
६०५

आफ्नो नै मुख्ले वयान गरदा आफ्नो सबै धर्म ता
नाश हुन्छ जसोरी यो जगतमा तेस्तै गरी नष्ट ता
यै रित्ले दिन रात नै असुर ता घट्तै गए युद्धमा
राखी रावण भाईको शिर पनि बार्बार छाति महा
६०६

अत्यन्तै विकलै भएर मनमा गर्थ्यो विलापै अनि
आयो तेसकहाँ उसै बखतमा वीर् मेघनाद पनि
भन्दै धेर कथा कुराहरू पितालाई बुझायो अनि
मेरो पौरषलाई भोली नजर होला हजुर्ले पनि
६०७

प्रशंसा गरूँ के आफ्नो ऐल्हे धेरै अब म त
ईष्टदेव सित मैले वर्दान र अनि रथ
पाएको छु पिता पैले त्यो बल् हजुरलाइ त
देखाएको पनि छैन मौका नै नपरी ती त
६०८

बिहान भो कुरा गर्दा गर्दै यहि प्रकारले
चारै द्वारमहा आई भिडे वानर वीरले
थिए काल सरी वीर यता भालु वानर
युद्ध धीर थिए राक्षस् उतातिर पनि तर
६०९

सुन्नु होस खगकेतु ! भन्दछु त्यस युद्धमा
माहा योद्धाहरू आफ्ना आफ्ना जय निमित्तमा
लड्दथे अब त्यो रण्को भनेर सकिदैन है
दुवै तिर थिए उस्तै लडाका वीर फौज नै
६१०

मायाले नै बनाएको रथमाथि चढेर नै
मेघनाद गगन् माथि गएर अनि फेर है
प्रलयकालको मेघ गर्जे झैं गर्जियो तहा
कपिको फौजमा त्राश फैलायो रणभूमिमा
६११

शक्ति त्रिशुल तर्वार खुंडा बज्रहरू अनि
फर्सा परिध पाषाण अस्त्र शस्त्रहरू पनि
बर्षा गरन लाग्यो त्यो विविध थरिले तहाँ
भालु वानरको फौज अत्याई कन रण्महा
६१२

मघाको मेघेले मानौं ल्याएको हो कि है झरी
भन्ने सरि गराएर दश् दिशा ढाकि बेसरी
छाइए युद्धमा वाण कानले पत्र पत्र र
मार मार भनी यस्तो सुनियौ ध्वनी सब् तिर
६१३

मार्दथ्यो जसले त्यो ता देखिदैन थियो हरे !
फर्कन्थे वानर सारा युद्धमा आत्तिएर रे
लिएर पर्वत वृक्ष वानरहरू क्रोधले
उफ्रन्थे गगन माथि अति नै वेगले हरे !
६१४

देख्दैनथे कसैलाई व्याकुल भई चित्तमा
फर्केर आउँथे फेरि ति सबै अनि युद्धमा
खाल्टा खुल्टि गुफा बाटो अबाटो पर्वत सब
त्यो मेघनादले ढाक्यो मायाका बलले तब
६१५

बनायो पिजरा जस्तै वानरहरू दु:खले
कहाँ जाउन् गरून् के ती भए व्याकुल नै हरे
इन्द्रका कैदखानामा परेका गिरि मन्दर
सदृश नै भए सारा दु:खी भैकन बन्दर
६१६

अत्यन्त नै वीर पवन् सुत अनि
अंगद नील नल औ द्विविद् पनि
सारा ती वानर् वीरलाई त्यो धरी
व्याकुल गरायो छल वेसरी गरी
६१७

सुग्रीव लक्ष्मण फेरि विभिषणजीको पनि
शरीर जर्जर पार्‍यो वाण हानेर ता अनि
गर्न लाग्यो अनि फेरि रण त्यो राम साथमा
हान्यो वाण जति नाग हुन्थ्यो ती जाई गाथमा
६१८

अनन्त अविकारी र एक स्वाधिन नाथ ! ता
बाधिई पर्नु भो सोहि खरारी नाग पाशमा
स्वतन्त्र रहने नित्य भगवान् रघुनाथले
नट जस्तै कपट् लीला यसरी नै गरेर रे
६१९

धरेर कपट भेष भगवान् रघुनन्दन
गर्नु हुन्छ लीला धेरै मानिस सरि भैकन
शोभा देखाउनाका नै निम्तिमा रणको पनि
बाधिनुभो रघुनाथ अशक्त मानिस बनी
६२०

डराए देवता सारा देखेर हाल त्यो सब
सुनु होस खगस्वामी ! साधुमुनिहरू तब
जपेर नाम ति जस्को दुस्तर भव पाश यो
काटेर पलमै सारा छिन्दछन् दृढबन्ध जो

६२१

उनै व्यापक र विश्व निवास प्रभुराम जी
पर्नुहुन्थ्यो र बन्धन्को भन्दामा पनि के कहि?
भवानी ! सुन यो सारा भगवान् रघुनाथको
निर्गुणको कुरा के र सगुण् लीला पनि छ जो

६२२

बुद्धिको बलले तर्क गर्न सक्तैन प्राणीले
यो विचार गरि मन्मा तर्क जान्ने समस्तले
वेराग्य युक्त छन् जो ता अत्यन्त अनुरागले
भन्दछन् रामजीलाइ तर्क छाडि सदैव रे

६२३

सैन्य सब विकलै पाऱ्यो त्यो मेघनादले अनि
प्रकट् भै बोल्न लाग्यो त्यो गएर दुर्वचन बोली
त्यो सुनेर भने फेरि क्रुद्ध भै जाम्बवानले
'खडा ता हो अधम् दुष्ट 'त्यो सुनी त्यस्कनै हरे !

६२४

बढ्यो अत्यन्त नै क्रोध भन्दछ अनि फेरि ता
मैले छाडि दिएको हुँ बुढो ढानी तँलाई ता
ए शठ ! अधम लागीस् ललकार्न मलाई नै
यति भनी अति भिषण् तेस्ले त्रिशुल हानी नै

६२५

गर्जियो र अनि जाम्बवानले बीचमै गई
त्रिशुल पक्रिई दौडे इन्द्रजित् तिर नै गई
त्यहि त्रिशुलले हाने छातीमा मेघनादको
देव घाती असुर त्यो ता ढुनुमुनाएर ता अहो !

६२६

पछारियो जमिन् माथि रिसाई जाम्बवानले
फेरि त्यस्को समातेर खुट्टामा पनि वेगले
घुमाई भूमिमा फेरि पछारि आफनो सब
देखाए पौरूष सारा बलले त्यसमै तब

६२७

वर्को प्रभावले गर्दा यसरी मारदा पनि
मरेन औ पयर्मा नै समाति कनता अनि
लंकातरफ तेस्लाई हुत्याए जाम्बवानले
अनि यता तिर फेरि नारदले भेटि झट्ट रे

६२८

पठाए गरूडैलाई तिनी श्री रामचन्द्रको
आएर समीपमा नै पलमै सर्प फौजको
खाए बथान ती सारा अनि श्रीरामचन्द्रजी
छुट्नुभो पलमै मायाबाट ता खुसी साथ कि

६२९

भए प्रशन्न ती सारा कपिका फौज त्यो धरी
अनि क्रुद्ध भई सारा वानरहरू बेसरी
दौडिए पत्थर वृक्ष नग्रा र लिई पर्वत
विकल् भै राक्षस सारा भागीकन गएर त

६३०

किल्ला माथि चढे सारा तर्सिए सबै अनि
त्यो मेघनादको मूर्छा हटी बाबुकनै पनि
देख्दा त्यस्लाई अत्यन्त लाज भो हृदयैमहा
गयो तुरून्तै त्यो फेरि गिरिको कन्दरा महाँ

६३१

'गर्दछु अजयै यज्ञ' भनेर त्यसले अनि
क्रुद्ध भै मनमा यस्तो राख्योसंकल्प नै पनि
विभिषण्ले सुनी त्यहि खबर रघुनाथमा
विनति गर्न लागे ती प्रभो ! खबर ता यहाँ

६३२

आएको छ अपवित्र खल मायावी दैवको -
- शत्रु त्यो अधम मेघनादले ता गएर पो
छ रे है गर्न थालेको यज्ञ त्यो यज्ञ ता सब
पूर्ण भयो भने नाथ ! तेस्लाई युद्धमा अब

६३३

जित्नै नसकिने हुन्छ हत्पति कोहिले अनि
तेस्लाई ता रघुनाथ ! भन्ने विन्ति सुनेर नि
मान्नु भो अति आनन्द मनमा रघुनाथले
अंगदादी सबै वानर् वीरलाई तुरून्त रे

६३४

बोलाएर अनि यस्तो आज्ञा बक्सनु भो तहा
भाई हो ! तिमी सब् ऐले जाउ लक्ष्मण साथमा
यज्ञको गर विध्वम्स गएर सबले अनि
वीर हो ! सुन त्यो जैले क्षीण होस् तेहिनै पनि

६३५

तदनुसार कै बुद्धि उपाय बल ता सब
गरेर त्यो असुर्लाई मारे समरमा अब
त्यसलाई मार है भाई !लक्ष्मण ! तीमी युद्धमा
देवहरू डराएका देख्दा मकन चित्तमा

६३६

दु :ख लाग्यो अति भाई ! जाम्बवान कपिश र
विभिषण, यी तिनै वीर बसुन है फौज साथ. र
भगवान् रामले यस्तो आज्ञा बक्सनु भो जब
अनि समरमा धीर भएका लक्ष्मण तब
६३७
भिरेर पीठमा ठोक्रो लिएर धनुवाण त्यो
ठिक पर्नु भई फेरि रामजीका प्रताप जो
राखेर हृदयै भित्र मेघ गर्जे सरी गरी
बोल्नुभो गम्भिर वाणि लक्ष्मण्ले अनि त्यो घरी
६३८
नमारीकन तेसलाई यदि म आएँ भने आज ता
'दास रामजीको भनेर जगमा न कहलाउँ म ता
शयौं शंकरले सहाय त्यसको गरून् रणमा तर
मार्नेछु रघुनाथको शपथ छ तेसलाई म निश्चय
६३९
गर्दै वन्दन रामको पदकमल् माथि अति हर्षैले
झट्टनै अनि ता अनन्त रणमा जानुभयो लड्न रे
सँगमा अंगद नील नल् र हनुमान् मयंद आदि सब
थिए जो वीर वीर् गएर सबले तेस्लाई ता फेर् तब
६४०
रगत र अनि फेरि रांगाको आहुति दिंदै
बसेको यज्ञ मण्डपमा देखे त्यसबखत् त है
गरे विध्वम्स सारा त्यो यज्ञको कपि फौजले
जब उठेन त्यो दुष्ट तेस्को ता अनि फेर रे
६४१
प्रशंसा गरनै लागे उठेन तैपनि हरे !
तानी कपाल लात् हान्दै भाग्न लागे समस्त रे
त्रिशूललिई दौड्यो त्यो अनि त्यो अति क्रोधले
भागे कपिहरू सारा उफ्रेर अति वेगले
६४२
जहाँ खडा हुनुहुन्थ्यो अगाडी लक्ष्मणै पनि
पुगे उहिं सबै भागी वानर खुसीले अनि
अत्यन्त क्रोधले अन्ध भएको मेघनाद त्यो
आएर गर्जनै लाग्यो बार्बार अति घोर पो
६४३
आए क्रुद्ध भई वीर अंगद हनुमान जो
लडायो त्रिशुलै हानी ती दुवैलाई फेर जो
प्रचण्ड त्रिशूलै हान्यो लक्ष्मणैलाई ता अनि
पार्नु भो दुइटा टुक्रा वाण् हानी प्रभुले पनि
६४४
फेरि प्रभञ्जन पुत्र युवराज गएर ता
पिट्न लागे त्यसैलाई दुवै वीर मिलेर ता
लागेन घाउ तेस्लाई भएन घाइते पनि
मारदामा पनि यो ता मरदैन रिपु भनी
६४५
फर्किए ती दुवै वीर मेघनाद पनि अहो !
घोर चित्कारका साथै लाग्यो दौडिन फेर जो
काल झैं अति नै क्रुद्ध भएर दौडि वेगले
आउने राक्षसैलाई लक्ष्मण्ले अति रिसले
६४६
भयंकर शर छाड्नु भयो बज्र समानको
वाण आउन लागको देखेर अनि नीच त्यो
अन्तर्घ्यान भयो झट्टै अनेक भेष धारण
गरेर गर्दथ्यो युद्ध त्यो दुष्ट क्रुद्ध भैकन
६४७
त्यो हुन्थ्यो प्रकटै कैले लुक्दथ्यो पलमै हरे !
देखेर अजयै शत्रुलाइ समर बीच रे
डराए वानरै सारा अनि लक्ष्मणजी पनि
हुनुभयो अति क्रुद्धै यो पापीलाई आज नि
६४८
खेलाएँ अति नै मैले मार्नु ठिक पर्छ नै अब
तर्सिए कपि यी सारा ' यो विचार गरी तब
कोशलेश्वरको मन्मा सम्झि प्रताप त्यो घरी
खिंचेर धनुको ताँदो छाड्नु भो शर बेसरी
६४९
भीषण शर त्यो लाग्यो गएर छाति बीचमा
मर्ने बखतमा छाड्यो तेस्ले कपट सब्तहा
'कहाँ छ रामको भाई ? कहाँ छ रामचन्द्र त्यो ?
यस्तो भन्दै गयो प्राण त्यो निशाचर को अहो ?
६५०
त्यो सुनेर भने फेरि अंगद हनुमानले
धन्य छ इन्द्रजित् तेरी जननीलाई धन्य रे
विना प्रयासले फेरि अनि ती हनुमानले
त्यसलाई उठाएर लंकाको द्वारभित्र रे
६५१
राखेर फर्किइ आए अनि त्यो मेघनादको
सुनेर मरणै देव गन्धर्व खुसीले अहो !
चढेर यानमा सारा आए गगनमा भरी
बजाए दुन्दुभि भेरी अति नै खुसीले गरी
६५२

कुसुम कलिको बर्षा गरेर रघुनाथको
गाउँथे निर्मल किर्ति अति नै खुसीसाथ पो
जगताधार ! हे देव ! अनन्त ! जय हे प्रभो !
जय शेष ! जय नाथ ! जयहोस हजुरको
६५३

स्तुति गरिकन द्योता सिद्ध गन्धर्व सारा
फरकिकन गए ती दिन हिन सहारा
लछुमन करूणाका सागरै रामजीको
समिप फउज साथै फर्कनू भो अनि पो
६५४

पुत्र वध सुन्यो फेरि जब ता दशकण्ठले
तुरून्तै त्यो ढल्यो मूर्छित् भई जमिन बीच रे
रोइन् मन्दोदरी भारी छाती पिट्दै अनि हरे !
विलाप गरनै लागिन् विविध भाँति साथ रे
६५५

विकल् भएर अपशोच् गर्न लागे निशाचर
पुरवासिहरू मन्मा दुःखले भई काँतर
अधम भन्दथे सारा रावणैलाई नै जन
अनि रावणले सारा नारी वर्ग सबै कन
६५६

क्षण भंगुर हो सारा यो संसार भनीकन
गरी विचार यो मन्मा यो कुरा सम्झ सब्जन
ना ना कथाहरू भन्दै सम्झायो यहि रीतले
सबैलाई गऱ्यो धेरै ज्ञानको उपदेश रे
६५७

तर तेस्लाई ता आफ्नो निम्तिमा अशुभै कुरा
लाग्दथ्यो शुभ नै धेरै दुर्गे ! जान तिमी पुरा
अर्कालाई उपदेश गर्न धेरै जनहरू
हुन्छन् सिपालु जो तेहि समान आचरणहरू
६५८

गर्दछन् जगमा तेस्ता मानिसहरू ता अनि
हुदैनन् धेर हे देवी ! जान यो मनमा पनि
रात विती भयो प्रातः काल अनि समस्त ती
चारै ढोका भरी आए भालू वानर छन् जति
६५९

वीर राक्षस डाकेर भन्यो रावणले अनि
संग्राम सामुमा जाँदा जसको मन भित्र नि
डग्मगाउँछ त्यो ऐल्यै जाओस् भागेर नै यहा
विमुख भई हिड्नाले भलाई छैन युद्धमा
६६०

बढाएको शत्रुता हो निजैले
आफ्ना बाहु वीर्यका नै बलैले
आए शत्रुहेरू चढेर नै जो
त्यस्को उत्तर् अनि दिन्छु मनै जो
६६१

यस्तो भनी वायु समान वेगको
तयार परी रथ तेसले अहो !
लडाईको वाद्य समस्त त्यो धरी
लागे त्यहाँ बज्न अनेक बेसरी
६६२

अतुल बलका खानी वीरहेरू सबै अनि
रमाना भो ' रण गर्छौं ' भनेर क्रोधितै बनी
मानौं गाजल पर्वत् कै चलेको हो कि आँधिनै
भने सरी गरी फौज हिड्यो राक्षसका ति है
६६३

असुगुनहरू हुन्थे त्यो बेला विविधै अनि
ठुलो घमण्डले आफ्ना भुजका बलको पनि
गन्दैनथ्यो तिनैलाई रावण मदमत्त भै
हुनाले अति नै गर्व त्यो रावण कहिं कतै
६६४

केहि गन्दैनथ्यो मन्मा शगुन अशगुन् पनि
हातबाटै हथियार खस्तथे तिनका अनि
योद्धाहरू रथैबाट लड्दथे विनु कारण
चिच्याई हात्ति औ घोडाहरू पनि धमाधम
६६५

छाडेर भाग्दथे साथ अनि श्याल र गिद्ध ती
गदाहा भीषणै स्वर्ले कराउँथे कति कति
रून्थे कुत्ताहरू सारा घेरिई एक साथले
नाना तरहका उल्का हुन लाग्यो तहाँ हरे !
६६६

कालका दूत नै हुन्कि भने जस्तो गरेर नै
अति भयानकै बोलि बोल्दथे उलूकै सबै
मोह वश भई प्राणि द्रोह तत्पर हुन्छ जो
राम देखि विमुख् भै जो आशक्त हुन्छ कामको
६६७

त्यसलाई पनि सुख संपत्ति हुन्छ के ? अनि
हुन्छ र मनको शान्ति ? हरे ! हा ! स्वप्नमा पनि
होला शुभ शगुन् के र त्यसलाई लोकमा ?हरे !
राम विमुख मानिसको घर्हुन्छ नर्क तुल्य रे
६६८

ति राक्षसहरूका अपार फउजै गर्थ्यो रमाना अनि
लागे चल्न अनेक चाल सितले सेना चतुरंगीणि
बाहान रग औ सवारी हरूता धेरै थरीका थिए
ना ना रंग विरंगका ध्वज हरू धेरै पताका भए
६६९

प्रेरण पवनले गरीएका
मेघ ताँति जलले भरिएका
माथ पारी कन मत्त गजैको
भुण्डहेरू पनि जो फउजको
६७०

विविध थरिका वर्ण भएका शूर युद्धमा
मायावी राक्षसादिको समूह त्यस बिचमा
रमाना भो अनि फेरि अति चित्र विचित्रले
राक्षस् सेनाहरू मानौं वीर रूपी वसन्तले
६७१

सजाएको पनि हो कि भन्ने भान गराउदै
सुशोभित भएका ति सेना राक्षस हेरू कै
दिग्गज्नै डगमगै पारी उर्लि सैन्य चल्यो सब
लाग्यो डगमगै गर्न सबै गिरि पनि तब
६७२

नभमा छोपिए सूर्य उढेर रज बेसरी
समुद्र क्षुब्दभै वायु रोकि यो टक्क त्यो घरी
पृथ्वी व्याकुल् भईन् सारै महा प्रलयको पनि
बादलै हुन्कि गर्जेका भन्ने पारेर भान नि
६७३

भीषण ध्वनीको बज्न लागे डक्का र ढोल ती
नगाडा नफिरी भेरी सहनाई हरू जति
महाबलीहरू लाई दिदै आनन्द त्यो घरी
मारू राग महाँ बज्न लागे सकल बेसरी
६७४

सिंहनाद गरी सारा वीर ता अति हर्षले
बल पौरूष ता आपन्ना भन्न लागे समस्तले
भन्यो रावणले फेरि बल्बान वीर फौज हो
सुन बाँदर भालूको फौजलाई निमोठ पो !
६७५

दुवै भाइहरूलाई मार्दछु म स्वयं अब
रावणैले भनी यस्तो सेनाहरू कनै सब
समर भूमिको तर्फ चलायो हाल यो जब
पाए वानर भालूले अनि खुसी भइ तब
६७६

दुहाई रामको भन्दै दौडिए ती समस्त नै
भयंकर् भीषणै काल सरिका ठूल्ठूला सबै
भालू र वानरै दौडे मानौं प्वाँख समेतका
ना ना प्रकारका बान भएका अति वीर ता
६७७

पहाडहरूका हुन्कि समूहनै भने सरी
वृक्ष पर्वत औ दाँत नंग्राहेरू थरी थरी
अस्त्रहरू भएका जो बलबान तिनीहरू
शंका मान्दैनथे केहि थिए निशंक नै बरू
६७८

रावण् रूपि मत्त गजै निमित्त
सिंह स्वरूपि बनिदै पनि त
श्री सूर्यवंशी प्रभु रामजीको
जै होस् भन्थे खुसी भै रमी पो
६७९

श्रीरामका सूयशको वखान
गर्थे ति हर्षित् भई नित्य जान
अनि जयाकार गरौ अनन्य
भिडे घमासान गरी ति सैन्य
६८०

आआपन्ना जोडि जानेर गता रामजीको अनि
उता रावणको गर्दै वखान खुसी भै पनि
भिडे सारा थियो रावण् रथमा पनि त्यो घरी
हुनु हुन्थ्यो रघुनाथ विरथि भूमिमा हरि
६८१

त्यो देखेर विभिषण्ले भई अधीर चित्तमा
हुनाले अति नै प्रिति शंका भो हृदयै महाँ
भगवान् रामको पाउ कमल्को वन्दना गरी
विन्ति गरे अनि तिन्ले प्रेम सहित त्यो घरी
६८२

हे नाथ् ! हजुर्को रथ छ न ता अहो
छ पाउ पोश न त पाउमा प्रभो !
बल्बान यो रावणलाई के गरी
स्वामी ! जिति बक्सनु हुन्छ यो घरी ?
६८३

कृपानिधानले आज्ञा गर्नु भो तिनी साथ यो
हे मित्र ! सुने जे बाट जय हुन्छ सदैव पो
अर्कै छ रथ त्यो मित्र ! भन्दछु सब यो घरी
शौर्य र धैर्य त्यो रथ्को पांग्रा छन् दृढ बेसरी
६८४

दृढ सत्य हो यो ध्वजा नै पनि ता
पताका त हो दृढ शीलै अनि ता
विवेक बल औ परहित् दम् यी
त्यहि रथ्महा अश्व हुन् सम्झनु कि
६८५
संतोष हो खंग तेस्को पनि ता
परशु हो दान नै फेर् अनि ता
प्रचण्डैको शक्ति हो बुद्धि तेस्को
दृढज्ञान धनु हो दृढ जस्को
६८६
नियम् तथा संयम हेरू सारा
नाना थरी वाण हुन् यो करारा
ठोक्रो निर्मल् स्थिर् मन् हो विचार
ब्राम्हणैका पाउका जो अपार
६८७
पूजन् नै हो जो अभेद्यै कवच् नै
यो झैं अर्को विजयैको अगज् नै
उपायै ता छैन मित्र ! अरू जो
साथमा ता जुन मानिसहरूको
६८९
यो धर्म रूपि रथ हुन्छ है जाहाँ
रहन्न शत्रु त्यसका समिपमा
हे मित्र ! जस्का अघि हुन्छ यो रथ
जगज्जयी वीर उहि त सर्व त
६९०
जित्तछ भनने यस्तो सुनी वचन रामको
विभिषण भई हर्षित् अति नै प्रेमसाथ पो
समाते रामको पाउ अनि विन्ति गरे तहाँ
कृपा र सुखका खानी स्वरूप प्रभुले यहाँ
६९१
यहि बहना गरि राम ! ऐले
मलाई शिक्षा दिनुभो क्रमैले
भनेर विन्ति गरि पाउमहाँ
लागे तिनी लुटुपुटु गर्न ताहाँ
६९२
ललकारी रहेकोथ्यो उता रावणले अनि
थिए यता तिरै फेरि हनुमान अंगदै पनि
लड्दै राक्षस औ भालू वानरहरू युद्धमा
आ -आफ्नो प्रभुको दिन्थे दुहाई छिनछिनमा
६९३

ब्रम्हादि देवता सिद्ध मुनिहेरू अनेक जो
आए गगनमा माथि चढेर यानमा अहो !
हे उमे !तिनी साराको साथमा म पनि अनि
राम रणरंगको लिलाहरूलाई सबै पनि
६९४
अत्यन्त प्रेमले हेरी रहेकानै थियौ अनि
दुवै तरफका योद्धा वीरहरू सबै पनि
भएका नै थिए मत्त युद्धका रसले अहो ?
नाताले रामको बल्को ती वानर समस्त पो
६९५
जय शिल थिए फेरि एकका साथ एउटा
ललकारी सबै वीर लड्दथे आफू आफूता
एकले अरकोलाई समातिकन क्रोधले
पछार्थे जमिनै माथि कुस्ता कुस्ति गरेर रे
६९६
पछार्थे मार्दथे फेरि काट्दथे वीर्हरू सब
शिर तोडि तिनै शिर्ले हान्दथे अरूमा तब
चिरेरै उदरैलाई उखेल्थे हातलाई नै
खुट्टा तानी पछारेर मूर्छैमा डाट्दथे तिनै
६९७
ती राक्षस्लाई गाढेर भालूहरू जमिनमा
हालिदिन्थे तिनै माथि बालुवाहरू झन तहाँ
थिए वीर कपि सारा विरूद्ध युद्धमा सब
काल झैं क्रुद्ध देखिन्थे तिनीहरू ऋझै तब
६९८
थिए क्रुद्ध भएका ति वानर यम झै सब
देहबाट रगत् सबको बगेका नै थियो तब
थिए शोभित ता फेरि बल्वान ती समस्त ता
राक्षस फौजका वीरलाइ मर्दन् गरेर ता
६९९
गर्जन्थे मेघ झै सारा हप्काई थप्पडै पनि
हान्दथे दाँतले टोकि कुल्चिन्थे लातले अनि
चित्कार गर्दथे सारा भालु वानर ति सब
दुष्ट राक्षस क्षीण हुन्थे जे गर्दा तेहि नै तब
७००
छल् बल् गर्दथे फेरि वानरैहरू ती सब
निशाचर हरूलाई समातिकन ता तब
गाला च्याति अनि छाति चिर्दथे तिनको तब
तिन्कै आन्द्रा झिकि फेरि लाउँथे घाँटीमा तब
७०१

हुन्कि नृशिंह नै धेरै आएका धरी मूर्ति नै
भन्ने गराउदै भान कपिले गरी फूर्ति नै
खेल्दथे रणमा सारा समात मार काट र
पछार वचनै यस्तै निस्कन्थे जो भयंकर
७०२
बज्रलाई तृण पारी तृणलाई बज्र गर्छ जो
सोहि श्रीरामको होस जय जय सदैव पो
फैलिएको थियो यस्तो वचन नभमा अनि
समर भूमिमा सारा घन्किएर घनक्क नि
७०३
आफ्ना फौजहरूलाई देखेर विचलित नै
वीसै हातभरी सारा धनुर्वाण लिएर नै
चढेर रथमा 'फर्क फर्कै तिमीहरू सबै'
भनी कराउँदै ठूलो गरीकन घमण्ड नै
७०४
दशानन हिड्यो रण्मा अत्यन्त क्रोधले अनि
दौडेर वानरै सारा हा हा हु हु गरेर नि
पर्वत पत्थर वृक्ष लिएर हातमा सबै
आई अगाडिमा तेस्को क्रुद्ध भै त्यसमाथि नै
७०५
एकै चोटि हान्न लागे अनि ति
तेस्का बज्रै पूर्ण देहै भरी की
पर्वत् फेरि पत्थरै लाग्दथे र
चाडै नै त्यो अखण्ड खण्ड भएर
७०६
फुट्थे रज सरि भई सबै त्यो
रण दुर्मद रावणै क्रुद्ध भै जो
हटेन त्यो रथ् अडाई त्यहि नै
अचल् रहयो स्थिर पर्वत सरी नै
७०७
झम्टि यता उति सारा कपि वीरहरू कन
दपेटि मर्दन गर्न लाग्यो त्यो क्रुद्ध भैकन
अनेक वानर भालु भागी विकल भै सब
'महावलि हनुमान ! हे वीर !अंगद ! अब
७०८
बचाउ बचाउ भनि ति कराई
ती गर्थे पुकार प्रभुको डराई
रघुवीर ! स्वामी ! जय दीन नाथ !
पऱ्यो रक्षणै गर्न आएर साथ
७०९
रक्षा गर्नुहओस हे रघुपते ! पर्छौं शरणमा अब
त्राहि त्राहि भनेर हे रघुपते ! गर्छौं पुकार सब
यो दुष्ट भई काल झैं रघुपते ! हामी सबैलाई त
खानै लागीरहेछ फौज सकल ध्वस्तै गराई यि त
७१०
देखेर त्यसलाई वानर सबै भागे ठूलो त्रासले
शर् सन्धान गऱ्यो दशै धनुविषे त्यस्ले अनिता हरे
जोडेरै शर त्यो दशै धनुविषे छोड्यो शरै घे र ता
उड्दै सर्प सरि भई शर अनि सब्लाई लागेर ता
७११
ती वाणै भरिए दिशा र विदिशा पृथ्वी र आकाशमा
भागुन् वानर हेरू लौ अब कहा ? व्याकुल् भए चित्तमा
कोलाहल् त भयो त्यहाँ अति ठूलो ती वानर दल् सबै
व्याकुल् भैकन आतिएर प्रभुको लागे पुकार् गर्न है
७१२
कृपासागर ! दिनवत्सल ! प्रभो ! हे भक्तका रक्षक !
जै जै राम ! दयामय ! रघुपते ! हे पापका भक्षक !
सीता जीवन ! हे रघुकूलमणि ! हे कोशलाधिश्वर !
रक्षा गर्नुहओस् प्रभो ! हजुरकै पर्छौं शरण् ईश्वर !
७१३
देखि ती नीज सैन्यलाई अति नै व्याकुल् भएको पनि
क्रोधित् भैकन लक्ष्मणै पनि तहाँ कालै सरीको बनी
पृष्ठै भाग महाँ भिरेर शरको ठोक्रो ठूलो सुन्दर
बोकि हात महा धनु प्रभुजीको पाउ कमलमा शिर
७१४
राखी हिड्नुभयो त लक्ष्मणजी ता चाडै अति वेगले
भन्नु भो दशग्रीवलाई अनि ता अत्यन्त नै क्रोधले
मार्दैछस् तँ अधम् निशाचर ! हरे ! के भालु र वानर
तेरो काल म हुँ त्यजेर सब ति फर्कि अहो मै तिर
७१५
लक्ष्मणका वचनै सुनेर त्यसले भन्दो भयो क्रुद्धभै
मेरो प्राण समान पुत्रकन ता मार्ने तँलाई म नै
ए दुष्टाधम ! तापसिं म अघिनै खोजी रहेको थिएँ
ठण्डा गर्दछु छाति दुष्ट अहिले मारि तँलाई म ए
७१६
भन्दै यति प्रचण्ड वाण त्यसले छाड्यो अति क्रोधले
लक्ष्मणले सब वाणको शय शयौ टुक्रा गराएर रे
बीचैमा सब नाश पारी दिनु भो त्यो रावणैले अनि
लाखौको हतियार हेरू रिसले फेरि चलायो पनि
७१७

काटि लक्ष्मणले तिलै तिल प्रमाण पारेर तीता सब
भारी बक्सनु भो जमिन बीचमा ध्वस्तै गराई तब
आफूले अनि शर् प्रहार गरनू भयो र त्यो दुष्टको
तोडेर रथ सारथिकन पनि मार्नु भयो फेर जो
७१८

त्यसका ती दशमालमा शयशयौ वाण् गाड्नुभो फेर अनि
देखि पर्वतका समान् शिखरमा सर्पै पसे झैं पनि
हान्नुभो शतशर् अनि त्यसपछि छाति विचैमा अनि
ढल्यो घर्ति महा रहेन त्यसको सुद्दि र बुद्धि पनि
७१९

मूर्छाबाट बिम्झिएर अनि ता
प्रवल त्यो रावणैले पनि ता
पैले जुनै शक्ति ब्रम्हाजीले नै
त्यसैलाई बक्सिएको थियो है
७२०

छाड्यौ तेहि प्रवल शक्ति अति नै क्रुद्धै भएरै अनि
अर्पेका विधिले प्रचण्ड भयदा शक्ति गएरै पनि
बज्र्यो छातिमहा त लक्ष्मणजीको अत्यन्तनै वेगले
मूर्छा भै रणमा लछुमन पनि ढल्नु भयो शीध्र रे
७२१

उठाउन लछूमनै कन अनि लाग्यो दशग्रीवले
लक्ष्मण्जीकन ज्ञाननै अति थियो बल्को तथापि हरे !
ठूलो चौध भूवन् समेत सकलै ब्रम्हाण्ड जस्को सदा
शिर्मा एकरजकण् सरी भई दिनै शोभितहुदो जो अहा !
७२२

त्यस्तालाई त मूढ रावण हरे ! उठाउनै खोज्दछ
तीनै भूवनकापति भनी अहो ! जान्दैन त्यो मूढ त
त्यो देखेर कठोर वाणि भनदै दौडे हनूमानजी
आएका हनुमान देखिकन ता त्यो दुष्टले फेर कि
७२३

हान्यो भीषणको मुक्का छातिमा अति वेगले
ढलेनन् भूमिमा टेके घुँडा ता हनुमानले
उठेर सम्लिदै फेरि चुरिदै रीसले अनि
एक् मुड्कि तिनले हाने त्यो रावण कनै पनि
७२४

बज्र प्रहारले पर्वत ढले झै त्यो ढल्यो तहा
मूर्छा भए पछि फेर जागा भै रण क्षेत्रमा
पवन पुत्रको बल्को लाग्यो तारिफ गर्न त्यो
त्यो सुनेर हनुमान त्यस्लाई भन्दछन् त यो
७२५

धिक् धिक् छ पौरूषै मेरो धिक्कार छ मलाई त
सुर द्रोहि तँ ता जिम्दै उठिस् लौ फेरि हाय त
यस्तो भनेर त्यस्लाई अनि पवन पुत्रले
बोकेर पलमै ल्याए सौमित्रीलाई फेर रे
७२६

त्यो देखेर दशमौलि छक्क भो अति चित्तमा
अनि उता भगवान रामले पनि युद्धमा
मूर्छित लक्ष्मणलाई देखेर भन्नु भो अनि
भाई ! सम्झ तिमी आफूलाई ता मनमा पनि
७२७

देव रक्षक औ काल भक्षक होउ पो तिमी
भन्ने यो दाजुको बोलि सुन्नाका साथमा पनि
उठेर पलमै फेरि बस्नुभो लक्ष्मण अहो !
अनि त्यो भीषणै शक्ति गयो गगन तर्फ जो
७२८

बोकि त्यो धनुवाण लक्ष्मण अनि क्रुद्ध भई मन्महा
शत्रुको नजिकै त आउनु भयो संग्राम भूमि महाँ
लक्ष्मण्ले अनि फूर्तिसाथ त्यसको भाचेर रथ्लाई ता
मारी सारथिलाई पारनु भयो व्याकुल त्यस्लाई ता
७२९

ढल्यो रावण भूमिमा अनिपछि त्यसको त चित्तैमहा
हान्नु भोशतवाण लक्ष्मणजीले मूर्छित भयो त्यो तहा
अर्को सारथिले तुरून्त अरको रथ्मा ता राखी कन
लंकातर्फ लग्यो दशानन कनै देखेर त्यो सब् जन
७३०

प्रताप पुञ्ज रघुपति प्रभुजीका भाई लछुमण्जीले
प्रणाम गर्नुभयो गएर प्रभुको पाउमहा फेरि रे
मूर्छावाण त रावण बिउँझियो उता तिरै ता अनि
युद्धै जित्न निमित्त यज्ञ गरनै लाग्यो तुरून्तै अनि
७३१

अत्यन्तै हठको परेर वशमा त्यो मूर्ख ता हेर जो
राम देखि विमुख् भएपनि ठुलो खोज्थ्यो जयश्रीअहो !
सारा त्यो खवरै यता तिर पनि पाए विभिषण्जीले
चाडै नै गई रामलाई तिनले वृतान्त विन्ति गरे
७३२

हे नाथ ! रावण एक यज्ञ गरनै लागी रहेको अब
यज्ञै सिद्धाभयो भने अधम त्यो मर्दैन चाडै तब
लंकामा कपि सैन्यलाई अब ता चाँडो पठाई कन
यज्ञै ध्वस्त गराउने हुकुम ता चाँडो दिनु होसन
७३३

हे देव्! हे रघुनाथ! रावण यहि आओस लड्नै पनि
भन्ने यो विनति सुनिकन तहाँ विभिषणैको अनि
हुनासाथ विहान जानकीजीका स्वामी रघुनाथले
अंगद् औ हनुमान वीरहरू ती सब्लाई फौजसाथ रे
७३४

पठाउनुभयो सारा दौडिए अति हर्षले
कुदेर खेलले जस्तै लंका भित्र पुगेर रे
भई निशंक रावणको पसे महलमा पनि
जब देखि गई सब्ले रावणैलाई ता अनि
७३५

उठ्यो रीस सबैलाई त्यसै बखतमा अनि
भन्न लागे ती साराले रावणैलाई फेर कि
ए निर्लज्ज ! रणैबाट आइस् भागेर ता घर
यहा आएर बक् ध्यान लगाइस् तँइले तर
७३६

यसो भनेर त्यसलाई लात् हाने अंगदैजीले
हेर्दै हेरेन त्यो शठ्ले बस्यो स्थिर भइ तिरे
स्वार्थ लम्पट्थियो त्यस्को मन्चित्त पनि त्यो घरी
हेर्दै हेर्दैनथ्यो तेस्ले जब ता अनि वेसरी
७३७

क्रुद्ध भई कपि सारा त्यस्लाई च्यापि दाँतले
धमाधम लातले लागे भकुर्न अति वेगले
त्यस्का रानीहरूलाई चुल्ठा माथि समाउदै
महल बाहिरै ल्याए अनि सब कराउदै
७३८

दिन भई सबै लागे पुकार गर्न त्यो घरी
अनि क्रुद्ध भएको त्यो भएर यमकै सरी
उठेर रावणै खुट्टा समाति अति वेगले
लाग्यो पछार्न ती सारा वानरैलाई क्रोधले
७३९

देखेर यज्ञ विध्वम्स भएको त्यहि विचमा
त्यसले मनमा ठूलो हार खायो अनि त्यहा
विध्वम्स यज्ञको सारा गरेर कपिले सब
रामको नगिचै आए अतिनै खुसीले तब
७४०

छाडेर बाचने आशा अनि लंकेशले पनि
हिड्यो क्रुद्ध भई फेरि समर भूमिमा अनि
भयंकर् भिषण ना ना अशगुनहरू सब
लंका भित्र हुनै लाग्यो हिंड्दामा रावणै तब
७४१

चक्कर मार्दै धेरै गिद्धहेरू उडेर नै
बस्न लागे सबै त्यस्का शिर माथि गएर नै
थियो त्यो कालको वश्मा परेको त्यसले कुनै
अशगुनहरूको मनमा मानेन परवाह नै
७४२

बजायो युद्धको डंका भन्यो लंकेशले अनि
चल्यो राक्षसहेरूको अपार फौजफेर नि
अपार नै थिए त्यस्का प्यादा हात्ती रथै अनि
सवार वीर्हरू फेरि विवध थरिका पनि
७४३

झुम्मिन्छन् पुतली कीरा अग्निमा जसरी चर
त्यसरी रामका सामु आए जम्मै निशाचर
यता सम्पूर्ण द्यौताले भने श्रीराम साथमा
दिएकोछ कडा दु :ख यसले सब हामीसाथमा
७४४

नखेलाउनुहोस् नाथ ! अब यो दुष्टलाई ता
अति दु :खी बनी सिता बस्नुहुन्छ त्यहा उता
भनी विन्ति गरे तिन्को सुनि यो वचनै पनि
मन्दहास्य गरी राम खुसी भैकन फेर् अनि
७४५

उठेर रामले झट्ट वाण ठिक् गर्नु भो अनि
बलियो गरी बाँधेर शिरमा त जटा पनि
जटाका बिचमा पुष्प कलिले अनि शोभित
देखियो रामको शोभा दिव्यताले सुशोभित
७४६

अरूण तुल्यका लाल थिए नजर ता दुवै
दुवो र अनिकाल् मेघ सरि शोभा थियो खुवै
संपूर्ण लोकमा प्राणि मात्रका नेत्रलाई ता
प्रसन्न सुख बर्साईदिन्थ्यो त्यो छविले अहा !
७४७

कस्नु भो कटिमा फेरि ठोक्रो र पटुका अनि
कठोर धनु शारंग लिनु भो हातमा पनि
वाण लिएर ता फेरि वाम वाहुलिमा अनिं
स्वयं वीर रसै तुल्य शोभितै हुनु भो पनि
७४८

भुज दण्ड थिए लामा पुष्ट अति मनोहर
भृगुका चिन्हले शोभित् थियो बक्षस्थले फिर
लाग्नु भो धनु औ वाण घुमाउन प्रभु जब
अनि त्यस बखत् मानै ब्रम्हाण्ड दिग्गजै सब
७४९

पृथ्वी र कच्छप गिरि अनि सिन्धु शेष
जो जो थिए अचल पूर्ण हुने विशेष
श्रीरामका अतुल तेजमहा डुवेर
लागे ती डग्मग हुनै कति आत्तिएर
७५०

देखेर छवि त्यो हर्ष भएर देवता सब
कुसुमाञ्जलिको बर्षा गर्न लागे रमी तब
हे राम ! गुण औ ज्ञान बल बुद्धि समस्तको
निवास रूप हे नाथ ! जय होस हजूरको
७५१

हरणै गरने भार भूमिको रघुनन्दन
जयहोस् जयहोस् नाथ ! हजुर्को पाप भञ्जन
भनेर विनति गर्न लागे देवहरू सब
यसै बखतमा ठेल मठेल गरदै तब
७५२

धक्का धुक्की गरी दौडी राक्षसहरूको सब
आई पुग्यो त्यहा फौज ढाकेर भूमि नै तब
त्यो देखि प्रलयकाल हरूको मेघको घटा
-सरि वानरका योद्धा हिंडे संमुख फेर ता
७५३

दशै दिशाहरूमा नै विजुलि चम्किए सरी
लागे चम्कन भाला र वर्छा तर्वार बेसरी
प्रचण्ड गर्जनै गर्न लागेका हुन्कि मेघ नै
भने समान नै पारी घोडा हात्ती समस्त कै
७५४

हुन लाग्यो ठुलो शब्द अनि फेर् रथको पनि
घर् घर शब्दले ढाक्यो दशदिशालाई ता अनि
राम्रा इन्द्र धनु हुन्कि परेका गगनै भरी
भने झैं नभका बीचमा कपिका पूछ त्यो घरी
७५५

छाइए फेरि पानीका धारा हो कि अटूट का
भने झैं नभमा सारा फैलि यो रजता अहा !
अपार वृष्टि भो वाण रूपिका बूंदको हरे !
परेर चोटमा जस्को लाखौं सैन्यहरू मरे
७५६

हाना हान हुनै लाग्यो पर्वतूले दुई तर्फ नै
बज्रापात भए जस्तै सुनिन्थ्यो बार बारनै
भगवान् रामले क्रुद्ध भएर वाणको पनि
गरिबक्सनुभो वर्षा ढाकेर दशदिशा अनि
७५७

ढले निशाचरै सारा भइ घायल युद्धमा
चित्कार गर्दथे ठूलो लाग्दा वाण शरीरमा
जाहिँ ताहिँ पछारिन्थे घुमी घुमि कनै हरे !
कांतरहरूका त्राश दायक अति लाल रे
७५८

बग्न लाग्यो रगत् खोला झर्ना तुल्य पहाडको -
-भएर रूण्ड औ मुण्डलाई हुत्याउदै अहो !
काँतरका भयकारी ज्यादै नै अपवित्र नै
रक्तकौ बहनै लागी नदि भिषण् भएर है
७५९

दुइ दल थिए तेस्का किनारा दुइटै अनि
रथहरू थिए रेत भूंभरी हरू नै पनि -
रथ्का पाँग्रा थिए फेरि बहन्थि भीषणै बनी
काँतरहरूका होशै हुत्याई वेगले पनि
७६०

त्यो नदिका जल जन्तु मरेका हात्ती औ अनि
ब्याधा घोडा खर वीर थिए बाहन धेर नि
ती सब्को गिनति गर्न सक्दछ कसले ? हरे !
शक्ति तोमर औ वाण त्यसका सर्पहरू भए
७६१

धनुहरू तथा तिन्का तरंग कछुवा पनि
ढालहरू थिए वीरहरू तिर्वृक्ष झैं बनी
त्यसमै ढल्दथे बोसो रूपि फिंज सरि अनि
मेरकाको त्यहाँ बग्थे नदि बीच घुमेर नि
७६२

ती काँतर्हरू डर्दथे हृदयमा देख्दा त्यसैलाई ता
शूरवीर् ती भटहेरूका हृदयमाहुन्थ्यो अति सौख्यता
बग्दथे त्यै सरिता महा प्रथमगण् बेताल पैशाच र
भूतादि त्यसमा भयानक थिए झोटिंकका लश्कर
७६३

डुब्की लगाउँथे मन्मा गद्‌गद भै अति हर्षले
काग र कंक आदिका पक्षिहरू अनेकले
काटिएका भुजा खुट्टा लिएर उड्दथे सब
खोसेर एउटा साथ खान्थ्यो अर्को गई तब
७६४

यो सहकाल बेलामा पनि हे स्वाँठ ! हो अब
गएन नि तिमी सब्को दरिद्रता पनि सब
भन्दथे एउटा साथ अर्को यहि प्रकारले
जाहिँ ताहिँ किनारामा ढलेका ती समस्त रे
७६५

वीर घायल ता हुन्कि परेका अर्ध पानीमा
भने जस्तै कराएर कन्दथे रणं क्षेत्रमा
बसेर नदिका तीर्मा मुर्दाहरू समस्तको
गिद्धले लुछदथे आन्द्राहरू नित्य रमेर पो

७६६

मानौं चित्त लगाएर बनशी खेल्न त्यो धरी
लागेका हुन्कि झैं गिद्ध थिए ति मस्त बेसरी
योद्धाहरू थिए धेरै बहेका त्यसमै अनि-
चढेका पक्षि देखिन्थे खेल्ने झैं नावरी पनि

७६७

भरी भरी कनै सारा खप्पर्मा रगतै पनि
संचयै गर्न लागेका थिए जोगिनी ता अनि
भूत पिशाचका नारीहरू अतिव हर्षले
नाच्दथे अंगमा रक्त घसेर ताल साथले

७६८

चाण्डाल हरू खप्पर्को करताल बजाउँथे
चामुण्डा विविध भांति गाएर दंग पर्दथे
श्यालका वथान ता सारा मुर्दालाई समाउदै
कटक्क काट्दथे दाँत्ले उफ्रेर ती रमाउँदै

७६९

खाई कराउँथे फेरि व्हाँ व्हाँ गरी गरी सबै
डांटदथे अरकोलाई अघाएता पनि अझैं
करोडौं रूण्ड हेरू ति विना मुण्ड पनि सब
हिंडेर युद्ध भूमिमा घुम्दथे नाचि ती तब

७७०

भूमि माथि खसेका ती मुण्डहेरू पनि सब
जय जय भनी ठूलो स्वरले बोल्दथे तब
बोल्दथे मुण्ड ती सारा जय जय भनेर ता
प्रचण्ड रूण्ड दौडन्थे वि ना मुण्ड रमेर ता

७७१

अल्झिएका थिए पक्षिहरू खप्परमा पनि
जुद्धथे सुभटै फेरि पाउँथे स्वर्ग नै अनि
राक्षसहरूको फौजलाई गोदेर बेसरी
भालु र वानर सारा भए दर्पित त्यो धरी

७७२

रामका शर वृष्टिले मरेका वीर ति सब
सग्राम भूमिमा सारा सुशोभित भए तब
रावण्ले हृदयै भित्र 'राक्षसहरूको सबै
संहार भै सक्यो खालि रहे एक्लो म मात्रनै

७७३

धेरै छ भालु कपिहेरू त अझ
माया गरौं आज अपारको मत
गरेर यस्तो मनमा विचार नै
छल् गर्न लाग्यो अधम् अपार नै

७७४

श्रीरामलाई देखेर पैदलै सुरले सब
देवका मनमा ठूलो क्षोभ पैदा भयो तब
तुरून्तै रथ ता आफ्नो पठाए इन्द्रले अनि
भएर हर्षले युक्त मातलि सारथि पनि

७७५

संग्राम भूमिमा आए लिएर रथ त्यो अहो
अनुपम थियो दिव्य त्यो रथ तेज पुञ्ज जो
त्यसैमा चढ्नु भो हाँसि कोशलेश्वर रामजी
चार घोडा थिए त्यस्का तेजराशि अपूर्वकी

७७६

मन झैं दौडने छिटो अजर अमरै पनि
मनोहर थिए घोडा चारै एक समान नि
रथमा रामजीलाई चढेको देखि त्यो धरी
विशेष बल पाएर दौडिए कपि बेसरी

७७७

सहिनसक्नु भो मार जब वानरको त्यहाँ
अनि रावणले माया फैलायो युद्ध क्षेत्रमा
एउटा रामजी छाडी त्यो मायालाई ता अरू
सबले सत्य नै ठाने तेस्को वर्णन के गरूँ ?

७७८

देखें राक्षसका फौजहरू वानरले तहाँ
धेरै देखे युवराज सुग्रीव् लक्ष्मण तेसमा
देख्दा सुग्रीव औ अंगद् लक्ष्मण धेरै फौजमा
भय भित भए सारा भालु वानर चित्तमा

७७९

चित्रमा देखिए जस्तो भएर लक्ष्मणै पनि
जहाँको तहिनै टक्क भएर छक्क नै बनी
हेर्न लाग्नु भयो तेहि अनि कोशलंका धनी
भगवान् रामले आफ्ना फौजहरू कनै पनि

७८०

देखेर चकितै फेरि धनुर्वाण लिएर ता
हुर्न भो पलमै सारा त्यो मायालाई फेर् ता
खुसी भए अनि सारा भालु वानर ती सब
रामले फौज ति सारालाई हेरेर ता तब

७८१

गम्भिर वाणि यो बोल्नुभयो हे वीर हो !सब
थाक्यौ ऐले यहाँ हेर द्वन्दयुद्ध कनै अब
यो भनी रामले फेरि रथलाई समरै महाँ
चलाउन भनी आज्ञा दिनु भो खुसी भै तहाँ
७८२

प्रणाम गर्नुभो सम्झि द्विजको पाउ पंकज
अनि हृदयमा क्रोध परिपूर्ण भएर त
रावण गर्जदै फेरि ललकारी रघुनाथको
दौड्यो संमुखमा युद्ध गर्न भनी तुरून्त पो
७८३

भन्न लाग्यो अनि फेरि सुन् हे तापस !युद्धमा
तेले पैले जितिस् जो जो वीर्हरूलाई युद्धमा
म ता तिनीहरू जस्तो निर्वलि होइन अहो !
मेरो ता नाम रावण् हो मेरो यशलाई फेरि जो
७८४

जानेका छन् हेर ब्रम्हाण्डले नै
जस्को कैद खानमा दु:खले नै
लोक्पालादि छन् पडि नै रहेका
आशा मारी जीवनको रंहेका
७८५

कबन्ध खर् दुषण तीनलाई
मारिस् नि तैंले अघि वालिलाई
व्याधा सरि भैकन लोकमहाँ
व्यर्थै गरिस् फूर्ति म सामु माहाँ
७८६

राक्षसका यी फौज सारा पनी ता
ठूला ठूला वीर सब्को अनि ता
नाशै पारिस् दुष्ट ए योगी ! तैंले
छानी छानी वीर्हरू लाई पैंले
७८७

मारिस् तैंले कुम्भकर्णै अनि जो
मेरो छोरा मेघनादै पनि पो
ऐले सारा वैर भावैहरूको
निर्वाहा नै लिन्छु गर्दै बरू जो
७८८

ए दुष्ट राजा ! यदि युद्धबाट
भाग्नै नयाए पछि आज खास
काल्को हवाला गरि दिन्छु निश्चय
रे दुष्ट ! नीचाधाम भागी जात
७८९

बल्ल फेला परिस् आज भीषणै दशकण्डको
भनेर क्रुद्ध भै फेरि आयो दौडेर लड्न जो
सुनी दुर्वाच्य यो सारा रावण्को रघुनाथले
त्यसलाई कालको वश्मा प्रेको ठानी भित्र रे
७९०

आज्ञा भो त्यसलाई यो हाँसिकन अनि तहाँ
तेरो प्रभुत्व साँचो हो वक्वाद ,व्यर्थ नगर्यहाँ
पौरूष् देखा वकवाद गरेर व्यर्थको सब
आफै आपन्नो सुयश् लाई नगर् वर्बाद नै अब
७९१

क्षमा गरेर पल्छिन् ता कुरा सुन् नीतीको अब
लोकमा कटहर् आँप गुलावका समान त
तीन थरि पुरूषै हुन्छन् ती मध्ये चाहि एकले
दिन्छन् फूल् मात्र नै फेरि ती अर्काथरि वृक्षले
७९२

फल फूल दुवै दिन्छन् फेर् अर्को थरिले अनि
दिन्छन् फल् मात्र नै भन्ने यो सम्झि मनमा पनि
तेस्तै पुरूष ता एक बोल्दछन् मात्र लोकमा
बोल्दछन् र पनि गर्छन् अर्का एक जगत्महा
७९३

गर्छन् मात्रै पुरूष एकले ता
बोल्दैनन् है बाणिले केहि जे ता
सुनेर यो रामको वाणिलाई
हास्दै भन्छ रावणैले मलाई
७९४

सिकाउंछस् मूर्ख ! ए ज्ञान ऐले
वैरभाव गरदा धेर पैले
डराएनस् अब आजै तँलाई
प्यारो लाग्यो प्राण ता हाइ !हाई !
७९५

यस्तो दुर्वुचनै बोलि क्रुद्ध भै रावणै अनि
हान्न लाग्यो शर बज्र सरीका रामका प्रति
विविध थरिका वाण दौडिए गगनै भरी
दिशा र विदिशा फेरि धरणि नभमा भरी
७९६

सर्वत्र व्याप्त भो वाण अनि श्री रघुनाथले
छाड्नु भो पावकासस्त्रै क्रुद्ध भई अतिव रे
निशाचर्को जल्यो वाणै पलमै सब ध्वस्त भै
झोक्किएर अनि तेस्ले छाड्यो शक्ति पनि अझै
७९७

रावणलाई आफुले हानेको वाण साथमै
त्यो शक्तिलाई फर्काइदिनुभो रामले उतै
चक्र र त्रिशुलै छाड्यो करोडौ अरू तेसले
विना प्रयासले काटि फाल्नु भो रघुनाथले
७९८

क्रुद्धभै अनि रावण्ले सारथिलाई नै अहो !
हान्यो शतशरैले ता लाग्यो त्यो वेगसाथ पो
जय रांम ! सीतानाथ ! भन्दै त्यो अनि मातलि
पछारिए रथैभित्र अतिव वेगले ढलि
७९९

सारथिलाई रामले उठाउनु भयो अनि
रीस धेरै उठ्यो फेरि रामलाई तुरून्त नि
भई क्रुद्ध रघुनाथ लडाई गर्न तत्पर
हुनु भो शर ठोक्रोका छट्पटाए निरन्तर
८००

रामका धनुको ज्यादै भीषण् टंकारले तहाँ
सब राक्षसका फौज भए मारूत ग्रस्त हा !
लाग्यो ढुक् ढूकनै गर्न छाति मन्दोदरीजीको
लागिन् थर्थर् काँप्नै ति भयभित अतिव भो
८०१

यस्तो कौतुक देखि देवहरूता हाँसे अनि हर्षले
कानैसम्म खिंचेर फेरि धनुको ताँदो पनि रामले
छाड्नुभो अति भीषणै शरहरू श्रीरामका वाणको
ताँतिहेरू चले फणि सरि भई सल्सल् गरी घेर यो
८०२

वाणैका त समूहहेरू नभमा प्वाँख भएका सब
सर्पैभैं भई ताँती लागी छिनमै लागे ती उड्नै तब
श्रीरामले पहिले त्यसै असुरको घोडा अनि सारथि
मारेरै रथलाई तोडि दिनु भो ध्वजा पताका जति
८०३

काट्नु भो अनि त्यो दशानन हरे गर्ज्यो अति क्रोधले
चित्तै भित्र थकितथ्यो असुरको मनोबलता हरे !
भट्टनै अरको चढेर रथमा क्रुद्ध भई बेसरी
लाग्यो छाड्न त अस्त्र शस्त्र हरूता नाना विधिले गरी
८०४

पर द्रोह महा लागू हुने मानिसको सब
मन्साय सरिनै निष्फल् भयो उद्योग ता जब
अत्यन्त कुपितै बन्दै त्यो रावण पनि तब
चलाई दश त्रिशूल रामका चार अश्व त
८०५

हानेर पृथ्वी माथि गिरायो तेसले अनि
घोडालाई उठाएर क्रुद्ध भै रामले पनि
धनु तानेर छाड्नु भो वाण अतिव वेगले
रामका शिलिमुख सारा तेस्कां शिर् रूपि घेररे
८०६

सरोज वनमा डुल्न हिडें खुस् भई चित्तमा
हान्नुभो दश दश् वाण फेरि दश ललाटमा
बग्न लाग्यो अनि रक्त पनाला निस्किई तहा
रगत् चुहाउदै दौडयो वीर राक्षस युद्धमा
८०७

तुरून्तै धनुमा वाण जोरेर रघुनाथले
छाड्नु भो तीश शर् फेरि यहाँ अतिव वेगले
बीसभुजा साहित्यको नै रावण्को शिरलाई ता
खसालि दिनु भो सारा काटि जमिन् माथि ता
८०८

काट्नाका साथमा भट्टै नयां प्रकट भो अनि
काट्नु भो रामले फेरि बाहु र शिर ती पनि
कांट्नुभों शिर औं हात धेरै पटक रामले
अत्यन्त कौतुकि कौशल् नायक भगवानले
८०९

काट्नुभो शिर औ हात बार्‌बार प्रभुले अनि
काटिएर गगन्‌माथि रहेका ती समस्त नि
रावण्का शिर औ हात अनेक राहु औ अनि
केतू हुन्कि भने जस्तो ती सबै देखिए पनि
८१०

मानौं गगनको बाटो राहु केतु अनेक नै
दौडेका हुन्कि है रक्त चुहाएर समस्त नै
भने भैं देखिए सारा अनि श्रीरघुवीरका
प्रचण्ड शर लागेर बारंबार समस्त ता
८११

पाउदैनथे शिरै खस्नै भैमा
यौटा यौटा वाण जाँदै छिनैमा
उड्दा धेरै शीर छेडेर त्यहाँ
अनौठाको भान हुन्थ्यो गगन्मा
८१२

मानौ भास्करको तेज सारा क्रुद्ध भएर नै
आफैमा उन्न लागेका हुन्कि राहु कनै सबै
जस्तै बिषय सेवाले नित्य नित्य नयाँ भई
मनमा बढ्दछ मार तेहि सदृश नै भई
८१३

काट्नु हुन्थ्यो शिरै तेस्को जति जति प्रभु पनि
उम्रिन्थ्यो शिर ता तेस्को उति उति अपार नि
शिरको वृद्धि देखेर दशकन्दरले तहाँ
मरणै विर्सियो आफ्नो अनि तेस्लाई चित्तमा
८१४

क्रोध आयो अति गाढ त्यो मूढ अभिमानले
दशै धनुहरू तानी हिड्यो गर्जेर फेरि रे
संग्राम भूमिमा क्रुद्ध भयो त्यो रावणै अति
बर्षाएर शरै ढाक्यो रथ श्रीरामको जति
८१५

देखिएन रथै त्यो ता एक् घडी सम्म रामको
कुइरोमा दिनानाथ छोपिए सरिकै भयो
हाहाकार गरेर सारा देवताहरूले जब
भगवान् रामले क्रुद्ध भई कन अनि तब
८१६

उठाएर धनुलाई वाणले दशकण्ठको
वाण काटेर शिर, सम्मै पनि काटिदिनुभयो
काटिएका शिर वाण हरूले जमिनै अनि
दिशा र विदिशा फेरि ढाके गगनमा पनि
८१७

उड्दथे काटिएका ती शिर आकाश मार्गमा
जय जयतिको शब्द गरेर रण क्षेत्रमा
त्रास उब्जाउथे सारा फेरि लक्ष्मण औ अनि
कता छन् सुग्रीव वीर अंगद र हनु पनि ?
८१८

'कोशलेश्वर त्यो राम कता छ ? ' भन्दथ्यो अनि
'कता श्री रामजी ? ' भन्दै उडेका शिर्‌हरू पनि
देखेर वानर वीर भागी कन गए सब
रघुवंश मणि रामचन्द्रले हाँसदै तब
८१९

तानेरै धनु वाण ती शिरहरू वाणैहरूमा पनि
उन्नै लाग्नु भयो कृपालु प्रभुले खेलै गरेर अनि
देखिन्थ्यो रण भूमिमा अनि पछि श्रीकालिकादेविका
सैन्येहरू जमा भएर शरमा उन्दै गरेरका ति जो
८२०

मुण्डै माल्य लिई लिईकन सबै रूधीरका तालमा
गर्दै स्नान त युद्ध रूपि बरका ठूला ठूला वृक्षमा
पूजा गर्न भनेर हर्षित भई हुन्कि हिडेका पनि
भन्ने भान गराउदै शरहरू खस्थे जमिनूमा अनि
८२१

छाड्यो शक्ति प्रचण्ड क्रुद्ध भई फेर् त्यो रावणैले अनि
त्यो बर्छा अति वेगले समरमा मानौं यमैका पनि
दण्डै हो कि भने समान गरदै विभिषणैको अनि
आयो सामु प्रचण्ड शक्ति त्यसरी आई रहेको पनि
८२२

देखि श्रीरघुनाथले ' प्रणतका आर्त हरण् ' यो सब
आफ्ना वीरदलाई सत्य गरदै खुसी भएरै तब
झट्टैनै विभिषण्‌जीलाई प्रभुले आफ्नो पछाडी पनि
पारी सन्मुख् भै सबै सहनु भो त्यो शक्तिलाई अनि
८२३

लाग्दा शक्ति अलिक वेर प्रभुजी मूर्छा हुनुभो पनि
लीला हो रणभूमिमा प्रभुजीले यो ता गरेको पनि
द्योता हेरू त व्याकुले हुन गए आकाशमा वीच जो
हाहाकार ध्वनी भई सकल ती संग्राममा व्याप्त भो
८२४

रामले क्लेश पाएको देखि विभिषणैजीले
दौडिए क्रोधले हात्मा लिई कन गदा ति रे
रावण्‌लाई भने फेरि तिनले अति क्रोधले
ए कुबुद्धि ! हत भाग्य ! ए शठ ! दुष्ट ! नीच रे
८२५

तैंले आदर साथ शंकर कनै शिरै चढाइस् अनि
एक् एक् ती शिरका बदौलत शिरै पाई अनेकौं पनि
ऐले सम्म तसर्थ बाँचि रहिछस् तैं ता अधम् ए शठ
तेरो शिर उपर् त नाच्नपनि ता लाग्यो अहो !काल त
८२६

राम देखि विमुख् भएर पनि ता ए मूर्ख तँ यस् धरी
खोज्दसछ धन संपत्ति सुखहरू संसारमा बेसरी
भन्दै येति कुरा विभिषणजीले अत्यन्त नै क्रोधले
त्यस्का छातिमहा भयंकर ठूला गदा प्रहारै गरे
८२७

घोरै शब्द गरेर वेगसितले आईरहेका बढो
गदाको अति भारि चोट् हृदयमा लागेर ता झट् पो
ढल्यो रावा वेगले जमिनमा दशै मुखैबाट ता
लाग्यो बग्न रगत् अधिक पनि ता सम्ली पछि फेरता
८२८

क्रोधले पूर्ण भएर रावण अनी दौड्यो अति वेगले
ज्यादै नै बलवान वीर त दुवै रावण् विभिषण् हरे!
मल्लै युद्ध गरी भिडेर अनि ता परस्परै मा पनि
लागे पीट र पाट गर्न दुइ नै क्रुद्धै भएरै अनि
८२९

रघुनाथजीका प्रताप बलले मस्तै भएका पनि
ती विभिषण रावणैकन हरे ! फासा जतिको पनि
गन्दैनन् समरै विषे हृदयमा हे पार्वति ! लौ भन
नीडर् भैकन के विभिषण तिता कैल्यै त रावण्कन

८३०

सक्थे हो मुख हेर्न संमुखमहा प्रभावले रामको
कालै तुल्य भएर आज तिनी ता हे अम्बिके !हेर जो
लागे भिड्न दशाननै सँग पनि क्रुद्ध भई युद्धमा
प्रभाव भगवान दाशरथिको कस्तो छ है लोकमा

८३१

अनि विभिषणैलाई देखेर थकितै पनि
दौडिए पवन पुत्र बोकेर पर्वतै अनि
घोडा सारथि रथ्लाई खसाले चूर्णनै गरी
छातिका माझमा ठोके लातले अनि बेसरी

८३२

शरीर अधिकै काँप्न लाग्यो ता पनि रावण
खडा रह्यो रणमानै अनि ता ति विभिषण
भक्तका रक्षक राम हुनु हुन्थ्यो जहाँ अनि
उतैतिर गए फेरि तुरून्तै खुसी भै पनि

८३३

ललकारी कपिलाई पिट्दथ्यो दशकण्ठले
आकाशमा उढे पुच्छर लम्याई हनुमान रे
समात्यो दशकन्दर्ले पुच्छरै हनुमानको
उड्यो पुच्छरका साथै रावण पनि फेर जो

८३४

फर्किएर भिडे फेरि प्रवल हनुमानजी
लड्न लागे दुवै वीर बराबर भएर कि
एकले अरकोलाई पिट्दथ्यो क्रोधितै भई
गर्दथे दाउ औ पेच दुवै घुमी घुमी गई

८३५

मानौं सुमेरू औ फेरि गाजल्को पर्वतै पनि
हुन्कि ती लड्न लागेका भने सरि गरि अनि
सुशोभित थिए वीर दुइटै क्रोधले भरी
उड्दथे नभमा कैले लड्दथे भूमिमा झरी

८३६

पछार्न खोजदा बुद्धि वलले राक्षसैकन
पछारिएन त्यो दुष्ट अनि एकाग्र भैकन
सम्झिए रामजीलाई त्यो घरी हनूमानले
धीर भैकन ता सम्झि रामलाई त वीरले

८३७

ललकारी पिटे रावण्लाई श्रीहनुमानले
लड्न लागे दुवै भैमा ढल्दै उठ्दै गरेर रे
भन्दथे देवता सारा जय जय भनेर रे
जित्यो रावणले - कैले - पवन पुत्र वीरले

८३८

हनुमान्लाई संकष्ट परेको देखि त्यो घरी
दौडिए वानर भालू क्रुद्ध भैकन बेसरी
रंणमत्त भएको त्यो रावणै अति क्रोधले
सारा वीर हरूलाई प्रचण्ड भुजदम्डले

८३९

बसेर थिलथियो पाऱ्यो अनि श्री रघुनाथले
हाँकिदिनुभयो फेरि रावणलाई क्रोधले
प्रचण्ड वानर वीर दौडिए अनि ता सबै
ती वीर कपि भालूको देखेर दलता खुबै

८४०

प्रकट् गऱ्यो अनि फेरि माया रावणले तहा
अन्तर्ध्यान भयो पल्मै रावण समरै महा
प्रकट् भयो अनि फेरि दुष्ट विविध रूपले
रामका फौजमा ती ता जो थिए कपि वीर रे

८४१

त्यति नै रावण रण्मा प्रकट् भो जाहिं औ ताहि
देखि अमित त्यो रावण् कपिले युद्धमा भरी
भागे अंक्षहरू सारा भए व्याकुल वानर
गरेनन् धीरज धारण् कपिले पनि ता तर

८४२

हे सौमित्री ! हरे ! रामां बचाउनुहओस् प्रभो !
भन्दै भागे सबै वीर त्राहि त्राहि भएर जो
करोडौं भीषणै रावण् दश दिशा भरिनै सबै
सिंहनाद गरी घोर घ्वनीले गर्जिदा त है

८४३

डरे देव पनि सारा ' भाई हो ! अब चित्तमा
सबले जयको आशा छोड यो रणको यहाँ
एउटै रावणैले ता सारा देवहरू कन
जितेको नै थियो पैले अब ता देव हो ! भन

८४४

भयो दशानन घेरै हामी त अब यो घरी
गिरिकै कन्दरा ताक्यौ ' भन्दै भागे सबै डरि
जानेका ता थिए जस्ले महिमा केहि रामको
ती ब्रम्हमा शिव औ ज्ञानी मुनि मात्र बसें अहो !

८४५

मनमा जान्दथे जो जो प्रताप रघुनाथको
अडि बसे तिनै मात्र हेरि निर्भय साथ पो
कपिले मनमा आफ्नो दुष्ट रावणलाई ता
सत्य ठानि रहेकाथे विकल् भै त्राशले ति ता
८४६

'हे कृपालो ! दयासिन्धो !बचाउनुहओस पो '
पुकारा गरदै यस्तै भागे व्याकुल भै अहो !
अत्यन्त वीरमा कट्टर भएका रणमा सबै
अंगद नल औ नील पवन पुत्र मात्र नै
८४७

संग्राममा थिए लड्दै ती सबै अति क्रोधले
कपट रूपि भूमिमा टुसो जस्तो भएर रे
उम्रेका कोटि ती रावण् हरूलाई समाउदै
मर्दन गर्दथे पक्री पक्रीकन रमाउदै
८४८

देवता वानर भालूलाई देखि विकल् तहाँ
हाँस्नुभो कोशलाधीश श्रीराम हृदयै महाँ
धनुमा एउटा वाण चढाईकन रामले
ती रावणहरूलाई मार्नु भो पल भित्र रे
८४९

माया काट्नुभयो सारा पलमै रघुनाथले
उदाए पछि ता सूर्य अन्धकार समस्त रे
जान्छ फाटेर ता जस्तो तेस्तै नाशभयो अनि
एउटा रावण मात्रै देखेर रणमा पनि
८५०

हर्षित भए देवहरू अनि सबै
फर्के खुसीले तिनीहेरू फेर है
तिन्ले प्रभुका उपरै जयै भनी
बर्षा गरे पुष्पहरू अनेक नि
८५१

भुजा उठाई रघुनाथले अनि
फर्काउनु भो कपि फौज नै पनि
बोलाउदै आफुसमा समस्त ति
फर्के अनि भालु र वानरै जति
८५२

रामको बल पाएर दौडे भालु र वानर
उफ्रेर फूर्तिका साथ आए ति युद्धमा फिर
रावण्ले देवतालाई खुसी भैकन चित्तमा
स्तुस्ति गरन लागको देख्यो श्रीरामको तहाँ
८५३

बिचाऱ्यो मनमा तेस्ले म ता यिनी समस्तंको
लेखामा भइछु एक मात्र नै अब फेर जो
यस्तो सोचेर त्यो भन्न लाग्यो अतिव क्रोधले
'शठ ! हो तिमी सारा ता सर्वदा नै म बाट रे
८५४

पिटिएर रहेका छौ ' यो भनीकन क्रोधले
दौडियो गगनै तर्फ रावण अति वेगले
भागे देवहरू सारा हा हा कार गरी अनि
भन्यो रावणले ' दुष्टहरू हो ! अब आज नि
८५५

म सँगैबाट भागेर जाउला र अझैं कहाँ ?'
भन्दै दशानन फेरि दौडियो गगनै महाँ
व्याकुल देखिनै लागे द्यौताहेरू सबै अनि
दौडिए त्यस राक्षस्का पछाडी अंगदै पनि
८५६

कुदेर दशमौलिको समाई चरणै अनि
त्यसलाई पलमानै खसाले भूमिमा पनि
पछारी जमिन नै माथि समाति कन क्रोधले
वालि तनयले हाने छातिमा अनि लातले
८५७

गए नगीचमा फेरि फर्केर रघुनाथको
उठ्यो सम्लेर ता फेरि अनि रावण वीर जो
सिंहनाद गऱ्यो तेस्ले भयंकर कठोरको
घमण्डले अनि फेरि दशै धनु समेत जो
८५८

जोडेर वाणको वर्षा लाग्यो गर्न समर् भरी
तेस्ले वानर वीर्लाई पाऱ्यो घायल बेसरी
आफनो बल देखेर आफै दंग पऱ्यो अति
लाग्यो हाँक दिने फेरि वीर्हरूलाई ता कति
८५९

रामले काट्नु भो फेरि रावण्का शिर हात र
धनुर्वाण हरू सारा फेरि एक् पलमै तर
उम्रिए शिर औ हातहेरू सकल त्यो घरी
भई नविन रावण्का अचम्म साथ वेसरी
८६०

काटिएका थिए ता पनि शिरहरूता तीर्थमहा गरेका
पापै जस्तै बढे ति घरी घरी त्यसका उम्रिएरै वनेका
देख्दामा ता अनेकौ शिर र अनि भूजा शत्रुको त्यो रणैमा
वानर् भालूहरूमा अतिव रिस उठ्यो त्यस बेला मनैमा
८६१

यो मूर्ख अझ मर्दैन शिर हात् काटिए पनि
भन्दै भालू कपि सारा रीसले झम्टिएर नि
सुग्रीव नल औ नील द्विविद हनुमान र
पनसादि कपि सारा रूख् पर्वत लीई फिर
८६२

प्रहार गर्न लागे ति अनि रावणले पनि
तेहि वृक्ष तिनै पर्वत् समाति कन ता अनि
उनै कपिहरूलाई हान्न लाग्यो घरी घरी
त्यो शत्रुको शरीर्लाई केहि वानर वेसरी
८६३

चिथोर्न नग्रनै लागे कोहि ता अनि लातले
हानेर भाग्न लागे ती त्यहा यहि प्रकारले
अनि तेस्का शिरै माथि चढि नल र नील ती
नंग्राले त्यसका भाल फोर्न लागे अनि पछि
८६४

रगत बग्न लागेको देखेर दशकण्ठले
समातृन ती सबैलाई पसार्‍यो निज हात रे
पक्रिएनन् तिनीहेरू मानौं दुई मधूकर
मग्न भै पद्मका वन्मालागेका हुन्कि घुम्न र
८६५

भन्ने भैं देखिए वीर अनि रावणले पनि
समाति धरति माथि पड्कियो रिसले अनि
रावण्को हात मर्काई भागे वीर ती ता दुवै
क्रुद्ध भै धनुषवाण लिई फेर् दशहात मै
८६६

वाण हानी कपिलाई पार्‍यो घायल ता सबै
हनुमान आदि वीर्लाई पार्‍यो मूर्छत् छीनमै
पाउँदा साँझको बेला खुसी भो दशकन्दर
रणमा मूर्छितै देखि सबै वीर् वीर वानर
८६७

दौडिए युद्धमा धीर भएका जाम्बवान पो
तिनका साथमा फेरि पर्वतैका समानको
देह हुने रणधीर थिए भालू अनेक जो
हाँक दिदै तिनै सारा गईकन नगीच पो
८६८

कायलै गर्न लागे ती रावणैलाई युद्धमा
वीर दशानन क्रुद्ध भएर अति चित्तमा
अनेक भालू वीर्लाई हात खुट्टा समाउदै
भूमिमा पड्किन लाग्यो चारै तिर घुमाउदै
८६९

आफनो दलको हाल देखेर भालु नाथले
हाने गएर क्रोधत् भै छातिका बीच लातले
छातिमा लातको भीषण् प्रचण्ड चोट पाउँदा
रथबाट खस्यो रावण् व्याकुल्भै होश् हराउदा
८७०

पछारिदा पनि तेस्ले आपन्ना वीस भुजा भरी
राती कमलका भित्र बसेका भ्रमरा सरी
भालुलाई समाते कै थियो च्यापेर ता अनि
देखि मूर्छित तेस्लाई भालुका पतिले पनि
८७१

हानेर लात्तले फेरि आए राम समिपमा
'जय श्रीरामको ' भन्दै ऋषेश खुसीभै तहा
जानेर रातको बेला अनि सारथिले पनि
त्यसलाई रथमा हालि अलिपर लगी अनि
८७२

बिम्झाउने यतृन गर्न लाग्यो
अनि उता रामको फौज जाग्यो
कपि भालुहेरू मूर्छा हटेर
श्रीरामको सामु आएर रमेर
८७३

डराएर राक्षेसैहरू फेरि
दशकण्ठै रावणैलाई घेरी
खडा रहे सामुमहाँ अनि ता
फेरि त्यसै रात माहा पनि ता
८७४

सीताजीको सामुमहा गएर
त्रीजटाले हाल सारा भनेर
सुनाई त्यो राम औ रावणैको
वार्ता सारा जो थिए युद्धको त्यो
८७५

शत्रुको शिर औ हात बढेको काट्दा पनि
सुन्दा त्यो जानकीलाई डर लाग्यो अतिव नि
मुख मलिन सीताको भयो अतिव कष्टले
मन्मा चिन्ता पर्‍यो ठूलो अनि मलिन चित्तले
८७६

भन्न लाग्नुभयो तिन्का साथ : जनक नन्दिनी
भन्दिनौ किन हे माता ! के हुने हो अझैं पनि
दु :ख् दिने जगतैलाई मर्ला कुन प्रकारले ?
रामले शिर काटै ता पनि त्यो मरदैन रे
८७७

विपरित कुरा यस्तो गर्दछन् दैवले हरे !
बचाएको छ तेस्लाई मेरो नै हतभाग्यले
प्रभुपद कमल् देखि जुन दुर्भाग्यले गरी
छूट्टिएर रहेकि छू म दिना हाय ! यो घरी

८७८

त्यहि मेरो अभागैले दुष्टलाई पनि यहा
अझ सम्म बचाएर राखेको छ रणै महा
झुटो सुन्को हरिण्लाई कपट्ले जुन दैवले
बनायो त्यहि नै दैव अकारण् अझ सम्म रे

८७९

ममाथि छ रिसाएको निष्ठुर भई यो घरी
जो दैवले विपरित भएर पनि बेसरी
मेरो मुखबाट दुर्वाणी बोलायो लक्ष्मणैकन
फेरि मलाई भोगायो दु:ख अतिव भीषण

८८०

ताकि ताकि कनै मलाई रिसले त्यो कामले यो घरी
रामैका विरहै रूपि दुसहका बिषालु शर् बेसरी
बर्षाई रहदो छ हर्घडी हरे ! यस्तो दु:खैमा पनि
राखेको छ बचाई प्राणकन ता मेरो त जस्ले अनि

८८१

रावण्लाई बचाएको हो तेहि दुष्ट दैवले
होइन अरूले आमा ! भन्दछु सत्य सम्झ रे
एवं प्रकारले फेरि कृपा सागर रामको
सम्झना गरदै मन्मा भएर दु:खीतै अहो !

८८२

विलाप गर्न लाग्नु भो भई विकल जानकी
त्रिजटाले भनी फेरि सुन्नुहोस् दयामयि
रावण्को हृदयैमाथि लागेमा वाण ता अनि
तुरून्तै मर्दथ्यो त्यो ता भन्दछु सत्य वात नि

८८३

'बसेकी छन् सीता येहि अधमको दिल बिचमा'
भनेर रामले त्यस्को जानेर बीच छातिमा
हान्नुहुन्न शर सीते ! मानेर डर चित्तमा
'रहेकि छन् सीता यस्कै भनेर हृदयैमहा

८८४

जानकीको दिलै भित्र मेरो वास छ औ अनि
मेरा हृदयमा सारा ब्रम्हाण्डहरू छन् पनि
वाण लाग्यो भने यस्को हृदयमा समस्तको
नाश भै लोक नाशिन्छ' भन्ने सोच गरेर जो

८८५

अल्मल गरनु हुन्छ वाण् हान्न रघुनाथले
भन्ने यस्ता मीठा वाणि त्रिजटाको सुनेर रे
हर्ष विषाद सीताको मन भित्र भयो अनि
भन्दछे त्रिजटा फेरि सुन्दरी ! सुन्नुहोस् भनी

८८६

ठूलो सन्देह छाडी अब रिपु यसरी मर्छ त्यो मन्दछु यो
होला ती शरि काट्ता हृदय बीच अति व्याकुलै रावणैत्यो
छुट्ला यो ध्यान तिम्रो अनि पछि प्रभुले तेहि मौका विचारी
हान्नु होला तुरून्तै शर त्यस रिपुका छातिका विच भारी

८८७

यस्तो भनेर सम्झाई विविध भाँतिले अनि
आफ्नो घर्मा गई फेरि त्रिजटा राक्षसि पनि
स्वभाव रामको मन्मा सम्झनु भो सीताजीले
पैदा भो विरह दु:ख सीताको मन भित्र रे

८८८

अनेक थरिले दु:खी भएर रातमा पनि
शशिको गरनुहुन्थ्यो निन्दा सीताजी ता अनि
युग समान नै रात वित्तैन कहिल्यै हरे ?
विलाप गरदै यस्तो भन्नु हुन्थ्यो सदैव रे

८८९

राम विरहले दु:खी भएकी धरणी सुता
गर्नु हुन्थ्यो सदा मन्मा चिन्तना र विलाप ता
भयो विरहको ज्वाला अति नै मनमा जब
अनि सीताजीको बाया हात औ नजरै सब

८९०

फर्फर गरनै लाग्यो अनि श्री जानकीजीले
विचार गरदै मन्मा शुभ - सगुनका ति रे
'दयालु रामको दर्शन् मिल्नेछ अब निश्चय'
भन्ने सम्झि ठुलो धैर्य लिनु भो चित्तमा तब

८९१

यतातिर भयो जागा रावण आधि रातमा
आफ्ना सारथिका साथ' मलाई मूर्ख लौ यहाँ
हटाइस् समर भूमिबाट अधम हे निच !
मन्दमति ! तँलाई ता धिक्कार छ अतिव त

८९२

भनी रिसाउनै लाग्यो अनि सारथिले पनि
समाति चरणै धेरै संझायो तेस्कनै अनि
प्रात: भए पछि फेरि अधम दशकन्दर
क्रोधित् भै दौडियो रथ्मा चढेर समरै तिर

८९३

आगममन दशाननको सुनेर कपि फौजमा
ठूलो खल्बल् भयो फेरि अनि त्यो युद्ध क्षेत्रमा
ठूल्ठूला वानर वीर जाहिँ ताहिँ रूखैहरू
उखेलि पर्वतै सारा दौडिए रीसले अरू
८९४

लिएर हातमा वृक्ष दाँत कटकटाउदै
विकट भालु औ भिषण् वानर दौडिए उतै
जब तिनीहरू सारा भई कुपित बेसरी
प्रहार गरदै मार्न लागे राक्षस त्यो घरी
८९५

विचलित भई भागे फौज राक्षसको सब
अनि चारैतिरबाट वानर वीरले तब
घेरी त्यो रावणैलाई मारेर थप्पडै पनि
दाँतले त्यस्को शरीर्लाई टोकि टोकि कनै अनि
८९६

पारे विकल त्यस्लाई अनि त्यो दशकन्ठले
देखि वानर वीर्लाई महा प्रवल वीर त्यो
विचार गरदै मन्मा भयो अन्तर ध्यान त्यो
एक पल् पछि फैलायो माया अति विचित्रको
८९७

जब तेस्ले गर्‍यो फेरि पाखण्ड अति घोरको
अनि प्रचण्डका जन्तु रणमा प्रकटै भयो
बेताल भूत पैशाच भीषण औ भयंकर
प्रकट् भए धनुर्वाण लिएका साथ खप्पर
८९८

घेरै योगीनीहरू ता करविषे बोकेर खप्पर कन
लागे गाउन नाच्न ता पिई रगत् बन्दै महा भीषण
डर्लाग्दो स्वरले सबै तिनीहरू लौ पक्र मारौं भनी
उफ्रिन्थे चउतर्फ घोरे ध्वनी त्यो फैलिरहेथ्यो पनि
८९९

मुख् वायरै ती सबैले पनि ता
जाई लाग्थे खानलाई अनी ता
भाग्नै लागे वानर वीर सारा
हा हा गर्दै व्याकुलै भै विचारा
९००

जान्थे भागी वानर हेरू जाँहा
देखि अग्नि बर्षणै फेरि ताहाँ
भालू वानर् भै गए व्याकुल ती
लाग्यो फेरि वालुवा बर्ष नै की
९०१

एवं रितले विचारा कपिहरू कन ता जाहि तहि रावणैले
थकित् पारी अनि त्यो गरजन गरनै लागदो भो खुबै रे
सुग्रीव् सौमित्रि साथै विकल विरहरू ती भए सब् विचेत
हात् माड्दैभन्नलागे विरहरू ' भगवन् !हा प्रभो!कोशलेश
९०२

तोडेरै यहि रितले बलहरू सब्को वीर सब लस्त पारी
रच्यो माया अरू नै अनि पछि त्यसले युद्धमा फेरि भारी
उब्जायो नै करोडौ पवन सुतहरू तेसले जो अनि ता
दौडे बोकेर पत्थर् रण बीच रिसले ती सबैले पनि ता
९०३

आफ्ना डफ्फा बनाई तिनीहरू सबले फेरि चौतर्फबाट
घेरे श्रीरामलाई पुछहरू सबले नै उचालि तहाँ त
दाँत कट्कट् कटाई 'बध गर सबले यो नपाओस जान
भन्ने लागे सबैले अनि त दश दिशा व्याप्त पारेर जान
९०४

देखियो चार तर्फै पुछहरू कपिको रामजी ती सबैको
हुनुहुन्थ्यो बिचैमा शरद शशि सरी शोभिएरै बसेको
ती सब्का बीचमहा अवध पति प्रभो राघव रामको त्यो
सुन्दर् श्याम शरीरै अतिवखिलि तहां झन् सुशोभित्भए थ्यो
९०५

मानौं अग्लो तमालै रूख वरिपरीमा इन्द्र धनुषहरूको
लागेको हो कि बारै भनीकन मनमा भान पर्थ्यो गजब्को
त्यस्तो देखेर रामकन सुरहरूको चित्त भित्रै अपार
हर्षादि भाव हुन्थ्यो पल पल मनमा बद्लदै वारवार
९०६

भन्थे द्यौताहरूले जय जय प्रभुको त्यै बखत् रामजीले
क्रुद्धै भै वाण बर्षा गरिकन पलमै हर्नु भो ती कपट् रे
माया नाशै हुनाले हरषित हुन गो भालू वानर् अपार
फर्के बोकेर वृक्षै परवतहरू नै क्रुद्ध भै बेसुमार
९०७

छाड्नुभो शरको धारा अनि श्री रघुनाथलें
भूमिमाथि खसे फेरि रावणका शिर हात रे
रामजीको र रावणको रणको यो चरित्र ता
शत शेष शयौ वेद कोटि भारतिले सदा
९०८

सयौ कपिहरू सब्ले अनेकौं कल्प सम्म नै
गाउन् तथापि ती छैनन् पाउने पार ता कुनै
जगमा जसरी सारा भुसुनाहरूले पनि
आफ्ना पौरूष् अनुसार पुरूषार्थ गरेर नि
९०९

उड्दछन् गगनै माथि त्यसै सरी गरी अनि
जडमति भएको म तुलसीदासले पनि
प्रभुजीको कुनै केहि अपार गुण वर्गको
आपन्नो बुद्धि अनुसार गरे केहि वयान् जो
९१०

काट्तामा पनि हात औ शिर वीर रावण मर्दैनथ्यो
खेलवाड गरी प्रभु समरमा राज भएको थियो
थिए व्याकुल सिद्ध र मुनि सुर क्लेश् देखदा रामको
काट्दामा पनि सामुदाय शिरको लाभै पिछे लोभको
९११

बृद्धि भै गरी बढ्दथ्यो अनि पछि शत्रु मरेन तहाँ
परिश्रम् त निकै पऱ्यो समरमा सीता पते राममा
विभिषण् तिर हेर्नु भो अनि पछि हृद्वासि श्रीरामले
भन्नु हुन्छ महेशले गिरिसुते ! जस्को त मन्शायले
९१२

काले मर्दछ सेव्य भगवान् सद्भक्त मन् प्रितिको
जाचै गर्न त रामजी पनि त्यहा लागुनु भएकोथियो
गर्छन्विन्तिअनि विभिषणजी ता त्रैलोक्यका नायक !
हे सर्वज्ञ ! प्रणतपाल ! सुर र मुनि सुख दायक !
९१३

सुनुहोस भगवान ! यसको नाभिकुण्डमा
अमृतले भरेको छ तेसैका बलले यहा
बाँचेको छ दशकण्ठ भन्ने विभिषणजीको
विन्ति सुनी रघुनाथ हुनुभो खुसी फेरि जो
९१४

लिनुभो रामले फेरि भीषण शर हातमा
अशगुनै हुन लाग्यों विविध थरिको तहा
रून लागे गधा श्याल कुक्कूर भीषण गरी
जगका दु :खको सूचन् गरने स्वरूले गरी
९१५

पक्षिहरू सबै लागे कराउन अकाशमा
प्रकट् भए धूमकेतु पनि फेरि जहाँ तहाँ
दशै दिशा भरी लाग्यो दिग्दाह हुन बेसरी
विना पर्व भयो फेरि सूर्य ग्रहण त्यो घरी
९१६

भारी कम्प हुनै गयो हृदयमा मन्दोदरीको पनि
द्यौताका प्रतिमाहरू पनि सबै आखाहरूबाट नि
लागे आसु चुहाउनै जहिँ तहिँ मन्दिरका भित्रमा
लागे वज्रन वज्रहेरू पनि ता आकाशबाटै तहाँ
९१७

भइन् कम्प वसुन्धरा पनि सबै आंधि प्रचण्डै बहयो
लाग्यो बर्षन मेघबाट रगतै रौ औ धूलो धेर जो
वर्णन् गर्न सकिन्न ती अपसगुन् ज्यादै भएका हुदा
त्यो लंका भरि विघ्न आदि बहुतै देखेर उत्पात ता
९१८

आकाशमा सुर औ मुनि जय जयै लागे सबै भन्न ता
यो पृथ्वीभरनै पुकार गरदै पारेर सब् घन्न ता
जानेरै भयभित देवकन ता कृपानिधि रामले
झट्टै जोड्नुभयो निजै धनुमहा वाणै अति क्रोधले
९१९

ताँदो खिचेर धनुको अनि कानसम्म
छाड्नु भयो शर अनेका त्यहाँ अचम्म
काल् सर्प हुन्कि भनने सरि भान पारी
वाणै चले प्रभुजीका दगुडेर भारी
९२०

नाभिको अमुतै कुण्ड सुकायो एक वाणले
हात र शिरमा लागे अरू वाण गएर रे
उडे वाण शिरै हात लिदै गगनमा पनि
हात शिर विनाको त्यो रूण्ड ता वेगले अनि
९२१

भूमिमा नाच्न लाग्यो त्यो दौडि दौडी कनै अहो !
धड्कदा भीषणै धड् त्यो लागीन् धसिन धर्ति जो
अनि श्रीरामले वाण हानेर घडको पनि
पारी दिनु भयो टुक्रा दुइटा पलमै अनि
९२२

गर्जियो मरदाँ खेरि रावणै घोर शब्दले
'कहाँ छ राम लल्कारी युद्धमा मार्दछु म' रे
भूमि हल्चल् भइन् धेरै गिर्दा खेरि दशानन
नदि औ दिग् -गज सिन्धु पर्वतैहरू जो छन
९२३

विचलित भए सारा हे दुर्गे ! अनि त्यो घरी
भालू वानरका सैन्यलाई नै थिचिने गरी
खस्यो जमिनमा त्यस्को देहका दुई भाग त्यो
शिर हातहरूलाई लगेर पनि ता अहो !
९२४

राखी दिए सामु मन्दोदरीको
रामजीका वाणले त्यो घरी जो
तुरून्त नै वाण ती फेरि सारा
फर्किएर नभमा लागी धारा
९२५

जाहा राम त्यहि आएर हेर
पसे ठोक्रो भित्र फेरि गएर
देखेर त्यो देवताले अनि ता
बजाए ती वाद्यहेरू पनि ता
९२६

पस्यो रामजीको मुहार बीचमा त्यस्को गई तेज ता
त्यो देखिकन हर्षितै हुनु भयो ब्रम्हा र शंकर ता
ब्रम्हाण्ड भरिनै जय जयतिको ध्वनी भरी यो सब
लागे नाच्न सुरवधुहरू पनि मगन् भएर तब
९२७

हुने प्रचण्ड भुज दण्ड नै अहो !
रघुवीरको जय होस् सदैव यो
जय जय होस दयाल नाथको
जय जय होस सीता विलाषको
९२८

भन्दै यो मुनिदेव वृन्द सबले अत्यन्त नै हर्षले
फेर् पुष्पाञ्जलिको गरेर बरषा लागे सबै रम्न रे
बज्यो बाद्य अनेक घन्कि नभमा किन्नर्हरूले पनि
लागे गाउन रामको खुसी भई यश प्रसस्ति पनि
९२९

हे मुकुन्द ! कृपाकन्द ! द्वन्दहरण ! हे प्रभो !
शरण सुखद ! नाथ ! कृपालो ! दिननाथ ! जो
हे खलदल विदारण् ! परमकारण ! हरे !
रावणारि ! जय होस जय वैदेहि प्राण ! रे
९३०

भए हर्षित देवता मुनि सबै गन्धर्व सिद्धै अनि
लाग्यो दुन्दुभि घन्कि बज्न नभमा बाजाहरू साथ नि
लागे वर्षण पुष्पका कालिहरू बर्षा सरिको गरी
लागे नाचन देवका वधु पनि उल्लाषले बेसरीं
९३१

प्रभु ध्यान

संग्रामै भूमिमा विराज रहने श्रीरामका अंगले
शोभा पाई अनेक मन्मथनको खिल्दोभयो ढंगले
प्रभुका शिरमा सुशोभित भई मूकुट् जटाको थियो
तेसैका बीच बीचमा कुसुमका कलिहरू फेरि जो
९३२

शोभा धेरै थियो मनोहर भई मानौं निल शैलको
शीखर्मा विजुलि समूहहरूले शोभित् भएका ति जो
नक्षत्रै गण सब् सुशोभित भई हुन्कि रहेका पनि
भन्ने भान गराउदै दुइकरै दण्ड हरूले अनि
९३३

घुमाएर बस्नु भएको थियो जो
रघुनाथले ता धनू आफनो त्यो
अनि गाथमा रक्तका ती छिटाले
थियो शोभितै भै खिलेका आहा ! रे
९३४

तमाल रूखै माथि मानौं खुसीले
ती राज मुनियाहरू ता झुलि रे
रमाएर आफ्ना खुसीले बसेका
भंने झैं रगत्का छिटा ति थिए ता
९३५

थियो कण्ठमा फेरि रूद्राक्षमाला -
तुदसीदल फूल सँग्मा निराला
थियो छाति चौडा र पुष्ट विशाल
भृगु चिन्हले शोभिएको कमाल
९३६

अनि चम्किई फेरि श्री वत्स खास
गगन्मा रवि झैं थियो देखदा त
थियो कान राम्रो सिपीको समान
पुकारै सदा सुन्छ जन्को तमाम
९३७

सुकामार चौडा र पुष्टै ललाट
धरी केशरीको टिको तेसमा त
विचै बिचमा रक्तका नै छिटाले
अनि श्रम् सुविन्दु पनि झल्किनाले
९३८

उदाई रहेका नीलो गगनमा
ती ताराहरूले सुशोभित् मगन्मा
शशि झैं थियो भालको केशरी त्यो
सबैमा दिने सौख्य आनन्द नै जो
९३९

अहो ! कामको सुन्दरै वाण जस्तो
थियो टेढिएको भउँ फेरि कस्तो
मनै मुग्ध कारी खिलेका कमले झैं
थिए नेत्र लाल अरूण् झैं विमल नै
९४०

चुसी पंकजैका रसै लठ्ठिएका
भई मस्त चञ्चल् अहो ! मातिएका
भ्रमर् झैं थियो नानि राम्रो अपार
झलक् पाई जस्को त तर्छन् हजार
९४१
निलै लाल पुष्टै सुकुमार गाला
थिए शोभीएका दिलै पारी हाला
सफा मोति दाना सरिकै उजेलो
मिलि दारिमैको लहर् झैं खुलेको
९४२
थियो उज्वलै दन्त पक्ति पनि जो
मनै चित्त हर्ने लुटेर सबैको
सुरक्षा त गर्दै मुहारै कलम्को
थियो नाक हर्दम् खडा भै रहेको
९४३
गरी मात माणिकको कान्तिलाई
भई लाल बिम्बै फलै झैं रसाई
थियो लाल लाल सुकुमार ओठ
हरेरै सबैको पनि होस पो त
९४४
थियो मेघको झैं स्वरै गम्भिरै जो
थिए वाक्य वेदै सरि मन्दिरैको
मृदु औ मनोहर् मुसुकानले ता
दिलै हर्दथ्यो लट्पटाएर रे ता
९४५
थियो शंख झैं तिन धर्का भएका
गला रामजीका अति शोभिएका
मनोहर ठोक्रो शरैले भरेको
थियो पिठमाथि खिली जो रहेको
९४६
कुमै देखि फेरि कटिमा पुगेको
जनेउ थियो पित छड्के परेको
त्यसै माथि फेरि वनै मालिकाले -
- सुशोभित् थियो - तुलसी कण्ठिकाले
९४७
अनि फेरि गंगा यमुना सरी नै
गराई कनै भान टम्मै गरी नै
कसेको उपर्ना निलो सुन्दरै त्यो
पुगेको छ छड्के भई कम्बरै जो
९४८

कटि देखि गुल्फै तक नै पुगेको
पिताम्बर , थियो रामले पैहिएको
पित बस्त्रकै टम्म पारेर फेरि
पटुका थियो कम्बरै माथि बेरी
९४९
अति सुन्दरै नील पद्मै सरीको
थियो सुन्दरै पाउ पद्मै हरिको
आहा ! पंकजैको भइ पात जस्तो
थियो रामका अंगुली फेर कस्तो ?
९५०
अनि तेसमा नख्मणि झल्मलाई
अकाशै महा सूर्य जस्तै उदाई
निजै भक्तको चित्तको मैललाई
हरेरै सुखी गर्दथ्यो तेज छाई
९५१
थियो पैतली लाल कोमल् त खासा
लिने चित्त सब्को गरी बस् महा ता
जहाँ चिन्हले चक्र रेखादिका त्यो
हरण गर्दथ्यो धर्तिको रोग ता जो
९५२
करोडौ अनंगै सरी कान्तिमान
थियो गाथ शोभित् र सौंन्दर्य जान
अनेकौ रविका सरी तेज छाई
अपूर्वै छटाले रहेका उदाई
९५३
श्रमै विन्दुले गाथ सब् ढाकिएको
रगत्का छिटाले भरी शोभिएको
ठूलो स्वेत निर्मल् शिला खण्ड माथि
विराजै भएको लिई भालु साथि
९५४
विषै तुल्य जो तिन लोक्मा भएको
दशैशीरको युद्धमा वध् गरेको
लिई वाम कर्मा धनू सुन्दरैको
भूमि माथि नै जो अड्याई रहेको
९५५
घुमाएर अर्को करै बीच वाण
रहेका शशि झै खिलि कान्तिवान
अरूणै सरी लाल लाल नयन्ले
सुशोभित् भएका प्रशन्ने वदन्ले
९५६

शरद पूर्णिमाका शशि झैं मुहार
फिजी कोटि सूर्यै सरी तेज् अपार
षडैश्वर्य राम चरण्पंकजैमा
भ्रमर बनोस चित्त मेरो जगैमा
९५७

प्रभुले कृपा दृष्टिको वृष्टि गर्दै
सुर वृन्द माथि पनि प्रेम गर्दै
दयाले सबै माथि दृष्टि दिनाले
कपि भालु सारा भए हर्ष ता रे
९५८

हे राम ! हे सुखधाम ! हे रघुनाथ ! हे प्रभो !
जय ! जय जय होस हे मुकुन्द ? हजुरको
भन्दै आनन्दले सारा हा हा हु हु गरी गरी
रामका सामुमा नाच्न लागे वानर त्यो घरी
९५९

देख्नासाथ् पतिको शिरै विकल् भै मन्दोदरी त्यो घरी
मूर्छित् भैकन ता लडिन् जमिनमा हा !हा !भनी बेसरी
नारी वर्ग रूदै उठेर अनि ता दौडेर फेरि अनि
उठाई दशकण्ठको नगिचमा तिन्लाई ल्याए पनि
९६०

स्वामीको गति देखदा तिनीहरू अत्यन्त नै कष्टले
ना ना भाँति कराउदै त्यसकनै लागे पुकार्गर्न रे
थियो केश फुकिकनै सकलको फिजी रहेको अनि
देहैको सुधि तेस हालतमहा थिएन कस्को पनि
९६१

ना ना प्रकारले छाति पिट्दथे अति कष्टले
प्रताप किर्तन गर्दै दशमुखको समस्त रे
रून्थे व्याकुल् भई सारा प्रियतम् ! हा ! हजुरको
बल्ले कम्पित् थिइन् पृथ्वी डराएर सदैव पो
९६२

निस्तेज् थिए अग्नि र सूर्य चन्द्र
कच्छप् र शेषै पनि राक्षसेन्द्र !
भारै हजुर्को पनि धर्नलाई
शक्तैनथे हा ! प्रियतम् ! डराई
९६३

हे नाथ ! आजै उहि गाथ ता यो
घुस्त्रो र फुस्त्रो रजले भई जो
पडि रहेको छ जमिन बीच
अनर्थ भो कान्त ! हरे अनि त
९६४

समीर इन्द्र बरूणै कुवेर
अग्नि यमराजहरू समेत
हजूरका संमुख युद्ध बीच
शक्तैनथे धीरज धर्न ती त
९६५

त्यो काल लाइ पनि ता हजूरले
थियो जितेको निज बाहु वीर्यले
अनाथ जस्तो भई नाथ ! आज ! हा !
पर्नु भयो धर्तिमहा हरे ! हा ! हा !
९६६

प्रभुत्व हे स्वामी ! हजूरको सब
प्रख्यात् थियो विश्वभरी सबै तब
आत्मिय त्यस्तै सुतका हजूरको
वर्णन् गरि सक्नु थिएन वीर्यको
९६७

विमुख् हुदामा रघुनाथ साथमा
यो हाल भो आज हरे ! नि युद्धमा
रोई दिने सम्म पनि कुलै महा
रहेन बाँकि कुल सन्तती यहाँ
९६८

प्रपञ्च सारा विधिको पनि सब
प्रभो ! हजुर्कै वशमा थियो तब
दिग्पाल सारा भयभित भैकन
बस्थे सदा नाथ ! शिरै झुकिकन
९६९

स्यालैहरूले अब गाथ नाथको
लागी रहेछन् पनि खान साथ पों
भएपछि राम विरूद्ध लोकमा
अनुचितै होइन यो कुरा उहाँ
९७०

ब्रम्हा औ शिव आदि देवहरूले जस्लाई ता प्रेमले
साष्टांगादि झुकिकनै गरदछन् जोडि सदा हात रे
राक्षस् रूपि विपीनका दहनका निम्ति महा ता ती जो
अग्नि तुल्य हुने स्वयं रघुपतिलाई यहाँ आज पो
९७१

मानिस् हो भनि ठान्नुभो हजुरले त्रैलोक्य स्वामीकन
सेवा गर्नु भएन हाय ! तिनको चरण् कमलकै झन
जन्मे देखि शरीर यो हजुरको पर्द्रोह मांझ सधैं
तत्पर् यो अनि पाप पुञ्जरूपिको थियो तथापि अझैं
९७२

बक्स्यो त्यो निज धाम हाय ! जसले हजूरलाई पनि
निर्गुण ब्रम्ह निरामयै प्रभु उनै श्रीरामलाई पनि
गर्छौं नित्य प्रणाम ता भुकिकनै हा !कान्ता!हा!नाथ रे
श्रीमान्‌लाई समेत आज जसले योगी मुनि सम्मले
९७३

नपाउने अति दुर्लभ् परम गति बक्सियो
त्यस्तो दयालु श्रीरामलाई छाडेर फेरि को
कृपासिन्धु छ को अर्को ? भन्ने मन्दोदरीजीको
वचन कानले सुन्दा देवता मुनि सिद्ध जो
९७४

भए अतिव आनन्द अनि ब्रम्हा र शंकर
नारद सनकादि औ स्वर्गका मुनि लश्कर
पर्मार्थ तत्वको हाल जान्ने जो छन् मुनीश्वर
ती सबैले प्रभुलाई खुसी भै प्रेम स्नेह र
९७५

आदर पूर्वकै हेरी प्रेम मग्न भए अनि
सारा रावणका नारीहरूलाई दु:खीं बनी
यसरी रोदनै गर्न लागेको देखि त्यो घरी
विभिषणजीको मन्मा पनि भो दु:ख बेसरी
९७६

दु:ख माने विभिषणले देखेर दाजुको दशा
अनि दिनु भयो आज्ञा रामले भाई साथमा
गएर लक्ष्मणैजीले तिन्लाई घेर भाँतिलें
सम्भाउनु हुँदा आए राम नगीच फेरि रे
९७७

कृपाको दृष्टिले हेर्नु भयो तिन्लाई रामले
'त्यागेर अब शोक्‌लाई कृया गर ' भनेर रे
आज्ञा दिनु भयो फेरि ति विभिषणले अनि
रामको हुकुमै मानी देशकालहरू पनि
९७८

मौका विचारदै मन्मा विधिपूर्वकले पनि
देहादिका क्रिया सारा गरे विस्तारले अनि
मन्दोदरी समेतैका रानीहरू समस्त ती
दिदै दशाननैलाई तिलाञ्जली तहाँ पछि
९७९

मनमा वर्णनै गर्दै गुण सब् रघुनाथको
गए महलका तर्फ दिन दु:खी भएर पो
अनि विभिषणै आई भुकाए पाउमा शिर
सौमित्रीलाई डाक्नुभो कृपालु रामले फिर
९८०

आज्ञा दिनुभयो फेरि भाई ! सुग्रीव औ तिमी
अंगद नल औ नील जाम्बवान हरू अनि
नीती निपूण् हनुमान मिलिकन सबै अब
साथै लंका विशे जाऊ गईकन अनि तब
९८१

राजतिलक् विभिषण्को गर सब् विधिले अब
बाबाको बचनै मानी एलै नगर भित्र त
म ता आउनै आफू भै भाई औ मित्रका सब
परिजनहरू सारा पठाएको छु है तब
९८२

सुनेर प्रभुको आज्ञा हिडे कपि तुरून्त नै
गएर विधिका साथै राज्य उत्सवको सबै
तयारी खुसीका साथ गरि आदर साथले
राखी विभिषणैलाई सिंहासन् माथि फेरि रे
९८३

अनि तिलक गरि उन्को गरे स्तुति समस्तले
जोडेर दुइटै हात भुकाए शिर माथ रे
साथै भई अनि फेरि ति विभिषण साथमा
राम नगीचमा आए हर्ष भैकन चित्तमा
९८४

प्रभुले वानरै लाई बोलाउनु भयो अनि
प्यारो वचन बोलेर साराको मनमा पनि
आनन्द पार्नु भो फेरि सारा वानरलाई नै
बोलेर अमृतै जस्तो वचन प्रेम साथ मै
९८५

मारियो रिपु भाई हो ! तिमीहरू सब्का बलैले पनि
पाए राज्य अहो ! विभिषणजीले तिमीहरूको अनि
किर्ति नित्य नया भईकन रहयो तिनै भुवन्मा सब
मेरो साथ तिमीहरू सकलको किर्ति र फेरि तब
९८६

तिमीहरू समस्तको अति ठुलो अत्यन्त नै प्रेमको
जोजो गाई लिनन् ति मानिसहरू विना परिश्रम अहो
यो ठुलो भव सिन्धु देखि छिनमै पारै हुनेछन् अनि
छूट्नेछन् तिनीहको सकल यो जन्मै र मृत्यू पनि
९८७

हेर्दा नै पनि बार्बार मुहार रघुनाथको
ती भालु कपिको फौज सारा अघाउदैनथ्यो
सुनेर रामको कोमल् बचनै सबले अनि
समाते चरण पदम प्रेम विव्हल् भएर नि
९८८

डाक्नुभो मारूत पुत्रलाई श्रीरामले तहाँ
हे हनुमन् ! तिमी जाऊ झट्टै लंकापुरीमहा
गएर जानकीलाई सुनाऊ समाचार यो
फेरि फर्क तिमी उन्को लिई कुशल हाल हो
९८९

भन्ने यो दिनुभो आज्ञा अनि श्री हनुमानजी
लंका नगरीमा आए खुसी भैकन ता अति
दौडिए सुनियो हाल राक्षस राक्षसी सब
गरे सत्कार ती सब्ले विविध भाँतिले तब
९९०

लगे सीताजीका सामु हनुमान कनै अनि
नमस्कार गरे तिन्ले टाढैबाट नुहेर नि
चिन्हु भो रामको दूतलाई श्री जानकीजीले
सोध्नुभो अनि फेरि बाबू ! भन सबै ति रे
९९१

कृपानिधान प्रभु भाई औ अनि
कपिशका सैन्यहरू संमेत नि
कुशल् हुनुहुन्छ भन मलाई त्यो ?
आयौ खबर् के लिई साथ ? भाई !जो
९९२

विन्ति गरे पवन नन्दनले अनि ता
माता ! जगज्जननि! हे महारानी ! सीता !
कोशलधिराज भगवान् सब रीतबाट
ऐले कुशल् त हुनुहुन्छ ति भाई साथ
९९३

संग्राममा प्रभुजीले दशकण्ठलाई
मार्नु भयो हजुरको दु :ख सब् छूटाई
अत्यन्त हर्ष हुन गो मनमा सीताको
माता श्रीलोकजननी जनक सुताको
९९४

रोमाञ्चितै हुन गयो जिउ नै समस्त
प्रेमाश्रुले भरी भयो नजरै समेत
आज्ञा भयो जनक नन्दिनीले म ऐले
तिम्लाई के दिउँ हनूमन ! आज मैले ?
९९५

तिम्रो वचन् सदृशका तिनलोकमा नै
उत्तम् त केहि पनि छैन कुरा जगत् मै
सुनेर यो पवननन्दनले खुसीले
विन्ति गरे जननी ! सुन्नुहओस् बसी रे
९९६

शत्रुहरू सब जितिकन युद्ध बिच
भाई सहित् नीर विकार अखण्ड ईश
राजै हुने रघुकलैमणि रामलाई
पाएँ नजर् भरि त देख्न मुमा ! रमाई
९९७

पाए विभिषणजीले पनि राज्य-माता !
यो देशको अविचलै सब सोख्य दाता
ऋषेक्ष औ कपिश साथ समस्त सैन्य
आनन्द छन् जननी ! छू म अतिव धन्य
९९८

हे अम्ब ! आज महिले सकलै जगत्को
साम्राज्य नै जननी पाई लिए मफत त्यो
सन्देह छैन यसमा अब केहि माता !
चाहिन्छ औ अब पनि अफ्न के यहाँ ता ?
९९९

आज्ञा भयो जनक नन्दिनीले अनि ता
हे बाबु ! हे सुत ! तथापि अझै पनि ता
तिम्रा त चित्त घरमा सतगुण सारा
बसुन् सदैव प्रभुको तिमी होउ प्यारा
१०००

हे बाबु ! लक्ष्मण सहित् भगवान राम
तिम्रो उपर् अनुकूले रहदै तमाम
तिम्रो मनोरथ पूरा गरनु हओस
होऊ अजर् अमर नष्ट हओस दोष
१००१

अनि सीताजीले फेरि भन्नु भो हे हनुमन् !
त्यहि यतन गरे बाबु ! जसमा म गईकन
आँखाले प्रभुको प्यारो श्याम कोमल सुन्दर
गाथको दर्शनै पाऊँ मनोरथ पुरा गर
१००२

रामको नगिचै आई फेरि श्री हनुमानले
सुनाए कुशल क्षेम जानकीको समस्त रे
सुनी सीताजीको सारा सन्देशलाई ता अनि
सूर्यका कुलका भूषण् भगवान् रामले अनि
१००३

कुमार अंगदै फेरि विभिषण कनै अनि
डाकेर भन्नु भो फेरि तिन्लाई यो कुरापनि
पवन पुत्रका साथ जाऊ , तिमीहरू सब
लिई आऊ सीतालाई आदर् पूर्वकै नै अब
१००४

तुरून्तै ती गए सारा सीताको नगिचै महाँ
विनय पूर्वकै सारा निशाचरीहरू तहाँ
सेवा गरि रहेकाथे सीताको खुसीसाथले
ती सब्लाई भने झट्टै गई फेर् विभिषण्जीले

१००५

गराए आदर साथ स्नान सब्ले सीताजीको
बस्त्राभूषण पैह्राए फेरि विविध भाँतिको
सजेको सजिलो पारी ल्याए पालकि सुन्दर
स्नेहि औ सुखका धाम सम्झि राम मनोहर

१००६

चढ्नुभो पालकी भित्र सीताजी अति हर्षले
हातमा वेतका डण्डा लिई रक्षक फौजले
आनन्द मनले आए अतिव आदरै गरी
चारैतर्फ हिडें फेरि म्यानाको ती वरि परि

१००७

हेर्न आए तहा सारा अनि भालू र वानर
हटाउन कपिलाई रक्षकहरूले तर
दौडिए वेतका डण्डा लिए र अनि रामले
हाँसि भन्नुभयो झट्टै विभिषण् कन फेरि रे

१००८

सखे ! मान मैले भनेको कुरा यो
सीतालाई ल्याउ हिडाई पुरा जो
अहो ! नधपाउ वीर फौजलाई
ति आउन् सीता पैदले नै रमाई

१००९

सखे ! भालु औ वानर वीर सारा
जननी कन झै ती हेरून् विचारा
सुनी रामजीको प्रिय वाणिलाई
भए हर्ष भालु कपि ता रमाई

१०१०

अनि दृवताले नभै बाट फेरि
गरे वर्षणै पुष्पको खूब ढेरी
अनि अन्तरयामिले पावकैमा -
-अघी राखीएको लुकाएर जस्मा

१०११

सीतालाई प्रकट् गर्न आट्नुभो त्यो घरी अनि
तसर्थ करूणा सिन्धु भगवान् रामले पनि
दुर्वाच्य बोल्नुभो केहि सीता साथ कडा अति
अत्यन्त अप्रिय तेस्तो वाणि सुन्दा समस्त ती

१०१२

भालु औ राक्षसै सारा गर्न लागे विषाद नै
हा !हा !भन्दै कपि सारा रूनलागे त्यहाँ कठै!
कर्म औ मन वाणिले पवित्र जानकीजीले
आज्ञालाई धरी सारा रामको शिर माथि रे

१०१३

लक्षण ! धर्मकी भागी हुनुहोस हजूर नै
अग्नि जलाउनुहोस मेरो निम्ति तुरून्त नै
आज्ञादिनुभयो यस्तो लक्ष्मण्जीलाई ता अनि
सीतको विरहै धर्म विवेक विनयै पनि

१०१४

मिलेको वचनै लाई सुनेर लक्ष्मणैजीको
कमल् तुल्य दुवै आखा जल आएर छोपियो
जोर्नु भयो दुवै हात तर श्रीराम साथमा
सक्नुभएन लक्ष्मण्ले बोल्न केहि पनि तहाँ

१०१५

रामको आशयै देखि दौडेर लक्ष्मणै अनि
धेरै काठहरू ल्याई अतिव भीषणै पनि
जलाई दिनुभो आगो दन्क्यो प्रवल भै अति
आगो देखि सीतालाई भयो भित्र खुसी कति

१०१६

भएन त्राश त्यो बेला जानकीलाई चित्तमा
अपार हर्ष भो मन्मा अग्नि देखेर झन् तहा
अग्निको प्रार्थना गर्नु भयो जानकीले अनि
यदि म मन वाणि औ कर्मले ता सदैव नि

१०१७

मेरो मन्मा रामजी छाडी कोहि
छैनन् अर्को गति भने त कोहि
अग्नि देव ! आज हजूर नै जो
सर्व साक्षि हुनुहुन्छ सबैको

१०१८

मेरो निम्ति श्रीखण्ड चन्दन कै समानको
हुनु होला अब सत्य मलाई पार्नु होस पो
अग्नि ,श्रीखण्डकै तुल्य भए शीतल त्यो घरी
परिक्रमा गरी फेरि रामको प्रेमले भरी

१०१९

रामको चरण पद्मलाई सम्झेर चित्तमा
प्रवेश गर्नु भो सीता खुसी भै अग्नि भित्रमा
शिवजीले नमस्कार गरेका कोशलेश्वर -
- रामका पाउ पंकजमा लागेका अति निर्मल

१०२०

पवित्र प्रितिको नित्य जय जय हओस रे
जानकीको प्रतिविम्ब अनि लौकिक् कलंक रे
दुवै प्रचण्ड अग्निमा जले खाग भईकन
सकेनन् ताड्न कोहिले रामको यो लीलाकन
१०२१

उभिएर गगन् माथि देवता मुनि सिद्धले
थिए हेरि रहेका यो लीला ता खुसीसाथ रे
लिएर विप्रको रूप अनि आफै हुताशन
श्रुति प्रसिद्ध जो सीता हुनुहुन्थ्यो उहिकन
१०२२

ल्याई पैले क्षीर सागर्जीले जो
विष्णुलाई प्रेम आनन्दले पो
महा लक्ष्मिलाई अर्पण् गरे झैं
सीता अर्पण् रामलाई गरे है
१०२३

राम साथ सुशोभितै हुनुभयो देब्रेतिरै जानकी
अत्यन्तै रूचि औ भलो छवि थियो तेसैबखत् मानकी
नयां नील सरोजका नगिचका मानौ सुनौंला सफा
पद्मैको कलि हो कि त्यो बखतमा फक्रिरहेको अहा ।
१०२४

गर्थे वर्षण फूलको झरी सरि हर्षित भई देवले
घन्किईकन दुन्दुभि गगनमा लाग्यो अनि बज्न रे
लागे गाउन किन्नरैहरू पनि चढ्दै अनि यानमा
थाले नाच्न ती अप्सराहरू पनि खुसी भई चित्तमा
१०२५

सीताको साथमा राज हुँदा , श्रीभगवानको
अनुपम मनोहारी भयो शोभा अपारको
त्यो शोभा देख्न पाएर भालु वानरले सब
पुकारा गर्न लागे ती मन्मा हर्ष भई तब
१०२६

सुखका सार सर्वस्व भएका रघुनाथको
जय जय जय होस सीताका प्राण नाथको
अनि श्रीरामको आज्ञा पाएर रघुनाथको
चरण पंकजै माथि झुकाईकन शिर जो
१०२७

इन्द्रपुरी गए हर्ष भएर मातलि अनि
सदा स्वार्थि भएका ति आए देवहरू पनि
मानौं परमार्थिनै हुन्कि भने झैं देव ती सब
बोल्न लागे मिठो बोलि भएर अति हर्षित
१०२८

हे दयालो ! रघुनाथ ! हे दिनबान्धव ! प्रभो !
दया गर्नु भयो नाथ ! हामी माथि अपारको
कुमार्ग गामि कामी औ संसार द्रोहि नीच त्यो
रावण पापले आफ्नै आज नाश भएर गो
१०२९

हजूरै सम रूप औ अविनाशी
सधै एक रस् सहज नै उदासी
अखण्डै अजित् निर्गुणै निर्विकार
अनघ अनाम मय ब्रम्ह सार
१०३०

निजै बानीले नै तटस्थै रहेका
उदासिन औ लोक साक्षि भएका
अमोघ् शक्ति कृपामयै दीननाथ
अकेला अनुपम् रघूवंश नाथ
१०३१

सुखैका स्वरूपी सीताका पियारा !
रविवंश भूषण ! भगत्का सहारा !
विराजै भई वानरै भालु साथ
चरित्रै त गर्ने त्रिलोकेश ! नाथ !
१०३२

माछा भो कछुवा वराह अनि ता नृसिंह औ वामन
पर्शूराम अनेक रूपहरूको गर्नु भयो धारन
जे जैले त समस्त हामीहरूले दु :ख पाउछौ लोकमा
ते तैले त हजुरले रूपधरी ना ना थरिको यहा
१०३३

ती दु :खादिस नष्टपारी प्रभुले सौख्यै दिनूहुन्छ पो
हामी माथि दया गरेर भगवान् ! रूपै धरेरै अहो !
पापैको मूल कारणै र सुरको द्रोहि र लोभि पनि
कामी लम्पट मत्तमान मदले क्रोधी थियो त्यो अनि
१०३४

त्यो रावण् पनी धाम गो हजूरको देख्ता प्रभो ! यो सब
लागेको छ अतिव विस्मय प्रभो ! हाम्रा मनैमा अब
ज्यादै नै अधिकारी हामी सुरनै सारा भएता पनि
स्वार्थै लम्पट छौ भुलेर प्रभुको भक्ति समेतै पनि
१०३५

हामी सबै यो भव सिन्धुका नै
प्रवाहमा मग्न भई सदा नै
पऱ्यौ प्रभो ! आश्रय - विन्दु खोजी
आयौ शरणमा प्रभु पाउ रोजी
१०३६

गर्नु हवोस् नाथ ! दया दयालो
विन्ति गऱ्यौ पाउकमल् परी जो
द्यौता तथा सिद्धहरू रमाई
जोरी दुवै हात थिए खडा ती
१०३७

अत्यन्त प्रेमले विव्हल भई ब्रम्हाजी त्यो घरी
स्तुति गरन लाग्नुभो गद् गद् भैकन बेसरी
हे हरे ! सुखका धाम ! रघुनायक ! हे प्रभो !
धनुर्वाणधर ! राम ! जय होस हजूरको
१०३८

हे गुण सागर नाथ ! संसार रूपि हात्तिको
विदारण गर्नका निम्ति छ सिंह रूप कान्ति जो
हे परम् चतुर नाथ ! गुण सागर ! हे विभो !
जानकी जीवन ! राम ! जय होस हजूरको
१०३९

राम हजूरको श्याम गाथमा जो अनुपम
अनेक कामको सुन्दर् छवि जो छ निरूपम
सिद्धै मुनिश्वरै फेरि कवि वृन्द हजूरको
गाउँछन् निर्मल किर्ति मग्न भैकन हे प्रभो !
१०४०

परम् पवित्र छ किर्ती प्रभुको अति निर्मल
क्रुद्धभै प्रभुले नाथ ! नाग भैं अति दुस्तर
रावणैकन ता स्वामी ! खगनाथ सरी भई
मारी दिनुभयो नाथ ! संग्राम भूमिमा गई
१०४१

रञ्जनै गरनु हुन्छ हजूर भक्तको सदा
भञ्जनै गरनु हुन्छ भय शोक समस्त ता
क्रोध सून्य सदा ज्ञानमय ! हे रघुनन्दन !
अवतार हजूर्को यो उदार सुख साधन
१०४२

अपा र गुण पृथ्वीको भार हरण गर्दिने
ज्ञानले पूर्ण हे नाथ ! भवको दु :ख हर्दिने
जन्मले रहितै व्यापक् हुनुहुन्छ हजूर है
एक अनादि औ फेरी कृपाकर पनि अझैं
१०४३

प्रशन्न ता साथ हजूरलाई
प्रणाम गर्छु म सदा रमाई
हजूरले हे रघुवंश भूषण्
मार्नु भयो खर त्रिशिर दुषण्
१०४४

ती दुखी विभिषणलाई राम !
राजा बनाई दिनु भो अकाम
गुण र ज्ञानहरूका निधान !
व्यापक् ! अज ! हे भगवान् ! अमान !
१०४५

रज गुणले रहित भएका
गर्छु प्रणामै सबमा रहेका
स्वामी हजुर्को भुजदण्डको ता
बल प्रतापै छ प्रचण्ड पो ता
१०४६

दुष्टैहरूका समुदायको नै
नाश् गर्नका निम्ति पनि त जो नै
महा कुशल् नै हुनुहुन्छ नाथ !
जगत्प्रसिद्धै रघुवंश नाथ !
१०४७

विना कारण दिन माथि करूणा राखीकनै हे प्रभो!
प्राणीको हित गर्नुहुन्छ भगवान् गर्दै ठूलो प्रेम जो
शोभाधाम रमा सहित रहने स्वामी हजुर्मा प्रभो !
अर्ति भैकन गर्दछु रघुपते ! ऐले नमस्कार पो
१०४८

संसार् सागरलाई पार गरने संसारीलाई पनि
काजै तत्परमा सदैव रहने लिप्त मनभित्र नि
हुने प्रकट काम आदिक ठूलो दोषहरूको पनि
संहारै गरने हजुर्कन म ता गर्छु नमस्कार नि
१०४९

मनोहर् धनुर्वाण ठोक्रो भिरेका
अरूण् पद्म जस्तै नजर् नै भएका
महाराजधिराजको रूपमा नै
रहेका सुख मन्दिरै पूर्ण कामै
१०५०

रमाका रण् क्रोध मद गर्भ भार
ममतादिका दोष जो छन् हजार
सबैलाई शान्तै त गर्ने प्रभुमा
नमस्कार गर्छु झुकी शिर भूमा
१०५१

अखण्ड अगोचर् र निर्दोष नाथ
सदा सर्वदा सर्व रूपि त खास-
- भएरै पनि फेरि भिन्दै रहेका
पर भै सबै कर्म गर्दै रहेका
१०५२

वयानै गरको छ वेद्ले सदा यो
यि ता होइनन् नाथ ! दन्तै कथा पो
जसोरी रवि घाम बाटै अभिन्न -
- पनि हुन् र छुट्टै पनि हुन् बुझिन्न
१०५३

प्रभो ! यी कपि भालुहेरू विचारा
भय कृत कृत्यै रघुनाथ ! सारा
अति प्रेमले यी सबै नाथको नै
मुखै हेरि हर्षित छन् भित्र पो नै
१०५४

भगवान् ! खरारे! रघुवंश नाथ !
प्रभो ! हे हरे ! जानकी प्राण नाथ !
शरीरै भएता पनि देवताको
सधै धिक् धिक् हामीलाई सदा पो
१०५५

नपाई हजुर्को प्रभो ! भक्ति ता जो
भुलि भड्किदै छौ प्रपञ्चौ महा पो
अहो ! दिनबन्धो ! दया नै गरेर
नर्जगर्नुहोस् हामीलाई रमेर
१०५६

जजस्को प्रभो ! प्रेरणाले पनि ता
विपरित कर्मादि गर्दै अनि ता
दु :खैलाई नै सुख्ख सम्झेर खास
भुलेको छ निर्धक्क भै तेसमा त
१०५७

प्रकट् गर्दिने भेदको भावना जो
ठूला भ्रान्ति पूर्णै भएकि सदा त्यो
मतिलाई नाशिदिनु होस नाथ !
म गर्छु पुकारा परी पाउमा त
१०५८

प्रभो ! नाथ नै दुष्ट प्राणी सबैको
सधै खण्ड नै गर्दिने भार नै जो
मनोहर् पनि नाथ नै पूर्ण काम
नयनाभिरामै सुख शान्ति धाम
१०५९

स्वामीका चराणारविन्द शिव औ श्रीपार्वतीले पनि
पूजा नै गरिइन्छ हे रघुपते ! भक्ति सहित्ले अनि
महाराज्अधिराजका मनिठुलानायक् हजुर्को प्रभो!
पाउ पंकजमा सदैव भगवन् कल्याणकारी भलो
१०६०

लागोस् प्रेम यहि मलाईदिनुहोस् वर्दान ऐले प्रभो !
माग्दैछु प्रभुको शरण् परि सदा यहिदिनुहोस् विभो !
ब्रम्हाले यहि रितले शरीरमा रोमाञ्चितै भैकन
गर्नु भो स्तवनै अनेक विधिले प्रेमाश्रु झारीकन
१०६१

ब्रम्हाको नजरै रघुवीरजीको मुहार हेर्दा महा
तृप्तै हुन्नथियो बने स्थिर सबै चित्रै सरि भै तहा
राज श्रीदशरथ् त्यहि बखतमा आए त्यहाँ हर्षले
अश्रुपूर्ण भयो नजर् नृपतिको देख्दा ति छोरा हरे !
१०६२

प्रणाम् गर्नुभयो खुसी भई तहा भाई सहित् रामले
आशिर्वाद दिए पिता दशरथैजीले अति हर्षले
भन्नुभो रघुनाथले खुसी भई बाबा ! हजुर्को सब
यो हो पुण्य प्रतापको फल जितें शत्रुहरू सब् अब
१०६३

अत्यन्तै अजयी र वीर दशमुख्लाई जिते युद्धमा
भन्ने यो सुतको सुनेर वचनै ती भूपका चित्तमा
आयो स्नेह र प्रेम उम्लिकन ता आँखा भरीभो जल
रोमाञ्चित भएर देह सब ति प्रेमूले भए निश्चल
१०६४

पैलेको प्रितिको याद गर्नुभो रघुनाथले
पितालाई कृपा दृष्टि हेरेर अनि झट्ट रे
गिरिजे ! दशरथ्लाई दृढ ज्ञान दिनु भयो
भेद भक्तिमहा चित्त धरेका तिनले त यो
१०६५

पाएनन् तिनले मोक्ष त्यसै कारणले अनि
सगुण् उपासकैहेरू लिदैनन् मोक्ष नै पनि
आफ्नै भक्ति दिनुहुन्छ तिन्लाई रघुनाथले
मस्त हुन्छन् ति सेवा मै लिदैनन ज्ञानसम्झरें
१०६६

बारम्बार प्रभुलाई गरी प्रणाम प्रेमले
देवलोक गए राजा दशरथ् खुसीसाथ्रले
कुशल् पूर्वकका साथ भाई औ जानकीजीले
शोभित कोशलाधिश रामको छविलाई रे
१०६७

देखेर मनमा हर्ष भएका देवराज ती
स्तवनै गर्न लागे ती रामको खुसी भै अति
शरणागत जन्लाई दिने विश्राम नै सदा
शोभाका घर हे राम ! सुख धाम अतिव ता
१०६८

जै जै हओस् नाथ ! सदा हजुरको
जै होस् दयालो ! रघुवंश नाथको
ठेक्रो धनुर्वाण गरेर धारण
गर्ने जगत्को सब भार नाश न
१०६९

प्रचण्डै भुजदण्डको प्रवल छ प्रताप जो लोकमा
जै जै होस सधै प्रभो !रघुपते !जै होस् सीतानाथमा
दूषण्का अरि ! हे खरारी!रघुनाथ! जै जै असुरारिको
राक्षस्का सब सैन्यको मरदैन गर्ने कबन्धारिको
१०७०

हे नाथ!आज हजुरले अति ठूलो मार्नु भयो दुष्ट यो
हामी देव भयौ सनाथ भगवान् छुटेर त्यो कष्ट जो
उदारै र अपारको छ महिमा भार हर्दिने भूमिको
जै जै नाथ जय हओस् रघुपते ! पर्छौं शरण् हामीजो
१०७१

ती राक्षस् गणलाई घ्वस्त गरेन हे रावणारि ! प्रभो !
कृपालो रघुनाथको जय हओस् जै जै खिलाडि प्रभो !
ज्यादै नै अभिमानी औ बलि थियो त्यो रावणैता हरे
गन्धर्वै सुर सिद्धलाई वशमा पारी दियो कष्ट रे
१०७२

पक्षि सिद्ध मनुष्य नाग र मुनि द्यौताहरूको पनि
नित्यै जिद्दि गरी थियो पछि पछि लागीरहेको पनि
सद्धै तत्पर अन्य द्रोहहरूमा अत्यन्त नै दुष्ट पो
पायो औचित फल्प नि अधम् औ पोष्टिले ता भलो
१०७३

हे राजिव ! विशाल नेत्र भगवान् दिनदयालो अब
पुकारा सुनि बक्सियोस प्रभुले मेरो पनि ता सब
कोहि छैन ठूलो मतुल्य जगमा भन्ने मलाई प्रभो !
ज्यादै गर्व थियो कृपालु भगवान् ऐले हजुर्को भलो
१०७४

पाउँदा पदपद्मको दरशनै त्यो दु:खका पुञ्जको
सारा गर्वहट्यो तुरून्त भगवान् !पाई कृपा पुञ्ज यो
अव्यक्तै भनि , गाउँछन् जसकनै वदैहरूले पनि
त्यस्ता निर्गुण ब्रम्हलाई ति कुनै सतैहरूले अनि
१०७५

गर्छन् घ्यान तथापि नाथ !सगुणै स्वरूप ता नाथको
शान्तै सुन्दर राम मूर्ति यहि नै मैलाई मन पर्छ यो
सौमित्री र सीताजीले सहित भै मेरो मनै पद्ममा
बस्नुहोस् भगवान् ! सदैव प्रभुमा गर्छु म विन्ति यहाँ
१०७६

आफ्नो दास मलाई सम्झिनुहओस् हे भक्तरक्षक् प्रभो !
भक्ति बक्सनुहोस् मलाई भगवान् गर्छु नमस्कार यो
हे नाथ!हे भयहारी !हे रघुपते !हे सोख्यदायक् ! प्रभो !
महालक्ष्मि निवास ! भक्ति दिनुहोस् ऐले मलाई विभो !
१०७७

हे सुख धाम ! हे राम ! रघुनायक ! राघव !
अनेक् मदनको शोभा हुने प्रभुकनै अब
गर्दछु वन्दना नाथ ! हे राम सुर वृन्दमा -
रञ्जन गरने द्वन्द हर्दिने दिननाथमा
१०७८

अतुल्बल नरदेहि ब्रम्हा औ शिवले पनि
पूजनै भक्ति औ सेवा गर्नु पर्ने सदैव नि
कृपाले कोमलै चित्त भएका हे दयामय !
हजुर्लाई नमस्कार गर्दछु म कृपामय !
१०७९

कृपा गरेरै अब दिन वान्धव
मलाई आज्ञा दिनु होस् प्रभो ! सब
हेर्नु हओस् दिन दयाल ! प्रेमले
आफ्नो पुरा गर्नु हओस नेम रे
१०८०

गरौं सेवा म के ? नाथ ! भन्ने ती सुरराजको
दिनताले भरिएको प्यारो बोलिकनै त जो
सुनी कृपालुले फेरि आज्ञा गर्नु भयो अनि
गिरिजे ! भन्दछु सोहि सुन सुरपते ! भनी
१०८१

राक्षस सैन्यले मारे जस्लाई युद्ध क्षेत्रमा
ती भालु वानर यसै पडेका छन् जमिनमा
हे बुद्धिमान ! हे इन्द्र ! यिन्ले मेरा निमित्तमा
छाडेका छन् निजै प्राण लडदै समर बिचमा
१०८२

बचाई देउ यी भालु वानर सैन्य ता सबै -
पैले जस्तै भई सारा बाँचून् प्रवल वीर भै
सुन्नुहोस खगनाथ ! प्रभुको वाणि ता अहो !
अतिव गूढ छ बुझ्छन् मुनि औ ज्ञानी मात्र जो
१०८३

ज्ञानी मुनिहरू मात्र जान्दछन् बुझ्दछन् अहो !
गुढ मर्महरू सारा प्रभुका यो चरित्रको
त्रैलोक्यलाई नै मार्न सक्नु हुन्छ रघुवीर
समस्तलाई एक् पल्मै जिलाउन पनि फिर
१०८४

इन्द्रलाई दिएको हो यो ता केवल इज्जत
अनि वर्षा गराएर इन्द्रले पनि अमृत
भालु औ वानरै लाई गराए जीवीतै सब
खुसी भैकन ती सारा उठिकन तुरून्त त

१०८५

रामको सामुमा आए सुधाको वृष्टि ता अहो !
भएको हो दुवै पक्षमाथि एक समानको
तर भालु कपि मात्र भए जिवित हेर त
बाचेनन् राक्षसै एक यो लीला कति गूढ छ

१०८६

रामाकार भएकोथ्यो राक्षस्को मन ता तब
तिन्ले संग्राममा आफ्नो देह छाडेर नै सब
पुगे ब्रम्ह पदैमा नै बाचेनन् त्यहि कारण
वानर भालु ता देवहरूको अंश लि कन

१०८७

जन्मेका हुन् प्रभु सेवा निम्तिमानै समस्त रे
अम्बिके ! रामको इच्छा हुनाले नै तसर्थ रे
भए जिवित ती सारा रामजीका समानको
दिन जनहितकारी लोक्मा स्वामी छ को र पो ?

१०८८

गरायो जसले मुक्त समस्त राक्षसैकन
कामरत मलधाम दुष्ट राक्षसले जुन
अति दुर्लभको पायो गति त्यो गति ता सधै
पाउदैनन् मुनि सन्त वृन्द पनि समस्त नै

१०८९

चढि चढि दिव्य विमान माथि
द्यौताहरू हर्ष भएर ताँति
श्रीराम माथि गरि पुष्प वर्षा
फर्केर आए सब फेरि घर्ता

१०९०

अशल् मौका देखि अनि शिवजी राम समिपमा
सवारी भो प्रिति अधिक त हुदा चित्त बीचमा
दुवै बाहु जोरी अनि पछि नयन् पद्‌म पनि त
भराई आँसूले शरिर कन पारी पुलकित

१०९१

स्तुति गर्न लाग्नु भयो त्रिपुरारी
वचन् गद् गद भै विकल् कण्ठ पारी
धरी हातमा वाण श्रेष्ठ र सुन्दर
प्रभो ! दिनवन्धु करूणा समुन्दर

१०९२

रघुवंश नायक् ! प्रभो ! रावणारे !
प्रभो ! गर्नु होस् रक्षणै आज प्यारे !
घना मोह रूपि घनपटलको
निमित्त प्रभञ्जन् रूपि अटलको

१०९३

कुसन्देह रूपि वनैका निमित्त
भएका डढेलो स्वरूपि अमित
सुखी गर्दिने देव वृन्दादिलाई
सगुण रूपले हर्दिने चित्तलाई

१०९४

सगुण र निर्गुण् स्वरूपि भएका
गुणका भवन् तुल्य रूपै भएका
मदै मार क्रोधै रूपि हात्तिका नै
निमित्तै प्रभो ! सिंहका रूप् सदा नै

१०९५

प्रभो ! भक्तका मन् रूपि काननैमा
विहारै सदा गर्नु होला जनैमा
विषयादि तृष्णा रूपि पद्‌म वन्का
समुहहरू निम्तिमा फेरि भन्ता

१०९६

प्रभुनै प्रवल हीमका नै स्वरूप
दिने भक्तमा शान्ति आनन्द खूब
भव सागरैको मथन् गर्नलाई
मदानी स्वरूपि हुनुहुन्छ आई

१०९७

अति सुन्दरै भ्रान्ति रूपि तमको
निमित्तै प्रवल भास्करै तुल्यका जो
भएका रघुनाथ ! मेरो तमाम
भयै भीषणै नाशनू होस राम !

१०९८

अति दुस्तर यो भव सिन्धुबाट
पुन्याई दिनुहोस तारेर घाट
प्रभो ! राम ! श्याम ! शरीर भएका
अरूण कमल् भै नजर भएका

१०९९

दिन जनका बन्धु स्वरूप नै जो
पीडा हर्दिने शरणागत् जनैको
अनुज र सीताजीले सहित भै
मम हृदयमा सदा शोभित भै

११००

निवास गरि बक्सनु होस राम !
प्रभो ! मुनि जन्का हृदयै विश्राम
मुनि रञ्जन ! पृथ्वीमण्डलका जो
गहना स्वरूपि भएका सदा पो
११०१
भय हर्दिने मालिक तुलसीका
विनाश गरनें अधम जतिका
अब अबधमा प्रभुको दयालो !
हुनेछ तिलक् त्यो जहिले कृपालो !
११०२
हे कृपासागर ! त्यसै बेलामा पनि नाथको
उदार चरितै हेर्न आउनेछु म साथ जो
स्तुति गरेर जानु भो शंकर जब हर्षले
अनि विभिषणै आए रामजीका समीप रे
११०३
शिर तिन्ले झुकाएर बोले कोमल वाणि यो
हे दिनवान्धव! मेरो सुन्दिनु होस, विन्ति यो
कुल दलबलका साथ प्रभो ! हजूरले सब
मार्नुभो रावणैलाई संसार भरमै अब
११०४
फैलियो पावनी किर्ति शारंग पाणि हे प्रभो !
बुद्धि औ जातिले हीन मलिन् दिन ममा प्रभो !
कृपा गर्नु भयो धेरै प्रभुले विविध थरी
नाथ ! अब पनि फेरि ममाथि करणा गरी
११०५
दासको घरलाई यो पानुहिास पवित्र पो
स्नान गर्नु हओस् जेले हटोस् यो श्रम युद्धको
श्रीसंपति र हे नाथ ! ढुकुटि महलै सब
हेरेर खुसी भै नाथ ! भालु औ कपिमा अब
११०६
बक्सिस बक्सनु होस मलाई सब रीतले
आपन्नो अनन्यको दास पारी बक्सनुहोस रे
पाल्नु होस लिई साथै मलाई अवधै मह्ा
भन्ने कोमल औ आर्त सुनेर वाणि यो तहा
११०७
दिन दयालुका सुन्दर विशाल पद्म नेत्रमा
भरियो प्रेमको आँसु आज्ञा भो विभिषण् महा
भाई ! तिम्रा धन कोष महलैहरूता सब
मेरै हो सुन हे भाई ! सत्य वचन यो अब
११०८

हालत् श्री भरतैजिको हृदयमा सम्झि लिदा यो घरी
जस्मा एक निमेष कल्प सरि भै वित्तो छ लामो गरी
छन् ति तापस भेषमा शरीर नै दुब्लो मलिनै अनि
सद्धै नै ति मलाई नै हृदयमा जप्छन् अधिरै बनी
११०९
बन्दोबस्त गरे सखे अब छिटो देखौ तिनैलाई नै
झट्टै यत्न गरे खुसामद म ता गर्छु तिमीलाईनै
बिताई अवधि पुगे यदि भने ऐले अयोध्या म ता
प्यारा भाई भरत्जीलाई जिउदै म देख्न पाउन्न ता
१११०
बोल्दैमा यति नै कुरा भरतको सम्झेर प्रेमै पनि
बारंबार पुलकित् पनि हुनुभयो श्रीरामजी ता अनि
आज्ञा गर्नु भयो विभिषणजीमा फेरि प्रभुले पनि
कल्पौ कल्प रहेर गर्नु तिमीले यो राज्य शासनभनी
११११
सम्झ है मनमा मलाई अनि फेर् जाहा सुसन्तहरू
जन्छन् त्यो मम धाममा तिमी पनि जानू खुसीले अरू
सुन्दामा प्रभुको कुरा विभिषणै खुसी भए त्यो घरी
पक्रे पाउ दुवै कृपा महलको तिन्ले अनि बेसरी
१११२
बन्दै हर्षित भालु वानर सबै श्रीरामका पाउमा
पक्रि निर्मल क्रिर्ति श्रीप्रभुजीको खुसी भई चित्तमा
लागे वर्णन गर्न लाई खुसीले फेरि विभिषण्जीले
घर्मा गैकन जो हिरा मणि अनि ना ना थरि वस्त्रले
१११३
भर्दै पुष्पक यानलाई अनि त्यो विमान ल्याईकन
राखे रामजीको अगाडि खुसीले दुर्गे ! अनि ता सुन
हाँसि श्री करूणा निधान प्रभुले आज्ञा भयो त्यो घरी
सुन्नोस् मित्र ! तपाई ता अब यहा तुरून्त नै यो घरी
१११४
चढि पुष्पकमा गएर नभमा बस्त्रादि भूषण् सब
वर्षाउ खुसीले यि भालु कपिले छानी लिउन् त्यो अब
तुरून्तै खुसीले विभिषणजीले गएर आकाशमा
वर्षाए सब बस्त्र भूषण्हरू बर्षा सरीकै तहाँ
१११५
जस्लाई मन पर्दथ्यो चिज उहि लागे लिनै वानर
मुख् भित्रै मणिलाई हालिकन ता लागे ती थुक्नै तर
कृपासिन्धु परम कौतुकी प्रभु भाई सीता साथ मै
हास्नुभो कपि भालु वीरहरूको देखि तमासा सबै
१११६

भेट्दैनन् ऋषिवृन्दले भजन औ ध्यान्मा पनि जोकन
नेती नेती भनी श्रुतिहरू सदा पुकार्दछन् जस्कन
कृपासागर सोहि राम कपिका साथै अनेकौ थरी
लीला कौतुक गर्न लागनु भयो दुर्गे ! खुसीले गरी
१११७

धेरै नै जप दान पुण्य र तथा सत्संग सेवा अनि
योगाभ्यास कठोरका ब्रत नियम् यज्ञादि गर्दापनि
गर्नु हुन्न कृपा कुनै उपरमा तेहि सरीको प्रभो !
गर्नु हुन्छ बिशुद्ध प्रेम गरदा अत्यन्त नै स्नेह पो
१११८

पाए बस्त्र र भूषणै सकल ती भालु कपि आदिले
पैह्री पैह्री कनै अनि प्रभुजीका आए समीपै ति रे
ना ना भाँति सिँगारिने कपि कनै देखि अयोध्यापति
बारम्बार प्रिया र लक्ष्मण सँगै हास्नुभयो फर्क ति
१११९

कृपा दुष्टि दिनूभयो प्रभुजीले सारा कपिमा अनि
बोल्नुभो अनि कोमलै बचन ता हाँसेर फेरि पनि
भाईहो !तिमीहरूको अति ठूलो पौरूषले नै गरी
मारे रावणलाई सब् जगतको मैले दुखै दुर्गरी
११२०

अर्पे राज तिलक् विभिषणकनै मैले खुसी साथले
भाई हो ! तिमीहेरू ता अब सबै प्रशन्नका साथ रे
आ -आपना घर जाउ जाई घरमा सम्झे मलाई पनि
कैल्यै नै भयभित ता नहुनु है कोहि कुनै साथ नि
११२१

सुनेर त्यो कुरा प्रेमले भएका व्याकुल पनि
कपिले जोरदै हात बोले आदर साथ नि
जो जति प्रभुजी आज्ञाहुन्छ नाथ ! समस्त त्यो
सुहाउदो छ हे स्वामी ! प्रभुकन अबश्य पो
११२२

हामीलाई त त्यो वाणि सुन्दामा मोह हुन्छ है
हामीलाइ दुःखी जानीकन भालु र वानरै
सनाथ पार्नुभो नाथ ! त्रैलोक्याधीश हे प्रभो !
लाजले मर्दछौ हामी सुन्दा वचन आज यो
११२३

कहिं भूसुनाहरूले पनि प्रभो !
गरूडको गर्छ र हीत नै अहो !
बोलेर यस्तो बचनै अनि ती ता
मुहारु श्रीरामजीको निहारी ता
११२४

चुर्लुम्म प्रेम सागर्मा डुबे वीरहरू सब
तिनका मनमा इच्छा रहने घरको तब
रामको प्रेरणाले नै सारा भालु र वानर
रामको चरणैलाई राखी हृदयमा तर
११२५

धेरै विन्ति गरेर फेरि हरषै विषादले युक्त भै
हिडे वानर भालु - फर्कि - घरमा जानै भनेरै सबै
जाम्बवान् हनुमान अंगद अनि सुग्रीव नल् आदिका
वीर् वीर् युद्धपतिहरू र अरू ती विभिषणै सब् ति ता
११२६

प्रेमका बस् भई बोल्नलाई वचनै सक्तैनथे कोहि ता
खालीनेत्र भरि भरीकन जल व्याकुल् भइ हा !ति ता
झिम् झिम् सम्म नपारी नेत्र प्रभुका सामु मुहारै महां
लागे हेर्न भएर चित्र सरि नै तेसै बखत्मा तहाँ
११२७

अत्यन्तै अनुराग देखि सबको श्रीरामजीले अनि
ती सबूलाई विमानमा खुसी भई चढाउनुभो पनि
चित्तैले गुरू विप्रका चरणमा गर्दै प्रणामै पनि
सम्झि श्री शिवलाई उत्तर तिरै लानु भयो यान नि
११२८

कोलाहल हुनगो विमान चलदा फेरि अति हर्षले
सब् प्राणिहरूले भने जय हओस् जै जैं रघुवीर रे
अग्लो सुन्दर आशनै पनि थियो त्यो यानमा एकअनि
राज्भो श्री प्रभु जानकी सहितमा त्यो आशनैमा पनि
११२९

सीता साथ महा विराज रहने श्रीराम अयोध्या पति
सुमेरू गिरिमाथिको शिखरमा विद्युतका साथ की
मेघ्झै शोभित सुन्दरै हुनुभयो राम्रो विमानै पनि
आकाश् मार्गगरी उड्यो अतिछिटो हर्षित् भएरै अनि
११३०

हर्षित् भै सुर आदिले सुमनको वर्षा गरे प्रेमले
अत्यन्तै सुखदायकै त्रिविधको चल्यो प्रभञ्जन रे
सारा ताल तलाय औ जलधिको पानी भयोनिर्मल
राम्रा साइतका सगुनूहरू भए चौतर्फ नै झल्मल
१२३१

साराको हृदयै प्रशन्न हुन गो सारा दिशा ता अनि
निर्मल् भो गगनै हटेर सब ती बाधा विपत्ति पनि
आज्ञा भो रघुनाथले अनि पछि अत्यन्त नै प्रेमले
सीते ! यो रणभूमि हेर यहि नै भाई लछूमनले
११३२

मारे इन्द्रजितैकन अनि यता अंगद हनुमानले
मारेका सब ठूल्ठुला असुर ता यै धर्तिका बीच रे
यस्सै मिल्कि पडि रहेछन् सीते !देख्यौ सबै योअनि
यहां देव मुनिहरूकन दिने दु:खै अति नै पनि
११३३

कुम्भकर्ण र हेर जानकी! अनि त्यो वीर रावण् पनि
मारीए दुई भाई यहि निर नै मेरा करैबाट नि
कृपा सिन्धु महेशको यहि सिते ! मैले गरें स्थापन
हालेंथे अनि पुल हे जनकजे ! देख्यो झुकि हेरन
११३४

यो भन्दै करूणानिधान प्रभुले सीता सहित् भैकन
गर्नु भो शिवलाई भक्ति सितले हर्षित् भई वन्दना
कृपासागर रामले अघि जाहाँ वन्मा सी ता खोजदै
विश्राम र निवास भाई संगमा थियो गरेको सबै
११३५

विश्राम स्थानको नाम बताईकन हर्षले
प्राण प्रिया सीतालाई भन्नुभो ती समस्त रे
परम सुन्दर दण्डक् वन थियो जहाँ अनि
आई पुग्यो त्यहि झट्टै उडेर त्यो विमान नि
११३६

श्रीरामचन्द्र अगस्त्य आदिक सबै मुनिश्वरै हेरूको
सारा स्थान बिषे प्रिया अनुजका साथै महा घुम्नु भो
सारा ति मुनि वृन्दबाट खुसीले पाएर आशिष नै
पाल्नुभो अनि चित्रकुट गिरिमा श्रीरामजी शीघ्र नै
११३७

संतुष्ट पार्नुभो सारा मुनिलाई त्यहा अनि
त्यहाँबाट चल्यो यान अति नै वेगले पनि
अनि श्रीरामले सीतालाई अतिव हर्षले
सुन्दरी यमुना जो ता कलि कल्मष नाश नै
११३८

देखाउनु भयो फेरि अनि श्रीरघुनाथले
पावनी जान्हवीलाई देखेर खुसी साथले
भन्नु भयो सीतालाई सीते भक्ति गरीकन
प्रणाम गर गंगाको खुसी साथ नुहिकन
११३९

दर्शन गर है प्रेमले तीर्थराज प्रयागको
यिन्को दर्शन गर्नाका साथनै ती समसत जो
कोटि जनमको पाप नष्ट हुन्छ प्रिये ! अनि
त्रिवेणिको गर दर्शन् जो छ परम पावनी
११४०

त्रीवेणि यो शोकको हारिणि र
हरि हर लोककी नि: श्रेणि र
हुन् है जो ता तीन् थरि ताप हर्ने
संसार् रूपि रोगको नाश गर्ने
११४१

अतिव पावनी हेर अवध पुरी यो भनी
अनि श्रीरामले सीता सहित भैकनै पनि
अयोध्यालाई गर्नु भो प्रणाम अति हर्षले
बारंबार रघुनाथ खुसी भैकन प्रेमले
११४२

नेत्रमा अश्रुले पूर्ण रामोञ्चित शरीरमा
हुनुभो भगवान् राम सीता सहित नै त्यहाँ
आइकन त्रिवेणिमा स्नान गर्नु भयो अनि
वानर वृन्दका साथ रहेर खुसीले पनि
११४३

विविध विधिले फेरि विप्र वृन्दहरू कन
दान दिनु भयो धेरै रामले खुसीभै मन
अनि श्रीरामले फेरि सम्झाईकन बेसरी
दिनु भो पवन पुत्रलाई हुकुम त्यो घरी
११४४

वटु विप्रको भेष धारण् गरेर
अयोध्या तिमीजाउ बाबू ! रमेर
सुनाऊ भरत्लाई हामी सबैको
कुशल् यो समांचार फेरि उनैको
११४५

कुशल् हाल सारा लिएरै तुरून्त
तिमी आउ अल्मल् नगर्नु नि अन्त
गए मारूत पुत्र झट्टै अवधमा
अनि रामजी हर्ष भै फेरि मन्मा
११४६

पाल्नु भयो भरद्धाज ऋषिको नजिकै महा
ती भारद्धाजले फेरि ना ना तरहले तहाँ
गरे सत्कार औ पूजा दिदै आशिष हर्षले
मुनिको चरणै माथि वन्दना गरि फेर र
११४७

चढेर यानमा फेरि रमाना हुनुभो प्रभो !
यता निषाद राजाले पनि ता झट्टनै अहो !
हरि फर्कनु भो भन्ने सुनेर खबरै पनि
ल्याओ नाउहरू भन्दै कराए बेसरी अनि
११४८

डुंगा ल्याओ भनी डाके माझिहरू कनै सब
गंगापार पुग्यो पुष्प विमान पनि ता जब
अनि रामजीको आज्ञा पाईकन विमान त्यो
गंगाजीको किनारामा उत्रियो खुसीसाथ पो

११४९

विविध थरिले फेरि अनि श्री जानकीजीले
गंगाको गर्नु भो पूजा अतिव प्रेम भक्तिले
प्रणाम गर्नुभो फेरि गंगालाई झुकेर ता
भएर हर्षिंतै मन्मा गंगाले पनि फेर ता

११५०

मनले दिनुभो ठूलो आशिर्वाद सीता कन
'तिम्रो रहोस सौभाग्य अखण्ड सुन्दरी ! भन'
अनि फेरि भगवान रामको खवर पनि
पाएर प्रेमले विव्हल् भएर मनमा अनि

११५१

परमानन्दले मग्न भएर गुह दौडिदै
तुरून्तै नगीचै आईपुगे रामजीको कठै !
देखेर रामजीलाई भाई जानकी साथमा
प्रेमले पाउमा छाँदहाले ढली जमीनमा

११५२

परम प्रिति देखेर खुसी भै रामले पनि
गुहलाई उठाएर आलिंगन् गर्नुभो अनि
बुद्धिमान महाराज रमाकापति ईश्वर
कृपा निधान श्रीरामचन्द्रजीले कसेर त

११५३

निषादलाई छातिमा लगाई प्रेमले अनि
कुशले प्रश्न गर्नुभो राखी नगीचमा पनि
तिन्ले विन्ति गरे नाथ ! जुन चरण पंकज
ब्रम्हा र शशिमौलिको पनि छ सेवनिय त

११५४

प्रभो! हजुरको तेहि दुर्लभ पाउमा पद्मको
दर्शन याउदा ऐले मलाई छ कुशल् प्रभो !
दिनवान्धव ! हेराम ! प्रणतपाल ! रक्षक !
शरण पर्दछु नाथ ! दयालो ! पाप भक्षक !

११५५

हेराम ! सुखकाधाम! हे पूर्णकाम! हे प्रभो !
हजूरलाई नमस्कार गर्दछु म झुकेर जो
सीता नाथ ! दयासिन्धो ! रविकावंश भुषण
नमामि गर्दछु राम ! प्रभु लाई झुकिकन

११५६

सब तरहबाट नीच अधम नीषाद राजा कन
भरत सरि नै गरेर प्रभुले मन्मा खुसी भैकन
आपन्नै हृदयमा लगाउनुभयो हे मन्दबुद्धे !हरे
सोहि नै प्रभुलाई मोह बसमा तैंले परेर हरे !

११५७

बर्सिस् हाय !भुलेर नै बिषयमा लठ्ठै परेर अहो !
एक्छिन्का सुखमा दिईकन मनै मुर्खै भई हेर जो
श्रीराम्चन्द्र खरारीका पदमहा प्रेमै लगाई दिने
काम क्रोध मदादी नष्ट गरने ज्ञानै बढाई दिने

११५८

यो पावन चरित्रलाई सुर औ सिद्धै मुनिवृन्दले
गाउँछन् खुसीसाथ स्वर्गपुरीमा अत्यन्त नै प्रेमले
जो यो श्री र घुवीरको रणजयी लीलाहरू सुन्दछन्
तिन्लाई जय बुद्धि ज्ञान र विवेक् ऐश्वर्य श्रीराम् भन

११५९

नित्यै बक्सनु हुन्छ तीन थरिको तापै हरेरै सदा
हे मन्! यो कलिकाल पाप घर हो यस्तोबुझेरै तँता
गर्दै चित्तमहा विचार यसरी यो जो कलि कालमा
अर्को छैन उपाय 'राम' सरिको केहि पनि लोकमा

११६०

सम्झेर हे चित्त सबै रमाई
भजन् सधै नै गर रामलाई
गाई उनैको विमल चरित्र
आपन्नो गरी जीवन यो पवित्र

११६१

रामको अनमोल औ अनुपमा लीलादिको माधुरी
मन् भित्रै हुनगै प्रशन्न प्रभुकै पाई दया बेसरी
रामकै करूणा महा प्रतिपला निर्भर् रहि प्रेमले
लेखें आज सबै चरित्र प्रभुको सन्माधुरी शैलीले

११६२

मनुमा त्रास - नमानि - लाज अनि ता शंका पनि चित्तमा
राखें राम चरित्र यो सुजनका मैले समीपै महा
व्याकर्णैहरूका टुटै फुट अनि छन्दै हरूका पनि
ज्ञान छैन मलाई ता सुजन हो ! भन्छु म सत्यै पनि

११६३

क्षमा गरेरै त्रुटिहरूमा सब
राम चरित्रैकन हेर्नु होस् अब
जोडि दुवै हात समस्त साथ म
माग्छु क्षमा आज झुकेर माथ म

११६४

आफ्नो मन्दमति बमोजिम् यहाँ श्रीरामको यो सब
यो संग्राम जयी चरित्रकन ता पुरा गरें है अब
विद्वान मानिसले झिकेर यसको सार्‌लाई मात्रै अब
क्षमाराखी ममा चरित्र सब यो पढ्नु हओस् है अब

११६५

श्रीसीतारामापर्णमस्तु

श्री राम : शरणं मम

श्री तुलसीकृत श्रीराम चरित मानस भावानुवाद
उत्तर काण्ड आरम्भ

मुजुरीका गला झैं निल वरण अनि सुन्दरै छातिमा जो
विप्रको पाउले नै अति मधुर सफा चिन्हले शोभिएको
परी पूर्णै छविले कमनिय अति नै पित बस्त्र धरेका
लालै पद्मै सरिको नजर कमलले शोभितै भै रहेका
१

प्रशन्न वदनले रहिकन हरदम् दु:खको नाश गर्ने
भुजदण्ड हरूमा धनु र शर लिई शोभिई चित्त हर्ने
संयुक्तैभै कपिका दल-र अनिपछि भाई लक्ष्मणजीले ता
गरिएका सुसेवा खुसी भई फूलका यानमाथि चढेका
२

सीताका प्राण प्यारा रवि कुलहरूमा सर्वश्रेष्ठै भएका
लोकैका वन्दनीय रघुवीर प्रभुजीलाई माथै झुकि ता
प्रणाम गर्दछु म कलिमलहरूका ध्वस्त गर्ने प्रभूको
सम्झेरै पाउ पद्मै विच शरण परी त्राहि भन्दै प्रभुको
३

उमानाथ ब्रम्हाजीबाटै पनि ता
सदा वन्दना पाउने रामजी ता
तथा जानकीका दुई बाहु द्वारा
हुने लालना नित्य प्राणेश प्यारा
४

ध्यान् गर्नेका मन रूपि भ्रमरैले
संयुक्तै भै कोमलै सुन्दरै रे
कोशल् पुर्का स्वामीको पाउलाई
नमस्कारै गर्दछू मै रमाई
५

कुन्दपुष्प चन्द्रमा शंख जस्ता
गोरा राम्रा शुभ्र सुन्दर् त कस्ता
जगतकी जननी गिरिजाको
स्वामी इष्ट सिद्धि दाता भएको
६

दयावान कोमलै कमल झैं -
- नेत्र भाल चन्द्र जो निर्मल नै
अनंगको मोचन गरने ति
शिवलाई गर्छु प्रणाम रे किं
७

संसारको भय हरण गर्ने
दिन प्राणि वृन्दको - दु:ख हर्ने
राजेश्वर रामका पूज्य प्यारा
शम्भु मेरा भै रहुन् है सहारा
८

चौध बर्ष अवधिको एकदिन् बाकिरह्यो पनि
थिए दु:खी अति सारा पुरवासिहरू पनि
रामका विरहले नै भएका कृश गात ती
यत्र तत्र नर नारी सोच गर्दै थिए कति
९

तेसै औसरमा सबै तरहका राम्रा सगुनै पनि
लाग्यो हुन समस्तको मन पनी आनन्द उल्लाष नि
राम्री ती अवधै पुरी पनि भईन् शोभित् भई सब्तिर
मानौं शुभ सगुनले प्रभुजीको सुआगमन नै फिर
१०

जनायो अनि कौशल्या आदि ती जननी पनि
मनमा 'कोहि आएर प्रभु श्रीरामजी पनि
भाई औ जानकीलाई लिएर अति हर्षले
पाल्नुभो' भन्न लागेकी जस्तो भान भएर रे
११

उल्लाष हर्ष भो मन्मा अनि भरतको पनि
बारंबार लोचनै- दाया - अंग हातहरू पनि
लागे फर फर गर्ने ति सगून् शुभ सूचक
जानेर भरत मन्मा अनि हर्ष भएर त
१२

विचार गर्न लाग्नुभो अब यो चौध बर्षको
अवधि बाँकि छ एकै दिन आधार प्राणको
सम्झेर यो कुरा मन्मा अपार दु :खभो अनि
'पाल्नु भएन श्रीराम के होला कारणै 'भनी

१३

शायदै बिर्सिनु भो कि दुष्ट सम्झि मलाई त
रहेछन् धन्य नै भाई लक्ष्मण लोकमा ति त
बडभागी रहेछन् ती दाजु श्री रघुनाथका
पदार विन्दका सच्चा रहेछन् प्रेमी ती अहा !

१४

मलाई दाजुले मन्मा कपटि र कुटिल् भनी
चिन्हुभएछ कि क्या हो? अवश्यै ता तसर्थ नि
लिनु भएन हा ! साथ दाजे श्री रघुनाथले
मेरो सब् कर्मलाई नै सम्फनु भो भने हरे !

१५

शत करोड नै कल्पसम्ममा पनि हाय ! जो
निस्तार नै हुने छैन सत्य भन्छु कुरा म यो
मान्नु हुन्न तर नाथ ! दुर्गुणलाई दासको
दिनबन्धु हुनुहुन्छ कोमल बानीका प्रभो !

१६

विश्वास छ दृढै यहि मेरो हृदयमा अब
पाल्नु हुन्छ रघुनाथ शुभ सगुन यो सब
ऐले भइरहेको छ म्याद नाघे पछि पनि
प्राण रह्यो भने मेरो म जस्तो नीच औ अनि

१७

अधम् होला र को प्राणी हाय यो जगमा पनि
बिमुख् भै रामजी देखिको बाँच्ला र हरे ! अनि
यहि प्रकारले राम विरह रूपि सिन्धुमा
थियो भरतको चित्त डुबेको त्यहि बीचमा

१८

जहाज सरि भै फेरि विप्रको भेषले पनि
मारूत नन्दन आई पुगे त्यहि रमेर नि
ती कपिले कुशाशनमा बसेका शिरमा पनि
जटाको मुकुटै धारण् गरेका मुनि झैं अनि

१९

दुव्लो औ मलिनै गाथ कमल् झै नेत्रबाट ता
चुहाई प्रेमको नीर ' राम ! राम ! ' भनेर ता
'हा ! हा ! रघुपते' भन्दै रामको नामलाई नै
जप्ने भरतजीलाई देखे तिन्ले गएर है

२०

ज्यादै हर्षित अञ्जली सुत भय देखी भरतजी कन
रोमाञ्चित भयो शरीर भरमा उन्को खुसी भैकन
लाग्यो बर्षन प्रेम अश्रु नजरैबाट हनूमान को
अनिन्दै र अति खुसी हृदयमा मानिकनै ता अहो !

२१

सुन्दामा अमृतै सरी वचन त्यो बोले हनुमानले
जस्का वीरहमा डुबेर प्रभुले यो रातदिन् नै हरे
चिन्ता ग्रस्त भएर सोचिरहनुहुन्छ अहो ! कष्टले
जस्का अद्भुतका गुण गणकनै राखेर मन्भित्र रे

२२

नैरन्तर्य रटेर मग्न हुन गै राज भएको छ यो
त्यस्ता सज्जन सौख्य शान्तिहरूका दाता भएका अहो
द्यौता सिद्ध मुनिहरू यी सबका त्राता रघुवंशका
शोभा श्री रघुनाथजी कुशल औ मांगल्यका साथ ता

२३

ऐले पाल्नुभयो जितेर रँणमा त्यो वीर शत्रुकन
माहारानी विदेहजा र अनुजै साथै लिई शोभन
मातृ भू तिर आउने रघुपति लाग्नू भएकोछ है
द्यौताहरू सुकिर्ति गाई प्रभुको आनन्दितै छन् सबै

२४

सुन्दा यो वचनै सबै दु :खहरू विर्सि भरतजी पनि
तीर्खा व्याकुल प्राणिले अमृतै नै पाए सरिनै बनी
सोध्नुभो नि भरतजीले अनि पछि हे तात !विप्रवर !
को होऊ तिमी फेरि हे मुनिवर ! आयौ कहाँबाट ?र

२५

मैलाई अतिनै मिठो वचन यो ऐले सुनायो सब
भन्ने भरत वाक्य यो सुनि तहाँ भन्छन् कपिले तब
म हुँ मारूत पुत्र वानर प्रभो ! हे नाथ ! स्वामी अनि
मेरो नाम पनि सुन्नुहोस् हजूरले भन्छन् हनूमान्भनी

२६

दिनबन्धु रघुपति प्रभुजीको मैहुँ प्रभो ! किङ्कर
मन्त्रि हुँ कपिनाथ सुग्रीवको आयौ प्रभु साथ त
मीठो वाणि सुनेर यो भरतले आदर् गरी हर्षले
उठ्दै भेट्नुभयो प्रभञ्जन सुतैलाई अति प्रेमले

२७

आलिंगन् गरनुभयो भरतले टाँसेर छाति माहा
भेट्तैमा पनि तेसरी खुसी भई भरतजीका चित्तमा
प्रिति अट्न सकेन नेत्र दुइमा आफै झरी झै गरी
लाग्योझर्न त जल् शरीर, पनिभयो रोमाञ्चितै बेसरी

२८

भन्नुभो भरत्जीले अनि पछि हे वानराधीश्वर !
तिम्रो दर्शनले सबै दु:ख भए मेरा विनाशै र त
ज्यादै नै प्रिय दाजुको दरशनै मिल्ने मलाई भयो
भन्दै यो अनि सोध्नुभो भरतले आराम बार्बार पो

२९

भाई ! सुन तिमीलाई के दिऊ अब यो घरी
यो सन्देश बराबर्को चीज ता जगतै भरी
केहि छैन सबै हेरें मैले सोची विचारी जो
उऋण हुन सक्तिनँ म तिम्रो तात ! सत्य हो

३०

सुनाउँ चरितै सारा मलाई अब रामको
फिर्नू भयो रघुनाथ कति देश घुमेर पो
पवन पुत्रले फेरि भरत्का पाउ पद्ममा
शिर राखेर अत्यन्त भई हर्षित चित्तमा

३१

सुनाए रामको सारा गुण गाथा पवित्र त्यो
अनि श्री भरतजीले यो कुरा सोध्नु फेरभो
भन हनुमन ! दिन दयाल रघुनाथ जी
सम्फ्रैभै सेवकैलाई कैले काहिं मलाई की

३२

प्रभु सम्झनु हुन्थ्यो कि ? घुम्दा जंगलका बीच
भन हे पवनपुत्र ! चरित्र रामको ति त
कैले काहिँ रघूवंश भूषण रघुनाथले
सम्झना केहि ता मेरो आपन्नो दास समान रे

३३

गर्नुहुन्थ्यो की जंगलमा ? भन्ने यो भरतजीको
अतिव विनयै पूर्ण भएको वाणिलाई जो
सुन्दामा पवन पुत्र रोमाञ्चित शरीरमा
भएर भरतजीकै परे चरण पद्ममा

३४

अनि मन्मनै उन्ले विचार यो गरे पनि
'चराचर् लोकका स्वामी उनै श्रीरामले पनि
जस्का गुण्गणहेरूको आपन्नो श्री मुखबाट यो
वयान गरनु हुन्थ्यो तिनै भरत गुणको

३५

-सागर परम नम्र हुनुहुन्न थियो किन' ?
यति सोचिकनै तिन्ले दुर्गे ! फेरि भने सुन
'हे तात ! हे प्रभो ! नाथ ! हजूर रामचन्द्रका
प्राण समान कै प्यारो होई बक्सनुहुन्छ पो

३६

सत्य हो वचनै मेरो भन्ने यो वचनै कन
सुन्दा भरतले मन्मा अति हर्षित भैकन
फेरि आलिंगनै गर्नू भयो तिन्लाई प्रेमले
कसेर छातिका माथि बारंबार रमेर रे

३७

अटेन हर्ष भरत मनैमा
अनि भरत्का चरणै दुवैमा
शिरै भुकाई हनुमान भट्ट
श्रीरामका सामु गए ती सट्ट

३८

गएर कुशल हाल बताए सकलै अनि
विमानमा चढि फेरि खुसी भै रामजी पनि
रमाना हुनुभो भट्टै अनि फेरि उतातिर
भएर मनमा हर्ष भरत पनि ता फिर

३९

कोशल पुर आएर समाचारहरू सबै
भन्नुभो गुरूका साथ श्रीभरत्ले तुरून्त नै
अनि राजमहल् भित्र 'कुशल् मंगल पूर्वक
रघुनाथ अयोध्यामा आउदै हुनुहुन्छ त

४०

भन्ने शुभ समाचार सूचना दिनु भो अनि
त्यस्तो अतिव आनन्द दिने पाई खबर् पनि
सुन्नाका साथ श्रीराम जननी हरूता सबै
जुरूक्क जूर्मूराए र उठेर दौडिए कठै !

४१

हात्तीका सरिको हिडाई गरने सोहागिनी स्त्रीहरू
सुन्का थाल भरीभरी दही अनि रोरी फल ता अरू
फूल औ मंगल मूल ती तुलसीका पत्ता लिएरै अनि
गाउदै सब मग्न भैकन हिंडे खुसी भएरै पनि

४२

थिए जो जुन् अवस्थामा तेस्तैमा उठ्दै अनि
लागे दौडीन ती सारा छाडेर काम नै पनि
बूढा औ बालकैलाई कोहि मानिसले पनि
लिएर साथमा आपन्नो जाँदैनथे कुनै पनि

४३

एउटा अरको साथ गएर खुसी साथले
'यता उता कतै बाटो तिर भाई हजुरले
दिनदयाल श्रीरामलाई देख्नुभयो कि के ?'
भनेर सोध्दथे सारा परस्पर सबै ति रे

४४

सवारी हुन लागेको जानेर रघुनाथजी
सब सौन्दर्यकी खानी भइन् अवधदेश ती
निर्मल जलले युक्त भइन् सरयु त्यो घरी
त्रिविध पवनै चल्न लाग्यो अबधकै भरी

४५

गुरू वशिष्ठादि र वन्धुवान्धव
सारा परिवार द्विजेहरू सब
शत्रुघ्न साथै भरत पनि अनि
अत्यन्त नै विव्हल प्रेमले बनी

४६

संमुखतिर जानुभो कृपा भवन रामको
खुसीले स्त्रीहरू सारा कौसी माथि चढेर जो
विमान हेर्न लागे ती आकाशतिर फर्कदै
देखा परे पछि यान खुसी भैकन ता अझै

४७

मिठो स्वर्ले गर्न मांगल्य गान
लागे सारा दुःख बिर्सेर जान
शोभा देख्दा पूर्णिमाका शशि झै
रामचन्द्र अनि अवध् पुरी नै-

४८

-थियो सागर झै पनि प्रभु कनै देखेर खुसी भई
कोलाहल् गरदै बढ्यों शशितिरै त्यो ज्वारभाटा सरी
नारीहेरू तरंग झै हुन गए त्यस्तै पछि ता यता
सूर्यवंश रूपि सरोज वनको गर्ने प्रभुल्लै त्यता

४९

निम्तिमा रविका स्वरूप भगवन् ती वानरादिकन
लाग्नुभो खुसीभै गराउन अनि राम्रो शहर् दर्शन
भन्नुभो प्रभुले सखे कपिपते ! लंकेश !हे अंगद !
सुन्दा पावन हो अतिव पुरी यो हो सुन्दरै देश त

५०

हुन ता गर्दछन् सबूले वयान विष्णु लोकको
पुराण वेदमा सारा प्रख्यात छ अतिव पो
यो सबैले बुझेकाछन् तथापि मित्र !यो कुरा
अयोध्या सरि बैकुण्ठ छैन जान यहि पुरा

५१

जान्दछन् यो कुरा कोहि कोहिले मात्र हे सखे !
यो सुन्दरी पुरी मेरी हो है जनम भूमि रे
यसका उत्तरै तर्फ पवित्र सरयू नदि
वगेर हर्दछिन्, मित्र ! पाप ताप समस्त ती

५२

जसमा स्नान गर्नाले परिश्रम विना नर
मेरो समीपमा बस्न पाउँछन् धामभित्र र
अवध् वासिहरू मेरा अतिव प्रिय छन् अनि
सुखकी खानी रूपिणि भएकि यी पुरी पनि

५३

मेरो धाम दिने हुन् है जान यो सबले अब
भन्ने श्री रामको यस्तो वचनै सुनि ता सब
सारा कपिहरू हर्ष भए अतिव चित्तमा
आपसमा कुरा यस्तो गर्न लागे सबै तहाँ

५४

'जसको वर्णनै खास गर्नु भो भगवानले
त्यो पुरी अति नै धन्य !धन्यहो ! सबबाट रे
सारा नगरका बासिहरूलाई प्रशन्न भै
जय जय भनी आई रहेको देखदा अझै

५५

कृपासिन्धु भगवान् रघुनन्द रामले
आज्ञादिनुभयो झट्टै र अनि त्यो विमानले
नर्गाचै अबध पुर्को समथल जमिनमा
उत्रियो पुष्पकै यान समस्त जन सामुमा

५६

ओर्लेर रामले फेरि अनि पुष्पकलाई नि
आज्ञाभो अब ता जाऊ धनदकै पुरीमा तिमी
प्रेरणा गरिएको त्यो विमान रघुनाथले
रमाना भयो कुबेरैको घर्मा जान भनेर रे

५७

त्यसलाई थियो हर्ष पनि हृदयमा अनि
विरहको थियो भारी विषाद मनमा पनि
आए भरतको साथ सबै पुर्वासि हर्षले
ती सबै दुनियाँ रामचन्द्रजीका वियोगले

५८

दुब्लो थियो गाथ सब्का भएको
व्रत तप नियमले सुकेको
वशिष्ठ र वामदेवदिका ती
मुनिश्वरलाई देखेर ता कि

५९

श्रीरामजीले धनु वाणलाई
राखीकनै घर्तिमहा रमाई
रोमाञ्चितैभै सब गाथ माहा
दौडि गई भाई सहित ताहाँ

६०

समात्नु भो पाउ पद्मै गुरूको
सेचन् गर्दै प्रेम अश्रुहरूको
प्रेमालिंगन् गरी वशिष्ठजीले
गर्नुभयो कुशल प्रश्न ती रे
६१

भन्नुभो रघुनाथले अनि पछि गुरो हजुर्के ठूलो
कृपाले कुशलै छ यो जगतमा मेरा सधै नै भलो
अनि धर्म धुरन्धर रघुकुल नाथ भगवानले
भेटै गर्न भयो सबै द्विजहरू साथै अति प्रेमले
६२

प्रमाम् गर्नु भयो समस्त मुनिका पाउ महा प्रेमले
त्यस्तै जो कन देवता मुनिहरू ब्रम्हा महेश्वरले
प्रणामै गरछन् भुकिकन सधै ठूलो अनुरागले
समातेर तिनै चरण् कमलममा भाई भरत् प्रेमले
६३

लम्पसार परेर ता जमिनमा ढल्नुभो दण्ड भैं
रोमै राजि खडा भयो प्रभुजीको श्यामै शरीर्मा सबै
नयाँ लाल सरोजका दलसरी ती नेत्रमा आँसुको
आयो बाणि टुढाई बाँधहरूनै उर्ले सरीको भयो
६४

त्रैलोक्यका नाथ् भगवान् रामले
पद्मै सरीको दुई नेत्रबाट रे
वर्षा सरी प्रेम जलै बहाउदै
रोमाञ्चितले सुन्दर गाथ स्वाउदै
६५

अत्यन्तै प्रेम साथै हृदय बिच धरी भरत भाई साथ
भेट्नु भो रावणारि प्रभु भरतसितै भेट्दामा तहाँ त
सुशोभित हुनु भो जुन रित सितले तेसको वर्णनै त
हामीले के गरौला त्यसबखत प्रभो !भन्दछु सत्य वात
६६

मानौं प्रेम रसैले औ श्रृंगार रसले पनि
मिल्दा परस्परैमा नै धेरै सुशोभितै बनी
पाएको हो कि ज्यादानै कान्ति दिव्यमयै अहो !
भने भैं पर्दथ्यो भान मिलन् भरत रामको
६७

गर्नु हुन्थ्यो कुशल् प्रश्न कृपालु रघुनाथजी
झट्ट उत्तरको वाणि भरतको मुखबाट की
निस्किदैन थियो दुर्गे ! परम् सुख् त्यो अपारको
अवर्णनिय हो सारा मन वचन कर्मको
६८

त्यो सुख जसले पायो तेसैले जान्दछ अनि
विनति गर्नु भो फेरि झुकि भरतले पनि
दाजै कोशलका नाथ !कुशल्छ अब ता प्रभो !
दासलाई दुखी सम्झि दर्शनै बक्सनु भयो
६९

विरह सिन्धुमा डुब्न लागेको म कनै प्रभो !
समातेर प्रभो ! हात उतारि बक्सनु भयो
कृपानिधान ! हे दाजै ! खराउ त्यो हजूरको
पैहि दिनु हओस् नाथ !विन्ति गर्दछु आज यो
७०

हर्ष भै रामले फेरि लगाई हृदय माहा
भाई शत्रुघ्नका साथ भेट्नुभो अनि ताहाँ
दुवै भरत सौमित्री भाईले अति प्रेमले
अंकमाल गरी भेट गर्नुभो गाढ साथ रे
७१

भेट्नुभो अनि ता फेरि दुवै सौमित्रीले पनि
भीषण विरहैका ती दु :सह दु :ख जों छ नि
मेटिंयो अनि ता भाई सहित भरतजीले
सीताका चरणमाथि राख्नुभो शिरलाई रे
७२

अनि अतिव आनन्द मान्नुभो हृदयैमहा
श्रीरामलाई देखेर पुरवासिंहरू तहाँ
भए अतिव आनन्द वियोग जनितै सबै
विपत्ति दु :सह दु :ख नाश भो पल छिनमै
७३

सब्लाई प्रेमले व्याकुल् भएको देखि त्यो घरी
दिन दयालुले फेरि छिनमै कौतुक गरी
प्रकट गरि त्यो बेला अनेकौ रूप रामले
यथा योग्य सबै साथ भेट्नु भो पलभित्र रे
७४

नर नारी सबैलाई हेरि कृपा कटाक्षले
पार्नुभो शोकले हिन छिनमै रघुनाथले
रामले पलमै सारा दुनियाहरू साथमा
भेटिबक्सनुभयो दुर्गे ! सुन है अनि ता तहाँ
७५

कसैले पनि जानेन यो मर्मलाई त्यो घरी
मन्मा समस्त पुर्वासि भए आनन्द बेसरी
एवं प्रकारको शील गुणका भवनै प्रभो !
आनन्दित गराएर प्राणिलाई समस्त पो
७६

अगाडि जानुभो राम अतिव हर्षले अनि
दौडने वत्स देखेर लैना गाई सरी बनी
कौशल्या आदि ती सारा दौडिए जननीहरू
अपार सुखको त्यस्तो बयान कसरी गरूँ
७७

जसरी आफ्ना सारा बाच्छा बाच्छीहरूकन
छाडेर गोठमा पर्वश् भएका दिन भै कन
गाईहरू वनै भित्र चर्न जान्छन् ता पनि
साँझ भए पछि फेरि फर्केर गोठमा पनि
७८

धारा लगाउदै दूधको कल्चौडाब ाट ता अनि
हुँकार गरदै दौडि आउँछन् खुसीले पनि
त्यो जस्तै गरि आएका सबै जननी साथमा
रामले गर्नुभो भेट अत्यन्त प्रेम साथमा
७९

विविध थरिको कोमल् वचनै बोल्नुभो पनि
विरहबाट उत्पन्न भएका दुसहे अनि
क्रूर विपत्तिको नाश भयो तिनी समस्तले
पाए परम आनन्द ब्रम्हानन्द समान रे
८०

लक्ष्मणलाई सुमित्राले श्रीराम पाउमा अति
अनुरागी सबै जानी मनमा खुसी साथ कि
भेट गर्नु भयो फेरि श्रीराम साथमा पनि
भट्दा कैकेयीको मन्मा भयो संकोचनै अनि
८१

भेट गर्न भयो लक्ष्मणजीले जननीं साथमा
पाई आशिष ता धेरै हर्षित हुनुभो त्यहा
कैकेयीलाई भेटेर बारंबार त त्यो घरी
मनको क्षोध भागेन लक्ष्मण्को अनि क्यै गरी
८२

जानकीले सबै सासूहरूका साथमा अनि
भेट गर्नूभो सासूहरूका पाउमा पनि
पर्दा जानकीजीलाई लाग्यो हर्ष अतिव नै
हर्षित् हुदै कुशल् प्रश्न गरि ती सासूले सबै
८३

'अचल् रहोस् सौभाग्य तिम्रो ' भनी कनैसब
दिन्थे आशिष ती सारा आनन्द मानदै तब
साराले रामको पदम् सरिनै अति कोमल
मुहार शशिको दर्शन् गर्दथे भई निश्चल
८४

जानी मंगलको बेला आँसुलाई समस्तले
थिए रोकि रहेका ति अनि कनक थालले
उतारी आरति बारंबार नै रघुनाथको
मुहार दर्शनै गर्न लागे सब रमेर पो
८५

न्यौछावर् गर्दथे फेरि विविध थरिले अनि
परमानन्द औ हर्ष मान्दथे मनमा पनि
रणधिर कृपासिन्धु रामलाई पुन पुन
हेर्नु हुन्थ्यो महारानी कौशल्या खुसी भै कन
८६

भन्नु हुन्थ्यो मनै भित्र बारंबार विचारी यो
'मारे होलान् कुन रीतेले त्यो लंकापतिलाई जो
सुकुमार अति कोमल् छन् मेरा पुत्र यी दुवै
महा योद्धा र भीषण् ति थिए राक्षस ता खुबै
८७

महाबली अनि भारी वीर थे कुन रीतले
मारे होलान् अहो ! रण्मा मेरा यी दुई पुत्रले '
सीता लक्ष्मणका साथ भएका रामजीकन
हेर्दामा पनि ता सारा जननीहरूका मन
८८

डुब्दथ्यो परमानन्द भित्र चुर्लम्ब भै अहो !
रोमाञ्चित शरीर् हुन्थ्यो बारंबार रमेर जो
वानराधिश सुग्रीव औ लंका पति विभिषण
नल नील् अंगदै जाम्बवान इत्यादि जो छन
८९

मनोहरै शील स्वभाव जन्य
ती वानरैले नर तुल्य रम्य
थिए अनेक् देहहरू धरेका
श्रीराम साथै बसि शोभिएका
९०

ती सारा भरतजीको स्वभाव प्रेम शील र
व्रत नियमहेरूको आदर साथ निर्मल
वाणिले गर्दथे वर्णन् अति नै प्रेमले अनि
पुर निवासिहेरूको देखेर रीति नै पनि
९१

रामको पाउ पंकज्मा लागेका प्रितिलाई ता
सन्हाउथे खुसी साथ धन्य धन्य भनी ती त्य
अनि श्रीरामले आफ्ना मित्र वर्ग कनै पनि
डाकी डाकी कनै फेरि गुरूका पाउमा पनि
९२

दर्शन् गर्न सबैलाई सिकाउनु भयो अनि
'यहा मेरा कुल पूज्य हुनुहुन्छ गुरू' भनी
गुरूको करूणाले नै संग्राम भूमिमा सब-
मैले शत्रुहरूलाई मारेको हुँ भनी तब
९३

चिन्हाएर अनि फेरि भन्नुभो गुरूलाई यो
सुन्नुहोस मुनिनाथ ! साथि मेरा सबै यि जो
हुन् मेरा मित्र हे नाथ ! युद्ध रूपि समुद्रमा
भए जहाज यी सब्ले मेरा हित निमित्तमा
९४

आपन्ना प्राण पनि अर्पण् गरे यिनीहरू सब
भरत सरि नै मेरा अधिक प्रिय छन् अब
रामजीका कुरा यस्तो सुनेर ती सबै जन
भए आंनन्दले मग्न प्रेम पूर्ण भईकन
९५

नयाँ नयाँ पल पल्मा एवं रित्ले उमंग र
हर्षे औ परमानन्द हुन लाग्यो वृहत्तर
ती साराले खुसी साथ कौशल्या महारानीको
राखे चरणमा शीर प्रेम मग्न भई ति जो
९६

आशिष दिनुभो हर्षित् भई जननीले पनि
तिमीहेरू सबै मेरा रघुनाथ सरि पनि
अत्यन्त नै भयौ प्यारा भन्नुभो अति हर्षले
पुष्प वर्षा भयो झट्टै ढाकेर नभ सम्म रे
९७

भगवान् परमानन्द सुखका मूलकारण
रघुनाथ महल् तर्फ पाल्नुभो लिई सब् जन
पुरका नर औ नारी एकत्रित भईकन
कौशी झ्याल अटालि र पेटिमाथि चढिकन
९८

लागेका नै थिए हेर्न अनि ती सबले पनि
आ- आफ्नो द्वारमा सारा विचित्र चित्रका पनि
मनोहर गरी सज्दै सुवर्ण कलशादिले
सुशोभित गरी सारा राखे सब् दुनियाँदिले
९९

शुभका निम्ति साराले ध्वजा झण्डा र तोरण
बनाएर पताका नै श्रृंगारेका थिए झन
सुगन्ध जलले सेचन् गरिएका थिए अनि
गल्ली सडक चौबाटाहरू सुन्दर साथ नि
१००

गज्मोतिले सजाएर चौताराहरू ता अनि
थिए धेरै पुरिएका सुन्दर पारदै पनि
सजाएका थिइ ना ना थरिका सुन्दरै चिज
आनन्दित भएको त्यो अयोध्या नगरी बिच
१०१

खुसीले नगरा बेन सहनाईहरू अनि
मृदंग ढोल औ डंका बजे सब् घन्किएर नि
प्रेमपूर्वकले जाहिँ ताहिँ नारीहरू सब
न्यौछावरहरू सारा गर्दथे खुसीले तब
१०२

आशिर्वादहरू धेरै दिन्थे ती हृदयै महा
हर्षले पूर्ण भै ज्यादै खुसी मग्न भई त्यहा
सुनका थालि महा नाना भाँतिका आरति अनि
सजाएर सबै नारी हर्षोल्लास भएर नि
१०३

गाना गर्थे सुन्दर मांगलैका
रघुकुल कमल जंगलैका-
- दिवाकर आरति हरणैको
गर्दथे ती आरती मग्न भै पो
१०४

त्यो पुरीको परम् शोभा कल्याण संपत्तिकन
वेद शेष र वाणिले गरेका वर्णनै छन
त्यो बेलाको त्यहा देख्ता चरित्रहरू ता सब
ठगिएर रहन्थे है तिनीहरू पनि तब
१०५

गिरिजे ! त्यही पुण्य भूमिको
गुणका मानिस मात्रले ति जो
कसरी गरला बखान है ?
म पनि छक् परदै छु जान है
१०६

थिए नारीहरू सन्रा कुमुदिनी समानका
अयोध्या ता थियो राम्रो तलाउ सरिनै आहा
रामको विरहै रूपि थियो दिवाकरै पनि
तिनै दिनकर ऐले अस्ताए हेर लौ अनि
१०७

राम् रूपि पूर्ण इन्द्रको देख्ता उदय यो अब
भए प्रफुल्ल स्त्रि रूपि कुमुदिनी हरू सब
विविध विधिको हुन्थे शुभ शगुन त्यो घरी
नभमा घन्किई लाग्यो बज्न दुंदुभि बेसरी
१०८

यस्तै तरहले वीर भगवान् रामचन्द्रले
पुरका नर औ नारीहरूलाई समस्त रे
सनाथ गर्नु भो फेरि अनि हर्षित भैकन
पाल्नुभो महलै भित्र प्रभुजी खुसी भैकन

१०९

माता कैकेयीजीलाई जानी लज्जित धेर जो
राम पाल्नु भयो पैले वहाकै घरभित्र पो
हे शैलजे ! अनि फेरि सम्झाई कैकेयी कन
अतिव परमानन्द दिनु भो शान्ति दिकन

११०

त्यहा पछि अनि फेरि भगवान् रघुनाथले
प्रवेश गर्नु भो आफ्नो महल्मा खुसी साथले
पुग्नुभो जव ता राम आफ्नो भवन भित्रमा
पुर औ घरका सारा नारी पुरूष चित्तमा -

१११

भयो अतिव आनन्द अनि गुरू वशिष्ठले
विप्रहरू सबैलाई बोलाई कन हर्षले
आज मंगल कल्याणकारी असल उत्तम -
- दिन -छ -साइतै ठूलो हे विप्रवृन्द हो सुन

११२

उर्दि दिन लगाऔ हे विप्र हो ! भई हर्षित
विराज हुनुहोस् नाथ ! यो सिंहासनमा अब
वशिष्ठ मुनिको यस्तो सुनी वचन ती द्विज
मनमा खुसी भै धेरै भए अत्यन्त हर्षित

११३

लागे बोल्न अनेक् विप्रहरू मधुर वाणिले
राज्याभिषेक श्रीरामजीको सब् लोकलाई रे
रमाइलो छ अत्यन्त वशिष्ठ मुनिजी ! अब
विलम्ब नगरी केहि तयार गर्नु होस् अब

११४

राज तिलक् दिनुहोस् भगवान् रामजी कन
भनेर ब्रम्हाण्डै सारा चुप् लागे पार्वती ! सुन
वशिष्ठ मुनिले फेरि सुमन्त्रलाई त्यो घरी
अहाउनु भयो काम हरू विस्तारले गरी

११५

सुन्नासाथ अति हर्ष भएर वन्दना गरी
गए सुमन्त्र ता झट्टै वेगले पवनै सरी
विविध थरिका धेरै रथ घोडाहरू अनि
हात्ती सजाउनलाई आज्ञा पैले दिए अनि

११६

यत्र तत्र पठाएर दुतेहरू अनेकन
झिकाए मंगल द्रव्य तिन्ले सब् थरि जो छन्
अनि सहर्ष आएर मुनिवर वशिष्ठको
पाउ कमलमा राखे माथलाई झुकेर जो

११७

अयोध्या नगरीलाई पारे अतिव सुन्दरी
देवता हरूले पारे सुमन वृष्टिका झरी
डाकेर सेवकैलाई रघुनाथजीले अनि
आज्ञा भो पहिले मेरा सारा मित्र कनै पनि

११८

गराऊ स्नान गै झट्ट ' भन्ने यो रघुनाथको
आज्ञा सुनेर ता सारा दासहेरू सहर्ष पो
गएर दौडिदै झट्टै सुग्रीवादि समस्त तीं
राम सखाहरूलाई गराए स्नान फेर कि

११९

अनि कृपासागर रामले पनि
बोलाउनुभो भरतै कनै अनि
आफ्ना करले भरतजीको सब
लट्टा जटाको फुहुनु भयो तब

१२०

कृपालु भक्तका वत्सल् रामले भाई तिनको
गराउनु भयो स्नान पैले नै खुसीसाथ जो
भरतको भाग्य औ रामजीको कोमल ता कन
सत्कोटि शेषले सम्म शक्तैनन् गर्न व्र्णन

१२१

सफा गर्नु भयो अनि पछि निजैं लट्टा रघुनाथले
स्नानै गर्न भयो लिएर गुरूको आज्ञा पनि रामले
स्नानैका पछि पैह्रिनु सब भयो बस्त्राभुषण् सुन्दर
कोटि मन्मथको सुशोभित भयो कान्ति शरीरै भर

१२२

स्नेहै आदरले तुरून्त खुसीले सासूहरूले सब
स्नानै जानकीको गराई कन ता गद् गद् भएरैन्तब
दिव्या भूषण दिव्य बस्त्र हरूले सीताजीको सुन्दर
अंगै अंगकनै सुशोभित सबै पारे अनुपम र

१२३

महालक्ष्मि स्वरूपीणि गुणनिधि सीता रघुनाथको
वाया तर्फ विराजितै हुनुभयो मनोहर दृश्य त्यो
पाउदा नजरे भरी सकल ती आमाहरू चित्तमा
सम्झेर निज जन्मलाई सफलै हर्षित् भए सब् तहाँ

१२४

सुन्नुहोस गरूड त्यो बखतमा श्रीशम्भु ब्रम्हाजी र
सारा देवहरू विमानहरूमा चढ्दै अनकौ फिर
सुख्का खानी रघुपति प्रभुजीको गर्ने भनी दर्शन
आई त्यो अवधिय भूमि तलमा छाए सबै ति जन

१२५

अनुरक्त भयो मनै प्रभुकनै देखि वशिष्ठजीको
सिंहै आसन दिव्य मागीकन ता तुरून्त नै फेरि जो
त्यो सिंहासन दिननाथ सरि नै थियो अति तेजिलो
वर्णन् गर्न असक्तछन् शिव अनि ब्रम्हा पनि तेसको

१२६

प्रणामै गरि विप्रलाई प्रभुजी राजै भयो तेसमा
त्यो सिंहासनमा विराजित हुने श्रीजानकी साथमा
रामचन्द्रजीलाई देखि ति सबै मूनिहरू चित्तमा
भए गद् गद् औ गरे सुमनको बर्षा सुरैले तहाँ

१२७

ती ब्राम्हणहरूले पढे अनि पछि मन्त्रै तहाँ बैदिक
देवर्षिहरूले र देवहरूले बस्तै गगनमा अत:
जै जै जै जयघोषको ध्वनी गरे अत्यन्त नै हर्षले
बज्यो वाद्यहरू अनेक थरिका घन्केर नै जोडले

१२८

गरे तिलक ता पहिले वशिष्ठले
दिएर आज्ञा पछि विप्र वृन्दले
अत्यन्त नं हर्ष भएर ता अनि
गरे तिलक् रामजीको गएर नि

१२९

पुत्रैलाई देखि आमाहरू ति
आनन्दै भै बार बारै अरूकी
निराजनै गर्न लागे खुसीले
मग्नै पर्दै रामका त्यो छविले

१३०

अनेक थरिको दान दिए ब्राम्हणलाई ता
अयाचक गरे सारा याचकहरूलाई ता
त्रिभुवन पति रामलाई सिँहासनै महाँ
विराजमान देखेर खुसीभै देवले तहाँ

१३१

बजाए दुन्दुभि वाजा घन्काई नभमा सब
थिए बजिरहेका जो घेरै वाद्यहरू तब
गाउँथे किन्नरै सारा गन्धर्वहरू हर्षले
थिए नाचिरहेका ती अप्सराहरू प्रेमले

१३२

पाउँथे परमानन्द देव मुनिहरू सब
हर्ष उल्लाष औ सुख्ख थियो ब्रम्हाण्डमै तब
शत्रुघ्न भरतै लक्ष्मण् विभिषण् अंगदै अनि
पवन पुत्र आदिका कपि हर्ष भएर नि

१३३

धनू तथा चामर छत्र पंखा
तर्वार शक्ति अनि ढाल जम्मा
लिएर श्रीराम समिप अस्त्र
हर्षित् थिए ती सब मग्न मस्त

१३४

सीताजीले सहितै दिनकर कुलका भूषणै रामजीको
शरीर्मा घेर् थरीका प्रवल मदनको कान्ति थ्यो छाइएको
नयाँ मेघै सरी नै कमनिय अति नै श्याम वर्ण भएको
गाथ्मा पिताम्वरैले मुनि मन पनि ता नित्य हर्ने भएको

१३५

अत्यन्तै माधुरी ती मुकुट मणि तथा बाजुले शोभिएको
आभूषण् दिव्य शोभा भूषणहरू थिए शोभिएका पनि जो
वक्षस्थल -विशाल- कमल सरि नयन् फेरि जानु तक नै
पुग्ने विशाल वाहुं रघुकुल प्रभुजी लाई जो जसले नै

१३६

देख्यो त्यो प्राणी ता लोक्मा ध न्य छ त्यहिनै अनि
हो भाग्यवान औ ठूलो धर्मात्मा पनि ता अनि
सपनामा पनि जस्ले देख्यो यो रूप रामको
लोकमा त्यहि नै ठूलो हुन्छ है भाग्यवान पो

१३७

प्रभु ध्यान

नीलो मणिकै सरि कान्ति मान
निर्मल र कोमल् दुइ पाउ जान
छन् लाल औ कोमल पैतला त्यो
खिच्छन् मुनिको मनलाई ता जो

१३८

ध्वजा र माछा यब चक्र रेखा
देखिन्छ जो अंकुश खष्ट कोणा
कुलीश औ पंकज स्वतिकादि
चिन्हैहरूले फिजी कान्ति ता ती

१३९

झल्मल् भएका अति सुन्दरै ती
छन् पैतली लाल मनोहरै कि
हर्दिन्छ सब्को मन चित्तलाई
सदा भवैको भय दूर् गराई
१४०

नक्षत्र झैं नील गगन्महा त्यो
नख् रत्न झलमल् गरदो छ ता जो
सरोजको पात सरी भएर
औला सुशोभित हुँदो छ फेर
१४१

गट्टा सरी पंकजको पनि ता
देखिन्छ गुल्फै प्रभुको अनि ता
डाढै सरी भैकन पद्मको जो
देखिन्छ सुन्दर् पिडुला दुई जो
१४२

राम्रो शरीर्को चुकुलै सरी भै
चेप्टा भई बस्तछ जानु ता हैं
थामै सरी भैकन जाँघ फेर
देखिन्छ पुष्टै र नरम् त घेर
१४३

तलाउका सुन्दर खुड्किला झैं
राम्रो छ पेटै त्रिवलि परी है
सरोरूहैका भूमरी सरी नै
देखिन्छ पुष्टै र नरम् त घेर
१४४

नाभी सरै देखि विशाल छाति-
-सम्मै पुगेका सब रोम राजी
विशाल पुष्टै अति सुन्दरै त्यो
रहेर छाती वीच कौस्तुभै जो
१४५

नीलो गगन्मा रवि झैं भएर
शोभिन्छ त्यो कौस्तुभ गम्किएर
श्रीवत्सको चिन्ह छ फेर हेर
हर्ने सबैको मन चित्त घेर
१४६

तेस्माथि फेरि नवरत्नवाला
झुल्दोछ हारै मणिको निराला
आकाशमा इन्द्रधनु सरी कै
देखिन्छ हार चमकै फिजी है
१४७

गजमोतीका माल्यहरू पनि जो
झुल्दोछ छाति विच गम्किई पो
पीत उपवीत पनि गएर
शोभिन्छ छाति विच छड्किएर
१४८

बन्मालिका फेरि रवाफ गर्दै
झुल्छे रमाई कन गम्म पर्दै
तारा सरी नील अकाशमाथि
देखिन्छ छाति वीच हार साथि
१४९

फेर् गुल्फ देखि कटिमा पुगेको
पीताम्बरै त्यो पनि जो धरेको
नीलो शरीर्मा पित बस्त्र झल्की
त्यो मेघमा विद्युत झैं छ टल्की
१५०

सुवर्णको किँकीणी तेसमाथि
गम्कि रहेको लिई रत्न साथि
नीलो गगन्मा शशि झैं उदाई
हर्दोछ सब्को मन चित्तलाई
१५१

सुन्दर् कटि छ मृगराजको झैं
हिडाई छ मत्त गजेन्द्रको झैं
वृषभको झैं छ विशाल काँध
झुलेर तेस्मै पनि रोव साथ
१५२

नीलो उपर्ना छड्के परेर
खिच्दोछ सब्को मन ता हरेर
घाँटि छ शंखै सरि रामजीको
शोभित् भएको धरका परी जो
१५३

माथै गरेर गज सूडलाई
पुगेर जानुतक रोव छाई
विशाल बाहु प्रभुको छ हेर
आनन्द गर्ने दुःख सब् हरेर
१५४

दीनै जनैका दुःख सब् छुटाई
आनन्द गर्ने निज भक्तलाई
राम्रा अति कोमल पद्म जस्तै
गर्दिन्छ निर्मित हथेलि उस्तै
१५५

सौन्दर्यताको रस सोरिएर
झुकेर बस्ने जुन चुच्चिएर
च्यूडो अति सुन्दर हेर खास
गर्ने सबैको दिललाई घात
१५६

संसारको लाल फिका गराई
लिएर बिम्बै फल कान्तिलाई
छन् लाल लालै दुई ओठ हेर
बस्ने सुधाको रस नै भरेर
१५७

लिएर कान्ति गज मोतिका झैं
फिका गरी पंक्ति अनार को नै
रहेछ झल्कि अनि दन्त हेर
चौरासी को दु:ख सबै हरेर
१५८

स्वरै छ मेघै सरि गम्भिरैका
अन्मोलको बाणि छ वेद झै जो
अत्यन्त कोमल् मुसुकान फेरि
नाश् गर्छ छिन्मै त्रय ताप ढेरी
१५९

रख्वालि गर्दै मुख पद्मको जो
खडा भई हर्दम शोभिदो पो
चुच्चे भई सुन्दर नै भएको
पाले सरी नाक छ गम्किएको
१६०

सीपि सरि सुन्दर कान जो छ
सुन्ने पुकारै सब भक्तको त
कोमल् लालै निल पुष्ट गला
हर्दोछ जनूको मन पारी हाला
१६१

नयाँ सरोजै सरि सुन्दरैको
अरूण झै लाल नजर् छ जस्को
रसै चुसी पंकजको रमेर
बस्ने मदै होस भई भुलेर
१६२

नानी छ चञ्चल् भ्रमरै सरिको
नेत्रै कमल्को रसमा झुलेको
भँउ छ फेरि धनु झैं मदनको
जोटेढिई शोभियत -मै - मगन् जो
१६३

विशाल औ पुष्ट छ फेरि भाल
त्यो राज् तिलक् पैहिई जो कमाल
नीलो गगनूको शशिझै भएर
सुशोभितै भाल छ गम्किएर
१६४

हर्ने रविको पनि कान्तिलाई
प्रचण्ड तेजै फिजी धप् धपाई
श्री माथ माथि रहने उदाई
खुल्दो छ शिर् पेच् अति झल्मलाई
१६५

सुवर्णमा रत्नहरू जडेको
छ बाहुलीमा झुलने निराला
औठी छ फेरि अउँली पिछे जो
रत्नादिले शोभित झल्किएको
१६६

कोटि कन्दर्पलाई पनि मलिन गरी सोभितै भैरहेको
हज्जारौ भास्करैको चमकहरू फिजी तेजलेनै बलेको
राजाराम प्रभुको अङ्ग अङ्गहरूको वर्णनै गर्नलाई
शारदा शेष वेदैहरू पनि नसकि बस्तछन् शिर् झुकाई
१६८

त्यो शोभा त्यो समाजै त्यस सुखहरूको वर्णनै गर्नलाई
शारदा शेष वेदै हरू पनि नक्षको बस्तछन् है रमाई
वर्णन ता केहि गर्छन् तर पनि त्यसको रस औ सारलाई
शम्भुनै जान्नु हुन्छ अरू जन हरूको शक्तिनै छैन हाई
१६९

बेग्लाबेग्ला गरेरै स्तुति सुरहरूले चित्त भित्रै रमाई
फर्के ति देव सारा निज निज घरमा सौख्य आनन्द पाई
वेद्‌ले बन्दी हरूका सरी अति खुसी भै भेषधारण् गरेर
राजै हुन्थ्यो जहाँ ती रघुकुल भगवान् त्यहि आए रमेर
१७०

सर्वज्ञ करूणा निधान प्रभुले गर्नुभयो आदर
अन्सार् काडन सकेन केहि पनि यो मर्म कसैले तर
बन्दि रूपधरी तिनीहरू अनि राजा रघुनाथको
लागे गुण्गणहेरूको खुसी भई गान् गर्नलाई त जो
१७१

हे अनुपम ! हे राम ! भूपतिका शिरोमणि
भन्दछौ प्रभुको जै जै जयहोस् सर्वदा भनी
हुनुहुन्छ सगुण् रूप हजूर प्रेमले गरी
निगुर्ण पनि हुनुहुन्छ प्रभु नै दु:ख दुर्गरी
१७२

प्रभो ! हजर्ले दशकन्धरादिका
सारा प्रचण्डै असुरै हरू तिता
अरू प्रवल् दुष्ट हरू कनै पनि
आफ्ना प्रचण्डै भुजदण्डले पनि
१७३

वधैं गरी बक्सनुभो रघुपते !
लिएर औतार मनुष्यकै हरे !
संसारको भार हरेर ता सब
कठोर पीडाहरू लोकको सब
१७४

जलाउनुभयो रघुवंश भूषण !
नाशै गरी दुष्ट त्रिशीर दुषण
प्रणतपाल जय होस् हजूरको
दिन दयालो प्रभु लोक नाथको
१७५

आफ्नो शक्ति स्वरूपिणि जनककी पुत्री सीताले पनि
साथै भै कन भार नाश गरेन यो धर्तिको ता अनि
राम ! राघव ! हे प्रभो ! हजुरको अत्यन्त नै प्रेमले
गर्छौं हामी त वन्दना जय हओस् यो शिर भुकाएर रे
१७६

हे हरे ! हे रघुनाथ ! हजूर्को विषयै अति
मायाका वशमा नाग देव दैत्य मनुष्य ति
चराचर जगत् सारा रहको छ दायनिधे !
काल कर्म हरूका ती भरियाका गुणादिले
१७७

त्यो जगत् भव रूपिको पथमा दिनरात नै
घुम्दा घुम्दै भएको छ थकित औ मलिन नै
जस्लाई प्रभुले नाथ ! कृपा कटाक्षले सदा
हेर्नु हुन्छ तिनै जन्ले मायाको भ्रमबाट ता
१७८

पैदा हुने आदिदैविक् अनि ता
आध्यात्मिकै आदि भौतिक् पनि ता
तीनै थरि तापबाट छिनैमा
पाएका छन् छूट्कारा यिनैमा
१७९

हे भव खेद छेद्नामा दक्ष हे रघुनाथको
पर्दछौ शरणै हामी पाउमाथि भुकेर की
रक्षण गर्नुहोस् नाथ ! हामीहरू समस्तको
नमस्कार हजूर्लाई गर्दछौ पाउमा प्रभो !
१८०

ज्ञानैका अभिमानले अति वनै मत्तै भएरै प्रभो !
जानेरै भवरोग नाशन हुने हजुरकि भक्तिको
गर्दैनन् दिल्भित्र आदर हरे ! त्यस्ताहरू हे हरे !
देवै दुर्लभका ठूला पदवी नै पाए पनि फेर रे
१८१

त्यताबाट पछारिन्छन् त्यो कुरा हामीले सदा
देखेका छौ रघुनाथ ! भन्दछौ सत्य हामी ता
प्रभुको नै भरोसामा रहेर भवको सबै
तृष्णालाई परित्यागा गरीकन सदैव नै
१८२

जो जो भईरहेकाछन् दास हजूरको प्रभो !
तिनहरू सबै नाथ लोकमा खाली नाथको
पवित्र निर्मल नाम जप्दा जप्तै विनाश्रम
भव सिन्धु सबै तर्छन् शान्ति पाई अनुपम
१८३

स्मरण गर्दछौ हामी सोहि प्रभु रघुवीर !
अत्यन्त भक्तिले नाथ हामीहेरू भुकि शिर
पूजनिय भएको जो ब्रम्हा शंकरको पनि
जून चरण पंकज्को मंगल् कल्याण कारिणि
१८४

धुलाको पवित्रै मिली स्पर्श नै ता
मुनिकी तरिन् पत्नि पूनित भै ता
अहो ! जुन् चरण् पद्मका अंगुलीको
नखैबाट पैदा भएकी पनि जो
१८५

गंगाजी तीन लोक्लाई पुनीत गर्दिने अति
वन्दना अर्चना चिन्तन् गर्दछन् मुनि वृन्द ती
जस्का ती पाद पद्मैमा बज्राङ्कुश ध्वजो कमल्
इत्यादि चिन्हले गर्दा सदैव शोभितै ती छन्
१८६

घुम्नाले पैदलै वन वन जसमा कंकणै बिभिन्न जाँदा
छन् है ठेला परेरै युगल चरण ती शोभितै नै भएका
हे राघव् !हे मुकुन्द !अजा!निरगुणा!हे राम ! सोहि हजुर्को
पाउ पद्मै युगल्को भजन गरदछौ हामी नित्यै भुकि पो
१८७

अव्यक्त फेद भै आदि रहित भई अण्डज
उद्भिज स्वदेज फेरि अर्को त्यो भो जराउज-
बोक्राले भरिएको छ भनी वेद र शास्त्रले
भनेको छ यहाँ धेरै पृथ्वी जल तेजले
१८८

वायु आकाश मन् सारा स्कन्धै मै पञ्च तत्व र
प्रकृति रूपकै पच्चिस् शाखा छ एक सुन्दर
शुभाशुभ् कर्म रूपिका अनन्त पात छन् अनि
बासना रूपि धेर् फूल हरूले शोभितै पनि
१८९
सुखै रूपि ती मिठा फल् हरूले
फेरि दु:खै रूपि ती फल् कटूले
संयुक्तै भै फेर अविद्या रूपिको
एकै लत्ता जालले जेलिई जो
१९०
वासना रूपि फूल् कर्म रूपिका फलले पनि
भई संयुक्त जो हर्दम् नित्य नविन नै बनी
रहने अगमा पार भीषणै भव रूपको
जुन वृक्ष छ त्यै तुल्य रहने प्रभुलाई पो
१९१
गर्छौं नित्य प्रणाम् झुकेर भगवन् ! हामीहरू सर्वदा
पर्छौं नाथ ! शरण् महा हजुरका पाऊ कमलमा सदा
जन्म रहित ब्रम्ह औ अनि पछि अद्वैत औ व्यापक
जानिन्छन् अनुभव् गरेर सहजै सद्‌गन्थको वाक्य त
१९२
चित्तै देखि परैछ त्यो भनिकनै जो गर्दछन् ध्यान ता
जानून् सब् तिनीहरू नै रघुपते ! यो ब्रम्हको तत्व ता
जो गर्छन् उपदेश् गरून्, प्रभु तिनै हामीहरू ता प्रभो
गाउछौं यश नित्य हे रघुपते ! येहि सगुण् ब्रम्हाको
१९३
सत्गुणाकर ! हे नाथ ! करूणामय ! लोकका
विकारलाई छाडेर मन कर्म र वाक्यका
प्रभुको पाउ पंकजमा हामीहरू सदैव की
हुनै पाऊ अनुरक्त माग्दछौ वर नै यहि
१९४
देख्दा देख्दै सबैले नै श्रुतिहरू समस्तले
स्तुति गरेर ता यस्तो अपार र उदार रे
अत्यर्ध्यान भई सारा ब्रम्हलोक गए अनि
हुनुहुन्थ्यो जहाँ राम सुन्नुहोस् गरूड् अनि
१९५
अतिव हर्षले ताहिँ पाल्नुभो नीलकण्ठ ता
रोमाञ्चित पूर्ण भै गाथ नेत्रबाट पनि आहा
बगाई प्रेमको आँसु गद् गद् वचनले पनि
लाग्नुभो स्तव नै गर्न भक्ति पूर्वकले अनि
१९६

भवतापहर नाथ ! रमारमण ! हे प्रभो !
जय जय जय राम ! जयहोस् हजूरको
भएको डरले आकुल् दासको पनि यो घरी
रक्षा गर्नुहओस् नाथ ! बस्दछु शरण परी
१९७
देवाधिराज ! अवधेश ! हे प्रभो !
लक्ष्मिपते ! व्यापक ! लोकनाथको
चाहन्छु पर्नै शरणै महा सदा
रक्षा मलाई गरनू हओस ता
१९८
दशशीर्ष विनासी ! हे विसहस्त विनाशक !
हजूर्ले भूमिको दु:ख सब् दूर - गरी - नाश त
अन्धकार रूपि जो जो पतङ्गादि थिए सब
जले हजूरका भीषण् शराग्नि बीचमा अब
१९९
भूमि मण्डलको सुन्दर् गहना हो हजुर ता
धारण् गर्नुभएको छ ठोक्रो औ धनु वाण ता
महा मोह ममता औ मद यो तीन रूपि त -
- भएको रात्रीको घोर तम हर्न निमित्त त
२००
प्रभो ! तेज पुञ्जवाला दिवाकर्
हुनुहुन्छ दिन नाथ रघूवर्
चित्तैमहा मोह विलास रूपि
वाणै हार्नी कामदेवै स्वरूपि
२०१
किरातैले नररूप् त्यो हरिण्को
ध्वम्सै गर्छ गर्दिदै नित्य क्षिण् पो
ती पामर् जो विषय रूपिका नै
जंगल् महाँ अल्मलिई सदा नै
२०२
बसेका छन् हे हरे हे खरारे
मारेरै ती काम किरात ता रे
हे नाथ ! सारा ती अनाथहरूको
रक्षा गर्दै हर्नूहोस् दु:खहरूँ त्यो
२०३
धेरै प्राणी रोग वियोगले नै
मारिएका छन् हरे शोकले नै
यी ता स्वामी पाउमा नै अश्रद्धा
गर्नाले नै हो मिलेका फलै ता
२०४

हजूरका ती पदपद्म माथि
गर्दैन जो प्रेम गरेर भक्ति
अगाधको दुस्तर सागरैमा
पर्नेछ त्यो जीव अनन्तसम्म
२०५
श्रीरामका चरण पंकजमा सदैव
जस्लाई प्रिति रतिभर् पनि छैन दैव
ती प्राणि हुन् अधिक खिन्न र दिन हिन
हुन्छन् दु :खी पनि तिनै प्रतिदिन् मलिन
२०६
जस्लाई हे रघुपते ! प्रभुको कथा नै
होला सुआश्रय ठूलो अवलम्व ता नै
त्यस्लाई साधु सतसंग र सन्त आदि
लाग्छन् सधै प्रिय मनोहर रम्य ज्यादि
२०७
कथाकै अबलम्बन्मा बस्ने भक्तहरूकन
हुदैन राग औ रोग घमण्ड हे निरञ्जन !
हुदैन है अभिमान पनि जगतमा अनि
तिनलाई विपत्ति औ संपत्तिहरू नै पनि
२०८
हुन्छ समान है नाथ ! यसै कारणले पनि
मुनिहरू खुसी साथ सर्वदा प्रभुकै अनि
भई दास सबै आसा त्यागी योगादिले त जो
नित्य नियमले नाथ ! तिनी सारा अनि प्रभो !
२०९
प्रेमै गरी शुद्ध त चित्तले अनि
हे नाथ् ! हजुर्का पदपद्मको पनि
सेवा भरोसा गरछन् ति ता सदा
अनादरै आदरलाई तुल्य ता-
२१०
- ठानेर सब भाँतिले खुसीभई निरन्तरै पृथ्वीमा
घुम्छन् नित्य रमाउदै रघुपते हर्षित् भई चित्तमा
सन्तैका कमलै सरी हृदयमा बन्दै मधुपै सरी
बस्ने धैर्य गरेर ती समरमा अत्यन्त धीरै गरी -
२११
-रहने अजय अमर प्रभुको गर्छु भजन्नै सदा
हे हरे प्रभुलाई गर्दछु म ता नित्यै नमस्कार ता
मदमान रूपि भयानक भव रोग्का रिपुनाथको
रहन्छु जपि नाम हर्दम म ता शिर झुकाएर पो
२१२
कृपा गुण शील वीर सबैका
भई परम् सुन्दर घरनै ता
श्री इन्दिराका रमण् नाथलाई
निरन्तर चित्त माहा रमाई
२१३
प्रणाम गर्छु अब रावणारे
मेरो सबै द्वन्दहरू घन रे
विनाश पारी दिनु होस राम !
दिन दयालो ! प्रभु शान्ति धाम
२१४
कृपा कटाक्षले हेर्नु होस दिन मलाई रे
शरण पर्दछु राम ! पाउमा शिर राखी रे
श्रीरंग ! बरयो माग्छु बारंबार म ता प्रभो !
प्रशन्न हुनुहोस् नाथ ! विन्ति गर्दछु आज यो
२१५
हजूरका यी पद पंकजैमा
अन्पायिनी भक्ति रहोस् दिलैमा
पाउ निरन्तर् सतसंग नै जो
म माग्छु येहि प्रभु साथ नै पो
२१६
उमापति महेश्वर्ले एवं प्रकारले तहाँ
रामको गुणको वर्णन् गरेर अनि मन्महा
खुसी भैकन कैलाश जानुभो अनि त्यो घरी
रामले वानर वीरहरूलाई खुसी गरी
२१७
सर्व सुख् दायक बास दिलाउनु भयो अनि
सुख् विलासका चीज थिए जस्मा अनेक नि
गरूड ! जो तिनै ताप संसारका समस्त यो
भय लाई दमन् गर्छ अति नै पावन छ जो
२१८
सुन्नुहोस कथा यो ता एकाग्र चित्त भैकन
अयोध्याका महाराजधिराज रामको जुन
शुभ राज तिलक्को यो सुन्दा वृतान्त ता सब
विवेक पाई वैराग्य होला विषयमा तब
२१९
कामना सहितै भई जुन नर यो श्री रघुनाथको
राजतिलकको चरित्र कन ता खुसी भई सुन्छ पो
यी गाना गरछन् तिनीहरू सबै नाना थरीका ठूला
पाउँछन् सुख सम्पत्ति जगतमा दुर्लभ् सुर बृन्दका
२२०

सुख्को भोग गरेर आखिर महा सीतापति रामको
जान्छन् धाम विषे खुसी भई अनि काटि सबै रोग यो
श्री राम्को अति पावनी चरित यो योगी विरागी अनि
जीवमन्क्त मुमुक्षु साधक तथा सच्चा महात्मा पनि ।
२२१

विषय लम्पट सारा संसारीहरूले पनि
यदि सुन्छन भने फेरि यथाक्रम तिनै पनि
सत्गति नविन भक्ति संपत्ति पाउँछन् सब
आपन्ना मति अनुसार मैलै गरूड ! यो अब
२२२

भय दुःख हरण् गर्ने सुन्दर् अति विचीत्रको
गरें बर्णन यो सारा खगेश ! रामकिर्ति पो
भक्ति विवेक वैराग्य सारा यी चिजलाई ता
दृड गर्दछ यो रामकथाले अनि फेरि ता
२२३

मोह रूपि नदिका निम्ती माहा
डुंगा हो यो बलियो लोकमहाँ
अनि फेरि नित्य नविन खासा
हुन्थे अवध् नगरीमा तमाशा
२२४

चौतर्फ तिरबाट हर्षित थिए सारा अवध् वासि ता
जस्का श्रीचरणारविन्द शिव औ ब्रम्हा मुनियोगी ता
गर्छन् नित्य प्रणाम भक्ति सीतले श्रीरम पद्पद्ममा
नित्यै नित्य नयाँ भएर अवध पुर्वासिको चित्तमा
२२५

प्रेम अहैतुको भक्ति लागेकोथ्यो अपारको
देव दुर्लभका सौख्य पाउँथे ती अनेक जो
याचकहरूले पाए बस्त्रा भूषण बेसरी
विप्रादिले पनि पाए दान मान सबै थरी
२२६

ब्रम्हानन्द विषे कपिहरू सबै थिए डुबेका पनि
साराका दिल भित्र ता प्रभुजीको पाउ कमल्को पनि
थियो प्रैम अपारको ति सबले रात् दिन् बितेको पनि
पाएनन् सुध मास छै विति गयो एवं रीतीले अनि
२२७

बिर्सिए घरद्धार ता ति सबले जस्तो कि ती सज्जन
चित्तैमा रहदैन ख्याल कहिल्यै परद्रोह औ कञ्चन
तेहि भैं गरि ति समत्त जनको मन्मा जिऊ राजको
सुद्धि केहि रहेन स्वप्न त कनै मग्नै भई लठ्ठ पो
२२८

साथीहेरू समस्तलाई अनि ता डाक्नु भयो रामले
आएरै प्रभुको प्रणाम सबले गर्दा भए हर्षले
भक्तैलाई सुखै दिने रघुमणि राजा रघुनाथले
आपन्ना सामुमहा बसाउनुभयो अत्यन्त नै प्रेमले
२२९

भन्ने लाग्नुभयो मिठा वचनले हे साथि हो आज रे
मेरो सब् तिमीहेरूले अति ठूलो सेवा गर्‍यौ प्रेमले
तिम्रा सामु कसोरी ?मित्र ! म गरौ तिम्रो प्रशंसा अब
मेरो हित निमित्तमा सकलले घर् द्वार हेरू सब
२३०

सुख्वै संपत्ति त्याग् गर्‍यो सुन सखे ! तेसै हुंनाले अब
तिमीहेरू भयौ मलाई अति नै प्यारा पनि ता सब
मेरो राज्य र संपत्ति शरीर यो घर् औ सीताजी पनि
स्नेहि मित्र र भाई बन्धु परिवार् जो जो अरू छन्त नि
२३१

छैनन् है यी सबै तिमीहरू सीर मेरो पियारा अब
भुटो होइन यो कुरा सुन सखे ! मैले भनेको सब
मेरो वानी यहि छ गर्दछु सधै पुरा पनि यो सब
हुन्छन् है हुन ता सुसेवकहरू सब्लाई प्यारो तब
२३२

यो योग्यै पनि हो कुरा तर सखे सुसेवक माथि ता
अत्यन्तै अधिकै रहन्छ प्रिति ता मेरो सदा सर्वदा
आ-आपन्ना घर जाउ है सब जना ऐल्यै खुसीले गरी
मैलाई भजनू सदा हृदयमा विश्वास ठूलो गरी
२३३

मैलाई सबको गति र सबको हित्हो भनी चित्तमा
जानी प्रिति गरे सधै अब तिमी मेरो चरण पद्ममा
श्रीराम्को वचनै सुनेर ति सबै मग्नै भए प्रेममा
म को हुँ ?यसको त के ति सबले आपन्नोशरीरसम्म ता
२३४

बिर्सिए कर जोरि एक टक भै उठ्दा भए सामुमा
ज्यादै न अनुरागले त्यस बखत् बोल्ने सकेनन् तहाँ
श्रीरामले तिनीहेरूको नजर भै अत्यन्त प्रिति अनि
ज्ञान्को गूढ उपदेश गर्दिनु भयो अत्यन्त बर्ता पनि
२३५

तिनीहेरू सारा प्रभुको समीप्मा
कुरा भन्ने केहि पनि त्यो बखत्मा
नसक्ने भई रामकै बार बार
चरण हेर्न लागे भुकेरै अपार
२३६

अनि श्री रामले ना ना रंगका सुन्दरै अनि
अनुपम् उत्तमै बस्त्र भूषण हरू धेर नि
मगाउनु भयो फेरि पैले भरतले तब
सजेर सुन्दरै पारी आफना करले सब
२३७

पैह्राउनु भयो मित्र सुग्रीव लाई भूषण
रामको आसयै जानी लक्ष्मणजीलें विभिषण -
लाई बस्त्राभूषण् सारा पैह्राउनु भयो अनि
मन् पऱ्यो पिहरन् त्यो ता रामलाई अतिव नि
२३८

बसे अचल भैं अंगद् चलाए पनि ता हरे
चलेनन् तिनको प्रिति देखेर रघुनाथले
डाक्नुभएन तिन्लाई रामले अनि फेरि ता
जाम्बवान नल नील इत्यादि सब लाई ता
२३९

पैह्राउनु भयो धेरै बस्त्राभूषण सुन्दर
ती सबले रामको पाउ पद्ममा भक्तिले शिर
झुकाई रामको रूपलाई हृदय पद्ममा
राखेर कष्टका साथ विदा सब भए तहाँ
२४०

अनि उठेर अंगदले गरी प्रणाम प्रेमले
हात जोडी कनै नेत्र अश्रुपूर्ण गरेर रे
प्रेम रस्मा डुवाएका जस्ता नरम कोमल
वचन बोल्न लागे ति निच्छल अति निर्मल
२४१

कृपासागर ! सर्वज्ञ ! आनन्दसिन्धु ! रामजी !
हे आर्तबन्धु ! हे सत्यसन्ध ! दिनदयाल ! की
पुकारा सुन्नुहोस् मेरो मर्ने बखतमा प्रभो !
मेरा पिता ति बालिले मलाई पाउमा प्रभो !
२४२

सुम्पिएर गएका हुन् 'अशरण शरण ' यो
आफ्नो यस्तो विरदलाई सुरक्षित् पारी आज जो
मेरो त्याग महाराज नगुर्न होस नाथ ! हा !
भक्त जन हित कारी हुनु हुन्छ हजुर ता
२४३

मेरो ता स्वामी औ माता पिता गुरू प्रिय सबै
हुनुहुन्छ प्रभु एक मात्रै भन्दछु सत्य है
प्रभुको चरण पद्मलाई छाडेर नाथ ! हा !
कहाँ जाऊ ? महाराज ! मलाई मर्जिहोस ता
२४४

विचार गर्दिनु होस प्रभुले नै अनि पछि
आज्ञा गर्नु हओस् फेरि भन्दछु सत्य आजकी
महाराज ! प्रभुलाई छाडेर घरमा अब
मेरो के काम छ ? नाथ !आज्ञाहोस प्रभो !सब
२४५

ज्ञान हीन बल बुद्धि हीन छु रघुनाथ ! म
बालक् छु प्रभुको दास जाउँ कसरी आज म?
दिन दुःखी असहाय जानेर शरणै महा
मलाई राख्नु होस् नाथ ! पर्दछु पाउपद्ममा
२४६

प्रभुको भवनै भित्र रहेर दीन वान्धव !
साना तिना सबै काम टहल गरूँला सब
गेरर नित्य नै दर्शन् प्रभुका पाउ पद्मको
भव सागरको पार तरूँला भन्छु सत्य पो
२४७

यस्तो विन्ति गरी सारा पाउमाथि परेर नै
रक्षा गर्नु हओस् नाथ ! घरजा भनी फेर है
आज्ञा नबक्सनु होस हे प्रभो ! करूणानिधे !
पुकारा गर्दछु आज शरण्मा परि फेरि रे
२४८

करूणाका सिमाना झै भएका रघुनाथले
अंगदका नम्र वाणि यी यस्तै तरहबाट रे
सुनेर आफना पद्म लोचनै लाई नीरले
- भरेर अंगदैलाई उठाईकन प्रेमले
२४९

टांस्नुभो हृदयै माथि अनि अतिव प्रेमले
आफैले पैह्रि राखेका बस्त्राभुषण जो छ रे
समस्त रत्न औ हार मणि हेरुभिकेर ता
पैह्राउनु भयो बालिनन्दनलाई झट्ट ता
२५०

विविध थरिले फेरि सम्झाईकन ता अनि
रामले अंगदैलाई विदा गर्नु भयो पनि
भक्तिले गरिएका ती सेवामा ध्यान राखने
भगवान् रामजी आफ्ना भाई साथ सुलोचने
२५१

लक्ष्मणका काँधमा हात राखेर हर्षले अनि
पुऱ्याउनं तिनी सारा लाई अलि परै पनि
सवारी भो अनि फेरि अंगदका दिल भित्र ता
थियो अतिवनै प्रेम फर्कि फर्कि तिनी अहा !
२५२

हेर्दथे रामजीलाई बार् बार अति प्रेमले
प्रणाम गर्दथे फेरि तिनका मनभित्र रे
'मलाई बस लौ भैगो 'आज्ञा हुन्छ कि रामले
भन्ने आशा थियो लागी रहेको झन् बढेर रे
२५३
ती सबै भगवान् रामजीको चलन चालको
बोलाई मित्रता फेरि हँसाई र मिलापको
सम्झेर हृदयै भित्र त्यस्कै सोच गरिकन
मनमा प्रभुको पाउपद्मलाई धरीकन
२५४
थिए सोचिरहेका ती अनि श्री रघुनाथको
देखि आशय साराले धेरै विनय साथ पो
विन्ति गरेर ता फेरि प्रभु श्रीरामचन्द्रको
चरण कमलैलाई आपन्ना हृदय भित्र पो
२५५
राखेर ती हिडे सारा अनि श्री रघुनाथले
सबै वीर कपिलाई अति आदर साथले
पुन्याउनु भयो केहि टाढा सम्म अनि पछि
फर्केर भाईका साथ पाल्नु भो रघुनाथ जी
२५६
अनि सुग्रीवको पाउ समाते हनुमानले
धेरै तरहको विन्ति चढाईकन फेर रे
माहाराज ! दिन दशौ सम्म म राम पाउको
गरेर चाकरी फेरि हजूरको पाउ पद्मको
२५७
गर्नेछु दर्शनै नाथ ! विदा पाउँ अलि दिन
भनेर विनयै यस्तो गरे तिन्ले झुकिकन
भने सुग्रीवले फेरि वीर पवन नन्दन !
तिमी छौ पुण्यकापुञ्ज अब चाडो गईकन
२५८
कृपानिकेतन दिनबान्धव रघुनाथको
सेवा गरे यति आज्ञा दिईकन तुरून्त पो
हिडे वानर ती सारा अनि श्री अंगदैजीले
भने सुन हनूमान ! तिमीलाई म फेरि रे
२५९
भन्दछु जोरदै हात रामजीका हजूरमा
मेरो दण्डवतै विन्ति धेरै गरी दिनु तहाँ
वार्वार सम्झना मेरो गराए रामजीकन
यति भनी गए झट्टै मन्मा दु :खी भईकन
२६०

फर्केर पवन पुत्र आए अतिव हर्ष भै
रामका पाउमा तिन्ले अंगद्जीका कुरा सबै
प्रेम औ भक्तिको वर्णन् गरे विस्तारले अनि
प्रशन्न हुनुभो राम सुन्दा संचार त्यो पनि
२६१
खगेश रामको चित्त बज्र भन्दा पनि अति-
-कडा छ फेरि फूल भन्दा पनि कोमल हो कति
चित्त यो रामको यस्तो बुझन सक्छ र को यहां ?
चिन्ला र प्रभुको बानी कस्ले सम्पूर्ण लोकमा ?
२६२
झट्टै दिन दयाल श्री प्रभुजीले नैषाद राजाकन
बोलाउनु भयो र बस्त्र गहना ना ना प्रसादैकन
धेरै बक्सनु भो र फेरि प्रभुले आज्ञा भयो यो तहां
जाऊ मित्र तिमी पनि घरमहाँ खूसी भई मन्महा
२६३
बराबर् सम्झना मेरो गरनु चित्तम पनि
मनसा कर्मणा वाचा पच्छाए धर्म नै अनि
तिमी मेरो सखा फेरि भाई भरतका सरी
प्रेमका पात्र छौ मित्र ! मन्मा सम्झ सधैं भरी
२६४
आवत् - जावत् नै गर्नु सधैं अवधमा अब
ठूलो आनन्द भो मन्मा सुन्दा वचन यो सब
प्रेमको जल आएर भरियो नजरै भरी
रामको पाउ पंकजमा परे ति दण्ड झैं गरी
२६५
श्री रामका चरण पंकज् द्धन्दलाई
राखेर चित्त बिचमा अतिनै रमाई
फर्केर स्वघरमहाँ गुह झट्ट आई
आफन्त मानिसहरूकन हर्ष छाई
२६६
श्री रामको असल बानि सबै सुनाए
हर्षित् भएर प्रभुको सब किर्ति गाए
नारी तथा नर समूह अवध् निवासि
देखेर राम चरितै कन केहि हाँसी
२६७
सुख्का स्वरूप् ! सुन्दर ! राम !
धन्य धन्य प्रभु ! हे सुख घाम
धन्य धन्य हुनुहुन्छ भनेर
भन्दथे सकल नित्य रमेर
२६८

राजगद्दि बिच श्री रघुनाथ
राज् हुँदा सकल लोक सनाथ
भो अनि त्रिभुवन भरिका ती
हर्षितै हुन गए जनता ती

२६९

दूर भो दु :ख र शोक छ जो ता
कोहिको सगँ कुनै जनको ता
शत्रुता हरू भएन कसैको
नष्ट भो बिषम भाव सबैको

२७०

रामका अनुपमै र उदार
ती प्रतापहरूले तम सार
नष्ट पारि सुख शान्ति फिजायो
लोकको बिषम भाव हरायो

२७१

शुद्र वैश्य द्विज क्षेत्रिय वर्ग
भो निजी धरममा अनुरक्त
ब्रम्हचारी र गृहस्थ हरू र
वान प्रस्थ र तुरीय जरूर

२७२

वेद्मान्य निज आश्रमशक्त
धर्ममा सब थिए अनुरक्त
वेदका पथ बिषे सबलोक
चन्दथे सब हटिकन शोक

२७३

पाउँथे सुख ति सारा निरन्तर अनुपम
न ता डर थियो केहि रोगनै न थियो तम
दैहिक दैविक भौतिक् तापले राम राज्यमा
गरेन कहिल्यै व्याप्त कोहिलाई जगत् महाँ

२७४

आपस्मा गर्दथे प्रिति समस्त प्राणि हर्षले
बेदोक्त रीतिमा तत्पर् भई सकल लोकले
चल्दथे सकल प्राणी खुसी भै नीज धर्ममा
चारै चरणलै युक्त भएर धर्म लोकमा

२७५

परिपूर्ण भई नित्य रहन्थे ति सबै अनि
पाप गर्दैनथे कोहि कैल्यै ती स्वप्नमा पनि
रामका भक्तिमा तत्पर नर नारी थिए सबैं
मुक्ति पद्का अधिकारी थिए लोक समस्त नै

२७६

अकाल मृत्यू कोहिको थिएन - पीर ता कुनै
शरीर सबका राम्रो थिए पुष्ट निरोग नै
थिएन लोकमा कोहि दु :खी दिन दरिद्र ता
मूर्ख औ लक्षणै हिन थिएन कोहि वर्ग ता

२७७

कुलक्ष्मणी अनि मूढ थिएन जन कोहि ता
दयालु दम्भले हिन थिए अवध वासि ता
सत्य औ धर्ममारूढ रहेका ती सबै जन
नर नारी थिए सारा गुणी चतुर सज्जन

२७८

गुणज्ञ र अनि ज्ञानी विवेकि र कृतज्ञ नै
थिए जनहरू सारा, कपट्मा चतुर जनै -
- थिएनन् कोहि ता फेरि सुन्नुहोस खगेश यो !
रामका राज्यमा सारा संसारभरमा छ जो

२७९

चराचर् प्राणीमा सारा कसैलाई कहिँ पनि
स्वभाव काल औ कर्महरूका गुणबाट नि
उब्जेको पीर औ दु :ख थिएन प्राणीमा कनै
सुखी थिए सबै प्राणी ब्रम्हानन्दन समान नै

२८०

सातु सिन्धु रूपी ठूलो मेखला पैहिएकी ति
पृथ्वी मण्डलका भित्रभरि मै एक भूपति
राजाधिराज श्रीराम अयोध्यामा विराज भै
हर्नुहुन्थ्यो सदा ताप ता प्राणीका सबै

२८१

अनेकौ विश्वछन् हेर जसको रोम रोम मै
गर्नु हुन्छ सदा दृष्टि प्रलय पल भित्रमै
उस्ता जगतका सारा परमेश्वर रामका
- निम्ति यो प्रभुता केहि ठूलो होइन जान ता

२८२

महिमाहरू ती सारा सम्झिदा रघुनाथको
यो सानो विश्वको र ाज भन्नु ता खगराज यो
रामको हीन ता सारा देखाउनु समान हो
वैनतेय ! तर फेरि वास्तवमा भगवानको

२८३

जसले महिमा सारा जानेका छन् यथार्थले
यो निर्मल लिला माथि तिनीहेरू समस्तले
मानेका छन् अति प्रिति करूणामय नाथको
यो गूढ राम लिलामा लाग्नु नै प्रेम फेर जो

२८४

त्यो ता यथार्थ प्रभुत्व ज्ञान्नाको फल हो अनि
भन्दछन् यो कुरा सारा संयमी मुनिले पनि
रामका राज्यको सारा सुख संपत्तिहरू हेरू कै
सक्तैनन् वर्णनै गर्न शारदा शेषहेरू नै
२८५

नर नारीहरू सारा उद्धार द्विज पाउका
सेवीऔ सत् गुणी खानी परोपकारी विज्ञ ता
थिए औ अनि ता फेरि पुरूषहरू सर्वदा
आनन्द मान्दथे सारा एक् नारी व्रतमा सदा
२८६

मनसा कर्मणा वाचा नारीहेरू समस्त नै
प्रेम औ भक्तिले सेवा गर्दथे पतिको सधैं
भगवान् रामले राज्य गर्दामा ' दण्ड ' ता सब
थियो सन्यासि हेरूको हातमा मात्र ता तब
२८७

थियो अनि पछि 'भेद' चाहि नर्तक हेरूका
नृत्य समाजमा मात्रै थिएन काहि अन्त ता
जितेन पर्ने थियो खालि एउटा मन मात्र नै
'जित्नु पर्छ मनलाई' भन्ने वचन यो सधैं
२८८

सुनिन्थ्यो घरमा सब्को अनि जंगलमा पनि
वृक्षहरू फूलि सारा रहन्थे फलदै अनि
सिंह हात्तिहरू सारा रहन्थे मिलि साथमा
स्वभाविक् शत्रुतासम्म विर्सेर सब चित्तमा
२८९

मिलेर पशु औ पक्षिहरूले आपुसैमहा
थिए प्रिति बढाएका अत्यन्तै हृदयैमहा
रमाउदै सदा मन्मा विविध थरि पक्षिले
बोल्दथे मधुरै मीठा स रस राग बोलिले
२९०

भुण्डका झुण्डमै सारा हरिणहरू हर्दम
भई निर्भय जंगल्मा चर्दथे खुसीले झन
सुख आनन्दका साथ रहन्थे वनमा सदा
त्रिविध पवनै चल्थ्यो हरेर श्रम सर्वदा
२९१

मधुरो गुञ्जनै गर्दै पुष्पका रसमा भुली
मगन भै उड्दथे नित्य भ्रमर कलिमा डुली
मागेमा लहरा वृक्ष मधु चुहाउथे सदा
चाहिए जतिनै दिन्थे सुरभीहरू दूध ता
२९२

रहन्थिन् पृथ्वी नित्य सम्पन्न फल अन्नले
चारै तिर सुशोभितै भै हरियालि फिजेर रे
त्रेता युगमा थियो सत्य युगका सरी कामले
सु सम्पन्न भयो सारा जगतै धन धामले
२९३

जगत आत्मा जगका महिप नै
हुनुभएको छ भनी अधीश नै
सम्पूर्ण पर्वत् हरूले अनेकका
प्रकट् गरे खानीहरू जता त ता
२९४

नदि र नाला नलले पनि सबै
निर्मल् र मिठो अतिशीतलै अझै
त्रिविध ताप हारी सुख्ख गर्दिने
बगाउथे जल् सब पाप हर्दिने
२९५

रहन्थे सागरै आपन्नो मर्यादामा निरन्तर
सदैव मणि औ रत्नहरूलाई ति सागर
पारिदिन्थे किनारामा लिन्थे मानिसले तब
सुशोभित थिए पद्मवनले सर ता सब
२९६

दशै दिशाका सब नै विभांगमा
थिए जनै खूब प्रशन्न चित्तमा
सुधा सरी चाँदनि आफनो छरी
भर्थे धरालाई शशि सधै भरी
२९७

जति छ कामै उति मात्र भास्कर
तातो रहथे खुसी पारी सब् घर
थियो अनन्तै सुख सोखय लोकमा
बयान गर्ने सकिदैन सब् यहाँ
२९८

श्रीरामचन्द्रको राज्य भरी भै बादलै पनि
दिन्थे जल सदा माग्दा चाहिदो जतिनै अनि
प्रभुले गर्नु भो यज्ञ करोडौ अश्वमेघ नै
दिनुभो ब्राहणैलाई दानहेरू अनेक नै
२९९

धर्म धुरन्धर राम वेदोक्त पथपालक
गुणातीत अनि फेरि पु रन्दर समान त
भोग विलास गर्नमा हुनुहुन्थ्यो प्रवीण त
गरी बयान त्यो सारा सकिन्न जन्म कोटि त
३००

शोभा सौन्दर्यकी खानी सुसीला जानकी पनि
विनय साथनै नित्य स्वामी श्रीरामकी पनि
आसयै अनुसारैको काम गर्दै निरन्तर
बस्नु हुन्थ्यो माहारानी सति श्री जानकी घर
३०१
जान्नुहुन्थ्यो सीता सारा प्रभुत्व रघुनाथको
गर्नु हुन्थ्यो घरी चित्त सेवा चरण पद्मको
यद्यपी सुश्रुषा सेवा गर्नमा प्रविणै अति -
- भएको दास औ दासी थिए विपुल नै कति
३०२
तथापि घरका सारा काम औ भगवान्‌को
गर्नुहुन्थ्यो सदा सेवा जानक ी खुसीसाथ पो
स्वामी श्रीरामका आज्ञाहरूका अनुसार नै
गर्नु हुन्थ्यो घरा पुत्री काम आनन्दले सबै
३०३
कृपासिन्धु सुखमान्नु हुन्थ्यो जे गरदा सदा
गुर्नु हुन्थ्यो ती साराको सेवा खुसीभई तब
थिएन् धन औ मानहरूको मद ता कुनै
सौन्दर्यको पनि गर्व थिएन चित्तमा कुनै
३०५
उमा रमा र ब्रम्हादि हरूकी वन्दनिय ती
सदा आनन्दिता सीता माता सकल लोककी
कृपाकटाक्षको जस्को हेराई सुरले सदा
चाहन्छन् मनमा नित्य पाउछन् मात्र नै कदा
३०६
महालक्ष्मि सीता सोहि रामचरण ा पद्मा
लवलिन भई आफ्नो स्वभाव विर्सिई तहाँ
गर्नु हुन्छ सदा सेवा प्रेमले रघुनाथको
आफूलाई पनि विर्सि लवलिन भएर पो
३०७
भाईहरू पनि सारा सानुकुल रहेर नै
रामको गरनु हु न्थ्यो सेवा मन धरेर नै
अत्यन्तनै थियो प्रेम रामा चरण पदममा
बस्नुहुन्थ्यो सदा हात जोरेर प्रभु सामुमा
३०८
हेरेर प्रभुको पद्म मुहारलाई नित्य जो
'कैले हामीहरूलाई आज्ञा हुन्छ कि केहि पो
कृपालुले ' भनी सारा रहि तयार हर्दम
हुनुहुन्थ्यो खडा सारा भाईहरू भुकिकन
३०९

सारा भाइहरू माथि प्रिति स्नेह अपारको
गर्नुहुन्थ्यो सदा राम दिदै शिक्षा हजारको जो
नीती सिकाउनु हुन्थ्यो विविध भाँतिका सब
भन्नु हुन्थ्यो अनि फेरि पुराण कथा तब
३१०
देवदुर्लभका सारा भोगेर सुख भोग ता
पुरका जनता सारा थिए हर्षित नित्य ता
निरन्तर मनाएर विधिलाई पुकारदै
माग्दथे रामको पाउपद्मको अति प्रेम नै
३११
प्रशंसा गरिएका जो पुराण वेदले पनि
सुन्दर दुइटा छोरा लव कुश नामका पनि
जन्माउनु भयो रानी सीताले गुण मन्दिर
नयनानन्द गर्ने जो विजय विनयी धिर
३१२
मानौ हुन्कि दुवै वीर हरिका प्रतिविम्व नै
भने जस्तो थिए अद्‌भुत मनोहर अपारकै
तिन् भाईक ा पनि फेरि गुण औ शीलकाघर
जन्मिए पुत्रहेरू ता दुई दुई मनोहर
३१३
ज्ञानेन्द्रिय नजर् वाणि सबका जो अगोचर
जन्म रहित माया मन् गुणका रहने पर
सच्चिदा नन्द व्यापक् औ निर्गुण भगवान ता
निरन्तर् गरनु हुन्थ्यो नर लीला अनेक ता
३१४
सबेरै प्रभु प्रातको काल मानै
सरयू नदिमा गरी शुद्ध स्नानै
अनि फर्किई ब्राम्हणै वृन्द साथ
प्रभु राज हुन्थ्यो सभामा सदा त
३१५
वेद पुराणको गर्थे व्याख्यान गुरूले सदा
यद्यपी जान्नु हुन्थ्यो स्वयं श्रीरघुनाथ ता
सुन्नुहुन्थ्यो तथापि त्यो नर जस्तै भएर पो
गाएर चरितै मेरो तरूण् प्राणि भनेर जो
३१६
भाईहरू लिई सारा साथमा रघुनाथ जी
भोजन गरनुहुन्थ्यो प्रेम साथ सदैव की
देख्दा छोराहरूलाई जननीहरू ता सब
आनन्दले परिपूर्ण हुन्थे मन्मा सदैव ता
३१७

शत्रुघ्न भरतै भाई दुवै पनि मिलेर त
पवन नन्दनलाई लिई साथ रमेर त
बघैचामा गई फेरि साथमा हनुमानको
रामका गुणको गाथा सोध्नुहुन्थ्यो समस्त पो
३१८
कथा भित्र डुवाएर आफ्नो सत् मतिलाई ता
रामको गुणको वर्णन् गर्दथे हनुमान ता
रामको निर्मल किर्तिहरू सारा सुनेर त्यो
आनन्दित हुनुहुन्थ्यो भाई भरत मग्न पो
३१९
बारंबार कथा त्यो ता गरी विनय फेरि ता
भन्न लगाउनु हुन्थ्यो भरत हात जोरी ता
पुरका घरमा फेरि अनेक रीति साथले
पवित्र रामको सुन्दर् लीलाको भाँति भाँतिले
३२०
पुराण भन्दथे सारा नर् नारीहरू पनि
रामको गुणको गाना गर्दथे खुसीले अनि
याँदै हुनुहुन्थ्यो मन्मा वितेका दिन रात नै
बर्ष पनि पला जस्तैं भएर वित्तथ्यो सधैं
३२१
गर्नु हुन्थ्यो जहाँ राज राजा भैकन राम नै
त्यहि नै अवधभित्र रहने प्राणिको सबै
सुख संपत्ति आनन्दहरूको शेषले पनि
शक्दैनन् वर्णनै गर्न कल्पौं सम्म भने पनि
३२२
देवर्षि नारदै फेरि सनकादिकनै सब
मुनिहरू अयोध्याका राजा रामजीको तब
दर्शनै गर्नका निम्ति प्रतिदिन् आउँथे सधैं
अयोध्यालाई देखेर बिर्सि दिन्थे विराग नै
३२३
रत्न मोति मणि सुन्ले सजेको बैठकैमहाँ
ना ना रंग भरी राम्रो पारेको प्रतिमा तहाँ
बनाएको थियो राम्रो पुरका चउतर्फ नै
पर्खाल औ त्यसैमाथि ठाऊ ठाऊमहा सबै
३२४
बनाएको थियो राम्रो कुडङ्गुरादि विचित्र रे
त्यो देख्दा पर्दथ्यो भान नवग्रह समस्तले
आफ्नो सेना सजाएर अमरावतिलाई नै
घेरको होकि भैभन्ने देखिन्थ्यो कडङ्गुरादिनै
३२५
विचित्र रंगका राम्रा काँचले भूमिमा पनि
गजहरू बनाएका थिए अद्भुतका अनि
जो देख्दा मुनि औ साधुहरूका मन् पनि सदा
भुल्दथ्यो ज्ञानका सारा अभ्यास विर्सिएर ता
३२६
अग्ला माथि पुगेका ती सफेद सुन्दरै घर
गर्दथे गगनैलाई चुम्बने भै मनोहर
तिनै घर्मा बनाएका कलशाहरू ता सब
मानौं दिन करैलाई निन्दा गर्छन् कि झैं सब
३२७
भन्ने गराउदै भान झल्कन्थे भई उज्वल
विविध थरिका रत्न मणि मणिक्य निर्मल
बनाएका अति राम्रा आँखी भन्यालहरू पनि
सुशोभित थिए सारा सुन्दर् अद्भुतनै अनि
३२८
मणि दिप थियो राम्रा सारा घर धरैमहा
मूगांलेनै बनाएको थियो संघार सब् तहा
थिए सुशोभितै खम्बा मणि औ रत्नका सब
सकिदैन सबै गर्न बयानहरू ता अब
३२९
मानौं ब्रम्हाजीले आफै रचेका हुन्कि है सब
भने सरि गराएर भान पनि अनि तब
मरकत मणि रत्न जडिएका सुवर्णका
भित्ता थिए अति रांम्रा साराका घरभित्र ता
३३०
भवन स्वाहुँदा राम्रा मनोहर रूचिरका
पटांगीनी थिए लामा साराका घरभित्र ता
राम्रा स्फटिक हेरूले बनेका मन मोहक
आगन्हरू थिए सारा अद्भुत अति सुन्दर
३३१
प्रतिद्वार पिछे हीरा मोति जडित सुन्दर
खापाहरू थिए राम्रा बलिया जो मनोहर
प्रत्येकका घरैभित्र प्रविण चित्रकारले
चित्रित नै गरिएका रामजीका अपार रें
३३२
लीलाले भरिएका ती चित्रले सुन्दरै गरी
सजाएका थिए चित्रशाला अद्भुत त्यो घरी
देख्दा जुन् सुन्दर चित्रलाई मुनि र सन्तको
चोरिन्थ्यो मन् पनि मुग्ध भई अचल मोह पो
३३३

घर्का चारै तिरै राम्रा विविध भाँतिका सब
जत्न गरी बनाएका थिए पुल्वारी ता सब
बसन्त ऋतुको जस्तैं त्यहाँ विविध जातको
फूलदथे लहरा फूल भई ललित साथ पो
३३४
कमनीय थिए सारा अनि जस्माथि गै कन
मुखाले भ्रमरा सारा गर्दथे नित्य गुञ्जन
त्रिविध समिरै फेरि सदैव सुन्दरै गरी
वहन्थ्यो नित्य नै सव्को हेरेर श्रम बेसरी
३३५
सुन्दर गरी पालेका शिशुले घरमा ति रे
विविध थरिका पक्षि बोल्थे मधुर बोलीले
हुन्थे सुशोभितै फेरि उड्दामा कमनीय भै
मयूर हाँस औ सारस् परेवाहरू ता सबै
३३६
सुहाउथे अनि सब्का घरमा माथि ती सब
रत्न जडित् भूमिमाथि जहाँ तहि उडि तब
देख्दथे आफनो छाँया अनि विविध भाँतिले
नाच्दथे बोल्दथे फेरि उड्दथे माथि माथि रे
३३७
सुगा मैना हरूलाई बालक्हरूले सब
'भन राम जनपालक् सीताराम ' भनी तब
पढाउँथे अनि फेरि राजद्वार हरू पनि
कमनिय थिए-सारा-विधिले सुन्दरै बनी
३३८
गल्ली बजार चौबाट मनोहर थिए सब
थिए पसल ता सारा रूचि र कमनीय त
सकिन्न वर्णन् गर्न पसलैहरूको ति जो
विना मूल्य पनि चिज पाइन्थ्यो भाँति भाँतिको
३३९
रमा निवास भगवान नै जहाँ
स्वयं हुनुहुन्छ विराजित तहाँ
त्यो देशको सम्पत्तिको बयान ता
कस्ले गरी सक्छ र पूर्ण गर्न ता
३४०
मानौं सबै हुन्कि धनेश नै पनि
भने सरी ती पसलै भरी अनि
मनोहरै पारी सजि अपारको
भरी अनेकौ चिजले बजार जो
३४१

सराफि बनियां फेरि पसलेहरू ती सब
बस्दथे पसलै भित्र परमानन्दले तब
बाल बृद्ध नर नारी थिए जति ति ता सब
सच्चारित्र सुखी राम्रा - थिए -धर्म रति तब
३४२
अयोध्याको उत्तरै पट्टि फेरि
वगेकी छन् सरयू नदि घेरी
पानी थियो निर्मलै गहिरो जो
बनेकोथ्यो घाट ता उज्वलै पो
३४३
नगीचै औ कुनै टाढा रूचि र घाट ती सब
मनोहर थिए फेरि फराक पनि ता तब
जाहाँ हात्ती र घोडाका बथान हरूले सधैं
जल क्रिडा गरी नित्य पिउथे जल ता सबै
३४४
तीरै तीर भरि फेरि थिए मन्दिर देवको
थिए चारै तिरै तेस्का वगैंचा त विचित्रको
सरयूको किनारामा काँहि काँहि विरागी र
बस्दथे मुनि सन्यासि बटुक खुसीले फिर
३४५
ज्ञान रति थिए सारा अनि सरयूका सब
तीरै तिर भरि साधु सन्यासी मुनिले तब
लगाएका थिए राम्रो पारी तुलसि वृन्द जो
मञ्जरीले भरिएका ठाए ठाउमा पिछे अहो !
३४६
अति मनोहरै राम्रो पानी घाट थिए जाहाँ
स्नान गर्दैनथे कोहि पुरूषले पनि ता तहाँ
राज घाठ थियो राम्रो उत्तमै सब भाँतिले
गर्दथे त्यसमा चारै वर्णका नर स्नान रे
३४७
सकिन्न वर्णन गर्न शोभा नगरीको सब
नगरी बाहिरै उस्तै थियो परम रम्य त
पुरीको दर्शन गर्दा भाग्द थ्यो पाप राशी पो
वन उपवनै ताल तलाउहरू फेरि जो
३४८
अनुपम तलाउ औ कुवा वावली औ सर
मनोहर थियो शोभित् कमनीय भएर त
सुन्दर खुड्किला फेरि निर्मल जल ती सब
देखेर मोहितै हुन्थे सुर मुनिहरू तब
३४९

विविध रंगका राम्रा थिए पद्म मनोहर
गुञ्जनै गर्दथे जस्मा बसी मग्न मधूकर
विविध थरिका पक्षि बोल्दथे मधुरै गरी
नाच्दथे मुजुरै क्रीडा गरेर नित्य बेसरी
३५०

मानौं सुरम्य आरामदायी ती बाग औ अनि
कोयली आदिका सारा पक्षीका स्वरले पनि
डाकेका हुन्कि है सारा पथिकहरूलाई ता
भनेझैं पर्दथ्यो भान मनोहर भई ति ता
३५१

जहाँ रमानाथ रमेर ता अहो !
राजै हुनुहुन्छ भएर भूप पो
बयान तेहि पुरको गरेर ता
होला र को पार ?विचारी हेर ता
३५२

अवध् पुरीमा अणिमादिका सब
सिद्धि र ऋद्धि सुख संपत्ति तब
थुप्री रहन्थे घरमा समस्त नै
सुरम्य पारी सबलाई मस्त नै
३५३

मानिसहरू जाँहि ताहिँ बसेर ता
श्रीरामजीका गुण गान धेर ता
गरेर फेरि तिनीता समस्त नै
आनन्दले मगन पारेर मस्त भै
३५४

'शोभा र शीलै गुण रूपका घर
प्रणतप्रतिपाल दयालु श्री धर
श्रीरामजीको भजनै गरौ ' भनी
गर्थे कुरा आपसमा सधै अनि
३५५

'विशाल औ लोचन नील पद्म झैं
नीलो मणि झै छ शरीर श्याम नै
जो नेत्रलाई पनि ता निमेषले
रक्षा गरे झैं गरी दासको त रे
३५६

- बचाऊ गरने नित्य संत रूपि सरोजको
प्रफुल्लताहरू गर्न भएका सूर्य तुल्य जो
कमनीय रणधीर ढोक्रो औ धनुवाणले
शोभित् भएर काल् रूपि भीषणै फणीका त रे
३५७

त्राशको नाश गर्नामा गरूड सरिनै छ जो
ती रामलाई निस्काम भएर प्रेम साथ पो
नमस्कार गरौ ' भन्दै प्रेमले आफुसै महा
गर्दथे ती अवध् वासि अर्ति शिक्षा अवध्महा
३५८

'लोभ मोह रूपि सारा मृगका समुहादिको
ध्वस्त गर्न कनै जो ता किरात स्वरूपि छ जो
कन्दर्प रूपि हात्तीका नाशने सिंह रूप भै
भजन् गरौ उहि दिनबन्धु श्रीरघुनाथकै
३५९

शोक सन्देह रूपिको गाढ तिमीरको सब
नाश गर्नाकिनै जो ता भाष्करै तुल्य नै छ त
दैत्य दानव रूपिको घना जंगलको पनि
भष्म गर्नाकिनै जो ता दावानल स्वरूप् छ नि
३६०

संसारको दु:खै भञ्जन् गरने पलमै अनि
जनक तनया साथ ईश्वर रामको पनि
भज्दैनौ किन ? हे साथिहरू !हो प्रेमले अब
भनेर भन्दथे सारा जन आफुसमा तब
३६१

'वासनाहरूका धेरै लाम्खुट्टेहरूका पनि
नाश गर्नाकिनै जो ता हिम -राशी सरी छ नि
अविनाशी अज व्यापक् सदा एक रसै छ जो
मुनिको रञ्जनै गर्ने हरने भूमि भार पो
३६२

तुलसी दासका स्वामी उदार रामलाई नै
भज ' भनी कनै शिक्षा दिन्थे आपसमा ति है
एवं प्रकारले सारा पुरका नर नारी ता
दिन् रात रामका गुण्का गर्दथे गान किर्ति ता
३६३

कृपा निधान रघुनाथ जी पनि
सारा दुनियाहरू माथि ता अनि
निरन्तर सानुकुल भएर नै
विराज हुन्थ्यो करूणा गरेर नै
३६४

जैले देखि हे गरूड् ! रामजीको
अद्धितिय बलवान अति पो
प्रताप् रूपि दिनकर उदायो
तेसै बेला देखि तम् सब् हरायो
३६५

तीनै लोकैलाई पूर्ण गरेर
प्रकाशै भो दु:ख् रूपि तम् हरेर
घेरैलाई सुख्खभो तेस बेला
भयो शोक घेरलाई घनेरा
३६६

शोकै भो जस जोकनै उहि कुरा भन्दैछु विस्तारले
अविद्या रूपि रात्रि नाश हुनगो पैले सबै बाट रे
भागे पाप रूपि उलूकहरू ता जाहाँ तहि गैकन
काम क्रोध रूपि कुमुद्हरू सबै खुम्चे दु:खीभैकन
३६७

विविघ थरिका कर्म गुण काल स्वभाव का-
-रूपि चकोर यिनूले ता पाएनन् काँहि सोख्य ता
मद औ मत्सर मान मोह रूपि यी चोरको
चलेन हुनर काहिँ त्यसबेला कतै अहो !
३६८

घर्म रूपि तलाउमा ज्ञान विज्ञान रूपिका
फुले प्रफुल्ल भै ना ना विधका पंकजै अहा
विराग सुख संतोष विवेक रूविका सब
यिनै कोकहरू सारा भए शोक विहिन त
३६९

जस्का हृदयमा भित्र राम प्रताप सूर्य यो
उदाई जहिले गर्छ प्रकाश त्यहि देखि पो
पछिबाट बताएका विज्ञान बढ्छन् अनि
पैले जो छन् बताएका ति ता हुन्छन् विनाश नि
३७०

अनि फेरि सबै भाई साथमा रघुनाथ जी
साथमा परम प्यारा हनूमान लिएर की
आफ़नो रम्य औ सुन्दर् बगैचा हेर्दछु भनी
डुल्दै उपवनै भित्र जानुभो खुसीले अनि
३७१

नय पालुवाले भरी वृक्ष सारा
फुलेका थिए रम्य भै फूल सारा
अनि जानी मौका त्यहि बागमा नै
गुणि शील औ तेजका पुञ्जता नै
३७२

भएका सुशोभित् मनोहर् अपार
भव रोग हर्ने अनेकौ हजार
मुनिवृन्द सन्कादि आए त्यहा नै
अनेकौ खुसीले मनैमा रमी नै
३७३

लवलीन भएका ति ब्रम्हानन्द महा सदा
देख्दामा बालकै जस्तै थिए प्राचिन ती अहा !
चारै वेदहरूले नै धरेको हो कि रूप त्यो
भने जस्तै थिए सारा भेद हीन र शान्त पो
३७४

समदर्शि थिए फेरि दिगम्वर पनि ती ता
थियो व्यसन ता यस्तो लागेको तिनलाई ता
हरि चरित्रको हुन्थ्यो पुराण किर्त नै जहाँ
सुन्दथे ती सबै फेरि गईकन त्यहा ँ त्यहाँ
३७५

अम्बिके सुन यो फेरि केहि दिन अगाडी ता
जहाँ थिए तिनी ठूला अगस्त्य ऋषिज्ञानी ता
त्यहि आश्रममा पैले बसेका यी थिए सब
केहि दिन कथा वार्ता सुन्दै श्रीरामको तब
३७६

मुनिवर अगस्त्यैले अग्नि उत्पत्ति गर्दिने
अरणी सरि ज्ञानैको ज़गत्मा सृष्टि गर्दिने
भगवान् रामको लीला गरे वर्णन् नै तहाँ
लीला सुनेर त्यो आए मुनि वृन्द अवधमहा
३७७

आएका ती मुनिलाई देखेर रघुनाथले
खुसी भै गर्नुभो झट्टै दण्डवत् प्रणाम रे
स्वागत गरदै प्रश्न गर्नुभो कुशलादिक
ती मुनीशहरूलाई बस्नाका निम्ति फेरि ता
३७८

आफूले ओढि राखेको उपर्ना नै झिकिकन
विछ्याई दिनुभो भैमा रामले खुसी भैकन
पवन पुत्रका साथै भरतादि अनूजले
दण्डवत् गर्नुभो हर्ष भयो सब्लाई घेर रे
३७९

अतुल छवि देखेर रामको ती मुनिश ता
भए आनन्दले मग्न सकेनन् रोक्न चित्त ता
कोमल श्यामल गाथ नेत्र पंकजका सरी
मन्दिर सुन्दरताको पाउँछ नील् कमल् सरी
३८०

भव वन्धनको मोचन् गरने रघुनाथको
अपरै सुन्दरै शोभा देखेर ती मुनीश जो
झिमिक्क गर्न छाडेर एक टक रहिकन
हेर्न लागे प्रभुलाई चित्र जस्तो भईकन
३८१

अतिव प्रेमले हात जोरेर रघुनाथले
थियो शिर झुकाएको तिन्का सामु उठेर रे
रामले तिनी साराको नयनबाट प्रेमले
बगेको अश्रुको धारा अनि फेरि समस्त रे
३८२
रोमाञ्चित भएकानै देखेर गाथमा पनि
अत्यन्तै प्रेममा मग्न भएका चित्र भै वनी
यस्तो हालत देखेर समाति कन हातमा
मुनिहरू सबैलाई बसाउनु भयो तहाँ
३८३
परम् मनोहर वाणि बोल्नुभो अनि रामले
हे मुनिश्वर हो आज धन्य धन्य भएँ म रे
सुन्नुहोस् हजूर् सब्को दर्शनै मात्रले पनि
नष्ट हुन्छ सबै पाप चौराशी लाखकै अनि
३८४
ठूलो भाग्य भए मात्र पाइन्छ सतसंग ता
तेस्कै प्रभावले फेरि भवका रोग भंग ता
विना प्रयासले हुन्छ आनन्द मिल्छ चित्तमा
नष्ट हुन्छ त्रयताप पाइन्छ इष्ट लोकमा
३८५
मोक्षका पथ हुन् साधु संन्तहेरू समस्त नै
भवका मार्ग हुन् कामी विषयी जन ता सबै
भनी सद् ग्रन्थ औ सारा पु्राण वेदले अनि
पण्डित साधु औ सन्त कविले भन्दछन् पनि
३८६
यस्ता यो प्रभुको सुनी वचन ता चारै मुनिश्वर् सब
आनन्दि मनमा भए शरीरमा रोमाञ्चितै भो तब
गद् गद् भैकन प्रेमले प्रभुजीको लागे स्तुती गर्न ता
अनामय ! अनन्त ! हे भगवन् ! भन्छौ जय सर्वदा
३८७
अनघ र अनेक एक विभु औ निरन्जन नाथको
जय होस् गुणसिन्धु निर्गुण कृपामय सीतानाथको
सुख मन्दिर सुन्दर जय अति बाठा रघुनाथको
इन्दिरारमण जय हजुरको भन्छौ खुसी साथ पो
३८८
अज अनादि ! अनूपम ! नाथ !
शोभाकर ! भुधर ! रघुनाथ !
जय जय होस हजूरको रे
पर्छौं शरण्मा भगवान्को रे
३८९

ज्ञाननिधान ! जय लोक धाता
हे मानले बर्जित ! सुख्खदाता !
मानप्रद ! पावन किर्तिलाई
वेद पुराणहरू भन्छ आई
३९०
तग्य हुनुहुन्छ कृतज्ञ नाथ
अज्ञानको भन्जन पारी साथ
हरेर सब्को तमलाई सारा
शान्ति दिनु हुन्छ प्रभो निराला
३९१
अनेक छन् नाम हजूरको त
फेरि हुनुहुन्छ अनामी पो ता
अव्यक्त ! निरञ्जन ! दिनबन्धो !
अकिन्चन ! व्यापक ! सत्यसिन्धो !
३९२
सर्वज्ञ ! सर्वरूपि ! सर्वव्यापि !
सर्वान्तर यामी ! र सर्वशाक्षि !
हमीहरूको भगवान् ! खरारे !
गर्नु हओस् रक्षण सर्वदा रे
३९३
सुख दु ःख शीत र उष्ण फेरि
मानापमान हरूता घनेरी
इतयादि द्धन्दहरू बांट नै जो
हुने विपत्तिहरू लाई नै पो
३९४
हे नाथ भवको भन्दालाई तोड्नु हओस यो
हाम्रा हृदयमा बास गरेर कामको बडो !
मद मोहहरू सारा विनाश गर्नुहिस् प्रभो !
पर्दछौ प्रभुको पाउ हामीहरू झुकेर पो
३९५
मनको कामना सारा परिपूर्ण गरि दिने
कृपाका भवन ! राम !दिनको दु ःख हर्दिने
परमानन्द ! हे स्वामी ! प्रभुको अनपायि नी
सबै भक्ति दिनुहोस हे राम ! हामीलाई नि
३९६
तीन प्रकारको ताप लाई र भवको सब
दर्प दु ःखहरूलाई विनष्ट गरने अब
अत्यन्त पावनी भक्ति दिनुहोस हजूरको
भई प्रशन्न हे नाथ ! दिनुहोस यहि बर् त जो
३९७

शरणातगको सार कामना पूर्ण गर्न जो
कल्पवृक्ष सुरधेनू स्वरूपि रघुनाथको
पर्दछौ शरणै हामी चरणपद्ममा अब
वरदान दिनुहोस भक्तिको खुसी भै कन
३९८

भव सागरको निम्ति कुम्भज ऋषि भै जो
सकल सुखको दाता सेवक सुलभै छ जो
मनले प्रकटै गर्ने दारूण दु:ख नाशदै
दिनवन्धो दिनुहोस विशाल समता सधैं
३९९

आस त्राश र इत्यादि निवारण गरि दिने
विवेक विनय वैराग्य लाई विस्तार गर्दिने
मुकुटमणि स्वरूप भूपति हरूका सबै
भूमि मण्डलका राम्रा भूषणैका स्वरूप नै
४००

संसार नदिका नौका स्वरूपि अनपायिनी
भक्ति दिनु हओस नाथ ! समस्त हामीलाई नी
मुनिका मनूरूपि मानसस्रोवर महाँ पनि
हंस स्वरूप भै नित्य रहने खेलदै अनि
४०१

ब्रम्हा शंकर आदिले सदा चरणपद्ममा
वन्दना गरिएका जो प्रेम औ भक्ति साथमा
रविका कुलका केतू श्रुतिरक्षक पालक
भव सागरका सेतु सम्पूर्ण पाप घालक
४०२

काल कर्म गुणादिको जो छन् भक्षक तुल्यता
प्रभो हजूर् जगत् माहा तरन् तारन ता तथा
सब दु:ख हरण् गर्ने त्रिभुवन मणि अनि
सीतापते तथा देव ! भगवान् व्यापकै पनि
४०३

बारंबार स्तुती गरेर प्रभुको एवं रितिले अनि
प्रेमैले रघुनाथको चरणमा राखेर शीरै पनि
अभिष्टै वरदान पाई अनि ता अत्यन्त नै हर्षले
ती सारा सनकादि ब्रम्हभवनै जाँदा भए फेर रे
४०४

गए ब्रम्हभवनूमा नै जब ती सनकादिक
अनि सब् भाइले राम पाउमा शिर राखी त
प्रभुका साथमा सोध्न मानी संकोच नै अति
लागे ति पवन पुत्रलाई हेर्न भए: जति
४०५

सम्पूर्ण भ्रमको हानी हुन्छ जुन वचनै सुनी
सुन्नालाई बचन् सोहि श्रीराममुखको पनि
चाहना गर्नुहुन्थ्यो जो अर्न्तयामी रमेशले
जानेर यो कुरा सोध्नुभयो यसरी फेर रे
४०६

के हो ? ऐले भन सारा हनुमान !यथार्थ रे
भन्ने आज्ञा सुनी यस्तो अनि पवन पुत्रले
विन्ति गरे दुवै हात जोडेर अति हर्षले
दिन दायाल हे नाथ स्वामी ! सुन्नुहओस रे
४०७

भरतृजी चाहनु हुन्छ सोध्न केहि रघुपते
प्रश्न गर्दा मनै भित्र संकोचित् हुनुहुन्छ रे
आज्ञा गर्नुभयो यस्तो सुनेर अनि रामले
तिमी ता जान्दछौ मेरो स्वभाव हनुमान रे
४०८

भरत औ ममा तेस्तो केहि छैन छिपावट
सुनेर रामको यस्तो आज्ञा भरतले तब
प्रेमले चरणै माथि पर्नुभो रघुनाथको
विन्ति गर्नुभयो फेरि एवं तरहबाट जो
४०९

शरणागतको दु:ख हर्ने हे रघुनन्दन !
मनमा छैन है मेरो मोह सन्देश यी भन
भ्रम शोकादि हे नाथ ! स्वप्नमा पनि छैन है
रघुनाथ ! दयामुर्ते ! प्रभो ! के भन्नु पर्छ है
४१०

यो हो कृपा दाजु ! हजूरकै सब
कृपानिधान प्रभु साथ मै अब
यौटा ढिठाई गरछू रघुपते !
दाजै म हुँ सेवक फेरि नाथ ! रे
४११

सेवक सुखका दाता हुनुहुन्छ हजूर ता
वेद पुराणमा सारा विविध थरिवाट ता
वर्णन गरिएको छ महिमा साधु सन्तको
प्रभुले पनि हे नाथ ! आफ्नै श्री मुखबाट जो
४१२

प्रशंसा गरनुहुन्छ तिनीहेरू समस्तको
प्रभुको छ तिनै साधुमाथि प्रिति अतिव पो
अब हे करूणा सिन्धु तिनीहेरू समस्तको
चाहन्छु लक्षणै सुन्न कृपासागर ! आज त्यो
४१३

कृपासागर ! गुण प्रविण र अनि ज्ञान प्रविणै पनि
हुनुहुन्छ दयानिधान ! भगवान् ! प्रणतपालै पनि
छुट्याईकन भेद ता सकल त्यो सतै असतै सब
सम्झाईकन ता मलाई भगवन् आज्ञा हओस् आज त
४१४

भन्नै श्री भरतैजीको सकल त्यो सुनेर विन्ति प नि
आज्ञा गर्नूभयो रघुवरजीले खुसी भएरै अनि
भाई उत्तम संतका अनुपमै लक्षणहरू धे र छन्
लक्षण् केहि सुन पुराण श्रूतिमा प्रख्यात् भएकै छन
४१५

जस्तै चन्दनको र भाई अनि ता त्यो बन्च राकोपनि
भिन्दा भिन्दैछ बानी त्यहि सरिस नैं संत असंतको नी
भन्दैछु सब भाई ! यो तिमी कनै एकाग्र साथै सुन
जस्तै काट्दछ चन्दनै निशिदिनै त्यो बन्चराले पुन
४१६

आफ्नै गन्ध चढाई दिन्छ त्यसमा श्रीखण्डले नित्य त
विर्सि दु :ख असंख्य ती सब ब्यथा गर्दै सुभासित् स्वत
त्यै गुण्ले गरदा तिनै भुवनमा श्रीखण्ड उत्तम् बनी
द्यौताका शिरमा सधै रमि रह्यो यो हो तपस्वि भनी
४१७

त्यस कुठारको मुखलाई पोलेर अगिनमा
कुट्दछन् घनले दण्ड दिन्छन् यहि भुवन् महाँ
बिषयमा पनि लम्पट हुदैनन् संत ति सदा
गुण औ शीलका खानी सरि हुन्छन् सदैव ता
४१८

अरूको दु :खमा दु :खी सुखमा सुखी भै ति ता
समदर्शी भई सारा रहन्छन् . संत सब् ति ता
अजात शत्रु सर्वत्र समदर्शी भएर नै
रहन्छन् गर्व ता केहि गर्दैनन् भै कठोर नै
४१९

भय लोभ रिसै हर्षलाई छाडेर ता अनि
विरत रहने हुन्छन् लोकमा ती सदैव नि
निष्कपट् कोमलै चित्त दिनमाथि दयालु भै
निर्ममी शान्त ती संत बस्दछन् खुसीले सधैं
४२०

मन कर्म वचनले पनि ता
नित्यनै ती सन्तहेरू अनि ता
गर्छन् निर्मल् भक्ति मेरो सदा रे
आशा मेरै राखदै चित्तमा रे
४२१

हुन्छन् तिनहरू आफू अमानि औ अनि पछि
दिन्छन् मान अरूलाई आदर प्रेम साथ की
भाई भरत तेस्ता ती प्राणिहेरू जगत् महाँ
मेरा छन् अति नै प्यारा प्राण सदृश चित्तमा
४२२

जो मेरो नाम किर्तन्मा कामना रहितै भई
रहन्छन् तत्परै नित्य मग्न मस्त भएर ती
नम्रता शान्ति वैराग्य मुदितादि समस्तको
खास निवास स्वरूप भएका ति त नित्य पो
४२३

सरल शीतल ता औ प्राणी मैत्री समस्तले
परिपूर्ण भएका ति हुन्छन् सन्त सदैव रे
ती सब्लाई परम् धर्म प्रकटै गरने पनि
विप्रका पाउमा प्रिति लागेको हुन्छ है अनि
४२४

हे भाई ! अहिले मैले बताएका समस्त यो
लक्षणैहरू ता जस्को चित्तभित्र रहेर पो
स्थिर हुन्छन् सदा तेहि जनलाई तिमी अब
साँचा सन्त भनी जान नित्यनै मनमा अब
४२५

सम दम र नियमबाट पनि ति ता
विचलित हुदैनन् औ कहिल्यै प नि फेरि ता
कठोर वाणि बोल्दैनन् निन्दा स्तुति दुवै कन
मनमा तुल्य सम्झन्छन् रहन्छन् सम भै कन
४२६

ममता गर्दछन् मेरो पाउपंकज मात्रको
सम्झिदैनन् अरू केहि चिज मेरो भनेर पो
गुणका मन्दिरै सुख्का राशी स्वरूप ती सब
सज्जनहरू प्यारा छन् मेरा प्राण सरी तब
४२७

सुन असन्तको भाई ! स्वभावहरू ता अब
झुक्किएरै पनि बाबू लोकमा कहिल्यै तब
नगरे संगति तिन्का तिनीहेरू समस्तको
संगति छ दु :खी दायि अति नै लोक भित्र पो
४२८

विगार्छे कपिलालाई जसरी हरहाईले
दुष्टको संगति तेस्तै हुन्छ है दु :खदायि रे
दुष्टको हृदयभित्र अरू भन्दा विशेष नै
रहन्छ बढता ताप पोलिन्छन् मनमा सधैं
४२९

पराईको संपत्ति देखदा सब
ती जल्दछन् हर्दम कष्टले तब
निरन्तरै नै तिनलाई चित्तमा
रहन्छ इर्ष्या सब देखि लोकमा
४३०

सुनुपाए भने निन्दा जाहाँ काहिँ पराईको
मानौ पाए सरि रत्न माणिको नवखानी पो
हुन्छन् अतिवनै हर्ष दुष्टहेरू समस्त ता
बिर्सन्छन् खान औ सुत्न सम्म पनि रमेर ता
४३१

ती सब् काम र क्रोध लोभ मदमा लम्पट् भएका अनि
निष्ठूर औ कपटि कुटिल मनमा कालो भएको पनि
हुन्छन् यी विनु कारणै सबसितै ती गर्दछन् रीस ता
गरेको छ तिनीहरू उ परमा जस्ले उपकार ता
४३२

तिन्कै साथ पनि ति दुष्टहरू ता गर्छन् सदा दुश्मनी
भूटो हुन्छ तिनीहरू सकलको लेना र देना पनि
भोजन् नै पनिहुन्छ भूट तिनको भूटै चमेना हरे !
धर्मै कर्म र दान हेरू पनि ता हुन्छन् भूटै भूट रे
४३३

बोल्दछन् तिनीहरू वाणि अति नै मीठो मयूर्कै सरी
चित्तै हुन्छ अति कठोर तिनको बज्रै सरी वेसरी
डरलाग्दा फँणिहरूलाई पलमै खान्छन् सदा लोकमा
कालै कुट भरेर दुष्टहरू ता बस्छन् सदा चित्तमा
४३४

परद्रोहि तथा दुष्ट परस्त्रि लस्पटै अनि
लोभी परधनै माहा निन्दा गर्ने सदैव नि
पाप पुञ्ज स्वरूप् दुष्ट भई मानिस नै पुनः
होइनन् नरका रूप यो साँचो वाक्य हो सुन
४३५

लिएका नरको रूप हुन्है राक्षस नै ति त
तेस्तै अधमहेरूका नगरे भाई ! संगत
ओढनी पनि ता तिन्को लोभै हुन्छ अनि पछि
विच्छाउना पनि लोभै - हुन्छ - सम्पूर्ण जो छ ति
४३६

लिंग औ पेटका मात्रै अधिन हुन तत्पर
रहन्छन् तिनी ता नित्य डुल्दछन् पर घर्घर
त्रास हुदैन तिन्लाई यमका पुरिको पनि
सुने भने यदि कैले कसैको तारिफै पनि
४३७

कामज्वरो आई राखेको सरि हुन्छ तिनी कन
सुसुकेरा हाल्दछन् लामा अति पीडा भईकन
विपत्ति जब ता देखदछन् कसैको कहि ता अनि
त्यो बेलामा ती ता सारा मनमा हर्षितै बनी
४३८

भएका हुन्कि सारा यो लोक सम्राट नै ती ता
भने सदृश नै फेरि सुखी हुन्छन् ती नीच ता
स्वार्थमा रत भै द्वेष गरने परिवारको
काम लम्पट औ हुन्छन् क्रोधि लोभी अतिव पो
४३९

बाबु आमा गुरू विप्र साधु सन्तहरू कन
मान्दैनन् तीनी ता सारा अतिव नीच भैकन
आफू पनि ती ता नष्ट हुन्छन् नीच भएर नै
अरूको पनि ता नाश गर्दछन् दुष्ट ता सधैं
४४०

परको गर्दछन् द्रोह मोहवश भएर त
न ता मन् पर्छ तिन्लाई सन्तको पनि संगत
न ता मन् पर्छ तिन्लाई कैल्यै श्रीहरिको कथा
दुष्ट्याई मात्र नै गर्छन् खाली ती दुष्ट व्यर्थ ता
४४१

कामी दुगूर्णका सिन्धु मति मन्द ति पामर
वेद द्रोहि र अर्काको निन्दामा छन् सदा रत
पराई धनका स्वामी बन्दछन् छल जालले
सहोदर् भाईको अंश मार्दछन् जाल भेलले
४४२

विशेष गरी ती सारा ब्राम्हण द्रोहि औ अनि
हुन्छन् सकल ती फेरि देवका निन्दकै पनि
भला मानिसको भेष रहन्छ वाहिरि भने
तिनका हृदयैभित्र भने अतिव दुख् दिने
४४३

भरिएको सदा हुन्छ दम्भ औ कपटै अनि
आडम्बर गरी धेरै गर्दछन् धर्म नै पनि
यस्ता अधम औ दुष्ट नर ता सत्यकालमा
थिएनन् औ अनि छैनन् यो त्रेता युगमा यहाँ
४४४

काहिँ कोहि हुनेछन् हे भाई ! द्वापरमा कहिँ
कलिमा ता भने धेरै हुनेछन् जाहिं औ ताहिँ
परोपकारको तुल्य पुण्य छैन कुनै पनि
पर पीडा सरी फेरि लोकमा भाई ! यो अनि
४४५

अर्को अधर्मता केहि छैन बाबू ! विचार यो
मैले पुराण औ वेदहरूको निर्णय छ जो
बताएँ बाबु ! तिम्लाई ऐले सब यथार्थले
निर्णय वेदको सारा जान्दछन् विज्ञ सन्तले ।
४४६
नरको दुर्लभै देह धरेर पनि जो नर
गर्दछन् पर पीडा नै भने तिनीहरू तर
महाकष्ट अति दुःख सहन्छन् नर्कमा सदा
क्षणिक सुखमा मस्त भएर पनि चित्तमा
४४७
मोहवश भई स्वार्थ तत्पर नै हुँदा अनि
ना ना तरहको पाप गर्दछन् लोकमा पनि
तर त्यो स्वार्थ भन्दामा पनि परम स्वार्थको
नाशिन्छ परको लोक बुझ्दैनन् त्यो कुरा अहो !
४४८
म काल रूपको बन्दै शुभा शुभ जति सब
तिनका कर्मको भोग दिनेछु नित्यनै तब
त्यसैले भवको रोग जानी मेरो भजन् गरी
हिलोमा कमलै तुल्य जान्छन् यो लोकनै तरी
४४९
शुभा शुभ फल दिने कर्महरू छाडेर ता सबै
नर मुनिश औ देवहरू ता प्रेमले सधै
मलाई भज्दछन् भाई ! सन्त असन्तका सब
बताए लक्षणै मैले गुण अवगुण पनि अब
४५०
जस्ले सुनेर गुणलाई गुन्दछन् ती सबै अनि
पर्दैनन् भव सिन्धुको डरलाग्दो दुःखमा पनि
सुन भरत ! हे बाबु ! अनेकानेक दोष र
अनेक गुण मायाले रचेकि हुन् जगत् तर
४५१
गुण दोषहरूलाई नदेख्नु नै जगत्महाँ
हे भाई ! भरत !सच्चा गुण हो त्यहि लोकमा
गुण दोषहरूलाई देख्नु अलग नै गरी
अविवेक त्यहि नै हो मनमा सोच वेसरी
४५२
रामचन्द्रका श्री मुखका कुरा तब
सुन्दा सबै भाइहरू पुरा तब
हुनुभयो हर्षित घेर चित्तमा
प्रेम नअट्ने हुनगो मनै महाँ
४५३

राखेर पाऊ बीच शिर प्रेमले
प्रशन्न भै चित्त विषे उमंगले
विनम्र औ कोमल वाणि बोलदै
स्तुति प्रभुको गरनू भयो अझै
४५४
मन्मा अनि श्री हनुमानको पनि
अपारको हर्ष भयो तहाँ अनि
आफ्ना महल्मा प्रभुको सवारी भो
नित्यै अवधमा यहि रीत भारी जो
४५५
नयाँ नयाँ गर्नु भयो चरित्र
अनुपमै अद्‌भुतै औ पवित्र
आउँदथे नारद बार बार
गाउँदथे राम लीला अपार
४५६
नित्यै हेरी यो नयाँ कृत्यलाई
फर्कन्थे ती ब्रम्ह लोकै रमाई
सुनाउथे हाल त्यो फेरि सारा
हर्षले नै मग्न भै ति निराला
४५७
सुन्दा वृतान्त त्यो सारा ब्रम्हाजी ब्रम्ह लोकमा
अति अपार आनन्द मान्नु हुन्थ्यो त चित्तमा
रामको गुणको गान गर है बाबु ! नारद
भनी ब्रम्हाजी तिन्लाई भन्नु हुन्थ्यो सदैव त
४५८
हुन त ब्रम्हामा लिन थिए ती सनकादिकं
तथापि रामको लीला सुनी आशक्त भै स्वत
समाधि सब बिर्सेर गरी आदर नित्य नै
सुन्दथे प्रभुको लीला भई मगन अतिव नै
४५९
सहाउथे अनि फेरि नारदलाई प्रेमले
गाइ गाइ लिला सारा रामजीको रमेर रे
जीवन् मुक्त भएका ति ब्रम्हरतमुनि सब
महात्माहरू ता ध्यान समाधि पनि ता तब
४६०
छाडि जुन लिलालाई रमेर सुन्दछन् सधैं
प्रेम मगन भई नीर वगाई नेत्रबाट नै
गर्दैनन् प्रिति जो प्राणी त्यहि हरि चरित्रमा
पत्थरै सरी हो तिन्का हृदय सम्झ चित्तमा
४६१

एक फेरा प्रभुले फेरि विप्र वृन्दहरू अनि
गुरू समेत नै सारा पौरवासिहरू पनि
बोलाउनु भयो सारा आए खुसी हुदै अनि
सभामा भाई - सारा -ती मुनि संतहरू पनि
४६२

बसेका नै थिए फेरि सज्जनहरू नै अनि
भक्तजन भय भञ्जन् भगवान् रामले पनि
आज्ञा गर्नुभयो मीठो सुधा सदृश वाणि यो
भन्दछु सुन हे प्यारा सारा नगरवासि हो !
४६३

मनमा ममता राखी धरी प्रभुत्व चित्तमा
राखेर गम्किदै ठुलो मै हुँ भन्दै म बोल्दिन
अन्यायादि कुनै दोष चित्तमा छैन यो तर
सुनेर आफनो इच्छा जस्तो लाग्छ उहि गर
४६४

आज्ञा मान्दछ जो मेरो तेही हो प्रिय दास पो
लोकमा अति नै प्यारो पनि ता त्यहि भक्त हो
बोले भने यदि मैले केहि अन्याय यो घरी
मलाई रोकनु झट्टै भय विर्सि अघि सरी
४६५

पाइन्छ भाग्यले ठूलो भाई हो नर देह यो
दुर्लभ छ देह यो देवहरूलाई समेत पो
भनेर भन्दछन् नित्य वेद शास्त्र समेतले
सारा साधनको वास मोक्षको द्वार तुल्य रे
४६६

भएको नरको चोला पाएर पनि भाई हो !
सपारेन परलोक जस्ले सम्लिकनै अहो !
दु :ख पाउछ त्यो जन्ले परलोक महाँ अ ति
पछि ता पछुतो गर्छ शिर पिटि पिटि कति
४६७

काल कर्म अनि फेरि इश्वरलाई नै पनि
दिन थाल्दछ है झुटो दोष ता लोकमा अनि
होइन विषय भोग यो तनु लाभको फल
अल्प छ स्वर्गको भोग सत्य भन्दछु निर्मल
४६८

त्यो स्वर्ग सुख् पनि दु :खदायी छ है परन्तुमा
जो नर देह पाएर पनि भुल्दछ भोगमा
साट्दछन् मूढ ति सारा सुधाका साथमा विष
जो पारस मणिलाई गुमाई कन ता नीच
४६९

गुञ्जामा पर्दछन् मग्न त्यस्तालाई . काहिँ पनि
भलो भन्दैनौ कोहिले कहिल्यै पनि ता अनि
चार योनी महा जीव चौरासि लाख रीतले
घुम्दछ नित्य नै त्यो ता अविनाशी सदैव रे
५७०

मायाले प्रेरणा गर्दा काल कर्म स्वभाव र
गुणले घेरिई नित्य घुम्दछ संसार भित्र र
अकारण् स्नेहि इश्वर्‌ले कुनै बखतमा अनि
त्यसको दु :ख देखेर पग्लेर प्रभु नै पनि
५७१

दया गरेर त्यो जीव उपर्मा प्रभुले अनि
यो मनुष्य शरीर्‌ झट्टै दिनुहुन्छ कृपा पनि
यो भवसिन्धुको लागी तर्नलाई डुंगा सरी
अमूल्य मानिस देह भवका बीच यो घरी
५७२

मेरै अनुग्रह ठूलो वायु हो अनुकुल ता
अलम्य मानिस देह रूपिका त्यो जहाजमा
माझि हुन सद्गरू नै जो निपूण औ प्रविण ता
तर्छन् जीवहरू सारा गुरू निर्भर भई सदा
५७३

दुर्लभ् हो ता पनि सारा यै साजहरू लोकमा
सुलभ् भएर मानिस्‌का निम्ति मिल्दोछ है यहाँ
यस्तो सर्जाम पाएर पनि ता मानिसै हरे !
भव सागर तर्दैनन् मन्द बुद्धि कृतघ्न रे
४७४

दु :खी भैकन ता तेहि नर ता जगमा अनि
अत्मा हनन गर्नेको पाउँछ गति नै पनि
यदि परत्रमा फेरि यो गजत्मा पनि अब
चाहन्छौ सुख् भने मेरो सुनेर वचनै सब
४७५

गराई दृढ यस्लाई राख हृदयमा अब
भक्तिको पथ यो मेरो जगमा सुलभै सब
सुख दायक हो लोक् हो ! यो पथलाई वेदले
पुराणले गरेको छ प्रशंसा पनि धेर रे
४७६

अति अगम्य छ ज्ञान त्यो सिद्ध गर्नलाई ता
अनेक पर्दछन् विघ्न लोकमा भाँति भाँतिका
कडाछ साधना तेस्को विविध थरिका अनि
मनले टेकने ठाउँ पाइदैन कहि पनि
४७७

यत्न ता गर्दछन् धेरै जनले जगतै महाँ
पाउछन् ज्ञान ता कोहि कोहिले मात्रनै यहाँ
कदाचित् पाइनै हाले भने ता पनि दु:खगरी
त्यो ज्ञान भक्तिले हीन हुदामा अनि त्यो घरी
४७८

मलाई मन पर्दैन त्यो ज्ञान भाई हो अनि
सकल सुखको खानी भक्ति स्वतन्त्र छे पनि
पाउँदैन ति सत् सँग विना त्यो भक्ति प्राणीले
मिल्दैनन् सन्त सारा ती पुण्य राशी विना हरे
४७९

संसारी दु:खको नाश गर्ने हो सतसंगले
मिल्नाले संतको दर्शन् प्रपञ्चहरू छुट्छ रे
यौटै छ लोकमा धर्म दोश्रोछैन कुनै अहो !
मनसा कर्मणा वाचा पूजा हो विप्र पादको
४८०

विप्रको गर्दछन् सेवा छाडी कपट जो नर
तेसैमाथि अनुकुल रहन्छन् मुनिदेव र
मेरो गुप्त मतै अर्को एक छ भाई !हो अनि
भंन्दछु हात जोरेर सबका साथमा पनि
४८१

नगरीकन शम्भुको भजनैहरू लोकमा
पाउँदैनन् मम भक्ति विचार राख चित्तमा
के परिश्रम छ भक्ति मार्गमा भन ता ?हरे !
सिद्ध गर्नाकनै भक्तिलाई ता अनि फेर रे
४८२

यज्ञ जप तप योगाभ्यासहेरू कुनै अनि
कठोर ब्रत उपवास चाहिदैन कुनै पनि
सरल् स्वभाव चाहिन्छ खाली निस्कपटै अहो !
मन्को कुटिल ता लाई त्यागनु पर्दछ सत्य हो
४८३

यथा लाभ हुनुपर्छ सन्तुष्ट जगमा सदा
मेरो दास भनी लोक्मा कहलाएर फेर ता
अफै गर्छ भने आस अरूको जगतै महाँ
मेरो विश्वास नगर्ने तेस्को विश्वास के यहाँ
४८४

हो कि होइन यो सत्य ?भन हे भाई हो अब
बढाएर कुरा धेरै के भनौ अरूता अब ?
आचरण गरे येहि भने म वश हुन्छु है
कसैकासँग गर्दैनन् वैर भाव पनि कुनै
४८५

झगडा पनि गर्दैनन् कसैका साथमा पनि
गर्दैनन् मनमा आशा पनि ता कोहिको पनि
मान्दैनन् त्राश ता कोहि केहि देखि ता चित्तमा
आनन्दमय छ तेस्को निम्ति दश दिशौ यहाँ
४८६

अनारंभ अनिकेत अमानी पाप हिन त
क्रोध रहितका सारा दक्ष विज्ञानी भै ति त
जो रहन्छन् जन त्यो ता अनि तेस्लाई लोकमा
संतका सँगमा प्रिति अति हुन्छ नि चित्तमा
४८७

बिषय भोगछन् तुच्छ तृण समानको अनि
स्वर्ग मोक्षहरूलाई पनि जो मनभित्र नि
सम्झन्छन् तृणको तुल्य फेर् भक्ति पथमा पनि
गर्दैनन् हट औ केहि गर्दैनन् दुष्ट ता अनि
४८८

दुष्ट तर्कहरूलाई दुगरिर बहाउँछन्
मनमा नित्य नै मेरो भरमा परि बस्दछन्
रहन्छन् तत्पर मेरै गुणगण र नाममा
छाड्दछन् ममता मोह दम्भलाई त चित्तमा
४८९

त्यस मानिसको सुख्ख त्यहि जान्दछ यो अनि
त्यो नर परमानन्द संदोहि हुन्छ सम्र्फ नि
यस्ता सुधा रसै जस्ता सुन्दा बचन रामको
समाते सबले पाउ प्रेम साथ झुकेर पो
४९०

फेरि विन्ति गर्न लागे झुकेर
पाउ पर्छौ नाथकै हामी घेर
गुरू दाजु भाई हाम्रा अनि ता
आमा बाबु इष्ट बन्धु पनि ता
४९१

प्राणभन्दा प्रिय एक मात्रै प्रभु हजुर नै
हुनुहुन्छ कृपासिन्धु ! भन्दछौ हामी नित्य नै
हे राम ! हजुरै हाम्रा शरीर धन धाम हो
सब तरहले हितकारी नाथ ! हजूर हो
४९२

शरणागत दुख्हारी हुनुहुन्छ हजूर ता
यस्तो शिक्षा हजूर् छाडी दिन त अरूले कदा
शक्तैनन् हे प्रभो !आमा बाबु छन् जति लोकमा
ती पनि स्वार्थमा तत्पर् रहन्छन् नित्ये नै यहाँ
४९३

विना कारण नै गर्ने हित ता सब लोकको
संसारमा प्रभु एक अर्का भक्त हजुरको
यी दुवै मात्र हो नाथ ! कृपालो ! रघुनन्दन !
जगमा अरू ता सारा मत्लवी स्वार्थी नै छन्
४९४
स्वप्नामा पनि पमार्थ तिनमा रहदैन है
हामी दिनहरू माथि दया को गर्छ ? नाथफै
प्रेम रस्ले भिजेको यो वाणि सकल लोकको
सुनेर हुनुभो राम मनमा खुसी घेर पो
४९५
प्रेम पुर्वकले आज्ञा पाएर रामको तब
भगवान् रामका मीठा वचनहरूकै सब
बयान गरदै आफ्ना - आफ्ना घर गए अनि
त्यो सुख्को बर्णनै गर्न अम्बिके ! सकिदैन नि
४९६
जहा सच्चीद आनन्दमय ब्रम्ह स्वरूप् प्रभो !
राज गर्नु भएकोथ्यो राजा भैकन राम जो
तेहि अबधका बासि ती चराचर प्राणिको
त्यो कृतार्थ रूपै सारा अब भन्न सकिन्न पो
४९७
सुखका भवनै राम्रा रामजी एकदिन् जहाँ
राज गर्नुभएकोथ्यो आए गुरूजी नै तहाँ
आदर गर्नुभो - खूब - पूजा श्रीरामचन्द्रले
चरणोदक लिनुभो पखाली पाउपद्म रे
४९८
अनि विन्ति गरे यस्तो मुनिले जोरदै कर
दयासागर ! हे नाथ ! कृपालो ! सुखका घर
सुन्नुहोस प्रभो !केहि मेरो विन्ति पनि अब
हेर्दा हेर्दै प्रभो ! सारा प्रभुको आचरण् सब
४९९
मेरो हृदयमा मो ह भएको छ अपार रे
अगणित् महिमालाई प्रभुको सब वेदले -
-पनि जान्दैन हे नाथ ! गरौ वर्णन् कसोरी म?
प्रभुकै पर्दछु पाउ दयालो ! हे अनुपम !
५००
यो पुरोहितको काम अतिव नीच काम हो
यस्लाई वेद औ शास्त्र पुराण धर्मले प्रभो !
गरेका छन् अति निन्दा मैले हे भगवान ! यो
गाहो मानिकनै गर्न आँटिन जब काम यो
५०१

ब्रम्हाले त्यस बेलामा मलाई भन्नुभो अनि
पछि हुनेछ तिम्लाई हे पुत्र ! मंगलै भनी
जगदिश्वर परमात्मा निर्गुण ब्रम्ह लोकमा
नरको वपुधारी भै आएर अवधै महा
५०२
राजा हुनु हुनेछ राम कुलका भूषण् स्वरूपै भई
होला लाभ तिमीकनै अनि पछि बाबू! अवधमा गई
आज्ञा भो जब ता अनि हृदयमा मैले विचारै गरे
जस्को निम्ती गरिन्छ यो जगतमा ना ना थरी धर्म रे
५०३
योगाभ्यास तप दान व्रत यस समय नै
म पाउने भए तेहि वस्तु अब गएर नै
मेरो निमित्तमा ऐले यो पुरोहित कामका
बराबर्को ठूलो धर्म केहि छैन अरू यहाँ
५०४
जप तप नियम बर्ण धर्म
योगाभ्यास फेरि आश्रम धर्म
भनेका ती वेदले धर्म ना ना
शुभ कर्म दम दया र ज्ञान
५०५
तीर्थ स्नान आदिका धर्म सारा
जातिधर्म कर्म हेरू पियारा
बताएका छन् श्रुति स्मृतिले जो
फेरि ना ना भेद पुराणले पो
५०६
भनेका र पढ्नु औ सुन्नु सारा
त्यस्को फल प्राप्ति हो एक् निराला
हजूरकै पाउनु दर्शनै जो
धर्मादिको हो सिमाना फैले त्यो
५०७
व्रत यम नियम आदिका ती
साधनाका उत्तम फल ता की
हजूरका चरण पंकजमा
लाग्नुनै हो प्रिति नित्य मनमा,
५०८
येहि नै हो जन्मको सार नाथ
यहि नै हो धर्म ता मुख्य खास
धुदां मैलो पानीले वस्त्र साफ
हुन्छ र के काँहि यो लोकमा त ?
५०९

पानी खार्दा घीउ पाउँछ र के
प्रेमा भक्ति रूपि नभै जल के ?
छुट्ला र के मल अन्तष्करणको ?
पर्नै पर्छ रामका नै शरण् पो
५१०

सर्वज्ञ हो लोकमा तेहि नाथ !
त्यहि नै ब्रम्हज्ञानी सदा त
पण्डित औ गुण खानी त्यहि हो
त्यहि नै हो भाग्यमानि पनि जो
५११

अखण्ड विज्ञान पनि त्यहि हो
सिपालु सुलक्षण नै त्यहि हो
प्रभो ! हजुर्को चरण कमल्मा
जस्को छ निर्मल् प्रिति नित्य मन्मा
५१२

हे नाथ ! करूणासिन्धो ! माग्दछु एउटा वर
दिनुहोस दया राखी मलाई प्रभु ! श्रीधर
जन्म जन्मान्तरै सम्म प्रभुका पाउपद्ममा
नघटोस् प्रिति यो मेरो कहिल्यै पनि चित्तमा
५१३

वशिष्ठ फर्किए घर्मा यति स्तुति गरीकन
दिनबन्धु दयासिन्धु भगवान् रामजी कन
अति मन परे प्यारा वशिष्ठ मुनि त्यो घरी
अनि दास सुखै दाता राक्षस गणका अरि
५१४

दयालु भगवान् रामजीले भरत आदिका
भाईलाई - लिई साथ - पवन पुत्रलाई ता
पुर बाहिरमा पाल्नु भयो र रथ हात्ती ती
झिकाउनु भयो झट्टै घोडाहरू समेतकि
५१५

गरी नजर सब्लाई अनि पछि दया गरी
सहाउनु भयो सारा सइसलाई त्यो घरी
त्यहा पछि जसजस्ले चाहन्थे जति चिज ती
त्यहि समस्त जन्लाई योग्यका चीज विज ती -
५१६

बक्सिसंभो अनि फेरि श्रम हरण लोकका
-नाथ श्री रामजीलाई लाग्यो श्रम अतिव ता
अत्यन्त शितलै राम्रो आपन्नो बाग थियो जहाँ
उहि जानु भयो राम लिएर भाई साथमा
५१७

विच्छाई दिनुभो अनि भरतले आपन्नो उपर्ना पनि
त्यस्मै राजभयो रघुकुल मणि विश्राम गर्नै भनी
सेवा गर्नु तुरून्त भाईहरूले लाग्नु भयो रामको
पंखा हम्किन प्रेमले प्रभुजीमा लागे हनुमान जो
५१८

प्रेमाश्रुले परिपुर्ण तिन्को नेत्र भए अनि
रोमाञ्चित भए बार बार शरीरमा पनि
राम चरण् अनुरागी हनुमान समानको
भाग्यवान कुनै प्राणी भएनन् जगमा अहो !
५१९

जसको प्रिति औ सेवालाई खास प्रभुजीले
बयान गरनुहुन्थ्यो आपन्नै श्रीमुख देखि रे
गिरिजे ! तेहि मौकामा लिएर बीन हातमा
आई पुगे मुनि नारद् पनि खुसी भई तहाँ
५२०

आएर रहने नित्य नवीन रघुनाथको
यशलाई मिठो स्वर्ले लागे गाउन फेर जो
हे शोक मोचन ! राम ! कमल नयन ! प्रभो !
कृपा कटाक्षले नाथ ! मलाई हेर्नुहोस पो
५२१

कमारिं हृदय पद्म मकरन्द ! मधुकर !
नीला कमल झै श्याम ! सीतानाथ ! रघुवर !
राक्षस् सैन्य वन भञ्जन् ! मुनि सज्जन रञ्जन !
कोशल्यानन्दन ! राम ! खरारे ! पाप भञ्जन !
५२२

विप्रसखा ! रघुनाथ ! नविन ! गुण मन्दिर !
अशरणशरण् ! नाथ ! सुन्दर ! सुख मन्दिर !
खर दुषण विराध वध पण्डित् ! पुरातन !
दशरथ् कुल कुमुद सुधाकर ! निरञ्जन !
५२३

दिन जन ग्राहक ! नाथ ! राम हे !
हे जानकी जीवन ! कोटी काम ! ए
आनन्द मूर्ते ! भरताग्रज ! प्रभो !
शरण म पर्छु प्रभुको सदैव पो
५२४

विपुल भुजवल् ! नाथ ! खण्डितै महीभार ! रे
प्रभुको जय होस् नाथ ! जय जयति होस रे
प्रभुको सुयशै सारा वेद शास्त्र पुराणमा
प्रसिद्ध छ प्रभो ! सारा गाउँछन् किर्ति लोकमा
५२५

मुनि सिद्ध द्यौता ऋषि साधु सारा
मिलेरै सबै नाथको यो निराला
अति प्रेमले गाउँछन् किर्ति नाथ !
भई मगन मस्तै डुवी प्रेममा त
५२६

कृपासिन्धो ! भई नाथ लोक्पिडा गरने सब
अधमाधमको तोड्नलाई सब घमण्ड त
हुनुहुन्छ निपुण् खास प्रभु सब थरीबाट रे
तीनै भूवनको रक्षा गरने लोकनाथ ! रे
५२७

अयोध्या भूषण ! नाथ ! हे कलिमलमंथन !
सर्वज्ञ ! अज ! हे विष्णो ! सीता आनन्द वर्धन
प्रभो ! हजूरका नाम ममता आदिका सबै
दुर्गुणलाई विघम्स गर्छ नाश गरेर नै
५२८

रक्षा गर्नु हओस् नाथ ! शरणागत दासको
गरेर गुणको गान यस्तै श्री रघुनाथको
शोभा सागरका सार रामका स्वरूपैकन
हृदयै कमलैभित्र राखेर खुसी भै कन
५२९

रामका पाउमा गर्दै प्रणाम अति प्रेमले
आनन्द मग्न भै नारद् गए श्री ब्रम्हधाम रे
सुन हे गिरिजे ! पावन् निर्मल अद्‌भुत अति
भएको यो मेरो बुद्धि जस्ति छ है जति
५३०

तदनुसारले वर्णन् गरें मैले समस्त यो
शत्कोटि श्लोकले राम्रो चरित्र रघुनाथको
अगम्य छ अपारको शारदा वेदले पनि
वर्णन् गरे पनि पार हुदैनन् कहिल्यै पनि
५३१

हुनुहुन्छ अनन्त रामजी
गुण लीलाहरू छन् अनन्त की
कति जन्म र कर्म नाम नै
प्रभुका छन् जगमा अनन्त नै
५३२

सारा ति जलका कणैहरू र ति सारा धरा मध्यमा
धूलाका कण गन्नलाई सजिलो होला उमे ! लोकमा
वर्णन् गर्न सकिन्न हेर ! कहिल्यै लीला प्रभु रामको
जानेको जति सब् भने गिरिसुते ! मैले तिम्रीलाई यो
५३३

दुर्गे ! निर्मल यो कथा हरिपदै दायि छ भन् पावनी
यो सुन्दा अनपायिनी प्रभुजीको भक्ति प्रकट हुन्छ नि
दुर्गे ! काकभुसुण्डिले गरूडजीलाई भने जो कथा
सम्पूर्णै तिमीलाई त्यो भनी सके मैले यथा बुद्धि ता
५३४

मैले श्रीरामका गुण्को गरे वर्णन केहि यो
के भनौं अब हे रानी ! भन भन्दछु तेहि पो
हर्षित हुनुभो दुर्गा सुनेर शुभ त्यो कथा
बचन बोल्नुभो फेरि अति मधुर नम्र ता
५३५

त्रिपुरारे ! म ता धन्य रहेछु धन्य नै अति
भवको भय सब्लाई हरणे गर्दिने जति
रामको गुणको बर्णन् सुने नाथ ! समस्त यो
कृपा भवन हे स्वामी ! कृपाले प्रभुकै म जो
५३६

कृत कृत्य भएँ नाथ ! छुट्यो मोह समस्त नै
आनन्द औ अनि फेरि चैतन्यका समष्टि नै
स्वरूप रामको जाने प्रताप सब नाथ त्यो
हे नाथ ! करूणासिन्धो ! स्वामी ! मैले हजुरको
५३७

मुर्खैं रूपि चन्द्र मण्डलबाट
लागेको यो चुहुनैलाई खास
श्रीराम् कथा रूपि अमृतलाई
कानै रूपि पात्रद्धारा रमाई
५३८

मेरो मन्ले पान् गर्‍यो प्रेम साथ
अघाएको छैन तैपनि नाथ
जो जो मानिस् रामको नाम सुन्दा
अघाउँछन् भन्दछन् ' छोड ' भन्दा
५३९

पूरा महत्व जानेनन् रसको तिनीहेरूले
भएका जिवन मुक्त ती महा मुनिहेरूले
योगी ऋषि छन् सारा ति पनि रामको सदा
यो लीला पावनलाई सुन्दछन् मग्न भै आहा !
५४०

भव सागरको पार चाहन्छन् पुग्न जो नर
बलियो नाउ हो रामकथा ती निम्तिमा दृढ
संसार सिन्धुमै मस्त रहने मग्न भै ति जो
भोगीलाई पनि राम गुणका गान किर्ति यो
५४१

लीला कानहरूलाई दिने आनन्द औ अनि
रमाइलो छ मन्लाई दिने शान्ति अतिव नि
मन् परोइन जस्लाई चरित्र रघुनाथको
कानवाला कुनैमानिस् को होला जगमा ?अह्रे !
५४२

मन पर्दैन जस्लाई कथा श्री रघुनाथको
आत्मघाती सरि हुन्है जड ती जीव ता अहो !
गाउन् भो प्रभो ! सारा राम चरित मानस
त्यो सुनेर अमित् सुख्ख पाएँ हृदय भित्र त
५४३

आज्ञाभो प्रभुले नाथ ! " त्यो सुन्दर कथा सब
पैले राजा गरूड्लाई काकभुसुण्डिले तब
सुनाएको सबै यो हो " भनेर शशिशेखर
काग चोला हुने काकभुसुण्डिलाई ता तर
५४४

वैराग्य ज्ञान विज्ञान राम चरितमा पनि
अत्यन्त दृढको प्रिति शान्त औ अमरै अनि
भगवान् रामको भक्त छन् भनेर मलाई त
परम् सन्देह नै लाग्यो गर्दछु सत्य विन्ति त
५४५

पुरारे सुन्नुहोस् नाथ ! हजारौ नर मध्यमा
हुन्छ है एउटा को हि धर्म व्रतधारी लोकमा
कोटि धर्म व्रत धारी मध्यमा कोहि एक नै
विमुख विषयै देखि विरक्त हुंन्छ नित्य नै
५४६

वेदले भन्छ कि कोटि विरक्त मध्यमा पनि
पाउँछ कोहि एकैले पूर्ण ज्ञान भनेर नि
करोडौ ज्ञानिमा कोहि एउटा मात्र लोकमा
हुन्छ है जीवन मुक्त भनी भन्दछ वेदमा
५४७

हजारौ जीवन मुक्त मध्यमा एउटा कुनै
सर्व आनन्दले पूर्ण सर्ब ज्ञान मय खुबै
हुन्छन् है ब्रम्हमा निष्ठ हे देव देव ! नाथ ! रे
धर्म व्रतधारी वैरागी ज्ञानी ती ब्रम्हलिन रे
५४८

ब्रम्ह निष्ठ यी सब् प्राणी भन्दा दुर्लभ् प्राणी त्यो
निष्कपट राम भक्तिमा तत्पर् हुन्छन् सधैं ति जो
त्यस्तो दुर्लभ् हरि भक्ति पाए कसरी कागले ?
मलाई भन्नु होस् सारा बुझाई विश्वनाथ रे
५४९

रामः परायण गुण भवन राममा रत
धीर बुद्धि भएका ति भक्तले पनि फेर त
के कारणले त्रिपुरारे ! पाए काग शरीर त्यो
मदनदमन ! नाथ ! दयालो ! रघुनाथको
५५०

लीला यो पावनी पाए कहाँवाट ति कागले
कसरी सुन्नुभो फेरि हे नाथ ! त्यो हजुरले
अतिव कौतुकै लाग्यो मलाई नीलकण्ठ ! त्यो
पाउमा पर्दछु ऐले भन्नु होस समस्त त्यो
५५१

महाज्ञानी गुणराशी हुनाले गरूडै पनि
भगवान् विष्णुका प्यारा सेवकै हुन् ति ता अनि
अति नगीचमा बस्ने हुन् है ति विष्णुका प्रभो !
मुनि वृन्दहरूलाई छाडेर तिनले अहो !
५५२

कथा किन सुने नाथ ! गएर काग साथमा
बताए तिनले फेरि कस्ता तबरले तहाँ
भगवान् हरिका भक्त तिनी काकभुसुण्डि र
गरूड ती दुवैको भो स वाद कसरी फिर ?
५५३

आज्ञाहोस ममा नाथ ! गरी विस्तार त्यो कुरा
भन्ने यस्तै तरीकाले सरल सुन्दरै पुरा
निश्छल अम्बिकाजीको सुन्दा वचन यो सब
आनन्दित भई प्यारा शंकर अनि ता तब
५५४

बोल्नभो आदरै साथ हे दुर्गे ! धन्यछ्यौ तिमी
अत्यन्त पावन निर्मल् तिम्रो बुद्धि छ सत्य नि
प्रिति धेरै छ है तिम्रो राम चरण पद्ममा
दयालु छौ दु :खी माथि बाठि छौ अति चित्तमा
५५५

जे सुन्दा सकल शोक- भ्रान्तिको नाश हुन्छ र
रामको पादपंकजमा ठूलो विश्वास जम्छ र
विना प्रयाशले प्राणी तर्दछन् भव सागर
इतिहास सुन सारा त्यो परम् शुद्ध निर्मल
५५६

यस्तै तरहले दुर्गे ! प्रश्न गरूडले पनि
गरेथे त्यस बेलामा भुसुण्डि साथमा अनि
सारा त्यो भन्दछु ऐले आदर पूर्वक म ता
भक्ति औ प्रेमका साथ सुन दिएर चित्त ता
५५७

गरने भव मोचनै पुरा
मइले राम कथा सबै पुरा
सुमुखी ! जसरी सुने सब
सुन हे सुन्दरी ! त्यो कुरा अब
५५८

पैले तिम्रो अवतार दक्षप्रजापतिजीको
भएको घरमा हो है त्यो बेलामा पनि ति जो
सति भनी थियो तिम्रो रहेको नाम ता अनि
भयो तिम्रो ठूलो हेला जो दक्ष यज्ञमा पनि
५५९

क्रुद्ध भैकन ता तिम्ले छाड्यो प्राण अनि पछि
विध्वम्स यज्ञको मेरा गणहरूले गरे जति
प्रशंग तिमी त्यो सारा जान्दछ्यौ अनि सुन्दरी !
मेरो मन्मा ठूलो चोट लाग्यो अनि त त्यो घरी
५६०

तिम्रो वियोगले दू :खी म भएँ हे प्रिया ! अनि
भई विरक्त वन् पर्वत् राम्रा तालहरू पनि
नदि सागरका सारा हेर्दै दृश्य मनोहर
फिरन्त म भएँ रानी ! डुल्दा डुल्दै चराचर
५६१

उत्तर्तिरै परवत सुमेरूको -
- भन्दा पनि ता अझपर अरू जो
छ एक् अति सुन्दर नील पर्वत
त्यस्का अनेक् शिखर मध्य चार त
५६२

शिखर् सुवर्ण मय सुन्दर थिए
मन परे ति शिखर मलाई रे
ती टाकुरामा अति ठुल्ठूला अनि
वर पिपल् पाखर आँपका पनि
५६३

यी चारै थरिका एक एक वृक्ष थिए अनि
तिनै शिखरमा राम्रा रत्न औ मणिका पनि
भएका खुड्किला धेरै थियो तलाउ एक ता
त्यो देख्दाखेरिमा मेरो मन मोहित भो अहा !
५६४

थियो जल मिठो ठण्डा निर्मल पनि ता अनि
पद्महरू थिए धेरै विविघ रंगका पनि
बोल्दथे अति नै मिठो स्वरले हाँसका हुल
गुञ्जन गर्दथे राम्रो भ्रमरा दौडदै फुल
५६५

त्यहि राम्रो पर्वतैमा पनि ता
वासै गर्थे काकभुसुण्डिजी ता
हुदैनथ्यो नाश भो पर्वतैको
प्रलयैका कालमा नै पनि जो
५६६

ती मायाबाट उत्पन्न भएका गुण दोष ता
मोह काम मद क्रोध इत्यादि अविवेक ता
रूपि बस्तुहरूले ता सारा संसारलाई नै
व्याप्त गरिरहेका छन् छोपिकन सधै तिनै
५६७

ती माया कृतका सारा विकारहरू ता अनि
कहिले आउदैनन् त्यो पहाड्का नगीचै पनि
त्यहि बसेर ती काकभुसुण्डि जुन रीतले
हरिको भजनै गर्थे प्रेम मग्न भएर रे
५६८

ती कुरा सुन हे दुर्गे ! प्रेम मग्न भई तिमी
विस्तार साथले भन्छु आज म तिमीलाई नि
भुसुण्डि पीपले रूख्को छाहारीमा बसेर ता
पैला प्रहरमा ध्यान गर्दथे हर्षले सदा
५६९

फेरि पाखरका रूख्को छाँयामुनि बसेर ता
गर्दथे जप् रूपि यज्ञ दोश्रो प्रहरमा सदा
फेरि ती आँपका वृक्ष मुन्तिरमा बसी अनि
गर्दथे मानसिक् पूजा तेश्रो प्रहरमा पनि
५७०

बसेर वटको रूख्को छायामा खुसी साथले
चौथो प्रहरमा गर्थे हरि लीला प्रसंग रे
हरि चरित्र सुन्नाका निम्तिमानै अनेक ति
पंक्षिहरू सबै आई सुन्दथे खुसी साथ ती
५७१

प्रेमपुर्ण भई श्रद्धा साथमा पक्षि राजले
भाँति भाँतीसितै गर्थे राम चरित्र गान रें
त्यस तलाउमा नित्य रहने जो समस्त ति
पवित्र निर्मल बुद्धिवाला हाँस थिए जति
५७२

त्यो गाना सुन्दथे सारा प्रेम औ अति हर्षले
मैले देखे जहाँ त्यस्तो तमासा ता गएर रे
पैदाभो चित्तमा मेरो आनन्द अति नै अहा !
पार्वती! अनि ता मैले हाँसको रूप् धरेर ता
५७३

त्यहि तलाउमा बास केहि काल गरें अनि
अत्यन्त शान्ति भो दुर्गे ! मलाई चित्तमा पनि
रामका गुणको बर्णन् सुने आदर साथ नै
हे प्रिया ! फेरि आएँ म आफ्नै कैलाश तर्फनै
५७४

जुनै बखत्मा गिरिजे ! म कागको
थिएँ गएको समिपैमहाँ अहो !
त्यो सब् इतिहास भने तिमी कन
फेरि म भन्दछु अब यो कुरा कन
५७५

जुन् हेतुले पक्षीकुलै प्रवीण ती
गए गरूड् काग समिप जान यी
कथा सुन त्यो गिरिजे ! प्रशन्न भै
जैले नरै झै भई रामले अझै
५७६

गर्नुभो समर लीला सम्झिदा ती चरित्र नै
लीला अद्भुत सम्झि मलाई लाग्छ लाज है
इन्द्रजित्को करैबाट आफू त्यो नाथ पाशले
जब बाँधिनुभो राम नारदले अनि फेर रे
५७७

पठाए गरूडैलाई गएर गरूडै पनि
फर्किए बन्धनै काटि त्यो नागपाशको अनि
प्रचण्ड खेद पैदा भो तिन्का हृदयमा अहो !
सर्पशत्रु गरूड्जीले भगवान् रघुनाथको
५७८ ।

नागको बन्धनैलाई सम्झेर सत्य चित्तमा
विचार गर्न ति लागे शोच गर्दै अति तहा
'सर्वव्यापक औ सर्वस्वरूप जगमा पनि
वाणिका मालिक नित्य माया रहित भै अनि
५७९

मायाबाटै जो प्रकट् नै हुने त्यो
मोहैदेखि जो फरक् भै रहेको
साक्षात् इश्वर् विष्णुले यो जगत्मा
लिएको हो यो जनम् ता अवधमा
५८०

भन्ने यस्तै कुरा मैले सुनेको हो यहाँ अहो !
केहि प्रभाव ता त्यस्को -देखिन -शक्ति फेर जो
जसको नाम जप्दामा मानिसहरू लोकमा
संसार बन्धनबाट पलमै छुट्दछन् यहाँ
५८१

उनै इश्वर श्रीरामलाई नै नागपाशलें
बाँध्यो त्यो तुच्छ राक्षसले पारी अशक्त आज रे
सम्झाए आफनो चित्तलाई विविध भाँतिले
तै पनि हृदयै भित्र भएन ज्ञान केहि रे
५८२

हृदयलाई भ्रान्तिले ढाक्यो व्याप्त गरेर नै
बढाउँदा मनभित्र तर्कहरू अतिव नै
तिनी बिसादले खिन्न भएर तिमी झै अहो !
मोहवश भई ज्यादा भए व्याकुल फेर जो
५८३

नारद मुनिका सामु पुगीकन गरूडले
बताए नारदैलाई मन्का संसय जो छ रे
त्यो सुनी नारदैलाई लाग्यो अतिव नै दया
भने तिन्ले कृपा राखी गरूडलाइ फेर ता
५८४

सुन श्रीरामको माया प्रवल छ अतिव नै
जुन् माया ज्ञानिहेरूका चित्तलाई पनि अझै
बलात्कार गरी छिन्मै खिँची मोहित गर्दछे
मलाई पनि ता जस्ले नचाई धेरै पल्ट रे
५८५

पक्षिराज ! त्यहि माहामायाले तिमीलाई त
व्याप्त पारेर नै ऐले हृदय भित्र छोपि छ
तिम्रो हृदयमा माहा मोह उत्पन्न भो हरे !
मैले बताउँदा झट्टै मेटिने छैन मोह रे
५८६

ब्रम्हाको नगिचै जाऊ पक्षि राज तिमी अब
दिनु हुनेछ जो आज्ञा तेहि सरि गरे सब
यति भनेर ता फेरि रामको गुण गाउदै
बार्बार वैष्णवी माहामायाको बलहेरू कै
५८७

बयान गरदै ज्ञानी हिडे नारद हर्षले
अनि गरूडले फेरि ब्रम्हा सामु गएर रे
सुनाए पाउमा पर्दै आफ्ना संशय ती सब
त्यो सुनेपछि ता फेरि ब्रम्हाले मनमा तब
५८८

सम्झेर रामजीलाई झुकाउनुभयो शिर
ठूलो प्रताप सम्झेर रामजीको पनि फिर
ब्रम्हाको हृदयैभित्रै आयो उर्लेर प्रेम त
विचार गर्नु भो फेरि ब्रम्हाले मन्भित्र त
५८९

'कवि पण्डित औ ज्ञानी मायाकावश छन् सबै
अतुल औ अनुपम् छ यो मायाको प्रभाव नै
मलाई पनि ता जस्ले नचाई धेर पल्ट ता
गरेको हो प्रकट् मैले यो चराचर लोक ता
५९०

पक्षिराज हुनु मोहित् केहि आश्चर्य छैन यो '
गरी विचार यो धेरै ब्रम्हाले मन भित्र जो
मनोहर मिठा वाणि बोल्नुभो अनि ता तहाँ
जान्नु हुन्छ महेश्वर्ले राम प्रभाव मन्महाँ
५९१

वैनतय ! तिमी जाऊ शिवको सामुमा अब
न सोध अब अन्यत्र यो कुरा कोही साथ ता
त्यहाँ गएर ता तिम्रो शंका नाश हुनेछ है
यस्तो ब्रम्हाजीको आज्ञा सुनीकन तुरून्त नै
५९२

वैनतेय हिडे फेरि अम्बिके ! अति वेगले
मनमा अति नै व्याकुल् भएका पक्षिराजले
मेरो समीपमा आइ पुगे झट्ट उमे ! अनि
कुवेर्का घरमा जान भनेर त्यो बखत् तनि
५९३

लागेका म थिएँ दुर्गे ! त्यहि नै बीच मार्गमा
कैलाशमै थियो रानी तिमी तेस बखत्महा
मेरा चरणमा शिर राखेर तिनले अनि
संशय आफनो सारा सुनाए व्याकुलै बनी
५९४

अपर्णे ! तिनको नम्र वचनै सुनि त्यो सब
प्रेम सहितमा मैले भने तिन्लाई यो तब
मेरो साथ गऱ्यौ तिम्ले बाटोमा भेट यो अब
त्यो रहस्य तिमीलाई समझाउँ के गरी सब ?
५९५

धेरै काल तकै जस्ले गर्छ सत्संगता जब
संशयहरूको नाश हुन्छ अनि पछि तब
ना ना तरहका साथ संत औ मुनिले सब-
गाइन्छ हरिको लीला विविध भाँतिले तब
५९६

त्यहि गएर त्यो सुन्दर सुन्नु पर्छ हरिकथा
अनि मोह र सन्देह नाश हुन्छ समस्त ता
जुन हरिकथा भित्र प्रथम बीचमा अनि
अन्त्यमा छन् प्रति पाद्य राम नै मुख्य इष्ट नि
५९७

हरिकथा हुन्छ है नित्य जाहाँ
पठाऊँछु बाबु ! तिम्लाई ताहाँ
तुरून्त नै त्यहि जानू खुसीले
श्रीराम् लीला सुन्नु ताहिँ बसि रे
५९८

सुन्ना साथै राम लीला त सारा
नाशै होला संशयै दु :ख सारा
आउने छन् राम नै चित्त भित्र
होला शान्ति चित्त माहा विचित्र
५९९

श्रीरामका चरण पंकजमा त जैले
प्रिति हुनेछ अनपायिनी खूब तैले
सत्संगनै जगतमा गतिलो कहिन्छ
जस्बाट राम चरितै सब याद हुन्छ
६००

विना हरिकथा मोह भाग्दैन चित्तको पनी
मोह नाश नभै भाई अनि ता मनमा पनि
रामका पाउ पंकज्मा लाग्दैन दृढ प्रेम नै
योगाभ्यास जप ज्ञान वैराग्यहरू ता सबै -
६०१

-भए पनि दृढ प्रेम विना श्रीराम लोकमा
भेटिनस हुन्न है भाई ! भन्दछु सत्य यो यहाँ
उत्तर् दिशातिर राम्रो निलगीरी छ एक जो
उत्तम स्वभावका त्यहाँ काकभुसुण्डि भक्त जो
६०२

बस्दछन् औ तिनी त्यहा राम भक्ति कथादिमा
ज्ञानी गुणी अति बाठा बृद्धछन् तिनी लोकमा
तिनले भन्दछन् नित्य कथा श्री रामचन्द्रको
विविध थरिका उत्तम पक्षिगण समस्त पो
६०३

सुन्दछन् हरिको लीला आदर साथ नित्य नै
हरि लीला सुन धेरै त्यहि गई तुरून्त नै
मोहबाट उठेको यो दु :ख दूर हुनेछ पो
तिम्रो हृदयमा फेरि होला शान्ति अतिव जो
६०४

जब मैले भने यस्तो तिनूलाई यी सबै कुरा
सम्झाएं अनि ता सर्पशत्रु खुसी भई पुरा
हिडे चरणमा मेरो झुकाईकन शिर ता
बुझाइन तिनीलाई मैले त्यसबखत ता
६०५

रघुनाथजीका कृपाले भवानी
बुझें मर्म मैले तिनैको त्यहाँ नि
हुनन् गर्व आदि तिनैले गरेका
कतै औ कुनै ठाउँमा जो कुनै ता
६०६

भगवान् ! करूणासिन्धु तिनको त्यो अभिमानता
चाहनु हुन्छ है दुर्गे ! हटाउन समस्त ता
तसर्थ राखीनँ मैले तिन्लाई आफु साथमा
तेस्को अलिकति अर्को कारण् के हो भने तहाँ
६०७

पक्षिको बुद्धछ बोली पक्षीनै त्यही कारण
कागको नगिचै मैले पठाएँ गरूडै कन
अत्यन्तै बलवानै छन् माया श्रीरामको अहो !
जस्लाई त्यसले मोहित् पारेकी छैन आज यो
६०८

ज्ञानीको छ जगत्भित्र ?जो थिए ज्ञानी नै ठूलो
भक्त शिरोमणि प्यारा त्रिभुवन पति विष्णुको
तिन्लाई पनि ता मोहित् मायाले पारि हरे है
अरू पामर् नर व्यर्थै घमण्ड गर्दछन् यसै
६०९

म स्वयं शिवजीलाई ब्रम्हालाई समेत नै
मायाले मोहितै पारी जड जस्तै गरेर है
को होला अरू के बौरा म त्या देखि परै हरे
यो कुरा मनले जानी मुनिहरू सदैव रे
६१०

तिनै माया पति विष्णु इश्वरलाई भज्दछन्
भज्नाले रामजीलाई मायाबाट ती बच्दछन्
अखण्डित हरि भक्ति गर्ने निर्मल चित्तले
अकुण्ठित मतिका ती काकभुसुण्डि बृद्ध रे
६११

बस्दथे जुन पर्वत्मा पक्षिराज गए त्यहि
देख्दैमा नीलगिरि पर्वत् तिन्का भय समस्तकी
माया मोह अनि सुर्ता हट्यो शोक समस्त नै
प्रशन्न भो मनै तिन्को ब्रम्हानन्द समान नै
६१२

तलाउमा गरे स्नान खुसी भै पक्षिराजले
निर्मल चित्तभै फेरि जलपान गरेर रे
पुगे त्यो वटको रूखको छायामा तिनको मन
प्रशन्न भो अति पाए अखण्ड शान्ति ता झन
६१३

त्यहाँ बूढा वृद्ध पक्षिहरूको
राम्रो लिला सुन्नलाई प्रभुको
देखे आई ती बसेका समस्त
भुसुण्डिका सामथा मगन मस्त
६१४

भुसुण्डिले कथालाई प्रारम्भ गर्न मात्र नै
लागेका समयैमानै पुगे ति पक्षिराज है
समस्त पक्षीका राज तिनी गरूडलाई त
देखि आउन लागको अनि काकभुसुण्डि ता
६१५

साथैमा सकल पक्षि समाज हर्षितै भयो
गरेर आदरै खूब पक्षिराज गरूडको
दिए उत्तमको आशन् स्वागत् प्रश्न गरीकन
प्रेम साथ अति ठूलो मान सत्कारले झन
६१६

बोले अतिवनै मीठो बोलि फेरि भुसुण्डिले
कृतार्थ म भएँ आज प्रभुको दर्शनादिले
अब जो प्रभुको आज्ञा हुन्छ त्यो गर्दछु सबै
के कामले प्रभुको सवारी भन्नु होस् है
६१७

ती पक्षिराजले बोले अति कोमल वाणिले
निरन्तरै हुनुहुन्छ कृतार्थ ता तपाई रे
आदर साथमा जस्को प्रशंसा श्री महेशले
बारंबार गर्नुभो आफ्नै श्री मुखबाट खास रे
६१८

जनु कारण् परिआए तात त्यो सुन्नुहोस् कुरा
त्यो काम पूर्णभै सारा सिद्ध भो अहीले पूरा
हजुर्को दर्शनै पाएँ खुसी भो मन फेरि यो
पवित्र आश्रमै देख्तै महा मेरो सबै ति जो
६१९

संताप मोह सन्देह विविध थरिका सब
भ्रम नाश भयो तात ! सुन्नुहोस सबै अब
अत्यन्त पावनै मिठो सुन्दर सुखदै छ जो
आनन्द दायिनी नित्य दु:खका सब् समूहको
६२०

नाशिनी रामको लीला मलाई अब हे प्रभो !
सुनाई दिनुहोस् तात !भन्दछु सत्य बात यो
आदर साथमा विन्ति गर्दछु प्रभु साथमा
रामजीका कथा सारा भन्नुहोस् अनुपमा
६२१

सरल प्रेमले युक्त सुखदायक औ मीठो
गरूड्को बचनै सारा सुनी काकभुसुण्डिको
मनमा उत्साहभो ठूलो तब श्री रघुनाथको
गुण कथाहरू भन्न लागे हर्ष भएर पो
६२२
अतिव प्रेमका साथ दुर्गे ! काकभुसुण्डिले
विस्तारै पूर्वकै पैले कथा औ अनि फेरि रे
मानसरोवरैको त्यो गरे रूपक वर्णन्
खुसीभै पछि ता फेरि नारद्को पनि जो छन
६२३
अपार मोहको वर्णन् गरेर फेरि हर्षले
रावणको जन्मको कारण्भने विस्तार साथले
अनि श्रीरामका सारा अबतार कथा पनि
गाएर अनि ता फेरि लगाई चित्त खूब नि
६२४
वर्णन् गरे बाल चरित्र सर्व त्यो
उत्साहले चित्त गरेर मस्त पो
ती बाल लिला भगवान रामको
भने सबै शान्ति दिने अनेक जो
६२५
सुनाए तिनले फेरि विश्वामित्र मुनिशको
आगमन्का कथा सारा सुवाहुवध फेर जो
गरे वर्णन ता फेरि विवाह रघुनाथको
भने प्रस्थान ती सारा राम राज्याभिषेकको
६२६
अनि दशरथैजीको वरदान प्रदानको
वचन र अनि भंग रस राज्याभिषेकको
सारा प्रवासिको फेरि विरह दु :ख त्यो सबै
विसादको अति ठूलो कोलाहल समेत नै
६२७
राम लक्ष्मण संवाद बताए पछि ता अनि
राम वनगमन् फेरि गुहको प्रेमको पनि
गंगा तरण प्रयाग निवास र अनि पछि
राम वाल्मिकीको जो भो मिलन त्योअ पूर्वकी
६२८
चित्रकुट बिषे राज भयो जसरी रामको
वर्णन् गरे कथा सारा विस्तार साथमा छ जो
सुमन्त्र मन्त्रिको प्रत्यागमन पुरमा अनि,
राजा मरण औ फेरि भरतागमनै पनि
६२९

भरत्को प्रेमको सारा गरे वर्णन प्रेमले
भूपतिका क्रिया कर्महरूका वर्णनै गरे
अनि नगरका वासि साथमाहा भरतजी
हुनुहुन्थ्यो यहाँ सुख्ख स्वरूप रघुनाथजी
६३०
त्यो चित्रकुटमा सारा गएको वर्णनै गरे
सम्झाएको भने सारा विविध थरि रामले
पादुका लिई फर्केका श्री भरत् अवधै महा
आचरण् श्री भरत्जीको भने विस्तारले तहाँ
६३१
अनि पछि भने सारा कर्तव्य जयन्तको
भने भेट अनि सारा अत्रि औ रघुनाथको
जसरी वध् भयो फेरि राक्षस त्यो विराधको
त्यो हाल हो जसोरी ता ती शरभंगको
६३२
आपन्नो शरीर ता छाडे त्यो वृतान्त पनि सब
भने सुतीक्ष्णजीको ती प्रेमहरू पनि तब
सतसंगहरू फेरि रामजी औ अगस्त्यको
विस्तार साथले सारा भने ती कागले अहो !
६३३
पवित्र ता हरू सारा दण्डकारण्डको पनि
मित्र ता गृधको साथ भने सकल त्यो अनि
त्यो पञ्चवटिमा वास भगवान् रघुनाथको
सकल ऋषिका साथ त्राश भञ्जन वातको
६३४
अनि श्री लक्ष्मणैलाई अनुपम् उपदेश र
त्यस्तै शूर्पणखालाई गरेको जो विरूप र
त्यो वृतान्त भनी फेरि खर दुषण बध् पनि
जसरी त्यो सबै मर्म जान्यो रावणले अनि
६३५
भनेर त्यो कुरा सारा अनि फेरि दशानन -
- मारिचको भयो जस्तो संवाद त्यो भनीकन
भने वृतान्त त्यो सारा भुसुण्डिले अनि तहाँ
फेरि माया सीताजीको हरण पनि वन्महाँ
६३६
भएको हाल औ फेरि विरह रघुवीरको
दु :ख औ व्याकुलैताको गरे वर्णन धीरको
अनि श्रीरामले फेरि जटायु गिद्धराजको
दाह कृयाहरू गर्नु भएथ्यो त्यो भनेर पो
६३७

कबन्धलाई मारेर जसरी शवरी कन
सत्गति दिनुभो त्यो सब् हालको पनि वर्णन
गरेर अनि ता फेरि रामको विरहादिको
बयान गर्नु भो जस्तो त्यो भनीकन फेरि जो
६३८

जसरी पुग्नुभो पम्पा तीरमा त्यो भनीकन
नारद रामको सारा संवाद गरि वर्णन
पवन पुत्रको भेट मीत सुग्रीव साथमा
बालिको प्राणको नाश भने हाल सबै तहाँ
६३९

राजतिलक सुग्रीव्को गराएर जसो गरी
प्रवर्षण गिरि भित्र राजा भो प्रभु जे गरी
त्यो वृतान्त भनी सारा अनि श्री रामचन्द्रले
वयान गर्नु भो बर्षा शरद्को जुन रीतले
६४०

अनि श्रीरामको क्रोध डर वानरको पनि
त्यो वृतान्त भने सारा भुसुण्डिले तहाँ अनि
जसरी वानरैलाई पठाए सुग्रीवैजीले
जानकीलाई खोजेर जसरी वानरादीले
६४१

हिडेथे त्यो सबै हाल भनीकन अनि पछि
जसरी वानरै वीर्ले गुफाभित्र पसेर की
फलफूलहरू खाए त्यो वयान गरीकन
संपातिलाई भेटेथे जसरी कपि गैकन
६४२

बताए त्यो पनि हाल अनि वायु कुमारले
नाघे अपारको सिन्धु त्यो कुरा सब् भनेर रे
गरी प्रवेश लंकामा जसरी जानकी कन
बघाए धीरजै त्यो सब् भने विस्तारले भन
६४३

उजाडे जसरी वाग अनि श्री हनुमानले
बुझाए रावणैलाई जसरी सब् भनेर रे
जलाए जसरी लंका नाघेर फेरि सागर
आई कपिहरू सारा जम्मा सब भएर त
६४४

नगीचै जसरी आए रामको खुसी भै सब
कुशल हाल त्यो सारा सीताको पनि ता तब
सुनाए वायुपुत्रले अनि जसरी रामजी
सेना सहित भै सिन्धु किनारामा पुगेर की
६४५

उत्रिनुभो किनारामा त्यो विस्तार पनि सब
भने भुसुण्डिले दुर्गे ! सर्पशत्रु कनै तब
आई विभिषणैजीले जसरी रघुनाथको
दर्शन् गरे भने सारा त्यो हाल पनि फेर जो
६४६

कायल सागरैलाई पारेर सागरैमहाँ
सेतुवन्धन गरी सारा कपि सैन्य पलै महाँ
पुगेथे जसरी पारी जसरी श्रेष्ठ वीर ती-
-वालि पुत्र दुतै बन्दै गए नगरी भित्र की
६४७

त्यो वृतान्त भने सारा अनि राक्षसहेरूको
विविध थरिको युद्ध भने वानर भालुको
वर्णन् गरे अनि कुम्भकर्ण औ मेघनादको
बल पौरूष औ फेरि बधको हाल नै छ जो
६४८

विविध थरिले रणमा मरेका राक्षसै अनि
राम रावणको युद्ध भएको हाल जो छ नि
वर्णन् गरे अनि फेरि रावण वधको पनि
रानी मन्दोदरीको त्यो विरह औ विलाप नि
६४९

तिलक् विभिषणैको र देवको शोक नाश त्यो
मिलन राम सीताको भने विस्तार साथ जो
गरेको देवले राम स्तुति त्यो कर जोरदै
चढी पुष्पकमा फेरि वानर वीर साथमै
६५०

कृपा सागर श्रीराम फर्केको अवधै तिर
भने वृतान्त त्यो सारा विस्तार साथमा फिर
आफ्नो नगरीमा पाल्नु भयो जसरी रामजी
त्यो सारा हाल औ निर्मल् चरित्रको अनिपछि
६५१

भने भुसुण्डिले सारा राम राज्याभिषेक र
पुरीको स्थिति त्यो सारा राजनीती अनेक र
बयान त्यो गरे सारा शैलजे ! तिमी साथमा
जो कथा प्रथम मैले भनेको हुँ सबै यहाँ
६५२

भनेको हो प्रिया !सारा कथा त्यो कागले अनि
सुने पछि सबै राम लीला हर्ष भएर नि
उत्साह युक्तभै मन्मा ती पक्षिराजले अनि
भन्न लागे तहाँ दुर्गे ! यस्ता तरहले पनि
६५३

काग कुलतिलक् ! मेरो सन्देह सब नाश भो
मिठो चरित्र त्यों सारा सुने श्री रघुनाथको
लाग्यो प्रेम भगवान रामको पाउमा पनि
अनुग्रह भएको हो यो ता हजूरकै अनि
६५४
युद्धमा रामजीलाई बाँधेको नागपाशले
देख्ता 'चैतन्य आनन्द सर्वज्ञ भगवान रे
रामजी कुनकारणले व्याकुल् भैकन ता अहो!
अचेत हुनुभो दुःखी ' भन्ने आज मलाई यो
६५५
ठूलो सन्देह लागेको त्यस बखतमा थियो
मामुली नरको जस्तो देख्दा लीला विचारी त्यो
मेरो हृदयमा ठूलो भयो सन्देह नै पनि
हितकारी बुझें मैले त्यो सन्देह कनै अनि
६५६
कृपाको राशी रामैले ममथि करूणा गरी
अनुग्रह ठूलो गर्नु भएको रे छ त्यो घरी
अति नै व्याकुल हुन्छ जो प्राणि पोली घामले
रूख्को छहारीको सुख्खलाई जान्दछ तेसले
६५७
यदि त्यस बखत् मोह नहुंदो हो मलाई ता
हजूरका सँगमा भेट किन गर्दो हुँ लौ म ता
हजूरलेनै गरेको यो अति सुन्दर बर्णन
विचित्रको हरिलीला सुन्दो हुँ कसरी भन ?
६५८
यहि नै मत हो शास्त्र पुराण वेदको पनि
यहि नै भन्दछन् सिद्ध मुनिहेरू सबै अनि
यस्मा सन्देहनै छैन जस्का उपर रामजी
दया गरी कृपा दृष्टि दिनु हुन्छ सदैव की
६५९
पाउँछ त्यसलेनै ता सच्चा साधु र संत ता
पाएँ हजूरको दर्शन् कृपाले रघुनाथका
प्रभुको करूणालेनै मेरो सन्देह सब् गयो
विनय प्रेमले युक्त भएको यो गरूड्को
६६०
सुन्दा वचन यो सारा भुसुण्डि हृदयैमहा
भए अत्यन्तै हर्ष तिनका हृदयपद्ममा
प्रेमाश्रु पूर्णभो -गाथ - रोमाञ्च पूर्णभो अनि
परमानन्दमा मग्न भए सम्भि प्रभु पनि
६६१

सच्चा संतहरू बुद्धिमान सुशील औ अनि
हरि चरित्रमा प्रेमी हरिका भक्तनै पनि
श्रोता पाए भने दुर्गे ! अत्यन्त गुढ गोप्य त
कुराकन पनि झट्टै गर्दछन् प्रकटै खुद
६६२
गरूडमाथि अत्यन्त प्रिति गरीकनै अनि
भुसुण्डिले भने झट्टै यो कुराहरू फेर नी
दयाको पात्र हो नाथ ! हजूरता रघुनाथको
मेरो पूज्य हुनुहुन्छ सबै तरहबाट जो
६६३
हजूरलाई न ता मोह -थियो -मायाँ पनि न ता
दया गुर्न भएको हो यस्तो खाली ममाथि ता
मोहको यो बाहानाले हजूरलाई त रामले
यहाँ पठाउनुभो र मलाई नाथ ! आज रे
६६४
प्रतिष्ठा बक्सिएको हो ठूलो हे पक्षिराज ! यो
बताउनुभयो ऐले आफ्नो मोह समस्त जो
त्यो कुरामा पनि केहि आश्चर्य छैन हे प्रभो !
ठूला ठूला पनि भुल्छन् मायामा मोहभै अहो !
६६५
नारद शंकर ब्रम्हा सकनकादि मुनिश त
जो जो छन् कहलाएका आत्माज्ञानोपदेशक
ती मध्ये कुन् कतिलाई अन्धो पारेर मोहले
ढाकेको छैन ?औ फेरि जस्लाई कामदेवले
६६६
छैन पो ता नचाएको त्यस्तो को छ र लोकमा ?
पारेको छैन बौलाहा तृष्णाले कसलाई हा !
छैन रीस्ले डढाएको कस्को हृदयलाई ? रे
मदले मत्त पारेको छैन कुन् चाहिं प्राणि रें
६६७
यो लोकमा ज्ञानी तपस्वि औ अनि
पण्डित् गुणीदेव र वीर् कवि पनि
कुनचाहिने प्राणिकनै हरें ! यहाँ
गरने लोभ्ले र यहाँ विडम्वना
६६८
पारेको छैन कस्लाई कुटिल धनमादले
प्रभुत्वले त कस्लाई पारेन बहिरो ? हरे !
मृगनयनीको नैनवाणले जसलाई ता
पारकोछैन है घायल् त्यस्तोकोछ र फेरि ता
६६९

गुणले व्याप्त पारेको रोग त्यो सन्निपात ता
यो लोकमा त कस्लाई भएन फेरि ?तात हा !
छाड्यो नछोई कस्लाई मानका मदले ? हरे !
रन्काएन र कस्लाई मत्त यौवन अग्निले

६७०

मात्सार्यले त कस्लाई लगाएन कलंक रे
हल्लाएन र कस्लाई शोकरूपि हुरीले ? हरे !
डसेन फेरि कस्लाई चिन्ता रूपिणि सर्पले
छोपिने फेरि कस्लाई मायाले लोकमा हरे !

६७१

देहै रूपि काठमा जसको ता
मनोरथ रूपि कीरा ठूलो ता
लागेको ता छैन त्यंस्तो त धीर
प्राणी को हो यो जंगत्मा त विर ?

६७२

वित्तेषणाले सुत यी ईषणाले
लाकेषणा यी त्रय इषणाले
कस्को मतिलाई जगत् महाँ त
मलीन पारेन र. हेर आज

६७३

मायाको परिवार यो सब कुरा वीर अनन्तै अनि
दुष्पारै छ बताई यो सब हरे ! को हुन्छ लौ पार नी?
डर्दाछन् शिव औ विरञ्चि पनि ता जोदेखि ता चित्तमा
छन् त्यस्ता अरू जीवहेरू बबुरा कुनचाहिने गिन्तिमा

६७४

साहै तीब्र चटक् जगत् भरिमहाँ माया महारानीको
व्याप्तै भैकन त्यो रहन्छ जगमा सेनापति फेरि जो
काम क्रोध र लोभ यी तीन थरिछन् फेरि त्यो फौजको
छन् योद्धाहरू दंभ औ छल कपट् पाखण्डका घेर जो

६७५

दासि हुन् रघुनाथकी तिनी माहामाया माहारानी ता
सत्यै होइन यद्यपि ती बुझ्दा हुन् है झुटा सब् ति ता
किन्तुकि करूणा नभै प्रभुजीको ती छुट्दइनन् हरे !
हे नाथ् ! भन्दछु योकुरा म त यहाँ प्रण् पूर्वकै सत्य रे

६७६

जुन् माया सबलोकहेरूकन ता नचाउँ छे हर्दम
रति छैन चरित्र ज्ञान जसको कस्ले पनि जानन
त्यै माया नटिझैं भएर प्रभुका भूका विलासादिले
नाच्दैछ परिवारले सहित भै नित्यै झुकि शिर रे

६७७

राम जन्म रहित् व्याप्त सच्चिदानन्द व्यापक
अखण्डानन्द विज्ञानरूप निर्गुण औ अज
अविनाशी अनि पूर्ण समदर्शी अचिन्त्य र
शक्तिशालि तथा निर्गुण् अजित नित्य निर्मल

६७८

अनिर्बचनीय सुन्दर सुखरूप मनोहर
निर्विकारी र निर्मोहि निष्पृह अनि निष्कृय
निर्द्वन्द अनि सर्वज्ञ मयातित र चिन्मय
भक्तनुग्रहकारी औ करूणा मूर्ति निर्भय

६७९

हुनुहुन्छ रघुनाथ प्रभुको निम्तिमा अनि
मोहको कारणै छैन कहिँ सूर्य नगीच् पनि
रहला र तम फेरि ?हे पक्षिश्वर ! नाथ रे !
भक्त रक्षणका निम्ति उनै श्री भगवानले

६८०

राजाधिराजको रूप धरेर जगतैमहाँ
प्राकृत मानिसको झै पवित्र चरितै यहाँ
गरेको रामले हो है बुझ्नुहोस प्रभो ! अनि
अनेक थरिको रूप धरेर नटले पनि

६८१

नृत्य गर्दछ र वस्छ जस्तो रूप लिएर ता
त्यहि सदृश नै सारा देखाउँछन् ति भाव ता
यथार्थमा नर त्यो ता होइन त्यो गरूड जी !
त्यस्तै छ रामको सारा लीला पनि अगम्य की

६८२

दैत्य औ राक्षसैलाई त्यो लीला मोह पारने
भक्तजनहरूलाई अति आनन्द गर्दिने
जो मलिन् मति छन् कामि बिषय लम्पट सब
तिनै नीचहरू मात्रै राममा यसरी तब

६८३

मोहको गर्दछन् नित्य आरोपण जगत्महाँ
जब ता नेत्र दोष हुन्छ कोहिलाई लोकमा
तब भन्दछ त्यो ब्यक्ति पीत वर्ण शशिकन
दिशा भ्रम जसै हुन्छ जसलाई भुलीकन

६८४

उदाए सूर्य पश्चिमा भन्दछ तब त्यो अनि
चल्दो नाऊहरू मथि चढेका मानिसै पनि
मोहवश् भई सारा किनाराका चिजै कन्
चल्ने औ आफूलाईनै देख्दछन् स्थिर ती भन

६८५

वरि परि घुमि बालक् हरूता खेल्दछन् जब
घरहरू घुम्यो सारा भन्दछन् तिनी ता तब
आफू मोहवशै पर्दा मिथ्या वादिहरू सब
ठान्दछन् मोहको वशमा भएको रामनै तब
६८६

यस्तै हो मोह ता सारा राम विषयमा पनि
अज्ञानका ठूला यस्तै प्रशंगहरूता अनि
हुन सक्तैन स्वप्नामा पनि श्री भगवानमा
चैतन्य विश्वका आत्मा निराका र ती छन् यहाँ
६८७

विषयारक्त भै नित्य डुबेर भोगमा पनि
मायाको वश पर्नाले मन्द बुद्धि भएर नि
अभागी नै भएकाछन् जस्का हृदयमा सदा
अज्ञानको छ लागेको पर्दा विविध भाँति ता
६८८

हट् गरेर तिनै मूढ यस्तो संशय गर्दछन्
राममाथि लगी सारा आपन्ना अज्ञान धर्दछन्
आशक्तछन सदा जो ता काम क्रोध र लोभमा
असक्त भै परेका छन् घरका परिपञ्चमा
६८९

तम कूपमा परेका ति मूढहेरू प्रभुकन
कसरी जान्दछन् पामर् अधम नीच ती जन
बरू निर्गुण को रूप सुलभ् छ प्रभुको अति
तर सगुण रूप्लाई बुझ्दैनन् कोहि जन् कति
६९०

ना ना थरीका सुगमै अगम्का
चरित्र सुन्दा अति अद्भुतै अहा !
मुनिहरूको मनमा पनि सदा
भ्रमै हुने फेरि ठूलो यदा कदा
६९१

सुन्नुहओस अझै प्रभाव गरूडजी ! राजा रघुनाथको
जाने सम्म म भन्दछु सब कथा विस्तारका साथ जो
भएथ्यो जुनरीतले म कन ता मोहै सबै त्यो पनि
ऐले नै म सुनाउँछू हजूरमा वृतान्त सारा अनि
६९२

कृपा पात्र हुनुहुन्छ हजूर रघुनाथको
हजुर्को प्रेम छ राम गुणमा ता अपारको
आनन्द बक्सिएकोछ मलाई पनि चित्तमा
तसर्थ हजुरै साथ कुरा केहि पनि यहाँ
६९३

छिपाउन्न महाराज ! परम् गोप्य मनोहर
रहस्यको म ता गर्छु प्रेम्ले वर्णन सुन्दर
सुन्नुहोस प्रभुजीको स्वाभाविक स्वभाव त
राख्नुहुन्न अभिमान कोहि जन सित राम त
६९४

जगको मूलकारण हुन् अभिमानहरू पनि
विविध थरिका दुःख दिन्छ यस्ले सदा अनि
सम्पूर्ण शोक् दायक् छ तसर्थ करूणा निधि
गर्नु हुन्छ अभिमानलाई दूर सबै विधि
६९५

रहन्छ ममता ठूलो रामको सेवकै महाँ
अवोध बालकैलाई स्वामी ! जसरी देहमा
घाउ आयो भने निष्ठूर् सरि भै जननी पनि
चिराउँछे लगी चाडो खटिरालाई ता अनि
६९६

यद्यपि बालक पैले अति नै दुःख पाउँछ
रून्छ अधीर भै पैले हाहाकार गरेर त
तथापि ब्रणको रोग नष्ट गर्न निमित्तमा
शिशुको त्यो पीडालाई आमाले हृदयै महाँ
६९७

केहि मान्दिन त्येहि झैं गरेर निज भक्तको
हित्का निमित्त श्रीराम गर्वलाई पनि छ जो
हरण गर्दिनु हुन्छ त्यस्ता श्रीरामलाई ता
भ्रान्ति छाडेर भज्दैनन् किन हो जन ?हाय!ता
६९८

आफनी मूर्खताको र करूणा रघुनाथको
बयान गर्दछु ऐले पक्षिराज ! समस्त यो
सुन्नुहोस दिई चित्त भन्दछु सत्य वात यो
अपूर्व र अनौठाको गूढ लीला छ रामको
६९९

जैले जैले रामजी मानिसैको
देहै धारण् ता गरी भक्तजनको
निम्ति गर्नु हुन्छ लीला अनेक
सौख्य दायी शान्त औ फेर उदेक
७००

तैले तैले त्यो अवधमा त जाई
श्रीराम्जीको बाल क्रिडादिलाई
हेरी हेरी हर्षितै हुन्छु मन्मा
वर्णन् गर्नै सक्छ को सौख्य छिन्मा
७०१

जन्म महोत्सवै हेर्छु त्यहि गएर रामको
हेर्नलाई शिशु लीला लुब्ध भईकनै म जो
पाँच बर्ष त्यहि बस्छु लीला हेरेर रामको
बालमूर्ति रघुनाथ मेरा श्री इष्टदेव हो
७०२

प्रभुको शरीरैमहा शत करोड कामको
शोभा रहन्छ कान्तिले फिका गर्दछ चन्द्र जो
आफ्ना प्रभुजीको हेरी हेरी कन मुहार त्यो
गर्दछु नयनैलाई सफल् हे गरूड ! म जो
७०३

लिएर कागको सानो रूप म पनि ता अहो !
रहरै प्रभुका साथै विविध भाँति साथ जो
बाल लीलाहरू सारा हेर्दछु अति प्रेमले
बाल स्वभावले राम जाहिँ ताहिँ हिडेर रे
७०४

डुल् फिर् गरनु हुन्छ ताँहि ताँहि नगीच नि
उडेर म पनि हिड्छु रामको साथ साथ नि
खसेको हुन्छ आंगनमा जूठो चीज प्रभुजीको
अतिव प्रेमले खान्छु उठाईकन तेहि पो
७०५

बाल चरित्र गर्नुभो एक् फेरा प्रभुले तब
सम्झिए बाल लीला त्यो यति भन्दै महा सब
रामका ती लीला मन्मा सम्झिदा खेरीमा अनि
गद् गद् भो शरीरै तिन्को भई रोमाञ्च धेर नि
७०६

भन्न लागे अनि फेरि काकभुसुण्डिले सब
सेवक सुखका दाता रामको यो चरित्र त
सुन्नुहोस् पक्षिका राजा ! राजा श्री दशरथ्जीको
थियो सुन्दर दर्वार ना ना विविध भाँतिको
७०७

मणि औ रत्नले सारा सुशोभित अतिवको
सुवर्णमय अद्भुत सुन्दर औ विचित्रको
सकिन्न वर्णन गर्न राम्रा आगनको सब
खेल्नुहुन्थ्यो जहाँ नाथ चारै भाई भएर त
७०८

आगन्मा बालको लीला गर्दै श्रीरघुनाथले
विचरण् गर्न लागेको बेलामा ता अखण्ड रे
आनन्दित् पारनु हुन्थ्यो जननीहरूलाई ता
भनेर साध्यनै छैन ति सुख्खहरू फेरि ता
७०९

पन्नाको रंग भएको मृदुल शरीरको अग प्रत्यंगमहाँ
शोभा थियो अनेकौ मनसिजहरूको सौम्य सुन्दर् त जाहां
कोमल् पाउ नविनै रगत कमल फै रक्त थिए अनि त
पाउको सुन्दरै नख् शशि किरणकनै गर्दथे माथ् पनि ता
७१०

सुन्दर पैतलीका ध्वज कमल अनि बज्र अड्ंकुश रेखा
आदि त्यस्तै चरणमा मधुर स्वर गरी पाउजेब्नै बसेका
मणिजडित राम्रो कनक कमरका पेटिले कम्बरैमा
बज्दो भो मृदु स्वर्ले कलि कलुषहरू सब् भगाएर ताहाँ
७११

पेटमा रामजीको त्रिबलि अनुपम सुन्दरको थियो है
नाभि राम्रो गहिरो भुमरी सरी थियो नदिका बीचकोनै
विशाल छातिमाथि विविध तरहका शिशुले पैह्रने जो
थियो शोभित नाना मणिमय गहना बस्त्रले सुन्दर पो
७१२

राता थिए हथेलि मणिमय अनुपम् नख् थियो बाहुलीको
बाहुलामा थिए जो विविध भूषणले भै सुशोभित् अनि पो
सिहैका बाल जस्तै गरदन प्रभुकोथ्यो अति सुन्दरको
शंखैझैं तीन रेखा परिकन अनुपम् घाँ टि राम्रो थियो जो
७१३

च्यूडो सुन्दर आनन् पनि त प्रभुको थ्यो छविको सिमाझैं
तोते बोलि र लालै मणि सरी प्रभुको ओठ लालै थियो है
साना राम्रा र सेता दुई दुई तल औ माथि दातै थिए है
कोमल् औ पुष्ट गाला निल र गजवका लाललालै थिए है
७१४

हासेथ्यो चन्द्रमाको किरण सरी शितल् चित्त आल्हाद गर्ने
संसारी दु:ख मोचन् नील कमल सरी नेत्रले ताप हर्ने
सुन्दर् भै नाक चुच्चे गजब अतिथियो पुष्ट निधारमा जो
टीका गोरोचनैको शशि सरी हुनगै चम्किइन्थ्यो सफा त्यो
७१५

आखिभौ फेर् मदन्को धनुसरी अनुपम्बक्र सुन्दरथियो जो
दोटैकानै सिपीका सरी रघुपतिको सुन्दरै ब स् थियो जो
काला मेघै सरिका छवि फिजी रहने घुड्ंगुर केश् थिए जो
पहेलो रेशमीको अति कमनिय जो त्यो शरीर्मा पनि जो
७१६

अँगर्खा सुशोभित् थियो पैह्रिएको
प्रभुको हँसाई र हेराईले जो
हरण् गर्दथ्यो चित्तलाई सदा रे
रहन्थे भुली मगन मस्तै म ता रे
७१७

रूपका सीमा भएका रघुवीर नृपति श्री दशरथजीको
आगनृमा खेल्नुहुन्थ्यो अनि पछि मणि औ रत्नकामाथिताजो
देखि आफ्नो अनुपम् प्रतिरूप कन ता नाच्नु हुन् थ्यो खुसीले
खेल्नु हुन्थ्यो म साथै बसि रघुपति जो भाँतिभाँतिलेकति रे
७१८

ती सब्को वर्णनै गर्दा मलाई लाज लाग्दछ
गरूड ! रामको लीला अगम औ अपार छ
मलाई पकडनै हाँस्तै जब श्री रघुनाथजी
आँगनमा दौडिनु हुन्थ्यो अनि म भाग्दथें अघि
७१९

पाउ छुन भनी फेरि पुग्दथे नगिच जब
हेर्दै पछि पछि फर्कि फर्कि राम पनि तब
भाग्नु हुन्थ्यो डराएझैं भई व्याकुल भै अहा !
आगनमा शिशुको जस्तै लीला देखि समस्त ता
७२०

'आनन्द सुख चैतन्यहरूको पूर्ण रामले
के चरित्र गरेको यो होला यस बखत् ह रे ? '
यस्तो मोह भयो मन्मा मलाई त्यो बखत् महाँ
सम्झने बित्तिकै यस्तो कुरा हृदयभित्र मा
७२१

भगवान् रामले प्रेरित् गरिएकी महामयी
मायाले त्यो बखत् झट्टै मलाई छोपि बेसरी
त्यो मायाले मलाई ता कुन अलिकति पनि
दिइन दुख्ख हे सर्प शत्रो ! त्यस बखत् त नि
७२२

अरू जीवहरूलाई जस्तै मकन तेसले
पारिन लोकको बन्धन् पनि तेस बखत रे
हे विष्णु वाहन ! नाथ ! यहाँ अरू कुनै थरी
कारण छ सुन्नुहोस् लौ त्यो सावधान मनै गरी
७२३

अखण्ड ज्ञान रूप् एक हुनुहुन्छ रघुवीर
अरू चराचर जीव छन् मायाधन् सब् फिर
यदि जिव पनि सारा अखण्ड ज्ञान एक् रस -
-रहुन् ता जीव ईश्वर्को हुन् थ्यो कसरी भेद त ?
७२४

महाराज हजुर्ले नै आज्ञा होस् न त यस् धरी
घमण्डि हुन्छ मायाधिन् हुनाले जीव बसरी
मायाधिन त यो छैन ईश त्रिगुणमयी त त्यो
मायानै ईश्वराधिन् छ फरक् ता मात्र यत्ति हो
७२५

परतन्त्र छ जीव् सारा इशवरै छ स्वतन्त्र ता
जीव अनन्त अपार - छन् -एक मात्र ईश ता
ईश्वर जीवको भेद मायाको नै उपादिले
भएको हो जगत्‌भित्र कुरा हो सत्य यहि रे
७२६

माया मिथ्या हुनालेनै झुटो हो भेद त्यो पनि
तथापि भेद त्यो फेरि बिना हरि कृपा पनि
गरेता पनि कोटि नै उपाय छुट्दैन है
यो विचार गरी मन्ले भज्नु पर्दछ राम नै
७२७

निर्वाणपद जो खोज्छन् बिना भजन रामको
भए पनि ति ता ज्ञानवान जगत भित्रको -
-पशु हुन् सिंड० औ पुच्छर नभएको विचार यो
हरि भजन् बिना छैन गति सब् प्राणि मात्र को
७२८

सोहै कला युक्त शशि अनि सबै
नक्षत्र तारा ग्रहगण् पनि सबै
एकै बखत ढाकि अकाशलाई ता
यदि उदाउन् चमकेर माथि ता
७२९

लगाइयोस दावाग्नि सारा पर्वत वन्महाँ
तापनि रात्री जादैन बिना सूर्य जगत् महाँ
पक्षिराज यहि रित्ले भगवान् रघुनाथको
भजन विनु मिट्दैन क्लेश सकल जीवको
७३०

छोपदैन अविद्याले हरि सेवकलाई त
तेस्ता हरि भजन् गर्ने भक्तजन्हरूलाई त
हरि प्रेरित् गरिएकी विद्याले ढाक्दछे अनि
हुदैन दासको नाश त्यसै कारणले पनि
७३१

बढ्दै जान्छ जगत्‌भित्र भेद् भक्ति सब दासको
हट्दछ तिनको मोह बिषयैको प्रपञ्च यो
अँ अनि सुन्नुहोस् नाथ ! भगवान् रामले जब
मलाई भ्रान्तिले छक्क परेको देख्नुभो तब
७३२

हे स्वामी !हाँस्नुभो राम अनि बिशेष के भयो
सुन्नुहोस् पक्षिकानाथ ! फेरि भन्दछु आज यो
त्यसको वातको मर्म प्रभुका भाई औ अनि
मातापिता सखा बन्धु जानेनन् कोहिले पनि
७३३

श्याम गाथ चरण् हात लाल लाल हुने ती जो
प्रभु सुन्दर बालक्ले समात्नै त मलाई पो
घुँडा औ हात टेकेर घस्त्रि दौडनुभो अहा !
अनि भागेर हे नाथ ! म पनि दौडिएँ कता
७३४

पसार्नुभयो भुजा आफ्नो मलाई पक्रिनै भनी
भागे गगनमा उड्दै म पनि माथिसम्म नी
आफ्नै नगीचमा देखथे रामको हात त्यो घरी
पछाडी फर्किइ हेर्दै उडेर अनि बेसरी
७३५

म गएँ ब्रम्हलोक् सम्मै तात ! व्याकुल् भई तहाँ
रामको हात औ मेरो अन्तर् तेस् बखतै महाँ
थियो है दुई अम्लाको जम्बा फरक ता अनि
म पनि दौडिए डर्ले त्यो देखिपरनै पनि
७३६

सप्ताबरण भैदेर मेरो पहुचनै पनि
जहाँसम्म थियो नाथ ! उडेर त्यहि सम्म नि
म गएँ डरले फेरि देख्दथे हात रामको
अनि ता आत्तिई मन्मा खूब् व्याकुल् भएर पो
७३७

डराएर जसै आँखा चिम्लेर हेर्छु फेर त
आफूलाई अयोध्यामै पुगेको देख्छु ए म त
हाँस्न लाग्नु भयो राम मलाई देखदा अनि
प्रभुले हाँसदाखेरी तुरुन्तै. म त फेर नि
७३८

रामको मुखमा पस्न गएछु झट्ट नै अहो !
सुन्नुहोस् पक्षीकानाथ ! अति अद्भुत बात यो
रामको पेटमा देखे अनेक अद्भुतै अति
ब्रम्हाण्ड पिण्डका थुप्राहरू धेरै विचित्रकी
७३९

प्रत्येक ब्रम्हाण्डमा चित्र विचित्र लोकनै थिए
एकभन्दा बढता अर्को अनौठा रचना थिए
करोडौ विधि औ फेरि क रोडौ शशिशेखर
नक्षत्र गण बेगन्ति बेगन्ति चन्द्र भास्कर
७४०

ती अगणित दिक्पाल अनन्त यमराज नै
काल पुरूष.. बेगन्ति विशाल भूमि पर्वतै
नदि असंख्य औ सिन्धु तलाउ ठूल्ठूला वन
मुनि औ संत -बेगन्ति - नाग औ किन्नर जन
७४१

इत्यादि रचना देखे सृष्टिको भाँति भाँति त्यो
चराचर् उद्‌भिज फेरि जरायुज स्वदजै ती जो
अण्डज चार जातिका देखे प्राणिहरू कन
चित्र विचित्र जो कैले देखेको थिइन जन-
७४२

देखेको र सुनेको ता थिइन जुन् कुरा पनि
अटाउँदैनथ्यो जे जुन् कुरा ता मनमा पनि
त्यो त्यो कुरा सबै देखे त्यो बेलामा विचित्रको
कुन प्रकारले वर्णन् गरौ म अब तेसको
७४३

एक् एक् ब्रम्हाण्डकाभित्र सौ सौ बर्ष बसे म ता
हेर्दै अनेक ब्रम्हाण्ड घुमे आठै प्रहर् म ता
अपूर्वका अति अद्‌भुत् देखे चीज अपार जो
विभिन्न लोक औ भाँति भाँतका लोकपाल पो
७४४

ब्रम्हाण्ड ब्रम्हाण्ड पिछे अनेक ति
फरक भिन्दै शिव विष्णु ता कति
थिए चतुरानन भाँति भाँतिका
थिए मनूहेरू विभिन्न ताँति ता
७४५

दिग्पाल देखें सब भिन्न भिन्न नै
वेताल गन्धर्व मनुष्य भूत नै
निशाचरै किन्नर पक्षि औ पशु
द्यौता अनि दानव सर्प औ वसु
७४६

विविध जातका धेरै जीव देखें अनेक जो
तिनी सारा थिए भिन्दा भिन्दै लोक पिछे अहो !
वसुधा सागर - धेरै - तलाऊ नदि पर्वत
भिन्दा भिन्दै थिए सारा प्रपञ्चहरू सर्वत
७४७

प्रत्येक ब्रम्हाण्डमा देखे आफ्नै रूप पनि अहो !
अनेक थरिका देखे नौला चीज समस्त पो
भिन्दा भिन्दै अवध् देखें प्रत्येक ब्रम्हाण्ड भित्रमा
नरनारीहरू भिन्दा भिन्दै सरयू नै तहाँ
७४८

हे तात ! सुन्नुहोस् फेरि राजा दशरथैं अनि
भरत आदि भाई र कौशल्यादि मुमा पनि
भिन्दा भिन्दै सबै देखें यिनीहेरू समेत नै
अपारद् भूतको तेस्तो भन्ने पनि सकिन्न है
७४९

प्रत्येक ब्रम्हाण्डममा फेरि रामको अवतारको
शिशु लीलाहरू देखें अपार र विचित्रको
हे विष्णुवाहन ! मैले प्रत्येक ब्रम्हाण्ड भित्र मै
देखें अनुपमा चीज भिन्दा भिन्दै समस्त नै

७५०

वेगन्ति भुवनै भित्र घुमे बर्षौं भरि म ता
रामजीलाइ देखिनँ मैले अर्को स्वरूपका
बाल्यपना थियो सोहि रामजीका मुहारमा
दयालु ता उहि शोभा सोम्यता उहि गाथमा

७५१

मोहरूपि हुरीले नै हुत्याएर मलाई ता
घुमे समस्त ब्रम्हाण्ड हेर्दै जो भाँति भाँतिका
अनेक ब्रम्हाण्डमा घुम्दा मैले त्यो घरीमा अनि
शत कल्पहरू मनौं वित्यो होला त्यहा ँ पनि

७५२

घुम्दा घुम्दै आई पुगे म फेर
आफ्नो यहि आश्रमैमा बसेर
घेरै काल नै विताएँ अनि ता
आफ्ना प्यारा रामजीको पनि ता

७५३

अयोध्यामा जन्म फेरी भएको
सुन्नै पाई यो खबर् प्रेमले पो
उठेर म दौडिएँ मग्न साथ
रोमाञ्चैले गद् गदै पारी गाथ

७५४

जस्ता रित्का भो पहिलो बयान
गरें मैले फेरि त्यस्तै समान
श्रीरामृजीका जन्म महोत्सवै त्यो
देखें सारा लाई त्यो उत्सवै पो

७५५

राम उदरमा मैले अद्भुत विविधै थरी
ब्रम्हाण्डहरू जे देखे तिनको वर्णनै गरी
सकिदैन महाराज ! थिए लायक देख्न त
देख्न पाएन्न ति चीज वीना राम कृपा न त

७५६

फेरि अबधमा जादाँ माया पति सुजान ती
देखे कृपाल श्रीरामलाई ताहिँ अनि पछि
घोरिदै गर्न लागें म बारंबार विचार नैं
मोहले व्याप्त पारेकि थियो मेरो मति सबै

७५७

मैले चीजहरू देखे अत्यन्त निर्मल जहाँ
खालि दुइ घडीमात्र बसेको म थिएँ तहाँ
थाके खूब अनि फेरि भयो मोह पनि अति
के भएर भयो यस्तो भनी छक्क परें कति

७५८

हे हरि बाहन ! व्याकुल देखेर म कनै अनि
कृपानिधान श्रीराम मुसुक्क हाँस्नुभो पनि
सुन्नुहोस् त हरिवाहन् ! तमाशा अनि फेर यो
हास्दामा भगवान् राम रामको मुखबाट पो

७५९

निस्किएँ बाहिरै झट्टै म ता म सँग रामजी
गर्न लाग्नु भयो फेरि उहि बालपना पछि
सम्झाउँथे मनैलाई म ता कोटि उपायले
मन्ले विश्राम पाएन हुँदा व्याकुल मोहले

७६०

त्यस्तो प्रभुत्व औ यस्तो चरित्र सम्झदा महाँ
रहेन देहको याद होश नै गुम भो तहाँ
निस्केन बोलि मुख्बाटै ढले जमिनमा यसै
पुकारा गर्न लागे म रामको मनभित्र नै

७६१

हे आर्त जनका त्राता ! त्राहि त्राहि परंधन
शरण पर्दछु नाथ ! पाउ माथि झुकिकन
मलाई प्रेमले व्याकुल भएको देखि रामले
रोक्नुभो निज मायाको प्रभुत्वलाई फेर रे

७६२

दिन दयाल स्वामीले अतिव करूणा गरी
आफ्नो करपद्म राख्नुभो मेरो शिरमाथि त्यो घरी
हर्नुभो दुःख सब् मेरो दिएर शान्ति चित्तमा
कृपा संदोह औ दास सुखद रामले त्यहाँ

७६३

मोह रहित पार्नूभो अनि झट्ट मलाई नै
रामको प्रभु ता सारा पैलेका सम्झिएर नै
मनमा अति नै ठूलो भयो हर्ष अखण्डको
देख्दामा प्रभुको सारा भक्तवत्सल ता अहो !

७६४

प्रिति झन् झन् बढ्यो मेरो रामको पाउपद्ममा
प्रेमाश्रुले परिपूर्ण भएर फेरि नेत्रमा
रोमाञ्चित भई सारा देह गद् गद् वाणिले
अनि स्तुस्ति गरे रामजीको विविध भाँतिले

७६५

प्रेम सहितले मेरो सुन्नु भो बचनै सब
मलीन दिन देख्नुभो यो दासलाई ता तब
रमाविलासले शान्ति सुख दायक गम्भिर
वचनै बोल्नुभो एवं प्रकारले तहाँ फिर
७६६

अति प्रशन्न जानेर वत्स ! मलाई यो घरी
जो इच्छा छ सबै माग् त काग अब सबै थरी
अणिमा अधिमा आदि अष्ट सिद्धि र ऋद्धि नै
सकल सुखका खानी स्वरूप मोक्ष आदि नै
७६७

जस्लाई यो जान्दछ लोक खास
सारूण्य औ ज्ञान विराग साथ
विज्ञान औ फेरि विवेक सारा
हुन् मुख्य संसारीक चीज सारा
७६८

मुनिलाई पनि दुर्लभ भएका जति छन् गुण
दिन चाहन्छु त्यो सारा आज म खुसीले सुन
सन्देह छैन तिम्लाई जे मन् पर्दछ माग त्यो
सुनेर प्रभुको यस्तो वचनलाई ता अहो !
७६९

ज्यादै नै पो प्रेम पूर्णै भएर
गर्नै लागे तर्क मन्मा रमेर
मनन् गर्दै रामको वाणिलाई
गम्नै लागे चित्तमा खूब रमाई
७७०

'माग दिन्छु सुख सारा 'आज्ञाभो ता सहि छ त्यो
परन्तु आफनो भक्ति दिन्छु आज्ञा भएन पो
भक्तिले हीन जो होला अरू गुण र सौख्य ता
कस्ता हुन्छन् भने सर्प शत्रु ! सुन्नु हओस ता
७७१

अलिना नुनले हीन व्यञ्जनै सरि हुन् सब
भक्ति रहितको सौख्य हुन्छ के कामको अब?
गरी विचार यो मन्मा बोले स्वामी !तहाँ अनि
हे प्रभो ? यदि प्रशन्न भएर खुसीले पनि
७७२

मलाई बक्सनु हुन्छ यदि वर भने अब ?
कृपा स्नेह छ ता ! विन्ति गर्दछु पाउमा सब
माग्दछु वर हे स्वामी ! मन पर्ने म आज ता
अन्तर्यामी हुनुहुन्छ उदार हजूरै सदा
७७३

प्रशंसा गरिएको जो सब वेद पुराणले
हजूरकि अबिछिन्न शुद्धा भक्ति छ एक रे
ऋषि योगी मुनि सारा जस्लाई खोज्दछन् सदा
ती मध्ये पनि ता कोहि कसैले लोकमा कदा
७७४

प्रभु प्रसादले मात्र पाउँछन् दिन बान्धव !
भक्तकल्पतरो ! नाथ ! कृपासागर ! राघव !
सुखसदन !हे राम ! हे ब्रम्ह ! अज ! निर्गुण !
शरणागत हितकारी ! भक्तबत्सल् ! अनुपम !
७७५

दया गरेर हे नाथ ! मलाई प्रभुले अब
अनुपमा त्यहि आफ्नी भक्ति दिनु हओस् सब
सुनेर हे गरूड् ! मेरो पुकारहरू यो अनि
'एवमस्तु ' भनी आज्ञा गर्नुभो रामले पनि
७७६

परम् सुख दिने फेरि बोल्नुभो बचनै पनि
हे काग रहिछस् बाठो तँ ता अतिवको अनि
किन माग्दैनथिस् यस्तो पाउँदा वर फेरि जो
मागिस् तैले सर्व सुख्ख खानी स्वरूपि भक्ति पो
७७७

छैन जगतमा कोहि भाग्यवान ठूलो तँ झैं
रहिछस् धन्य तै लोक्मा हे बायस भलो अझैं
योग झैं जप पत् रूपि अग्निले शरीरै कन
जलाएर पनि कोटि यत्न गर्दा पनि झन
७७८

पाउँदैनन् जुनै भक्ति मुनिशहरूले यहाँ
मेरै प्रसादले मात्रै पाउँछन् काँहि लोकमा
मन् परेकि त्यहि भक्ति तैले मागिस् समस्त रे
तेरो चतुर ता देखि म भए अति हर्ष रे
७७९

मेरै प्रसादले पक्षि सुन् अब ती समस्त नै
बस्नेछन् शुभ गुण् तेरो हृदयभित्र नित्य नै
वैराग्य ज्ञान औ भक्ति विज्ञान योग यो सबै
मेरो चरित्रका सारा बेग्ला बेग्लै रहस्य नै
७८०

जान्नेछन् भेद साराको अब तँ जगतैमहाँ
मेरो प्रसादले गर्दा साधनाको पनि यहाँ
पर्ने छैन दु:खै गर्नु तँलाई अब ता कुनै
माया जनितका सारा भ्रमहरूले पनि कुनै
७८१

तंलाई अब हे काग ! छोप्ने छैन जगत्माहा
अनादि जन्मले हिन निर्गुण औ अनुपमा
गुण पूर्ण परब्रम्ह सम्झेस् अब मलाई ता
तँलाई भन्दछु आज भुसुण्डि ! सुन यो म ता
७८२

मलाई सुजन भक्त प्यारा छन् प्राणका सरी
यो विचार गरी मेरो पाउमानै सधै भरी
मन कर्म र वाणिले अचल् प्रेम गर अब
तँलाई भन्दछु आज पक्षिराज ! म ता सब
७८३

सत्य सुगम औ फेरि पुराण वेद शास्त्रले
बयान गरीएकी ती परम् निर्मल शुद्ध रे
मेरो वचन सुन् काग आफ्नो सिद्धान्त यो सब
तँलाई भन्दछु सारा विस्तार् पूर्वकनै अब
७८४

सुनेर राखनु मन्मा नबिर्सि कहिल्यै पनि
नित्य गर्नु भजन् मेरै सबै छाडेर काज नि
प्रकट् भो यो जगत् मेरो मायाबाट समस्त यो
तसर्थ जगका सारा विविध थरीका छ जो
७८५

चराचर् जीवहरू प्यारा छन् मेरा हृदयै महाँ
सारा पैदा गरेको ता मैले नै हुन् जगत् महाँ
तर ति सबमा बर्ता मलाई मन पर्छ जो
मनुष्य र तिनै मानै पनि ब्राम्हण वर्ग भो
७८६

विप्रमा वेदवेत्ता औ वेद जान्नेमा पनि अझ
वैदिक धरमै धारी तिनमा पनि सम्झ त
विरक्त तिनमा ज्ञानी ज्ञानीमा पनि फेर त
विज्ञानीहरू मैलाई मन् पर्दछ विचार त
७८७

ती भन्दा पनि ता बढ्ता मेरा भक्तहरू सब
मेरा अधिक प्यारा छन् भनेर जान लौ अब
जस्को आधार मेरो छ आसा छैन कुनै अरू
ती मेरा परम प्यारा नहुन् किन भने बरू ?
७८८

सत्य भन्दछु हे काग ! बारंबार तँ साथमा
भक्ति झै प्रिय चीज् मेरो केहि छैन जगतमा
ब्रम्हानै होस्न त्यो फेरि भक्ति हीन छ ता भने
म हुँ तेस्लाई ता फेरि भुसुना सरी सम्झने
७८९

नीच भए पनि फेरि भक्ति नै छ भने जन
मेरो प्राण सरि प्यारो छ त्यो बुझ्तै गुनी कन
यस्तै स्वभाव छ मेरो जान यो सत्य हो भनी
संशयै नगरे कैले यस्मा तर्क गरेर नि
७९०

शुद्ध शुसील सद्बुद्धि भएका सेवकहरू
मन पर्दैन कस्लाई भनन तिमी नै बरू ?
यहि नै भन्दछ वेद पुराण हरूले पनि
नीती पनि यहि हो है चलेको जगमा अनि
७९१

एउटै बाबुका भिन्दा भिन्दै शील गुणै अनि
आचरण भएका जो हुन्छन् पुत्रहरू पनि
अनि तिनीहरू मध्ये कोहि पण्डित औ कुनै
तपस्वि ज्ञानी औ कोहि धनी मानिहरू कुनै
७९२

कोहि शुर कुनै दानी कोहि सर्वज्ञ औ अनि
कोहि ता धार्मिकै हुन्छन् दयालु सज्जनै पनि
कोहि ता मनसा वाचा कर्मणाले सधै भरी
हुन्छन् है बाबुकै भक्त प्रेम गर्ने ममता गरी
७९३

स्वप्नमा पनि जान्दैनन् अर्को धरम ता हरे !
गर्दछ बाबुकै सेवा छाया जस्तै भएर रे
अनि त्येहि सुत चाहि यद्यपि ज्ञानवान र
गुणज्ञ पण्डितै छैन तापनि सबमा तर
७९४

बाबुको प्राण झै प्यारो हुन्छ यो जगतै महाँ
एवं प्रकारले फेरि समस्त तीन लोकमा
देवता मानिस प्राणी लगायत चराचर
जति छन् जीव औ जन्तु सबै माथि बराबर
७९५

मेरो दया छ मैले नै संसार सब लोक यो
प्रकट् सारा गरेको हो प्याराछन् सकलै अहो !
ती मध्ये पनि जो फेरि मद औ कपटै सबै
छाडेर मन औ कर्म वाणिले म कनै सधै
७९६

निरन्तर , भज्दछन् मन्मा त्यो मानिस पुरूष र
नपुंसक होस वा फेरि स्त्रि या जो होस् चराचर
होस त्यो जड नै जन्तु बाल औ वृद्ध नै पनि
मूढ पण्डित औ वेश्या होस त्योअधमै अनि
७९७

जो कपट् भाव छाडेर मलाई भज्दछन् सधै
तेहि मेरो परम् प्यारो हुन्छ जगतमा अझैं
हे पक्षि ! भन्दछु सत्य तँलाई अब यो कुरा
शुद्ध भक्त प्रिय हुन्छ मेरो प्राण सरी पुरा
७९८

गरी विचार योमन्मा अरूको त्राश औ अनि
आशाहरू सबै छाडी मलाई भज्नु नित्य नि
तँलाई कालले कैल्यै पनि ता अब लोकमा
गरने छैन है व्याप्त गर्थ्यो विश्वास चित्तमा
७९९

सम्झना गरनू नित्यै मेरो स्वरूपको पनि
भन्ने श्रीरामको यस्तो मिठोवाणि सुनेर नि
अघाइनँ म ता पक्षिराज ! तेस बखतमा
ढाक्यो रोमाञ्चले गाथह र्ष भो अति चित्तमा
८००

जानेका छन् मनैले औ कानले सुख ती सब
वयान हुन सक्तैन रसनाबाट त्यों अब
प्रभु दर्शनको शोभा देखदा खेरिको सब
आनन्द परमानन्द जान्दछन् नेत्रले तब
८०१

तर ती विचरा आँखाहरू त्यो छविको सब
कसरी वर्णनै गर्न सक्तछन् र यहाँ अब ?
बोल्नेको शक्ति नै छैन ती नेत्रहरूका हरे !
बताऊँ कसरी मैले ती सुख्खैलाई आज रे
८०२

प्रभुले मलाई अनेकै रितिले
प्रवोधै गरी प्रेमले सुख दिई रे
अनि आफनो फेरि ना ना थरीको
लिला लाग्नुभो गर्न वालै सरीको
८०३

निरैले दुवै नेत्रलाई भरी ता
मुखै केहि रूखो सरीको गरी ता
अति भोक लागे सरी नै गरेर
नजर् गर्नु भो अम्बका तर्फ फेर
८०४

देख्नुभो र श्री मामता कौशल्या महारानीले
दौडिनुभो उठि हत्पत् गरेर अनि फेरि रे
मीठो वचन बोलेर भगवान् रामजीकन
अंकमाल गरी प्रेमूले काखमाथि लिइकन
८०५

पवित्र रामको लिला गाउदै अति प्रेमले
पिलाउनु भयो दूध खुसी भैकन हर्षले
जुन् सुख्ख निम्तिमा मंगल्दायक निलकण्ठले
अमडङ्गल् भेष धर्नुभो खुसी भै अति प्रेमले
८०६

त्यहि सुख्मा अयोध्याका नारी पुरूष ती सबै
थिए डुविरहेका ती नित्य नै अनि प्रेमी भै
सुमते खगका राजा तेस्तो अपार सौख्यको
स्वप्नामा मात्र एक् बाजि लव् लेष पाउनेछ जो
८०७

अनि ति सुजनै सारा ब्रम्हानन्द कनै पनि
सम्झिदैनन् मनै भित्र कौडिको तुल्यनै पनि
केहि काल अवधमा नै बसेर फेरि मै अनि
हेरें रामजीका मीठा सुन्दर् बाल लीला पनि
८०८

भक्तिको वर् ठूलो पाएँ रामजीका प्रसादले
रामको चरणैलाई वन्दना गरी प्रेमले
अत्यन्त हर्षले आएँ आफ्नो आश्रममा अनि
पाएँ सुख ठूलो मैले कृपाले रामको पनि
८०९

हे हरिबाहन ! जैले देखि श्री रघुनाथले
आत्मिय पार्नु भो आफ्नो मलाई अति प्रेमले
ढाकेकि छैन मायाले त्याहा देखि मलाई ता
रामको भजनै गर्दै बस्दछु नित्य यहि ता
८१०

जसरी हरिमायाले मलाई त्यो बखत् महाँ
नचाएकि थिई त्यो सब् गुप्त चरित्र ता यहाँ
मैले वर्णन् गरें ऐले हे हरि वाहन ! अब
सुन्नु होस म ता भन्छु आफ्नो अनुभवै सब
८११

बिना हरि भजन् दु :ख जादैन लोकमा कसै
रामकृपा विना राम प्रभुत्व जानिदैन है
नजानिकन प्रतित हुदैन मनमा अनि
प्रतितको विना प्रिति हुदैन राममा पनि
८१२

प्रिति बिना मजबूत हुदैन भक्तिको पनि
दृढ नभैकन भक्ति रहन्न स्थिर भै अनि
चिप्लोपनाछ है जस्तो जलको हे गरूड !अनि
तेस्तै छ प्रितिले हिन भक्तिको स्वरूपै पनि
८१३

विना गुरू कहिँ ज्ञान हुन सक्छ र लोकमा ?
विना वैराग्यले ज्ञान काहि अड्छ र चित्तमा
वेद पुराणले वर्णन् गर्दछन् की समस्त नै
हरिभक्ति बिना सुख्ख कुनै के पाउछन् कबै ?
८१४

स्वभाविकै सन्तोष विना नै
प्राणिले ता कुन् बखतमा यहाँ नै
पाउछ र नाथ विश्राम लोक्मा ?
भक्ति विना दुखले डुव्छ शोक्मा
८१५

कोटि कोटि यत्न धेरै गरेर
हत्ये हत्ये हालि यसै मरेर
इच्छा गर्दा के विना पानी बल्ले
पृथ्वी तल्मा नाउ चल्ला र कैल्यै ?
८१६

बिना सन्तोष कामनाको पनि ता
हुदैन है नाश लोक्मा अनि ता
छँदा छँदै कामना चित्त माहा
सपनामा पनि सुख् हुन्न याहाँ
८१७

बिना राम भजन् कैल्यै कामना मेटिइन्छ र ?
जमिन बिनु नै कैले के वृक्ष उभ्रिइन्छ र ?
हे स्वामी ! जसरी तेज विना रूप रहन्न है
तेस्तै पण्डित सेवाले बिना शील् पाइदेन है
८१८

बिना आत्म सुख के मन् स्थिर हुन्छ र लोकमा
के स्पर्श हुन्छ र हावा विना पनि शरीरमा ?
के कुनै हुन्छ र सिद्धि विना विश्वासले ? अनि
हरि भजन् विना नाश हुन्न भवभयै पनि
८१९

विज्ञान बिनु समता आउँला के मनमहा ?
विना आकाश के कोहि अवकाश् पाउला यहाँ
विना जल जगत्मा के रस रहन सक्छ र ?
के विना पण्डित सेवा शील स्वभाव मिल्छ र
८२०

श्रद्धा विना धर्म हुदैन जोर
पृथ्वी बिना पाउँछ गन्ध को र ?
तपै विना नै पनि तेज को के ?
होला र विस्तार सबै ? अहो ! रे
८२१

विश्वास विनु हुदैन भक्ति हृदयमा पनि
बिना भक्ति रघुनाथ पग्लनु हुन्न है अनि
रामकृपा बिना जीव्ले सपनामा पनि हरे !
पाउदैन कुनै केहि विश्राम शान्ति सुख्ख रे
८२२

धीरबुद्धे गरूड् ! यस्तो गरी विचार चित्तमा
कुतर्क संशयैलाई त्यागी निश्शेष नै यहाँ
सुन्दर सुखद रघुवीर श्री करूणाकर
भज्नुहोस् रमाएर रामैलाई निरन्तर
८२३

हे पक्षिराज ! हे स्वामी ! मैले आज समस्त यो
आफ्नो बुद्धि अनुसार प्रताप रघुनाथको
प्रभुत्व वर्णने सारा गरे विस्तार साथले
बनाएर कुनै केहि भनेको छैन भ्रूट रे
८२४

देखेको हुँ सबै मैले यो कुरा निज नेत्रले
रामको महिमा नाम रूप गुण चरित्र रे
अपार अतुल फेरि छन् अनन्त सबै कुरा
गरी बयान त्यो सारा पारको पाउला पुरा ?
८२५

आ -आफ्नो बुद्धिले मात्र गाउछन् मुनिले पनि
प्रेमले हरिकै लिला निरन्तर रमेर नि
बास्तव्मा गुणको सारा बयान गरि लोकमा
पार पाउन सक्तैनन् वेद शेष महेश ता
८२६

हजुर् लगायतै सारा भूसुना आदिका सब
पक्षिहरू नभैमाथि उड्दछन् खुसीले तब
अन्त्य ता नभको फेरि पाउदैन कुनै पनि
तेस्तै अनन्त अथाह माया छ रामको पनि
८२७

कहिले कोहिले अन्त्य पाउँला के र लोकमा ?
थाक्दछिन् शारदै सम्म नपाई पार चित्तमा
शतकरोड कन्दर्प सरि नै अति सुन्दर
हुनुहुन्छ रघुनाथ चित्त चोर मनोहर
८२८

अनन्तकोटि दुर्गाको समावेश सरी पनि
हुनुहुन्छ अरिमर्दन् बलवान र धीर नि
शतकोटि पुरन्दर्को फउज सरिनै अहो !
हुनुहुन्छ विलाषि औ भोगी श्री रघुनाथ जो
८२९

अनन्तकोटि नभका समाननै
अव्काशरूपि हुनुहुन्छ रामनै
सयौ करोड् मारूत तत्वको सरी
प्रवल् प्रतापि हुनुहुन्छ बेसरी
८३०

सयौ करोड् भाष्कर तुल्य नै पनि
प्रकाशमानै हुनुहुन्छ है अनि
सयौ करोडै शशिका समष्टि झै
शीतल् र सांसारिक ताप सृष्टिनै
८३१

शान्ति दिनेनै हुनुहुन्छ रामजी
कान्ति फिंजाएर अपूर्व धाम कि
सयौ करोडौ क्रुरकालको पनि
सैन्यै सरिनै अति दुर्गमै पनि
८३२

दुर्गम् दुतस्तर् दुराधर्ष दुरन्तर् हुनुहुन्छ है
नपाई जसको अन्त्य हार्खन्छिन् मनमा सबै
शत करोड अग्निको समाबेश समान नै
हुनुहुन्छ दुराधर्म भगवान् रामजी सधैं
८३३

शत करोड पाताल समष्टिको समान नै
हुनुहुन्छ भगवान रामजी गहिरो अझैं
शत्कोटि यम झै फेरि भीषण हुनुहुन्छ पो
करोडौ तीर्थ साराको समष्टि सरी रामको
८३४

नाम पवित्र औ पापहारी र सुखधाम छ
जस्मा श्रद्धा र विश्वास गर्नाले भय छुट्दछ
कोटि हिमालयै पर्वत्हरूका सरिनै पनि
स्थिर अचल् हुनुहुन्छ करूणाकर राम नि
८३५

शत्कोटि सागरै जस्तो गम्भिर हुनुहुन्छ है
अव्यक्त अनुपम् खास भगवान अगाध नै
करोडौ कामधेनूको समाबेश सरी पनि
कामना पूरकै सारा हुनुहुन्छ प्रभु पनि
८३६

अनन्त कोटिक सरस्वतिको
समष्टिको झै रघुनाथजीको
छ फेरि चातुर्य बडो अपार
भुल्छन् हजारौ नमिले र पार
८३७

कोटि बिरञ्चिका समष्टि झैं
श्री रामजीको छ समस्त सृष्टि नै
निपुणता कौशलता विचित्रको
भुलेर जस्मा जन हुन्छ चित्र पो
८३८

शयौ करोड् इश्वर विष्णुका सरी
पालन कर्ता हुनुहुन्छ बेसरी
शयौ करोड् रूद्र समानको पनि
संहार कर्ता हुनुहुन्छ है अनि
८३९

अनन्त कोटि धनद समान कै
ऐश्वर्यवानै हुनुहुन्छ राम नै
करोड मायाहरूका समानको
माया प्रविणै हुनुहुन्छ राम जो
८४०

शत करोड अनन्त समष्टि सरिनै पनि
भार धारण गर्नामा समर्थ हुनुहुन्छ नि
नि:सीम निरूपम् निर्गुण् अगोचर अपारको
प्रभुत्वमान औ फेरि सारा ब्रम्हाण्ड लोकको
८४१

अधिपति हुनुहुन्छ रघुनन्दन रामजी
निरूपाधि हुनुहुन्छ उपाधि छैन फेर कि
रामजी सरि नै राम् हुनुहुन्छ भनेर जो
वेद शास्त्रहरूले नै भनेका छन् सदैव पो
८४२

जसरी भास्करलाई करोडौ जुन्किरी सरी
हुनुहुन्छ रवि भन्दा प्रशंसा हुन्न यसरी
अत्यन्त नै अपमान हुन्छ झन सूर्यको अनि
तेस्तै छ रामजीलाई उपमा दिनु ता अनि
८४३

यस्ता नै रितिले फेरि मुनिश्वरहरू पनि
आफ्ना मति अनुसार आफ्ना नै भावले पनि
गर्दछन् रामका गुण्को नित्य नै ती बयान रे
अनुचितै भए नै ता पनि त्यो सब् पुकार रे
८४४

भक्त ग्राहि र अत्यन्त दयालु रघुनाथजी
त्यो बयान सुनी सारा मान्नु हुन्छ सुखै अति
अपार गुणको सिन्धु हुनुहुन्छ रघुवीर
प्रभुको अन्त्य संसार्मा पाउनै सक्छ कोही र ?
८४५

यो केहि जो सुनेको हुँ साधु औ संतबाट ता
तेहि ता हजूर्लाइ सुनाएँ सब आज ता
सुख निधान श्रीराम करूणाका भकारी जो
अधीन रहनु हुन्छ भक्तका भाव भक्तिको
८४६

पक्षिश्वर ममता फेरि मद मानहरू कन
छाडी निरन्तरै सोहि सीता पति प्रभुकन
भज्नुहोस मनै भित्र भन्ने काकभुसुण्डिको
सुनेर वचनै सारा पक्षिराज गरूड्जीको -
८४७

हर्षित हुन गो चित्त फुलाए पडंख ता अनि
भरियो नजरै तिन्को प्रेमका अश्रुले पनि
अति आनन्द भो मन्मा भयो सौख्य अपारको
राखे हृदयमा उन्ले प्रभावलाई रामको
८४८

पैलेको मोह सम्झेर 'अनादि ब्रम्हलाई नै
मानिस भनि ठाने हा ' भनेर तिनले नि है
पछूतो अति नै माने मनमा पनि ता अहो !
अनि काग चरण् माथि शिर् राखे बारबार पो
८४९

रामजी सरि सम्झेर उनलाई अति प्रेमले
फेरि शिर झुकाएर भन्न लागे गरूडले
ब्रम्हा औ शिवको तुल्यै छ भने पनि ता अनि
बिना गुरू भवसिन्धु कोहि सक्तैन तर्न नि
८५०

यो शंका रूपि सर्पले मकन ता थियो डसेको पनि
कूतर्कै रूपि दुखदायक ठूला विविध् थरीका पनि
पर्थे ति लहरीहरू हृदयमा छोपि बढैरै हरे !
भाँति भाँति दिएर कष्ट मनमा हर्दम् जलाएर रे
८५१

जन सुख्ख दायक रामले ता
हजूर रूपि गारूडीबाट रे ता
बचाउनूभो मलाई अहिले
मेरो रोग शोक सारा हरि रे
८५२

प्रसादले हजूर्को नै मोह नष्ट भयो सब
अनुपम् राम रहस्य मैले जाने सबै अब
अनेक थरिका तिन्को प्रशंसा गरी फेरि रे
प्रेमले हात जोडेर नम्र कोमल वाणिले
८५३

बोले शिर झुकाएर हे स्वामी ! हे प्रभो ! अब
आपन्नो अज्ञानले फेरि हजुर्का साथमा सब
सोद्धछु करूणा सिन्धो म माथि करूणा गरी
मलाई आफ्नो दास सम्झेर अब यो धरी
८५४

उत्तर दिनुहोस् प्रेम पूर्वक सब प्रश्नको
सदाचारी र तत्वज्ञ सद्बुद्धि सरवज्ञ जो
ज्ञान विज्ञान वैराग्य निवास सरूपि अनि
श्रीरामका प्रिय भक्त हुनुहुन्छ हजूर् पनि
८५५

के कारणले शरीर् यस्तो पाउनुभो हजूरले ?
भन्नु होस बुझाएर मलाई सब हाल रे
हे पक्षिवर ! हे तात !हे स्वामी भन्नुहोस न
कहाँ पाउनु भो राम चरित मानसै कन ?
८५६

हुदैन प्रभुको नाश महाप्रलयमा पनि
भन्ने कुरा शिवबाट मैले पैले सुने अनि
असत्य बचन बोल्नु हुन्न शंकरजी अहो !
तसर्थ मनमा मेरो सन्देह छ ठूलो प्रभो !
८५७

हे नाथ! नर औ देव आदि स्थावर जडंगम
सारा संसार नै काल्का बलेवा रूप छन् सम
अनन्त कोटि ब्रम्हाण्ड कालले अन्त्य गर्दछ
नाथ काल जगत् भित्र देखिन्छ दुरतिक्रम
८५८

अति कराल कठोर सर्वव्यापक कालले
के कारणले हजूरलाई व्याप्त गर्दैन नाथ ! रे ?
हे दयालो ! मलाई त्यो बताउनु हओस् अब
योग औ ज्ञान बल् हो कि त्यसको कारणै सब ?
८५९

प्रभो ! आश्रममा आएँ जब ता म हजुरको
मोह औ भ्रम ता सारा मेरो भ यो तुरून्त पो
तेसको पनि ता नाथ ! के हो कारण त्यो सब ?
बताउनु हओस् सारा प्रेम सहितले अब
८६०

सुनेर श्री गरूड्जीको वचन हे उमे ! अनि
आनन्दित भए काग अति नै प्रेमले पनि
भन्न लागे अनि फेरि हे सर्पअरि !हे प्रभो !
हजुर्को सत् मतिलाई धन्य छ बार बार पो
८६१

मलाई अति नै प्यारो लाग्यो प्रश्न हजूरको
सुन्दा हजूरको मीठा प्रश्न मकन आज त्यो
अनेक जन्मको हाल मनमा सम्फना भयो
अब आपन्नो कथा बर्णन् गर्दछु सब सत्य पो
८६२

लगाई चित्त यो सारा सुन्नुहोस् आदरै गरी
जप तप ब्रत यज्ञ शम दम् दान बेसरी
विवेक ज्ञान वैराग्य योगाभ्यास समेतको
सारा साधनको फल् ता रामका पाद प्रेम हो
८६३

राम प्रेम विना कोहि कल्याण पाउदैन है
काग शरीरले मैले भगवान् रामको सबै
पाएँ अन्यापिनी भक्ति तेसै कारणले पनि
ज्यादा छ ममता मेरो यहि शरीरमा अनि
८६४

सिद्ध हुन्छ कुनै स्वार्थ आपन्नो जस्बाट लोकमा
त्यसैका उपरै सब्को ममता हुन्छ चित्तमा
वैनतय ! छ है यस्तै नीति पनि प्रसिद्ध नै
वेदको पनि हो यस्तै संमति प्रचलित नै
८६५

सुजन पनि ता यसै भन्छन् कि आफनी अति
परम् हित् गर्दछ ठूलो भन्ने जाने पछि कति
गर्नु पर्दछ है प्रिति नीचका साथमा पनि
कृतज्ञ रहनु पर्छ हित्कारी „माथि ता अनि
८६६

पैदा हुन्छ कीराबाटै रेशम जगतै महाँ
रेशमबाट नै फेरि अद्‌भुत सुन्दरै यहाँ
तयार हुन्छ है वस्त्र रेशमी त्यहि कारण
आपन्नो स्वार्थ पुरा गर्न निम्तिमा सकलै जन
८६७

अपवित्र र त्यो निच किरालाई पनि हरे !
पाल्दछन् घरका भित्र प्राण तुल्य गरेर रे
मन कर्म र वाणिले रामका पाउपदममा
गर्नुनै प्रेम ता सब्को स्वार्थ हो सत्य लोकमा
८६८

शरीर पाउँदा जुन् ता भगवान् रामजीकन
भजिन्छ त्यही नै देह अति पावन हो भन
भाग्वान पनि तेहि देह हो लोकमा अति
यहि नै भन्दछे नित्य हे तात ! मेरी यो मति
८६९

राम विमुखको देह ब्रम्हाजीका समानको
ठूलो पाए पनि लोक्मा त्यो देहलाई फेर जो
कवि औ पण्डितै सारा विद्वानहरूले पनि
गर्दैनन् लोकमा त्यस्को प्रशंसा कहिल्यै पनि
८७०

यहि मेरो कागको देहमानै
राम भक्ति दृढ भयो चित्तमा नै
त्यस्कारणले यो शरीर् स्वामी ! मेरो
अर्थोक् भन्दा देखि यो ज्यादी प्यारी
८७१

विना देह भजन् गर्नु भनेर वेदले पनि-
-सक्तैनन् - भन्न है नाथ ! पुराणहरूले पनि
इच्छा मरणनै छु ता पनि म हरि वाहन !
यो प्यारो शरीरलाई कहिल्यै पनि छाड्दिन
८७२

मलाई मोहले पैल्यै पाऱ्यो हैरान बेसरी
विमुख म थिएँ रामदेखि नै अनि त्यो घरी
पाईनँ सुत्न म कैले पनि आनन्द साथले
विविध थरिका कर्म -भयो - जनम घेर रे
८७३

भईनँ म खुसी कैल्यै ऐलेका जन्मको सरी
प्रसादले महेश्वर्को हे नाथ ! अनि त्यो घरी
थिंएन मोहले मेरो धरैको मतिलाई रे
धेरै जनमको नाथ ! सम्फना छ मलाई रे
८७४

हे स्वामी ! अब म फेरि मेरो प्रथम जन्मको
वृतान्त भन्दछु सारा सुन्नुहोस् सब कर्म त्यो
वृतान्तहरू यो सुन्दा रामका पाउमा पनि
हुनेछ प्रेम पैदा र मेटिने छ दुखै अनि
८७५

धेरै अगाडीको एक कल्पमा सब पापको
मूल कारण् कलिघोर थियो व्याप्त समस्त जो
नर नारीहरू तत्पर थिए सब अर्धममा
थिए श्रुति विरोधि ती गर्दथे पाप लोकमा
८७६

त्यहि घोर कलिमा नै कोशल पुरिमा पुगी
पाएर शुद्रको चोला जन्मिएको थिए अघि
मन कर्म र वाणिले सेवा गर्ने महेशको
अभिमानी थिए निन्दा गरने अरू देवको
८७७

वित्तले मदमत्त भएको
बकवादि उग्र बुद्धि भएको
थियो मेरो मनमा दम्भ खूब
थिएँ म ता पापाको पूर्ण कूप
८७८

यद्यपि म रामको राजधानी
अयोध्यानै बस्दथे है सदा नि
तेसैबेला रामजीको सबै जो
कत्ति पनि महिमा जानिन पो
८७९

जाने प्रभाव ता मैले अवधको पछि पो हरे
वेद शास्त्रहरूले औ अरू शस्त्र पुराणले
भनेका छन्कि हे नाथ ! जो प्राणिहरू ता कुनै
जन्ममा अवधैभित्र बस्दछन् तिनीहेरू नै
८८०

राम परायणै हुन्छन् अवश्य लोकमा अनि
लाग्दछ अतिव प्रिति रामका पाउमा पनि
जब सर घनुर्धारी श्री राम हृदयै महाँ
बस्नु हुन्छ अनि पो ता प्राणिले जगतै महाँ
८८१

अयोध्याको ठूलो सारा प्रभाव जान्दछ अनि
थियो त्यो कलिको काल कठोर औ अपार नि
पाप तत्पर् थिए सारा नर नारीहरू सदा
गन्दैनथे कसैलाई कसैले पनि सर्वदा
८८२

कलि युग्को पापले धर्मलाई
ग्रासै पाऱ्यो छोप् दिई पन्थलाई
सदग्रन्थै सर्व लुप्तै भए नै
दम्भि जन्ले आफनो बुद्धिले नै
८८३

गर्दै भूटो कल्पना घेर्थरीका
प्रकट् गर्थे पन्थ ना ना थरिका
सारा लाकै मोहको वश् भयो है
सत्कर्मैको लाभ्ले ग्रास गऱ्यो है
८८४

हरि वाहन् ! ज्ञान खानी ! गरूड !
ऐले थोरै ता पनि केहि गूढ
भन्दैछु म कलिको धर्मलाई
सुन्नुहोला नाथ ! चित्तै लगाई
८८५

चारै वर्ण चारनै आश्रमैको
रहेन है धर्म कर्मै जगत्को
नर नारीहेरू सारा जगत्मा
विरोध् गर्थे वेदधर्मै मफत्मा
८८६

गर्न लागे द्विज सारा वेद विक्रय नै पनि
सताउने प्रजालाई भए राजाहरू पनि
नमानेन भए कोहि पनि वचन वेदको
मन्परि धर्मको गर्थे प्रचार सब लोक पो
८८७

वदेको बोली नमानी ब्रम्हाणहरू छाड्थे कुलैको धरम्
भक्षा भक्ष पनि विचार नगरी खान्थे नमानी शरम्
शुद्रैले जप पाठ पूजन गरी हुन्थे सबैमा ठूला
ब्राम्हणूले पनि गर्दथे खुसी भई ती शुद्रको नै पूजा
८८८

अर्काको धन हर्नसक्छ जसले त्यो नै सिपालु भयो
गर्थ्यो जो जन दम्भ ता उहि ठूलो हुन्थ्यो सदाचारी पो
मन् पर्थ्यो जसलाई जे उहि भयो मार्गै पनि लोकमा
वक्वादै जनु गर्छ त्यहि हुन गो पण्डित् पनि विश्वमा
८८९

वदेको मार्ग कनै त्यजेर जन जो हुन्थ्यो अनाचारि पो
त्यो युग्मा कहलाउथ्यो जन यहि ज्ञान र वैरागी यो
नंग्रा औ जसका जटाहरू पनि हुन्थे विशालै अनि
त्यो युग्मा त्यहि व्यक्ति तापस भनी हुन थ्यो प्रसिद्धै पनि
८९०

मिथ्या काम गरेर दम्भ जगमा जो गर्दथ्यो धेर नै
भन्दथे त्यसलाई नै सकलले सतै भनेर अझैं
ठट्टा गर्न र भूट बोल्न जसले जान्यो जगत्मा अनि
त्यसैलाई गुणि भनेर सबले गर्थे प्रशंसा पनि
८९१

अमंगल्को भेष धारण् गरेर
भक्षा भक्षको विचारै त्यजेर
खान्थ्यो जाहा ताहि जो जो भूमिमा
हुन्थ्यो तेहि सिद्ध योगी कलिमा
८९२

संसारको पूज्य हुन्थ्यो र फेर
पर अपकारी चरछ धेर
मर्यादा औ मान राखेर ज्यादा
गौरव् हुन्थ्यो लोकमा फेरि ज्यादा
८९३

मन कर्म र वाणिले लवार जो छ लोकमा
वक्ता भनी तिनै सारा गनिन्थे कलिकालमा
सारा नरहरू हुन्थे वशमा नारीकै अहा !
नटले नै नचाएका कपि झैं नाच्दथे सदा
८९४

छोरा पत्नि मरे दरिद्र भइयो भन्ने विरक्ति धरी
धोवी शुद्र चमारले शिर मुडि सन्यास दिक्षा लिई
हिड्थे मान्य भएर लोक भरीमा नक्कल गरी धर्मको
ब्राम्हणले पनि पाउ ती सकलको पूज्थे प्रभो ! सत्य हो
८९५

गर्दथे ज्ञानको शिक्षा ब्राम्हणलाई शुद्रले
जनै भिरि अति निच लिन्थे दान पनि हरे !
पुरूष हर ता सारा कामी क्रोधि र लोभी भै
थिए विप्र गुरू वेद संतको ता विरोधि नै
८९६

अभागी स्त्रीहरू फेरि गुण मन्दिर सुन्दर
आफ्ना पतिहरूलाई त्यागि भई स्वछन्द र
पर पुरूषको सेवा गर्दथे अति हर्षले
जानी जानी दुवै लोक विगारी कन सर्व रे
८९७

आफ्ना इश्वर तुल्य स्वामीहरूको आँखा छलिभै अधम्
खोज्थे जार हरे ! बनेर कुलटा लोक्को नराखी शरम्
स्वेच्छाचारि बनेर बाबुहरूको बदनाम् गरी नामको
लोक्मा स्त्रीहरू हिड्दथे प्रभु अहो ! डर्भर् नली पापको
८९८

अन्धो औ बहिरोमा नै गुरू र शिष्यको पनि
यथा क्रमूले गरे हुन्थ्यो गिन्ति ता लोकमा अनि
योग्य अयोग्य नै केहि एकले हेरदैनथ्यो
के छ शिक्षामहा सार अर्काले बुझ्दैनथ्यो
८९९

गुरू भएर जो जनृता धन् मात्र हर्छ शिष्यको
घोर नरकमा पर्छ त्यो गुरू पछि ता अहो !
आमा बाबुहरू आफ्ना बालकहरूलाई त
बोलाउँथे र जेले पेट् भरिन्छ मात्र त्यहि त
९००

करमलाई हो धर्म भनीकन सिकाउँथे
छल छाम ठगै विद्या कौशलहरू बताउँथे
नर नारीहरू सारा ब्रम्ह ज्ञानृका कुराहरू-
-छाडी अरू कुरा केहि नगर्ने त थिए बरू
९०१

ब्रम्ह ज्ञानी भए सबै मुलुकमा गर्ने कुरा ज्ञानका
कैले मिल्दछ खान लाउन भनी गर्ने सदा ध्यान ता
ब्रम्हाले सुख भोग गर्दछ सबै निर्लिप्त छौ हामी ता
ब्रम्हैले सब खान्छ गर्छ सब काम् निमीत्त छौ हामी ता
९०२

ब्रम्हैको सँग ब्रम्हाका प्रिति भए लाग्दैन है पाप नि
ब्रम्हको सँग ब्रम्ह नै मिलि गए के भो र यो बात नि
ब्रम्हज्ञान बताई यस् किसिमको सारा बनी ब्रम्ह रे
कौडी लागी त गर्दछन् अझ तिनै घोर् ब्रम्ह हत्या भरे
९०३

ब्रम्ह ज्ञानी भएर हामीहरू ता ब्रम्है भयो भन्दथे
कुल्को धर्म र कर्म त्यागी भगवन् आडम्वरै गर्दथे
को हुन् स्त्री र पुरूष् पनि कउन हुन् के हो अहो ज ात यो
हाड् छाला रगतै छ यो सकलमा आत्मा उहि ब्रम्ह हो
९०४

भन्दैथें सब वाणिले तर पनी दासै थिए कर्मका
आत्मा भूत र पञ्चभूत् स्थूल भनी पर्थ्यो मिठो खान ता
माना औ अपमानको गरी विचार वश् पर्दथे क्रोधको
सारा इन्द्रिय दास ती जगतमा थिए परब्रम्ह पो
९०५

हामी तिमीहरू भन्दा के घटी छौ जगत्महाँ
ब्रम्ह जान्नेहरू पो ता ब्राम्हणै हुन्छ लोकमा
भनी हप्काउदै शुद्रहरू ब्राम्हणलाई ता
क्रुरभै तर्दथे आँखा गरेर हप्कि दप्कि ता
९०६

नरहरू परस्त्रीमा लम्पट र कपट्महा
सिपालु औ छलि जालि देखिन्थे जगतै महा
मोह द्रोह ममताले बाँधिएका अतिव नै
तत्पर् हुन्थे पर हानी गर्न प्रविण ती सबै
९०७

तेहि जन अभेद् वादि भएर सब लोकमा
थिए ज्ञानी भनिए त्यो घोर कलि कालमा
मैले देखें कलियुग् को यो चरित्र सबै अनि
गरूड आफू ता नाश भए सब यसै पनि
९०८

जो कोहि गर्दथे केही पालना सत मार्गको
त्यसलाई पनि नष्ट पार्दथे तिनले अहो !
वेदको खोज्दछन् दोष जो तर्क गरी लोकमा
एक् एक् नर्कमा पर्छन् एक् एक कल्प भित्रमा
९०९

अधम वर्णका जो जो तेलि चाण्डाल हेरू ता
किरात कोल कल्वार कुम्हार जो थिए उता
सन्यासि भई ती सारा ब्राम्हणहरूबाट ता
पूजिन्छन् आफू औ आफ्नै हातले अनि फेर ता
९१०

यो लोक त्यस्तै परलोकलाई
विनाश गर्छन् सब आफूलाई
लोभी दुराचार र स्वाँठ कामी
निरक्षरी ब्राम्हण वर्ग स्वामी
९११

आफ्ना सुदरी स्त्री सति कन त्यजि रोजी लखौटि पनि
घरगर्थे कुलटासंग पुरूषले कस्तो अधम् चाल नि
दु :ख् सुख्को सहगामिनीकन प्रभो !घर्बाट टाढा गरी
सौधर्की कुलटा सितै प्रभु अहो ! बस्थे पियारो गरी
९१२

संसारीहरूले दरिद्र हुन गै माग्नु पनि पर्दथ्यो
जोगीको महलै बनेर धन ता गै बंकमा जम्दथ्यो
श्रृंगार् शून्य भइ सुहागीनीहरू बस्थे मलिन् भै अति
देखिन्थे विधवाहरू नवबधू जस्तै सजिने कति
९१३

सारा स्त्रि पुरूषै महा पनि थियो प्रेम्को चलन् यो अति
प्रेम् प्रेमले गरदा घरै घर पिच्छे विग्रो सबैको मति
ब्राम्हण शूद्र र दाजु भाई स्वजनै भन्दैनथे हा ! कुनै
जस्मा प्रेम् हुनगो ति ता उसित नै बस्थे रमाई कनै
९१४

शूद्रोपति थिए विप्र अनि शुद्रहरू पनि
गर्दथे विविघ भाँति जप तप व्रतै अनि
पुराण भन्दथे सारा उँचो आसनमा बसी
कल्पीत आचरण् सारा मानिस गर्दथे खसी
९१५

भन्न सकिन्न त्यो घोर अनि ती कलिको सबै
अति अपारको ठूलो थियो अन्याय लोकमै
वर्णशंकर् थिए भिन्न सेतु सकल लोकमा
पाप् गरी पाउथे दु :ख वियोग रोग शोक ता
९१६

मौहैका वशमा भई शठहरू विवेक वैराग्यले
युक्तै सुन्दर वेद् विहिन र अनि पूराण औ शास्त्रले
मानेका हरि भक्तिका पथ विषे चल्दैनथे ति हरे !
उत्पत्ती गरेथे अनेक दु :खका आफै ति ता मार्ग रे
९१७

बाबूलाई नमानी पुत्रहरूलाई हान्थे अहो ! लात्तले
आमालाई निकालि इजजत त्यजि दिन्थे गलहत्ति रे
छोडी इश्वरको पूजा अनि गुरूलाई नमानि हरे !
स्त्रीको पूजन गर्दथे वश परि सारा पुरूष् जातले
९१८

आँखा पर्दैनथ्यो जहाँ सम्म ता नारीको पनि
छोराहरू त्यहि सम्म आमा बाबु कन पनि
मान्दथे जब जामाता हुन्थे आफूहरू अनि
निकाल्थे जननीलाई जा माता अब लौ भनी
९१९

आफू भए पछि फेरि सजाया लोकमा अनि
दिन्थे वृद्ध पितालाई सजाय पुत्रले पनि
ससुरालि जबै देखि प्यारो लागन थाल्दथ्यो
हुन्थे शत्रु सरी आफ्नो स्वजन र कुटुम्ब पो
९२०

छ भने धनले पूर्ण भए पनि अति हिन
भनिन्छ त तिनै लोकमान्य कुलीन सज्जन
विप्रको चिन्ह ता खालि जनैको सुत मात्रभो
तापसिहरूको चिन्ह खाली नाङ्गोपना भयो
९२१

उदार र गुणि कोहि थिएन कवि लोकमा
अर्काको गुणमा दोष लाउने कलि कालमा
थिए कविहरू सारा हुलका हुल नै अहो !
गुणि उदार औ सच्चा थिएन कवि वर्ग जो
९२२

लगाई मिहिनै बस्त्र दर्शानिकन अङ्ग जो
स्त्रीहरू हिड्दथें सारा लज्जालाई त्यजेर पो
पर पुरूष हो भन्ने थिएन यो विचार नै
पुरूष भित्र हो मेरो भनेर हिड्थे सबै
९२३

रौकार्न गहना बनाई शिरमा दर्शाईकन अंगपनि
हिड्थे ती कुलका जननीहरूमा थिएन लज्जा पनि
पूज्य श्री ससुरा र सासुहरूको मतलव् नराखी कुनै
हिड्थे यो छ प्रताप नाथ कलिको बाँकि बचेनन् कुनै
९२४

सारा नष्ट भएर प्रेम ममता वात्सल्य कारूण्य ती
आमा बाबु अरू हरू सरह नै हुन्थे ती बेमतलवी
न्याय स्नेह दया र प्रेम ममता विवेक भन्ने सब
छोपि यो परदा गएर धनको कस्ले उघार्ने अब ?
९२५

आपन्ना मत्लब् साधनू यदि परे बाबु र आमा पनि
विश्वास् पारी कुरा गरेर छलले तेस्मै फँसाई अनि
धोका भारि दिएर काम अरकै गर्थे चनाखा भई
आपन्ना संततिलाई गाडी दू :खमा बस्थे ती बाठा भई

९२६

बठ्याई जुन पुत्र गर्छ उतिरै ढल्किन्छ मन् बाबुको
जस्ले सक्छ अनेक् सुनाउन कुरा यस्तै बधू सासुको
नाता नै जगमा भएर धनको हे नाथ् ! हरे ! धर्मको
सारै हानी थियो कलि फिँजीन गै विवेकै सब् लुप्तभो

९२७

धन्को भएर महिमा जगमा अपार
माता पिता पति कुटुम्ब र पत्नि प्यार
-धन नै भयो छ जसको धन योग्य त्यो छ
नाता पनि नगिचको धन नै थियो त

९२८

कलिमा पर्दथ्यो बारंबार नै अनिकाल रे
विना अन्न दु :खी लोक मर्थे खानै नपाई रे
सुन्नुहोस हरि वाहन ! त्यो घोर कलि कालमा
पाइन्नथ्यो कुनै संत खोजे पनि जगत् महाँ

९२९

जप तप व्रत औ यज्ञ दान
धर्मै गरून् ता पनि सर्ब ज्ञान
गर्दैनथे सात्वि धर्मलाई
गर्थे तामस् धर्म नै सब् रमाइ

९३०

गर्दैनथे सदा बृष्टि धरामा वृष्टि देवता
छरेको अन्न पृथ्वीमा सप्रिन्नथ्यो यथेष्ट -ता
स्त्रीहरू धनले हिन क्षुधावन्त दुखी थिए
तैपनि ममता खूब गर्दथे मूर्ख हा ! ति रे

९३२

सुख् भने खोज्दथे मूर्खहरू जगतमा हरे !
धर्म तत्पर् थिएनन् ती बुद्धि थोरै थियो हरे !
कठोर ता थियो कोमल् - पना थिएन् लोकमा
रोगले पिडित हुन्थे नर नारी जहाँ तहाँ

९३३

सुख पाउन्नथे कोहि विना कारणमा अनि
घमण्ड गर्दथे -ठुलो - विरोध सब साथ नि
दश् पाँच बर्षको हुन्थ्यो जिन्दगी तापनि हरे
कल्पन्तमा पनि नष्ट होवैनकी समान रे

९३४

गुमान गर्दथे ठूलो हरे ! त्यो कलिकालले
पार्दथ्यो जगतैलाई नीच अति विहाल रे
बाँकिराख्दैनथे लोक्मा बहिनी छोरी नै हरे !
मर्यादा धर्मको केही रहेन बाकि सम्म रे

९३५

रहन्नथ्यो कहि शान्ति कसैको चित्तमा हरे !
जत कुजात माग्ने यी हुन्थे सब समान रे
कठोर वचनै इर्ष्या लालचीपन द्वेष नै
जाहिँ ताहिँ सबैलाई थियो है भर पूर नै

९३६

समता नष्ट भो सारा हटेर जनचित्तमा
प्रवल् वियोगको शोक्ले मृत भै भइ लोकमा
रहन्थे दिन औ हीन बनेर प्राणि ता सबै
आनन्दि औ सुखी कोहि थिएनन् लोकमा कठै

९३७

बर्णाश्रम् धर्मका सारा विचार नै समेत पो
लुप्त थियों जगत्मा ता भ्रष्टाचार भएर जो
बुद्धिमानि दया दान दम हेरू कुनै चिज
थिएन जगतै भित्र लुप्त भइ कनै ति त

९३८

मूर्खता ठगताले नै परिपूर्ण थिए जन
थिए फेरि तनु पोषक् नर नारी सबै जन
सप्रन्थे परको निन्दा द्वेष गर्ने जति खूब
हे नाथ ! सर्पकाशत्रु ! सुन्नुहोस हजूर त

९३९

महल्हो पाप दुर्गुणको यो भीषण कलियुग
धेरै छन् गुण पनि फेरिसुन्नुहोस् कलिको शुभ
विना परिश्रमै तर्न पाइन्छ भव सागर
सत्य त्रेता र द्वापर्मा पूजा यज्ञ अनेक र

९४०

योगाभ्यास् गरदा मानिस् पाउँथे गतिलाई जो
कलिमा नाम किर्तन्ले पाउँछन् गति सोहि पो
सत्यमा सकल प्राणि योगी ज्ञानी भई कन
तर्दछन् भव सागर्यो हरिध्यान गरीकन

९४१

त्रैता युगमा मानिसै हरू सारा
नाना भाँति यज्ञ यज्ञादि द्वारा
गर्दछन् है फेरि त्यो कर्मलाई
कृष्णै अर्पण् गर्दिदा ती रमाई

९४२

संसार् सिन्धू तर्दछन् हर्ष साथ
द्वापर्युग्मा मानिसै फेरि खास
रामजीका ती चरणपद्मको नै
पूजा गर्दै तर्दछन् निश्छलै भै
९४३

तेस युग्मा छैन अर्को उपाय
शुद्धै राख्नु पर्छ यो सर्ब काय
चौथो युग्मा श्री हरि नाम गाई
दुर्गम् दुपार्यो भव सिन्धुलाई
९४४

भव सागरको थाहा पाउछन् भक्त प्राणिले
पर्दैन गरनु केहि व्रत नियम आदि रे
योग्य छैनन् कलि माता ज्ञान यज्ञ र योग नै
आधार छ याहा राम गुणकिर्तन मात्र नै
९४५

भरोसा सबको त्यागी जो भजन् गर्छ रामको
रामको गुणको गान गर्दछन् प्रेम साथ जो
तिनै जनहरू मात्र तर्दछन् भव सागर
सन्देह छैन है यस्मा जन हो ! होउ निर्भर
९४६

प्रताप नामको ठूलो प्रकट् छ कलिकालमा
पवित्र एक हो फेरि प्रभाव कलिको यहा
सत्य हुन्छ मनैले नै गरेको धर्म ता सब
लाग्दैन मनले मात्र गरेको पछि पाप त
९४७

अत : शरीरले मात्र गरेमा पाप लागदछ
तर मानसिकै धर्म चाहिँता धेर बन्दछ
यदि मानिस विश्वास गरोस् ता कलिकाल भै
अर्को उत्तम युग छैन भन्दछु सत्य यो म है
९४८

धरमको सत्य दया र दान
दम चार पाउ मध्ये सुजान
एक पाउँ यो कलि काल माहाँ
प्रकट छ मूख्य जगत माहाँ
९४९

येनकेन प्रकारेण गर्‍यो दान भने पनि
कल्याण गर्दछ लोक्मा ठूलो त्यो दानले अनि
हे हरिवाहन ! सुन्नुहओस रघुनाथकी
मायाको प्रेरणाले नै सबको मन भित्रकि
९५०

सबै युगमा धर्म ती युग्हरूको
बराबर नै सब् रहन्छन् सुरू पो
शुद्ध सत्व समता ज्ञान मन्को
प्रशन्नता भो भने हे सुजन् हो
९५१

प्रभाव हो भनी जान्नु पर्दछ सत्यकालको
धेरै सत्वगुण फेरि रजोगुण अलिमात्र पो
कर्म गरनमा प्रिति लागनु सब् प्रकारले
सुख मान्नु मनै भित्र भो भने यति फेर रे
९५२

त्रेताको धर्म हो भन्ने सम्झनू मनमा पनि
धेरै रजो गुणै फेरि सत्व तम गुणै पनि
अलि अलि मनै भित्र भय हर्ष भयोभने
द्वापर्को गुण हो यो ता भनी सम्झनुहोस् भने
९५३

धेरै तमोगुण फेरि धेरै रजो गुणै पनि
भयो भने जाहाँ ताहाँ झगडा र फसाद नि
कलिको गुण हो यो ता भनी जाननु चित्तमा
एवं रितले युग धर्म भनेको छ अधिनमा
९५४

भनी जानेर ता संतहरू जैले जहाँ पनि
प्रिति छाडी अधर्मैमा धर्मादि गर्दछन् अनि
लागेको छ खुवै प्रेम जस्को राम चरण्महा
कालको धर्मले व्याप्त तेस्लाई गर्न लोकमा
९५५

कहिल्यै पनि सक्तैनन् जसरी नट आदिले
गरेको क्रुर औ भीषण् कपट कर्म आदिले
नटको सेवकै लाई व्याप्त गर्दैन खेलमा
तेस्तै नै हरि मायाले छोप्तिन हरि भक्तिमा
९५६

हरि माया बाट प्रकट् हुने ति
गुण दोष राग आदि भने कि
विना हरि भजन ती जगत्मा
हटदैनन् जे गरून् युक्ति जन्मा
९५७

हरि वाहन् चित्तमा यो विचारी
त्यागि सारा काम औ काज भारी
आनन्दी भै चित्तमा प्रेमले नै
गर्नु पर्छ भजन हर्षले नै
९५८

हे स्वामी ! अनि ता फेरि मतेस कलिकालमा
खुसी भै धेरैनै वर्ष बसे अवध देशमा
पऱ्यो अकाल औ फेरि विपत को वशमा परी
विदेश तिर लागे म भई व्याकुल त्यो धरी
९५९
सुन्नुहोस् विनीता पुत्र पुगे उज्जैन देशमा
दरिद्र मालिन दीन थिए दु:खी म चित्तमा
केहि दिन पछि फेरि कमाएँ धन केहि र
त्यहिशिवजीको सेवा गर्न लागे अनि फिर।
९६०
त्यहाँ विप्र थिए एक वैदिक विधिले सब
नित्यनै गर्दथे पूजा प्रेमले शिवको तब
थिएन तिनको अर्को काम जगतमा कतै
परोपकारी अत्यन्त गुणि थिए तिनी कठै
९६१
पर्मार्थ पथ जानेका थिए नित्य महेशको
गर्दथे पूजनै सेवा खुसी भै प्रेम साथ पो
ती थिए हरका भक्त थिएनन् हरि निन्दक
मन कर्म र वाणिले सेवा गर्थे रमेर त
९६२
भएर कपटैस्युक्त वैनतेय ! अनि पछि
म सेवा गरनै लागे तिन्को ताहिँ बसेर नि
दयालु नितिवान् ज्ञानी थिए ती द्विज देवता
बाहिर अति नै नम्र देखेर मकनै अहा !
९६३
मलाई पुत्रनै जस्तो गरेर प्रेम साथले
लागे पढाउनै हर्ष भएर विप्र देवले
दिए शिवजीको मन्त्र मलाई अति हर्षले
दिन्थे विविधका शिक्षा पनि तिनी सदैव रे
९६४
जप्दथे शिवको मन्त्र मन्दिरमा गएर ता
थियो हृदयमा ठूलो अहंकार र दम्भ ता
तसर्थ द्विज औ फेरि वैष्णवलाई देखँदा
रीसले जल्दथे द्रोह गर्दथे विष्णुको सदा
९६५
सदा सम्झाउनुहुन्थ्यो मलाई गुरू प्रेमले
हुनुहुन्थ्यो दु:खी मेरो आचरण् देखदा हरे !
उठ्दथ्यो अति नै क्रोध त्यो बेलामा मलाई त
नीती कहाँ मन पर्थ्यो दम्भी मानिसलाई त
९६६

हे स्वामी ! गुरूले फेरि मलाई एक पल्ट जो
डाकेर विविध भाँति नीती सिकाउनु भयो
लाग्नुनै अविरल् भक्ति रामका पाउपद्ममा
हे वत्स ! शिव सेवक्को फल हो जान चित्तमा
९६७
प्रेम भक्ति र श्रद्धाले ब्रम्हा औ शिवले पनि
भजन गरनु हुन्छ सदैव रामको अनि
के कुरा हामीपामर्को ब्रम्हा औ शशिशेखर
जस्का चरणको प्रेमी हुनु हुन्छ सधै भर
९६८
तँ अभागी उनै विष्णु भगवान् रघुनाथको
द्रोह गरेर नै खोज् छस् सुख जगतमा भलो
वैनतेय ! जब मैले गुरूको उपदेश यो
के सुनेथें मनै भित्र भएँ अतिव क्रुद्ध पो
९६९
गुरूले शिवजीलाई रामको सेवक भनी
भनेको सुनदा मेरो दन्केर मनमा पनि
बल्यो प्रवलको आगो हुँदामा नीचजाति ता
पाउँदा ती गूरूबाट विद्या बुद्धि र नीती ना
९७०
भएको म थिएँ दुध पिएको सर्प झैं हरे
थिएँ नित्य गुरूलाई डस्न तत्पर झन् हरे !
कुजाति र अभिमानी कुटिल औ अभागी म
गर्न लागे गुरूद्रोह निरन्तर न जाति म
९७१
अत्यन्त नै हुनुहुन्थ्यो दयालु गुरूजी हरे
अलिकति पनि क्रोध थिएन गुरूलाई रे
उत्तम ज्ञानको शिक्षा मलाई बारबार नै
दिनु हुन्थ्यो दयाराखी प्रेमले गुरूजी सधैं
९७२
नीच् मानिस् जताबाट इज्जत् पाउँछ लोकमा
मन भित्र त्यसैलाई पैले बाट बिगार्न मा
कोशिश औ हठै गर्छ स्वामी ! सुनुहओस यो
आगोबाट धुँवा पैदा हुन्छ जगतमा अहो !
९७३
मेघ् भन्ने पदवी पाएपछि त्यै धूमले अनि
निभाई दिन्छ निमूर्ल पारी अग्नि कनै पनि
बिना आदर बाटोमा मिल्कि बस्छ धूलो हरे
लात प्रहार साराको सहन्छ नित्य कष्टले
९७४

उडाई दिन्छ हावाले त्यसैलाई अनि पछि
त्यो धूलोले प्रथम् तेहि हावालाई गएर कि
अन्धकार मयै पारी विगारी दिन्छ लोकमा
अनि राज मुकुट्मा औ जनका नाक कानमा
९७५
पर्नं जान्छ र व्याकुल् नै पार्दछ गरूड अनि
यस्तै प्रमाण सम्झेर धीमान जनले पनि
अधम नीच पामर्को गर्दैनन् साथ नै अहो !
झगडा पनि ठिक् छैन दुष्टजन् हरू साथ पो
९७६
प्रेम पनि असल् छैन भनीकन कविहरू
विद्वानहरू नीतीका गर्दछन् उपदेश् अरू
एदासिन रहनु पर्छ दुष्टका साथमा सदा
कुत्ताको झै नीचजन्लाई अलग्गै राख्नुपर्छ ता
९७७
त्यस्तै दुष्ट थिए नाथ ! म पनि त्यो बखत्महाँ
कुटिल ता भरिएको थियो कपट चित्तमा
हितकुरा सदा भन्नु हुन्थ्यो गुरूजी ता कठै
मन पर्दैनथ्यो स्वामी ! मलाई तर ती सबै
९७८
शिव मन्दिरको भित्र बसेर एक दिन् म ता
जप गरन लागेको थिएँ म शिव मन्त्र ता
आंउनु भो गुरू त्यहाँ उठेर गुरू पादको
गरिनँ दण्डवत् मैले वश भै अभिमानको
९७९
अत्यन्त नै हुनुहुन्थ्यो दयालु गुरू ता कठै
भन्नु भएन त्यो बेला गुरूले केहि वात नै
लवलेशै पनि रीस्को थिएन गुरू चित्तमा
गुरू अप्मान ता ठूलो पाप हो जगतै महाँ
९८०
सक्नु भएन शंकर्ले सहनै पापलाई यो
भयो मन्दिरको बीचबाट आकाश बाणि पो
अभिमानी ! हत भाग्य ! एमूर्ख ! ए अधम् ! मूढ
यद्यपी छैन रिस् तेरा ती गुरूलाई ती गुढ
९८१
तिन्को हृदयमा राम्रो ज्ञान छ ति दयालु छन्
गर्दैनन् कहिल्यै तेरो खरावी र विनाश भन्
तँलाई अब तेस्अर्थ म दिन्छु श्राप यो निच
मलाई मन पर्दैन विरोध नीतीका विच
९८२
दिएन दण्ड ता मैले भने यदि तँलाई त
भ्रष्ट हुन्छन् खल मेरा वेद मार्गहरू ति त
जो मूढ गुरूका साथ इर्ष्या गर्दछ लोकमा
पर्छन् कल्पान्तरै सम्मन् ती ता रौरव नर्कमा
९८३
तीर्यकी योनीको देह दशहजार नै पनि
धारणा गर्दछन् पिडा पाउँछन् लोकमा अनि
रे पापी ! गुरूनै खास आउँदा पनि यो घरी
भई अजिंगरै जस्तै बसिस् तँ गर्वले गरी
९८४
ढाकेको छ मतिलाई तेरो ता पापले निच
अजिंगरै भएस् दुष्ट अब तँ पृथ्वीका बिच
अधमाधम ! रे नीच ! पाईकन अधोगति
वृक्षका टोडका भित्र रहेस् तँ दु :खले अति
९८५
अति कठोरको श्राप सुनेर शिवको हरे
दु :खी भै गुरूले धेरै गर्नुभो आर्तनाद रे
मलाई थर्थरी काँप्न लागेको देखी त्यो घरी
गुरूको हृदयै भित्र पऱ्यो संताप बेसरी
९८६
घोर गति हुने मेरो बुझेर गुरूले अनि
सप्रेम दण्डवत् गर्दै जोडेर दुइ हात नि
शिव संमुखमा फेरि प्रेम गद् गद् वाणिले
स्तुति गरन लाग्नुभो अनि विविध भाँतिले
९८७
मोक्षै रूपि ! सर्व व्यापक ! नाथ !
हे ईशान ! ब्रम्ह स्वरूप ! खास
हे इश्वर ! वेदरूपि हजुर्को
नमस्कार गर्दछु म झुकि जो
९८८
निविकल्प निर्गुण आत्मरूप
निरीह र श्री गगन स्वरूप
चैतन्य रूप् श्री नभका निवासि
भज्छु हजुर्लाई मै आश राखी
९८९
निरकार ऊँ कारका मूल कारण
दयालो महेश सब लोक तारण्
जाग्रत् स्वप्न सुषुप्ति तीनै थरिका
अबस्थाहरू देखि टाढा रहेका
९९०

प्रकश्मान् हुनाले तुरीय भएका
वचन् इन्द्रिय ज्ञान देखि परेको
पूर्ण वैभवै मान भयानक र
गिरिका ईश नाथ श्री पापहर्
९९१

महाकालका काल लोक विनाश
महेश गुण समूहका निवास
भव सागर पार गर्ने पुरारे
प्रभुलाई गर्छु प्रणामै म ता रे
९९२

हिम पर्वत भै अति शुद्ध सेतो
गम्भिर , शरिर मा करोड् भषकेतो
- मन्दका छवि माथ गर्ने भएक
प्रशन्नानन दु :ख हर्ने भएका
९९३

अति तेजिलो गाथमा जान्हवीका
-मनोहर् तरङग्‌ै जटामा झुली ता
सुशोभित् तथा दिव्य मानै भएका
धरी भालमाा बाल चन्द्रै रहेका
९९४

गलाम फणिले सुशोभित् भएका
चञ्चल कुण्डल कानमाहाँ धरेका
अति तेजिलो औ विशाल नयनूले
सुशोभित् भई शोभिएका मगनूले
९९५

प्रशन्नानन नील कण्ठ दयालो
भव ताप हर्ने भएका कृपालो
मृगधीशका चर्म - पैहि रहेका
मुण्ड माल्यले शोभितै भै खिलेका
९९६

सबैका पियारा दयालो गिरिश
सबैका प्रभो ! मालिकै सर्व ईश
सबै विश्वका नाथ कल्याणकारी
नमामि म गर्छु हजुर्को पुरारी
९९७

प्रचण्डै पृकृष्टै प्रगल्भै परेश
अखण्डै र जन्मै रहित् हे उमेश !
करोडौ रवि तुल्यका तेजमान
जगतरणि नाथ ! शम्भो ! महान
९९८

अध्यात्मिक र आदि भौतिक फेरी
तीनै आदि दैविक्‌हरू ताप ढेरी
हरण गर्दिने हे सबैको दयालो !
शूल पाँणि पर्छु शरण्मा कृपालो
९९९

भवानी पति भावले मात्र मिल्ने
हजुर्को नमस्कार गर्छु म दिल्ले
कलातित ! कल्या मूर्ते ! शशाङ्क !
सदा सज्जनानन्द ! दाता ! वृषाङ्क !
१०००

चिदानन्द संदोह ! मोहा पहारी !
प्रशन्नै हुनुहोस हे नाथ ! पुरारी !
बध कारक ! अम्बिका नाथ ! दाता !
शिव ! शास्वत ! शान्त मूर्ते ! विधाता !
१००१

हर ! हे त्रिलोचन् ! भवानी पियारा !
पिनाकी ! हजुर्को चरण् पद्म प्यारा !
जहा सम्म भज्दैन लोक्मा नरैले
लगाएर चित्तै गरी प्रेम जनूले
१००२

त्यहाँ सम्म तिन्लाई सुखै र शान्ति -
-हुदैनन् - विनाशै पनि ताप भ्रान्ति
सबै प्राणीका नाथ अधार रूप
शिव ! हे महेश्वर् ! प्रभो ! उग्ररूप
१००३

प्रशन्नै हुनुहोस् हे नाथ् ! दयालो !
पुकारा म गर्छू हजूर्को कृपालो !
प्रभो ! योग अभ्यास जान्दिन केहि
पूजा पाठ जान्दिन खासै म केहि
१००४

सदा सर्वदा शम्भु हजूरलाई
नमस्कार गर्छु शिरै यो झुकाई
जरा जन्मको दु :खले बाँधिएको
अति तापले युक्त यो मन् भएको
१००५

दु :खी आपत ग्रस्त मैलाई नाथ !
बचाएर गर्नु हओस् है सनाथ
पिनाकी ! प्रभो ! हे पुरारे ! हजूर्को
पुकारा झुकि नित्य नै गर्दछु पो
१००६

शिवका प्रितिका निम्ति गरेको द्विज देवले
रूद्राष्टक स्तुति यो जो पाठ् गर्ला जन लोकले
हुनु हुनेछ है शम्भु ! प्रशन्न तिन माथि ता
सन्ताप दु :ख ती सारा छुट्ने छन् सब भाँतिका
१००७

सर्व व्यापी र सर्वज्ञ शिवले तिनी विप्रको
पुकारा सुन्नभो फेरि प्रेम् पनि द्विज देवको
देख्नुभयो र मन्दिर्मा 'हे विप्रवर ! लौ अब
वर माग' भनी यस्तो नभ बाणि भयो तब
१००८

गरे विन्ति अनि फेरि विप्रले खुसी साथले
यदि हजुर हे नाथ ! मेरा उपर आज रे
प्रशन्न होइबक्सन्छ भने हे शशिशेखर !
म दास उपरै स्नेह छ भने यदि ईश्वर
१००९

दृढ भक्ति सदा लागोस् प्रभुका पाद पद्ममा
अर्को वर पनि फेरि दिनुहोस प्रभो !ममा
दयासागर ! हे नाथ ! भगवान् !करूणा निधे !
प्रभुको अति नै ठूली मायाका वशमा ति रे
१०१०

परेर जडजीव् सारा भुली भड्की रहेछन्
न गर्नुहोस तिन्माथि क्रोध हे पाप भञ्जन !
दीनदयाल हे शम्भो ! अब यस्का उपर् महाँ
पग्लनु होस हे नाथ ! कृपा राखेर चित्तमा
१०११

शापानुग्रह होस् यस्को जस्मा यो अल्प कालमा
औडर दानी ! हे नाथ ! अशुतोष जगत् महा
यस्को परम कल्याण जेले हुन्छ हरे ! अब
हे शम्भो ! करूणासिन्धो !तेहि गर्नुहओस सब
१०१२

परम हितले पूर्ण भएको द्विज वाणि यो
सुन्नाका साथ आकाशबाट ता अनि फेरि यो
'एवमस्तु' भनी यस्तो नभवाणि भयो अनि
फेरि आवाज यो आयो मीठो नरम गुढ नि
१०१३

यद्यपी पाप ता यस्ले गरेको हो अति ठूलो
अनि मैले पनि क्रोध गरेर् श्राप ता ठूलो
दिएको हुँ तथापि यो तिम्रो सौजन्य देखदा
गर्नेछू अब यो माथि कृपा बिशेष मै सदा
१०१४

परोपकारी औ क्षमाशील जो द्विजहेरू छन्
ती सारा रामका तुल्य मेरा प्रिय अतिव छन्
व्यर्थ जादैन यो मेरो श्राप तसर्थ यसले
सहस्र जन्म संसारमा पाउनेछ अवश्य रे
१०१५

हुन्छ जो दु :सह दु :ख मर्दा औ जन्मदा महाँ
त्यो दु :खले यसैलाई अलिकति पनि तहाँ
हुने छैन र फेरि ता कुनै जनममा पनि
ज्ञान नाश हुने छैन यसको मनको अनि
१०१६

सत्य वचन सुन् मेरो ए शुद्र ! अब यो घरी
भएको हो अयोध्यामा तेरो जनम त्यो घरी
तैंले मन दिएको हो मेरो सेवा बिषे पनि
अवध पुरिको ठूलो प्रभावले र फेर अनि
१०१७

मेरो अनुग्रहले नै तेरो हृदयमा अब
रामको नवधा ! भक्ति हुनेछ प्रकटै सब
सुन् मेरो अतिनै सत्य प्रिय वचन भाई ! यो
द्विजको नित्य सेवा नै भगवान् हरिलाई जो
१०१८

प्रशन्न पारने मन्त्र हो यो जानेर चित्तमा
नगर्नु अब अपमान् द्विजको कहि लोकमा
सन्त हेरू सबैलाई सम्झी अनन्तकै सरी
विप्रका पाउ पंकज्मा लगाएस् प्रेम वेसरी
१०१९

जो प्राणि इन्द्रको बज्र मेरो त्रिशूल भिषण
यमको कालको दण्ड विष्णुको अति तीच्छण
-सुर्दर्शन् चक्र आदिले प्रहार गरदा पनि
मर्दैनन् धीर औ वीर अ जयै नै भएर नि
१०२०

त्येहि प्राणि विप्र द्रोहै रूपिको
आगोले ता भष्म होला डढी पो
राख्नु मन्मा यो विवेकै अनि ता
संसार, महा केहि चीजै पनि ता
१०२१

तँलाई दुर्लभै केहि हुने छैन विचार यो
तँलाई आशिषै अर्को यौटा दिन्छु म फेर यो
अप्रतिहत नै होला तेरो गति जगत्महा
सब् जन्मको कुरा याद होला तँलाई चित्तमा
१०२२

सुनेर शिवको यस्तो वचन गुरूले अनि
खुसी भै कन ता 'एवमस्तु' भन्नु भएर नि
शिवको पाउ पंकज्मा झुकाएर शिरै पनि
मलाई फेर सम्झाई घर जानु भयो अनि
१०२३

कालको प्रेरणाले नै विन्ध्याचल पहाडमा
पुग्न गएर ता सर्प भएँ म त्यसकालमा
केहि काल पछि फेरि विना परिश्रमै अनि
छाडें त्यो सर्पको चोलालाई गरूडजी ! अनि
१०२४

विना दु :खले लगाएका पुराना वस्त्रलाई त
फूकाली नरले फेर्छन् नयाँ वस्त्र जसोरी त
तेसै गरी विना दु :ख जुन देह धरे पनि
जन्मदै मरदै गर्थे लोक्मा सम बनेर नि
१०२५

मर्यादा वेदको रक्षा गर्नुभो शिवले पनि
मैले पनि दु :खै केहि पाएनँ लोकमा अनि
एवं रीत्ले हजारौ ती गरें शरीर धारणा
गएँन ज्ञान यो मनूको परें म राम शरण
१०२६

तिर्यक् त्रिलोकमा योनी चराचर् नर दवको
जुन्जुन गर्दछे धारण् झन् त्यो त्यो देहमा अहो !
गर्दथे भजनै नित्य रामको अति हर्षले
न बिर्सिने थियो शूल एउटा कहिल्यै हरे !
१०२७

गुरूको कोमलै वानी सम्झन्थे मनमा सधैं
हुन्थ्यो अत्यन्तैनै व्याकुल् चित्त त्यो सम्झदा कठै
सबै भन्दा पछिबाट देवहरू कनै पनि
-हुने अतिव नै दुर्लभ् पुराण वेदले पनि
१०२८

प्रशंसा गरिएको त्यो पाएँ द्विज शरीर ता
त्यस शरीरमा विप्र बालकहरू साथमा
संमिलित भई खेल्थे नाना तरहको अनि
गर्दथे सकल लीला श्री रामचन्द्रको पनि
१०२९

प्रौढ भए पछि फेरि पिताले म कनै अनि
नाना तरहले पढ्न लगाउनु भयो पनि
सुन्दथे गुन्दथे मनूमा बुझन्दथे सब त्यो अनि
मलाई तर त्यो सारा मन पर्दनथ्यो पनि
१०३०

मनबाट सबै भागे वासनाहरू चञ्चल
रामका पाउमा लाग्यो अतिव प्रेम केवल
'आज्ञा होस्न त हे स्वामी ! कुन यस्ता जगत्महा
होला अभागी औ छाडी काम घेनु जगत्महा
१०३१

गधाको सेवनै गर्ला ? म ता श्री रघुनाथको
प्रेममा नै थिएँ मग्न केहि मन परेन त्यो
रटाउँदा पढाईमा मलाई बाबुले अनि
हार खानु भयो मन्मा पढिन कहिल्यै पनि
१०३२

जब दुवै पिता माता काल वश हुनु भयो
अनि ति जनका त्राता प्रभु श्री रघुनाथको
भजन गरनै वन्मा गएँ म अति हर्षले
जाहाँ जाहाँ मुनिलाई गएर वन भित्र. रे
१०३३

भेट्टाउँथे त्यहि जाई जाई आश्रममा म ता
प्रेम पूर्वकले गर्थे प्रणाम शिर् झुकेर ता
तिनै मुनिहरू साथ रामका गुण गानको
सोद्धथे निर्मल लीलाहरू औ विधि ध्यानको
१०३४

बताउँथे मुनिदेव पनि सब् खुसी साथले
सुन्दथे हर्षभै मनूमा म ता अत्यन्त प्रेमले
एवं रीत्ले भगवान शंकर्जीका प्रसादले
पाई अव्याहतै जस्तो दुर्लभ गति हर्षले
१०३५

गुणानु वादनै किर्तन् गरदै भगवानको
घुम्न लागे वनै भित्र जाहि ताहि डुलेर पो
छूटे भीषणका तिन्टै एषणा मनदेखि ता
कहिले पाउँला देख्न रामको पाउलाई ता
१०३६

आफनो जन्मलाई म सम्झौंला सफलै अनि
एउटा लालस्या मनूमा बढ्यो हर्दम नै अति
सोद्धथे जो मुनि साथ तिनै मुनिहरू पनि
"सर्वभूतमय सर्वरूप छन् इश्वरै " भनी
१०३७

यस्तो नै भन्दथे यस्तो निर्गुणै म त मलाई ता
मन् परेन हरे ! स्वामी ! मेरो हृदयमा ति ता
सगुण ब्रम्हामा प्रेम थियो अति निरन्तर
घुम्न लागे उनैलाई सम्झेर भई निर्भर
१०३८

वचनै गुरूको मनुमा सम्झेर पनि त्यो घरी
रामको पाउमा लाग्यो मेरो मन् गई बेसरी
किर्तिको कितनै गर्दै भगवान् रघुनाथको
घुम्नलागे झनै प्रेम् प्रतिक्षण नयाँ भयो
१०३९

अनि सुमेरू पर्वत्को शिखर्मा वटर्वक्षको
छहारीमा बसेका ती ऋषि लोमश लाई जो
देखेर पाउमा.. शिर राखेर भक्ति साथले
बोले : अत्यन्त नै दिन वचन जोडि हात रे
१०४०

हे हरि बाहन ! मेरो अतिव नम्र कोमल
वाणि सुनेपछि सारा त्यस्तो दीन र निर्मल
दयालु मुनिले श्रद्धा साथ मकन 'ब्राम्हण
आयो के कामले ऐले ?' भनी प्रेम गरीकन
१०४१

राख्नुभो साथमा फेरि मैले विन्ति गरें अनि
बुद्धिमान र सर्वज्ञ गुणैका सागरै पनि
हुनुहुन्छ प्रभो ! ऐले कृपालो ! दीन वत्सल!
सगुण ब्रम्हको नाथ ! मलाई अति निर्मल
१०४२

आराधना र सेवाको मन्त्र औ नियमै सब
शिक्षा गर्नुहओस् नाथ ! विन्ति गर्दछु यो अब
पक्षीश्वर ! अनि फेरि ती मुनिश्वरले अनि
रामको गुणको गाथा आदरसाथले पनि
१०४३

केहि भन्नुभयो फेरि हे हरि वाहन ! अनि
ब्रम्हाज्ञानी हुनुहुन्थ्यो मुनिलाइ सदैव नि
ब्रम्हज्ञान महाँ प्रिति थियो अत्यन्त बेसरी
परम् शुद्ध अधिकारी जानी मलाई त्यो घरी
१०४४

ब्रम्हकै उपदेश् गर्न लागनुभो अति प्रेमले
ब्रम्ह अज र अद्वैत सत्व रज र तमले
रहित अन्तर यामी पूर्ण इच्छा विहिन र
नाम रहित रूपहिन अनुभव् मात्र गम्य र
१०४५

अखण्ड अतुल मन इन्द्रियको अगोचर
अनन्त सुखखानी औ निर्वीकार निरीह र
निर्मल अविनाशि छन् ति हाऊ तिमीनै सब
तिम्रो औ तिनको भेद छैन जगतमा अब
१०४६

तरंगको र पानीको सरि ब्रम्ह र जीवको
अभेदको निरूपण् छ भएको वेदबाट जो
इत्यादि यहि नै रित्को विविध भाँतिले पनि
बुझाउनु भयो सारा मलाई मुनिले अनि
१०४७

मेरो हृदयमा निर्गुण् ब्रम्हको म त त्यो घरी
परेन मन औ फेरि मैले दण्डवतै गरी
गरें विन्ति मुनिनाथ ! सगुण ब्रम्हाको सब
उपसनाहरूको नै शिक्षा बक्सनु होस् अब
१०४८

माछा हो मन यो मेरो जल हो राम भक्ति ता
मुनिश कसरी फेरि त्यो बस्ला र अलग्ग ता
हे प्रवीण ! कृपा साथै गर्नुहोस् उपदेश त्यो
जुन् शिक्षाले म ता रामलाई अब त झट्ट पो
१०४९

देख्न पाउँ यिनै आफ्ना नेत्रले अब सर्वदा
आँखा भरी परम् प्यारा अयोध्याधीश राम ता
सुनौला अनि ता निर्गुण् ब्रम्हको उपदेश म
यस्तो विन्ति सुनी मेरो मुनिले फेर् अनुपम
१०५०

हरिकथाहरू ना ना सुनाउनु भयो अनि
सगुण ब्रम्हको मतलाई खण्डन् गरेर नि
आखिर्मा निरूपण् गर्नु भयो निर्गुण ब्रम्हको
अनि मैले पनि नाथ ! फेरि निर्गुण ब्रम्हको
१०५१

बुद्धिलाई दूर गर्दै नटेरी
गर्दै मन्ले आग्रहै खूब फेरि
गरें निरूपण् सगुण् रूपको नै
उत्तर् प्रत्युत्तर गरी खूब नै
१०५२

तेसैले नै मुनिश्वर्को देहमा क्रोधको सब -
चिन्ह पैदा भयो सारा हे प्रभो ! सुन्नुहोस् तब
हेंला गरे पछि धेरै ज्ञानीका मनमा पनि
हुन्छ है प्रकटै क्रोध साँचो सम्झनु होस नि
१०५३

जस्तै चन्दन् काठलाई कसैले
गऱ्यो सडङ्घर्षण भने खूबै रे
तेहि चन्दन् काठबाटै पनि ता
प्रकट् हुन्छन् अग्नि नै फेर् अनी ता
१०५४

अनि झर्किई बारबार मुनिले
ज्ञान्कै निरूपण् गरदै हजार रे
सबै गर्नुहुन्थ्यो म चाहि त्यहाँ ता
बसि सोची आफ्नै मन चित्तमा ता
१०५५

नाना प्रकारका तर्क गरन लाग्दथे अनि
द्वैत बुद्धि विना क्रोध हुन्छ र कसरी भनि
विना अज्ञान द्वैत्भाव कसरी हुन्छ है अहो !
माया धीनरहि हर्दम् रहने परिछिन्न त्यो
१०५६

जड जीव पनि माया रहित चेतनै अनि
अपरिच्छिन्नं भएका ब्रम्हका सरिनै पनि
कसोरी हुन सक्ला र ? अनि फेरि जगत् महाँ
रोज्यो भने सबैको हित् किन होला र दुख् यहाँ
१०५७

पारस मणिनै जस्को छ भने ता अधीनमा
दारिद्र्यले त्यसैलाई छोला र के जगत्महाँ
निशङ्क हुनसक्ला र परद्रोहि जनै सदा
कें काम लम्पट जीव अकलङ्क रहन्छ ता
१०५८

गरेपछि विप्रको अपराध
रहला र वंशको स्थिर सार
चिन्हेपछि पनि स्वरूपलाई
हुन्छ र के कर्म ता बाकि हाई
१०५९

के दुष्ट गरदा संगतीनै
कसैलाई मनमा सत्मति नै
सक्तछ र दृढभई जमन त्यो त
ब्रम्हा भए क्रोध के आउथ्यो र
१०६०

परस्त्रि गमनै गर्ने जीव के जगतैमहा
पाउँछ सत्गति के र ? जीव भो ब्रम्हनै कहाँ
परमात्मा चिन्हने जीव पनि के भव सिन्धुमा
पर्छन् र ! जीव भो ब्रम्ह कसरी लोक हेरूमा
१०६१

पर निन्दा गरने जीव कहिल्यै सुखी हुन्छ र
नीती न जानी ता फेरि के राज्य स्थिर रहन्छ र
हरि चरित्रको वर्णन् गरे पछि पनि हरे
के जीवको पनि पाप बाकिँ होला र फेर रे
१०६२

के विना पुण्यले किर्ति पवित्र पाउला ? अनि
विना पाप कसैले के दुर्षकिर्ति पाउला र नि
हरि भक्ति सरी अर्को ठुलो लाभ छ के यहाँ
जीवै ब्रम्ह भए देखि परिपञ्च किन यहाँ
१०६३

जुन हरि भक्तिलाई समस्त
पुराण औ वेद सारा ती संत
हरूले छ वर्णनै जो गरेको
त्यहि लाभ लाभ हो खूब मिलेको
१०६४

पाएर पनि मानिस्को शरीर रामजी कन
भजिएन भने हाय ! फेरि हे हरिवाहन !
यो बराबरको हानी के केहि छ र लोकमा
पिशुनता बराबर्को के अर्को पाप छ यहाँ
१०६५

के दया तुल्यको अर्को धर्म होला र लोकमा
एवं प्रकारले धेरै गन्दथे युक्ति चित्तमा
सुन्तैनथ्यो कुरा सारा मुनिको आदरै गरी
सगुण ब्रम्हको पक्षलाई बार्बार त्यो घरी
१०६६

मैले दृढ गरनै लागे अनि ता छोक्किएर नै
मुनिले क्रोधका साथ बोल्नुभो वाणि फेर है
ए मूर्ख ! उत्तमै शिक्षा दिइरहेछु है म ता
सुन्दैनस् धेरै उत्तर् र प्रत्युत्र् ल्याउछस् तँ ता
१०६७

गर्दैनस् सत्य वाणिमा विश्वास अधम निच
झस्कन्छस् सब् कुराबाट कागजस्तो भई तँ त
तेरो हृदयमा दुष्ट ! आफ्नै पक्ष ठूलो छ है
जो झट्टै पक्षि चाण्डाल होई जा अब मूढ है
१०६८

श्राप दिनुभयो यस्तो लोमश मुनिले अनि
शिर माथि धरें मैले श्राप त्यो मुनिको पनि
मलाई न त डर् लाग्यो न लाग्यो केहि दुःख रे
तुरून्तै म भएँ काग अनि फेरि झुकेर रे
१०६९

मुनिका पाउ पंकज्मा प्रमाण गरी हर्षले
रघुवंश मणिलाई सम्झि चित्त प्रशन्नले
त्यहाँ बाट उडि एक् बृक्षमा म बसे गई
थिएन हर्ष विस्मात मलाई मनमा कहि
१०७०

हे अपर्णे ! जुन संत रामको पाउपद्ममा
अनुरक्त भई दृढ गरेर पनि चित्तमा
निस्काम निर्भय फेरि क्रोध रहित भै कन
देखने भैसकेका छन् राम मय जगत्कन
१०७१

गर्दछन् र तिनै फेरि कोसित शत्रुता हरे
आफ्नै प्रभुमय देख्छन् संसारमा समस्त रे
भन्नलागे अनि काग सुन्नुहोस गरूडजी
यसमा मुनि लोमशको दोष छैन कुनै रति
१०७२

रघुकुल भूषण रामजी नै
मन प्रेरक् हुनुहुन्छ बसि नै
कृपासिन्धो रामले नै दयाले
मेरो बुद्धिलाई झुक्याई ता रे
१०७३

परिक्षा नै लिएको हो त्यो मेरो प्रेमको पनि
मन कर्म र वाणिले आफ्नै दास भनेर नि
जान्नु भएर ता फेरि रामजीले मलाई ता
बदलिदिनुभो झट्टै मुनिको मतिलाई ता
१०७४

लोमश मुनिले मेरो सहनशीलता अनि
विश्वास देख्नुभो ठूलो रामका पाउमा पनि
अनि लोमश बार्बार भई आश्चर्य चित्तमा
पछूतो गरदै ठूलो र मलाई अनि तहाँ
१०७५

बोलाउनु भयो फेरि आदर साथमा अनि
संतुष्ट पार्नुभो धेरै मलाई प्रेम् गरेर नि
खुसी भैकन ता फेरि प्रेमले रघुनाथको
मन्त्र दिनुभो श्रद्धा पूर्वक जो अपूर्वको
१०७६

कृपासागर ती लोमश् मुनिले त्यो बखत्महाँ
मलाई बालकैरूप रामको ध्यान् पनि त्यहाँ
बताउनु भयो फेरि त्यो ध्यान सुन्दरै अनि
थियो आनन्दको दाता मलाई मन् पऱ्यो पनि
१०७७

सुनाएथें जुनै ध्यान मैले पैले हजूर्कन
त्यो ध्यान त्यहि हो स्वामी ! गरें जो अघि वर्णन
राख्नुभो मुनिले त्यहा मलाई केहि काल नै
भन्नु भयो त्यहि राम चरित मानसै सबै
१०७८

मलाई आदरै साथ त्यो अपूर्व कथा सब
सुनाएर पछि फेरि मुनि लोमशले तब
बोल्नुभो कामलै वाणि हे बाबु ! हे सुजान ! यो
अति गुप्त रहेको र मधुर् मीठो विचित्रको
१०७९

सुन्दर रामचरित मानस् शिव प्रसादले
पाएको हुँ सबै मैले पैले भन्दछु सत्य रे
आत्मिय रामका भक्त भन्ने सम्झि तिमीकन
मैले विस्तारका साथ गरें यो सब वर्णन
१०८०

जस्को हृदयमा छैन भक्ति श्री रामचन्द्रको
तेस्का नगीचमा कैल्यै रामलीला समस्त यो
न भन है तिमी बाबू ! भन्दै विविध रीतले
मलाई मुनिले धेरै सम्झाउनु भएर रे
१०८१

आफ्नै हातले मेरो मुसारेर शिरै पनि
प्रेमले आशीषै धेरै दिनु भो मुनिले अनि
तिमी श्री रामका प्यारा भइ अब निरन्तर
सारा सत्गुणका खानी होऊ अब जगत्भर
१०८२

होऊ इच्छा रूपि इच्छा मरण
रहे हर्दम् रामजी कै शरण
भए खानी ज्ञान वैराग्यको र
होऊ नित्यै रामका जन र
१०८३

अब तिमी भगवान् रामलाई
स्मरण् गर्दै हृदयैमा रमाई
गई जुन आश्रमैमा बसौला
बसी जहाँ राम भज्दै रमौला
१०८४

ढाक्ने छैन अविद्याले त्यहाँ एक् योजर्न तक
प्रकट् हुने ति मायाले काल कर्म र शोक त
गुण दोष र बानीका कुनै दुख्ले तिमी कन
गर्ने छैन अब व्याप्त भन्दछु सत्य यो भन
१०८५

रामका अतिनै राम्रा मनोहर विचित्रका
नाना तरहका लीला रहष्यहरू धेर ता
प्रकट अथवा गुप्त रहेको यो जगत् महा
पुराण र इतिहास जो जो छन् जति लोकमा
१०८६

विना परिश्रम तिम्ले जान्नेछौ त्यो रहस्य ता
रामका पाउमा नित्य लागोस् प्रेम बढेर ता
गरौला मनले इच्छा जो त्यो सब तिमी कन
दुर्लभ् केहि हुने छैन राम प्रसादले सुन
१०८७

धीरमते ! हरिवाहन् ! मुनीश लोम शजीको
आशीर्वाद वचन् यस्तो सुन्नाका साथ फेर जो
गम्भिर ध्वनीले ब्रम्ह वाणि भो नभमा अनि
ज्ञानी मुनीश तिम्रो यो वचन अनुसार नि
१०८८

त्यस्तै हुनेछ यो मेरो मन वाणि र कर्मले
हो भक्त सत्य सब् होला तिम्रो आशीरवादले
सुन्दा आकाश वाणि यो मलाई हर्ष भो अनि
डुबे म प्रेम सागर्मा आनन्द मग्न भै कति
१०८९

सन्देह दूर भयो सारा अनि विन्ति गरीकन
आज्ञा पाएपछि फेरि मुनिको खुसी भै कन
बारंबार शिरै राखे मुनिका पाउपद्ममा
अति आनन्दले आए नील् गिरि आश्रमै महाँ
१०९०

राम प्रसादले पाएँ यस्तो दुर्लभको वर
सुन्नुहोस् हे हरि वाहान बस्ता बस्तै यहाँ फिर
वित्ति सक्यो अहो धेरै सत्ताइस् कल्प ता अनि
नित्यनै गर्दछु गान प्रभुका गुणकै पनि
१०९१

सुन्दछन् आदर साथ पक्षि धीमान यी सब
भक्त कल्याणका निम्ति रामजीले पनि जब
गर्नु हुन्छ अयोध्यामा नरको गाथ धारण
लीला अनुपमै गर्दै भूमिको भार नाश न
१०९२

त्यसै त्यसै बखत्मा ता जान्छु अवधमा म ता
हेर्दछु रामको वाललीला त्यहि बसेर ता
हेरेर हर्षितै हुन्छु हे पक्षिनाथ ! लौ भनी
प्रभुको सुन्दर बाल रूप हृदयमा पनि
१०९३

राखेर अनि फर्कन्छु आफ्ना आश्रममा म त
हे स्वामी ! सुन्नुहोस् मैले जे कारण्ले गरेर त
कागको देह पाएको थिएँ त्यो सब् कथा पनि
सुनाएँ हजूरैलाई विस्तारपूर्वकै पनि
१०९४

समस्त प्रश्नको उत्तर दिएँ तात ! हजुरको
ठूलो छ रामभक्तिको महिमा ता अनन्त जो
जस्बाट रामका पाउपद्मा प्रेम लाग्न गो
दर्शन् पाएँ अनि फेरि आफ्ना ती प्रिय रामको
१०९५

भयो दूर सबै शंका त्यो यो काग शरीर् कन
तसर्थ प्राणझै प्यारो मेरो छ देह यो झन
केवल भक्तिको पथ्को मात्र नै हरिवाहन !
हट गरि रहेको नै थिएँ ढीट भईकन
१०९६

ती महा मुनिले श्राप दिनुभो क्रोधले पनि
हेर्नुहोस फणिशत्रो ! भजन्को महिमा पनि
ठूलो रहेछ है कस्तो ? साधु मुनि र सन्तले
पाउने कष्टले मात्रै पाएँ दुर्लभ वर रे
१०९७

यस्तो भक्तिलाई जनै जो
छाडी दिन्छन् ज्ञानी बुझि कनै पो
खाली ज्ञान्का निम्तिमा यो जगत्मा
परिश्रमै गर्दछन् जो मनैमा
१०९८

त्यस्ता मूर्खहेरू घर्मा रहेकि
कामधेनूलाई बाहिर फेंकी
दूधको निम्ति खोज्दछन् आंकलाई
यता उति घुम्दछन् कष्टपाई
१०९९

वैनतेय सुन्नुहोस् जो नरैले
हरि भक्तिलाई छाडी कनै रे
सुख खोज्छन् अरू उपायले ता
भने तेस्ता मूर्खहेरू हरे ता
११००

आफ्नो मूर्ख्याईले गर्दा विना नाऊ पनि हरे
पौडी अगम सिन्धुमा खोज्दछन् पार जान रे
दुर्गे ! भुशुण्डिको यस्तो सुनेर वचनै पनि
बोल्न लागे मिठो वाणि खुसी भै गरूडै अनि
११०१

प्रसादले प्रभुको ता मेरो हृदयमा अब
सन्देह शोक औ मोह भ्रान्ति छैन कुनै सब
सुने पवित्र गुणकिर्ति मैले रामजीको प्रभो !
कृपाले प्रभुको ठूलो पाएँ विश्राम आज जो
११०२

कृपानिधे हजूर्का नै साथमा एक् कुरा अब
सोद्धछु त्यो बुझाएर मलाई भन्नुहोस् सब
वेद पुराण औ फेरि संत मुनिहेरू पनि
'ज्ञान सदृशको दुर्लभ् चीज छैन कुनै 'भनी
११०३

भन्दछन् लोकमा फेरि हे प्रभो ! मुनिले पनि
त्यही नै ज्ञानको शिक्षा प्रभुलाई समेत नि
गरेथे मुनि लोमशले प्रभुले ता भने प्रभो !
भक्तिको जत्तिको श्रद्धा तेस्मा गर्नु भएन पो
११०४

हे स्वामी ! कत्तिछ अन्तर् ज्ञान औ भक्ति विचमा
आज्ञा होस् सबै आज दया गरी कनै म मा
सर्प शत्रु ति राजाको सुनेर वचनै सब
धीमान कागले मन्मा माने आनन्द खूब त
११०५

अनि आदरका साथ बोले यहि प्रकारले
भक्ति औ ज्ञानका बीच्मा केहि छैन फरक्त रे
भव संभव दु:ख्लाई दुवैले हर्दछन् सब
हे पक्षिश्वर ! हे नाथ ! सुन्नुहोस् अरू तब
११०६

बताउँछन् फरक् केहि मुनिशहरू त यहाँ
सावधान भई त्यो ता सुन्नुहोस् सब चित्तमा
ज्ञान वैराग्य विज्ञान योगहरू सबै थरी
पुरूष जाति हुन् नाथ ! सुन्नुहोस् अब यो घरी
११०७

पुरूषको प्रवल् हुन्छ प्रभाव सब रीतले
आवलाहरू ता हुन्छन् दुर्वलै जड जात रे
जो विरक्त धीर बुद्धि पुरूषहरू छन् अनि
त्याग्न सक्छन् तिनै मात्र स्त्रीलाई तृणभैं पनि
११०८

पूर्ण ज्ञान निधान ती मुनीहरू पनि मृगनयिनी
देख्दा चन्द्रवदनी स्त्रीकन हरे व्याकुल हुन्छन् पनि
नारी कै रूपले प्रकट् जगतमा माया भएकी छ त्यो
यो कुरा बीच पक्षपात गरूड ! राख्दिन केहि म जो
११०९

वेद पुराण साधुको बताउँछु अनुभव
हुदैनन् मोहितै स्त्रीका रूपमा नारी ता तब
अनौठा छ हरि वाहन् ! यो निति जगमा पनि
माया भक्ति दुवै फेरि हुन् यी ता नारीनै अनि
१११०

यो कुरा जान्दछन् सारा नारीवर्गहरू पनि
अत्यन्तै प्रिय छन् भक्ति भगवान् रामको अनि
माया विचारी ता खालि नर्तकी मात्र हुन् हरे
अनुकूल् रहनुहुन्छ भक्तिको वश राम रे
११११

तसर्थ रामकी प्यारी भक्ति देखि जगत्महा
अत्यन्त डर्दछिन् माया हे नाथ ! भित्र चित्तमा
जसको मन पंकजमा कारण निरपेक्ष र
उपमा हिनको ठूलो निरूपाधि मनोहर
१११२

अवधित भई भक्ति बस्तछिन् है निरन्तर
माया संकोचितै हुन्छिन् देख्दा ती जन भैं डर
देखाउन कुनै आफ्नो शक्तिनन् प्रभुता अनि
गरी विचार ता यस्तो ज्ञानवान् मुनि नै पनि
१११३

सम्पूर्ण सौख्यले पूर्ण भएकि भक्ति माग्दछन्
रामकै पाउमा आफ्नो मन स्थिर गराउछन्
चाडै जान्दैन कोहिले रामको यो रहस्य ता
जान्यो राम कृपाले नै भने यस्तो रहस्य ता
१११४

सपनामा पनि मोह हुदैन त्यो कनै अनि
हे परम् चतुर स्वामी ! सुन्नुहोस अरू पनि
सुन्नाले जुन् कुरा नाथ रामका पाउपद्ममा
प्रेम हुन्छ अवच्छिन्न अनपायिनी चित्तमा
१११५

ज्ञान औ भक्तिको भेद पनि सुन्नुहओस त्यो
भन्न पनि सकिदैन जो बुझिन्न पनि अहो !
अकथनिय कहानी सुन्नु होस् समस्त कि
ईशका अंश हुन् नाथ ! जीवहरू सम्स्त यी
१११६

अविनाशी छ यो जीव चेतन् र निर्मल छ है
यो माथिछैन केहि ता आनन्द पूर्ण छ सधैं
यो जीवहरू मायाको भएर वश फेरि यो
सुगा औ वानरैको फन्दामा परि बाधियो
१११७

जड र चेतन गाठो पर्‍यो दृढ भएर ता
झूटो हो हुन ता गाँठो सत्य होइन फेर ता
फुकाउन पर्‍यो गाह्रो विचरा जीवलाई रे
गाँठो परेपछि जीव संसारी भो डराई रे
१११८

फुक्नसक्तैन त्यो गाँठो सुखीबन्दैन त्यो अनि
उपायता भनेको वेद पुराणले पनि
फुक्तैन अझ त्यो गाठौ उल्भिन्छ बढता अझैं
जीवको हृदयै भित्र ज्यादा छ अन्धकार नै
१११९
कसरी फुक्छ त्यो ग्रन्थी देखिदै देखिइन्न पो
पारी देला जब यस्तो संजोग ईशले अहो !
तब कदाचितै गाठो फुकि हाल्दछ की अनि
सुन्नुहोस हरिवाहन ! भन्दछु त्यो कुरा पनि
११२०
जैले परमेश्वरैका कृपाले
श्रद्धा रूपि सात्वकी वेश ता रे
लैनागाई दिल् रूपि गोठ भित्र
बस्ती आई स्थिर् भई चित्त भित्र
११२१
वेद्ले वर्णन् गरिएका जप तप व्रत अनि
यम नियम इत्यादि सुन्दर उत्तमै पनि
कल्याणकारीका धर्म आचरणहरू छन् जति
तिनै धर्म रूपि राम्रा घाँस हुन् हरिया अति-
११२२
जब श्रद्धा रूपि गाई चर्लि त्यो घाँसमा अनि
भाव रूपि अति सानो पाई बाछि कनै पनि
त्यो श्रद्धा रूपिणि गाई पग्लोस दिलमा अनि
वृत्तिलाई बनाओस जीवले नउनी पनि
११२३
बनाओस् गउवा फेरि विश्वासलाई हर्षले
आफ्नो निर्मल् मनैलाई गोठालो नै गरोस् रे
हे भाई अनि ज्यादा नै धर्म रूपि दुधै पनि
दुहि अंकामता रूपि अनलमा लगेर नि
११२४
तताओस् परम धर्म रूपि दूध पनि खूब
फेर् क्षमा रूपि पंखाको अति संतोष् रूपि शुभ
हावाले त्यो दूधैलाई चिसो पारीकनै अनि
हालोस ठिक्क पारेर धैर्य रूपि ज्वरन् पनि
११२५
जमाओस् त्यो दूधलाई त फेर
परम् धर्मरूपि दूधै जमेर
बनेको त्यो मुदिता बानी रूपि
दहिलाई फेरि विचार रूपि-
११२६
-मधानीले दमै रूपि डोरी बांधेर ता अनि
मथि सकेपछि निर्मल् वैराग्य रूपिको पनि
उत्तम् पवित्रको मख्खन् निकालोस् अनि पछि
योग रूपि ठूलो आगो फेरि दन्किई धेर कि
११२७
शुभाशुभ् कर्म रूपिका ल्याओस दाउरा पनि
बुद्धि रूपिणि गृहिणिलाई अह्राई ता अनि
पगाल्न त्यो लगाओस् वैराग्यरूपि मख्खन
ममता रूपि मल् सारा जले पछि त जो छन्
११२८
खरारीको ज्ञान् रूपि धीउलाई
बुद्धि रूपि गृहिणिले रमाई
सेलाओस् है तेसलाई लगेर
विज्ञान् रूपि बुद्धि फेरि गएर
११२९
पाए पछि सफा धीउ तेस्लाई चित्तरूपिको
दियोमा नै भरी ठूलो समता रूपि फेरि जो
पानसमा बलियो पारी राखोस अनि फेरि त्यो
देहरूपि रूवाबाट जाग्रत् स्वप्न सुषुप्तिको
११३०
तीन थरी अबस्थाका कारण सत्व रज तम
यी तिन गुण् रूपि बीज निकालून् फेरि हर्दम
तुरीय रूपिको बत्ति दृढ हिफाजतै सित
बनाउनू अनि एवं रीत गरेर फेरि त
११३१
बत्तीको त्येस डोरामा ठूलो विज्ञान रूपिको
तेज सल्काउनु फेरि अनि ता ज्ञान रूपिको
बत्ती बल्दछ तेसैमा जाना साथ नगिचमा
जल्दछन् मद् आदिका पतडङ्गहरू छिनमा
११३२
'स अहम् अस्मि 'को यस्तो अखण्ड वृत्ति हो जुन
प्रचण्डको शिखा हो त्यो त्यो ज्ञान दिपको सुन
आत्माको अनुभव जन्य सुख प्रकाश हुन्छ र
भवका मूल कारण्का भेद् भ्रान्ति नष्ट हुन्छ र
११३३
अविद्याका बलवान परिवारहरू पनि
मोह मद् आदिका सारा जो जो छन् सब ता अनि
तिनीहेरू रूपि तम नाश हुन्छ सबै अनि
पाउछे बुद्धिले फेरि उज्यालो प्रष्ट साथ नि
११३४

हृदय रूपि कोठमा बसेर अनि हर्षले
थाल्छे फुकाउनै ग्रन्थि प्रज्वल्लित् दिप साथ रे
फट्टै फुकाउनै पायो त्यो गाँठो यदि कोहिले
भने त्यो जीव कृतार्थ हुन्छ पाएर मार्ग रे

११३५

यो गाठो फुक्न लागेको थाहा पाइन् भने यदि
मायाले गर्दछिन् विघ्न अनेक थरि फेर कि
पठाउँछिन् तिनैले ता ऋद्धि सिद्धि कनै पनि
अरू अरूहरूलाई पनि जम्मा गरी अनि

११३६

लोभ देखाउँछन् आई ती सब्ले बुद्धिलाई ता
कल् बल् छल् पनि गर्दै गई नगीच फेरि ता
आचल्का छेउले दिन्छन् निभाई ज्ञान दिप त्यो
रहिन्छन् बुद्धि ता खूब होसियार भने अहो !

११३७

जानी अहित सब्लाई हेर्दै हेर्दिन त्यो तिर
यदि त्यो विघ्न साराले बुद्धिलाई गई फिर
सकेनन् बाधितै गर्न भने तेस बखत् महाँ
उपद्रो गरनै लाग्छन् अनि फेर् देवले तहाँ

११३८

झ्याल छन् इन्द्रियै द्वार रूपि नाना प्रकारका
ती झ्याल झ्यालमा अड्डा जमाईकन फेर ता
हुन्छन् बसिरहेका र तिनी हेरू अनि पछि
हुरी आउँन लागेका देख्दछन् विषयै रूपि

११३९

खोल् दिन्छन् झ्यालका खापा जबरजस्तिले अनि
हृदयै रूपि घर् भित्र जब त्यो हुरी पस्छ नि
तुरून्तै अनि ता तेस्ले त्यो विज्ञान रूपि दिप
निभाई हाल्दछ झ्याप्पै तम पारेर हा ! शिव

११४०

फुकेन गाँठो पनि ता हरे अनि
हट्यो उज्यालो मनको सबै पनि
विषय रूपि हुरी आउदा पनि
बुद्धि गृहणि विकलै भई पनि

११४१

इन्द्रियहरूका नेता भएका देवता कन
ज्ञान पर्दैन मन् कैले सुन्नुहोस् हरिवाहन !
विषय भोगकै माथि रहन्छ प्रेम हर्दम
विषय रूपि आँधिले बुद्धि चाहिँ अकल् गुम

११४२

भई गई अब फेरि त्यस्तो मेहनतै गर
को बालोस त्यहाँ दीप सर्जामहरू ठिक् गरी
जीवले पाउछ दु:ख संसारी विविध थरी
परमेश्वरकी माया अति दुस्कर्छ बेसरी

११४३

पार पुग्न सकिदैन त्यसको दु:ख छन् अति
ज्ञान भन्ने चीजै नै ता भन्नैलाई पनि कति
कठिन् छ र कसैले यो भनी हाल्यो भने पनि
बुझ्नै लाई कठिन् पर्छ बुझिहाल्यो भने पनि

११४४

कठिन् छ साथना तेस्को घुंडाक्षर् न्यायले गरी
भयो भने पनि साधन् विघ्न पर्दछ बेसरी
कृपाण धार हो ज्ञान मार्ग ता हरिबाहन !
त्यसमा परना साथ बेर लाग्दैन काटिन

११४५

यदि निबिघ्नका साथ बिरला कोटि एकले
पुरा गर्दछ त्यो मार्ग भनेता अनि तेसले
पद पाउँछ कैवल्य जितेर सब लोकनै
कैवल्य पद अत्यन्त दुर्लभ छ भनेर नै

११४६

पुराण वेद औ शास्त्र सन्तले भन्दछन् सधैं
रामको भजनै गर्दा त्यहि दुर्लभ स्थान नै
नगरे पनि आफुले इच्छा जवरजस्तिले
आउँछे अनि ता स्वामी ! लागी हर्दम पछाडी रे

११४७

जस्तो कोटि थरीले नै उपाय जे गरे पनि
विना स्थल रहदैन जल जगतमा अनि
तेस्तै विना हरि भक्ति मोक्ष सुख् रहदैन है
विचार यो गरी मन्मा हे हरिवाहन ! सधैं

११४८

तेस्ता बाठा रामका भक्त जन्ले
नराखेर मुक्तिको खायसै रे
भएका हुन् लुब्ध भक्ति पथैमा
गर्नाले नै भक्ति श्री राममहा

११४९

हे गरूड ! विना यत्न परिश्रम विना पनि
भवको मूल कारण् यो अविद्या नाश हुन्छ नि
जस्तै भोजन गरिन्छ तृप्ति औ हित निम्तिमा
पचाई दिन्छ भोजन् त्यो जठराग्नि छिनैमहा

११५०

सुन्दैमा हरि भक्ति छ त्यहि सरी आनन्दको दायिनी
मन् पर्दैन त जो कनै प्रभुजीकी त्यो भक्ति अन्यायीनी
त्यस्तो मूढ पनि अहो ! गरूडजी ! होला र को लोकमा
आनन्दै सुख दायीनी प्रभुजीकी छोड्ला र भक्ति यहाँ
११५१

नभै कनै सेवक सेव्य भाव
जस्तो सुकै नै गरिऊन् वचाव
संसार सिन्धु सहजै तरिन्न
तरे विना वास्तव शान्ति हुन्न
११५२

यस्तो अपेल सिद्धान्त गरी विचार चित्तमा
रामको चरण पद्म भज्नु होस सदा यहाँ
जुन् प्रभु चेतन लाई जड् र जड कनै पनि
चेतना गरनू हुन्छ खेल भ्कैं पल मै अनि
११५३

उस्ता सर्व शक्तिमान दयालो
रामलाई भज्दछन् जो कृपालो
तिनीहरू प्राणि हुन् धन्य सव्मा
छैनन् तिनी तुल्य कोहि जगत्मा
११५४

बुझ्काएर भने मैले ज्ञानको सिद्धान्त यो सब
प्रभाव सुन्नुहोस् भक्ति मणिको पनि यो अब
यो चिन्ता मणिका सामु हे नाथ ! सुन्नुहोस् है
मोह रूपक दारिद्रय कुनै ता आउदैन है
११५५

लोभ रूपि प्रभञ्जनले निभाउँदैन त्यो कन
अविद्या रूपि बलवान् नाशिन्छ तिमिरै भ्कन
मद मान कपट् रूपि सलहका बथान नै
निभाउन मणिलाई सक्तैनन् थाकिता सबै
११५६

भक्ति चिन्तामणि जस्कोा दिलमा
रहन्छ है तेसका नगीचैमा
जादैनन् ती काम क्रोधादि भ्रष्ट
तेस्का तेज्ले भाग्दछन् भै ति नष्ट
११५७

यो महाम्रणिको धारण् गर्नाले हृदयैमहा
विष् पनि अमृतै तुल्य हुन्छ जान जगत्महा
हुन्छन् शत्रु पनि मित्र पुजिन्छन् सब लोकमा
विना त्यो मणिले कोहि सुख् पाउदैन लोकमा
११५८

जस्को फेला परी जीव दु ःखी हुन्छन् सबै खुबै
तेस्ता ठूला ठूला भारी मानसै रोगले कुनै
यो चिन्ता मणिको धारण् गरने प्राणिलाई ता
व्याप्त गरन सक्तैनन् भाग्दछन् दूर भै ति ता
११५९

राम भक्ति रूपि चिन्तामणि जस्को दिलै महा
रहन्छ त्यसलाई ता सपनामा पनि यहा
हुदैन दु ःखको केहि लवलेश पनि यहा
ब्रम्हाण्ड भरिमै ठुलो प्राणी हो तेहि लोकमा
११६०

जस्का हृदय ढुकुटि वीचमा सुन्दरै अति
राम भक्ति रूपि रहन्छ चिन्तामणि फिजी द्युति
परम् प्रकाश स्वरूप हुन्छ त्यो दिन रात नै
चाहिदैन त्यसैलाई दियो दिप घिऊ कुनै
११६१

भक्ति मणि पाउनाका निमित्त
जस्ले राम्रो यत्न गर्दैछ नित्य
तेहि प्राणि सकल यो जगत्मा
बाठो चूडामणि हो जान मनमा
११६२

यद्यपी प्रकटै छ त्यो भक्ति मणि जगत् भरी
तथापि हे प्रभो ! रामकृपा विनु कसै गरी
पाउँदैन त्यसलाई कोहिले पनि लोकमा
उपाय पनि सुगम् छ त्यसको पाउने यहाँ
११६३

तर हुत् भाग्य औ मूढ प्राणिले त्यसलाई ता
लत्याईकन हुत्याई दिन्छन् पर पुर्याई ता
पवित्र पर्वतै हुन्ति शास्त्र वेद पुराण त
तिनै गिरि भरी राम कथा रूपि अनेक त
११६४

राम्रा सुन्दर खानीछन् हे स्वामी ! तेस खानीको
भेद जान्ने संत हुन् सारा कोदाली सदबुद्धि हो
तेजिला ज्ञान वैराग्य दुवै नजर हुन् अनि
जो प्राणि प्रेमले व्याकुल भएर खोज्दछन् पनि
११६५

ती सबै सुखको खानी भएको रघुनाथको
भक्ति चिन्ता माणिलाई पार्छन् फेला गएर पो
मेरो मन्मा त् हे स्वामी !राम भन्दा पनि ठूला पनि
ठूला हुन् रामका भक्त यस्तो विश्वास दृढ छ नि
११६६

राम सागर हो धीर बुद्धि सज्जन मेघ हुन्
चन्दन वृक्ष हो राम संत शीतल् समीर हुन
जन्मनाको फलै सुन्दर , भक्ति हो सब प्राणीको
विना सत्संग तेस्लाई पाउदैन नि कोहि पो

११६७

यो विचार गरी मन्मा गर्दछन् सतसंग जो
भक्ति चिन्ता मणि ठूलो तेस्लाई मिल्छ झट्ट पो
ब्रम्ह समुद्र हो ज्ञान मन्दराचल् पहाड हो
संतहरू सुरै हुन् औ तिन्ले मन्थन् गरेर जो

११६८

जस्मा भक्ति रसले मुछिएको
झिक्छन् कथा रूपि अमृत रे पो
हरि भक्ति रूपिणि वीर नारी
विराग् रूपी ढाल लिएिर भारी

११६९

ज्ञान रूपि खड्ग लिई खडा रे
मद मोह लोभ इत्यादिका रे
ना ना थरि शत्रुको वध् गरेर
पाउँदछे विजय नित्य हेर

११७०

यो कुरा हेर्नु होस् सोची हजुर्ले भित्र चित्तले
भन्ने भुशुण्डिले वाणि सुनेर यो गरूडले
भन्दछन् अनि यो फेरि अतिव आदरै गरी
भक्ति र प्रेमका साथ हात जोरेर त्यो घरी

११७१

कृपालो ! हे नाथ ! मेरा उपर्मा
यदि प्रेम छ भने भित्र दिल्मा ?
हजुरैमा विन्ति गर्छु म ढेरी
शिरै राखी पाउमा नाथ ! फेरि

११७२

मलाई आफनो दास जानी अब हजुरले
सात् प्रश्नको दिनुहोस् उत्तर , विस्तार साथले
हे नाथ ! हेधीर बुद्धे ! यो पैले भन्नु हओस की
दुर्लभ देह सबभन्दा कुन् हो ब्रम्हाण्ड भित्र की

११७३

सबै भन्दा ठूलो दु :ख कुन् हो जगतमा ? अनि
फेरि कुन् हो अति ठुलो सुख्ख सब् भनदा पनि
विचार गरी यो सारा कुरा पनि हजुरले
संक्षेपले सबै ऐले मलाई भन्नु होस रे

११७४

जान्नु हुन्छ हजूर मर्म संत फेरि असंतको
बताउनु हओस् तिन्का स्वाभाविक स्वभाव् त्यो
वेद प्रख्यातका ठूला धर्मात्मा कुन प्राणि हो ?
पाप हो फेरि कुन् ठूलो वेद प्रख्यातका ति जो ?

११७५

प्रभु सर्वज्ञ औ धेरै दयालु हुनुहुन्छ है
मानस रोग हुन् कुन के ? बुझाई भन्नु होस है
गरूड्को सुनी त्यो विन्ति अम्बिके अनि त्यो घरी
भने भुसुण्डिले फेरि यस्ता तरहले गरी

११७६

श्रद्धा साथै सुन्नुहोस् आज नाथ !
यो नीतीमा धेर नै प्रेमसाथ
स्वामीलाई भन्दछु तात ! ऐले
संक्षेपैले मुख्य मूख्यै सबै रे

११७७

चराचर जीवले नित्य मागछन् जुन देह नै
त्यो नर देह जस्तो अर्को छैन शरीर नै
मोक्ष स्वर्ग नरक्को नै सिढि हो नरदेह यो
ज्ञान वैराग्य भक्तिको सुख पनि दिन्छ फेर यो

११७८

त्यो नर देहको धारण् गरेर पनि जो हरे !
विषय लम्पट मूढ निच औ मूर्ख बन्छ रे
भज्दैनन् रामजीलाई भने तीनीहरू प्रभो !
मानौ पारस् मणिलाई टिपेर हातले अहो !

११७९

मिल्काएर पर तेस्का सट्टामा फेरि ता हरे !
टिप्दछन् काँचको टुक्रा यो हो पैलो जवाफ रे
दारिद्रय सरीको दु :ख अर्को छैन जगत्महा
द्धितिय प्रश्नको उत्तर् यहि हो हे गरूड ! यहा

११८०

सुख्खै छैन कुनै अर्को संत मिलनको सरी
मनसा कर्मणा वाचा परोपकार बेसरी
गर्नु नै सुजन संतहरूको यो स्वभाव हो
अर्काको हितको निम्ति सहन्छन् साधु दु :ख जो

११८१

विगार गर्नको निम्ति अरूको दुर्जनै सब
सहन्छन् लोकमा दु :ख अभागी मूढ नै तब
सताउन अरूलाई दुष्ट ता मूढ भै हरे !
रहन्छन् तत्परै आफै बरू सहन दु :ख रे

११८२

संतहेरू दिन दयालो हुनाले
भुर्जे वृक्ष भैं भएरै सदा रे
पर हित निम्ति मानै दयाले
सहन्छन् ती आपतै ठूल्ठूला रे
११८३

सनपाट सरि मूढ भएर दुर्जनहेरू
कढेर आफ्नो छाला पनि कष्ट सहि बरू
गर्दिन्छन् परको बन्धन अनि आफू पनि हरे !
सहदै आपतै धेरै मर्दछन् कष्ट साथ रे
११८४

विना स्वार्थ पर जन्को गर्नाले अपकारनै
मूसा औ सर्पका तुल्य हुन्छन् दुष्टहरू सबै
जसरी असीना बालि नाली बर्बाद पारदै
बिलाउँछन् अनि आफु पनि छिन्मै विनष्ट भै
११८५

तेहि भैं गरदै दुष्ट नष्ट हुन्छन् जगत्महा
सुख सम्पत्ति अर्काको व्यर्थै नाश गरदै यहा
जस्तै अधम् र दुख दायी ग्रह त्यो धूमकेतुको
उदय जगपीडाको कारण् को हुन्छ सेतु पो
११८६

जस्तै चन्द्र सूर्यको उदय यो लोकमा सुखदायी छ
तेस्तै सज्जनको जनम् त् हरदम् दिन्छन् सुखैशान्ति त
प्रख्याते सब वेद शास्त्र भरीको धर्मै अहिंसा छ है
पर निन्दा सरिको अति गहरूंगो छैन कुनै पाप नै
११८७

हरि औ गुरूको निन्दा गर्ने अधम लोकमा
भ्यागुतो हुन्छ जन्म सहस्र सम्म लोकमा
पाउँछ तेहिनै चोला अनि हे हरिबाहन !
द्विज निन्दक् नरक् भोग गर्दछ दु :ख् सहिकन
११८८

जन्मन्छ कागको चोला लिएर फेरि लोकमा
अभिमानी भई जो ता ब्रेद औ देवको यहाँ
निन्दा गर्छन् तिनै प्राणी पर्दछन् रौरव महा
साधु औ संतहेरूको निन्दा गर्नेहरू यहा
११८९

हुन्छन् उलूक ती सारा तिनीहेरू कनै हरे!
ज्ञान् रूपि सूर्यले हीन मन् पर्छ मोह रात रे
जो मूर्ख सबको निन्दा गर्दछन् ती सबै अनि
चमेराको अधम् चोला लिन्छन् जगतमा पनि
११९०

तात ! अब जसबाट सबैले
रहेका छन् दु :ख पाई कठै ! रे
ती मानस रोगका हाललाई
सुन्नुहोस स्वामी ! चित्त लगाई
११९१

समस्त रागेको मूल कारण मोह होअनि
त्यसैबाट सबै रोग हुन्छ उत्पन्न फेर् अनि
बातको रोग हो काम कफ दुष्हर लोभ हो
पित्तको रोग हो क्रोध छाति हर्दम जल्छ पो
११९२

यदि यी तीन बन्धुले गरे प्रिति भने हरे
सन्निपात हुनै जान्छ दु :ख दायी अवश्य रे
अति दुर्लभका सारा विविध थरीका सब
मनोरथहरू छ न जो जति विषयका तब
११९३

तिनै हुन् शूलका रोग नामको जान्दछ हरे !
ममता दाद्रको रोग् इर्ष्या हो कण्डू रोग रे
हर्ष विष्मात ता सारा अनेक ग्रह हुन् ति रे
जस्ले संतप्त गर्दामा व्याकुल् छन् सब प्राणि रे
११९४

अर्काको सुख देख्दामा उब्जने दु :ख ताप जो
हे हरि वाहन ! त्यो ता अधम क्षयरोग हो
विगार अरूको गर्न उब्जने मनमा पनि
कुटिल ता अति हिन हो कुष्ट रोग नै अनि
११९५

अहङ्कार दु :खदायक् हो गलगण्ड रोग ता
कपट मद औ द भ अभिमानी समस्त ता
रोग् हो नहरूवा त्यो ता अनि अतिव भीषण
तृष्णा ता पेटको रोग्हो हे स्वामी !अति दुषण
११९६

तीनै थरी एषणा हेरू पो त्यो
गजबको तरूणा ति ज्वरो हो
मात्सर्य औ अविवेक पनि ता
शीत काम ज्वर हुन् ती अनि ता
११९७

फेला पर्‍यो भने एक रोगले मात्र नै हरे ?
मर्दछन् मानिस चाँडो कष्ट पाई अनेक रे
देहमा रहने नित्य यी रोगहरू ता हरे !
असाध्य औ अनि फेरि धेरै पनि यी छन् हरे !
११९८

निरन्तरै जीवकनै यिनैले
रहेका छन् पिडितै पारी नै रे
अब तेहि जीवले सौख्य शान्ति
पाओस् कसो गरी छाडेर भ्रान्ति
११९९

धर्म नियम आचार तप ज्ञानहरू पनि
यज्ञ द्यान जप सारा करोडौं औषधि प नि
छन् ता पनि तर रोग छुट्दैनन् ती सबै हरे !
मानस रोगले सार बधी जीव् बस्छ कष्टले
१२००

एवं रीत्ले भय हर्ष र शोक
इर्ष्या प्रिति मिलनै औ विछोड
यिनैले नै जीवहरू समस्त
छन् है लोक्मा दिन औ हिन लस्त
१२०१

गरें वर्णन यो मैले केहि मानस रोगको
लागीरहन्छ हर्दम् यो जीवलाई त रोग जो
तर ती रोगलाई ता विरला कोटि एकले-
- मात्रै लख् गर्न पाएका छन् यो लोक्मा विचारले
१२०२

जान्न सक्यो भने पापी ती रोगहरू ता अनि
अलिकति क्षिणै हुन्छन् शोभा उनान्शयै बनी
हुदैनन् निर्मूलै नै ता जन दुख्दायी ती सब
कुपथ् पर्‍यो भने फेरि विषय रूपिका तब
१२०३

पलाउँछन् ति ता फेरि मुनीका मनमा पनि
विचारा अरू ती जाबा नर के हुन् र ?हा !अनि
रामजीका दयाले नै यदि यस प्रकारका
संजोग् पर्न गए ठुला भने ती सब रोग ता
१२०४

नाश हुन्छन् सबै फेरि निर्मूल् भैकन लोकमा
रहोस् विश्वास सत् गुरू वचन रूपि पथ्यमा
विषयहरूको आशा नगर्नू रूपि संयम
रहोस् श्री रामको भक्ति रूपि फेरि अनुपम
१२०५

संजीवनी बुटि खास मनमा हे गरूड् ! अनि
श्रद्धारूपि अति मीठो रहोस अनुपान् पनि
एवं रीत्ले भने रोग राम्रो गरीकनै सब
होलान् हृदयमा नाश निर्मूल भैकन तब
१२०६

नत्र भने हरे ! स्वामी ! करोडौ यत्नै पनि
छुट्ने छैनन् यी रोगादि सत्य भन्दछु यो अनि
वैराग्य रूपि बल् बढ्दै आउँछ जब चित्तमा
निरोग् भयो भनी जान्नु पर्छ तब भने यहाँ
१२०७

नयाँ नयाँ भई नित्य भई दिन प्रतिदिनै जब
सत् बुद्धि रूपिणि भोक बढ्दछ चित्तमा तब
विषय रूपि कम्जोरी निर्मूल भैकन जान्छ पो
हुनेछ स्वस्थ्य औ राम्रो रोग सारा हटेर जो
१२०८

ज्ञानूरूपि निर्मलै जलले अनि त्यो मनले जब
नुहाउला तेहि फेरि अज्ञान रूपि मल् सब
हराई मनमा राम भक्ति व्याप्त हुनेछ है
नित्य नै रामको भक्ति बढ्नेछ चम्किएर नै
१२०९

ब्रम्हा शंकर व्यास पुत्र सनकै आदि ति चारैमुनि
परम् ब्रम्ह विचारमा प्रविण नै नारद्हरू धेर नि
जो जो छन् मुनीहेरू ती सकलको ' श्री रामका पाउमा
गर्नु पर्दछ प्रेम भक्ति ' भनने यौटै छ मत् लोकमा
१२१०

आकाशै भरि फुल्दछन् बरू कतै ती पुष्प नाना थरी
किन्तु श्री हरिका विमुख् मनुजले पाउन्न सुख क्यै गरी
तीर्खा मेट्छ गरूडजी ! बरू कुनै त्यो मिर्ग तृष्णा पिए
उम्रेला शिरमा बरू शशकको त्यो सिड० भै तिष्ण रे
१२११

चार वेद , शास्त्र पुराण आदिक सबै सत् ग्रन्थहेरू पनि
'राम भक्ति बिनु सुख् हुदैन जगमा 'यों भन्दछन् नित्य नि
क्वैदिनु केहि गरेर रोम प्रकटै होला कमठ् पीठमा
बन्ध्याको सुतले कसैकन बरू मर्ला गई लोकमा
१२१२

भास्कर्को गरला विनास जगमा त्यो अन्धकारादिले
प़ाऊदैन सुखै परन्तु प्रभुजी देखि विमुख् प्राणिले
हिऊबाट बरू अनल् प्रकट नै होला कुनै रीतले
श्रीराम् देखि विमुख् भई मनुजले सुख् पाउनेछैन रे
१२१३

मथ्दामा बरू जल् पनि घिउ बनी देला कुनै रीतले
निस्केला बरू तेल हे गरूडजी ! त्यो वालुवाबाट रे
ईश्वर्को भजनै विना जलधि यो तर्नै सकिदैन रे
यो सिद्धान्त अटल् छ यो जगतमा यो भन्दछु मसत्य रे
१२१४

श्री राम भुसुनालाई ब्रम्हा ब्रम्हा कनै पनि
भुसुना भन्दा सानो पलमै गर्नु हुन्छ नि
गरी विचार यो सारा छाडी सन्देह चित्तमा
बुद्धिमान हरू भज्छन् इश्वरलाई चित्तमा
१२१५
भन्दछु प्रण रोपेरै हजुर्का साथमा अब
छैनन् मिथ्या कुरा मेरो साँचो हुन् यी कुरा सब
जो मानिस हरिलाई भज्दछन् जगतै महा
यो दुष्तर भव सिन्धु तर्दछन् तिनी नै यहा
१२१६
हे नाथ ! आफ्ना बुद्धिको अनुसार
अनुपम हरि चरित्र सार
संक्षेपैले काहि औ फेरि नाथ !
भने काहिँ आज विस्तार साथ
१२१७
गाएँ सारा प्रेम औ भक्ति साथ
वैनतेय ! येहि हो सार बात
संसारैको भोगलाई त्यजेर
रामैलाई भज्नु पर्छ रमेर
१२१८
छाडी सारा काम काज रमाई
भज्नु पर्छ चित्तले रामलाई
बिर्सि सारा भोग विलाषलाई
भज्नु पर्छ दृढ भई रामलाई
१२१९
वेद्को सिद्धान्त हो येहि हे स्वामी !सुन्नुहोस् नि
भन्दछन् यहि नै वाणि सारा शास्त्र हरू पनि
जस्को छ ममता नाथ ! म जस्तो दुष्टमा पनि
करूणाका महासिन्धु तेस्ता राम त्यजी अनि
१२२०
गर्ने हो कसको सेवा लोकमा ? हरिवाहन !
ज्ञान रूप हुनु हुन्छ हजूर सच्चिदानन !
मोह छैन हजूरलाई खाली म माथिमा ठूलो
अनुग्रह दया राखी गर्नु भो आज यो भलो
१२२१
शुक सनक शम्भु र मुनिवृन्द समेतका
मनलाई सुख प्यारा भएका अति व्यापक
अति पावन श्रीराम चरित सोध्नुभो कथा
अति दुर्लभ यो जग्मा अति नै गोप्य हो तथा
१२२२
एकै निमेष नै मात्र भए पनि समस्तले
एकै घडी र ता फेरि एकै पटक मात्र रे
भए पनि जगत् बीच दुर्लभ छ सतसडऽ्ग है
हेर्नुहोस विचारेर आफ्ना हृदयमा सबै
१२२३
रामको भजनै गर्न थिए र लायकै म जो
सब भाँति अधम् पक्षि थिए म अपवित्र पो
दया निधान स्वामीले मलाई जगपावन
जग प्रख्यात पार्नु भो सुन्नुहोस् हरिवाहन !
१२२४
यद्यपी सब भाँतिले अति हिन थिए म ता
तथापी लोकमा आज धन्य धन्य म छु अहा !
मलाई आफनो दास जानेर रघुनाथले
संतसमागम आज दिनुभो अति प्रेमले
१२२५
आफ्नो बुद्धि अनुसार मैले आज भनें सब
राखीन मनमा कत्ति पनि गुप्त कुनै अब
रामको आचरण् रूपि पवित्र सिन्धुको पनि
के कसैले कहि थाहा पाउन सक्छ यो त नि
१२२६
हे दुर्गे ! रामको राम्रो अनेक थरि पावन
गुण गणलाई सम्झेर प्रेम मग्न भईकन
बुद्धिमान तिनी काग बारम्बार खुसी भई
भन्न लागे अनि फेरि गद् गद् नै भई
१२२७
जसको महिमालाई नेति नेति भनीकन
गाउँछन् वेदले सारा प्रेम मग्न भईकन
बल प्रताप प्रभुत्व जसको अतुलित छ
जस्को चरण ब्रम्ह औ शिवको पूजनिय छ
१२२८
तेस्ता श्रीरामले गर्नु ममाथि करूणा अहो !
परम कोमलता हो है प्रभुको यो अपारको
यस्तो स्वभाव ता नाथ !कहि पनि जगत्महा
देखेको पनि ता छैन सुनेको छैन कानमा
१२२९
राम बराबरै अर्को भनौं कस्लाई लोकमा
दयालु रामको जस्तो होला को र जगत्महा
साधक सिद्ध औ मुक्त उदासि कवि पण्डित्
निज आचार संपन्न सन्यासि अनि फेरि त
१२३०

योगी तपस्वि औ शूर धर्मात्मा र विवेकी जो
ज्ञानी शास्त्रिहरू आदि सब् जना लोकमा त यो
मेरो मालिक को सेवा नगरी कन ता हरे !
तर्दैनन् भव सिन्धु यो सत्य भन्दछु आज रे
१२३१

नमामी नमामी नमामी छ राम
शरण् पर्न जाँदा म जस्ता तमाम
अति परम राशी अधम् नै पनि ता
सहि हो पवित्रै ति बन्छन् अनि ता
१२३२

तेस्ता दयालो ! भगवन् ! हजूर्कन
गर्छु नमस्कार प्रभो ! भुकिकन
अतिव राम्रो छवि माधुरी छ जो
उहि हजूर्लाई नमामी गर्छू पो
१२३३

अविनाशि हजूर्लाई नमामी गर्दछु म ता
दिन वत्सल हे नाथ ! त्राहि त्राहि भनेर ता
तीन प्रकारको सारा संताप रूपिको बडो
दु ःखलााई हरण् गर्ने जसको नाम लोकको
१२३४

औषधी रूप हो नाथ !उनै दीन दयालु ती
भगवान हजूर्को औ मेरो उपर नित्यकी
अनुमुल रहून् भन्ने यस्तो काक भुसुण्डिको
अमृत सरिको मिठो मधुरो सुनि वाणि जो
१२३५

रामका पाउमा प्रेम देखेर तिनको अति
प्रेमम्पूर्ण निसेन्देह भएका वेतनेय ती
भन्न लागे अनि फेरि नाथ ! श्री रघुनाथको
भक्तिको रसमा मिश्रीत भएको यो अपारको
१२३६

हजुर्को वाणिले नाथ ! कृत कृत्य भएँ अब
माया जनित विपत्ति मेरो नाश भयो सब
बल्ल लाग्यो अति प्रेम रामका पाउपद्ममा
नष्ट भो अब ता चिन्ता दुख्ख सब् मनको यहाँ
१२३७

जहाज हजुर होइदिनुभो मोह सिन्धुको
मलाई दिनु भो सुख्ख विविध थरिको ठूलो
प्रत्यूपकार मै बाट हुन सक्तैन नाथको
हजुर्को पाउमा गर्छु वन्दना वार वार पो
१२३८

रामजीमा अनुराग गर्ने हजूर ता प्रभो !
पूर्णकाम हुनुहुन्छ सर्वदा शान्त सिद्ध जो
बडभागी हजूर् जस्तो कोहि छैन जगतमहा
हजूर्को बन्दना गर्छु नुहि शीश चरण्महा
१२३९

संत पर्वत औ वृक्ष पृथ्वी नदिको प्रभो !
कामहरू परहित्का निम्ति मै हुन्छ नित्यको
कविले सन्तहेरूका हृदयैलाई हे प्रभो !
'नौनी जस्तो 'भने किन्तु त्यसो भन्नपनि अहो !
१२४०

,जानेनन् तिनले सारा हे तात ! किन ता भने
पग्लन्छ नौनी ता नाथ ! आफै संतप्त भो भने
पवित्र संत पग्लन्छन् अरूले दु ःख पाउँदा
परहित् निम्तिमा तत्पर् रहन्छन् संतहरू ता
१२४१

जन्म औ जिन्दगी मेरो भयो सुफल प्रभो !
प्रभु प्रसादले नाथ ! सन्देह सब दूर् भयो
मलाई आफनो दास भनेर नाथ ! चित्तमा
नित्यनै सम्झनु होला विन्ति गर्दछु नाथमा
१२४२

बारंबार यसो भन्दै ती गरूडजीले अनि
राखे चरणमा शीर भक्ति पूर्वकले पनि
धीर बुद्धि गरूड्जीले प्रेम सहित भैकन
अम्बिके कागको पाउपद्ममाथि भुकि कन
१२४३

श्रीरामलाई राखदै चित्त महा
गए फेरि विष्णुको धाम माहा
संत समागम जस्तो भवानी
अर्को लाभै छैन केहि यहाँ नि
१२४४

विना हरि कृपाले त्यो हुन सक्तैन है भनी
भन्दछन् साधु औ संत पुराण वेदले पनि
भने मैले परम् पावन अम्बिके ! इतिहास यो
यस्लाई कानले सुन्नासाथ भै गिरिजे अहो !
१२४५

संसार बन्धनै छूट्छ भक्तजन् कल्पवृक्ष ती
कृपा समूह रूपि ता भएका रघुनाथजी
प्रभुका पाउ पंकज्मा पैदा हुन्छ प्रिति अनि
मिल्दछ परम शान्ति मोह दूर भएर नि
१२४६

कानैलाई चित्तलाई पनि ता
लगाएरै एक चित्तै बनी ता
जो यो कथा सुन्दछन् लोकमहा
श्रद्धा राखी रामका पाउ माहा
१२४७
तिन्का मन कर्म औ वचनको
सब पाप छुट्दछन् जानन यो
तीर्थ यात्रा आदिका साधनका
समूह र योग अभ्यास जून् ता
१२४८
वैराग्य ज्ञान औ पुण्य अनेक थरिका तप
धर्म कर्म व्रत दान संयम दम औ जप
विविध यज्ञ औ फेरि भूत द याहरू अनि
विप्र सेवा गुरू सेवा विद्या विनय नै पनि
१२४९
पूर्ण विवेक इत्यादि जतिसम्म सबै यि जो
वेद्ले छन् बताएका साधना प्राणिलाई जो
ती सबैको फल दुर्गे ! हो भक्ति अनपायीनी
वेद्ले वर्णन् गरिएको त्यो भक्तमणिलाई नी
१२५०
कृपाले रामजीको नै कोहि कोहि जगत्महा
पाउछन् विरला कोटि दुर्लभ छ नत्र लोकमा
विशवास मानि जो जन्ले हर्दम श्री रघुनाथको
यो कथा सुन्दछन् लोक्मा श्रद्धा राखीकनै बडो
१२५१
विना परिश्रम सारा तिनी ता मुनि दुर्लभ
पाउछन् हरिको भक्ति हुन्छ जीवन सूफल
रामको पाउमा जस्को मन छ अनुरक्त ता
सर्वज्ञ हो त्यहि प्राणि सम्फ यो मनभित्र ता
१२५२
त्यहि जन् हो भूषणै धरणिको
गुणज्ञ हो तेहि सब्मा बडी पो
पण्डितै हो त्यहि दाता पनि हो
धर्मै परायण पनि अनि पो
१२५३
त्यहिं व्यक्ति नीती निपुण हो है
त्यहि परम् चतुर वीर हो है
तेसैले नै वेदको धर्मलाई
ठीकै जान्यो सर्व सिद्धान्तलाई
१२५४
छल छाडेर जो रामलाई भज्दछ प्रेमले
विद्वान त्यहिनै हो र त्यहि हो कवि वीर रे
जहाँ भागीरथि गंगा छन् त्यो सुदेश धन्य हो
पतिव्रता धरम् पालन् गरने नारी धन्य हो
१२५५
जो न्याय गर्दछ राजा धन्य हो त्यहिनै अनि
त्यहिनै धन्य हो विप्र नडगृने धर्मबाट नि
त्यो धन्य धन्य छ जस्को गति प्रथम छ अनि
परिपक्क भई धर्म तत्परै हुन्छ जो अनि
१२५६
त्यहि नै धन्य हो बुद्धि अनि ता फेरि लोकमा
जैले संत संगतै हुन्छ धन्य हो त्यहि क्षण् यहा
अखण्ड ब्राम्हण भक्ति हुन्छ जुन जन्ममा अनि
त्यहि नै धन्य हो जन्म जीवको जान यो पनि
१२५७
सुन हे अम्बिके ! जस्मा राम भक्ति परायण
पवित्र जगतै पूज्य नम्र अनि अनूपम
मनुष्य प्रकटै हुन्छ कुल ता त्यहि धन्य हो
रामभक्ति सरी ठूलो अर्को धर्म हुदैन पो
१२५८
मैले बुद्धि अनुसार भने राम कथा सब
यद्यपि शैलजे ! मैले पैले यो चरितै सब
गुप्तै गरेर राखेको थिएँ भित्र त चित्तमा
तथापि गिरिजे ! तिम्रो मन पंकज भित्रमा
१२५९
प्राप्तिको लालसा धेरै देखेर शैलजे ! अनि
मेले श्री रामको लीला तिमीलाई समस्त नी
सुनाएँ अम्बिके ! आज प्रेम पूर्वक साथमा
नराखेर कुनै गोप्य भने लीला सबै यहा
१२६०
दुर्गे ! जो छन् दुष्ट हट्शीललाई
नभन्ने है यो कथा सामु आई
सुन्दैनन् जो फेरि चित्तै लगाई
रामलीला नभने तेसलाई
१२६१
लोभी कामी क्रोधीलाई पन ता
नभने है रामलीला अनि ता
चराचरै नायकै रामलाई
भज्दैनन् जो न भने तेसलाई
१२६२

नभने कहिल्यै फेरि ब्राम्हण द्रोहिलाई ता
त्यो विप्रद्रोहि होस है चाहे इनद्रभैं नृपति ती ता
तथापि नसुनाए हे सुमुखी ! त्यसलाई त
संतसङ्गम प्यारो छ अतिव जसलाई त
१२६३

राम कथा अधिकारी तिनै हुन् अम्बिके अनि
अतिव प्रेम छ जस्को गुरू चरणमा पनि
जो नीती तत्परै छन् औ ब्राम्हण सेविछन् पनि
रामकथा अधिकारी तिनै हुन् अम्बिके ! अनि
१२६४

लाग्नु हुन्छ त जस्लाई प्राण भैं प्रिय रामजी
सुखदायक हो धेरै त्यसलाई यो चरित्र की
चाहन्छन् प्रेम औ भक्ति जो ता श्रीरामपाउमा
निवार्ण पद नै यो ता चाहन्छन् जन चित्तमा
१२६५

त्यो जन भाव श्रद्धाका साथ यो रघुनाथको
कथालाई श्रवण पुट्ले पान् गरोस् प्रेमसाथ पो
कलिका पाप्हरूलाई समनै गरने अनि
मनका मल्हरूलाई हरणै गरने पनि
१२६६

मैले वर्णन् गरे सारा रामलीलाहरू कन
'यो कथा भवका रोगले ग्रस्त जनहरू कन
संजीवनी बुटीनै हो ' भनेर यसलाई जो
वेद पारङ्गतै गर्छन् बयान रामभक्तिको
१२६७

यस्मा राम भक्तिका मार्ग रूप
राम्रा राम्रा छन् सिडि सात खूब
कृपा हुन्छ रामको जसमाथि
राख्छ तेस्ले पाइला सीडी माथि
१२६८

पाठ गर्छ कपटै छाडी जो जन यो चरित्रको
सारा मनोरथै त्यस्ले सिद्ध पार्दछ चित्तको
जो नर भन्दछन् सुन्छन् मञ्जुर गर्दछन् पनि
ती भव सागरैलाई गोष्पद् भै तर्दछन् पनि
१२६९

शुभ पवित्र यो लीला सुन्दा त्यस बखत्महा
पार्वतिका मनैलाई लाग्यो अति प्रियै तहाँ
अनि भवानीले मीठो वाणिले भन्नुभो तहाँ
हे नाथ ! प्रभुको ठूलो करूणाले अहो !यहाँ
१२७०

भाग्यो मेरो सर्व शंका पनि त्यो
रामजीका पाउमा नै पनि त्यो
पैदाभैगो निर्मल प्रेमको नै
भक्ति पाएँ रामका पाउको नै
१२७१

प्रभो ! विश्वकानाथ ! मेरो पुरारे !
आए चन्द्र मौले ! दयालो !पिया रे
प्रभुको मलाई कृपा बर्षिनाले
भएँ धन्य कृत्कृत्य ऐले म ता रे
१२७२

प्रकट्भो सुदृढ भक्ति रामका पाउमा पनि
सिद्धिए भगवान् मेरा क्लेशहेरू सबै अनि
प्रभु प्रसादले नाथ ! पाएँ शान्ति त चित्तमा
हराए मोह औ सारा अज्ञानहरू चित्तमा
१२७३

कल्याण मूर्ति शम्भु औ दुर्गाको समवादले
आनन्द प्रकट गर्दै खेद्लाई नाश गर्छ रे
त्यो संवाद भव भञ्जन् मुनिमन् रञ्जनै अनि
सन्देहलाई दुर गर्ने सुख् गर्ने भक्त जन् पनि
१२७४

साधुलाई म नै पर्ने अनि जगतमा पनि
जो रामका उपालक् छन् आनन्द गतिका पनि
प्यारो छैन तिनैलाई यो सरी चीज ता अरू
हर्नेछ यसले सारा रोग शोक र दुख्खहरू
१२७५

रामजीका करूणाले मैले आज समस्त पो
यथा बुद्धि गरे बर्णन् राम्रो पावन् चरित्रको
यो कलिकालमा योग्य योग जप तपै अनि
व्रत पूजाहरू केहि दोश्रो साधन् हुदैन नि
१२७६

सम्झनु पर्दछ खाली रामका पाउपद्म नै
गाउनु पर्दछ फेरि रामजीका चरित्र नै
नित्यनै रामका गुणगानको प्रेमसाथले
वर्णनै पर्दछ सुन्नु एकाग्र पारी चित्त रे
१२७७

पतितलाई पावन पार्नु नै जसको भलो
बानीछ भनी गाउँछन् वेद पुराण संत जो
कुटिलताहरू छाडी हे मन ! अति प्रेमले
उनै सीता पतिलाई तँ भज् अब सदैव रे
१२७८

पाएन सद्‌गति कस्ले भजेर रामजी कन
पतित पावन रामलाई सम्भेर हे मन !
भएन सफलै कस्को जीवनै जगमा ? हरे
सुन् ए अधम रे चित्त आज तँ स्थिर भएर रे

१२७९

आभीर खस चाण्डाल किराँत यवनै अनि
इतयादि पाप मूतिछन् जो जो जगतमा पनि
नामोच्चारण गर्नाले एक पटक मात्र नै
हुन्छन् पवित्र ती सारा पाप ध्वस्त भएर नै

१२८०

गणिका पिङ्‌गला फेरि अजानिल् ब्राम्हणै कन
व्याधा गृध र हात्ती औ इत्या दिका अनेकन
दुष्टलाई रघुवंश भूषणै रामले पनि
तारिदिनुभयो छिन्मा पाप सब हरेर नि

१२८१

प्रभुलाई नमस्कार गर्दछु राम प्रेमले
त्राहि त्राहि भनी नाथ ! पर्दछु पाउमा म रे
यो रघुवंशका भुषण रामजीका चरित्र ता
भन्दछन् जुन सुन्छन् औ गाउँदाछन् पनि सदा

१२८२

विना परिश्रमै सारा तिनी ता कलिकालका
पाप संताप औ मन्का मनोमल समस्तता
धोएर खुसीले रामधाममा पुग्दछन् अनि
शान्ति र सुख पाएर बस्दछन् लोकमा पनि

१२८३

पाँच हज्जार औ शत चौपाई लाई जो नर
धर्दछन् हृदयै भित्र मनले जानी सुन्दर
तिन्का सारा अविद्या औ अनि फेर पाँचवस्तुले
लोक्मा प्रकट् गरेका ति दोष विकार हेरू रे

१२८४

हरी दिनु हुन्छ भगवानले
पहैं राम शरण हे मन ! रे
जो सुन्दर बुद्धिमान अपार
दोष नाश गरने जो हजार

१२८५

कृपा निधान औ फेरि अनाथ दु :खी दिनमा
गर्ने जो छ दया प्रिति त्यस्ता ती तिन लोकमा
निस्काम जनूहरूलाई दिने निर्वाण पद् पनि
एउटै रामजी मात्रै हुनुहुन्छ अवश्य नी

१२८६

अर्काको छ र रामभैं जगतमा ? जस्का कृपाको पनि
लव्‌लेशले अति मन्दबुद्धि तुलसीदास्‌ले पनि ता अनि
अपार भव सिन्धुमा सुख अनि विश्राम पाएँ हरे !
तेस्ता ती प्रभु रामजी सरि अरू छैन् कुनै नाथ रे

१२८७

हे रघुवीर ! म सरि दिन दु :खी छैनन् कुनै प्राणि रे
कोहि छैन प्रभु समान दिनमा हित्कारी ता फेरि रे
रघुवंश मणि ! विचार गरि यो नाथ ! दयाले अब
हरण गरनु हओस् भगवान् भव भय यो सब

१२८८

जस्तै कामी जनूहरू लाई नाथ
प्यारी हुन्छे नित्य नै नारी साथ
तेस्तै फेरि लोभीलाई पनि ता
प्यारो हुन्छ दाम प्राणै सरि ता

१२८९

रघुनाथ राम ! हे रावण रे
मलाई ता तेहि जस्तै सदा रे
निरन्तरै हे दयालो ! हजूर
प्यारो लागी दिनुहोस जरूर

१२९०

कल्पना कुशल धेरै सर्व सामथ्यवान जो
शिवले जुन रामायण् बनाई बक्सनु भयो
तेहि रामायणैलाई जा नी दुर्गम चित्तमा
नित्यनै भगवान् रामजीका चरणपद्‌मा

१२९१

भक्ति लागोस भन्नाका निम्तिमा र अनि पछि
आफ्नो अन्तस्करणका नै अन्धकारहरू जति
विनाश गर्नका निम्ति सीताका प्रिय रामको
नाम कीर्तनमा तत्पर्भएका यो अपूर्वको

१२९२

त्यहि रामायणैलाई म यो तुलसीदासले
तदनुसारकै भाषाहरूका नै समस्त रे
संग्रह गरदै ऐले रचेको यो अपूर्वको
मानस् - रामचरित्‌लाई बनाई खुसी साथ पो

१२९३

पवित्र पाप हारी र कल्याणकारी औ अनि
ज्ञान औ भक्तिको दाता माया मोह सर्पि पनि
विघ्नहारी र प्रेमृजल पूर्ण औ उत्तमै छ जो
रामचरित मानस्मा भक्ति औ प्रेमसाथ पो

१२९४

गोता लगाउँछन् जस्ले प्रेम मग्न भई अनि
ती नर भवरूपिको प्रचण्ड सूर्यको पनि
हुदैनन् तेजले दग्ध पाउँछन् शान्ति लोकमा
रामको करूणा पाई जानेछन् पछि धाममा
१२९५

राखी खालि आश प्यारा प्रभुको
शुद्धै पारी 'राम' यो नाम ठुलो
आफ्नो तुच्छ बुद्धिको अनुसार
पूर्णै पारे राम चरित्र सार
१२९६

लीला सारा रामजीको अपार
तुच्छै आफ्नो बुद्धिको अनुसार
ढीठ भई सुजनै सामु ऐले
राखें ठूलो धृष्टता साथ मैले
१२९७

माफै राखी येसमा सूजनैले
रामजीका पाउ सम्झि मनैले
व्याकर्णै औ छन्दको त्रुटिलाई
क्षमा राखी पढ्नु होला रमाई
१२९८

दीनवन्धु स्वामी श्री राघवैको
अनुपमै यो चरित्रै सबै जो
माधुरीलले मुग्ध भै प्रेम साथ
गाएँ सारा रामकै राखी आश
१२९९

म ता दीनवान्धव् ! प्रभो ! हे खरारे !
शरणमा प्रभो ! पर्दछु है सदा रे
प्रभो ! नाथ ! पूजा तथा भक्ति केहि
म जान्दिन भज्छु प्रभु ! पाउ तेहि
१३००

हे नाथ् ! तिम्रो 'राम' यो नामलाई
राख्नै पाउँ नित्य मन्मा रमाई
भरोसा औ आश तिम्रै गरेर
शरण् तिम्रो पर्दछु मै रमेर
१३०१

दीनवन्धो ! दु:खीका नाथ ! राम !
पाऊ पर्छु आश राखी सदा म
चित्तै माहा आउ नाथ ! उदाई
दुखादी यी धर्तीका सब छूटाई
१३०२

श्रीसीतारामार्पणमस्तु ....

पुष्पाञ्जली

अधम् हुँ प्रभो !नाथ ! स्वामीन् अधम् हुँ
अधम्मा पनि नीच पापी पतित् हुँ
गरी कर्म हर्दम् नजाती खराव
प्रभो ! गर्दछु तुच्छ पापी विचार
१
अमूल्यै जुनी नाथ ! मैले विगारे
भई हिन चौरासिमै जान लागे
प्रभुको दयाले भएको असल् यो
जुनीमा पनि नाथ ! पापी भएँ हो
२
अमूल्यै जुनी यो प्रभो ! मानिसैको
कृपाले हजूर्को हुने सत्य हा ! हो
विताई कठिन् लाख चौरासि चोला
सहि यातना नर्कको जो अजोडा
३
सहि पापको भोग सारा विताई
प्रभुकै दयाले हुने जन्मलाई
हरे व्यर्थमा नाथ ! मैले विताएँ
पतित् निच् भै नाथ ! मैले विराएँ
४
पतित अधम् औ म के के बताऊ ?
सबैमा प्रभो ! मुख्य पापि पनि हुँ
प्रभो ! छौ तिमी सर्वसाक्षि उज्याला
सबै भित्र बस्ने बुझि कर्म सार
५
बसी दिलका भित्र स्वामीन् ! हजुर्ले
बुझि कर्म मेरा रहेका खुसीले
तिमी छौ म फेरि बताउँ अरू के ?
म ता भन्छु पापी अधम् हुँ अधम् रे
६
त्रिलोकै महा हुँ म ता मुख्य पापी
तिमी हौ पतित् पावनै लौ समाति
मलाई कृपाले लगाएर पारी
कुइच्छा हटाई उतारे सपारि
७

प्रभो !नाथ ! स्वामीन् अवध्का कुमार !
दयालो शरण छु मलाई नछाड
शरण् जन्हरूका हुन नाथ ! रक्षक
पतित् पावनै हो सब पाप भक्षक्
८
प्रभो ! दिलको दर्द सारा सुनाई
रूने छन् मेरा अरू ठाम हाई !
म माथि दयाले गरि हित् विचार
सुशीक्षा दिने छैन रून्छु सपार
९
प्रभुको चरण्को प्रभो ! आश राखी
निराधार भै रून्छु राखे समाति
तिमी देखि स्वामीन् ! अरू कोहि मेरा
हितैषी कुनै छैन गर्छु पुकारा
१०
शुभाशुभ् सबै कर्म मेरो हजूर्मा
बताई म गर्छु पुकारा चरण्मा
सबै बुज्दछौ बात मन्मा रहेको
मलाई क्षमा बक्सियोस् जे भएको
११
प्रभो हात खुट्टा सबै छोडी आज
कराएर रून्छु नमानेर लाज
बसी दिलमा नाथ ! मेरो हजूर्ले
सबै पाप देखि बचाउ कृपाले
१२
सबै बिचमा हीन पामर भएर
म रून्छु पुकारा गरी नाथ ! हेर
प्रभो ! दिलमा उठ्छ आँधी बढेर
भरोसा नभै रून्छु काँतर् भएर
१३
प्रभुकै प्रभो ! नाम के छाँद हाली
भरोसाा गरी रून्छु राखे समाति
प्रभो ! दिलको वेग स्वामीन् हजूर्मा
पुकारा म गर्छु तिमी छौ सबैमा
१४

गरी प्रेमले नाथ ! मेरो विचार
बडो स्नेहले याद गर्दै अपार
बढाई सिकाई गरी प्राण जस्तो
दया भारी गर्ने तिमी अम्ब मेरो
१५
गरी लालना दिन सुशिक्षा मलाई
खराब् काममा ताडनाले बचाई
ममाथि दया स्नेहले याद गर्ने
पिता नै तिमी हौ प्रभो ! दु ःख हर्ने
१६
गरी कामना सुख्खको नाथ ! मेरो
सुशीक्षा मलाई दिद‌ै जो घनेरो
मलाई दयाले अति स्नेह गर्ने
सहोदर् पनि हौ तिमी नै सपार्ने
१७
मलाई बडो स्नेहले याद राखी
सुशीक्षा सुनाई दिदै अर्ति भारी
मलाई सुखी हो ! भनी ठानने जो
भगिनी पनि नाथ ! मेरो तिमी हो
१८
सधैं होस कल्याण तिम्रो भनेर
दिदै आशिषै जो मलाई रमेर
सुभेच्छा लिने बन्धु हो नाथ ! मेरो
तिमी भैं अरू छैन कोहि दयालो
१९
गरी कामना पूर्ण मेरो हजार
अमीत् सुख्ख भारी दिने जो अपार
दयालो भई प्रेम गर्ने खुसीले
अती सुख्ख दाता पति हौ तिमी रे
२०
सबै सन्तती स्नेह माया तिमी हौ -
-ममता र मोह प्रिय प्राण नै हो
रघुवीर ! आधार रक्षक् तिमी हौ
प्रभो ! राम ! मेरा तिमी नै सबै हो
२१
बुझि कर्म मेरो शुभाशुभ् रहेका
पतीत् कर्ममा दण्डधारी भएका
सबैमा हुने पूर्ण पावन् भएका
तिमी इष्ट देवै हउ नाथ ! मेरा
२२
प्रभो ! हौ तिमी नाथ ! ऐश्वर्य मेरो
सबै लालसा कामना सुख्ख धेरो
सुकिर्ती अनि इष्ट अभिष्ट जो छ
तिमी हौ सबै लोक पर्लोक पो त
२३
दमादि शभ औ नियम् आदि सारा
व्रत पूजना ध्यान योग निराला
पुकारा स्तुति तीर्थ धर्मादि सारा
तिमी नै सबै हौ रघुनाथ ! मेरा
२४
तिमी हौ सुनाता कुनाता पनि ता
तिमी नै सबै कर्म मेरो अनि ता
प्रभो ! लाभ हानी व्यय आय सारा
तिमी हौ सबै विश्वका चीज सारा
२५
तिमी हौ रघुनाथ ! सर्वश्व मेरो
तिमी भैं दयालो अरू छै न धेरो
मलाई उतारे प्रभो ! या पछारे
म पर्छु शरण् मै हजूर्ले सपारे
२६
दयालो हजुर्कै शरण्मा म पर्छु
मुखैले भएता पनि नाथ ! रून्छु
कराई सुनाई पुकरी हजुर्मा
सबै दिलको दर्द राखे चरण्मा
२७
पुकारा म गर्छु मुखैले कराई
रहेको छ मन्मा भने पाप हाई
कुनै छैन बाटो प्रभु देखि अर्को
सबै पाप खारेर लेउ मनैको
२८
चरण्मा रूदै नाथ ! विन्ति लगाएँ
गुरू हौ तिमी नै शरण्मा म आएँ
बडो दु ःखले भेल जस्तो गरेर
कहाली प्रभो ! उठ्छ मन्मा बढेर
२९
न देखि कतै कोहि आशा भरोसा
अनाथै भई विश्वको दु ःखले हा !
सबै वेदना चित्तको यो सुनाई
म पागल् भई रून्छु राखे समालि
३०

श्रीसीतारामापर्णमस्तु ....

१९६. ५९२२
२१. ६३९ मरे

कवियत्री माधुरी भट्टराईका
प्रकाशित कृतिहरु :

* श्री कृष्ण सुधा
* हाम्रो स्वदेश राम्रो
* रत्न ज्योति
* चाहन्छ के ? लोक हा !
* भज गोविन्दम्
* मुक वेदना
* स्तोत्र संग्रह
* आनन्द लहरी
* विनय पुकार
* प्रभु – दर्शन
* प्रभु – बन्दना